
प्रतिनिधि सभा

विघटनदेखि पुनर्स्थापनासम्म





प्रतिनिधि सभा विघटनदेखि पूनर्स्थापनासम्म

(संविधानविज्ञ, कानून व्यवसायी, कानूनका विद्यार्थी, राजनीतिज्ञ तथा कानूनमा विशेष रुचि राख्ने हरुका लागि अति उपयोगी)

सम्पादक तथा प्रकाशकहरू

विनोद कुमार वस्नेत
(अधिवक्ता)

शरद प्रसाद कोइराला
(अधिवक्ता)

घनश्याम सुवेदी
(अधिवक्ता)

संयोजन

सुदर्शन श्रेष्ठ

(सर्वाधिकार सम्पादकहरुमा)

○ प्रथम संस्करण : २०५२

Parliament Secretariat Library
Accession Number ....12557....

Acc. 12557

328
BAS·P
2052

☒ मूल्य : रू. २५०/- (साधारण जिल्द)
☒ मूल्य : रू. (हार्ड कभर पुस्तकालय संस्करण)

☒कम्प्युटर : स्क्रिप्टप्रो सर्भिस, वागवजार, काठमाडौं (फोन २२७८७०)।
☒मुद्रक : सिष्टमेटिक प्रेस, मैतिदेवी (फोन ४१९६००)।

श्री ५ को सरकार

फोन नं. { कार्यालय २-२२८७४
निवास ५-२९९७५



भीम बहादुर तामाङ
कानून तथा न्याय मन्त्री

बबरमहल, काठमाडौं

मिति :-



शुभकामना

प्रस्तुत पुस्तक- "प्रतिनिधि सभा विघटनदेखि पुनर्स्थापनासम्म"- प्रकाशन गर्ने जमर्को अत्यन्त प्रशंसनीय कार्य ठान्दछु ।

वास्तविक तथ्यहरूको रेकर्ड राख्ने, पढ्ने विश्लेषण गर्ने चलन हाम्रो यहाँ नियमित भइसकेको छैन । बङ्ग्याइएका र पूर्वाग्रहप्रेरित लेखन कुराहरूले तथ्य सत्यदेखि धेरै टाढा पारेको छ हामीलाई ।

प्रस्तुत पुस्तक इतिहासको घटनाक्रमलाई भविष्यसम्म पढ्ने एउटा गतिलो अभिलेखको रूपमा प्रस्तुत हुनेछ भन्ने विश्वाससाथ शुभकामना व्यक्त गर्दछु ।

भीमबहादुर तमाङ

कानून तथा न्याय मन्त्री

MUKUNDA REGMI
Senior Advocate
Supreme Court-Nepal
Member of the U.N. Committee Against Torture

Off.: 12/ 837 Thahity Kwabahal
Kathmandu, Nepal.
Tel.. 220946 (Off.), 418567 (Res.)
Fax : 977-1-416016

Mailing Address:
G.P.O. Box 11324
Kathmandu, NEPAL.

शुभ कामना

संसदीय प्रजातन्त्रको पुनर्स्थापना पछि निर्माण भएको नेपाल अधिराज्यको संविधान २०४७ को कार्यान्वयनमा यसको अक्षर र भावनाको विपरित हुने कार्यहरू देशको सत्ता र राजनीति संचालन गर्नेहरूबाट बारम्वार भै रहेको छ। संसदीय व्यवस्थामा राजनीतिक दलहरूको विषेश भूमिका हुनेगर्दछ। यस देशका राजनीतिक दलहरू गरीव, अशिक्षित जनताको सेवाभन्दा आफू कसरी सत्तामा पुग्ने र टिकी रहने हो भन्ने वाहेक कठीन संघर्ष अतुलनीय त्यागबाट प्रजातन्त्रको कसरी सम्वर्धन र संरक्षण गर्ने हो राष्ट्रिय समस्या के हुन्, यसको समाधान कसरी हुन्छ भन्ने संविधानमा संवेदनशील बनेर देशहित तथा जनताको कामहरू गरेको देखिएको छैन। अपितु आफ्नो राजनीतिक स्वार्थको लागि प्रचलित संवैधानिक व्यवस्थाको विपरित हुने कामहरू भै रहेका छन्। त्यसलाई सर्वोच्च अदालतले बेला बेलामा संविधानको अन्तिम व्याख्याताको हैसियतबाट सच्याई दिने र व्याख्या गर्दै आएको छ। सर्वोच्चबाट प्रतिपदित विभिन्न नजिर तथा कानूनी सिद्धान्तहरू मध्ये प्रतिनिधि सभा विघटन संम्वन्धी हुने महत्वपूर्ण निर्णयहरू विशेष इजलासबाट भएका छन्। प्रधानमन्त्रीले कस्तो अवस्थामा प्रतिनिधिसभा विघटन गराउन श्री ५ मा चढाइएको सिफारिस कस्तो अवस्थामा संवैधानिक क्षेत्रमा असंवैधानिक हुन्छ। त्यसको विशद व्याख्याको निर्णयहरूमा भैएका छन्। यसलाई जनसमक्ष एकिकृतरूपमा ल्याउन यसको सङ्कलन तथा सम्पादन गर्न तथा प्रकाशन गराउने युवा अधिवक्ताहरूबाट अथक प्रयास गरिएको छ। उहाँहरू धन्यवादका पात्र हुनुहुन्छ। यस कृतिले संसद प्रतिनिधि सभा विघटन सम्वन्धित व्यवस्था र सो को व्याख्या जान्न चाहनेहरूलाई ठूलो सहयोग पुऱ्याउने विश्वास लिइएको छ। यसले आफ्नो उद्देश्य प्राप्ति गर्न सकोस् भन्ने मेरो शुभ कामना छ।

मुकुन्द रेग्मी
वरिष्ठ अधिवक्ता
२०५२।१२।१५।५





शुभ कामना

प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना पछि निर्मित "नेपाल अधिराज्यको संविधान २०४७" मा व्यवस्था गरीएको संसदको प्रतिनिधिस सभा (तल्लो सभा) नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(४) बमोजिम प्रधानमन्त्रीको सिफारीसमा दुई पटक विघटन हुन गयो र उक्त दुवै विघटनमा संविधानको अन्तिम व्याख्याता अभिलेख अदालत देशको सर्वोच्च अदालतमा मुद्दा परेको व्यहोरा सबैमा अवगत छदैछ। यी दुई विघटनमध्ये एउटा बैध र अर्को अबैध ठहर गरी सर्वोच्च अदालत विशेष इजलासबाट फैसला भयो। यसरी बैध र अवैध ठहर भएको आधारहरू उक्त विघटनहरूमा भएका अन्तर बुझी स्पष्ट हुन तत्सम्बन्धमा भएका यावत पक्ष विपक्षतर्फबाट बहस गर्ने कानून व्यवसायीहरूको बहस नोट समेतका लिखितहरू अध्ययन हुन जरूरी हुन्छ। यस विषयमा न्यायाधीशज्यूहरू तथा कानून व्यवसायीहरूले मेहनत गरी निकालेका निष्कर्ष ज्ञात हुन सक्ने गरी सबै लिखत जस्ताको तस्तै सङ्कलन गरी "प्रतिनिधि सभा विघटनदेखि पुनर्स्थापनासम्म" नामक पुस्तक मेहनत साथ संग्रह गरी प्रकाशित गर्ने कानून व्यवसायीहरूको कार्य सहाननीय छ। प्रस्तुत पुस्तकबाट कानून व्यवसायी, न्यायधीस, कानूनका विद्यार्थी एवं यस सम्बन्धमा चासो राख्ने सबै व्यक्तिहरू लाभान्वित हुने र यस्ता प्रयासबाट ऐतिहासीक सामाग्री संरक्षित हुने मैले विश्वास लिएको छु।

धन्यवाद,

सुधानाथ पन्त

अधिवक्ता

सम्पादकीय

वर्तमान "नेपाल अधिराज्यको संविधान २०४७" लागु भएको केही वर्षमा सर्वोच्च अदालतबाट संविधान बारेमा विभिन्न व्याख्याहरू भएको छ। राजनैतिक उतार चढावको कारणबाट प्रतिनिधि सभा विघटन सम्बन्धी महत्वपूर्ण दुई ऐतिहासिक घटना घट्न गई तत् सम्बन्धमा परेको मुद्दामा सर्वोच्च अदालतले एउटालाई सम्बैधानिक र अर्कोलाई असंवैधानिक ठहर गऱ्यो। यस्तो प्रतिनिधि सभा विघटनको राजनैतिक घटनाको चर्चा परिचर्चा सन्सारभरी चलिरहेको अवस्थामा पुर्नस्थापनाको फैसला संवैधानिक घटनाले झन् चर्चाको शिखर छुन पुग्यो। यी घटनाको पक्ष विपक्षमा आ-आफ्नो मत सबैले प्रकट गरे तापनि संविधानको अन्तिम व्याख्याता सर्वोच्च अदालतबाट गरिएको व्याख्या नै सर्वमान्य र अन्तिम भयो। यस्तो महत्वपूर्ण विषयवस्तुको बारेमा यथातथ्य विस्तृत र क्रमबद्धरूपमा जान्न चाहने सबै पाठक वर्गको चाहना पुरा गर्न जमर्को गरेको यस पुस्तकले अवश्य पनि पाठक वर्गको माया पाउनेछ।

संविधान आफैमा पूर्ण हुदैन, अदालतको फैसलाले पूर्णता, गतिशीलता, जिवन्तता प्राप्त गर्दछ। पेशा, योग्यता एवं पदिय कर्तव्य समेतले गर्दा कानून व्यवसायी र न्याय मूर्तिको प्रयासले नै संविधानले यस्तो रूप धारणा गर्न सक्दछ। संविधानलाई यस्तो रूप दिने सामाजिक अभियन्ताहरूबीच दुईमत देखिनु, विमती हुनु र वादविवाद हुनुस्वभाविक हो। ज्ञानको अथाह भण्डारमा एउटा शब्दको त फरक फरक अर्थ आउँदछ भने संवैधानिक प्रावधानको सम्बन्धमा अलग अलग दृष्टिकोण देखिनु अस्वभाविक होइन। यस्तो परिस्थितिमा सर्वमान्य र सहि व्याख्या गर्न कति कसरत गर्नु पर्दोरहेछ भन्ने कुरा यसै पुस्तकको अध्ययनद्वारा अवगत हुन्छ। संवैधानिक व्यवस्था लागू गर्न न्यायमूर्ति कानून व्यवसायीद्वारा गरिएको परिश्रमद्वारा प्राप्त बौद्धिक सम्पदालाई संरक्षण, सग्रहित गरी भावि पुस्तालाई हस्तान्तरण समेत गर्न प्रस्तुत पुस्तक सम्पाद गर्न प्रोत्साहित भएका हौ।

घटनाहरू समयचक्र जस्तै घटिरहन्छन्। आजको साहसिक घटना भोली ऐतिहासिक बन्न पुग्दछ बहसको दोरानमा प्रत्येक देशको संविधानरूपी विज आफ्नै देशरूपी माटोमा बढाउनु हुर्काउनु पर्छ, विदेशी व्यख्याता त केवल उदाहरण मात्र हुन् भन्ने न्यायमूर्ति एवं कानून व्यवसायीका अभिव्यक्तिबाट हामी कानूनका विद्यार्थी प्रभावित हुनु स्वभाविकै हो। तसर्थ हाम्रो संवैधानिक विज नेपालरूपी माटोमा हामी नेपालीको बौद्धिक मल, जलले हुर्काइ स्पष्ट दृष्टि दिन सहयोग होस्भन्ने हाम्रो प्रयास हो।

प्रस्तुत पुस्तक संग्रह गर्दा रिट निवेदन, लिखित जवाफ बहसनोट फैसलालाई मुल आधार मानि जस्ताको तस्तै प्रकाशन गर्दा सामान्य त्रुटि हुन गएका छन्।

वौद्धिक कसरतद्वारा श्रृजीत सम्पत्ति संरक्षण गर्न खोजिएको हुँदा कुनै काटछाँट भएको छैन तथापी हाम्रो सामर्थ्य भन्दा वाहिर गई भएका त्रुटी औल्याई दिनुभएमा आभारी हुने छौ । संग्रह सम्पादन प्रकाशन समेतमा प्रोत्साहन, सहयोग र हौसला प्रदान गर्नुहुने हाम्रा गुरू शुशिलकुमार पन्त, आफ्नो अमूल्य समयको वावजुद समेत मन्तव्य दिई पुस्तकको गरिमा बढाई दिनुहुने र अन्य आवश्यक सल्लाह सुझाव दिनुहुने आदरणीय अधिवक्ताद्वय वावुराम गिरी, नरेन्द्र प्र गौतम एवं आ-आफ्नो रिट लिखित जवाफ वहसनोट उपलब्ध गराई दिने आदरणीय कानून व्यवसायीहरूप्रति आभारी छौ ।

विनित

अधिवक्ता विनोद कुमार वस्नेत

अधिवक्ता शरदप्रसाद कोइराला

अधिवक्ता घनश्याम सुवेदी

प्रकाशकीय

प्रतिनिधि सभा विघटन हुनु र पुर्नस्थापना हुनु, नेपाल अधिराज्यको संविधान २०४७ पछिका साह्रै नै चर्चित घटना हुन पुगे, यो घटना देशको सिमारेखा नाघेर विश्व भरी नै चर्चित प्रसङ्ग हुन अश्वभाविक पनि रहेन, के थियो त यो घटना घटाउने सर्वोच्चको अदालतको पटाङ्गिनीमा, सतहसम्म हेरीएको प्रकाशन प्रकाशित भए कतै सर्वोच्चको पत्रिका अनि वार एसोशियन र यस्तै यस्तैबाट, महसुस गऱ्यो, र प्रयत्न भयो गहिराइमा पुगेर प्रकाशन गर्न, हामीलाई लाग्यो यसले निश्चय नै कानून विज्ञ, संविधानविज्ञ, कानूनका विद्यार्थी तथा राजनितीमा रूची राख्नेहरूको लागि एक आवश्यकीय सामग्री हुने छ, भयो पनि यस्तै, विविध कठिनाइको वावजूद यो तपाईंको हातमा छ ।

अन्तमा, टाइप सेटिंग गरिदिनुहुने टि.एन. घिमिरे, विनोद घिमिरे, कृष्णराम गिरी एवम् मुद्रण गरिदिने सिष्टमेटिक प्रेस परिवार एवं आ-आफ्नो रिटलिखित जवाफ वहसनोट उपलब्ध गराइदिने आदरणीय कानून व्यवसायीहरूप्रति आभार प्रकट गर्दै पुस्तकको संयोजन गर्ने साथी सुदर्शन श्रेष्ठप्रति कृतज्ञता प्रकट गर्दछौं । यस्तो सहयोग वावजूद पनि पुस्तक प्रकाशन गर्न हाम्रो आफ्नै समस्याले ढिला भएकोमा क्षमा प्रार्थि छौं ।

प्रकाशक



फैसला गर्ने न्यायाधीशहरू

विषय-सूची

१. २०५१ सालको प्रतिनिधि सभा विघटन सम्बन्धी

१. सर्वोच्च अदालतमा चढाएको निवेदन- १

२. सर्वोच्च अदालतबाट भएको आदेश - १०

३. लिखित जवाफ:-

(क) प्र.म गिरिजा प्रसाद कोइराला - १२

(ख) मन्त्री परिषद् सचिवालय - २०

(ग) महान्यायाधिवक्ताको कार्यालय - २५

(घ) निर्वाचन आयोग - २८

४. सर्वोच्च अदालतको फैसला- ३०

२. २०५२ सालको प्रतिनिधि सभा विघटन सम्बन्धी

१. संसदको नवौं अधिवेशनको सूचना - ४५

(क) नेपाल राजपत्रमा प्रकाशित सूचना - ४६

(ख) संसद भवनबाट जारी भएको सूचना - ४७

२. नेपाली कांग्रेसले श्री ५ मा विशेष अधिवेशन बोलाउन चढाएको समावेदन पत्र - ४८

३. श्री ५ बाट विशेष अधिवेशन बोलाई बक्सेको सूचना - ५२

(क) नेपाल राजपत्रमा प्रकाशित सूचना - ५३

४. नेपाली कांग्रेसद्वारा अविश्वासको प्रस्तावको लिखित सूचना- ५४

५. प्र.म. मनमोहन अधिकारीले संसद विघघटनको लागि श्री ५ मा चढाएको विन्तिपत्र - ६०

(क) नेपाली कांग्रेस, रा.प्र.पा., ने.स.पा. बाट वैकल्पिक सरकार गठन गरी पाउँन श्री ५ मा जाहेरपत्र- ६३

(ख) लोकेन्द्रबहादुर चन्दले रा.प्र.पा संसदिय दलको निर्णय गरेको श्री ५ मा विन्तिपत्र - ६५

(ग) श्री ५ मा वैकल्पिक मन्त्री परिषद् गठन गर्न चढाएको विन्तीपत्र - ६७

६. श्री ५ बाट प्रतिनिधि सभा विघटन गरिबक्सेको सूचना - ७२

(क) नेपाल राजपत्रमा प्रकाशित सूचना - ७३

७. सर्वोच्च अदालतमा उत्पेषणयुक्त परमादेशको लागि निवेदन पत्र-
(क) रवि राज भण्डारी - ७४
(ख) प्रकाश घिमिरे - ८०
(ग) चिरन्जीवी वाग्ले - ८५
(घ) शेर बहादुर देउवा - ९३
(ङ) लोकेन्द्र बहादुर चन्द - १०६
(च) गजेन्द्र नारायण सिंह - ११५
(छ) आमोद पोखरेल- १२२
८. सर्वोच्च अदालतबाट भएको आदेश - १२८
९. लिखित जवाफ
(क) प्र.म. मनमोहन अधिकारी - १३०
(ख) मन्त्रीपरिषद् सचिवालय - १४८
(ग) निर्वाचन आयोग - १५४
(घ) सभामुख रामचन्द्र पौडेल - १५७
१०. निवेदक तर्फका कानूनी व्यवसायीहरुको लिखित वहस नोट
(क) अधिवक्ता बाबूराम गिरी - १६४
(ख) अधिवक्ता वोर्ण बहादुर कार्की - १६९
(ग) वरिष्ठ अधिवक्ता मुकुन्द रेग्मी - १७६
(घ) वरिष्ठ अधिवक्ता कुसुम श्रेष्ठ अधिवक्ता- वद्री बहादुर कार्की १९८
(ङ) अधिवक्ता - डा. सूर्य ढुङ्गेल - २२८
अधिवक्ता - श्रीहरी अर्याल
(च) वरिष्ठ अधिवक्ता - मधुप्रसाद शर्मा - २५९
अधिवक्ता - प्रभाकर अधिकारी
(छ) अधिवक्ता - हरिहर दाहाल - २९३
(ज) अधिवक्ता - शेरबहादुर के.सी. - २९०
(झ) अधिवक्ता- पुष्पा भुसाल (गौतम) - २९९
(ञ) अधिवक्ता- सुशिलकुमार पन्त - ३०९
(ट) अधिवक्ता - निरञ्जनकुमार थापा - ३२७
(ठ) अधिवक्ता - पूर्णमान शाक्य- ३३०
११. लिखित जवाफवालाका तर्फका कानून व्यवसायीहरुको लिखित बहस-नोट
(क) वरिष्ट अधिवक्ता - गणेशराज शर्मा - ३३७

(ख) वरिष्ठ अधिवक्ता - कृष्ण प्रसाद पन्त - ३९८
(ग) अधिवक्ता - विश्वकान्त मैनाली - ४१२
(घ) वरिष्ठ स. अधिवक्ता - वलराम के.सी. - ४२३
१२. फैसला ४२७
१३. प्र. न्या. विश्वनाथ प्रसाद उपाध्ययको अन्तर्वार्ता - ४९९
१४. ने.क.पा. (एमाले) का तर्फबाट देवी प्रसाद ओझाको रिट निवेदन ५१०
१५. रिट निवेदन दरपीठ गर्ने रजिष्टारको आदेश ५१४
१६. देवी प्रसद ओझाको वेरितको दरपिठको आदेश बदर गरी पाउँ भन्ने निवदेन ५१५
१७. मा. न्या. नरेन्द्र बहादुर न्यौपानेको आदेश ५२०
१८. प्रधानमन्त्री मनमोहन अधिकारीबाट अविश्वासको प्रस्तावको सन्दर्भमा प्रतिनिधि सभामा लगाइएका आरोपहरुको जवाफ - ५२१

सर्वोच्च अदालतमा चढाएको

निवेदन पत्र

विषय : नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ ले निर्दिष्ट गरेको धारा ८८ (२) अनुसार उत्प्रेषणयुक्त परमादेश लगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी पाऊँ।

पाल्पा जिल्ला सहयौली ४ घर भई हाल काठमाडौं बबरमहल बस्ने वर्ष ४२ को विघटित प्रतिनिधि सभाका सदस्य हरिप्रसाद नेपाल १

नुवाकोट जिल्ला शिखरवेसी गा.वि.स घर भई हाल का.जि. गोंगबु बस्ने विघठित प्रतिनिधि सभामा नुवाकोट जिल्ला संसदीय निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधि सभामा निर्वाचित वर्ष ४८ को गणेश पण्डित ... ... १ निवेदकहरु

मोरंग जिल्ला विराटनगर नगरपालिका वाड नं. ११ घर भई हाल काठमाडौं नगरपालिका वडा नं. ३२ डिल्लीबजार बस्ने वर्ष ४७ को दुर्गा सुवेदी ...१

ओखलढुंगा घर भई हाल का.न.पा वडा नं. ४ बालुवाटार बस्ने वर्ष ३९ को लोककृष्ण भट्टराई.... .. .. १

विरुद्ध

सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला प्रधानमन्त्रीको कार्यालय, सिंहदरवार, काठमाडौं १

श्री ५ को सरकार मन्त्रिपरिषद्, मन्त्रिपरिषद्को सचिवालय, सिंहदरवार, काठमाडौं ... ... १ प्रत्यर्थी

निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं १

निर्वाचन क्षेत्र निर्धारण आयोग, बहादुर भवन, काठमाडौं १

हामी निवेदकहरू निवेदन वापत लाग्ने दस्तुर रू. ५००/- बुझाएको निस्सा साथै दाखिल गरी निम्नानुसार निवेदन गर्दछौं।

१. निर्दलीय पञ्चायती व्यवस्थाका विरूद्ध नेपाली जनताले तीसौं वर्षदेखि गर्दैआएको संघर्षको क्रममा २०४६।११।७ देखि प्रारम्भ भएको जन आन्दोलनको परिणाम स्वरूप

२०४६।१२।२६ गते पञ्चायती व्यवस्थालाई समाप्त गरी देशमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था कायम गर्न पार्टीमायिको प्रतिबन्ध हटाइबक्सिएको घोषणा भयो ।

२. २०४७।१।६ का दिन गठन भएको अन्तरिम मन्त्रिपरिषद्को सिफारिसमा जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई समेट्ने गरी प्रजातान्त्रिक संविधान तर्जुमा गर्न श्री ५ बाट संविधान सुझाव आयोगको गठन भयो । उक्त आयोगले तयार गरेको मसौदालाई परिमार्जन गरी अन्तरिम मन्त्रिपरिषद्को सल्लाह र सम्मति अनुसार २०४७ कार्तिक २३ गतेका दिन श्री ५ बाट नेपाल अधिराज्यको संविधान २०४७ शाही घोषणाद्वारा जारी गरी लागू गरिबक्सियो ।

३. उक्त संविधानको धारा ४५ अनुसार प्रतिनिधि सभाको लागि २०४८ सालमा पहिलो आम निर्वाचन भयो । संविधान र प्रतिनिधि सभा नियमावली २०४८ बमोजिम प्रतिनिधि सभाले प्रतिनिधिमूलक सरकारको संवैधानिक मान्यता अनुरूप आफ्नो कार्य विगत ६ वटा अधिवेशन मार्फत् निर्बाध रूपमा सम्पादन गर्दै आएको हो ।

४. श्री ५ बाट संविधानको धारा ५३ को उपधारा (१) अनुसार आव्हान गरिबक्से बमोजिम संसद्को सातौं अधिवेशन मिति २०५१।३।१५ देखि प्रारम्भ भयो तर वैधानिक रूपमा अन्त भएको छैन । श्री ५ बाट मिति २०५१ ।३।१७ का दिन श्री ५ को सरकारको वार्षिक नीति र कार्यक्रम प्रस्तुत गर्दै संसद्को संयुक्त अधिवेशनलाई सम्बोधन गरिबक्स्यो । सो वार्षिक नीति र कार्यक्रम मायिको बहस पश्चात् मिति २०५१।३।२६ का दिन प्रतिनिधि सभाले श्री ५ को सरकारद्वारा प्रस्तुत वार्षिक नीति र कार्यक्रमलाई ७४ मतका विरूद्ध ८६ मतले अस्वीकृत गऱ्यो ।

५. श्री ५ को सरकारको वार्षिक नीति तथा कार्यक्रम २०५१।३।२६ गते प्रतिनिधि सभाको बहुमतले अस्वीकृत गरेको कारणबाट सोही मिति २०५१।३।२६ गतेका दिन संविधानको धारा ५३ को उपधारा (४) बमोजिम निम्नलिखित माग राखी सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले चढाएको सिफारिस बमोजिम सोही मितिदेखि लागू हुने गरी प्रधानमन्त्रीको राजीनामा संविधानको धारा ३६ को उपधारा ५ (क) बमोजिम स्वीकृत भयो । प्रधानमन्त्रीको सिफारिस पत्रमा निम्नानुसार माग भएको कुरा प्रकाशमा आएको छ :

(क) श्री ५ को सरकारको नीति तथा कार्यक्रम प्रतिनिधि सभाको बहुमतले विफल पारेकोले धारा ३६ को उपधारा ५ (क) बमोजिम प्रस्तुत राजीनामा स्वीकृती गरि पाऊँ ।

(ख) अर्को स्थिर सरकार गठन हुन नसक्ने र असैद्धान्तिक राजनैतिक समीकरणले उब्जाएको परिस्थितिको कारण धारा ५३ को उपधारा (४) बमोजिम प्रतिनिधि सभाको विघटन गरी पाऊँ ।

(ग) धारा ५३ को उपधारा (४) बमोजिम ६ महिनाभित्र अर्थात् कार्तिक २७ गते प्रतिनिधि सभाको निर्वाचनको लागि मिति तोकिपाऊँ ।

६. सम्मानित प्रधानमन्त्रीबाट आफ्नो पदबाट राजीनामा दिने तथा चालू अधिवेशनको अवस्थामा प्रतिनिधिसभाको विघटन समेत गरी आगामी कार्तिक २७ गते मध्यावधि निर्वाचन गर्ने सिफारिस तथा सिफारिसका आधारहरू प्रारम्भत: नै ९ब्द ष्लष्तय० त्रुटिपूर्ण एवं असंवैधानिक भएकोले यो अनाधिकृत सिफारिसबाट नि:सृत निम्नानुसार लगायतका सम्पूर्ण परिणाम पनि त्रुटिपूर्ण तथा संविधान, संवैधानिक राजतन्त्र एवं संसदीय प्रणालीका मान्यताहरू प्रतिकूल भएकोले बदरभागी छ ।

क) संविधानको प्रस्तावना तथा धारा ३ बमोजिम सार्वभौमसत्ता सम्पन्न जनताको प्रतिनिधित्व गर्ने सार्वभौमकीय शक्तिसम्पन्न संविधान बमोजिम ५ वर्षको लागि निर्वाचित प्रतिनिधि सभालाई ५ वर्ष नपुग्दै स्थिरताका नाउँमा अस्थिरतातर्फ उन्मुख गर्दै अवधि पूरा गर्नबाट वञ्चित गरिएको छ । अवैधानिक विघटनले अस्थिरतातर्फ देशलाई उन्मुख गराएको र संवैधानिक संस्थाहरू तथा संविधान नै कार्यमूलक हुन नसक्ने स्थिति सृजना हुने संकेतहरू वर्तमान घटनाक्रमबाट देखा पर्न थालिसकेको छ । यो सिफारिसबाट संविधानद्वारा प्रदत्त सार्वभौमिकीय अधिकारमाथि नै आघात परेको छ ।

ख) प्रतिनिधि सभाको विश्वास गुमाइसकेको सरकारले विश्वास गुमेकै कारणबाट प्रतिनिधि सभाको विश्वास प्राप्त अर्को सरकारको गठन गर्नबाट प्रतिनिधि सभा र संसदीय दलहरूलाई अवैधानिक सिफारिसको माध्यमबाट वञ्चित गरेको छ । संविधान तथा संसदीय प्रणाली अन्तरगतका प्रजातान्त्रिक संस्थाहरूलाई आफ्नो संस्थागत जिम्मेवारी पूरा गर्न बाधा पुगेको र स्वाभाविक रूपबाट सञ्चालन हुनबाट रोक लाग्न पुगेको छ ।

ग) अधिवेशन सुचारू रूपले चलिरहेको र कठिन परिस्थितिको पनि सामना गर्दै स्थिरता प्रदान गर्न सक्षम हुँदैआएको अधिवेशन अन्त्य नभई चालू अवस्थामा रहेको प्रतिनिधि सभा संविधानको धारा ३६, ४२ तथा ५९ अनुरूप प्रधानमन्त्रीको राजीनामा पश्चात् अन्य वैकल्पिक बाटाहरू मार्फत् स्थिर सरकार गठन गर्ने स्थितिमा हुँदाहुँदै सो अधिकारलाई प्रयोग गर्नबाट वञ्चित गराइएको छ र स्थिरताको कृत्रिम आधार देखाई प्रतिनिधि सभाको तथा अन्य राजनैतिक दलको स्थिर सरकार चयन गर्ने अधिकार क्षेत्रमा समेत अतिक्रमण भएको छ । जनआन्दोलनको भावना र संविधानको प्रस्तावनाको प्रतिकूल बहुदलीय व्यवस्थाको अभ्यासमा अवरोध उत्पन्न हुन गई प्रजातन्त्रको विकासमा अन्यौलको स्थितितर्फ राष्ट्र फस्न पुगेको छ ।

घ) प्रतिकूल परिस्थितिमा यथेष्ट समय नदिई निर्वाचनको माध्यमबाट सही ढंगबाट

जनप्रतिनिधि निर्वाचन गर्ने मताधिकारको प्रयोग गर्ने नागरिकहरूको हकमा आघात पुऱ्याई प्रजातान्त्रिक स्वच्छ निर्वाचन प्रक्रियामा असर पारिएको छ र निर्वाचन आयोगलाई असामान्य परिस्थितिमा आयोगको क्षमता र समय अनुकूलतालाई ध्यान नै नदिई निर्वाचन सम्पदान गराउन बाध्यात्मक स्थिति सृजना भएको छ ।

ङ) प्रतिनिधि सभाका संसदीय समितिहरू मार्फत् भइरहेका कार्यको परिणाममा अवरोध उत्पन्न भई प्रतिनिधिमूलक संसदीय सरकारलाई संसद्प्रति जिम्मेवार बनाउनबाट संसद् वञ्चित हुनगएको छ ।

च) अधिवेशन चालू रहेको तर अन्त्य नभएको प्रतिनिधि सभा आफ्नो असंवैधानिक विघटन बारे जानकारी राख्न पाउने प्राकृतिक न्यायको सिद्धान्तबाट वञ्चित भएको छ । अधिवेशनको अन्त वा स्थगन नभई चालु रहेको अवस्थामा विघटन हुन नसक्ने प्रतिनिधि सभा विघटन भएको छ ।

छ) संवैधानिक राजतन्त्रमा राजाले कहिले गल्ती गर्दैनन् भन्ने सिद्धान्तभित्र रहेको संस्थागत सल्लाहको अवधारणा अनुरूप सल्लाह दिने मौलिक संस्थाको विघटनबाट संसदीय राजतन्त्रको सिद्धान्तमाथि आघात पुगेको छ र राजसंस्थालाई अनावश्यक विवादमा मुछ्ने स्थितिको सृजना भएको छ ।

ज) निर्वाचन स्वच्छताको लागि प्रतिनिधि सभामा सर्वसम्मतिद्वारा स्वच्छ निर्वाचनका लागि परिचयपत्र दिने स्वीकार गरिएको संकल्प कार्यान्वयन हुन नसक्ने स्थितिमा पुगेको छ ।

झ) निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन गरी मध्यावधि निर्वाचनको स्वच्छतामा नै प्रश्न उठ्ने किसिमबाट प्रजातान्त्रिक विकासमा स्वच्छताको स्थान तिरस्कृत हुनपुगेको छ ।

ञ) कानूनी राज्य र संसदीय परम्पराको मान्यता र स्वस्थ विकासमा बाधा उत्पन्न भएको छ ।

ट) बहुदलीय व्यवस्था अन्तरगतको संसदीय प्रणालीमा प्रधानमन्त्रीको कार्य सम्बन्धित राजनैतिक दलबाट तथा आफ्नो मन्त्रिपरिषद्बाट समर्थित हुनुपर्ने न्यूनतम आवश्यकता हो । सो समर्थन नभएको कुरा सर्वसाधारणको जानकारीमा पनि आएको छ ।

७. सम्माननीय प्रधानमन्त्रीको संविधान तथा कानून प्रतिकूलको सिफारिसमा गरिएको प्रतिनिधि सभाको विघटन प्रारम्भत: नै नेपाल अधिराज्यको संविधान २०४७ संवैधानिक कानून, संसदीय प्रणालीका सिद्धान्त, परम्परा तथा मान्यताहरू प्रतिनिधि सभा नियमावली, प्रतिनिधिमूलक सरकार तथा कानूनी राज्यको सिद्धान्त समेत प्रतिकूल रहेकोले उक्त असंवैधानिक सिफारिस र त्यसबाट विस्तृत सम्पूर्ण कार्य तथा परिणामहरू बदरभागी

रहेको समर्थनमा निम्नानुसार बुँदा प्रस्तुत गरिएको छ :

७.१ संविधानको धारा ५३ को उपधारा (४) बमोजिम प्रतिनिधि सभा विघटन गर्ने कार्य वहालवाला प्रधानमन्त्रीको सिफारिसमा हुने संवैधानिक व्यवस्था छ। विघटन पश्चात् वहालवाला मन्त्रिपरिषद्ले नै ६ महिनाभित्र निर्वाचन सम्पादन गर्नु पर्ने संविधानको धारा ३६ को उपधारा (७) तथा धारा ५३ को उपधारा (४) को मनसाय रहेको स्पष्ट छ। तर श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरवारबाट अलग-अलग मिति २०५१।३।२६ र २०५१।३।२७ मा प्रकाशित सूचना तथा विज्ञप्तिमा २०५१।३।२६ कै मितिदेखि प्रधानमन्त्री पदबाट धारा ३६ (५) (क) बमोजिम पदमुक्त गरिएका अनाधिकृत व्यक्तिको सिफारिसका आधारमा २०५१।३।२७ गते प्रतिनिधि सभा विघटन गरिएको विज्ञप्ति प्रकाशमा आएको छ। पदबाट मुक्त भै सकेको प्रधानमन्त्रीको अनाधिकृत सिफारिसमा अधिवेशन चालू रहेको अवस्थाको संविधानको प्रस्तावना तथा धारा ३ बमोजिम सार्वभौमसत्ता सम्पन्न जनताको प्रतिनिधित्व गर्ने सार्वभौमकीय ५ वर्षको लागि निर्वाचित प्रतिनिधि सभा विघटन गरिने कार्य प्रारम्भत: नै संविधानको धारा ५३ को उपधारा ४ को प्रतिकूल छ। पदमुक्त भएपछि काम चलाउ प्रधानमन्त्रीको रूपमा परिणत भएका प्रधानमन्त्रीले आफ्नो संवैधानिक स्थिति परिवर्तन भएपछि विघटनको लागि सिफारिस गर्नुभएको छैन र सिफारिस गर्ने संवैधानिक प्रावधान पनि नभएको हुँदा प्रतिनिधि सभाको चालू अधिवेशनमा प्रतिनिधि सभाको कार्य सम्पादन हुनुपर्ने आजसम्म सो हुन सकेको छैन।

७.२ धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटन गर्न सिफारिस गर्नुअघि प्रतिनिधि सभामा अल्पमतमा परिसकेको सरकारले संविधानको धारा ५९ बमोजिम विश्वासको मत प्राप्त गर्ने तथा धारा ४२ बमोजिमका विकल्पलाई उपेक्षा गरी राजीनामाको मागसहित प्रतिनिधि सभा विघटन गर्न गरिएको सिफारिस नै संविधानको धारा ३६ (१) तथा धारा ५३ (४) को प्रावधानको आशयको प्रतिकूल छ। प्रतिनिधि सभा विघटन पश्चात् मन्त्रिपरिषद्को अभिभारा वहन गर्न अनिच्छा जाहेर गर्दै प्रतिनिधि सभाको विश्वास नरहेको आधारमा राजीनामा स्वीकृतिको मागसमेत राखेर विघटनको लागि गरिएको सिफारिस असंवैधानिक एवं संसदीय प्रणालीको परम्परा एवं मान्यताको पनि प्रतिकूल छ। यसमा प्रक्रियात्मक त्रुटि पनि पर्याप्त भएको छ।

७.३ प्रतिनिधि सभा विघटन पश्चात् काम चलाउन सरकारलाई पुन: काम चलाउ सरकारका रूपमा निर्वाचन सम्पादन गर्ने गरी प्रधानमन्त्री गिरिजाप्रसादलाई नै प्रदान गरिएको संवैधानिक अभिभारा धारा ३६ (७) तथा ५३ (४) को प्रतिकूल छ। यसले संविधान बमोजिम प्रतिनिधि सभाले गर्ने अधिकार क्षेत्र तथा दायित्व समेतलाई मिचेको छ। एकैचोटि कामचलाउ माथि काम चलाउ सरकार नियुक्त गरिएको

संविधान सम्मत छैन ।

७.४ प्रधानमन्त्रीलाई २०५१।३।२६ कै मितिदेखि पदबाट मुक्त गरिएको बारे जारी भएको सूचना अनुरूप अर्को मन्त्रिपरिषद् गठन नभएसम्म काम चलाउ सरकारका रूपमा कायम गरिएको मन्त्रिपरिषद् प्रतिनिधि सभाको अधिवेशन चालु रहेको अवस्थामा संविधानको धारा ३६ (१) तथा धारा ४२ को प्रावधान अनुरूप अर्को मन्त्रिपरिषद्को गठन नगरिएसम्म मात्र कायम रहने र सो कार्य पूरा गर्नुपर्ने प्रथम संवैधानिक बाध्यात्मक जिम्मेवारी पूरा गरेपछि मात्र अन्य संवैधानिक दायित्वहरू पूरा गर्न सकिने हुँदा सो बमोजिम नगरी प्रतिनिधि सभामा अल्पमतमा परिसकेको प्रधानमन्त्रीको सोही दल वा प्रमुख प्रतिपक्षी दलले धारा ३६ (१) र ४२ बमोजिम मन्त्रिपरिषद् गठन गर्न सक्ने दावी गर्दागर्दै संविधानको वैकल्पिक बाटो हुँदाहुँदै उपर्युक्त संविधानका धारालाई निरर्थक पार्दै प्रजातन्त्र र संसदीय संस्थाहरूकै र संविधानकै मर्यादालाई आघात पर्ने किसिमबाट गरिएको असंवैधानिक सिफारिशका आधारमा भएको प्रतिनिधिसभा विघटनको कार्य संविधान र संवैधानिक परम्पराको समेत विपरीत छ । अल्पमतमा परेको प्रधानमन्त्रीले धारा ५९ (१) बमोजिम विश्वासको मत लिन सकिने वैकल्पिक बाटो अवलम्बन नगरी स्थिर सरकार हुन नसक्ने भनी अस्थिरतातर्फ देशलाई उन्मुख गरेको वर्तमान घटनाक्रमले पुष्टि गरेको छ ।

७.५ प्रधानमन्त्रीको राजीनामा २०५१।३।२६ मा स्वीकृत भएको छ । त्यसको एकदिन पछि अर्थात् २०५१।३।२७ का दिन प्रतिनिधि सभा विघटन गरिएको छ । प्रतिनिधि सभामा विघटन गर्नु पर्ने आवश्यकता र औचित्यका विषयमा प्रधानमन्त्रीले चढाउनुभएको सिफारिस पत्रको अंश राजदरबारबाट प्रकाशित उक्त मिति २०५१।३।२७ को विज्ञप्तिमा उल्लेख भएको छ । उहाँले उल्लेख गर्नुभएको सिफारिसको आधार र राजनैतिक मूल्यांकन संविधान प्रतिनिधि सभामा सत्ताधारी दलको ११४ संख्या कायम रहेको र जिम्मेवार प्रतिपक्षी दलको संख्या यथावत रहेको अवस्थामा स्थिर सरकार गठन हुन नसक्ने भन्ने प्रधानमन्त्रीको अभिकथन संविधान सम्मत छैन । यसबारे अधिवेशन चालु रहँदाको अवस्थामा प्रतिनिधि सभाबाट नै स्थिर सरकार हुन सक्ने वा नसक्ने राय लिन सकिने विकल्प हुँदाहुँदै सो पूरा नगरिएको पनि संवैधानिक कानून तथा परम्परा विपरीत छ । यस कार्यको कार्यपालिकाबाट विधायिकाको क्षेत्रमा हस्तक्षेप समेत गरेको छ । राजनैतिक समीकरणलाई विघटनको आधार बनाएको धारा ४२ को उपधारा १ अन्तर्गत दुई दल मिली सरकार गठन गर्न सकिने प्रावधानको प्रतिकूल छ ।

७.६ संविधानको धारा ३६ को उपधारा (४) तथा प्रतिनिधिमूलक सरकारको प्रारम्भिक तथा मौलिक अवधारणा अनुकूल संसद्प्रति जवाफदेही बहन गर्नुपर्ने अवधारणा अनुकूल संसद्प्रति जवाफदेही वहन गर्नुपर्ने सार्वभौम जनताको प्रतिनिधि संस्था

प्रतिनिधि सभाको अधिवेशन चालु रहेकै अवस्थामा त्यस्तो संस्थाको विघटन गर्नुअघि अन्य वैकल्पिक उपायहरू मौजुद हुँदाहुँदै त्यस्तो सम्बन्धित संस्थालाई जानकारी समेत नदिई गरिएको विघटन प्राकृतिक न्याय सिद्धान्त समेतको प्रतिकूल छ। यसरी प्रतिनिधिसभाका सभामुखले मिति २०५१।३।२८ गते दिनको २ बजे सम्म बैठक स्थगित गरी अधिवेशन चालु रहेको अवस्थामा असम्वैधानिक सिफारिसका आधारमा सभा विघटन गर्न नसकिने हुँदा सो सिफारिसले संसदको सर्वोच्चतामाथि कुठाराघात हुन गएको छ।

७.७ संविधान अन्तर्गतका संसदीय समितिहरूद्वारा प्रतिनिधि सभामा प्रधानमन्त्री र मन्त्रिपरिद्को क्रियाकलापमाथि प्रत्यक्ष प्रभाव पार्ने गरी प्रतिवेदन प्रस्तुत गर्ने अवस्थाबाट बच्ने परोक्ष आशयबाट प्रजातन्त्र र संसद् र संविधान प्रक्रियात्मक विकास र मर्यादा विपरीत प्रतिनिधि सभा विघटन गर्ने सिफारिश संविधानलाई अन्य आशय (Ulterior Motive) बाट उत्प्रेरित भई संवैधानिक संस्थाहरूलाई निरर्थक बनाउने समेत उद्देश्य रहेको देखिएकोले अन्य उद्देश्यका लागि संविधानका प्रावधान प्रयोग हुन नसक्ने निर्विवाद छ।

७.८ विपक्षी प्रधानमन्त्रीले गर्नुभएको प्रारम्भत: संविधान विपरीत गरिएको सिफारिशबाट प्रतिकूल मौसमको सायै जनताको बाली उठाउने व्यस्त समय र ठूलो एकादशी र दशैं तिहार जस्ता राष्ट्रिय चाडको समयमा राष्ट्रले आर्थिक भार बहन गर्न नसक्ने व्यावहारिक कुरालाई ध्यानमा नराखी आवेशमा निर्वाचन गर्ने निर्धारण गरी जनतालाई निर्वाचनमा व्यापक सहभागी हुनबाट बञ्चित हुने स्थिति सृजना भएको निर्वाचन पद्धति समेतलाई असर पार्ने निश्चत छ।

७.९ संविधानको धारा ६३ को उपधारा (३) बमोजिम बनाइबक्सेको प्रतिनिधिसभा नियमावली २०४८ को नियम ४ (२) मा श्री ५ बाट सभाको बैठक स्थगित भएको अवस्थामा अधिवेशन अन्त गरिबक्सने प्रावधान छ तर प्रतिनिधिसभाको अधिवेशन अन्त नभएको अवस्थामा प्रतिनिधिसभाको विघटन गर्न सकिने संवैधानिक र कानूनी व्यवस्था छैन। तसर्थ यस पक्षबाट हेर्दा समेत अधिवेशनको अन्त गरिएको अवस्थामा प्रतिनिधि सभा विघटन गर्ने विपक्षी गिरिजाप्रसाद कोइरालाको उल्लेखित सिफारिश असंवैधानिक एवं गैरकानूनी छ। आफ्नो राजनैतिक दलकै सहमति पनि नलिई चढाइएको सिफारिशबाट बहुदलीय व्यवयाको न्यूनतम मान्यतालाई पनि उपेक्षा गरिएको छ।

८. माथि लेखिएका आधारमा सम्मानित प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटन गर्न चढाइएको सिफारिश संवैधानिक तथा कानूनी रूपमा प्रारम्भत: नै त्रुटिपूर्ण भएको र उक्त सिफारिशमा प्रक्रियात्मक त्रुटि पनि स्पष्टत: विद्यमान भएबाट संविधान, संवैधानिक

संस्था, प्रजातन्त्र एवं राष्ट्रकै सर्वोत्तम हितलाई ध्यानमा राखी संवैधानिक संकट (Constitutional breakdown) को अवस्थाबाट राष्ट्रलाई जोगाउन उक्त सिफारिश र सोबाट नि:सृत सम्पूर्ण काम कारवाही एवं परिणाम बदरभागी भएकोले विपक्षी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजीनामा गरिसकेपछि चालु अवस्थामा रहेको प्रतिनिधि सभालाई विघटन गरी निर्वाचनको मिति तोक्न गर्नुभएको सिफारिश असंवैधानिक एवं प्रचलित संसदीय मान्यता विपरीत समेत भएको हुँदा राजीनामा दिएको प्रधानमन्त्रीले श्री ५ महाराजाधिराज समक्ष २०५१।३।२६ मा गर्नुभएको अनधिकृत सिफारिश नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३, ११,१२, १६, ३६, ४२, ५३, ५९ र ६३ समेत विपरीत भएकोले संविधानको धारा २३ ले निर्दिष्ट गरेको धारा ८८ को उपधारा (२) बमोजिम यो निवेदन गरेका छौं ।

९. तसर्थ उपर्युक्त आधारमा मिति २०५१।३।२६ मा विपक्षी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधि सभा विघटन गरी अर्को आम निर्वाचन गराउनका लागि गर्नुभएको सिफारिशबाट देशको संवैधानिक, आर्थिक, सामाजिक एवं राजनैतिक अवस्थामा नकारात्मक प्रभाव पार्ने भएको, प्रत्यक्ष रूपमा हामी निवेदकहरू मध्ये दुई अवैधानिक ढंगबाट विघटित प्रतिनिधिसभाको ५ वर्षसम्म प्रतिनिधित्व गर्न पाउने हकबाट वञ्चित भएको र यस विषयमा अर्को उपचारको व्यवस्था समेत नभएकोले र अन्य दुई हामी निवेदकहरू संविधानमूलक संसदीय प्रणालीमा परेको आघातबाट राजनैतिक दलहरूका सदस्य समेत भएका नाताले सार्वजनिक हक वा सरोकारको प्रस्तुत विवादमा माथि उल्लेखित संवैधानिक एवं कानूनी त्रुटी विद्यमान भएको र संसद विघटन सम्बन्धी आधार र संवैधानिक व्यवस्थाको महत्त्वपूर्ण व्याख्याको समेत आवश्यकता देखिएकोले संवैधानिक व्याख्या र उपयुक्त उपचारको लागि उक्त २०५१।३।२६ को विपक्षी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रस्तुत गर्नुभएको प्रारम्भत: त्रुटिपूर्ण सिफारिश र सिफारिशका आधारमा भएको संसद् विघटन र सम्पूर्ण अन्य कामकारवाही उत्प्रेषणका आदेशद्वारा बदर गरी सो सिफारिशका आधारमा भए गरेका अन्य सम्पूर्ण कार्यहरू अन्य उपर्युक्त आदेशद्वारा संविधान अनुरूप गर्नु भनी अन्त (Prorogue) नगरिएको प्रतिनिधि सभालाई सिफारिशपूर्वको अवस्थामा यथावत कायम गर्नु र सो प्रतिनिधि सभाको चालू रहेको यस्तो अधिवेशनलाई संविधान र प्रतिनिधि सभा नियमावली अनुसार गर्नु भनी विपक्षी मन्त्रिपरिषद् सचिवालयको सायै सो सचिवालयका तर्फबाट संसद्सचिवालय र अन्य सम्बन्धित सबै निकायमा जानकारी गराउनु भन्ने प्रत्यर्थीहरूका नाउँमा उपर्युक्त जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी पाऊँ । सायै निर्वाचन क्षेत्र निर्धारण आयोग तथा निर्वाचन आयोगका नाउँमा असंवैधानिक ढंगबाट प्रतिनिधि सभा विघटन भएको आधारमा गर्न भनी मिति २०५१।७।२७ मा तोकिएको प्रतिनिधि सभाको निर्वाचन सम्बन्धी काम कारवाही समेत रोक्नु भनी निज विपक्षी आयोगहरूका नाउँमा सर्वोच्च

अदालत नियमावली अनुसार अन्तरिम आदेश समेत जारी गरी पाऊँ ।

१० संलग्न प्रमाणकागज निम्नानुसार छन् :

(क) प्रधानमन्त्रीले श्री ५ समक्ष पेश गर्नुभएको उल्लेखित सिफारिश, श्री ५ महाराजाधिराज सरकारको प्रमुख सचिवालय राजदरबारबाट मिति ०५१।३।२६ मा प्रकाशित सूचना तथा ऐ. सचिवालयबाट मिति ०५१।३।२ मा प्रकाशित विज्ञप्तिका प्रमाणित प्रतिहरू मन्त्रिपरिषद् सचिवालयबाट झिकी पाऊँ ।

(ख) गोरखापत्रमा प्रकाशित सम्बन्धित समाचारका फोटोकपीहरू यसैसाथ पेश गरेका छौं ।

११. उपर्युक्त व्यहोरा साँचो हो झुठा ठहरे कानून बमोजिम बेहोर्ने छौं ।

<u>निवेदकहरू</u>

हरिप्रसाद नेपाल

गणेश पण्डित

दुर्गा सुवेदी

लोककृष्ण भट्टराई

इति सम्बत् २०५१ साल श्रावण ११ गते रोज ३ शुभम् ... ...

भनिएको प्रतिनिधि सभाको निर्वाचन सम्बन्धि काम कारवाही रोक्नू भन्ने समेत प्रत्यर्थि निर्वाचन क्षेत्र निर्धारण आयोग तथा निर्वाचन आयोगका नाममा अन्तरिम आदेश जारी गरी पाऊँ भन्ने निवेदकहरुको मुख्य कथन र माग देखिन्छ ।

प्रस्तुत निवेदनपत्रद्वारा निवेदकहरुले प्रतिनिधि सभाको विघटनको वैधताको सम्बन्धमा सार्वजनिक सरोकारको केही गंभीर र जटिल संवैधानिक प्रश्नहरु उठाएकाले ती प्रश्नहरुको समाधानको लागि संविधानको धारा ३६ को उपधारा (१),(७), धारा ४२ र धारा ५३ को उपधारा (४) लगायत अन्य सम्बद्ध (relevant) संवैधानिक व्यवस्थाहरुको समुचित व्याख्या भै यस अदालतबाट विवादको निरुपण हुनु पर्ने देखिन्छ । अत: यस सम्बन्धमा तलका प्रकरणहरुमा लेखिए बमोजिम गरी नियमानुसार मिसिल बुझाईदिनु ।

(१) निवेदकहरुको माग अनुसार यस अदालतबाट आदेश जारी हुनु नपर्ने कुनै कारण भए सो कारण सहित २०५१ साल भाद्र २ गते भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी प्रत्यर्थिहरुलाई लिखित सूचना दिनु र त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनु ।

(२) माथि उल्लेख भए अनुसार यसमा केही गंभीर एवं जटिल संवैधानिक प्रश्नहरु समावेश भएको र यस विषयमा विषेश अध्ययन र अभिरुची भएका विद्वान कानून व्यवसायीहरुको स्वतन्त्र राय पनि ती संवैधानिक प्रश्नहरुको निरुपणमा सहायक हुन सक्ने भएकोले यो निवेदन सुनवाईको लागि इजलास समक्ष पेश हुंदा आफ्नो राय प्रस्तुत गर्न चाहने बढीमा ५ जना सम्म विद्वान वरिष्ठ अधिवक्ता वार एशोसियशनलाई लेखी पठाउनु ।

(३) यो निवेदन पत्रमा उठाइएका प्रश्नहरुको निरुपण यथासंभव चाँडो हुनु वान्छनीय भएकोले यो निवेदनपत्रलाई अग्राधिकार दिई सर्वोच्च अदालत नियमावली, २०४९ अनुसार २०५१ साल भाद्र ७ गतेका दिन सुनवाईको लागि इजलास समक्ष पेश गर्नु ।

(४) यसमा लिखित वहस पेश गर्न चाहने कानून व्यवसायीले त्यस्तो लिखित वहस यो निवेदन पत्र सुनवाईको लागि इजलास समक्ष पेश हुनु भन्दा पहिले पेश गरिसक्नु पर्ने कुरा सम्बन्धित कानून व्यवसायीहरुको जानकारीको लागि सर्वोच्च अदालत, वार एशोसियशनलाई सूचीत गर्नु ।

(५) २०५१-७-२७ का दिन गर्ने भनी तोकिएको प्रतिनिधि सभाको निर्वाचन सम्बन्धि काम कारवाहीहरु रोक्न प्रत्यर्थि निर्वाचन क्षेत्र निर्धारण आयोग र निर्वाचन आयोगका नाममा अन्तरिम आदेश जारी गरी पाऊँ भन्ने निवेदकहरुको मागको हकमा सो निर्वाचनको लागि धेरै समय बाँकी रहेको र माथि उल्लेख भए अनुसार यो निवेदन पत्र नै २०५१ साल भाद्र ७ गतेका दिन सुनवाईको लागि इजलास समक्ष पेश हुने भएकोले निवेदकहरुको माग अनुसार अन्तरिम आदेश जारी गर्नु परेन । नियमानुसार गर्नु ।

विश्वनाथ उपाध्याय
प्रधान न्यायाधीश

इति सम्वत् २०५१ साल श्रावण १७ गते रोज २ शुभम्.....

सर्वोच्च अदालत एक न्यायाधीशको इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री विश्वनाथ उपाध्याय

बाट भएको आदेश

सम्वत् २०५१ सालको रिट नं.....२३०४

विषयः- उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाऊँ।

हरि प्रसाद नेपाल समेत... ... ...

निवेदक

विरुद्ध

सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला, प्रधान मन्त्रीको कार्यालय सिंहदरवार, समेत .. .. विपक्षी

२०५१ साल आषाढ २७ गतेका दिन भएको प्रतिनिधि सभाको विघटनको विषयलाई लिएर नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ को उपधारा (२) बमोजिम सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रमा पर्न आएको यो निवेदनपत्र सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ७ र ४० अनुसार आज यो इजलास समक्ष पेश भयो।

प्रस्तुत निवेदनपत्रको अध्ययन गरी निवेदकहरुका तर्फबाट इजलास समक्ष उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ताहरु सर्व श्री वासुदेव प्रसाद ढुंगाना, कृष्ण प्रसाद भण्डारी, सर्वज्ञरत्न तुलाधर र सिन्धुनाथ प्याकुरेल तथा विद्वान अधिवक्ताहरु सर्व श्री सूर्य ढुंगेल, शुशिला कार्की, विश्वकान्त मैनाली र श्री हरि अर्यालको बहस समेत सुनी विचार गर्दा यस्मा प्रधानमन्त्रीको राजीनामा पश्चात निजको सिफारिशमा अधिवेशन चल्दा चल्दैको अवस्थामा भएको प्रतिनिधि सभाको विघटन र तत्सम्बन्धमा भएको अन्य सबै काम कारवाहीहरु प्रारम्भ देखि नै (abinition) नेपाल अधिराज्यको संविधान, २०४७ तथा संसदीय प्रणाली सम्बन्धी संवैधानिक कानून, परम्परा र मान्यताहरु एवं प्रतिनिधि सभा नियमावली, २०४८ को प्रतिकूल भएकोले सो सबै काम कारवाहीहरुलाई बदर गरी प्रतिनिधि सभा उपर्युक्त सिफारिश हुनु भन्दा पहिलेको स्थितिमा यथावत कायम रहेको मानी सो सभाको चालू रहेको सातौं अधिवेशनका सम्बन्धमा संविधान र प्रतिनिधि सभा नियमावली अनुसार गर्नु भनी प्रत्यर्थी मन्त्रिपरिषद् सचिवालयका सायै सो सचिवालय मार्फत संसद सचिवालय र अन्य सम्बन्धित निकायहरुलाई जानकारी गराउनु भन्ने प्रत्यर्थिहरुका नाममा उपयुक्त आज्ञा, आदेश वा पूर्जी जारी गरी पाऊँ, र त्यस्तो असंवैधानिक ढंगबाट प्रतिनिधि सभा विघटन गरी सो आधारमा २०५१-७-२७ मा गर्ने

प्रतिनिधिसभा विघटनको लागि गरिएको संविधान सम्मत सिफारिशलाई प्रारम्भत: त्रुटीपूर्ण सिफारिस भनी भ्रमात्मक संज्ञा दिदै सो सिफारिशको आधारमा भएको संसद् विघटन र सम्पूर्ण अन्य काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी प्रतिनिधिसभालाई सिफारिश पूर्वको यथावत कायम गरी पाउँ भन्ने रिट आवेदन प्रस्तुत गरिएको रहेछ ।

२. जन आन्दोलनको परिणाम स्वरूप पुनर्स्थापन भएको संसदीय प्रजातन्त्रात्मक संविधान अन्तर्गत भएको प्रथम आम निर्वाचनमा नेपाली कांग्रेसले प्रतिनिधिसभामा पूर्ण बहुमत प्राप्त गऱ्यो । प्रतिनिधिसभामा बहुमत प्राप्त गर्ने नेपाली कांग्रेसले म प्रत्यर्थीलाई उक्त पार्टीको संसदीयदलको नेतामा एक मत साथ चयन गऱ्यो । परिणामस्वरूप म प्रत्यर्थीलाई संविधानको धारा ३६ (१) अनुरूप श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री नियुक्त गरिबक्सी मेरो अध्यक्षतामा मन्त्रिपरिषद्को गठन गरिबक्सेको तथ्य सर्वविदितै छ ।

३. प्रत्यर्थीले श्रद्धेय नेता स्व.बी.पी. कोइरालाद्वारा प्रतिपादित राष्ट्रिय मेलमिलापको नीति र आदर्शको अनुशरण गर्दै नेपालमा राष्ट्रियता र प्रजातन्त्र प्रतिष्ठापनको लागि आफ्नो जीवन समर्पण, न्यौछावर एवं उत्सर्ग गर्दै आएको हुँ । अनेकन् व्यवधान, विपरीत परिस्थिति एवं संकटको बावजूद पनि प्रजातान्त्रिक, संवैधानिक, आर्थिक एवं बहुपक्षीय राष्ट्रिय जन जीवनको विकासको लागि भरमग्दुर प्रयास गर्दै आएको हुँ र मेरो प्रधानमन्त्रित्वकालमा विकासका महत्वपूर्ण आधारशिलाहरूको निर्माण हुनाको अतिरिक्त प्रजातान्त्रिक एवं संविधानको सकारात्मक विकास हुँदै आएको कुरा निर्विवाद छ ।

४. बहुदलीय प्रजातन्त्रको प्रारम्भिक चरणमा प्रजातान्त्रिक व्यवहार एवं चरित्रले मूर्तरूप ग्रहण गर्न समय लाग्नु स्वाभाविक हो तर संसदीय दल भित्र अनुशासित, मान्य एवं उपयुक्त आचार रहनु प्रजातन्त्र र संविधानको विकासको लागि वांछनीय मात्र होइन अत्यावश्यक पनि हो । बहुमत प्राप्त नेपाली कांग्रेसको संसदीय दलका केही सांसदहरूका अवाञ्छित कृयाकलाप एवं असैद्धान्तिक राजनैतिक समीकरण विशेष गरेर दलको विपलाई अनादर गरी मतदानको समयमा प्रतिनिधिसभाको बैठकमा जानाजान अनुपस्थित रहेबाट श्री ५ महाराजाधिराजबाट संसद्को सातौं अधिवेशनलाई बक्सेको शाही संबोधनको लागि प्रस्तुत भएको धन्यवादको प्रस्ताव ७४ मतका विरुद्ध ८६ मतले अस्वीकृत हुन गयो । यस अघि संशोधन सहितको धन्यवादको प्रस्ताव पनि अस्वीकृत भएको थियो । फलत: राष्ट्रियता एवं नेपाली जनताको प्रतीक होइबक्सेको श्री ५ लाई सातौं अधिवेशनलाई संबोधन गरिबक्सेकोमा धन्यवाद ज्ञापन गर्ने प्रस्ताव पारित हुन सकेन ।

५. मेरो नेतृत्वमा रहेको संसदीय दलका केही सांसदहरूको अवाञ्छित कृयाकलापको कारण संविधानको मौलिक संरचनामा कुठाराघात भएकोले मेरो विरुद्ध विश्वास नभएको वा अविश्वास रहेको मत पारित नभए पनि र मेरो सरकार अल्पमतमा परिणत नभएतापनि तथा संविधानत: राजीनामा गर्नु पर्ने बाध्यता नभएतापनि नैतिकताको आधारमा

सर्वोच्च अदालत समक्ष चढाएको

लिखित जवाफ

मार्फत : महान्यायाधिवक्ताको कार्यालय

गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री, प्रधानमन्त्रीको कार्यालय, सिंहदरवार — प्रत्यर्थी

विरुद्ध

१. पाल्पा जिल्ला सहंधौली - ४ घर भई हाल काठमाडौं बबरमहल बस्ने वर्ष ४२ को विघटित प्रतिनिधिसभाका सदस्य हरिप्रसाद नेपाल १

२. नुवाकोट जिल्ला शिरवेशी गा.वि.स. घर भई हाल का.जि. गोंगबु बस्ने विघटित प्रतिनिधिसभामा नुवाकोट जिल्ला संसदीय निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधिसभामा निर्वाचित वर्ष ४८ को गणेश पण्डित १

३. मोरङ जिल्ला विराटनगर नगरपालिका वडा नं ११ घर भई हाल काठमाडौं नगरपालिका वडा नं. ३२ डिल्लीबजार बस्ने वर्ष ४७ को दुर्गा सुवेदी... ... ...१

४. ओखलढुंगा घर भई हाल का.न.पा. वडा नं. ४ बालुवाटार बस्ने वर्ष ४९ को लोककृष्ण भट्टराई १

— निवेदकहरु

विषय : उत्प्रेषण मिश्रित परमादेश

सम्मानित सर्वोच्च अदालतको एक न्यायाधीशको ईजलास सम्माननीय प्रधान न्यायाधीश श्री विश्वनाथ उपाध्यायले निवेदकहरूको माग अनुसार यस अदालतबाट आदेश जारी हुन नपर्ने कुनै कारण भए सो कारण सहित २०५१ साल भाद्र २ गते भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी कारण सूचना मिति २०५१।४।१९ मा प्रेषित भए अनुसार यो लिखित जवाफ निर्धारित म्यादभित्र प्रस्तुत गरिएको छ।

१. रिट आवेदकहरूद्वारा विभिन्न असंगत, आधारहीन एवं अनुपयुक्त बूँदाहरू उल्लेख गर्दै

प्रधानमन्त्रीको पदबाट राजीनामा गर्नु वाञ्छनीय एवं अनुकरणीय ठान्नु अतिरिक्त त्यस प्रकारका असैद्धान्तिक राजनैतिक समीकरणको कारण स्थायी सरकार गठन हुनै नसक्ने भएकोले सार्वभौमसत्ता सम्पन्न जनताको अभिमत प्राप्त गर्नको लागि समायावधिभन्दा पहिले निर्वाचन गराउन प्रतिनिधिसभाको विघटनको लागि श्री ५ मा सिफारिश गर्न उपयुक्त सम्झें। जसमा मन्त्रिमण्डलको सल्लाह र सम्मति समेत अंकित रहेको छ। उक्त राजीनामा र सिफारिश श्री ५ मा चढाउनु भन्दा अघि बहुमत प्राप्त नेपाली कांग्रेस संसदीय दलको दुई तिहाई भन्दा बढी सांसदहरूको सभाले उक्त दलमा मेरो नेतृत्वमा विश्वासको संकल्प गर्दै म प्रत्यर्थीलाई नै संसदीय दलको नेतामा अविच्छिन्न रूपमा चयन गऱ्यो। मेरो सट्टा कुनै पनि व्यक्तिलाई संसदीय दलको नेतामा चयन गराइएको थिएन न त कुनै व्यक्तिको नाम नै प्रस्तावित थियो।

६. म प्रत्यर्थीले समयपूर्व नयाँ प्रतिनिधिसभाको लागि २०५१ साल कार्तिक २७ गते निर्वाचन गराउन उक्त सभा विघटन गराइ पाउन मन्त्रिपरिषद्को निर्णय सहित श्री ५ मा सिफारिश चढाएको हुँ। जसमा धन्यवाद प्रस्ताव अवाञ्छित राजनैतिक समीकरणद्वारा विफल पार्ने अवस्था सृजना भएपछि अर्को स्थिर सरकार गठन हुन सक्ने संभावना मैले देखिन, त्यसैले मुलुकमा राजनैतिक अन्यौल र दिशाहीनतालाई कायम राख्नु अथवा जनताको अभिमत विरुद्धको राजनैतिक समीकरणका भरमा सरकार चल्नु चलाउनु भन्दा बहुदलीय प्रजातन्त्रलाई सुदृढ गर्ने उद्देश्यले जनता समक्ष गई नयाँ जनादेश लिनु बाहेक अर्को विकल्प छैन भन्ने कारण उल्लेख गरेको हुँ। सायै धन्यवादको प्रस्ताव पारित हुन नसकेको कारण देखाई प्रधानमन्त्रीको पदबाट राजीनामा २०५१ साल आषाढ २६ गते चढाएको हुँ।

७. श्री ५ बाट सोही मितिमा मेरो राजीनामा स्वीकृत गरिबक्सनु अतिरिक्त मौसुफ सरकारबाट दुईटा कार्यहरू गरिबक्सेको कुरा असार २६, २०५१ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट जानकारी भइसकेको छ। श्री ५ बाट गरिबक्सेको एक कार्य थियो संविधान बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म संविधानको धारा ३६ (७) बमोजिम हालको मन्त्रिपरिषद्ले कार्य गरिरहने व्यवस्था। श्री ५ बाट अविलम्ब गरिबक्सेको अर्को कार्य के थियो भने नयाँ जनादेश लिने उद्देश्यले संविधानको धारा ५३ (४) अन्तर्गतको सिफारिशका सम्बन्धमा परामर्शको प्रक्रिया चालू गरिबक्सेको तथ्य। तदनुरूप असार २७, २०५१ मा उक्त मन्त्रिपरिषद्को निर्णय सहित प्रधानमन्त्रीको सिफारिश बमोजिम मौसुफबाट २०५१ कार्तिक २७ गतेका दिन प्रतिनिधिसभाको लागि निर्वाचन गराउने गरी संविधानको धारा ५३ (४) बमोजिम प्रतिनिधिसभा विघटन गरिबक्स्यो। सायै मौसुफबाट म प्रत्यर्थीले प्रतिनिधिसभाको लागि हुने निर्वाचन स्वच्छ र निष्पक्ष रूपमा सफलता पूर्वक सम्पन्न गराउने आशा राखिबक्सेको कुरा समेत उल्लेख छ।

८. उपर्युक्त तथ्यहरूले रिट आवेदकहरूको निवेदन आधारहीन एवं तथ्यरहित सिद्ध गर्दछ

जसको समर्थनमा निम्नलिखित बुँदाहरू उल्लेखनीय छन् ।

(क) संविधानको धारा ३१ अनुसार श्री ५ बाट गरिवक्सेका कुनै कामको सम्बन्धमा र धारा ३५ (६) अन्तर्गतका कुराहरू अदालतमा प्रश्न उठाउन नसकिने संवैधानिक मान्यता एवं प्रावधान प्रतिकूल रिट आवेदकको याचना छ । तदोपरी धारा ५३ (४) का व्यवस्था कार्यकारिणीको पूर्णत: स्वविवेकीय अधिकार हो । यस प्रकारको राजनैतिक प्रश्नमा शक्ति पृथकीकरण सिद्धान्त अनुसार न्यायपालिकाले न्यायिक जाँचबुझ गर्न अनुपयुक्त हुन्छ र सम्भव पनि हुँदैन । न्यायिक तौर तरिकाबाट पत्ता लगाउन र पहिचान एवं निरोपण गर्न नसकिने विषय वस्तुमा न्यायालयले अवलोकन गर्न नसकिने कुरा सर्वमान्य सिद्धान्त हो जसलाई सम्मानित अदालतले आपनो कतिपय निर्णयहरूमा अंगीकार गरिसकेको पनि छ ।

(ख) संविधानको धारा ८८ (२) अन्तर्गत आदेश जारी गराउन चाहने रिट आवेदकले प्रथमत: संविधान वा कानूनद्वारा आफ्नो निरोपित हक स्थापित गर्नु पर्छ भने दोस्रो प्रतिपक्षबाट अनाधिकार वा कानून विरुद्ध कार्यको कारण त्यस्तो हकको प्रचलनमा कुण्ठा भएको कुरा सिद्ध गर्नु पर्दछ । प्रस्तुत रिट निवेदनमा उक्त दुइटै अन्तरवस्तुहरू विद्यमान छैनन् । रिट आवेदकहरूले आफ्नो कुन, के, कसरी कानूनी हक कुण्ठित भएको कुरा स्पष्ट गर्न सकेका छैनन् । रिट आवेदकहरूमा रहेको प्रत्यक्ष वा सारवान सम्बन्ध भएको कानूनी हक उल्लेख गर्न सकेको छैन । वहाँहरू विघटित प्रतिनिधिसभाको वा त्यस सभामा रहेका प्रमुख राजनैतिक दलहरूको प्रतिनिधित्व गरी आउनु भएको छैन । जे जति संविधानका धारा उल्लेख छन्, ती निवेदकको हकसंग सान्दर्भिक छैनन् । धारा ३ निवेदकहरूको हक नभै जनतामा आश्रित सार्वभौमसत्ता हो । निर्वाचनको माध्यमबाट जनताको अभिमत अंकित गरिनु जनतामा निहित सार्वभौमसत्ताको पहिचान हो । वस्तुत: रिट आवेदकको निवेदन जनताको निहित सार्वभौमसत्ता प्रतिकूल र विरुद्ध छ । धारा ११ अन्तर्गतको समानताको हक एवं धारा १२ को स्वतन्त्रताको हक प्रस्तुत विषयमा असान्दर्भिक एवं अनुपयुक्त छ । उक्त घोषणाले न त समानताको हक न स्वतन्त्रताको हकलाई आघातित पारेको छ, अपितु त्यस हकलाई परिमार्जन गर्न परिलक्षित छ । धारा १६ अन्तर्गतका सूचनाको हकलाई अन्यथा गरिएको छैन । धारा ३६, ४२, ५३, ५७, एवं ६३ ले वैयक्तिक हकको व्यवस्था गरेको नभै कार्यकारिणीको संरचना एवं शक्ति प्रदान गरेको हो साथै ती प्रावधानका विपरीत उक्त घोषणा नभै तद्तद्का अक्षर, भावना, व्यवहार एवं प्रचलनको पूर्णत: अनुकूल छ । अतएव आवेदकहरूले आफ्नो कुनै हक विचलन भएको देखाउन सकेनु भएको छैन । साथै प्रस्तुत विषयमा कानूनको सारतत्त्व र प्रकट्यागत कुनै दोष वा त्रुटि भए गरेको छैन । संविधानको अक्षर, भावना, सिद्धान्त र संसदीय परम्परा एवं प्रचलन अनुरूप भएको छ । धारा ५३ (४) को प्रयोगमा

अधिकार क्षेत्रको अतिक्रमण भएको छैन ।

(ग) रिट आवेदकहरूको जिकिर संविधानको धारा ८८ (२) बमोजिमको उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी हक प्रचलन गरी पाउँ भन्ने छ । उत्प्रेषणको आदेश जारी हुन वा गर्न कुनै न्यायिक वा अर्धन्यायिक निकाय वा पदाधिकारीको निर्णय भएको हुनुपर्‍यो जसबाट संवैधानिक कानूनी हक अपहरित गरेको हुनु पर्‍यो । यस्तै परमादेशको आदेश जारी हुन वा गर्नलाई पनि प्रचलित कानून बमोजिम आफूले दायित्व पूरा गर्नु पर्ने कर्तव्य तोकिएको अधिकारीले सो कानून बमोजम गर्न इन्कार गरेको हुनु पर्‍यो । यस्तो अवस्था यसमा विद्यमान छ भनी रिट आवेदकहरूबाट देखाउन सकेको छैन । प्रतिनिधिसभा विघटन गराउन संविधानको धारा ५३ (४) बमोजिम मैले श्री ५ महाराजाधिराज समक्ष सिफारिश चढाएको हुँ । मौसुफ सरकारबाट पनि उक्त धारा ५३ (४) बमोजिम प्रतिनिधिसभा विघटन गरिबक्सेको हो । यस प्रकार मैले श्री ५ मा संविधान बमोजिम चढाएको सिफारिश के कस्तो छ भन्ने प्रश्न र श्री ५ बाट प्रतिनिधिसभा विघटन गरिबक्सेको यस्तो कामको सम्बन्धमा विपक्षीहरूको निवेदन जिकिर अनुसार यो सम्मानित अदालतमा प्रश्न उठाउन तथा यस अदालतबाट पनि सो उपर आफ्नो न्यायिक पुनरावलोकनको अधिकार प्रयोग गरी जाँचबुझ गर्न प्रचलित संविधानको धारा ३१ र ३५ (६) ले मिल्दैन ।

(घ) रिट आवेदकहरूको म प्रत्यर्थीले प्रतिनिधिसभाको विश्वास गुमाइसकेको भन्ने अभिकथन असत्य एवं अतिरंजित हुनाको सायै संविधानको ठाडो प्रतिकूल छ । संविधानको धारा ३६ (५) (ख) एवं ५९ अनुसार विश्वास नभएको मत वा अविश्वासको मत प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित नभएसम्म प्रतिनिधिसभाको विश्वासको मत गुमाएको भन्ने प्रकल्पना गर्न नसकिने कुरा संविधानको तथ्य एवं मान्यता रहेको छ र जुन कुरा प्रत्यर्थीको हकमा प्रयुक्त हुँदैन किनभने धन्यवादको प्रस्तावमा ७४ मतका विरुद्ध ८६ मत प्रतिनिधिसभाको २०५ को सम्पूर्ण सदस्यको संख्याको बहुमतको नामांकन गर्न संविधानको अक्षर एवं भावनाको प्रत्यक्ष प्रतिकूल छ । तदोपरी प्रतिनिधिसभाको पहिलो विशेष अधिवेशनमा विरोधी दलहरूले प्रस्तुत गरेको अविश्वासको प्रस्ताव अस्वीकृत गरेको तथ्यले प्रत्यर्थीप्रति संसदको पूर्ण विश्वास रहेको पुष्टि गर्दछ । अन्य कुनै प्रस्तावको अस्वीकृतिको कारण विश्वास गुमाएको प्रकल्पना गर्न मिल्दैन ।

(ङ) प्रतिनिधिसभाको ५ वर्षीय समयावधि पूरा नभै उक्त समय अगावै जनता समक्ष गई नयाँ जनादेश प्राप्त गर्नका लागि प्रतिनिधिसभाको विघटन हुने कुरा सामान्य प्रकृया एवं प्रचलन हो जसलाई संविधानको धारा ५३ (४) ले अंगीकार गरेको छ । धारा ४५ (३) मा यस संविधान बमोजिम अगावै विघटन भएमा बाहेक प्रतिनिधिसभाको

कार्यकाल ५ वर्षको हुनेछ भन्ने प्रावधानले समय भन्दा पहिले विघटन हुन सक्ने कुरा प्रष्ट छ । प्रतिनिधिसभा जन प्रतिनिधित्व गर्ने निकाय हो जसलाई वास्तविक जन प्रतिनिधित्व गर्छ वा गर्दैन भन्ने पहिचान गर्न समय समयमा हुने वा गरिने आम निर्वाचन अत्यावश्यक पर्छ । जुन निर्वाचनको माध्यमद्वारा जनतामा जानु अन्तरनिहित सार्वभौमसत्ताको सरक्षण हो नकि प्रतिघात ।

(च) अधिवेशन चलिरहेको अवस्थामा समयपूर्व निर्वाचनको लागि प्रतिनिधिसभाको विघटन हुन सक्दैन भन्ने कथन संविधान प्रतिकूल छ । संयुक्त राज्य अमेरिकामा झैं निश्चित समयावधि पुगेपछि मात्र संसद्को निर्वाचन हुन सक्ने प्रावधान गरेको नभै अन्य संसदीय मुलुकहरूका संविधानहरू सरह हाम्रो संविधानमा पनि समयावधि पूर्व जनादेश एवं जनसम्मति पाउन निर्वाचनको लागि प्रतिनिधिसभा विघटन हुन सक्ने गरिएको छ । धारा ५३ (४) अन्तर्गतको सिफारिशको विद्यमानतामा अन्य विकल्प चयन हुन सक्दैन । तदोपरी, धारा ३६ को चयन गर्दा बहुमत प्राप्त संसदीय दलको नेता प्रत्यर्थी नै भएकोले प्रत्यर्थीलाई नै प्रधानमन्त्री नियुक्त गर्नु पर्ने र धारा ४२ अन्तर्गतको अवस्था नै विद्यमान नभएको अवस्थामा विकल्पको खोजको स्थिति नै थिएन । धारा ५९ अन्तर्गतको विश्वासको मतको चयन गर्नु पर्ने आधार, अवस्था एवं कारण नै थिएन ।

(छ) राजीनामा गर्ने प्रधानमन्त्रीले समयावधिपूर्व निर्वाचनको लागि प्रतिनिधिसभाको विघटनको माग गर्न सक्दैन भन्ने रिट आवेदकहरूको कथन मियक एवं संवैधानिक व्यवस्थाको प्रतिकूल छ । प्रधानमन्त्रीको पदावधि राष्ट्र प्रमुखको स्वेच्छामा आश्रित गरेको नभै संविधानको धारा ३६ (५) अन्तर्गतका विशिष्ट अवस्थाको मूर्तरूपमा आश्रित गराइएको छ ।प्रधानमन्त्रीको पदबाट मुक्त भएपछि उल्लेखित सिफारिश गरेको होइन । राजीनामा प्रस्तुत गर्दैमा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुँदैन त्यसको लागि उक्त राजीनामा श्री ५ बाट स्वीकृत हुनु पर्दछ । तदोपरी धारा ३६ (७) अनुसार आफ्नो पदबाट मुक्त हुने प्रधानमन्त्री अर्को मन्त्री परिषद् गठन नभएसम्म मन्त्रिपरिषद् संचालन गर्ने व्यवस्था छ । प्रधानमन्त्री रहे भएको अवस्थामा धारा ५३ (४) अनुसार सिफारिश गर्ने अधिकार रहेको हुन्छ र सो सिफारिश अमान्य हुने अवस्था थिएन । उक्त सिफारिशको पक्षमा मन्त्री परिषद्को निर्णयको विद्यमानतामा धारा ३५ (२) अनुरूप प्रतिपालना हुनु संवैधानिक बाध्यता छ । प्रत्यर्थीको राजीनामा र सिफारिश दुवै गर्न अधिकार छ, जसले धारा ५३ (४) अनुसार संवैधानिक मान्यता पाउँछ । उक्त सिफारिश न त असंवैधानिक छ न अनुचित । अन्य आशय युक्त पनि छैन । अपितु संविधानको अक्षर र भावना अनुकूल छ ।

(ज) मूलतया राजनैतिक भावनाबाट उत्प्रेरित भई वैयक्तिक दोषारोपणको प्रयोजनको

लागि रिट निवदेन प्रस्तुत गरिएको छ। घुमाई फिराई राजीनामा दिने व्यक्ति बहालवाला प्रधानमन्त्री नरहने दोषारोपण गरिएको छ। यस अघि वर्णन गरिएअनुसार मन्त्री परिषद्को निर्णय र संसदीय दलको सहमति सहित प्रधानमन्त्रीको हैसियतले धारा ५३ (४) अन्तर्गत सिफारिश गरिएको हो जसको लागि श्री ५ बाट परामर्श शुरू गरिबक्सी संविधान सम्मत प्रकृया अनुसार विघटन गरिबक्सेको हो र राजीनामा स्वीकृत पश्चात् धारा ५३ (४) को प्रयोग उपयुक्त हुन नसक्ने तर्क स्वयंमा असंवैधानिक छ। धारा ५३ (४) मा कुनै प्रकृयागत दोष छैन। सिफारिशमा उल्लेखित कारणहरू बादयोग्य (Justiceable) हुन सक्दैनन्। उल्लेखित कारण र अवस्थाहरूले जनादेशको लागि यथेष्ठ आधार बन्न पुगेको छ। धारा ५९ अनुसार विश्वासको मत प्राप्त गर्ने विकल्प थिएन र समयको सापेक्षतामा त्यसको रोजाई असैद्धान्तिक एवं औसरवादी राजनैतिक समीकरणलाई मद्दत पुग्थ्यो जसबाट प्रजातन्त्र र संविधानप्रति घात हुने थियो। काम चलाउ सरकारलाई पुनः काम चलाउमा परिणत गरेको नभै धारा ३६ (७) अनुसार सरकारलाई निरन्तरता प्रदान गरिएको हो। राजनैतिक दलहरूले वैकल्पिक सरकारको गठन गर्ने चाहना गर्दैमा मात्र सरकार गठन हुने नभै संसद्मा राजनैतिक दलहरूको वास्तविकता स्थिति र तद्तद्का निर्वाचित सदस्यहरूको संख्याको अभिलेखमा आश्रित हुने कुरा हो। धारा ३६ (१) अनुसार नेपाली कांग्रेस बहुमत प्राप्त संसदीय दलको रूपमा अभिलेख रहिरहेको थियो भने त्यसको विकल्पमा कुनै बहुमत प्राप्त अन्य दल वा दलहरू थिएनन्। रिट निवेदनमा पनि त्यस्तो दावी वा पुष्टि दिन सक्नु भएको छैन।

(झ) विघटन पूर्व प्रतिनिधिसभालाई जानकारी दिनु पर्ने वा सल्लाह लिनु पर्ने भन्ने रिट आवेदकको अभिकथन संविधानको अक्षर, भावना एवं प्रचलनको विरुद्ध छ। फ्रान्स एवं श्रीलंकामा झैं राष्ट्राध्यक्ष मिश्रित संसदीय शासन प्रणालीमा समयपूर्व निर्वाचन गराउन संसदीय विघटन गराउँदा राष्ट्राध्यक्षले प्रधानमन्त्री एवं संसद्का अध्यक्षहरूसँग सल्लाह लिने वा संसद्को अनुमोदन अनुरूप सदन विघटन गर्ने प्रावधान हाम्रो संविधानले अनुकरण गरेको नभै इङ्ल्याण्ड र सो सरह संसदीय प्रणाली भएको मुलुकहरूमा प्रचलन एवं प्रावधान भए सरह प्रधानमन्त्रीको सिफारिशमा राष्ट्र प्रमुखले प्रतिनिधिसभा विघटन गर्ने विशेषाधिकारको व्यवस्था गरेको छ। संविधानको व्यवस्था प्रतिकूल रिट आवेदकहरूको अभिकथन रहेको छ।

(ञ) जनादेश, जनसमर्थन एवं जनसम्मति समय समयमा हुने निर्वाचनहरूका माध्यमबाट प्रतिबिम्बित हुन्छ। निर्वाचित सांसदहरूले जनादेश विरुद्ध कार्यरत रहेमा समयावधि पूर्व निर्वाचनद्वारा जनादेश प्राप्त गराउने संवैधानिक प्रावधान हो। यसले निश्चय पनि कानूनी राज र संसदीय परम्पराको मान्यता प्राप्त गर्दछ। स्वस्थ विकास पनि गराउँदछ।

(ट) बहुदलीय प्रजातन्त्रमा दलगत एकाधिपत्यमा झैं दलीय एकाधिकारात्मकको अवधारणा ग्रहण गरेको हुन्न। दलको स्वीकृति भन्नाले संसदीय दलको स्वीकृति जनाउँदछ न कि संसदीय दल बाहेक कुनै व्यक्ति वा व्यक्ति समूहको स्वीकृति। प्रत्यर्थीलाई संसद्मा बहुमत प्राप्त दलको समर्थन हमेसा रहेको छ। तदोपरी नेपालका हरेक क्षेत्रमा अवस्थित नेपाली कांग्रेसको समूहगत समर्थन प्रत्यर्थीलाई निरन्तर प्राप्त छ।

(ठ) निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन प्रजातान्त्रिक विकास एवं निर्वाचनको निष्पक्षता संवर्द्धन गर्न संविधानको धारा ४५ एवं १०५ अन्तर्गत संवैधानिक परिषद्को सिफारिशमा श्री ५ बाट गरिबक्सेको हो।

(ड) वस्तुत: सिफारिश संविधान सम्मत भएकै हुनाले श्री ५ बाट उक्त सिफारिशको आधारमा निर्वाचनको लागि प्रतिनिधिसभा विघटन गरिबक्सेको हो। जसको परिणाम स्वरूप सिफारिश अनाधिकार एवं असंवैधानिक भन्ने ठाउँ नै रहेन।

९. रिट निवेदकको माग अनुसार धारा ५३ (४) अन्तर्गत भएको प्रतिनिधिसभा विघटनको सिफारिश बदर गरी सिफारिश पूर्वको अवस्थामा यथावत कायम गरी पाउँ भन्ने याचिका संविधानको संरचनाको पूर्णत: प्रतिकूल छ। जनताको निर्वाचनद्वारा नयाँ प्रतिनिधिसभाको सट्टा विघटित भै सकेको सभालाई पुन:स्थापना गर्ने माग जनतामा अन्तरनिहित सार्वभौमसत्ता विरुद्ध छ एवं संविधानको भावना र अक्षरको प्रतिकूल छ। प्रमुख राजनैतिक दलहरू लगायत अन्य दलहरूले निर्वाचनको लागि निर्वाचन आयोगमा आफ्नो दलहरू दर्ता गराइसकेका छन्। सबै दलहरू र स्वतन्त्र व्यक्तिहरू आगामी कार्तिक २७ गते हुने निर्वाचनको लागि कार्यक्षेत्रहरूमा उत्रिसकेको तथ्यले रिट आवेदकहरूको माग अधिकार विहीन र निष्प्रयोजित भएको छ।

१०.यी प्रकरणहरूमा उल्लेखित बुंदाहरूको अतिरिक्त प्रत्यर्थी तर्फबाट रहनु हुने महान्यायाधिवक्ता मोतीकाजी स्थापित, वरिष्ठ अधिवक्ता द्वय कुसुम श्रेष्ठ एवं मुकुन्द रेग्मी तथा अधिवक्ता बद्रीबहादुर कार्कीको बहस समेतले रिट आवेदकको कथन आधारहीन सिद्ध गर्ने छन्। अतएव रिट आवेदकको निवेदन खारेज गरी पाउँ भनी यो लिखित जवाफ प्रस्तुत गरिएको छ।

यसमा लेखिएको व्यहोरा ठीक साँचो छ।

प्रत्यर्थी

गिरिजाप्रसाद कोइराला

प्रधानमन्त्री

प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार

मिति संवत २०४१ साल श्रावण गते रोज शुभम .....

श्री सर्वोच्च अदालतमा चढाएको

लिखित-जवाफ

सम्वत् २०५१ सालको रिट नं :- २३०४

विषय : उत्प्रेषण लगायत उपर्युक्त आदेश जारी गरीपाउँ भन्ने ।

श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयको तर्फबाट मुख्य सचिव मधुसुदनप्रसाद गोर्खाली ... ... — लिखित ज. प्रस्तुतकर्ता

विरुद्ध

पाल्पा जिल्ला सहयौली - ४ घर भई हाल काठमाण्डौं बबरमहल बस्ने वर्ष ४२ को विघटित प्रतिनिधिसभाको सदस्य हरिप्रसाद नेपाल १

नुवाकोट जिल्ला शिरवेसी गा.वि.स. घर भई हाल का.जि. साँखु बस्ने विघटित प्रतिनिधिसभामा नुवाकोट जिल्ला संसदीय निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधिसभामा निर्वाचित वर्ष ४८ को गणेश पण्डित... ... ...१ — निवेदकहरु

मोरङ जिल्ला विराटनगर नगरपालिका वडा नं ११ घर भई हाल काठमाडौं नगरपालिका वडा नं.३२ डिल्लीबजार बस्ने वर्ष ४७ को दुर्गा सुवेदी १

ओलखदुंगा घर भई हाल कानपा वडा नं ४ बालुवाटार बस्ने वर्ष ४९ को लोककृष्ण भट्टराई १

उपरोक्त विपक्षी निवेदकहरूले यस सम्मानित अदालमा दिनु भएको उपरोक्त विषयको रिट निवेदन मिति २०५१।४।१७ मा एक न्यायाधीशको इजलास समक्ष पेश हुँदा निवेदक दावी बमोजिम रिट जारी हुँनु नपर्ने कारण भए सो देखाई मिति २०५१।५।२ सम्ममा लिखित जवाफ पेश गर्नु भन्ने व्यहोराको आदेश लिखित जवाफ प्रस्तुतकर्ता समेतका नाउँमा आदेश जारी

भएको हुनाले सो बमोजिम यो लिखित जवाफ प्रस्तुत गरिएको छ । लिखित जवाफ जिकीर निम्न बमोजिम छ :-

१. नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ (४) बमोजिम श्री ५ बाट प्रधानमन्त्रीको सिफारिशमा मिति २०५१ ।३।२७ मा प्रतिनिधिसभा विघटन गरिबक्सेको विषयलाई लिएर उक्त विघटनको लागि प्रधानमन्त्रीबाट श्री ५ मा चढाइएको सिफारिशमा प्रकृयात्मक त्रुटी भएकोले त्यस्तो सिफारिश र सो सिफारिशमा गरिएको सम्पूर्ण काम कारवाही नेपाल अधिराज्यको संविधान तथा संसदीय प्रणाली र परम्परा प्रतिकूल हुँदा त्यसलाई वदर गरी विघटन पूर्वको स्थितिमा प्रतिनिधिसभा कायम गरी पाउँ भन्ने नै विपक्षी निवेदकहरूको मुख्य मागदावी देखिन्छ ।

२. उक्त रिट निवेदनमा विपक्षी निवेदकहरूले जस्तोसुकै भ्रमात्मक, अप्रसांगिक र गलत आधारहरू देखाई अनावश्यक गन्यनकर कुरा उठाएकर भए पनि प्रतिनिधिसभामा विघटनको काम कारवाही हाम्रो संविधान अनुकुल नै भएकोले यसमा रिट आदेश जारी हुने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउन अनुरोध गरिएको छ ।

३. संविधानको धारा ८८ (२) अन्तर्गत परेको भनेको यो रिट निवेदनमा निवेदकहरूको कुनै वैयक्तिक मौलिक हक वा कानूनी हकमा आघात परेको भनी कुनै खास कानून देखाउन सक्नु भएको छैन । ५ वर्षसम्म प्रतिनिधिसभामा प्रतिनिधित्व गर्न पाउने हकबाट वन्चित गरेको भन्ने निवेदकहरूक मध्येका हरिप्रसाद नेपाल र गणेश पण्डितको दावीको सम्बन्ध संविधानको धारा ४५ (३) मा यो संविधान बमोजिम अगावै विघटन नभएकमा प्रतिनिधिसभाको कार्यकाल ५ वर्षको हुने छ भन्ने व्यवस्था भए अनुसार प्रतिनिधिसभामा ५ वर्ष नपुग्दै अगाडि नै पनि विघटन हुन सक्ने र संविधानको व्यवस्था बमोजिम विघटन भएको अवस्थामा ५ वर्षसम्म प्रतिनिधिसभाको सदस्य रही रहन पाउने भन्ने निवेदन दावी संविधान प्रतिकूल छ । त्यस्तै अन्य २ जना निवेदकहरू दुर्गा सुवेदी र लोककृष्ण भट्टराईले सार्वजनिक सरोकारको विषयमा आउनु भएको दावी गर्नु भए पनि प्रतिनिधिसभा विघटन गरेको विषयसंग निजहरूको कुनै तात्विक सरोकार सम्बन्ध या कुनै प्रत्यक्ष सम्बन्ध रहेको पाईदैन । विपक्षी निवेदकहरू आफूलाई राजनीतिक दलको सदस्य भनी दावी गर्नु भए पनि निजहरूको दलले विघटनको परिणाम स्वरूप २०५१ कार्तिक २७ मा हुन गई रहेको निर्वाचनमा भाग लिन दलहरू निर्वाचन आयोगमा दर्ता गरी निर्वाचनको गतिविधिमा लागिरहेको देखिएबाट विघटनलाई स्वीकार गरी मानिसकेको अवस्थामा दलका सदस्य भन्ने निवेदकहरूले आफ्नो दलले यो निवेदनलाई निजहरूलाई अख्तियार दिएको विना नै सारा दलहरू र देशको सरकारी यन्त्रहरू नै निर्वाचनको तयारीमा लागिरहेको स्थितिमा निवेदकहरूले आफ्नो व्यक्तिगत हैसयतको यो निवेदन दिन पाउने हकदैया नै स्थापित हुन सक्ने अवस्था छैन । यसैको आधारमा पनि रिट खारेज हुनुपर्छ ।

४. रिट निवेदनपत्रको प्रकरण ८ मा विघटनको सिफारिश संविधानको धारा ३, ११, १२, १६, ३६, ४२, ५३, ५९ र ६३ समेतको विपरीत भएको भन्ने निवेदन जिकीरको सम्बन्धमा संविधानको धाराहरू मात्र उद्धृत गर्दैमा पर्याप्त हुने होइन। ती धाराहरूको उल्लंघन कसरी भयो सो पनि देखाउन सक्नु पर्दछ। धारा ३ मा नेपाली जनतामा सार्वभौमसत्ता रहेकोमा अब नयाँ जनादेशको लागि सोही सार्वभौमसत्ता जनतामा जानेभन्दा धारा ३ को गरिमा झन बढेको छ नकि उल्लंघन भएको। त्यस्तै धारा ११, १२ र १६ को उल्लंघन यस विषयसंग कुनै सान्दर्भिकता छैन। धारा ३६ मा प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेता प्रधानमन्त्री नियुक्त हुने व्यवस्था भएको सो अनुसार नै प्रधानमन्त्री नियुक्त भई राखेको र अन्य कुनै संसदीय नेता मनोनयन वा निर्वाचन नभएको स्थितिमा धारा ३६ विपरित काम भयो भन्ने प्रश्नै उठ्न नसक्ने। त्यसरी नै धारा ४२ पनि प्रतिनिधिसभामा कुनै दलको स्पष्ट बहुमत नभएको अवस्थामा क्रियाशील हुने हुँदा प्रतिनिधिसभामा बहुमत प्रधानमन्त्रीकै दलको रहेकोले धारा ४२ अनुसार भएन भन्ने कुरा आउन नसक्ने। धारा ५९ मा विश्वासको मत लिने प्रस्ताव र अविश्वासको प्रस्ताव राख्ने बारे व्यवस्था भएकोले विश्वासको मत नलिने प्रधानमन्त्रीको स्वविवेकको कुरा भएको र तत्कालको परिस्थितिमा विश्वासको मतको लागि प्रस्ताव नराख्दैमा उक्त धारा ५९ को प्रतिकूल काम भयो भन्न सकिने होइन। रह्यो धारा ६३ को कुरा उक्त धारा अनुसार बनेको प्रतिनिधिसभा नियमावलीको नियम ४ (२) विपरीत विघटन भयो भन्ने कुराका हकमा प्रतनिधिसभा स्थगन हुनु र अन्त्य हुनु र विघटन हुनु फरक फरक कुरा हुन्। विघटनको सिफारिश जुनसुकै समयमा हुन सक्ने र यस्तो सिफारिशको लागि समयको पावन्दी नभई प्रधानमन्त्रीले जहिले सुकै पनि राजनैतिक अवस्था अनुसार सिफारिश गर्न सक्ने हुनाले उक्त नियम विपरित भयो भन्ने निवेदन जिकीर निरर्थक छ। निवेदकहरूको कुनै संवैधानिक वा कानूनी हकमा आघात पुगेको भन्ने कुरा निजहरूले देखाउन सक्नु भएको छैन। यस्तो स्थितिमा हनन भएको हक प्रचलन गराउन रिट आदेश जारी हुने कुनै तथ्य स्थापित गर्न नसकेकोले यस्तोमा रिट आदेश जारी हुन सक्ने होइन।

५. रिट निवेदनमा उत्प्रेषणको र परमादेशको आदेशको माग गरेको देखिन्छ। उत्प्रेषणको आदेश न्यायिक वा अर्धन्यायिक निर्णय वदर गर्न जारी गरिन्छ तर संविधानको धारा ५३ (४) बमोजिम प्रतिनिधिसभा विघटनको लागि प्रधानमन्त्रीले सिफारिश गर्ने कार्य र सो को आधारमा विघटन गर्ने कार्य शुद्ध कार्यकारिणी कार्य भएको र राजनैतिक विश्लेषण र मूल्यांकनमा गरिने कार्यमा उत्प्रेषणको आदेश जारी गर्न मिल्ने होइन। साथै परमादेशको आदेश जारी हुनलाई प्रत्यर्थीहरूले कानूनले तोकिराखेको कुनै खास कर्तव्य पालना नगरेको हो र सो कर्तव्य पालना गराउन निवेदकहरू सम्बन्धित निकाय वा पदाधिकारी कहाँ गई कर्तव्य पालना गर्नलाई लेखापढी गरेको वा अनुरोध गरेको र

त्यसमा कर्तव्य पालना गर्न इन्कार गरेको अवस्थामा मात्र परमादेशको आदेश जारी हुने हुनाले प्रस्तुत निवदेनमा त्यस्तो अवस्था कुनै नदर्शाइएकोले निवेदकहरूको माग अनुसारको परमादेश वा अन्य कुनै आदेश जारी हुन सक्ने अवस्था छैन ।

६. संविधानको धारा ५३ (४) बमोजिम प्रधानमन्त्रीले प्रतिनिधिसभाको विघटनको लागि सिफारिश गर्ने कार्य र त्यसरी विघटन हुँदा निर्वाचनको लागि मिति तोक्ने कार्यको लागि धारा ३५ (२) बमोजिम मन्त्रिपरिषद्ले सल्लाह दिने कार्य र सोको आधारमा श्री ५ बाट विघटन गरिबक्सेको कार्य शुद्ध कार्यकारिणी अधिकार क्षेत्रभित्रको विषय हो । संविधानको धारा ३१ तथा ३५ (६) बमोजिम अदालतमा प्रश्न उठाउन नसकिने विषय उपर यो रिट निवेदन पर्न आएको संविधान विपरित छ । विघटनको सिफारिश राजनैतिक मूल्यांकनको आधारमा गरिने हुदाँ त्यस्तो विषयमा अदालतले न्यायिक जाचँबुझ गर्ने कार्य गर्दैन र राजनीतिक विवादमा आफूलाई अलग राखी आफ्नो निष्पक्षता र स्वतन्त्रता अक्षुण राख्दछ । संविधानले अंगिकार गरेको शक्तिपृथकीकरणको सिद्धान्तलाई अदालतले ध्यानमा राखी संवैधानिक व्यवस्थामा सन्तुलन कायम राखी अदालतले आफ्नो भूमिका निर्वाह गरिरहेको हुन्छ ।

७. राजीनामा पश्चात्को सिफारिशको आधारमा भएको प्रतिनिधिसभाको विघटन संविधान प्रतिकूल निवेदन जिकिरको सम्बन्धमा प्रधानमन्त्रीले आफ्नो पदबाट राजीनामा दिन पाउने र त्यसलाई विघटन गर्न सिफारिश गर्न पाउने यो दुवै कुरा प्रधानमन्त्रीमा निहित छ । सो अधिकारको प्रयोगमा कसैले बन्देज लगाउन पाउने होइन । राजीनामाको कुरा र सिफारिशको कुरा एउटै निवेदनपत्रमा लेखी श्री ५ समक्ष जाहेर हुन गएको भन्ने कुरा रिट निवेदन पत्रको प्रकरण ५ मा नै स्वीकार गरिएको छ । मिति २०५१।३।२६ मा श्री ५ महाराजाधिराजको प्रमुख सचिवालय राजदरवाबाट प्रकाशित सूचनाबाट पनि यही कुरा देखिन्छ । उक्त सूचनामा असार २६ गते चढाइएको राजीनामा सोही दिन स्वीकृत भई सोही सूचनामा विघटनको सिफारिशको सम्बन्धमा श्री ५ बाट परामर्श लिइबक्सने प्रकृया चालू रहेको व्यहोरा उल्लेख भएको छ र मिति ०५१।३।२७ मा सो सिफारिश तथा मन्त्रिपरिषद्को निर्णय अनुसार श्री ५ बाट प्रतिनिधिसभा विघटन गरिबक्सी मिति ०५१।३२७ मा निर्वाचन हुने दिन तोकिबक्सेको हो । यसरी राजीनामा स्वीकृत हुनु अगावै प्रधानमन्त्रीको हैसियतले चढाएको प्रष्ट खुलेको हुँदाहुँदै तथ्यलाई बंग्याई भ्रमपूर्ण कुरा निवेदनमा लेखिएको पाइन्छ । राजीनामा स्वीकृत भइसकेपछि सिफारिश गरेको होइन भन्ने कुरा रिट निवेदनको प्रकरण नं. ७.१ मा पनि स्वीकारेकै छ । निवेदन प्रकरणको ७.१ मा परस्पर बाझिएको जिकिर लिएकोबाट निवेदकहरू शुद्ध तथ्यको आधारमा आएको देखिदैन । राजीनामा स्वीकृति अघिल्लो दिन र विघटन कार्य अर्को दिन हुँदैमा त्यसबाट प्रतिनिधिसभाको विघटन सिफारिश संविधान प्रतिकूल हुन सक्दैन ।

८. अल्पमतमा परिसकेको र प्रतिनिधिसभाको विश्वास गुमाई सकेको प्रधानमन्त्रीको सिफारिश

संविधानको धारा ५३ (४) तथा प्रचलित संसदीय प्रणाली र मान्यता विरुद्ध छ भन्ने निवेदन जिकिर को सम्बन्धमा, असार १७ गते श्री ५ बाट संबोधन बक्सभएको श्री ५ को सरकारको नीति तथा कार्यक्रमको लागि मौसूफका जुनाफमा धन्यवाद चढाउन पेश भएको प्रस्ताव प्रतिनिधिसभामा सत्ता पक्षका केही सांसदहरूकों अनपुस्थितिको कारणले अस्वीकृत भएकोबाट प्रधानमन्त्रीको प्रतिनिधिसभामा बहुमत नरहेको मान्न मिल्दैन। प्रतिनिधिसभामा सत्ताधारी दलको सदस्य संख्या ११४ कायम रहेको भन्ने कुरा रिट निवेदनको प्रण नं. ७.५ मा पनि मानिराखेकै पाइन्छ। प्रधानमन्त्री संसदीय दलका नेता कायम रहेको र संविधानको धारा ५९ बमोजिम प्रतिनिधिसभाको विश्वास नभएको भन्ने कुनै प्रस्ताव पारित नभएको अवस्थामा विपक्षी निवेदकहरूको यो जिकिर सरासर तथ्यहीन छ। प्रस्ताव विफल भएको कारणले आफ्नो ईच्छाले राजीनामा दिँदैमा प्रधानमन्त्रीको प्रतिनिधिसभामा बहुमत छैन वा विश्वास गुमाई सकेको भन्ने विपक्षी निवेदकहरूको कथन संसदीय परिपाटी र परम्परा प्रतिकूल छ।

९. संविधानको धारा ५३ (४) मा प्रधानमन्त्रीको सिफारिशको उल्लेख भएको छ सो प्रधानमन्त्री शब्दको अगाडि वा पछाडि कुनै विशेषण लगाइएको उक्त धारामा पाइदैन। प्रधानमन्त्री संविधानको धारा ३६ (१) वा ३६ (७) वा ४२ अन्तर्गतको कुनै पनि हुन सक्छ। जुनसुकै धारा अन्तर्गत नियुक्त प्रधानमन्त्री भएपछि देशको प्रधानमन्त्री नै मानिन्छ। प्रस्तुत मुद्दामा उक्त धारा ५३ (४) बमोजिम प्रतिनिधिसभामा विघटनको लागि सिफारिश गर्ने प्रधानमन्त्री संविधानको धारा ३६ (१) अन्तर्गत नियुक्त प्रधानमन्त्री भइराखेको हुनाले त्यस्तो प्रधानमन्त्रीको सिफारिशलाई असंवैधानिक भन्न कदापि मिल्दैन। प्रधानमन्त्रीले सिफारिश गर्न पाउने उक्त धारा बमोजिको अधिकार प्रयोग गर्न कुनै शर्त वा आधार संविधानमा उल्लेख भएको छैन। प्रतिनिधिसभाको विघटनको सिफारिश प्रधानमन्त्रीले आफ्नो जवाफदेहीमा राजनैतिक मूल्यांकनको आधारमा गर्ने हुनाले त्यस्तो अधिकारको प्रयोगमा कुनै बन्देज बाहिरबाट लाग्न सक्ने छैन। त्यसैले प्रकृयागत त्रुटी कुनै भएको छैन। निवेदन जिकीर निरर्थक छ।

१०. अधिवेशन चालू रहेको अवस्था हुँदा प्रतिनिधिसभाको सल्लाह लिई मात्र विघटन गर्नु पर्ने सो नगरिएबाट प्राकृतिक न्याय सिद्धान्त प्रतिकूल काम कारवाही भयो भन्ने जिकीर जुन छ, सो कुरा बिलकुल संविधान विपरित छ। प्रतिनिधिसभामा धारा.५३ (४) बमोजिम विघटन हुदा प्राकृतिक न्याय सिद्धान्तको कुरा उल्लेख गर्नु बिलकूल असान्दर्भिक र असंवैधानिक कुरा हो।

११. धारा ४२ अन्तर्गतको वैकल्पिक उपायहरू खोजी गरी प्रतिनिधिसभाबाटै स्थिर सरकार गठन हुन सक्थ्यो भन्ने निवेदकहरूको अर्को जिकीर पनि संवैधानिक व्यवस्थाको प्रतिकूल छ। वैकल्पिकहरू निवेदकहरूले सुझाउने होइन। स्थिर सरकार गठन हुन सक्ने नसक्ने आदि सबै पक्ष विचार गर्ने कर्तव्य संविधानको उक्त धारा ५३ (४) मा

जसलाई तोकिएको छ, सोही अधिकारीबाट र भई प्रतिनिधिसभा विघटनको सिफारिश भई विघटन भएको कुरामा निवेदकहरूको यो जिकीर संविधान अनुकूल छैन।

१२. अतः माथिका जिकीरहरूमा अदालतबाट विवेकपूर्ण विचार भई संविधान बमोजिम भए विघटित प्रतिनिधिसभाको विघटनको सिफारिश र सोको आधारमा प्रतिनिधिसभा विघटन गरिसकेपछि परिषद्को सल्लाह र सम्मति बमोजिम निर्वाचन हुने मिति तोकिबक्सेको क्रम कारवाहीमा हुन नसक्ने र यसमा कुनै किसिमको रिट आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध गरिएको छ।

यस सम्बन्धमा इजलाश समक्ष मुद्दा पेश हुँदा महान्यायाधिवक्ताको कार्यालयतर्फबाट प्रस्तुत गरिने बहस जिकीरलाई यसैको अंग मानियोस्। यसमा लेखिएको व्यहोरा ठीक छ फरक ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

लिखित जवाफ प्रस्तुतकर्ता

मधुसुदनप्रसाद गोर्खाली

मुख्य सचिव श्री ५ को सरकार

इति संवत् २०५१ साल श्रावण गते रोज शुभम्.....

श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

विषय : उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाऊँ।

माफंत : श्री महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं।

निर्वाचन क्षेत्र निर्धारण आयोग, भृकुटीमण्डप, काठमाडौं .. ... लिखित ज. प्रस्तुतकर्ता

विरुद्ध

पाल्पा जिल्ला महयौनी - ४ घर भई हाल काठमाण्डौ बबरमहल बस्ने वर्ष ४२ को विघटित प्रतिनिधिसभाका सदस्य हरिप्रसाद नेपाल ..... १ विपक्षी निवेदकहरु

सुर्खेत जिल्ला शिमखर्क गा.वि.स. घर भई हाल का.जि. गोरखु

बस्ने विघटित प्रतिनिधिसभामा नुवाकोट जिल्ला संसदीय निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधिसभामा निर्वाचित वर्ष ४८ को गणेश पण्डित १

विपक्षी निवेदकहरु

मोरङ जिल्ला विराटनगर नगरपालिका वडा नं ११ घर भई हाल काठमाडौं नगरपालिका वडा नं.३२ डिल्लीबजार बस्ने वर्ष ४७ को दुर्गा सुवेदी.. ... ... १

ओलखढुंगा घर भई हाल कानपा वडा नं ४ बालुवाटार बस्ने वर्ष ३९ को लोककृष्ण भट्टराई १

सम्मानित सर्वोच्च अदालतबाट यस आयोगका नाममा समेत मिति २०५१ साल श्रावण १७ गते सम्माननीय प्रधान न्यायाधीश श्री विश्वनाथ उपाध्याय रहनु भएको एक न्यायाधीशको इजलाशबाट २०५१ साल भाद्र २ गतेभित्र सम्माननीय प्रधानमन्त्रीसमेत विरुद्ध हरिप्रसाद नेपालसमेत रहेको उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाऊँ भन्ने निवेदन पत्रमा लिखित जवाफ प्रस्तुत गर्नु भन्ने आदेश भएकोले उक्त म्याद भित्रै श्री महान्यायाधिवक्ताको कार्यालय मार्फत यस आयोगको तर्फबाट निम्न बमोजिम आफ्नो लिखित जवाफ प्रस्तुत गर्दछु।

१. प्रधानमन्त्रीको राजीनामा पछि निजको सिफारिशमा अधिवेशन चल्दा चल्दैको अवस्थामा भएको प्रतिनिधिसभाको विघटन भएको सम्बन्धमा भएका अन्य सबै काम कारवाहीहरू प्रारम्भदेखि नै नेपाल अधिराज्यको संविधान २०४७ तथा संसदीय शासन प्रणाली प्रतिकूल भएकोले सो सबै काम कारवाहीहरू वदर गरी प्रतिनिधिसभामा उपर्युक्त सिफारिश हुनुभन्दा पहिलेको स्थितिमा यथावत कायम रहेको मानी सातौं अधिवेशनको सम्बन्धमा संविधान र प्रतिनिधिसभा नियमावली अनुसार गर्नु भनी प्रत्यर्थी मन्त्रिपरिषद सचिवालयका सायै सो सचिवालय मार्फत संसद् सचिवालय र अन्य सम्बन्धित निकायहरूलाई जानकारी गराउनु भन्ने प्रत्यर्थीको नाममा उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरी पाउँ र त्यस्तो असंवैधानिक ढंगबाट प्रतिनिधिसभा विघटन गरी सो आधारमा २०५१ साल कार्तिक २७ गते भनिएको प्रतिनिधिसभाको निर्वाचनसम्बन्धी काम कारवाही रोक्नु भन्ने समेत प्रत्यर्थी निर्वाचन क्षेत्र निर्धारण आयोग समेतका नाममा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने निवेदकको मुख्य रिट दावी रहेको देखिन्छ।

२. श्री ५ महाराजाधिराज सरकारबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा ४ बमोजिम प्रतिनिधिसभा विघटन गरी बक्सेपछि निर्वाचनद्वारा प्रतिनिधिसभा गठन गर्न पर्ने र निर्वाचनको समय २०५१ साल कार्तिक २७ गते समेत तोकिबक्सेकोले

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४५ को उपधारा (२) बमोजिम प्रतिनिधिसभाको सदस्यहरूको निर्वाचनको लागि प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसंख्याको आधारमा ती जिल्लाहरूकाटे जनसंख्या र सदस्य संख्याबीचको अनुपात यथासम्भव समान हुने गरी प्रत्येक जिल्लाको जनसंख्याको आधारमा सो जिल्लाबाट निर्वाचित हुने सदस्य संख्या निर्धारित गरी सो संख्या बराबर निर्वाचनक्षेत्र कायम गरी प्रत्येक निर्वाचनक्षेत्रबाट एक जना सदस्यको निर्वाचन गरिने व्यवस्था रहेको हुँदा नेपाल अधिराज्यको संविधान २०४७ को धारा १०५ को उपधारा (१) बमोजिम श्री ५ बाट निर्वाचनक्षेत्र निर्धारण आयोग २०५१ गठन गरिबक्स्यो ।

३. नेपाल अधिराज्यको संविधान २०४७ तथा निर्वाचनक्षेत्र निर्धारण आयोग ऐन २०४७ बमोजिम निर्वाचनक्षेत्र निर्धारण आयोगले मुख्य रूपमा प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि निर्वाचित हुने सदस्य संख्या निर्धारण गरी एकभन्दा बढी सदस्यहरू निर्वाचित हुने जिल्लाको निर्वाचन क्षेत्र निर्धारण गर्नु पर्ने हुन्छ ।

४. नेपाल अधिराज्यको संविधान २०४७ को प्रचलित कानून बमोजिम निर्वाचन क्षेत्र निर्धारण आयोगले आफ्नो काम कर्तव्य पालन गर्दा निवेदकहरूले आफ्नो निवदेन पत्रमा उल्लेख गरे बमोजिम निजहरूको कुनै हक हनन् नगरेको र कानून प्रतिकूल हुने कुनै काम गरेको छैन ।

५. विपक्षीहरूले आफ्नो निवेदन पत्रमा जुन तर्क प्रस्तुत गर्नु भएको छ संविधान सम्मत छ या छैन भन्ने सम्बन्धमा संविधानको अन्तिम व्याख्या गर्ने अधिकार सम्मानित सर्वोच्च अदालतलाई मात्र छ । मायि उल्लेखित तथ्यहरूको आधारमा निवेदकहरूको रिट आवेदन खारेज भागी हुनाले अनाधिकार दावी माग गरेको विपक्षी निवेदकको रिट सम्मानित अदालतबाट खारज गरी पाउन सादर अनुरोध गर्दछु ।

लिखित जवाफ प्रस्तुतकर्ता

निर्वाचन क्षेत्र
निर्धारण आयोगका तर्फबाट
सचिव श्रीकान्त रेग्मी

इति सम्वत् २०५१ साल श्रावण २६ गते रोज ४ शुभम् .. ..

श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

सम्वत् २०५१ सालको रिट नं. २३०४

विषय: उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाऊँ।

मार्फत: महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

श्री ५ को निर्वाचन आयोग, कान्तिपथ काठमाण्डौ लिखित जवाफ प्रस्तुतकर्ता

विरुद्ध

पाल्पा जिल्ला सहघौली - ४ घर भई हाल काठमाण्डौ बबरमहल बस्ने वर्ष ४२ को विघटित प्रतिनिधिसभाको सदस्य हरिप्रसाद नेपाल १

नुवाकोट जिल्ला शिखरबेसी गा.वि.स. घर भई हाल काजि गोंगबू बस्ने विघटित प्रतिनिधिसभामा नुवाकोट जिल्ला संसदीय निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधिसभामा निर्वाचित वर्ष ४८ को गणेश पण्डित १

मोरङ जिल्ला विराटनगर नगरपालिका वडा नं ११ घर भई हाल काठमाडौं नगरपालिका वडा नं.३२ डिल्लीबजार बस्ने वर्ष ४७ को दुर्गा सुवेदी १

ओलखढुंगा घर भई हाल कानपा वडा नं ४ बालुवाटार बस्ने वर्ष ३९ को लोककृष्ण भट्टराई १

विपक्षी निवेदकहरू

रिट निवेदक हरिप्रसाद नेपालसमेत विरुद्ध निर्वाचन आयोगसमेत विपक्षी रहेको २०५१ सालको रिट नं. २३०४ को उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाउँ भन्ने मुद्दामा सर्वोच्च अदालत एक न्यायाधीशको इजलासबाट जारी भएको २०५१ साल भाद्र २ गते भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ प्रस्तुत गर्नु भन्ने आदेशको म्याद यस आयोगको २०५१।४।१९ मा प्राप्त भएकोले आदेशको म्याद भित्रै श्री महान्यायाधिवक्ताको कार्यालय मार्फत यस आयोगको तर्फबाट निम्नलिखित बमोजिम लिखित जवाफ गर्दछु।

१. प्रधानमन्त्रीको राजीनामापछि निजको सिफारिशमा अधिवेशन चल्दा चल्दैको अवस्थामा भएको प्रतिनिधिसभाको विघटन र तत्सम्बन्धमा भएको अन्य सबै काम कार्यवाहीहरू

प्रारम्भदेखि नै नेपाल अधिराज्यको संविधान २०४७ तथा संसदीय शासनप्रणाली प्रतिकूल भएकोले सो सबै काम कारवाहीहरू बदर गरी प्रतिनिधि सभा उपर्युक्त सिफारिश हुनुभन्दा पहिलेको स्थितिमा यथावत् कायम रहेको मानी सातौं अधिवेशनका सम्बन्धमा संविधान र प्रतिनिधिसभा नियमावली अनुसार गर्नु भनी प्रत्यर्थी मन्त्रिपरिषद् सचिवालयका सायै सो सचिवालय मार्फत संसद् सचिवालय र अन्य सम्बन्धित निकायहरूलाई जानकारी गराउनु भन्ने प्रत्यर्थीहरूका नाममा उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरी पाउँ, र त्यस्तो असंवैधानिक ढंगबाट प्रतिनिधिसभा विघटन गरी सो आधारमा २०५१ साल कार्तिक २७ मा गर्ने भनिएको प्रतिनिधिसभाको निर्वाचनसम्बन्धी काम कारवाही रोक्नु भन्ने समेत प्रत्यर्थी निर्वाचन क्षेत्र निर्धारण आयोग तथा निर्वाचन आयोगका नाममा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने निवेदकहरूको मुख्य रिट दावी रहेको देखिन्छ ।

२. नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार निर्वाचन आयोग यौटा स्वतन्त्र संवैधानिक अंग रहेको र संविधान तथा अन्य कानूनका अधीनमा रही संसद् तथा गाउ नगर र जिल्लाका एकाईहरूको निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नु आयोगको काम कर्तव्य भएकोले कानून बमोजिम विघटित प्रतिनिधिसभा सदस्यहरूको रिक्त पद पूर्ति गर्नको लागि निर्वाचन आयोगले आफ्नो दायित्व पूरा गर्नु पर्ने कुरा निर्विवाद छ ।

३. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम वर्तमान प्रतिनिधिसभा विघटन गरिबक्सने र प्रतिनिधिसभाका लागि निर्वाचन हुने मिति २०५१ साल कार्तिक २७ गते आइतवारका दिन तोकी बक्सन मन्त्रिपरिषद्को निर्णयसहित २०५१ आषाढ २६ गते चढाउनु भएको सिफारिश बमोजिम मौसुफबाट २०५१ साल कार्तिक २७ गते आइतवारका दिन प्रतिनिधिसभाका लागि निर्वाचन गराउने गरी नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा ४ बमोजिम प्रतिनिधिसभा विघटन गरिबक्सेको भन्ने व्यहोराको मन्त्रिपरिषद् सचिवालयको मिति २०५१।३।३० च.नं. ७२३ को पत्रको बोधार्थ तथा कार्यार्थ पत्र यस निर्वाचन आयोगमा प्राप्त भएको हो । तदनुसार नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को (४) अनुसार प्रतिनिधिसभा २०५१ साल आषाढ २६ गते विघटन भएको र सोही उपधारा बमोजिम नयाँ प्रतिनिधिसभाको सदस्यको निर्वाचनको लागि २०५१ साल कार्तिक २७ गते निर्वाचनको मिति तोकिएको हुँदा सो बमोजिमको मितिमा प्रतिनिधिसभाका सदस्यहरूको रिक्त पद पूर्ति गर्न निर्वाचन संचालन गर्नु निर्वाचन आयोगको कर्तव्य हुन गएको छ ।

४. संविधान र प्रचलित कानून बमोजिम निर्वाचन आयोगले आफ्नो कर्तव्य पालन गर्दा निवेदकहरूले आफ्नो निवेदनमा उल्लेख गरे बमोजिम निजहरूको कुनै हक हनन् नगरेको र कानून प्रतिकूल हुने कुनै काम गरेको छैन । तसर्थ रिट निवेदन खारेज गरी पाउँ ।

यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झूठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

लिखित जवाफ प्रस्तुतकर्ता निर्वाचन आयोगतर्फबाट

सचिव टेकबहादुर थापा

इति संवत् २०५१ श्रावण २३ गते रोज १ शुभम् ....

सर्वोच्च अदालत

विशेष इजलास

सम्माननीय प्रधानन्यायाधीश श्री विश्वनाथ उपाध्याय

माननीय न्यायाधीश श्री सुरेन्द्रप्रसाद सिंह

माननीय न्यायाधीश श्री हरगोविन्द सिंह प्रधान

माननीय न्यायाधीश श्री रूद्रबहादुर सिंह

माननीय न्यायाधीश श्री ओमभक्त श्रेष्ठ

माननीय न्यायाधीश श्री मोहनप्रसाद शर्मा

माननीय न्यायाधीश श्री केशवप्रसाद उपाध्याय

माननीय न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्याल

माननीय न्यायाधीश श्री केदारनाथ उपाध्याय

माननीय न्यायाधीश श्री कृष्णजंग रायमाझी

माननीय न्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठ

सम्वत् २०५१ सालको रिट नं. २३०४

आदेश मिति :- २०५१-५-२७

विषय : नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ ले निर्दिष्ट गरेको धारा ८८(२) अनुसार उत्प्रेषणयुक्त परमादेश लगायत जो चाहिने आज्ञा, आदेश वा पूर्जि जारी गरी पाउँ ।

विघटित प्रतिनिधि सभाका सदस्य श्री हरिप्रसाद नेपाल समेत

विरूद्ध

सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला प्रधानमन्त्रीको कार्यालय सिंहदरबार समेत

सम्माननीय प्रधानन्यायाधीश

श्री विश्वनाथ उपाध्यायको राय

(१) प्रतिनिधि सभाको विघटनको विषयलाई लिएर संविधानको धारा ८८ को उपधारा (२) अर्न्तगत यो रिट निवेदन दिने हक दैया निवेदकहरूको छ वा छैन ?

निवेदकहरू मध्ये श्री हरिप्रसाद नेपाल र श्री गणेश पण्डित विघटित प्रतिनिधि सभाका सदस्यहरू हुनुभएको र उक्त सभाको असंवैधानिक विघटनबाट निर्धारित ५ वर्षको कार्यकालसम्म सदस्य मै रहने अधिकारबाट वंचित भएको भनी उपचार माग्न आउनुभएकोले त्यसरी आफ्नो सदस्यतामा प्रतिकूल असर परेको कुरामा निवेदन पत्र दिन पाउने हकदैया प्राप्त व्यक्ति भएकै संभनु पर्ने देखिन्छ । निवेदकहरू मध्ये बाँकी दुई जना श्री दुर्गा सुवेदी र श्री लोककृष्ण भट्टराई नेपालका नागरिकका हैसियतमा प्रतिनिधि सभाको लागि हुने निर्वाचनमा मत दिन पाउने मतदाताहरू हुनुभएकोले प्रतिनिधि सभाको निर्धारित कार्यकाल भन्दा अगावै त्यसको विघटन हुने निर्वाचन इत्यादि कुराहरूमा सार्थक सरोकार भएका व्यक्तिहरू देखिन आउने हुनाले प्रतिनिधि सभाको विघटन जस्तो सार्वजनिक सरोकारको विवादमा समावेश भएको संवैधानिक प्रश्नको निरूपणको लागि निवेदनपत्र दिने हकदैया निजहरूलाई प्राप्त भएकै संभनु पर्ने देखिन्छ । तसर्थ यस सम्बन्धमा प्रत्यर्थीहरूबाट उठाइएका प्रायमिक आपत्ति मनासिब छैन ।

(२) संविधानको धारा ५३ को उपधारा (४) अन्तर्गत सम्माननीय प्रधानमन्त्रीले श्री ५ समक्ष चढाउनुभएको सिफारिश श्री ५ बाट २०५१।३।२७ गतेका दिन प्रतिनिधि सभालाई विघटन गरिबक्सेको विषय संविधानको धारा ३१ र धारा ३५ को उपधारा (६) को सन्दर्भमा न्याय योग्य विषय हुन सक्छ वा सक्तैन ?

श्री ५ बाट गरिबक्सेको कार्यहरूको सम्बन्धमा संविधानको धारा ३१ अन्तर्गत प्रदान गरिएको वैयक्तिक उन्मुक्ति मौसूफका नाममा भएका सबै कार्यहरूका सम्बन्धमा लागु हुन्छ भन्न मिल्दैन । संविधानले अंगीकार गरेको संवैधानिक राजतन्त्रात्मक व्यवस्था र संसदीय प्रणाली अनुरूप श्री ५ बाट मन्त्रिपरिषद् वा अन्य कुनै पदाधिकारी वा निकायको सल्लाह वा सिफारिशमा गरिबक्सने कार्यको उत्तरदायित्व सो सुझाव दिने वा सिफारिश गर्ने पदाधिकारी वा निकायले नै व्यहोर्नु पर्ने हुनाले श्री ५ बाट गरिबक्सेको त्यस्ता कार्यहरूको सम्बन्धमा उक्त धारा ३१ को प्रतिबन्धात्मक वाक्यांश अनुसार त्यस्तो पदाधिकारी वा निकायका विरूद्ध कानूनी कारवाही चल्न सक्छ । संविधानको धारा ५३ को उपधारा (४) अन्तर्गत सम्माननीय प्रधानमन्त्रीले गर्नुभएको सिफारिश र सो सिफारिशको आधारमा श्री ५ बाट गरिबक्सेको प्रतिनिधि सभाको विघटनको उत्तरदायित्व सम्माननीय प्रधानमन्त्री उपर नै रहने हुनाले त्यो सिफारिश र त्यसको आधारमा भएका कार्यहरूका संवैधानिकताको प्रश्नमा यस अदालतले

Parliament Library
१२ ५५९

विचार गर्न नमिल्ने देखिदैन । संविधानको धारा ३५ को उपधारा (६) अनुसार श्री ५ समक्ष मन्त्रिपरिषद् वा अन्य कुनै निकाय वा पदाधिकारीले कुनै सल्लाह वा सिफारिश चढायो वा चढाएन, अथवा के कस्तो सिफारिश चढाएको छ भन्ने कुराको जानकारी माग्न वा त्यसको लागि कसैलाई बाध्य गर्नसम्म निषेध गरिएको हो । त्यस्तो सल्लाह वा सिफारिशका सम्बन्धमा राजदरबार वा मन्त्री परिषद् वा अन्य सम्बन्धित निकाय वा पदाधिकारीबाटै कुनै जानकारी दिएकोमा त्यसलाई जानकारीमा लिन र त्यसको आधारमा तत्सम्बन्धी कार्यको संवैधानिकतामा विचार गर्न मिल्ने नै देखिन्छ । प्रस्तुत विवादमा मिति २०५१।३।२६ र २७ को नेपाल राजपत्रमा प्रकाशित राजदरबारको सूचनाबाट सर्वसाधारणलाई दिइएको जानकारी कानून अनुसार नै यस अदालतको न्यायिक जानकारीमा पनि आउने हुनाले त्यसको जानकारी लिई त्यसको संवैधानिकतामा विचार गर्न उक्त उपधारा (६) मा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको देखिन्न । तसर्थ धारा ३१ वा धारा ३५ को उपधारा (६) अनुसार यो विवादको विषयवस्तु न्याय योग्य हुन सक्तैन भन्ने प्रत्यर्थीहरूको दोस्रो आपत्ति पनि मनासिब देखिन आएन ।

(३) सम्माननीय प्रधानमन्त्रीको विवादास्पद सिफारिश दुराशययुक्त वा अन्य उद्देश्यबाट प्रेरित भएको देखिन्छ वा देखिदैन ?

निवेदकहरूले सम्माननीय प्रधानमन्त्रीद्वारा समय समयमा मध्यावधि निर्वाचन गराउने बारे व्यक्त गर्नुभएको विचार र प्रतिक्रियाहरू, शाही नेपाल वायुसेवा निगमको कम कमरोवारका सम्बन्धमा संसदीय समितिद्वारा छानवीन गरिएको अनियमित र अधिकार दुरूपयोगको आरोप र तत्सम्बन्धी प्रतिवेदन तथा टनकपुर बाँध परियोजना सम्बन्धी सन्धिको अनुमोदनको विषयका सायै केही राजनैतिक घटनाक्रमको उल्लेख गर्दै विघटनको विवादास्पद सिफारिशलाई दुराशययुक्त तथा अन्य उद्देश्यबाट प्रेरित छ भन्ने जिकिर लिनु भएको पाइन्छ ।

निवेदकहरूको भनाइ अनुसार यदि विवादास्पद सिफारिश दुराशययुक्त भावनाले गरिएको प्रमाणित हुन्छ भने त्यो निःसन्देह दूषित र बदरभागी हुन्छ । तर दुराशय भन्ने कुरा अनुमान गर्ने कुरा होइन प्रमाणहरूबाट शंकारहित रूपमा प्रमाणित भएको हुनुपर्छ । यस सन्दर्भमा ०५१।३।२६ र २७ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाहरूलाई हेर्दा सम्माननीय प्रधानमन्त्रीले राजीनामा र विघटनको सिफारिश गर्नु पर्ने मुख्य कारण शाही संबोधनका सम्बन्धमा पेश भएको धन्यवादको प्रस्ताव प्रतिनिधि सभाबाट अस्वीकृत भै आफूले राजीनामा गर्नु परेको र त्यस परिस्थितिमा अर्को स्थिर सरकारको गठन हुन सक्ने अवस्था नरहेको भन्ने उल्लेख गरेको देखिन्छ । आफ्नो कुनै महत्त्वपूर्ण नीति, योजना वा कार्यक्रम प्रतिनिधि सभाबाट अस्वीकृत भएमा त्यसलाई कार्यान्वित गर्न जनतासँग नयाँ कार्यादेश माग्नको लागि प्रतिनिधि सभा विघटन गराउनु संसदीय परम्परा अनुरूपकै कुरा हो । संविधान सम्मत तरिकाबाटै संविधान संशोधन गराउने प्रयास गर्नु वा त्यसको लागि प्रतिनिधि सभा विघटन गराएर निर्वाचन गराउन खोज्नु असंवैधानिक हुँदैन । जहाँसम्म शाही नेपाल वायु सेवा निगम र टनकपुर बाँध

परियोजना सम्बन्धी सन्धिको अनुमोदनसँग सम्बन्धित आरोपहरूकों कुरा छ, ती कुराहरू अद्यपि संसद्को विचाराधीन रहेकोले तत्काल प्रतिनिधि सभा विघटित हुदैमा वस्तुस्थितिमा कुनै तात्त्विक असर नपर्ने हुनाले त्यसको आधारमा पनि विवादास्पद सिफारिशलाई दुराशययुक्त वा अन्य उद्देश्यबाट प्रेरित भन्न मिल्ने देखिदैन। तसर्थ यस सम्बन्धमा निवेदकहरूको निवेदन जिकिर मनासिब देखिन आएन।

(४) संविधानको धारा ३६ को उपधारा (५) को खण्ड (क) अन्तर्गत राजीनामा दिने प्रधानमन्त्रीले राजीनामाका साथै धारा ५३ को उपधारा (४) अन्तर्गत प्रतिनिधि सभाको विघटनको सिफारिश गर्नु संविधान सम्मत हुन्छ वा हुँदैन ? प्रधानमन्त्रीको राजीनामा स्वीकृत भएपछि त्यस्तो सिफारिशको वैधता कायम रहन्छ वा रहँदैन ?

आफ्नो पदबाट राजीनामा दिँदा र प्रतिनिधि सभाको विघटनको सिफारिश गर्दा सम्माननीय प्रधानमन्त्री आफ्नो पदमा बहाली हुनुहुन्थ्यो भन्ने कुरा निर्विवाद छ। तसर्थ : त्यो सिफारिश कानूनको दृष्टिमा बहालवाला प्रधानमन्त्रीकै सिफारिश मानिनु पर्ने देखिन्छ। ससंद् विघटनको अधिकार बहालवाला प्रधानमन्त्रीले जनताबाट नयाँ कार्यादेश प्राप्त गर्ने प्रयोजनको लागि प्रयोग गरिने हुनाले राजीनामा दिने प्रधानमन्त्रीले धारा ५३ को उपधारा (४) अन्तर्गतको अधिकार प्रयोग गर्नु उक्त संवैधानिक व्यवस्थाको विपरित हुन्छ भन्ने जिकिरको हकमा प्रधानमन्त्रीले विघटनको सिफारिश सधैं नयाँ कार्यादेशकै लागि गर्छ भन्ने कुनै निश्चित नियम नभएको र कतिपय अवस्थामा अल्पमतको सरकारको प्रधानमन्त्रीलाई जनताबाट नयाँ कार्यादेश प्राप्त हुने कुनै संभावना नहुँदा नहुँदै पनि बाध्यतावश उसले विघटनको सिफारिश गर्नु पर्ने अवस्थाको सृजना हुनेहुनाले विघटनको सिफारिशमा सधैं नयाँ कार्यादेश प्राप्त गर्ने प्रयोजन निहित हुन्छ भन्ने धारणा बनाउन मिल्ने देखिदैन।

यथार्थमा राजीनामा र विघटनको सिफारिश एकसाथ हुन सक्दैन भन्ने कुरा कानूनी वैधता वा संवैधानितकतासँग सम्बन्धित कुरा नभै स्वच्छ राजनैतिक व्यवहारमा आधारित परम्परा हो। राजीनामा गरेर आफ्नो पद त्याग गर्ने प्रधानमन्त्रीले अर्को मन्त्रिपरिषद गठन गर्ने बाटो छेक्न विघटनको सिफारिश गर्न हुँदैन वा पाउँदैन भन्नु र त्यस्तो सिफारिश नै असंवैधानिक हुन्छ भन्नु दुई अलग अलग कुराहरू हुन्। राजीनामा गर्ने प्रधानमन्त्रीले गरेको विघटनको सिफारिशबाट अर्को प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषदको गठन रोकिन सक्दैन तर संविधान बमोजिम अर्को प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषदको गठन हुन नसक्ने स्थितिमा प्रतिनिधि सभाको विघटन गर्नु बाहेक अन्य विकल्प नरहने हुँदा अनिवार्य आवश्यकताको रूपमा त्यो सिफारिश कार्यान्वित गर्न नमिल्ने देखिन्न। संसदीय प्रणाली भएका बेलायत, क्यानडा, अष्ट्रेलिया इत्यादि मुलुकहरूमा मन्त्रिपरिषदको गठनको सम्बन्धमा त्यहाका राष्ट्राध्यक्षहरूलाई एकभन्दा अर्को विभिन्न विकल्पहरू प्राप्त हुने भएकोले अर्को मन्त्री परिषदको गठन हुन नसक्ने स्थितिको सृजना नै नहुने सन्दर्भमा ती देशहरूमा विकसित भएको सान्दर्भिक

अवधारणा र परम्परालाई हामीले आफ्नो संवैधानिक संरचनाको विचार नगरी सोझै ग्रहण गर्नु र त्यस आधारमा विघटनको सिफारिशलाई असंवैधानिक भन्नु युक्तिसंगत देखिँदैन ।

(५) प्रधानमन्त्रीको राजीनामा पश्चात् अर्को मन्त्रिपरिषद् गठन गर्ने प्रक्रिया प्रारम्भ नगरी प्रतिनिधि सभा विघटन गर्नु संविधान सम्मत हुन्छ वा हुँदैन ?

संविधानको धारा ३६ को उपधारा (५) को खण्ड (क) अनुसार श्री ५ बाट प्रधानमन्त्रीको राजीनामा स्वीकृत भएपछि तत्काल कृयाशील हुने धारा ३६ को उपधारा (७) अनुसार पदमुक्त प्रधानमन्त्री र निजको अध्यक्षतामा गठित मन्त्रिपरिषद्लाई उक्त उपधारा अन्तर्गत "अर्को मन्त्रिपरिषद्को गठन नभएसम्म" को अवधिको लागि मात्र कार्य सञ्चालन गर्ने अभिभारा प्राप्त हुने हुनाले त्यस्तो अस्थायी वा काम चलाउ स्वभावको मन्त्रिपरिषद्को सट्टा यथासंभव चाँडो अर्को मन्त्री परिषद्को गठन हुनु पर्ने कुरा त्यो उपधारामा अभिव्यक्त भएको देखिन आउँछ । तसर्थ एउटा प्रधानमन्त्रीको राजीनामा पश्चात् धारा ३६ को उपधारा (१) वा धारा ४२ को उपधारा (१) अनुसार भएसम्म चाँडो अर्को मन्त्री परिषद्को गठन हुनु पर्ने कुरा त्यो उपधारामा अभिव्यक्त भएको देखिन आउँछ । तसर्थ एउटा प्रधानमन्त्रीको राजीनामा पश्चात् धारा ३६ को उपधारा (१) वा धारा ४२ को उपधारा (१) अनुसार भएसम्म चाँडो अर्को प्रधानमन्त्रीको नियुक्ति गरी मन्त्रिपरिषद् गठन गर्नु संविधान अनुसार अनिवार्य हुन्छ । सो बमोजिम अर्को प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषद्को गठन हुन सक्ने अवस्था हुँदाहुँदै पनि नगरी राजीनामा दिने प्रधानमन्त्रीको सिफारिस अनुसार प्रतिनिधि सभाको विघटन गरिएमा वा उक्त उपधारा (७) अन्तर्गतको मन्त्रिपरिषदलाई यथावत कायम राखिएमा त्यो कार्य असंवैधानिक र अमान्य हुन्छ ।

(६) अर्को मन्त्रिपरिषद् गठन गर्न कुन प्रक्रिया अनुसार कसले अग्रसरता लिनुपर्छ ? अर्को मन्त्रिपरिषद् गठन हुन सक्ने अवस्था विद्यमान छ वा छैन भन्ने कुराको विचार गर्न वस्तुस्थितिको मूल्यांकन गर्ने कार्यसँग सम्बन्धित प्रश्नहरूमा यस अदालतले विचार गर्न र कुनै निर्णय दिन मिल्छ वा मिल्दैन ?

यस सम्बन्धमा संविधानले कुनै व्यवस्था गरेको देखिन्न तथापि संविधान बमोजिम प्रधानमन्त्री नियुक्त गर्ने अभिभारा श्री ५ उपर रहेकोले प्रतिनिधि सभामा संसदीय दलहरूको संख्यात्मक स्थितिको आधारमा प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषद्को गठनको संभावना यकिन गर्ने र तत्सम्बन्धी प्रक्रिया प्रारम्भ गर्ने अभिभारा पनि मौसूफ उपर रहेको देखिन आउँछ । धारा ३६ को उपधारा (१) अनुसार प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई श्री ५ बाट प्रधानमन्त्री नियुक्त गरी बक्सी निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन गरी बक्सनु पर्ने संवैधानिक व्यवस्थाको सन्दर्भमा मौसूफबाट सो उपधारा अन्तर्गत मन्त्रिपरिषद्को गठन गर्ने प्रयोजनको लागि प्रतिनिधि सभामा विभिन्न दलहरूको संख्यात्मक स्थिति र बहुमहत प्राप्त संसदीय नेताको जानकारी लिई बक्सनु पर्याप्त हुन्छ । त्यस सम्बन्धमा प्रतिनिधि

सभाका कति सदस्यहरूको समर्थन कसलाई छ वा छैन भन्ने कुरा धारा ३६ को उपधारा (१) को प्रयोजनको लागि सरोकारको नहुने हुनाले श्री ५ बाट प्रतिनिधि सभाका सदस्यहरूको व्यक्तिगत राय बुझी बक्सनु आवश्यक देखिन्न । प्रतिनिधि सभामा कुनै दलको स्पष्ट बहुमत नरहेको अवस्थामा पनि प्रधानमन्त्रीको नियुक्तिको लागि दलीय समर्थनलाई नै धारा ४२ को उपधारा (१) ले प्रधानता दिएकोले त्यस अवस्थामा कुन सदस्यले प्रतिनिधि सभाको बहुमत प्राप्त गर्न सक्दछ भन्ने कुरा यकिन गर्नको लागि सदस्यहरूको व्यक्तिगत राय वा समर्थनभन्दा संसदीय दलको समर्थन र संख्यात्मक स्थिति नै निर्णायक हुने देखिन्छ ।

यथार्थमा मन्त्री परिषद् गठन गर्ने प्रयोजनको लागि संविधानले दलीय आधारमा सदस्यहरूको समर्थन स्वत: प्राप्त हुने कुरा अनुमान गरी त्यस सन्दर्भमा केवल संसदीय दल र दलको नेतालाई मान्यता दिएको देखिन आउँछ । ती कुराहरू निर्वाचन आयोगबाट निर्वाचनको आधारमा तैयार गरिने अभिलेख र संसद् सचिवालयको अभिलेखबाटै प्रमाणित हुने हुनाले त्यस सम्बन्धमा कुनै खास प्रक्रियाको अवलम्बन गर्नु पर्ने स्थिति साधारणतया पर्दैन । तर बहुमत प्राप्त दलको नेताको रूपमा नियुक्त प्रधानमन्त्रीले आफ्नो पदबाट राजीनामा दिएपनि कुनै कारणले गर्दा तत्काल अर्को नेताको चयन नभएको र संसदीय दलको अलग अलग दलहरूको रूपमा विभाजित पनि नभएको प्रस्तुत विवादमा देखिन आए जस्तो स्थितिमा अर्को प्रधानमन्त्रीको नियुक्ति र मन्त्री परिषद्को गठनको सम्बन्धमा अन्यौल र अनिश्चितता उत्पन्न हुन सक्तछ । यस्तो स्थितिमा कुन प्रक्रिया अनुसार अर्को मन्त्रिपरिषद्को गठन हुन सक्ने वा नसक्ने कुरा निरूपण गर्ने भन्ने प्रश्न उपस्थित हुन सक्दछ ।

माथि उल्लेख भए अनुसार मन्त्री परिषद् गठनको प्रक्रिया श्री ५ बाट प्रारम्भ गरी बक्सनु पर्ने हुनाले प्रधानमन्त्रीको राजीनामा पश्चात् उपर्युक्त अवस्थामा अर्को मन्त्रिपरिषद् गठन हुन सक्ने वा नसक्ने कुराको निरूपण गर्ने र तत्सम्बन्धमा उपयुक्त प्रक्रिया अवलम्बन गरिबक्सने अभिभारा पनि मौसूफ उपर नै रहेको संझनु पर्ने देखिन्छ । यस सम्बन्धमा सम्बन्धित राजनैतिक दल वा दलहरूका नेता वा नेताहरूसँगको परामर्श उपयोग हुन सक्दछ । श्री ५ बाट उपयुक्त संझी बक्सेमा सम्बन्धित दलका नेता वा सभामुख मार्फत संसदीय दललाई नै कुनै निश्चित अवधिभित्र नेताको चयन गर्न सूचना पनि गर्न सकिबक्सन्छ । तथापि मौसूफबाट यस सम्बन्धमा कुनै खास प्रक्रिया नै अवलम्बन गरी बक्सनु पर्छ भनेर यस अदालतले भन्न मिल्दैन ।

सम्माननीय प्रधानमन्त्रीको राजीनामा पश्चात् श्री ५ बाट विभिन्न राजनैतिक दलका नेताहरू र संवैधानिक अंगका पदाधिकारीहरूसँग परामर्श गर्ने प्रक्रिया शुरू गरी बक्सेको कुरा २०५१ ।३।२६ गतेको राजपत्रमा प्रकाशित सूचनाबाट देखिन्छ । त्यस सम्बन्धमा श्री ५ बाट अर्को मन्त्रिपरिषद्को गठन बारे विचार भएको कुरा नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट देखिन्छ भन्ने विद्वान कानून व्यवसायीहरूको बहस जिकिरका हकमा मौसूफबाट सम्माननीय

प्रधानमन्त्रीको राजीनामा तत्काल स्वीकार गरी अर्को मन्त्री परिषद्को गठन नभएसम्म कार्य संचालन गर्न निर्देशन बक्सेको कुरा सोही सूचनामा उल्लेख भएको देखिन आउँछ। उक्त सूचनामा उल्लेख भए अनुसार प्रारम्भ गरी बक्सेको प्रतिनिधि सभाको विघटन सम्बन्धी विचार विमर्शको प्रक्रियामा मन्त्री परिषद् गठनको कुरा संभावनाको कुरा पनि विचार हुनु स्वाभाविक नै हुन्छ।

तर त्यस सिलसिलामा श्री ५ बाट को को सँग परामर्श गरी बक्स्यो, मौसूफ समक्ष कसले के कस्तो परामर्श चढाए र कुन आधारमा मौसूफबाट अर्को मन्त्रिपरिषद गठन हुन नसक्ने निष्कर्षमा पुगी सम्माननीय प्रधानमन्त्रीको सिफारिस अनुसार नै प्रतिनिधि सभा विघटन गर्नु पर्ने आवश्यकता महसूस गरी बक्स्यो इत्यादि श्री ५ को विवेकमा मूल्यांकन र निर्णय हुनुपर्ने कुराहरू यस अदालतको छानवीन र निर्णयको विषय हुन नसक्ने भएकोले यस सम्बन्धमा अरू केही विचार गरी रहनु परेन।

(७) निवेदकहरूको माग अनुसार यस अदालतले कुनै आदेश जारी गर्नु पर्छ वा पर्दैन ?

माथि उल्लेख भए अनुसार सम्माननीय प्रधानमन्त्रीको सिफारिश र श्री ५ बाट गरिबक्सेको प्रतिनिधि सभाको विघटन संविधान प्रतिकूल नदेखिएकोले यस अदालतले निवेदकहरूको माग अनुसार हस्तक्षेप गर्नुपर्ने अवस्था देखिन आएन। तसर्थ रिट निवेदन खारेज हुने ठहर्छ।

माननीय न्यायाधिश श्री सुरेन्द्रप्रसाद सिंह,
माननीय न्यायाधीश श्री हरगोविन्द सिंह प्रधान र
माननीय न्यायाधीश श्री रुद्रबहादुर सिंहको राय

प्रधानमन्त्रीको सिफारिशमा निःसृत प्रतिनिधि सभा विघटनको काम कारवाही अवैध हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउं भनी रिट निवेदकहरूको माग भएकोमा सो बमोजिम गर्न मिल्ने नमिल्ने के हो त्यसतर्फ हेर्दा रिट निवेदक र निवेदकहरूका तर्फका विद्वान् वरिष्ठ अधिवक्ता र अधिवक्ताहरू तथा प्रत्यर्थीतर्फबाट प्राप्त भएका लिखित जवाफ तथा निजहरूतर्फका विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ता तथा यस अदालतको सहयोगार्थ उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताको वहस जिकिर सुनी निर्णयतर्फ हेर्दा यसमा निम्नलिखित मूलभूत प्रश्नहरू उपस्थित भएको देखिन्छ :-

(१) प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभा विघटन भएकोलाई चुनौती दिने हक अधिकार निवेदकहरूलाई छ कि छैन ?

(२) राजीनामा र प्रतिनिधि सभाको विघटनको सिफारिश संगसंगै गर्न पाउने नपाउने के हो ?

(३) संसद्को अधिवेशन चालु रहेको अवस्थामा प्रतिनिधि सभा विघटनको सिफारिश गर्न मिल्छ मिल्दैन ?

(४) प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभा विघटन भएकोमा अदालतमा प्रश्न उठाउन पाउने नपाउने के हो ?

प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभा विघटनको सिफारिशलाई चुनौती दिने अधिकार निवेदकहरूको नभएको कारण निवेदकहरूको कुनै कानूनी वा संविधान प्रदत्त हक अधिकार हनन भएको निवेदकहरूले देखाउन नसकेको भनी प्रत्यर्थीहरूको जिकिर भएकोमा सो तर्क कति सारगर्भित छ त्यस सम्बन्धमा हेर्दा प्रतिनिधिसभा विघटन भएको र प्रतिनिधि सभा जनताको प्रतिनिधित्व गर्ने निकाय भएको, प्रतिनिधि सभाको माध्यमबाट जनताको हक हितमा विचार हुने कुरामा दुई मत हुन सक्ने स्थिति देखिन्न । तसर्थ आफ्ना प्रतिनिधित्व गर्ने निकायको विघटनबाट जनताको हक हितमा असर परेको देखिनाले प्रतिनिधि सभा विघटनको सिफारिशलाई चुनौती दिने हक अधिकार निवेदकहरूको नभएको भनी प्रत्यर्थीतर्फको जिकिर तर्कपूर्ण देखिन्न ।

(२) प्रधानमन्त्रीले आफ्नो पदबाट राजीनामा र प्रतिनिधि सभाको विघटन सँगसँगै गर्न पाउने नपाउने के हो भन्ने प्रश्नको सम्बन्धमा प्रधानमन्त्रीले आफ्नो पदबाट राजीनामा र प्रतिनिधि सभा विघटनको सिफारिश सँगसँगै गर्न नपाउने भनी निवेदकहरूको जिकिर भएको, अर्को कुरा प्रधानमन्त्रीले दिनुभएको राजीनामा स्वीकृत भई सकेपछि प्रतिनिधि सभा विघटन भएकोले प्रधानमन्त्री नरहेको व्यक्तिको सिफारिशको आधारमा प्रतिनिधि सभा विघटनको सिफारिश कार्यान्वित भएकोले सो सिफारिशलाई वैध मान्न नमिल्ने भनी निवेदकहरूको जिकिर भएको, यसको अलावा प्रतिनिधिसभा विघटनको सिफारिश बदनियतपूर्ण भएको प्रधानमन्त्रीले यो अधिकार स्वेच्छाले प्रयोग गर्न नपाउने, त्यसको आधार र औचित्य हुनु पर्ने, कुनै इतर कारणबाट अभिप्रेरित भई प्रधानमन्त्रीले यो अधिकारको प्रयोग गर्न नपाउने भनी निवेदकहरूको जिकिर भएकोमा प्रत्यर्थीहरूको जिकिर अनुसार प्रधानमन्त्रीले संविधान बमोजिम दुवै अधिकारको प्रयोग गर्न पाउने हो भनी जिकिर लिई प्रधानमन्त्री उपर लगाइएको आरोपहरूलाई खण्डन गर्नुभएको देखिन्छ ।

अब प्रधानमन्त्रीले आफ्ना पदबाट दिनुभएको राजीनामा र प्रतिनिधि सभा विघटनको सिफारिश सँगसँगै गर्न पाउने नपाउने त्यस सम्बन्धमा हेर्दा जुन कुरामा नेपाल अधिराज्यको संविधान, २०४७ मा व्यवस्था भएको छ, त्यो कुरामा अन्य देशका परिपाटी वा प्रचलन हेर्न आवश्यक मान्न मिल्दैन । नेपाल अधिराज्यको संविधान, २०४७ मा भएको व्यवस्थालाई मान्नु पर्ने अनिवार्य हो । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६ को उपधारा (४) को खण्ड (क) मा श्री ५ समक्ष प्रधानमन्त्रीले लिखित राजीनामा पेश गर्न पाउने र धारा ४३ को उपधारा (४) मा श्री ५ बाट प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभा विघटन गर्न

सकिबक्सनेछ भनी व्यवस्था भएको अवस्थाअनुसार राजीनामा र विघटन सँगसँगै हुन सक्ने नसक्ने स्थिति हुन सक्छ। यस्तोमा (Omnibus rule) सामान्य किसिमको नियम निर्धारित गर्न सकिन्न तर प्रस्तुत केसको तथ्यमा विचार गर्दा प्रधानमन्त्रीले राजीनामा र प्रतिनिधि सभा विघटनको सिफारिश सँगसँगै गर्न नपाउने संविधानले कुनै प्रतिबन्ध लगाएको देखिन नआएकोले राजीनामा र प्रतिनिधि सभा विघटनको सिफारिश सँगसँगै गर्न नपाउने भनी निवेदकहरूको जिकिरसँग सहमत हुन कुनै आधार देखिन नआएकोले त्यसलाई तर्कसंगत भन्न मिल्दैन।

प्रधानमन्त्रीले दिनुभएको राजीनामा स्वीकृत भइसकेपछि प्रतिनिधि सभा विघटन भएकोले प्रधानमन्त्री नरहेको व्यक्तिको सिफारिशमा प्रतिनिधि सभा विघटन भएको भनी निवेदकहरूको जिकिरको सम्बन्धमा हेर्दा प्रधानमन्त्री छँदा छँदै प्रधानमन्त्रीले आफ्नो पदबाट राजीनामा र प्रतिनिधि सभा विघटनको सिफारिश गर्नुभएकोमा कुनै शंका देखिन्न। कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ मा उल्लेख भए बमोजिम प्रधानमन्त्रीले आफ्नो पदमा रहँदा भए गरेको काम यथावत रहने हुँदा प्रधानमन्त्रीको राजीनामा स्वीकृत हुँदैमा प्रतिनिधि सभा विघटन प्रधानमन्त्री नरहेको व्यक्तिको सिफारिशमा कार्यान्वित भएको भनी निवेदकहरूको जिकिर सर्वथा सार सम्मत देखिन्न।

प्रतिनिधि सभा विघटनको सिफारिश बदनियतपूर्ण भएको भनी निवेदकहरूको जिकिर भएकोलाई हेर्दा बदनियतको आरोप लगाउनु मात्र पर्याप्त हुँदैन, त्यसको आधार र प्रमाण पनि हुनु पर्दछ। निवेदकहरूले बदनियतको कुनै तथ्यपूर्ण कारण र प्रमाण पेश दाखिल गर्न नसकेको अवस्थामा त्यसलाई निस्सार नै मान्नु पर्ने हुन आउँछ।

प्रतिनिधि सभा विघटनको सिफारिश प्रधानमन्त्रीले स्वेच्छाले गर्न नपाउने, त्यसको आधार र औचित्य हुनु पर्ने कुनै इतरकारणबाट अभिप्रेरित भएर गरेको हुनु हुँदैन भनी निवेदकहरूको जिकिर तर्कसम्मत छ, अस्वीकार गर्न सकिन्न तर प्रतिनिधि सभा विघटनको सिफारिश प्रधानमन्त्रीले स्वेच्छाले वा कुनै इतर कारणबाट अभिप्रेरित भई गरेको हुनु पर्ने, त्यसो नभई २०५१।३।२६ र २०५१।३।७ गतेमा राजदरबारबाट प्रकाशित विज्ञप्तिबाट के कारणले के आधारमा प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनको सिफारिश गर्नुभएको छर्लङ्ग हुन्छ, त्यसकारणले निवेदकहरूको यो जिकिरलाई मान्न मिल्ने देखिन्न।

संसदको अधिवेशन चालु रहेको अवस्थामा प्रतिनिधि सभा विघटनको सिफारिश गर्न मिल्दैन भनी निवेदकहरूको जिकिर भएकोमा पुनः संविधानको धारा ५३ (४) हेर्दा श्री ५ बाट प्रतिनिधि सभा विघटनको सिफारिशका लागि कुनै पूर्व शर्त ९ऋयलमप्तापयल एचभजभममभलत०) उल्लेख भएको देखिन्न। संविधानले कुनै पूर्व शर्तको व्यवस्था नगरेको स्थिति र अवस्थामा संसदको अधिवेशन चालु रहेको अवस्थामा प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनको सिफारिश गर्न पाउनु हुन्न भन्न मिल्ने देखिन्न।

(४) प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभा विघटन भएको हुँदा अदालतमा प्रश्न उठाउन

पाउने नपाउने के हो त्यसतर्फ हेर्दा प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभाको विघटन श्री ५ बाट भएको कुरा निर्विवाद तथ्य देखिन्छ ।

प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभाको विघटन भएको प्रतिनिधि सभा विघटनको सिफारिश औचित्यपूर्ण नभएको, विघटनको सिफारिश भए पनि अन्य वैकल्पिक व्यवस्थाको खोजी हुनुपर्ने भनी निवेदकहरूको जिकिर भएको प्रतिनिधि सभा विघटनको सिफारिश राजनैतिक कारणले अभिप्रेरित भई भएको हुनाले राजनैतिक कारणको औचित्य र पर्याप्तताको क्षेत्रमा यो अदालतले प्रवेश गर्न मिल्दैन भनी प्रत्यर्थीतर्फको जिकिर भएकोमा प्रधानमन्त्रीको सिफारिशमा श्री ५ बाट प्रतिनिधि सभा विघटन भएको देखिन आएकोले संविधानको धारा ३५ मा उल्लेख भए बमोजिम र निवेदक राधेश्याम अधिकारी विपक्षी श्री ५ को सरकार समेत भएको रिट निवेदनमा प्रतिपादन गरेको सिद्धान्त बमोजिम प्रस्तुत विषयवस्तुभित्र प्रवेश गर्न मिल्दैन भनी प्रत्यर्थीतर्फको जिकिरलाई खण्डन गर्न सकिन्न तथापि यस सम्बन्धमा २०५१।३।२६ र २०५१।३।२७ गतेमा राजदरबारबाट प्रकाशित विज्ञप्तिलाई मध्यनजर राख्दा पनि प्रधानमन्त्रीले राजनैतिक कारण देखाई प्रतिनिधि सभा विघटनको सिफारिश गर्नुभएको देखिन आएकोले सो राजनैतिक कारणको औचित्य वा पर्याप्तताको क्षेत्रभित्र प्रवेश गरी शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम मूल्यांकन गर्न मिल्ने देखिन्न । अरू कुराको हकमा विचार गर्न सान्दर्भिक र आवश्यक नहुँदा माथि उल्लेख भएको आधारमा रिट निवेदकहरूको माग बमोजिमको आदेश जारी गर्न मिलेन् । रिट निवेदन खारेज हुने ठहर्छ ।

माननीय न्यायाधीश श्री ओमभक्त श्रेष्ठको राय

यसमा श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय, राजदरबारको २०५१ साल असार २६ गते राजपत्रमा प्रकाशित सूचनाबाट श्री ५ बाट संसद्लाई बक्सेको सम्बोधनका लागि मौसूफमा चढाउन प्रस्तुत धन्यवाद प्रस्ताव प्रतिनिधि सभाबाट पारित हुन नसकी श्री ५ को सरकारका नीति र कार्यक्रमलाई विफल पारेको कारण देखाई प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीबाट चढाउनुभएको राजीनामा स्वीकृत गरिबक्सेको र संविधान बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म हालकै मन्त्रिपरिषद्ले कार्य सञ्चालन गरिरहने व्यवस्था गरिबक्सनुका साथै प्रधानमन्त्रीले नयाँ जनादेश लिने उद्देश्यले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटन गरिबक्सन र प्रतिनिधि सभाको लागि निर्वाचन हुने मिति तोकिबक्सन मौसूफमा चढाउनु भएको सिफारिशको सम्बन्धमा मौसूफबाट विभिन्न संवैधानिक पदाधिकारी तथा राजनीतिक नेताहरूसँग परामर्श लिई बक्सने प्रक्रिया चालु छ भन्ने उल्लेख भएको देखिन्छ । यस सूचनाबाट प्रधानमन्त्रीले प्रतिनिधि सभामा प्रस्तुत धन्यवादको प्रस्ताव पारित हुन नसकी विफल भएको कारण मौसूफमा चढाउनु भएको राजीनामा र नयाँ जनादेश लिन धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटनको सिफारिश

एकै मिति २०५१।३।२६ गते चढाउनुभएकोमा प्रधानमन्त्रीको राजीनामा चाहिँ सोही मितिम
स्वीकृत भै मिति २०५१।३।२७ मा भोलिपल्ट श्री ५ का प्रमुख सचिवालय, राजदरबारबा
राजपत्रमा प्रकाशित विज्ञप्ति अनुसार मौसूफमा चढाउनुभएको सिफारिश विज्ञप्ति अनुसा
मौसूफमा चढाउनु भएको सिफारिश बमोजिम धारा ५३ (४) बमोजिम मौसूफबाट २०५१।७।२
गते निर्वाचन गराउने गरी प्रतिनिधि सभा विघटन गरिबक्सेको देखिन्छ । मिति २०५१।३।२६
प्रधानमन्त्रीको पदबाट राजीनामा चढाउनुका साथै एकै पटक धारा ५३(४) बमोजिम प्रतिनिधि
सभाको विघटनको सिफारिश गरेकोमा विवाद छैन ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६(१) बमोजिम बहुमत प्राप्त दलको संसदीय दलको निर्वाचित नेता श्री गिरिजाप्रसाद कोइराला श्री ५ बाट नियुक्त प्रधानमन्त्री, सरकार प्रमुख हुनुको साथै संसद्कै नेता पनि हुनुहुन्छ । प्रतिनिधि सभामा बहुमत भए पनि अनुकरण हेतु शाही सम्बोधनको धन्यवाद प्रस्ताव विफल भएको कारण नैतिकताको आधारमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजीनामा दिएको तथ्य निजले दिएको लिखित जवाफबाट देखिएको छ । कानूनी शब्दार्थमा राजीनामा दिनु भनेको स्वेच्छाले आफ्नो पद त्याग गर्नु हो । धारा ३६ (५) (क) बमोजिम राजीनामा दिने प्रधानमन्त्रीको हैसियत राजीनामा दिनु अगावै धारा ३६ (१) बमोजिमको निर्वाचित प्रधानमन्त्रीको हैसियत जस्तो नभई धारा ३६ (७) अन्तर्गत अर्को मन्त्री परिषद् गठन नभएसम्म काम चलाउ मन्त्रिपरिषद्को रूपमा रहने जो संसदप्रति उत्तरदायी हुँदैन । जहाँसम्म धारा ५३ (४) बमोजिम प्रतिनिधि सभाको विघटनको सिफारिश गर्ने प्रधानमन्त्रीको हैसियतको प्रश्न छ, त्यस्तो प्रधानमन्त्री धारा ३६ (१) अन्तर्गतको नै प्रतिनिधि सभाको सदस्य हुनुपर्ने बाध्यात्मक व्यवस्था नै धारा ३६ (४)बमोजिम प्रतिनिधि सभाप्रति जवाफदेही हुन्छ ।

आफ्नो पदबाट राजीनामा दिनु र प्रतिनिधि सभाको विघटनको सिफारिश गर्नु अलग-अलग कार्य हुन् । धारा ५३ (४) बमोजिम प्रतिनिधि सभाको विघटनको सिफारिश गर्न प्रधानमन्त्रीलाई अधिकार छ तर सो अधिकार प्रयोग गर्ने विशेषाधिकार गुमाएको हुनु हुँदैन । अहिलेको परिप्रेक्ष्यमा संविधान अनुसार नै असफलताको कारण नैतिकताको आधारमा राजीनामाबाट समर्पण गरी प्रतिनिधि सभा विघटनको सिफारिश गर्ने अधिकार गुमेको छ । धारा ३६ (५) (क) को प्रयोगले बहालवाला प्रधानमन्त्रीको संवैधानिक हैसियतको परिणतिमा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रदान भएको अन्य अधिकार तथा सुविधाहरू उत्सर्ग गरेको रूपमा रहन जाने हुन्छ । धारा ३६ (५) (क) बमोजिम दिइने राजीनामा र धारा ५३ (४) बमोजिम प्रतिनिधि सभाको विघटनको लागि गरिने सिफारिश दुई भिन्नाभिन्नै हैसियत राख्ने प्रधानमन्त्रीहरूले अभ्यास गरिने विरोधात्मक सरोकार राख्ने दुई अलग-अलग प्रयोजन राख्ने संविधानका छुट्टाछुट्टै प्रावधानहरू हुन् । नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ५ मा कार्यपालिका शीर्षकमा कार्यकारिणी अधिकार विषयक व्यवस्था अन्तर्गत मन्त्रिपरिषद सम्बन्धी विशेष व्यवस्थाको धारा ४३(४) बमोजिम प्रतिनिधि सभा भंग हुने तथा भाग ८ मा

व्यवस्थापिका शीर्षकमा व्यवस्थापिकाको गठन सन्दर्भलाई लिएर धारा ५३ (४)मा प्रतिनिधि सभाको विघटन हुने व्यवस्था देखिएकोले यी दुवै व्यवस्थाहरू बेग्लाबेग्लै प्रयोजनको लागि गरेको देखिन आएको छ। यसको बावजुद धारा ३६ (५) (क) बमोजिम राजीनामा दिने प्रधानमन्त्रीले राजीनामा दिंदा प्रतिनिधि सभाको विघटनको सिफारिश पनि गर्नसक्ने व्यवस्था संविधानमा नभएकोले संविधान निर्माताहरूको मनमस्तिष्कमा राजीनामा दिने र संसदको विघटनको सिफारिश एकै पटक गर्न दिने अवधारणा नरहेको स्पष्ट हुन्छ।

अंग्रेजी संवैधानिक कानून तथा मन्त्रिमण्डलीय सरकार बारे सम्बन्धित पुस्तकहरूको अध्ययनबाट सदनबाट पराजित प्रधानमन्त्रीले राजीनामा दिनुपर्छ, या सदन विघटनको सिफारिश गर्नुपर्दछ। यी दुई मध्ये एक विकल्प रोज्नु परम्परागत रूपमा स्थापित तथ्यमा संवैधानिक प्राधिकारीहरू एकमत देखिन्छन्।

अत: शाही सम्बोधनप्रति धन्यवाद प्रस्ताव पारित नभएको कारण नैतिकताको आधारमा राजीनामा दिने प्रत्यर्थी प्रधानमन्त्रीले संसद्प्रति उत्तरदायी नरहेकोले जनतामा जाने अवसर गुमाइसकेका प्रधानमन्त्रीलाई राजीनामाको प्रयोजनको लागि निषेधात्मक व्यवस्था धारा ५३ (४) को प्रयोग गरी संविधानको संरचना तथा संवैधानिक निकाय बीचको सामन्जस्यता तथा समन्वयतामा असंगति एवं विकृति आउने किसिमले अर्को प्रधानमन्त्रीको विकल्प दिने तथा जनादेशको प्रतिनिधित्व गर्ने सदनले आफ्नो काम कारोवार गरिरहेकै बेला संसदीय सर्वोच्चतातर्फ नकारात्मक धारणा राखी प्रतिनिधि सभाको विघटनको लागि गरेको सिफारिश प्रारम्भत: संविधान सम्मत भएको नदेखिंदा सो सिफारिश उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ। सो सिफारिशबाट मिश्रित काम कारवाही स्वत: निष्कृय हुन्छ।

माननीय न्यायाधीश श्री मोहनप्रसाद शर्मा,

माननीय न्यायाधीश श्री कृष्णजंग रायमाझी र

माननीय न्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठको राय

यसमा प्रतिनिधि सभामा बहुमत प्राप्त दलको संसदीय दलको नेता प्रत्यर्थी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीको पदबाट राजीनामा र सायै प्रतिनिधि सभाको विघटनको लागि श्री ५ मा चढाउनुभएको सिफारिशलाई लिएर पदबाट राजीनामा दिने प्रधानमन्त्रीले प्रतिनिधि सभा पनि विघटनको सिफारिश गरेको र सोही सिफारिशका आधारमा भएको विघटनको कार्य समेत असंवैधानिक भनी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ (२) अनुसार यस अदालतमा निवेदन दिने निवेदकहरूलाई हकदैया रहेको र त्यस्तो प्रश्न असंवैधानिक हो होइन भनी हेरी निरोपण गर्न यस अदालतले सक्छ। सायै प्रत्यर्थीका यस्ता कार्य दुराशययुक्त तथा अन्य आशयबाट गरिएको भन्ने कुरा प्रमाणित हुन नआएको भन्ने

बुंदाहरूमा सम्माननीय प्रधानन्यायाधीशज्यूको रायमा हाम्रो सहमति छ।

जहाँसम्म राजीनामा दिने प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनको सिफारिश गर्ने र सोही सिफारिशका आधारमा भएको प्रतिनिधि सभाको विघटनको कार्यको संवैधानिकताको प्रश्न छ सो सम्बन्धमा धारा ३६(५) ले प्रत्यर्थीलाई प्रधानमन्त्री पदबाट राजीनामा दिन पाउने हक प्रदान गरेको छ। राजीनामाका साथै प्रधानमन्त्री पदबाट मुक्त नहुँदै धारा ५३ (४) बमोजिम प्रतिनिधि सभाको विघटनको सिफारिश श्री ५ मा प्रत्यर्थी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले चढाउनु भएको कुरा ०५१।३।२६ को सूचनाले देखाएको छ। प्रतिनिधि सभाको विघटनको सिफारिश गर्न पाउने अधिकार प्रधानमन्त्रीलाई मात्र छ। श्री ५ ले पनि प्रधानमन्त्रीको सिफारिश विना प्रतिनिधि सभाको विघटन गर्न सकि बक्सिन। आफ्नो सरकारको नीति वा कुनै कार्यक्रमप्रति जनमत प्राप्त गर्ने उद्देश्यबाट मात्र प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटनको सिफारिश गर्दछ भनी सरसरी मान्न भने मिल्दैन। तर देशको राजनैतिक अवस्थाको विश्लेषणबाट प्रतिनिधि सभाको विघटन आवश्यक ठान्न सक्छ र सिफारिश गर्दछ। नयाँ सरकारको गठनको लागि पनि जनादेश प्राप्त गर्ने उद्देश्य हुन सक्छ। जस्तो प्रस्तुत मुद्दामा विज्ञप्तिमा उल्लेख छ। यस्ता कुरा राजनैतिक प्रश्नहरू हुन्। अदालतको निरोपणको विषय हुँदैन।

राजीनामा स्वीकृत गरी बक्सेपछि श्री ५ समक्ष नयाँ सरकार गठनको प्रकृया शुरू गर्नु पर्ने संवैधानिक व्यवस्थाको साथै सोसँग सम्बद्ध प्रधानमन्त्रीको प्रतिनिधि सभाको विघटनको सिफारिश पनि अगाडि छ। विशेष परिस्थिति देखाई धारा ५३ (४)को आधारमा प्रधानमन्त्रीले चढाउनुभएको सिफारिश असंवैधानिक भन्न सकिने अवस्था देखिदैन। श्री ५ बाट प्रधानमन्त्रीले चढाउनु भएको सिफारिशका सम्बन्धमा अर्को मन्त्रिपरिषद् गठन गर्ने प्रकृयासँग गाँसिएको हुनाले, परामर्श भै रहेको कुरा सूचनाले देखाएको छ र मन्त्रिपरिषद् गठनतर्फ प्रकृया शुरू गरिएन भन्न मिल्ने देखिन्न। श्री ५ बाट को को सँग के कस्तो परामर्श लिइबक्यो यो अदालतले प्रवेश गरी निरोपण गर्न मिल्दैन।

धारा ३६ (१) बमोजिम बहुमत प्राप्त संसदीय दलको नयाँ नेता यो हो भन्ने देखेमा नपरेको अवस्थामा श्री ५ बाट अर्को मन्त्रिपरिषद् गठन हुन सक्ने विकल्प नै नभएकोबाट धारा ५३(४) अनुसार विवेक प्रयोग गरी बक्सी सिफारिशकै आधारमा प्रतिनिधि सभाको विघटन गरिबक्सेको देखिन्छ। सिफारिश र सिफारिश बमोजिम भएको प्रतितिधि सभाको विघटनको कार्य असंवैधानिक भन्न मिल्ने अवस्था भएन।

अधिवेशन चालु रहेको अवस्था प्रतिनिधि सभा विघटन गर्न नमिल्ने तथा विघटन गर्नुभन्दा पहिले प्रतिनिधि सभालाई जानकारी दिनु पर्ने भन्ने संवैधानिक तथा कानूनी बाध्यता देखिदैन। अतः निवेदकहरूको जिकिर अनुसार राजीनामा दिने प्रधानमन्त्रीले चढाएको सिफारिश र सो सिफारिशका आधारमा भएका विघटनको कार्य असंवैधानिक भन्न मिल्ने अवस्था

नभएको र निर्वाचनको तयारीको कार्यक्रम अगाडि बढेको र राजनैतिक दलहरू पनि त्यसतर्फ सहभागी हुँदै गरेको देखिएकोले समेत निवेदन मांग बमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुन्छ ।

माननीय न्यायाधीश श्री केशवप्रसाद उपाध्याय र
माननीय न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्यालको राय

(१) विपक्षी तर्फबाट उठाइएको प्रारम्भिक हकदैयाको प्रश्न लगायतका विवादमा गरिएको बहुमतको रायसँग हामी पनि सहमत भएकोले त्यसतर्फ छुट्टै विवेचना गरी रहन परेन । राजीनामा र सदन विघटनको सिफारिश सायसायै दिन र राजीनामा स्वीकृत भइसकेपछि सदन विघटनको असर के कस्तो हुने भन्ने सम्बन्धमा बहुमतको रायसँग सहमत नभएकोले भिन्न राय निम्नानुसार व्यक्त गरेका छौं ।

(२) (क) राजीनामा र विघटनको सामान्य अवधारणा र स्वरूपबाट यी दुई सायसायै जान नसक्ने एक अर्कोलाई परस्पर बाहिन्याउने (Mutually Exclusive) भएकोले ।

(ख) अन्य मुलुकको संविधानमा विघटन वा भंग एउटा मात्र हुने तर हाम्रो संविधानमा भंग र विघटन अलग अलग रूपमा रहेका धारा ४२ (४) अन्तर्गतको भंग यान्त्रिक तवरले हुने हुँदा राजीनामाको आवश्यकता नहुने। धारा ५३ (४) अन्तर्गत विघटनको सिफारिश गर्ने प्रधानमन्त्रीको नेतृत्वमा रहेको सरकारले नै जनादेश लिन निर्वाचन गराउने भएकोले राजीनामा गर्ने अवस्था मात्र नपर्ने होइन कि विघटनको उद्देश्य विपरीत हुने ।

(ग) राजीनामाको परिणाम अर्को सरकार गठन गर्ने मार्ग प्रशस्त गर्नुहुन्छ । त्यसैले प्रधानमन्त्रीले राजीनामा गर्ने वित्तिकै निजको मन्त्रिपरिषद् पनि विघटित हुन जान्छ, त्यसैले अर्को सरकार गठन गर्नु अनिवार्य हुन्छ । संविधानको धारा ३६(५) (क) अनुसार राजीनामा स्वीकृत भएपछि अर्को मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था संविधानको धारा ३६(७) ले गरेको छ । यसरी राजीनामाको परिणाम अनिवार्य रूपले सरकारको फेरबदल हुन्छ तर विघटनमा त्यस्तो फेरबदल गर्नु असंवैधानिक हुन जान्छ ।

(घ) संविधानका प्रत्येक व्यवस्था प्रस्तावना र निर्देशक सिद्धान्त बाहेक मान्ने कर लाग्ने हुन्छन् । त्यसैले संविधानमा अर्को मन्त्रिपरिषद् गठन गर्नु पर्ने बाध्यात्मक व्यवस्था भएपछि सो व्यवस्थालाई कुनै कारणले पनि निस्तेज गर्न मिल्दैन । तसर्थ विघटनको सिफारिश राजीनामा स्वीकृत भइसकेपछि स्वतः निस्क्रिय हुन जान्छ । किनकि संविधानको धारा प्रयोग हुने अवस्था विद्यमान भएपछि त्यसलाई अन्यथा गर्दा असंवैधानिक हुन जान्छ ।

(ङ) हाम्रो संवैधानिक व्यवस्यानुसार प्रधानमन्त्री पदबाट राजीनामा गरेपछि धारा ५३ (४) अनुसारको प्रधानमन्त्री नरहने काम चलाउ मन्त्रिपरिषद् हुने हुँदा राजीनामा गरेपछि विघटनको सिफारिश संविधान अनुकूल नहुने भै बदरभागी छ र सो बाट भएका कार्यहरू संवैधानिक मान्यता शून्य ठहर्छ ।

माननीय न्यायाधीश श्री केदारनाथ उपाध्यायको राय

१. संविधानको भाग ८ धारा ५३(४) र भाग ७ धारा ३६ (१), (५), र ७ वा धारा ४२ को बीचमा स्वत: असंगति छैन । तथापि भाग ८को धारा ५३ (४) र भाग ७ को उक्त धाराहरू सँगसँगै साध्यनिकता (harmony) का साथ क्रियाशील हुन सक्दैन । अर्थात् भाग ८ का र भाग ७ का उक्त धाराहरू कार्यान्वयन तहमा परस्पर अपवर्जी रुगतगबाँयि भहअगिकखभ० छन् ।

२. प्रधानमन्त्री पदबाट राजीनामा भाग ७ को उक्त धाराहरूलाई उत्सर्गिक गर्छ भने प्रतिनिधि सभा विघटनको सिफारिशले भाग ८ को धारा ५३ ४ लाई प्रयुक्त गर्छ । यसले गर्दा ती दुवै कुरा एकै पटक प्रभावित गरिएमा संवैधानिक प्रकृयामा असंगति पैदा हुन्छ ।

३. राजीनामा र प्रतिनिधि सभा विघटनको सिफारिश एकै चोटि चढाएको अवस्थामा के हुने भन्ने सम्बन्धमा राजीनामा शारीरिक, पारिवारिक वा सामाजिक कारण अथवा राजनैतिक कारण जुनसुकै अवस्थामा पनि गर्न सकिने हुँदा स्वभावत: स्वीकृत हुने कुरा हो । सायै सम्माननीय प्र.म. श्री गिरिजाप्रसाद कोइरालाको मिति २०५१।३।२६ को राजीनामाको त्यसै दिन स्वीकृति समेत भएकोले प्रतिनिधि सभा विघटनको सोही मितिको सिफारिश चाँहि क्रियाशील हुँदा भाग ७ का उक्त धाराहरूसँग असंगत भएकोले असंवैधानिक हुने भै बदर हुने ठहर्छ । त्यस्तो सिफारिशले प्रयुक्त गरेको प्रतिनिधि सभाको विघटन समेत अमान्य र कानूनी मान्यता शून्य हुन्छ ।

४. प्रस्तुत विवादको सम्बन्धमा निवेदक पक्षबाट उठाइएको स्थानाधिकार (यिअगक कतबलमप न्यायिक निर्णय हुन सक्ने (justiciability), दुराशय (malafide) इत्यादि प्रारम्भिक प्रश्न लगायतका अरू कुरामा सम्माननीय प्र.न्या. को निर्णयमा अभिव्यक्त निष्कर्षसँग सहमत छु ।

फोन नं.– २-२७६४१
२-२७६४२

पत्र संख्या
च.नं. ४५।०५२
राजदरवार
काठमाडौं, नेपाल
दिनांक जेठ २६,२०५२

श्री ५ महाराजाधिराजका
प्रमुख सचिवालय

विषय :

श्री महासचिव,
संसद सचिवालय,
सिंहदरवार संसद भवन, ।

श्री ५ महाराजाधिराजका हजुरमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधि सभाको अधिवेशन बोलाई बक्सन प्रतिनिधि सभाका ७० जना सदस्यहरूले लिखित समावेदन चढाउनुभएकोले मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (३) बमोजिम सम्वत् २०५२ साल असार २ गते शुक्रवार दिनको १.०० बजे संसद भवन, सिंहदरवार, काठमाण्डौंमा प्रतिनिधि सभाको अधिवेशन आव्हान गरिवक्सेको छ। श्री शेरबहादुर देउवा समेत ७० जना प्रतिनिधि सभा सदस्यहरूले चढाएको समावेदन पत्रको फोटोकपी यसैसाथ छ।

हुकुम बक्से बमोजिम

(पशुपतिभक्त महर्जन)
सचिव

बोधार्थ:-

१. सम्माननीय सभामुख, प्रतिनिधि सभा, सिंहदरवार।
२. माननीय सामान्य प्रशासन र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री,
कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय,
बबरमहल।
३. श्री मुख्य सचिव,
मन्त्रिपरिषद सचिवालय, सिंहदरवार।



नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, जेठ २४ गते २०५२ साल (अतिरिक्ताङ्क ४ (घ+१)

भाग ४

संसद् सचिवालयको सूचना

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (१) बमोजिम सम्वत् २०५२ साल आषाढ ११ गते आइतबार दिनको १.०० बजे संसद्भवन, सिंहदरबार, काठमाडौंमा संसद्को नवौं अधिवेशन आह्वान गरिबक्सेको छ ।

हुकुम बक्सेबमोजिम,

जीवनलाल सत्याल
संसद्को महासचिव



संसदको
नवौं अधिवेशनको सूचना

माननीय सदस्य श्री/श्रीमती/सुश्री .....

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (१) बमोजिम संवत् २०५२ साल आषाढ ११ गते आइतवार दिनको १.०० बजे संसदभवन सिंहदरवार, काठमाण्डौंमा संसदको नवौं अधिवेशन आह्वान गरिबक्सेकोले सो समयमा उपस्थितको लागि अनुरोध गर्दछु ।

(जीवनलाल सत्याल)

महासचिव
संसद भवन, सिंहदरवार, काठमाडौं
२५ जेष्ठ, २०५२

श्री ५ महाराजाधिराज सरकारका जुनाफमा चढाएको समावेदन पत्र

मिति : २०५२।२।२५

विषय : नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधि सभा बोलाइबक्सनका निम्ति समावेदन ।

सरकार,

हामी प्रतिनिधि सभाका देहायका सदस्यहरूले मुलुकमा विद्यमान निम्नलिखित विशेष कारण र परिस्थितिले गर्दा प्रतिनिधि सभाको अधिवेशन बोलाउन वाञ्छनीय देखेकाले सरकारका जुनाफमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (३) तथा प्रतिनिधि सभा नियमावली २०४८ को नियम ३ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम प्रतिनिधि सभाको अधिवेशन बोलाइबक्सन समावेदनपत्र चढाएका छौं । हाम्रो जिकिर निम्नानुसार छ :

१. २०५१ साल मंसिर महिनामा प्रधानमन्त्री श्री मनमोहन अधिकारीको नेतृत्वमा गठित मन्त्रिपरिषद्द्वारा बितेका ६ महिनाभित्र पटक-पटक संविधानको प्रस्तावना, संविधानको अन्य प्रावधानको भावना, मूल्य एवं मान्यता विपरीत कार्य हुँदैआएको छ । प्रतिपक्षी दलका प्रतिनिधि सभाका सांसदहरूको पूर्ण समर्थन र सहयोगका बावजूद बहुमतको भावनालाई कदर गर्ने सर्वस्वीकृत संसदीय प्रणाली र परम्पराको घोर उपेक्षा गर्दै प्रधानमन्त्री र निजको नेतृत्वमा गठित मन्त्रिपरिषद्ले अल्पमतको हठधर्मिता र मनपरितन्त्रलाई बढावा दिएको छ । मन्त्रिपरिषदको गलत नीति र काम कारवाईका कारण सरकारले स्थिरता प्राप्त गर्न नसकी देशमा सर्वत्र अन्यौलको स्थिति सृजना भएको छ ।

२. प्रधानमन्त्री एवं मन्त्रिपरिषद्को क्रियाकलापबाट देशको राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक एवं न्यायिक संरचना नै खलबल्याउने प्रयत्न भएको छ । यस बाहेक सनातनदेखि कायम रहँदैआएको राष्ट्रको साम्प्रदायिक सद्भावमा विचलन ल्याउने प्रयास भएको छ । राजनीतिलाई अपराधीकरण गर्न थालिएको छ । यसरी समग्रमा भन्नुपर्दा राष्ट्रियता, राष्ट्रिय स्वाभिमान, सामाजिक सहिष्णुता तथा प्रजातान्त्रिक मान्यतामाथि नै प्रहार गरी देशलाई अस्थिरता र अन्यौलतर्फ उन्मुख गरिँदै छ ।

३. उल्लेखित वास्तविकतालाई मनन गरी बारम्बार प्रधानमन्त्री र अन्य मन्त्रीहरूबाट अभिव्यक्त मध्यावधिको धम्की र संत्रासबाट देशलाई मुक्त गर्न र वर्तमान

प्रधानमन्त्री र निजको नेतृत्वमा गठित मन्त्रिपरिषद्लाई अविलम्ब नहटाउँदा प्रजातन्त्रले भोग्नु पर्ने गम्भीर क्षतिबाट देशलाई जोगाउन हामी प्रतिनिधि सभाका सदस्यहरू राजनैतिक दृष्टिले प्रतिनिधि सभाको विश्वास गुमाइसकेका प्रधानमन्त्री श्री मनमोहन अधिकारीका विरूद्ध प्रधानमन्त्रीमाथि प्रतिनिधि सभाको विश्वास छैन भनी नेपाल अधिराज्यको संविधानको, २०४७ को धारा ५९ को उपधारा (२) बमोजिम प्रतिनिधि सभामा अविश्वासको प्रस्ताव पेश गर्न वाञ्छनीय भएकाले संविधानको धारा ५३ को उपधारा (३) तथा प्रतिनिधि सभा नियमावली, २०४८ को नियम ३ र नियम १७१ अन्तर्गत प्रतिनिधि सभाको नियमित अधिवेशन अगावै अधिवेशन बोलाइवक्सनका निम्ति सरकारका जुनाफमा समावेदनपत्र चढाउँछौं । सरकार, हामी समावेदकहरूको माग बमोजिम प्रतिनिधि सभाको अधिवेशन बोलाइवक्सन पाऊँ ।

४. साथै प्रतिनिधि सभाका सांसदहरूको स्पष्ट बहुमतको समर्थनका आधारमा हामी संविधानको धारा ४२ को उपधारा (१) बमोजिम वैकल्पिक प्रधानमन्त्रीको नेतृत्वमा सुदृढ, सक्षम एवं स्थिर मन्त्रिपरिषद् गठन गर्न समर्थ एवं तत्पर रहेको व्यहोरा समेत यसैसाथ जाहेर गर्दछौं ।

समावेदन चढाउने
प्रतिनिधि सभाका सदस्यहरु

क्र.सं.	नाम	जिल्ला/क्षेत्र नं.	राजनीतिक दल	दस्तखत
१.	शेरबहादुर देउवा	डडेलधुरा	नेपाली कांग्रेस	
२.	गिरिजाप्रसाद कोइराला	मोरङ - १	नेपाली कांग्रेस	
३.	खुमबहादुर खड्का	दाङ - ४	नेपाली कांग्रेस	
४.	गोविन्दराज जोशी	तनहुँ १	नेपाली कांग्रेस	
५.	विजयकुमार गच्छदार	सुनसरी - २	नेपाली कांग्रेस	
६.	आनन्दप्रसाद ढुंगाना	धनुषा - ३	नेपाली कांग्रेस	
७.	सिद्धराज ओझा	डोटी - २	नेपाली कांग्रेस	
८.	भक्तबहादुर बलायर	डोटी - १	नेपाली कांग्रेस	
९.	हरिप्रसाद चौधरी	दाङ - १	नेपाली कांग्रेस	
१०.	राजेन्द्रबहादुर शाह	सल्यान - १	नेपाली कांग्रेस	
११.	सुरेन्द्र हमाल	रोल्पा - २	नेपाली कांग्रेस	
१२.	बद्रीनारायण बस्नेत	मोरङ - ३	नेपाली कांग्रेस	
१३.	हरिनाथ वास्तोला	सुनसरी - ४	नेपाली कांग्रेस	
१४.	कृष्णकिशोर सिंह	रौतहट - २	नेपाली कांग्रेस	

१५.	उद्धव ढकाल	रौतहट - ४	नेपाली कांग्रेस	
१६.	दुर्योधन सिंह	रूपन्देही - १	नेपाली कांग्रेस	
१७.	हरिहरप्रसाद यादव	रौतहट - ३	नेपाली कांग्रेस	
१८.	चिनकाजी श्रेष्ठ	गोरखा - ३	नेपाली कांग्रेस	
१९.	रेवतीप्रसाद भुसाल	अर्घाखाँची - १	नेपाली कांग्रेस	
२०.	गणेशबहादुर खड्का	दैलेख - १	नेपाली कांग्रेस	
२१.	विपिन कोइराला	सिन्धुली - १	नेपाली कांग्रेस	
२२.	इन्दु शर्मा	पर्वत - १	नेपाली कांग्रेस	
२३.	चक्रबहादुर शाही	हुम्ला	नेपाली कांग्रेस	
२४.	दीपकजंग शाह	जाजरकोट - २	नेपाली कांग्रेस	
२५.	लक्ष्मणप्रसाद मेहता	सुन्सरी - ३	नेपाली कांग्रेस	
२६.	डा. ध्रुवप्रसाद शर्मा	सिन्धुली - ३	नेपाली कांग्रेस	
२७.	विमलेन्द्र निधि	धनुषा - ४	नेपाली कांग्रेस	
२८.	पद्मशंकर अधिकारी	रामेछाप - २	नेपाली कांग्रेस	
२९.	होमराज दाहाल	सिन्धुली - २	नेपाली कांग्रेस	
३०.	फलकनाथ वाग्ले	जाजरकोट - १	नेपाली कांग्रेस	
३१.	रामचन्द्र अधिकारी	लमजुङ - १	नेपाली कांग्रेस	
३२.	रामबहादुर गुरूङ	लमजुङ - २	नेपाली कांग्रेस	
३३.	छविप्रसाद देवकोटा	सल्यान - २	नेपाली कांग्रेस	
३४.	शिवराज जोशी	सुर्खेत - ३	नेपाली कांग्रेस	
३५.	सुशीलमान शेरचन	मुस्ताङ	नेपाली कांग्रेस	
३६.	पद्मनारायण चौधरी	सिराहा - १	नेपाली कांग्रेस	
३७.	दीपकप्रकाश बास्कोटा	पाँचथर - १	नेपाली कांग्रेस	
३८.	कुलबहादुर गुरूङ	इलाम - २	नेपाली कांग्रेस	
३९.	सुरेन्द्रप्रसाद चौधरी	पर्सा - ३	नेपाली कांग्रेस	
४०.	सीना कोइराला	धनुषा -२	नेपाली कांग्रेस	
४१	भीमबहादुर तामाङ	दोलखा - १	नेपाली कांग्रेस	
४२.	मीना पाण्डे	सर्लाही - २	नेपाली कांग्रेस	

४३.	तीर्थराज भूपाल	चितवन - ४	नेपाली कांग्रेस	
४४.	पूर्णबहादुर खड्का	सुर्खेत - १	नेपाली कांग्रेस	
४५.	महेन्द्र यादव	महोत्तरी - १	नेपाली कांग्रेस	
४६.	दीपकुमार उपाध्याय	कपिलबस्तु - २	नेपाली कांग्रेस	
४७.	कमलादेवी पन्त	गोरखा - २	नेपाली कांग्रेस	
४८.	डा. गंगाधर लम्साल	चितवन - ३	नेपाली कांग्रेस	
४९.	मणि लामा	ताप्लेजुङ - १	नेपाली कांग्रेस	
५०.	चक्रप्रसाद बास्तोला	झापा - ४	नेपाली कांग्रेस	
५१.	बलबहादुर के.सी.	सोलुखुम्बु	नेपाली कांग्रेस	
५२.	रमेश रिजाल	पर्सा - ४	नेपाली कांग्रेस	
५३.	रामचन्द्रप्रसाद कुशवाह	पर्सा - २	नेपाली कांग्रेस	
५४.	कृष्णप्रसाद गौतम	रूकुम - १	नेपाली कांग्रेस	
५५.	महेन्द्रध्वज जि.सी.	रूकुम - १	नेपाली कांग्रेस	
५६.	रामजनम चौधरी	कैलाली - २	नेपाली कांग्रेस	
५७.	बलदेव शर्मा	दाङ - २	नेपाली कांग्रेस	
५८.	राधेचन्द्र यादव	बारा - २	नेपाली कांग्रेस	
५९.	कृष्णबहादुर गुरूङ	कास्की - ३	नेपाली कांग्रेस	
६०.	शिवराज सुवेदी	प्यूठान - १	नेपाली कांग्रेस	
६१.	चन्द्रकान्त दाहाल	ओखलढुंगा - १	नेपाली कांग्रेस	
६२.	रामहरि जोशी	सर्लाही - ३	नेपाली कांग्रेस	
६३.	अमरराज कैनी	तनहुं - ३	नेपाली कांग्रेस	
६४.	विष्णुराज आचार्य	कपिलवस्तु - ३	नेपाली कांग्रेस	
६५.	सुरेशचन्द्र दास	सिराहा - ३	नेपाली कांग्रेस	
६६.	मिनबहादुर खत्री	बाग्लुङ - २	नेपाली कांग्रेस	
६७.	कमलेशकुमार शर्मा	कपिलवस्तु - १	नेपाली कांग्रेस	
६८.	अर्जुन नरसिंह के.सी	नुवाकोट - ३	नेपाली कांग्रेस	
६९.	कृष्णप्रसाद शर्मा पौड्याल	अर्घाखाँची - २	नेपाली कांग्रेस	
७०.	चिरञ्जीवी बास्ले	गोरखा - १	नेपाली कांग्रेस	

फोन नं.- २२७६४१
२२७६४२

पत्र संख्या
च.नं. ४५।०५२
राजदरवार
काठमाडौं, नेपाल ।

दिनांक जेठ २४,२०५२

श्री ५ महाराजाधिराजको
प्रमुख सचिवालय

विषय :

श्री महासचिव,
संसद सचिवालय,
संसद भवन, सिंहदरवार ।

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (१) बमोजिम संवत् २०५२ साल आषाढ ११ गते आइतवार दिनको १.०० बजे संसद भवन सिंहदरवार, काठमाडौंमा संसदको नवौं अधिवेशन आव्हान गरिबक्सेको छ।

हुकुम बक्से बमोजिम,

(पशुपतिभक्त महर्जन)
सचिव

बोधार्थ:-

माननीय कानून, न्याय तथा संसदीय व्यवस्था र
सामान्य प्रशासन मन्त्री,
कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय,
बबरमहल ।
श्री मुख्य सचिव
मन्त्रिपरिषद् सचिवालय,
सिंहदरवार ।



नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, जेठ २६ गते २०५२ साल (अतिरिक्ताङ्क ४(च)

भाग ४

संसद् सचिवालयको सूचना

श्री ५ महाराजाधिराजका हजूरमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधिसभाको अधिवेशन बोलाइवक्सन प्रतिनिधिसभाका ७० जना सदस्यहरूले लिखित समावेदन चढाउनुभएकोले मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (३) बमोजिम सम्वत् २०५२ साल असार २ गते शुक्रबार दिनको १.०० बजे संसद् भवन सिंहदरबार काठमाडौंमा प्रतिनिधिसभाको अधिवेशन आह्वान गरिबक्सेको छ ।

हुकुम बक्सेबमोजिम,

जीवनलाल सत्याल
संसद्को महासचिव

श्री महासचिव,
संसद् सचिवालय,
सिंहदरवार, काठमाडौं ।

विषय: अविश्वासको प्रस्तावको लिखित सूचना ।

महाशय,

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५९ को उपधारा (२), प्रतिनिधि सभा नियमावली, २०४८ को नियम १७१का अधीनमा रही यो अविश्वासको प्रस्ताव प्रस्तुत गरेका छौं । निम्न व्यहोराको अविश्वासको प्रस्ताव प्रतिनिधि सभामा छलफल एवं निर्णयका लागि पेश गरिदिनु हुन लिखित सूचना गर्दछौं ।

"नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५९ को उपधारा (२), प्रतिनिधि सभा नियमावली, २०४८ को नियम १७१ बमोजिम प्रतिनिधि सभा समक्ष पेश गरिएको अविश्वासको प्रस्ताव"

१. मिति २०५१ साल कार्तिक २९ गते सम्पन्न भएको आम निर्वाचन पश्चात् प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेताका हैसियतबाट नेपाल कम्युनिष्ट पार्टी (एमाले) का श्री मनमोहन अधिकारीलाई नेपाल अधिराज्यको संविधान, २०४७ (जसलाई यसपछि संविधान भनी संबोधन गरिनेछ) को धारा ४२ को उपधारा (२) बमोजिम श्री ५ बाट प्रधानमन्त्रीको पदमा नियुक्त गरिबक्सेको हो । तत्पश्चात् संविधानको धारा ४२ को उपधारा (३) बमोजिम हामी समेतले नवनियुक्त प्रधानमन्त्रीलाई प्रतिनिधि सभामा सशर्त विश्वासको मत प्रदान गरेका थियौं । हामी प्रस्तावक प्रतिनिधि सभा सदस्यहरूले जिम्मेवार सांसद तथा प्रतिपक्षी दलका संसद् सदस्यका हैसियतले प्रधानमन्त्री र निजको अध्यक्षतामा गठित मन्त्रिपरिषद्लाई गुणदोषका आधारमा सहयोग समर्थन र आलोचना गर्दैआएका थियौं ।

२. प्रधानमन्त्री मनमोहन अधिकारीको नेतृत्वमा कार्यरत मन्त्रिपरिषद्को अहिलेसम्मको काम कारवाईको समग्रमा मूल्यांकन गर्दा संविधानको प्रस्तावनामा उल्लेखित मान्यता विपरीत पटक-पटक कामहरू भए गरेको देखिनआएको छ । यसबाहेक सरकारका अन्य क्रियाकलाप एवं कार्यक्रम समेतबाट राष्ट्र, जनता तथा प्रजातन्त्रको हितविपरीत देशको राजनैतिक, आर्थिक एवं सामाजिक संरचना नै खलबल्याई राष्ट्रलाई राजनीतिक अस्थिरता र सामाजिक विखण्डनतर्फ धकेल्ने प्रयत्न भएको छ । प्रतिनिधि सभाबाट विश्वासको मत माग्दा मूलभूत नीतिहरूमा राष्ट्रिय सहमति कायम गर्दै लैजाने विषयमा प्रधानमन्त्रीले गर्नुभएको वचनबद्धताको विपरीत प्रधानमन्त्रीलाई समर्थन उपलब्ध गराउने राजनीतिक दलहरूको बारम्बार बेवास्ता र उपेक्षा गर्ने काम भएको छ । त्यतिमात्र हैन संसदीय प्रतिपक्षी दलहरूले संविधानको मर्यादा गरी अँगालेको वैधानिक प्रक्रिया र रचनात्मक आलोचनाप्रति पनि असहिष्णु बनेर प्रधानमन्त्रीले घोर असंसदीय शैलीद्वारा मध्यावधिको धम्की र संत्रास उत्पन्न

गरी देशमा राजनीतिक अन्यौल र अनिश्चितताको वातावरण बढाउँदै ल्याउनुभएको छ। संसदप्रति पूर्ण आस्था राख्दै गम्भीर जिम्मेवारी वहन गर्नुपर्ने प्रधानमन्त्री र सरकारको बारम्बार मध्यावधि निर्वाचन गराउने हलुको दृष्टिकोणले गर्दा प्रधानमन्त्री र निजले नेतृत्व प्रदान गरेको सरकार आफ्नै कारणले दिन प्रतिदिन अस्थिर र असक्षम हुँदैगएको छ। संसदको भूमिका एवं मर्यादामा नै आघात पर्ने गरी संसद्लाई आफ्नो संवैधानिक दायित्व निर्वाह गर्ने कार्यमा बाधा खडा गरी संसद् विघटनको धम्कीद्वारा जनताको सर्वोच्च शक्तिलाई प्रतिनिधित्व गर्ने संसद्लाई कमजोर बनाउने प्रयत्न गर्नु प्रधानमन्त्रीको विवेकहीन राजनीतिक दृष्टिकोण ठहर्दछ। मुलुक र जनता हाल मध्यावधि निर्वाचनका लागि तैयार नभएको मात्र होइन संवैधानिक प्रावधान, राजनीतिक र आर्थिक कारणले पनि हाल त्यसको कुनै आवश्यकता देखिन्न। वस्तुत: हालको प्रतिनिधि सभाबाट नै संविधानको धारा ४२ को उपधारा (१) अनुसार बहुमतको स्थिर वैकल्पिक सरकार बनाउन तपसिलमा उल्लेखित हामी लगायतका प्रतिनिधि सभाका अधिकांश सदस्यहरू समर्थ एवं तत्पर रहेको व्यहोरा पनि यसै प्रस्तावमार्फत् अवगत गराउन चाहन्छौं।

माथि उल्लेखित कारणहरूका अतिरिक्त निम्नलिखित राजनीतिक, आर्थिक, सामाजिक आदि विभिन्न कारण र आधारहरू समेतबाट यो अविश्वासको प्रस्ताव प्रस्तुत गर्नु पर्ने हामीले देखेका छौं।

(क) प्रधानमन्त्रीले कार्यभार सम्हालेको दिनदेखि नै नेपाली जनताका बीच राष्ट्रिय एकता र भ्रातृत्व कायम गर्ने मूल संवैधानिक मान्यता विरूद्ध प्रधानमन्त्री र निजको नेतृत्वमा कार्यरत मन्त्रिपरिषद्द्वारा बारम्बार काम भइरहेको छ। प्रधानमन्त्री स्वयं र वर्तमान सरकारद्वारा पटक-पटक कानूनी राज्यको अवधारणाको उपेक्षा गरिएको छ। नेपाली जनताको आधारभूत मानव अधिकार, बालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्रको मर्यादा एवं न्यायपालिकाको गरिमा एवं वैधानिक हैसियतलाई समेत पाइलैपिच्छे उपहास गर्ने काम भएको छ।

(ख) सरकारको गलत आर्थिक नीतिका कारण छोटो अवधिमै महंगीको मारले जनता पिल्सिएका छन्। सरकारको परस्पर विरोधी र अन्यौलपूर्ण नीतिका कारण देशमा आर्थिक लगानी घट्न थालेको, व्यापार घाटामा निरन्तर वृद्धि हुँदैगएको तथा उत्पादनशीलतामा ह्रास आएको तथा आर्थिक काम कारोवारमा प्रचलित कानूनलाई ठाडै मिच्ने काम भएको छ। भ्रष्टाचारलाई संस्थागत बनाउनेतर्फ सरकार आफै उन्मुख भएको छ।

(ग) सनातनदेखि चल्दैआएको विभिन्न जातजाति, धार्मिक सम्प्रदाय एवं भाषिक समुदायका बीचको पारस्परिक सौहार्दता र सहिष्णुता एवं तिनीहरूका बीचको सुसम्बन्धलाई खलल पार्ने विखण्डन एवं विद्वेषलाई समेत प्रोत्साहित गर्ने काम गरी धार्मिक, सांस्कृतिक र सामाजिक विचलनको अवस्था उत्पन्न गर्ने काम भएको छ।

(घ) सरकार मुलुकको शान्ति सुव्यवस्था कायम गर्न पूर्णत: असफल भएको छ। सत्तारूढ पार्टीको विचारधारासँग असहमति हुने जनतामाथि सुनियोजित ढंगले

आक्रमण गर्ने गराउने तथा राजनीतिक हत्याका घटनाहरू बढ्दै गइराखेका छन् ।

(ङ) स्वतन्त्र न्यायापालिकाको गरिमा र मर्यादाको अवमूल्यन गर्ने काम सरकारबाट पटक पटक भइराखेको छ । न्यायिक प्रक्रियाको उल्लंघन गर्दै सत्तारूढ पार्टीको स्वार्थका लागि स्वयं सरकारद्वारा आपराधिक कार्यलाई राजनीतिक संरक्षण प्रदान गरी संस्थागत रूपमा प्रोत्साहित गरिएको छ ।

(च) शैक्षिक क्षेत्रमा सत्ताधारी दललाई खुला रूपमा नै हावी गराई अन्यौल र अराजकताको वातावरण सृजना गरिएको छ ।

(छ) संविधान र ऐनका प्रावधानहरू पटक-पटक मिचेर गैरसम्वैधानिक शक्ति केन्द्रहरूको ठाडो हस्तक्षेपद्वारा प्रशासन यन्त्रलाई निक्रिय र कमजोर बनाइएको छ । कर्मचारीहरूको मनोबल गिराइएको छ । संविधानद्वारा निजामती सेवा गठन सम्बन्धमा भएका सकारात्मक व्यवस्थाको उल्लंघन गरी राजनीतिक अस्त्रको रूपमा कर्मचारीतन्त्रलाई उपयोग गरिएको छ तथा प्रचलित मान्यता विपरीत कर्मचारीवर्गलाई प्रतिशोधपूर्ण ढंगबाट सरूवा, बढुवा, घटुवा र खोसुवा गरी विकास कार्यक्रमहरूमा बाधा पुऱ्याइएको छ । प्रशासनिक निकायलाई निकम्मा बनाई सत्ताधारी दलको स्वार्थ अनुकूल हुने ढंगले फेरबदल गरी अस्तव्यस्त पारिएको र सरकारी स्वामित्वमा रहेका संस्थानहरूमा मान्यताविहीन तरिकाबाट जथाभावी नियुक्ति गरी सरकारी निकाय र संस्थानहरूलाई सत्ताधारी दलका कार्यकर्ताको भर्तीकेन्द्र बनाइएको छ ।

(ज) परराष्ट्र सम्बन्ध जस्ता संवेदनशील विषयमा राष्ट्रिय हितको प्रवर्धन गर्न सबै राजनीतिक दलहरूसँग छलफल र सहमतिको आधारमा नीति निर्धारण गर्नुको साटो प्रधानमन्त्री मनमोहन अधिकारी र निजको नेतृत्वमा कार्यरत मन्त्रिपरिषद्ले पार्टीगत स्वार्थ र सडक राजनीतिको गैरजिम्मेवार शैली अंगीकार गरी राष्ट्रियता र राष्ट्रिय स्वाभिमानलाई आघात पार्ने काम गरेको छ ।

(झ) सत्तारूढ पार्टीको संकीर्ण स्वार्थका निम्ति सरकारी सञ्चार माध्यम लगायत सम्पूर्ण राष्ट्रिय सम्पत्ति साधन र स्रोतहरूको खुला दुरूपयोग गर्ने र गराउने काम वर्तमान सरकारद्वारा भइराखेको छ ।

४. यसरी देशलाई दिन प्रतिदिन गम्भीर राजनीतिक अस्थिरता, आर्थिक अन्यौल र दिशाहीनता, साम्प्रदायिक कलह र विद्वेषतर्फ धकेल्ने कार्यका लागि तथा राष्ट्रिय एकता र स्वाभिमानलाई कमजोर पार्ने, संसदीय प्रणाली र संविधानका प्रावधानहरूको पटक पटक उल्लंघन गर्ने क्रियाकलापका लागि प्रधानमन्त्री मनमोहन अधिकारी पूर्णरूपेण जिम्मेवार हुनुहुन्छ । उहाँ स्वयं र उहाँको नेतृत्वमा कार्यरत सरकार मुलुकलाई अहिलेको यो चिन्ताजनक अवस्थाबाट मुक्ति दिलाउन सर्वथा असमर्थ र असक्षम प्रमाणित भएको छ ।

५. तसर्थ वर्तमान प्रतिनिधि सभाका हामी देहायका सदस्यहरू प्रधानमन्त्री उपर प्रतिनिधि सभाको विश्वास छैन भनी संविधानको धारा ५९ को उपधारा (२) र

प्रतिनिधि सभा नियमावली, २०६८ को नियम १७१ बमोजिम लिखित रूपमा यो अविश्वासको प्रस्ताव पेश गर्दछौं ।

प्रस्ताव पेश गर्ने
प्रतिनिधि सभाका सदस्यहरू :

क्र.सं.	नाम	जिल्ला/क्षेत्र नं.	राजनीतिक दल	दस्तखत
१.	शेरबहादुर देउवा	डडेलधुरा	नेपाली कांग्रेस	
२.	गिरिजाप्रसाद कोइराला	मोरङ - १	नेपाली कांग्रेस	
३.	बलबहादुर के.सी.	सोलुखुम्बु	नेपाली कांग्रेस	
४.	रमेश रिजाल	पर्सा -४	नेपाली कांग्रेस	
५.	रामचन्द्र प्र.कुशवाहा	पर्सा -२	नेपाली कांग्रेस	
६.	कृष्णप्रसाद गौतम	रूकुम -१	नेपाली कांग्रेस	
७.	महेन्द्रध्वज जि.सी.	नवलपरासी -१	नेपाली कांग्रेस	
८.	रामजनम चौधरी	कैलाली - २	नेपाली कांग्रेस	
९.	बलदेव शर्मा	दाङ - २	नेपाली कांग्रेस	
१०.	राधेचन्द्र यादव	बारा - २	नेपाली कांग्रेस	
११.	कृष्णबहादुर गुरूङ	कास्की - ३	नेपाली कांग्रेस	
१२.	शिवराज सुवेदी	प्यूठान - १	नेपाली कांग्रेस	
१३.	चन्द्रकान्त दाहाल	ओखलढुङ्गा-१	नेपाली कांग्रेस	
१४.	रामहरि जोशी	सर्लाही - ३	नेपाली कांग्रेस	
१५.	अमरराज कैनी	तनहुँ - ३	नेपाली कांग्रेस	
१६.	विष्णुराज आचार्य	कपिलवस्तु - ३	नेपाली कांग्रेस	
१७.	सुरेशचन्द्र दास	सिरहा - ३	नेपाली कांग्रेस	
१८.	मिनबहादुर खत्री	बाग्लुङ - २	नेपाली कांग्रेस	
१९.	सुशीलमान शेरचन	मुस्ताङ	नेपाली कांग्रेस	
२०.	पद्मनारायण चौधरी	सिरहा - १	नेपाली कांग्रेस	
२१.	दीपकप्रकाश भास्कोटा	पाँचथर - १	नेपाली कांग्रेस	
२२.	कुलबहादुर गुरूङ	इलाम - २	नेपाली कांग्रेस	
२३.	सुरेन्द्रप्रसाद चौधरी	पर्सा - ३	नेपाली कांग्रेस	

प्रतिनिधि सभा नियमावली, २०४८ को नियम १७१ बमोजिम लिखित रूपमा यो अविश्वासको प्रस्ताव पेश गर्दछौं ।

प्रस्ताव पेश गर्ने
प्रतिनिधि सभाका सदस्यहरू :

क्र.सं.	नाम	जिल्ला/क्षेत्र नं.	राजनीतिक दल	दस्तखत
१.	शेरबहादुर देउवा	डडेलधुरा	नेपाली कांग्रेस	
२.	गिरिजाप्रसाद कोइराला	मोरङ - १	नेपाली कांग्रेस	
३.	बलबहादुर के.सी.	सोलुखुम्बु	नेपाली कांग्रेस	
४.	रमेश रिजाल	पर्सा -४	नेपाली कांग्रेस	
५.	रामचन्द्र प्र.कुशवाहा	पर्सा -२	नेपाली कांग्रेस	
६.	कृष्णप्रसाद गौतम	रूकुम -१	नेपाली कांग्रेस	
७.	महेन्द्रध्वज जि.सी.	नवलपरासी -१	नेपाली कांग्रेस	
८.	रामजनम चौधरी	कैलाली - २	नेपाली कांग्रेस	
९.	बलदेव शर्मा	दाङ - २	नेपाली कांग्रेस	
१०.	राधेचन्द्र यादव	बारा - २	नेपाली कांग्रेस	
११.	कृष्णबहादुर गुरूङ	कास्की - ३	नेपाली कांग्रेस	
१२.	शिवराज सुवेदी	प्यूठान - १	नेपाली कांग्रेस	
१३.	चन्द्रकान्त दाहाल	ओखलढुङ्गा-१	नेपाली कांग्रेस	
१४.	रामहरि जोशी	सर्लाही - ३	नेपाली कांग्रेस	
१५.	अमरराज कैनी	तनहुं - ३	नेपाली कांग्रेस	
१६.	विष्णुराज आचार्य	कपिलवस्तु - ३	नेपाली कांग्रेस	
१७.	सुरेशचन्द्र दास	सिरहा - ३	नेपाली कांग्रेस	
१८.	मिनबहादुर खत्री	बाग्लुङ - २	नेपाली कांग्रेस	
१९.	सुशीलमान शेरचन	मुस्ताङ	नेपाली कांग्रेस	
२०.	पद्मनारायण चौधरी	सिरहा - १	नेपाली कांग्रेस	
२१.	दीपकप्रकाश बास्कोटा	पाँचथर - १	नेपाली कांग्रेस	
२२.	कुलबहादुर गुरूङ	इलाम - २	नेपाली कांग्रेस	
२३.	सुरेन्द्रप्रसाद चौधरी	पर्सा - ३	नेपाली कांग्रेस	

२४.	लीला कोइराला	धनुषा -२	नेपाली कांग्रेस	
२५.	भीमबहादुर तामाङ	दोलखा -१	नेपाली कांग्रेस	
२६.	मीना पाण्डे	सर्लाही -२	नेपाली कांग्रेस	
२७.	तीर्थराज भूषाल	चितवन-४	नेपाली कांग्रेस	
२८.	पूर्णबहादुर खड्का	सुर्खेत -१	नेपाली कांग्रेस	
२९.	महेन्द्र यादव	महोत्तरी -१	नेपाली कांग्रेस	
३०.	दीपकुमार उपाध्याय	कपिलबस्तु -२	नेपाली कांग्रेस	
३१.	कमलादेवी पन्त	गोरखा -२	नेपाली कांग्रेस	
३२.	डा. गंगाधर लम्साल	चितवन -३	नेपाली कांग्रेस	
३३.	माणि लामा	ताप्लेजुङ	नेपाली कांग्रेस	
३४.	चक्रप्रसाद बास्तोला	झापा - ४	नेपाली कांग्रेस	
३५.	गणेशबहादुर खड्का	दैलेख - १	नेपाली कांग्रेस	
३६.	रेवतीप्रसाद भुसाल	अर्घाखाँची	नेपाली कांग्रेस	
३७	विपिन कोइराला	सिन्धुली-१	नेपाली कांग्रेस	
३८.	इन्दु शर्मा	पर्वत- १	नेपाली कांग्रेस	
३९.	चक्रबहादुर शाही	हुम्ला	नेपाली कांग्रेस	
४०.	दीपकजङ्ग शाह	जाजरकोट - २	नेपाली कांग्रेस	
४१	लम्मगप्रसाद मेहता	सुनसरी - ३	नेपाली कांग्रेस	
४२.	डा. ध्रुवप्रसाद शर्मा	सिन्धुली - ३	नेपाली कांग्रेस	
४३.	विमलेन्द्र निधि	धनुषा - ४	नेपाली कांग्रेस	
४४.	पद्मशंकर अधिकारी	रामेछाप - २	नेपाली कांग्रेस	
४५.	होमराज दाहाल	सिन्धुली - २	नेपाली कांग्रेस	
४६.	फलकनाथ खाने	जाजरकोट - १	नेपाली कांग्रेस	
४७.	रामचन्द्र अधिकारी	लमजुङ - १	नेपाली कांग्रेस	
४८.	रामबहादुर गुरूङ	लमजुङ - २	नेपाली कांग्रेस	
४९.	ऋषिप्रसाद देवकोटा	सल्यान - २	नेपाली कांग्रेस	
५०.	शिवराज जोशी	सुर्खेत - ३	नेपाली कांग्रेस	
५१.	खुमबहादुर खड्का	दाङ - ४	नेपाली कांग्रेस	

५२.	गोविन्दराज जोशी	तनहुँ - १	नेपाली कांग्रेस	
५३.	विजयकुमार गछदार	सुनसरी - २	नेपाली कांग्रेस	
५४.	आनन्दप्रसाद ढुंगाना	धनुषा - ३	नेपाली कांग्रेस	
५५.	सिद्धराज ओझा	डोटी - २	नेपाली कांग्रेस	
५६.	भक्तबहादुर बलायर	डोटी - १	नेपाली कांग्रेस	
५७.	हरिप्रसाद चौधरी	दाङ-१	नेपाली कांग्रेस	
५८.	राजेन्द्रबहादुर शाह	सल्यान - १	नेपाली कांग्रेस	
५९.	सुरेन्द्र हमाल	रोल्पा - २	नेपाली कांग्रेस	
६०.	बद्रीनारायण बस्नेत	मोरंग - ३	नेपाली कांग्रेस	
६१.	हरिनाथ वास्तोला	सुनसरी - ४	नेपाली कांग्रेस	
६२.	बजकिशोर सिंह	रौतहट - १	नेपाली कांग्रेस	
६३.	उद्धव ढकाल	रौतहट - ४	नेपाली कांग्रेस	
६४.	दुर्योधन सिह	रूपन्देही - १	नेपाली कांग्रेस	
६५.	हरिप्रसाद यादव	रौतहट - ३	नेपाली कांग्रेस	
६६.	चीनकाजी श्रेष्ठ	गोरखा - ३	नेपाली कांग्रेस	
६७.	कमलेशकुमार शर्मा	कपिलवस्तु - १	नेपाली कांग्रेस	
६८.	अर्जुननरसिंह के.सी.	नुवाकोट - ३	नेपाली कांग्रेस	
६९.	दुण्डिराज शर्मा पौडेल	अर्घाखाँची - २	नेपाली कांग्रेस	
७०.	बलबहादुर राई	ओखलढुंगा - २	नेपाली कांग्रेस	
७१	गोखइद्रिस	रौटहट	नेपाली कांग्रेस	
७२	डा.राम शरण महत	नुवाकोट - २	नेपाली कांग्रेस	
७३	देवेन्द्रराज कँडेल	नवलपरासी- ४	नेपाली कांग्रेस	
७४	जयप्रकाश प्रसाद गुप्ता	सप्तरी - १	नेपाली कांग्रेस	
७५	चिरञ्जीवी वाग्ले	गोरखा - १	नेपाली कांग्रेस	
७६	गोपालजी जह शाह	रूकुम - २	नेपाली कांग्रेस	
७७	रामेश्वर गोहित	सिरहा - ४	नेपाली कांग्रेस	

श्री ५ महाराजाधिराज सरकारका जुनाफमा चढाएको

विन्ती पत्र

विषय : नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा ४ बमोजिम प्रतिनिधिसभाको विघटन गरी नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति तोकि पाऊँ ।

सरकार,

(१) मिति २०५१।७।२९ मा सम्पन्न मध्यावधि निर्वाचन पश्चात् नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ को उपधारा १ अनुसार कुनै पनि राजनीतिक दलहरूबाट सरकार गठन हुन नसकेपछि सोही संविधानको धारा ४२ को उपधारा २ अनुरूप श्री ५ बाट प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेताको हैसियतमा मलाई मिति २०५१।८।१३ गते प्रधानमन्त्रीको पदमा नियुक्त गरिबक्सेको हो ।

(२) मेरो नेतृत्वमा सरकार गठन भए पश्चात् श्री ५ को सरकारले आफ्नो सम्पूर्ण ध्यान र क्षमता राष्ट्रिय हितको, रक्षा, प्रजातन्त्रको सुदृढीकरण र जनकल्याण तथा विकास गतिविधिहरूलाई व्यापक एवम् तीव्र पार्नेतर्फ केन्द्रित गर्दै आएको तथ्य जाहेर नै छ । प्रस्तुत सन्दर्भमा श्री ५ को सरकारले गरेका तथा गर्नका निम्ति तयारीको चरणमा रहेका केही प्रमुख कार्यहरू यहाँ उल्लेख गर्नु सान्दर्भिक ठान्दछु :

(क) हामीले विगत सरकारद्वारा प्रस्तुत बजेटको सीमाभित्र रहेर पनि जनतामा विकास प्रतिको चेतना व्यापक तुल्याउनका साथै उनीहरूको जीवनस्तर माथि उठाउनको निम्ति "आफ्नो गाउँ आफै बनाउँ" कार्यक्रमको थालनी गर्‍यौं । यसले ग्रामीण जनतालाई अधिकार सम्पन्न तुल्याउँदै देशव्यापीरूपमा विकास निर्माणमा उत्साहको लहर फैलाएको छ ।

(ख) पिछडिएका क्षेत्र, वर्ग, समुदाय र जनजातिको उत्थानको निम्ति विशेष कार्यक्रमहरूको संचालन गरिरहेका छौं ।

(ग) अधुरा र अपूरा रहेका विकास आयोजनाहरूलाई तदारूकताका साथ पूरा गर्ने कार्य तीव्र पारेका छौं ।

(घ) भ्रष्टाचार नियन्त्रणको निम्ति सक्रियतापूर्वक कार्यरत रहँदै ठोस कदम उठाइएको छ र अझ प्रभावकारी उपायको अवलम्बन गर्ने तयारीमा छौं ।

(ङ) राष्ट्रिय हितलाई सर्वोपरी राखी सन्तुलित परराष्ट्र नीति अवलम्बन गरिएको छ र यस अनुसरणको परिणामस्वरूप केतिपय महत्त्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् ।

(च) भूमिसुधार, सुकुम्वासी समस्या समाधान, कमैया प्रथाको उन्मूलन, महिला र बालहित, साक्षरता अभियान, नागरिकता सम्बन्धी समस्या समाधान, मतदाता परिचयपत्र, मानवाधिकार आयोगको गठन, वातावरणीय प्रदूषण नियन्त्रण, विद्युत लोड सेडिङ्ग हटाउने आदि जस्ता राष्ट्रिय सरोकारका सवालमा ठोस कार्यक्रमको अवलम्बन गरी अग्रसर रहँदै आएका छौं।

यसरी संविधानको प्रस्तावना, मूल्य एवं मान्यता र राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू बमोजिम हामी कार्यरत छौं। उपर्युक्त कार्यक्रम र क्रियाकलापहरूलाई आगामी आर्थिक वर्षमा अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कुरामा दृढ रहँदै न्यायोचित र समतामूलक समाजको निर्माण गर्ने दिशामा सशक्त रूपमा अग्रसर हुने क्रममा हामी श्री ५ को सरकारको नीति तथा कार्यक्रम एवं बजेट तर्जुमा गर्न क्रियाशील छौं। श्री ५ बाट संसदको नवौं अधिवेशन आगामी आषाढ ११ गतेका लागि आह्वान गरिबक्सेको छ। तर देश र जनताको पक्षमा गर्न लागिएका उक्त कदमहरूलाई संविधानको भावना र मर्म विपरित हुने गरी प्रतिपक्षबाट प्रतिकूल परिस्थितिको सिर्जना गरिएको छ।

(३) देशको राजनीतिक, आर्थिक र सामाजिक अवस्थालाई विचार गरी राष्ट्र तथा जनताको हितमा राष्ट्रिय सहमति कायम गरी अगाडि बढ्नुपर्छ भन्ने हाम्रो नीति रहँदै आएको हो। सोही अनुरूप हामीले अन्य राजनीतिक दल र व्यक्तित्वहरूसँग निरन्तर सम्वाद र अन्तरक्रिया चलाउँदै आएका छौं। हाम्रो यस्तो सदाशय र तत्परताको बावजुद प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसद्वारा मेरो प्रधानमन्त्रित्वमा रहेको सरकारको विरूद्धमा अविश्वासको प्रस्ताव पेश गर्न संसदको अधिवेशन बोलाइबक्सन श्री ५ मा समावेदन गरेको छ। संसदमा श्री ५ को सरकारलाई आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रम एवं बजेट प्रस्तुत गर्ने मौकाबाट समेत वञ्चित गर्ने वातावरणको सिर्जना गराइएको छ। यसरी नेपाली कांग्रेसको सरकारले आह्वान गरेको गत मध्यावधि निर्वाचनमा अभिव्यक्त जनमतको अवहेलना हुनजाने स्थितिको सिर्जना गराइएको छ। काम गर्नको लागि पर्याप्त समय दिनु त कता हो कता एक पटक आफ्नो नीति तथा कार्यक्रम र बजेटसम्म पनि पेश गर्न नदिने यो क्रियाकलाप संवैधानिक एवं संसदीय मूल्य तथा मान्यता माथिको नाङ्गो प्रहार हो। तसर्थ विगतको मध्यावधि निर्वाचनमा अभिव्यक्त जनमतको कदर गर्न तथा संवैधानिक एवं संसदीय मूल्य र मान्यताको रक्षा गर्न संविधानसम्मत उपयुक्त बाटो चाल्नु अत्यावश्यक भएको छ।

(४) मध्यावधि निर्वाचनको अवस्थाको पुनरावृत्ति नहोस् भन्ने ध्येयबाट हाम्रो तर्फबाट भएको राष्ट्रिय सहमतिको आधारमा सरकार गठन र संचालन गर्ने आह्वान एवं विभिन्न राजनीतिक दलहरूसँग अन्तिम क्षणसम्म हाम्रो तर्फबाट भएका वार्तालापहरू यस संसदबाट देशलाई राजनीतिक स्थायित्व दिने हाम्रो निरन्तर र इमान्दारीपूर्ण प्रयासका परिणाम हुन्।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा १ बमोजिम श्री ५ बाट संसदको नवौं अधिवेशनको आह्वान गरिबक्सेपछि प्रमुख प्रतिपक्षमा रहेको नेपाली कांग्रेसले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा ३ बमोजिम अधिवेशन बोलाइबक्सन वाञ्छनीय छ भनी श्री ५ समक्ष समावेदन गरेबाट संसदमा

सबैभन्दा बढी सदस्यहरू भएको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) ले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४२ को उपधारा २ बमोजिम गठन गरेको सरकारलाई संवैधानिक एवं नियमित प्रक्रियाबाट सरकार चलाउन नदिई मुलुकमा अस्थिरता कायम गर्ने, अन्यौल सिर्जना गर्ने कार्य भएको छ। वर्तमान सरकारलाई आफ्नो नीति र कार्यक्रम समेत प्रस्तुत गर्न तथा लागु गर्नबाट वञ्चित गर्न खोजिएको छ। नेपाल अधिराज्यको संविधानको धारा ४२ को उपधारा २ बमोजिम गठित सरकारलाई स्थायित्व, निरन्तरता र जीवन्तता दिन अन्तिम विन्दुसम्म भरमग्दुर प्रयास गरिरहेकै अवस्थामा प्रमुख प्रतिपक्षी दलले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा ३ बमोजिम अधिवेशनको लागि समावेदन गरेबाट मुलुकलाई स्पष्ट दिशा दिन, अन्यौल समाप्त गरी, निश्चित र स्थायी सरकार गठन गर्न संविधानको धारा ४२ को उपधारा २ बमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएकोले वर्तमान सरकारले आफ्नो नीति र कार्यक्रम लागू गर्न, मुलुकलाई स्थायी सरकार दिन तथा वर्तमान अन्यौल समाप्त गर्न सार्वभौमसत्ता सम्पन्न जनता समक्ष जनादेश प्राप्तिको लागि जानु वाञ्छनीय भएको छ। यस प्रयोजनको लागि आज मिति २०५२।२।२६ गते बसेको मन्त्रिपरिषद्को बैठकमा गम्भीर छलफल भै श्री ५ समक्ष प्रतिनिधिसभाको विघटन तथा नयाँ प्रतिनिधि सभाको लागि हुने निर्वाचनको मिति तोकिबक्सन सिफारिस गर्ने सहमति प्राप्त गरेको छु।

यसर्थ म प्रधानमन्त्री मनमोहन अधिकारी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा ४ बमोजिम श्री ५ महाराजाधिराज समक्ष प्रतिनिधि सभा विघटन गरिवक्सन र २०५२ साल कार्तिकमा प्रतिनिधि सभाको निर्वाचन हुने मिति तोकिबक्सन सिफारिस गर्दछु।

<u>विनीत,</u>

(मनमोहन अधिकारी)
प्रधानमन्त्री

२०५२ ज्येष्ठ २६ गते शुक्रबार

श्री ५ महाराजधिराज सरकार,
नारायणहिटी राजदरवार,
काठमाडौं ।

विषय : वैकल्पिक सरकार गठन गर्ने सम्बन्धमा भएको सहमति बारे ।

सरकार,

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ को उपधारा (२) अनुसार नियुक्त प्रधानमन्त्री मनमोहन अधिकारीलाई संसदको आठौं अधिवेशनमा हामी विभिन्न संसदीय दलहरूका प्रतिनिधि सभा सदस्यहरूको बहुमतले संवैधानिक प्रक्रियाको विकास, संसदीय प्रजातन्त्रको स्थायित्व र सुदृढीकरण, मुलुकको आर्थिक विकास तथा राष्ट्रिय राजनीतिमा छलफल, संवाद र सहमतिको संस्कार बसाउँदै लैजाने उद्देश्यले विश्वासको मत प्रदान गरेका थियौं । तर दुर्भाग्यवश प्रधानमन्त्री मनमोहन अधिकारीले कार्यभार सम्हालेदेखि यताको ६ महिनाको अवधिभित्र प्रधानमन्त्री स्वयं र उहाँको नेतृत्वमा गठित वर्तमान मन्त्रीपरिषद्ले संविधानको मर्म र भावना विपरित संसदीय प्रजातन्त्रका स्थापित मान्यताहरूलाई समेत लत्याउँदै स्वेच्छाचारी ढंगले शासन सञ्चालन गरिराखेको छ । यो ६ महिनाको अवधिमा प्रधानमन्त्री मनमोहन अधिकारी र वर्तमान मन्त्रिपरिषद्द्वारा पटक पटक संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्रको गरिमा र मर्यादा तथा नेपाली जनताको आधारभूत मानवाधिकारलाई समेत कमजोर र कुण्ठित पार्ने क्रियाकलाप भएका छन् । नेपाली जनताका बीच भ्रातृत्व र एकता बढाउने संविधानको मूलभावना विपरित राष्ट्रिय एकता, राष्ट्रिय संस्कृति र मर्यादालाई कमजोर बनाउने डरलाग्दो धार्मिक, भाषिक र साम्प्रदायिक झगडाको प्रारम्भ समेत प्रधानमन्त्रीको नेतृत्वमा गठित वर्तमान सरकारले गराएको तथ्य सर्वविदितै छ ।

यस्तो परिस्थितिबाट मुलुकलाई जोगाउन हामी बहुमतमा रहेका प्रतिपक्षी संसदीय दलहरूले संविधानको धारा ४२ को उपधारा (१) अनुसार स्थिर र वैकल्पिक सरकार बनाउनेतर्फ संसदलाई क्रियाशील गराउने प्रयत्न गरिराखेको बेला प्रधानमन्त्री मनमोहन अधिकारीद्वारा गैरजिम्मेवारी पूर्ण ढंगले प्रतिनिधि सभाको विघटनका लागि गरिएको सिफारिस संसदको शक्ति, वैकल्पिक सरकार गठन गर्ने संसदीय प्रणालीको मौलिक मान्यता र संवैधानिक प्रावधानहरूलाई निरस्त्र र कमजोर पार्ने कदम प्रमाणित भएको छ । संविधान बमोजिम प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषद्को गठनको सम्भावना यकिन गर्न र तत्सम्बन्धी प्रक्रिया प्रारम्भ गर्ने प्रयोजनका लागि प्रतिनिधि सभामा कुनै दलको स्पष्ट बहुमत नरहेको अवस्थामा पनि संविधानको धारा ४२ को उपधारा (१) ले दलीय समर्थनलाई नै प्रधानता दिएको तथ्य स्पष्ट छ । प्रतिनिधि सभाको विघटनका लागि प्रधानमन्त्रीद्वारा गरिएको सिफारिसका सम्बन्धमा श्री ५ महाराजाधिराज सरकारबाट परामर्श लिने क्रम शुरू गरिबक्सेको अहिलेको परिस्थितिमा प्रतिनिधि सभाका बहुमत सदस्यहरूलाई प्रतिनिधित्व गर्ने हामी तीन विभिन्न संसदीय दलका नेताहरू आ-आफ्नो संसदीय दलका तर्फबाट प्रधानमन्त्री मनमोहन अधिकारीद्वारा गरिएको प्रतिनिधि सभाको विघटनको सिफारिसलाई अनावश्यक र औचित्यहीन ठहर गर्दै वर्तमान प्रतिनिधि

सभाभित्रैबाट संविधानको धारा ४२ को उपधारा (१) अनुसार स्थिर वैकल्पिक सरकार गठन गर्ने प्रक्रियालाई अघि बढाउन निवेदन जाहेर गर्दछौं ।

सङ्कीर्ण दलगत स्वार्थ पूरा गर्ने उद्देश्यले तथा संसदको शक्ति, संवैधानिक प्रक्रिया र संसदीय परम्परालाई समेत घोर उपेक्षा गर्दै जनताको चाहना विपरीत मुलुकमा राजनीतिक अस्थिरता र आर्थिक दिशाहीनता निम्त्याउने मध्यावधि निर्वाचनको अनावश्यक सिफारिस गर्ने दुष्कार्यका लागि वर्तमान प्रधानमन्त्री मनमोहन अधिकारी पूर्णरूपेण जिम्मेवार हुनुहुन्छ तथा उहाँको नेतृत्व मुलुकलाई विद्यमान परिस्थिति र आसन्न संकटबाट जोगाउन पूर्णतः असक्षम प्रमाणित भैसकेको छ ।

मुलुकको राजनीति, अर्थतन्त्र, समाजिक र साम्प्रदायिक सद्भाव र परराष्ट्र सम्बन्ध यस्तो चिन्ताजनक अवस्थामा पुगेको बेला मुलुकलाई यो संकटग्रस्त स्थितिबाट मुक्ति दिलाउनेतर्फ प्रतिनिधिसभा क्रियाशील हुनु हामी अपरिहार्य देख्दछौं । मुलुकको अवस्था आज चिन्ताजनक भए पनि हाम्रो संसद् यी समस्याहरूको निदान गर्न सक्षम र समर्थ छ भन्ने हाम्रो धारणा छ । यिनै परिस्थितिलाई दृष्टिगत गरी प्रतिनिधि सभामा बहुमत सदस्यहरूलाई प्रतिनिधित्व र नेतृत्व गर्ने हामी तीन विभिन्न संसदीय दलका नेताहरू नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५९ को उपधारा (२) अनुसार वर्तमान प्रधानमन्त्री मनमोहन अधिकारीमाथि प्रतिनिधिसभाको अविश्वास रहेको प्रस्ताव प्रतिनिधि सभामा विधिगत दर्ता गरी पारित गर्न तथा यसै संविधानको धारा ४२ को उपधारा (१) अनुसार बहुमतको स्थिर र सुदृढ वैकल्पिक सरकार गठन गर्ने कुरामा सहमत भएका छौं । यसै प्रयोजनका लागि संविधानको धारा ५३ को (३) बमोजिम मौसुफको जुनाफमा समावेदनपत्र चढाइएको व्यहोरा जाहेर गर्दछौं ।

बहुदलीय संसदीय प्रजातन्त्रप्रति निष्ठावान् मुलुकको जिम्मेवार राजनैतिक दलको हैसियतले जनताको अभिमतलाई प्रतिनिधित्व गर्ने संसदको शक्ति र सर्वोपरितालाई क्रियाशील गराउँदै संसदभित्रबाटै बहुमतको स्थिर र सुदृढ वैकल्पिक सरकार गठन गर्ने अनपेक्षित मध्यावधि निर्वाचनको सम्भावनालाई टार्ने प्रयत्न गर्नु हाम्रो संवैधानिक र संसदीय जिम्मेवारी भएको कुरा पनि मौसुफका जुनाफमा सादर निवेदन गर्न चाहन्छौं ।

अन्त्यमा, संवैधानिक प्रक्रियाको विकास तथा बहुमतको सरकार बन्ने र बनाउने संसदको शक्ति र संसदीय पद्धति अनुरूप हामी प्रतिनिधिसभामा बहुमत सदस्यहरूको प्रतिनिधित्व गर्ने तीन विभिन्न संसदीय दलको नेताका हैसियतले वर्तमान प्रधानमन्त्री मनमोहन अधिकारीको नेतृत्वमा कार्यरत सरकारको विकल्पमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ उपधारा (१) अनुसार बहुमतको स्थिर र सुदृढ सरकार गठन गर्न प्रतिनिधि सभा र हामी सक्षम र समर्थ छौं भन्ने व्यहोरा मौसुफका जुनाफमा जाहेर गर्दछौं ।

विन्ती चढाउने संसदीय दलका नेताहरू

नाम	संसदीय दल	हस्ताक्षर
श्री शेरबहादुर देउवा	नेपाली कांग्रेस	.....
श्री लोकेन्द्रबहादुर चन्द	रा.प्र.पा.	.....
श्री गजेन्द्रनारायण सिंह	ने. सद्भावना पार्टी	.....

इति संवत् २०५२ साल ज्येष्ठ महिना २८ गते रोज १ शुभम् .....

श्री ५ महाराजधिराज सरकारका जुनाफमा चढाएको

बिन्ति पत्र

राजदरवार, काठमाण्डौ, नेपाल

विषय : संसदीय दलको निर्णय जाहेर गरेको राष्ट्रनायक सरकार ।

मिति ०५२।२।२६ मा बसेको राष्ट्रिय प्रजातन्त्र पार्टीको संसदीय दलको बैठकले सर्व सम्मतिबाट सरकारको जुनाफमा जाहेर गर्ने भनि गरिएको निर्णयको सक्कल प्रति यसै साथ राखि जाहेर गर्दछु ।

साथै संविधानको धारा ४२ को उपधारा १ अनुरुप प्रतिनिधि सभाका सदस्य श्री शेर बहादुर देउवालाई नयां सरकार गठन गर्न रा.प्र.पा. संसदीय दलको समर्यन रहेको व्यहोरा समेत जाहेर गर्दछु ।

सरकार जो हुकुम,

सेवक

लोकेन्द्र बहादुर चंन्द
नेता - संसदीय दल
राष्ट्रिय प्रजातन्त्र पार्टी

मिति : ०५२।२।२८

श्री ५ महाराजधिराज सरकारका जुनाफमा

नारायणहिटी राजदरवार, काठमाडौं ।

सरकार ।

प्रधानमन्त्री श्री मनमोहन अधिकारीले नेपाल अधिराज्यको संविधानको धारा ५३ को उपधारा ४ अनुरुप प्रतिनिधि सभा विघटनको लागि सिफारिस चढाउनु भएको सन्दर्भमा हामी रा.प्र.पा. का निम्नलिखित प्रतिनिधि सभाका सदस्यहरु मौसूफ समक्ष देहाय बमोजिमको व्यहोरा जाहेर गर्दछौं ।

१. मध्यावधि निर्वाचन सम्पन्न भएको सात महिना पनि नबित्दै मुलुकले अर्को मध्यावधि निर्वाचन धान्न सक्ने स्थिति छैन । राजनैतिक आर्थिक र संवैधानिक दृष्टिकोणबाट प्रधानमन्त्रीले नयाँ निर्वाचनको लागि गर्नु भएको सिफारिस अप्रसांगिक अनावश्यक र अनुपयुक्त छ ।

२. प्रतिनिधि सभाका ७० सत्तरी जना सदश्यहरुले वर्तमान प्रधानमन्त्रीका विरुद्ध अविश्वासको प्रस्ताव पेश गर्ने उद्देश्यले प्रतिनिधि सभाको विशेष अधिवेशन बोलाई बक्सन मौसूफमा समावेदन चढाएको र मौसूफ सरकारबाट संविधानबमोजिम २०५२ साल आषाढ २ गते प्रतिनिधिसभाको विशेषअधिवेशन आह्वानसमेत गरिबक्सेको अवस्थामा प्रतिनिधिसभा विघटन गरी नयाँ निर्वाचनको लागि सिफारिस चढाउनु नैतिक, राजनैतिक र संवैधानिक दृष्टिकोणबाट प्रतिकुल रहेको छ ।

मौसुफबाट आह्वान गरीबक्से बमोजिम प्रतिनिधि सभाको बैठक बसी संविधान अनुरुपको प्रक्रया पुरा हुनु नितान्त वान्छनीय रहन्छ । यही प्रक्रियाबाट संविधान र संसदको मर्यादा कायम रहन्छ ।

३. संसदबाट वैकल्पीक सरकार बन्न सक्ने संभावना कायम रहेसम्म प्रतिनिधि सभा भंग गरी नयाँ निर्वाचनको सिफारिस चढाउन अनुपयुक्त ठहर्दछ । वर्तमान संसदबाट वैकल्पीक सरकार बन्न सक्ने स्थिति पुर्णरुपमा विद्यमान रहेको व्यहोरा सरकार समक्ष जाहेर गरेका छौं । मौसुफबाट नयाँ सरकार बन्न सक्ने संभावनाको खोजी गरिबक्सन सल्लाह चढाउंछौं ।

जाहेरी चढाउने :

१. लोकेन्द्र बहादुर चन्द (संसदीय दलका नेता) २. सूर्य बहादुर थापा
३. पद्ममुन्दर लावती ४. पशुपती समशेर ज.ब.रा. ५. प्रकाश चन्द लोहनी
६. कमल थापा ७. बालाराम घर्ति मगर ८. रमेश नाथ पाण्डे
९. शान्ती समशेर ज.ब.रा. १०. प्रेम बहादुर भण्डारी ११. सिर्जा हिसम्मुद्दीन बेग
१२. सर्वेन्द्र नाथ शुक्ला १३. बुद्धिमान तामाङ १४. रामकाजी खरादी
१५. रामविलास यादव १६. सुभाषी राय यादव १७. जटाशंकर राय
१८. राजीव परासुली १९. विष्णु विक्रम थापा

मिति : २०५२।३।२३

श्री ५ महाराजाधिराज सरकारका हजुरमा चढाएको

विन्तीपत्र

विषय : वैकल्पिक मन्त्रिपरिषद् गठन गरिबक्सनका निम्ति नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ को उपधारा (१) बमोजिम प्रतिनिधि सभाका सदस्य श्री शेर बहादुर देउवालाई प्रधानमन्त्री पदमा नियुक्त गरिबक्सनका लागि जाहेर गरी चढाइएको सिफारिश ।

सरकार,

हामी निम्नलिखित राजनैतिक दलका उम्मेदवार बनी निर्वाचित भएका प्रतिनिधि सभाका सदस्यहरु र स्वतन्त्र सांसदहरु समेतले निम्नअनुसार विन्ती चढाएका छौं ।

१. गत मध्यावधि निर्वाचनमा कुनै राजनैतिक दलले प्रतिनिधि सभामा प्रष्ट बहुमत प्राप्त गर्न सकेन र मौसुफ सरकारबाट सबैभन्दा बढी सदस्यहरु भएको ने.क.पा. एमाले संसदीय दलका नेता मनमोहन अधिकारीलाई प्रधानमन्त्री पदमा नियुक्त गरी बक्सेको हो । प्रधानमन्त्री र उहाँको मन्त्रिपरिषद्का सदस्यहरुबाट संविधानले आत्मसात् गरेका संवैधानिक संरचनाहरु समेतलाई प्रहार गर्ने विभिन्न अवाञ्छित क्रियाकलापहरु गर्नु गराउनु भएका व्यहोरा उल्लेख गरी बारम्बार प्रधानमन्त्री र अन्य मन्त्रीहरुबाट अभिव्यक्त मध्यावधिको धम्की र संत्रासबाट देशलाई मुक्त गर्न र यस सरकारलाई हटाई सुदृढ, सक्षम र स्थिर वैकल्पिक मन्त्रिपरिषद् गठन हुनका लागि हामी निवेदकहरुमध्येका नेपाली कांग्रेसका ७० जना सांसदहरुले विशेष अधिवेशन बोलाउन समावेदन चढाउँदा अधिवेशन बस्ने मिति २०५२/३/२ गते तोकी बक्सेपछि अविश्वासको प्रस्ताव सामना गर्न सक्ने क्षमता नभएको आफूलाई महसुस गरेर हतास भई अल्पमतको मन्त्रिपरिषद्को नेतृत्व गर्नु भएका प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिनिधि सभा नै विघटन गराउने सिफारिश चढाउनु भयो । यसै सन्दर्भमा मौसुफ सरकारबाट संविधान अनुसार परामर्श लिने कुरा शुरु गरिबक्सेको जानकारी मिति २०५२/२/२६ गते प्रमुख संवाद सचिवालय राजदरबारबाट प्रकाशित सूचनाबाट पाएका छौं ।

२. प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको बहुमतले प्रधानमन्त्री उपर अविश्वास व्यक्त गरेमा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुने र बहुमतको विश्वास प्राप्त गर्नसक्ने प्रतिनिधि सभाको सदस्य वा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्रीको पदमा मौसुफ सरकारबाट नियुक्त गरी बक्सने प्रावधानहरु हाम्रो संविधानमा विद्यमान छन् । बहुमतको विश्वास प्राप्त गर्न सकेनेलाई प्रधानमन्त्री

नियुक्त हुन नमिल्ने कुनै प्रकारको अंकुश संविधानले कतै कहीं लगाएको छैन संसद्को बहुमतबाट नै संसदीय शासन प्रणाली सञ्चालित हुने र विद्यमान संसद्बा अर्को स्थिर तथा सक्षम सरकारको गठन हुन सक्ने तथा संसद् सुचारु रुपले चल सक्ने स्थिति रहेको अवस्थामा संसद् विघटन नहुने संसदीय मर्यादाका सर्वमान्य परम्पराहरु प्रचलनमा रहेका छन् । बारम्बार मध्यावधि निर्वाचनमा जाँदा देशको आर्थिक स्थितिमा प्रतिकूल असर पर्ने यथार्थताको समेत जाहेर गरेका छौं ।

३. प्रतिनिधि सभा विघटन गराउनका लागि प्रधानमन्त्री मनमोहन अधिकारीले चढाउन भएको सिफारिशमा दर्शाइएका धारणा र आधारहरुमा तथ्यगत औचित्यहीनता आफू सत्तामा टिकीरहने स्वार्थले अभिप्रेरित भएको समेत देखिन्छ ।

४. वर्तमान प्रतिनिधि सभामा कुनै दलले प्रष्ट बहुमत प्राप्त गर्न नसकेको अवस्था छ, संविधानका धारा सधै क्रियाशील भैरहने हुन्छन् । एक पटक प्रयोग नभएपछि फेरि प्रयोग हुन सक्दैन भन्नु स्वार्थप्रेरित, सत्तामुखी व्याख्या हो । हामी निवेदकहरुको तपसिलमा उल्लेखित सदस्य संख्याबाट प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको बहुमत प्रष्ट प्रमाणित भैसकेको छ ।

५. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ को उपधारा (१) मा दुई वा दुईभन्दा बढी दलहरुको समर्थनबाट प्रतिनिधि सभाका सदस्यहरुको बहुमतको विश्वास प्राप्त गर्नसक्ने सदस्यलाई प्रधानमन्त्रीको पदमा नियुक्त गरिवक्सने संवैधानिक व्यवस्था भएको र हामी नेपाली कांग्रेस,राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टी समेतका आ-आफ्ना पार्टीका उम्मेदवार भई प्रतिनिधि सभामा सदस्य निर्वाचित भएका र स्वतन्त्र उम्मेदवारका रुपमा निर्वाचित भएका सांसद निवेदकहरुले प्रतिनिधि सभाका सदस्य श्री शेर बहादुर देउवालाई विश्वासको मत प्रदान गरेको मौसुफ सरकारमा जाहेर गर्दछौं । आगामी २०५२ आषाढ २ गते हुने प्रतिनिधि सभाको अधिवेशनमा प्रस्तुत हुने प्रधानमन्त्री मनमोहन अधिकारी उपरको अविश्वासको प्रस्तावको हामीले समर्थन गर्ने भएका छौं । तसर्थ संसद् विघटन गर्ने चढाइएको सिफारिश अस्वीकृत गरिवक्सी हाम्रो विश्वासको मत प्राप्त गर्ने शेर बहादुर देउवालाई प्रधामन्त्रीको पदमा नियुक्त गरिवक्सन विन्ती चढाएका छौं ।

तपसिल

वैकल्पिक मन्त्रिपरिषद् गठन गर्न विन्ती चढाउने प्रतिनिधि सभाका सदस्यहरु

क्र.सं	नाम	जिल्ला/क्षेत्र नं.	राजनीतिक दल	दस्तखत
१.	शेर बहादुर देउवा	डडेल्धुरा	ने. का.	
२.	गिरिजा प्र. कोइराला	मोरंग-१	ने. का.	
३.	बलबहादुर के.सी.	सोलुखुम्बु	ने.का.	
४.	आनन्द प्रसाद ढुंगाना	धनुषा-३	ने.का.	
५.	सुशीलमान शेरचन	मुस्ताङ	ने.का.	
६.	शिवराज सुवेदी	पाल्पा- १	ने का	
७	मिन बहादुर खत्री	बाग्लुङ २	ने.का.	

८.	झलक नाथ वाग्ले	जाजरकोट- १	ने.का.	
९.	रामचन्द्र प्र. कुशवाहा	पर्सा-२	ने.का.	
१०.	राजेन्द्र यादव	बारा-२	ने.का.	
११.	हरि प्रसाद चौधरी	दाङ-१	ने.का.	
१२.	महेन्द्र यादव	महोत्तरी-१	ने.का.	
१३.	बजकिशोर सिंह	रौतहट-१	ने.का.	
१४.	रेवती प्रसाद भूसाल	अर्घाखाँची-१	ने.का.	
१५.	बलदेव शर्मा	दाङ-२	ने.का.	
१६.	शिवराज जोशी	सुर्खेत- ३	ने.का.	
१७.	विपिन कोइराला	सिन्धुली-१	ने.का.	
१८.	भीमबहादुर तामाङ	दोलखा-१	ने.का.	
१९.	विमलेन्द्र निधि	धनुषा- ४	ने.का.	
२०.	इन्दु शर्मा	पर्वत- १	ने.का.	
२१.	होमराज दाहाल	सिन्धुली- २	ने.का.	
२२.	बद्री नारायण बस्नेत	मोरंग-३	ने.का.	
२३.	मणि लामा	ताप्लेजुङ- १	ने.का.	
२४.	पद्ममशंकर अधिकारी	रामेछाप- २	ने.का.	
२५.	दीपक प्रकाश वाँस्कोटा	पाचयर- १	ने.का.	
२६.	रामजनम चौधरी	कैलाली- २	ने.का.	
२७.	दीप कुमार उपाध्याय	कपिलवस्तु- २	ने.का.	
२८.	सीता कोइराला	धनुषा - २	ने.का.	
२९.	गोपालजी जङ्ग शाह	रुकुम - २	ने.का.	
३०.	चन्द्रकान्त दाहाल	ओखलढुङ्गा- १	ने.का.	
३१.	राज देव गोइत	सीरहा - ४	ने.का.	
३२.	विष्णु राज आचार्य	कपिलवस्तु- ३	ने.का.	
३३.	जय प्रकाश प्रसाद गुप्ता	सप्तरी - १	ने.का.	
३४.	रामचन्द्र अधिकारी	लमजुङ - १	ने.का.	
३५.	पूर्ण बहादुर खड्का	सुर्खेत - १	ने.का.	
३६.	महेन्द्रध्वज जि.सी.	नवलपरासी- १	ने.का.	
३७.	भक्त बहादुर बलायर	डोटी - १	ने.का.	
३८.	डा. ध्रुव प्रसाद शर्मा	सिन्धुली- ३	ने.का.	
३९.	देवेन्द्र राज कण्डेल	नवलपरासी-४	ने.का.	
४०.	हरिहर प्रसाद यादव	रौतहट-३	ने.का.	
४१.	रमेश रिजाल	पर्सा- ४	ने.का.	
४२.	तीर्थराज भुषाल	चितवन- ४	ने.का.	
४३.	सुरेन्द्र हमाल	रोल्पा- २	ने.का.	
४४.	कृष्णप्रसाद उपाध्याय (गौतम)	रुकुम- १	ने.का.	

४५.	चक्रबहादुर शाही	हुम्ला	ने.का.	
४६.	गणेश बहादुर खड्का	दैलेख- १	ने.का.	
४७.	दुर्योधन सिंह	रुपन्देही- १	ने.का,	
४८.	हरिनाथ वास्तोला	सुन्सरी- ४	ने.का.	
४९.	डा. गंगाधर लम्साल	चितवन- ३	ने.का.	
५०.	दीपक जङ्ग शाह	जाजरकोट- २	ने.का.	
५१.	रामहरि जोशी	सर्लाही- ३	ने.का.	
५२	राजेन्द्र बहादुर शाह	सल्यान	ने.का.	
५३.	चिन काजी श्रेष्ठ	गोरखा- ३	ने.का.	
५४.	सुरेश चन्द्र दास	सिराहा- ३	ने.का.	
५५.	कमलेश कुमार शर्मा	कपिलवस्तु- १	ने.का.	
५६.	कमला देवी पन्त	गोरखा- २	ने.का.	
५७.	मीना पाण्डे	सर्लाही- २	ने.का.	
५८.	सुरेन्द्र प्रसाद चौधरी	पर्सा- ३	ने.का.	
५९.	अर्जुन नरसिंह	नुवाकोट- ३	ने.का.	
६०.	अमर राज कैनी	तनहुँ- ३	ने.का.	
६१.	कुल बहादुर गुरुङ	इलाम- २	ने.का.	
६२.	राम बहादुर गुरुङ	लमजुङ- २	ने.का.	
६३.	कृष्ण बहादुर गुरुङ	कास्की- ३	ने.का.	
६४.	क्षेवि प्रसाद देवकोटा	सल्यान- २	ने.का.	
६५.	लक्ष्मण प्रसाद मेहता	सुन्सरी- ३	ने.का.	
६६.	खुण्डिराज शर्मा पौड्याल	अर्घाखाँची-२	ने.का.	
६७.	सिद्धराज ओझा	डोटी- २	ने.का.	
६८.	पद्म नारायण चौधरी	सिराहा- १	ने.का.	
६९.	चक्र प्रसाद वास्तोला	झापा- ४	ने.का.	
७०.	विजय कुमार गच्छदार	सुनसरी- २	ने.का.	
७१.	खुम बहादुर खड्का	दाङ- ४	ने.का.	
७२.	डा. राम शरण महत	नुवाकोट- २	ने.का.	
७३.	शैलजा आचार्य	मोरंग- ७	ने.का.	
७४.	चिरञ्जीवी वाग्ले	गोरखा- १	ने.का.	
७५.	बलबहादुर राई	ओखलढुंगा- २	ने.का.	
७६.	शेख इद्रिस	रौतहट- २	ने.का.	
७७	उद्धव ढकाल	रौतहट- ४	ने.का.	
७८	गोविन्द राज जोशी	तनहुँ- १	ने.का.	
७९	नरेश बहादुर सिंह	बर्दिया- २	स्वतन्त्र सदस्य	

८०.	पाल्तेन गुरुङ	मनाङ	स्वतन्त्र सदस्य	
८१.	शरतसिंह भण्डारी	महोत्तरी-४	स्वतन्त्र सदस्य	
८२.	हस्त बहादुर मल्ल	मुगु	नेपाली कांग्रेस	
८३.	गजेन्द्र नारायण सिंह	सप्तरी- २	ने.स.पा.	
८४.	अनिस अन्सारी	सप्तरी- ३	ने.स.पा.	
८५.	महन्थ ठाकुर	सर्लाही- ५	नेपाली कांग्रेस	हाल उपत्यका बाहिर
८६.	प्रदीप गिरी	सिरहा- ५	नेपाली कांग्रेस	हाल उपत्यका बाहिर

फोन नं.- २-२७६४१
२-२७६४२

पत्र संख्या
च.नं. ५०।०५२
राजदरबार
काठमाडौं, नेपाल
दिनांक जेठ ३०,२०५

श्री ५ महाराजाधिराजको
प्रमुख सचिवालय

विषय: श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्री मनमोहन अधिरकारीले विभिन्न कार देखाई नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (४) बमोजि वर्तमान प्रतिनिधिसभा विघटन गरिबक्सन र प्रतिनिधि सभाका लागि निर्वाचन हुने मि २०५२ साल मंसीर ७ गते बृहस्पतिवारका दिन तोकिबक्सन मन्त्रिपरिषद्को निर्णय सहि २०५२ साल जेठ २६ गते चढाउनु भएको सिफारिश बमोजिम मौसुफबाट नेपा अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम २०५२ साल मंसी ७ गते बृहस्पतिवारका दिन नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन गराउने ग प्रतिनिधिसभा विघटन गरिबक्सेको छ।

सायै मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६ को उपधारा ७) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म कार्य संचालन गरिरहने प्रधानमन्त्र मनमोहन अधिकारीको अध्यक्षतामा रहेको मन्त्रिपरिषदले प्रतिनिधि सभाको लागि हु निर्वाचन शान्तिपूर्वक स्वच्छ र निष्पक्ष रूपमा सफलतापूर्वक सम्पन्न गराउने आ राखिबक्सेको छ।

हुकुम बक्से बमोजिम,
(पशुपतिभक्त महर्जन)
सचिव

श्री महानिर्देशक,
श्री मुद्रण विभाग, सिंहदरबार - उक्त विज्ञप्ति नेपाल राजपत्रमा अतिरिक्तांक गर्न प्रकाशित गर्नु गराउनु हुन।

जा.का. तथा बोधार्थ:-
श्री मुख्य सचिव
मन्त्रिपरिषद सचिवालय, सिंहदरबार।
श्री महासचिव
संसद सचिवालय, संसद भवन,
सिंहदरबार।



नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, जेठ ३० गते २०५२ साल (अतिरिक्ताङ्क ६ (क)

भाग ४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरवारको विज्ञप्ति

श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्री श्री मनमोहन अधिकारीले विभिन्न कारण देखाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम वर्तमान प्रतिनिधि सभा विघटन गरिबक्सन र प्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति २०५२ साल मंसीर ७ गते बृहस्पतिवारका दिन तोकिबक्सन मन्त्रिपरिषद्को निर्णय सहित २०५२ साल जेठ २६ गते चढाउनुभएको सिफारिशबमोजिम मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम २०५२ साल मंसीर ७ गते बृहस्पतिवारका दिन नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन गराउने गरी प्रतिनिधि सभा विघटन गरिबक्सेको छ ।

साथै मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६ को उपधारा (३) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म कार्य सञ्चालन गरिरहने प्रधानमन्त्री श्री मनमोहन अधिकारीको अध्यक्षतामा रहेको मन्त्रिपरिषद्ले प्रतिनिधि सभाको लागि हुने निर्वाचन शान्तिपूर्वक, स्वच्छ र निष्पक्ष रूपमा सफलतापूर्वक सम्पन्न गराउने आशा गरिबक्सेको छ ।

हुकुमबक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन-पत्र

विषय : नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा धारा ८८ (२) बमोजिम उत्प्रेषणयुक्त परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा, आदेश वा पूर्जी जारी गरी पाऊँ।

कास्की जिल्ला कालिका गा.वि.स. वडा नं. ३ मणिकुञ्च, काफलघारी घर भई हाल का.जि.का.न.पा. वडा नं. ११ माइतीघर बस्ने वर्ष ३४ को अधिवक्ता रविराज भण्डारी ..... १ रिट निवेदक

विरुद्ध

प्रधानमन्त्री श्री मनमोहन अधिकारी - प्रधानमन्त्रीको कार्यालय, सिंहदरवार, काठमाडौं १

श्री ५ को सरकार मन्त्रिपरिषद्- मन्त्रिपरिषद् सचिवालय, सिंहदरवार, काठमाडौं १

निर्वाचन आयोग,- बहादुर भवन, कान्तिपथ, काठमाडौं ... ... १ विपक्षी

प्रत्यर्थी

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीबाट असम्वैधानिक रूपमा प्रतिनिधिसभाको विघटन र मध्यावधि निर्वाचनको मिति तोकि पाउन भएको सिफारिस र सोबाट निसृत परिणामले मुलुकमा संवैधानिक संकट उत्पन्न भएकोले सो संकटबाट राष्ट्रलाई सुरक्षित राख्न संविधानले प्रत्याभूति गरेको कानूनको शासन (Rule of law) कायम राख्न, सार्वभौमसत्ता सम्पन्न जनताको सार्वभौमिक अधिकारको प्रतिनिधित्व गर्ने प्रतिनिधिसभालाई विनाकारण विघटन हुनबाट बचाउन र बहुमतको सरकार गठन हुने संवैधानिक निकास मौजूद हुँदा हुँदै देशलाई मध्यावधिको भमरीमा डुब्नबाट जोगाई राष्ट्र, संविधान र सम्पूर्ण नेपाली जनतालाई त्राण प्रदान गर्नका लागि म निवेदक नेपालको नागरिक र प्रतिनिधिसभाको निर्वाचनको मतदाता समेत भएकोले सार्वजनिक सरोकारको विवादमा समावेश भएका संवैधानिक प्रश्नहरूको निरूपणको लागि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ ले निर्दिष्ट गरे बमोजिम धारा ८८ (२) अनुसार प्रस्तुत रिट निवेदन लिई न्याय पाउन सम्मानित अदालतको शरणमा आएको छु। सर्वोच्च अदालत नियमावली, २०४९ बमोजिम प्रस्तुत निवेदन वापत लाग्ने दस्तुर रू. ५००/- बुझाएको नगदी रसीद समेत यसै साथ संलग्न गरेको छु। म निवेदकको रिट निवेदन निम्नअनुसार छ-

१. मिति २०५१ साल कार्तिक २९ गतेसम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा प्रतिनिधिसभामा सबैभन्दा बढी (८८ स्थान) सदस्यहरू भएको नेपाल कम्युनिष्ट पार्टी (एमाले) को संसदीय दलका नेता श्री मनमोहन अधिकारी नेपाल अधिराज्यको संविधान, २०४७ का धारा ४२ (२)बमोजिम मिति २०५१।८।१३ मा प्रधानमन्त्री पदमा नियुक्त हुनु भई निजकै अध्यक्षतामा ऐ. १४ गते १५ सदस्यीय मन्त्रिपरिषद्को गठन भएको हो ।

२. उक्त प्रतिनिधिसभाको निर्वाचनमा कुनै पनि राजनैतिक दललाई स्पष्ट बहुमतको जनादेश प्राप्त नभए तापनि राष्ट्रियताको संरक्षण एवं सम्वर्द्धन, प्रजातन्त्रको सुदृढीकरण, विकास र निर्माणको निरन्तरता, राजनैतिक स्थिरता, शान्ति र व्यवस्था एवं राष्ट्रिय सहमतिको अपेक्षा राखी प्रमुख प्रतिपक्षी दल लगायत सम्पूर्ण दल एवं स्वतन्त्र सांसदहरू समेतले संविधानको धारा ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्रीलाई ऐ. को उपधारा (३) बमोजिम ३० दिन भित्र प्रतिनिधिसभामा आफ्नो विश्वासको मत प्रदान गरी धारा ४२ (४) बमोजिम भङ्ग हुनबाट प्रतिनिधिसभाले आफूलाई सुरक्षित राखी आफ्नो स्थायित्व, निरन्तरता, जीवन्तता र पूर्णायु प्राप्त गरेको थियो ।

३. प्रतिनिधिसभाको अधिवेशन चालू नरहेको अवस्थामा संविधानको धारा ५९ (२) बमोजिम प्रधानमन्त्री उपर अविश्वासको प्रस्ताव पेश गर्ने समेत प्रयोजनको लागि आधार कारण र औचित्य सहित श्री ५ महाराजाधिराजका हजूरमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधिसभाको अधिवेशन बोलाइबक्सन प्रतिनिधिसभाका ७० जना सदस्यहरूले लिखित समावेदन चढाउनु भई मौसूफबाट सो बमोजिम २०५२।३।२ को दिन प्रारम्भ हुने गरी प्रतिनिधिसभाको विशेष अधिवेशनको आव्हान गरिबक्सेको छ । त्यसै गरी मौसुफ सरकारबाट संविधान बमोजिम संसद्को नवौं अधिवेशन समेत मिति २०५२।३।११ गतेदेखि प्रारम्भ हुने गरी संसद्को नियमित अधिवेशन समेत आव्हान गरिबक्सेको छ ।

४. धारा ५३ (३) को संवैधानिक प्रक्रिया शुरू भैसकेपछि सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीले "मुलुकलाई स्पष्ट दिशा दिन, अन्यौल समाप्त गरी निश्चित र स्थायी सरकार गठन गर्न संविधानको धारा ४२ को उपधारा (२) बमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएकोले" भन्ने समेत कारण देखाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम प्रतिनिधिसभा विघटन गरी पाउन र प्रतिनिधिसभाको निर्वाचन हुने मिति तोकि पाउन मिति २०५२।२।२६ मा सिफारिश गर्नु भएको रहेछ ।

५. सम्माननीय प्रधानमन्त्रीले गर्नु भएको उक्त २०५२।२।२६ को सिफारिस र सोका आधारहरू एवं सोबाट निसृत परिणाम समेत निम्नलिलिखत कारणहरूका आधारमा त्रुटिपूर्ण, असंवैधानिक र शुरूदेखि नै शून्य एवं बदरभागी छ -

(क) अमर शहीदहरूको बलिदान तथा नेपाली जनताले २०४६ सालमा गरेको सफल जनआन्दोलनको माध्यमबाट इच्छ्याइएको संवैधानिक परिवर्तन

अनुरूपको नेपाल अधिराज्यको संविधान, २०४७ ले अपरिवर्तनीयरूपमा स्थापित गरेको संसदीय शासन प्रणालीलाई अस्तित्वरहित बनाइएको छ। केही समय अघि मात्र मिति २०५१।७।२९ मा सम्पन्न भएको आम निर्वाचनबाट ताजा जनादेश लिई सार्वभौम सत्ता सम्पन्न नेपाली जनताको सार्वभौमिक अधिकारको प्रतिनिधित्व गरिरहेको प्रतिनिधिसभाको विशेष अधिवेशन २०५२।३।२ मा र नवौं अधिवेशन २०५२।३।११ मा बैठक बस्न आह्वान भइसकेको स्थितिमा संविधान बमोजिम आह्वान भैसकेका उक्त अधिवेशनहरू शुरू हुनसम्म नदिई उक्त अधिवेशनहरू नै हुन नदिने दुराशय लिई विपक्षी प्रधानमन्त्रीले सिफारिश गर्नु भएको छ।

(ख) संसदीय शासन प्रणालीमा सरकारको गठन, नियन्त्रण र सरकारलाई विघटन गरी नयाँ सरकारको गठन गर्ने पूर्णाधिकार संसद्मै निहित रहेको हुन्छ। संसदीय व्यवस्थाको यो सर्वमान्य संवैधानिक व्यवस्था, मान्यता र प्रचलनलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६, धारा ४२, धारा ५३, धारा ५९ समेतमा स्पष्टरूपमा व्यवस्थित गरिएको छ। प्रधानमन्त्रीको उक्त सिफारिसले सरकार संसद्प्रति जवाफदेही हुने सिद्धान्तको विरुद्ध संसद् सरकारप्रति जवाफदेही हुनु पर्ने गरी असंवैधानिक अराजकतालाई आमन्त्रण गरेको छ। संसदीय मूल्य, मान्यता र परम्परालाई अवरुद्ध गरी संसदीय प्रणालीको आत्मालाई नै क्षत-विक्षत तुल्याइएको छ।

(ग) संविधानको धारा ५३ (३) बमोजिम विशेष अधिवेशनको संवैधानिक प्रक्रिया शुरू भैसकेपछि सो उपधारा (३) ले निरन्तरता प्राप्त गरिरहेकै अवस्थामा उपधारा ५३ (४) आकर्षित हुने सक्तैन। विशेष अधिवेशनको आधार, कारण, औचित्य र वाञ्छनीयतालाई निरूत्तरित छाडी सो संवैधानिक प्रावधानले पूर्णता प्राप्त नगर्दै, टुङ्गोमा नपुग्दै र किनारा नलाग्दै उक्त धारा ५३ को उपधारा (१) (२) र (३) समेतलाई अतिक्रमण गरी उपधारा (४) मा प्रवेश गर्न धारा ५३ को समष्टिगत व्यवस्था समेतले दिदैन। प्रधानमन्त्रीको सिफारिस धारा ५३ को प्रतिकूल रहे भएको प्रष्टै छ।

(घ) संविधानको धारा ४२ (२) बमोजिम प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू (८८ स्थानमात्र) भएको नाताले नियुक्त प्रधानमन्त्री धारा ४२ (३) बमोजिम ३० दिन भित्र प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गरेपछि धारा ४२ (४) निस्क्रिय भएको हुँदा प्रतिनिधिसभामा स्वतन्त्र सांसदहरू र प्रतिपक्षी दलहरूको स्थान ११७ रहेको स्थिति, अवस्था र परिस्थितिमा त्यसरी धारा ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्रीलाई धारा ५३ (४) बमोजिम सिफारिस गर्ने अधिकारै हुदैन। धारा ५३ (४) बमोजिम सिफारिस गर्ने अख्तियारी केवल धारा ३६(१) र धारा ४२ (१) बमोजिम नियुक्त प्रधानमन्त्रीलाई मात्र प्राप्त हुन्छ। धारा ४२ (२) बमोजिमको नियुक्त प्रधानमन्त्रीलाई धारा ४२ (३) ले तोकेको म्याद ३० दिन भित्र विश्वासको मत प्राप्त नभएको अवस्थामा अर्को निर्वाचन हुने भन्ने धारा ४२ (४) को व्यवस्थाले समेत धारा ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्रीको अधिकारलाई सीमित गरेको छ।

(ङ) संविधानको धारा ५९ (२) बमोजिम प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भनी सोको आधार कारण र औचित्य समेत उल्लेख गरी निजका विरुद्धमा अविश्वासको प्रस्ताव पेश गर्ने प्रयोजनका लागि धारा ५३ (३) बमोजिम प्रतिनिधिसभाको विशेष अधिवेशनको समावेदन र आव्हान भइसकेको र सोही मुताबिक निजका विरुद्धमा प्रतिनिधिसभा समक्ष अविश्वासाको प्रस्ताव दर्ता भैसकेको स्थिति, अवस्था र परिस्थितिमा विश्वासको मत लिनु पर्ने संवैधानिक एवं संसदीय दायित्वबाट अलग फूर्सद लिने बदनीयत (Malafide) लिई धारा ५९ (२) लाई निस्कृय गर्न गराउन प्रधानमन्त्रीले उक्त सिफारिस गर्नु भएको छर्लङ्ग हुन आएको छ। धारा ५९ (२) बमोजिमको संवैधानिक उत्तरदायित्व सृजना भैसकेपछि सो दायित्व निर्वाह नगरी प्रतिनिधिसभामा आफूमाथिको विश्वासको मत नरहेको प्रधानमन्त्रीलाई धारा ५३ (४) बमोजिम सिफारिस गर्ने अधिकार नहुने स्वत: स्पष्ट छ।

(च) प्रधानमन्त्रीले आफ्नो सिफारिसको मुख्य आधार कारणको रूपमा -"धारा ४२ को उपधारा (२) बमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएको" भन्ने कुरा उल्लेख गर्नु भएको रहेछ। प्रधानमन्त्रीको उक्त अभिकथन असंवैधानिक, असंसदीय र असत्य हो। संविधानको धारा ४२ (२) को आधारमा गठन भएको सरकारको विकल्पमा धारा ३६ (१) बमोजिम बहुमत प्राप्त दलको सरकार बन्न सक्ने र धारा ४२ (१) बमोजिम दुई वा दुईभन्दा बढी दलहरूको समर्थनबाट बहुमतको सरकार बन्न सक्ने प्रावधान संविधानमा स्पष्ट छ। सोमा पनि नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टी र स्वतन्त्र सांसदहरू समेतले प्रधानमन्त्री श्री मनमोहन अधिकारी माथिको विश्वास फिर्ता लिई मुलुकमा विद्यमान संकट तथा अन्यौल र अनिश्चितताको अन्त्य गरी स्थिर सरकार गठन गर्न प्रतिनिधिसभामा आफ्नो बहुमत समेत उल्लेख गरी संविधानले निर्दिष्ट गरेको धारा ४२ (१) बमोजिमको स्थिर सरकार गठन हुने संवैधानिक प्रकृयाले गतिशीलता लिइरहेको स्थिति, अवस्था र परिस्थितिमा उल्लेखित संवैधानिक प्रावधान र तथ्यहरूलाई लुकाई छिपाई सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएको भनी प्रधानमन्त्रीले गर्नु भएको सिफारिस सरासर झुठो देखिन्छ। तसर्थ प्रधानमन्त्रीको सिफारिस दुराशययुक्त एवं अन्य उद्देश्यबाट प्रेरित भएको भन्ने कुरा समर्थित र प्रमाणित हुन आउँछ।

(छ) प्रधानमन्त्रीको अभिकथनमा उल्लेखित अन्य कारणहरूको सम्बन्धमा हेर्दा सरकारको कुन नीति र कार्यक्रम असफल भएको हो ? वा कुन नीति र कार्यक्रम लागू गर्नको लागि ताजा जनादेश लिनु परेको हो ? सो कुरा कहीं कतै पनि खुल्न सकेको छैन। सरकारले प्रतिनिधिसभा समक्ष पेश नगरेको नीति तथा कार्यक्रम र बजेटको सम्बन्धमा प्रधानमन्त्रीबाट उल्लेखित अभिकथनहरू पूर्णत: असंवैधानिक र असंसदीय छन्। भविष्यमा पर्न सक्ने

अनुरूपको नेपाल अधिराज्यको संविधान, २०४७ ले अपरिवर्तनीयरूपमा स्थापित गरेको संसदीय शासन प्रणालीलाई अस्तित्वरहित बनाइएको छ। केही समय अघि मात्र मिति २०५१।७।२९ मा सम्पन्न भएको आम निर्वाचनबाट ताजा जनादेश लिई सार्वभौम सत्ता सम्पन्न नेपाली जनताको सार्वभौमिक अधिकारको प्रतिनिधित्व गरिरहेको प्रतिनिधिसभाको विशेष अधिवेशन २०५२।३।२ मा र नवौं अधिवेशन २०५२।३।११ मा बैठक बस्ने आव्हान भइसकेको स्थितिमा संविधान बमोजिम आव्हान भैसकेका उक्त अधिवेशनहरू शुरू हुनसम्म नदिई उक्त अधिवेशनहरू नै हुन नदिने दुराशय लिई विपक्षी प्रधानमन्त्रीले सिफारिश गर्नु भएको छ।

(ख) संसदीय शासन प्रणालीमा सरकारको गठन, नियन्त्रण र सरकारलाई विघटन गरी नयाँ सरकारको गठन गर्ने पूर्णाधिकार संसद्मै निहित रहेको हुन्छ। संसदीय व्यवस्थाको यो सर्वमान्य संवैधानिक व्यवस्था, मान्यता र प्रचलनलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६, धारा ४२, धारा ५३, धारा ५९ समेतमा स्पष्टरूपमा व्यवस्थित गरिएको छ। प्रधानमन्त्रीको उक्त सिफारिसले सरकार संसद्प्रति जवाफदेही हुने सिद्धान्तको विरुद्ध संसद् सरकारप्रति जवाफदेही हुनु पर्ने गरी असंवैधानिक अराजकतालाई आमन्त्रण गरेको छ। संसदीय मूल्य, मान्यता र परम्परालाई अवरूद्ध गरी संसदीय प्रणालीको आत्मालाई नै क्षत-विक्षत तुल्याइएको छ।

(ग) संविधानको धारा ५३ (३) बमोजिम विशेष अधिवेशनको संवैधानिक प्रक्रिया शुरू भैसकेपछि सो उपधारा (३) ले निरन्तरता प्राप्त गरिरहेकै अवस्थामा उपधारा ५३ (४) आकर्षित हुने सक्तैन। विशेष अधिवेशनको आधार, कारण, औचित्य र वाञ्छनीयतालाई निरूत्तरित छाडी सो संवैधानिक प्रावधानले पूर्णता प्राप्त नगर्दै, टुङ्गोमा नपुग्दै र किनारा नलाग्दै उक्त धारा ५३ को उपधारा (१) (२) र (३) समेतलाई अतिक्रमण गरी उपधारा (४) मा प्रवेश गर्न धारा ५३ को समष्टिगत व्यवस्था समेतले दिदैन। प्रधानमन्त्रीको सिफारिस धारा ५३ को प्रतिकूल रहे भएको प्रष्ट छ।

(घ) संविधानको धारा ४२ (२) बमोजिम प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू (८८ स्थानमात्र) भएको नाताले नियुक्त प्रधानमन्त्री धारा ४२ (३) बमोजिम ३० दिन भित्र प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गरेपछि धारा ४२ (४) निस्कृय भएको हुँदा प्रतिनिधिसभामा स्वतन्त्र सांसदहरू र प्रतिपक्षी दलहरूको स्थान ११७ रहेको स्थिति, अवस्था र परिस्थितिमा त्यसरी धारा ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्रीलाई धारा ५३ (४) बमोजिम सिफारिस गर्ने अधिकारै हुदैन। धारा ५३ (४) बमोजिम सिफारिस गर्ने अख्तियारी केवल धारा ३६(१) र धारा ४२ (१) बमोजिम नियुक्त प्रधानमन्त्रीलाई मात्र प्राप्त हुन्छ। धारा ४२ (२) बमोजिमको नियुक्त प्रधानमन्त्रीलाई धारा ४२ (३) ले तोकेको म्याद ३० दिन भित्र विश्वासको मत प्राप्त नभएको अवस्थामा अर्को निर्वाचन हुने भन्ने धारा ४२ (४) को व्यवस्थाले समेत धारा ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्रीको अधिकारलाई सीमित गरेको छ।

(ङ) संविधानको धारा ५९ (२) बमोजिम प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भनी सोको आधार कारण र औचित्य समेत उल्लेख गरी निजका विरुद्धमा अविश्वासको प्रस्ताव पेश गर्ने प्रयोजनका लागि धारा ५३ (३) बमोजिम प्रतिनिधिसभाको विशेष अधिवेशनको समावेदन र आव्हान भइसकेको र सोही मुताबिक निजका विरुद्धमा प्रतिनिधिसभा समक्ष अविश्वासाको प्रस्ताव दर्ता भैसकेको स्थिति, अवस्था र परिस्थितिमा विश्वासको मत लिनु पर्ने संवैधानिक एवं संसदीय दायित्वबाट अलग फूर्सद लिने बदनीयत (Malafide) लिई धारा ५९ (२) लाई निस्कृय गर्न गराउन प्रधानमन्त्रीले उक्त सिफारिस गर्नु भएको छर्लङ्ग हुन आएको छ। धारा ५९ (२) बमोजिमको संवैधानिक उत्तरदायित्व सृजना भैसकेपछि सो दायित्व निर्वाह नगरी प्रतिनिधिसभामा आफूमायिको विश्वासको मत नरहेको प्रधानमन्त्रीलाई धारा ५३ (४) बमोजिम सिफारिस गर्ने अधिकार नहुने स्वत: स्पष्ट छ।

(च) प्रधानमन्त्रीले आफ्नो सिफारिसको मुख्य आधार कारणको रूपमा -"धारा ४२ को उपधारा (२) बमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएको" भन्ने कुरा उल्लेख गर्नु भएको रहेछ। प्रधानमन्त्रीको उक्त अभिकथन असंवैधानिक, असंसदीय र असत्य हो। संविधानको धारा ४२ (२) को आधारमा गठन भएको सरकारको विकल्पमा धारा ३६ (१) बमोजिम बहुमत प्राप्त दलको सरकार बन्न सक्ने र धारा ४२ (१) बमोजिम दुई वा दुईभन्दा बढी दलहरूको समर्थनबाट बहुमतको सरकार बन्न सक्ने प्रावधान संविधानमा स्पष्ट छ। सोमा पनि नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टी र स्वतन्त्र सांसदहरू समेतले प्रधानमन्त्री श्री मनमोहन अधिकारी माथिको विश्वास फिर्ता लिई मुलुकमा विद्यमान संकट तथा अन्यौल र अनिश्चितताको अन्त्य गरी स्थिर सरकार गठन गर्न प्रतिनिधिसभामा आफ्नो बहुमत समेत उल्लेख गरी संविधानले निर्दिष्ट गरेको धारा ४२ (१) बमोजिमको स्थिर सरकार गठन हुने संवैधानिक प्रकृयाले गतिशीलता लिइरहेको स्थिति, अवस्था र परिस्थितिमा उल्लेखित संवैधानिक प्रावधान र तथ्यहरूलाई लुकाई छिपाई सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएको भनी प्रधानमन्त्रीले गर्नु भएको सिफारिस सरासर झुठो देखिन्छ। तसर्थ प्रधानमन्त्रीको सिफारिस दुराशययुक्त एवं अन्य उद्देश्यबाट प्रेरित भएको भन्ने कुरा समर्थित र प्रमाणित हुन आउँछ।

(छ) प्रधानमन्त्रीको अभिकथनमा उल्लेखित अन्य कारणहरूको सम्बन्धमा हेर्दा सरकारको कुन नीति र कार्यक्रम असफल भएको हो ? वा कुन नीति र कार्यक्रम लागू गर्नको लागि ताजा जनादेश लिनु परेको हो ? सो कुरा कहीं कतै पनि खुल्न सकेको छैन। सरकारले प्रतिनिधिसभा समक्ष पेश नगरेको नीति तथा कार्यक्रम र बजेटको सम्बन्धमा प्रधानमन्त्रीबाट उल्लेखित अभिकथनहरू पूर्णत: असंवैधानिक र असंसदीय छन्। भविष्यमा पर्न सक्ने

जस्ता अनिश्चित, अनुमानित र काल्पनिक कुराहरूलाई आधार बनाई गरिएकी सिफारिस कुनै पनि दृष्टिकोणले संविधान सम्मत हुन सक्तैन। स्वविवेकीय अधिकारको प्रयोग हुनलाई त निश्चित वस्तुनिष्ठ आधारहरूको आवश्यकता पर्दछ भने अधिकारै नभएका प्रधानमन्त्रीको सिफारिसमा वस्तुनिष्ठ आधारहरू समेत नभएबाट प्रधानमन्त्रीको दुराशय (Malafide) झनै छर्लङ्ग हुन आएको छ।

(ज) यसरी संविधानको धारा ५३ (१) (३), धारा ५९ (२) समेतले सकृय रे निरन्तरता समेत प्राप्त गरिरहेको, धारा ४२ (१) बमोजिम बहुमतको सरकार गठन हुने प्रकृया शुरू भैसकेको, प्रधानमन्त्रीले प्रतिनिधिसभाबाट विश्वास गुमाइसक्नु भएको, धारा ४२ (२) बमोजिम गठित सरकार धारा ४२ (४) को अवस्थामा विघटित भई अर्को निर्वाचन हुने स्थितिमा बाहेक धारा ४२ (१) समेत बमोजिम अर्को सरकार गठन हुन सक्ने हुँदा धारा ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले धारा ५३(४) बमोजिम सिफारिस गर्न पाउने संवैधानिक प्रावधान नरहेको, प्रधानमन्त्रीले सिफारिस गर्ने लिएका आधार, कारण झुठो, असंसदीय एवं आत्मनिष्ठ र असंवैधानिक भएको, सिफारिशको संवैधानिक औचित्य स्थापित हुन नसकेको, पाँच वर्षको लागि भर्खरै निर्वाचित प्रतिनिधिसभालाई ७ महिना नपुग्दै आफ्नो असंवैधानिक विघटन बारे जानकारी राख्न पाउने प्राकृतिक न्यायको सिद्धान्त समेतबाट वञ्चित गरी सरकारका गैरकानूनी कामकारवाही एवं निर्णय उपर संसद्मा विभिन्न समितिहरूमा छलफल जारी भैरहेको र ती विषयहरू संसद्मा विचाराधीन रहिरहेको अवस्थामा उक्त विषयहरूबाट उन्मुक्ति लिने नियतले संसद् नै भंग गर्ने सिफारिश गरी मुलुकलाई अशान्ति र अस्थिरतातर्फ उन्मुख गराइएको, संविधानले परिकल्पना गरेको संसदीय शासन प्रणाली र बहुदलीय व्यवस्था एवं प्रजातान्त्रिक मूल्य र मान्यताप्रति जनमानसमा विकर्षण पैदा गर्ने गराउने कुनियतले एकदलीय संस्कारको बीजारोपण गर्न खोजिएको, संवैधानिक राजतन्त्रमा राजाले कहिल्यै गल्ती गर्दैनन् भन्ने सिद्धान्त भित्र रहेको संस्थागत सल्लाहको अवधारणा अनुरूप सल्लाह दिने मौलिक संस्थाकै विघटनबाट नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताका प्रतीक होइबक्सेका श्री ५ महाराजाधिराजलाई अनावश्यक विवादमा मुछ्ने कुचेष्टा गरिएको, आर्थिक विकासको दृष्टिकोणले विश्वकै अति दरिद्र मध्ये एक रहेको हाम्रो मुलुकलाई भर्खरै प्राप्त ताजा जनोदश माथि कुठाराघात गरी अर्को जनादेशको आवश्यकता नै नरहेको स्थितिमा अनावश्यक आर्थिक भार थोपरिएको र राष्ट्रको चौतर्फी विकासमा अवरोध खडा गरिएको प्रधानमन्त्रीको उक्त २०५२।२।२६ को सिफारिस नेपाल अधिराज्यको, संविधान, २०४७ को प्रस्तावना, धारा १, ३, ११, १२, १६, ३६, ४२, ४५ ५३, ५९, ६३ र ११६ समेतको अक्षर र भावनाको प्रतिकूल रहेको साथै उक्त सिफारिस प्रतिनिधिसभा नियमावली, २०४८ समेतको प्रचलित नेपाल कानून, सम्मानित सर्वोच्च अदालतबाट स्थापित सिद्धान्तहरू, संवैधानिक

कानूनका आधारभूत अवधारणहरू र सर्वमान्य संसदीय परम्परा समेतको प्रतिकूल रहे भएकोले उक्त मिति २०५२।२।२६ को सिफारिस एवं सो सिफारिस गर्दा लिइएका भनिएका आधारहरू एवं सोबाट निसृत परिणाम समेत त्रुटिपूर्ण एवं असंवैधानिक भएकोले प्रारम्भत: शून्य एवं बदरभागी छ।

६. अत: उपरोक्त कारणहरूका आधारमा विपक्षी प्रत्यर्थी प्रधानमन्त्रीबाट प्रस्तुत भएको २०५२।२।२६को प्रारम्भत: त्रुटीपूर्ण सिफारिस र सो सिफारिसका आधारमा भएको प्रतिनिधिसभाको विघटन एवं सो सम्बन्धी सम्पूर्ण कामकारवाही उत्प्रेषणका आदेशद्वारा बदर गरी सो सिफारिसका आधारमा भए गरेका अन्य सम्पूर्ण कार्यहरू अन्य उपयुक्त आज्ञा आदेशद्वारा संविधान अनुरूप गर्नु भनी आव्हान भैसकेको प्रतिनिधिसभाको विशेष अधिवेशन र संसद्को नवौं अधिवेशनलाई संविधान एवं प्रतिनिधिसभा नियमावली अनुसार गर्नु भनी विपक्षी मान्त्रिपरिषद्को सचिवालयको सायै सो सचिवालयका तर्फबाट संसद् सचिवालय र अन्य सम्बन्धित सबै निकायमा जानकारी गराउनु भन्ने प्रत्यर्थीहरूका नाउँमा परमादेश लगायत उपयुक्त जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरी पाऊँ। सायै असंवैधानिक ढंगबाट प्रनितिधि सभा विघटन भएका आधारमा मिति २०५२।८।७ का दिन हुने भनी तोकिएको प्रतिनिधिसभाको निर्वाचनसम्बन्धी सम्पूर्ण कामकारबाही समेत प्रस्तुत निवेदनको अन्तिम किनारा नभएसम्मका लागि रोक्नु भनी विपक्षी निर्वाचन आयोगका नाउँमा सर्वोच्च अदालत नियमावली २०४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाऊँ।

७. मिति २०५२।२।२७ गते र ऐ. ३१ गते समेतको गोरखापत्र यसैसाथ संलग्न गरेको छु। प्रधानमन्त्रीले श्री ५ का हजूरमा पेश गर्नु भएको उल्लेखित सिफारिश, श्री ५ महाराजाधिराज सरकारका प्रमुख सचिवालय राजदरबारबाट मिति २०५२।२।२६ मा प्रकाशित सूचना तथा ऐ. सचिवालयबाट मिति २०५२।२।३० मा प्रकाशित विज्ञप्तिका प्रमाणित प्रतिहरू मन्त्रिपरिषद् सचिवालयबाट झिकी बुझी पाऊँ।

८. म निवेदक र निवेदकको तर्फबाट उपस्थित हुनु हुने अन्य कानून व्यवसायीहरूका बहस जिकिरलाई यस रिट निवेदन-पत्रको अभिन्न अङ्ग मानी पाऊँ।

९. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ झुठो ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक

रविराज भण्डारी

इति सम्वत् २०५२ साल आषाढ....गते रोज ..... शुभम् .....।

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन - पत्र

विषय : नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३, ८८ (२) बमोजिम उत्प्रेषणयुक्त परमादेश जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी पाउँ।

मोरङ जिल्ला विराटनगर नगरपालिका वडा नं. १ बस्ने वर्ष ३३ को
प्रकाश घिमिरे ... ... १ निवेदकहरू

ऐ.ऐ. वडा नं. १० बस्ने वर्ष २६ को निर्मल शर्मा (दुलाल)... ... .. १

ऐ.ऐ. वडा नं. २ बस्ने वर्ष २० को नारायण दाहाल १

नवलपरासी जिल्ला माकर गाविस वडा नं. ८ बस्ने वर्ष २२ को
कृष्ण प्रसाद पगेनी शर्मा १

विरूद्ध

सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारी, प्रधानमन्त्रीको
कार्यालय, सिंहदरवार ... ... १ विपक्षी

मन्त्री परिषद सचिवालय सिंहदरवार

रिट : उत्प्रेषण समेत।

हामी निवेदकहरू स.अ. नियमावली २०४९ को नियम ४० को उपनियम (१) बमोजिम लाग्ने निवेदन दस्तुर रू. ५००।- यसै साथ राखी सचेत नेपाली नागरिकको हैसियतले नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ को मौलिक हक अन्तर्गतको धारा ११ (१), १२ (२) (क) तथा धारा २३ र ८८ समेतका आधारमा हामी रिट निवेदकहरू अधिकांश नेपाली नागरिकहरूको तर्फबाट यस सम्मानित अदालतमा यो रिट निवेदन पेश गर्न उपस्थित भएका छौं। निवेदनको व्यहोरा प्रकरण प्रकरणहरूमा यस प्रकारको उल्लेख गरेका छौं।

१. प्रधानमन्त्री मनमोहन अधिकारीले नेपाल अधिराज्यको संविधानको धारा ५३ (४) अनुसार संसद विघटन गरी पाउँ भनि सिफारिश गर्नु भएको तथा त्यो पनि

संविधानको धारा ५३ (३) अनुसार प्रतिपक्षका ७० जना प्रतिनिधिसभाका सदस्यले अविश्वासको प्रस्ताव पेश गर्ने हेतुले विशेष बैठकको लागि समावेदन पेश गरेको अवस्था हुँदा सोही अनुसार श्री ५ बाट असार २ गते अधिवेशनको लागि तिथि समेत तोकिवक्सी सकेको अवस्थामा अल्पमतको सरकारले अविश्वासको सामना गर्नबाट पन्छिने मनसायले देशमा वैकल्पिक सरकारको गठन हुने अवस्था हुँदा हुँदै वदनियतपूर्वक देशको सार्वजनिक साधन स्रोतको एकलौटी प्रयोग गरेर देशमा अहिले अन्यौल र गृह कलहको सृजना गरेर र देशको आर्थिक नक्सालाई आकार विहीन बनाई बारम्बार नेपाली जनतालाई चुनावको सामना बल पूर्वक गर्न लगाएर नेपाली जनताको भाग्य र भविष्य माथि खेलवाड एवं कुठाराघात गरिरहेको अवस्थामा सम्मानित अदालतले देशको सर्वोच्च न्यायपालिकाको हैसियतले यसलाई वदर गर्न पुनर्विचार गर्न सक्छ ?

२. यसै सम्बन्धमा २०५१ साल पूर्व प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको सरकारको समयमा पनि यसै अदालतमा प्रतिनिधिसभाको पुनर्गठन गर्ने सम्बन्धमा सम्मानित अदालतबाट सम्माननीय प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायज्यूले आफ्नो फैसलामा भन्नु भएको छ । यदि विवादास्पद सिफारिश दुरासययुक्त भावनाले गरिएको प्रमाणित हुन्छ भने त्यो नि:सन्देह दुषित र बदरभागी हुन्छ । तर दुरासय भन्ने कुरा अनुमान गर्ने कुरा होइन प्रमाणहरूबाट शंका रहित रूपमा प्रमाणित भएको हुनु पर्छ उपरोक्त फैसलाको अंशलाई विश्लेषण गर्दा प्रधानमन्त्री अधिकारीले अविश्वासको प्रस्तावको सामना गर्नु पर्ला र अविश्वास प्रस्ताव पास भएमा पदमुक्त भइएला भन्ने पद लिप्साको दुरासय राखी संसद विघटन गर्ने सिफारिश गरेको भन्ने स्पष्ट भएको छ ।

३. अर्को स्थिर सरकारको संभावना रहँदा रहँदै प्रतिनिधिसभाको विघटन गर्नु पर्ने कुरा औचित्यपूर्ण हुँदैन भन्ने कुरा न्यायमूर्ति उपाध्यायको फैसलाको निम्न अंशले पुष्टि गर्छ । "अर्को स्थिर सरकारको गठन हुन सक्ने अवस्था नरहेको खण्डमा वा आफ्नो कुनै महत्त्वपूर्ण नीति योजना वा कार्यक्रम प्रतिनिधिसभाबाट अस्वीकृत भएमा यसलाई कार्यान्वयन गर्न जनतासंग नयाँ जनादेश लिन जानु चैं संसदीय प्रक्रिया अनुरूप हुन आउँछ । फैसलाको उक्त अंशलाई मनन गर्दा हालको स्थितिमा नेकपा (एमाले) सरकार देखि बाहेक पनि सद्भावना, राप्रपा र नेका र स्वतन्त्र सहितले पुन: मिली सरकार चलाउने मनसायको जाहेर राजदरबारमा दर्ता भएको द. नं. ५०४ नम्बरमा दर्ता गरिएको उक्त पत्रमा संविधानको धारा४२ को (१) अनुरूप बहुमतको सरकार बनाउन सकिने भनि प्रतिनिधिसभाका १०७ जनाको समर्थन रहेको उल्लेख गरिएको अवस्था रहँदा रहँदै देशलाई मध्यावधि तिर धकेल्नु उचित नहुने कुरा निर्विवाद सत्य एवं संवैधानिक धारणाकै विपरीत छ ।

४. ने.क.पा. (एमाले) सरकारले जुन किसिम अहिले यो स्थितिको सृजना गरेको छ यसैको शुरूवात ने.का. ले गरेको भनेर यो देशका २ करोड नेपाली मध्येको हितलाई छाडेर अधिकांश गरीब जनताको टाउकोमा घनले ठोक्ने प्रयत्न गरेको

विचार आज नेपाल जनता महसुस गरी रहेको अवस्थालाई हेर्दै हिजोको मध्यावधि
सृजेको अवस्था र अहिलेको अवस्थामा आकाश जमीनको फरक रहेको छ हिजो
नेका बाहेक अरू कुनै पनि पार्टीहरू मिली वा एक्लै सरकारमा जान सक्ने स्थितिको
सामान्य गुन्जायस पनि थिएन र कसैको दावी पनि थिएन। यदि दावी भए पनि
सरकारको गठन हुन सक्ने अवस्था थिएन, तथापि अहिलेको सरकारले आफ्
प्रतिपिक्षमा रहँदा यो देशले पटक पटक चुनावको भार खप्न नसक्ने कुरा संसद
लगायत अन्य ठाउँहरूमा भाषण गर्दै हिंडेको ताजा उदाहरण हुँदा हुँदैको अवस्थामा
ठीक त्यसको विपरीत जनताले चुनेर पठाएका प्रतिनिधिहरूले सरकारमा जाने र
देशलाई आर्थिक संकटबाट बचाउन सक्ने स्थिति कायमै रहेको अवस्थामा नेकपा
(एमाले) सरकारले सत्ताको प्रलोभनमा फँसेर २ करोड जनताको टाउकोमा लात
हान्ने काम गर्नुको साथै यो देशको विकास र निर्माणलाई प्रत्यावर्तन तर्फ धकेल्ने
काम गरेको छ। यो देशको न्यायिक एकाई र संविधानको रखवाला भनेको यस
सम्मानित अदालत बाहेक अरू कोही पनि हुन नसक्ने स्थिति हुँदा हुँदै यो सरकारले
अत्यन्तै छड्के कुनाबाट सम्मानित अदालतलाई समेत औंला ठड्याई लज्जाजनक
बनाउने कोशिस गरेको नेपाली जनताले महसुस गरिरहेको अवस्था रहेको छ।
जसरी आज सरकारले आर्थिक तथा प्रशासनिक संरचनालाई तोडफोड गरेर
एकलौटी तरिकाले आफू सरकामा रहेर मनोमानी गर्ने जुन किसिमको सत्ता लिप्सा
जाहेर गरेको छ। भोलि गएर नेपाली जनताको भाग्य र स्वतन्त्रताको भविष्यको
समेत रखवारी गर्ने यस सम्मानित अदालतलाई समेत औंला ठड्याई लज्जाजनक
स्थितिको सिर्जना नगर्ला भन्न नसकिने भएको छ। जसरी वर्तमान सरकार तथा
पार्टी कार्यकर्ताहरूले जे जसरी भए पनि राष्ट्रिय प्रतिकवाट धम्कीपूर्ण तरिकाले
मध्यावधि गराउने र यदि घोषण नभएमा सडक आन्दोलन, तोफोडको घोषणा गरेर
भएपनि आफ्नो सत्तामोह जाहेर गरेको छ। भोलि यस सम्मानित अदालतमा समेत
यो स्थिति आउन सक्ने डर त्रास नेपाली जनतामा भई रहेको अवस्थामा यस्तो
मनोमानी प्रक्रियाको अन्त नभएसम्म याने स्पष्ट पद्धति(system) को विकास
नभएसम्म नेपाली जनताले कति मध्यावधिको सामना गर्नु पर्ने हो भन्ने कुरा अति
जटिल समस्याको रूपमा रहेको छ भने अर्को तिर श्री ५ को सरकार र सरकार
प्रमुखको अधिकारको व्याख्या सर्वोच्च अदालतले प्रस्तुत गर्नु पर्ने अवस्थाको सिर्जना
भएको छ र त्यो अवस्थाको अन्त सर्वेच्च अदालतले नै गर्नु पर्ने अत्यन्त आवश्यक
भएको कुरा सर्वत्र नेपाली जनताको चासो एवं जिज्ञासाको विषय वन्न पुगेको छ।

५. अहिले जुन स्थितिको सिर्जना भएको छ यसको कारणले भोलि देशमा नेपाली
जनताले अराजकता अस्थिरता लगायत आफ्नो देश र माटो भन्ने नपाउने स्थिति
नआउला भन्न सकिदैन। ५ वर्षमा ३ चोटी चुनाव हुने हो भने यो देशले आर्थिक
भार कसरी थाम्ने हो भन्ने कुराको जवाफ जनतालाई तत्काल दिइनु पर्छ। निरपेक्ष
गरीवीका रेखा मुनि रहेको जनताको गासवांस र कपासको ग्यारेन्टी हुनु त कता हो

कता भनै तिनीहरूको विहान बेलुकीको आधापेट खाने स्थितिको पनि सरकारले निर्मुल गर्दैछ । किनकि प्रजातान्त्रिक सरकार भनेको जनताको चाहना मुताबिक चल्नु पर्ने हुन्छ । तर यस सरकारले त नेपाली कांग्रेस ८३, राप्रपा २०, सदभावना ३ र अन्य स्वतन्त्र सांसद ५ जना गरी जम्मा १११ जना जनप्रतिनिधिले मध्यावधिमा जान नचाहेको र (एमाले) को भोटरहरूले समेत मध्यावधि नहोस भन्ने इच्छा राखेको अवस्थामा वलपूर्वक अधिकांश नेपाली जनताको इच्छालाई लात हानेर आफ्नै घोडेपन लिएर मध्यावधिमा नगई छाडदिन भन्ने र १११ जना जनप्रतिनिधिको इच्छालाई लात हान्नु भनेको अधिकांश याने, सम्पूर्ण नेपाली जनताको टाउकोमा वज्रपात गराउनु हो भन्ने स्पष्ट छ । विगतको पटके चुनावमा जनताको आकर्षणका वारेमा उल्लेख गर्न आवश्यक छैन । जुन हाम्रा अगाडि ज्वलन्त नै छ । यतिखेर आएर एउटा जटिल समस्या भनेको अल्पमतको सरकार र वहुमतको सरकारको कार्यक्षेत्रका वारेमा संविधानमा स्पष्ट रूपमा उल्लेख नभएको कारणले पनि यो स्थितिको सृजना भएको भन्ने कुरामा दुई मत छैन । यसकारण पनि यो देशलाई वारम्वार मध्यावधिवाट वचाउनका लागि सम्मानित अदालतवाट यस सन्दर्भमा स्पष्ट व्याख्या हुनु अति आवश्यक भएको छ ।

६. हाम्रो देश ९० प्रतिशत जनता अन्त्यन्त जटिल एवं दयनीय आर्थिक स्थितिको सामना गरिरहेको अवस्थामा मध्यावधिको असर कस्तो पर्न जाला भन्ने त स्पष्टै छ । हिजो नेपाली कांग्रेसको पालामा रू. १०-१५ प्रतिकिलोको चामल मध्यावधि पछि रू. १८।- देखि रू. २२।- प्रतिकिलो भयो भने भोलि २२ देखि ३० को वढ्दो महंगीको समस्या समाधानको ग्यारेन्टीको जिम्मा कसले लिने ? यसको निर्णयको प्रतिक्षामा यो देशका जनता सम्मानित अदालतको ढोकामा उपस्थिति भई निवेदन गरी समस्याको उचित समाधान यस सम्मानित अदलतवाट हुन सक्ने स्थितिको सृजना भइरहेको अवस्थामा यसको ग्यारेन्टी पनि हुन सक्नु पर्दछ ।

७. तसर्थ उक्त मितिमा मन्त्रिपरिषद वैठकवाट पारित भै प्रधानमन्त्री मनमोहन अधिकारीज्यूले गर्नु भएको उक्त मध्यावधिको सिफारिश अधिकांश नेपाली जनताको जनभावनाको कदर गर्दै असंवैधानिक घोषित गरी संसदको अधिवेशन नियमित रूपमा चालु राख्नु भन्ने व्यवहोराको आदेश सम्वन्धित निकायका नाममा जारी गरी पाउँ ।

८. नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(४) वमोजिम प्रधानमन्त्री मनमोहन अधिकारीज्यूले मिति २०५२।२।२६ गतेका दिन प्रतिनिधिसभा विघटन गरी मधयावधि निर्वाचनको लागि गर्नु भएको सिफारिश दुराशय पूर्ण हुँदा सो सिफारिश लगायत सम्पूर्ण काम कारवाही निर्णय र आदेश समेत उत्प्रेषणको आदेशद्वारा वदर गरी प्रतिनिधिसभा यथावत कायम गर्ने (पुनर्स्थापना) गरी नियमिति रूपमा अधिवेशन सञ्चालन गराउन समेतका लागि जे जो चाहिने आवश्यक व्यहोराको आदेश जारी गरी पाउँ ।

९. यसमा पछि निवेदकका तर्फबाट उपस्थित हुनु हुने कानून व्यवसायीहरूको वहस जिकीर समेतलाई यसै निवेदनको अभिन्न अंग मानि पाउँ ।

१०. प्रतिनिधिसभा भंग गर्नको लागि प्रधानमन्त्रीज्यूले गर्नु भएको सिफारिश सम्बन्धित कागजातको हकमा गोरखापत्र संलग्न राखिएको छ ।

११. पूर्व प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले मध्यावधिको लागि गर्नु भएको सिफारिशको आधारमा तत्कालीन सांसदहरूले संसद पुनर्स्थापना गरी पाउँ भनि दिनु भएको रिट निवेदनमा यसै सम्मानित अदालतबाट भएको फैसला यसै सम्मानित अदालतमा होला भिकी बुझी प्रमाणमा लगाई पाउँ ।

१२. यसमा लेखिएको सम्पूर्ण व्यहोरा ठीक साँचो छ झुटठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

रिट निवेदकहरू

मोरङ जिल्ला वि.न.न.पा. वडा नं. १
बस्ने वर्ष ३३ को प्रकाश घिमिरे १
ऐ.ऐ. वडा नं. १० बस्ने वर्ष २६ को
निर्मल शर्मा (दुलाल) १
ऐ.ऐ. वडा नं. २ बस्ने वर्ष २६ को
नारायण दाहाल १
ऐ. नवलपरासी जिल्ला माकर गाविस
वडा नं. ८ बस्ने वर्ष २२ को कृष्णप्रसाद
पगेनी शर्मा १

इतिसम्वत् २०५२ साल आषाढ २ गते रोज ६ शुभम् ... ...

श्री सर्वोच्च अदालतमा चढाएको
निवेदन-पत्र

विषय: नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ को उपधारा (२) बमोजिम पूर्णरूपमा न्याय प्रदान गरी उचित उपचार प्रदान गर्न उत्प्रेषण परमादेश लगायतका आवश्यक र उपयुक्त आदेश जारी गरी पाउँ।

श्री केदारप्रसाद वाग्लेको छोरा गण्डकी अञ्चल, गोरखा जिल्ला वुंकोट गा.वि.स. वडा नं.६ घर भै हाल विघटन भएको भनिएको प्रतिनिधिसभामा नेपाली कांग्रेस संसदीय दलका मुख्य सचेतक वर्ष ४८ को चिरञ्जीवी वाग्ले। निवेदक

विरुद्ध

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी -राजदरवार सम्बन्धी र प्रधानमन्त्री कार्यालय, सिंहदरवार, काठमाण्डौ १

सम्माननीय सभामुख, संसद् सचिवालय, सिंहदरवार काठमाण्डौ.. १

श्री ५ को सरकार मन्त्री परिषद्, मन्त्रिपरिषद्को सचिवालय, सिंहदरवार, काठमाण्डौ ... ... १ विपक्ष

निर्वाचन आयोग, कान्तिपथ, काठमाण्डौ १

म निवेदक सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४० को उपनियम (१) बमोजिम दस्तुर रू.५००/- यसै साथ सम्लग्न राखी निम्न लिखित निवेदन गर्दछु।

१. सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी र उहाँको नेतृत्वमा गठित मन्त्रिपरिषद्का सदस्यहरूबाट वितेका ६ महिनाभित्र संविधानको प्रस्तावना र अन्य प्रावधानको भावना, मूल्य एवं मान्यता विपरीत काम हुँदै आएको छ। बहुमतको कदर गर्ने सर्वस्वीकृत संसदीय प्रणाली र परम्पराको घोर उपेक्षा गरिएको छ। अल्पमतको हठधर्मिता र मनपरीतन्त्रलाई बढावा दिइएको छ। देशको राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक एवं न्यायिक संरचना खलबल्याइएको छ। राष्ट्रको साम्प्रदायिक सद्भावना विचलन ल्याउने प्रयास भएको छ। राजनीतिलाई अपराधीकरण गर्न थालिएको छ। राष्ट्रियता, राष्ट्रिय स्वाभिमान, सामाजिक

सद्भावना एवं प्रजातान्त्रिक मान्यता माथि नै प्रहार गरेर अस्थिरतामा पुऱ्याइएको छ। प्रधानमन्त्री र अन्य मन्त्रीहरूबाट बारम्बार अभिव्यक्त मध्यावधि निर्वाचनको धम्की र सन्त्रासबाट देशलाई मुक्त गर्न वर्तमान प्रधानमन्त्री र उहाँको नेतृत्वमा गठित मन्त्रिपरिषद्लाई अविलम्ब नहटाउँदा प्रजातन्त्रले भोग्नुपर्ने गम्भीर क्षतिबाट देशलाई जोगाउनका लागि प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भनि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५९ को उपधारा (२) बमोजिम अविश्वासको प्रस्ताव पेश गर्न धारा ५३ को उपधारा (३) तथा प्रतिनिधिसभा नियमावली, २०४८ को नियम ३ र १७१ अन्तर्गत संसद्को नियमित अधिवेशन अगावै प्रतिनिधिसभाको अधिवेशन बोलाई बक्सनका लागि श्री ५ का जुनाफमा वि.सं. २०५२।२।२५ गते म निवेदक समेतले समावेदन चढाएका थियौं। साथै त्यस्तै समावेदनमा संविधानको धारा ४२ को उपधारा (१) मा व्यवस्था भएबमोजिमको दुई वा दुई भन्दा बढी दलहरूको समर्थनबाट प्रतिनिधिसभा सदस्यहरूको बहुमतको विश्वासको मत प्राप्त गर्नसक्ने वैकल्पिक प्रधानमन्त्रीको नेतृत्वमा सुदृढ सक्षम एवं स्थिर मन्त्रिपरिषद् गठन गर्न समर्थ एवं तत्पर रहेको व्यहोरा समेत जाहेर गरेको थियौं।

२. श्री ५ महाराजाधिराजबाट हाम्रो मागलाई स्वीकार गरिबक्सी शुक्रवारको दिनको १ बजे संसद् भवन सिंहदरबारमा प्रतिनिधिसभाको बैठक बस्ने मिति र समय २०५२ साल आषाढ् २६ गते तोकिबक्सेको राजदरबारको सूचना रेडियो नेपालबाट दिउँसो २०५२ साल आषाढ २ गते १ बजेको समाचारमा प्रसारण भैसकेपछि हामीबाट प्रतिनिधिसभामा प्रस्तुत हुने अविश्वासको प्रस्ताव सामना गर्न सक्ने क्षमता नभएको आफूलाई महसुस गरेर हतास भई अल्पमतको मन्त्रिपरिषद्को नेतृत्व गर्नु भएको विपक्षी प्रधानमन्त्रीले बदनियतयुक्त र दुराशयपूर्ण भावनाबाट अभिप्रेरित भै असंवैधानिक तथा असंसदीय आधार र कारणहरू देखाई आफ्नो र आफ्नो दलको मात्र निहित राजनैतिक लाभ पुऱ्याउने र आफू सत्तामा टिकिरहने उद्देश्यले संविधानको धारा ४२ को उपधारा (२) को सत्तामुखी व्याख्या गर्दै प्रतिनिधिसभा विघटनका निम्ति संविधानले कुनै दायित्व र जिम्मेवारी नदिएको आफ्नो पार्टी निर्णयबाट वशीभूत तथा निर्देशित भई संविधानको धारा ५३ को उपधारा (४) बमोजिम प्रतिनिधि सभा विघटन गर्ने सिफारिश श्री ५ को हजूरमा सोही आषाढ २६ गतेको दिनको बेलुकी चढाउनु भएछ।

३. प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको बहुमत सदस्यलाई प्रतिनिधित्व गरिरहेका नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टी समेतका संसदीय दलका नेताहरूले आ-आफ्ना संसदीय दलका तर्फबाट विपक्षी प्रधानमन्त्रीद्वारा गरिएको प्रतिनिधिसभाको विघटनको सिफारिशलाई असंवैधानिक र औचित्यहीन ठहर गर्दै उहाँ उपर संविधानको धारा ५९ को उपधारा (२) अनुसार प्रतिनिधिसभाको विश्वास छैन भन्ने प्रस्ताव विधिवत् दर्ता गरी बहुमतद्वारा पारित गर्न तयार धारा ४२ को उपधारा (१) बमोजिम वर्तमान प्रतिनिधिसभाभित्रैबाट बहुमतको स्थिर र सुदृढ वैकल्पिक सरकार गठन गर्न सहमत भएको व्यहारो जाहेर गरी चढाइएको विन्तिपत्र विधिवत मौसूफ सरकारका राजदरबारमा २०५२ सालमा जेष्ठ २८ गते दर्ता गराएँ।

हामीले विपक्षी प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भनि अविश्वासको प्रस्ताव प्रस्तुत गर्ने विशिष्ट कारण दर्शाई चढाइएको समावेदन अनुसार संविधानको धारा ५९ को उपधारा (२), प्रतिनिधिसभा नियमावली, २०४८ को नियम १७१ को रित पुऱ्याई लिखित रूपमा अविश्वासको प्रस्ताव दर्ता गराई सो को लिखित सूचना प्रतिनिधिसभाका महासचिवलाई २०५२ साल जेष्ठ २८ गते विधिवत दिइसकेका छौं।

आगामी २०५२ साल आषाढ २ गते बाट अधिवेशन शुरू हुने प्रतिनिधिसभाको बैठकमा प्रस्तुत हुने विपक्षी प्रधानमन्त्री उपरको अविश्वासको प्रस्तावको समर्थन गर्ने दृढता व्यक्त गर्दै नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टी र स्वतन्त्र समेतका १०३ जना प्रतिनिधिसभाका सदस्यहरूले श्री ५ का हजूरमा बहुमतको विश्वास प्राप्त वैकल्पिक मन्त्रिपरिषद् गठन गरिबक्सनका लागि संविधानको धारा ४२ को उपधारा (१) बमोजिम प्रतिनिधिसभाका सदस्य श्री शेरबहादुर देउवालाई विश्वासको मत प्रदान गरेको जाहेर गरी २०५२ साल जेष्ठ २९ गते राजदरबारमा दर्ता गराएका छौं।

प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको बहुमतको विश्वास गुमाई सकेका तथा अल्पमतको नेतृत्व गर्नु भएका विपक्षी प्रधानमन्त्रीले संविधानको धारा ५३ को उपधारा (३) बमोजिम बोलाई सकिएको अधिवेशनमा म समेतले धारा ५९ को उपधारा (२) बमोजिम अविश्वासको प्रस्ताव पेश गरी पारित गराई धारा ३६ को उपधारा (५) को खण्ड (ख) बमोजिम पदमुक्त गराई धारा ४२ को उपधारा (१) अनुसार अर्को वैकल्पिक सरकार गठन गराउन पाउने हाम्रो संवैधानिक हकबाट वञ्चित गराउने दुराशययुक्त भावना पूर्णत: राखी बहुमतको उपेक्षा गरी गराई चढाइएको सिफारिशको आधारमा २०५२ साल जेष्ठ ३० गते प्रतिनिधिसभा विघटन गराईएको छ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (३) मा प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यलाई प्रतिनिधिसभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित रहेको अवस्थामा अधिवेशन वा बैठक बोलाउन समावेदन गर्न पाउने विशेष प्रकारको संवैधानिक अधिकार प्रदान गरिएको छ। यसरी बोलाइने अधिवेशन वा बैठकमा प्रस्तुत हुने विशिष्ट कारण खुलाई माग गर्ने संवैधानिक व्यवस्था र परम्परा संसदीय इतिहास भएका अन्य मुलुकहरूमा पनि प्रचलनमा रहेका देखिन्छन्। विपक्षी प्रधानमन्त्री र उहाँको नेतृत्वमा रहेका मन्त्रिपरिषद्का सदस्यहरूबाट बारम्बार अभिव्यक्त मध्यावधिको धम्की र संत्रासबाट देशलाई मुक्त गर्न समेतका लागि प्रधानमन्त्री उपर विश्वास छैन भनि अविश्वासको प्रस्ताव प्रस्तुत गर्ने विशिष्ट कारणहरू देखाई समावेदन चढाउँदा संविधानको धारा ४४ बमोजिम संसद्को अभिन्न अंगको रूपमा विराजमान रहिबक्सेको श्री ५ बाट उक्त प्रस्ताव प्रस्तुत गर्न अधिवेशनको मिति र समय तोकि बक्सेपछि हाम्रो संवैधानिक हक पूर्णत स्थापित भैसकेको थियो। विपक्षी प्रधानमन्त्रीबाट यसै संवैधानिक व्यवस्थालाई विफल तुल्याउने दुराशय र बदनियत राखी विघटन गर्न गराउन असंवैधानिक सिफारिश चढाइएको र त्यही सिफारिशको आधार लिई हुन गएको विघटन बाट संविधानको धारा ५३ को

उपधारा (३) र धारा ५९ को उपधारा (२) द्वारा प्राप्त हाम्रो हकबाट वञ्चित हुन गएको छौं। यस्तोमा विपक्षी प्रधानमन्त्रीको विरुद्ध कारवाही चलाउन पाउने संवैधानिक अधिकार हामीलाई संविधानको धारा ३१ को प्रतियन्धात्मक वाक्यांशले सुरक्षित नै गरेको छ।

८. नेपाल अधिराज्यको संविधान, २०४७ ले संवैधानिक सर्वोच्चतालाई प्रष्ट रूपमा स्वीकार गरेको छ। संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्र र जनतामा निहित सार्वभौमसत्ता यसै संविधानद्वारा सञ्चालित छन्। संविधान प्रद्धत्त आ-आफ्नो हक उपयोग गर्न पाउने समान अधिकार सबैलाई दिइएको छ। संसद्को बहुमतबाट संसदीय प्रणाली सञ्चालित हुने हो। हाम्रो संविधानमा पनि संसद्को बहुमतबाट प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषद्को गठन हुन्छ। बहुमतको विश्वास नभएको नरहेको अल्पमतको प्रधानमन्त्रीलाई अविश्वासको प्रस्ताव पारित गरी हटाई बहुमतबाट प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषद्को गठन हुन्छ। बहुमतको विश्वास नभएको नरहेको अल्पमतको प्रधानमन्त्रीलाई अविश्वासको प्रस्ताव पारित गरी हटाई बहुमतको विश्वास प्राप्त गर्ने प्रतिनिधिसभाको सदस्य प्रधानमन्त्री प्रतिनिधिसभाको बहुमतको उपज हो। बहुमतले चाहेमा प्रधानमन्त्रीलाई जुनसुकै बेला हटाउन सक्दछ। बहुमतलाई अंकुश लगाउने तथा आफू विरुद्धको बहुमतलाई निरस्त्र पार्ने कुनै कार्य गर्ने गराउने अधिकार प्रधानमन्त्रीलाई प्रचालित संविधानले कहीं दिएको छैन। त्यस्तै धारा ४७ बमोजिम योग्यता पुगेको नेपालको नागरिकलाई धारा ३ अनुसारका सार्वभौमसत्ता सम्पन्न जनताले प्रतिनिधिसभामा निर्वाचित गरेमा प्रतिनिधिसभाको निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रश्नको समाधान सदस्यहरूकै बहुमतबाट हुने हुन्छ। हामी समेतले विश्वास दिएर मात्र प्रधानमन्त्रीको पदमा रहन पाउनु भएका विपक्षीलाई हाम्रो विश्वास उहाँ उपर छैन भन्ना साथ स्वत: अधिकारविहीन तथा काम चलाउ मात्र हुन पुग्नु भएको छ। यस्तो अवस्थाका प्रधानमन्त्रीले संविधानको धारा ५३ को उपधारा (४) अनुसार संसद् विघटन गराउन गरिएको सिफारिस प्रत्यक्षत: असंवैधानिक देखिएको छ। सार्वभौमसत्ता सम्पन्न जनताका बहुमतका प्रतिनिधिहरूको संवैधानिक हक पूर्णत: हनन् भएको छ। विपक्षी प्रधानमन्त्रीलाई अविश्वास व्यक्त गरिएको हाम्रो समावेदन विघटनको सिफारिश भन्दा अगाडिको मितिको छ। हाम्रो संवैधानिक अधिकारालाई कुण्ठित पार्ने अधिकार प्रधानमन्त्रीलगायत कसैलाई पनि छैन। म निवेदक समेतलाई पनि संविधानको धारा ५३ को उपधारा (३) र धारा ५९ को उपधारा (२) ले विशेषाधिकार प्रदान गरेको छ। हाम्रो अधिकार उपयोग गराउने संवैधानिक कार्यप्रणाली प्रारम्भ भैसकेकोमा त्यसैलाई विफल तुल्याउने वद्नियत चिताई संसद्मा अल्पमत रहनु भएका प्रधानमन्त्रीले हामी समेतका प्रतिपक्षहरू बहुमतमा रहेको संसद्लाई विघटन गराउन तथा मृत तुल्याउने सिफारिश गर्न सर्वथा मिल्दैन। जुन संविधानले विपक्षी प्रधानमन्त्री आफूलाई अधिकार दिइएको मान्नु हुन्छ। त्यसै संविधानले सांसदलाई पनि विशेष अधिकार दिएको छ। संविधानको धारा ३६ को उपधारा (१) बमोजिम बहुमतको विश्वास प्राप्त प्रधानमन्त्रीलाई मात्र संसद् विघटन गराउने सिफारिश श्री ५ मा चढाउन पाउने व्यवस्था गरिएको छ। यस्तो सिफारिश गर्ने कार्यलाई

विशेषाधिकार दिएको भनि संविधानमा लेखिएको छैन। यदि विशेषाधिकारै हो भने हामी सांसदको पनि अधिवेशन बोलाई माग्ने र अविश्वासको प्रस्ताव पारित गराउने विशेषाधिकार नै हो भन्ने मान्नु पर्दछ।

सम्माननीय प्रधानमन्त्रीले श्री ५ मा चढाउनु भएको सिफारिश पूर्णत: वदनियतपूर्ण छ, कपटपूर्ण छ र दुराशययुक्त छ। प्रधानमन्त्री स्वयं र उहाँको पार्टीको हितमात्र खिताई राजनैतिक स्वार्थ पूर्तिका लागि प्रतिनिधिसभा विघटन गराउन सिफारिश गरिएको देखिन्छ। यसमा नेपाल राष्ट्रको हितको विपरीतको कदम हुन गएको छ। पुन: मध्यावधिमा राष्ट्रलाई जानु पर्दा देशको आर्थिक स्थितिमा प्रतिकूल असर परेको छ। हाम्रो जस्तो गरीब देशले १ वर्षको अन्तरालभित्र निर्वाचन गराउँदा करोडौं रूपैयाँको आर्थिक भार सहन नसकी मुलुकको आर्थिक संरचना ध्वस्त हुनजाने हुन्छ। अल्पमतमा रहनुभएका विपक्षी प्रधानमन्त्री उपर बहुमतमा रहेका हामीले अविश्वासको प्रस्तावलाई पारित गराई बहुमतको वैकल्पिक सरकार गठन गराउने विशिष्ट कारण देखाई संविधानको धारा ५३ को उपधारा (३) बमोजिम अधिवेशन बोलाउन समावेदन चढाएको आधारमा अधिवेशन बस्ने मिति र समय तोकिएपछि त्यसैलाई विघटन गर्ने कारण र आधार देखाई सिफारिश गरिएकोबाट आफू उपर आइलागेको बहुमतको अविश्वासको प्रस्तावलाई प्रजातान्त्रिक तरिकाबाट सामना गर्ननसक्ने दुराशय लिई प्रतिनिधिसभा विघटनगराउन पाएमा आफ्नो दलको निहित राजनैतिक स्वार्थ बच्न सक्छ कि भनेर विघटनको सिफारिश गरिएको प्रत्यक्ष प्रमाणित भएको छ।

१०. विपक्षी प्रधानमन्त्रीले आफू प्रधानमन्त्रीको पदमा नियुक्त भएपछि बारम्बार मध्यावधि निर्वाचन गराउँछु मात्र भनिरहनु भएका कयनहरू पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन्। राज्यको सञ्चालन सार्वभौमसत्ता सम्पन्न जनताद्वारा चुनिएका प्रतिनिधिहरूबाट नगरी पार्टीको राज्य व्यवस्था विभागबाट सञ्चालन भैरहेको छ। प्रतिनिधिसभाको विघटन गर्ने विषय पनि पार्टीको केन्द्रीय समितिको बैठकको निर्णयलाई कार्यान्वयन गराउन सिफारिश गरिएको यथार्थलाई स्वयं प्रधानमन्त्रीले दृष्टि साप्ताहिकमा दिनु भएको विशेष अन्तर्वार्ताबाट प्रष्ट प्रमाणित भएको हुनाले आफ्नो पार्टीको निहित राजनैतिक स्वार्थपूर्ति गर्ने उद्देश्यले प्रेरित भई आफ्नै विवेक प्रयोग नगरी गैर संवैधानिक स्रोतबाट अभिप्रेरित भएर सिफारिश गरिएको प्रत्यक्ष देखिइरहेको छ।' यस्तो सिफारिशलाई संविधानसम्मत भन्न सर्वथा मिल्दैन।

११. वर्तमान सरकार संविधानको धारा ४२ को उपधारा (२) बमोजिम गठन भएको र पहिलो पटक सो को उपधारा (३) अनुसार विश्वासको मत प्राप्त गरेबाट त्यसलाई दिइएको विश्वास फिर्ता नगरेसम्मको लागि मात्र नेपाल अधिराज्यको शासन व्यवस्थाको सञ्चालन गर्ने अभिभारा पाएको हो। यस्तो अल्पमतको मन्त्रिपरिषद्को नेतृत्व गर्ने प्रधानमन्त्रीलाई संविधानको धारा ५३ को उपधारा (४) अनुसार बहुमतको विश्वास प्राप्त प्रधानमन्त्री सरह प्रतिनिधिसभा विघटन गराउने सिफारिश गर्न पाउने अधिकार छैन। विपक्षी प्रधानमन्त्री म समेतका सांसदहरूको विश्वासमा प्रधानमन्त्री कायम रहनु भएको हो, हामीले नै अविश्वास अभिव्यक्त गरेपछि अल्पमतको प्रतिनिधित्व गर्नेले बहुमतको अर्को प्रधानमन्त्री नियुक्त गर्ने

विश्वासको मत दिने दृढता व्यक्त गरिसकेको र त्यसैको कार्यान्वयनका लागि अधिवेशनको मिति र समय तोकिसकेको संसद्लाई विघटन गराउन सिफारिश गर्ने हरहालतमा मिल्दैन। कार्यपालिका प्रमुखले विधायिकाको अधिकार क्षेत्रमा यसरी बलात् अतिक्रमण गर्न सकिदैन।

१२. प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेताले संविधानको धारा ५३ को उपधारा (४) बमोजिम विघटन गराउने सिफरिश गर्दा अर्को स्थिर सरकार बन्न नसक्ने र संसद् सुचारू रूपले चल्न नसक्ने यथार्थ अवस्था दर्शाएको हुनैपर्दछ। विपक्षी प्रधानमन्त्रीज्यू संविधानको धारा ४२ को उपधारा (२) बमोजिम गठन भएको मन्त्रिपरिषद् सो को उपधारा (१) मा फर्कनै नसक्ने हुनाले यसरी मन्त्रिपरिषद् गठन हुन संवैधानिक व्यवस्थाले रोक लगाएको छ भन्ने संविधानको शब्द र भावनाको मर्म विपरीतको स्वार्थप्रेरित, सत्तामुखी व्याख्याकार आफै बन्नुभएको छ। संविधानका धाराहरू सधैं क्रियाशील भैरहने हुन्छन्। एक पटक प्रयोग नभएपछि फेरि प्रयोग हुन सक्दैन भन्न सर्वथा मिल्दैन। संविधानको अन्तिम व्याख्याता सम्मानित सर्वोच्च अदालत हो, सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारी निश्चय नै होइन। विपक्षीको यस प्रकारको व्याख्या एवं सिफारिशलाई मान्यता दिइने हो र प्रस्तुत सिफारिश अनुसार विघटन गराइएकोलाई संवैधानिक मान्यता पाउने हो भने संविधानको धारा ५९ को उपधारा (२) र (३) पूर्णतः निरर्थक नै हुनजानेछ। अल्पमतको काम चलाउ मन्त्रिपरिषद् बहुमतको भन्दा बढी शक्तिशाली हुन जाने भई अल्पमतको सरकार सर्वसत्ताबादतर्फ उन्मुख हुन जानेछ।

१३. सम्माननीय प्रधानमन्त्रीले २०५२ साल कार्तिकमा प्रतिनिधिसभाको निर्वाचन हुने कार्तिक महिनाको मिति तोकी बक्सन सिफरिश गर्नुभएको भनिएको थियो। प्रतिनिधिसभा विघटन गरिएको राजदरबारको २०५२ साल जेष्ठ ३० को सूचनामा २०५२ मार्ग ७ गते निर्वाचन हुने मिति तोकिएको छ। त्यस मितिमा निर्वाचन गराउने सिफारिश विना तोकिएको निर्वाचन मितिलाई संविधानतः मान्यता दिन मिल्दैन। सम्पूर्ण शिफारिश नै अपूर्ण हुने हुँदा वदरभागी हुन्छ।

१४. गत मध्यावधि निर्वाचनमा हाम्रो पार्टीले ३३ प्रतिशत जनसमर्थन प्राप्त गरेको र ३० प्रतिशत मात्र मत पाउने विपक्षी प्रधानमन्त्रीज्यूको ने.क.पा. एमाले पार्टी केवल प्राविधिक कारणले मात्र केही बढी सिटमा विजयी भएको हो। संसद्को वर्तमान स्थिति हेर्दा सत्तारूढ ने.क.पा. एमाले ८७, नेपाली कांग्रेस ८२, राष्ट्रिय प्रजातन्त्र पार्टी १९, नेपाल सद्भावना पार्टी ३, मजदूर किसान पार्टी ४ र अन्य ७ स्वतन्त्र सांसदहरू हुनुहुन्छ।

१५. निवेदक हरिप्रसाद नेपाल समेत विरुद्ध तत्कालीन प्रधानमन्त्री समेत हुनुभएको उत्प्रेषणमा परमादेशको आदेश जारी गरी पाउँ भन्ने निवेदनमा यसै अदालतको विशेष इजलाशबाट २०५१/५/२७ मा कानूनी सिद्धान्त प्रतिपादित भैसकेको छ। जसअनुसार प्रधानमन्त्रीको विघटनको सिफारिशपछि वैकल्पिक सरकारको खोजी हुनुपर्ने, प्रतिनिधिसभा विघटनको सिफारिश प्रधानमन्त्रीले स्वेच्छाले गर्न नपाउने, त्यसको आधार र औचित्य हुनुपर्ने, कुनै इतर कारणवाट अभिप्रेरित भएर हुन नहुने

र श्री ५ बाट अर्को मन्त्रिपरिषद् गठन हुनसक्ने विकल्प नै नभएकोबाट धारा ५३ को उपधारा (४) अनुसार विवेक प्रयोग गरिबक्सी बहुमतको संसदीय दलको नेताको सिफारिशको आधारमा विघटन गरेको ठिक छ भनिएको छ। संसद्को बहुमतबाट संसदीय शासन प्रणाली सञ्चालित हुने र विद्यमान संसद्बाटै अर्को स्थिर तथा सक्षम सरकारको गठन हुन सक्ने तथा संसद् सुचारू रूपले चल्नसक्ने स्थिति रहेको अवस्थामा संसद् विघटन नहुने संसदीय मर्यादाका सर्वमान्य परम्पराहरू प्रचलनमा रहेका छन्। म निवेदक समेत समावेश भै १०३ प्रतिनिधिसभाका सदस्यहरूले संविधानको धारा ४२ को उपधारा (१) बमोजिम प्रतिनिधिसभाका सदस्य श्री शेर बहादुर देउवालाई बहुमतको विश्वासको मत जाहेर गरेको निवेदन श्री ५ समक्ष प्रस्तुत भैसकेको माथि नै उल्लेख गरेको छु। यसबाट वर्तमान प्रतिनिधिसभाभित्रैबाट वैकल्पिक बहुमतको सरकार बन्नसक्ने प्रष्ट देखिएको छ। यस्तोमा पनि विघटन गराउने गरी चढाइएको सिफारिशबाट विघटन भएको कार्य अदालतको विशेष इजलासको निर्णय र सर्वमान्य संसदीय मर्यादाको विपरीत हुन गएको छ।

१६. यसमा माथि लेखिएअनुसार प्रतिनिधिसभा विघटन गराउन चढाइएको सिफारिशको आधारमा विघटन गराइएको समेतका असंवैधानिक यावत काम कारवाहीबाट संविधानको धारा ३, धारा ४२ को उपधारा (१), धारा ४५ को उपधारा (३), धारा ५३ को उपधारा (३) र धारा ५९ को उपधारा (२) समेतबाट प्राप्त संवैधानिक हक हनन् भएको र प्रस्तुत विषयमा सार्वजनिक हक तथा सरोकारको विवाद समावेश भएको संवैधानिक प्रश्न समेत हुनाले सो प्रश्नको निरूपण समेत हुनुपर्ने भएको छ। संसद् विघटन सम्बन्धी विषय सार्वजनिक हक वा सरोकारको हो भनि यस अदालतको विशेष इजलासबाट नजिर कायम भैसकको समेत हुँदा सो समेतको निरोपणका लागि असाधारण अधिकार क्षेत्र प्रयोग गरेर विपक्षी सम्माननीय प्रधानमन्त्रीज्यूबाट संसद् विघटन गराउन गर्नु भएका सिफारिशबाट संसद् विघटन गराइएका यावत् काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी म निवेदक समेतले विपक्षी सम्माननीय प्रधानमन्त्रीका उपर अविश्वासको प्रस्ताव राखी पारित गराउन समावेदन चढाउँदा संविधानको धारा ५३ को उपधारा (३) बमोजिम श्री ५ बाट अधिवेशन प्रारम्भ हुने मिति र समय तोकिबक्सेकोलाई पुनर्जीवित गराउन विपक्षी सम्माननीय सभामुख, संसद् सचिवालयका नाउँमा परमादेशको आदेश जारी गरी हाम्रो समावेदन बमोजिम हुनुपर्ने यावत् काम सम्पन्न गराउन मन्त्रिपरिषद् सचिवालय र सो मार्फत् सबै आवश्यक संवैधानिक निकायका नाउँमा उपयुक्त र आवश्यक आदेश जारी गरी संवैधानिक हक प्रचलन कायम गराई पाउँ। साथै यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निर्वाचन सम्बन्धी कुनै काम कारवाही नगर्नु भन्ने सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम प्रत्यार्थीहरूका नाउँमा अन्तरिम आदेश समेत जारी गरी पाउँ।

१७. निम्नलिखित कागजका फोटोकपीहरू समावेश गरेको छु।

(क) मिति २०५२/२/२७ को प्रधानमन्त्रीद्वारा प्रतिनिधिसभा विघटन गर्न सिफारिश गरेको गोरखापत्रमा प्रकाशित समाचार।

(ख) मिति २०५२/२/२९ अङ्क २४ मा "संसद् विघटन गर्ने सिफारिशमा के छ" भनि प्रकाश साप्ताहिकमा प्रकाशित श्री ५ महाराजाधिराज सरकारका जुनाफमा चढाएको विन्तीपत्रको फोटोकपी ।

(ग) श्री ५ महाराजाधिराज सरकारका जुनाफमा चढाएको मिति २०५२/२/२५ को राजदरबारको (द. नं. वि. ४९५) समावेदनपत्र ।

(घ) श्री ५ महाराजाधिराज सरकारका हजुरमा वैकल्पिक सरकार गठन गर्ने सम्बन्धमा ३ वटा संसदीय दलका नेताहरुले मिति २०५२/२/२८ मा राजदरबारको द. नं. वि. ५०४ मा दर्ता गरी जाहेर गरेको निवेदन ।

(ङ) मिति २०५२/२/२८ को गोरखापत्रमा 'प्रकाशित संसद् सचिवालयको सूचना ।

(च) संसद् सचिवालयका महासचिवका नाममा मिति २०५२/२/२८ मा दर्ता गरिएको अविश्वासको प्रस्तावको लिखित सूचना ।

(छ) श्री ५ महाराजाधिराजका हजुरमा श्री शेरबहादुर देउवालाई प्रधानमन्त्री पदमा नियुक्त गरी बक्सन राजदरबारमा मिति २०५२/२/२९ मा १०३ जना प्रतिनिधिसभाका सदस्यहरूले हस्ताक्षर गरी चढाएको राजदरबारको द. नं. वि. ५२३ ।

(ज) मिति २०५२/२/३१ मा दृष्टि साप्ताहिकमा प्रकाशित "एमाले अब एतिहासिक यात्रातिर" शीर्षक अन्तर्गत प्रकाशित विशेष अन्तर्वार्ता सहितको समाचार ।

(झ) मिति २०५२/२/३१ मा प्रकाशित "श्री ५ बाट प्रतिनिधिसभा विघटन मंसिर ७ गते निर्वाचन" शीर्षकको गोरखापत्रको समाचार ।

१८. कानून व्यवसायीद्वारा गरिने बहसलाई समेत यसै निवेदनको अभिन्न अङ्ग मानी पाउँ ।

१९. यसमा लेखिएको व्यहोरा ठीक छ, फरक ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

चिरञ्जीवी वाग्लेको वारेश ललितपुर जिल्ला इमाडोल बस्ने वर्ष ५२ को प्रेमबहादुर के. सी. ।

इति सम्वत् २०५२ साल आषाढ महिना २ गते रोज ६ शुभम् .....

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन पत्र

विषय: नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र धारा ८८ को उपधारा (२) अन्तर्गत उत्प्रेषण मिश्रित परमादेश लगायत अन्य उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरी पाऊँ।

जिल्ला डडेल्धुरा श्री असीग्राम गा.वि.स. वडा नं. ५ रूवाखोला घटेला घर भै हाल का.न.पा. वडा नं. ३ महाराजगंज बस्ने विघटन भएको भनिएको प्रतिनिधिसभाको विपक्षी दलको नेता तथा नेपाली कांग्रेस संसदीय दलको नेता वर्ष ४९ को शेर बहादुर देउवाको वारिस ऐ. वडा नं. ३३ बस्ने वर्ष २७ को नरेन्द्रबहादुर के.सी. । ... निवदेक

विरुद्ध

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी- राजदरबार सम्बन्धी, प्रधामनन्त्रीको कार्यालय सिंहदरबार, काठमाडौं १

सम्माननीय सभामुख श्री रामचन्द्र पौडेल, संसद् सचिवालय, सिंहदरवार काठमाण्डौं, ... १ विपक्षी

श्री ५ को सरकार, मन्त्रिपरिषद्, मन्त्रिपरिषद्को सचिवालय सिंहदरबार, काठमाडौं १

निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं १

म निवेदक सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४० को उपनियम (१) बमोजिम दस्तुर रू. ५००।- यसै साथ सामेल राखी निम्न लिखत निवेदन गर्दछु।

१. नेपालमा प्रजातन्त्रको पुन:स्थापनाका लागि भएका सबै संघर्ष र आन्दोलनहरूको नेतृत्व गरेको गौरवशाली इतिहास बोकेको नेपाली कांग्रेस पार्टीको संसदीय दलको नेता र २०५१ कार्तिकमा सम्पन्न मध्यावधि निर्वाचनपश्चात् गठित प्रतिनिधिसभामा विपक्षी दलको नेताको हैसियतले सेवारत रहेको व्यक्ति हुँ। यस अघि २०४८ सालमा सम्पन्न प्रथम आम निर्वाचनपश्चात् गठन भएको पहिलो निर्वाचित नेपाली कांग्रेस सरकारको गृहमन्त्रीको हैसियतले राष्ट्र, जनता र प्रजातन्त्रको सर्वोत्तम हितमा पूर्ण निष्ठासाय समर्पित रही कर्तव्य निर्वाह गरिसकेको छु।

२. २०५१ साल मंसीर महिनामा प्रधानमन्त्री श्री मनमोहन अधिकारीको नेतृत्वमा गठित मन्त्रिपरिषद्द्वारा बितेका ६ महिनाभित्र पटक पटक संविधानको प्रस्तावना, संविधानको अन्य प्रावधानको भावना, मूल्य एवं मान्यता विपरीत कार्य हुँदैआएको, प्रतिपक्षी दलका प्रतिनिधिसभाका सांसद्हरूको पूर्ण समर्थन र सहयोगका बावजुद बहुमतको भावनालाई कदर गर्ने सर्वस्वीकृत संसदीय प्रणाली र परम्पराको घोर उपेक्षा गर्दै प्रधानमन्त्री र निजको नेतृत्वमा गठित मन्त्रिपरिषद्ले अल्पमतको हठधर्मिता र मनपरीतन्त्रलाई बढावा दिएको, मन्त्रिपषिद्को गलत नीति र काम कारवाहीका कारण सरकारले स्थिरता प्राप्त गर्न नसकी देशमा सर्वत्र अन्यौलको स्थिति सृजना भएको, प्रधानमन्त्री एवं मन्त्रिपरिषद्को क्रियाकलापबाट देशको राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक एवं न्यायिक संरचना नै खलबल्याउने प्रयत्न भएको, यसबाहेक सनातनदेखि कायम रहँदै आएको राष्ट्रको साम्प्रदायिक सद्भावमा विचलन ल्याउने प्रयास भएको, राजनीतिलाई अपराधीकरण गर्न थालिएकोलाई समग्रमा भन्नुपर्दा राष्ट्रियता, राष्ट्रिय स्वाभिमान, सामाजिक सहिष्णुता तथा प्रजातान्त्रिक मान्यतामाथि नै प्रहार गरी देशलाई अस्थिरता र अन्यौलतर्फ उन्मुख गरेको हुँदा उल्लेखित वास्तविकतालई मनन गरी बारम्बार प्रधानमन्त्री र अन्य मन्त्रीहरूबाट अभिव्यक्त मध्यावधिको धम्की र संत्रासबाट देशलाई मुक्त गर्न र वर्तमान प्रधानमन्त्री र निजको नेतृत्वमा गठित मन्त्रिपरिषद्लाई अविलम्ब नहटाउँदा प्रजातन्त्रले भोग्नुपर्ने गम्भीर क्षतिबाट देशलाई जोगाउन हामी प्रतिनिधिसभाका सदस्यहरू राजनैतिक दृटिष्ले प्रतिनिधिसभाको विश्वास गुमाइसकेका प्रधानमन्त्री श्री मनमोहन अधिकारीका विरुद्ध प्रधानमन्त्रीमाथि प्रतिनिधिसभाको विश्वास छैन भनी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५९ को उपधारा (२) बमोजिम प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव पेश गर्न वाञ्छनीय भएकाले संविधानको धारा ५३ को उपधारा (३) तथा प्रतिनिधिसभा नियमावली, २०४८ को नियम ३ र नियम १७१ अन्तर्गत प्रतिनिधिसभाको नियमित अधिवेशन अगावै अधिवेशन बोलाइ बक्सनका निम्ति सरकारका जुनाफमा नेपाली कांग्रेसका म समेतका ७० जना प्रतिनिधिसभाका सदस्यहरूले मिति २०५२।२।२५ गते समावेदन चढाएका थियौं र सोही समावेदनमा प्रतिनिधिसभाका सांसदहरूको स्पष्ट बहुमतको समर्थनका आधारमा हामी संविधानको धारा ४२ को उपधारा (१) बमोजिम वैकल्पिक प्रधानमन्त्रीको नेतृत्वमा सुदृढ, सक्षम एवं स्थिर मन्त्रिपरिषद् गठन गर्न समर्थ एवं तत्पर रहेको व्यहोरा समेत जाहेर गरेका थियौं । ४.

३. यसरी म समेत नेपाली कांग्रेसका ७० जना प्रतिनिधिसभाका सदस्यहरूले दिएको समावेदन अनुसार मिति २०५२ ।२।२६ का दिन श्री ५ बाट प्रतिनिधिसभाको विशेष अधिवेशनको बैठक मिति २०५२।३।२ को दिनको १ बजे बस्ने गरी बोलाइबक्सेपछि विपक्षी प्रधानमन्त्री एवं निजको दल ने.क.पा. (एमाले) को केन्द्रीय समितिले गरेको निर्णय र बाध्यात्मक निर्देशानुसार प्रतिनिधिसभाको विघटन गर्ने र नयाँ प्रतिनिधिसभाको निर्वाचन हुने महिना (कार्तिक) मन्त्रिपरिषद्को बैठकबाट अनुमोदन गरी गराई त्यस्तो असंवैधानिक तथा अनुचित निर्णय श्री ५ समक्ष हतारिएर जाहेरसम्म गर्नुभएको कुरा राजदरबारबाट प्रकाशित सूचनाबाट अवगत हुनआयो। विपक्षीको अनाधिकृत एवं असंवैधानिक निर्णय निर्देशन र सिफारिस बमोजिम

प्रतिनिधिसभाको विघटन हुन सक्दैन र हुनुपर्ने पनि होइन भनी श्री ५ समक्ष नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टीका संसदीय दलका नेताहरूका तर्फबाट वर्तमान संविधानको धारा ४२ को उपधारा (१) अन्तर्गत स्थिर एवं सक्षम वैकल्पिक सरकार बनाउन सकिने निर्विवाद अवस्था र आधार विद्यमान रहेको कुरा विन्तिपत्रमार्फत मिति २०५२।२।२८ मा जाहेर गरिएको र मिति २०५२।२।२९ मा प्रतिनिधिसभाका सदस्य श्री शेरबहादुर देउवालाई प्रतिनिधिसभाका १०३ जना सदस्यहरूको समर्थन रहेकोले प्रधानमन्त्री पदमा नियुक्तिका लागि हस्ताक्षर सहित विन्तिपत्र चढाएको थियो। मिति २०५२। २।२८ का दिन विपक्षी प्रधानमन्त्रीका विरुद्धमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५९ को उपधारा (२) तथा प्रतिनिधिसभा नियमावली , २०४८ को नियम १७१ बमोजिम अविश्वासको प्रस्ताव दर्ता समेत गराइसकिएकाले विचाराधीन रहिसकेको हो। यसरी विपक्षी प्रधानमन्त्रीको अनधिकृत एवं असंवैधानिक सिफारिशका आधारमा प्रतिनिधिसभा विघटन हुन नसक्नेमा श्री ५ बाट निजकै सिफारिसलाई यथावत स्वीकार गरिबक्सी सोही बमोजिम नयाँ प्रतिनिधिसभाका लागि मिति २०५२।८।७५ मा निर्वाचन गराउने गरी प्रतिनिधिसभा विघटन गरिबक्सेको कुरा मिति २०५२।२।३१ मा गोरखापत्रमा प्रकाशित विज्ञप्तिबाट थाहा हुन आयो।

४. विपक्षी प्रधानमन्त्रीज्यूको मिति २०५२।२।२६ को अनधिकृत एवं असंवैधानिक सिफारिश बमोजिम भएका उल्लेखित विघटन समेत निम्नलिखित संवैधानिक प्रावधान, संसदीय मर्यादा, परम्परा, प्रचलन, मान्यता, सम्मानित सर्वोच्च अदालतद्वारा प्रतिपादित नजिर समेतको विपरीत हुँदा बदरभागी छ भन्ने कुरा निम्न प्रकरणहरूमा प्रस्तुत गरिएको छ :

(क) सम्माननीय प्रधानमन्त्रीले मिति २०५२।२।२६ मा संविधानको धारा ५३ को उपधारा (४) अन्तर्गत चढाउनुभएको सिफारिशपत्रको प्रतिलिपि सोही दिन साँझ निवासमा पत्रकार सम्मेलन गरी सार्वजनिक रूपमा वितरण गर्नुभएको र सरकारी संचार माध्यम (ने.टी.भी.समेत) मार्फत प्रचार प्रसारमा ल्याउनुभएको गोरखापत्र लगायत निजको ने.क.पा. (एमाले)को स्वामित्वको पत्रपत्रिका मार्फत् पनि पूर्ण व्यहोरा प्रकाशित गराउनु भएको हुँदा सोही सार्वजनिक भइसकेको विपक्षीको सिफारिशको व्यहोरा हेर्दा उक्त सिफारिश नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३५ को उपधारा (२) र (३), धारा ४२ को को उपधारा (१), धारा ५३ को उपधारा, (१), (३), र (४), धारा ५९ को उपधारा (२) समेतको विपरीत भई बदरभागी छ भन्ने कुरा सर्वप्रथम निवेदन गर्दछु।

(ख) प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरी पाउन संविधानको धारा ५३ को उपधारा (३) अनुसार संसद् सदस्यमा रहेको विशेषाधिकार अन्तर्गत बोलाइबक्सेको अधिवेशनलाई निष्प्रभावित पार्न धारा ५३ को उपधारा (४) अनुसार प्रत्यर्थी प्रधानमन्त्रीलाई अधिकार प्रदान गर्दैन। उसमा पनि जहाँ धारा ५३ को उपधारा (३) ले एक चौथाई संसद् सदस्यको माग अनुसार श्री ५ बाट अधिवेशन बोलाइवक्सन अनिवार्य व्यवस्था गरेको छ। उही धारा ५३ को उपधारा (४) ले प्रतिनिधिसभा भङ्ग गर्न प्रधानमन्त्रीको

सिफारिशलाई बाध्यात्मक रूपमा पालना गर्न पर्ने व्यवस्था नरहेको कुरा हरिप्रसाद नेपाल समेत विरुद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समेतको मुद्दामा सर्वोच्च अदालतले स्वीकार गरेकोबाट पनि प्रष्ट हुन्छ। यसरी धारा ५३ को उपधारा (३) विपरीत प्रयोग गर्न नमिल्ने नहुने धारा ५३ को उपधारा (४) लाई प्रयोग गर्ने गरी भएको सिफारिस तथा तदनुकूल भएको विज्ञप्ति उक्त धारा ५३ को उपधारा (३) को प्रतिकूल रहेको छ। प्रधानमन्त्रीबाट प्रतिनिधिसभाको विघटनको लागि गरिएको सिफारिशले धारा ५३ को उपधारा (३) बमोजिम बोलाइबक्सेको अधिवेशनलाई निष्क्रिय पार्ने बदनियत रहेको हुँदा विघटनको सिफारिस धारा ५३ को उपधारा (३) र धारा ५९ को उपधारा (२) द्वारा निर्धारित संवैधानिक प्रक्रियालाई अवरोध गर्ने एवं निस्क्रिय पार्ने उद्देश्यबाट अभिप्रेरित छ। नियमित अधिवेशन बोलाउन सिफारिश गर्ने प्रधानमन्त्रीले सभावेदनको मागबमोजिम बोलाइएको अधिवशेन सामना नगरी गरेको विघटनको सिफारिस औचित्यहीन छ। प्रतिनिधिसभाको विशेष अधिवेशन सामना गर्न नसकी मन्त्रिपरिषद्ले धारा ४२ को उपधारा (२) बमोजिमको आफ्नो अस्तित्व समाप्त हुने देखेपछि आफूले जिम्मेवारी वहन गर्नुपर्ने संविधानको अर्को सर्वाधिक निकाय प्रतिनिधिसभा (संसद्) को कार्य क्षेत्रमा अनधिकृत ढङ्गबाट हस्तक्षेप गरी विना आधार असंवैधानिक तवरबाट उसको अस्तित्व नै समाप्त गर्ने कार्य संविधानको धारा ३६ को उपधारा(४), संविधानले अवलम्बन गरेको शक्ति पृथकीकरणको अवधारणा तथा संसदीय प्रणालीको मान्यता प्रतिकूल छ।

(ग) प्रधानमन्त्रीका विरूद्ध अविश्वासको प्रस्ताव दर्ता गर्न प्रतिनिधिसभा सदस्यको विशेषाधिकार अन्तर्गत बोलाइबक्सेको अधिवेशनलाई प्रतिनिधिसभाको विश्वास नरहेको आरोपित प्रधानमन्त्रीले प्रतिनिधिसभा भंग गर्ने गरी गरेको सिफारिश प्राकृतिक न्याय सिद्धान्त समेतको प्रतिकूल रहेको छ। जसको विरुद्ध सदन बस्दछ सोही व्यक्तिले आफ्नो विरुद्धको सदनलाई भंग गर्ने कुरालाई कुनै पनि अवस्थामा नैतिक, स्वच्छ र न्यायअनुकूल रहेको भन्न मिल्दैन।

(घ) म समेतले श्री ५ मा चढाएको समावेदनमा हामीले धारा ४२ को उपधारारा (१) अनुसारको स्थायी एवं दिगो सरकार बनाउन सक्षम रहेको भनी समेत जाहेर गरेको कुराबाट आक्रोशित भई वैकल्पिक सरकार बन्न नै नदिने दूषित मनसायले धारा ५३ को उपधारा (४) अन्तर्गत प्रधानमन्त्रीले गरेको सिफारिश संसदीय प्रणाली, वैकल्पिक सरकारको सम्भावना एवं धारा ४२ को उपधारा (१) को प्रतिकूल रहेको छ। म समेतले वैकल्पिक, दिगो सरकार बनाउन सक्ने जाहेर गरेका कुरा प्रतिनिधिसभाका १०३ जना सदस्यले श्री ५ मा चढाएको विन्तिपत्रले समेत स्पष्ट गरिसकेको छ। अल्पमत सदस्यका पार्टीले बहुमत सदस्यलाई सरकार बनाउन, चलाउनबाट अवरूद्ध गर्न पाउने संवैधानिक अवस्था रहेको छैन।

(ङ) विपक्षीले विघटनको सिफारिशको कारणमा सरकारको नीति तथा कार्यक्रम, विधेयक वा बजेट पारित हुन नसकेको दावी देखाउनु भएको छैन। जनादेश लिनु पर्ने कारण संविधानसम्मत छैन र प्रत्यार्थी प्रधानमन्त्रीलाई बाध्यता छैन। धारा ४२ को उपधारा (२) बमोजिम गठन भएको मन्त्रिपरिषद्को विकल्पमा सरकार गठन हुन सकने संवैधानिक व्यवस्था छैन। असंवैधानिक सिफारिशलाई धारा ३६ को उपधारा (१), (७) र धारा ४२ को उपधारा (१) ले नै खण्डन गर्दछ। वर्तमान सरकार धारा ३६ को उपधारा (७) बमोजिम कायम रहेकोबाटै संविधानमा विकल्प रहेको पुष्टि भएको छ। अल्पमतको सरकारले बहुमतको सरकार बन्ने संभावना रोक्न संविधानको प्रावधानसँग खेलवाड गर्न सक्तैन।

(च) हाम्रो संविधानले प्रत्येक ६ महिनाभित्र प्रतिनिधिसभाको अधिवेशन हुनै पर्ने बाध्यात्मक व्यवस्था गरेको छ। तर हालै भएको प्रतिनिधिसभाको विघटनले संविधानमा रहेको त्यो प्रावधानलाई उल्लंघन गरेको छ। विगतमा २०५१/१०/१८ मा समाप्त भएको प्रतिनिधिसभाको अधिवेशन अब २०५२ मार्ग ७ गतेपछि मात्र हुने संभव भएको छ। तसर्थ विपक्षी प्रधानमन्त्रीको प्रतिनिधिसभा विघटन गर्ने सिफारिश र तत्सम्बन्धमा भएको सम्पूर्ण कार्यवाट संविधानको धारा ५३ को उपधारा (३) र (४) मा व्यवस्थित ६ महिना अवधि ननघाई प्रतिनिधिसभाको अधिवेशन बोलाउनुपर्ने प्रावधानको उल्लंघन हुन गएको छ।

(छ) सम्मानीय प्रधानमन्त्रीले प्रतिपक्षबाट देश र जनताको पक्षमा निजको सरकारले गर्न लागेको कदमहरूलाई संविधानको भावना र मर्म विपरित प्रतिकूल परिस्थितिको सृजना गरिएको भनी लगाएको आरोप अप्रजातान्त्रिक तथा असंवैधानिक छ। निजको दलको तानाशाही मान्यता,घोषणा र सोचको उपज हो, आफूले जे गऱ्यो त्यही मात्र प्रजातान्त्रिक, जे भन्यो त्यही मात्र संवैधानिक, जे बुझ्यो त्यही मात्र जनहितकारी भन्नु राष्ट्रले अख्तियारी गरेको प्रजातान्त्रिक शासन प्रणाली र संवैधानिक संरचना विरोधी सोचाइ र बुझाइ हो। मूलभूत रूपमा विपक्षीको राजनैतिक तथा संवैधानिक मान्यता, कार्यक्रम र लक्ष्य नै संविधान विरोधी रहेको कुरा वर्तमान संविधान निर्माणमा आफ्नै दल सम्मिलित रहेर पनि संविधानप्रतिको निष्ठा र प्रतिवद्धतामा "आलोचनात्मक समर्थन" सम्म रहेको कुरा विपक्षीको तर्फबाट पटक पटक सार्वजनिक रूपमा प्रकट भइरहेका छन्। तर निवेदक समेतको प्रतिपक्षी दलबाट त्यस्तो आरोप बमोजिम कुनै काम कारवाई नभएकोले बिलकुल काल्पनिक एवं झूटा व्यहोरा श्री ५ समक्ष जाहेर गर्नु भएको छ। मन्त्रिपरिषद् गठनपश्चात् पनि ने.क.पा. (एमाले) को कथित राज्य व्यवस्था विभाग जस्ता गैरसंवैधानिक तथा अनुत्तरदायी निकाय र केन्द्रको नियन्त्रण र निर्देशनमा विपक्षीले कार्य सञ्चालन गरी आउनु भएको समेतले हामी प्रजातन्त्रवादीबाट प्राप्त समर्थन जारी रहने प्रश्नै छैन।

(ज) मिति २०५२/२/२५ मा वर्तमान संविधानको धारा ५३ को उपधारा (३)

अन्तर्गत प्रतिनिधिसभाको विशेष अधिवेशन बोलाइबक्सन समावेदन गर्ने सांसदहरूको विशेष अधिकारको पहिलोपटक प्रयोग गर्ने स्वयं विपक्षीले हाल त्यही कुरा असामान्य स्थितिमा निवेदक समेतले प्रयोग गर्दा वा गर्न खोज्दा सोही कारणले प्रतिनिधिसभाको विघटन गरिबक्सन सिफारिश गर्नु परेको हो भनी सिफारिशमा दावी गर्नुभएकोमा सो भनाइ वस्तुतः राजनीतिक दृष्टिले अनैतिक मात्र होइन कि संवैधानिक दृष्टिले समेत अज्ञानतापूर्ण एवं अपहेलनाजनक तर्क गराइ हो भन्नु पर्दछ। उही र उस्तै प्रकारको काम कारवाई आफ्नो तर्फबाट गर्दा प्रजातान्त्रिक, जनहितकारी, प्रतिपक्षी दलको कर्तव्यको दायराभित्र परेको हुने र अरूले गर्दा अमान्य र असंवैधानिक हुने एकदलीय तानाशाही व्यवस्थाको संस्कारको पृष्ठपोषक सोचाइ र बुझाइ बाहेक अरू केही होइन। काम गर्नका लागि पर्याप्त समय प्रतिपक्षी दलले नदिएको, नीति तथा कार्यक्रम लागु गर्न नदिएको क्रियाकलाप संवैधानिक एवं संसदीय मूल्य र मान्यता माथिको नाङ्गो प्रहार हो भन्ने समेतको निजको आरोप वास्तवमा आफैमा असंसदीय र असंवैधानिक मान्यताबाट ग्रसित सोचाइ हो। कुनै पनि सरकारप्रति अविश्वासको प्रस्तावको माध्यमद्वारा लगाम वा अंकुश लगाउनु वास्तवमा संसदीय बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको चिरपरिचित प्रचलन र परम्पराभित्र पर्ने कुरा हो। विपक्षीको सरकारको गठनको क्रममा निवेदकको दलका सदस्यहरूले विश्वासको मत दिंदा सशर्त समर्थन दिएको र कुनै पनि समयमा आफ्नै समर्थन सदनमार्फत फिर्ता लिनखोज्नु वा लिनु संवैधानिक एवं संसदीय व्यवहार र आचरण र मान्यताभित्र नै पर्दछ। निवेदकको दललाई शत्रुशक्ति घोषित गर्ने असहिष्णु एवं अप्रजातान्त्रिक आदर्श र मान्यताको राजनीतिमा शिक्षित दीक्षित विपक्षीले निजको सोचाइ बुझाइ विपरितका कुनै पनि काम कारवाहीलाई असंसदीय भनिदिदैमा असंसदीय वा असंवैधानिक हुन सक्तैन। प्रचलित संविधान बमोजिम विशेष अधिवेशन बोलाउन समावेदन चढाउनु, अविश्वासको प्रस्ताव पेश गर्नु, छलफल गर्नु फिर्ता लिनु वा पारित गराउनु एकदलीय तानाशाहीमा बाहेक कुनै पनि प्रजातान्त्रिक व्यवस्थामा असंवैधानिक कार्य हुन सक्तैन। प्रतिनिधिसभाको विघटनका निमित्त प्रस्तुत सिफारिसमा विपक्षीले उल्लेख गरेको कारण पूर्ण असंसदीय तथा असंवैधानिक भएकाले त्यस्तो सिफारिश वर्तमान संविधानको धारा ५३ को उपधारा (४) विपरीत छ। विशेष अधिवेशन बोलाउने कार्यलाई विगतको मध्यावधि निर्वाचनमा अभिव्यक्त जनमत विपरित समेत भन्न मिल्दैन। त्यसो भन्ने विशेषाधिकार निजलाई छैन।

(झ) वर्तमान संविधान र शासन प्रणाली दुवैप्रति आलोचनात्मक आस्था र निष्ठा रहेको भनी गर्व साथ हिंड्ने मान्यता राख्ने प्रधानमन्त्रीको ने.क.पा. (एमाले) ले प्रतिपक्षमा रहँदा निवेदकको दलको सांविक सरकारका हरेक काम कुराहरूका विरुद्धमा सदन तथा सडक आन्दोलनको नाममा विरोध कार्यक्रम मात्र सदैव चलाई बस्ने विपक्षीले पनि जिम्मेवारीमा बस्दै

प्रजातान्त्रिक अभ्यास गर्दै गएमा प्रजातान्त्रिक आचरणको विकास समेत होला कि भन्ने झिनो आशा साथ विपक्षीलाई विश्वासको मत दिएको हुँदा हामीसित पनि न्यूनतम सहमति कायम गरी राज्यको शासन सञ्चालन गर्नुपर्ने राजनीतिक वा नैतिक दायित्व निजमाथि रहेकोमा सहमति खोज्नु, संवाद गर्नुको सट्टा निरन्तर गाली बेइज्जती, आरोप र प्रहार मात्र विपक्षीको नेतृत्वमा रहेको सरकार र दल दुवैबाट निरन्तर बढ्दै गए। हरेक क्रियाकलाप राजनैतिक तथा व्यक्तिक प्रतिशोध लिएर सञ्चालन हुन थालेपछि त्यस्तो प्रधानमन्त्री प्रति सदनमार्फत दिएको विश्वासको मत सदनमार्फत् मात्र फिर्ता लिनु पर्ने भई सो क्रममा प्रस्ताव पेश गर्ने इच्छा मात्र व्यक्त गर्नु कुनै पनि हालतमा असंवैधानिक वा अपराध हुन सक्तैन र त्यति कुराले विपक्षीलाई प्रतिनिधिसभाको विघटन गर्ने अधिकार प्रदान गर्दैन। संक्षेपमा अविश्वासको प्रस्ताव पेश गरेको भन्ने आधारमा प्रतिनिधिसभा विघटन गर्ने विशेषाधिकारको प्रयोग हुन सक्दैन। वास्तवमा प्रजातान्त्रिक व्यवस्था र संविधानको मौलिक संरचनामाथि नाङ्गो प्रहार त स्वयं विपक्षीको सिफारिशले गरेको छ। अविश्वासको प्रस्ताव पेश भएको र सोको निमित्त वशेष अधिवेशन समेत आह्वान भइसकेको परिप्रेक्ष्यमा विपक्षीको सिफारिशबाट संविधानको धारा ५९ को उपधारा (२) निर्जीव बन्न पुगेको छ।

(ञ) नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (१) बमोजिम संसद्को नवौं अधिवेशनको आह्वान गराउने सो मार्फत् वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न दृढता राख्ने विपक्षीले आफू अल्पमतमा रहे भएको घाम झैं छर्लङ्ग तथ्यलाई चटक्क बिर्सेर सत्ताको उन्मादमा आफ्नो सरकारलाई समर्थन दिइ आएका (प्रतिपक्षी) दलहरूसँग सरकार सञ्चालनको विषयमा समझदारी बढाउनु र न्यूनतम सहमति खोज्नु त कता हो कता बहुमतमा रहेका प्रतिपक्षी दलहरूसित स्वयं प्रतिनिधिसभाको विघटन गर्ने जस्तो अत्यन्त संवेदनशील विषयमा समेत कुनै संवाद गर्ने वा सम्पर्क राख्ने शिष्टाचार समेत दर्शाउनु भएन। पूर्णत: दलीय तथा वैयक्तिक प्रतिशोध लिने हिसावले विघटनको सिफारिश गर्ने कार्य विपक्षीबाट भएको छ। प्रधानमन्त्रीले संविधानसम्मत हिसावले राष्ट्रको हितमा मात्र प्रयोग गर्नुपर्ने अधिकार दलीय स्वार्थमा अघिल्लो निर्वाचन भएको ६ महिना नवित्दै विघटन गराई एकदलीय सत्ता सञ्चालन गर्ने बदनियत साथ उक्त काम कारवाई भएको छ। संविधानको धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधिसभा सदस्यहरूको समावेदन बमोजिम बस्ने भइसकेको विशेष अधिवेशनमा अविश्वास प्रस्ताव पेश गरी विपक्षीलाई पदमुक्त गर्नबाट निवेदक समेतलाई वञ्चित गरिएको छ।

(ट) वर्तमान संविधानको धारा ४२ को उपधारा (२) बमोजिम सरकार गठन गर्दैमा ५ वर्षका लागि विपक्षीलाई विश्वासको मत ग्यारेण्टी गरी दिइराख्नुपर्ने राजनैतिक, नैतिक, कानूनी वा संवैधानिक दायित्व निवेदकको दल नेपाली कांग्रेस माथि रहेको छ भन्ने गलत, भ्रमात्मक एवं असंसदीय

मान्यता विपक्षीले बोक्नु र बुझ्नु भएको समेत अज्ञानतापूर्ण मान्नुपर्छ
विश्वासको मत फिर्ता लिने अधिकार त्यो प्राप्त गर्नेको इच्छामा नभ
प्रदान गर्नेको तजवीजमा आधारित कुरा हो। एक पटक समर्थन प्रदा
गरेको कारणले सदाका निम्ति ग्यारेण्टी दिएको भन्न मिल्दैन र आशा ग
पनि हुँदैन। अस्थिरता अविश्वासको प्रस्तावले होइन विपक्षीको तानाशाही
अप्रजातान्त्रिक क्रियाकलाप र संस्कारको कारणले उत्पन्न भएको हो। अ
कसैको कारणले होइन। सबैभन्दा बढी सदस्य संख्या भएको दलको नाता
अन्य दलसँग मिली स्थिर र सक्षम सरकार बनाई राष्ट्र र जनताको से
गर्ने दायित्व प्रथमत: विपक्षीमाथि नै रहेकोमा शुरूदेखि नै त्यो कर्तव्य
दायित्वबाट पन्छिएर अल्पमतको अस्थिर सरकार बनाउने, अप्रजातान्त्रि
असहिष्णु एवं असंसदीय बाटो रोज्ने विपक्षीले बहुमतको सरकारल
अस्थिर हुन्छ भनी तर्क गर्नु र अरू उपर आरोप लगाउनु, हिंड्नु वस्तु
हास्यास्पद तर्क हो। वृहत् राष्ट्रिय स्वार्थभन्दा विपक्षीको दलगत नि
स्वार्थलाई प्रारम्भदेखि नै निजले सर्वोपरि मानेको र आफूले पाएको समर्थ
गुम्ने भएपछि बहुमतमा रहेको विपक्षीलाई सरकार गठन गर्न दिनु प
नैतिक जिम्मेवारी विपक्षीमाथि रहेको आफ्नो सरकार टिक्तैन भ
प्रतिनिधिसभा नै टिक्न दिन्न भन्ने विपक्षीको धारणा र सो अनुरूप
प्रतिशोधात्मक क्रियाकलाप जगजाहेर भइसकेको छ। फलत: विपक्ष
प्रधानमन्त्रीले आफू सत्तामा कायम रहिरहने उद्देश्यबाट प्रतिनिधिसभाक
विघटनको निमित्त गरेको सिफारिश दुराशयपूर्ण एवं कपटपूर्ण समेत रहेक
कुरा छर्लङ्ग भएको छ। कारण वैकल्पिक सरकारको पूरा संभाव
रहेसम्म प्रधानमन्त्रीको विघटनको सिफरिश कार्यान्वित हुन सक्दैन।

(ठ) विपक्षी प्रधानमन्त्रीको मिति २०५२/२/२६ को सिफारिश पत्र
मुलुकलाई स्पष्ट दिशा दिन अन्यौल समाप्त गरी निश्चित र स्थायी सरका
गठन गर्न प्रतिनिधिसभाको विघटन गर्नुपर्ने कारणको रूपमा उल्लेख गरेक
समेत असंसदीय एवं असंवैधानिक छ। अल्पमतको सरकारले बहुमतम
रहेको प्रतिपक्षीहरूले स्थिर सरकार दिन सक्दैन भनी कुनै आधार
संवैधानिक अधिकार राख्तैन। विपक्षीको सरकारको गठन वर्तमा
संविधानको धारा ४२ को उपधारा (२) बमोजिम भएकोले संविधानक
विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्
नभएकोले वर्तमान सरकारले आफ्नो नीति र कार्यक्रम लागू गर्
मुलुकलाई स्थायी सरकार दिन तथा वर्तमान अन्यौल समाप्त गर्
सार्वभौमसत्ता सम्पन्न जनता समक्ष जनादेश प्राप्तिका लागि जा
वाञ्छनीय भएको भनी मूलभूत दावी विपक्षीले आफ्नो सिफारिशमा पारे
संवैधानिक राजालाई आफ्नो सिफारिश पालना गराउन बाध्य पारेक
देखिन्छ। विपक्षीको नेतृत्वमा सरकार गठन भएको मितिदेखि नै विपक्षी
निजको मन्त्रीहरू तथा दलका उच्च पदस्थ नेताहरूले व्यापक एवं नियमि
रूपमा सार्वजनिक भाषण, घोषणा, दलको केन्द्रीय निकायको निर्णय गराउ
संविधानको धारा ४२ को उपधारा (२) प्रयोग भइसकेपछि पुन: धारा ४

उपधारा (१) प्रयोगमा आउन सक्तैन भनी जनमानसमा समेत संविधानको गलत एवं भ्रमपूर्ण व्याख्या प्रचार प्रसार गरी विघटनका लागि पृष्ठभूमि तयार पार्दै आउनु भएको हो। विघटन भइसकेपछि पनि मिति २०५२/२/३१ को राजधानीको आमसभामा (पूर्वघोषित दवाव सभा) मा पनि सोही अडान सम्माननीय प्रधानमन्त्रीबाट लिनुभएकोबाट पनि यो भ्रम अझै कायम रहेको पुष्टि भएको छ। तर म निवेदक समेतका १०३ सांसदहरूले संविधानको धारा ४२ को उपधारा (१) अन्तर्गत वैकल्पिक सरकार गठन गर्न र सञ्चालन गर्नमा कुनै वैधानिक बाधा एवं व्यवधान नरहेको भनी लिखित रूपमा श्री ५ समक्ष लिखित जाहेरी गरिसकेपछि प्रजातान्त्रिक संस्कार र मान्यताका हिमायतिको दावी गर्ने तथा संविधानको रक्षा गर्ने पदीय दायित्वको शपथ खाएको विपक्षीले दलीय तथा निजी स्वार्थभन्दा माथि उठेर संविधानको धारा ८८ को उपधारा (५) अन्तर्गत सम्मानित सर्वोच्च अदालतको राय बुझी बक्सेपछि मात्र सिफारिशका सम्बन्धमा कारवाई होस् भनी श्री ५ समक्ष पनि राय जाहेर गर्न सक्नुहुन्थ्यो। त्यसो पनि गर्न सक्नु भएन। न त संवैधानिक विवाद समाप्त गर्न प्रतिपक्षी दलको नेताहरूसँग नै राजनीतिक संवाद चलाउन हिम्मत गर्नसक्नुभयो। यसरी स्पष्ट छ कि विपक्षी प्रधानमन्त्रीले संवैधानिक राजा समक्ष वर्तमान संविधानको धारा ४२ को उपधारा (२) बमोजिम सरकार बनेपछि अर्को सरकार बन्न सम्भव हुँदाहुँदै पनि संवैधानिक व्यवधान र अड्चन छ भनी संविधानत: गलत एवं भ्रमपूर्ण व्यहोरा विघटनको सिफारिश मार्फत् जाहेर गर्नुभएकाले त्यस्तो असंवैधानिक कुरा र कारण दर्शाई चढाएको सिफासिश स्वत: अवैध तथा असंवैधानिक हुँदा त्यस्तो सिफारिशको आधारमा भए गरेको मिति २०५२।२।२९ को विघटन समेत कानूनी तथा संवैधानिक प्रभावशून्य छ।

(ङ) मिति २०५१/७/२९ मा मात्र सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनपश्चात गठित प्रतिनिधिसभाको विघटन ८७ जना सांसद भएको अल्पमतमा रहेको तर सदनमार्फत् म समेतको दलहरू र स्वतन्त्र सदस्यहरूले दिएको समर्थनले टिकेको विपक्षी सरकार सदनमार्फत् नै फिर्ता लिनासाथ नैतिकताको आधारमा एवं संसदीय परम्परा अनुसार राजिनामा मात्र गरी धारा ४२ को उपधारा (१) अनुसार वैकल्पिक सरकार गठन गर्न दिनुपर्ने संविधानको अड्चन देखाई राजनीतिक, आर्थिक, संवैधानिक लगायतका कुनै पनि कारण र आधारले औचित्यपूर्ण नदेखिएको विघटन विपक्षीले चढाएको सिफारिसका आधारमा भएको विषय वस्तुत: सार्वजनिक हक र सरोकारको विवादको दुवै विषयभित्र पर्ने हुँदा त्यस्तो संवैधानिक प्रश्नको निरूपण संविधानको धारा ८८ को उपधारा (२) अन्तर्गत म निवेदकलाई समेत यो निवेदन चढाउने हकदैया प्राप्त हुँदा अन्य कुनै विकल्पको अभावमा यो रिट निवेदन चढाउन आएको छु।

(ढ) म निवेदकलाई संविधानको धारा ४२ को उपधारा (१) अन्तर्गत विघटित प्रतिनिधिसभाको वहुमत सदस्यहरूको समर्थन प्राप्त रहने भएको कुरा श्री

५ मा प्रस्तुत विन्तीपत्रहरूको संलग्न नक्कलबाट जाहेर भइसकेको छ। विपक्षीले संविधानत: नै निजको सरकार बाहेक अन्य कुनै पनि सरकार गठन हुन सक्तैन भनी अन्तत: असंवैधानिक, अनैतिक, असंसदीय एवं आपत्तिजनक सिफारिश जाहेर गरेको कारणले गर्दा नै संविधानको धारा ४२ को उपधारा (१) अन्तर्गत वैकल्पिक सरकार गठन गरी राष्ट्रलाई स्थिर एवं सक्षम सरकार दिन पाउने संवैधानिक हकबाट मलाई वञ्चित गरेको छ। मलाई समर्थन गर्ने तथा अन्य प्रतिनिधिसभा सदस्यले बढीमा ५ वर्षसम्म आफूहरूलाई निर्दाचित गराउने सार्वभौमसत्ता सम्पन्न बालिग मतदाताहरूको प्रतिनिधित्व गरिरहनुबाट गैरसंवैधानिक तथा कानूनी तवरबाट वञ्चित गरिएको छ। वस्तुत: निवेदकको नेतृत्वमा संविधानको धारा ४२ को उपधारा (१) अन्तर्गत सरकार गठन गरी प्रजातन्त्र सुदृढ गर्ने जनहितकारी नीति तथा कार्यक्रम लागू गर्ने सम्भावना समाप्त पार्ने वदनियतले विपक्षीले विघटनको सिफारिश गर्नुभएको छ।

५. विपक्षी प्रधानमन्त्रीको सिफारिश अनधिकृत निकायको निर्णय र तानाशाहजन्य अनुशासनात्मक भय एवं दवावमा आधारित रहे भएकै कारणले प्रारम्भत: नै असंवैधानिक छ। संविधानको धारा ५३ को उपधारा (४) को सिफारिश गर्न पाउने अधिकारको प्रयोग जुन प्रक्रियाको अवलम्वन गरी विपक्षले गर्नु भएको छ- त्यो स्वयं अनधिकृत निकायको अहौट, खटन र निर्णय र निर्देशनमा भएको हुँदा प्रजातान्त्रिक मान्यता, मूल्य र संवैधानिक आदर्श एवं उद्देश्यको ठाडै विरुद्ध छ। संविधानको धारा ३६ को उपधारा (१) अन्तर्गत बनेको प्रधानमन्त्रीले गरेको प्रतिनिधिसभाको विघटन समेत वैकल्पिक सरकारको सम्भावना भएमा बन्न सक्ने भन्ने यस सम्मानित अदालतबाट नजिर प्रतिपादन भइसकेको सन्दर्भमा वैकल्पिक सरकार गठन गर्ने सायै संवैधानिक प्रावधान छैन भन्ने विपक्षीको दावी स्थापित नजिरको समेत विपरित छ। उक्त स्थापित नजिर अनुसार संविधानको धारा ५३ को उपधारा (४) को अधिकारको प्रयोग वदनियत तरिकाले वा अन्यान्य उद्देश्यका लागि गर्न नपाउनेमा विपक्षी प्रधानमन्त्रीज्यूले आफू विरुद्ध अविश्वासको प्रस्ताव प्रस्तुत हुने भयो भन्ने भयले सोबाट वच्न र विपक्षीकै लेखाइ भनाइ अनुसार पनि बहुमतमा रहेको प्रतिपक्षबाट आफ्ना नीति तथा कार्यक्रम अनुमोदन नहुने काल्पनिक भय र अनुमानका आधारमा जनताले केही अगाडि मात्र निवेदकको दलभन्दा केही सदस्य मात्र बढी भएको आफ्नो दलको अल्पमतको सरकारको नेतृत्वमा निर्वाचन गराउन पाएमा बहुमत ल्याउन सक्छु कि भन्ने वदनियत साथ मिति २०५२/२/२६ मा सिफारिश गर्नुभएको छ र सो असंवैधानिक सिफारिश जसरी कार्यान्वयन गर्न मिति २०५२/२/३१ मा विरोध सभा गर्ने भनी घोषणा गरी संवैधानिक राजामाथि अनैतिक दवाव दिइएको, सिफारिश चढाउना साथ पत्रकार सम्मेलन गरी सिफारिश सार्वजनिक गरेको, नेपाल टेलिभिजन मार्फत् राष्ट्रवासीका नाममा सन्देश दिने क्रममा सोही विन्तीपत्र पाठ गरी प्रचार प्रसार गरेको र त्यतिले नपुगी निजको दलका उपमहासचिवले धम्की एवं दवावपूर्ण वक्तव्य जारी गरेको, महासचिव तथा उपप्रधानमन्त्रीले केही दिनअघि मात्र वैकल्पिक सरकार गठन गर्ने सम्वन्धमा कतैवाट आउने फैसला मान्य नहुने भनी सार्वजनिक

भाषणको माध्यमबाट निश्चित दबावको स्थिति सृजना गरेबाट पनि प्रस्तुत विघटन दूषित भई असंवैधानिक हुन पुगेको स्पष्ट छ। प्रधानमन्त्रीको उच्च पदमा आसीन विपक्षीले मिति २०५२/२/ ३१ को आमसभा मार्फत् विपक्षीहरूले (निवेदक समेत तर्फको संकेत स्पष्ट छ) श्री ५ मा सिफारिश स्वीकार नगर्न दबाब दिएको भनी अत्यन्त आपत्तिजनक तथा झुटा कुरा भनेबाट समेत विपक्षीले धारा ५३ को उपधारा (४) अन्तर्गत सम्पूर्ण रूपमा अनुचित, अन्यान्य उद्देश्य, अनधिकृत, असंवैधानिक एवं बदनियत एवं कपटपूर्ण हिसाबले प्रतिनिधिसभा विघटनको सिफारिश गरी विघटन गराएको, नयाँ निर्वाचनको मिति तोक्न लगाएको तथ्य निर्विवाद हुँदा उत्प्रेषणको आदेशद्वारा विपक्षीको सो सिफारिश बदर गरी सोही बमोजिम भएको प्रतिनिधिसभाको विघटन गर्ने कार्य निष्प्रयोजित गरी प्रतिनिधिसभाको पुन:स्थापना गरी संवैधानिक हकको संरक्षण र प्रचलन गर्नुपर्ने प्रष्ट छ।

६. निवेदक समेतका तर्फबाट प्रतिनिधिसभाको विशेष अधिवेशनमा पेश गर्न प्रस्तुत अविश्वासको प्रस्ताव मिति २०५२।२।२९ मा विधिवत् दर्ता भई यथावत् रहेको हुँदा प्रतिनिधिसभाको मिति २०५२।३।२ को बैठकको सट्टा यस सम्मानित अदालतको आदेश प्राप्त हुनासाथ अविलम्ब प्रतिनिधिसभाको बैठक समेत बसी निवेदक समेतले पेश गरेको अविश्वासको प्रस्ताव उपर समेत संविधान तथा प्रतिनिधिसभा नियमावली २०४८ बमोजिम गर्नु गराउनु भनी सम्माननीय सभामुखका नाउँमा परमादेश समेत जारी गर्नुपर्ने संवैधानिक आधार टड्कारो रूपमा देखिएको छ।

७. विपक्षी प्रधानमन्त्रीले गर्नुभएको कारण आधार र अवस्थाको सिफारिश अनुसार प्रतिनिधिसभाको विघटन हुने असंवैधानिक एवं असंसदीय परम्पराले वैधानिकता पाउने हो भने वास्तवमा वर्तमान संविधानको धारा ५९ को उपधारा (२) बमोजिम अविश्वास प्रस्ताव राख्ने माध्यमबाट सरकारलाई सदनप्रति उत्तरदायी बनाउने र शान्तिपूर्ण र वैधानिक तवरले सरकार वा सत्ताको परिवर्तन कहिल्यै पनि संभव नहुने हुन्छ। अल्पमतको तानाशाही निर्णयको शिकार बहुमतमा रहेको प्रतिपक्षीले भोग्नु व्यहोर्नु पर्ने विश्वमा नै नभएको संसदीय प्रणालीको प्रादुर्भाव हुन जाने खतरा रहेको छ। जुन २०४६ सालको जनआन्दोलन र वर्तमान संविधानद्वारा स्थापित बहुदलीय संसदीय व्यवस्थाको आदर्श मर्म र मान्यता विपरीत हुनजान्छ। तसर्थ माथि लेखिएको. आधारमा सम्माननीय प्रधानमन्त्रीको प्रतिनिधिसभा विघटन गर्न चढाइएको सिफारिश संवैधानिक तथा कानूनी रूपमा प्रारम्भत: नै त्रुटिपूर्ण भएको र प्राकृतिक न्यायको सिद्धान्त विपरीतको समेत हुँदा उक्त सिफारिशमा प्रक्रियात्मक त्रुटि पनि स्पष्टत: विद्यमान भएबाट संविधान, संवैधानिक अवधारणा, प्रजातन्त्र एवं राष्ट्रकै सर्वोत्तम हितलाई ध्यानमा राखी संवैधानिक संकट (Constitutional Breakdown) को अवस्थाबाट राष्ट्रलाई जोगाउन उक्त सिफारिश र सो सिफारिशबाट नि:सृत सम्पूर्ण काम कारवाही एवं परिणाम बदरभागी भएकोले विपक्षी प्रधानमन्त्री मनमोहन अधिकारीले आफू विरुद्धको अविश्वासको प्रस्ताव सामना गर्न नसकी बदनियतपूर्ण ढंगबाट प्रतिनिधिसभालाई विघटन गरी निर्वाचनको मिति तोक्न गर्नुभएको सिफारिश माथि उल्लेखित आधार र कारणबाट असंवैधानिक एवं प्रचलित संसदीय मान्यता विपरीत समेत भएको हुँदा

प्रधानमन्त्रीले श्री ५ महाराजाधिराज समक्ष २०५२।२।२६ मा गर्नु भएको अनधिकृत सिफारिश नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावना, धारा ३, धारा ११, धारा १२, धारा १६, धारा ३६, धारा ४२, धारा ५३, धारा ५९ र धारा ६१ समेतको विपरीत भएकोले संविधानको धारा २३ ले निर्दिष्ट गरेको धारा ८८ को उपधारा (२) बमोजिम यो निवेदन गरेको छु।

८. उपर्युक्त आधारमा मिति २०५२।२।२६ मा विपक्षी प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिनिधिसभा विघटन गरी अर्को आमनिर्वाचन गराउनका लागि गर्नुभएको सिफारिशबाट देशको संवैधानिक, सामाजिक, आर्थिक एवं राजनीतिक अवस्थामा नकारात्मक प्रभाव पार्ने भएको, प्रत्यक्ष रूपमा म निवेदक अवैधानिक ढङ्गबाट विघटित प्रतिनिधिसभाको ५ वर्षसम्म प्रतिनिधित्व गर्न पाउने प्रतिनिधिसभाका बहुमत सदस्यहरूको समर्थनबाट वैकल्पिक सरकार गठन गरी संसद्लाई पूर्वावस्थामा कायम राख्ने संवैधानिक हकबाट वञ्चित भएको र यस विषयमा अर्को उपचारको व्यवस्था समेत नभएकोले म निवेदक संविधानमूलक संसदीय प्रणालीमा परेको आघातबाट नेपाली कांग्रेस संसदीय दलको नेता समेत भएका नाताले सार्वजनिक हक वा सरोकारको प्रस्तुत विवादमा उल्लेखित संवैधानिक एवं कानूनी त्रुटि विद्यमान भएको र संसद् विघटन गर्ने आधार र संवैधानिक व्यवस्थाको महत्वपूर्ण व्याख्याको समेत निरूपण गर्नुपर्ने देखिएकोले संवैधानिक व्याख्या र उपयुक्त उपचारका लागि उक्त २०५२।२।२६ को प्रत्यर्थी प्रधानमन्त्रीले प्रस्तुत गर्नुभएको प्रारम्भत: त्रुटिपूर्ण सिफारिश र सिफारिशका आधारमा भएको संसद् विघटन र तत्सम्बन्धी सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा प्रारम्भदेखि नै बदर गरी श्री ५ बाट बोलाइबक्सेको प्रतिनिधिसभाको अधिवेशन प्रारम्भ गर्न प्रतिनिधिसभालाई सिफारिशपूर्वकको अवस्थामा यथावत् कायम राखी प्रतिनिधिसभाको चालू हुने विशेष अधिवेशन तथा नियमित नवौं अधिवेशनलाई संविधान र प्रतिनिधिसभा नियमावली अनुसार चालु गर्नु गराउनु भनी विपक्षी प्रधानमन्त्री, संसद् सचिवालय, मन्त्रिपरिषद् सचिवालय र अन्य सम्बन्धित सबै निकायमा जानकारी गराउनु भन्ने समेत प्रत्यर्थीहरूका नाउँमा उपयुक्त जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरी पाउँ। साथै निर्वाचन आयोगका नाउँमा असंवैधानिक ढङ्गबाट ११
प्रतिनिधिसभा विघटन भएको आधारमा मिति २०५२।८।७ मा तोकिएको प्रतिनिधिसभा निर्वाचनसम्बन्धी सम्पूर्ण काम कारवाही समेत रोक्नु भनी विपक्षी १२
आयोगका नाउँमा सर्वोच्च अदालत नियमावलीको नियम ४१ अनुसार निर्वाचन सम्बन्धी कुनै काम कुरा नगर्नु भनी अन्तिम आदेश समेत जारी गरी पाउँ।

९. प्रस्तुत निवेदनको अन्तिम किनारा लाग्नु अघि नै प्रतिपक्षी दलहरू तथा प्रतिनिधिसभाको स्वीकृति बेगर नै निर्वाचनलाई आफ्नो दलको पक्षमा प्रभावित पार्ने, पुऱ्याउने गरी कुनै अध्यादेश, निर्णय, योजना आदि कार्यन्वयन नगर्नु भन्ने व्यहोराको अन्तरिम आदेश विपक्षी प्रधानमन्त्री र निजमार्फत् निजको मन्त्रिपरिषद्को नाउँमा र विपक्षी निर्वाचन आयोगको नाउँमा समेत मिति २०५२।८।७५ मा हुने भनिएको निर्वाचनका सम्बन्धमा कुनै काम कारवाही नगर्नु भन्ने समेतको अन्तरिम आदेश जारी गरी पाउँ।

१०. निम्नलिखित कागजका फोटोकपीहरू समावेश गरेको छु।

(क) मिति २०५२।२।२७ को प्रधानमन्त्रीद्वारा प्रतिनिधिसभा विघटन गर्ने सिफारिश गरेको गोरखापत्रमा प्रकाशित समाचार।

(ख) मिति २०५२।२।२९ अंक २४ मा संसद् विघटन गर्ने सिफारिशमा के छ भनी प्रकाश साप्ताहिकमा प्रकाशित श्री ५ महाराजधिराज सरकारका जुनाफमा चढाएको विन्तीपत्रको फोटोकपी।

(ग) श्री ५ महाराजाधिराज सरकारका जुनाफमा चढाएको मिति २०५२।२।२५ को राजदरवारको (द.नं. वि. ४९५) समावेदनपत्र।

(घ) श्री ५ महाराजाधिराज सरकारका हजुरमा वैकल्पिक सरकार गठन गर्ने सम्बन्धमा ३ वटा संसदीय दलका नेताहरूले मिति २०५२।२।२८ मा राजदरवारको द.नं. वि ५०४ मा दर्ता गरी जाहेर गरेको निवदेन।

(ङ) मिति २०५२।२।२८ को गोरखापत्रमा प्रकाशित संसद् सचिवालयको सूचना।

(च) संसद् सचिवालयका महासचिवका नाममा मिति २०५२।२।२८ मा दर्ता गरिएको अविश्वासको प्रस्तावको लिखित सूचना।

(छ) श्री ५ महाराजाधिराजका हजुरमा श्री शेरबहादुर देउवालाई प्रधानमन्त्री पदमा नियुक्त गरी बक्सन राजदरवारमा मिति २०५२।२।२९ मा १०३ जना प्रतिनिधिसभाका सदस्यहरूले हस्ताक्षर गरी चढाएको (राजदरवारको द.नं.वि. ५२३) पत्र।

(ज) मिति २०५२।२।३१ मा दृष्टि साप्ताहिकमा प्रकाशित "एमाले अब ऐतिहासिक यात्रातिर" शीर्षक अन्तर्गत प्रकाशित विपक्षी प्रधानमन्त्रीको विशेष अन्तर्वार्ता सहितको समाचार।

(झ) मिति २०५२।२।३१ मा प्रकाशित "श्री ५ बाट प्रतिनिधिसभा विघटन भंसीर ७ गते निर्वाचन" शीर्षकको गोरखापत्रको समाचार।

११. कानून व्यवसायीद्वारा गरिने बहसलाई समेत यसै निवेदनको अभिन्न अङ्ग मानी पाउँ।

१२. यसमा लेखिएको व्यहोरा ठीक छ, फरक ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक

शेरबहादुर देउवाको वारेश का.न.पा. वडा नं. ३३ बस्ने वर्ष २७ को नरेन्द्रकुमार के.सी.।

इति सम्वत् २०५२ साल आषाढ महिना २ गते रोज ६ शुभम् ... ...

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन पत्र

विषय : नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ र ८८ (२ बमोजिम उत्प्रेषणयुक्त परमादेश लगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी पाउँ ।

जिल्ला बैतडी बासुरलिङ गा.वि.स. वडा नं. १ कुरूकुटिया बस्ने विघटित भनिएका प्रतिनिधिसभाको राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता वर्ष ५५ को लोकेन्द्रबहादुर चन्दको वारिस का.जि.का.न.पा वडा नं. ३ बस्ने वर्ष २५ को शरदप्रसाद कोइराला. ... ... १ निवेदक

विरुद्ध

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी, प्रधानमन्त्रीको कार्यालय मुकाम, सिंहदरवार, काठमाडौ, नेपाल १

श्री ५ को सरकार मन्त्रिपरिषद मुकाम, ऐ.ऐ. १

सम्माननीय सभामुख मुकाम संसद् सचिवालय, ऐ.ऐ. १

श्री निर्वाचन आयोगको कार्यालय, बहादुर भवन, मुकाम कान्तिपथ काठमाडौ .. .. १ विपक्षी

म निवेदक स.अ. नियमावली २०३९ को नियम ४० (१) बमोजिम लाग्ने दस्तुर रू. ५००।- बुझाएको निस्सा यसैसाथ राखी निम्नलिखित कुरामा निम्न व्यहोराको निवेदन गर्दछु ।

१. ऐतिहासिक जनआन्दोलन पश्चात निर्मित नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४५ बमोजिम प्रतिनिधिसभाको निमित्त प्रथम पटक २०४८।१।२९ गते सम्पन्न निर्वाचनमा नेपाली कांग्रेस दलले ११४ सिटमा विजय प्राप्त गरी ऐ.को धारा ३६ बमोजिम गठित सरकार प्रतिनिधिसभाको सातौं अधिवेशनको नियमित बैठकमा २०५१।३।२६ गतेका दिन श्री ५ को सरकारको वार्षिक नीति र कार्यक्रम माथिको छलफलपछि मतदान हुँदा बहुमतद्वारा अस्वीकृत भएकोले तत्कालीन प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले नेपाल अधिराज्यको संविधान २०४७ को

धारा ५३ (४) बमोजिम तत्कालीन प्रतिनिधिसभाको निर्वाचनका लागि २०५१।७।२७ गतेको मिति समेत तोकी पाउँ भनी श्री ५ समक्ष चढाएको राजीनामायुक्त सिफारिश श्री ५ बाट २०५१।७।२७ गते स्वीकृत भएको थियो ।

२. मिति २०५१।७।२७ गते नेपालीहरूको महान धार्मिक पर्व ठूलो एकादशी परेको कारण तत्कालीन मन्त्रिपरिषदबाट ऐ. को २९ गते निर्वाचनको लागि मिति तोक्न श्री ५ मा चढाएको सिफारिश श्री ५ बाट यस सम्मानित अदालतको परामर्शमा मिति २०५१।७।२९ गते प्रतिनिधिसभाको निर्वाचन हुने मिति तोकिवक्सेको थियो ।

३. श्री ५ बाट तोकिवक्से बमोजिम मिति २०५१।७।२९ गते नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४५ बमोजिम प्रतिनिधिसभाको २०५ सदस्यहरूको निमित्त भएको दोस्रो आम निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ८८ सदस्य, नेपाली कांग्रेसको ८३ सदस्य, राष्ट्रिय प्रजातन्त्र पार्टीको २० सदस्य, नेपाल मजदूर किसान पार्टीको ४ सदस्य, नेपाल सद्भावना पार्टीको ३ सदस्य र स्वतन्त्र ७ सदस्यहरूले विजय प्राप्त गर्नु भएको थियो ।

४. यसरी सम्पन्न भएको दोस्रो आम निर्वाचनमा निवेदक समेतले नेतृत्व गरी आएको राष्ट्रिय प्रजातन्त्र पार्टीबाट निवेदक नेपालको सुदूर पश्चिमाञ्चलको बैतडी जिल्लाको निर्वाचन क्षेत्र नं. १ र २ बाट अत्यधिक मत प्राप्त गरी विजय भएको र निवेदकसमेतले नेतृत्व गरेको उल्लिखित पार्टीले आफ्नो स्थापनाकालदेखि नै देश र जनताप्रति समर्पित भएको कारणले मुलुकको तेस्रो ठूलो राजनैतिक दलको रूपमा स्थापित भई निवेदकले विजय प्राप्त गरेको राजनैतिक दलको संसदीय दलको नेताको रूपमा चुनिएको कुरासमेत विशेष रूपमा उल्लेखनीय छ ।

५. यसरी सम्पन्न भएको दोस्रो आम निर्वाचनमा कुनै पनि राजनैतिक दलले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३६ बमोजिम सरकार गठन गर्न स्पष्ट बहुमत प्राप्त गर्न नसकेकोले मन्त्रिपरिषद गठन हुन नसकी ऐ. को धारा ४२ (१) बमोजिम सरकार गठन गर्न श्री ५ बाट मिति २०५१।८।९ र २०५१ ।८।१२ मा आव्हान हुँदा सो आव्हान बमोजिम मिति २०५१।८।१३ गते सम्ममा कुनै पनि दलले उल्लिखित धारा बमोजिम बहुमतको सरकार गठन गर्न नसकेकोले ऐ. को धारा ४२(२) बमोजिम तत्कालीन निर्वाचनमा सबैभन्दा बढी प्रतिनिधिसभा सदस्य निर्वाचित भएको राजनैतिक दल ने.क.पा. (एमाले) को संसदीय दलका नेता प्रत्यर्थी मनमोहन अधिकारीलाई मिति २०५१ ।८।१३ मा प्रधानमन्त्रीको पदमा नियुक्त गरिवक्सेको र निजकै अध्यक्षतामा मन्त्रिपरिषद् समेत गठन भएको थियो ।

६. उपर्युक्त दोस्रो आम निर्वाचन पछिको पहिलो र संसद्को आठौं अधिवेशन श्री ५ बाट मिति २०५१।८।२८ गतेमा आव्हान गरिवक्सेको थियो । उक्त अधिवेशनमा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४२ (३) बमोजिम प्रत्यर्थी प्रधानमन्त्रीले प्रतिनिधिसभाबाट ३० दिन भित्र विश्वासको मत प्राप्त गर्नु पर्ने संवैधानिक प्रावधान अनुसार निज प्रत्यर्थी प्रधानमन्त्रीले प्रतिनिधिसभा समक्ष राख्नु भएको विश्वासको मतको प्रस्तावमा निवेदकसमेतको पार्टीका सांसद लगायत प्रतिनिधिसभाका सम्पूर्ण सदस्यको सशर्त विश्वासको मत प्राप्त गर्नु भएको व्यहोरा समेत अकाट्य छ ।

७. नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ (१) बमोजिम एक अधिवेशनको समाप्तिको ६ महीना भित्रै अर्को अधिवेशन आह्वान गर्नु पर्ने संवैधानिक प्रावधान अनुरूप श्री ५ बाट मिति २०५२।३।११ गते संसद्को नियमित नवौं अधिवेशन बोलाई बक्सेको थियो। उक्त अधिवेशनको निमित्त संसद सदस्यलाई उपस्थितिको लागि संसद् सचिवालयको सूचना विभिन्न सार्वजनिक समाचारका माध्यमद्वारा प्रसारित गरी सूचित गरिएको सार्वजनिक व्यहोरा सबैमा विदितै छ।

८. यसैबीच प्रतिनिधिसभामा प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका ७० जना सांसदहरूले प्रत्यर्थी प्रधानमन्त्री लगायत निजले नेतृत्व गरेको मन्त्रिपरिषद र निजको राजनैतिक दल ने.क.पा. (एमाले) ले देशको राजनैतिक, आर्थिक, सामाजिक न्यायिक, धार्मिक, प्रशासनिक लगायतका क्षेत्रलाई एकलौटी तथा संविधानको भावना विपरित प्रयोग गरेकोले प्रधानमन्त्री मनमोहन अधिकारी र निजको मन्त्रिपरिषद समेतका विरुद्ध नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५९ (२) बमोजिम अविश्वासको प्रस्ताव पेश गर्न ऐ.को धारा ५३ (३) बमोजिम सहित श्री ५ मा समावेदन गरेकोमा श्री ५ बाट मिति २०५२ साल आषाढ २ गते दिनको १.०० बजे प्रतिनिधिसभाको भवन सिंहदरबारमा उल्लिखित प्रस्ताव उपर छलफल गर्न समेतका लागि प्रतिनिधिसभाको विशेष अधिवेशन बोलाई बक्सेको थियो।

९. यसरी प्रतिनिधिसभाको प्रमुख प्रतिपक्ष दलले देशमा विशेष परिस्थिति परेको महसूस गरी प्रतिनिधिसभाको विशेष अधिवेशनका लागि श्री ५ समक्ष चढाएको समावेदनमा मुख्यत: निम्नलिखित वान्छनीय बुँदाहरू उल्लेख थिए।

(क) संविधानको प्रस्तावना, अन्य प्रावधानको भावना, मूल्य एवं मान्यता विपरीत कार्य गर्दै बहुमतको भावनालाई कदर गर्ने सर्व स्वीकृत संसदीय प्रणाली र परम्पराको घोर उपेक्षा गरेकोले अन्यौलको स्थिति सृजना भएको।

(ख) देशको राजनैतिक, आर्थिक, सामाजिक प्रशासनिक, न्यायिक, राष्ट्रिय सद्भावना, राष्ट्रियता र प्रजातन्त्र माथि प्रहार गरी अस्थिरतातर्फ उन्मुख भएको।

(ग) उपर्युक्त कारणले प्रतिनिधिसभाको विश्वास गुमाई सकेको प्रधानमन्त्री श्री मनमोहन अधिकारी विरुद्ध प्रधानमन्त्री माथि प्रतिनिधिसभाको विश्वास छैन भनी नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५९ (२) बमोजिम प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव पेश गर्न वान्छनीय भएको।

(घ) प्रतिनिधिसभाको स्पष्ट बहुमतको समर्थनको आधारमा संविधानको धारा ४२ (१) बमोजिम वैकल्पिक प्रधानमन्त्रीको नेतृत्वमा सुदृढ, सक्षम एवं स्थिर सरकार गठन गर्न समर्थ र तत्पर रहेको।

१०. उपर्युक्त आधारमा बोलाइएको विशेष अधिवेशनमा मतदान हुने गरी प्रत्यर्थी प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भनी संविधानको धारा ५९ (२) र प्रतिनिधिसभा नियमावली २०४८ को नियम १७१ बमोजिम प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संसद् सचिवालयमा मिति २०५२।२।२८ गतेमा अविश्वासको प्रस्तावको लिखित सूचना पेश गरेको थियो।

११. उपर्युक्त आधारहरूमा प्रमुख प्रतिपक्षी दलले समावेदन गरी विशेष अधिवेशनको मिति स्थान र समय तोकी विशेष अधिवेशनको आव्हान भइसकेपछि निम्नलिखित गैर संवैधानिक तथा कोरा राजनैतिक बुँदाहरू उल्लेख गरी प्रत्यर्थी मध्येका मनमोहन अधिकारीले मन्त्रिपरिषदको निर्णय अनुसार भनी मिति २०५२ साल जेष्ठ २६ गते प्रतिनिधिसभा विघटन गरी आगामी कार्तिक महीनामा निर्वाचनको मिति समेत तोकी पाउन श्री ५ महाराजाधिराज सरकारका समक्ष सिफारिश गर्नु भएको थियो।

(क) निजको अध्यक्षतामा गठित मन्त्रिपरिषदले आफ्नो गाउँ आफै. बनाऔं, पिछडिएको वर्गको पुनरूत्थान जस्तो लोकप्रिय कार्यक्रम ल्याएको।

(ख) अधुरा अपूरा आयोजनाहरू पूरा गरेको, भ्रष्टाचार नियन्त्रण र सन्तुलित परराष्ट्र नीति अपनाई ठोस उपलब्धि प्राप्त गरेको।

(ग) भूमिसुधार, सुकुम्बासी समस्या समाधान, कम्मैयाप्रथा उन्मूलन, महिला बाल हित जस्ता अभियान, मानव अधिकार, वातावरण प्रदुषण र लोडसेडिङ हटाउने जस्तो ठोस कार्यक्रम अवलम्बन गरेको।

(घ) उपरोक्त बमोजिम राष्ट्रिय सहमति कायम गरी अगाडि बढ्न राजनैतिक दल र व्यक्तिसँग सम्वाद र अन्तरक्रिया चलाउँदा चलाउँदै प्रमुख प्रतिपक्षी दलले मेरो प्रधानमन्त्रित्वमा रहेको सरकार विरुद्ध अविश्वासको प्रस्ताव पेश गर्न संसद्को विशेष अधिवेशन बोलाई निजको नीति र कार्यक्रम एवं बजेट प्रस्तुत गर्ने मौका समेतबाट वञ्चित गरेको।

(ङ) निजको अध्यक्षतामा गठित सरकारलाई स्थायित्व निरन्तरता र जीवन्तता दिन अन्तिम विन्दुसम्म भर मगदुर प्रयास गर्दा गर्दै प्रमुख प्रतिपक्षी दलले संविधानको धारा ५३ (३) बमोजिम अधिवेशनको लागि समावेदन गरेबाट मुलुकलाई दिशाहीन र अन्यौल समाप्त गरी निश्चित र स्थायी सरकार गठन गर्न अन्य वैकल्पिक उपाय नभई जनता समक्ष जनादेशका लागि जानु वान्छनीय भएको।

१२. यसरी प्रतिनिधिसभा विघटनको निमित्त सिफारिश गरे पछि प्रत्यर्थीको दुषित नियत स्पष्ट भएबाट मिति २०५२ साल जेष्ठ २७ गते म निवेदकले नेतृत्व गरेको संसद्को तेस्रो ठूलो राजनैतिक दल राष्ट्रिय प्रजातन्त्र पार्टीले समेत प्रत्यर्थीको अध्यक्षतामा गठित मन्त्रिपरिषद् माथि विगत संसद्को अधिवेशनमा दिएको विश्वासको मत फिर्ता लिएको घोषणा गरेको थियो। यसबाट प्रत्यर्थीको अध्यक्षतामा गठित प्रत्यर्थी मन्त्रिपरिषद्समेत संसद्मा अल्पमतमा परिसकेको कुरा निर्विवाद छ।

१३. यसरी तत्कालीन संसद्मा सबैभन्दा बढी सदस्य संख्या भई सरकार गठन गरेको ने.क.पा. एमालेले मध्यावधि चुनावको ७ महीना पनि नबित्दै देशले धान्नै नसक्ने गरी नेपालको संविधान लगायत प्रजातान्त्रिक मूल्य र मान्यतासमेतको घोर उपेक्षासमेत गरी पुनः मध्यावधि चुनावमा धकेल्न लागेको र अन्यौलको घातक वातावरणले देश र जनतालाई पिरोलेको र उक्त वातावरणको अन्त गरी देश र जनताको आर्थिक सदुपयोग र गरिमामय संसद् यथावत कायम राख्न र संविधानको संरक्षण, सम्वर्धन र संसद्वाटै समस्याको समाधान निकाल्न सकिने र संसद्

वैकल्पिक सरकार गठन गर्न समर्थ रहेको हुँदा नेपाली कांग्रेसका संसदीय दलका नेता श्री शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न विश्वास दिई श्री ५ समक्ष निजलाई नियुक्त गरी वक्सन लिखित सिफारिशसमेत चढाएको व्यहोरा विशेष रूपमा उल्लेखनीय छ।

१४. यस प्रकार संविधानको धारा ५३ (३) बमोजिम बोलाइएको प्रतिनिधिसभाको अधिवेशन ऐ. धारा बमोजिम तोकिएको मिति र समयमा प्रतिनिधिसभाको बैठक प्रारम्भ भई बस्नु पर्ने वाध्यात्मक संवैधानिक प्रावधान हुँदाहुँदै त्यसलाई निष्कृय र निष्प्रयोजित पारी आफूमाथि आई परेको महाअभियोगलाई छल्न र बच्नको निमित्त उपर्युक्त संसद् विघटन गर्ने प्रत्यर्थी मन्त्रिपरिषदको निर्णय र सोको आधारमा प्रत्यर्थी मनमोहन अधिकारीले संसदीय मूल्य, मान्यता र संविधान विपरित संसद् विघटनको सिफारिश गरेको प्रष्ट छ। यसरी मिति २०५१।७।२९ गते सम्पन्न निर्वाचनमा सरकार गठन गर्न वाञ्छनीय योग्यतासमेत प्राप्त नगरेको तथापि संसद्मा म निवेदक लगायतको अन्य राजनीतिक दलद्वारा सशर्त दिइएको विश्वासद्वारा गठित मन्त्रिपरिषदले आफू माथि संसद्को अविश्वासको प्रस्तावको खातिर बोलाइएको विशेष अधिवेशनलाई अर्को विशेष परिस्थितिद्वारा प्रभावित पारी वैकल्पिक सरकार गठन गर्न पाउने र सकिने संवैधानिक प्रावधानलाई ठाडै हस्तक्षेप गरी राजनैतिक बलद्वारा संवैधानिक मान्यतालाई निस्तेज गरी संसद् विघटनको लागि सिफारिश गरी सोको आधारमा गरिएको संसद् विघटनको कार्यद्वारा म निवेदकसमेतले गत निर्वाचनमा मतदान गरी गराई व्यक्त अभिमतद्वारा सरकार गठन गरी देशमा विकास निर्माण गर्ने लगायत सार्वजनिक कार्यमा आम रूपमा सहभागी हुने गराउने लगायतका काम कारवाहीमा गैर कानूनी रूपले रोक लगाइएकोले निरूपाय भई सम्मानित अदालत समक्ष यो रिट निवेदन लिई आएको छु।

१५. यसरी जनताको संविधान प्रदत्त सार्वभौम अधिकारको प्रयोग गर्ने गरिमामय प्रतिनिधिसभा विघटन गर्ने सिफारिश लगायत सोसम्बन्धी सम्पूर्ण कार्यहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी सार्वजनिक सरोकारको गरिमामय प्रतिनिधिसभा पुनर्स्थापित गर्न परमादेश लगायत जो चाहिने आज्ञा आदेश वा पूर्जि जारी गरी पाउँ भन्ने सम्बन्धमा मेरो निवेदन जिकीर यस प्रकार छ।

(क) नेपाल अधिराज्यको संविधान २०४७ ले परिकल्पना गरेको राज्य संचालन व्यवस्थाले हाम्रो देशको व्यवस्था कुनै अन्य देशसँग मिल्ने अर्थात् राष्ट्रपतीय शासन, प्रधानमन्त्रीय शासन आदि नभई संवैधानिक सर्वोच्चताको शासन पद्धतिलाई स्वीकार गरिएको छ। यस प्रकार संवैधानिक सर्वोच्चताको शासन पद्धतिको क्रममा राज्यको सबै अंगहरूले निर्वाह गर्नु पर्ने दायित्व संविधानले स्पष्ट पार्दै कुनै पनि अंगले अर्को अंगको कार्यक्षेत्रमा हस्तक्षेप गर्न नमिल्ने कुरा संवैधानिक संचरनामा स्वीकारिएको छ। तसर्थ हाम्रो संविधानले प्रधानमन्त्रीको अतिवादी तथा अराजकतालाई स्वीकार नगरेको कुरा प्रारम्भिक रूपमा उल्लेख गर्न चाहन्छु।

(ख) यस पछि प्रधानमन्त्रीज्यूले प्रतिनिधिसभाको विघटनको सिफारिशमा जतिसुकै कुराहरू लेखे पनि श्री ५ महाराजाधिराजवाट मिति २०५२।२।३०

मा जारी गरिएको सूचनामा विभिन्न कारणहरू खोली पेश हुन आएको सिफारिश भने पनि मूल रूपमा एकमात्र कारण उल्लेख गरिएको छ। त्यो हो नेपाली कांग्रेसले संविधानको धारा ५३ (३) बमोजिम विशेष अधिवेशन बोलाउन समावेदन गरेको र उक्त अधिवेशन बोलाएबाट आफ्नो कार्यक्रम नीति लागू गर्न नपाएको, बजेट पेश गर्न नपाएको आदि जति सुकै गन्यनहरू लेखे तापनि मूलभूत रूपमा विशेष अधिवेशन बोलाई अविश्वासको प्रस्ताव पेश गर्ने कारणबाट प्रतिनिधिसभाको विघटनको माग गरिएको छ। जुन असंवैधानिक, असंसदीय र अराजकवादी छ।

(ग) कुनै पनि व्यक्ति वा निकायले संविधानमा व्यवस्था भए बमोजिमको संवैधानिक प्रक्रिया कानून सम्मत तरिकाले शुरू गर्दछ भने त्यो शुरू प्रक्रियाको कानूनत: अन्त नभई उक्त संविधानकै अर्को अध्याय शुरू गराई त्यसलाई निस्क्रिय गराउने भन्ने कुरा संवैधानिक मर्यादा र मान्यताको प्रतिकूल हुन्छ।

(घ) संवैधानिक कार्यको शुरूवात भएपछि कानून सम्मत रूपमा त्यसको अन्त्य हुन पर्दछ भन्ने संविधानले स्पष्ट रूपमा एक धाराले अर्को धारा उपर अग्राधिकार राख्छ भनी भनिएको परिप्रेक्ष्यमा बाहेक संविधानको सबै धाराले समान कानूनी अस्तित्व राख्दछ र कुनै एक धाराद्वारा निर्देशित कार्यलाई अर्को धाराले निष्प्रयोजन पार्न वा शून्यमा परिणत गर्न सक्दैन।

(ङ) यस अर्थमा संविधानको धारा ५३ (३) बमोजिम बोलाइएको विशेष अधिवशेनको तिथि मिति तोकिई सकेपछि त्यसको अन्त्य हुन नदिई त्यसलाई निष्क्रिय गर्न मिल्दैन। उक्त अधिवेशनसम्बन्धी धारा पनि विशेष अवस्था हो भने प्रतिनिधिसभा विघटन गर्ने पनि विशेष अवस्था हो। एक विशेष व्यवस्थाले सामान्य व्ययस्था उपर अग्राधिकार राख्ला तर अर्को समान विशेष अवस्था उपर अग्राधिकार राख्दैन।

(च) प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले धारा ५३ (३) बमोजिम विशेष अधिवेशनको माग गरेपछि र प्रतिनिधिसभा नियमावलीको नियम १७१ बमोजिम अविश्वासको प्रस्ताव संसद्मा दर्ता गर्ने कुरा अभिव्यक्त भएपछि प्रधानमन्त्रीज्यूबाट विघटनको लागि भएको सिफारिशबाट व्यवहारिक रूपमा संविधानको धारा ५९ (२) लाई निर्जीव बनाई दिएको छ।

(छ) वास्तवमा कुनै पनि राज्यमा संसद् विघटनको सैद्धान्तिक अवधारणा हेर्दा वर्तमान संसद्बाट वैकल्पिक सरकार गठन हुन सक्छ सक्दैन, राष्ट्रले मध्यावधिको आर्थिक बोझ बोक्न सक्छ सक्दैन भन्ने कुरा प्रारम्भिक रूपमा हेरिन्छ। यो परिप्रेक्ष्यमा हेर्दा धारा ४२ (२) अन्तर्गत गठित सरकारले धारा ४२ (३) अन्तरगत विश्वासको मत लिइसकेपछि ४२ (४) बमोजिमको अवस्था सृजना हुने कुरा शून्य हुन्छ भने धारा ४२ (२) अन्तरगत गठित सरकार उप्रान्त धारा ४२ (१) अन्तरगत सरकार गठन हुन सक्दैन भन्नु सरासर गलत तथा गैर संवैधानिक छ।

(ज) एकछिनलाई वर्तमान प्रधानमन्त्रीले मध्यावधिको सिफारिश नगरी अविश्वासको प्रस्ताव सामना गरी पारित भएमा के त नेपालमा सरकार नै

बन्दैन। कुनै कारणवस संसद्मा २०।२५ सांसदहरूको सीट खाली भई उपचुनाव भई नेकपा एमालेले बहुमत ल्यायो भने तदउप्रान्त के धारा ४२ (२) बमोजिमकै सरकार रहन्छ कि धारा ३६ (१) बमोजिमको सरकारमा पविर्तन हुन्छ ? यस्ता संवैधानिक अवधारणा हेर्दा ४२ (२) अन्तरगत सरकार गठन भएपछि ४२ (१) मा जाँदैन भन्नु आफैंमा सर्वसत्तावादी व्याख्या हो। जुन संविधानको मर्म र भावनाको प्रतिकूलमा हुन्छ।

(झ) प्रधानमन्त्रीले आफ्नो प्रतिनिधिसभा विघटनको सिफारिशमा संविधानको धारा ४२ (२) बमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएकोले भन्ने भनाईको हममा कुनै पनि संविधानको धाराले शून्यतिर डोऱ्याउँदैन र संविधानको एक प्रकृया अन्तर्गत गठीत सरकारको वैकल्पिक व्यवस्था हुँदैन भन्नु त्यहि संविधानको धारा ५९ (२) लाई मृत संझनु हो भने सरकार गठन गर्ने कुरा संसदको आफ्नो अधिकारको कुरा हो जस सार्वभौम जनताद्वारा चुनिएको प्रतिनिधि सभा छ र त्यसका बहुमत वैकल्पिक सरकार गठन गर्न सक्षम भएको कुरा अभिव्यक्त गर्दछ भने त्यस्तोमा विकल्प छैन भन्नु एकदम असंसदीय र गैर संवैधानिक व्यवहार हो। हाम्रो संविधानको धारा ४२ (१) अन्तर्गत कसैले सरकार चलाउँछ र धारा ४२ (३) अन्तर्गतको विश्वासको मत प्राप्त गर्न सक्दैन भने त्यो अवस्थामा के हुन्छ भन्ने पनि संविधानमा छैन तर संसदीय अभ्यास र संविधानको मर्यादा मान्ने हो भने त्यस अवस्थामा धारा ४२(२) आकर्षित हुन्छ भनी हामी भन्छौं। ठीक त्यस्तै गरी धारा ४२(२) अन्तर्गत गठीत सरकार कामयाव भएन भने वा कुनै संवैधानिक प्रावधान अनुसार हटाईयो भने प्रतिनिधि सभा बहाली हुने हुँदा धारा ४२ (१) पुनः प्रयोग हुन सक्छ। धारा ४२ प्रतिनिधि सभाको चुनाव भएपछि सुरूमा एक पटक मात्र प्रयोग हुने धारा होइन।

(ञ) त्यस्तै प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधिसभामा पेशै नभएको कार्यक्रम, बजेट, सरकारी नीति लागु गर्न नसकिने वातावरण सृजना भएको भन्नु भविश्य प्रति लक्षित गर्दै काल्पनिक, अनुमानित आधारमा गरिएको सिफारिश संविधान सम्मत हुन सक्दैन। कुनै पनि प्रतिनिधि सभाको विघटनको सिफारिश ठोस तथा वस्तुनिष्ट आधारमा हुनु पर्नेमा आत्मपरक रूपले उचित तर्क कारण र तथ्यको अभावमा जानीजानी गैर जिम्मेवार तरीकाले गरिन्छ र सो कार्यले संविधान सम्मत गठीत प्रतिनिधि सभाको अधिकारमा कुठाराघात हुन्छ भने सो स्पष्ट रूपमा वदनियतपूर्ण ठहरीन जाने कुरामा कुनै विवाद देखिँदैन।

(ट) कुनै पनि संसदमा प्रतिपक्षको मूल कार्य के हो भन्दा सरकारले गरी आएको कार्यलाई नियन्त्रण गर्ने र आफ्नो विचार र धारणा उपर जन विश्वास दिलाई सरकारमा जाने नै हो। सोही सिद्धान्त बमोजिम अविश्वासको प्रस्ताव पेश हुन्छ भने अविश्वासको प्रस्ताव पेश भएपछि जुन संसद्को विश्वासले सरकार बनाइयो त्यसै संसदमा अविश्वासको प्रस्ताव पेश भएपछि त्यो संसदलाई नै भंग गर्ने सिफारिश गर्नु कपटपूर्ण तथा

दूरापयपूर्ण हुन्छ। कुनै पनि प्रधानमन्त्रीद्वारा भएको कार्य दुरापयपूर्ण तथा वदनियतयुक्त देखिन्छ भने त्यस्तो अवस्थामा निजको संसद भंग गर्ने सिफारिश उपर न्यायीक मूल्यांकन हुन सक्ने कुरा स. अ. ले अघिल्लो विघटित प्रतिनिधिसभासम्बन्धी मुद्दामा स्वीकारि सकेको छ। जसले आफूलाई बनाउन सक्छ। त्यसले परिवर्तन गर्न खोज्यो भने त्यसलाई नै नष्ट गरी आफू सत्तामा टिकी रहने उद्देश्यबाट प्रधानमन्त्रीद्वारा भएको कार्य दूराशययुक्त तथा वदनियतपूर्ण छ भन्ने अन्य तर्क दिइरहनु पर्ला जस्तो लाग्दैन।

(ठ) यहाँ प्रधानमन्त्रीको कार्य वदनियतपूर्ण छ भन्नेतर्फ अर्को बुँदा के छ भने संसद्मा रहेका अन्य प्रतिपक्ष र स्वतन्त्र सांसदसमेतले वैकल्पिक सरकार गठन गर्ने उद्देश्य राखी श्री ५ मा आवेदन दिई सकेको अवस्थामा वर्तमान संसद्बाटै वैकल्पिक सरकार धारा ४२ (१) बमोजिम गठन हुन सक्ने देखी सत्ता लिप्सा तथा आफू सत्तामा बसी चुनाव गराउने अराजकतावादी भावनाबाट अभिप्रेरित भई संसद् भंग गर्न सिफारिश गरेको भन्नमा कुनै विवाद हुन सक्दैन।

(ड) कुनै पनि दलले अर्को दललाई विश्वास दिएपछि सधैं भरी विश्वास दिई रहनु पर्ने र फिर्ता लिन नपाइने धारणा कुनै पनि संसदीय व्यवस्थामा स्वीकार गरेको हुँदैन। त्यसमा पनि नेपाली कांग्रेसले अविश्वासको प्रस्ताव पेश गरेपछि र निवेदकको पार्टीले वैकल्पिक सरकार गठन गर्ने उद्देश्य साथ विन्तिपत्र पेश गरेपछि स्पष्ट रूपमा अल्पमतमा गएको सरकारले धारा ५३ (४) बमोजिमको अधिकार प्रयोग गर्नु सरासर गलत तथा संसदीय मूल्य र मान्यताको प्रतिकूल छ।

(ढ) नेपाल जस्तो संसारमा गरीब राष्ट्रहरूको फेहरिस्तमा पर्ने राष्ट्रले हरेकवर्ष मध्यावधिको आर्थिक बोझबोक्नु भनेको नेपालका तमाम नेपाली जनताहरूको भावना र विकासप्रतिको प्रतिवद्धतालाई चोट पुऱ्याउनु हो। साथै मध्यावधि भन्ने शब्दको सामान्य अर्थले पनि सात महीनामा संसद् विघटन हुनेकुरालाई स्वीकारगर्दैन। जबकि संसद्को पूर्णआयु ५वर्षको हुन्छ।

(ण) प्रजातान्त्रिक संस्कार र व्यवस्थामा प्रजातन्त्रका केही शाश्वत मूल्य र मान्यताहरू हुन्छन्। हाम्रो संविधानको प्रस्तावनाले ती मूल्य र मान्यतालाई स्वीकार गरेको छ। यस परिप्रेक्ष्यमा प्रतिनिधिसभाप्रति जिम्मेवार सरकार र प्रतिनिधिसभाको संवैधानिक दायरा भित्रको सर्वोच्चतालाई प्रधानमन्त्रीज्यूको कार्यबाट हाम्रो संविधानले स्वीकार गरेको संवैधानिक सर्वोच्चता कानूनी शासन जस्ता शास्वत तथा अपरिवर्तनीय कुराको उपहास गरेको छ।

(त) प्रधानमन्त्रीज्यूको सिफारिशबाट प्रतिनिधिसभा अन्तरगत गठित विभिन्न समितिमा वर्तमान मन्त्रिपरिषदले गरेका गैर कानूनी तथा भ्रष्टाचारजन्य कार्य जस्तै चिनीकाण्डहरू उपर वर्तमान प्रतिनिधिसभाले निर्णय गर्न पाउने र सरकारलाई नियन्त्रण गर्न पाउने हकसमेत मासिन गएको छ। साथै आफूले गरेको गैर कानूनी कार्य दवाउने निहित दुराप्रययुक्त भावनाबाट प्रेरित उक्त कार्यबाट प्रतिनिधिसभाको समितिको अधिकारमा समेत अतिक्रमण भएको छ र यो सार्वजनिक सरोकारको विषयसमेत हो।

(थ) यस्तोमा श्री ५ बाट विघटन गरी बक्सेको निर्णय उपर न्यायिक मूल्यांकनको लागि मांग गर्न पाउने निवेदकको संवैधानिक हक संविधानको धारा ३१ को प्रतिबन्धात्मक वाक्यांशद्वारा व्यवस्थित सिद्धान्त र यस विषयमा स.अ.द्वारा प्रतिपादित नजीरसमेतको आधारमा प्रस्तुत रिट निवेदन दिन पाउने हुँदा र सार्वजनिक सरोकारको विषयसमेत हुँदा मेरो राष्ट्रिय प्रजातन्त्र पार्टीले स्वीकार गरेको मूल्य र मान्यता र नेपाल अधिराज्यको संविधान २०४७ ले अंगीकार गरेको मूलभूत सिद्धान्तको प्रतिकूल भएको प्रस्तुत संसद् विघटनको सिफारिश गलत तथा बदरभागी छ ।

(द) प्रधानमन्त्रीको सिफारिशबाट संविधानको मर्म र मान्यता प्रतिकूल श्री ५ लाई विवादमा मुछ्ने र नेपाल अधिराज्यको संविधानको प्रस्तावना, धारा १, ३, ११, १२, १६, ३६, ४२, ४५, ५३, ५९, ६३ समेतको प्रतिकूलमा भएको स्पष्ट छ ।

१६. उपर्युक्त उल्लिखित बुँदाहरूको आधारमा प्रधानमन्त्रीको त्रुटिपूर्ण सिफारिश र सोको आधारमा भएको प्रतिनिधिसभा विघटन एवं सोसम्बन्धी सम्पूर्ण कार्य उत्प्रेषणको आदेश लगायत जो उपयुक्त हुन्छ आज्ञा आदेश वा पूर्जी नेपाल अधिराज्यको संविधानको धारा ८८ (२) बमोजिम जारी गरी बदर तथा निष्क्रिय गरी गराई सो सिफारिशको आधारमा भए गरेका सबै कार्य बदर गरी संविधान बमोजिम आह्वान भएको संसद्को विशेष अधिवेशन, नवौं अधिवेशनको कार्य सञ्चालन हुन दिन मन्त्रिपरिषद सचिवालय, सभामुख, संसद् सचिवालय र ती मार्फत अन्य निकायहरूमा परमादेशको आदेश जारी गरी मिति २०५२ ।८।७ मा हुने भनिएको निर्वाचनसम्बन्धी कार्य हाल यो निवेदनको टुंगो नलागेसम्म नगर्नू नगराउनू भन्ने स.अ. नियमावली २०४९ को नियम ४१ (१) बमोजिम अन्तरिम आदेशसमेत जारी गरी पाउँ ।

१७. यसमा प्रस्तुत मुद्दा बेञ्चसमक्ष पेश हुँदा म निवेदकका तर्फबाट उपस्थित हुनु हुने विद्वान कानून व्यवसायीहरूको बहस जिकीरसमेतलाई यसै निवेदनको अभिन्न अंग मानी पाउँ ।

१८. प्रस्तुत निवेदनसाथ देहायका कागजातहरूको फोटाकपी पेश गरेको छु ।

(क) मिति २०५२।२।२५ को नेपाली कांग्रेसले संविधानको धारा ५३ (३) बमोजिम समावेदन गरेको कागजको फोटोकपी ।

(ख) नेपाली कांग्रेसले संसद्मा पेश गरेको अविश्वासको प्रस्तावको ऐ. ।

(ग) मिति २०५२।२।२६ मा विपक्षीले प्रतिनिधिसभा भंग गर्न पेश गरेको विन्तिपत्रको ऐ.ऐ. ।

(घ) मिति २०५२।२।२८ मा वैकल्पिक सरकार गठन गर्न मसमेतले दिएका सहमतिको ऐ. ऐ. ।

(ङ) मिति ..... मा रा.प्र.पा. का संसद् सदस्यहरूले दिएको पत्रको ऐ. ऐ. ।

१९. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ झुटठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

वा. शरदप्रसाद कोइराला

इतिसम्वत् २०५२ साल आषाढ ५ गते रोज २ शुभम् ....

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन-पत्र

विषयः- नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८ को उपधारा (२) बमोजिम उत्प्रेषण युक्त परमादेशको आदेश वा अन्य उपयुक्त आदेश वा पुर्जी जारी गरी पाउँ ।

बर्दरी जिल्ला, कोइलाठी गा.वि.स. वडा नं. ३ घर भइ हाल विघटन भएको भनिएको प्रतिनिधिसभाको .... सदस्य क्रमशः नेपाल सद्भावना पार्टीका राष्ट्रिय अध्यक्ष, वर्ष ६६ को गजेन्द्रनारायण सिंहको वारिस का.न.पा. वडा नं. ३४ वस्ने वर्ष ५७ निवेदकको पृथ्वीचन्द चौरासिया ..

निवेदक

विरुद्ध

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी-राजदरवार समेत, प्रधानमन्त्रीको कार्यालय, सिंहदरवार, काठमाडौं १

सम्माननीय सभामुख श्री रामचन्द्र पौडेल, संसद् सचिवालय, सिंहदरवार, काठमाडौं ... ... १ विपक्ष

श्री ५ को सरकार, मन्त्रिपरिषद, मन्त्रिपरिषदको सचिवालय, सिंहदरवार, काठमाडौं १

निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं... ... ... १

म निवेदक सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४० को उपनियम (१) बमोजिम दस्तुर ५००/- यसैसाथ राखेर निम्नलिखित निवेदन गर्दछु ।

१. म निवेदक नेपाल सद्भावना पार्टीको राष्ट्रिय अध्यक्ष तथा गत मध्यावधि निर्वाचनमा यसै पार्टीको उम्मेदवार भई सार्वभौमसत्ता सम्पन्न जनताद्वारा निर्वाचित प्रतिनिधिसभाको सदस्य हुँ । विपक्षी प्रधानमन्त्री र उहाँको नेतृत्वमा गठित मन्त्रिपरिषद्का सदस्यहरूद्वारा वितेका ९ महिनाभित्रमा संविधानको प्रस्तावनाको र अन्य प्रावधान समेतको भावनाको प्रतिकूल हुने क्रियाकलापहरू हुँदै आएका छन् । उँहाबाट देशको राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक, प्रशासनिक एवं न्यायिक संरचनामै खलबल्याउने काम भएकोले मैले नेतृत्व गरेको पार्टी प्रतिनिधिसभाको

गत अधिवेशनमा दिएको विश्वासको मत फिर्ता गरी अविश्वास व्यक्त गर्न र संविधानको धारा ४२ को उपधारा (१) बमोजिम दुई वा दुई भन्दा बढी दलहरूको समर्थनबाट प्रतिनिधिसभाको सदस्यको बहुमतको विश्वास प्राप्त गर्न सदस्यको नेतृत्वमा गठन हुने वैकल्पिक प्रधानमन्त्री सहितको मुद्दा सक्षम एवं स्थिर मन्त्रिपरिषदलाई समर्थन गर्न दृढ अठोट लिईसकेको थिएँ।

२. अल्पमतको मन्त्रिपरिषदको नेतृत्व गर्नु भएका विपक्षी प्रधामन्त्रीले बद्नियत र प्रतिशोधपूर्ण भावनाबाट अभिप्रेरित भई असंवैधानिक तथा असंसदीय आधार र कारणहरू दर्शाई आफ्नो र आफू अध्यक्ष रहेको दलको मात्र निहित राजनैतिक लाभ पुऱ्याउन आफू सत्तामा टिकिरहने दुराशयले संविधानको धारा ४२ को उपधारा (२) को सत्तामुखी व्याख्या गर्दै प्रधाननन्त्री विरुद्ध अविश्वासको प्रस्ताव ल्याउन अधिवेशनको माग गर्दै प्रतिनिधिसभाको ७० जना सदस्यहरूले श्री ५ समक्ष संविधानको धारा ५३(३) अनुसार समावेदन पत्र चढाए बमोजिम २०५२ साल असार २ गतेको अधिवेशन बोलाएको थाहा पाई प्रतिनिधिसभा विघटनका निम्ति संविधानत: कुनै दायित्व र जिम्मेवारी नभएको आफ्नो पार्टीको निर्णयबाट बसिभुत तथा निर्देशित भई संविधानको धारा ५३ को उपधारा (४) बमोजिम प्रतिनिधिसभा विघटन गराउने सिफारिश श्री ५ का जुनाफमा वि.सं. २०५२ साल जेष्ठ २६ गतेको अपरान्ह पछि चढाउनु भएछ।

३. प्रतिनिधिसभा विघटन गराउन चढाउनु भएको सिफारिशको प्रतिलिपि विपक्षी प्रधानमन्त्रीको निवास वालुवाटारमा २०५२ साल जेष्ठ २९ गतेको साँझ पत्रकार सम्मेलन गरी सार्वजनिक रूपमा स्वयं प्रधामन्त्रीले वितरण गर्नु गराउनु भयो। सरकारी संचार माध्यम रेडियो, नेपाल टेलिभिजन, गोरखापत्र र द राइजिङ नेपालका साथै प्रकाश साप्ताहिकको अंक २४ मा हुबहु प्रकाशित गराइएको जानकारी प्राप्त भएबाट त्यस सिफाशिको यथार्य व्यहोरा म समेतको जानकारीमा आएको छ। एवं साधारण जनतालाई सूसूचित गराउने सरकारी संचार माध्यम समेतबाट प्रकाशित भई सकेको सिफारिसका आधार र कारणहरूको सम्मानित सर्वोच्च अदालतबाट न्यायिक विवेचना हुनुपर्ने स्वत: सिद्ध छ।

४. प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको बहुमतको प्रतिनिधित्व गरिरहेका नेपाल सद्भावना पार्टी, नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टी समेतका आ-आफ्ना पार्टीका नेताहरूले आ-आफ्ना दलका तर्फबाट विपक्षी प्रधानमन्त्रीद्वारा गरिएको प्रतिनिधिसभाको विघटनको सिफारिशका औचित्यहिन ठहर गर्दै उहाँ उपर संविधानको धारा ५९को उपधारा (२) अनुसार प्रतिनिधिसभाको विश्वास छैन भन्ने प्रस्ताव विधिवत दर्ता गरी बहुमतद्वारा पारित गर्न तथा धारा ४२ को उपधारा (१) बमोजिम वर्तमान प्रतिनिधिसभाबाटै बहुमतको स्थिर सुदृढ वैकल्पिक सरकार गठन गर्न सहमत तथा समर्थन गरिएको व्यहोरा श्री ५ समक्ष जाहेर गरी चढाएको विन्तीपत्र राजदरबारमा २०५२ साल जेष्ठ २८ गते म निवेदक समेतले चढाएका छौं। प्रतिनिधिसभाको सदस्यहरू मध्ये म निवेदक अध्यक्ष रहेको नेपाल सद्भावना पार्टीका ३, नेपाली कांग्रेसका ८२ र राष्ट्रिय प्रजातन्त्र पार्टीका १९ र अन्य २ जना स्वतन्त्र सांसद समेत जम्मा १०६ रहे भएको यथार्य व्यहोरा जाहेर गरी अवगत गराएको छु।

नेपाली कांग्रेसका तर्फबाट विपक्षी प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भनि संविधानको धारा ५९ को उपधारा (२) बमोजिम अविश्वासको प्रस्ताव संसद् सचिवालयमा दर्ता भएकोलाई म समेतले समर्थन गर्ने दृढता व्यक्त गर्दै नेपाल सद्भावना पार्टी, नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टी र स्वतन्त्र समेतका १०३ जना प्रतिनिधिसभाका सदस्यहरूले श्री ५ का हजुरमा बहुमतको विश्वास प्राप्त वैकल्पिक मन्त्रिपरिषद् गठन गरिबक्सनका लागि संविधानको धारा ४२ को उपधारा (१) बमोजिम प्रतिनिधिसभाका सदस्य श्री शेरबहादुर देउवाको नेतृत्वमा मन्त्रिपरिषद् गठन गर्न समर्थ एवं तत्पर रहेको विश्वासको मत जाहेर गरिएको बिन्तीपत्र २०५२ साल जेष्ठ १९ गते दर्ता गराएका थौं। यसप्रकार अर्को वैकल्पिक सरकार गठन गराउन पाउने हाम्रो संवैधानिक हकबाट बन्चित गराउने दुरासयले माथि लेखीए अनुसारको प्रत्यर्थि प्रधान मन्त्रीको असंवैधानिक सिफारिसको आधारमा २०५२ साल जेष्ठ ३० गते प्रतिनिधिसभा विघटन गराइएको छ।

नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनाले राज्य शक्ति स्रोत जनता नै हो भन्ने तथ्यलाई हृदयङ्गम गरेको छ। जनताका निमित्त व्यवस्थापकीय सार्वभौमसत्ताको प्रयोग प्रतिनिधिसभामा अभिव्यक्त बहुमतबाट क्रियाशील हुन्छ। बहुमतले प्रधानमन्त्रीको नियुक्त, मन्त्रिपरिषद्को गठन र पुनर्गठन गर्दछ। बहुमतले चाहेमा अविश्वासको व्यक्त गरेर जुनसुकै बेला हटाउन र बहुमतको विश्वास प्राप्त गर्नसक्ने प्रतिनिधिसभाको सदस्यलाई प्रधानमन्त्री बनाउन सक्छ। बहुमतलाई अंकुश लगाउने र निराश पार्ने मृत तुल्याउने र विघटन गराउन सिफारिश गर्ने समेतका कुनै कम गर्न पाउने अधिकार प्रधानमन्त्री लगायत कुनै कसैलाई प्रचलित संविधानले दिएको छैन। संक्षेपमा भन्दा वर्तमान संविधानको मूल भावना बहुमतमा प्रतिविम्बित भएर यसको सर्वोच्च शक्तिपरिचालित हुन्छ। मैले अध्यक्षता गरेको नेपाल सद्भावना पार्टी, नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रतिनिधिसभाका सदस्यहरूको गणना गर्दा प्रातिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको बहुमत हामीसंग रहेको तथ्य निर्विवाद छ। यस प्रकारको हाम्रो २०५ सदस्य संख्याको प्रतिनिधिसभामा स्पष्ट बहुमत रहेको हाम्रो प्रतिनिधिसभाका सदस्यहरूलाई केवल ८७ सदस्यहरू मात्रको अल्पमतको सरकारको नेतृत्व गर्ने विपक्षी प्रधानमन्त्रीले विघटन गराउन सिफारिस गरेर विघटन गराईएको असंवैधानिक तथा संसदीय मर्यादा र परम्पराको विपरीतको कार्यबाट संसदीय प्रजातन्त्रलाई ठूलो धक्का पुऱ्याएको छ। बहुमतलाई अल्पमतले परास्त पार्ने दुःसाहसपूर्ण यस्तो कार्यबाट संविधानको धारा ३, धारा ११, धारा १२, धारा १६, धारा ३६ को उपधारा (१) धारा ४२ को उपधारा (१) र (२) धारा ४५ को उपधारा (५) धारा ५८, धारा ५९ को उपधारा (२) , धारा ६३, धारा ६९ र धारा ११६ ले प्रदान गरेका हकहरू हनन् भएका छन्। बहुमतको उपहास गराइएको छ। सार्वभौमसत्ता सम्पन्न जनता र म समेतका जनप्रतिनिधिको संवैधानिक हकमा पूर्णतः आघात पुगेको छ।

विपक्षी प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गराउन चढाउनु भएको सिफारिश दुराशयपूर्ण, प्रतिशोधयुक्त र कपटपूर्ण समेत छ। यसबाट नेपाल राष्ट्रको हितको विपरीतको काम भएको प्रत्यक्ष देखिएको छ। पुनः मध्यावधिमा जानुपर्दा देशको

आर्थिक स्थितिमा प्रतिकूल असर परेको छ। हाम्रो जस्तो गरीब देशले एक वर्षको अन्तरालभित्र दुई पटक आमनिर्वाचन गराउनु पर्दा करोडौं रूपैयाको आर्थिक भार सहन नसकी मुलुकको आर्थिक संरचना ध्वस्त हुनजाने भएको छ। अल्पमतको सरकारको नेतृत्व गर्नु भएका प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भनि अविश्वासको प्रस्ताव पारित गरी स्पष्ट वहुमतको वैकल्पिक सरकार गठन गराउने विशिष्ट कारण देखाइ संविधानको धारा ५३ को उपधारा (३) बमोजिम अधिवेशन बोलाउन समावेदन चढाउँदा अधिवेशन वस्ने मिति र समय तोकिएपछि त्यसैलाई सिफारिसद्वारा विघटन गराउनु पर्ने कारण र आधार देखाएबाट आफू उपरको बहुमतको अविश्वासको प्रस्तावलाई प्रजातान्त्रिक तरिकाले सामना गर्न आफूलाई अल्पमतमा रहेको कारणबाट नसक्ने देखि प्रतिनिधिसभा विघटन गराउन पाएमा आफू र आफ्नो दललाई राजकीय सत्तामा टिकाइ राख्नसक्छु कि भन्ने निहित राजनैतिक स्वार्थ-पूर्ति गर्ने दुराशयले र आफूलाई अविश्वासको प्रस्ताव पास गराई हटाउन खोज्नेहरूलाई प्रतिनिधिसभा विघटन गराएर सदस्यविहिन गराउने प्रतिशोधले अभिप्रेरित भई विघटन गराउन चाहनु भएको हो भन्ने यथार्थता सिफारिशमा दिइएको असंवैधानिक कारण, आधार व्यहोराहरूबाट प्रत्यक्ष प्रमाणित भैरहको छ।

८. विपक्षी प्रधानमन्त्रीले आफू प्रधानमन्त्रीको पदमा नियुक्त भएपछि आफूले नेतृत्व गरेको मन्त्रिपरिषद्लाई हटाउन खोजिएमा प्रतिनिधिसभा विघटन गराई मध्यावधि निर्वाचन गराउँछु मात्र भनिरहनु भएका कथनहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन्। देशको शासन व्यवस्थाको नियन्त्रण, संचालन र निर्देशन संविधानको धारा ३५ को उपधारा (३) अनुसार सार्वभौमसत्ता सम्पन्न जनताद्वारा चुनिएका प्रतिनिधिहरू मध्येबाट गठित मन्त्रिपरिषदबाट नगरी आफ्ना पार्टीको राज्य व्यवस्था विभागबाट निर्देशित तथा संचालित गराइएको छ। प्रधानमन्त्री र अन्य मन्त्रिहरू प्रतिनिधिसभाप्रति उत्तरदायी हुनु पर्नेमा संविधानको धारा ३५ को उपधारा (४) को विपरीत हुने गरी आफ्ना पार्टी प्रति मात्र जिम्मेवार बन्ने कम्युनिष्ट शासनशैली अपनाइएको छ। प्रतिनिधिसभा विघटन गराउने सिफारिश गर्दा पनि आफ्नो पार्टीको केन्द्रीय समितिको बैठकले सो गर्न प्रधानमन्त्रीलाई निर्देशन दिने गरी गरिएको निर्णयलाई कार्यान्वयन गर्न गराउन सिफारिस चढाई विघटन गराएको हुँ भनी स्वयं प्रधानमन्त्रीले नै २०५२ साल जेष्ठ २९ गते प्रकाशित दृष्टि साप्ताहिकलाई दिनु भएको विशेष अन्तवार्तामा स्वीकार गर्नु भएको छ। तसर्थ यो सिफारिश प्रतिनिधिसभा विघटनका निमित्त कुनै दायित्व र जिम्मेवारी नदिएको गैर संवैधानिक केन्द्रको रूपमा रहेको आफ्नो पार्टीको निर्णयबाट वशीभूत तथा निर्देशित भई त्यसबाट अभिप्रेरित भएर सिफारिश गरिएको प्रत्यक्षत प्रमाणित भएको छ। यस्तो असंवैधानिक सिफारिशलाई मान्यता दिने भए गरे गराइएको विघटन प्रारम्भत शुन्य प्रभावहीन रहेको छ।

९. प्रतिनिधिसभामा कुनै दलले प्रष्ट वहुमत प्राप्त गर्न नसकेको अवस्थामा पालैपालो गरी कहिले दुई वा दुईभन्दा वढी दलको समर्थनवाट वहुमतको विश्वास प्राप्त गर्ने सदस्य वा कहिले अल्पमत रहेको तर सवैभन्दा वढी सदस्यहरू भएको संसदीय दलको नेता प्रधामन्त्रीमा नियुक्ति हुने संविधानको धारा ४२ को उपधारा (१) र

(२) मा गरिएको छ। संविधानका धारा सधैभरि क्रियाशील रहिरहने हुनाले एक पटक प्रयोग भएन भने दोस्रोपटक प्रयोग हुनै सक्दैन भन्न सर्वथा मिल्दैन। प्रतिनिधिसभाका सम्पूर्ण संख्या २०५ मध्येबाट बहुमतको चाहना जता हुन्छ, जुनसंग छ, जुनबेला बहुमतले जे चाहन्छ, त्यहि नै हुन्छ। संसदीय प्रजातन्त्र भनेको बहुमतको शासन हो संविधानको प्रस्तावना संसदीय शासन प्रणालीलाई अपनाएको छ। संविधानको धारा ४२ बमोजिम विशेष व्यवस्था अपनाई नियुक्त भएको प्रधानमन्त्रीलाई धारा ५३ को उपधार (४) बमोजिम विघटन गराउने सिफारिश गर्ने अधिकार छैन। यो धारा ४२का विभिन्न उपधाराहरूको सूक्ष्म अध्ययन गरी हेरिएमा प्रतिनिधिसभामा कुनै दलले स्पष्ट बहुमत प्राप्त गर्न नसकेको अवस्थाको प्रतिनिधिसभाको पुरै कार्यकाल भरिने विशेष व्यवस्था विद्यमान भै रहने हुनाले धारा ४२ को उपधारा (२) बाट (१) मा जान सक्दैन भन्ने प्रत्यर्थी प्रधानमन्त्रीको अडान संविधान सम्मत छैन।

१०. विपक्षी प्रधानमन्त्री म समेतका प्रतिनिधिसभाका सदस्यहरूको विश्वासमा प्रधानमन्त्री कायम रहन सक्नुभएको हो। हामीले नै अविश्वास व्यक्त गरिसकेपछि अल्पमतको प्रतिनिधित्व गर्नेले देशको सार्वजनिक विकास प्रजातन्त्रको सुदृढीकरणका लागि अघि दिइएको हाम्रो विश्वासप्रति धोका दिई बहुमतको अर्को प्रधानमन्त्री नियुक्त गराउने दृढता व्यक्त भैसकेको र त्यही दृढतालाई कार्यान्वयन गराउनका लागि विपक्षी प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भनि अविश्वासको प्रस्ताव पारित गर्न अधिवेशनको मिति र समय तोकिइसकेको प्रतिनिधिसभालाई विघटन गराउन सिफारिश गर्न सर्वथा मिल्ने होइन। कार्यपालिका प्रमुखले विधायिकाको अधिकार क्षेत्रमा यसरी बलात् अतिक्रमण गर्न मिल्दैन।

११. संविधानको धारा ३६ को उपधारा (१) बमोजिमको प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेता जसले धारा ५३को उपधारा (४) बमोजिम विघटन गराउने सिफारिश चढाउँदा विघटन गराउन चाहेको यसै प्रतिनिधिसभाबाट अर्को स्थिर सरकार बन्न नसकेर प्रतिनिधिसभा सुचारू रूपले चल्न नसक्ने यथार्थ अवस्था देखाएको हुनु पर्दछ। विपक्षी प्रधानमन्त्रीज्यू, संविधानको धारा ४२ को उपधारा (२) बमोजिम गठन भएको मन्त्रिपरिषद् सो को उपधारा (१) मा फर्कन सक्ने हुनाले अर्को मन्त्रिपरिषद गठन हुन संविधानले नै रोक लगाएको छ भन्ने संविधानको वाक्य र भावनाको मर्म विपरीतको स्वार्थ प्रेरित सत्तामुखी व्याख्याकार आफै बन्नु भएको छ। संविधानको अन्तिम व्याख्याता र संरक्षक सम्मानित सर्वोच्च अदालत हो। विपक्षीको यसप्रकारको व्याख्यालाई मान्यता दिइने हो र प्रस्तुत सिफारिश अनुसार विघटन गराइएकोलाई संवैधानिक मान्यता पाउने हो भने अब आइन्दा अल्पमतको प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भनि बहुमतमा रहने ले अविश्वासको प्रस्ताव ल्याई पारित गराई प्रधानमन्त्रीलाई पदमुक्त गराउन पाउने धारा ५९को उपधारा (२) र (३) तथा धरा ३६ को उपधारा (५) को खण्ड (ख) एवं धारा ४२ को उपधारा (१) सदासर्वदाका लागि निस्क्रिय र विफल हुन जानेछन्। यसरी संवैधनिक व्यवस्थालाई विफल तुल्याउने अधिकार विपक्षलाई छैन। अझ यसमा त संविधानको धारा ५३ को उपधारा (३) बमोजिम

अधिवेशन बोलाउन समावेदन जाहेर गरेर बोलाई सकेपछि विघटनको सिफारिश कारवाही हुने हो भने अल्पमतको काम चलाउन मन्त्रिपरिषद् बहुमतको शक्तिशाली हुनगई सर्वसत्तावाद तर्फ उन्मुख हुन जानेछ ।

१२. यसमा माथि लेखिए अनुसार प्रवृत्त भावना राखी प्रतिनिधिसभा विघटन गराउन चढाएइको सिफारिशको आधारमा विघटन गराइएका समेतका यावत् काम कारवाही, सिफारिश निर्णय जो जे जति छन्- ती सबै असंवैधानिक काम कारवाहीबाट संविधानको धारा ३ धारा ४२ को उपधारा (१), धारा ४५ को उपधारा (३) धारा ५८, धारा ५९ को उपधारा (२) र (३) समेतबाट प्राप्त संवैधानिक हक हनन् भएको छ । प्रस्तुत विषयमा सार्वजनिक हक तथा सरोकारको विवाद समेत समावेश भएका संवैधानिक प्रश्नहरू मध्ये वैकल्पिक, सक्षम, सुदृढ मन्त्रिपरिषद् दिन सक्ने दावी गरी प्रतिनिधिसभाको बहुमतले आफ्नो विश्वास प्रतिनिधिसभाको सदस्यलाई दिएको जाहेर गरी प्रधामन्त्रीको नियुक्त गराउन श्री ५ समक्ष जाहेर गरेकालाई ध्यान नदिई विघटन गराउन चढाएको सिफारिशलाई संवैधानिक मान्यता दिन नमिल्ने स्पष्ट छ । अल्पमतको मन्त्रिपरिषदको नेतृत्व गर्नु भएको प्रधानमन्त्री उपर अविश्वासको प्रस्ताव ल्याउन संविधानको धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधिसभाको अधिवेशन बोलाइसकेपछि त्यसैलाई बिफल तुल्याउने दुराशय लिई संविधान र संवैधानिक प्रक्रियामा जालझेल गरी अवरोध समेत खडा गर्ने अभिप्रेरित भई सो सभा विघटन गराउन सिफारिश चढाइ विघटन गराइएको परिणामबाट उक्त धारा ५३ को उपधारा (३) र धारा ५९ को उपधारा (२) निस्क्रिय हुनजाने भएको समेतका माथि लेखिए अनुसार संविधानका धाराहरूको व्याख्या गरी निरूपण गर्नुपर्ने भएको छ । प्रतिनिधिसभा विघटन सम्बन्धी विषय सार्वजनिक हक वा सरोकार हो भनि यसै अदालतको विशेष इजलासबाट नजिर कायम भैसकेको समेत हुँदा सो समेतको निराकरणका लागि अन्य उपचारको अभावमा असाधारण अधिकारक्षेत्र प्रयोग गरेर विपक्षी सम्माननीय प्रधामन्त्रीबाट प्रतिनिधिसभा विघटन गराउन गर्नु भएको सिफारिशबाट प्रतिनिधिसभा विघटन गराएका सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी उक्त सिफारिश र विघटन सम्बन्धी यावत् क्रियाकलाप शुरु देखि नै असंवैधानिक प्रभावहिन, शून्य ठहर गरी श्री ५ बाट बोलाईवक्सेको प्रतिनिधिसभाको अधिवेशन प्रारम्भ गर्नु प्रतिनिधिसभालाइ सिफारिश पूर्वको अवस्थामा यथावत कायम राखी प्रतिनिधिसभाको चालु हुने विशेष अधिवेशन तथा नियमति नवौं अधिवेशनलाई संविधान र प्रतिनिधिसभा नियमावली अनुसार चालु गर्नु गराउनु भनी विपक्षी प्रधानमन्त्री, सभामुख संसद् सचिवालय, मन्त्रिपरिषद् सचिवालय र अन्य सम्बन्धित सबै निकायमा जानकारी गराउनु भन्ने समेत सम्बन्धित निकायहरूका नाउँमा नेपालको संविधान धारा २३ र ८२ (२) अनुसार नभै आवश्यक र उपयुक्त आदेश प्रत्यर्थीहरूका नाउँमा जारी गरी निवेदकसमेतको धारा ३, ११, १२, १६, ४५ (१), ४५(२), ५३(३), ५९(२) द्वारा प्रष्ट संवैधानिक हकको प्रचलन गरिपाउँ ।

१३. प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागेसम्मका लागि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ अनुसार निर्वाचन आयोग समेत विपक्षीहरुका नाउँमा प्रतिनिधिसभाको निर्वाचन सम्बन्धी कुनै काम नगर्नु नगराउनु भन्ने अन्तरिम आदेश समेत जारि गरिपाउँ । साथै प्रस्तुत निवेदनको अन्तिम किनारा लाग्नु अघिनै

प्रतिपक्षी दलहरू तथा प्रतिनिधिसभाको स्वीकृति बेगर नै निर्वाचनलाई आफ्नो दलको पक्षमा प्रभावित पार्ने, पुऱ्याउने गरी कुनै अध्यादेश, निर्णय, योजना एवं कार्य आदि कार्यान्वयन नगर्नु भन्ने व्यहोराको अन्तरिम आदेश विपक्षी प्रधानमन्त्री र निज मार्फत निजको मन्त्रिपरिषद्को नाउँमा र विपक्षीनिर्वाचन आयोगको नाउँमा समेत मिति २०५२।८।७५ मा हुने भनिएको निर्वाचनका सम्बन्धमा कुनै काम कारवाही नगर्नु भन्ने समेतको अन्तरिम आदेश जारी गरि पाउँ।

१४. निम्नलिखित कागजका फोटोकपीहरू समावेश गरेको छु।

(क) मिति २०५२।२।२७ को प्रधानमन्त्रीद्वारा प्रतिनिधिसभा विघटन गर्न सिफारिश गरेको गोरखापत्रमा प्रकाशित समाचार।

(ख) मिति २०५२।२।२९ अंक २४ मा संसद् विघटन गर्न सिफारिसमा के छ भनि प्रकाश साप्ताहिकमा प्रकाशित श्री ५ महाराजाधिराज सरकारका जुनाफमा चढाएको विन्तीपत्रको फोटोकपी।

(ग) श्री महाराजाधिराज सरकारका जुनाफमा चढाएको मिति २०५२।२।२५ को राजदरवार (द.नं.वि. ४९५) समावेदन पत्र।

(घ) श्री ५ महाराजाधिराज सरकारका जुनाफमा वैकल्पिक सरकार गठन गर्ने सम्बन्धमा ३ वटा संसदीय दलका नेताहरूले मिति २०५२।२।२८ मा राजदरवारको द.नं.वि. ५०४ मा दर्ता गरी जाहेर गरेको निवेदन।

(ङ) मिति २०५२।२।२८ को गोरखापत्रमा प्रकाशित संसद् सचिवालयको सूचना।

(च) संसद् सचिवालयका महा सचिवका नाममा मिति २०५२।२।२८ मा दर्ता गरिएको अविश्वासको प्रस्तावको लिखित सूचना।

(छ) श्री ५ महाराजाधिराका हजुरमा श्री शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गरी बक्सन राजदरवारमा मिति २०५२।२।२९ मा १०३ जना प्रतिनिधिसभाका सदस्यहरूले हस्ताक्षर गरी चढाएको (राजदरवार को द.नं.वि. ५२३) पत्र।

(ज) मिति २०५२।३१ मा दृष्टि साप्ताहिकमा प्रकाशित "एमाले अब ऐतिहासिक यात्रातिर" शीर्षक अन्तर्गत प्रकाशित विपक्षी प्रधानमन्त्रीको विशेष अन्तर्वार्ता सहितको समाचार।

(झ) मिति २०५२।२।३१ मा प्रकाशित "श्री ५ बाट प्रतिनिधिसभा विघटन मंसिर ७ गते निर्वाचन" शीर्षकको गोरखापत्रको समाचार।

१५. कानून व्यावसायीद्वारा गरिने वहसलाई समेत यसै निवेदनको अभिन्न अंग मानि पाउँ।

१६. यसमा लेखिएको व्यहोरा ठीक छ। फरक ठहरे कानून वमोजिम सहुँला बुझाउँला।

निवेदक

गजेन्द्रनारायण सिंहको वारेस काठमाडौं नगर पालिका वडा नं. ३४ वस्ने वर्ष ५७ को पृथ्वीचन्द चौरासिया।

इति सम्वत् २०५२ साल आषाढ महिना ५ गते रोज २ शुभम्----------

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन - पत्र

विषय : नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८ को उपधारा (२) अन्तर्गत उत्प्रेषण मिश्रित परमादेश लगायत अन्य उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरी पाउँ।

काठमाडौ जिल्ला काठमाडौ नगरपालिका वडा नं. ९ बत्तिसपुतली बस्ने वर्ष २५ को आमोद पोखरेल ..... १ निवेदक

विरूद्ध

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी, प्रधामन्त्रीको कार्यालय, सिंहदरवार, काठमाडौ १

सम्माननीय सभामुख श्री रामचन्द्र पौडेल, संसद सचिवालय, सिंहदरवार, काठमाडौ १

श्री ५ को सरकार, मन्त्रीपरिषद सचिवालय, सिंहदरवार काठमाडौ.. ... ... १

निर्वाचन आयोग, कान्तिपथ, काठमाडौ ..... १ विपक्षी

म निवेदक सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४० को उपनियम १ बमोजिम रू. ५००।- यसै साथ सामेल गरी निम्न लिखित निवेदन गर्दछु।

१. म निवेदक प्रतिनिधिसभाको निर्वाचनमा मत दिन पाउने सचेत नेपाली नागरिक हुँ। म लगायतका मतदाता समेतले निर्वाचित गरी पठाएका प्रतिनिधिसभाका सदस्यहरूले संविधानको परिधिभित्र रहेर काम गर्ने गराउने। प्रतिनिधिसभाको निर्धारित कार्यकाल भन्दा अगावै त्यसको विघटन हुनु पर्ने कारण र अवस्था तथा त्यसको परिणाम स्वरूप हुने निर्वाचन इत्यादि कुरामा सार्थक सरोकार भएका व्यक्तिहरू मध्ये म पनि एक हुँ। नेपाल अधिराज्यको सचेत नागरिकको हैसियतले संविधानको पालन गर्ने र पालन नगर्नेलाई कानूनी उपचारको वाटो अवलम्वन गरी संविधानको पालन गराउने संविधानको धारा १ (२) अनुरूप हाम्रो अधिकार र दायित्व छ। प्रतिनिधिसभाको विघटन जस्तो सार्वजनिक सरोकारको विवादमा समावेश भएको संवैधानिक प्रश्नको निरूपणको लागि संविधानको धारा ८८(२) अन्तर्गत निवेदन पत्र दिने हकदैया हामीमा रहेको निर्विवाद छ।

संविधानको धारा ४५ को उपधारा २,५,६ र ७ ले म निवेदकलाई आफ्नो मताधिकार प्रयोग गरी संविधानको धारा ४५ को उपधारा ३ बमोजिम ५ वर्षको लागि प्रतिनिधिसभामा आफ्नो प्रतिनिधि चयन गरी जन प्रतिनिधि मार्फत संविधानको धारा ३६ (१) (७) र धारा ४२ को उपधारा (१) र (२) अनुसार प्रधानमन्त्री चयन गरी जनउत्तरदायी सरकार तथा विधायिकाको माध्यमबाट संविधानको भाग ७ तथा भाग ८ अन्तर्गत राज्यको कार्यपालिका तथा व्यवस्थापिका सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने गराउने संवैधानिक तथा कानूनी अधिकार सुरक्षित छ। संविधानको प्रस्तावना तथा धारा २, ३ र ४ ले निवेदकको सार्वभौमिक अधिकार प्रयोग गर्न पाउने व्यवस्था संविधानको धारा ३ र धारा ४५ को उपधारा (३) ले गरेको हुँदा यो संवैधानिक अधिकारबाट निवेदकलाई कसैले वञ्चित गर्न पाउँदैन।

२. मिति २०५२।२।२५ गते नेपाली कांग्रेसका ७० जना प्रतिनिधिसभाका सदस्यहरूले संविधानको धारा ५९ को उपधारा (२) बमोजिम प्रधानमन्त्री मनमोहन अधिकारी विरूद्ध अविश्वासको प्रस्ताव पेश गर्न वाञ्छनीय भएकोले संविधानको धारा ५३ को उपधारा (३) तथा प्रतिनिधिसभा नियमावली-२०४८ को नियम ३ र नियम १७१ अन्तर्गत प्रतिनिधिसभाको नियमित अधिवेशन अगावै अधिवेशन बोलाई वक्सनका निम्ति श्री ५ महाराजाधिराजको जुनाफमा समावेदन चढाएको थियो। उक्त समावेदनमा समावेदन कर्ताहरूले प्रतिनिधिसभाका सांसदहरूको स्पष्ट बहुमतको समर्थनका आधारमा धारा ४२ को उपधारा (१) बमोजिम वैकल्पिक प्रधानमन्त्री नेतृत्वमा स्थिर एवं सक्षम मन्त्रिपरिषद गठन गर्न समर्थ र तत्पर रहेको व्यहोरा समेत उल्लेख गरेको थियो।

३. माथि उल्लेखित समावेदनमा माग गरे अनुसार संविधानको धारा ५३ (३) अनुसार श्री ५ बाट प्रतिनिधिसभाको विशेष अधिवेशनको बैठक मिति २०५२।३।२ को दिनको १ बजे बस्ने गरी बोलाई वक्स्यो।

४. मिति २०५२।२।२६ गते प्रधानमन्त्री मनमोहन अधिकारी संविधानको धारा ५३ को उपधारा (४) बमोजिम प्रतिनिधिसभा विघटन गराउने मन्त्रिपरिषदको निर्णय सहित जाहेर गरेको कुरा सोही दिन साँझ बालुवाटारमा पत्रकार सम्मेलन गरी सिफारिशको प्रतिलिपि सार्वजनिक रूपमा वितरण गरेपछि सो कुरा थाहा हुन आएको हो। साथै स्थानीय पत्रपत्रिका एवं अन्य सञ्चार माध्यमबाट प्रधानमन्त्रीद्वारा श्री ५ समक्ष चढाएको सिफारिश प्रकाशमा ल्याइयो।

५. मिति २०५२।२।२८ मा नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टीका संसदीय दलका नेताहरू तथा अन्य दुई स्वतन्त्र सांसदहरूले संविधानको धारा ४२ को उपधारा (१) अन्तर्गत स्थीर एवं सक्षम वैकल्पिक सरकार गठन गर्न सक्ने अवस्था विद्यमान रहेको कुरा विन्तिपत्र मार्फत श्री ५ मा चढाएको र मिति २०५२।२।२९ मा विपक्षी प्रधानमन्त्रीका विरूद्ध प्रतिनिधिसभाका सांसदहरूले संसद सचिवालयमा रितपूर्वक अविश्वासको प्रस्ताव दर्ता गरेको थियो।

६ मिति २०५२।८।७।५ मा निर्वाचन गराउने गरी प्रधानमन्त्री सिफारिश बमोजिम मौसूफबाट नेपाल अधिराज्यको संविधान धारा ५३ को उपधारा (४) बमोजिम प्रतिनिधिसभा विघटन गरी वक्सेको कुरा मिति २०५२।२।३१ मा गोरखापत्रमा प्रकाशित विज्ञप्तिबाट जानकारीमा आएको हो।

Power) गरेको स्पष्ट छ। अन्यत्रको प्रभाववाट गरिएको असंवैधानिक सिफारिश स्वत: प्रभावशुन्य हुन्छ।

(ङ) मिति २०५२।२।२६ गतेको सिफारिशमा संविधानको धारा ४२ को उपधारा (२) वमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान वमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएकोले वर्तमान सरकारले आफ्नो नीति र कार्यक्रम लागू गर्न, मुलुकलाई स्थायी- सरकार दिन तथा वर्तमान अन्यौल समाप्त गर्न सार्वभौम सत्ता सम्पन्न जनता समक्ष जनादेश प्राप्तिको लागि जाने वाञ्छनीय भएको छ भन्ने नै मूल तर्क र अधार रहेको छ। धारा ४२ को उपधारा (२) अन्तर्गत गठन भएको मन्त्रपरिषदले ३० दिनभित्र विश्वासको मत पाई सकेपछि निर्वाध रूपमा संविधानको परिधि भित्र रहेर काम गर्न सक्दछ। यसरी धारा ४२ को उपधारा (२) अन्तर्गत गठन गरी ३० दिन भित्र विश्वासको मत प्राप्त गरी सकेपछि पुन: संविधानले निर्दिष्ट गरेको संसदीय परम्परा अनुसार धारा ४२ को उपधारा (१) अनुसारको सरकार गठन गर्न सकिदैन। भन्ने व्याख्या आफैं वाझिएको छ। र गलत छ। वर्तमान सरकारको धारा ३६ (७) वमोजिम परिवर्तित अवस्थामा अवस्थित रहेकोवाट पनि सो कुरा प्रमाणित हुन्छ। संविधानको धारालाई व्याख्या गर्दा दुई वा दुई भन्दा वढी विकल्प रहेमा संविधानको प्रस्तावमा उल्लेखित भावना अनुकुलको विकल्प रोज्नु सर्वोच्च अदालतको कर्तव्य हुन्छ। धारा ३६ (१) र ४२ (१), (२) को विकल्प सधैं खुला सिफारिश र सो व्याख्यालाई संधिवान सम्मत छ छैन भनि सर्वोच्च अदालतको राय लिन सक्नेमा सो समेत नलिई गरेको काम कारवाही वदर भागी छ।

(च) धारा ५३ को उपधारा (४) को दर्जा संविधानको अन्य धारा भन्दा माथि छैन। धारा ५३ को उपधारा (४) को व्याख्या संविधानको संरचना र परिप्रेक्षमा गरिनु पर्दछ।यदि यसो नगर्ने हो भने संविधानको वुनियाद र आधारशीलाको रूपमा रहेको संसदीय प्रणाली र वहुदलीय व्यवस्थाको मुल्य र मान्यता धराशाही हुन जान्छ। धारा ५३ को उपधारा (४) को सकृयतालाई धारा ५३ को उपधारा (३) र धारा ३६ को उपधारा (५) को सक्रियाताले सीमित गरेको छ। धारा ५३ को उपधारा (३) वमोजिम विशेष अधिवेशन समावेदन गरीसकेपछि सो को टुंगो नलागी धारा ५३ को उपधारा (४) सकृय हुन सक्दैन। त्यस्तै धारा ३६ को उपधारा (५) को (क) र (ख) वमोजिम प्रधानमन्त्री आफ्नो पदवाट मुक्त भएपछि वैकल्पिक सरकारको गठन हुने संभावना रहेसम्म धारा ५३ (४) वमोजिम विघटनको सिफारिश गर्ने हकदैया काम चलाउ सरकारमा हुन सक्तैन।

८. मिति २०५२।२।२६ को प्रधानमन्त्री असंवैधानिक सिफारिश र सो को आधारमा प्रतिनिधिसभा विघटन गर्ने गरी राजदरवारवाट मिति २०५२।२।३१ को गोरखापत्रमा प्रकाशित मिति २०५२।२।३० को विज्ञप्ति नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावना, धारा ३, धारा ३६, ४२, ४५, ५३, ५९, ६२ र धारा ६३ समेतको विपरीत भएकोले संविधानको धारा ८८ को उपधारा (२) वमोजिम संवैधानिक विवाद

संविधानको व्याख्याद्वारा टुंगो लगाई देहाय बमोजिमको उपचार सहित उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ ।

(क) मिति : २०५२।२।२६ को प्रधानमन्त्रीको सिफारिश र सो को आधारमा प्रतिनिधिसभा विघटन गर्ने गरी प्रकाशित गरेको मिति २०५२।२।३० गतेको राजदरवारको विज्ञप्ति प्रारम्भत: अमान्य घोषित गरी प्रतिनिधिसभालाई विघटन पूर्वको अवस्थामा कायम गरी कार्य सञ्चालन गर्न प्रतिनिधिसभाको पुनर्स्थापनाको निम्ति सम्बन्धित निकायलाई उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ ।

(ख) मिति : २०५२।२।२९ मा विधिवत् दर्ता भई यथावत रहेको अविश्वासको प्रस्ताव उपर कारवाही गर्न प्रतिनिधिसभाको मिति २०५२।३।२ को विशेष अधिवेशनको बैठक प्रतिनिधिसभा नियमावली २०४८ बमोजिम गर्नु गराउनु भनि सम्माननीय सभामूखका नाउँमा परमादेशको आदेश जारी गरी पाउँ ।

(ग) यस रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म मिति २०५२ ।८।७ मा गर्ने गरी तोकिएको प्रतिनिधिसभाको निर्वाचन सवन्धी सम्पूर्ण काम कारवाही रोक्नु भनि विपक्षी निर्वाचन आयोगका नाउँमा अन्तरिम आदेश समेत जारी गरी पाउँ ।

९. निम्न लिखित कागजका फोटोकपीहरू समावेश गरेको छु ।

(क) मिति २०५२।२।२६ गते प्रधानमन्त्रीद्वारा प्रतिनिधिसभामा विघटन गर्न सिफारिश गरेको व्यहोरा "प्रकाश" साप्ताहिकमा प्रकाशित भएको फोटोकपी थान १

(ख) मिति २०५२।२।३० मा राजदरवारवाट जारी गरेको विज्ञप्ति "आस्था" साप्ताहिकमा प्रकाशित भएको फोटो कपी थान .. १

(१०) व्यहोरो ठीक छ फरक ठहरे कानून बमोजिम सहुँला वुझाउँला ।

निवेदक

का.जि.का.न.पा. वडा नं. ९

बत्तिसपुतली बस्ने आमोद पोखरेल

इति सम्वत् २०५२ साल आषाढ ६ गते रोज ३ शुभम् ... ...

श्री सर्वोच्च अदालत

एक न्यायाधीशको इजलाश

सम्माननीय प्रधान न्यायधीश श्री विश्वनाथ उपाध्याय

आदेश

रिट नं. ३११४

विषयः- उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गारी पाउँ ।

लोकेन्द्र बहादुर चन्द..... निवेदक

विरुद्ध

सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारी, प्रधान मन्त्रीको कार्यालय सिंहदरवार ..... प्रत्यर्थी

२०५२ साल जेष्ठ ३० गतेका दिन भएको प्रतिनिधिसभाको विघटनको विषयलाई लिएर नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८ को उप-धारा (२) बमोजिम सर्वोच्च अदालतको असाधाराण अधिकार क्षेत्रमा पर्न आएको यो निवेदन पत्र सर्वोच्च अदालतको नियमावली २०४९ को नियम ७ र ४० अनुसार आज यो इजलास समक्ष पेश भयो ।

प्रस्तुत निवेदन पत्रको अध्ययन गरी निवेदकको तर्फबाट इजलास समक्ष उपस्थित हुनु भएको विद्वान् अधिवक्ता शुसिलकुमार पन्तको बहस समेत सुनी विचार गर्दा यसमा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधिसभाको विशेष अधिवेशन २०५२।३।२ मा बस्न आव्हान भै सकेपछि सम्माननीय प्रधान मन्त्रीले धारा ५३ को उपधार (४) अन्तर्गत श्री ५ समक्ष ०५२।२।२६ गतेका दिन प्रतिनिधिसभाको विवादास्पद विघटन सम्बन्धी जाहेर गर्नु भएको सिफारिस दुराशययुक्त र संविधानको धारा ४२ को गलत व्याख्यामा आधारित भएकोले सो सिफारिस र सो सिफारिसको आधारमा भएको प्रतिनिधिसभाको विघटन एवं सो सम्बन्धी सम्पूर्ण काम कारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरि आव्हान भइ सकेको प्रतिनिधिसभाको विशेष अधिवेशन र संसद्को नवौं अधिवेशनको सम्बन्धमा संविधान एवं प्रतिनिधिसभा नियमावली बमोजिम गर्नु भनी प्रत्यर्थी मन्त्रिपरिषदको सचिवालयको साथै सो सचिवालयको तर्फबाट संसद् सचिवालय र अन्य सम्बन्धित सबै निकायमा जानकारी गराउनु भन्ने प्रत्यर्थीको नाउँमा परमादेश लगायत उपयुक्त आज्ञा आदेश वा पूर्जि जारि गरी पाउँ र साथै

असंवैधानिक ढंगबाट प्रतिनिधिसभाको विघटन भएको आधारमा मिति २०५२।८।७ का दिन हुन भनि तोकिएको प्रतिनिधिसभाको निर्वाचन सम्बन्धी सम्पूर्ण काम कारवाही समेत प्रस्तुत निवेदनको अन्तिम किनारा नभए सम्मको लागि रोक्नु भनि विपक्षी निर्वाचन आयोगका नाउँमा अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने निवेदनको मुख्य कथन र माग छ प्रस्तुत निवेदन पत्रद्वारा निवेदकले प्रतिनिधिसभाको विघटनको वैधताको सम्बन्धमा सार्वजनिक सरोकारका केही गंभीर जटिल संवैधानिक प्रश्नहरू उठाएकोले ती प्रश्नहरूको समाधानको लागि संविधानको धारा ४२, धारा ५३ को उपधारा (३) र (४), धारा ५९ को उपधारा (२) लगायत अन्य सम्बद्ध संवैधानिक व्यवस्थाहरूको समुचित व्याख्यन भइ यस अदालतबाट विवादको निरूपण हुनु पर्ने देखिन्छ। अतः यस सम्बन्धमा तलका प्रकरणहरूमा लेखिय बमोजिम गरि नियम अनुसार मिसिल बुझाई दिनु।

१. निवेदकको माग अनुसार यस अदालतबाट आदेश जारि हुनु नपर्ने कुनै कारण भए सो कारण सहित ०५२ साल आषाढ २२ गते भित्र महान्यायाधीवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनि प्रत्यर्थीहरूलाई लिखित सूचना दिनु।

२. माथि उल्लेख भए अनुसार यसमा केही गंभीर एवं जटिल संवैधानिक प्रश्नहरू समावेश भएको र यस विषयमा विशेष अध्ययन अभिरूचि भएका विद्वान् कानून व्यवसायीहरूको स्वतन्त्र राय पनि ती संवैधानिक प्रश्नहरूको निरूपणमा सहायक हुन सक्ने भएकोले यो निवेदन सुनुवाईको लागि इजलाश समक्ष पेश हुँदा आफ्नो राय प्रस्तुत गर्न चाहने बढीमा ५ जनासम्म विद्वान वरिष्ट अधिवक्ता वा अधिवक्ताहरूलाई सो अनुसार उपस्थित गराई दिन सर्वोच्च अदालत वार एशोशियसनलाई लेखि पठाउनु।

३. यो निवेदन पत्रमा उठाइएका प्रश्नहरूको निरूपण यथासम्भव चाँडो हुनु वान्छनिय भएकोले यो निवेदन पत्रलाई अधिकार दिइ सर्वोच्च अदालत नियमावली २०४९ अनुसार २०५२ साल श्रावण १ गतेका दिन सुनुवाईको लागि इजलाश समक्ष पेश गर्नु।

४. यसमा लिखित वहस पेश गर्न चाहने कानून व्यवसायीले त्यस्तो लिखित वहस यो निवेदन पत्र सुनुवाईको लागि इजलाश समक्ष पेश हुनु भन्दा पहिले पेश गरी सक्नु पर्ने कुरा सम्बन्धित कनून व्यवसायीहरूको जानकारीको लागि सार्वोच्च अदालत वार एशोसियशनलाई सूचित गर्नु।

५. ०५२।८।७ गतेका दिन गर्ने भनि तोकिएको प्रतिनिधिसभाको निर्वाचन सम्बन्धी काम कारवाहीहरू रोक्न प्रत्यर्थी निर्वाच आयोगको नाममा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने निवेदकहरूको मागको हकमा सो निर्वाचको लागि धेरै समय बाँकी रहेको र माथि उल्लेख भए अनुसार निवेदन पत्र नै २०५२ श्रावण १ गतेका दिन सुनुवाईको लागि इजलाश समक्ष पेश हुने भएकोले निवेदकहरूको माग अनुसार अन्तरिम आदेश जारि गर्नु पर्ने नियमाअनुसार गर्नु।

विश्वनाथ उपाध्याय
प्रधान न्यायाधीश

इति सम्वत २०५२ साल आषाढ ७ गते रोज ४ शुभम्----------

श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

मार्फतः महान्यायाधिवक्ताको कार्यालय ।

विषय : नेपाल अधिराज्यको सम्विधान २०४७ को धारा २३ तथा धारा ८८(२) अन्तर्गतको सम्बत् २०५२ सालको रिट नम्बर ३११४ खारेज गरी पाउँ ।

प्रधानमन्त्री मनमोहन अधिकारी ... ... लिखित जवाफ प्रस्तुतकर्ता

विरुद्ध

बैतडी जिल्ला बातुरलिङ गा.वि.स. वडा नं. १ बस्ने लोकेन्द्रबहादुर चन्द ... ... विपक्षी निवेदक

१. उपर्युक्त विषयमा रिट निवेदनको प्रतिलिपि सहितको यस सम्मानित अदालतको आदेश मिति २०५२।३।१२ मा प्राप्त भएकोले निर्धारित म्यादभित्रै यो लिखितजवाफ प्रस्तुत गरेको छु । प्रस्तुत विषय अर्थात प्रतिनिधिसभा विघटनवारेमा अन्य निवेदकहरूले पनि अरू ६ वटा निवेदन पत्रहरू दिनु भएको सम्वन्धमा समेत मलाई लिखित जवाफ पेश गर्ने म्याद प्राप्त भएको छ । सातवटै निवेदन पत्रहरूको अवलोकनवाट के ज्ञात हुन्छ भने, भाषा र लेखन शैलीहरू फरक-फरक भए पनि तिनमा उठाइएका प्रश्न तथा विषय वस्तुहरू प्रायः समान प्रकारकै छन् अर्थात ती सवै निवेदनपत्रहरूमा मैले २०५२।२।२६ मा प्रतिनिधिसभा विघटनको लागि श्री ५ महाराजाधिराजका जुनाफमा चढाएको सिफारिश र त्यस आधारमा श्री ५ वाट २०५२।२।३० मा गरी वक्सेको प्रतिनिधिसभा विघटन संविधान प्रतिकूल र दुराशययुक्त भएकोले उत्प्रेषणको आदेशद्वारा वदर गरी प्रतिनिधिसभा पुनर्जागरण गरी पाउँ भन्ने माग गरिएको छ । तसर्थ विवाद वुँदाहरू (Points at Issue) निर्धारण गर्न अदालतलाई सजिलो परोस् भन्ने हेतुले सवै सातवटा कुराहरूलाई सामूहिकृत गरी ती सवैको सम्वन्धमा समान लिखित जवाफ पेश गरेको छु । साथै निवेदकहरूलाई आफनो कुन कुराको जवाफ वुझ्न सजिलो होस भन्ने

अभिप्रायले विवादमा उठाईएका कुराहरूको उल्लेख गर्दा कुन रिट निवेदनको प्रकरणमा सो कुराहरू उल्लेख भएका छन् भन्ने पनि संकेत दिने यथासक्दो प्रयास गर्ने छु ।

२. यस लिखित जवाफमा अनावश्यक पुनरूक्ति हटाउनका लागि नेपाल अधिराज्यको संविधान, २०४७ लाई "संविधान" भनी निवेदक श्री हरिप्रसाद नेपाल समेत विरूद्ध श्री गिरिजाप्रसाद कोइराला भएको सम्वत् २०५१ सालको रिट नं. २३०४ को मुद्दामा यस सम्मानित अदालतबाट २०५१।५।२७ मा भएको आदेशलाई (सर्वोच्च अदालत बुलेटिनको वर्ष ३ अंक १० पूर्णाङ्क ५२ मा प्रकाशित) लाई "अघिल्लो फैसला " भनी र २०५२।२।३० को राजपत्रमा प्रकाशित राजदरवारको विज्ञप्ति अनुसार भएको प्रतिनिधि सभाको विघटनलाई "विघटन" भनी स्वल्पीकृत शब्दावली प्रयोग गरेको छु ।

३. प्राय: सबै निवेदकहरूले विघटनलाई सार्वजनिक सरोकारको विषय हो भन्दै संविधानको धारा ८८ (२) अन्तर्गत यस अदालतको असाधारण अधिकार क्षेत्रको संरक्षण याचना गर्ने हकदैया भएको उल्लेख गर्नु भएको छ । यो निर्विवाद कुरा हो । नेपालको सर्वोच्च विधायिकाको प्रमुख अंगको रूपमा रहेको प्रतिनिधि सभा, जस्तो गरिमामय निकायको विघटनको सम्वन्धमा प्रत्येक सचेत नेपालीको सरोकार र चासो रहन्छ भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । यस विषयमा निवेदकहरूको निवेदन दिने हकदैया भएको भन्ने जिकिरलाई म कुनै हालतमा पनि चुनौति दिन चाहन्न । यस सम्वन्धमा म यति मात्र निवेदन गर्न चाहन्छु कि सार्वजनिक सरोकारकै भए पनि सबै विवादहरू वा कुनै विवादको सबै पक्षहरू अदालतवाट समाधान हुने होईनन् । अदालतवाट त त्यस्तो विवादमा समावेश भएको संवैधानिक वा कानूनी प्रश्नको मात्र निरूपण हुन सक्दछ । निवेदकहरूलाई प्रस्तुत विषयमा सर्वोच्च अदालतसमक्ष निवेदन पत्र दिन पाउने हकदैया छ भन्ने स्वीकार्दा स्वीकार्दै पनि मैले यहाँनेर यति कुरा निवेदन गर्नुपर्ने किन महसूस गरें भने प्राय: सबैजसो निवेदनपत्रहरूमा राजनीतिक लान्छनाका कुराहरू पनि उल्लेख भएका छन् । अदालतको प्रांगण राजनीतिक आरोप प्रत्यारोप गर्ने वा आत्मनिष्ट आधारमा एक अर्कामाथि हीलो छ्यापाछ्याप गर्ने थलो कदापि वन्न सक्दैन भन्ने कुरामा मेरो दृढ विश्वास छ । राजनीतिक कुराहरू नै उठाउने हो भने त प्रतिपक्षी दलहरूको क्रियाकलापवारे सख्त आलोचना गर्न मिल्ने प्रशस्त कुराहरू मसँग पनि छन् तर ती सबै कुराहरू न्यायिक निरूपणको विषय वन्न सक्दैनन् नत संवैधानिक वा कानूनी वैधताको जाँच गर्ने अदालतले त्यसतर्फ कुनै ध्यान दिने वा त्यसवाट प्रभावित हुने स्थिति नै पर्छ । त्यसैकारण यो लिखितजवाफमा राजनीतिक विवादलाई ठाउँ दिन चाहन्न र राजनीतिक प्रत्यालोचना गर्ने मौकाको रूपमा प्रयोग गर्न पनि चाहन्न । सबैले बुझेका र बुझ्न पर्ने मौलिक कुरा के छ भने प्रतिनिधिसभा विघटन गर्न सिफारिश गर्ने तथा त्यस आधारमा विघटन गर्ने दुवै शुद्ध राजनीतिक निर्णय (Poltical Decision) का कुरा हुन र अदालतवाट त्यसको संवैधानिक वा कानूनी वैधता (constitutional or

legal validity) का प्रश्नमा मात्र सांघुरिएर विचार हुन्छ। अझ त्यसमा पनि सिफारिस गर्ने पदाधिकारी बेग्लै र अन्तिम निर्णय गर्ने प्रभुत्व निहित अधिकारी बेग्लै हुने वा भएको स्थितिमा ती दुईको अलग-अलग भूमिका हुने भएकोले सो भिन्नतालाई उपेक्षा गरेर एउटै कार्यमा आवद्ध गरेर हेर्न मिल्दैन। प्रारम्भमा नै मैले यस कुरातर्फ ध्यान आकृष्ट गर्नु पर्ने आवश्यकता किन देख्छु भने रिट निवेदन पत्रहरूमा सिफारिश गर्दाको मिति २०५२।२।२६ र विघटन भएको मिति २०५२।२।३० मा भएको विघटनको अन्तरालालाई तथा त्यसबीचमा रिट नं. ३११२, ३११३, ३११४ तथा ३११८ का रिट निवेदकहरूले अन्तिम निर्णयकर्तासमक्ष आफूले गरेका पहलकदमीहरूको बारेमा कुनै विभेद नै नगरी सबै कुरालाई सिफारिशको अवैधतासंग जोड्ने प्रयास सबै निवेदनपत्रहरूमा गरिएको छ। यस विषयमा अरू बढी विवृति (Explanation) सम्बन्धित बुँदाहरूको विवेचना गर्दा यो लिखित जवाफको सम्बद्ध प्रकरणहरूमा गर्ने नै छु।

४. सातवटै निवेदनपत्रहरूको अवलोकन गर्दा निवेदकहरूले मुख्यतया निम्न आधारहरूमा सिफारिशको वैधता बारे चुनौति गर्नु भएको मैले पाएको छु।

१. संविधानको धारा ५३(३) अन्तर्गत प्रतिनिधिसभाको अधिवेशनको लागि समावेदन गरी अधिवेशन बस्ने मिति तोकिई सकेको स्थितिमा सो अधिवेशन प्रारम्भ भै अन्त नहुन्जेलसम्म धारा ५३(४) प्रधानमन्त्रीबाट सिफारिश चढाउन र संसद विघटन हुन सक्दैन। (रिट नं ३१०५ को प्रकरण ५ को खण्ड ग, ङ, ज, रिट नं. ३१०८ को प्रकरण १ तथा २ रिट नं. ३११२ को प्रकरण ७, ९ तथा १२ रिट नं. ३११३ को प्रकरण ४ को खण्ड क, ख, ग, च, झ, ञ, र ट तथा प्रकरण ७, रिट नं. ३११४ को प्रकरण १४ र प्रकरण १५ को खण्ड ख, ग, घ, र ङ रिट नं. ३११८ प्रकरण ६, ७, ११, १२ तथा रिट नं. ३१२० को प्रकरण ७ को खण्ड क, च र प्रकरण ८)

२. धारा ४२(२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले ५३(४) बमोजिम सिफारिश गर्न मिल्दैन। (रिट नं. ३१०५ को प्रकरण ५ को खण्ड घ र ज रिट नं. ३११२ को प्रकरण ८ र ११, रिट नं. ३११३ को प्रकरण ४ को खण्ड घ तथा रिट नं. ३११८ को प्रकरण ६ र ९)

३. संविधानको मौलिक संरचनालाई प्रतिकूल असर पार्ने सिफारिश। (रिट नं. ३११३ प्रकरण ४ को खण्ड झ तथा रिट नं. ३१२० को प्रकरण ७ को खण्ड ख)।

४. संसदीय मूल्य मान्यता र परम्परा विरूद्धको सिफारिश र विघटन (रिट नं. ३१०५ को प्रकरण ५ को खण्ड ज रिट नं. ३११२ को प्रकरण १५ रिट नं. ३११३ को प्रकरण ४ को खण्ड छ)।

५. वैकल्पिक सरकार बन्न सक्ने सभावना रहेसम्म ५३ (४) कार्यान्वयन हुन

सक्दैन । (रिटनं. ३१०८ को प्रकरण १ र १३, रिटनं. ३११२ को प्रकरण ६ र १२ रिट नं. ३११३ को प्रकरण ४ को खण्ड ट रिट नं ३११४ को प्रकरण १४ तथा रिट नं. ३११८ को प्रकरण ११) ।

६. प्रधानमन्त्रीले आफ्नो स्वतन्त्र विवेक प्रयोग नगरी गैर सम्वैधानिक केन्द्रको रूपमा रहेको आफ्नो राजनीतिक दलको केन्द्रीय समिति वा राय व्यवस्था समितिको निर्णय निर्देशनको नियन्त्रणमा रही त्यसवाट वशीभुत भएर गरेको सिफारिश अमान्य अवैधानिक वा दूषित हुने । (रिट नं. ३११२ को प्रकरण १० रिट नं. ३११३ को प्रकरण ४ को खण्ड (६) प्रकरण ५ रिट नं. ३११४ को प्रकरण ४ को खण्ड (६) रिट नं. ३११८ को प्रकरण नं. ८ रिट नं. ३१२० को प्रकरण ७ को खण्ड (घ) ।

७. प्रतिनिधिसभालाई नवुझी गरेको विघटनको सिफारिश प्राकृतिक न्याय सिद्धान्त विपरीत । (रिट नं. ३१०५ को प्रकरण ५ को खण्ड (ज) रिट नं. ३११३ को प्रकरण ४ को खण्ड (ग) ।

८. सिफारिशमा संविधानको धारा ४२(२) अन्तरगत सरकार गठन भएकोले अर्को सरकार वन्न सक्ने प्रावधान नरहेको भन्ने आधार लिइएको असम्वैधानिक, असंसदीय र असत्य हो । रिट नं. ३१०५ को प्रकरण ५ को खण्ड (च) रिट नं. ३११२को प्रकरण नं. ६ र १२ रिट नं ३११३ को प्रकरण नं ४ को खण्ड (ठ) (ड) र (ढ) रिट नं. ३११४को प्रकरण १५ को खण्ड (छ) (ज) र (झ) रिट नं. ३११८ को प्रकरण ९ रिट नं. ३१२० को प्रकरण ७ को खण्ड ङ) ।

९. प्रधानमन्त्रीको सिफारिश निम्न कारणले गर्दा वदनियतपूर्ण, दुराशययुक्त, प्रतिशोधात्मक, तथ्य लुकाउने झुठो तथा वस्तुनिष्ट आधार नभई अनिश्चित, अनुमानित र काल्पनिक कुरालाई आधार वनाई गरिएको सिद्ध छ । (रिट नं. ३१०५ को प्रकरण ५ को खण्ड (क), (च) र (ज) रिट नं. ३१७८ को प्रकरण रिट नं. ३११२ प्रकरण ६, ७, ९, र ११ रिट नं ३११३ को प्रकरण ४ को खण्ड (घ) (झ) (ट) (ठ) (ढ) तथा प्रकरण ५, रिट नं. ३११४ को प्रकरण १५ को खण्ड (ख) (ज) (झ) (ञ) (ट) (ठ) र (ड) रिट नं. ३११८ को प्रकरण नं. २, ५, ७, ८, ९ र १२, रिट नं. ३१२० को प्रकरण ७ को खण्ड (क) (ग) (घ) र (ङ) :-

(क) अविश्वासको प्रस्ताव छल्ने दुराशयवाट सिफारिश गरेको ।

(ख) आफू अल्पमतमा परेको तथ्य लुकाई वदनियतपूर्ण सिफारिश गरेको ।

(ग) वैकल्पिक सरकार वन्न सक्ने भनी प्रतिनिधिसभाका वहुसंख्यक सदस्यहरूले जाहेर गरिसकेकोमा आफूले विश्वास गुमाई सकेको तथ्य लुकाई अनैतिक सिफारिश गरेको ।

(घ) आफ्नो विरूद्ध अविश्वासको मत ल्याउनेहरू प्रति प्रतिशोधात्मक भावना लिएर सिफारिश गरेको ।

(ङ) प्रतिनिधि सभाका वहुसंख्यक सदस्यहरूले विश्वास व्यक्त गरेका श्री शेरवहादुर देउवालाई सक्षम तथा स्थिर सरकार वनाउने मौकावाट वञ्चित गरेको ।

(च) आफू सरकारमा वसी निर्वाचन गराउन पाए म वहुमत ल्याउन सक्छु की भन्ने वदनियतसाय सिफीरिश गरेको ।

(छ) श्री ५ लाई विवादमा मुछ्ने सिफारिश ।

(ज) विधायिकाको अधिकारमा वलात् अतिक्रमण गरेको ।

५. माथि प्रकरण ४ मा उल्लिखित निवेदकहरूको चुनौतिका आधारहरूको सम्वन्धमा निम्नानुसार वुंदागत रूपमा खण्डनात्मक प्रतिक्रिया संक्षेपमा निवेदन गर्दछु :

(१) संविधानको धारा ५३(३) वमोजिम संसदको अधिवेशन वोलाएपछि सो अधिवेशन प्रारम्भ भई अन्त नभएसम्म धारा ५३(४) निलम्वित रहेको सम्झनु पर्दछ र त्यस अन्तर्गतको व्यवस्था लागू हुन सक्दैन भन्नु कानूनको व्याख्यासम्वन्धी सामान्य सिद्धान्तको विपरित मात्र होईन की धारा ५३ को शीर्षक र उक्त धारा अन्तर्गतका उप-धाराहरूको वनौट र लेखन क्रमको पनि वर्खिलाप हुन जान्छ । यो कुरा कदापि विर्सनु हुदैन की संविधानदाताले धारा ५३ को उपधारा (४) मा कुनै शर्त वा पूर्वावस्थाको व्यवस्था गरेको छैन । वास्तवमा मलाई कस्तो लागेको छ भने निवेदकहरूले संविधानको व्याख्या कसरी गरिनु पर्दछ भन्ने सैदान्तिक कुरा धेरै ठाउँमा लेख्नु भएको छ तापनि संविधानको धारा ५३ को उपधारा (४) को व्यवस्था संसदीय व्यवस्थामा किन गरिएको हुन्छ र त्यस पछाडिको राजनीतिक सिद्धान्त के हो भन्नेवारे विवेचना गरिएको पाईदैन । प्रधानमन्त्रीलाई विघटन गर्ने सिफारिश गर्ने अधिकारको व्यवस्था गर्दा संसदीय प्रणालीमा त्यस्तो विशिष्टताको वोध भएर नै त्यसमा कुनै शर्त वन्देज नराखिएको हो भन्ने सजिलैसंग वुझ्न सकिन्छ । संविधानको एउटा प्रावधानले अर्को प्रावधानलाई निष्कृय पार्न सक्दैन भनी निवेदन पत्रहरूको धेरै ठाउँमा जोडिदिने निवेदकहरूले धारा ५३ (३) अन्तर्गत अधिवेशन वोलाएपछि त्यसको अन्त नभएसम्म धारा ५३(४) निस्कृय हुन्छ भन्ने जिकिरलाई कसरी युक्तियुक्त विवेकसम्मत देख्नु भयो वुझ्न सकिदैन । वास्तवमा मलाई त के कुरामा विश्वास छ भने स्पष्ट तथा अन्यथा व्यवस्था भएकोमा वाहेक संविधानका सवै प्रावधानहरू सक्रिय नै रहन्छन् र जुन प्रावधानको सक्रियताको परिणाम अगाडि निःसृत हुन्छ सो परिणामले अन्य प्रावधानको सक्रियताको परिणामलाई प्रभाव पार्न सक्दछ । यसरी परिणाम स्वरूप उत्पन्न हुन सक्ने

स्थितिलाई आधार बनाएर सम्वैधानिक प्रावधानको व्यवस्थालाई नै संकुचित पारेको भन्ने अर्थ गर्न मिल्दैन ।

(२) संविधानले राष्ट्रप्रमुखलाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्थाको सम्बन्धमा धारा ३६ (१) तथा ४२(१) र ४२(२) मा वर्णन गरेको छ । तर यी तीनै अवस्थामा नियुक्त हुने प्रधानमन्त्रीहरूको बीचमा कुनै अन्य भेदभाव नगरी एउटैमात्र भिन्नता के गरेको छ भने धारा ४२(१) र ४२(२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नु पर्छ, जुन कुरा धारा ३६(१) अन्तर्गत नियुक्त प्रधानमन्त्रीलाई लागू हुँदैन । यो एकमात्र भिन्नता बाहेक संविधानको विभिन्न प्रावधानमा प्रयोग भएको प्रधानमन्त्री भन्ने शब्दले तीनै प्रकरणबाट नियुक्त हुने प्रधानमन्त्रीलाई जनाउँछ भन्ने कुरा बुझ्न कुनै बौद्धिक कसरत गरिरहनु पर्ने आवश्यकता नै पर्दैन । यस्तो स्पष्ट स्थिति विद्यमान हुँदा हुँदै धारा ४२(२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीलाई धारा ५३(४) अन्तर्गत सिफारिश गर्ने अधिकार प्राप्त छैन भन्ने जिकिरमा कुनै शक्ति वा बल रहेको म पाउन सक्दिन । यससम्बन्धमा मैले स्पष्टतया बुझेको कुरा के छ भने संविधानको धारा ३६(४) अनुसार प्रधानमन्त्री लगायत मन्त्रिपरिषद्का अन्य सदस्यहरू प्रतिनिधिसभा प्रति उत्तरदायि हुने कुराको प्रयोग स्वरूप नै धारा ४२(३) को व्यवस्था गरिएको हो । एकपटक ४२(३) को चरण पार गरेपछि सो पार गर्ने प्रधानमन्त्री र धारा ३६(१) अन्तर्गत नियुक्त प्रधानमन्त्रीमा संविधानले कुनै विविक्तकरण (Discrimination) गरेको छैन ।

(३) संविधानको मौलिक संरचना के हो भन्ने कुरा बुझ्न संविधानले नै मार्ग दर्शन गरेको छ र त्यो मार्ग दर्शन संविधानको धारा ११६ मा प्रतिविम्बित छ । निवेदकहरूले मेरो विघटनको सिफारिशलाई मौलिक संरचनामा खलल् पुऱ्याउने प्रकृतिको छ भन्ने आरोप त लगाउनु भयो तर ती दुई भित्र के कस्तो कार्य कारण (Causative) सम्बन्ध छ त्यसको स्पष्ट बुझिने व्याख्या गरिएको निवेदन पत्रहरूमा म भेट्टाउन सक्दिन । धारा ३६(१) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले विघटनको सिफारिश गर्दा संविधानको मौलिक संरचना नखल्बलिने तर धारा ४२(२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले सिफारिश गर्दा चाहिं मौलिक संरचना प्रतिकूल हुन्छ भन्ने कथनको युक्तियुक्त आधार म देख्न सक्दिन । निवेदकहरूको जिकिर अनुसार धारा ३६(१) अन्तर्गत नियुक्त प्रधानमन्त्री र धारा ४२(१) र (२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीमा धारा ४२(३) मा व्यवस्था गरिएको बाहेक अन्य कुनै तात्विक अन्तर राख्ने संविधान निर्माताको मनसाय भएको भए सो मनसाय व्यक्त हुने कुनै

न कुनै प्रकारका शब्दहरू प्रधानमन्त्रीसम्बन्धी अन्य धाराहरूमा प्रयोग भएको हु
पर्ने थियो । व्याख्याको यो मौलिक सिद्धान्तलाई कदापि नजर अन्दाज गर्न सकिँदै
कि, अक्षरहरूबाट भाव वा मनसाय निसृत हुने हुन नकी, त्यसको उल्टो भाव व
मनसाय निरोपण गरेर तदनुरूप शब्दहरूको अर्थ खोज्ने वा नभएका शब्दह
थप्नु हो ।

(४) जब-जब हामी संसदीय मूल्य, मान्यता मर्यादा, परम्पराको दुहाई दिन्छौं तब-तब
हाम्रो दुहाई के कुन कुरा वा सामाग्रीहरूको धरातलमा टिकेको छ भन्ने कुरामा
निश्चित र विश्वस्त भएर मात्र कुरा उठाउन उपयुक्त हुन्छ । प्रधानमन्त्रीले
विघटनको सिफारिश गर्न सक्ने प्रावधानलाई संसदीय मूल्य, मान्यता, मर्यादा
परम्परा विपरित भन्ने दोषारोपण त रित्तो सारहीन तथा शब्द हुंकार, प्रदर्श
बाहेक अरू केही संभन सक्ने स्थिति म भेट्टाउन सक्दिन । राजनीतिक स्थितिको
विश्लेषणबाट देश हितको दृष्टिले संसदको विघटन हुनु उपयुक्त देखेको प्रधानमन्त्री
सो हुनको लागि सिफारिश गरेको कुरा कसरी संसदीय मूल्य, मान्यता, मर्यादा
परम्पराको विरूद्ध भयो भन्ने मैले बुझ्न नसकेको मात्र होइन की निवेदकहरूक
यससम्बन्धी चुनौतिको आधारमा कुनै सारसूत तत्त्व छैन भन्ने ठानेको छु ।

(५) वैकल्पिक सरकार बन्न सक्ने संभावना रहेसम्म ५३(४) कार्यान्वयन हुन सक्दैन
भन्ने निवेदकहरूको जिकिरमा पनि म कुनै सम्बैधानिक आधार भेट्टाउन सक्दिन ।
एक त धारा ५३(४) ले त्यस्तो शर्त बन्देज लगाएको पाइँदैन । दोस्रो वैकल्पिक
सरकार बन्न सक्ने वा नसक्ने भन्ने कुराको संभाव्यता अध्ययन पनि धारा ३६
७) को अवस्थापछि मात्र प्रारम्भ हुन्छ । अघिल्लो फैसलामा उल्लेखित केही
कुराको असान्दर्भिक बुझाइएको परिणाम स्वरूप निवेदकहरूलाई दीगभ्रम पर्न
गएको भए म एउटा कुरातर्फ वहाँहरूको ध्यान के मा आकृष्ट गर्न चहान्छु भने
गत सालको विघटन क्रममा तत्कालीन प्रधानमन्त्रीले राजिनामासहित विघटनको
शिफारिस गर्नु भएकोमा अघिल्लो दिन राजीनामा स्वीकृत भई वहा धारा ३६(
७) अन्तर्गतको प्रधानमन्त्री कायम रहेको स्थितिमा पुगिसकेपछि भोलिपल्ट विघटन
भएकोले त्यस अन्तर समयमा अर्को वैकल्पिक सरकारको गठन हुन सक्ने
संभावनाको खोजी गरिनुपर्ने कुरा उद्भव भएको हो । अहिलेको परिप्रेक्षमा त
प्रधानमन्त्री विघटनको परिणामस्वरूप धारा ३६(७) को स्थितिमा पुगेको हो ।

(६) धारा ५३(४) अनुसार विघटनको सिफारिश गर्ने प्रधानमन्त्रीले राजनीतिक स्थितिको
सुक्ष्म विश्लेषण गरेर सबै कुरा विचार गर्दा विघटनको सिफारिश गर्नु नै उपयुक्त

हुने राजनीतिक निष्कर्षमा पुगेपछि ५३(४) अनुसार विघटनको सिफारिश गर्ने हो। तर यसको मतलब यो कदापि हुन सक्दैन कि, उक्त निष्कर्षमा पुग्नको लागि उसले अरू कसैसँग राय सल्लाह गर्न नै हुँदैन, अरूको विचार सुन्न नै हुँदैन जुन दलको चुनाव घोषणापत्रको आधारमा आफूले जनतासँग मतको याचना गरेर विजय प्राप्त गरिएको छ सो दलको विचारप्रति ध्यान दिनै हुँदैन महत्त्वपूर्ण राजनीतिक निष्कर्षमा पुग्दा उपलब्ध सबै विचार, भावना र धारणाहरूको निवेशहरू (Inputs) मा आवश्यक र उचित ध्यान दिनु वान्छनीय मात्र होइन कि प्रजातान्त्रिक संस्कार र संस्कृतिको स्वाभाविक लक्षण पनि हो। आफ्नै मात्र हठ र आग्रहद्वारा निर्देशित भएर महत्त्वपूर्ण राजनीतिक निष्कर्षमा पुगेर पाईला चाल्दा कस्तो अप्रत्याशित परिणामको सामना गर्नुपर्दो रहेछ भन्ने कुरा गत सालमा दृष्टिगोचर भएको घटनाले नै दर्शाएको छ। अत: मैले विघटनको शिफारिस गर्दा आफ्नो स्वतन्त्र विवेक प्रयोग नगरी गैर संवैधानिक केन्द्रको (राजनीतिक दलको केन्द्रीय समिति वा राज्य व्यवस्था समिति जे भनेर निवेदकहरूले संशोधन गरेपनि) निर्देशन, दवाव, नियन्त्रणमा परी वशीभूत भएर सिफारिश गरेको भन्ने दोषारोपण आधारहीन हो। मलाई यो कुरा स्वीकार गर्न कति पनि हिचकिचाहट छैन कि विघटनको सिफारिश गर्ने निष्कर्षमा पुग्नुभन्दा अगाडि मैले धेरैसंग विचार विमर्श गरेको थिएँ तर, सिफारिश गर्ने निष्कर्ष चाहीं आफ्नै स्वच्छ र स्वतन्त्र विवेकको प्रयोगको परिणति हो।

(७) प्रतिनिधिसभा नवुझी विघटनको सिफारिश गरेको प्राकृतिक न्याय सिद्धान्त विपरित छ भन्ने निवेदकहरूको कथन संवैधानिक व्यवस्था तथा संसदीय मूल्य, मान्यता र मर्यादा र परम्परा विपरीतको छ। उसमाथि पनि अघिल्लो फैसलाले नै "विघटन गर्नुभन्दा पहिले प्रतिनिधिसभालाई जानकारी दिनु पर्ने भन्ने संवैधानिक तथा कानूनी वाध्यता छैन" भनी यस प्रश्नलाई टुंगो लगाई सकेको छ।

(८) सिफारिश गर्दा मैले अर्को वैकल्पिक सरकार वन्न नसक्ने समेतका असंवैधानिक, असंसदीय र असत्य आधारहरू उल्लेख गरेको छु। वा तिनीहरूलाई आधार वनाएकोले प्रारम्भत: सो सिफारिश अमान्य, प्रभाव शून्य, (void abinitio) र गैर संवैधानिक छ भन्ने निवेदकहरूको जिकिरको हकमा मलाई प्रारम्भमा नै के भन्नु छ भने सिफारिश गरिएको छ वा छैन वा कस्तो सिफारिश गरिएको छ भन्ने प्रश्न अदालतमा उठ्न नसक्ने प्रावधान संविधानको धारा ३५ को उपधारा (६) मा गरिएको छ। अघिल्लो फैसलामा "उल्लेखित त्यस्तो सल्लाह वा सिफारिशका सम्वन्धमा राजदरवार, मन्त्रिपरिपद् वा अन्य सम्वन्धित निकाय वा पदाधिकारीवाटै

कुनै जानकारी दिइएकोमा त्यसलाई जानकारीमा लिन त्यसको आधारमा त्यस सम्बन्धमा कार्यको सम्बैधानिकतामा विचार गर्न मिल्ने नै देखिन्छ" भन्ने वाक्यबाट प्रोत्साहित भएर होला निवेदकहरूले विघटनको सिफारिशमा यस्तो-यस्तो कुरा लेखिएको छ र ती कुराहरू यस-यस कारणले गैर सम्बैधानिक तथा बदनियतापूर्ण छ भन्ने सिद्ध गर्न निवेदनपत्रमा प्रशस्त मसी खर्च गरिएको पाएको छु । त्यतिमात्र होइन निवेदकहरूमध्ये कसैले सिफारिशको व्यहोरा भनी प्रकाश साप्ताहिकमा प्रकाशित व्यहोराको प्रतिलिपी र कसैले (रिट नं. ३११४ का निवेदक) ले भंग गर्न पेश गरेको विन्तिपत्र भनी निवेदनपत्रसाथ पेश गरेको पाईन्छ । विघटनको सिफारिश गर्ने म पदाधिकारीले यस्तो सिफारिश गरेको छु भनी त्यस्तो जानकारी कसैलाई गराएको छैन । हालसम्म राजदरवारवाट सिफारिशमा यस्तो-यस्तो कुरा छन् भनी जानकारी गराईएको पनि मलाई ज्ञात छैन । यस अवस्थामा संचार माध्यमहरूबाट प्रशारित सामग्रीहरूको आधारमा अदालतले जानकारी लिने भन्ने प्रश्न नै उठ्न सक्दैन । संचार माध्यमहरूद्वारा प्रशारित वा प्रकाशित सामाग्रीहरू त्यसवेलामा मात्र न्यायिक निरूपणको विषय बन्न सक्छन् जुनवेला त्यस्ता सामाग्री नै न्यायिक निरूपण हुने विवादको विषय बन्न पुग्दछन् जस्तो कि, अदालतको अवहेलना, गाली, वेइज्जती, राजकाज अपराध आदि सिफारिशको व्यहोरा त धारा ३५(६) अन्तर्गत प्राधिकृत दस्तावेज (Privilleged communication) अन्तर्गत पर्दछ । त्यसै कारणले अधिल्लो फैसलामा "राजदरवार .....वा अन्य सम्बन्धित पदाधिकारीवाटै कुनै जानकारी दिएकोमा" भन्ने सावधानीपूर्वकको भाषा प्रयोग गरिएको हो । शिफारिस यस्तो छ । भन्ने कुरा अदालतले प्रमाण बुझेर यकिन गर्ने कुरा नै होइन किनभने त्यस बारे अदालतमा प्रश्न नै उठ्न सक्दैन । न्यायिक जानकारी लिन मिल्ने सामग्रीवाट मात्र सम्वन्धित पक्षले जानकारी गराएको कुन जति मात्रामा अदालतले विचार गर्ने हो । यसै कारणले हामी के पाउंछौं भने विघटनसम्बन्धी अधिल्लो मुद्दामा पनि निवेदकहरूवाट केही संचार माध्यमद्वारा प्रचारित सामाग्रीहरू पेश भएका थिए । तर अधिल्लो फैसलामा अदालतले सिर्फ न्यायिक जानकारी लिन मिल्ने नेपाल राजपत्रमा प्रकाशित सूचनाहरूमा मात्र विवेचनाको आधार वनाइएको वनाईएको छ । संचार माध्यमहरूले यदाकदा कुनै कुराको जानकारी प्राप्त गर्नको लागि सम्वन्धित पक्षहरूलाई उक्साउने (Provoke) ले यो कुरा यस्तो छ भनेर प्रचारित गर्ने र यसको खण्डन वा समर्थन वा मौनतालाई पनि व्याख्या गरेर स्थिति संकेत गर्ने प्रवृति रहेको वारे हामी अवगतनै छौं । निवेदकहरूले सिफारिश यस्तो छ भनी निवेदन साथ पेश गरे

सामाग्री र २०५२।२।३० मा प्रकाशित नेपाल राजपत्र (अतिरिक्ताङ्क ६ (क)) मा उल्लेखित विज्ञप्तिको तुलनात्मक अवलोकनबाट नै पनि निवेदकहरूद्वारा प्रेषित पूर्वोक्त सामाग्रीहरू कति अविश्वसनीय रहेछन् भन्ने तथ्य छर्लङ्ग भैहाल्छ । म स्पष्टसंग के निवेदन गर्न चाहन्छु भने विघटनको सिफारिशमा यस्ता कुराहरू उल्लेख भएका छन् भनेर यस आधारमा निवेदकहरूले सिफारिश असंवैधानिक वा दुराशययुक्त (MALAFIDE) छ भनेर चुनौति गरेका बुँदाहरूमा सम्मानित अदालतबाट विचार वा विवेचना गर्ने स्थिति रहँदैन न त मैले तिनको खण्डन गर्ने आवश्यकता पर्छ, न त त्यस्तो गर्नु धारा ३५(६) अनुसार उपयुक्त नै हुन्छ ।

यस लिखित जवाफको प्रकरण ४ को खण्ड (९) मा उदृत निवेदन जिकिरहरूको बारेमा बुंदागत रूपमा खण्डन गर्नु पूर्व शुरूमा नै मैले केही कुराहरू स्पष्ट पार्नु पर्ने आवश्यकता महसूस गरेको छु । पहिलो कुरा त के भने निवेदकहरूले निवेदनपत्रमा २०५२।२।२६ (सिफारिश मिति) भन्दा पछाडिका घटना तथा कारवाहीहरूलाई पनि सिफारिश वदनियतपूर्ण, प्रतिशोधात्मक, काल्पनिक, कुरामा आधारित आदि ईत्यादी दोषहरू सिद्ध गर्ने आधारको रूपमा ग्रहण गर्नु भएको छ । तसर्थ घटनाहरूको दिनानुक्रम तर्फ सम्मानित अदालतको ध्यान जानु पर्दछ भन्ने मेरो सादर अनुरोध छ । निवेदनपत्रमा उल्लेखित विवरणहरूवाट समेत मेरो जानकारीमा रहेको विघटनसंग सम्वन्धित घटनाहरूको दिनानुक्रम निम्न अनुसारको छ :

अ) २०५२।२।२५: असार ११ गते वस्ने गरी नवौं अधिवेशन वोलाइएको ।

आ) २०५२।२।२५: सम्विधानको धारा ५३(३) अनुसार अधिवेशन वोलाउन नेपाली कांग्रेसका ७० जना सांसदहरूद्वारा समावेदन ।

इ) २०५२।२।२६ : संविधानको धारा ५३(३) अनुसार समावेदन गरिएको अधिवेशन २०५२।३।२ मा वस्ने भनी आव्हान भएको ।

ई) २०५२।२।२६ : संविधानको धारा ५३(४) प्रतिनिधिसभा विघटनको लागि सिफारिश चढाएको ।

उ) २०५२।२।२८ : तीनवटा संसदीय दलका नेताले वैकल्पिक सरकार गठन गर्न सहमति भएको व्यहोरा दर्शाई श्री ५ समक्ष विन्तिपत्र चढाएको ।

ऊ) २०५२।२।२८ : संविधानको धारा ५९(२) अन्तर्गत नेपाली कांग्रेसका ७७ जना सदस्यले संसद सचिवालयका महासचिव समक्ष अविश्वासको प्रस्ताव दर्ता गरेको ।

ए) २०५२।२।२९ : श्री शेरवहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गरिवक्सन

१०३ जना प्रतिनिधिसभाका सदस्यहरूले हस्ताक्षर गरी विन्तिपत्र चढाएक
भनिएको । त्यस विन्तिपत्रको प्रतिलिपी निवेदनपत्रसाथ पेश भएको प्रमाण
फाईलबाट देखिदैन सिर्फ दर्ता निस्साको प्रतिलिपी सम्ममात्र दाखिल भएक
देखिन्छ ।

ऐ) २०५२।२।३० : श्री ५ बाट संविधानको धारा ५३(४) बमोजिम २०५२।८।
गते निर्वाचन गराउने गरी प्रतिनिधिसभा विघटन गरी बक्सेको सूचन
नेपाल राजपत्रमा प्रकाशित ।

उपर्युक्त दिनानुक्रमको आधारमा निवेदनपत्रहरूमा उल्लेखित दोषारोपणका कुराहरूव
विश्लेषण गरिएमा यस सम्मानित अदालतलाई यो छर्लङ्ग हुने छ कि, अविश्वासको प्रस्तावबा
बच्नको लागि वा अरू अल्पमतमा परिसकेपछि वा बहुमत समर्थित वैकल्पिक सरकार गठ
हुन सक्ने स्पष्ट अवस्था छंदा छदै भन्ने आदि इत्यादि आधारमा दुरासययुक्त प्रतिशोधात्म
सिफारिश गरेको भनी लगाइएका सम्पूर्ण लान्छनाहरू वास्तवमा आफैमा कपटपूर्ण वदनियतपू
तथा बङ्गाइएका तथ्यमा आधारित रहेछन् भनी संभनु पर्ने स्थिति छ । यसै प्रंसगमा यो पि
निवेदन गर्न चाहन्छु कि विघटनको लागि मैले सिफारिश गरे उप्रान्त निवेदकहरूले राजदरवार
चढाएका विन्तिपत्रहरू र संसद सचिवालयमा दर्ता गरिएको अविश्वासको प्रस्ताव आदि मे
सिफारिशलाई दुर्वल वा असंवैधानिक वा वदनियतपूर्ण हो वा होइन भन्ने प्रश्नको निरूपण
आधार बन्न सक्दैनन् ।

मेरो सिफारिशपश्चात् निवेदकहरूले राजदरवारमा चढाएका विन्तिपत्रहरूमा उल्लेखि
तथा अन्य सबै सान्दर्भिक कुराहरू सबैमाथि विचार भएर नै सिफारिश चढाइएको च
दिनपछि विघटनको अन्तिम निर्णय गर्दा श्री ५ बाट सिफारिश स्वीकार गर्ने निष्कर्षमा पु
बक्सेको सिद्ध छ । यसै प्रसंगमा मैले निवेदन गर्नु पर्ने अर्को सान्दर्भिक कुरा के छ भने कु
कुरा संविधानत: वा कानूनत: ठीक भएको छ भने पनि सो कुरा दुराशययुक्त मनसायबा
सम्पादित भएको छ भने त्यसको वैधानिकता वा कानूनी सम्मता लुप्त हुन्छ भन्ने सैद्धान्ति
धारणाबाट विश्लेषण गरिंदा पनि विशेष ध्यानयोग्य कुरा के रहन्छ भने जुन कुराको मौलि
विषय (अर्थात प्रस्तुत विवादको सन्दर्भमा भन्नु पर्दा विघटन सम्बन्धी सिफारिश गर्ने वा नग
शुद्ध राजनैतिक निर्णयको न्यायिक पुनरावलोकन हुन नसक्ने विषयको) सम्पादनमा निहि
दुराशययुक्त भावनाको खोजी कुन तहसम्म गएर गर्नु उपयुक्त हुन्छ भन्ने कुरा सदैव मननयोग्य
स्थितिमा रहन्छ । हामीले विर्सन नहुने कुरा के छ भने अघिल्लो फैसलामा यस सम्मानित
अदालतले यो कुरा वडो स्पष्ट शब्दमा उद्घोषित गरी सकेको छ कि "दुराशय भन्ने कुरा
अनुमान गर्ने कुरा होइन प्रमाणहरूबाट शंकारहित रूपमा प्रमाणित हुनु पर्दछ वदनियतको
आरोप लगाउनुमात्र पर्याप्त हुँदैन त्यसको आधार र प्रमाण पनि हुनु पर्दछ वदनियतको कुनै
तथ्यपूर्ण कारण र प्रमाण पेश दाखिला गर्न नसकेको अवस्थामा त्यसलाई निस्सार नै मान्नु पर्ने

हुन आउँछ ।" यिनै सर्वोच्च अदातलद्वारा प्रतिपादित सिद्धान्तहरूको पृष्ठभभूमिमा निवेदकहरूले लगाएको दुराशयको आरोपलाई नै कसौटीमा घोटेर प्रमाणित हुन्छ वा हुँदैन भन्ने कुराको निरोपण हुनु पर्दछ भन्ने सादर निवेदन छ । यति प्रारम्भिक कुराहरू सकेपछि अब म यस लिखित जवाफको प्रकरण ४ को खण्ड (९) को देहायमा उल्लेखित निवेदकहरूले लगाएका दोषारोपणहरू बारेमा मेरा जिकिरहरू निम्न बमोजिम निवेदन गर्दछु ।

(क) अविश्वासको प्रस्ताव छल्ने दुराशयबाट विघटनको सिफारिश गरेको भन्ने आरोप म माथि लाग्न सक्दैन किनभने माथि मैले घटनाको दिनानुक्रम दिए अनुसार मैले विघटनको सिफारिश गरी सकेपछि दुई दिन पश्चात् मात्र अविश्वासको प्रस्ताव दर्ता गरिएको भनि स्वीकार गरिएको छ । नेपाली कांग्रेस दलले त मैले नेतृत्व गरेको मन्त्रिपरिषद्लाई संविधानको धारा ४२(३) अनुसार विश्वासको मत दिएको थोरै समयमात्र पछिदेखि नै निराधार कटु आलोचना गर्ने, फु गरेर उडाईदिन्छु भन्ने शब्द हुंकार दिने जस्ता क्रियाकलाप गर्दै आइरहेको सर्वविदितै छ । खासगरी आफ्नो गाउं आफैं बनाऔं भन्ने कार्यक्रमको सफलताको प्रारम्भ पछि विरोधको शब्द हुंकार उर्लिन थालेको हो । तैपनि गत मध्यावधि निर्वाचनको परिणामद्वारा सार्वभौमसत्ता सम्पन्न जनताले दिएको जनादेशलाई बोलीबाट जति विरोध गरे पनि कार्यबाट सो जनादेशको उल्लंघन हुने छैन भन्ने राजनीतिक विश्वासमा टिकेर मैले धैर्य धारण गरेर जनहितको कार्यमा आफ्नो मन्त्रिपरिषद्लाई कार्यरत् गराउँदै लगेको थिएँ । राजनीतिक वस्तुस्थितिको यथार्थता बारे सुक्ष्म विश्लेषण गरी रहेकै थिए । जब नेपाली कांग्रेस तथा अन्यले शब्द हुंकारलाई साच्चिकै कार्य रूपमा परिणत गर्ने अठोट गरी राजनीतिक अस्थिरता र अन्यौलतर्फ डोऱ्याउने तथा राष्ट्रहित विपरीत शासनमा अस्थिरताको पैदा गर्न पाईला चाल्न थालेको महसूस गरें अनि यस्तो अस्थिरता र अन्यौलको स्थिति मेटाउन सार्वभौमसत्ता सम्पन्न जनताको समक्ष जानु पर्ने नै राजनीतिक आवश्यकता रहेको बोध गरेर प्रतिनिधिसभाको विघटनको सिफारिश गर्नु वाञ्छनीय हुने राजनीतिक निष्कर्षमा पुगेको छु । कुनै व्यक्ति वा दलीय स्वार्थलाई हेरेर गरेको होइन न त कुनै प्रतिशोधात्मक विचारले प्रेरित भएर नै गरेको हुँ ।

(ख) आफू अल्पमतमा परेको तथ्यलाई लुकाई बदनियतपूर्ण सिफारिश गरेको भन्ने निवेदकहरूको लान्छना पनि निराधार हो । एक त सरकार कानूनत: के, कसरी र कहिले बहुमत समर्थित मानिन्छ वा कहिले बहुमत असमर्थित मानिनेछ भन्ने कुरा बुझ्न सम्बिधानकै प्रावधानहरूको अवलोकन गर्नुपर्ने हुन्छ । धारा ४२(३) अन्तर्गत बहुमत समर्थित सरकार तबमात्र बहुमत प्राप्त गर्न नसकेको स्थितिमा पुग्छ जब धारा ५९ को प्रक्रियाद्वारा सोको कुरा सिद्ध हुन्छ । अरू कुनै कसैले जस्तोसुकै कुरा गरे पनि वा पारस्परिक लेखापढी गरे पनि सरकार अल्पमतमा

१०३ जना प्रतिनिधिसभाका सदस्यहरूले हस्ताक्षर गरी विन्तिपत्र चढाएको भनिएको । त्यस विन्तिपत्रको प्रतिलिपी निवेदनपत्रसाथ पेश भएको प्रमाण फाईलबाट देखिदैन सिर्फ दर्ता निस्साको प्रतिलिपी सम्ममात्र दाखिल भएको देखिन्छ ।

ऐ) २०५२।२।३० : श्री ५ बाट संविधानको धारा ५३(४) बमोजिम २०५२।८।७ गते निर्वाचन गराउने गरी प्रतिनिधिसभा विघटन गरी वक्सेको सूचना नेपाल राजपत्रमा प्रकाशित ।

उपर्युक्त दिनानुक्रमको आधारमा निवेदनपत्रहरूमा उल्लेखित दोषारोपणका कुराहरूको विश्लेषण गरिएमा यस सम्मानित अदालतलाई यो छर्लङ्ग हुने छ कि, अविश्वासको प्रस्तावबाट वच्नको लागि वा अरू अल्पमतमा परिसकेपछि वा बहुमत समर्थित वैकल्पिक सरकार गठन हुन सक्ने स्पष्ट अवस्था छंदा छदै भन्ने आदि इत्यादि आधारमा दुरासययुक्त प्रतिशोधात्मक सिफारिश गरेको भनी लगाइएका सम्पूर्ण लान्छनाहरू वास्तवमा आफैंमा कपटपूर्ण वदनियतपूर्ण तथा वङ्गाइएका तथ्यमा आधारित रहेछन् भनी संभनु पर्ने स्थिति छ । यसै प्रंसगमा यो पनि निवेदन गर्न चाहन्छु कि विघटनको लागि मैले सिफारिश गरे उप्रान्त निवेदकहरूले राजदरवारमा चढाएका विन्तिपत्रहरू र संसद सचिवालयमा दर्ता गरिएको अविश्वासको प्रस्ताव आदि मेरो सिफारिशलाई दुर्वल वा असंवैधानिक वा वदनियतपूर्ण हो वा होइन भन्ने प्रश्नको निरूपणका आधार वन्न सक्दैनन् ।

मेरो सिफारिशपश्चात् निवेदकहरूले राजदरवारमा चढाएका विन्तिपत्रहरूमा उल्लेखित तथा अन्य सवै सान्दर्भिक कुराहरू सवैमायि विचार भएर नै सिफारिश चढाइएको चार दिनपछि विघटनको अन्तिम निर्णय गर्दा श्री ५ बाट सिफारिश स्वीकार गर्ने निष्कर्षमा पुगी वक्सेको सिद्ध छ । यसै प्रसंगमा मैले निवेदन गर्नु पर्ने अर्को सान्दर्भिक कुरा के छ भने कुनै कुरा संविधानत: वा कानूनत: ठीक भएको छ भने पनि सो कुरा दुराशययुक्त मनसायबाट सम्पादित भएको छ भने त्यसको वैधानिकता वा कानूनी सम्मता लुप्त हुन्छ भन्ने सैद्धान्तिक धारणावाट विश्लेषण गरिंदा पनि विशेष ध्यानयोग्य कुरा के रहन्छ भने जुन कुराको मौलिक विषय (अर्थात प्रस्तुत विवादको सन्दर्भमा भन्नु पर्दा विघटन सम्वन्धी सिफारिश गर्ने वा नगर्ने शुद्ध राजनैतिक निर्णयको न्यायिक पुनरावलोकन हुन नसक्ने विषयको) सम्पादनमा निहित दुराशययुक्त भावनाको खोजी कुन तहसम्म गएर गर्नु उपयुक्त हुन्छ भन्ने कुरा सदैव मननयोग्य स्थितिमा रहन्छ । हामीले विर्सन नहुने कुरा के छ भने अघिल्लो फैसलामा यस सम्मानित अदालतले यो कुरा वडो स्पष्ट शव्दमा उद्घोषित गरी सकेको छ कि "दुराशय भन्ने कुरा अनुमान गर्ने कुरा होइन प्रमाणहरूवाट शंकारहित रूपमा प्रमाणित हुनु पर्दछ वदनियतको आरोप लगाउनुमात्र पर्याप्त हुँदैन त्यसको आधार र प्रमाण पनि हुनु पर्दछ वदनियतको कुनै तथ्यपूर्ण कारण र प्रमाण पेश दाखिला गर्न नसकेको अवस्थामा त्यसलाई निस्सार नै मान्नु पर्ने

हुन आउँछ ।" यिनै सर्वोच्च अदातलद्वारा प्रतिपादित सिद्धान्तहरूको पृष्ठभभूमिमा निवेदकहरूले लगाएको दुराशयको आरोपलाई नै कसौटीमा घोटेर प्रमाणित हुन्छ वा हुँदैन भन्ने कुराको निरोपण हुनु पर्दछ भन्ने सादर निवेदन छ । यति प्रारम्भिक कुराहरू सकेपछि अब म यस लिखित जवाफको प्रकरण ४ को खण्ड (९) को देहायमा उल्लेखित निवेदकहरूले लगाएका दोषारोपणहरू बारेमा मेरा जिकिरहरू निम्न बमोजिम निवेदन गर्दछु ।

(क) अविश्वासको प्रस्ताव छल्ने दुराशयबाट विघटनको सिफारिश गरेको भन्ने आरोप म माथि लाग्न सक्दैन किनभने माथि मैले घटनाको दिनानुक्रम दिए अनुसार मैले विघटनको सिफारिश गरी सकेपछि दुई दिन पश्चात् मात्र अविश्वासको प्रस्ताव दर्ता गरिएको भनि स्वीकार गरिएको छ । नेपाली कांग्रेस दलले त मैले नेतृत्व गरेको मन्त्रिपरिषद्लाई संविधानको धारा ४२(३) अनुसार विश्वासको मत दिएको थोरै समयमात्र पछिदेखि नै निराधार कटु आलोचना गर्ने, फु गरेर उडाईदिन्छु भन्ने शब्द हुंकार दिने जस्ता क्रियाकलाप गर्दै आइरहेको सर्वविदितै छ । खासगरी आफ्नो गाउं आफैं बनाऔं भन्ने कार्यक्रमको सफलताको प्रारम्भ पछि विरोधको शब्द हुंकार उर्लिन थालेको हो । तैपनि गत मध्यावधि निर्वाचनको परिणामद्वारा सार्वभौमसत्ता सम्पन्न जनताले दिएको जनादेशलाई बोलीबाट जति विरोध गरे पनि कार्यबाट सो जनादेशको उल्लंघन हुने छैन भन्ने राजनीतिक विश्वासमा टिकेर मैले धैर्य धारण गरेर जनहितको कार्यमा आफ्नो मन्त्रिपरिषद्लाई कार्यरत् गराउँदै लगेको थिएँ । राजनीतिक वस्तुस्थितिको यथार्थता बारे सुक्ष्म विश्लेषण गरी रहेकै थिए । जब नेपाली कांग्रेस तथा अन्यले शब्द हुंकारलाई साच्चिकै कार्य रूपमा परिणत गर्ने अठोट गरी राजनीतिक अस्थिरता र अन्यौलतर्फ डोऱ्याउने तथा राष्ट्रहित विपरीत शासनमा अस्थिरताको पैदा गर्न पाईला चाल्न थालेको महसूस गरें अनि यस्तो अस्थिरता र अन्यौलको स्थिति मेटाउन सार्वभौमसत्ता सम्पन्न जनताको समक्ष जानु पर्ने नै राजनीतिक आवश्यकता रहेको बोध गरेर प्रतिनिधिसभाको विघटनको सिफारिश गर्नु वाञ्छनीय हुने राजनीतिक निष्कर्षमा पुगेको छु । कुनै व्यक्ति वा दलीय स्वार्थलाई हेरेर गरेको होइन न त कुनै प्रतिशोधात्मक विचारले प्रेरित भएर नै गरेको हुँ ।

(ख) आफू अल्पमतमा परेको तथ्यलाई लुकाई बदनियतपूर्ण सिफारिश गरेको भन्ने निवेदकहरूको लाञ्छना पनि निराधार हो । एक त सरकार कानूनत: के, कसरी र कहिले बहुमत समर्थित मानिन्छ वा कहिले बहुमत असमर्थित मानिनेछ भन्ने कुरा बुझ्न सम्बिधानकै प्रावधानहरूको अवलोकन गर्नुपर्ने हुन्छ । धारा ४२(३) अन्तर्गत बहुमत समर्थित सरकार तबमात्र बहुमत प्राप्त गर्न नसकेको स्थितिमा पुग्छ जब धारा ५९ को प्रक्रियाद्वारा सोको कुरा सिद्ध हुन्छ । अरू कुनै कसैले जस्तोसुकै कुरा गरे पनि वा पारस्परिक लेखापढी गरे पनि सरकार अल्पमतमा

परेको छ भनी गर्जे पनि सो रित्तो हुंकार मात्र हुन जान्छ । उसमा पनि रि.नं. ३११४ को प्रकरण १२ को अवलोकनबाट यो स्पष्ट हुन्छ कि मैले विघटनको सिफारिश गर्दाको दिनसम्म मेरो सरकारलाई प्रतिनिधिसभाका बहुसंख्यक सदस्यको विश्वास कायम थियो भन्ने तथ्य सम्वैधानिक प्रक्रियाबारे विशेषज्ञान नभएका अविशेषज्ञ (LAYMAN) लाई पनि छर्लङ्ग हुन्छ ।

(ग) वैकल्पिक सरकार बन्न सक्ने भनी प्रतिनिधिससभाका बहुसंख्यक सदस्यले जाहेर गरिसकेकोमा तथ्य लुकाई अनैतिक सिफारिश गरेको भन्ने दोषारोपण पनि निराधार छ । निवेदकहरूले नै निवेदनपत्रहरूमा यो स्वीकार गर्नु भएको छ कि २६ गतेको सिफारिशपछि मात्र २८ गतेमा गएर श्री ५ समक्ष जाहेरी गर्नु भएको हो । म कुनै त्यस्तो ज्योतिषी त होइन जसबाट भविष्यमा घट्न जाने घटनाको निश्चित जानकारी राख्न सक्ने क्षमताको अपेक्षा गरिएको होस् । मलाई त अफशोस के मा छ भने सार्वभौमसत्ता सम्पन्न जनतासमक्ष आ-आफ्नो कुरा भनी उनको मन जिती जनविश्वास प्राप्त गर्ने प्रयास गर्ने प्रजातान्त्रिक अभ्यासतर्फ लाग्नु पर्नेमा केही निवेदकहरू त सिफारिश बमोजिम विघटन हुन नदिन राजनीतिक अवसरवादीताको पराकाष्ठा द्योतक खेलमा पो अल्मलिनु भएको रहेछ ।

(घ) आफ्नो विरूद्ध अविश्वासको मत ल्याउनेहरूप्रति प्रतिशोधात्मक भावना लिएर सिफारिश गरेको भन्ने दोष पनि वेबुनियादी र काल्पनिक हो भन्ने स्पष्ट छ । २०५२।२।२८ मा अविश्वासको प्रस्ताव पेश गरेको भनिएको छ । जवकी सोभन्दा दुई दिन अगाडि नै सिफारिश भै सकेको छ । अधिवेशन वस्नुभन्दा अगाडि नै अविश्वासको प्रस्ताव पेश हुनु आफैंमा पनि एउटा रहस्यात्मक कुरा त छदै छ उसमा पनि त्यसबाट त झन सिफारिशलाई शह दिने (Check mate) राजनीतिक समयानुवर्ती कार्य (Political Opportunism) को ज्वलन्त दृष्टान्त होइन र ? अर्कोकुरा सिफारिशकोअनुसार श्री ५ बाट प्रतिनिधिसभाको विघटन गरी बक्सेम अविश्वासको प्रस्ताव पेश गर्ने नेपाली कांग्रेसका ७७ जना सांसदहरूको सदस्यता मात्र समाप्त हुने होइन कि मेरो आफ्नो दलका ८७ जना सदस्य र सिफारिश गर्दाको दिनसम्म मेरो सरकारप्रतिको विश्वास कायमै राख्ने र भोलीपल्ट २७ गतेमात्र विश्वास फिर्ता लिएको भनेको राष्ट्रिय प्रजातन्त्र पार्टीको १९ जना सदस्य गरी १०६ जना सदस्यको सायै सबै सदस्यहरूको सदस्यता समाप्त हुने हो ।

(ङ) प्रतिनिधिसभाका बहुसंख्यक सदस्यले विश्वास व्यक्त गरेको श्री शेरबहादुर देउवालाई सक्षम तथा स्थीर सरकार बनाउने मौकाबाट वचित गर्न सिफारिश गरेको भन्ने दोषारोपणमा पनि म कुनै सार देख्दिन । एक त संविधानअनुसार कसैलाई प्रधानमन्त्री बनाउन के कस्तो ठाउमा कसरी कुन वेलामा विश्वास प्रदर्शन गर्नु

पर्छ भन्ने कुरा मैले व्याख्या गरी रहनु पर्दैन । संविधानमा नै त्यसवार स्पष्ट व्यवस्था गरिएको छ । अर्को २०५२।२।२६ गते सिफारिश गरेको दिनको तीन दिनपछि अर्थात् २९ गते अर्को १०३ जना सदस्यले श्री शेरवहादुर देउवालाई प्रधानमन्त्रीको पदकोलागि प्रस्तावित गर्लान भन्ने मैले कसरी अनुमान गर्ने ? सम्वत् २०५१।८।९ तथा २०५१।८।१२ मा संविधानको धारा ४२(१) अन्तर्गत श्री ५ ले मौका बक्सँदा भने कोही अघि नसर्ने २०५२।२।२६ गते विघटनको सिफारिश पश्चात चाहिं ४ दिन भित्र यस्तो द्रुत गतिमा १०३ जना सदस्यले श्री शेरवहादुर देउवालाई प्रधानमन्त्रीको रूपमा स्वीकार्न सहमती दर्शाइ राजदरवारमा विन्तिपत्र दिन गई राजनीतिक अवसरवादीता प्रदर्शन गर्ने अपवित्र राजनीतिक समीकरण उन्मुख हुन पुग्नु होला भन्ने निश्चित पूर्वानुमान एउटा स्वच्छ प्रजातान्त्रिक र निस्कपट राजनीतिक मार्ग अवलम्वन गर्न दृढ राजनयिक व्यक्ति (Politician) लाई कसरी हुन सक्दछ ? त्यतिमात्र होइन मैले माथि सम्वन्धित प्रकरणमा निवेदन गरे अनुसार सिफारिश पश्चात निवेदकहरूले राजदरवारमा जे जस्तो जाहेर र विन्तिपत्र चढाउनु भएको छ ती सवैमा उचित विचार भएर तिनको राजनीतिक मूल्यांकन भएर नै श्री ५ वाट विघटनको निष्कर्षमा पुगी वक्सेको होला भन्ने कुरामा विश्वस्त नहुनु पर्ने कुनै आधार छ र ? यस प्रसंगमा एउटा कुरा मलाई के व्यक्त गर्न मन लागेको छ भने श्री शेरवहादुर देउवा जस्तो शालीन व्यक्तिले पनि आफ्नो निवेदनपत्रमा किन त्यस्तो आक्रमक तथा घोचक शैली अपनाउनु भयो होला भनेर वुझ्ने प्रयास गर्दा क्षुधाग्रस्त प्राणीले मुखमा हाल्नै आँटे भनी सम्झिएको पहिलो गांस ग्रहण गर्न नपाउंदा उसले अनुभूति गर्ने आक्रोशजन्य उद्वेगको प्रतिविम्व जस्तो त होइन भन्ने शंका उठ्न सक्ने रहेछ । तर शंका र अनुमानको भरमा दोषारोपण गर्नुचाहिं विवेकयुक्त मनुष्यलाई सुहाउने कुरा होइन । शंकाको सुविधा संदिग्ध व्यक्ति (Suspect) ले पाउनै पर्दछ र म त्यस्तो सुविधा नदिने अविवेकीय श्रेणीमा उत्रन चाहन्न ।

(च) आफू सरकारमा वसी निर्वाचन गराउन पाएमा वहुमत ल्याउन सक्दछु कि, भन्ने वदनियतसाथ सिफारिश गरेको भन्ने आरोप चाहिं निवेदकहरूले आफ्ना भावना प्रतिविम्वित हुने कल्पनायुक्त दर्पणमा हेरर लगाउनु भएको जस्तो छ । को त्यस्तो मूर्ख राजनीतिज्ञ होला जसले निर्वाचन गराउँदा आफू सत्तामा रहे वहुमत ल्याउन सक्तछु भनी कल्पना गर्ने । हुनत शायद निवेदकहरूले आफ्नो देशको गत सालको अनुभव अर्थात् मध्यावधि हुंदा सत्तामा वस्ने व्यक्तिहरूले दुई तिहाई वहुमत ल्याउँछु भनेर कुर्लेको संझेर लेख्नु भएको होला । तर सार्वभौमसत्ता सम्पन्न जनतालाई सत्तामा वसेर नचाउन सक्दछु भन्ने कल्पना गर्नु कतिको ठूलो भूल र प्रत्युत्पादक हुने रहेछ भन्ने तथ्य गत सालकै दृश्यले छर्लङ्ग पारिसकेको छ ।

शासनमा बसेर निर्वाचन गराउन पाए निर्वाचनमा विजय प्राप्त गर्न सक्तछ
व्यक्तिले संसदीय प्रजातन्त्रको मर्म नै नबुझेको ठहरिन जाने मात्र होइन
आवधिक निर्वाचन प्रक्रियाद्वारा सत्ता परिवर्तन हुन सक्ने प्रजातन्त्रको
अवधारणा र आकर्षण पनि नबुझेको ठहरिन जान्छ । श्री ५ बाट मेरो मन्त्रिपरिष
निर्वाचन शान्तिपूर्वक स्वच्छ निष्पक्ष रूपमा सफलतापूर्वक सम्पन्न गराउने
व्यक्त गरिबक्सेको छ र सो आशाको म कुनै हालतमा तुषारापत हुन
कुरामा कृत संकल्पित छु । फेरी के विर्सन हुँदैन भने प्रजातान्त्रिक प्रणाली
निष्पक्ष निर्वाचन गराउने संवैधानिक अभिभारा निर्वाचन आयोगको रहन्छ र
आयोगलाई प्रजातन्त्रको वाह्य संरक्षक (External safeguards of democracy)
को प्रमुख अंगको रूपमा रहेको छ । जसको वारेको प्रावधान हाम्रो संविधानम
पनि समावेश गरिएको छ । विडम्वना के छ भने सार्वभौमसत्ता सम्पन्न जनताक
सर्वोच्चतालाई मान्ने तर जनताको प्राङ्गणमा गएर एक अर्कोको उपलब्धि त
कमी कमजोरीहरूलाई जनताको विवेकयुक्त चालनीमा छान्न दिने मौका प्राप्त
भएको वेलामा निर्वाचनमा जानु उचित हुँदैन, खर्चिलो हुन्छ देशले व्यहोर्न सक्दैन
भन्ने शब्दाडम्वरहरूको प्रदर्शन गर्ने गरिन्छ । जनादेश वमोजिम स्थीर र सक्षम
सरकार सन्चालन हुन दिने कुरामा जनप्रतिनिधि राजनेताहरू खुट्टा तानतानको
खेलमा लिप्त हुन्छन् भने त्यस्ता अवान्छनीय राजनीतिक गतिविधिहरूको अन्त्य
गर्न नयाँ जनादेशको माग गर्नुलाई कसरी वदनियतपूर्ण कार्य मान्न सकिन्छ ? व
त के भन्छु भने जनताको सर्वोपरिता र तिनको बुद्धि तथा विवेकशीलतामा कसैले
पनि शंका नगरौं । एक पटक जनताको प्रतिनिधि वनेपछि एउटा निश्चित
अवधिको लागि आफूलाई छान्ने जनताभन्दा हामी वढी योग्य, वढी सक्षम र वढी
अधिकारयुक्त वनेका छौं भन्ने झुटो गर्वको दलदलमा कसैले पनि फस्न हुँदैन।
आगामी ०५२।८।७ मा हुन लागेको निर्वाचन प्रयोजनको लागि गत निर्वाचनको
प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले १ नं. र सत्तारूढ दल ने.क.पा. (एमाले)ले
२ नं तथा अन्य सवैजसो पार्टीले पार्टी दर्ता गराई सकेका र निर्वाचन सम्वन्धी
विभिन्न कार्यक्रममा भाग लिनुका अतिरिक्त नेपाली कांग्रेसका सांसद (राष्ट्रिय
सभा सदस्य) महेश आचार्यले राख्नु भएको निष्पक्ष निर्वाचनसम्वन्धी श्री ५ समक्ष
पेश गर्ने सम्वोधन प्रस्ताव राष्ट्रिय सभावाट पारित भैसकेको छ । यस अवस्थामा
के सत्तामा वसेका के मन्त्रिपरिषद्का सदस्य, के सत्ता वाहिर रहेको पार्टी, के अन्य
तमाम पदाधिकारीहरू सवै मिलेर अगाडि आएको निर्वाचनलाई स्वच्छ, निस्पक्ष,
शान्तिपूर्वक, तथा सफलतापूर्वक सम्पन्न गर्न गराउन यथासक्य मिहिनेत र
योगदान गरी प्रजातान्त्रिक विकासको जगमा एउटा अर्को वलियो आधारशिला
थप्ने कार्यतर्फ जुटिसकेको स्थिति वर्तमान यथार्थता हो ।

(छ) श्री ५ लाई विवादमा मुछ्ने सिफारिश गरेको भन्ने दोषारोपण पनि आधारशून्य तथा विकृतिपूर्ण छ भन्ने के कुरावाट छर्लङ्ग हुनेगरी स्पष्ट छ भने सिफारिश मैले गरेको हुँ त्यसको लागि आफ्नो जिम्मेवारी वहन गर्नवाट आजसम्म म न कहिले विचलित भएको छु, न पछि हुनेछु । संविधानको धारा ५३(४) अन्तर्गत विघटन गर्ने काम राजालाई विवादमा मुछ्ने परिणाम स्वत: सृजित हुने भएदेखि संविधानमा त्यसको प्रावधान नै किन राखिन्थ्यो र वरू केही निवेदकहरूले नै सिफारिश पश्चात राजदरवारमा विभिन्न प्रकारका जाहेरी तथा विन्तिपत्रहरू दिदै त्यसवारे संचार माध्यमद्वारा प्रचार प्रसार गराएर श्री ५ लाई विवादको केन्द्रमा पार्ने प्रयास गर्नु भएको पाईन्छ । के गर्नु संचार माध्यमहरूद्वारा प्रचारित तथा प्रशारित कुराहरूलाई अदालतले ग्रहण गर्न मिल्दैन र पो नत्र तत्सम्वन्धी त्यस्ता युप्रै सामाग्रीहरू (हालै रिट नं. ३११२ र ३११३ का निवेदकहरूको राजनीतिक दलका महामन्त्री श्री महेन्द्रनारायण निधिले दिनु भएको २०५२।३।१९को जनभावना साप्ताहिकमा प्रकाशित अन्तरवार्ता लगायत) अध्ययनार्थ पेश गर्ने थिएं ।

(ज) विधायिकाको अधिकारमा वलात अतिक्रमण गरेको भन्ने दोष पनि म माथि लाग्न सक्दैन किनभने संविधानले व्यवस्थापिका र कार्यपालिका वीचमा जुन सम्वन्ध र सन्तुलन कायम गरेको छ त्यसको प्रतिकूल म गएकै छैन । सम्विधानमा भएको प्रावधानको प्रयोग वा प्रतिपालनलाई कुनै हालतमा पनि वलात अतिक्रमणको संज्ञा दिन मिल्दैन । निवेदनपत्रहरूको अध्ययनवाट के कुरा ज्ञात हुन्छ भने मैले माथि सम्वन्धित प्रकरणमा भने जस्तै निवेदकहरूले संसदीय मूल्य मान्यताको धेरै ठाउंमा कुरा उठाउनु भएको छ तर संसदीय प्रणालीमा प्रधानमन्त्रीले विघटनको सिफारिश गर्न पाउने प्रावधान किन राखिन्छ त्यस पछाडिको मान्यता के हो, सिफारिश गर्ने अधिकारको केही सीमा हुन्छ वा हुदैन । हुन्छ भने त्यस्तो सीमा के हो भन्ने वारे कुनै विवेचना गर्नु भएको छैन । संविधानको धारा ५३(४) मा न त कुनै पूर्व शर्त राखिएको छ न कुनै सीमा निर्धारण गरिएको छ न त कुनै वस्तुनिष्ट आधार दिईएको छ । यस हालतमा निवेदकहरूले त्यस्ता कुनै पूर्व शर्त सीमा वा वस्तुनिष्ट आधार हुनु पर्छ भन्ने संभन सकिने संसदीय मान्यता के छ भन्नेतर्फ खोजि गर्नु पर्थ्यो । तर अफसोच वहाँहरूले त विघटनको सिफारिशलाई व्यवस्थापिकाको मुर्धन्यतामा खलल पार्ने तोप गोलाको रूपमा पो व्याख्या गर्ने प्रयास गर्नु भएको छ । एउटा एक्लो प्रधानमन्त्रीले २०५ जना सदस्य रहेको आफ्नो जन्मदाता प्रतिनिधिसभालाई कसरी विना पूर्व सूचना विघटन गर्ने सिफारिश गर्न सक्छ र त्यसो गर्छ भने वदनियतपूर्वकै गरेको सम्झनु पर्दछ भन्ने आदि इत्यादि कुराहरूमा मात्र रूमलिनु भएको पाउँदछु । संसदीय प्रणालीमा प्रधानमन्त्रीको प्रतिनिधिसभा विघटन गर्ने सिफारिश गर्ने र सो अनुसार श्री ५ वाट विघटन

गरिवक्सने संवैधानिक प्रावधानको चरित्र बारे अघिल्लो फैसलामा पनि कति
कुरा बोलिएकै छ । प्रस्तुत मुद्दामा हुने वहसको क्रममा पनि यस बारे विस्
विश्लेषण हुने नै छ । म अहिले यति कुरा के निवेदन गर्न चाहन्छु भने ए
दृष्टिले हेर्दा सृष्ट वस्तुले स्रष्टाको विनाश गर्ने अधिकार राख्दैन भन्ने सामा
सिद्धान्तको अपवाद स्वरूपमा संसदीय मान्यताले विघटनको प्रावधानलाई ग्र
गरेको हुन्छ ।

(झ) निवेदकहरूले ठाउं ठाउंमा सर्वसत्तावादी भन्ने आरोप पनि लगाउनु भएको छ
मैले बुझेसम्म सर्वसत्तावादी भन्ने शब्दले संपूर्ण अधिकार वा सत्ता आफैमा रा
खोज्ने भन्ने अर्थ जनाउंछ । जसले सत्तामा बसेकै बेला सत्ताको वैधताको लाग
सर्वाभौमसत्ता सम्पन्न जनतासमक्ष जाने पाईला चाल्छ, उसैलाई जनतासमक्ष जा
नपरी सत्ता आफूलाई हस्तान्तरित हुनु पर्छ भन्नेले सर्वसत्तावादी भनी दोषारोप
गर्नु आफैमा विडम्वनापूर्ण देखिएकै छ । कुनै निवेदनपत्रमा देशको राजनैतिक,
आर्थिक, सामाजिक, प्रशासनिक एवम् न्यायिक संरचना नै खल्वलाएको व
खलबलाउन प्रयत्न गरेको भन्ने पनि म माथि लान्छना लगाइएको छ । निवेदकहरूको
सोचाई र कल्पना अनुसार मेरो मन्त्रिपरिषद् संचालित नभएको देखेर दोषारोपण
गर्नु भएको हो भने यो स्वाभाविक मान्न सकिन्छ । किनभने वहाँहरू आफ्नो
राजनैतिक दलको सोचाई र दृष्टिवाट प्रभावित हुनु भएको होला, म चाहिं देश
विकासको वारेमा आफ्नो राजनैतिक दलले गत निर्वाचनमा जनता समक्ष राखेको
घोषणापत्र र आफूले सदनमा पाएको विश्वासको मतको आधारमा प्रभावित
रहेको छु । त्यसर्थ निवेदकहरूको लान्छना सिर्फ मनोगत आधारमा गरिएको हो
भन्ने मैले बुझेको छु । देश, जनता र संविधानप्रति उत्तरदायी मेरो प्रधानमन्त्रीत्वमा
गठीत मन्त्रिपरिषदमाथि लगाईएका आरोपहरू असत्य, आधारहीन र मनोगत
छन् । यी कुराहरू न्यायिक निरूपणका विषय नभई सार्वभौमसत्ता सम्पन्न
नेपाली जनतावाट मूल्यांकन भई निरोपण हुने विषय हो ।

६. माथिका प्रकरणहरूमा मैले सातवटै निवेदनपत्रहरूको जिकिरहरूलाई मोटामोटी रूपमा
समेटेर त्यस सम्बन्धमा आफ्ना प्रतिकथन प्रस्तुत गर्ने प्रयास गरेको छु । छुट्पुट अरू
कुराहरू वारे यस प्रकरणमा केही निवेदन गर्न चाहन्छु । रिट निवेदन पत्रमा (रिट नं.
३११३ को प्रकरण ४ को खण्ड (च) मा विघटनको सिफारिश धारा ५३(१) को
प्रतिवन्धात्मक वाक्यांशको प्रावधान विरूद्ध छ भन्ने कुराको सन्दर्भमा मैले माथि
प्रकरण ५ को खण्ड (१) मा वताई सकेको कुराको अतिरिक्त सिर्फ यति भन्न चाहन्छु
कि निवेदकको जिकिर अनुसार व्याख्या गर्ने हो भने त अधिवेशन चालू रहेको अवस्थामा
वाहेक ५३(४) वमोजिमको सिफारिश गर्ने मिल्दैन भन्ने निष्कर्षमा पुग्नु पर्ने हुनजान्छ ।

जुनकी संसदीय मान्यताको सामान्य ज्ञानको पनि वर्खिलाप हुन जान्छ । केही रिट निवेदकले मेरो नेतृत्वमा गठित मन्त्रिपरिषद्लाई सशर्त विश्वासको मत दिएको भन्ने पनि जिकिर लिनु भएको पाईन्छ तर प्रतिनिधिसभामा कुनै पनि प्रस्तावमा मत व्यक्त गर्दा समर्थन गर्ने वा विरोध गर्ने वा मौन बस्ने (abstain) बाहेक अर्को विकल्प रहेको हुँदैन । भाषण गर्दा जे भनिए पनि मत व्यक्त गर्दा समर्थनमा को विरोधमा को भन्ने बाहेक सशर्त समर्थन गर्नेको भिन्नो समर्थन गर्नेका भन्ने प्रश्न राखिएको हुँदैन ।

७. निवेदनपत्रहरूमा उठाइएका जिकिरहरू तथा मैले यस लिखित जवाफमा व्यक्त गरेका प्रतिकथनहरूमाथि समूचित विचार गरी रिट निवेदनहरू खारेज गरी पाउँ भनी सादर अनुरोध गर्दछु ।

८. निवेदनपत्रहरूको अन्ततीर निवेदकको तर्फवाट उपस्थित हुने कानून व्यवसायीहरूको वहस जिकिरलाई रिट निवेदनको अभिन्न अङ्ग मानि पाउं भन्ने पनि उल्लेख भएको पाउंछु । हालसम्म मलाई ज्ञात हुन नसकेका अलिखित जिकिरहरूको सम्बन्धमा त अहिले केही प्रतिवाद जिकिर गर्न सक्ने स्थितिमा म आफूलाई पाउंदिन र निवेदकहरूले दर्शाउनु भएको बाटोलाई अवलम्वन गर्दै म पनि यही भन्छु कि मेरो तर्फवाट वहस प्रस्तुत गर्ने कानून व्यवसायीहरूको वहस जिकिरलाई यस लिखित जवाफको अभिन्न अङ्ग मानि पाउं ।

९. यसमा लेखिएको व्यहोरा ठीक सांचो छ फरक परे कानून वमोजिम सहुंला बुझाउंला ।

लिखित जवाफ प्रस्तुतकर्ता

(मनमोहन अधिकारी)

प्रधानमन्त्री

इति संवत् २०५२ साल आषाढ गते रोज शुभम्... ... .

श्री सर्वोच्च अदालतमा चढाएको
लिखित जवाफ

सम्वत् २०५२ सालको रिट नं. ३११४

विषय : उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाउँ ।
मार्फत : श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ ।

श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयको तर्फबाट मन्त्रिपरिषद् सचिवालयका मुख्य सचिव ईश्वरप्रसाद उपाध्याय .. .. — लिखित जवाफ प्रस्तुतकर्ता

विरुद्ध

जिल्ला बैतडी वातुरलिङ गा.वि.स. वडा नं. १ कुरुकुटिया बस्ने राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलको नेता लोकेन्द्र बहादुर चन्द.... — विपक्षी निवेदक

विपक्षी रिट निवेदक लोकेन्द्र बहादुर चन्दले श्री ५ को सरकार, मन्त्रिपरिषद्, मन्त्रिपरिषद् सचिवालय समेतलाई विपक्षी बनाई सम्मानित अदालत समक्ष चढाउनु भएको सम्वत् २०५२ सालको रिट नं. ३११४ मा यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? २०५२ आषाढ २२ गते भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भन्ने आदेश सहितको सूचना यस सचिवालयमा मिति २०५२।३।१२ मा प्राप्त भएकोले प्राप्त म्याद भित्र यो लिखित जवाफ प्रस्तुत गरेको छु । विपक्षीको रिट निवेदन आधारहीन भएको र कानून सम्मत नभएकोले खारेज गरी पाउन निम्न जिकिर प्रस्तुत गर्दछु ।

१. गत २०५१।७।२९ मा भएको प्रतिनिधि सभाको दोश्रो आम निर्वाचनमा ने.क.पा. (एमाले) पार्टीले ८८ स्थान प्राप्त गरी प्रतिनिधि सभामा सबैभन्दा बढी स्थान प्राप्त गर्ने दलको रुपमा निर्वाचित भएको थियो । आम निर्वाचनमा कुनै पनि दलको स्पष्ट बहुमत आउन

नसकेकोले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४२(१) बमोजिम दुई वा दुई भन्दा बढी दलहरुको समर्थन र विश्वास प्राप्त गरेको स्पष्ट हुने गरी जाहेर गर्न श्री ५ महाराजाधिराज सरकारबाट आह्वान गरिबक्सेको सूचना मिति २०५१।८।९ र २०५१।८।१२ को राजपत्रमा प्रकाशित भएकोमा सो अनुसार कुनै पनि दलले सरकार गठन गर्न दावी गर्न नसकेकोले श्री ५ बाट संविधानको धारा ४२(२) बमोजिम ने.क.पा. (एमाले) को संसदीय दलका नेता श्री मनमोहन अधिकारीलाई प्रधानमन्त्रीमा नियुक्त गरी बक्सेको हो। सो सम्बन्धी विज्ञप्ति मिति २०५१।८।१३ को राजपत्रमा प्रकाशित भएको छ र संविधानको धारा ४२ (२) बमोजिम प्रतिनिधि सभाको विश्वासको मत प्राप्त गरी सरकार संचालन हुँदै आइरहेको छ ।

२. श्री ५ महाराजाधिराज सरकारबाट प्रतिनिधि सभाको नवौं अधिवेशन २०५२ आषाढ ११ गतेको लागि बोलाई बक्सेपछि विपक्षी दल नेपाली कांग्रेसका ७० जना संसद् सदस्यहरुले श्री ५ मा संविधानको धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधि सभाको नवौं अधिवेशन अगावै अधिवेशन बोलाई बक्सन समावेदन चढाइएको तथा श्री ५ बाट अधिवेशन बोलाई बक्सेको कुरा राजदरबारबाट प्रकाशित विज्ञप्तिबाट जानकारीमा आएको हो । अधिवेशन बोलाउन समावेदन चढाएकोमा उक्त समावेदनमा अधिवेशन बोलाउनु पर्ने खास कुनै आधार देखाउन नसकी ने.क.पा. (एमाले) सरकारप्रति दुरासय राखी आह्वान गरी सकिएको संसद्को नवौं अधिवेशनमा सरकारलाई आफ्नो नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिएमा झन जनप्रिय हुने कुराबाट हताश भई उक्त कार्यक्रम नै प्रस्तुत गर्न नदिने दूषित अभिप्रायबाट प्रेरित भई सरकारलाई हटाउने कलुषित विचारले अधिवेशन बोलाउन समावेदन प्रस्तुत गरिएको स्पष्ट हुन्छ ।

३. संविधानको भावना, मूल्य र मान्यता एवं राज्यको निर्देशक सिद्धान्त र नीतिहरु अनुसार ने.क.पा.(एमाले)ले गठन गरेको सरकार संचालन भई रहेको सर्वविदितै भएको कुरा हो। आउँदो आर्थिक वर्षमा श्री ५ को सरकारले संविधानको भावना अनुरुप अझ सशक्त रुपमा आफ्नो नीति तथा कार्यक्रम प्रस्तुत गर्ने तर्फ क्रियाशील रहेको र यो सरकाको छवि जनतामा राम्रो देखिने र जनप्रियता बढ्न जाने देखी सो बाट भयभीत भई त्यस्तो बजेट र कार्यक्रम नै प्रस्तुत गर्न नदिने कलुषित भावनाबाट प्रेरित भई संविधानको धारा ५३ (३) अन्तर्गत अधिवेशन बोलाई बक्सन विघटित प्रतिनिधि सभाका संसदीय दलका नेता शेर बहादुर देउवा समेतले श्री ५महाराजधिराज सरकार समक्ष समावेदन चढाउनु भएको कुरा ज्ञात हुन आयो, श्री ५ बाट प्रतिनिधिसभाको अधिवेशन २०५२ आषाढ ११ गते बोलाई बक्से पछि संसद्मा प्रतिपक्षीहरुले सो अधिवेशनमा नै सरकारको कार्य संचालन वा अरु कुनै पनि कार्यको विरोध गर्न सक्ने अवस्था हुँदाहुँदै सरकारलाई आ)नो बजेट तथा कार्यक्रम नै प्रस्तुत गर्न नदिने उद्देश्यले सो अगावै अधिवेशन बोलाउन समावेदन चढाइयो । सो अधिवेशन बोलाउन चढाइएको समावेदनमा कुनै ठोस आधारहरु

देखाउन सकेका छैनन् । समावेदनमा उल्लेखित आधारहरु सबै राजनैतिक स्वार्थ
अभिप्रेरित भएको प्रष्ट देखिन्छ । प्रतिनिधि सभाको नवौं अधिवेशन आह्वान भै सकेपछि
सो भन्दा अगावै अर्को अधिवेशन बोलाउन समावेदन चढाउन पर्ने कुनै संकट व
आपतकालीन अवस्था राष्ट्रमा आइपरेको भन्ने कुरा समावेदनमा देखाउन सकेका छैनन् ।
यसरी समावेदन चढाइए पछि बरु देशको राजनैतिक क्षेत्रमा अन्यौलको स्थिति उत्पन्न
हुन गएको कुरा सर्वविदितै छ । तसर्थ त्यस्तो स्थिति हटाई एउटा दिगो र स्थिर सरकार
आवोस् र देशमा अन्यौलको स्थिति समाप्त होस् भन्ने उद्देश्यले संविधानको धारा ५३
४) बमोजिम प्रतिनिधि सभा विघटन गरी नयाँ प्रतिनिधि सभाको निर्वाचन गराउन भन्ने
मिति २०५२।२।२६ मा सम्माननीय प्रधानमन्त्रीज्यूले श्री ५ महाराजाधिराज सरकारमा
सिफारिश चढाउनु भएको थियो । उक्त सिफारिश बमोजिम श्री ५ महाराजाधिराजबाट
हालको प्रतिनिधिसभा विघटन गरिबक्सी नयाँ प्रतिनिधि सभाको निर्वाचन २०५२ मंसिर
७ गते गर्ने गरी तोकि बक्सेको संविधान सम्मत नै छ ।

४क संविधानको धारा ४२ (१) को विपरीत भयो भन्ने जिकिर सम्बन्धमा माथिको
प्रकरणमा उल्लेख गरिए अनुसार २०५१ सालको निर्वाचन पछि संवैधानिक व्यवस्था
अनुसार श्री ५ बाट धारा ४२(१) बमोजिम सरकार गठन गर्न आह्वान गरिबक्सेको
दुई वा दुईभन्दा बढी दल मिली सरकार गठन गर्न कसैले दावी गर्न नसकेको भए
धारा ४२ (२) बमोजिम प्रतिनिधिसभामा सब भन्दा बढी सदस्य भएको दलका नेता
श्री मनमोहन अधिकारीलाई प्रधानमन्त्रीमा नियुक्त गरी बक्सेको हो । यसरी संविधान
बमोजिम ने.क.पा. (एमाले) को संसदीय दलका नेता माननीय श्री मनमोहन
अधिकारी प्रधानमन्त्री नियुक्त हुनु भएकोमा वहाँको नेतृत्वको सरकार कायम छ
अब धारा ४२ (१) बमोजिम पुनः सरकार गठन गर्न दावी गर्नु संविधान प्रतिकूल
छ ।

४ख. विपक्षी रिट निवेदकले श्री ५ बाट बोलाई बक्सेको अधिवेशनको अन्त्य हुन नदिई
त्यसलाई निष्कृय गरेको भन्ने जिकिरको सम्बन्धमा संविधानको धारा ५३(४) ले
प्रतिनिधि सभा विघटन गर्न सिफारिश गर्न सक्ने विशेषाधिकार प्रधानमन्त्रीलाई
दिएको छ । प्रधानमन्त्रीले देशको राजनैतिक वस्तुस्थितिलाई ध्यानमा राखी कसरी
सुदृढ र सवल स्थायी सरकार बन्न सक्ला र देशको विकास निरन्तर रुपमा चल्न
सक्ला भन्ने दृष्टिकोणले प्रतिनिधिसभाको विघटन गर्न सिफारिश गरी नयाँ निर्वाचन
गराउन अपरिहार्य देखेमा प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्ने सिफारिश गर्न
सक्दछ । सम्माननीय प्रधानमन्त्रीबाट गरिएको सिफारिशमा श्री ५ महाराजाधिराजबाट
विचार भई विभिन्न राजनैतिक नेताहरु लगायतका व्यक्तिहरुसँग परामर्श लिई
बक्सी प्रतिनिधिसभाको विघटन गर्नु बाहेक अर्को विकल्प नभएको महशुस गरिबक्सेर
नै प्रतिनिधिसभा विघटन गरिबक्सेको कुरा राजदरबारबाट प्रकाशित विज्ञप्तिबाट

देखिन्छ । संविधानले प्रतिनिधिसभा विघटन गर्न सिफारिश गर्नलाई कुनै पूर्व शर्त तोकेको छैन ।

४ग. प्रतिनिधि सभामा प्रधानमन्त्रीको विरुद्ध अविश्वासको प्रस्ताव राख्न अधिवेशनको माग गरी अधिवेशन बोलाई सके पछि अधिवेशनको सामना नगरेकै भन्ने जिकिरको सम्बन्धमा प्रधानमन्त्रीमा के कस्तो विकल्प छ र त्यस मध्ये कुन चाहीं देशको लागि हितकर हुन्छ भन्ने कुराको निर्क्यौल गर्ने अधिकार प्रधानमन्त्रीमा निहित छ । प्रधानमन्त्रीले देशको परिस्थिति हेरी आफूलाई भएको अधिकार प्रयोग गरेको कुरालाई रिट निवेदकले दुराशययुक्त मात्र भनेर कुनै प्रमाण पेश गर्न नसकेबाट निवेदकको जिकिर निरर्थक छ ।

४घ विपक्षी रिट निवेदकले रिट निवेदनको प्रकरण १४. मा आफूमाथि आइ परेको महाअभियोगलाई छल्न र वच्नको निमित्त प्रतिनिधि सभा विघटन गर्न मन्त्रिपरिषद्को निर्णय र सो को आधारमा विघटनको सिफारिश गरेको भनी उल्लेख गर्नु भएको सम्वन्धमा संविधानको धारा ५३(३) अन्तर्गत प्रतिनिधिसभाको अधिवेशन बोलाई बक्सन श्री ५ मा चढाइएको समावेदनमा महाअभियोग लगाउने भन्ने उल्लेख गरेको कुरा राजदरवारबाट प्रकाशित विज्ञप्तिमा देखिदैंन । महाभियोग भन्नु र मन्त्रिपरिषद् उपर अविश्वासको प्रस्ताव राख्नु भन्ने कुरा बिल्कुल भिन्न कुरा हुन् । अविश्वासको प्रस्ताव राख्नु पर्ने भएको भन्ने समावेदनलाई विपक्षी रिट निवेदकले महाअभियोग कसरी र कुन आधारमा भन्नु भयो प्रष्ट छैन । वास्तवमा मन्त्रिपरिषद्ले आफू माथि महाअभियोग लाग्न सक्ने कुनै कुरा गरेको छैन र त्यस्तो लाग्न सक्ने संविधान तथा प्रतिनिधि सभा नियमावलीमा समेत व्यवस्था भएको नदेखिंदा रिट निवेदकको जिकिर औचित्यहीन छ ।

४ङ. रिट निवेदकले प्रधानमन्त्रीज्यूको सिफारिशबाट मन्त्रिपरिषद्ले गरेका गैर कानूनी तथा भ्रष्टाचारजन्य कार्य उपर प्रतिनिधि सभाले निर्णय गर्न पाउने र सरकारलाई नियन्त्रण गर्न पाउने हक मासिन गएको तथा आफूले गरेका गैर कानूनी कार्य दवाउने दुराशययुक्त भावनाबाट प्रेरित भएको भन्ने उल्लेख गर्नु भएको सम्वन्धमा श्री ५ को सरकारबाट त्यस्तो गैर कानूनी तथा भ्रष्टाचार जन्य कार्य भएको छैन । तथापि विपक्षीले दावी लिनु भए अनुसार संसद्मा विचाराधीन रहिरहेको विषय प्रतिनिधिसभा विघटन हुँदैमा कुनै असर पर्ने होइन । तसर्थ विपक्षीको रिट निवेदन आधारहीन हुँदा खारेज भागी छ ।

४च विपक्षी रिट निवेदकले सम्माननीय प्रधानमन्त्रीज्यूले प्रतिनिधिसभा विघटनको लागि गरेको सिफारिशबाट जुन संसद्को विश्वासले सरकार वन्यो त्यो संसद्लाई भंग गर्नु कपटपूर्ण, वदनियत तथा दुराशयपूर्ण देखिने भनी जिकिर लिनु भएको सम्वन्धमा

पूर्व शर्त संविधानको धारा ५३(४) मा तोकिएको छैन। तसर्थ रिट निवेदन खारेज भागी छ।

विपक्षी रिट निवेदकले संविधानको धारा ४२ (१) अन्तर्गत स्थायी र दिगो सरकार बनाउन सक्षम रहेको भनी श्री ५ मा जाहेर गरेको कुराबाट ४२(१) बमोजिम सरकार गठन हुन सक्ने देखी सत्ता लिप्सा तथा आफू सत्तामा बसी चुनाव गराउने अराजकतावादी भावनाबाट अभिप्रेरित भई संसद् विघटनको सिफ़ारिश गरेको भन्ने उल्लेख गरिएको सम्बन्धमा माथिका प्रकरणमा उल्लेख गरिए अनुसार संविधानको धारा ४२(१) अन्तर्गत सरकार गठन हुन नसकी धारा ४२(२) अन्तर्गत सरकार गठन भै सकेपछि सो सरकार कायम छँदै पुनः धारा ४२(१) मा फर्की सरकार गठन हुन सक्ने संवैधानिक व्यवस्था भएको देखिदैन।

अन्य जिकिरहरुका सम्बन्धमा सम्बन्धित निकायबाट खण्डन गरी लिखित जवाफ प्रस्तुत हुने नै छ। मुद्दाको सुनवाईको क्रममा श्री ५को सरकार मन्त्रिपरिषद्को तर्फबाट उपस्थित हुनु हुने सरकारी वकिलको बहस जिकिर समेतलाई यसै लिखित जवाफको अभिन्न अंग मानी पाउँ।

अतः प्रतिनिधिसभा विघटन गरिबक्सन सम्माननीय प्रधानमन्त्रीबाट श्री ५ महाराजाधिराज कार समक्ष सिफारिश चढाइएको र श्री ५ बाट प्रतिनिधिसभा विघटन गरिबक्सी निर्वाचन मिति तोकि बक्सेको संविधान सम्मत नै भएकोले सिफारिश चढाउने कार्य दुराशययुक्त ने विपक्षीको रिट निवेदन जिकिर आधारहीन एवं संविधान प्रतिकूल हुँदा रिट निवेदन खारेज पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु।

यसमा लेखिएको व्यहोरा ठीक साँचो छ।

लिखित जवाफ प्रस्तुतकर्ता

(ईश्वरप्रसाद उपाध्याय)
श्री ५ को सरकारको मुख्य सचिव

इति सम्वत् २०५२ साल असार २२ गते रोज ५ शुभम् ..

श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

संवत् २०५२ सालको रीट नं. ३११४

विषय : उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाऊँ ।

मार्फत : महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं ।

श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं..... लिखित जवाफ प्रस्तुतकर्ता

विरुद्ध

जिल्ला बैतडी बासुरलिङ गा.वि.स. वडा नं. १ कुरुकुटिया घर भै हाल विघटित प्रतिनिधि सभाको राष्ट्रिय प्रजातन्त्र पार्टीको संसदीय दलको नेता वर्ष ५५ को लोकेन्द्र बहादुर चन्द ..... विपक्षी निवेदक

रिट निवेदक लोकेन्द्र बहादुर चन्द विरुद्ध निर्वाचन आयोग समेत विपक्षी रहेको रिट नं. ३११४ को उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाऊँ भन्ने मुद्दामा सर्वोच्च अदालत एक न्यायाधिशको इजलासबाट जारी भएको २०५२ साल आषाढ २२ गते भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ प्रस्तुत गर्नु भन्ने आदेशको म्याद यस आयोगमा २०५२।३।१२ मा प्राप्त भएकोले आदेशको म्याद भित्रै श्री महान्यायाधिवक्ताको कार्यालय मार्फत यस आयोगको तर्फबाट निम्नलिखित बमोजिम लिखित जवाफ प्रस्तुत गर्दछु ।

१. नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (३) बमोजिम

प्रतिनिधिसभाको विशेष अधिवेशन मिति २०५२।३।२ मा वस्न आव्हान भइसकेपछि सम्माननीय प्रधानमन्त्रीले दुराशयले संविधानको धारा ५३ को उपधारा (४) अन्तर्गत श्री ५ महाराजाधिराज समक्ष प्रतिनिधिसभाको विघटन गर्न मिति २०५२।२।२६ मा जाहेर गर्नु भएको सिफारिश दुराशययुक्त र संविधानको धारा ४२ को गलत व्याख्यामा आधारित भएकोले सो सिफारिशको आधारमा प्रतिनिधिसभाको विघटन र तत्सम्बन्धी सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा वदर गरी आव्हान भइसकेकेा प्रतिनिधिसभाको विशेष अधिवेशन र नियमित नवौं अधिवेशनलाई संविधान र प्रतिनिधिसभा नियमावली अनुसार चालु गर्नु गराउनु भनी प्रत्यर्थीका नाममा उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरी पाऊँ र मिति २०५२।८।७ मा हुने भनी तोकिएको प्रतिनिधिसभाको निर्वाचन सम्बन्धी सम्पूर्ण काम कारवाही समेत प्रस्तुत निवेदनको अन्तिम किनारा नभए सम्मको लागि रोक्नु भनी निर्वाचन आयोगको नाममा अन्तरिम आदेशसमेत जारी गरी पाऊँ भन्ने रिट निवेदक़को मुख्य जिकिर रहेछ ।

२. नेपाल अधिराज्यको संविधान २०४७ अनुसार निर्वाचन आयोग एउटा स्वतन्त्र संवैधानिक अंग रहेको र संविधान तथा कानूनको अधीनमा रही संसद् तथा गाउँ, नगर र जिल्लाका स्थानीय निकायहरुको निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नु आयोगको काम कर्तव्य भएकोले विघटित प्रतिनिधिसभा सदस्यहरुको रिक्त पदपूर्ति गर्नको लागि निर्वाचन आयोगले कानून वमोजिमको आफ्नो दायित्व पूरा गर्नु पर्ने कुरा निर्विवाद छ ।

३. नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (४) वमोजिम वर्तमान प्रतिनिधिसभा विघटन गरिवक्सन र नयाँ प्रतिनिधिसभाको लागि निर्वाचन हुने मिति २०५२ साल मंसिर ७ गते वृहस्पतिवार दिन तोकिवक्सन.सम्माननीय प्रधानमन्त्रीले मन्त्रिपरिषद्को निर्णय सहित २०५२ साल जेष्ठ २६ गते चढाउनु भएको सिफारिश वमोजिम श्री ५ महाराजाधिराजवाट २०५२ साल मंसिर ७ गते बृहस्पतिवारको दिन नयाँ प्रतिनिधिसभाको लागि निर्वाचन गराउने गरी नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (४) वमोजिम प्रतिनिधिसभा विघटन गरिवक्सेको मिति २०५२।२।३० को राजदरवारको विज्ञप्तिको प्रतिलिपि सहित श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरवारको मिति २०५२।३।१ च.नं. ५२/०५२ को पत्र यस निर्वाचन आयोगमा प्राप्त भएको हो । राजदरवारको सो विज्ञप्ति अनुसार नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को (४) अनुसार प्रतिनिधिसभा मिति २०५२ साल जेष्ठ ३० गते विघटन भएको र सोही उपधारा वमोजिम नयाँ प्रतिनिधिसभाको सदस्यको निर्वाचनको लागि २०५२ साल मंसिर ७ गते निर्वाचनको मिति तोकिएको हुँदा सो वमोजिमको मितिमा नयाँ प्रतिनिधिसभाको लागि निर्वाच संचालन गर्नु निर्वाचन आयोगको कर्तव्य हुन गएको छ ।

४. संविधान र प्रचलित कानून बमोजिम निर्वाचन आयोगले आफ्नो कर्तव्य पालन गर्दा रिट निवेदकहरुले आफ्नो निवेदनमा उल्लेख गरे बमोजिम निजहरुको कुनै हक हनन नगरेको र कानून प्रतिकूल हुने कुनै काम गरेको छैन ।

५. माथि उल्लिखित तथ्यहरुको आधारमा विपक्षी निवदेकले यस आयोगलाई विपक्षी बनाई दावी माग गरेको हुनाले त्यस्तो दावीबाट फुर्सद पाउनको लागि सम्मानित अदालतमा अनुरोध गर्दछु ।

६. यस मुद्दाको सम्बन्धमा सरकारी वकिलबाट भए गरेको बहस यसै लिखित जवाफको अभिन्न अंगको रुप रहने अधिकार सुरक्षित राखेको छु ।

७. माथि लेखिएको व्यहोरा ठीक साँचो हो । झुठा ठहरे कानून बमोजिम सहनेछु ।

लिखित जवाफ प्रस्तुतकर्ता

निर्वाचन आयोगको तर्फबाट
का.मु. सचिव मोहनदेव पन्त

इति सम्वत् २०५२ साल आषाढ १८ गते रोज १ शुभम् ...

श्री सर्वोच्च अदालतमा चढाएको
लिखित जवाफ

सम्वत् २०५२ सालको रिट नं. ३११४

विषय : रिट नं. ३११४

तनहुँ जिल्ला रिस्ती गा.वि.स. वडा नं. २ बाहुन पोखरा घर भै हाल विघटित प्रतिनिधि सभाका सभामुख वर्ष ५१ को रामचन्द्र पौडेल को वा. का. न. पा. वा. नं. १० बस्ने दिनेश आचार्य ... ... — लिखित जवाफ प्रस्तुतकर्ता

विरुद्ध

प्रतिनिधिसभामा राष्ट्रिय प्रजातन्त्र पार्टीको संसदीय दलका नेता श्री लोकेन्द्रबहादुर चन्द समेत .. .. — निवेदक विपक्षी

रिट निवेदक श्री लोकेन्द्र बहादुर चन्द विरुद्ध म लिखित जवाफवाला समेत भएको रिट नं. ३११४ को रिट निवेदनमा सम्मनित सर्वोच्च अदालतबाट २०५२ साल आषाढ २२ गते भित्र निवेदनको माग अनुसार यस अदालतबाट आदेश जारी हुन नपर्ने कुनै कारण भए लिखित जवाफ पठाउनु भनि जारी भएको म्याद सहितको आदेश मिति २०५२।३।१२।२ मा प्राप्त भएको हुँदा जो भएको आफ्नो कुरा देहाय बमोजिम खुलाई म्यादैभित्र यो लिखित जवाफ दिन आएको छु।

१ निवेदकले सभामुखलाई प्रत्यर्थी बनाउनु पर्नाको आधार कारण केही पनि उल्लेख गर्नु भएको छैन र वस्तुत: विघटनबाट प्रभावित सभामुखलाई विपक्षी बनाइनुको औचित्य पनि देखिदैन। सभाको प्रवक्ता प्रतिनिधि जसलाई अन्य अवस्थामा स्वयं संसदको प्रतीकको रूपमा मानिएको छ र हाम्रो संविधानले पनि विघटन पश्चात् सभामुखलाई कायम राखेको सन्दर्भमा पनि संसदको निरन्तरतालाई कायम राख्न खोजेको छ। यस परिप्रेक्ष्यमा प्रस्तुत् रिट निवेदको लिखित जवाफ दिंदा मैले पदीय जिम्मेवारी र संस्थागत दायित्वलाई समेत ख्याल राख्नुपर्ने ठानेको छु। साथै प्रत्युत्तर प्रस्तुत् गर्दा मैले आफ्ना

मान्यता र सार्वकालिक सिद्धान्तलाई आधार बनाएको छु । कुनै पक्ष वा विपक्षलाई दृष्टिगत गरेको छैन ।

२. निवेदकको निवेदन जिकिर हेर्दा "प्रधानमन्त्रीको सिफारिशबाट संविधानको मर्म मान्यत प्रतिकूल श्री ५ लाई विवादमा मुछ्ने र नेपाल अधिराज्यको संविधानको प्रस्तावना, धारा १, ३, ११, १२, १६, ३६, ४२, ४५, ५३, ५९ र ६३ समेतको प्रतिकूल भएकोले प्रधानमन्त्रीको त्रुटिपूर्ण सिफारिश र सो को आधारमा भएको प्रतिनिधिसभा विघटन एवं सो सम्बन्धि सम्पूर्ण कार्य उत्प्रेषणको आदेश लगाएत जो उपयुक्त हुने आज्ञा आदेश वा पूर्जी नेपाल अधिराज्यको संविधानको धारा ८८ को उपधारा (२) बमोजिम जारी गरी बदर तथा निस्कृय गरी गराई सो सिफारिशको आधारमा भए गरेका सबै कार्य बदर गरी संविधान बमोजिम आव्हान भएको संसदको विशेष अधिवेशन, सो अधिवेशनको कार्य सञ्चालन हुन दिन मन्त्रिपरिषद् सचिवालय, सभामुख, संसद सचिवालय र ती मार्फत अन्य निकायहरूमा परमादेशको आदेश गारी गरी पाउँ" भन्ने रिट निवेदकको रिट निवेदन माग दावी रहेको छ ।

३. नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४४ ले व्यवस्थापिका (ससंद) को व्यवस्था गरी धारा ४५ ले प्रतिनिधिसभाको गठन सम्बन्धी व्यवस्था गरे बमोजिम २०५१ साल कार्तिक २९ गतेमा आम निर्वाचन मार्फत जनताले आफ्ना जन प्रतिनिधिहरू छानी प्रतिनिधिसभाको विधिवत गठन भई यस प्रतिनिधिसभाले संविधान र कानून सम्मत आफ्ना काम कर्तव्य र दायित्व समेत पूरा गर्दै आएको थियो । उक्त निर्वाचन परिणाम अनुसार नेकपा एमाले ले ८८ स्थानमा, नेपाली कांग्रेसले ८३ स्थानमा, राष्ट्रिय प्रजातन्त्र पार्टीले २० स्थानमा, नेपाल सद्भावना पार्टीले ३ स्थानमा, नेपाल मजदुर किसान पार्टीले ४ स्थानमा र बाँकी ७ स्थानमा स्वतन्त्र उम्मेद्वारहरू विजयी भएका थिए । धारा ४५ को उपधारा (३) बमोजिम यस प्रतिनिधिसभाको, संविधान बमोजिम अगावै विघटन भएमा बाहेक ५ वर्षको कार्यकाल रहने कुरामा विवाद छैन । तसर्थ संविधानको भावना र संसदीय प्रणालीको हित विपरीत कसैले पनि यस प्रतिनिधिससभाको विघटन गर्ने सिफारिश आदि गरी विघटन गराएमा त्यस्तो गैह्र कानूनी सिफारिश एवं विघटनलाई संविधानको धारा ८८ अन्तर्गत बदर गर्न सक्ने असाधारण अधिकार सम्मानित सर्वोच्च अदालतमा निहित छ ।

४. उपरोक्त उल्लेखित आम निर्वाचन पश्चात् संविधानको धारा ४२ को उपधारा (२) अन्तर्गत प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको नेकपा एमालेको संसदीय दलको नेता श्री मनमोहन अधिकारीको प्रधानमन्त्रीत्वमा मन्त्रिपरिषद् गठन भई प्रधानमन्त्री श्री मनमोहन अधिकारीले धारा ४२ को उपधारा (३) बमोजिम तीस दिन भित्र लिनु पर्ने विश्वासको मत प्रतिनिधिसभामा आठौं अधिवेशनको मिति २०५२ ।९।७५ मा प्राप्त

गर्नु भएको थियो । यस क्रममा नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टी, नेपाल मजदुर किसान पार्टी एवं स्वतन्त्र सांसद सदस्य समेतको गरी प्रधानमन्त्री श्री मनमोहन अधिकारीले १९८ मत आफ्नो पक्षमा प्राप्त गर्नु भएको थियो भने वहाँको विपक्षमा कुनै मत परेको थिएन । यस प्रकार नेपाल अधिराज्यको संविधानको धारा ४२ को एक चरणच पुरा भएको थियो ।

५. यस प्रतिनिधि सभाबाट प्रधानमन्त्री श्री मनमोहन अधिकारीले विश्वास प्राप्त गरिसकेपछि श्री ५ बाट संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वोधन वक्स भई तत्कालीन श्री ५ को सरकारको नीति तथा कार्यक्रम प्रस्तुत् हुनुका सायै वजेट समेत संसदको दुवै सदनको संयुक्त बैठकमा पेश भै पारित समेत भएको थियो ।

६. यसै प्रकार श्री ५ महाराजाधिराजमा संसदको नवौं अधिवेशन बोलाई वक्सन जाहेर भएको सिफारिंश बमोजिम श्री ५ बाट संविधानको धारा ५३ को उपधारा (१) बमोजिम २०५२ साल आषाढ ११ गते आइतवार दिनको १.०० बजे संसद भवन, सिंहदरवार काठमाण्डौमा संसदको नवौं अधिवेशन आव्हान गरिवक्सेको थियो । उक्त आव्हान गरिबक्सेको पत्र मिति २०५२ ज्येष्ठ २५ गते वृहस्पतिवारका दिन संसद सचिवालयलाई प्राप्त भएको थियो । यसका सायै श्री ५ महाराजाधिराजका हजूरमा संविधानको धारा ५३ को उपधारा (३) बमोजिम मिति २०५२ ज्येष्ठ २५ गते वृहस्पतिवारका दिन प्रतिनिधिसभाका सत्तरी जना सदस्यहरूले प्रधानमन्त्री उपर अविश्वासको प्रस्ताव पेश गर्न र धारा ४२ (१) अनुसारको वैकल्पिक सरकार दिन सक्ने दावीका साथ प्रतिनिधि सभाको अधिवेशन आव्हान गरिवक्सन समावदेन चढाए बमोजिम श्री ५ बाट मिति २०५२ साल आषाढ २ गते शुक्रवार दिनको १.०० बजे संसद भवन, सिंहदरवार काठमाडौंमा प्रतिनिधिसभाको अधिवेशन आव्हान गरिवक्सेको थियो । उक्त आव्हान गरिबक्सेको पत्र मिति २०५२ जेष्ठ २६ गते शुक्रवारका दिन संसद सचिवालयमा प्राप्त भएको थियो । यसरी उपरोक्त अधिवेशनहरू आव्हान भैसकेपछि र सो अनुसार वैठक बस्नु अगावै मिति २०५२ जेष्ठ २६ गते शुक्रवार बेलुकी सञ्चार माध्यमबाट मन्त्रिपरिषद्को आकस्मिक वैठकको निर्णयानुसार प्रधानमन्त्री श्री मनमोहन अधिकारीले प्रतिनिधिसभाको विघटनको लागि श्री ५ महाराजाधिराजका हजूरमा सिफारिश चढाएको कुरा प्रकाशमा आयो । तत्पश्चात् मिति २०५२ जेष्ठ २८ गते आइतवारका दिन प्रतिनिधिसभाका सतहत्तर जना सदस्यहरूद्वारा हस्ताक्षरित अविश्वासका प्रस्ताव संसद सचिवालयमा दर्ता भएको थियो । त्यसपछि ०५२ जेष्ठ ३० गते मंगलवारका दिन श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री श्री मानमोहन अधिकारीले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) अनुसार चढाएको सिफारिश बमोजिम २०५२ साल मंसीर ७ गते वृहस्पतिवारका दिन नयाँ प्रतिनिधिसभाका लागि निर्वाचन गराउने गरी प्रतिनिधिसभा विघटन गरिवक्सेको कुरा सर्वविदितै छ ।

७. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५१ ले सभामुखको व्यवस्था गरेको छ। संविधानबाट निसृत काम कर्तव्यको पालना गर्नु र प्रतिनिधिसभालाई प्रभावकारी बनाई जनता प्रति पूर्णउत्तरदायी बनाउनु सभामुखको हैसियतले म आफ्नो कर्तव्य ठान्दछु। यसै सन्दर्भमा संसदको नवौं अधिवेशन र प्रतिनिधिसभाको अधिवेशनको आव्हान भइसकेकाले सदनको बैठक प्रभावकारी ढंगबाट सञ्चालन गर्नको लागि म पूर्व तयारीमा जुटिसकेको थिए। संसदको नवौं अधिवेशन आव्हान भए बमोजिम माननीय सदस्यहरूलाई विभिन्न माध्यम एवं सूचना मार्फत सूचित गर्ने समेत संसद सचिवालयले गरी सकेको थियो। प्रतिनिधिसभाको अधिवेशनको हकमा समेत सञ्चार माध्यम मार्फत अधिवेशन आव्हान भएको सूचना प्रसार गरिएको थियो। यस्तो स्थितिमा अन्य कुनै प्रकारको अप्रत्याशित घटना घट्न सक्ने संभावना समेत मैले कल्पना गर्न सकेको थिइन। प्रतिनिधिसभा प्रधानमन्त्रीको निर्वाचक मण्डल (Electoral College) नभै संविधानको धारा ३६ को उपधारा (४) ले प्रधानमन्त्री र अन्य मन्त्रीहरू प्रतिनिधिसभा प्रति उत्तरदायी हुनु पर्ने व्यवस्था गरेको छ। तसर्थ प्रतिनिधिसभाको सदस्यहरूले संविधानको धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधिसभाको अधिवेशन आव्हान गर्न समावेदन चढाई अधिवेशन आव्हान भै अविश्वासको प्रस्ताव समेत दर्ता भै सकेको स्थितिमा प्रधानमन्त्रीले प्रतिनिधिसभाको विश्वास प्राप्त गर्ने प्रयास गुर्नको साटो संविधानको धरा ५३ को उपधारा (४) बमोजिम प्रतिनिधिसभा विघटनको लागि सिफारिश गर्नु संसदीय मान्यता, परम्परा तथा संविधानको मूलमूत भावना (Spirit) विपरीत हुन त गएन भन्ने एक संवैधानिक प्रश्न उठेको मैले ठानेको छु।

८. प्रतिनिधिसभा विघटन गर्ने सिफारिश श्री ५ समक्ष चढाई सकेपश्चात् प्रधानमन्त्री श्री मनमोहन अधिकारीले उक्त विन्तिपत्रमा सिफारिश गर्नु भएको कुरा प्रधानमन्त्री निवासमा आयोजित पत्रकार सम्मेलनमा उहाँले जानकारी गराउनु भयो र सोही कुरा सञ्चार माध्यममार्फत देशवासीको नाउँमा दिनु भएको सन्देश तथा मिति २०५२ जेष्ठ २७ गते शनिवारको गोरखापत्रमा पनि प्रकाशित गरियो। प्रधानमन्त्रीको भनाई यस प्रकार छ "नेपाल अधिराज्यको संविधानको धारा ४२ को उपधारा २ बमोजिम गठित सरकारलाई स्थायित्व, निरन्तरता र जीवन्तता दिन अन्तिम विन्दुसम्म भरमग्दुर प्रयास गरिरहेकै अवस्थामा प्रमुख प्रतिपक्षीले नेपाल अधिराज्यको संविधानको २०४७ को धारा ५३ को उपधारा (३) बमोजिम अधिवेशनका लागि समावेदन गरेबाट मुलुकलाई स्पष्ट दिशा दिन, अन्यौल समाप्त गरी निश्चित र स्थायी सरकार गठन गर्न संविधानको धारा ४२ को उपधारा (२) बमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएकोले वर्तमान सरकारले आफ्नो नीति र कार्यक्रम लागू गर्न, मुलुकलाई स्थायी सरकार दिन तथा वर्तमान अन्यौल समाप्त गर्न सार्वभौमसत्ता सम्पन्न जनता समक्ष जनादेश प्राप्तिका

लागि जानु वान्छनीय भएको छ।" सो प्रयोजनको लागि आज बसेको मन्त्रिपरिषद्को बैठकमा गम्भीर छलफल भई श्री ५ समक्ष प्रतिनिधिसभाको विघटन तथा नयाँ प्रतिनिधिसभाका लागि हुने निर्वाचनको मिति तोकिवक्सन सिफारिश गर्ने सहमति प्राप्त गरेको कुरा पनि वहाँले उल्लेख गर्नु भएको छ। उहाँले भन्नुभयो "प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसद्वारा मेरो प्रधानमन्त्रीत्वमा रहेको सरकारका विरुद्ध अविश्वासको प्रस्ताव पेश गर्न संसदको अधिवेशन वोलाई बक्सन श्री ५ मा समावेदन गरेको छ। संसदमा श्री ५ को सरकारलाई आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम एवं बजेट प्रस्तुत गर्ने मौकाबाट समेत वञ्चित गर्ने वातावरणको सिर्जना गराइएको छ।

प्रधानमन्त्री श्री मनमोहन अधिकारीको उपरोक्त जानकारीले संविधान व्याख्या सम्बन्धी केही जटिल कानूनी प्रश्नहरू उठाएको छ। जस्तै संविधानको धारा ४२ को उपधारा (२) वमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान वमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था संविधानले गरेको छ कि छैन ? के हाम्रो संविधानले कुनै अवस्थामा धारा ४२ को उपधारा (१) अनुसार सरकार वन्न नसकी धारा ४२(२) अनुसारको सरकार गठन भइहाल्यो भने त्यस पछि प्रतिनिधि सभाले अर्को वैकल्पिक सरकार दिन पाउने अवसर प्रदान गर्दैन ? के संविधानको कुनै धारा एक पटक प्रयोगमा आएपछि अर्को पटक प्रयोग हुन सक्दैन ? के एउटा परिस्थितिमा आपसमा राजनीतिक दलहरू मिलेर वहुमतको सरकार दिन सकेनन् वा चाहेनन् भन्दैमा अर्को अवस्थामा उनीहरूले वहुमतको सरकार बनाउन पाउने अधिकार गुमाउँछन् ? यी प्रश्नहरू आज हाम्रो सामु खडा छ। भविष्यका सन्ततिहरूका लागि एउटा व्यवस्था खडा गर्न जुटेका वर्तमान पुस्ताका हामीहरूको लागि यो एउटा चिन्तनीय प्रश्न हो। हामीले कस्तो संवैधानिक परम्परा कायम गर्ने हो ? कस्तो परम्परा वसाउँदा प्रजातन्त्र र राष्ट्रको हित गर्न सकिन्छ भनेर सोचिनु पर्ने देख्दछु। संविधानको धारा ४२ को सन्दर्भमा उठेका यी प्रश्नहरूको सम्मानित अदालतवाट व्याख्या गरिनेछ भन्ने मैले विश्वास लिएको छु।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (१) वमोजिम श्री ५ बाट संसदको अधिवेशन आव्हान भै सके पश्चात् संविधानको धारा ५३ को उपधारा (३) वमोजिमको अधिकार प्रयोग गर्न पाइने कि नपाइने ? प्रतिनिधि सभाका सदस्यहरूले संविधानको धारा ५३ को उपधारा (३) वमोजिम प्राप्त विशेषाधिकार प्रयोग गरिसके पश्चात् सो कार्यले संविधानको धारा ५३ को उपधारा (४) को हकमा अग्राधिकार स्थापित गर्छ वा गर्दैन ? यसमा सांसदहरूको विशेषाधिकारले वा प्रधानमन्त्रीको विशेषाधिकारले प्राथमिकता पाउने हो भन्ने समेत प्रश्न उठेकोले व्याख्या हुन आवश्यक देखेको छु। सायै अल्पमतको सरकारको नेतृत्व गर्ने प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधिसभालाई कुनै सरोकार नराखी विघटन गर्ने परम्पराको थालनी हुने हो भने यस्तो कार्यले संविधानको कतिपय धाराहरूलाई निस्कृय वनाउदैन र ? विगतका चार वर्षमा दुई दुई पटक कार्यपालिकाको निर्णयको आधारमा विघटन हुन गई

प्रतिनिधिसभाले आफ्नो आयु पुरा गर्न पाएको छैन। विघटन र मध्यावधि निर्वाचन जस्तो इतिहासमा अपवाद स्वरूप घटित हुने घटना एउटा नियमित प्रकृया हुन थाल्नु गंभीर चिन्ताको विषय हो। नेपाल जस्तो आर्थिक अवस्था भएको मुलुकलाई यस्ता कार्यहरूको परिणाम वहन गर्न कठिनाई पर्नुका साथै नेपाल अधिराज्यको संविधान, ०४७ को प्रस्तावनामा उल्लेखित "...नेपाली जनतालाई चीरकालपर्यन्त सामाजिक, राजनैतिक एवं आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्यबाट अभिप्रेरित भई" भन्ने भावना विपरीत भएन र ? यस सम्बन्धमा समेत सम्मानित सर्वोच्च अदालतबाट व्याख्या हुनें नै छ भन्ने अपेक्षा लिएकोछु।

९. सभामुखको पदभार ग्रहण पश्चात् बधाइको लागि माननीय सदस्यहरूलाई धन्यवाद ज्ञापन गर्ने क्रममा मैले व्यक्त गरेको "यो सदन नेपाली प्रजातन्त्र पहरेदार हो। नेपालको जति पनि समस्याहरू छन् राष्ट्रका समस्याहरू जो उत्पन्न होलान् तिनीहरूको समाधान यही नै सदनबाट हामीले खोज्न सक्नु पर्छ र कुनै पनि राष्ट्रिय समस्याको समाधानको केन्द्र यो जति बन्न सक्दछ त्यतिनै यो सदनको गरिमा त्यत्तिनै महत्व बढ्ने मात्र होइन बहुदलीय प्रजातन्त्र र संसदीय व्यवस्थाको पनि महत्व त्यति नै बढ्न जान्छ" भन्ने विचार प्रति म अझ दृढ छु।

२०५१ सालको आम निर्वाचन पश्चात्को प्रतिनिधिसभाको दलीय संरचनालाई हेर्ने हो भने र गएका दिनहरूमा घटेका घटनाक्रमहरूलाई विचार गर्ने हो भने मेरो उक्त भनाई अहिले अझ बढी सान्दर्भिक भएको म ठान्दछु। वैकल्पिक सरकार बन्न सक्छ वा सक्दैन ? भनेर निर्णय गर्ने निकाय कार्यपालिका वा यसका प्रमुख नभई प्रतिनिधिसभा हो तर प्रतिनिधिसभाको विघटनले गर्दा प्रतिनिधिसभा वैकल्पिक सरकार दिने अधिकारबाट वञ्चित गरिनुका साथै प्रतिनिधिसभाका सभामुख एवं संरक्षकको हैसियतले प्रतिनिधिसभाका सदस्यहरूको हक र हित संरक्षित गर्न नसकेकोमा म ज्यादै चिन्तित भएको छु। वैकल्पिक सरकार बन्न सक्ने, नसक्ने कुराको परीक्षण गर्ने अवसर सदनलाई दिइनु पर्दछ भन्ने मेरो मान्यता छ। प्रतिपक्ष वैकल्पिक सरकार दिने योजनामा अघि बढी सकेको र प्रधानमन्त्री त्यसलाई छलेर चुनावमा जान खोजेको अवस्थाबाट जुन द्वन्दको स्थिति पैदा हुन्छ, त्यसमा संसदले आफ्नो तर्फबाट समाधानको खोजी गर्ने अवसर पाउनु पर्छ भन्ने म ठान्दछु। संसदका हर प्रयासहरू असफल भएपछि मात्रै विघटन र मध्यावधिको मार्ग अनुसरण गर्नु युक्तिसंगत ठहर्न सक्दछ भन्ने मैले ठानेको छु। संसद समाधान दिन सक्षम छ वा छैन भन्ने कुराको निधो नभै प्रतिनिधिसभा असक्षम छ भन्ने निष्कर्षमा पुगी त्यसलाई विघटन गराउने वैकल्पिक विकल्प रोज्नु संसदीय प्रणाली र संविधानको मर्म विपरीत एवं प्रतिनिधि सभालाई प्राकृतिक न्यायबाट समेत वञ्चित गरिनु हो। संसद सक्षम छ कि छैन ? भन्ने कुराको परीक्षण गराउने अवसरबाट संसदलाई वञ्चित गराउने परम्परा प्रजातन्त्र अनुकूल हुन पनि सक्दैन। विघटन हुनु अगाडिका सम्बन्धित तथ्य प्रमाणहरू र प्रतिनिधिसभाका सदस्यहरूले अभिमत प्रकट गरी बहुमत अभिव्यक्ति गरेका आधारमा अर्को चुनावको गह्रुंगो भार देशले बोक्नु नपरिकनै पनि अहिलेकै स्थितिमा ससदीय

संवैधानिक प्रक्रिया अनुसार सत्ता हस्तान्तरण र निरन्तर सञ्चालन हुन सक्ने वस्तुतथ्य प्रष्ट हुँदाहुँदैको सन्दर्भमा त्यो त्यसो हो होइन भन्ने संसदीय अभ्यास गर्नबाट प्रतिनिधिसभालाई वञ्चित गर्नु वास्तवमा आपत्तिजनक कुरा नै हो । हाम्रो संवैधानिक र संसदीय विकासका क्रममा हाम्रा सम्पूर्ण कारवाही प्रतिनिधिसभाद्वारा परीक्षण हुने कार्यपद्धतिमुखी हुनु पर्दछ र प्रतिनिधिसभाले परीक्षण गर्न नपाई गरिएको सिफारिश र विघटन वदरभागी हुने परम्परा नै बसालिनु पर्दछ । तसर्थ संविधानको मूल भावना एवं संसदको गरिमालाई यथास्थानमा कायमै राख्नको निमित्त समेत संविधानको व्याख्या सम्बन्धमा उठेका जटिल कानूनी प्रश्नहरूको व्याख्या सम्मानित सर्वोच्च अदालतबाट हुने नै छ भन्ने कुरामा म पूर्णत: विश्वस्त छु । शक्ति पृथकीकरण (Seperation of powers) को सिद्धान्त अनुसार कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको भूमिका, काम, कर्तव्य तथा अधिकारको व्यवस्था नेपाल अधिराज्यको संविधान २०४७ ले के कसरी गरेको छ भन्ने सम्बन्धमा समेत सम्मानित सर्वोच्च अदालतबाट व्याख्या पाई दिएको खण्डमा म अझ अनुगृहित हुने थिएँ ।

१०. अत: उपरोक्त बुँदाहरूको आधारमा नेपाली जनताको सर्वोत्तम हित संसदीय प्रणालीको स्थायित्व र बहुदलीय प्रजातन्त्रप्रति जनआस्था अभिवृद्धि हुने गरी सम्मानित सर्वोच्च अदालतबाट यस विषयमा संविधानको सकारात्मक व्याख्या हुन म यस लिखित जवाफबाट आग्रह गर्दछु ।

११. यस लिखित जवाफको साथ निम्न कागजहरू सम्लग्न गरेको छु :-

(क) मिति २०५२ जेष्ठ २५ गते प्राप्त पत्रको फोटोकपी १

(ख) मिति २०५२ जेष्ठ २६ गते प्राप्त पत्रको फोटोकपी १

(ग) मिति २०५२ जेष्ठ ३० गते प्राप्त पत्रको फोटोकपी १

(घ) ससंदको नवौं अधिवेशनको सूचनाको फोटोकपी १

(ङ) मिति २०५२ जेष्ठ २७ गते शनिवारको गोरखापत्रको फोटोकपी १

१२. मेरो तर्फबाट उपस्थित हुने कानून व्यवसायीको वहस वुँदाहरूलाई समेत यसै लिखित जवाफको अभिन्न अङ्ग मानी पाउँ ।

१३. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ झूठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

लिखित जवाफवाला

रामचन्द्र पौडेल

सभामुख, प्रतिनिधि सभा

इति सम्वत् २०५२ साल आषाढ २२ गते रोज ५ शुभम्... ....

श्री सर्वोच्च अदालतमा चढाएको
लिखित बहसनोट

सम्बत् २०५२ सालको रिट नं. ३१०५

विषय : यस अदालतमा विचाराधीन रिट नं. ३१०५ को रिट निवेदनको अविभाज्य अंगको रूपमा मेरो वहस बुँदाहरूलाई ग्रहण गरी पाउँ भन्ने ।

का.जि.का.न.पा. वडा नं. ११ माइतीघरमा बस्ने अधिवक्ता
रवीराज भण्डारीको तर्फबाट अधिवक्ता बाबूराम गिरी
प्र.प.नं. १७६४ ... ... लिखित बहसनोट

प्रस्तुत्कर्ता
निवेदक

विरुद्ध

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी,
प्रधानमन्त्रीको कार्यालय, मुकाम सिंहदरवार,
काठमाण्डौं समेत.....

विपक्षी
प्रत्यर्थी

मुद्दा : उत्प्रेषण परमादेश समेत

निवेदकले आफ्नो रिट निवेदनमा दावी जिकिर लिएको गहन एवं गंभीरत संवैधानिक प्रश्नहरूको प्रत्युत्तरमा प्रत्यर्थीहरू तर्फबाट तर्फबाट लिएका यावत जवाप वेहोरा वारे मिसिल संलग्न रिट निवेदन र लिखित जवाफ लगायत संलग्न कागजातह वाट अवगत हुने पुनरोक्ती गर्दा प्रस्तुत् वहसनोट अनावश्यक रूपवाट लम्विने भएवा निवेदन पत्रको वुनियादी दावा र त्यस सम्वन्धमा लिएको मुख्य मुख्य जवाफी जिकि सम्ममा सीमित रही विचाराधीन हुन आएको विवादास्पद प्रस्तुत् संवैधानिक प्रश्नम निवेदक तर्फबाट मेरो सार, संक्षिप्त तथा सटीक वहस वुँदा यस प्रकार छ ।

१. प्रथमत : निवेदकले प्रत्यर्थी सम्माननीय प्रधानमन्त्रीज्यूका विरुद्ध नेपाली कांग्रेस संसदीय दलका ७० जना सांसदहरूले मिति २०५२।२।२५ का दिन वर्तमान संविधानको धारा ५३ (३) अनुसार विशेष अधिवेशन वोलाउन चढाएको समावेदनम

श्री ५ बाट सो प्रयोजनका लागि मिति ०५२।३।२ मा अधिवेशन बस्ने भनी मिति २०५२।२।२६ मा आव्हान भई सकेको अवस्थामा सोही मिति २०५२।२।२६ मै सम्माननीय प्रधानमन्त्री ज्यूले धारा ५३ (४) बमोजिम प्रतिनिधिसभा विघटनको लागि चढाएको सिफारिशबाट धारा ५३(२) को प्रावधानको सार्यकता एवं प्रयोजन समेत समाप्त गरेको अकाट्य छ। विशेष अधिवेशनको लागि तिथि-मिति समेत तोकिई सकेपछि प्रतिनिधि सभामा अन्तरनिहित धारा ५३ (३) को विशेष प्रावधानको क्रियाशीलताले अन्तिम निष्कर्ष वा तार्किक निश्पति (Logical Consequence) लाई धारा ५३ (४) को विशेष प्रावधान नै प्रयोग गरी निश्फल वा निष्कृय गर्न सक्दैन।

२. यथार्थमा धारा ५३ (३) को प्रावधान संसदीय शासन प्रणाली तथा बहुदलीय प्रजातन्त्रको सिंगो कसौटीको रूपमा रहेको तथ्य धारा ३६ (४) को प्रावधानद्वारा प्रधानमन्त्री र अन्य मन्त्रीहरू समेतलाई प्रतिनिधि सभाप्रति उत्तरदायी गराएबाट निर्विवाद रूपमा प्रमाणित छ। यस प्रकार धारा ३६ (४) मा अन्तरनिहित प्रधानमन्त्री र निजका मन्त्रीहरू समेतले प्रतिनिधिसभामा बहन गर्नु पर्ने जवाफदेहीको प्रावधानलाई ठाडै उपेक्षा गरी धारा ५३(३) बमोजिम बोलाइएको अधिवेशनमा धारा ५९ (२) बमोजिम अविश्वासको प्रस्ताव सामना गर्नु पर्नेमा सो नगरी जुन सस्थाप्रति जवाफदेही हुनु पर्ने हो त्यही संस्थालाई धारा ५३(४) को विशेष अधिकार दुरूपयोग गरी निमिट्यान्न पार्नु आफैमा असंवैधानिक, अप्रजातान्त्रिक समेत रहन गएको प्रमाणित छ।

३. यस प्रकार धारा ५३ (३) सक्रिय भएको अवस्थामा तदन्तर आकृष्ट हुने धारा ५९ (२) बमोजिम निर्दिष्ट एवं निश्चित मिति २०५२।३।२ मा बस्ने विशेष अधिवेशनमा आफू प्रति प्रतिनिधिसभाका बहुमत सदस्यहको विश्वास जित्ने कार्यमा पहल गर्नु पर्नेमा, सो नगरी उल्टो प्रतिनिधिसभालाई नै विघटनको सिफारिश गरेवाट प्रत्यर्थी प्रधानमन्त्रीले आफू धारा ३६ (५) को देहाय (ख) बमोजिम अविश्वासको प्रस्तावबाट पदमुक्त हुने अवश्यमभावी हुने देखी गरिएको सिफारिश अविश्वासको घेरा भित्र परी सकेबाट समेत असंवैधानिक छ।

४. प्रत्यर्थी प्रधानमन्त्रीको धारा ५३(४) बमोजिमको सिफारिशले मिति २०५२।३।२ को लागि बोलाई सकेको प्रतिनिधि सभाको धारा ६२ (२) द्वारा प्रदत्त प्रत्येक सदनलाई आफ्नो आन्तरिक काम कारवाही नियमित गर्ने प्रतिनिधिसभाको पूर्ण अधिकार तथा ऐ धाराको उपधारा (३) ले संसदको कुनै पनि सदनको कुनै पनि कारवाहीको असल (अविश्वासको प्रस्ताव राख्ने समेत) नियत बारे अन्यथा लिन नहुने संसदको विशेषाधिकार समेतकों नांगो अतिक्रमण गरिएको छ।

५. जहाँ सम्म प्रत्यर्थी प्रधानमन्त्रीज्यूले धारा ५३ (३) र धारा ५३ (४) को सम्बन्धमा मेरो पक्षले औल्याएको टकराहट वा अन्तरद्वन्द्वलाई प्रत्यर्थीले संविधानमा सबै प्रावधानहरू सकृय नै रहन्छन् वरू जुन प्रावधानको सकृयताको परिणाम अगाडि निसृत: हुन्छ, सो परिणामले अन्य प्रावधानको सकृयताको परिणामलाई प्रभाव पार्न सक्छ भनी संविधानको "Smooth Function" सहज र स्वभाविक विकास अभ्यासमै तगारो हाल्ने आशय निहित तर्क रचनात्मक नभई वितण्डापूर्ण रहन गएको छ। हाम्रो संविधानले "Constutional Supremacy" संवैधानिक

सर्वोच्चताको सिद्धान्तलाई आत्मसात गरेको तथ्य संविधानको आत्मा मानि प्रस्तावना प्रति सजगता एवं संवेदनशीलता सर्वथा अपेक्षित छ। Michael Zande द्वारा लिखित The law Making Process नामक पुस्तकको पृष्ठ ५९ मा प्रति Attomey General V Prince Emest Augustus of Hanover (1957) A C. 436. को मुद्दामा Lord Norman को उधृत निर्मित ठहर सर्वथा मननीय छ।

... When plantiff puts forward one constrution of an enactment and the defendant another, it is the courts business in any case of some difficulty, after informing itself of what I have called the legal and factual context including words admit of both the rival constructions put forward. If they admit of only one constructions that construction will receive effect even if it is inconsistent with the preamble, but if the enacting words are capable of either of the constructions offered by parties, the construction which fits the preamble may be preferred.

६. त्यसै गरी Maxwell on the interpretation of statutes नामक पुस्तकको पृष्ठ ४५ मा लेखिएको निम्न लिखित व्याख्याको सिद्धान्त समेत प्रस्तुत विवादग्रस्त धाराको व्याख्यामा विचारणीय छ।

"...where alternative constructions are equally open, that alternative is to be choosen which will be consistent with the smooth working of the sistem which the statute purports to be regulating; and that alternative is to be rejected which will introduce uncertainty, friction or confusion into the working of the system."

७. यसै गरी प्रत्यर्थी प्रधानमन्त्रीले आफू धारा ४२ (३) को चरण पार गरे पछि अर्थात ३० दिन भित्र समर्थन प्राप्त गरी सके पछि धारा ३६ (१) अन्तरगत नियुक्त प्रधानमन्त्री भन्दा कुनै पनि अर्थमा पृथक हैसियत नभएको भन्ने दावी गर्दै धारा ५३ (४) वमोजिमको सिफारिशको सन्दर्भमा धारा ३६ (१) वमोजिमको प्रधानमन्त्री र आफू धारा ४२ (२) वमोजिमको प्रधानमन्त्री समान हक हैसियतको हुँ दा फरक नपर्ने जवाफी जिकिर लिनु भएको अभिनिश्चित छ। जवकि उल्लेखित ४२ (१) र (२) तथा (३) को प्रावधान ३६ (१) वमोजिम कुनै पनि दलले वहुमत प्राप्त गर्न नसकेको अवस्थामा धारा ४२ (१) ले २ वा २ भन्दा वढी दलहरूको समर्थनमा मिलिजुली सरकार वन्ने र सो हुन नसक्दा धारा ४२ (२) वमोजिम सवभन्दा वढी संसद सदस्य हुने संसदीय दलले सरकार वनाउन पाउने तर उपरोक्त दुवै अवस्थामा धारा ४२ (३) वमोजिम ३० दिन भित्र विश्वासको मत प्राप्त गर्न नसकेको खण्डमा मात्र धारा ४२ (४) वमोजिम Machanically यान्त्रिक ढंगले नै स्वत: भंग हुने हुन्छ। तर, प्रमको लिखित जवाफको प्रकरण नं. ९ को (ङ) मा धारा ४२ (१) वमोजिम सुरूमा सरकार वनाउने मौका दिंदा अघि नसरेको हाल राजनीतिक औसरवादीतावाट प्रेरित भई श्री ५ मा निवेदन गरेको समेत भन्दै प्रकारान्तरले धारा ४२ (१) वमोजिम वैकल्पिक सरकार वन्न नसक्ने भन्ने तर्कको समर्थनमा राजदरवार समक्ष चढाइएको तत् सम्वन्धी विन्तिपत्रमा श्री ५ वाट उचित

राजनीतिक मूल्यांकन भै सकेकोले विघटनको सिफारिश अन्यथा हुन नसक्ने जिकिर लिएको पाइन्छ। वस्तुत: धारा ४२ (२) बमोजिम सरकारको विकल्प धारा ४२ (१) बमोजिम र धारा ४२ (१) बमोजिम बनेको सरकारको विकल्प धारा ४२ (२) लाई संविधान निर्माताले "inter changable अवस्थामा उक्त धारा ४२(१) र (२) लाई सह निर्भरताको कसीमा Interdependent हुने गरी राखिएको तथ्य उल्लेखित धाराको कुनै पनि भागमा अन्यथा व्यवस्था नगरिएबाट स्वयंसिद्ध छ। जहाँ सम्म श्री ५ बाट स्वविवेकको प्रयोग भई सकेको भन्ने तर्कको प्रश्न छ, तत् सम्बन्धमा पूर्व फैसलाबाट स्थापित भएको नजिर सिद्धान्त समेतको प्रतिकूल जवाफी जिकिर भएबाट सर्वथा ग्रहणयोग्य छैन।

८. जहाँ सम्म धारा ५३ (४) बमोजिम प्रतिनिधिसभा विघटन गर्ने सिफारिशलाई प्रत्यर्थी सम्माननीय प्रधानमन्त्रीले सर्वकालीक तथा सर्वदेशीय अधिकारको प्रश्न बनाउनु भएको जिकिरको सवाल छ त्यो हाम्रो वर्तमान संविधानको मौलिक संरचना लगायत संविधानको अक्षर र भावना समेतको ठाडै प्रतिकूल छ। बेलायत जस्तो देश जहाँ Dissolution लाई Crown को Prerogative नै हो भन्ने बसिसकेको Convention लाई संवैधानिक कानूनका विशेषज्ञहरूले पुनर्विचार गरिनु पर्छ भनि Prerogative of dessolution लाई अवान्छित आवश्यकताको रूपमा लिन थालिएको तथ्य Forsey, Keith, Evatt, Markinisis जस्ता समकालिन विश्वका संविधानविद्हरूको दृष्टिकोणबाट प्रष्टिन्छ।

Eugene A. Forsey ले आफ्नो चर्चित पुस्तक The Royal Power of Dissolution of Parliament in The British Common wealth को पृष्ठ ७ मा C.S. Emden लाई उद्धृत गर्दै The sovereign will have to exercise a real power of refusing dissolution or it will have to be laid down that dissolution can be claimed only in certain recognized circumstances भन्ने विचार राख्दै Evatt को उपकथन "It is dangerous to allow uncontrolled discretion and abcence of any binding rules.

उल्लेखित पुस्तकको पृष्ठ २६९ मा Keith, Jenning, Laski जस्ता विश्व प्रसिद्ध संविधानविद्हरूको अभिप्रायलाई समेट्दै Public Policy को विरुद्धमा जाने भएमा Crown is not oblised to grant dissolution at the request of minority of a cabinet किटानी साथ विघटनको सिफारिशलाई इन्कार गर्न सकिने विचार व्यक्त भएको पाइन्छ। विशेष गरी प्रस्तुत् विवादमा सन्निहित धारा ५३ (३) र ५९ (२) को संवैधानिक प्रावधानहरू क्रियाशील भई सकेको अवस्थामा विघटनको सिफारिशलाई इन्कार गर्न सकिने सम्बन्धमा Forsey ले सोही पृष्ठ २६९ मा If a government askes for dissolution while a motion of censure is under debate, it is clearly the crown's duty to refuse भनी किटानी साथ निशेधको सिद्धान्तलाई आत्मसात गर्नु पर्ने राय दिनु भएको पाइन्छ।

९. यस प्रकार वर्तमान संविधानको शक्ति सन्तुलनको तेस्रो साझेदार (Third partner) को रूपमा श्री ५ लाई राखिएको सन्दर्भमा प्रत्यर्थी प्रधानमन्त्रीको धारा ५३ (४) बमोजिमको सिफारिशलाई श्री ५ बाट आँ खा चिम्लेर मान्नु पर्ने

वाध्यात्मक अवधारणा उक्त धारामा प्रयुक्त शब्दार्थबाट समेत सिद्ध हुन सक्ने संविधानदाताले यस विवाद विन्दुको गहनालाई महसुस गरेर नै सम्
रोजेर "सकिवक्सने" शब्दलाई राखेको स्पष्ट छ। त्यस्तो पराधीन Not Absol
प्रावधानलाई प्रधानमन्त्रीको नीजि विशेषाधिकारको रूपमा राखेको ठानी संसद
सर्वोच्चताको विलोम (anomaly of surpemacy of parliament) हो भ
जवाफी जिकिर संवैधानिक सर्वोच्चताको सन्दर्भमा सर्वथा विपरितार्थि छ।

१०. प्रत्यर्थी प्रधानमन्त्री ज्यूको सिफारिश बदनियतपूर्ण रहेको तथ्य संविधान
आफूखुशी व्याख्या गरी धारा ५३ (३) लाई धारा ५३(४) को प्रयोगले निरस्त
निश्प्रायोजित गरेबाट स्वत: प्रमाणित छ। विशेष गरेर आफूले चढाए
सिफारिशको दशव्यापी रेडियो तथा टेलिभिजन लगायत आफ्नै मातहतको सरक
समाचार पत्र दैनिक गो.प. तथा राइजिङ नेपालमा प्रशारित एवं प्रचा
व्यहोरालाई ठाडै लुकाई आफूले कुनै जानकारी कसैलाई पनि नदिएको भन्ने इन्क
जिकिर राजनीतिक नैतिकता तथा पदीय विश्वसनियता समेतको प्रतिकुलता
कुनै हेक्कै नराखी दिइएको लिखित जवाफबाट समेत प्रत्यर्थी प्र.म.को नियत स
भएको निर्विवाद छ।

११. अतएव प्रकरण-प्रकरणमा वर्णित संवैधानिक व्याख्याका सिद्धान्त संविधानविद्हरू
विचारोत्तेजक धारणा र विचार तथा मिसिल संलग्न अन्य प्रत्यर्थीहरू
विरोधाभासपूर्ण जवाफी जिकिर समेतको पृष्ठभूमिमा मेरो पक्षले गर्नु भएको निवेद
मांग दावी बमोजिम प्रत्यर्थी सम्माननीय प्रधानमन्त्रीज्यूको प्रतिनिधिसभा विघटन
असंवैधानिक सिफारिश तथा त्यस सिफारिशको आधारमा सृजना भएका याद
परिणति उत्प्रेषणको आदेशद्वारा वदर गरी प्रतिनिधि सभा यथावत वहाल
सम्वन्धमा सरोकारवालाहरूको नाउँ मा परमादेशको आदेश समेत जारी गरी पाउ
विनम्र प्रार्थना गर्दछु।

लिखित बहसनोट प्रस्तुत कर्ता :

अधिवक्ता बाबुराम गिरी,
प्र.प.नं. १७६४

इति सम्वत् २०५२ साल श्रावण १ गते रोज २ शुभम्... ... ...

श्री सर्वोच्च अदालतमा चढाएको
बहस नोट

पर्वत कास्की कालिका गा.वि.स. वार्ड नं. ३ घर भई हाल काठमाडौं महा.जि. का.न.पा वार्ड नं. ११ बस्ने अधिवक्ता रविराज भण्डारीको कानून व्यवसायी अधिवक्ता वोर्ण बहादुर कार्की — वहसनोट प्रस्तुतकर्ता / रिट निवेदक

विरुद्ध

प्रधानमन्त्री मनमोहन अधिकारी, प्रधानमन्त्रीको कार्यालय, सिंहदरवार, काठमाडौं समेत ... ... — विपक्षी / प्रत्यर्थी

मुद्दा:- उत्प्रेषण परमादेश ।

निवेदकको कानून व्यवसायीको हैसियतले निम्न लिखित वहसनोट प्रस्तुत गर्दछु :-

१. रिट निवेदन र प्रत्यर्थीहरूको लिखित जवाफ समेतको सम्पूर्ण व्यहोरा मिसिलबाट अवगत हुने नै हुँ दा यसमा पुनरावृत्ति गरेको छैन। यस बहस नोटमा रिट निवेदकको समर्थनमा रिट निवेदन जारी हुनुपर्ने आधार कारण उल्लेख गर्नुको साथै प्रत्यर्थीहरूमा लिखित खण्डन गरेको छ ।

२. प्रस्तुत बहस नोटलाई संक्षिप्त बनाउन र सरल रूपमा बुझ्न सहयोगी होस् भन्ने प्रयोजनार्थ निम्न कुरालाई निम्नरूपले संक्षिप्तमा यस वहस नोटमा उल्लेख गरेको छु।

(क) नेपाल अधिराज्यको संविधान २०४७ लाई "संविधान"
(ख) प्रधानमन्त्री मनमोहन अधिकारीलाई "प्रधानमन्त्री"
(ग) रिट निवेदक अधिवक्ता रविराज भण्डारीलाई "निवेदक"

३. रिट निवेदकको माग दावी र प्रत्यर्थीहरूको लिखित जवाफवाट निरूपण हुनुपर्ने मूलत: निम्न जटिल र गंभीर संवैधानिक प्रश्नहरू खडा भएका छन् :-

(क) प्रत्यर्थी प्रधानमन्त्रीको विरुद्ध संविधानको धारा ५९ अनुसार अविश्वासको प्रस्ताव ल्याउने आधार र कारण उल्लेख गरी प्रतिनिधि सभामा सदस्यहरूद्वारा संविधानको धारा ५३ (३) बमोजिम गरिएको समावेदनका आधारमा श्री ५ बाट सो अनुसार प्रतिनिधि सभाको विशेष अधिवेशन आव्हान गरिसकेको अवस्थामा प्रधानमन्त्रीले संविधानको धारा ५३ (४) प्रयोग गरी प्रतिनिधिसभा विघटन गर्नु संवैधानिक हुन्छ हुदैन ?

(ख) प्रधानमन्त्रीले सरकारको नियन्त्रणमा रहेका संचार माध्यम (रेडियो, टेलिभिजन, गोरखापत्र, राइजिङ नेपाल लगायत) र निजी क्षेत्रका पत्रपत्रिकाहरूलाई श्री ५ मा चढाएको संविधानको धारा ५३ (४) अन्तरगतको सिफारिशको हुबहु प्रतिलिपि उपलब्ध गराउनु भएको र सो अनुरूप बनेको तथ्य संचार माध्यममा र पत्र पत्रिकामा प्रसारित र प्रकाशित भएको कुरालाई सम्मानित अदालतले जानकारी लिन र प्रमाण लिन मिल्दछ ?

(ग) संविधानको धारा ४२ (२) अन्तरगत बनेको सरकारको विकल्पमा अर्को वैकल्पिक सरकार बन्ने संवैधानिक व्यवस्था नभएको भन्ने प्रधानमन्त्रीद्वारा श्री ५ मा चढाइएको सिफारिशको मुख्य आधार संवैधानिक हो कि असंवैधानिक हो ? यदि सिफारिशको मूल आधार नै असंवैधानिक भएको अवस्थामा त्यो सिफारिशको आधारमा भएको प्रतिनिधिसभा विघटनको कार्य वदरभागी हुन्छ हुदैन ?

(घ) प्रतिनिधि सभा पार्टीगत रूपमा अल्पमतमा रहेको तर अन्य पार्टीको समर्थनमा सरकार संचालन गरी आएका प्रधानमन्त्रीले वैकल्पिक सरकार बन्ने पूर्ण संभावना रहेको अवस्थामा संविधानको धरा ५३ (४) अनुसार प्रतिनिधि सभा विघटन गर्ने सिफारिश गर्नु विश्वमा प्रचलित संसदीय अभ्यास अनुरूप छ छैन ?

(ङ) जुन प्रधानमन्त्रीको विरुद्ध अविश्वासको प्रस्ताव ल्याई हटाउने र वैकल्पिक सरकार लिने समेत दावी गरी प्रतिनिधिसभाको विशेष अधिवेशनको लागि संविधानको धारा ५३ (३) अनुसार समावेदन गरी विशेष अधिवेशन आव्हान गरी सकेको अवस्थामा त्यहि प्रधानमन्त्रीले अविश्वासको प्रस्तावलाई असफल बनाउन र पूर्ण संभाव्य अर्को सरकार बन्न नदिनको लागि संविधानको धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटन गर्नको लागि सिफारिश गरेमा त्यस्तो कार्य Malafide intention हुन्छ, हुदैन र भएका वदरभागी हुन्छ, हुदैन ?

४. उपरोक्त प्रकरण (२) मा उल्लेखित जटिल र गंभीर संवैधानिक विवादको सम्बन्धमा रिट निवेदनको समर्थनमा र प्रत्यर्थीको लिखित जवाफको खण्डनमा निम्न बुंदाहरू प्रस्तुत गरेको छ ।

(क) प्रत्यर्थी प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्ने धम्की सार्वजनिक रूपमा अभिव्यक्त गर्दै आउनु भएको पृष्ठभूमिमा प्रतिनिधिसभाका एक चौथाई सदस्यहरूले संविधानको धारा ५९ (२) अनुसार प्रधानमन्त्रीको विरुद्ध अविश्वासको प्रस्ताव पेश गर्न र स्थायी वैकल्पिक सरकार दिने दावी साथ संविधानको धारा ५३ (३) अनुसार मिति २०५२।२।२५ गते अधिवेशन बोलाउनको लागि श्री ५ बाट मिति २०५२।२।२६ गते प्रतिनिधिसभाको अधिवेशनको आव्हान र मिति २०५२।३।२ गते त्यस्तो अधिवेशन बस्ने मिति तोकिवक्सेको थियो । श्री ५ बाट प्रतिनिधिसभाको अधिवेशनको लागि मिति तोकिबक्से पश्चात् प्रत्यर्थी प्रधामन्त्रीले संविधानको धारा ५३ (४) को अधिकार प्रयोग गरी प्रतिनिधि सभा विघटनको लागि मिति २०५२।२।२६ गते

सिफारिश चढाउनु भएको थियो भने प्रधानमन्त्रीका सिफारिशका आधारमा प्रतिनिधिसभा भंग हुनु अगावै मिति ०५२।२।२८ गते प्रधानमन्त्रीका विरुद्धमा अविश्वासको प्रस्ताव समेत दर्ता भइसकेको थियो। उपरोक्त स्थितिमा प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनको लागि गरेको सिफारिश असंवैधानिक छ भन्ने कुराको समर्थनमा निम्न बुँदा उल्लेख गरेको छु ।

हाम्रो संविधानको मूलभूत आधार संसदीय शासन प्रणाली हो। जनताले आफूमा रहेको सार्वभौमसत्ता मूलत: प्रतिनिधि सभाको माध्यमद्वारा अभिव्यक्त गर्ने संवैधानिक व्यवस्था यो संविधानमा छ। जनताको सार्वभौमसत्ताको प्रतिनिधि सभामा कार्यपालिका (श्री ५ को सरकार) को निर्माण गर्ने र त्यसलाई नियन्त्रण गर्ने र परिवर्तन गर्ने संवैधानिक अधिकार अन्तरनिहित रहेकोले कार्यपालिकाका श्री ५ प्रति होइन कि प्रतिनिधिसभा प्रति उत्तरदायी हुनुपर्ने संवैधानिक व्यवस्था हाम्रो संविधानले गरेको छ। प्रतिनिधिसभा प्रतिको उत्तरदायित्ववाट कार्यपालिका श्री ५ को सरकार) जुनसुकै स्थितिमा जसरी पनि उन्मुक्त हुन पाउने व्यवस्था हाम्रो संविधानमा छैन। श्री ५ को सरकारलाई नियन्त्रण गर्ने प्रतिनिधिसभामा रहेको प्रमुख अधिकार अविश्वासको प्रस्ताव ल्याउने (संविधानको धारा ५९ (२)) र अधिवेशन नबसेको अवस्थामा विशेष अधिवेशनको लागि समावेदन गर्ने (संविधानको धारा ५३ (३) वमोजिम तिथि तोकि अधिवेशनको आव्हान भई सकेको अवस्थामा संविधानको धारा आदि जुन अविश्वासको प्रस्ताव ल्याउने प्रयोजनार्थ संविधानको धारा ५३(३) वमोजिम तियी मिति तोकी अधिवेशनको आव्हान भइसकेको अवयामा संविधानको धारा ५३ (४) प्रयोग गरी प्रतिनिधि सभाको विघटन गर्ने सिफारिश गरी प्रतिनिधि सभालाई संविधानको धारा ५३ (३) र ५९ (२) ले प्रदत्त गरेको अधिकार अपहरण गर्नु असंवैधानिक हुन्छ।

हरेक अधिकारसँ ग समकक्ष (correlative) कर्तव्य हुन्छ। एउटाको अधिकार हुन्छ भने त्यसमा अर्काको कर्तव्य हुन्छ। सरकारको विरुद्धमा अविश्वासको प्रस्ताव ल्याउने संविधानको धारा ५९ (२) र प्रतिनिधिसभाको विशेष अधिवेशनका लागि समावेदन गर्ने अधिकार प्रतिनिधिसभामा संविधानत: रहेको छ भने ती अधिकारप्रति प्रधानमन्त्री तथा श्री ५ को सरकारको कर्तव्य रहेको छ। प्रस्तुत विवादमा प्रधानमन्त्रीको विरुद्ध अविश्वासको प्रस्ताव ल्याउनको लागि प्रतिनिधि सभाका सदस्यहरूले विशेष अधिवेशनको लागि समावेदन गरेको र सो अनुसार अधिवेशनको आव्हान समेत भइसकेको स्थितिमा प्रतिनिधिसभाका सदस्यमा रहेको विशेष अधिवेशनको लागि समावेदन गर्ने र अविश्वासको प्रस्ताव ल्याउने अधिकारले स्थान ग्रहण गरी सकेको हुँ दा त्यस्ता प्रतिनिधि सभाका अधिकार प्रति प्रधानमन्त्रीले कर्तव्य निर्वाह गर्नुपर्ने दायित्वले पनि स्थान ग्रहण गरी सकेको छ। प्रधानमन्त्री त्यो कर्तव्य पूरा गरी सकेपछि मात्र प्रतिनिधिससभामा रहेको उक्त अधिकारको लोप हुन्छ। आफ्नो कर्तव्यलाई पूरा नै नगरी अर्थात प्रतिनिधिसभाका सदस्यमा रहेको अधिकार लोप नहुदै प्रधानमन्त्रीले आफ्नो कर्तव्यवाट उन्मुक्ति लिन र प्रतिनिधि सभाका सदस्यहरूको त्यो अधिकार

अपहरण गर्नको लागि संविधानको धारा ५३ (४) अनुसार प्रतिनिधि सभा विघटनको लागि सिफारिश गरेको कार्य असंवैधानिक छ ।

३) हाम्रो संविधानले शक्ति पृथकीकरणको सिद्धान्तलाई अंगिकार गरेको छ। संविधानत: हरेक अंगका अलग अलग अस्तित्व मात्र होइन अधिकार र कर्तव्यको निश्चित सीमांकन पनि गरिएको छ। जुन संविधानमा कार्यपालिकालाई नियन्त्रण गर्ने अधिकार संसदमा कमजोड हुन्छ त्यहा कार्यपालिका तानाशाही हुन पुग्दछ। कार्यपालिकालाई प्रतिनिधिसभाले नियन्त्रण र सन्तुलन गर्ने दरो संवेधानिक व्यवस्था हाम्रो संविधानमा छ। अविश्वासको प्रस्ताव ल्याउनको लागि विशेष अधिवेशनको आव्हान भईसकेको प्रतिनिधिसभामा रहेको त्यो अधिकारलाई प्रधानमन्त्रीले जुनसुकै अवस्थामा निस्तेज बनाउन सक्ने भनि संविधानको व्याख्या गर्ने हो भने हाम्रो संविधानले अंगिकार गरेको शक्ति पृथकीकरणको सिद्धान्त निस्कृय हुन जान्छ। यस अवस्थामा संविधानको अक्षर र भावना विपरीत प्रतिनिधि सभा (व्यवस्थापिका) प्रधानमन्त्रीको कठपुतली मात्र बन्न पुग्दछ। अत: शक्ति पृथकीकरणको सिद्धान्त विपरित प्रतिनिधि सभाको अधिकारलाई समूल नष्ट गर्ने गरी प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनको लागि गरेको सिफारिश असंवैधानिक छ ।

४) संविधानको धारा ५३ (३) बमोजिम विशेष अधिवेशन बोलाएपछि त्यसको अन्त्य नभएसम्म संविधानको धारा ५३ (४) निलम्बित र निस्कृय हुने होइन सबै धारा सकृय रहन्छन् भन्ने तर्क प्रधानमन्त्रीले आफ्नो लिखितमा उल्लेख गर्दै आफ्नो असंवैधानिक कार्यलाई घुमाउरो तरिकाले छोप्ने दुस्प्रयास गर्नु भएको छ। तर प्रस्तुत् विवादमा संविधानको धारा ५३ (४) निलम्बित र निस्कृय हुने भन्ने प्रश्न नै उठेको छैन। प्रश्न यस विवादमा के मात्र उठेको छ भने प्रतिनिधिसभाका सदस्यहरूले प्रधानमन्त्रीका विरुद्ध अविश्वासको प्रस्ताव ल्यानको लागि विशेष अधिवेशनको समावेदन गरी विशेष अधिवेशनको तिथि समेत तोकी सकेको अवस्थामा प्रतिनिधि सभामा अन्तरनिहित अविश्वासको प्रस्ताव ल्याउने र विशेष अधिवेशन बोलाउने अधिकार क्रियाशील र अभ्यास शुरूवात भई सकेको स्थितिमा त्यो प्रकृया पुरा नभै ती अधिकारालाई निस्कृय बनाउन प्रधानमन्त्रीले संविधानको धारा ५३ (४) प्रयोग गर्न पाउने हो होइन भन्ने मात्र हो। क्रियाशील भई सकेको प्रतिनिधि सभामा अन्तरनिहित उक्त अधिकार प्रतिको आफ्नो कर्तव्य पूरा नगरी ती अधिकारको लोप गर्न प्रधानमन्त्री नपाउने भन्ने मात्र हो। यदि प्रधानमन्त्रीले प्रतिनिधिसभाको विघटनको सिफारिश गर्ने अधिकार प्रयोग पहिले गरेकोमा त्यस प्रक्रियाको टुंगो नलागेसम्म त्यो अधिकारलाई लोप गर्न प्रतिनिधि सभाले अविश्वासको प्रस्ताव ल्याउनु असंवैधानिक हुन्थ्यो। यहाँ पहिले प्रतिनिधिसभाले आफ्नो अधिकार प्रयोग गरेको छ र त्यसको प्रकृया पूर्ण नहुँ दै पछि प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनको सिफारिश गर्नु भएको हुँ दा सो असंवैधानिक भएको हो। अत: प्रत्यर्थी प्रधानमन्त्रीले लिखित जवाफमा जुन तर्क दिनु भएको छ सो तर्क संगत र संविधान सम्मत छैन।

(ख) प्रधानमन्त्रीले सरकारका नियन्त्रणमा रहेका संचार माध्यम (रेडियो, टि.भी., गोरखापत्र राइजिङ नेपाल लगायतका) र निजी क्षेत्रका पत्र पत्रिकाहरूलाई श्री ५ मा चढाएको प्रतिनिधिसभा विघटनको सिफारिशको हुबहु प्रतिलिपि पत्रकार सम्मेलन गरी उपलब्ध गराउनु भएको सो अनुरूप ती तथ्यहरु संचार माध्यम र पत्र पत्रिकामा प्रकाशित भएका छन्। ती प्रकाशित तथ्यहरूलाई मैले कसैलाई जानकारी गराएको छैन भन्ने सफेद झूट लिखित जवाफमा उल्लेख गर्नु भएको छ। प्रमाणको आधार त्यसको विश्वासनियता निर्भर गर्ने कुरो हो। सरकारी नियन्त्रणमा रहेका र आजसम्म व्यवहारत: सरकारको प्रतिनिधिको भूमिका निभाउदै आएका संचार माध्यम र पत्रपत्रिका (गोरखापत्र, आदि) मा प्रसारित र प्रकाशित तथ्यहरूलाई अदालतले प्रमाणको रूपमा ग्रहण गर्नु गैर कानूनी हुँ दैन। अत: संचार माध्यम र पत्र पत्रिकाहरूमा प्रकाशित उक्त तथ्यहरूलाई अदालतले प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन भन्ने प्रत्यर्थी प्रधानमन्त्रीको लिखित जवाफको तर्क कानून संगत छैन।

(ग) प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनको लागि श्री ५ मा चढाउनु भएको सिफारिशको मूल आधार संविधानको धारा ४२ (२) अर्न्तगत बनेको सरकारका विकल्पमा अर्को वैकल्पिक सरकार बन्न सक्ने संवैधानिक प्रावधान नभएको भन्ने छ। प्रधानमन्त्रीको संविधानको व्याख्या अनुसार संविधानको धारा ४२ (२) अन्तरगत बनेको र ४३ (३) अनुसार समर्यन हुँ दा सरकार संविधानत: संविधानको धारा ४२ (४) अनुसार भंग हुन्छ तर धारा ४२ (१) अनुसार तथा ३६ (१) मा फर्किने संवैधानिक व्यवस्था छैन भन्ने हो। संविधानको धारा ३६ (१) सरकारको गठन गर्ने सामान्य प्रकृया हो भने सामान्य प्रकृयाद्वारा सरकार निर्माण हुन नसकेको विशेष अवस्थामा धारा ४२ सरकार बनाउने विशेष प्रकृया अर्थात विशेष व्यवस्था हो। हाम्रो संविधनामा व्यवस्थित धारा ३६ (१) र ४२ लाई समष्टिगत रूपमा अवलोकन र व्याख्या गर्दा के कुरा स्पष्ट हुन्छ भने, भरसक सरकार बन्न सकोस् भन्ने लिखित रूपमा नै संवैधानिक व्यवस्था गरेको छ। जस अनुसार सर्वप्रथम प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री बनाउने (धारा ३६ (१) त्यो स्थिति नरहेमा दोस्रोमा दुई वा दुईभन्दा बढी दलहरूको समर्यनबाट प्रतिनिधि सभाका सदस्यहरूको बहुमतको विश्वास प्राप्त गर्ने सदस्यलाई प्रधानमन्त्री बनाउने (धारा ४२ (१)) , त्यसबाट पनि सरकार बन्न नसके अन्तिममा प्रतिनिधिसभामा सबै भन्दा बढी सदस्य भएको संसदीय दलको नेतालाई प्रधानमन्त्री बनाउने (धारा ४२ (२) संवैधानिक व्यवस्था संविधानका धारा ३६ (१) र ४२ सरकार बनाउने प्रक्रियासँ ग सम्बन्धित धारा हुन्। एकपल्ट ती धारा मध्ये कुनै धाराका आधारमा सरकार बनेमा त्यसको प्रयोजन समाप्त हुन्छ र पुन: अर्को सरकार बनाउन आवश्यक परेको अवस्थामा ती धाराहरू पुन: क्रियाशील हुन्छन्। प्रत्यर्थी प्रधानमन्त्री संविधानको धारा ४२ (२) अनुसार प्रधानमन्त्री नियुक्ति भएपछि सोही धाराको ४२ (३) अनुसार विश्वासको मत प्राप्त गरी सकेको हुँ दा धारा ४२ को प्रयोग एकपटकलाई समाप्त भएको छ। धारा ४२ (२) अनुसार प्रधानमन्त्रीले विश्वासको मत प्राप्त नगरेको भए मात्र धारा ४२ (४) अनुसार स्वत:

प्रतिनिधि सभा भंग हुने हो। अन्य देशको संसदीय अभ्यास र परम्पराले पनि यही कुरा पुष्टि गरेको छ। संविधानको धारा ४२ (२) अनुसार प्रधानमन्त्री नियुक्ति भएको र धारा ४२ (३) अनुसार विश्वासको मत प्राप्त गरी सकेपछि त्यस्तो प्रधानमन्त्रीको हैसियत धारा ४२ (२) अन्तर्गत नै रही रहदैन। त्यो अवस्थामा त्यस्तो प्रधानमन्त्री प्रतिनिधिसभामा बहुमत प्राप्त गरेको प्रधानमन्त्रीको रूपमा रहन्छ। किनकि संविधानत: धारा ४२ (१) (२) अन्तरगतको प्रधानमन्त्री त ३० दिन भन्दा बढीको हुन सक्दैन अर्थात त्यो समय भन्दा बढी समय प्रतिनिधिसभामा बहुमत प्राप्त गर्न नसक्ने व्यक्ति प्रधाानमन्त्रीमा रहदैन। संविधानको धारा ३६ (१) अनुसार होस् वा धारा ४२ अनुसार होस् यी दुवै अवस्थामा बनेका प्रधानमन्त्रीको विकल्पमा धारा ३६ (१) र धारा ४२ क्रमश: क्रियाशील हुन्छन् र ति धाराको प्रयोगबाट अर्को प्रधानमन्त्री नियुक्ति हुन्छ। संविधानको धारा ४२ (२) अनुसार प्रधानमन्त्रीमा नियुक्ति भएको र धारा ४२ (३) अनुसारको विश्वासको मत प्राप्त गरेका प्रधानमन्त्रीको विकल्पमा अर्को सरकार वन्न नसक्ने भन्ने प्रत्यर्थी प्रधानमन्त्रीले आफ्नो सिफारिश पत्रमा मुख्य आधार लिनु भएको छ। त्यो संविधानको धारा ४२ को विपरीत असंवैधानिक छ। यसरी प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटन गर्ने आधारमा विघटन भएको प्रतिनिधि सभाको कार्य असंवैधानिक हुने हुँदा स्वत: वदरभागी छ ।

(घ) प्रत्यर्थी प्रधानमन्त्रीले आफ्नो लिखित जवाफमा संविधानको धारा ५३ (४) मा पूर्व शर्त भएको हुँ दा त्यो धारा प्रयोग गरी प्रधानमन्त्रीले जुनसुकै अवस्थामा जसरी पनि प्रतिनिधि सभा विघटन गर्न सक्ने तर्क प्रस्तुत् गर्नु भएको छ। संविधानका धाराहरूले जुन जुन अंगलाई वा व्यक्ति विशेषलाई जे जस्ता अधिकारहरू दिएका छन् ती कुनै पनि अधिकार पूर्णत: स्वच्छाचारी छैनन्। हरेकको निश्चित सीमांकन छ। विश्वमा प्रचलित संसदीय अभ्यासमा वैकल्पिक सरकार वन्न सक्ने स्थितिमा प्रतिनिधिसभा विघटन गर्ने प्रचलन छैन। यो अवस्थामा संसद भंग गरिनु हँुदैन भन्ने राय "Wade and Bradley ले Constitution law को पेज ८५ मा उल्लेख गरेका छन्। ती हुन्- (१) संसद कार्य गर्न सक्ने स्थितिमा भएमा (२) राष्ट्रिय अर्थतन्त्रलाई नकारात्मक प्रभाव पार्ने भएमा (३) अगाडि भएको निर्वाचन ज्यादै निकट भएमा (४) अर्को सरकार वन्न सक्ने स्थिति भएमा। भारतमा चन्द्रशेखरको केशमा वैकल्पिक सरकारको खोजि हुँ दा त्यो संभव नभएपछि मात्र गरिएको छ। प्रस्तुत् विवाद प्रतिनिधिसभाका आवश्यकीय बहुमतले वैकल्पिक सरकार दिने जानकारी श्री ५ लाई गराएका छन्। तर संविधानत: अर्को वैकल्पिक सरकार वन्ने प्रकृयाको विरुद्धमा प्रधानमन्त्रीले ढोका वन्द गरि दिनुभएको छ। प्रतिनिधिसभा विघटनको सिफारिश गर्दा प्रधानमन्त्रीले आफ्नो पदबाट राजीनामा दिनु भएको छैन, प्रधानमन्त्रीले राजीनामा नभएको अवस्थामा प्रधानमन्त्रीलाई पदवाट हटाई अर्को वैकल्पिक सरकार वनाउने अधिकार श्री ५ मा छैन। प्रधानमन्त्रीले आफ्नो पदवाट राजिनामा दिएको अवस्थामा मात्र श्री ५ वाट वैकल्पिक सरकार वनाउने संवैधानिक धारा प्रयोग गर्न पाउने हुँ दा वैकल्पिक सरकारको संवैधानिक अभ्यासलाई प्रधानमन्त्रीले अवरोध

खडा गरी दिनु भएको छ । यसरी प्रधानमन्त्रीले वैकल्पिक सरकार बन्न सक्ने संवैधानिक व्यवस्थालाई निस्क्रिय बनाइ दिनु भएको छ । वैकल्पिक सरकार बन्ने अवस्था भएकोमा तत्सम्बन्धी संवैधानिक प्रकृयामा अवरोध खडा गरी प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्ने सिफारिश गर्नु भएको असंवैधानिक छ ।

(ङ) प्रधानमन्त्रीको सिफारिशमा Malafide intension छ छैन भन्ने प्रश्न पनि प्रस्तुत् विवादमा प्रमुख रूपमा उठेको छ भन्ने कुरा कति प्रमाणबाट पुष्टि हुन्छ भने कोही कार्य व्यवहारबाट नै स्वत: पुष्टि हुन्छ । अविश्वासको प्रस्तावको लागि तिथी तोकि विशेष अधिवेशनको आव्हान भई सके पश्चात् प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनको लागि सिफारिश गर्नु भएकोछ । यसबाट प्रतिनिधि सभामा अन्तरनिहित अधिकार (अविश्वासको प्रस्ताव ल्याउने) लाई निस्तेज बनाउनको लागि नै प्रधानमन्त्रीले त्यस्तो सिफारिश गर्नु भएको भन्ने कुरा स्वत: पुष्टि हुन्छ । अविश्वासको प्रस्ताव ल्याएको कारणबाट नै त्यस्तो सिफारिश गरिएको हो भन्ने कुरा प्रधानमन्त्रीले सार्वजनिक रूपमा अभिव्यक्त पनि गर्नु भएको छ । अविश्वासको प्रस्ताव ल्याउने प्रतिनिधि सभामा अन्तरनिहित अधिकार (संविधानको धारा ५९(२) र ५३ (३) को प्रकृया शुरूवात भइसकेपछि त्यस्तो अधिकार प्रति आफ्नो कर्तव्य जन्मी सकेको स्थितिमा त्यो कर्तव्य पूरा नगर्ने Malafide intention बाट प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनको सिफारिश गर्नु भएको हो भन्ने तथ्य स्वत: पुष्टि भएको छ । एकातर्फ यसरी आफ्नो कर्तव्यबाट भाग्ने Malafide intention प्रधानमन्त्रीमा देखिन्छ भने अर्को तर्फ राजीनामा नदिइ प्रतिनिधिसभाको विघटनको सिफारिश गर्नु भएको हुँ दा वैकल्पिक सरकार बनाउने अन्य संवैधानिक व्यवस्थालाई निस्कृय बनाउने Malafide intention पनि स्वत: प्रधानमन्त्रीको कार्यबाटै पुष्टि भएको छ । अत: माथि उल्लेख गरे अनुसार प्रधानमन्त्रीको सिफारिशको कार्यबाटै दुराशय भएको पुष्टि भएको हुँ दा प्रत्यर्थी प्रधानमन्त्रीको सिफारिश र सोबाट निसृत प्रतिनिधि सभा विघटन समेतका कार्य वदरभागी छन् ।

५. अत: माथि दफाहरूमा उल्लेख गरे अनुसार प्रत्यर्थी प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनको लागि श्री ५ मा चढाउनु भएको सिफारिश असंवैधानिक हुँ दा सो सिफारिशका आधारमा निसृत: अन्य सम्पूर्ण कार्य वदर भागी भएकोले रिट निवेदनको दांवी अनुसार ती सम्पूर्ण उत्प्रेषणको आदेशद्वारा वदर गरी प्रतिनिधि सभा पुनर्स्थापना गरी पाउँन जो चाहिने उपर्युक्त आज्ञाको आदेश जारी गरी पाउँ ।

६. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ ।

<u>वहसनोट प्रस्तुत कर्ता :</u>

वोर्णबहादुर कार्की,
अधिवक्ता प्र.प.स. १२३३

इति सम्वत् २०५२ साल श्रावण गते रोज शुभम् .....

सर्वोच्च अदालतमा चढाएको
लिखित वहस - नोट

म कानूनी व्यवसायी निवेदक चिरञ्जीवि बाग्ले विरूद्ध प्रधानमन्त्री मनमोहन अधिकारी हुनु भएको उत्प्रेषण परमादेशको निवेदनमा निवेदक तर्फबाट कानून व्यवसायी मुकरर भएको छु । यसमा सर्वोच्च अदालत नियमावली २०४९ को नियम ६६ बमोजिम निम्नलिखित बहस नोट पेश गरेको छु ।

१) संविधानको धारा ५३(४) मा प्रधानमन्त्री भन्ने शब्द रहेबाट प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गराउन पाउँछ भन्ने विपक्षीतर्फको जिकीर रहेको छ। संविधान जीवन्त दस्तावेज हो । यसलाई परिवर्तनशील समाज अनुरूप चलाउन पर्दछ । संविधानको व्याख्या उदारपूर्वक हुनुपर्दछ । संकिर्णताको भावना लिएर गर्न हुदैन । यसको आशय र प्रयोजनलाई मूर्तरूप दिनुपर्दछ । संविधानको व्याख्या गर्ने जुन महान कार्य न्यायलयलाई प्रदान गरिएको छ । यसलाई कार्यान्वयन गर्दा व्यापक र उदार दृष्टिकोण अपनाउनु पर्दछ । केवल वैयाकरणको भूमिका पूरा गर्ने मात्र हुनु हुदैन ।यसको यान्त्रिक अर्थान्वयन व्याख्याबाट बच्न पर्दछ ।

(२) संविधानको व्याख्यासम्बन्धी विषयमा भारतको उच्च न्यायलयबाट State Trading Corp v. Commercial Tax Officer को मुद्दामा न्यायमूर्ति दास गुप्ताले भन्नु भएको छ कि " In interpreting the Constitution the Courts have to take a broad and liberal view of what has been provided and should not rest content with the mere grammarians' role. If as is undoubtedly true, a syllogistic or mechanical approach of construction and interpretation of statutes should always be avoided, it is even more important when we contrue a Constitution that we should not proceed mechanically but try to reach the intention of the Constitution-makers by examining the substance of the thing and to give effect to that intention, if possible." - AIR Vol. 50, 1963, Supreme Court, p, 1813.

केशवानन्द भारती वि. केरला राज्य भएको मुद्दामा संविधानको बीज सम्बन्धित देशको माटोमा रोपिएको हुन्छ र आफ्नै देशको माटो र जलवायु त्यो बीऊलाई उम्रिन मद्दत गर्दछ । त्यसकारण संविधानको व्याख्या गर्दा यो तय गर्न उपयुक्त हुन्छ कि त्यही बीज अन्य जलवायुमा उमार्न सकिदैन । तसर्थ संविधानको व्यख्या गर्दा देशको राजनीतिक, आर्थिक अवस्था, सामाजिक अवस्था, जनताको चाहना समेतलाई विचार गर्नुपर्दछ ।

On the desirability of drawing heavily of relying on the provisions of the Constitutions of other countries or on the decisions rendered

therein, a word of caution will be necessary. It cannot be denied that the provisions of the Constitutions of other countries are designed for the political social and economic outlook of the people of those countries for whom they have been framed.

The seed of the Constitution is sown in a particular solid and it is the nature and the quality of the solid and the climatic conditions prevalent there which will ensure its growth and determine the benefits which it confers on its people. We cannot plant the same seed in a different climate and in a different solid and expect the same growth and the same benefit therefrom. Law varies according to the requirements of time and place. Justice thus becomes a relative concept varying from society to society according to the social milieu and economic conditions prevailing therein . The difficulty, to my mind, which foreign cases or even cases decided within the Commonwealth where the Common Law forms the basis of the legal structure of that unit, just as it is to a large extent the basis in this country, is that they are more often than not concerned with expounding and interpreting provisions of law which are not in pari matoria with those we are called upon to consider . The problems which confront those Courts in the background of the State of the society, the social and economic setup, the requirements of a people with a to tally different ethics, philosophy, temperament and outlook differentiate them from the problems and outlook which confront the courts in this country. It is not a case of shutting out light where that could profitably enlighten and benefit us. The concern is rather to safeguard against the possibility of being blinded by it. At the very inception of a constitutional democracy with a Federal structure innovated under the Government of India Act,1935,a note of caution was struck by the Chief Justice of India against following even cases decided on the constitutions of the Commonwealth units, which observations apply with equal force, if not greater, to cases decided under the American Constitution. Gywer, C.J. in inre: The Central Provinces and Berar Act No.XIV of 1938, which was the very first case under the 1935 act, observed at p. 38:" But there are few subjects on which the decisions of other Court require to be treated with greater caution than of federal and provincial powers, for in the last analysis the decision must depend upon the words of the constitution which the Court is interpreting, and since no two Constitutions are in identical terms, it is extremely unsafe to assume that a decision on one of them can be applied without qualification to another" This observation was

approved and adopted by Gajendragadkar, C. J. (speaking for seven judges) in Special Reference 1 of 1964. -Fundamental Rights Cases 1951-73. Edn. 1973 p.614-615

हाम्रो वर्तमान संविधान नेपालका न्यायविद्हरूले बनाएको हो र यो प्रजातान्त्रिक संविधानको निर्माण भएको र भर्खरै लागू भएको छ तापनि विरूवा लगाएर मात्र पर्दैन हुँदैन । त्यसलाई बचाउन मल जल गरे जस्तै संविधानको व्याख्या सम्मानित सर्वोच्च अदालतले आफै गर्नु परेको छ, नत्र त्यो विरूवा हुर्कन्न र त्यसै मरेर जान्छ ।

संविधानको व्याख्या गर्दा गणितीय र शाब्दकोपीय दृष्टिकोणबाट मात्र गरिनु हुँदैन । यसको प्रारम्भ कसरी भएको हो भन्ने सम्बन्धमा विचार हुनुपर्दछ । यससम्बन्धमा Oliver Wendell Holmes ले भनेका छन् कि:

The provisions of the Constitution are not mathematical formulas having their essence in their form; they are organic living institutions transplanted from English soil. Their significance is vital not formal; it is to be gathered not simply by taking the words and a dictionary, but by considering their origin and the line of their growth.

Walter F. Murrhy, Joseph Tanenhaus, Comparative Constitutional Law Case and Commentaries, p. 14

३. हाम्रो संविधानको धारा ५३ को उपधारा ४ मा प्रधानमन्त्री भन्ने शब्द उल्लेख छ केवल सो प्रधानमन्त्री शब्दलाई लिएर मात्र व्याख्या गर्न मिल्दैन संविधानको व्याख्या गर्दा यसको भावना र अक्षरको मर्मलाई बुझ्नु पर्दछ त्यसमा उल्लेख भएको प्रधानमन्त्रीले सबै प्रकारका प्रधानमन्त्रीलाई यस्तो अधिकार दिइएको हो भन्न मिल्दैन ।

मुख्य बुँदाहरू

यसमा निम्न बुँदाहरूबाट संविधानको अर्थ र भावना प्रष्टत: मुखरित हुन्छ। ती क्रमश: यी हुन् :

क) अल्पमतको मन्त्रिपरिपदको अध्यक्षता गर्ने प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गराउन पाउँदैन ।

ख) मौजूदा प्रतिनिधिसभाबाट अन्य वैकल्पिक प्रधानमन्त्री नियुक्त हुन सक्ने स्थिति रहेमा विघटन गराउन चढाइएको सिफारिशले संवैधानिक हकमा मान्यता प्राप्त गर्न सक्दैन ।

ग) प्रतिनिधिसभा सुचारू रूपले बहुमतद्वारा सञ्चालन हुन र गराउन सकिने अथवा विद्यमान मध्यावधि निर्वाचन गराउँदा राष्ट्रको अर्थतन्त्र ध्वस्त हुन जान्छ भने विघटन गराउन मिल्दैन ।

घ) बहुमतको प्रधानमन्त्रीले पनि स्वेच्छाले वा आफ्नो पार्टीको स्वार्थ हित सोचेर विघटन गराउन हुँदैन ।

ङ) दूराशययुक्त भावना लिई वा अधिकारको दूरूपयोग गरी वा दुषित निकायबाट अभिप्रेरित भएर गरिएको सिफारिश दृष्टि र बदर भागी हुन्छ ।

च) अल्पमतको प्रधानमन्त्री उपर अविश्वासको प्रस्ताव ल्याउने विशेष कारण दर्शाई अधिवेशन बोलाइएकोमा सो बस्ने मिति र समय तोकिसकेपछि विघटन गराउन मिल्दैन ।

छ) विघटनको सिफारिशको परिणामबाट संविधानमा व्यवस्थित कुनै कार्य प्रक्रिया निष्कृय तथा निर्जीव बन्न जाने हुन्छ भने त्यसलाई व्याख्याको माध्यमबाट जीवन्तता दिन ती परिणामजन्य काम कार्यवाहीहरू बदर गरिनु पर्दछ ।

(क)

अल्पमतको मन्त्रिपरिषदको अध्यक्षता गर्ने प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गराउन पाउँदैन ।

१) प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलदको नेतालाई संविधानको धारा ३६ (१) अनुसार श्री ५ बाट प्रधानमन्त्री नियुक्त गरी बक्सने व्यवस्था छ । त्यसरी नियुक्त भएको केही महीनापछि सो प्रधानमन्त्री उपर आफ्नै संसदीय दलको बहुमतले अविश्वास गरी नेतापदबाट हटाई अर्कोलाई संसदीय दलको नेता बनायो भने त्यसपछि प्रधानमन्त्री प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेता नहुने नरहने भएकोले त्यस्तो प्रधानमन्त्रीले धारा ५३ (४) बमोजिम विघटन गराउन चढाएको सिफारिशले संवैधानिक मान्यता पाउन सक्दैन ।

२) संविधानको धारा ४२(१) बमोजिम दुई वा दुई भन्दा बढी दलहरूको समर्थनबाट प्रतिनिधिसभाका सदस्यहरूको बहुमतको विश्वास प्राप्त गरेबाट प्रधानमन्त्री बनेको प्रतिनिधिसभाको सदस्यको अध्यक्षतामा बनेको संयुक्त मन्त्रिपरिषद्मा मतभेद उत्पन्न भै कुनै एक पार्टीका मन्त्रीहरूले राजीनामा गरी आफ्ना सदस्यहरूको समर्थन छैन भनेमा त्यस्तो प्रधानमन्त्री प्रतिनिधिसभाका सदस्यहरूको बहुमतको विश्वास प्राप्त हुन छाडेको मान्नु पर्दछ । तसर्थ त्यस्तो प्रधानमन्त्रीले विघटन गराउन चढाएको सिफारिशमा पनि संवैधानिक बल रहँदैन ।

३) संविधानको धारा ४२ (१) र (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (३) बमोजिम विश्वासको मत प्राप्त नगर्दैको अवस्थामा चढाइएको सिफारिशलाई पनि संवैधानिक मान्यता दिन मिल्दैन ।

४) संविधानको धारा ५९ (२) र (३) अनुसार प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको बहुमतले प्रधानमन्त्रीका विरूद्ध अविश्वासको प्रस्ताव पारित गरेपछि श्री ५ बाट धारा ३६ (५) (ख) बमोजिम पदमुक्त नगर्दैमा र गरिवक्सेपछि पनि धारा ३६ (७) बमोजिमको काम चलाउ प्रधानमन्त्रीले विघटन गराउन चढाएको सिफारिश संविधान प्रतिकूल मानिने हुन्छ ।

५) बहुमत कायम रहेको प्रधानमन्त्रीले प्रतिनिधिसभाको ५ वर्षको कार्यकाल पूरा गरेर आम निर्वाचन गराउँदा आफू प्रधानमन्त्री विजयी भयो तर आफ्नो पार्टी

हाऱ्यो । प्रधानमन्त्रीले राजीनामा नगरी प्रतिनिधिसभा नवस्दै विघटन गराउन सिफारिश गऱ्यो भने त्यस्तो प्रधानमन्त्रीले चढाएको सिफारिशबाट प्रतिनिधिसभा विघटन हुन सक्दैन ।

६) संविधानको धारा ३६ (१) र ४२ (१) अनुसार नियुक्त प्रधानमन्त्रीको प्रतिनिधिसभाको सदस्यताका अयोग्यतासम्बन्धी प्रश्न धारा ४८ बमोजिम उठ्दा अयोग्य ठहरेमा धारा ३६ (५) (ग) ले पदमुक्त गरिवक्सेपछि उपधारा (७) अनुसार काम चलाउ प्रधानमन्त्री रहेकै अवस्थामा तथा प्रधानमन्त्रीले चढाएको विघटनको सिफारिशले संवैधानिक मान्यता पाउँदैन ।

७) संविधानको धारा ४२(२) बमोजिम नियुक्त प्रधानमन्त्रीको सिफारिशले संवैधानिक वैद्यताको शक्ति सर्वथा प्राप्त गर्न सक्दैन । यसलाई धारा ५३ (४) बमोजिम सिफारिश गर्ने अधिकार नदिइएको कारणबाट नै धारा ४२(४) अनुसार भंग हुने व्यवस्था राखिएको हो । यदि ५३(४) बमोजिम विघटन गराउन सिफारिश गर्न पाउने भए सो धारा ४२ (४) राख्नु पर्ने आवश्यकता र प्रयोजन नै पर्ने थिएन । वेलायतको संवैधानिक परम्परा अल्पमतको प्रधानमन्त्रीले पनि विघटन गराउन सिफारिश गर्नुपर्ने हुन्थ्यो ।

८) संविधानको धारा ४२(३) बमोजिम पाएको विश्वासको मत ५ वर्षको पूरै कार्यकालको लागि दिइएको हर हालतमा होइन । यसले आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने प्रमाणित गराउन धारा ५९(१) अनुसार विश्वासको मत लिई रहनु पर्दछ । यसरी लिंदा समर्थन नपाएमा र धारा ४२ (१) अनुसारको वहुमतले अर्को प्रधानमन्त्री नियुक्त हुन गराउन नचाहेको अवस्थामा आफू पदमुक्त हुनु पर्दैन । यदि प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको वहुमतको विश्वास तथा समर्थन नभए नरहेमा पुनः ४२ (४) बमोजिम स्वतः भंग हुने हो । वेलायतमा जस्तो अल्पमतको प्रधानमन्त्रीको पनि विघटनको लागि सिफारिश चाहिने संवैधानिक वाध्यता श्री ५ लाई छैन । विना सिफारिश पनि प्रतिनिधिसभा भंग हुन्छ र नयाँ प्रतिनिधिसभाको निर्वाचनको मिति तोकिनु पर्ने हुन्छ ।

९) संविधानको धारा ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (३) अनुसार विश्वासको मत प्राप्त गर्दैमा लिखित जवाफ बमोजिम धारा ३६ (१) बमोजिमको हुन कुनै हालतमा पनि सक्दैन । किनभने त्यस्तो प्रधानमन्त्री धारा ३६ (१) मा लेखिए अनुसार प्रतिनिधिसभामा वहुमत प्राप्त संसदीय दलको नेता हुँदैन । अपितु धारा ४२ (२) बमोजिम प्रतिनिधिसभामा सबै भन्दा बढी सदस्यहरू भएको आफ्नै संसदीय दलको नेता नै भैरहन्छ । आफ्नो पार्टीका संसदीय दलका सदस्यहरूलाई संसदीय दलको नेता तथा मुख्य सचेतकले नियन्त्रण गर्दछन् । तर विश्वासको मत दिने अन्य पार्टीका सदस्यहरूलाई नियन्त्रण गर्न सक्दैन । यही नै मुख्य विभेद धारा ३६(१) बमोजिम प्रतिनिधिसभामा वहुमत प्राप्त संसदीय दलको नेताको रूपवाट हुने प्रधानमन्त्री र धारा ४२(२) बमोजिमको अल्पमतको संसदीय दलको रुपमा रहेको प्रधानमन्त्री हुने हो । यस्तोमा पनि धारा ४२ (२) बमोजिमको प्रधानमन्त्रीले सोको उपधारा (३) बमोजिम विश्वासको मत पाएपछि धारा ३६ (१)

बमोजिमको हुन्छ भनेर लिखित जवाफमा उल्लेख गर्नु संविधान सम्मत भएन ।

१०) संविधानको धारा ४२ (३) बमोजिम विश्वासको मत प्राप्त गर्नु भनेको धारा ३५(३) अनुसार देशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने कार्यकारिणी अधिकारसम्बन्धी अभिभारा पाएको मात्र हो । प्रतिनिधिसभा विघटन गराउने विधायिकी अधिकार दिइएको तथा पाएको हुँदै होइन ।

११) संविधानको धारा ५३ (४) को व्यवस्था विधायिकी सम्बन्धी भाग ८ मा गरिएको र भाग ७ मा गरिएको कार्यकारिणी अधिकारको विषय हो । मन्त्रिपरिषदको प्रशासकीय कार्यकारिणी सिफारिश धारा ३५ (२) अनुसार सल्लाह र सम्मतिबाट हुन्छ । विधायिकीय सिफारिश धारा ५३(४) अन्तर्गत पर्न आउँछ । विश्वासको मत दिंदा अल्पमतको सरकारले जस्तो सुकै विधेयक ल्याए पनि पारित गर्न दिने, जे जस्तो वार्षिक नीति र कार्यक्रम ल्याएमा अनुमोदन दिने र बजेट पनि भने जस्तै पारित गर्न दिनेछौं भनेर दिइएको होइन ।

१२) प्रतिनिधिसभा विघटन त्यस्तो प्रधानमन्त्रीले मात्र गराउन सक्दछ जो धारा ३६ (१) अनुसार प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेता हुन्छ । यस्तो नेताले सदनको बहुमतको आड लिएर मात्र गराउन पाउने हो । अल्पमतमा रहेकोले होइन ।

१३) प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको बहुमतको समर्थन बिनाको सिफारिशको संवैधानिक कुनै महत्त्व हुँदैन, रहँदैन ।

१४) हाम्रो संविधानको धारा ४२ को मन्त्रिपरिषद्सम्बन्धी विशेष व्यवस्था संसदीय शासन प्रणाली भएका कुनै देशको संविधानसंग मिल्दैन । यो एक विशेष व्यवस्था हो । त्यसैले यसको व्याख्या आफ्नै देशको परिवेशमा मिल्ने हुनु पर्दछ । अल्पमतको प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गराउन पाउँदैन र बराबर मध्यावधिमा लैजान हुँदैन भन्ने उद्गारहरू विभिन्न विद्वान र प्रधानमन्त्री लगायतले व्यक्त गरेकालाई निम्नानुसार उद्धृत गर्दै पेश गरेको छु :

"Clearly, situations in which there is no overall majority are those in which the possibility of finding alternative Ministers will occur. Asquith's declaration that a minority government does not have an automatic right to a dissolution does not distinguish between a government that has asked for a dissolution without having been defeated and a government that has been defeated either on a vote of confidence or on major legislative proposals."

- **Jeoffery Marshall,** *Constitutional Conventions* : The Rules and Forms of political Accountability, First Publish 1984, Reprinted 1993, P. 40

"So the rule about a government that loses the confidence of the House seems to be that it must either resign of advise dissolution. Its right is only to advise not to have. dissolution; since dissolution can, as we have seen, in some circumstances be refused."

Jeoffery Marshall, *constitutional Conventions : The Rules and Forms of Political Accountability*, First publish 1984, Reprinted 1993, P. 55.

"The cases of Mr. Lang in New South Wales in 1927 and General Hertzog in south Africa in 1939, as well as the opinions of keith, jennings and Laski, suggest that the Crown is not obliged to grant dissolution at the request of a minority of a cabinet. This view is, moreover, based on sound reasons of public policy."

- **Eugene A. Forsey,** *The Royal Power of Dissolution of Parliament in the British Commonwealth*, Toronto, Oxford University Press, 1943, P. 269.

"The notion that a Minister who cannot command a majority in the house of Commons... is invested with the right to demand a dissolution is as subversive of constitutional usage as it would, in my opinion, be pernicious to the paramount interests of the nation at large".

- **O. Hood Philips',** *constitutional and administrative law*, Edn. 6.P. 149.

(ख)

मौजूदा प्रतिनिधिसभाबाट अन्य वैकल्पिक प्रधानमन्त्री नियुक्त हुन सक्ने स्थिति रहेमा विघटन गराउन चढाइएको सिफारिशले संवैधानिक मायता प्राप्त गर्न सक्दैन ।

१) वर्तमान संविधानको प्रस्तावनाको भावनालाई आत्मसात गर्दा यसमा आधारभूत संरचनाहरूमध्ये संसदीय शासन प्रणाली र बहुदलीय प्रजातन्त्र हुन् । यसको भाग १७ मा राजनैतिक संगठनहरूको छुट्टै प्रभावकारी संवैधानिक व्यवस्था गरिएको छ । हामी नेपालीहरूको संस्कार तथा आचरणलाई ध्यानमा राख्दा विचारधारामा अत्यधिक बाहुल्यता रहेको देखिन्छ । त्यस्तै कारण यहाँ धेरै राजनैतिक पार्टीहरू खुलेका छन् । राष्ट्रिय मान्यता प्राप्त पार्टीको रूपमा ४ वटा राजनैतिक पार्टीहरू विद्यमान छन् । बहुदलीयतालाई आत्मावाटै स्वीकार गरिएको हुँदा धारा ४२ को विशेष व्यवस्था संविधानमा राख्ने परिकल्पना संविधान निर्मातालेराखेका हुन् ।

२) वर्तमान प्रतिनिधिसभाको बनौटको दृष्टिगोचर गर्दा सम्माननीय प्रधानमन्त्रीको पार्टीको संसदीय दल प्रतिनिधिसभाको अल्पमतमा र प्रतिपक्षीहरू बहुमतमा रहेको प्रष्ट देखिएको छ । प्रतिनिधिसभाको बहुमतले आफूले चाहेको प्रधानमन्त्री नियुक्त गराउन पाउने पूर्ण संवैधानिक अधिकार संविधानको धारा

३६ (१) र ४२ (१) ले दिएको छ । संसदीय प्रजातन्त्र भनेको बहुमतको शासन हो । बहुमतले नचाहेमा अल्पमतलाई कार्यकारिणी अधिकारको प्रयोगय गर्ने सरकार चलाउन दिन सक्दछ । यदि बहुमतले आफैं सरकार बनाउन चाहन्छ भने धारा ५९, (२) र (३) बमोजिम प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्या को बाट अविश्वास प्रस्ताव पारित गरी धारा ३६ (५) (ख) बमोजिम पदमुक्त गराई धारा ४२ (१) बमोजिम प्रतिनिधिसभाका सदस्यहरूको बहुमतको विश्वास प्राप्त गर्ने सदस्यलाई प्रधानमन्त्री नियुक्त गराउन पाउने हुन्छ । यस्तो संवैधानिक हकलाई कुण्ठित पार्ने दूराशययुक्त भावना लिई धारा ४२ (२) बमोजिम नियुक्त भएको प्रधानमन्त्रीलाई हटाई अर्को सरकार बन्न सक्दैन भन्ने भनाई संविधान सम्मत छैन ।

३) संविधानको धारा ४२(२) बमोजिम प्रधानमन्त्री नियुक्त भै सोको उपधारा (३) बमोजिम विश्वासको मत पाएपछि त्यस्तो प्रधानमन्त्री उपर अर्को अधिवेशनमा प्रतिनिधिसभाको विश्वास छैन भन्ने प्रस्ताव पारित हुँदासाय सो प्रधानमन्त्री धारा ३६(५) (ख) बमोजिम पदमुक्त हुन्छ र सोको उपधारा (७) बमोजिम अर्को मन्त्रिपरिषद गठन नभएसम्म काम चलाउमा परिणत हुन जान्छ । यसमा प्रयुक्त अर्को मन्त्रिपरिषद् गठन नभएसम्म भन्ने वाक्यांशले अर्को मन्त्रिपरिषदको गठन हुनै पर्ने संवैधानिक व्यवस्था भएको र प्रतिनिधिसभामा कुनै दलले प्रष्ट बहुमत प्राप्त गर्न नसकेको अवस्थामा विद्यमान रहेको हुनाले धारा ४२ (१) बमोजिम अर्को सरकार गठन हुनुपर्ने स्वत: सिद्ध छ ।

४) प्रतिनिधिसभाको विश्वास सम्मानीय प्रधानमन्त्री उपर छैन भनी अविश्वासको प्रस्ताव ल्याई पारित गराउन संविधानको धारा ५३ (३) बमोजिम अधिवेशन बस्ने यकिन भएपछि आफैंले प्रतिनिधिसभा विघटन गराउन सिफारिश चढाउँदा अर्को सरकार गठन हुन नसक्ने भन्ने र सो प्रस्तावको सामना पनि गर्न क्षमता नराख्नेले यस्तो असंवैधानिक तर्क दिन सर्वथा मिल्दैन ।

५) संविधानको प्रस्तावनाले राज्यशक्तिको स्रोत जनतालाई मानेको छ र धारा ३ ले नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित गराएको छ। सार्वभौम जनताले संवैधानिक शब्दको प्रयोग आफूद्वारा निर्वाचित प्रनिनिधिमार्फत गराउँछन् । प्रतिनिधिसभाको बहुमतले जसलाई प्रधानमन्त्री बनाउन विश्वास दिन्छ । उही जनप्रतिनिधि प्रधानमन्त्री बन्दछ । यसमा प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको बहुमतको दावीलाई ध्यानमा नराखी प्रतिनिधिसभा विघटन गराइएवाट सार्वभौमसत्ता जनताका प्रतिनिधिहरूको बहुमतको उपेक्षा हुन पुगेको छ ।

६) संविधानको धारा ११७ (१) (ङ) ले प्रतिनिधिसभामा विपक्षी दलको नेतालाई संवैधानिक मान्यता दिनुका साथै संसदको केही पदाधिकारीहरूको पारिश्रमिक कर सुविधा सम्बन्धी ऐन २०४८ ले राज्यका तर्फबाट पारिश्रमिक तथा सुविधाहरू उपलब्ध गराइएको छ ।

विपक्षीदलको नेता वैकल्पिक प्रधानमन्त्री हुन्छ । यसमा वैकल्पिक सरकार गठन गर्ने तर्फ प्रयासै नभएको लिखित जवाफको लेखाई र २०५२।२।३० को राजदरबारबाट प्रकाशित राजपत्रको सूचनाले दर्शाएको छ ।

७) वैकल्पिक सरकारको सम्भावना रहे भएको अवस्थामा प्रतिनिधिसभा विघटन गराउनु हुँदैन भन्ने विदेशी विद्वानहरुबाट व्यक्त गरिएका पुस्तकहरूको पृष्ठसंख्या दिई सम्बन्धित अंशको फोटोकपी पेश गरिएको छ ।

"Perhaps the following proposition would command a wide measure of support : The Queen may properly refuse a Prime Minister's request for a dissolution if she has substantial grounds for believing (i) that an alternative Government, enjoying the confidence of a majority of the House of Commons, can be formed without a General Elections, and (ii) that a General Election held at that time would be clearly prejudicial to the national interest."

- **Stanelye De Smith & Rodney Brazier,** *Constitutional and Administrative law*. Edn. 7, P. 129.

"The status of the leader of the Opposition, providing for a salary, charged on the consolidated fund, to be paid to him. This was right and proper, for he is the alternative Prime Minister, and a fundamental feature of the British Parliamentary system is that the leadership of the largest opposition party really is an alternative Government and should therefore be encouraged to behave like one; in short, being Leader of the Opposition is a full-time job."

- **Stanelye De Smith & Rodney Brazier,** *Constitutional and Administrative Low*. Edn, 7 P. 285

"The Sovereign could properly refust a dissolution if he were satisfied that (a) The existing parliament was still "vital, viable, and capable of doint its, job'. (b) a general election would be determental to the national economy and (c) he could rely on finding another Prime Minister who could carry on his Government for a reasonable period with a working majority."

- **E.C. S. Wade and G.** *Phillips, Constitutional and Administrative Law*, Edn, 9. p 227.

"It is likely that the queen could refuse a dissolution only where there is a viable alternative government and a general election would be harmful to the national interest. A dissolution has not been refused in Britain this centuary but one was refused by the Governor-General in Canada in 1926. The Governor-General's decisions as later rejected by the electorate.

- **John Alder,** *Constitutional & Administratative Law, Edn 2nd, p. 200.*

- **David Butlet,** *Governing Without a Majority,* Edn, 2nd, PP. 73, 107, 127, 129, 131.

"It has been asked-send for the leader of the next largest opposition party, or should she co-operate in the formation of coalition."

- **Geoffrey Marshall,** *Constitutional Conventions* :The Rules and *Forms of Political Accountability*; Clarendon Press - J Oxford. P. 220, 220

"If a party in office after an election, but without an overall majority, changes its leader after an election and the new leader is defeated more or less immediately he clearly could not expect to be given a dissolution of Parliament in order to hold a fresh general election. A future regime of coalition or minority governments clearly poses fresh question about the right of any incumbent Prime Minister to a dissolution of parliament on defeat in the House."

- **Geoffrey Marshall,** *Constitutional Conventions* : The Rules and *Forms of Political Accountability*, Clarendon Press - Oxford. p. 220, 221.

- **Rodney Brazier**, *Constitutional practice*, Edn, 2nd pp. 42,43,44,45,46,47,90,91,95,99. 189, 193, 208, 209.

"The paramount constitutional duty of the Leader of the Opposition is to be ready to take office as Prime Minister.

Rodney Braier, *Constitutional Practice, Edn, 2nd, p. 157.*

"Most Constitutional lawyers seem to support the idea that in a divided House. and particularly with a multi--party system, a minority Government - whether defeated or undefeated - is not entitled to a dissolution if an alternative Government is possible and furthermore is capable of carrying on with the existing House.

- **B.S. Markesinis**, *The Theory and Practice of dissolution of parliament*, Cambridge at the University Press, 1972, p. 87.

"The Crown Cannot refuse a dissolution to a majority government, but it may refuse a dissolution to minority government (whether defeated or not) provided an alternative government can be formed.

- **B.S. Markesinis**
- **B.S. Markesinis,** *The theory and practice of Dissolution of Parliament,* Cambridge at the University Pres. 1972. pp. 8. 11. 17. 35, 36, 43. 46, 47. 70. 75. 85, 87. 88. 90. 91. 92. 93. 94. 96. 113. 116. 120. 121. 122. 123. 229. 230. 231. 236. 237.

प्रतिनिधिसभा सुचारू रूपले बहुमतद्वारा संचालन हुन र गराउन सकिने अवस्था विद्यमान छ र मध्यावधि निर्वाचन गराउँदा राष्ट्रको अर्थतन्त्र ध्वस्त हुन जान्छ भने विघटन गराउन मिल्दैन ।

१) निवेदकको पार्टी नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टी तथा अन्य स्वतन्त्र सांसदहरू समेतको नेकाका श्री शेरबहादुर देउवालाई संविधानको धारा ४२(१) बमोजिम प्रतिनिधिसभाको बहुमतको विश्वास मत लिखित रूपमा प्रदान गरी गत जेष्ठ २८ र २९ गते प्रधानमन्त्री नियुक्त गरी बक्सन श्री ५ समक्ष जाहेर गरी सकेकां छन् । वर्तमान प्रतिनिधिसभामा नेका ८२ रा.प्र.पा. १९ र ने.स.पा. ३ तथा अन्य स्वतन्त्र ५ समेत गर्दा जम्मा सदस्य संख्या १०८ पुगेबाट प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्या २०५ को बहुमत प्रष्ट देखिएको छ ।

२) प्रतिनिधिसभाको सञ्चालन संविधानको धारा ५५ र ५८ अनुसार बहुमतबाट हुन्छ । बहुमतले प्रतिनिधिसभामा पेश हुने विधेयक, सरकारका नीति र कार्यक्रमहरू र राजदरवार व्ययको अनुमान (बजेट) धारा ६९ र ७७ अनुसार सहजतामा पारित गर्दछ । नेपाली कांग्रेसका संसदीय दलका नेता शेरबहादुर देउवा राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता लोकेन्द्र बहादुर चन्द र नेपाल सद्भावना पार्टीका संसदीय दलका नेता गजेन्द्रनारायण सिंह तथा प्रतिनिधिसभामा स्वतन्त्र रूपमा निर्वाचित हुनु भएका सदस्यहरू समेतले प्रतिनिधि विघटन हुनुभन्दा अगावै श्री ५ समक्ष २०५२।३।२८ गतेमा र पुन: प्रतिनिधिसभाका सदस्यहरू १०३ ले २०५२।३।२९ गते चढाउनु भएको निवेदनमा सम्माननीय प्रधानमन्त्री उपर अविश्वास व्यक्त गरी अन्य वैकल्पिक प्रधानमन्त्री नेकाका शेरबहादुर देउवालाई बहुमतको विश्वास प्रदान गरेकों जाहेरी संसदको अभिन्न अंगको रूपमा धारा ४४ अनुसार रही बक्सेको श्री ५ समक्ष जाहेर भैसकेको छ । यस कार्यबाट बहुमतको वैकल्पिक सरकार तथा बहुमतबाटै प्रतिनिधिसभा सञ्चालन हुने यथार्थ रूपमा प्रमाणित भैसकेको छ ।

३) नयाँ जनादेश लिंदा पनि कुनै एक राजनैतिक पार्टीले अवश्य नै बहुमत प्राप्त गर्नेछ भन्ने पनि ग्यारेन्टी छैन । जबसम्म बहुमत प्राप्त गर्दैन तबसम्म अल्पमतको सरकारले प्रतिनिधिसभा विघटन गराउँदै लैजाने हो भने देशको आर्थिक स्थितिको के कस्तो हालत होला ? यो संसदीय प्रजातन्त्र कुन आधारमा जनप्रिय होला ? विचारणीय विषय छ ।

४) गत २०५१ साल कार्तिकमा मध्यावधि निर्वाचन भएँको हो । अहिले पुन: मध्यावधि गराउने सिफारिश गरी विघटन गराइएको छ । देशमा मध्यावधि निर्वाचन बारम्बार गराई रहँदा राष्ट्रको अर्थतन्त्रमा असर परी विनाशकारी स्थितिमा पुऱ्याउँदछ भने संसद विघटन गराउन हुँदैन भन्ने सर्वमान्य संसदीय मान्यताको सिद्धान्त हो । गत वर्षको मध्यावधि निर्वाचनमा रू. ६४ करोड सरकारको दृष्य रूपमा नै खर्च भएको यथार्थतालाई वर्तमान अर्थमन्त्रीज्यूले आफू मन्त्री भएपछि सर्वसाधारणलाई जानकारी गराउनु भएको छ ।

निर्वाचनमा उम्मेदवार उठाउने राजनैतिक पार्टी तथा स्वयं उम्मेद्वारको समेत अवश्य नै अरबौं खर्च भएकोमा विवाद गर्ने ठाउँ छैन ।

५) वर्तमान सरकारले पनि आगामी निर्वाचनको लागि भनेर रू. ४० करोड छुट्याईएको कुरा अर्थ मन्त्रीज्यूको बजेट वक्तव्यबाट थाहा हुन आएको छ । उम्मेद्वारहरूको र राजनैतिक पार्टीहरूको कति खर्च हुने हो । हिसाब गरी साध्य छैन । अरबौं खर्च हुने अवश्यम्भावी छ ।

६) विश्वमा अत्यन्त गरीब र अविकसित मुलुकको रूपमा चिनिएको देश नेपाल जसको खूद वैदेशिक ऋण रू. ११२ अरब ६० करोड ५७ लाख र आन्तरिक ऋण करीब रू. २८ अरब ४५ करोड ३० लाख छ । वर्षेनी ६/७ अरब रूपैयाँ ऋणको साँवा र व्याजको भुक्तानीमा खर्च हुन्छ । वर्तमान व्याजको राष्ट्रिय आवश्यकता अनुरूप सीमित साधनलाई उत्पादनशील क्षेत्रमा लगाई प्रतिफल निकाल्न र देशलाई आर्थिक विकासको पक्षमा लानु पर्नेमा वर्षेपिच्छे मध्यावधि निर्वाचन गराइएवाट देशको आर्थिक क्षेत्रवाट हुने पुगेको छ । यो वर्ष कृषि उत्पादन घटेको तथ्यलाई स्वयं अर्थमन्त्री बजेटमा स्वीकार गर्नु भएको छ ।

७) मध्यावधि निर्वाचनवाट पर्ने उल्लेखित आर्थिक प्रभाव बारे छुट्टै रिपोर्ट तयार पारी यसै बहसनोट साथ सोको फोटोकपी पेश गरेको छु । माननीय न्यायकर्ताहरूबाट हेरी न्यायिक विवेक प्रयोग गर्न सादर अनुरोध गर्दछु ।

८) राष्ट्रलाई बारम्बार मध्यावधि लैजान पर्ने गराइएको कारणवाट निरपेक्ष गरीबीमा रहेकाहरूका जीवन गुजार्न बाध्य भएका नेपाली जनताको मनमा संसदीय प्रजातन्त्रप्रति नै अनास्था र वितृष्णा उत्पन्न गराउने कार्य भएको छ । यो संसदीय प्रजातन्त्रको स्थापना र पुनर्स्थापना गराउँदा धेरै नेपालीको ज्यान गुमेको छ । धेरैले दु:ख पाएका हुन् । यसतर्फ समेत हामी सबैले गम्भीर भएर सोच्नु परेको छ । सत्ता प्राप्ति मात्र एकमात्र लक्ष्य लिने राजनैतिक पार्टीका नेताहरूलाई देशको वास्तविक आवश्यकतातर्फ ध्यान आकर्षित गराउनु आजको आवश्यकता र युगको माग हुन आएको छ ।

९) संसद सुचारू रूपले सञ्चालन हुन सक्ने र मध्यावधि निर्वाचन गराउँदा राष्ट्रको आर्थिक अवस्था हानिकारक हुन्छ भने संसद विघटन गराउन हुँदैन भन्ने विभिन्न महानुभावहरूवाट अभिव्यक्त उद्गारहरू तल लेखिए अनुसार छन् :

"A dissolution Might be refused if (1) the existing parliament was still vital and capable of doing its job, (2) a General Election would be detrimental to the national economy, and (3) the King could rely on finding another Prime Minister who could carry on his government for a reasonable period with a working majority in the House of Commons."

Geoffre Marshall, *Constitutional Convention: The Rules and Forms of political Accountability,* Clarendon Press, Oxford. P. 39.

"The Crown should act arbitrarily and without the advice of responsible ministers, but it does mean that the Crown is not bound to take the advice of a particular minister to put its subject to the tumult and turmoil of a series of general elections so long as it can find other ministers who are prepared to give it a trial. The notion that a Minister - a Minister who cannot command a majority in the House of Commons - is invested with the right to demand a dissolution is as subversive of constitutional usage as it would, in my opinion, be pernicious to the general and paramount interests of the nation at large."

- **Geoffrey Marshall,** *Constitutional Conventions : The Rules and Forms of political Accountability,* Clarendon Press, Oxford, P. 38

"The Sovereign could properly refuse a dissolution if he were satisfied that (a) the existing parliament was still 'vital, viable, and capable of doing its job', (b) a general election would be detrimental to the national economy and (c) he could rely on finding another Prime Minister who could carry on his Government for a reasonable period with a working majority,

- **E.C.S. Wade and G. Phillips,** *Constitutional and Administrative Law,* Edn., 9. P. 227

मध्यावधि निर्वाचनबाट पर्ने सम्भावित आर्थिक प्रभावको आर्थिक विशेषज्ञद्वारा तयार पारिएको रिपोर्ट यसै साथ संलग्न छ ।

श्री ५ को सरकार अर्थ मन्त्रालय २०५२ द्वारा तयार पारिएको आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०५१-२०५२, पेज नं. ११९ देखि १२० सम्म फोटोकपी यसै संलग्न छ ।

(घ)

बहुमतको प्रधानमन्त्रीले पनि स्वेच्छाले वा आफ्नो पार्टीको स्वार्थहित मात्र सोचेर विघटन गराउनु हुँदैन ।

१) विघटन गराउन चाहने प्रधानमन्त्रीले आफू खुशी वा आफ्नो पार्टीको स्वार्यको हितलाई मात्र ध्यानमा राखेर गराउन हुँदैन । राष्ट्र र जनताको हितको संरक्षणको लागि असल नियतले गराउन चहेको हो भन्ने समूचित औचित्य तथा युक्तिसंगत कारण र अधारहरू दिइएको हुनुपर्दछ । तर प्रधानमन्त्रीले चढाउनु भएको सिफारिशमा नेकाले संविधानको धारार ५३(३) वमोजिम अधिवेशन वोलाइवक्सन वाञ्छनीय छ भनी समावेदन गरेवाट देशलाई प्रष्ट दिशा दिन अन्यौल समाप्त गरी निश्चित र स्थायी सरकार गठन गर्न विघटन गराउन परेको हो भन्ने दर्शाउनु भएको छ । संविधानद्वारा प्रदत्त विशेष अधिवेशन वोलाई अविश्वास प्रस्ताव पारित गराउने आफ्नो हक प्रचलन गराउन निवेदक समेतले चढाउनु भएको समावेदनका लागि विघटन

गराउने आधार र औचित्य बनाउन सर्वथा मिल्दैन। संविधानले दिएको हक उपभोग गर्न लाग्दा प्रतिनिधिसभा नै विघटन गराउनु संविधानको विपरित जानु हो।

२) विघटन गराउने सिफारिश प्रतिनिधिसभा सुचारू रूपले चलाउन संविधानत: बाधा अड्चन परेको र अर्को वैकल्पिक स्थिर र सक्षम सरकार बन्न नसक्ने आधार दिइएको हुनुपर्छ। गत वर्ष गराइएको विघटनको २०५१ असार २७ गतेको प्रकाशित राजदरबारको विज्ञाप्तिमा श्री ५ को सरकारको नीति र कार्यक्रमलाई वाञ्छित राजनैतिक समीकरणद्वारा विफल पार्ने अवस्था सिर्जना भैसकेपछि अर्को स्थिर सरकार गठन हुन सक्ने सम्भावना देखिन भनी चढाइएको सिफारिशलाई आधार लिइएको थियो।

३) यस पटकको अतिरिक्त ६ (क) को २०५२।२।३० गतेको राजपत्रमा प्रधानमन्त्रीले विभिन्न कारण देखाइ सिफारिश चढाउनु भएको भन्ने मात्र उल्लेख छ। प्रतिनिधिसभाको साधारण अधिवेशन २०५२ अषाढ ११ गते बस्ने संसद सचिवालयको सूचना २०५२ आषाढ २६ गते राजपत्रमा प्रकाशित भएको छ। अल्पमतमा रहेको सरकारले बहुमतको प्रतिनिधिसभा सञ्चालन गर्न हरेक कार्यमा बहुमतको सहमति आवश्यक भैरहने हुन्छ। यसमा त संसद बसेकै थिएन भने सो चलाउन बाधा अड्चन पर्नु भन्ने अवस्था नै थिएन। प्रतिनिधिसभाको बहुमतमा रहेका प्रतिपक्षीहरूले सरकार गठन गराएपछि प्रातिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट सुचारू रूपले संसद् चल्न सक्ने अवस्था भैरहेकोमा अनुचित उद्देश्य (inproper purpose) दर्शाइ चढाउनु भएको सिफारिश पूर्णत: बदरभागी छ।

४) सम्माननीय प्रधानमन्त्रीज्यूले संविधानको धारा ४२(२) बमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएको भनी धारा ४२(१) र (२) को संविधानको अक्षर र भावनाको विपरित हुने व्याख्या गर्नु भएकै आधारमा सिफारिशमा उल्लेख गरिएको छ। प्रस्तुत कारण पूर्णत: असंवैधानिक छ। दुई वा दुईभन्दा बढी दलहरूको समर्थनबाट प्रतिनिधिसभाका सदस्यहरूको बहुमतको विश्वास प्राप्त गर्न सक्ने सदस्यलाई जुनसुकै अवस्थामा पनि प्रतिनिधिसभाको बहुमतले प्रधानमन्त्रीमा नियुक्त गराउन तथा नियुक्त हुने संवैधानिक अधिकार दिएको छ। संविधानको विद्यमान प्रावधानले वैकल्पिक सरकार गठन हुन गराउन अवरोध गरेको छैन। अवरोध पुऱ्याएको छ भन्ने व्याख्या संविधान सम्मत छैन।

५) प्रधानमन्त्रीज्यू सिफारिशमा देशको हित संरक्षण तथा जनताको सुख र समृद्धिको अभिवृद्धिको परिकल्पना राखेर संसदीय प्रजातन्त्रको सम्वर्द्धन र सुदृढीकरण न त देशको अशिक्षा, रोग, भोक, निराकरण गराउने लक्ष रहेको छ। आफ्नै पार्टीको नीति र कार्यक्रम लागू गर्न मुलुकलाई स्थायी सरकार दिन विघटन गराइएको भन्नु भएको हुनाले आफ्नो पार्टीको हितको स्वार्थको लागि विघटन गराइएको रहेछ भन्ने प्रष्ट देखिएको छ। यस्ता कारण र आधार दिई सिफारिश गरिएबाट संसदीय मर्यादाको कुठाराघात हुन पुगेको छ।

६) लिखित जवाफको प्रकरण ५ को अन्तिम वाक्यांशमा स्वतन्त्र विवेकको प्रयोग विघटन गराएको भन्ने भनाइबाट प्रधानमन्त्रीकै भनाईअनुसार स्वेच्छाले गरेको र त्यसको आधार र औचित्य नभए नरहेको प्रत्यक्ष प्रमाणित भैरहेको छ।

७) गत वर्षको विघटनसम्बन्धी फैसलामा पनि प्रतिनिधिसभा विघटनको सिफारिश प्रधानमन्त्रीले स्वेच्छाचारी भई गर्न नपाउने त्यसको आधार र औचित्य हुनुपर्ने कुनै इतर कारणबाट अभिप्रेरित भएर गरेको हुनुहुँदैन भन्ने कानूनी सिद्धान्त प्रतिपादित भैसकेको छ।

८) आफ्नो पार्टीको हितको लागि र अनुचित उद्देश्य पूर्तिको लागि विघटन गराउन सिफारिश गर्न हुँदैन। गरेमा असंवैधानिक हुन्छ भनी येलायत तथा भारतका विद्वानबाट अभिव्यक्त उद्धरणहरूको उल्लेख गरी सोको फोटोकपी पेश गरिएको छ।

"A Prime Minister, seeking dissolution has to remember that the power of dissolution should not be "misused for party purpose" (C.f. Lowell., Government of England, Vol. 1 p. 34) A proper case for an advice to dissolve arises, for example, when, owing to the emergence of new issues or the like, it is necessary to obtain a new mandate from the electorate, - the ultimate source of authority, - which may not be available from representatives who were elected upon different issues and under different circumstances.

Durga Das Basu. *Commentary on the Constitution of India,* Volume two. P. 427

It would, again, be an improper request for dissolution when it is made by a Government- "not because its majority is slender or unreliable, nor because new issues would seem to require a new mandate from the electorate, but because it considered a given situation as opportune for obtaining a new lease of life from the electorate which might not be accorded so readily if the existing Legislature were allowed to run out its normal course, A moment of national excitement after external victory of internal Commotion may offer a welcome opportunity for drowing memories of administrative blunders and unpopular legislation in a wave of legitimist or revolutionary enthusiasm and securing a lengthy extension of the term of office of the party in power.... The very foundation of the system breaks down if the party in office has the power, by an unscrupulous use of the power of dissolution, to mislead and escape electoral judgement." (Cf. Jennings, Constitution of Ceylon, P. 50)

Durga Das Basu, Commentary on the Constitution of India. Volume two. P. 426.

६) लिखित जवाफको प्रकरण ५ को अन्तिम वाक्यांशमा स्वतन्त्र विवेकको प्रयोग विघटन गराएको भन्ने भनाइबाट प्रधानमन्त्रीकै भनाईअनुसार स्वेच्छाले गरेको र त्यसको आधार र औचित्य नभए नरहेको प्रत्यक्ष प्रमाणित भैरहेको छ ।

७) गत वर्षको विघटनसम्बन्धी फैसलामा पनि प्रतिनिधिसभा विघटनको सिफारिश प्रधानमन्त्रीले स्वेच्छाचारी भई गर्न नपाउने त्यसको आधार र औचित्य हुनुपर्ने कुनै इतर कारणबाट अभिप्रेरित भएर गरेको हुनुहुँदैन भन्ने कानूनी सिद्धान्त प्रतिपादित भैसकेको छ ।

८) आफ्नो पार्टीको हितको लागि र अनुचित उद्देश्य पूर्तिको लागि विघटन गराउन सिफारिश गर्न हुँदैन । गरेमा असंवैधानिक हुन्छ भनी येलायत तथा भारतका विद्वानबाट अभिव्यक्त उद्धरणहरूको उल्लेख गरी सोको फोटोकपी पेश गरिएको छ ।

"A Prime Minister, seeking dissolution has to remember that the power of dissolution should not be "misused for party purpose" (C.f. Lowell., Government of England, Vol. 1 p. 34) A proper case for an advice to dissolve arises, for example, when, owing to the emergence of new issues or the like, it is necessary to obtain a new mandate from the electorate, - the ultimate source of authority, - which may not be available from representatives who were elected upon different issues and under different circumstances.

Durga Das Basu. *Commentary on the Constitution of India*, Volume two. P. 427

It would, again, be an improper request for dissolution when it is made by a Government- "not because its majority is slender or unreliable, nor because new issues would seem to require a new mandate from the electorate, but because it considered a given situation as opportune for obtaining a new lease of life from the electorate which might not be accorded so readily if the existing Legislature were allowed to run out its normal course, A moment of national excitement after external victory of internal Commotion may offer a welcome opportunity for drowing memories of administrative blunders and unpopular legislation in a wave of legitimist or revolutionary enthusiasm and securing a lengthy extension of the term of office of the party in power.... The very foundation of the system breaks down if the party in office has the power, by an unscrupulous use of the power of dissolution, to mislead and escape electoral judgement." (Cf. Jennings, Constitution of Ceylon, P. 50)

Durga Das Basu, Commentary on the Constitution of India. Volume two. P. 426

"The Prime Minister would be seeking a dissolution with the improper motive of trying to prevent his ouster from office by an adverse Parliamentary majority, and also that a new majority government could be installed without the need for a general election. If the Queen were to apply that second principle and refuse a dissolution, the government would resign and the new Labour- Liberal Democrat administration would take office. **Rodney Brazier,** *Constitutional Practice,* Edn 2, p. 44.

"There should be an adequate cause of public policy : See Emden (ed) Selected speeches on the constitution, Vol. I. P. 89.

Geoffrey Marshall, *Constitutional Conventios : The Rules and Forms of political Accountability,* Clarendon Press. Oxford. P. 39

The Principle that's new House of Commons has a right to live if it can and should not be destroyed until some fresh issue or situation has arisen to place before the electors'

- **Geoffre Marshall,** *Constitutional Conventions : The Rules and Forms of Political Accountability, Clarendon Press. Oxford. P. 39.*

"Repeated requests for dissolution would certainly be an improper putting of the country to the tumult and turmoil of General Elections.

Geoffrey Marshall, *Constitutional Conventions : The Rules and Forms of Political Accountability,* Clarendon Press, oxford P. 38.

(ङ)

दुराशययुक्त भावना लिई वा अधिकारको दुरूपयोग गरी वा इतर निकायबाट अभिप्रेरित भएर गरिएको सिफारिश दुषित र वदरभागी हुन्छ ।

१) सम्माननीय प्रधानमन्त्रीले दुराशययुक्त भावना राखी विघटन गराउन श्री ५ समक्ष सिफारिश चढाउनु भएको हो भन्ने यथार्थता उहाँले विघटन गराउनु पर्ने आधार र कारण सो सिफारिशमा दिँदा आफूलाई अविश्वासको प्रस्ताव ल्याउन संविधानको धारा ५३(३) वमोजिम अधिवेशन बोलाएवाट प्रतिनिधिसभा विघटन गराउन चाहेको हुँ भन्नु भएवाट यही नै उहाँको मनशाय दुराशययुक्त र प्रतिशोधपूर्ण रहेछ भन्ने ज्वलन्त रूपमा स्वत: प्रमाणित भैरहेको छ ।

२. प्रधानमन्त्रीज्यूले प्रतिनिधिसभा विघटन गराउन चढाउनु भएको सिफारिश २०५२ साल जेष्ठ ३० गते आफ्नो निवास स्थान बालुवाटारमा पत्रकार सङ्कलन गर्दा स्वदेशी तथा विदेशी पत्रकारहरू र आफ्नै सरकारी माध्यमहरूको सञ्चालन गर्ने प्रचलित कानून वमोजिम संगठित सार्वजनिक संस्था, गोरखापत्र, नेपाल टेलिभिजन, राइजिंग नेपाल र रेडियो नेपाललाई प्रतिनिधित्व गर्ने अधिकारप्राप्त व्यक्तिहरूलाई समेत बोलाई श्री ५ का जूनाफमा प्रतिनिधिसभा विघटन गराउन चढाउनु भएको

"The Prime Minister would be seeking a dissolution with the improper motive of trying to prevent his ouster from office by an adverse Parliamentary majority, and also that a new majority government could be installed without the need for a general election. If the Queen were to apply that second principle and refuse a dissolution, the government would resign and the new Labour- Liberal Democrat administration would take office. **Rodney Brazier,** *Constitutional Practice,* Edn 2, p. 44.

"There should be an adequate cause of public policy : See Emden (ed) Selected speeches on the constitution, Vol. I. P. 89.

Geoffrey Marshall, *Constitutional Conventios : The Rules and Forms of political Accountability,* Clarendon Press. Oxford. P. 39

The Principle that's new House of Commons has a right to live if it can and should not be destroyed until some fresh issue or situation has arisen to place before the electors'

- **Geoffre Marshall,** *Constitutional Conventions : The Rules and Forms of Political Accountability, Clarendon Press. Oxford. P. 39.*

"Repeated requests for dissolution would certainly be an improper putting of the country to the tumult and turmoil of General Elections.

Geoffrey Marshall, *Constitutional Conventions : The Rules and Forms of Political Accountability,* Clarendon Press, oxford P. 38.

(ङ)

दुराशययुक्त भावना लिई वा अधिकारको दुरूपयोग गरी वा इतर निकायबाट अभिप्रेरित भएर गरिएको सिफारिश दुषित र वदरभागी हुन्छ ।

१) सम्माननीय प्रधानमन्त्रीले दुराशययुक्त भावना राखी विघटन गराउन श्री ५ समक्ष सिफारिश चढाउनु भएको हो भन्ने यथार्थता उहाँले विघटन गराउनु पर्ने आधार र कारण सो सिफारिशमा दिँदा आफूलाई अविश्वासको प्रस्ताव ल्याउन संविधानको धारा ५३(३) वमोजिम अधिवेशन वोलाएवाट प्रतिनिधिसभा विघटन गराउन चाहेको हुँ भन्नु भएवाट यही नै उहाँको मनशाय दुराशययुक्त र प्रतिशोधपूर्ण रहेछ भन्ने ज्वलन्त रूपमा स्वत: प्रमाणित भैरहेको छ ।

२. प्रधानमन्त्रीज्यूले प्रतिनिधिसभा विघटन गराउन चढाउनु भएको सिफारिश २०५२ साल जेष्ठ ३० गते आफ्नो निवास स्थान वालुवाटारमा पत्रकार सङ्कलन गर्दा स्वदेशी तथा विदेशी पत्रकारहरू र आफ्नै सरकारी माध्यमहरूको सञ्चालन गर्ने प्रचलित कानून वमोजिम संगठित सार्वजनिक संस्था, गोरखापत्र, नेपाल टेलिभिजन, राइजिंग नेपाल र रेडियो नेपाललाई प्रतिनिधित्व गर्ने अधिकारप्राप्त व्यक्तिहरूलाई समेत वोलाई श्री ५ का जूनाफमा प्रतिनिधिसभा विघटन गराउन चढाउनु भएको

सिफारिशको प्रतिलिपिहरू वितरण गर्दा सार्वजनिक गराइ सकिएको विषयलाई आफ्नो लिखित जवाफमा यस्तो सिफारिश गरेको छु भनी त्यस्तो जानकारी कसैलाई गराएको छैन भनेर प्रधानमन्त्रित्व पदको गरिमाको मर्यादा नराखी असत्य कुराको जिकीर लिनु भएबाट उहाँको भावना दूराशययुक्त रहेको अझ बढी प्रमाणित हुन आएको छ ।

३. दूराशय Mala Fides को शब्दार्थ The Oxoford Companian to Law. Page 199 मा यस प्रकार गरिएको छ ।

"Mala fides, bad faith. a term for the state of mind of a person who acts dishonestly, in the knowledge of lack of title or otherwise without belief in the legal justification for his actions.

४. नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २ (ज) लापरवाहीसाथ गरेको वा नगरेको जे भए तापनि वास्तवमा इमान्दारीसाथ गरिएको असल नियतले गरेको मानिनेछ भनिएको छ। सम्माननीय प्रधानमन्त्रीले राष्ट्रहित र जनताको भलाइको लागि विघटन गराउनु भएको होइन, केवल आफू सत्तामा वसी निर्वाचन गराउन पाएमा पुनः निर्वाचित हुँला भनेर मात्र ध्यान दिई असल नियत नराखी सिफारिश गर्नु भएको हो ।

५) प्रधानमन्त्रीज्यूको अध्यक्ष हुनु भएको पार्टी नेकपा एमालेको केन्द्रीय समिति तथा राज्य व्यवस्था समितिसमेतले प्रतिनिधिसभा विघटन गराउनु होस् भनि दिइएको निर्देशनबाट अभिप्रेरित भएर सिफारिश चढाउनु भएको हो । यसको ज्वलन्त प्रमाण मध्ये उहाँकै पार्टीको मुखपत्रको रूपमा रहेको दृष्टि साप्ताहिकको फोटोकपि रिट निवेदनसाथ पेश भएकै छ । यसबाट प्रतिनिधिसभा विघटन गराउन चढाइएको सिफारिश दूषित हो भन्ने प्रत्यक्ष प्रमाणित छ ।

६) दूराशययुक्त भावनाले अभिप्रेरित भएर कुनै पनि पदाधिकारीले कुनै काम गर्नु हुँदैन, यदि गरियो भने बदर भागी हुन्छ भनी विभिन्न विद्वानहरूबाट भनिएका कथनहरू यस प्रकार छन् ।

"An authority entrusted with a discretion must not,in the purported exercise of its discretion, act under the dictation of another body or person. The law reports occasionally reveal cases of flagrant impropriety. In two modern Commonwealth cases licensing bodies were found to have taken decisions on the instructions of the heads of government how were prompted by extraneous motives.

- **S. A. DE Smith,** *Judicial Review of Administrative Action*, Edn. 2. p 292

"In most contexts the courts will pursue their inquiry further and will consider whether the repository of a discretion, although acting in good faith, has abused its power by exercising it for an inadmissible purpose or on irrelevant grounds or without regard to relevant

considerations or with gross unreasonableness. Discretion's to which the courts apply the criteria are sometimes (but not always) called judicial or qualified discretions."

- **S.A. De Smith,** *Judicial Review of Administrative Action,* Edn. 2. P. 301

See also - **S.A. DE Smith,** *Judicial Review of Administrative Action,* Edn. 2. P. 303, 304

- **H.W.R. Wade,** *Administrative Law*, Edn. 6, Good Faith, P. 442, 445.

(च)

अल्पमतको प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भन्ने प्रस्ताव ल्याउने विशेष कारण दर्शाई अधिवेशन बोलाइएकोमा सो बस्ने मिति र समय तोकिसकेपछि विघटन गराउन मिल्दैन ।

१. प्रतिनिधिसभाका सदस्यहरूलाई संविधानको धारा ५३(३) ले समावेदन चढाई विशेष अधिवेशन बोलाउन पाउने संवैधानिक हक प्रदान गरेको छ । निवेदक समेतको प्रस्तुत हक विधायिकी हक सम्बन्धी हो । विधायिकाले कार्यपालिकालाई नियन्त्रण गर्दछ । कार्यपालिका व्यवस्थापिकाको सृजना हो । कार्यपालिकाको उपज विधायिका होइन । विधायिकाको नियन्त्रण आफ्नै बहुमतले आफै गर्दछ । अरू कुनैबाट नियन्त्रित हुँदैन ।

२. संविधानले नेपाल कानून व्याख्यासम्बन्धी ऐन २०१० लागू हुने भन्ने धारा १२३(२) मा लेखिएको छ । यस ऐनको दफा ४ अनुसार प्राप्त भैसकेको हक र सुविधामा पछिको कार्यले कुनै प्रकारको असर पार्न नसक्ने कानूनी व्यवस्था छ । सम्माननीय प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भन्ने प्रस्ताव पारित गर्दा धारा ३६ (५) (ख) बमोजिम पदमुक्त गराई अर्को प्रधानमन्त्री धारा ४१(१) बमोजिम नियुक्त गराउन पाउने हक विशेष अधिवेशन बोलाइएबाट प्राप्त भैसकेकोलाई अन्यथा हुने गरी बाधा विरोध पारी प्रतिनिधिसभा नै विघटन गराउन चढाइएको सिफारिश संविधान विपरित छ । यस्तोमा पनि विघटन गराइएबाट संविधानको प्रतिकूल हुन गएको प्रष्ट देखिएको छ ।

३. प्रतिनिधिसभा विघटन गराउने सिफारिश चढाउन पाउने प्रधानमन्त्रीको अधिकारभन्दा उहाँलाई प्रधानमन्त्री बनाउने र चाहेमा तुरून्तै तत्कालै हटाउन पनि सक्ने प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको बहुमतको अधिकार ज्यादै ठूलो महत्त्वको हुन्छ ।

४. संविधानको धारा ५३(३) अनुसार अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी समावेदन गरेमा श्री ५ बाट अधिवेशन वा बैठक बस्ने मिति र समय तोकी बक्सने र त्यसरी तोकिएको मिति र समयमा अधिवेशन वा बैठक प्रारम्भ बाध्यात्मक संवैधानिक व्यवस्था छ। यसरी अधिवेशन बोलाई सकेपछि यसलाई रोक्ने वा निस्क्रिय पार्ने वा मृत तुल्याउन पाउने अधिकार श्री ५ महाराजाधिराज वा प्रधानमन्त्री वा दुबैलाई वा अन्य कसैलाई छैन ।

५. संविधानको धारा ५३ का उपधाराहरूमध्ये पहिले उपधारा (३) र त्यसुपछि मात्र उपधारा (४) छ। पहिलेको कार्य प्रणाली शुरू भै सकेपछि त्यसको परिणाम ननिस्कँदै त्यसपछिको उपधारा (४) प्रयोगमा ल्याउन मिल्दैन। संविधानको व्याख्याको सिद्धान्त अनुसार पहिलो कार्यले अग्राधिकार पाउने स्वत: सिद्ध छ।

६. संविधानको धारा ५३ (४) मा प्रधानमन्त्रीले विघटनको सिफारिश चढाउन सक्ने भए पनि तत्कालै सो बमोजिम विघटन गर्नै पर्ने बाध्यात्मकता छैन। विघटन गर्न सकि बक्सने छ भनिएकोबाट यो संवैधानिक व्यवस्था वाध्यात्मक होइन भन्ने स्वत: देखिएकको छ। निवेदकसमेतका ७० जनाको समावेदन जेष्ठ २५ गते जाहेर हुँदासाय भोलिपल्ट २६ गते नै विशेष अधिवेशन बोलाइयो। तर २६ गते चढाइएको विघटनको सिफारिशको सम्बन्धमा परामर्श लिने क्रम जारी राख्दै ५ दिनपछि ३० गते मात्र विघटन गराइएकोबाट पनि प्रायमिकताको अग्राधिकार ५३(३) ले नै पाउने हो, ५३(४) ले कुनै हालतमा होइन।

७. संविधानको धारा ५३(१) अनुसार अधिवेशन बोलाई स्थगित रहेको अवस्थामा त बैठक बोलाई पाउन समावेदन गर्न सकिन्छ र बैठक पनि तुरून्तै तत्कालै बोलाई बक्सनै पर्ने र तुरून्तै बस्नु पर्ने हुन्छ। तसर्थ धारा ५३(३) को व्यवस्था विशेष हो। सामान्यले भन्दा विशेष व्यवस्थाले प्रायमिकता पाउने हुनाले विशेष अधिवेशन बोलाई सकेपछि प्रधानमन्त्रीले विघटन गराउने सिफारिश चढाउन मिल्दैन।

८. सम्माननीय प्रधानमन्त्रीले कार्यपालिकाको र प्रतिनिधिसभाको सदस्यहरूले विधायिकाको प्रतिनिधित्व गर्नु हुन्छ। संविधानको धारा ३६ (४) अनुसार प्रधानमन्त्री प्रतिनिधिसभाप्रति उत्तरदायी हुनुपर्दछ। प्रधानमन्त्री हुन प्रतिनिधिसभाको सदस्य हुनै पर्दछ। प्रधानमन्त्री भैसकेपछि पनि धारा ४८ अनुसार अयोग्य ठहर्दासाथ धारा ३६ (५) (ग) बमोजिम पदमुक्त हुनुपर्दछ।

९. संविधानको धारा ६३ ले अधिकार दिएबाट बनेको प्रतिनिधिसभा नियमावली २०४८ मा गरिएका विभिन्न व्यवस्था अनुसार प्रधानमन्त्रीलाई पूर्ण नियन्त्रण विधायिकाको बहुमतले गर्ने व्यवस्थाहरू छन्। त्यस्तै धारा ६४ अनुसार बन्ने प्रत्येक समितिका कामहरू पनि कार्यपालिका नियन्त्रण गर्नु नै हुन्छ। यी सबै व्यवस्थाहरूबाट धारा ५३ (४) ले भन्दा ५३(३) ले अग्राधिकार प्राप्त गर्ने स्वत: सिद्ध छ।

यस सम्बन्धमा विभिन्न विद्वानहरूबाट अभिव्यक्त गरिएका उद्गारका अंशहरू निम्नलिखित तथा फोटोकपी यसै संलग्न गरेको छु :

"Moreover, a request that is made to avoid defeat or censure. or a request made whilst a motion of censure is under debate should equally not enhance a claim to dissolve"

Geoffrey Marshall, *Constitutional Conventions : The Rules and Forms of political Accountability.* Clarendon Press. Oxford. P. 41

" If a Government asks for dissolution while a motion of censure is under debate. it is clearly the Crown's duty to refuse."

- **E. A. Foresey,** *The Royal power of Dissolution of Parliament in the British Commonwealth.* Toronto, Oxford University Press, 1943, P. 269

- **E. A. Forsey,** The Royal Power of Dissolution of Parliament in the British Commonwealth. Toronto, Oxford University Press, 1943, Page 162 to 185.

हाम्रो संविधानले प्रतिनिधिसभाको वहुमतलाई प्रधानमन्त्री वनाउने र हटाउनु पूरा अधिकार प्रदान गरेको हुनाले र संविधानको प्रस्तावनामा संसदीय शासन प्रणालीलाई आधारभूत संरचना समेत मानेको हुँदा यसैसँग मिल्दोजुल्दो The Theory and Practice of Dissolution of Parliament by B.S. Markesinis को पृष्ठ संख्या ३१ मा निम्नानुसार उद्‌गार व्यक्त गर्नु भएको छ :

"The system of Parliamentary preponderance (system conventional, government d' assemblee) is usually included in this category, since it is characterised by a centralisation of all political activity in the National Assembly.

हाम्रो संविधानले न त System of Complete separation of powers तथा preponderance of the executive function लाई नै स्वीकार गरेको छ ।

The Canadian crisis of 1926 was unique in many aspects. One of its most controversial features was that Mr. King advised dissolution while a vote of censure was under debate. The pros and cons of Mr. King's decision can be found in Dr. Forsery's extensive treatment of the crisis, and need not be repeated here. Had Dr. Forsey's conclusions been less rigid - he maintains that if a Government asks for a dissolution while a motion of censure is under debate, it is always clearly the Crown's duty to refuse - one would be inclined on the whole to agree with him. Hence the following objections apply to this sentence, and not to his scholarly treatment of the Canadian crisis.

- **B. S. Markesinis,** *The Theory and practice of Dissolution of Parliament, Cambridge.* At the University press, 1972. P. 94-95.

(छ)

विघटनको सिफारिशको परिणामवाट संविधानमा व्यवस्थित कुनै कार्य प्रक्रिया निस्क्रिय तथा निर्जीव वन्न जाने हुन्छ भने त्यसलाई व्याख्याको माध्यमवाट जीवन्तता दिन ती परिणामजन्य काम कार्यवाहीहरू वदर गरिनु पर्दछ ।

१. संसदीय प्रजातन्त्रमा कहिले कुनै दल सत्तारूढ हुन पुग्दछ भने अर्को दल विपक्षमा रहन्छ । प्रतिनिधिसभाको वहुमतले संसदीय शासन प्रणाली सञ्चालित हुन्छ । वहुमतले शासन गर्दछ, अल्पमतले रचनात्मक विरोध गरेर वहुमतलाई सचेत गराउँदछ । त्यसैले विरोधी पक्षका नेताको संवैधानिक व्यवस्था गरी संसदका केही

पदाधिकारीहरूको पारिश्रमिक र सुविधा ऐन २०४८ बमोजिम प्रतिनिधिसभामा विपक्षी दलको नेतालाई मर्यादा सहितको सुविधा राज्यका तर्फबाट दिइएको छ ।

२. सत्तारूढ दलका सरकारको अध्यक्षता गर्ने प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भनेर संविधानको धारा ५३ (३) बमोजिम अधिवेशन बोलाई धारा ५९ (२) र (३) अनुसार सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अविश्वासको प्रस्ताव पारित गराउन पाउने संवैधानिक अधिकार सदस्यहरूलाई प्रदान गरिएको छ । यही अधिकार प्रयोग गरेर ने.का.का. निवेदक समेतका ७० जना प्रतिनिधिसभाका सदस्यहरूले लिखित समावेदन २०५२ साल जेष्ठ २५ गते चढाएका हुन् । नेपाली कांग्रेसका तर्फबाट प्रस्तुत हुने अविश्वासको प्रस्तावलाई समावेदन गर्ने समेतको व्यहोरा उल्लेख गरी २०५२ साल अषाढ २७ र २८ गते संविधानको धारा ४४ बमोजिम संसदको अभिन्न अंगको रूपमा रही बक्सेको श्री ५ समक्ष निवेदकहरूले चढाउनु भएको यथार्थ उल्लेख प्रस्तुत निवेदन पत्रमा गरिएको छ ।

३. प्रतिनिधिसभा विघटन गराउने सम्माननीय प्रधानमन्त्रीको सिफारिशको परिणामबाट अल्पमतको मन्त्रिपरिषद उपर अविश्वास व्यवस्था गरी बहुमत समर्थित प्रधानमन्त्री नियुक्त गराउन पाउने संविधानका धाराहरू ४२(१), ५३(३) र ५९(२) र (३) निस्क्रय तथा निर्जिव हुन पुगेका छन् । यदि प्रतिनिधिसभा विघटन गराउने प्रधानमन्त्रीको सिफारिश बदर नहुने हो भने धारा ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले आफूले चाहेको जुनसुकै बेला प्रतिनिधिसभा विघटन गराउन पाउने हुन्छ । अविश्वासको प्रस्ताव पारित गराउने बहुमतको विश्वास प्राप्त गर्नेलाई बहुमतले प्रधानमन्त्री नियुक्त गराउन कहिल्यै पनि नसक्ने हुन्छ । तसर्थ संविधानका उक्त धाराहरूलाई जिवन्तता दिनको लागि प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गराउन चढाउनु भएको सिफारिश र त्यसका आधारमा गरिएका विघटनसम्बन्धी यावत काम कारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्दछ र पुनः यथास्थितिमा ल्याई कार्य सञ्चालन गराउन परमादेशको आदेश समेत विपक्षीहरूका नाममा जारी गरिनुपर्दछ ।

लिखित जवाफमा प्रधानमन्त्रीज्यूले यस्तो सिफारिश गरेको छु भनी त्यस्तो जानकारी कसैलाई गराएको छैन भन्नु भएको रहेछ । प्रतिनिधिसभा विघटन गराउन श्री ५ का जुनाफमा सिफारिश चढाउनु भएकै दिन आफ्नो निवास बालुवाटारमा बेलुका ८ बजे पत्रकार सम्मेलन गराई सिफारिशका प्रतिहरू वितरण गराउनु भएकाले वहाँ आफैले सार्वजनिक जानकारी गराई सक्नु भएकोले त्यससम्बन्धी कार्यको संवैधानिकमा विचार गर्न मिल्ने नै हुन्छ । निवेदकका कानून व्यवसाय हामीहरू तथा, टेलिभिजको भिडियो क्यासेट, रा. स. स. को बुलेटिन र रेडियो नेपाललाई स्वयं प्रधानमन्त्रीले राष्ट्रका नाउँमा सन्देशमा प्रसारित गराउन दिनुभएको क्यासेटमा भरिएको वहाँको आवाजको क्यासेट छ । यस्तो सबुद प्रमाण २०३१ को दफा २(ख) (ग) को (२) दफा ३, ५, ६ र ९(१) बमोजिम प्रमाणमा लिनु पर्दछ ।

निवेदकले हाम्रो निवेदनको प्रकरण १३ मा २०५२।८।७ गते निर्वाचन हुने मिति तोकि बक्सन सिफारिश भएकै थिएन भनिएकोमा लिखत जवाफ मौन छ । सिफारिश विना निर्वाचनको मिति तोकिएको संविधानको धारा ५३(२) र ५३(४) को पूर्वत विचार हुन गएको छ ।

प्रतिपक्षीको लिखित जवाफमा विघटन गराउन सक्ने पछाडिका सिद्धान्तहरू रिट निवेदनमा उल्लेख भएनन भनिएको रहेछ । वास्तवमा यो विघटन गराउने कार्य आफ्ना

पार्टीका सांसद्हरूलाई अनुशासनमा राख्नको लागि हो भन्ने पुरानो सिद्धान्त हो। यो सिद्धान्तलाई आजकल The automatic theory of dissolution is dead भनिएको छ। Constitutional Practice by Rodeny Brazier, Page 46

हाम्रो संविधानको धारा ४९ (च) ले र धारा ६३ बमोजिम बनेको प्रतिनिधिसभा नियमावली २०४८ को नियम २१६ र २१७ ले आफ्नो सरकारलाई समर्थन नगर्दासाथ संसद सदस्यता स्वत: जान्छ।

संसद्का केही पदाधिकारीहरूको पारिश्रमीक तथा सुविधा सम्बन्धी ऐन दफा २(घ) र ६ ले मुख्य सचेतकको परिभाषा गरेको छ र दफा ३, ४, ८, ९, ११ र १२ संग सम्बन्धित अनुसूची (१) सुविधाको विवरण दिइएको छ। यसको मुख्य काम सत्तारूढ पार्टीका सदस्यहरूलाई व्हीप जारी गर्ने हुन्छ। पार्टीको अनुशासन नमानेमा प्रतिनिधिसभा नियमावली २०४८ को नियम २१४ मा उल्लेख गरिएको संसदीय दलको नियम अनुसार प्रतिनिधिसभाको सदस्यपदबाटै निष्कासन हुने हुन्छ। तसर्थ सत्तारूढ पार्टीका सदस्यहरूलाई अनुशासित राख्न विघटन गराई रहनु पर्ने प्रयोजन हुँदैन।

प्रसिद्ध विधिविज्ञ N. A. Palkhivala ले We The People मा पेज २१९-२२० उल्लेख गरे अनुसार :

In any event, the life of parliament canno depend on the whims and fancies of its members. The prescribed period of life five years can be cut short only after taking into account the great purpose of the Constitution and overriding national imperatives.

It has been wisely said that elections are the heartbeats of a democracy. If they happen too fast or too irregularly, democracy collapses. To put an end to Parliament merely because two ministries could not face a non-confidence of confidence motion, is no more rational than to cut off he head to cure a cold. Further, a country of which half the population lives below the minimum subsistence line can hardly afford the fantastic unproductive expenditure of premature national elections."

"In the Words of Anson- The power of dissolution is a formidable disciplinary weapon in the hands of the Prime Minister and becomes more formidable as the rapidly changing opinions of the modern electorate make the prospect of a general election more unwelcome to the member who values his seat. The Prime Minister can always use this power as a threat and thus influence 'waverers' in an approaching party division or followers sho are slack in attendance and support"

Basus' Commentary on *The Constitution of India*, Edn 6, Page 343

<u>बहसनोट प्रस्तोताहरू</u>

मुकुन्द रेग्मी, वरिष्ठ अधिवक्ता प्रमाण पत्र नं. २३

इति सम्वत् २०५०।०४।०१ गते रोज २ शुभम् ... ...

श्री सर्वोच्च अदालतमा चढाएको
वहस-नोट

श्री शेरबहादुर देउवा ..... निवेदक पक्ष

विरुद्ध

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी १
सम्माननीय सभामुख श्री रामचन्द्र पौडेल ... ... १ विपक्षी
श्री ५ को सरकार मन्त्रिपरिषद् १
श्री निर्वाचन आयोग १

विषय : उत्प्रेषण मिश्रित परमादेश

सम्मानीत अदालत समक्ष प्रस्तुत् गरिने वहसको सार संक्षेप वहस नोट सविनय प्रस्तुत गरिएको छ ।

१. गत २०५२ साल कार्तिक २९ गते प्रतिनिधिसभाको लागि सम्पन्न भएको मध्यावधि आमनिर्वाचनमा मतदाताहरूले कुनै पनि राजनीतिक दललाई निश्चयात्मक वहुमत प्रदान गरेनन् । निर्वाचन परिणाम अनुसार राजनैतिक दलहरूको स्थिति यस प्रकार रहन गयो ।

	राजनैतिक दल	प्राप्त जम्मा मत संख्या	मतदानको प्रतिशत
१.	नेपाली कांग्रेस	८३	३३.३८
२.	नेकपा (एमाले)	८८	३०.८५
३.	राष्ट्रिय प्रजातन्त्र पार्टी	२०	१९.९३
४.	नेपाल सद्भावना पार्टी	३	३.४९
५.	नेपाल मजदुर किसान पार्टी	४	
६.	स्वतन्त्र	७	

द्रष्टव्य : नेकपा (एमाले)वाट काठमाडौं क्षेत्र नं. १ को एक सिट, ने.का. को सुनसरी क्षेत्र नं. ४ को एक सिट र राप्रपाको वैतडी क्षेत्र नं. १ को एक सिट त्याग गरेको कारण एमालेको ८७, ने.का. ८२ र राप्रपा १९ कायम भएको)

फलत: प्रतिनिधिसभा वहुमत प्राप्त हुने दलले सरकार वनाउन नसक्ने गरी Hung Parliament श्रृजित हुन पुग्यो । यस्तो अवस्थामा इङ्गलैण्ड, भारत तथा अन्य मुलुकहरूमा कन्भेन्सनको आधारमा सरकारको अल्पमतको वा संयुक्त सरकारको गठन गरिने प्रचलन र

परम्परा आश्रित न भै हाम्रो संविधानको धारा ४२ ले संयुक्त सरकार वा अल्पमतको सरकारको स्पष्ट संवैधानिक व्यवस्था गरेको छ।

२. तत्कालीन राजनैतिक प्रकृया एवं परिस्थितिमा एक भन्दा बढी राजनैतिक दलहरू मिलेर धारा ४२ (१) बमोजिम मिलिजुली सरकार बनाउन सकेनन्। परिणाम स्वरूप नेपाली कांग्रेस भन्दा झिनो बढी संख्यामा सदस्य पाएको नेकपा एमालेको संविधानको धारा ४२ (२) अन्तर्गत अल्पमतको सरकार गठन हुन गयो जसलाई अन्य राजनीतिक दलहरूले आलोचनात्मक समर्थन प्रदान गरेको थिए।

३. अल्पमतको सरकारको जीवनतता स्वभाविक रूपमा अन्य राजनीतिक दल वा दलहरूको समर्थनमा आश्रित हुने भएकोले स्थिर, दिगो र दीर्घायु हुने सरकारको लागि संयुक्त सरकारको निर्माण गर्न वा राजनैतिक दलहरूको स्वीकृति प्राप्त राष्ट्रिय सहमति लिई सरकार संचालन गर्न निरन्तर प्रयास गरिरहनु हुन पर्ने कुरा सर्व प्रचलित तथ्य हो। कदाचित त्यस्तो समर्थन कायम राखी सरकार संचालन गर्न नसकेमा विकल्प सरकारको खोजी गर्ने वा विकल्प सरकारलाई ठाउँ छोड्नु पर्ने प्रजातान्त्रिक मान्यता, संस्कृति र प्रचलन नै हो। तर विपक्षी प्रधानमन्त्रीको अल्पमत सरकारले उक्त सम्पूर्ण मान्यता मर्यादाको सर्वथा प्रतिकूल संवैधानिक संरचना, देशको आर्थिक मेरूदण्ड एवं राष्ट्रियताका मूल्यहरू खलबल्याउने काम गर्दै राज्य सत्तामा हावी हुने, कुचालहरूमा वशीभूत हुँदै गयो जसले गर्दा सरकार गठन गर्दै सशर्त समर्थन दिने निवेदक समेतको दलले समर्थन र विश्वास फिर्ता लिनु पर्ने वाध्यता विपक्षीकै कार्य र कारणबाट सृजना भएको हो। प्रत्यर्थी १ र ३ नं. का क्रियाको कारण राजनैतिक दल एवं समूहहरूमा हुन पर्ने विश्वास, सद्भावना र समझदारीमा स्वभावत ह्रास भयो।

४. वर्तमान संविधानको धारा ५३ (३) को व्यवस्था अनुसार प्रतिनिधिसभाको एक चौथाई सदस्यहरू भन्दा बढी ७० जना म समेतका सांसदहरूले श्री ५ महाराजाधिराजको हजुरमा विशेष अधिवेशन बोलाईबक्सनका लागि २०५२।२।२५ गते.... चढाएको समावेदनमा सम्माननीय प्र.म. मनमोहन अधिकारीको नेतृत्वमा गठित मन्त्रिपरिषद्ले संविधानको प्रस्तावना, संविधानको अन्य प्रावधानको भावना, मूल्य एवं मान्यता विपरीत कार्य गरेको, देशको राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक एवं न्यायिक संरचना नै खल्वल्याउने कार्यहरू संचालन गरेको, राष्ट्रिय सद्भाव समेत विचलन गराउने प्रयास गरेको, राजनैतिक अपराधिकरण गर्न थालेको आदि कारणहरू दर्शाई संविधानको धारा ५९ (२) अन्तर्गत अविश्वासको प्रस्ताव प्रस्तुत गर्ने निश्चित उद्देश्य र प्रयोजनका लागि प्रतिनिधिसभाको नियमित् अधिवेशन बस्ने मिति तोकिनु अगावै अधिवेशन बोलाई बक्सन समावेदन चढाइएको थियो। साथै उक्त समावेदनमा प्रतिनिधिसभाका सांसदहरूको स्पष्ट बहुमतको समर्थनका आधारमा संविधानको धारा ४२ (१) बमोजिम वैकल्पिक प्रधानमन्त्रीको नेतृत्वमा सुदृढ, सक्षम एवं स्थिर मन्त्रिपरिषद् गठन गर्न समर्थ र तत्पर रहेको कुरा समेत किटान साथ उल्लेख गरिएको थियो।

५. २०५२।२।२५ मा प्रकाशित राजदरवारको सूचना अनुसार श्री ५ बाट प्रतिनिधिसभाको नियिमत अधिवेशन २०५२।३।११ मा बस्ने गरी तोकिवक्सेको थियो

भने २०५२।२।२६ गतेको राजदरबारको अर्को सूचना अनुसार प्रतिनिधिसभाको विशेष अधिवेशन १ बजे २०५२।३।२ मा बस्ने गरी श्री ५ बाट बोलाई बक्सेको थियो ।

६. २०५२।२।२६ गते नेकपा एमाले को केन्द्रीय समितिले प्रतिनिधि विघटन गर्ने निर्णय गरी विपक्षी प्रधानमन्त्रीलाई भएको निर्देशन अनुकूल नै मन्त्रिपरिषदको निर्णय भै प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्ने र यही कार्तिक महिनामा आम निर्वाचन गराउने गरी श्री ५ मा सिफारिश चढाउनु भएको थियो । सोही साँझ प्रधानमन्त्रीले आफ्ना सम्पूर्ण मन्त्रीहरूको उपस्थितिमा आफ्नो निवास स्थानमा पत्रकार सम्मेलनको आयोजना गरी आफूले श्री ५ मा प्रतिनिधिसभा विघटन गरी नयाँ निर्वाचनको मिति तोकिवक्सन चढाउनु भएको सिफारिशको (विन्तीपत्र) व्यहोराबारे केही आफैले र त्यसपछि आफ्नै संचार मन्त्री प्रदीप नेपाललाई पढ्न लगाई प्रतिलिपि समेत उपस्थित आमन्त्रित राष्ट्रिय एवं अन्तराष्ट्रिय पत्रकारहरूलाई वितरण गर्नु भएको थियो । सोही साँझ नेपाल टेलिभिजन मार्फत राष्ट्रका नाउँमा दिनुभएको सन्देशमा समेत सिफारिश पत्रकै व्यहोरा पढी सार्वजनिक जानकारीमा ल्याउनु भएको थियो । राष्ट्रिय समाचार समितिको रात्रि सेवाको समाचारमा उक्त समितिले सोही (विन्तिपत्र) सिफारिश पढेर त्यसकै आधारमा प्रधानमन्त्रीले पत्रकार सम्मेलनमा पढ्नु बोल्नु भएको व्यहोराको समोचार बनाई सार्वजनिक प्रचारप्रसारमा ल्याएको सर्वविदितै छ । रेडियो नेपालबाट समेत उक्त व्यहोराहरूको समाचार प्रसारण गरिएका छन् । मिति २०५२।२।२७ को दैनिक गोरखापत्र तथा द राईजिङ्ग नेपाल जस्ता सार्वजनिक संचार माध्यमहरूबाट पत्रकार सम्मेलनमा प्रधानमन्त्रीको उपस्थितिको तस्वीर र आकृति सहित छापिएका छन् । निजी क्षेत्र तथा विपक्षी प्रधानमन्त्रीको पार्टीको स्वामित्व, नियन्त्रण, निर्देशन र समर्थनमा रहेका विभिन्न पत्रपत्रिकाहरूमा वितरीत विन्तिपत्रको सम्पूर्ण पाठ नै छापी सार्वजनिक भई सकेका छन् र विपक्षीले ती प्रकाशित सामग्री र समाचारको खण्डन गर्न सकिने र मिल्ने कुनै नैतिक आधार समेत विद्यमान छैन । संविधानको धारा ४२ (२) बमोजिम गठित सरकारलाई स्थायित्व, निरन्तरता र जीवनतता दिन अन्तिम विन्दुसम्म भरमग्दुर प्रयास गरिरहेकै अवस्थामा प्रमुख प्रतिपक्षी दल ने.का.ले नेपाल अधिराज्यको संविधानको धारा ५३ (३) बमोजिम विशेष अधिवेशनको लागि समावेदन गरेबाट मुलुकलाई स्पष्ट दिशा दिन अन्यौल समाप्त गरी निश्चित एवं स्थायी सरकार गठन गर्न संविधानको धारा ४२ (२) बमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएकोले वर्तमान सरकारले आफ्नो नीति र कार्यक्रम लागू गर्ने मुलुकलाई स्थायी सरकार दिन तथा वर्तमान अन्यौल समाप्त गर्न सार्वभौमसत्ता सम्पन्न जनता समक्ष जानु वान्छनीय भएको छ भन्ने वूँदा प्रेषित विन्तिपत्रको (सिफारिश) मूलभूत निष्कर्षको रूपमा उल्लेख गरिएको स्पष्ट देखिएको छ ।

७. उक्त सिफारिशका सम्वन्धमा श्री ५ महाराजाधिराजवाट परामर्श प्रकृया चलाई बक्सेको समयावधि भित्रै प्रतिनिधिसभाको स्पष्ट वुहमतको प्राप्त गरेका ने.का., राप्रपा र नेपाल सद्भावना पार्टीका संसदीय दलका नेताहरूले २०५२।२।२९ मा श्री ५ मा विन्तिपत्र चढाउनु भएको थियो जसमा वर्तमान प्रधानमन्त्री मनमोहन अधिकारी माथि प्रतिनिधिसभाको अविश्वास रहेको प्रस्ताव विधिवत दर्ता गरी पारित

गर्न तथा संविधानको धारा ४२(१) अनुसार बहुमतको स्थिर सुदृढ वैकल्पिक सरकार गठन गर्ने कुरामा सहमत भएको कुरा उल्लेख गर्दै बहुमतको स्थिर र सुदृढ सरकार गठन गर्न प्रतिनिधिसभा र आफू आवेदकहरू समक्ष र समर्थन रहेको व्यहोरा दर्शाई विन्तिपत्र दर्ता गराई जाहेर गरिएको थियो ।

८. मिति २०५२।२।२८ मा विभिन्न कारण र आधारहरू दर्शाई संसद सचिवालयमा संविधानको धारा ५९ (२) प्रतिनिधिसभा नियमावली २०४८ को नियम १७१ अन्तर्गत सम्माननीय प्रधानमन्त्री र वहाँको नेतृत्वमा कार्यरत सरकारको विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराइएको थियो ।

९. मिति २०५२।२।२९ गते नै श्री ५ मा प्रतिनिधिसभाको १०३ सांसदहरूको सही अंकित भएको विन्तिपत्र चढाइएको थियो जसमा ने.का. संसदीय दलका नेता रिट आवेदकलाई विश्वास जाहेर गरी संविधानको धारा ४२ (१) अनुसार प्रधानमन्त्रीको पदमा नियुक्त गरिवक्सन विन्ति गरिएको थियो । स्मरणीय कुरा के छ भने, हाम्रो संविधानको धारा ४४ अन्तर्गत श्री ५ स्वयं पनि व्यवस्थापिकाको अभिन्न अंग होइवक्सिन्छ । तसर्थ श्री ५ समक्ष वैकल्पिक सरकार गठनका लागि त्यो पनि विशेष अधिवेशन आव्हान भई सकेपछिको अवस्थामा व्यवस्थापकीय प्रकृया भित्रकै काम कारवाहि मान्नु पर्ने हुन्छ ।

१०. श्री ५ बाट प्रधानमन्त्रीको सिफारिश अनुसार प्रतिनिधिसभा विघटन र २०५२।८।७ मा आम निर्वाचनको मिति तोकि वक्सेको कुरा २०५२।२।३० को राजदरवारको विज्ञप्तिमा प्रकाशित गरिएको छ ।

अदालतले न्यायाधीनमा लिनु पर्ने विचारवस्तुहरू

११. सम्मानीत अदालत समक्ष प्रस्तुत भएका निवेदन-पत्रहरू, लिखित जवाफहरू र तद्तद्मा संलग्न लिखित जिकीरहरूको सन्दर्भमा निम्न लिखित विचार वस्तुहरूको निर्क्योल हुनु पर्ने देख्दछौं ।

(१) लिखित जवाफमा उठाइएका विशेषाधिकृत संसूचना (Privileged Communication), राजनैतिक प्रश्न एवं श्री ५ बाट गरिवक्सेको निर्णय न्याययोग्य (Justiciable) भए नभएको प्रारम्भिक प्रश्नहरू ।

(२) हाम्रो संविधानले संरचना गरेको संवैधानिक व्यवस्था ।

(३) विघटनको संवैधानिक व्यवस्था र यसको प्रयोजन ।

(४) वैकल्पिक सरकार गठनको संभावनाको स्पष्ट विद्यमानता र अविश्वासको प्रस्तावको ग्रहणाधीन (Eclipsed) को अवस्थामा विघटनको सिफारिश असंवैधानिक र अनाधिकृत भए नभएको प्रश्न ।

(५) विघटनको सिफारिश दुराशय युक्त भए नभएको प्रश्न ।

(६) रिट विनेदकको मांग वमोजिम आदेश जारी हुनु पर्ने वा नपर्ने प्रश्न

१२. सम्मानीत अदालत समक्ष प्रस्तुत् भएका लिखित जवाफहरू तीन प्रकारका छन्। एक प्रकारको लिखित जवाफ सम्मानीय सभामुखबाट प्रस्तुत् भएको छ जसमा यहाले संसदको गरिमामय स्थानलाई हृदयंगम गर्दै प्रतिनिधिसभा विघटन गर्ने असंवैधानिक सिफारिशको आधारमा भएको विघटन वदर गरी प्रतिनिधिसभाको पुनर्स्थापनाको लागि याचना गर्नु भएको छ। अर्को निर्वाचन आयोगको छ– जसमा निर्वाचन आयोगले विघटनको परिणाम स्वरूप निर्वाचन सम्पन्न गराउने पर्ने आफ्नो दायित्व बोध गराइएको छ। मन्त्रिपरिषद् र सम्माननीय प्रधानमन्त्रीको लिखत जवाफहरू निवेदकको कथनहरू प्रति प्रतिकारात्मक कथनहरू पेश भएका छन्। स्वयं प्रधानमन्त्रीले नै नेतृत्व गर्नु भएको मन्त्रीपरिषद्को लिखित जवाफमा कुनै प्रारम्भिक आपत्तिको प्रश्न (विन्तीपत्र-सिफारिश सार्वजनिक गरेको कुरा खण्डन नगरी स्वीकार गरिएको छ) उठाइएको छैन। सम्माननीय प्रधानमन्त्रीको झूठो, अनुत्तरदायी, हाँसो, व्यंग्य, कटाक्ष र प्रत्यारोप मिश्रित लिखित जवाफमा आफ्नो मन्त्रिपरिषद्को जवाफसँग बाझिने गरी केही प्रारम्भिक आपत्तिका प्रश्नहरू उठाउनु भएको छ। यहाँको कथनानुसार :

(क) सिफारिश प्रधानमन्त्रीबाट भए तापनि विघटनको निर्णय श्री ५ बाट भएको कुरा उल्लेख गर्दै परोक्ष रूपमा विघटन न्याययोग्य नभएको दावी।

(ख) विघटनको सिफारिश र विघटन राजनैतिक निर्णय हुने हुँदा न्यायिक पुनरावलोकन हुन सक्तैनन्।

(ग) सिफारिशको व्यहोरा प्राधिकृत दस्तावेज (Privileged communication) हुँदा न्याय योग्य हुन सक्दैनन्।

१३. श्री ५ बाट विघटन गरिवक्सेको बुँदा सम्बन्धमा सम्मानीत अदालतबाट अघिल्लो विघटन (२०५१) विषयमा नै निर्णय गरी न्याय निरोपण भै सकेको छ। सम्माननीय प्र.न्या.को निर्णय बुँदा यस प्रकारको छ जसमा अन्य सबै न्यायाधीशहरूले पनि सहमति जनाउनु भएको छ :

श्री ५ बाट गरिबक्सेको कार्यहरूको सम्बन्धमा संविधानको धारा ३१ अन्तर्गत प्रदान गरिएको वैयक्तिक उन्मुक्ति मौसुफका नाममा भएका सबै कार्यहरूका सम्बन्धमा लागू हुन्छ भन्न मिल्दैन। संविधानले अंगीकार गरेको संवैधानिक राजतन्त्रात्मक व्यवस्था र संसदीय प्रणाली अनुरूप श्री ५ बाट मन्त्रिपरिषद् वा अन्य कुनै पदाधिकारी वा निकायको सल्लाह वा सिफारिशमा गरिबक्सने कार्यको उत्तरदायित्व सो सुझाव दिने वा सिफारिश गर्ने पदाधिकारी वा निकायले नै बेहोर्नु पर्ने हुनाले श्री ५ बाट गरिबक्सेका त्यस्ता कार्यहरूका सम्बन्धमा उक्त धारा ३१ को प्रतिबन्धात्मक वाक्यांश अनुसार त्यस्तो पदाधिकारी वा निकायका विरुद्ध कानूनी कारवाई चल्न सक्छ। संविधानको धारा ५३ को उपधारा (४) अन्तर्गत सम्माननीय प्रधानमन्त्रीले गर्नु भएको सिफारिश र सो सिफारिशको आधारमा श्री ५ बाट गरिबक्सेको प्रतिनिधिसभाको विघटनको उत्तरदायित्व सम्माननीय प्रधानमन्त्री उपर नै रहने हुनाले त्यो सिफारिश र त्यसको आधारमा भएका कार्यहरूको संवैधानिकताको प्रश्नमा यस अदालतले विचार गर्न नमिल्ने देखिदैन।"

वस्तुत : उक्त निर्णय "King can do no wrong" भन्ने सर्वप्रचलित मान्यता र सिद्धान्तमा आधारित छ। श्री ५ बाट गरिबक्सने कार्य मन्त्रिपरिषद् सम्बन्धित निकाय वा पदाधिकारीको सिफारिश वा निर्णयको आधारबाट गरिबक्सने भएकोले उक्त कार्यको उत्तरदायित्व सम्बन्धित निकाय वा पदाधिकारी रहेको हुन्छ। तसर्थ सिफारिश गर्ने प्र.म. र विघटन गर्ने श्री ५ भनी विभक्तिकरण हुन सक्तैनन्, जुन गर्ने असफल प्रयास मन्त्रिपरिषद् र सम्माननीय प्र.म. को लिखित जवाफमा अभिव्यक्त भएको छ। आफ्नो कार्यबाट भएको विघटनको उत्तरदायित्वबाट विपक्षी पन्छिन पाउनु हुन्न। वस्तुत: विघटन प्र.म. को सिफारिशबाट भएकोले त्यसको उत्तरदायित्व प्र.म. माथि नै हुने कुरा विवादित नै हुन सक्तैन।

१४. राजनैतिक प्रश्न न्यायाधीन हुन सक्तैनन् भन्ने प्रत्यर्थीको प्रारम्भिक कथन प्रस्तुत विषयमा सारहीन छ। कुनै प्रश्न चाहे त्यो राजनैतिक प्रश्न नै किन नहोस् यदी संविधान वा कानूनी प्रश्न कसैको संवैधानिक हकसँग सम्बन्धित हुन्छ भने न्यायालयले Jucidial Hands off अर्थात न्याय निष्पादन गर्ने गम्भीर उत्तरदायित्वबाट पन्छिन सक्तैन। विघटनको विषय संवैधानिक प्रश्न बाहेक विशुद्ध राजनैतिक प्रश्न मात्र हुन सक्तैनन्। विघटनको संवैधानिक आधार उचित एवं उपयुक्त छ वा छैन, विघटन गर्ने कार्य साधिकार छ वा छैन भन्ने मूल प्रश्न समाहित हुन्छ जसको न्याय निरोपण गर्नबाट सम्मानीत अदालत पन्छिन सक्तैन। विघटन असंवैधानिक घोषित गरी प्रतिनिधिसभाको पुन: स्थापना गराउन पाउने संवैधानिक हक र हकदैया निवेदनमा रहेको हुन्छ भनी पहिलेको विघटन सम्बन्धी रिट निवेदनमा सम्मानित अदालतले सिद्धान्त प्रतिपादित गरी सकेको छ जसलाई परिवर्तन गर्न कुनै ठोस र भरपर्दो आधार एवं अवस्था विद्यमान छैन। जहाँ व्यक्तिको हकको प्रश्न हुन्छ वा जहाँ संविधान वा कानूनमा आधारित सार्वजनिक सरोकार विषय उपस्थित हुन्छ, जहाँ संविधान अनुकूल कार्य भए नभएको कार्यको परीक्षण गरिन्छ, न्याय निदान गर्न सम्मानित अदालतले संविधानको धारा ८८(२) अन्तर्गत आफ्नो पुनित उत्तरदायित्व संझिएको हुन्छ। प्र.म. को सिफारिशको मूल आधार नै प्रतिपक्ष दलले संविधानको धारा ५३ (२) अन्तर्गत विशेष अधिवेशन बोलाई दिनु र धारा ४२(१) अन्तर्गत वैकल्पिक सरकार गठन हुने प्रावधान विद्यमान नरहनु भन्ने रहेको छ। यी विशुद्ध संवैधानिक प्रश्न हुन्।

१५. राजनैतिक प्रश्न शक्ति पृथकिकरण सिद्धान्तमा आधारित भएको हुन्छ जुन न्यायालयलाई प्रदत्त अधिकार क्षेत्र भन्दा बाहिर रहेको हुन्छ वा त्यस्ता प्रश्न जुन जनताको सार्वभौमसत्ताको हैसियतले जनताको निरोपण गर्दछ वा जसलाई कार्यकारिणी वा व्यवस्थापिकीय निकायको विशुद्ध क्षेत्राधिकारमा छोडिएको हुन्छ। यस्ता प्रश्नहरू राजनैतिक प्रश्न हुन्छन्। तर पनि कुनै राजनैतिक प्रश्न यदि संविधान वा कानूनमा आधारित सार्वजनिक सरोकारको विषय वा व्यक्तिको हकसँग सम्बन्धित हुन्छ त्यो फगत राजनैतिक प्रश्न मात्र नभै न्याययोग्य विषय वस्तु बन्छ। राजनैतिक प्रश्नमा न्यायिक पहिचान्, खोज, प्रबन्धको मापदण्ड न्यायिक निर्णय गर्नको लागि प्रमाणिक आधारको अभाव हुन्छ (A lack of jucicially discoverable and managcable standard for resloving it, or lack of satisfactory criteria for a jucicial determination) तर न्याययोग्य

विषयवस्तु न्यायिक आधार, मापण्ड एवं जाचँबुझ गर्ने मापदण्ड एवं आधारशीला विद्यमान रहेको हुन्छ । यस सम्बन्धमा केही उदाहरणको लागि केही पाठ्यसामग्री प्रस्तुत् गर्न सकिन्छ ।

(क) In determining whether a question is political, the appropriatness under our system of government of attributing finality to the action of the political departments is a dominant consideration. Several formulations which vary slightly according to the settings in which the question arise may describe a political question although each has one or more elemtnes which identify it as essentially a function of the separation of powers. Prominent in any case held to involve a political question is found a constitutional commitment of the issue to a coordinate political department, or a lack judicially discoverable and manageable standards for resolving it, or the impossiblity of deciding without an initial policy determination of a kind clearly for non-jucicial discretion, or the impossibility of a court's undertaking independent resolution without expressing lack of respect due coordinate branches of government or an unusual need for unquestioning adherence to a political decision already made or the potentiality of embarrassmet from multifarious pronouncements by various departments on the question. Unless one of these formulations is inextricable from the case at bar, there should be no dismissal for non-justiciability on the ground of a political questions presence- Corpus Juris Secundum Vol. 16, at p. 176.

(ख) State of Rajasthan Vs. Union of India, AIR (1977) SC. 1361 at p. 1412 -1414, Para 143: Of course, it is true that is a question brought before the court is purely a political question not involving determination of any legal or constitutional right or obligations, the court would not entertain it, since the court is concerned only with the adjudication of legal or constitutional right and liabilities. But merely because a question has a political complexion, that by itself is no ground why the Court should shrink form performing its duty under the constitution if it raise an issue of constitutional determination. Every constitutional question concerns the allocation and exercise of governmental power and no constitutional question can, therefore, fail, to be political. A constitution is a matter of purest politics, a structure of power and as pointed out by Charles Black in Perspectives in Constitutional Law.

"Constitutional law symbolizes an intersection of law and politics, wherein issues trained in the legal tradition, working in judicial institutions, following the procedures of law, thinking as lawyers think". It was pointed out by Mr. Justice Brennan in the opinion of the Court

delivered by him in Baker V. Carr., (1962) 369 US 1986 an epoch making decisions in American constitutional history, that "the mere fact that the suit seeks protection of a political right does not mean that it presents a political question." This was put in more emphatic terms in Nixon V. Hardon, (1926) 273 US 536 by saying that such an objection " is still more than a play upon words. The decision in Baker v. Carr (Supra) was indeed a striking advanced in the field of constitutional law in the United States. Even before Baker v. Carr, the court in the United States were dealing with a host a questions 'political' in ordinary comprehension. Even the desegregation decision of the Supreme Court in Brown v. Board of Education (1953) 347 US 483 had a clearly political complexion. The supreme Court also entertained questions in regard to the political right of voting and felt no hesitation about relieving against racial discrimination in voting and in Gomillion v. Light foot, (1960) 364 US 339, it did this even when the recial discriminnation was covert, being achieved by so- drawing a municipal boundary as to exclude virtually all Negros, and no whites, from the city franchise. It is true that in colegrove v. Groon, (1845) 328 US 549 the Supreme Court refused relief against Congressional districting inequities in illinois, but only there out of seven justices who sat in the case based their decision on the ground that the question presented before them was political and non-justiciable and this view was in effect and substance reversed by the Supreme Court in Baker v. Carr. the Supreme Court in Baker v. Carr held that it was within the competence of the federal courts to entertain an action challenging a statute apportioning legislative districts as contrary to the equal protection clause. This case clearly decided a controversy which was political in character, namely, apportioning of legislative district, but it did so becasue a constitutional question of violation of the equal protection clause was directly involved and that question was plainly and indubitab within the jurisdiction of the Court to decide. It will therefore, be seen that merely because a question has a political colour, the court cannot fold its hands in despair and declare "jucicial hands off". So long as a question arises whether an authority under the constitun has acted within the limits of its power of exceeded it can certainly be decided by the court. Indeed it would be its constitutional obligation to do so. It is necessary to assert in the clearest terms, particularly in the context of recent history, that the constitution is Supreme lex, the paramount law of the land, and there is no department or branch of Government above or beyond it. Every organ of Government, be it the executive or the legislature or the judiciary.

derives its authority from the Constitution and it has to act within the limits of its authority. No one howsoever highly placed and no authority howsover lofty can claim that it shall be the sole judge of the extent of its power under the Constitution of whether its action is within the confines of such power conferred on each branch of Government, whether it is limited, and if so, what are the limits and whether any action of that branch transgresses such limits. It is for this court to uphold the constitutional values and to enforce the constitutional limitations. That is the essence of the rule of law. To quote the words of Mr.Justice Brennan in Baker v. Carr.

"Deciding whether a matter has in any measure been committed by the Constitution to another branch of Government or whether the action of that branch exceeds whatever authority has been committed, it itself a delicate exercise in constitutional interpretation and is a responsibility of this Court as ultimate interpreter of the Constitution."

Where there is maifestly unauthorised exercise of power under the constitution, it is the duty of the Court to intervene. Let it not be forgetten, that to this court as much as to other branches of government is commited the conservation and furtherance of democratic values. The Court's task is to identify those values in the constitutional plan and to work them into life in the case that reach the Court.

The court cannot and should not shirk this responsibility, because it has sworn the oath of allegiance to the constitution and is also accountable to the people of the people of the country there are indeed numberous decisions of this court whare constitution issue have been adjudicated upon though enmeshed in questions of religious tenants, social parties, economic doctrine or educational polices. The court has in these cases adjudicated not upon the social, religious, economic or other issues, but solely on the constitutional questions brought before it and in doing so, the Court has not been deterred by the fact that these constitutional questions may have such other overtones or facts. We cannot, therefore, decline to examine whether there is any constitutional violation involved in the President doing that he threatens to do merely on the facile ground that the question is political in tone, colour or complexion.

१६. सम्माननीय प्रधानमन्त्रीज्यूको लिखित जवाफमा आफूले चढाएको सिफारिशलाई प्राधिकृत संसूचनाको (Privileged Communication) दावा गर्दै संविधानको धारा ३५(६) अनुसार न्याय योग्य नभएको अभिकथन प्रस्तुत गर्नु भएको छ । उक्त भनाईको समर्थनमा आफ्नो लिखित जवाफको प्रकरण ८ (पृष्ठ १०) मा यसरी

अभिव्यक्त गर्नु भएको छ, "विघटनको सिफारिश गर्ने म पदाधिकारीले यस्तो सिफारिश गरेको छु भनी त्यस्तो जानकारी कसैलाई गराएको छैन।" उक्त अभिव्यक्ति प्रथम दृष्टिमा नै वास्तविकता एवं सत्यताको सर्वथा प्रतिकूल छ जुन राष्ट्रको प्रधानमन्त्री जस्तो गरिमामय एवं महत्त्वपूर्ण पदमा आसीन व्यक्तित्वलाई बिलकुल सुहाउने कुरो होइन। यहाँले श्री ५ का हजूरमा सिफारिश चढाउनु भएको केही क्षणमा नै राष्ट्रिय र अन्तराष्ट्रिय पत्रकारहरूलाई आफैले आफ्नो निवासमा भेला गराएर सम्पन्न गरेको पत्रकार सम्मेलनमा चढाउनु भएको सिफारिश पत्र नै पाठ गर्नु भएको र उक्त पत्रको फोटोकपी पत्रकारहरूलाई वितरण गर्नु भएको थियो। त्यस कुराको प्रकाशन पत्र पत्रिकामा हुनुं अतिरिक्त छुट्टै ऐनबाट संस्थापित गोरखापत्र संस्थानको प्रकाशन गोरखापत्र, द राइजिङ्ग नेपाल, रेडियो नेपाल, नेपाल टेलिभिजन एवं राष्ट्रिय समाचार समितिबाट प्रकाशित, प्रसारित र वितरित भएको थियो। त्यति मात्र नभएर संविधानको धारा १६ अन्तर्गत जनतालाई सुसूचित हुने हकलाई मध्य नजर राखी राष्ट्रको नाममा सन्देश पाठ गर्दै टि.भि./रेडियो नेपालबाट सम्बोधन गर्नु भएको थियो, जुन तदानुकूल प्रकाशित एवं प्रसारण समेत भएको छ। सार्वजनिक एवं सांविधिक निकाय (Statutory Body) को लिखित दस्तावेजको रूपमा प्रकाशित विवरण आधिकारिक प्रमाण हुन्छ। सायै सरकार प्रमुखले राष्ट्रको नाममा दिएको संदेश सामान्यजानकारी लिनु पर्ने कुरा भएकोले अदालतले स्वत: आफूले जानकारी लिएको हुन्छ। मुद्दाका पक्षहरूले प्रमाणित गरिरहनु पर्ने कुनै दरकार नै पर्दैन। नवाज शरीफको सरकार विघटनको विख्यात मुद्दामा पाकिस्तानको सर्वोच्च न्यायालयले राष्ट्रपति र प्रधानमन्त्री जस्ता उच्च पदाधिकारीहरूका सन्देश, वक्तव्य, सम्बोधनलाई नै न्यायिक जानकारीको विषय बनाएको तथ्य यस प्रसंगमा मननीय मात्र होइन ग्रहणीय समेत छ।

१७. संविधानको धारा ३५ (६) प्रस्तुत् विषयमा आकर्षित हुने कुरो होइन कि भने उक्त उपधाराको कुनै अन्तरवस्तु यसमा विद्यमान नै रहे भएको छैन। धारा ३५ (७) मा गरिएको संवैधानिक प्रावधान यस प्रकारको छ :

"श्री ५ मा यस संविधान बमोजिम मन्त्रिपरिषद् वा अन्य कुनै निकाय वा पदाधिकारीले कुनै सल्लाह वा सिफारिश चढाएको छ वा छैन वा के कस्तो सल्लाह वा सिफारिश चढाएको छ भन्ने प्रश्न कुनै पनि अदालतमा उठाउन पाइने छैन।"

सम्माननीय प्रधानमन्त्रीज्यूले सिफारिश चढाउनु भएको र त्यो सिफारिश संविधानको धारा ५३(४) अनुसार प्रतिनिधिसभाको विघटनको लागि चढाउनु भएको कुरा प्रकट भैसकेको छ। जुन कुरा राजदरवारबाट मिति २०५२।२।३० मा प्रकाशित सूचनाले अभिनिश्चय गरको छ। यसरी सिफारिश चढाइएको कुरा र सिफारिशको प्रकृति दुवै स्वेच्छाले स्वयं प्रधानमन्त्रीबाट नै तत्कालै सार्वजनिक रूपमा प्रकट भएको अवस्थामा धारा ३५ (६) आकर्षित नहुने कुरा स्वत: सिद्ध छ। उस माथि विपक्षी प्रधानमन्त्री स्वयंले विवादास्पद सिफारिश कार्यान्वयन भै सो बमोजिमको प्रतिनिधिसभा विघटन हुनु अघि नै तत्काल सिफारिशका कारण एवं आधार बारे यथ जानकारी दिदै विन्तिपत्रको प्रतिलिपि नै वितरण गरी व्यापक रूपमा सार्वजनिक गराई सक्नु भएको अवस्था विवन्धनको सिद्धान्त (Estoppel) तथा प्रमाण ऐन, २०३१ को दफा ३४ ले विपक्षीलाई यसरी इन्कार गर्नबाट पूर्णत विवन्धित गरिसकेको छ।

१८. सम्माननीय प्रधानमन्त्रीज्यू सिफारिशको अन्तर विषय अदालतको न्यायिक परीक्षणबाट कपटपूर्ण साथ लुकाउन उद्यत हुनुहुन्छ र आफ्नो कलुषित उद्यतको संवैधानिक साहारा संविधानको धारा ३५ (६) लाई ग्रहण गर्न चाहनु भएको छ। हाम्रो संविधानले ग्रहण गरेको राज्य व्यवस्था स्टालिनिय वा हिट्लरिय अधिनायक वा सर्वसत्तात्मक व्यवस्था नभै कानूनी राजमा आधारित प्रजातान्त्रिक व्यवस्था हो। हामीले अंगिकार गरेको व्यवस्था खुला समाज हो न कि प्रतिवन्ध वा वन्द समाज। खुला समाजमा जनतालाई सुसूचित हुने हक सुनिश्चित मात्र होइन सार्वजनिक महत्त्व एवं सरोकारको विषयमा सरकारको कुनै अंगवाट लिइने निर्णय पारदर्शी हुनु पर्ने प्रथम एवं अनिवार्य शर्त रहेको हुन्छ। धारा ३५ (६) त्यसको वा धारा १६ को विपरीतमा व्यवस्था भएको होइन, अपितु जन एवं राष्ट्रिय हितको लागि राखिनु पर्ने गोपनियताको प्रावधान हो। विघटनको सिफारिश के कुन तथ्य र आधारमा आश्रित छ त्यो जनता र न्यायालयको नजरवाट लुकाउन पाउने ढालको रूपमा प्रवन्ध गरिएको होइन। यो त प्रजातन्त्र विरुद्ध अधिनायकवादी आचरण एवं संस्कृति हो जुन हाम्रो संविधानले पूर्णत: परित्याग गर्छ। गोपनियताको प्रवन्ध जन हितको लागि गरिएको हुन्छ न कि जन हित विरुद्ध। जुन सिफारिशको अन्तर विषय सार्वजनिक एवं साविधि निकायहरूमा प्रकट गरिएको छ र त्यसको माध्यमवाट सार्वजनिक जानकारी गराइएको छ। त्यो विशेषाधिकार संसूचना (Privileged Communication) हुन सक्दैनन्। सायै विघटनको कारण र त्यो कारण संविधान सम्मत छ वा छैन न्यायिक परीक्षणबाट वर्जित गराइनु न्यायिक अधिकार क्षेत्रको अतिक्रमण हुन जान्छ। कुनै पनि विशेषाधिकारको प्रयोग स्वच्छेचारी हुन सक्तैनन्, विवेकाधिकारको प्रयोगको युक्तिसंगत, सकारण र विवेकपूर्ण रहे भनेको कुरा विवेकाधिकार प्रयोग गर्नेले प्रमाणित गर्नुपर्छ। यस सम्वन्धमा S.P. Gupta v. Union of India and Others, AIR SC (1982) 149 at P. 223-247 उल्लेखनीय छन्, जस्तै:

But the Government may in a given case choose to disclose these reasons or it may be possible to gather them from other circumstances, in which event the court would be entitled to examine whether they bear any reasonable nexus with the question of appointment of a High Court Judge or they are constitutionally or illegally prohibited or extraneous or irelevant. p. 228.

It is obvious from the Constitution that we have adpoted a democratic form of government. Where a society has chosen to accept democracy as its creedal faith, it is elementary that the citizens ought to known what their government is doing. The citizens have a right to decide by whom and by what rulse they shall be governed and they are entitled to call on those who govern on their behalf to account for their conduct. No democratic government can survive without accountability and the basic postulate of accountability is that the people should have information about the functioning of the government. It is only if people

know how government is functioning that they can fulfill the role which democracy assigns to them and make democracy a really effective participatory democracy. "Knowledge" said James Madison, "will for ever govern ignorance and a people who mean to be their own governors must arm themselves with the power knowledge gives. A popular government without popular information of the means of obtaining it is but a prologue to a farce or tragedy or perhaps both. "The citizens' right to know the facts, the true facts, about the administration of the country is thus one of the pillars of a democratic State. And that is why the demand for openness in the government is increqsingly growing in different parts of the world. p. 232 (Para 63)

The Franks Committee of the United Kingdon also ovserved to the same effect while pleading for an open government. It said in its report at p. 12.

"A totalitarian government finds it easy to maintain secrecy. It does not come into the open until it chooses to declare its settle intentions and demand support for them. A democratic government, however, though it must compete with these other types of organisation has a task which is complicated by its obligations to the people. It needs the trust of the governed. It cannot use the plea of secrecy to hide from the people it basic aims. On the contrary it must explain these aims: it must provide the justification for them and gives the facts both for and against a selected course of action. Now must such information be provided only at one level and through one means of communication ? A government which pursues secret aims, or which operates in greater secrecy than the effective conduct of its proper functions requies or which turns information services into propaganda agencie, will lose the trust of the people. It will be countered by ill-informed and destructive criticism. Its critics will try to break down all barriers erected to preserve secrecy, and they will disclose all that they can, by whatever means, discover. As a reslut, matters will be revealed when they ought to remain secret in the interest of the nation." p. 233 (Para 66)

It is rather the public interest in fair administration of justice that comes into clash with the public interest sought to be protected by non disclosure and the court is called upon to balance these two aspects on public interest and decides which aspect predominats, p. 235.

But by and large, once the court has found that the document is of such a character that its disclosure will cause injury to public interest, it would be futile to leave it to the head of the department to decide

whether he should permit its production or not. We are therefore unable to accept the decision in Sodhi Singh's case (AIR 1961 SC 493) (Supra) as lying down the correct law on this point at p. 237.

Raoul Berger while speaking about the immunity claimed by President Nixon against the demand for disclosure of the Watergate Tapes, says in his book "Executive Privilege": A constitutional Myth" at page 264.

"Candid interchange" is yet another pretex for doubtful secrcy. It will not explain Mr. Nixon's claim of blanket immuity for members of his white House staff on the basis of mere membership without more; it will not justify Kleindient;'s assertion of immunity form congressional inquiry for two and one half million federal employees. It is merely another testimonial to the greedy expansiveness of power, the costs of which patently outweight its benefits. As the latest branch in a line of illegitimate succession, it illustrates the excess bred by the claim of executive privilege." p .239.

We agree with these learned Judges that the need for candour and franknes cannot justify granting of complete immunity against disclosure of documents of this class, but as pointed out by Gibbs A.C.J. in Sankey v. Whitlam (supra), it would not be altogether unreal to suppose "that in some matters at least communications between ministers and servants of the Crown may be more frank and candid if these concerned believe that they are protected from disclosure" becaused not all crown servants can be expected to be made of "sterner stuff." The need for candour and frankness must therefore certainly be regarded as a factor to be taken into account in determining whether, on balance, the public interest lies in favour of disclosure or against it (vide: the obsrvations of Lord Denning in Nelson v. Lougharre, (181) 1 ALLER at p.835, p 239.

The court has to balance the determinant to the public interest on the administrative or executive since which would result from the disclosure of the document against the detriment to the public interest on the judicial side which would result from non-disclosure of the document though relevant to the proceeding. Vide the observations of Lord Person in Reg. v. Lewes JJ. Ex parte Home Secy. (1973 AC 388) (supra_) at page 406 of the report. The court has to decide which aspect of the public interest predominates or in other words, whether the public interest which requires that the document should not be produced, out weights the public interest that a court of justice in performing its function should

not be denied access to relevant evidence. The court has thus to perform a balancing exercise and after weighing the one competing aspect of public interst against the other, decide where the balance, lies. If the court comes to the conclusion that, on the balance, the disclosure of the document would cause greatrer injury to public interest than its non-disclosure, the court would uphold the objection and not allow the document to be disclosed but if, on the other hand the court finds that the balance between competing public interests lies the other way, the court would order the disclosure of the document. This balancing between two competing aspects of public interests has to be performed by the court even where document is taken on the ground that it belongs to a class of documents which are protected irrespective or their contents, because there is no absolute immunity for documents belonging to such class, p, 240.

We must weight the importance of the general privilege of confidentiality of presieential communications, ...aganist the inroads of such a privilege on fair administration of criminal justice ... The allowance of the privilege to with hold evidence that is demonstrably relevant in a criminal trial would cut deeply into guarantee of due procuss of law and gravely impair the basic function of the courts... We conclude that when ground of asserting privilege as to subpoenaed materials sought for use in a criminal trial is base only on the generalized interst in confidentiality, it connot prevail over the fundamental demands of due process of law in the fair administration of criminal justice Mr. C. J. Burger in United States v. Nixon 418 U.S. 683 94, S.Ct 3090, 411.ed 2d 1039 (1974) quoted in Murphy's American Constitutional interpretation at p. 234-238.

संवैधानिक संरचनाहरू

१९. प्रतिनिधिसभाको विघटनको संवैधानिकता एवं युक्तिसंगतता हाम्रो संविधानले अंगालेको मूलभूत संरचनाको सन्दर्भमा परीक्षण गर्नु पर्छ । वर्तमान संविधानले हाम्रो संवैधानिक अनुभव, राजनैतिक विकास, जनताको चाहना एवं राष्ट्र निर्माणका लागि संवैधानिक आधारशीलाहरूलाई संगालेको छ । २००७ सालको जन क्रान्तिले नेपाललाई प्रजातान्त्रिक दिशामा डोऱ्याएको परिणाम स्वरूप संसदीय प्रजातान्त्रिक राज्य व्यवस्थाद्वारा प्रतिनिधि मुलक सरकारको संरचना गऱ्यो । अन्तरिम सरकार विधानमा संसदीय शासन प्रणालीको रूपरेखा अंगिकार गरेको थियो भने २०१५ सालको संविधानमा त्यसलाई मूर्तरुप प्रदान गरीएको थियो । हाम्रो संवैधानिक प्रयोग वियोगान्त हुन गयो जव यस संविधानले गतिशिलता र दीर्घकालीन जीवनता प्राप्त गर्न सकेन । निर्दलीय पंचायती शासन व्यवस्था अन्तर्गतको ३० वर्षसम्मको निर्देशित प्रजातन्त्र "रूपी एक खालको अधिनायक वाद" प्रयोग भए तापनि जनतालाई कुनै

पनि अधिनायकजनित शासन व्यवस्था मान्य भएन र संसदीय शासन पद्धति अन्तरगत प्रजातान्त्रिक एवं प्रतिनिधिमूलक सरकारको लागि संघर्षको परिणति २०४६ को जनआन्दोलनको रूपमा टुंगियो । जसको प्रतिफल हाम्रो वर्तमान संविधानको संरचना हुन पुगको छ ।

२०. हाम्रो संविधानले हाम्रै विगतका कठोर ऐतिहासिक अनुभवलाई मध्यनजर राखी सर्वप्रथम अधिनायकवादी वा स्वेच्छाचारी वा एकतन्त्रीय व्यवस्था विरुद्ध संसदीय राज्य प्रणालीद्वारा प्रतिनिधिमूलक सरकारको संरचना गरेको छ । जन आस्थाको पुंजको रूपमा संसदीय राजतन्त्र, सर्वोच्च संसदीय व्यवस्था, प्रतिनिधिसभा प्रति सदासर्वदा उत्तरदायित्व प्रतिनिधि युक्त कार्यकारिणी सरकार, स्वतन्त्र एवं सक्षम न्यायपालिकाको मूलभूत संरचना रचेर त्यस शासन व्यवस्थालाई प्रजातान्त्रिक पद्धति, कानूनी राज र संविधानवाद अधीनस्थ गराएको छ । राज्यको सार्वभौमसत्ता जनतामा अन्तर निहित गराइएकोछ । जसको प्रयोग संविधानमा व्यवस्था गरिए बमोजिम हुने प्रष्ट व्यवस्था गरिएको छ । शक्ति विभाजन र संन्तुलनको प्रबन्ध गरेको छ । संविधानको सर्वेच्चताको व्यवस्था गरेकोले जसको प्रतिकूल जाने कुनै पनि कार्य असंवैधानिक हुने स्पष्ट प्रावधान रहेको छ ।

२१. संसदीय राजतन्त्रलाई पनि संविधानमा अहम् तथा गरिमामयपूर्ण भूमिका दिइएको छ । श्री ५ लाई नेपालको राष्ट्रियता एवं जनताको एकताको प्रतीक रूपमा आसन मात्र गराइएको छैन अपितु जनताको सर्वोच्च हित र समुन्नतिको लागि संविधानको पालन र संरक्षण गर्नु पर्ने उत्तरदायित्व पनि वहन गराएको छ । जुन राष्ट्र प्रमुखको रूपमा श्री ५ को सुरक्षित (Reserve) अधिकार भन्न सकिन्छ । जब कार्यकारीणी सरकारबाट संविधानको संरचना ध्वस्त गर्ने र मिच्ने वा राष्ट्रियता वा जनएकता ध्वंश गर्ने वा अधिनायकवादतिर उन्मुख हुन्छ श्री ५ बाट संविधानको धारा ४३ (३) अन्तर्गत सुझाव, प्रोत्साहन वा सचेत गराइवक्सी वा अन्यथा संविधानको धारा २९(३) अन्तर्गत रिजर्व शक्ति प्रयोग गरीवक्सी संविधानको विध्वंश वा विकृति क्रियाकलाप रोक्नु पर्ने पुनित कर्तव्यबोध गराउँदछ ।

२२. संसद विशेषत: प्रतिनिधिसभालाई गरिमामय स्थानमा संविधानले प्रतिस्थापन गरेको छ, संसद वादविवादको थलो मात्र होइन विधायिकी एवं संवैधानिक (Legislative and Constituent) भूमिका निर्वाह गर्ने कार्यकारिणी सरकारको आलोचनात्मक निगरानी राख्ने एवं यसलाई संविधानको घेरामा सीमित राख्ने सरकारको विश्वसनीयता परिक्षण गर्ने अतिरिक्त कार्यकारिणी सरकारको गठनको लागि आधारशीला बन्ने एउटा सरकारको आयु समाप्त गर्ने र अर्को वैकल्पिक सरकारको गठनको लागि मार्ग प्रशस्त गर्ने लगायत विभिन्न कार्यहरू यसले निष्पादन गर्दछ । जनताबाट प्रत्यक्ष निर्वाचित हुने भएकोले प्रतिनिधिसभाले वस्तुत: जनतामा अन्तरनिहित सार्वभौम सत्ताको प्रयोग र प्रतिनिधित्व साथ-साथ गर्छ । अतएव यसले सत्तासीन राजनैतिक दल र प्रतिपक्ष दल दुवैलाई सम्माहित गर्छ । प्रजातान्त्रिक संसदीय व्यवस्थाको संसदप्रति उत्तरदायित्व हुँदै सत्तासीन दलले शासन परिचालन गर्दछ भने प्रतिपक्ष दल संसद र जनताको हितको लागि सरकारको आलोचनात्मक अभिव्यक्ति बुलन्द गर्दछ । सायै संसदको विश्वासको आधारमा वैकल्पिक सरकारको गठनको लागि आफूलाई तयार राख्दछ । यो नै प्रतिपक्ष दलको प्रमुख भूमिका हो र

विपक्षीदलको नेतालाई वैकल्पिक प्रधानमन्त्री (Prime Minister- in waiting) भनिन्छ । J.A.G. Griffith and Michael Ryle's Parliament, Functions. Practice and Procedure (1989) मा यसरी अभिव्यक्त गरिएको छ : There are essentially two confrontations underlying all parliamentary business. The first, as reflected in the very shape of chamber, is the confrontation between the government and opposition. This is at the heart of the British Political System: the government of the day is faced by and challanged by, the alternative governing party, the party that formed government not so long ago and hopes to form a government again before too long". at p 13.

- First the House of Commons draws its authority from the fact that it is elected by and represents the people. Secondly, the House of Commons sucures its influence by reflecting public opinion and by forming and conditioning public opinion, as Lioyd Geroge said, the House is the sounding board of the nation, it both speaks for and speaks to the people." at p. 17 equip.

त्यसरी नै Ivor Jennings ले आफ्नो Cabinet Government, third edition मा यसरी व्यक्त गर्नु भएको छ ।

- Democreatic government demands not only a parliamentary majority but also parliamentry minority. p. 15.
- If appeals are to the electorate, the opposition is at once the alternative to the government and a focus for the discontent of the people. p.16.

Harold J.Laski ले आफ्नो किताव Parliamentary Government in England का केही अभिव्यक्ति पनि यस प्रसंगमा उल्लेखनिय छन् :

- Government by discussion . at p. 139.
- Its (House's) business, primarily is to make a government to whom, so long as its gives confidence, it is prepared to entrust that initiative. at p. 143.
- Parliament is the organ of registration for the cabinet. The ability of the cabinet to secure that registration depends on the success of our whole system of government ... The cabinet has to elicit consent, if cannotexact it, at p. 171-172.
- The cabinet is responsible to parliament, and through parliament, to the people. The house of commons is prime facie the exponent of national will, the recognized organ of public opinion. Eugene A forsey's The Royal Power of Dissolution of Parliament in the British Commonwealth.

२३. संसदको महत्त्वपूर्ण भूमिकालाई आत्मसात गर्दै हाम्रो संविधानले "संसदीय शासन प्रणाली" लाई संविधानको आधारस्तम्भ बनाइएको छ। संसदको अधिवेशन संविधानको धारा ५३ (१) अनुसार प्रतिनिधिसभाको लागि निर्वाचन भएको एक महिना भित्र र तदुपरान्त एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि ६ महिना भन्दा बढी नहुने गरी आव्हान गरिनु पर्ने संवैधानिक वाध्यात्मक प्रावधान रहेको छ। उक्त समयमा जे जस्तोसुकै अवस्था परे तापनि संसदको अधिवेशन बस्नु पर्ने संवैधानिक अनिवार्यता छ। यो अनिवार्यता सङ्कटकालीन अवस्था वा अन्य कुनै संवैधानिक अवस्था वा कारणमा पनि टार्न सकिन्न। न त कार्यपालिकाले संसदको सामना गर्न विभिन्न वाहना बनाई वा संविधानको विकृत व्याख्या गरी संसदको नियमित अधिवेशनमा व्यवधान खडा गर्न सक्छ। हाम्रो संविधानमा संसदको विशेषत: प्रतिनिधिसभाले जनता प्रत्यक्ष एवं परोक्ष प्रनिनिधित्व गर्ने भएकोले कुनै खास र महत्त्वपूर्ण विषयमा छलफल गर्न अनिवार्य भएमा प्रतिनिधिसभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा पनि प्रतिनिधिसभाको विशेष अधिवेशन बस्ने संवैधानिक प्रावधान संविधानको धारा ५३ (३) मा गरिएको छ। उक्त उपधारामा "श्री ५ बाट प्रतिनिधिसभाको अधिवेशन चालू नरहेको वा वैठक स्थगित भएको अवस्थामा अधिवेशनको वैठक बोलाउन वांछनीय छ भनी प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले समावेदन गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोकिवक्सने छ र त्यसरी तोकिएको मिति र समयमा प्रतिनिधिसभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ।" यो प्रावधान श्री ५ को स्वेच्छामा निहित नभै वाध्यात्मक रहेको कुरा संविधानले नै प्रष्ट गरेको छ। जस अनुसार कार्यपालिका वा अन्य कुनै व्यक्तिलाई त्यसमा विचलन ल्याउन वा अन्यथा गर्न पाउने कुनै अवस्था र आधार राखेको छैन। उसमाथि मिति २०५२।३।२ मा बस्ने गरी बोलाइएको प्रतिनिधिसभाको अधिवेशनको घोषित उद्देश्य र कार्य नै विपक्षी प्रधानमन्त्रीको विरुद्धमा अविश्वासको प्रस्ताव पारित गरी निजलाई पदमुक्त गराउनु रहेको थियो।

२४. संसद (प्रतिनिधिसभा) को अधिवेशन वा वैठकले नै जनताको प्रतिनिधित्व गर्दै जनतामा अन्तरनिहित सार्वभौमसत्ताको वास्तविकतामा कार्यान्वयन गर्छ। सरकारको कार्य, नीति, योजना र आर्थिक एवं वित्तीय व्यवस्था आलोचनात्मक निगरानी गरी उपयुक्त निर्णय गर्नु अतिरिक्त कार्यकारिणी सरकार प्रति विश्वास वा अविश्वास प्रस्तावको निर्णय गरी सरकारलाई वैधता प्रदान गराउँदछ वा विद्यमान सरकार वर्खास्त गरी वैकल्पिक सरकारको चयन गर्दछ। यो महत्त्वपूर्ण तथ्यलाई विघ्न वाधा पुऱ्याउन सकिन्न।

२५. संविधानको धारा ४२ (४) अन्तर्गत ४२(२) वमोजिम गठित अल्पमतको सरकारले विश्वास प्राप्त गर्न नसकेको कारणवाट स्वत: विघटन हुने परिस्थितिमा वाहेक नव निर्वाचित प्रतिनिधिसभाले जनताको अर्थपूर्ण रूपमा प्रतिनिधित्व गर्न यसले जीवन्तता र गतिशीलता प्राप्त गर्न पाउने अधिकार निहित हुन्छ। निर्वाचित प्र सं लाई निर्वाचनद्वारा अभिव्यक्त मतदाताहरूको संकल्प, ईच्छा एवं अनुभूति प्रतिविम्वित गर्न साधिकार रहेको हुन्छ। अन्यथा निर्वाचन र प्रतिनिधित्व निकायको केही अर्थ रहेको हुन्न तत्काल प्रतिनिधिसभाको प्रारम्भिक अवस्थामा यसरी विघटन भएमा

प्रजातान्त्रिक निर्वाचन र मतदाताको संप्रभुतामा चुनौति दिएको ठहर्न जान्छ । त्यसैले छोटो समय अघि विघटन भई निर्वाचित प्रतिनिधिसभाको अति अल्प समयमको अन्तरालमा दोस्रो विघटनको प्रतिनिधिसभा सवल र स्वच्छ रहुन्जेसम्म वैधानिकता प्राप्त गर्न सक्दैन । यस सम्बन्धमा केही आधिकारिक कथन मनन योग्य छन् :

- Dissolution at an early stage would mean annulling the elections rather than dissolving something that does not exist.... such a premature dissolution would directly challenge the supermacy of the electorate (B. S. Markesinis: The Theory and Practive of Dissolution at p. 13).
- "A new house of commons has a right to live if it can and should not be destroyed until some fresh issue or situation has arisen to place before electors." - Winston Churchill Quoted in G. Marshall's Constitution Convention.
- Of course, in one sense, every appeal to the people, whatever circumstances exist when if takes place represents an attempt to get adecision from the political sovereign. In this sense a series of repeated dissolution of the parliament may be said to represent "truimph" of the people as political soverign. In actual fact, however, by means of defamation and intimadation and the deliberate inculcation of disillusion and disqust, a series of repeated dissolution would probably be the very means of first delaying and ultimately defeating the true popular will and so represent a truimph over, and not a truimph of popular will, and so represent a truimph over, and not a trimpuh of the electorate - Herbert Vere Evatt's, The Kind and His Dominaion republics at. p. 109.

२६. कार्यकारिणी अंगलाई संविधानमा आधारस्तम्भको स्थान दिइएको भए तापनि जस्तो सुकै व्यापक अधिकारको कार्यकारिणीलाई स्वेच्छाचारी एवं अधिनायकी बन्न नदिन एकातिर संसदले नियन्त्रण गर्दछ भने अर्कोतिर कार्यकारिणी अधिकारको प्रयोग कानूनी राज, संविधानवाद अर्थात संविधानका मान्य सिद्दान्त र संविधानका अन्य व्यवस्थाका अधीनमा रहेर मात्र प्रयोग गर्ने गरी बन्धनकारी बनाइएको छ । कार्यकारिणीलाई महत्त्वपूर्ण बन्देज संविधानको धारा ३ मा नै गरिएको छ जसअनुसार नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहनेछ जसको प्रयोग यस संविधानमा व्यवस्था भए वमोजिम हुनेछ । यो व्यवस्था प्रजातन्त्र र संविधानको संरक्षणका लागि जुनसकै प्रजातान्त्रिक शासन व्यवस्था र संविधानमा अत्यावश्यक ठानिएको हुन्छ । वेल्जियम संविधानको धारा २५ मा All power stem from the nation. They are exercised in the manner laid down by the constitution." भन्ने प्रावधान गरिएको छ । यस संवैधानिक व्यवस्था बारे Robert Senelle ले Memo from Belgium, "Views and Sruveys" The Belgian

Constitution (1974) पृष्ठ ६६-९९ मा व्याख्या गर्दै कार्यकारिणी सरकारले जनताको मौलिक हक अतिक्रमण गर्न नपाउने, संविधानको शक्ति पृथकिकरण र संतुलनलाई नखलवल्याई विधिगत प्रकृया अनुसार मात्र शासन संचालन गर्नुपर्ने कुरालाई जोड दिदै संसदीय प्रजातन्त्रको महत्त्वबारे यसरी अभिव्यक्ति दिनु भएको छ :

"Thus in the eye of the Belgians a parliamentary democracy remains despite all its imperfections, the best and indeed the only acceptable form of government. To the vast majority of citizens, Parliament the supreme expression of the sovereign will of nation and also supreme authority within the parliamentary system is the very cornerstone of democracy. (P.72).

२७) कार्यकारिणी सरकारले अधिकारको प्रयोग माथि उल्लेख गरे अनुसार संसद प्रति उत्तरदायी रहनु पर्ने अतिरिक्त कानूनीराज र मान्य संवैधानिक आधारभूत सिद्दान्तहरू (संविधान वाद) अनुकूल हुनु पर्ने अत्यावश्यक हुन्छ । यस अनुसार अधिकार सीमित रहन्छ । सीमित अधिकार कानून संगत हुनुपर्छ र अधिकारको प्रयोग विधिप्रक्रिया वा विवेकपूर्ण कार्यविधि पालना गरी गर्नुपर्छ । प्रजातान्त्रिक प्रकृया संसदप्रति उत्तरदायित्व, कानूनी राज र संवैधानिक आधारभूत सिद्दान्तहरू सायै न्यायिक नियन्त्रण हुने जस्ता महत्त्वपूर्ण नियन्त्रणले नै संविधानद्वारा अधिनायकको अभ्युदय हुनबाट रोक्दछ । यसैलाई मान्यता दिन सम्मानित अदालतलाई संविधानको व्याख्याता, संरक्षक, प्रचलक वनाउन संवैधानिक अदालतको अधिकार प्रदान गरिएको छ ।

२८. कार्यकारिणी सरकारको कार्यकाल प्रतिनिधिसभाभै निश्चित हुन्न । किनभने यसको जीवन नै प्रतिनिधिसभाको विश्वासमा अडेको हुन्छ । इंगल्याण्ड र त्यहाँको व्यवस्था अनुशरण गर्ने देशहरूमा सरकार निर्माण र विस्थापन जस्ता महत्त्वपूर्ण कुरा कन्भेन्सन वा प्रचलनद्वारा व्यवस्था गरिएको हुन्छ । तर हाम्रो संविधानमा सरकारको निर्माण कन्भेन्सन वा व्यवहारमा नछोडी संविधानमा नै प्रष्टरूपमा विशेष व्यवस्थाद्वारा गरिएको छ । हाम्रो संविधानको धारा ३६ (१) मा प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेताको अध्यक्षतामा मन्त्रिपरिपद्को गठन गर्ने प्रावधान गरेको छ भने धारा ४२ (१) मा संयुक्त सरकार र ४२ (२) ले अल्पमतको सरकारको गठनको व्यवस्था गरिएको छ । कुनै पनि प्रकारको सरकारलाई प्रतिनिधिसभा ३६ (५) (ख) तथा ५९ (२) अनुसार अविश्वास प्रस्ताव पारित भै स्वीकृत भएमा सत्तावाट च्यूत हुन्छ र नयाँ सरकार वन्नुपर्ने कुरा संविधानको धारा ३६ (७) ले सुस्पष्ट गर्दछ र अतएव सरकारको जीवन स्थिर र निश्चित नभै प्रतिनिधिसभाको विश्वास र निगाहमा आश्रित हुन्छ । सरकार तवसम्म रहन्छ जवसम्म त्यसलाई प्रतिनिधिसभाको विश्वास प्राप्त हुन्छ । प्रतिनिधिसभाको विश्वास गुमाएको वा अविश्वासवाट कलंकित सरकारलाई सत्तामा रही रहन र वैकल्पिक सरकारको निर्माण गर्न गराउन गतिरोध पैदा गर्न सक्तैन । विघटन गर्ने कुचाल वा अन्य कुनै प्रत्यक्ष वा परोक्ष कार्यवाट प्रतिनिधि सभाको संविधान प्रदत्त प्रत्यक्ष एव निहित अधिकार शून्यकृत गर्न सकिन्न । यसैले Eugene A. Forscy ले आफनो

किताव The Royal Power of dissolution in the British Commonwealth (1943) p . 269 मा यसरी व्यक्त गर्नु भएको छ - " If a government asks for dissolutionn whilst a motion of censure is under debate it is clearly the crown's duty to refuse."

२९. हाम्रो संवैधानिक संरचनाहरूलाई विचलन हुने गरी प्रतिनिधिसभाको यस्तो विघटनले मान्यता पाउन सक्तैन, जसको विवेचना छुट्टै शीर्षक अन्तर्गत गरिने छ। यहाँ यो उल्लेख गर्न उपयुक्त छ कि, प्रधानमन्त्रीलाई संविधानको व्यवस्था ध्वस्त गर्न विघटनको अनियन्त्रित, स्वेच्छाचारी र अधिनायकी अधिकार प्रदान गरिएको छैन। ससंदीय व्यवस्थामा प्रतिनिधिसभा जनताद्वारा प्रत्यक्ष निर्वाचित भएकोले कार्यकारिणी सरकार भन्दा सर्वोच्चता हासिल गर्दछ, किनभने सरकारको चयन प्रतिनिधिसभाको विश्वासमा आधारित हुन्छ। सरकारको विस्थापन र वैकल्पिक सरकारको गठनको सम्पूर्ण अधिकार प्रतिनिधिसभामा रहेको हुन्छ। संविधानको सर्वाङ्गीण र सामान्जस्य व्याख्या गर्नु पर्ने हुन्छ। संविधानको धारा ५३ (४) अन्तर्गतको विघटन संविधानको धारा ५३ (१), ५३(२), ५९(२), ३६(४), ३६(९) र ४२ (१) (२) लगायत अन्य संवैधानिक व्यवस्थाहरूको निष्तेज र नि:शेषद्वारा गर्न सकिन्न। अतएव संविधानको धारा ५३ (४) अन्य धाराहरू उपर आश्रित छन्। सायै समन्वयक छन्। त्यसैले, संविधानको धारा ५३ (३) धारा ३६(५) (ख) अन्तर्गत अविश्वास प्रस्ताव पारित गर्न पाउने एवं वैकल्पिक सरकार गठन गर्न पाउने अधिकारको अभ्यासले अनिवार्य मान्यता पाउने गरिकन मात्र व्याख्या हुन सक्छ। संसदको अधिकारको प्रतिकारात्मक अधिकार प्रधानमन्त्रीमा रहन सक्तैन। संविधानको धारा ३६ (५) (ख) वमोजिम प्रधानमन्त्रीलाई पदमुक्त (Dismiss) गर्न पाउने संवैधानिक अधिकार प्रतिनिधिसभाको सुरक्षित र संरक्षित अधिकार हो। जसको अतिक्रमण विवादास्पद विघटनवाट भएको छ।

प्रतिनिधिसभाको विघटन सम्वन्धी संवैधानिक व्यवस्था र यसको प्रयोग

३०. हाम्रो संविधानले प्रतिनिधिसभा विघटन: सम्वन्धमा तीन प्रकारको व्यवस्था गरेको छ।

१. स्वभाविक विघटन: संविधानको धारा ४५ (३) अनुसार प्रतिनिधिसभाको कार्यकाल ५ वर्षको रहेको छ जुन संकटकालीन स्थितिमा ऐनद्वारा एक वर्षसम्म वढाउन सकिन्छ। कार्यकाल समाप्त भएपछि वा त्यसको तत्काल अघि प्रतिनिधिसभाको विघटन स्वभाविक हुन्छ।

२. स्वत: विघटन संविधानको धारा ४२ (४) अनुसार अल्पमतको सरकार गठन भएको तीस दिन भित्र प्रतिनिधिसभाको विश्वास प्राप्त गर्न नसकेमा प्रतिनिधिसभाको विघटन स्वत: हुन्छ। निर्वाचित प्रतिनिधिसभाले सरकार गठन गर्ने प्रथम तथा सर्वाधिकार महत्त्व कार्य सम्पादनमा नै असफल भएको (Failure of House) कारणले स्वत भंग हुनुपर्ने हुन्छ। वास्तवमा सरकार नदिनसक्ने संसदको औचित्यनै समाप्त हुन्छ।

३. संवैधानिक व्यवस्था अनुकूल विवेकाधिकार विघटन : धारा ५३ (४) अनुसार प्रधान मन्त्रीको सिफारिशमा श्री ५ महाराजाधिराले प्रतिनिधिसभा विघटन गर्न सकिबक्सने संवैधानिक प्रावधान छ। तर यो विघटन पनि संविधान बमोजिम बाहेक अन्य उद्देश्य गैर संवैधानिक तरीकाले हुन सक्तैन।

३१. अहिलेको विवाद विषय संवैधानिक व्यवस्था अनुरूप प्रतिनिधिसभाको विवेकपूर्ण विघटनसँग सम्बन्धित छ। यस सम्मानित अदालत समक्ष २०५१ सालमा भएको विघटनलाई लिएर निवेदन पर्दा सम्मानित अदालतबाट निर्णय हुँदा निम्न आधारभूत सिद्धान्तहरू प्रतिपादित भएका थिए।

(१) विघटन जस्तो सार्वजनिक सरोकारको विवादमा समावेश भएको संवैधानिक प्रश्नमा निवेदकको हकदैया रहने।

(२) प्रधानमन्त्रीको सिफारिशमा श्री ५ बाट विघटन गरिबक्सने कार्यको प्रधानमन्त्रीले उत्तरदायित्व वहन गर्नुपर्ने भएकोले सिफारिश र सिफारिशको आधारमा भएको विघटन कार्यको संवैधानिकताको प्रश्न विचारणीय हुन सक्छ।

(३) संविधानको धारा ३५(६) को जहाँसम्म प्रश्न छ, विघटनको सिफारिश सल्लाह वा सिफारिशका सम्बन्धमा राजदरवार, मन्त्रिपरीषद् वा अन्य सम्बन्धित पदाधिकारीबाट कुनै जानकारी दिएमा त्यसको जानकारी लिन र त्यसको आधारमा तत्सम्बन्धी कार्यको संवैधानिकतामा विचार गर्न मिल्ने।

(४) दुराशययुक्त सिफारिश नि:सन्देह दूषित र वदरभागी हुन्छ।

(५) संविधान बमोजिम अर्को प्रधानमन्त्रीको नियुक्ति र मन्त्री परिषदको गठन हुन नसक्ने स्थितिमा प्रतिनिधिसभाको विघटन गर्नु बाहेक अन्य विकल्प नरहने हुँदा अनिवार्य आवश्यकताको रूपमा त्यो सिफारिश कार्यान्वित गर्न मिल्ने देखिन्न।

(६) नयाँ मन्त्रिपरिषद्को गठन गर्दा दल वा दलहरूले प्राप्त गरेको संख्यात्मक स्थितिलाई हेरिनु पर्छ। प्रतिनिधिसभाको विघटन सम्बन्धी विचार विमर्शको प्रकृयामा मन्त्री परिषद् गठनको सम्भावना पनि विचार विमर्श हुनु स्वभाविक हो।

३२. जुन कुरा न्याय योग्य हुन्छ जसको बारे हकदैया हुन्छ जसको सम्बन्ध नयाँ सरकारको गठन सम्बन्धी प्रकृया संचालनसँग हुनुपर्छ। त्यो विषय अर्थात प्रतिनिधिसभाको विघटन प्रधानमन्त्रीको स्वेच्छिक विशेषाधिकार हुन सक्तैनन न त प्रमको ईच्छानुसार स्वत: विघटन हुने कुरा हो। संविधानको सर्वाङ्गीण, समन्वयात्मक एवं कृयाशील व्याख्याको सन्दर्भमा संविधानको धारा ५३ (४) को व्याख्या धारा ५३ (१), ५३(३), ४२(१), ४२(२), ३६(१) ३६ (५)(ख), ३६(७), ५९ (२) को प्रसंग र सन्दर्भ सापेक्ष हुनैपर्छ। अर्थात संसद अधिवेशन, संसद्ले सरकार प्रतिको अविश्वासको प्रस्ताव प्रति निर्णय लिन पाउने कुरा र नयाँ सरकार गठन गर्न पाउने विषयको संयोजनमा हेरिनु पर्छ। कार्यकारिणी सरकारको आयु नै संसद्को विश्वासमा आधारित हुने हुँदा विश्वास प्राप्त गर्ने प्रक्रिया छल्न संस्कारले सक्तैनन्।

विश्वास नै यस्तो आधारशीला हो जसवाट संसदले सरकारप्रति अर्थपूर्ण नियन्त्रण गर्छ। Montesquiu को भनाइ अनुसार "He who possess power tends to abuse it, only way to prevent this is for one function to check the other."

३३. प्रतिनिधिसभाको विघटनको प्रावधान शक्ति पृथकीकरण र सन्तुलनमा आश्रित छ। राजनैतिक गतिरोधको कारण प्रतिनिधिसभा चल्न नसकेमा संसदीय सरकारको संचालन तथा सरकार गठन हुन नसक्ने अवस्थामा राजनैतिक संकट र यस्तै अन्य विशेष राजनैतिक परिस्थितिको कारण नयाँ जनादेश लिन नयाँ निर्वाचनको लागि प्रतिनिधिसभाको विघटन गर्ने व्यवस्था गरिएको छ। त्यसैले प्रम.को विघटनको सिफारिश उपयुक्त हुन पर्ने कुरामा जोड दिइएको हुन्छ। यस सम्बन्धमा केही आधिकारीक कथन यस प्रकारका छन् :

- The Prime Minister's advice for dissolution is constitutionally proper. - W. Anson's law and Constitution, I. Ed. (1911) 306-7.
- The dissolution should not be improperly advised - Hood Philips' Constitutional & Administrative Law, 6th Ed. p.149.
- I do not think a dissolution justificable for the purpose merely of strengehtning a party. The power of dissolution is a great instrumet in the hands of crown; and it would have a tendency to blunt the instrument if it were employed without grave necessary. - Sir Robert Peel (1946) quoted in Markesinis' the Theory and Practive of Dissolution of Parliament at p. 35-36.
- If a Prime Minister were improperly to request a dissolution, the queen would at least be entitled, and might perhaps be obliged, to reject it. - Constitutional and Administrative Law by Stanely de Smith & Rodney Brazier.

३४. प्रधानमन्त्रीले विघटन सिफारिश Big Stick को रूपमा प्रयोग गर्न पाउँछ, प्रधानमन्त्रीले जहिले चाहे पनि रोक टोकविना विघटन गराउन पाउँछ, विघटन गराउन प्रमले चाहने वित्तिकै राष्ट्र प्रमुखले स्वीकृत दिनु पर्छ भन्ने अवधारणा अधिनायकवादी अवधारणा हुन् जसलाई प्रजातान्त्रिक मान्यता अनुरूप परिवर्तन भएका छन्। वस्तुत: विघटन विशेष अवस्थामा उचित आधार र कारणवाट आश्रित भएको हुनु पर्छ। जहिले पनि विघटन हुन गएमा जर्मनको Weimer र Greece को संविधानमा भै प्रजातन्त्रिक प्रक्रियावाट जनता विमुख हुन गई अधिनायकवादको उदय हुन जान्छ। यसैले जर्मनमा विघटन सम्बन्धमा कटु अनुभवको कारणले गर्दा विघटनको प्रावधान धारा ६३ (४) र ६८ मा त्यहाँको संविधानमा गरिए तापनि धेरै वर्षको अन्तरालमा १९८२ मा एक पटक मात्र प्रयोग भएको थियो। जसको पनि कटु आलोचना हुन गएको छ। विघटनको सिफारिश के कुन अवस्थामा अमान्य हुन्छ भन्ने अधिकारिक अभिव्यक्ति यस प्रकारको छ :

- It can be properly assumed that no wise sovereign that is one who has at heart the true interest of the country. the constitution and

monarchy could deny a dissolution to his Prime Minister unless he were satisfied that: (1) the existing parliament was still vital, viable and capable of doing its job: (2) a general election would be determental to the national economy, (3) he could rely on finding another prime minister who could carry on his government, for a reasonable period, with a working majority, in the House of commons. - Sir Allan Lascelles (senex) to the time 2 May 1950 quoted in B.S. Markesinis. The Theory and Practice of Dissolution of Parliament at p. 263. Authority relied in Halsbur Laws of England vol 8. para 819 (p.541-543) note.5.

- Asquith, (a former liberal Prime Minister) said that "the crown is not bound to take the advice of a particular Minister to put its subject to the tumult and turmoil of a series of general elections, so long as it can find other ministers who are prepared to give contrary advice. The notion that a minister who cannot command a majority in the House of common is invested with the right to demand a dissolution is as subvevsive of constitutional usage as it would. - Hood Philip's Constitutional and Administrative Law 6th Ed. 149.

- Most constitutional lawyers seem : to support the view that in a divided House, and particularly with a multi-party system, a minority government - whether defeated or undefeated is not entitled to a dissolution if an alternative government is possible and further more is capable of carrying on with existing House - Markesenis: The Theory and Practice of Dissolution of Parliament at p. 87, 84, 95 and 120.

- It a prime minister of either a minority of a coalition government in a hung parlimament were to ask for a general election, even for his first time, in order to forestall another majority and workable grouping supplanting his administration, then again refusal would be defensible if the alternative grouping in fact exit ... The queen would be required to reconcile two conflicting, constitutional principles, the one being that she must accept ministerial advice (here, to dissove), the other being that a person with a parliamentary majority behind him has a right to be prime minister (here, based on the proposed new coalition). In favour of Her Majesty applying the second principle would be the fact that the prime minister would be seeking a dissolution with the improper motive of trying to prevent him.. from office by an adverse parliamentary majority, and also that a new majority government would be installed without the need for a general election - Rodney Brazier . Constitutional Practice second ed. 1994 at p. 44.

- In the British Parliamentary System .. dissolution is "always an exceptional remedy." A minister must always show why he does not resign and why he dissolves. He must show that there are special reasons why immediate recource should be had to an extraordinary and irregular manifestation of the national will - Eugen Forsey, equib, at .p 258.

- There is perphas one limitation that is generally perceived as applying even to a government with an overall majority; namely that a series of dissolution aimed at securing successive increases in its majority would merit refusal. Repeated requests for dissolution would certainly be an improperly putting of the conuntry to the tumult and turmoil of General Elections - Geoffery Marshall's Constitutional Convention at p. 38.

- This "difficult and intricate question" (of dissolution) can not be dogmitically answered without considering circumstance in which it arises. Is it really suggested that, however recent the last general election may be and whatever its result, the prime minister has absolute right to require the crown to put its subjects to the "tumult and turmoil" of another general election within a few weeks of the last ? And if the result of the second election does not suit him can he claim a third ? On the countrary I conceive that the sovereign has the duty in the case of a freshly elected parliament at any rate of considering whether government could be carried on under another head and that if he thinks that it can, he is acting constitutionally. - Viscount Simo, quoted in Governing without a Majority by David Butler, second ed. at p. 126-127.

-For good or ill, a government defeated in a commons vote could have a dissolution only if there were no alternative government available. In normal circumstances, of course the institution of these practices would make no significant difference to the authority of a prime Minister is in full control of a majority party. But in marginal situations, such a customs would free the sovereign from the burden of making what some might see as a partisan decision. The constitution is, by its nature, in a state of constant development. This one area where its evolution might which benefit to all, be consciously accelerated. - David Butler, equib at p. 134.

- Perhaps the following proposition would command a wider measure of support : The Queen may properly refuse a Prime Minister's request for a dissolution if she has substantial grounds for beliefing (i) that an alterntive government. enjoying confidence of a majority of the

House of Commons can be formed without a general election, and (ii) that a general election held at that time would be contrary to the national interest . - S.A. de Smioth's Constitutional and Administrative law (1971) at p. 105.

- A refusal would propbably be justified and boradly acceptable if a Prime minister, placed in minority within his own cabinet and threatened with repudiation by his parliamentary party, suddenly ask for dissolution in order to forestall the prospect of his imminent supression. Refusal might be still more readily justifible if the rebels were known to be prepared to form a coalition government, with an opposition party, or if the country were in the throes of a serious economic crisis or widespread civil strife ... It is also possible to imagine a marginal situation in which a fact that a general election had been held only a short while previously might tip the balance against granting a request for a dissolution. - de Smith equob at p. 106-7.

-The discretionary power of the crown occassionally may be and according to the constitution precedents sometimes ought to be used to strip an existing House of Commons of its authority . But the reason why the House can in accordance with the constitution be deprived of power and of existence is that an occassion has arisen on which there is fair reason to suppose that the opinion of House is not opinion of the electors. A dissolution is in its essence an appeal from the legal to the political sovereign. A dissolution is allowable, or necessary, whenever the wishes of the legislature are, or may be fairly be presumed to be different from the wishes of the nation. - A v. Dicey's law of the Constitution at. p. 433.

- The case of Mr. Lang in New South Wales in 1927 and General Hertzog in South Africa in 1939, as well as opinions of Keith, Jenning and Laski, suggests that the Crown is not obliged to grant dissolution at the request of a minority of a cabinet. This view is moreover based on sound reason of public policy. - Eugence Forsey, equib at p. 269.

विघटनको संवैधानिक आधार

३५. <u>प्रस्तुत विषयमा समाहित सारभूत प्रश्न</u> : अविश्वासको प्रस्ताव प्रस्तुत गरी अल्पमतको प्रधानमन्त्रीलाई पदमुक्त गर्न प्रतिनिधिसभा बोलाइएको अवस्थामा अल्पमतको प्र.म. लाई प्रतिनिधिसभा विघटनको लागि सिफारिश गर्न र त्यस्तो सिफरीशको आधारमा प्रतिनिधिसभा के संविधानत: विघटन हुन सक्छ ?

३६. यस अघि विवेचना गरिए अनुसार कार्यकारिणी सरकार प्रतिनिधिसभा प्रति उत्तरदायी रहने हुनाले अविश्वासको प्रस्ताव उपर छलफल गर्न, पारित गरी प्र.म. लाई वर्खास्त गर्न र तदानूकुल नयाँ सरकार संरचना गरिनु प्रतिनिधिसभाको अन्तरनिहित मात्र नभै संविधानले नै सुरक्षित गरेको अधिकार हो। जसलाई संविधानको धारा ५३ (१), ५३(३), ५९(२), ३५(१), ३६(५) ३६(७), ४२(१), र ४२ (२) मा संरक्षित गरेको छ। यो प्रावधान संविधानको मौलिक र विशेष संरचना हो। यसलाई खलबल्याइएमा संविधानको औचित्यता नै समाप्त हुन्छ। अविश्वासको प्रस्तावद्वारा पदमुक्त हुने प्रकृयाको वदला भित्रको प्रधान मन्त्रीले विघटनको हतियार प्रयोग गरी निस्तेज गर्न सक्तैनन्। अविश्वासको प्रस्तावको संकल्प तथा वैकल्पिक सरकारको स्थितिको कारण प्रत्यर्थी नं. १ र ३ को वैधानिकतामा प्रश्न चिन्ह भइसकेकोले त्यो ग्रहण समाप्त नभएसम्म सिफारिश गर्ने अधिकार निलम्बन रहने धारा ३६ (५) (ख) को मौलिक विशेषता विर्सन मिल्दैन। प्रतिनिधिसभा मन्त्रिपरिषद्ले श्रृजित गर्ने नभै मन्त्रीपरिषद् प्रतिनिधिसभाको रचना हो। त्यस्तो प्रतिनिधिसभा विघटन गर्न सिफारिश गर्ने अधिकार प्रकारान्तरले नै निलम्वित हुन जान्छ। प्रतिनिधिसभाको अधिवेशनमा प्रस्तुत् हुने अविश्वासको प्रस्तावलाई छलि वैकल्पिक सरकार निस्तेज पार्न विघटनको व्यवस्था गरिएको हो भन्नु हाम्रो संविधानको सरकार गठन सम्बन्धी विशेष प्रावधान नै निष्कृय पार्नु हुन जान्छ। अन्यत्र परम्परा अनुसार राष्ट्रप्रमुखले विघटन प्रस्ताव अस्वीकार गर्ने अधिकार संविधानको धारा ३६(५) (ख) तथा ५९ (२) ले प्रतिनिधिसभालाई प्राप्त छ।

Parliament is not a mere creature of the cabinet, deliberating only when, for so long, and under such condition as the cabinet thinks fit, pronouncing or not pronouncing judgement as the cabinet may choose; subjcet to dissolution at any moment which suits the cabine's convenience . It is not "in the choice" of the cabinet to resort (to parliament or the electorate) as may best suit the purposes of their sinister ambition. It is not in the power of the cabinet " at their own main pleasure, to acknowledge (the opinion of the house of commons) with respect or to reject it with scorn: Eugene A. Foresey's The Royal Power of Dissolution in the British Common Wealth at p. 258.

३७. वैकल्पिक सरकार गठन हुन सक्ने स्थितिमा संविधानको धारा ४२ (२) को अल्पमतको सरकारको प्र.म.लाई प्रतिनिधिसभा विघटन गराउने कुनै संवैधानिक अधिकार रहेको हुन्न त्यो पनि अविश्वासको प्रस्तावको घेरामा परेको सरकारलाई। प्रतिनिधिसभा वा मन्त्रिपरिषद्का वीचको प्रमुखताको द्वन्द उठेमा निश्चय पनि प्रतिनिधिसभाको विशेषाधिकारले सर्वोच्चता हासिल गर्छ। अविश्वास प्रस्ताव पारित गराई विपक्षी प्र.म. लाई वर्खास्त गर्ने र अर्को सरकार संरचना गराउन पाउने सुरक्षित प्रावधान र प्रतिनिधिसभाको विघटनको व्यवस्थामा द्वन्द नै उठेपनि सामानजस्य पूर्ण व्याख्या गर्दा निश्चय पनि प्रतिनिधिसभाको अधिकारले अग्राधिकार (Override) पाउने अवस्थामा विघटनले प्रायमिकता पाउन सक्तैनन्। कुनै दलले धारा ३६ (१) वमोजिम स्पष्ट वहुमत नपाएको विशेष अवस्थामा प्रतिनिधिसभामा

धारा ४२ अन्तर्गत सरकारको परिवर्तन भै रहनु नितान्त स्वाभाविक हुन्छ। यसैले बहुदलीय संयुक्त सरकारको संभावना निरन्तर भएको प्रतिनिधिसभालाई वैकल्पिक सरकार बन्न सक्ने अवस्थामा विघटन गर्न सकिन्न। अष्ट्रेलियाका विभिन्न उदाहरण विशेषत न्यू साउथ वेल्स र साउथ अफ्रिकामा वैकल्पिक सरकारको संभावनाको स्थितिमा विघटनको सिफारिश अस्वीकृत भएको उदाहरण मनन गर्न हाम्रो सन्दर्भमा पनि प्रस्तुत गर्न सकिन्छ। आधिकारिक संविधानविद्हरूले वैकल्पिक सरकारको विद्यमानतामा संसद विघटन हुन नसक्ने सम्वैधानिक परम्परा रहेको एकमतकै निष्कर्ष यस अघि प्रकरणहरूमा उल्लेख गरिएको छ।

३८. इंगलैण्डको उदाहरण उल्लेख गरेर त्यहाँ एक शताब्दी भन्दावढी समय व्यतीत हुँदा पनि प्रधानमन्त्रीको संसद विघटन गर्ने सिफारिश नामन्जुर नभएको कारण प्रधानमन्त्रीको विघटन गर्ने विशेषाधिकार भन्ने निष्कर्षमा प्रत्यर्थी नं. १ लिखित जवाफमा पुगको देखिन्छ। तर इंगलैण्डको उदाहरण ग्रहण गर्दा केही मूलभूत कुरालाई हृदयंगम गर्नु अत्यावश्यक हुन्छ। एक इंगलैण्डमा प्रचलित कन्भेन्सहरू र संसदीय व्यवहारको मननयोग्य भए तापनि लिखित संविधान भएको पाउन प्रणालीमा आफ्नै संवैधानिक प्रावधानले ग्राह्यता पाउँछ। यस सम्बन्धमा Andegebno v. Akintola, 1963 (PC) 544 उल्लेखनीयछ। जस अनुसार परम्परा र प्रचलनको जस्तोसुकै महत्त्व भए तापनि आफ्नो संविधानको व्यवस्था लागू गरिनु पर्ने कुरा उल्लेख छ। यसका विवेचना Eyatt द्वारा लिखत The King and His Dominion Government Introduction p.xxix-xxxiii मा गरिएको छ। दोस्रो संसद प्रति उत्तरदायित्व रहने वेलायती प्रधानमन्त्रीले एक शताब्दीदेखि कुनै विघटनको अनुचित सिफारिश प्रस्तुत गरेको कुनै दृष्टान्त छैन। न त अविश्वास प्रस्ताव छन् र वैकल्पिक सरकारको निर्माण विफल पार्न आजसम्म संसदको विघटनको लागि सिफारिश प्रस्तुत गरेको कुनै उदाहरण नै छ। तेस्रो, साधारणतया इंगलैण्डमा दुई दलीय राजनैतिक पद्दति वढी प्रचलन भएको संसदमा बहुमत भएको प्रधानमन्त्रीको सिफारिश नामन्जुर गर्दा नयाँ सरकारको निर्माण प्राय: असम्भव हुनाले विघटन स्वभाविक हुने कुरा EC., Wade and AW Bardley's Constitutional and Administrative Law tenth ed at p. 339 - 241 (It is doubtful whether there can be grounds for refusal of dissolution to prime minister who commands a clear majority in the commons). मा उल्लेख छ। चौथो, जहाँसम्म अल्पमतको सरकारको विघटनको सिफ़ारिशको प्रश्न छ, वैकल्पिक सरकार खोजी गरिएको हुन्छ र प्रतिपक्ष राजनैतिक दलहरूले वैकल्पिक सरकार दिन नचाहेको अवस्थामा मात्र विघटन प्रस्ताव स्वीकार गरिएको हुन्छ। Hood Philips Constitutional and Administrative law 6th ed. at p. 149 मा यसरी व्यक्त गरिएको छ। When the minority government was defeated in the Commons in 1924, Grorge v. did not want to grant a dissolution but did so after consulting conservative and Liberal leaders. who were unwilling to continue in the existing House, पाँचौं, राजा वा रानीमा कुनै विशेष अवस्थामा विघटनको सिफारिश इन्कार गर्ने अधिकार सुरक्षित छ। त्यहाँको संविधानविद्हरूका आधिकारिक कथन अनुसार संसदवाट

अर्को सरकार चयन हुन सक्ने अवस्थामा विघटन हुन सक्दैन। यसरी विघटनको अधिकार अंकुश रहित कहीं पनि रहेको हुन्न भन्ने स्पष्ट छ। तसर्थ लिखित संविधान भएका देशहरू जस्तै पाकिस्तान र श्रीलंकामा संविधानले नै विघटन गराउने अधिकारमाथि अंकुश लगाएको पाइन्छ।

३९. भारतमा अल्पमत सरकारको सिफारिशमा विघटन भएको उदाहरण उल्लेख छ। चरण सिंहको सरकारको सिफारिशमा गरिएको विघटनलाई लिएर भारतको संविधानविद्‌बाट तीव्र आलोचना भएका छन्। उदाहरण स्वरूप H.V. Sveevai's Constitutional Law of India, third edition, an Epilogue at p. 2706-2728। तापनि विघटन अल्पमत सरकारको कारणबाट नभै त्यसलाई समर्थन गर्ने भारतीय कांग्रेस पार्टी चुनावमा जान चाहेको। कारणबाट भएको हो। Madan Murari Verma vs Charan Singh AIR 1980 Cal 95. मा विकल्प सरकारको अभावको कारण देखाई अल्पमत सरकारको विघटन सिफारिश मान्य भएको हो। यसै गरी चन्द्रशेखरको अल्पमतको सरकारको विघटनको सिफारिश विकल्प सरकारको खोजी गरी विकल्प सरकार नबन्ने भएको र प्रमुख दलहरू निर्वाचनमा नै जान चाहेको हुनाले मात्र उक्त सिफारिश मान्य भएको कुरा R. Venkatraman's My Presidential Years at P. 481-491 मा प्रष्ट्याएको पाइन्छ।

४०. यसरी सिद्धान्त र व्यवहार दुवै दृष्टिकोणबाट अन्यन्त्र मुलुकहरूमा वैकल्पिक सरकारको चयन असम्भव भएमा मात्र विघटन हुने कुरा स्पष्ट छ। निवेदकले दावी लिएको प्रस्तुत विषयमा वैकल्पिक सरकारको गठन संभावना मात्र होइन। वास्तविकता रहेको कुरा तथ्यले निर्विवाद गर्छ। एक पक्ष लाई सत्तासीन दलको प्र.म. लाई अविश्वास प्रस्ताव पारित गराई धारा ३६ (७) र ४२(१) अनुसार आफ्नो प्रधानमन्त्रीत्वमा सरकार गठन गर्न पाउने अधिकार संविधानले प्रत्याभूति गरेको छ। त्यसै गरी दोस्रो पक्षको राजनीतिक दललाई संविधानको धारा ७२ (२) (ग), ११२, ४२ अनुसार प्रतिनिधिसभाको विश्वास प्राप्त गरी मन्त्रिपरिषद् गठनगर्ने संवैधानिक अधिकार प्राप्त छ। राजनैतिक दल संस्थापना र संचालन गर्न पाउने हकले संविधान बमोजिम सरकारमा जान पाउने र चलाउन पाउने हक पनि निहित रहेको बुझाउँछ भन्ने कुरा Nawaz Sharif vs. President of Pakistan The All Pakistan Legal Decisions 1993 SC 473 ले पनि आधिकारिक रूपमा पुष्टि गरेको छ।

४१. प्रत्यर्थी नं. १ ले विघटन गर्ने आफ्नो विशेषाधिकार भएको जिकीर लिनु भएको छ। उक्त कथन संविधानले प्रदान नगरेको स्वघोषित अनाधिकार हो। कुनै पनि विवेकाधिकार स्वेच्छाचारी हुन सक्तैनन्। अधिकारको प्रयोग संविधानसम्मत र अनुकूल हुनुपर्छ र त्यो यथोचित विधिप्रकृयाहरू पूरा गरी विवेकपूर्ण र सान्दर्भिक कारणहरूमा आश्रित हुनु पर्छ। Sir William Wade's Adminitrative Law 7th ed. at p. 379. " The first requirement is the recognition that all power has legal limits..... But aibitrary power and anfettered discretion are what courts refuse to countenance. They have woven netwrok of restrictive principles which require statutory powers to

be exercised reasonably and in good faith, for proper purposes only and in accordnace with the spirit as well as the letter of the empowering Act They have also as explained elsewhere, imposed stringent procedural requirements."

४२. अधिकार वा विवेकाधिकारको प्रयोग गैरकानूनी, अविवेकपूर्ण र प्रकृयागत त्रुटि भएमा अनाधिकर युक्त हुन सक्छ । SR Bommaiv Union of India J.T. 1994 (2) SC 215 at p. 252 Paragraph 6 Lord Diplock has explained the three heads of grounds. By "illegality" he means that the decision makers must understand correctly the law that regulate its decision making power and must give effect to it, whether he has or has not, is a justiciable question. By "irrationality" he means unreasonableness.." By procedural impropriety" he means not only failure to observe the basic rule of natural justice or failure to act procedureal farness but also failure to observe with procedural rulse. " त्यस्तै गरी पाकिस्तानको महमद नवाज सरिफको मुद्दामा अधिकारीको प्रयोग संविधान सम्मत हुनुपर्ने र पदाधिकारको सनकमा आश्रित हुन नपर्ने, आफ्नो कार्य विवेकपूर्ण हुनपर्ने, अधिकार-प्रयोगको कारण दिनु पर्ने र कारण संवैधानिक व्यवस्था अनुकूल र सम्बन्धित हुनु पर्ने र अप्रष्ट धुमिल र असम्बन्धित कारण हुन नसक्ने कुरा उल्लेख गरिएको छ ।

४३. विघटनको लागि सिफारिशमा दिइएका कारणहरू असंगत मात्र होइन संवैधानिक व्यवस्थाको प्रतिकूल छ । प्रमुख प्रतिपक्षी दलले संविधानको धारा ५३ (३) अधिवेशनको लागि समावेदन दिइएको तथ्य विघटनको कारण बन्न सक्तैनन् । प्रतिपक्षले सरकारको विरोध गर्नु र आफूलाई वैकल्पिक सरकारमा चयन गराउन खोज्नु स्वभाविक संवैधानिक दायित्वको कुरो हो । संविधानको धारा ५३ (३), ५९ (२), ३६ (५) (ख) को सुरक्षित हकको प्रयोग रोक्न प्रतिनिधिसभाको विघटनको संवैधानिक कारण बन्न सक्तैन । अपितु ती कारण संवैधानिक व्यवस्था विरुद्ध भएकोले गैरकानूनी र असंवैधानिक छ । दोश्रो धारा ४२ (१) बमोजिम सरकार बन्न सक्तैनन् भन्ने विपक्षी प्र.म. को निस्कर्ष र दावी संविधान विरुद्ध भै गैरकानूनी छ । यसमा दिइएका कारण विघटन प्रश्नसँग सम्बन्ध (Nexus) नहुँनाका अतिरिक्त ती कारण स्वयंमा असंवैधानिक एवं पूर्णत अनुचित छ । विघटनको लागि कुनै भरपर्दो कारण र परिस्थिति विद्यमान भएको कुरा उल्लेख गरिको छैन । विवेकाधिकारको प्रयोजनको लागि यथोचित विधिप्रकृया अवलम्बन गर्न सकेको देखिदैन । प्रतिनिधिसभाको वा यसका सदस्यहरूलाई संविधानले संरक्षित राखेको अधिकार प्रयोग हुन याल्यो वा भयो भन्ने कारण र कुरा नै धारा ५३ (४) को अधिकार प्रयोग गर्नु पर्ने संवैधानिक आधार वा कारण बन्न सक्तैन ।

विघटन दुराशय युक्त

४४. विवादास्पद विघटन संविधानको प्रयोजनको लागि विघटनको कारण परिस्थितिको विद्यमानता न भै आफ्नो राजनैतिक दलको निहितस्वार्थ पूर्तिको लागि दुराशयसाथ

प्रयोग गरिएको छ । यदि अधिकारको प्रयोग प्रदत्त अधिकार भन्दा अन्यान्य प्रयोजन वा कानून अतिरिक्त उद्देश्यहरूको लागि प्रयोग भएमा वा अधिकार प्रयोग गर्दा दिइएका कारणहरू युक्तिसंगत वा अधिकारसँग सम्बन्ध नभएमा वा वैयक्तिक स्वार्थको लागि प्रयोग भएमा वा बाह्य कारणबाट प्रभावित भै प्रयोग गरिएमा अधिकारको प्रयोग दुराशययुक्त हुन जान्छ । संविधान र कानूनको प्रष्ट प्रावधान र प्रकृया छल्नकै लागि मात्र कुनै अधिकार प्रयोग गर्नु वा गर्न खोज्नु पनि दुराशययुक्त प्रयोग मानिन्छ ।

A power is exercised fraudulently if its responsitory tends to achieve an objective other than that for which he believes power has been conferred de Smith's Judicial Review of Administrative Action 4th ed. at p. 335.

भारतमा बोमाई केश JT 1994 (2) SC 215 र पाकिस्ताका नवाज शरिफका मुद्दामा विघटनको लागि दिइएका कारण अविवेकपूर्ण भएमा संविधान एवं कानून संगत नभएमा अधिकारको अन्यान्य प्रयोजनको लागि रंगीन प्रयोग भएमा असंवैधानिक तथा बदनियतपूर्ण कार्य हुने ठहराइएको छ ।

४५. देशको प्रधानमन्त्री जस्तो उत्तरदायित्व पदमा आसिन भएको व्यक्तिबाट संविधानको दुरूपयोग हुन्छ भने त्यो निश्चयात्मकरूपमा दुराशय ठहर्न जान्छ । विपक्षीले दिएको कारण प्रतिनिधिसभाको विघटनसँग कुनै सम्बन्ध छैन । संविधानको प्रावधान अनुसार प्रतिनिधिसभाको विशेष वैठक वोलाइनु अविश्वास प्रस्ताव राख्नु र वैकल्पिक सरकारको गठनको सम्भावना खोजीलाई विघटनको कारण भनिनु अविवेकपूर्ण मात्र नभई संविधान विरुद्ध एवं अन्यान्य प्रयोजनयुक्त कारण मानिनु पर्छ । आफ्नो पार्टीको केन्द्रीय समितिको निर्णयबाट निर्देशानुसार गरेको सिफारिश अनाधिकृत एवं वदनियत पूर्ण छ । विपक्षीको दलले प्र.म. पदको जिम्मेवारी बोकेको छैन र शपयको साझेदारी गर्नपनि मिल्दैन जसरी भए पनि सत्तामा रही सत्ताको दुरूपयोग गरी सत्ताको आडमा साम, दान, दण्ड, भेदको नीति प्रयोग गरी निर्वाचनमा बहुमत ल्याउने कलुशित आचरण रहेको छ । काम चलाउ सरकारले नीतिगत कुरामा निर्णय लिई देशको संरचना र अर्यतन्त्रलाई ध्वस्त पार्दै निर्वाचन जित्ने प्रयोजनको लागि प्रचारबाजी वजेट लाएको तथ्यले नै वदनियत प्रष्ट्याउँछ आफ्नो कलुषित उद्देश्य पूर्ति गर्न आफूले सार्वजनिक गराएको विघटनको सिफारिशलाई कहीं प्रकट गरेको छैन भनी अदालत समक्ष झूठा व्यहोरा दिएबाट पनि निजको वद्नियत सिद्ध हुन्छ ।

४६. उल्लेखित वुँदाहरूको कारण निवेदकको माग वमोजिम प्रतिनिधिसभा विघटन गर्ने प्रधानमन्त्रीको सिफारिश र सो सिफारिशको आधारमा प्रतिनिधिसभा विघटन गरेको असंवैधानिक एवं वदनियतपूर्ण भएकोले वदर गरी प्रतिनिधिसभा पुन: स्थापित हुनुपर्छ भन्ने हाम्रो कथन छ ।

बहस नोट प्रस्तोता

कुसुम श्रेष्ठ, वरिष्ठ अधिवक्ता
वद्री वहादुर कार्की, अधिवक्ता

श्री सर्वोच्च अदालतमा चढाएको बहसनोट

विषयः <u>उत्प्रेषण मिश्रित परामादेशको आदेश जारी गरी पाउँ</u> ।

चिरञ्जिवी वाग्ले ..... निवेदक

<u>विपक्षी</u>

प्रधानमन्त्री मनमोहन अधिकारी समेत ..... प्रत्यर्थी

प्रथमत २०५२ आषाढ ७ गते जारी भएको कारण देखाउ आदेशको १ नं. मा २०५२।०३।२२ गते भित्र लिखित जवाफ लगाउन आदेश भएकोमा विपक्षी प्रधानमन्त्री र मन्त्रिपरिषद्का तर्फबाट २०५२।०३।२३ का दिन मात्र लिखित जवाफ दर्ता गरिएको छ भन्ने कुरा प्रष्ट गर्दै रिट निवेदकले निवेदन पत्रमा निर्णयार्थ उठाएका तथा प्रत्यर्थीहरूले लिखित जवाफमा प्रस्तुत गरेका असहमतिका आधारमा निवेदकका तर्फबाट बहस गर्नुहुने वरिष्ठ कानून व्यवसायीको वहस एवं वहस नोट प्रति समर्थन जनाउँदै तथा केही बुँदाहरूमा सम्मानित विशेष इजलास समक्ष वैकल्पिक वहस बुँदाहरू सहित निम्नानुसार बहसनोट प्रस्तुत गरिएको छः

१. रिट विनेदकले विघटीत प्रतिनिधि सभाको पुर्नस्थापनका लागि उठाएका संवैधानिक प्रश्न तथा मूल विषयवस्तुहरू (Issues) यस प्रकार छन्:

१.१ प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनका लागि श्री ५ समक्ष चढाएका मिति २०५२।०२।२६ को सिफारिस दुराशययुक्त, वदनियतपूर्ण (Malafide) तथा औचित्यहीन छ ।

१.२ धारा ५३(३) अन्तरगत संसद सदस्यहरूबाट विशेषाधिकार (Privilege) प्रयोग गरी समावेदन गरे बमोजिम नियमित अधिवेशन अगावै विशेष अधिवेशनको आह्वान भै सकेपछि धारा ५३(४) बमोजिम प्रतिनिधि सभाको लागि गरिएको सिफारिश संविधान सम्ममत हुँदैन । एउटा संवैधानिक धाराको वाध्यात्मक प्रक्रिया शुरू भै सकेपछि अर्को सवैधानिक प्रावधानले सो प्रक्रियालाई निस्कृय एवं परास्त गर्न सक्दैन ।

१.३ संविधानको धारा ४२(२) अन्तरगत नियुक्त प्रधानमन्त्रीले आफ्नो विरूद्ध अविश्वासको प्रस्ताव पेश हुने स्थितिमा संसदको सामना नगरी वैकल्पिक सरकार गठनको सम्भावना हुँदाहुँदै गरेको सिफारिशको आधारमा भएको

विघटन संविधान सम्मत छैन। संक्षेपमा भन्नु पर्दा धारा ४२(२) अन्तरगत बनेको सरकार निर्विकल्प हो वा वैकल्पिक सरकार हुन सक्ने संवैधानिक व्यवस्था छ ?

१.४ धारा ५३(४) को स्वविवेकीय अधिकार (discretionary power/privilege) स्वेच्छाचारी ढंगबाट मनोगत आधारमा प्रयोग हुन सक्दैन। यस्का केही अन्तर्निहित संवैधानिक सिमा छन्।

१.५ धारा ५३(४) को आधार एवं औचित्यहिन प्रयोगबाट मनोगत परिणामको परिकल्पना (Hypothetical consequences) का आधारमा धारा ५३(३) र धारा ५९(२) को प्रयोगमा अवरोध उत्पन्न गर्न पाईदैन। धारा ४२(१) र ५९(२) लाई क्रियाशील हुनबाट रोक्न (Interuption or obstruction) अर्थात संवैधानिक प्रक्रिाय एवं परिणाममा अवरोध खडा गर्न पाईदैन।

१.६ शक्तिपृथकीकरणको सिद्धान्त विपरीत विधायकहरूको विधायिकी विशेषधिकारमा हस्तक्षेप गरी कार्यपालिकाले विशेषाधिकार प्रयाग गर्न सक्दैन। (Executive cannot encroach upon legislative functions and crate obstruction)। संवैधानिक अधिकारको प्रयोग समाञ्जस्यतापूर्ण ढंगबाट (Haromoniously) हुनु पर्छ। प्रधानमन्त्रीले धारा ५३(४) को प्रयोग गर्दा संसद्का सदस्यहरूको समावेदका आधारमा क्रियाशील भैसकेको धारा ५३(३) र ५९(२) को प्रयोगलाई निष्प्रयोजित गर्न सक्दैनन्।

१.७ प्रतिनिधिसभाको विघटनको विशुद्ध रूपबाट प्रधानमन्त्रीलाई मात्र प्रदान गरिएको स्वविवेकीय अधिकारको प्रयोग स्वतन्त्र नभई मन्त्रिपरिषद् र एमाले पार्टीको केन्द्रिय समितिले गरेको निर्णयमा आधारित छ। तसर्थ अरूबाट निर्देशित वा अरूबाट भएको निर्णयको अनुमोदीत संवैधानिक स्वविवेकीय अधिकारको प्रयोग अमान्य हुन्छ ?

१.८ संसदीय प्रणालीमा अल्पमतले बहुमतको इच्छा (Will of the majority) विपरीत कार्य गर्ने कुचेष्टा गर्नु असंवैधानिक हुन्छ। बहुमतको सरकार गठन गर्ने संसद्लाई पूर्ण अवधिभर जिवित राखी संसदीय कार्य परिचालन गर्ने धारा ३६(१), ३६(४), ४२(२), ४५(३), ५३(३), ५९(२) र भाग ८समेतमा उल्लेखित जिम्मेवारी पूरा गर्ने संसदीय जिम्मेवारीबाट संसद्लाई वञ्चित गर्न धारा ५३ (४) को प्रयोग कार्यपालिका प्रमुख प्रधानमन्त्रीले गर्न सक्दैनन्।

१.९ प्रधानमन्त्रीले विघटनको सिफारिसमा उल्लेखित विघटनको उद्देश्य तथा आधार असंवैधानिक छ भने प्रमाणमा लिन सकिन्छ।

२. निवेदकले उठाएका विषयवस्तु प्रति असहमतिका आधारहरू प्रत्यर्थीहरूले निम्नानुसार प्रस्तुत गरेका छ, जुन आपसमा विरोधाभासपूर्ण छन् र संविधानसम्मत नभएकोले वदरभागि छ:

२.१ प्रधानमन्त्रीले श्री ५ समक्ष पेश गर्नु भएको विघटनको सिफारिश वदनियत साथ गरेका होइन, वदनियतीको प्रमाण गर्ने अभिभारा निवेदकको हो।

२.२ धारा ५३(६) को स्वविवेकीय अधिकारको प्रयोगका लागि कुनै शर्त तोकिएको छैन। सिफारिशमा विचार गरी राजनैतिक नेता लगायतका व्यक्तिहरूसँग

परामर्श लिई प्रतिनिधि सभाको विघटन बाहेक अर्को विकल्प नभएको महशुस गरी वक्सी विघटन गरिवक्सेको हो ।

२.३ श्री ५ मा चढाएको सिफारिश प्रत्यर्थी प्रधानमन्त्रीले प्रकाशमा ल्याएको छैन, राजदरवारबाट प्रकाशित गरेको भए ज्ञात छैन । प्रधानमन्त्रीले श्री ५ समक्ष पेश गरेको सिफारिस धारा ३५(६) द्वारा सुरक्षित छ तसर्थ प्रकाशमा ल्याउन आवश्यक छैन । सिफारिशको व्यहोरा धारा ३५(६) अन्तरगत अधिकृत दस्तावेज अन्तरगत पर्छ । यस अदालतमा प्रश्न उठाउन पाईदैन । प्रकाशित सामग्रीको आधारमा सिफारिशका कुरा अदालतले जानकारीमा लिने भन्ने प्रश्न उठ्दैन उठन सक्दैन ।

२.४ सञ्चार माध्यमबाट श्री ५ मा विघटनको लागि सिपारिश चढाएको २ दिनपछि अविश्वासको प्रस्ताव संसद्मा दर्ता गरिएको हुँदा धारा ५९(२) लाई निस्कृय गर्ने उद्देश्य रहेको भन्ने तर्क गलत छ । अविश्वासको प्रस्तावको पूर्वज्ञान हुने स्थिति प्रधानमन्त्रीको छैन ।

२.५ धारा ५२(२) बमोजिम सरकार गठन भएपछि धारा ४२(३) बमोजिम विश्वासको मत प्राप्त गरेपछि सो सरकारको स्थिति (Status) धारा ३६(१) अन्तरगत गठीत मन्त्रिपरिषद् सरह नै हुने हुँदा, धारा ५३(४) को प्रयोगमा मान्यता स्तरमा कुनै अन्तर हुँदैन । विघटनको सिफारिश चढाउँदाको अवस्था सम्म संसद्मा बहुमतको समर्थन वर्तमान मन्त्रिपरिषद्लाई थियो ।

२.६ धारा ३६(५) को आधारमा धारा ३६(७) को अवस्थामा नपुगी वैकल्पिक सरकारको खोजी हुने अवस्था हुँदैन । धारा ५३(४) को प्रयोगको परिणामबाट धारा ३६(७) अन्तरगत वर्तमान सरकार कायम रहेको हुँदा वैकल्पिक सरकार खोजीको प्रश्न आउँदैन । धारा ३६(५) को परिणाम स्वरूप ३६(७) मा पुगेको हकमा विकल्पको खोजि हुन सक्छ, जुन गत वर्षको विघटनमा भएको थियो ।

२.७ श्री ५ समक्ष निवेदकहरूले पेश गरेको समावेदनमा अन्य कुनै खास आधार देखाउन नसकि ने.क.पा. (एमाले) सरकार प्रति दुराशय राखि नवौ अधिवेशनमा नीति तथा कार्यक्रम पेश गर्न दिएमा झन जनप्रिय हुने कुराबाट हतास भई... बजेट कार्यक्रम प्रस्तुत गर्न नदिने उद्देश्यले समावेदन चढाएको हो (मन्त्रिपरिषद्को सचिवालयको लिखित जवाफ) ।

२.८ धारा ४२(२) बमोजिमको प्रधानमन्त्रीको नेतृत्वमा सरकार कायम छदै धारा ४२(१) बमोजिम पुनः सरकार गठन गर्न दावीगर्नु संविधान प्रतिकूल छ । (मन्त्रिपरिषद् सचिवालयको लिखित जवाफ)

२.९ प्रधानमन्त्रीमा के कस्तो विकल्प छ र त्यसपछि कुन चाहीं देशको लागि हितकर हुन्छ भन्ने कुराको निर्क्यौल गर्ने अधिकार प्रधानमन्त्रिमा निहित छ ... प्रतिनिधि सभा विघटनको सिफारिश नै उपयुक्त भई विघटन सिफारिश गरिएको हो ।

२.१० अविश्वासको प्रस्ताव राख्न पाउने अधिकारले प्रतिनिधि सभा विघटनको सिफारिश श्री ५ मा चढाउन पाउने संविधानले प्रधानमन्त्रीलाई दिएको अधिकारलाई कुण्ठित गर्न सक्दैन ।

२.११ विघटन गर्न सिफारिश गर्ने तथा त्यस आधारमा विघटन गर्ने दुवै शुद्ध राजनैतिक निर्णयका कुराहरू र दुवै कार्य गर्ने अलग अलग अधिकारी भएको स्थितिमा दुवै कार्यलाई एउटैमा आवद्ध गरेर हेर्न मिल्दैन ।

२.१२ विघटनको सिफारिस भएको मिति पछाडिका दस्तावेजले अगाडिको कार्यलाई असंवैधानिक र वदनियतपूर्ण हो होइन भन्ने निरोपणको आधार हुन सक्दैन ।

२.१३ जनादेश बमोजिम स्थीर र सक्षम सरकार सञ्चालन हुन दिन सर्वोपरि जनतामा जाने क्रममा निर्वाचनतर्फ सबै दल उन्मुख भै सकेका छन् । राष्ट्रिय सभाबाट पारित प्रस्तावबाट पनि यो पुष्टि हुन्छ ।

३. निवदेकको रिट निवेदन र यसको जवाफमा प्रत्यर्थीहरूबाट प्रस्तुत लिखित जवाफमा उठाइएका विषयवस्तु समेतलाई मध्यनजर राख्दै रिट निवेदनमा उल्लेखित मागहरू पुरा गरी संवैधानिक प्रश्न निरोपण समेत हुनुपर्ने बहस नोट निम्नानुसार प्रस्तुत गर्दछौं । प्रारम्भमा केही मौलिक विषय वस्तुलाई प्रस्तुत गरिएको छ:

३.१ हाम्रो संविधानको विशेषता: मौलिकताको सिद्धान्त (Doctrine of Autocthony) :

हाम्रो संविधान प्रयमत: लिखित संविधान हो र यस्को सृष्टी २०४६ को जन आन्दोलनको परिणामस्वरूप भएको कुरा प्रस्तावनाले स्वीकारेको छ । २०४६ सालको जन आन्दोलन अगाडिको संवैधानिक व्यवस्थामा २०४७ सालमा निर्मित संविधानले आमूल परिवर्तन ल्याएको छ । अन्य कुनै वा कैयौं संविधानमा नभएका केही मौलिक अवधारणा वर्तमान संविधानले अवलम्वन गरेको छ जसको व्याख्या एवं प्रयोग संविधानको अक्षर र भावना अनुरूप आफ्नै ढंगबाट गर्नुपर्ने हुन्छ । त्यस्ता मौलिक प्रावधानको व्याख्यालाई अन्यत्रका संवैधानिक व्यवस्था वा परम्पराले पुष्टी नगर्न सक्छ र गर्नु आवश्यक पनि छैन । संविधानका प्रावधानमा अवलम्वीत सर्वमान्य सिद्धान्तहरूलाई भने सहयोगी सामग्रीद्वारा पुष्टी गर्न सकिन्छ । लिखित संवैधानिक दस्तावेज र परम्परा बीचको द्वन्द्वमा लिखित कानून मान्य हुने सामान्य सिद्धान्त हो । लिखित कानून नभए मात्र परम्पराले संवैधानिक अधिकारको प्रयोग लाई नियमित गर्दछ ।

Autochtohony has been aptly explained in the following way. Some member nations of the commonwealth, and some who have reached independence and left the commonwealth may wish to be able to force their constitutions.. They demand that their constitutional instrument should have the force of law through its own anti authority. They assert not the principle of autonomy only, they asert also a principle of something stronger of self-sufficiency, of constitutional autarky... of being constitutionally rooted in their own soil."

"... if we ask that what it means to say that a constitution has a natie 'roots', at least three prossible criteria for its existence can be seen. One is whether all processes for operating constitutional change are locally operated."

Georrery Marshall, Constitutional Theory (Oxford, Clarendon Press, 1971), pp. 57-59

"Whether perfect authochthony has been achieved is tested by the success in effecting a break in legal continuity Not whether one form of legitimacy has been successfully destroyed should be the true test but whether a new legitimacy has been supplied by a valid exercise of constituent power."

- D. Conard, Constituent Power, Amendment and Basic Structure of the Constitution: A Critical Reconsideration, 6 & 7 De. L. Rev. (1977-78), p 1 at 7-8.

३.२ नेपाल अधिराज्यको संविधानको मौलिकताको सिद्धान्त (Home-grown autochthony) को रूपमा अवलम्वन गरेको मध्ये प्रस्तुत विवादसँग सान्दर्भिक तीन अवधारणा उल्लेख्नीय हुन आउँछन् । ति हुन्:

(१) विकल्प मुखी संविधान (धारा ३६(१)(५)(७) तथा धारा (४२) (Alternative Oriented Constitution) : संसद्ले वैकल्पिक सरकारको चयन गर्ने सम्भावना रहुञ्जेल धारा ५३(४) को प्रयोग हुन सक्दैन ।

(२) दलीय प्रायमिकता तथा झुकाव (प्रस्तावना, धारा ३६(१), धारा ४२(१)(२) तथा धारा ११२ एवं ११३): संसदीय दल तथा संसदमा प्रतिनिधित्व गर्ने दलहरूले सरकार गठन गर्न वैकल्पिक संभावनाको लागि दावी गरेको हकमा त्यस्को प्रयोग संसदीय वैठकद्वारा नहुञ्जेल प्रयाश जारी राख्नुपर्ने संवैधानिक आग्रह छ ।

(३) मौलिक संरचनाको निर्धारण (प्रस्तावना, धारा ३, धारा ११६) कानूनी राज्यको सिद्धान्त, संसदीय प्रणाली, वहुदलियता, संवैधानिक राजतन्त्र, मानव अधिकार इत्यादिको अनादर गरी राज्यशक्ति (सार्वभौमसत्ता) को प्रयोग वालिगमताधिकार भएमा धारा ८८ आकर्षित भई संविधानवाद कायम रहने संवैधानिक व्यवस्था छ। तसर्थ संविधानका अन्य धाराको प्रयोगलाई प्रस्तावना, धारा ३, धारा ८८ र ११६ ले नियमित गर्दछ ।

३.३ लिखित संविधानको सर्वोच्चता (Marbury v. Madison, 180, Keshavanand Bharativ. State of Kerela 1973 तथा हरिप्रसाद नेपाल वि. प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समेत, २०५१ का मुद्दामा) स्विकारेको हाम्रो संविधानको व्याख्या एवं प्रयोग गर्दा उल्लेखित मौलिक अवधारणाका हकमा अन्यत्रको अनुभव वा परम्परा सहयोगीका रूपमा लिन आवश्यक छैन । लिखित प्रावधाननै पर्याप्त हुने प्रष्ट छ । लिखित संविधानका कमीलाई परिपूर्ति गर्न मात्र सहयोगी सामग्रीको आवश्यकता हुनेछ । त्यसको प्रयोग संविधानको अक्षर र भावना अनुरूप हुनुपर्ने व्याख्या सम्मानित सर्वोच्च अदालतले विभिन्न मुद्दामा गरिसकेकै छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रतिस्थापित प्रजातान्त्रिक संरचना एवं सो संविधानको प्रस्तावनाको शव्द र भावना राजनैतिक संगठन वा दल खडा गर्नमा

प्रतिबन्ध लगाउनु होइन भन्ने कुरामा शंका छैन। तथापि त्यस्तो प्रश्नमा संविधानको प्रस्तावना र धारा ११३(२) को खण्ड (घ) नेपाल अधिराज्यको संविधान निर्माण गर्दैको अवस्थामा संविधान निर्माताहरूद्वारा राखिएको धारा हो। यस धाराको प्रादुर्भाव प्रजातान्त्रिक संवैधानिक व्यवस्था र संविधानको प्रस्तावनाको साथ साथै भएकोले संवैधानिक संरचनातर्फ संविधान निर्माण हुँदाको अवस्थामा दृष्टि नपुगेको होला भनी अनुमान गर्न नमिल्ने।

सुरेन्द्र अर्याल वि. निर्वाचन आयोग, स.अ.बु. (२०५०) वर्ष २, अंक ११, पूर्णांक २९ पृष्ठ ३

> ३.४ तसर्थ विकल्पमुखी बहुदलीय झुकाव भएको संसदीय प्रणाली अवलम्वन गरेको संविधानको प्रस्तावनामा अवलम्वन गरिएको मौलिक संरचनालाई अपरिवर्तनीय बनाउने कठोर व्यवस्था (धारा ११६) भएको हुँदा प्रत्येक संवैधानिक प्रावधानको प्रयोग, व्याख्या र प्रावधानहरू बीचको अन्तर सम्बन्धलाई संविधानको प्रस्तावना, धारा ३, धारा ८८ र धारा ११६ मा अन्तर्निहित संविधानवाद (Consitutionalism) को सैद्धान्तिक परिवेश भित्र हेरिनु पर्ने हुन्छ।

प्रधानमन्त्रीको त्रुटीपूर्ण सिफारिशका आधारमा गरिएको विवादास्पद संसद् विघटनले नयाँ बनेको प्रजातान्त्रिक संविधानको मर्ममा आघात पारेको र कैयौं संवैधानिक प्रावधानलाई मृत्यु तुल्य बनाई संविधान सञ्चालन मै बाधा उत्पन्न गराएकोले वदरभागि हुने निश्चित देखिन्छ।

संविधानमा लिखित कुरामा सोहि अनुरूप, विशेष प्रावधानहरूको भावना अनुरूप तथा अन्य कुरामा संसदीय प्रणाली, कानूनी राज्यको सिद्धान्त तथा संवैधानिक राजतन्त्रका मौलिक मान्यताहरूको प्रयोग हाम्रो संवैधानिक संरचना एवं व्यवस्था तथा अन्य मुलुकमा प्रचलित संवैधानिक मान्यता अनुरूप प्रस्तुत विषयका बुंदाहरूको विश्लेषण गर्ने प्रयास बहस नोटमा गरिएको छ।

४. रिट निवेदनसँग सम्बन्धित विभिन्न संवैधानिक प्रश्नहरूबारे विश्लेषण गर्न र प्रत्यर्थीले उठाएका असहमतिका बुँदाहरूलाई समेत खण्डन गर्दै निम्नानसारका चार मुख्य संवैधानिक विवादवस्तुको दायराभित्र केन्द्रीत रही अन्य उल्लेखित प्रश्नहरूको पनि जवाफ खोज्ने प्रयास वहस नोटमा गरिएको छ:

> ४.१ धारा ५३(४) अनुसार प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्न गरेको सिफारिशलाई श्री ५ बाट विघटन गर्न सकिवक्सनेछ भनेको कुरा श्री ५ को स्वविवेकीय अधिकार हो या होइन ?
>
> ४.२ धारा ४२(२) अन्तर्गतको प्रतिनिधिसभामा बढी सदस्य भएको संसदीय दलको नेताको अध्यक्षतामा मन्तिपरिषद् गठन भएको अवस्थामा धारा ४२(१) अन्तरगत वैकल्पिक सरकार गठन हुनु सक्ने परिस्थिति देखिएमा त्यस्तो सरकार वन्न सक्छ वा सक्दैन ?
>
> ४.३ धारा ५३(३) वमोजिम प्रतिनिधिसभाका पच्चीस प्रतिशत सदस्यहरूले प्रधानमन्त्रीका विरूद्ध अविश्वासको प्रस्ताव दर्ता गर्न विशेष अधिवेशनको

माग गरी उक्त अधिवेशनको आह्वान भै सकेपछि उपधारा (४) अन्तरगत प्रतिनिधिसभा विघटन हुन सक्छ वा सक्तैन ? र

४.४ प्रधानमन्त्रीको सिफारिश दुराशययुक्त तथा वदनीयत पूर्ण छ या छैन ?

धारा ५३(४) को विघटन सम्बन्धी अधिकारको प्रयोग मूल रूपमा प्रधानमन्त्रीको सिफारिशका आधारमा हुने र प्रधानमन्त्रिको सिफारिशलाई दराशय वा बदनियतको आधारमा वदर गर्न सकिने राय गत वर्षको विघटन सम्बन्धी मुद्दामा सर्वोच्च अदालतले बोलिसकेको हुँदा देहायमा ४.१ र ४.४ बुँदाहरूको एक साथै विश्लेषण गरिएको छ ।

४.१ धारा ५३(४) अन्तरगत संसद् विघटनको अधिकारको तथा यस्को प्रयोगको सीमा:

४.१.१ परिभाषा:

संसद् (वा प्रतिनिधि सभा) को जीवन (life of parliament) को अचानक हुने कानून सम्मत अन्त्यलाई संसद् विघटन भनिन्छ (Markenis. P 7) . नेपाल अधिराज्यको संविधानले संसद्को अन्त्य (dissolution) तीन किसिमले हुने परिकल्पना गरेको देखिन्छ ।

क) निर्वाचन अवधि समाप्त भएपछि हुने प्राकृतिक अन्त्य (Natural dissolution) धारा ४५(३) ।

ख) स्वत: हुने भंग (automatic dissolution): धारा ४२(२) बमोजिम गठीत मन्त्रिपरिषद्को धारा ४२(३) बमोजिम विश्वासको मत नपाएमा धारा ४२(४) बमोजिम स्वत: हुने भंग ।

ग) सामान्य विघटन (Normal Dissolution) सामन्यतया संकिर्ण अर्थमा भन्नु पर्दा विघटन भनेको कार्यपालिकाको कानूनी कार्यको परिणाम स्वरूप हुने संसद्को अप्रत्याशीत अन्त्यलाई भनिन्छ ।

मार्केशनीसका अनुसार "In its narrow sense, it (dissolution) indicates the lawful act of the Executive to put an abrupt end to the life of Parliament" संविधानको धारा ५३(४) मा व्यवस्थित विघटनको व्याख्या यसैलाई मान्न सकिन्छ । यो परिभाषाले कानून सम्मत कार्य (lawful act) बाट भएको विघटनलाई मात्र स्वीकार्दछ । यथार्थमा प्रधानमन्त्रिद्वारा गरिएको सिफारिशका आधारमा धारा ५३(४) बमोजिम संसद विघटन गरिने कार्य स्वेच्छाचारी नभई संविधान सम्मत हुनुपर्ने बारे Markesnis ले यसरी व्यक्त गरेका छन:

"Be it the Monarch, the President or the Cabinet that dicides on dissolution, the basic fact still remains that the Executive is interferring with the work of the legislature by determining its life span..."

"The above types of dissolution, if exercised according to the constitution, the laws ad the enventions of the country, are legal or on a broader sense constitutional"

- Theory and Practice of Dissolution of Parliament Cambridge 1972, pp 7-9.

४.१.२ कानुन सम्मत वा संविधान सम्मत प्रयोग हुन आवश्यक:

संविधानको धारा ५३(४) बमोजिम श्री ५ बाट प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभाको विघटन गर्न सकिवक्सने छ। त्यसरी प्रतिनिधि सभा विघटन गरि वक्सदा ६ महिना भित्र नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति समेत तोकिवक्सने छ भन्ने व्यवस्था भएको छ। संविधानले विघटनलाई ३ अंशमा बाडेको छ, जसलाई पूर्वावस्था भन्न सकिन्छ। जस्तै:

क) प्रधानमन्त्रीद्वारा विघटनको सिफारीश हुनुपर्ने

ख) प्रतिनिधिसभाको निर्वाचनको लागि मिति तोक्ने कार्य मन्त्रिपरिषद्को निर्णयबाट हुनुपर्ने।

ग) श्री ५ बाट प्रतिनिधिसभालाई सिफारिस बमोजिम विघटन गर्न सकिवक्सने र निर्वाचनको मिति तोकिवक्सने।

तर, ५३(४) को प्रयोग उपयुक्त पूर्व शर्त लगायत संविधान को संपूर्णतामा हुनुपर्छ। विघटनको सिफारिस लगायत कार्यपालिकाको वा अन्य कसैको स्वविवेकीय अधिकार स्वेच्छाचारी ढंगबाट प्रयोग हुन सक्दैन। संविधानले प्रदान गरेको अधिकारको प्रयोगमायि अन्तर्निहित सिमा हुन्छ सो सिमा नाघि प्रधानमन्त्रीले अनुचित एवं दुराशययुक्त ढंगले परोक्ष आधारमा अन्यत्रको प्रभावबाट धारा ५३(४) को अधिकार प्रयोग गर्नु भएको हुँदा असंवैधानिक तथा त्रुटीपूर्ण भएको समर्थनमा देहायका उदाहरणहरू उल्लेखनीय हुन आउँछन:

(१) प्रधानमन्त्री जस्तो राष्ट्को कार्यपालिकाप्रमुखले राष्ट्रलाई नै आँच आउने किसिमबाट विघटनको सिफारिशका सम्बन्धमा आफैले पत्रकार सम्मेलन बोलाई श्री ५ मा सिफारिसका सम्बन्धमा आफैले पत्रकार सम्मेलन बोलाई श्री ५ मा सिफारिसका लागि चढाएको विन्तीपत्र पत्रकारहरू बीच वितरण गरी सरकारी सञ्चार माध्यम राष्ट्रिय समाचार समिति, रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र, राइजिंग नेपाल तथा अन्य निजी क्षेत्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय सञ्चार माध्यमले प्रकाशमा ल्याएको छैन" भनि लिखित जवाफमा उल्लेख गर्नु भएवाट प्रधानमन्त्रीले गरेको सिफारिस वदनियतपूर्ण एवं दुराशययुक्त रहेको प्रमाणित हुन्छ। प्रधानमन्त्रीले विघटनको सिफारिसमा उल्लेखित आधारहरू आफै सार्वजनिक जानकारीमा ल्याएको दस्तावेजहरू अदालत समक्ष पेश गरिएका छन्। त्यस्तो प्रकाशनमा आएको कुरालाई प्रमाण ऐन २०३१को दफा ५(२)(३), ५(ङ), ७(ग), ९(१) १०(१), १३, १४, १५, ३४, ३५, ३७ ले प्रमाणिक मान्यता दिएको छ।

२) श्री ५ समक्ष प्रधानमन्त्रीले चढाएको विघटनको सिफारिश पत्रको विषय वस्तुमा प्रवेश नै नगरेको अवस्थामा पनि विघटनको सिफासि औचित्यहिन अप्रासांगिक तथा दुरशययुक्त प्रमाणित गर्ने तथ्यगत आधारहरू निम्नानुसार छन् :

लिखित जवाफमा प्रधानमन्त्रीले कैयौं विरोधाभास कुरा उल्लेख गर्नु भएको छ। एकातिर अविश्वासको प्रस्ताव ल्याई नयाँ वैकल्पिक सरकार गठन गर्ने सामर्थ्य दर्शाइ विशेष अधिवेशनको लागि श्री ५ समक्ष निवेदक लगायतको मिति

२०५२।२।२५ मा धारा ५३(३)बमोजिम समावेदन गरे बमोजिम २०५२।३।२ गते अधिवेशन बोलाइएको कुरा जानकारीमा आएको लिखित जवाफमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालयका मुख्य सचिवले स्वीकार गर्नु भएको छ। अर्को तर्फ मिति २०५२।२।२६ गते विघटनको लागि सिफारिश गर्दा तीन दिन पछि अर्थात २०५२।२।२८ गते आफू विरूद्ध अविश्वासको प्रस्ताव आउने पूर्व ज्ञान हुन नसक्ने झूठ दावा गर्नु भएकोबाट दुराशयलाई प्रत्यर्थीहरूको लिखित जवाफबाटै पुष्टी गर्दछ। आफू विरूद्धको अविश्वासको प्रस्तावलाई छल्न संविधानको प्रक्रिया अवरूद्ध गर्नु असंवैधानिक हुन्छ।

३) संसद् विघटनको सिफारिस गर्नुपर्ने मूल आधारका रूपमा प्रधानमन्त्रीले राष्ट्रिय समाचार समिति, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा गोरखापत्र मार्फत सिफारिसलाई सार्वजनिक गराउनु भएको छ। सो कुरालाई प्रत्यर्थीहरू सभामुख रामचन्द्र पौडेल तथा मन्त्रिपरिषद् सचिवालयको लिखित जवाफ समेतले पुष्टी गरेको छ। धारा ५३ को उपधारा (३) बमोजिम अधिवेशनका लागि समावेदन गरेबाट मुलुकलाई स्पष्ट दिशा अन्यौल समाप्त गरी निश्चित र स्थायी सरकार गठन गर्न संविधानको धारा ४२ को उपधारा (२) बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएकोले भन्ने (राससको बुलेटीनमा प्रकाशित) बुँदाले सिफारिशलाई असंवैधानिक प्रमाणित गर्दछ। किनभने धारा ३६(१) र ४२(१) को व्यवस्था संविधानमा कायम छ, र हालका प्रधानमन्त्री धारा ३६(७) बमोजिम वैकल्पिक रूपमा कार्यरत हुनुहुन्छ। सायै प्रधानमन्त्रीके लिखित जवाफले धारा ४२(३) बमोजिम विश्वासको मत प्राप्त गरिसकेपछि धारा ४२(२) अन्तरगत नियुक्त प्रधानमन्त्रीको संवैधानिक स्थिति धारा ३६(१) र सरहको हुन्छ भन्ने दावा गरेको (लिखित जवाफ प्रकरण २ र ३ बाट पनि विकल्प रहेको आफै स्वीकार गरिएको छ।

४) स्वयं प्रधानमन्त्रीको सिफारिशमा २०५२।३।११ गते नियमित अधिवेशन बोलाइएकोबाट संसद् विघटनको स्थिति नरहेको प्रमाणित गर्दछ। समावेदन अनुरूप विशेष अधिवेशनको समाचार २०५२।२।२६ गते दिउँसो १ बजे रेडियोबाट प्रकाशमा आएको थियो। प्रधानमन्त्रीले विघटनको सिफारिस २०५२।२।२६ गते बेलुका गर्नुभएको देखिन्छ। जेठ २५ गते र २६ गतेको बीचमा देशमा कुनै ठूलो अप्रत्याशीत देशलाई अस्थिरतातर्फ उन्मुख गर्ने वा अन्यौलको स्थिति ल्याउने घटना घटेको थिएन। विशेष अधिवेशनको माग संविधानको धारा ५३(३) को व्यवस्थाको प्रयोग हो जुन गत २०५० साल फाल्गुण महिनामा स्वयं प्रधानमन्त्री प्रमुख प्रतिपक्षको नेता भएको वखत प्रयोगमा आएको थियो। अविश्वास प्रस्ताव विशेष अधिवेशनमा पेश हुनु नै अस्थिरता वा अन्यौलको द्योतक होइन र अविश्वास प्रस्ताव पेश भएपछि छलफल एवं निर्णयको प्रक्रियामा पास नै हुन्छ भन्ने पनि छैन। तसर्थ काल्पनिक एवं मनोगत धाराणाको आधारमा अन्यौलको परिकल्पनाबाट निर्देशित दुराशययुक्त विघटनको सिफारिस स्वयं असंवैधानिक एवं वदर भागी छ। नियमित अधिवेशनमा मन्त्रिपरिषद्ले आफ्नो गाउँ आफै बनाउँ भन्ने कार्यक्रम राख्न पाउने अवस्था विद्यमान हुँदाहुँदै पनि सरकारको नीति तथा कार्यक्रमको जनप्रियताबाट डराइ समावेदनद्वारा विशेष अधिवेशन दुराशय युक्त ढंगबाट बोलाएको भनी

लगाएको लाञ्छना आधारहीन छ। संसद्को अधिवेशन बोलाइनु संवैधानिक प्रक्रिया हो, जुन स्वयं प्रधानमन्त्रीले धारा ५३(१) बमोजिम आग्रह गरे अनुसार २०५२।३।११ को तिथिमा नियमित अधिवेशन बोलाइनु संवैधानिक प्रक्रिया हो, जुन स्वयं प्रधानमन्त्रीले धारा ५३(१) बमोजिम आग्रह गरे अनुसार २०५२।३।११ को तिथि नियमिति अधिवेशन बोलाइएको थियो।

आफू अल्पमतमा रहेको यथार्थ स्वीकार गर्न नसकि संसद्को अधिवेशन सामना गर्नबाट वच्न, अविश्वासको प्रस्तावमा पराजित हुने डरले संसद्को उपेक्षा गर्दै अध्यादेशद्वारा बजेट पारीत गरी आफ्नै प्रधानमन्त्रीत्वमा निर्वाचन समेत गराउने र सो का लागि प्रधानमन्त्रीको पद दाउमा नराख्ने परोक्ष कारणबाट अभिप्रेरित भई वदनियतले विघटनको सिफारिश गरिएको घटनाक्रम प्रत्यर्थीहरूको लिखित जवाफले नै प्रमाणित गरेको छ।

५) विघटनको सिफारिश प्रधानमन्त्रीको आफ्नो स्वविवेकीय अधिकारको स्वतन्त्र प्रयोग नभई ने.क.पा. (एमाले) को दलीय निर्णय एवं मन्त्रिपरिषद्को निर्णयबाट भएको कुरा स्वयं प्रधानमन्त्रीको मिति २०५२।२।३१ गते दृष्टि साप्ताहिकमा प्रकाशित "... हामीले केन्द्रीय कमिटीको बैठक राख्यौं र मध्यावधिमा जाने निर्णय केन्द्रीय कमिटीको बैठकमा राख्यौ र मध्यावधिमा जाने निर्णय केन्द्रीय कमिटीले गऱ्यो" भन्ने समेतका कुरा उल्लेख भएको विशेष अन्तर्वाताद्वारा पुष्टी हुन्छ। जुन विषयलाई प्रधानमन्त्रीले खण्डन गर्नु भएको छैन। तसर्थ यहाँको लिखित प्रमाण ऐनको दफा ३४ बाट आफै विवन्धित भएको छ। सार्वजनिक पदमा एक कुरा र लिखित जवाफमा अर्को कुरा लेखिएकोबाट पनि प्रधानमन्त्रीले विघटनको सिफारिश स्वच्छ मन एवं स्वतन्त्र ढंगबाट दिएको नभई अन्यत्रबाट निर्देशित एवं प्रभावित भई गरेकोले वदरभागि छ।

(६) धारा ५३(४) को स्वविवेकीय अधिकारको प्रयोगको सिमा उल्लंघन संविधानको प्रस्तावना (rule of Law) धारा ३ र ८८ ले सिमित गरेको छ त्यसको औचित्यबारे अदालतले जाँच गर्न सक्छ:

A discretion is to be "regulated according to known rules of law," and not the mere whim or caprice of the person to whom it is entrusted on the assumption that he is discreet "when," said Halsbury L.C." it is said that of the authorities ... that something is to be done according to the rules of reason and justice, not according to private opinion; Rooke's case; according to law and not humor. Cited in Maxwell's The Interpretation Statutes 1976, p 148.

The common theme of all the authorities so far mentioned is that the notion of absolute or unfettered discretion is rejected ... Although the Crown's lawyers have argued in numerous cases that unrestricted permissive language confers unfettered discretion, the truth is that. is a system based on the rule of law unfettered governmental discretion is a contradiction in terms."

- Opinion of Sachs J. in Commissions of Customs and Excise v. Cure and Deeley Ltd. [1962] QB 340 at 366-7 Cited in Wade's Administrative Law. 6th edn. p. 399.

"... But the use of the adjective, even in an Act of Parliament, can do nothing to unfetter the control which the judiciary have over the executive, namely that on exercising their powers the later must act lawfully and that is a matter to be determined by looking at the Act and its scope and object in conferring a discretion upon the Minister rather than by the use of adjectives."

- Wade, Administrative Law, 6th Edn, 401-402 and Padfield v. Minister of Agriculture, fisheries and food, [1968] Act 1997.

"The Discretion of a statutory body is never unfettered. It is discretion which is to be exercised according to law. That means at least this: the statutory body must be guided by relevant considerations and not by irrelevant. If its decision is influenced by extraneous considerations which it ought not to have taken into account, then the decision cannot stand. No matter that the statutory body may have acted in good faith; nevertheless the decision will be set aside. That is established by Padfield v. Minister of Agriculture, Fisheries and Food which is a landmark in modern administrative law."

- Lord Denning, MQ in Breen v. Amalgamated Engineering Union [1971] 2QB 175 at 190

In Padfield case, the House of Lords held that in refusing to refer the milk producers' complaint to the statutory committee the minister had acted so as to frustrate the policy of the Act, despite the fact that its words were merely permissive; and that the political and other reasons given were irrelevant and indicative of unlawful motives:

Lord Upjohn said:

"The fear of parliamentary trouble (for, in my opinion, this must be scarcely veiled meaning of the letter) if an inquiry was ordered and its possible results is alone sufficient to vitiate the Minister's decision which, as I have stated earlier, can never validly turn on purely political considerations; he must be prepared to face the music in Parliament ..."

- Wade, Administrative Law, p. 418

(७) संसद् वा विधान सभा विघटनका सम्बन्धमा पनि निर्णय गर्ने अधिकारी वा सिफारिश गर्ने अधिकारीको स्वविवेकीय सन्तुष्टी विद्यमान भएको वा नभएको तथा

दुराशययुक्त भएकोमा अदालतले प्रवेश गरी निर्णय गर्न सक्छ भन्ने कुरा छिमेकी राष्ट्रहरू (भारत तथा पाकिस्तान) तथा नेपालकै विगतका सर्वोच्च अदालतका निर्णयले पुष्टी गरेको छ। अविश्वासको प्रस्ताव ल्याउन माग गरेको कारणबाट धारा ५३(३) र ५९(२) को प्रयोगलाई रोक्न पारोक्ष उद्देश्यबाट गरिएको संसद् विघटनको सिफारिस दुराशय, परोक्षकारण तथा बदनियत (Mala fide) पूर्ण भएको हुँदा देहायका सहयोगी सामग्रि उल्लेखनीय छन् :

"The Dissolution case (Rajsthan case) significantly widened the area of judicial review. The satisfaction (of the deciding authority) ought to be based on relevant and non-extraneous considerations".

- S. P. Sathe, Administrative Law, 5th Edn. 1994, pp. 331-332

"That would be dangerous exercise for the court both because it is not an instrument for determining the question of this kind and also because the Court would thereby usurp the function of the central government and in doing so enter the 'political thicket' which it must avoid if it is to retain the legitimacy with the people. But if the satisfaction is malafide or is based on wholly extraneous and irrelevant grounds, the court would have jurisdiction to examine it, because in that case there would have jurisdiction to examine it, because in that case there would be no satisfaction of the President in regard to the matter in which he is required to be satisfied."

- State of Rajasthan v. Union of India, AIR 1977 Sc. 1361.

"Indeed, it was his duty to summon the Assembly and call upon the Chief Minister to establish that he enjoyed the House. Not only did he not do it but when the Council of Ministers offered to do the same, he demurred and chose to be said that the Governor's report contained, or was based upon, relevant material. There could be no question of the Governor making an assessment of his own. The loss of confidence of the House was an objective fact, which could have been demonstrated, one way or the other on the floor of the House. In our opinion, wherever a doubt arises whether the Council of Ministers has lost the confidence of the House the only way of testing it is on the floor of the House ...

"The action was mala fide and unconstitutional the proclamation is accordingly liable to be struck down and we would have struck it down herewith but for the fact that the elections have since been held to the Legislative Assembly of the State and a new House has come into being. The issuance of a writ at this juncture would be a futile one. But for the said fact, we could certainly have considered restoring the dismissed

दुराशययुक्त भएकोमा अदालतले प्रवेश गरी निर्णय गर्न सक्छ भन्ने कुरा छिमेकी राष्ट्रहरू (भारत तथा पाकिस्तान) तथा नेपालकै विगतका सर्वोच्च अदालतका निर्णयले पुष्टी गरेको छ। अविश्वासको प्रस्ताय ल्याउन माग गरेको कारणबाट धारा ५३(३) र ५९(२) को प्रयोगलाई रोक्न पारोक्ष उद्देश्यबाट गरिएको संसद् विघटनको सिफारिस दुराशय, परोक्षकारण तथा बदनियत (Mala fide) पूर्ण भएको हुँदा देहायका सहयोगी सामग्रि उल्लेखनीय छन् :

"The Dissolution case (Rajsthan case) significantly widened the area of judicial review. The satisfaction (of the deciding authority) ought to be based on relevant and non-extraneous considerations".

- S. P. Sathe, Administrative Law, 5th Edn. 1994, pp. 331-332

"That would be dangerous exercise for the court both because it is not an instrument for determining the question of this kind and also because the Court would thereby usurp the function of the central government and in doing so enter the 'political thicket' which it must avoid if it is to retain the legitimacy with the people. But if the satisfaction is malafide or is based on wholly extraneous and irrelevant grounds, the court would have jurisdiction to examine it, because in that case there would have jurisdiction to examine it, because in that case there would be no satisfaction of the President in regard to the matter in which he is required to be satisfied."

- State of Rajasthan v. Union of India, AIR 1977 Sc. 1361.

"Indeed, it was his duty to summon the Assembly and call upon the Chief Minister to establish that he enjoyed the House. Not only did he not do it but when the Council of Ministers offered to do the same, he demurred and chose to be said that the Governor's report contained, or was based upon, relevant material. There could be no question of the Governor making an assessment of his own. The loss of confidence of the House was an objective fact, which could have been demonstrated, one way or the other on the floor of the House. In our opinion, wherever a doubt arises whether the Council of Ministers has lost the confidence of the House the only way of testing it is on the floor of the House ...

"The action was mala fide and unconstitutional the proclamation is accordingly liable to be struck down and we would have struck it down herewith but for the fact that the elections have since been held to the Legislative Assembly of the State and a new House has come into being. The issuance of a writ at this juncture would be a futile one. But for the said fact, we could certainly have considered restoring the dismissed

Government to office and reactivating the dissolved Assembly. In any event, the judgment of Karnataka High Court is set aside."

S.R. Bommai v. Union of India, (1994) 2 SCC 649 at 659:

"The executive have to reach their decisions by taking into account relevant considerations. They should not refuse to consider relevant matter nor should take into account wholly irrelevant or extraneous consideration."

- Justice Bhagawati's following views has been accepted by majority judgment also and no reservation has been expressed about it in Minerva Mills case:

"A proclamation of emergency is undoubtedly amenable to judicial review though on the limited ground that no satisfactions required by Article 352 was arrived at by the President in law or that the satisfaction was absurd or perverse a malafide or based on a extraneous or irrelevant ground."

"The similar approach has been adopted by the Privy Council in the exercise of emergency power under Malaysian Constitution. The Privacy Council recognized that the diserection of the Malaysian head of state to revoke a proclamation of emergency is not entirely unfettered, and that failure to revoke it after, has no longer considers it to be necessary would be an abuse of his discretion." The Court can esquire whether in exercise of power he has taken into consideration some matter which the Act forbids him to take into consideration or has failed to take onto consideration some matter which the Act (i.e. Section 47 of the Internal Security Act 1960) requires him to take into consideration."

- Teh Cheng Poh v. Public Prosecutor of Malaysia 198 AC 458 cited in Wade's Administrative Law, p. 403 and in Soli J. Sorabjee," Decision of the Supreme Court in S.R. Bommai V. Union of India: A Critique, (1994) 3 SCC, P. 1 at p. 21

(८) गत वर्षको प्रतिनिधि सभा विघटनको मुद्दामा पनि सम्मानित सर्वोच्च अदालतले दुराशयको विषयबारे स्पष्ट धारणा राखेको छ :

निवेदकहरूले ... केही राजनैतिक घटना क्रमको उल्लेख गर्दै विघटनको विवादास्पद सिफारिशलाई दुराशययुक्त भावनाले गरिएको प्रमाणित हुन्छ भने त्यो निःसन्देह दुषित र वादरभागी हुन्छ ।

- हरिप्रसाद नेपाल समेत वि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समेत स.अ.वु. (भाद्र १६(३१ २०५१) वर्ष ३ अंक १०, पूर्णांक ५२

यसरी नेपाल अधिराज्यको संविधान २०४७ को संविधान अन्तरगत बनेको अन्य कानून बमोजिम गरिएका काम कारवाई सबै न्यायिक जाँच भित्र पर्न सक्छन् भन्ने धारणामा कुनै विवाद छैन। सैनिक ऐन २०१६ जस्तो सम्वेदनशील कानूनी विषय भित्र पर्ने प्रश्नमा अदालत प्रवेश गरी कानूनलाई असंवैधानिक समेत घोषणा गरेको हामी पाउँछौं इमान सिंह गुरूंग वि. श्री ५ को सरकार भएको मुद्दामा "वर्तमान शासन व्यवस्था एउटा प्रजातान्त्रिक शासन व्यवस्था हो। यो व्यवस्थामा कानून सर्वोपरि भएकोले सबैले कानून र संविधानको अधिनमा रहेरै आफ्नो अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नुपर्छ। यो कुरा खास गरी देशको शासन व्यवस्थालाई संविधान र कानून बमोजिम उत्तरदायित्वपूर्ण रूपमा सञ्चालन गर्ने कर्तव्य भएको सरकारी निकाय र पदाधिकारीहरूले बुझ्नु र आत्मसात गर्नुपर्दछ।" (ने का प २०४९ अंक प. ७१० प्रकरण २२)। संयुक्त अधिराज्यमा पनि राजकीय स्वविवेकीय अधिकार परिक्षणका लागि प्रयोगमा आउन थालेको हामी पाउँछौं:

Laker Arirways Ltd. v. Dept. of Trade [1977] Q.B. 643 df Lord Denning MR को विचार

"Seeing that the prerogative is discredionary power to be exercised for the public good, it follows that its exericise can be examined by the courts just as any other discretionary power which is vested in the executive"

हरिप्रसाद नेपाल समेतको प्रतिनिधि सभाको विघटन सम्बन्धी मुद्दामा माननीय न्यायधीश सुरेन्द्र प्रताप सिंह समेत तीन जना न्यायाधिशज्यूहरूको रायमा प्रतिनिधि सभा विघटनको सिफारिशको लागि कुनै पूर्व शर्त (Concition Precedent) उल्लेख भएको छैन भनिएता पनि धारा ५३(४) को स्वविवेकीय अधिकारको सम्बन्धमा कसैले पनि भिन्न मत नदेखाएको हुँदा उक्त राय उल्लेखनीय हुन आउँछ:

प्रतिनिधि सभा विघटनको सिफारिश प्रधानमन्त्रीले स्वेच्छाले गर्न नपाउने त्यसको आधार र औचित्य हुनुपर्ने कुनै इतर कारणबाट अभिप्रेरित भएर गरेको हुनु हुँदैन भनी निवेदकहरूको जिकिर तर्क सम्मत छ, अस्वीकार गर्न सकिन्न तर प्रतिनिधि सभा विघटनको सिफारिस प्रधानमन्त्रीले स्वेच्छाले वा कुनै इतर कारणबाट अभिप्रेरित भइ गरेको हुनुपर्ने, त्यस्तो नभई २०५१।३।२६ र २०५१।३।२७ गतेमा राजदरबारबाट प्रकाशित विज्ञप्तीबाट के कारणले के आधारमा प्रधानमन्त्रीले निवेदकहरूको यो जिकिरलाई मान्न मिल्ने देखिन्न।

स.अ.बु. (२०५१) वर्ष ३ अंक १० पूर्णाक ५२, पृष्ठ ७

(९) राजदरबारको मिति २०५२।०३।३० गते प्रतिनिधि सभा विघटनबारे जारी भएको सूचनामा विभिन्न कारण देखाई भन्ने उल्लेख भएको सदर्भमा सिफारिसको आधार स्पष्ट हुने स्थिति नभएको हुँदा इतर कारण भए नभएको निर्णय कारण स्पष्ट नगरिएको अवस्थामा अन्य घटनाक्रमका आधारमा मूल्यांकन गर्नुपर्ने हुन आउँछ। यस सन्दर्भमा स्पष्ट हुनको लागि प्रधानमन्त्री स्वयंले सार्वजनिक जानकारीका लागि प्रकाश गर्नुभएको सामग्रीहरू प्रमाण ऐन अन्तरगत दुराशय वा इतर कारणहरू प्रमाणित गर्न आवश्यक हुन्छ।

अन्यथा, कारणको अभावलाई कारणनै नभएको भनी अदालतले अनुमान गर्नुपर्ने हुन्छ। यस सन्दर्भमा S.R. Bommai (1993) को मुद्दा विश्लेषण क्रममा Soliji Sorabji ले उद्धृत गर्नुभएको मुद्दा उल्लेखनीय हुन आउँछ।

"Similar trend is reflected in Padfield case where it was observed by Lord Upjohn that if no reasons are disclosed in support of the decision Court would assume that none existed."
- The Supreme Court Cases (1994), p.24

साथै तजविजि अधिकारका सन्दर्भमा सर्वोच्च अदालतको विशेष इजलासले वायुराम पौडेल वि. श्री ५ को सरकार (ने.का.प. २०५१ अंक ३, पृष्ठ १४३) को मुद्दामा प्रतिपाद गरेको अवधारणा सान्दर्भिक देखिन्छ।

तजविजी अधिकार अनियन्तित अधिकार होइन। (प्र. ३४)

आत्मनिष्ट अधिकारको प्रयोग स्वेच्छाचारी तरीकाबाट हुनु हुँदैन भन्ने न्यायको सर्वमान्य सिद्धान्त हो। स्च्छाचारिता कानूनी राज्यको अवधारणाको नकारात्मक पक्ष हो। नेपाल अधिराज्यको संविधानले कानूनी राज्यको अवधारणालाई अंगिकार गरेको छ। आत्मनिष्ट अधिकार अनियन्त्रित वा असिमत नहुने (प्र. ४०)।

तजविजी अधिकारको प्रयोग सफा र सदासयपूर्ण (Fairness and good faith) हुनुपर्छ। 'श्री ५ को सरकारको आत्मनिष्ट सन्तुष्टिको विषय वस्तुमा आफ्नो सन्तुष्टीको प्रतिस्थापना सम्म नगरिने हो। तर त्यस्तो आत्मनिष्ट अधिकारको प्रयोग विवेकपूर्ण (Rational) र उचित रूपमा भएको छ छैन सो हेरिनु पर्दछ। आत्मनिष्ट अधिकारको प्रयोग विवेकपूर्ण र उचित रूपमा भएको छ छैन भनी हेर्नलाई आधार र कारण त हुनै पर्छ। आधार कारण छैन भने त्यस्तो आत्मनिष्ट अधिकारको प्रयोग विवेकपूर्ण र उचित रूपमा भएको छ भन्न के आधारमा भनी ?

(प्र. ४१)

कारण स्पष्ट नगरीएको राजदरवारबाट प्रकाशित सूचनाका सन्दर्भमा सिफारिश र सिफारिश गर्नु पर्ने कारण एवं आधार अलग अलग कुरा भएकोले कारण र आधार जाँच गरिनु आवश्यक छ।

४.१.२ धारा ५३(४) र धारा ३५(६) बीच सम्बन्ध तथा न्यायिक उन्मुक्तिको अवधारणा:

(१) प्रत्यर्थी प्रधानमन्त्रीले श्री ५ समक्ष प्रस्तुत विघटनको सिफारिसलाई मिति २०५२।०२।२६ का दिन प्रधानमन्त्री निवासमा साँझ आठ बजे पत्रकार सम्मेलन गरी पत्रकारहरू समक्ष सार्वजनिक गराउनु भएको हो। तर अदालत समक्ष प्रस्तुत लिखित जवाफमा अदालत समक्ष उक्त सिफारिस प्रकाशमा नल्याएको झूठो दावी गर्दै प्रधानमन्त्रीले उक्त सिफारिश प्रधानमन्त्री र श्री ५ बीचको प्राधिकृत दस्तावेज (Privileged Communication) भएकाले धारा ३५(६) को आडमा न्यायिक पुनरावलोकबाट उन्मुक्ति खोज्नु भएको छ। यस सम्बन्धमा राधेश्याम अधिकारी वि. श्री ५ को सरकार समेत भएको रिट

निवेदनमा प्रतिपादित सिद्धान्तका आधारमा प्रस्तुत विषयवस्तु भित्र प्रवेश गर्न नमिल्ने भन्ने गत सालको विघटनको मुद्दामा केही माननीय न्यायाधीशज्यूहरूबाट राय व्यक्त गरिएको तर्फ पनि ध्यान दिनु आवश्यक हुन आउँछ ।

धारा ३५(६) का शब्दहरूलाई हेर्दा अदालतमा प्रश्न उठाउन पाउने विषयलाई दुई भागमा बाँड्न सकिन्छ :

क) श्री ५ मा यस संविधान बमोजिम मन्त्रिपरिषद् वा अन्य कुनै निकाय वा पदाधिकारीले कुनै सल्लाह वा सिफारिस चढाएको छ वा छैन ?

ख) श्री ५ मा ..... के कस्तो सल्लाह वा सिफारिश चढाएको छ ?

उपर्युक्त दुवै प्रश्न अदालतमा उठाउन पाईदैन भन्ने संविधानको मनशाय देखिन्छ ।

प्रस्तुत रिट निवेदनमा धारा ३५(६) आकर्षित हुने अवस्था छैन र ३५(६) को आशयले प्रत्यर्थीहरूलाई मद्दत गर्ने स्थिति देखिदैन । प्रधानमन्त्री (पदाधिकारी) ले सिफारिस चढाएको कुरा २०५२।२।२७ मा प्रकाशित राजदरबारको सूचनाले पुष्टी गर्ने आधारका रूपमा विभिन्न कारण देखाई सिफारिस चढाएको थियो भन्ने कुरा २०५२।३।३१ गते प्रकाशित राजदरबारको सूचनाबाट पुष्टी हुन्छ । तसर्थ सिफारिस चढाएको छ वा छैन र के कस्तो सिफारिस चढाएको छ भन्ने कुरा सार्वजनिक जानकारीमा आइसकेकोले र विवादको विषय पनि नभएकोले Privileged Communication को सन्दर्भ यो रिट निवेदनमा प्रासंगिक छैन । तर प्रश्न यहां कारणको मात्र छ ।

(२) गत वर्ष विघटन सम्बन्धी राजदरबारबाट प्रकाशीत विज्ञप्तिकै कारणहरू खोलिएका थिए । तर यसपटक विभिन्न कारण भएको राजदरबारको सूचनाले देखाउँछ तर ति के कारण थिए भन्ने कुरा प्रकाशमा राजदरबारबाट औपचारिक रूपमा ल्याइएको पाइदैन ।

प्रश्न उठ्छ सिफारिस के कारणमा आधारित छन् र कारणलाई धारा ३५(६) ले न्यायिक उन्मुक्ति दिन्छ कि दिदैन ?

धारा ३५(६) ले स्पष्ट रूपमा सिफारिसलाई मात्र उन्मुक्ति दिएको छ सिफारिस गर्नुपछाडिका कारणहरू होइन । गत वर्षको विघटनका बारेमा कारण खोल्ने यालनी भैसकेको र यसपटक पनि विभिन्न कारणहरू देखाई सिफारिस चढाएको भन्ने प्रकाशमा आइसकेकोले कारणहरू न्यायिक निरोपणका लागि प्रस्तुत गरिनुपर्ने अनिवार्य भएको छ । प्रधानमन्त्रीले कारणहरू खुलाइएको सिफारिस नै प्रकाशमा ल्याएको कुरा इन्कार गरेता पनि प्रत्यर्थीहरूमध्ये सभामुख तथा मुख्य सचिवको लिखित जवाफमा सिफारिसमा उल्लेखित केही महत्वपूर्ण कारणहरू खोलिएका छन् । जुन कारणहरू रा.स.स.को बुलेटिन, गोरखापत्र, टेप रेकर्डिंग, भिडियो क्यासेट तथा २०५२।३।२६ गते साँझ प्रधानमन्त्रीले बोलाउनु भएको प्रेस सम्मेलनमा वितरित सिफारिस पत्रको प्रतिलिपीसँग मेल खान्छ । यस प्रकार प्रधानमन्त्री आफ्नो अभिव्यक्तिबाट प्रमाण ऐन २०३१ को दफा ३४ अनुसार विवन्धित हुनुहुन्छ ।

(३) सिफारिशमा उल्लेखित कारणहरू र लिखित जवाफमा उल्लेखित कुराहरू आपसमा बाझिएका छन् । बाहिर प्रकाशमा ल्याइएको कुरा आफूले नल्याएको भन्ने कुरा

मात्र लिखित जवाफमा अडान लिइएको छ तर राजदरबारबाट प्रकाशमा ल्याइएको भए जानकारी आफूलाई नभएको कुरा वहाँको लिखित जवाफमा उल्लेख भएबाट आफूले सार्वजनिक गराएको कुरा जिम्मेबारी राजदरबार माथि पन्छाउने वहाँको परोक्ष नियत रहेको स्पष्ट देखिन्छ। यसरी सिफारिस पत्रमा उल्लेखित कारणहरूको प्रकाशनलाई इन्कार गर्नुबाट नै प्रधानमन्त्री जस्तो जिम्मेवार पदमा बस्ने व्यक्तिको दुराशय र बदनियती पुष्टी हुन्छ।

(४) विघटनको सिफारिश गर्नु पछाडिको मूलकारण नै असंवैधानिकरहेको लिखित जवाफबाट खण्डीत भैसकेकोले पनि सिफारिसका कुरा सार्वजनिक जनकारीमा ल्याएको इन्कार गर्नुपर्ने बाध्यता प्रत्यर्थी प्रधानमन्त्रीको हुनुपनि वहाँको पदप्रतिको मोह था विघटन गर्नुपछाडिको दुराशययुक्त असंवैधानिक आधार रहेको स्पष्ट हुन्छ। सभामुख र मुख्य सचिवको लिखित जवाफबाट समेत उल्लेखित सिफारिशको अंश संविधान प्रतिकूल भएको कुरा निम्नानुसार प्रमाणित हुन्छ:

" ... प्रमुख प्रतिपक्षी दलले संविधानको धारा ५३ को उपधारा ३ बमोजिम अधिवेशनको लागि समावेद गरेबाट मुलुकलाई स्पष्ट दिशा दिन अन्यौल समाप्त गरी निश्चित र स्थायी सरकार गठन गर्न संविधानको धारा ४२ को उपधारा (२) बमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएकोले वर्तमान सरकारले आफ्नो नीति र कार्यक्रम लागू गर्न, मुलुकलाई स्थायी सरकार दिन तथा वर्तमान अन्यौल समाप्त गर्न सार्वभौम सत्ता सम्पन्न जनता समक्ष जनादेश प्राप्तीको लागि जानु वाञ्छनीय भएको छ।"

यस उल्लेखित सिफारिशका आधार संविधान प्रतिकूल भएको समर्थनमा निम्नानुसार बुँदा प्रस्तुत गरेका छौं।

क) प्रमुख प्रतिपक्षी दलले धारा ५३(३) बमोजिम अधिवेशनको लागि समावेदन गरेबाट धारा ४२(२) बमोजिम सरकार गठन भएको अवस्थामा वैकल्पिक सरकार गठन हुन सक्ने वर्तमान संविधानको विद्यमान प्रावधानमा व्यवस्था नभएको भन्नेकुरा देखाई प्रतिपक्षीको धारा ५३(३) र ५९(२) अनुरूप संवैधानिक अधिकार प्रयोग गर्न नपाउने व्याख्या गरेको देखिन्छ। सो अधिकार प्रयोग गर्नबाट रोक्ने दुराशयलाई पनि यो आधारले स्पष्ट पार्दछ। जबकि प्रधानमन्त्री स्वयं प्रमुख प्रतिपक्षी दलको नेता भएको बखत वहाँहरूबाट ५३(३) बमोजिम बोलाइएको अधिवेशनमा धारा ५९(२) प्रयोग गरिएको थियो।

ख) प्रत्यर्थी प्रधानमन्त्रीले लिखित जवाफमा धारा ४२(२) बमोजिम गठित मन्त्रिपरिषद्को विकल्पका रूपमा धारा ३६(१) व्यवस्थित गरेको पुष्टी हुन्छ। यस स्वीकारोक्तीबाट विघटनको सिफारिस पछाडिको मूल आधार नै असंवैधानिक रहेको प्रष्ट छ।

ग) सायै वर्तमान सरकारले आफ्नो नीति र कार्यक्रम लागू गर्ने उद्देश्यले विघटनको सिफारिस गरेको भनिएको छ। जबकि सरकारको नीति र कार्यक्रम संसद्को अधिवेशनमा पेश भएपछि लागू हुने कुरालाई अधिवेशनको

समय नै नआइसकेको अवस्थामा काल्पनिक कुरा (Hypothetical matter) तथा Premature अवस्थामा लागू गर्ने भनि देखाइएको स्वयं हास्यास्पद (absurd) छ ।

(५) स्वयं सम्बन्धीत पदाधिकारीले कारणहरू खोलेको अवस्थामा न्यायिक जानकारीमा ति कारणहरू लिन मिल्छ भन्ने राय गत वर्षको प्रतिनिधि सभाको विघटनको मुद्दामा सम्मानित सर्वोच्च अदालतले निम्नानुसार व्यक्त गरेको छ :

"संविधानको धारा ३५ को उपधारा (६) अनुसार श्री ५ समक्ष मन्त्री परिषद् वा अन्य कुनै निकाय वा पदाधिकारीले कुनै सल्लाह वा सिफारिश चढायो वा चढाएन, अथवा के कस्तो सिफारिश चढाएको छ भन्ने कुराको जानकारी माग्न वा त्यसको लागि कसैलाई बाध्य गर्नसम्म निषेध गरिएको हो । त्यस्तो सल्लाह वा सिफारिशका सम्बन्धमा राजदरबार वा मन्त्रीपरिषद् वा अन्य सम्बन्धित निकाय वा पदाधिकारीबाटै कुनै जानकारी दिएकोमा त्यसलाई जानकारीमा लिन र त्यसको आधारमा तत्सम्बन्धी कार्यको संवैधानिकतामा विचार गर्न मिल्ने नै देखिन्छ ।" (स.अ.बु. वर्ष ३, अंक १०, पूर्णांक ५२, (२०५१), पृष्ठ २)

(६) यसबारे भारतको उदाहरण पनि सहयोगार्य मनन योग्य भएकोले उल्लेख गरिएको छ:

"It is true that, as indicted above the advice tendered by the Ministers to the President cannot e inquied into. It is also clear beyond doubt that the amended Art. 74(1) of the Constitution, whose validity has not been clallenged before us by any party makes it obligatory o the preident to act in accordance with the advice tendered by the Union Council of Ministers to him through the Prime Minister Nevertheless, if all the gorunds of action taken under Art. 256(1) of the Constitution are disclosed to the public by the Union Government and its own disclosure of grounds reveals that a constitutionally or legally prohibited or extraneous or collateral purpose is ought to be achieved a proclamation under Art. 356 of the Constitution this Court will not shirk its duty to act in the manner in which the law may then oblige it to act."
- state of rajasthan v. Union of India, AIR 1977, SC p. 1361 at 1390-91.

In Jumman Khar v. state of U.P. (1991) involving sentence of death for the offences of rape and murder under the under the Indian Penal Code, the Supreme Court was called upon to exricise juducial review of Presidential rejection of clemency power for sentence of death on the accused.

Following the decision in Kehar Singh v. Union of India which requires judicial reconsideration of the rejection of merey petitions. the Supreme Court Bench consisting of Ranatlal Pandian and Jayachandra Reddy JJ called dor the "entire file from the Ministry of Home Affairs

and waded through it very carefully." On such examination, the court was satisfied that there was no basis to grant merey petiton commuting death sentence to one of life imprisonment.

We may at this stage refer to the decicion of the Constitution Bench of theis Court in Kehar Singh v. Union of India. Article 72 of the Constitution confers upon the President the powerto grant pardons reprieves respites or remissions of punishment or to suspend, remit or commute the sentence of any person xoncicted of any offence. The power extends to cases where the sentence is a sentence of death. The article does not provide any guidance in which matters should the preisdent exercise which power and in which eases to refuse. In other words, the power appears ex facie to be absolute. Kehar Singh ws convicted under Section 302 IPC in connection with the assassination of the then PrmeMinister of India, Smt Indira Gandhi and sentenced to death. The sentence was donfirmed by this Court on appeal. A subsequent writ pettion and review filed by him in this Court failed. Kehar Singh's son then pesented a petition to the President of India for grant of pardon under Article 72.

He requested a personal hearing Personal hearing was refused and in a letter addressed to Kehar Singh's counsel, the Secretary to the president expressed the President's opinion that the president cannot go into the mertis of the case finally decided by the Highest Court expressed the view that under Article 72 it is open to the President to scrutinise the evidence on record of a criminal case and come to a different conclusion from that record of a criminal case and come to a different conclusion from that record of the Court both on the question of guilt as well as sentence. This power, it was held is not in conflict with nor in supersession of judicial power. It is an altogether different power an executive power exercised on the aid and advice of the Council of Ministers. It was also stated that any number of considerations ay enter the deceison of the President and that it is not possible to lay any guidelines governing the exercise of the said power. What is relevant for our purpose is the holding regardingthe extent of judicial review of the exercise of power under the said article. It was held that the exercise of power under Article 72 falls spuarely within the juducial domain and can be examined by the court by way of judicial review. While the court cannot go into the merits, the limitations of such review are those enuciated in Maru Ram v. Union of India (SCC p. 154 at p. 1249). The court held:

The function of determingwhether the act of a consitutional or statutory functionary falls within the constitutional or legislative appreciation of the full amplitude of the power is a matter for the court"

This was so held in spite of the seemingly absolute nature of the power conferred by Article 72 upon the President. The argument of the learned Attorney General of India that th exerise of power under Article 72 was not justiciable was accordingly rejected.

(७) Doctine of Competiting Interest:

S.P. Gupta v. President of India (AIR 1982 SC 149) को मुद्दामा भारतका उच्च अदालका अतिरिक्त न्यायाधिशहरूको स्थिति र न्यायाधिशहरूको सरूवाको बारेमा धेरै वकिलहरूले दायर गरेको मुद्दामा स्वतन्त्र न्यायपालिका सम्वन्धी प्रश्नको सायै वकिलहरू दयर गरेको मुद्दामा स्तन्त्र न्यायपालिका सम्वन्धी प्रश्नको सायै सरकार र मूख्य न्यायाधीशहरूको बीचको पत्रचार प्रकाशमा ल्याउने कि नल्याउने भने विषयमा विवाद भएको थियो ।

यसमा सल्लाह र सल्लाहका आधार अलग कुरा हुने भन्ने व्याख्याको सायै सूचना प्रकाशमा ल्याउने वा नल्याउने कुरा राष्ट्रिय हितमा आधारित हुन्छ भनने doctrine of competing interest का आधारमा कागजातहरू प्रकाशमा ल्याइएका थिए ।

Even in the case of a claim for immunity on the basis of 'class', the court has to perform a blancing act between two competing aspects of public interest - whether public interest which requires production of docuent is more or less than the public interest in denying its production. In the instant case the court by majotity ordered the disclosure of the correspondence between the chief justices and the governt.

In giving a new orientation to the satutory provision in question. Bhagawati J. emphasized that "where a society has chosen to accept democracy as its cardinal faith, it is elementary tha the citizens ought to know what their government is ding". Tus, Bhagwait J. emphasized:

The citizens' right to know the fact, the true facts ablut the administration of the country is thus one of the pillars of a democratic State. And that is why the demand for openness in the government is increasingly growing in different parts of the world.

Bhagwati J. pointed out that if the processes and functioning of government are kept shrouded in secrecy and hidden from public scrutiny it would tend to promote and encourage oppression corruption and misuse or buse of authority. But if there is an open government, where means of information are available to the public this would help to

give the people a better and more efficient administration. Exposure to public gaze and scrutiny is "the surest means of achieving a clean and healthy administration. An open government is clean government and a powerful safeguard against political and administratie aberration and inefficiency. Therfore, disclosure of information in regard to the functioning of government must be the rule and secrecy an exception justified only where the strictest repurirement of public interest so demands."

- Annual Survey of Indian Law, Indian Law Institute 19822 p. 425

गोपाल सिवाकोटी वि श्री ५ को सरकार (ने.का.प. (२०५१) भाग ३६, अंक ४ पृष्ठ २५६) को मुद्दामा सम्मानित सर्वोच्च अदालतले संविधानको धारा १६ बमोजिम सूसूचित हुने अधिकारको यस्तो राय व्यक्त गरेको छ:

"जनताको सुसूचित हुने अधिकारको अड्डाहरूमा रहेका लिखतहरू प्राय सार्वजनिक रूपमा नआउने हुनाले नै प्रजातान्त्रिक पद्धति अनुरूप धारा १६ को टिप्पणीमा प्रजान्त्रिक समाजको प्रमुख विशेषता खुलापन हो भन्दै देशको शासन प्रवन्ध स्वच्छ र सही दिशमा निर्दिष्ट छ वा छैन भन्ने कुराको निरन्तर सुपरीवेक्षण र मूल्यांकनको लागि जनताले जनकारी पाउनु अत्यावश्यक रहेन भन्ने उल्लेख छ। यसरी निवेदकको सूचना पाउने हक स्थापित छ भने के कति र कुन प्रक्रियावाट पाउने भन्ने स्पष्ट व्यवस्थाको अभावमा कार्यान्वयन पक्षमा अदालतले कानूनी व्यवस्थाको अभाव छ भने सोको (Gap) पूर्ति गर्नुपर्ने हुन्छ, किनभने उपचार विनाको अधिकार निष्कृय र निरर्थक हुन जान्छ।

(८) Doctrineof weightage:

राष्ट्रपति निम्सनले वाटरगेटको विषयमा Criminal trial का सम्वन्धमा टेप प्रस्तुत गर्न अस्वीकार गर्दै absolute executive privilge का आधारमा उन्मुक्तिको दावा गर्दै United State v. Noxon (418 US 683. 94 S. C. 309091974) को मुद्दामा उक्त उन्मुक्तिलाई अस्वीकार गर्दा Doctorine of Weightage को सिद्धान्तलाई अवलम्वन गरियो :

"It is therefore necessary in the public interest to afford presidentil confidentiality the greatest protection consistent with the fair adinistration of justice. The need for confidentiality even as to idle conversations with associates in which casual reference might be made concerning political leaders within the country or foreign staesmen is too obvious to call for further tratment. We have no doubt that the Distrit Judge will at all times acord to Presidential resords that high degree of deference suggfested in (Burr)"

- Charies gunther. Constitutional Law; Cases and Materials. 10th Edn. p. 443

४.२ धारा ४२(२) अन्तरगत गठीत सरकार ४२(१) मा जान्छ वा जाँदैन

संविधानमा सरकार गठनको तीन किसिमको व्यवस्था छ। संसदीय दलको नेता प्रधानमन्त्री हुने व्यवस्था धारा ३६(१) र ४२(२) अन्तरगत छ भने कुनै पनि प्रतिनिधि सभाको सदस्य अन्य राजनैतिक दलको समर्थनबाट प्रधानमन्त्री हुने व्यवस्था धारा ४२(१) मा छ। प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेता धारा ३६(१) बमोजिम प्रधानमन्त्री बन्छ तर धारा ४२(१) बमोजिम सरकार गठन हुन नसकेको अवस्थामा प्रतिनिधि सभामा सबभन्दा बढी संख्या भएको तर बहुमत चाही प्राप्त गर्न नसकेको संसदीय दलको नेता धारा ४२(२) बमोजिम विश्वासको मत पाएपछि मात्र वैधानिकता पाउँछ। किनभने संसदीय प्रणालीमा संसद्मा बहुमतको समर्थन् लिन सक्ने दल वा व्यक्ति मात्र प्रधानमन्त्रीका रूपमा स्थापित हुन सक्छ। यो अन्यत्रको परम्परामा आधारित व्यवस्था हो।

It is the preogative of the Sovereign to appoint the Prime Minister. Convention limits the range of choice to the of a party leader who can command a majority in the House of Commons.
E.C.S. Wade in Dicey's The Law and Contitution, 10th end, 1965

४.२.१ वर्तमान सरकार धारा ४२(२) बमोजिम गठीत भएको हो। यसको पूर्ण वैधानिकता धारा ४२(३) अन्तरगत समर्थन पाएपछि स्थापित भएको थियो। तर गत २०५२।३।२६ गते प्रधानमन्त्रीद्वारा श्री ५ समक्ष धारा ५३(४) बमोजिम चढाएको सिफारिसका आधारमा मिति २०५२।२।३० गतेदेखि प्रतिनिधि सभा विघटन भएपछि नयाँ मन्त्रि परिषद् गठन नहुञ्जेल सम्म काम चलाउ सरकारका रूपमा कायम हुने संवैधानिक व्यवस्था छ।

माथि प्रारम्भमै उल्लेख भए जस्तो धारा ४२ संविधानको मौलिक व्यवस्था हो, जुन अन्य संविधानमा पाइदैन। यदि मौलिक प्रावधानले अवलम्वन गरेको doctrine of autochathony प्रभावकारी भएमा धारा ३६ र ४२ ले संसदलाई वैकल्पिक सरकार प्रदान गरि रहने वाध्यात्मक दायित्व सुम्पेको छ।

४.२.२ संविधानको व्याख्या गर्दा संविधान निर्माण क्रममा संविधान सुझाव आयोग २०४७ ले तयार पारेको टिप्पणीलाई सम्मानित सर्वोच्च अदालतले गोपाल शिवाकोटी समेत वि. श्री ५ को सरकारको मुद्दामा (अरूण- ३ को मुद्दामा) मान्यता दिएको छ (ने.का.प. २०५१, अंक ४, पृष्ठ २५५ प्रकरण ३९) सो टिप्पणीलाई मध्यनजर गरी हेर्दा धारा ४२(२) बमोजिम गठित मन्त्रिपरिषद्ले ३० दिन भित्र धारा ४२(३) बमोजिम विश्वासको मत प्राप्त नगरेको हकमा मात्र धारा ४२(४) लागु हुने कुरा प्रष्ट गरेको छ। तसर्थ धारा ४२(२) को मन्त्रिपरिषद्लाई वैधानिकता प्रदान गर्ने सिमिति उद्देश्यले धारा ४२(३) को व्यवस्था भएको स्पष्ट हुन्छ। तसर्थ वर्तमान सरकारको संवैधानिक स्थिति सामान्यतया संसद्को वहुमतद्वारा समर्थित अल्पमतको सरकारका रूपमा मान्न पर्ने हुन्छ। धारा ४२ मसौदाको धारा ४७) का सम्वन्धमा संविधान मसौदा गर्दा यस प्रकार टिप्पणी गरिएको छ:

"संसद्को प्रतिनिधि सभामा वहुमत प्राप्त संसदीय दलका नेता प्रधानमन्त्रीमा नियुक्त हुने संसदीय प्रजातान्त्रिक व्यवस्थाको मान्यता हो। तर पनि कुनै समयमा संसद्को

प्रतिनिधि सभामा कुनै खास एउटा दलले बहुमत प्राप्त गर्न नसकेको अवस्थामा विशेष व्यवस्था संविधानमा नगरिने हो भने संवैधानिक गतिरोध उत्पन्न हुन सक्ने अवस्था आइपर्न सक्तछ। यसै वास्तविकतालाई मध्येनजर राखी प्रस्तुत संविधानमा प्रतिनिधि सभामा कुनै दलले बहुमत प्राप्त गर्न नसकेको अवस्थामा दुई वा दुईभन्दा बढी दलहरूको समर्थनबाट प्रतिनिधि सभाका सदस्यहरूको बहुमतको विश्वास प्राप्त गर्न सक्ने सदस्यलाई प्रधानमन्त्रीको पदमा नियुक्त गरिने सिद्धान्तलाई स्वीकारिएको छ। यसरी प्रतिनिधि सभामा कुनै दलले स्पष्ट बहुमत प्राप्त गर्न नसकेको अवस्था भई संसद्मा प्रतिनिधित्व गरेका अन्य संसदीय दलहरूको समर्थनद्वारा कुनै सदस्यले विश्वास प्राप्त पनि गर्न नसकेको अवस्थामा प्रतिनिधि सभामा सबै भन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई प्रधानमन्त्री पदमा नियुक्त गरिने र यसरी नियुक्त प्रधानमन्त्रीले ३० दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्ने व्यवस्था गरिएको छ। यसरी गठन भएको मन्त्रिपरिषद्ले विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थमा श्री ५ बाट प्रतिनिधि सभालाई भंग गरी ६ महिना भित्र अर्को निर्वाचन गराउन आदेश जारी गर्ने व्यवस्था प्रस्तुत संविधानमा गरिएको छ।"

(टिप्पणी र प्रतिवेदन, पृष्ठ २१, २८)

कुनै पनि सरकार अल्पमतमा छ वा उसलाई बहुमतको समर्थन प्राप्त छ भन्ने कुराको सम्बन्धमा विवाद उठेमा त्यसको निराकरण संसद्को बैठकमा मात्र हुन सक्छ। यसबारे भारतको सर्वोच्च अदालतले S.R. Bommai को मुद्दामा स्पष्ट सिद्धान्त कायम गरेको छ।

- S.R. Bommai v. Union of India, 1994, 3 SCC, p. 278.

४.२.३धारा ४२(२) बमोजिम गठीत मन्त्रिपरिषद्को नेता प्रधानमन्त्रीले धारा ५३(४) प्रयोग गरी प्रतिनिधि सभा विघटन गराउनु भएको सन्दर्भमा विघटनको वैधानिकताबारे केही गम्भिर संवैधानिक प्रश्न खडा गरेको छ।

(१) प्रतिनिधि सभामा बहुमतको अभाव भई धारा ४२(२) बमोजिम अल्पसंख्यक संसदीय दलका नेता भएको नाताले नियुक्त प्रधानमन्त्रीले वैकल्पिक सरकार बनाउने अन्य पार्टीहरूले दावा गरेको अवस्थामा प्रतिनिधि सभा विघटनको सिफारिस दिन सक्दैनन्। आफ्ना विरूद्ध अविश्वासको प्रस्ताव आउने प्रक्रियाको शुरूवात भैसकेपछि विघटनको सिफारिश दिनु संविधानको व्यवस्थाले अनुचित ठान्दछ। प्रतिनिधि सभा विघटनको लागि सिफारिस दिए पनि अविश्वासको प्रस्ताव प्रधानमन्त्रीले सामना गरेपछि मात्र प्रधानमन्त्रीको विरूद्ध प्रस्ताव पारित नभएमा पुनः विघटनको लागि सिफारिस दिने अवस्था आउँछ। आफ्नै संसद सामना गरेपछि संसदलेप्रतिकूल निर्णय गरेमा मात्र अपिल गर्न मायिल्लो अदालत (जन अदालत) मा जान सकिन्छ। (Forsay) अल्पमतको सरकार विरूद्ध अविश्वासको प्रस्ताव (Motion of Censure) आएको वखत वैकल्पिक सरकारको सम्भावना भए विघटनको सिफारिस अस्वीकार गर्नुपर्ने संवैधानिक परम्परा एवं विचार केही पश्चिमी मुलकुमा पनि भएको पाइन्छः

"The Canadian crisis of 1926 was unique in many aspects. One of its most controversial features was that Mr. King advised dissolution while vote of censure was under debate. The pros and of Mr. King's decision can be found in Dr. forsey's extensive treatment of the cirisis. and need not be repeated here. Had Dr. forsey's conclusions been less rigid-he maintains that if a Government asks for a dissolution while a motion of censure is under debate, it is always clearly the Crown's duty to refuse - one would be whole to agree with him" .

"The main point of disagreement with Dr. forsey lies elsewhere. If a government decides to advise a dissolution a while a motion of censure is under debate, it is obviously violating the rules of fair play and moral obligation. politics are not the art of amorality. But equally are not always linked with ethics to the extent scholars and academicians would wish. While the motion of censure is under debate the Government is still (in theory at least) in command of the confidence of the House. The Crown cannot deny this simple fact and cannot base its decision on the possible result of the debate the crown decides on facts knot on possibilities, and unless there is ample, clear and convincing evidence that the Prime Minister does not command a majority in the House, the Crown cannot to ask the prime Minister to ascertain has majority before granting his request.

"A defeated Prime Minister therefore has the right to advise a dissolution; but a Prime Minister who has actually been repudiated by his own parliamentary party in favour of one of his colleagues can claim no constitutional right at all to demand a dissolution. S.de Smith Constitutional and Administrative Law, P. 106.

- Markesinis, The Theory and Practice of Dissolution of Parliament, 1972.pp. 94.95.

(2) Refusal of dissolution when alternative government is possible:

(i) Real Problems do arise at the moment of government-formation. No one suggests that Prime Minister defeated at an election could expect the sovereign to grant a new dissolution and an immediate return of an election. Asquith put the case in December 1923.

Dissolution of Parliament is in this country one of the prerogatives of the Crown. It is not a mere feudal survival, but it is a part, and I think useful part of our constitutional system. It does not mean that the Crown should act arbitrarily and without the advice of responsible Ministers, but

it does mean that the Crown is not bound to take the advice of a particular Minister to put its subjects to the tumult and turmoil of a series of General Elections so long a sit can find other Ministers who are prepared to give contrary advice. The notion that a Ministry which cannot command a majority in the House of Commons a Ministry in a minority of 31 percent. .. in these circumstances is invested with the right to demand a dissolution is as subversive of constitutional usage, as it would, in my opinion, be pernicious to the general and paramount interest of the Nation at large.

ii) The Commonwealth offers several key examples of Prime Minster being overridden on the question of dissolution. The Western Nigerian case of 1962 was cited at the end of Chapter 5. The first ten years of the Australian Commonwealth saw three refusals of dissolution by the Governor General on the grounds that alternative governments were available in the Federal Parliament. But the most frequently quoted precedents come from 1926, 1932, 1939 and 1975.

iii) In September 1939 in South Africa the Prime Minister, General Hertzog, found himself in a minority in his cabinet in wanting South Africa to stay neutral in the war. He sought support from Parliament but General Smuts, his Minister of Justice, carried an amendment by 80 to 67 supporting a declaration of war. General Hertzog then sought a dissolution. The Governor General, Sir Patrick Duncan, refused, knowing that a majority of the House and of the Cabinet were opposed. General Hertzog resigned. General Smuts took over and stayed securely in office for four years before calling an election.

-David Butter, governing Without A Majority, Edn 2, 1983, pp. 126-128.

भारतमा पनि प्रधानमन्त्री चरण सिंहको १९७९ को अल्पमतको सरकारले सिफारिश गरेको आधारमा भएको विवादास्पद विघटन बाहेक १९९१ मा प्रधानमन्त्री चन्द्रशेखरले अल्पमतको सरकार चल्न नसकेपछि राजीनामा र विघटनको सिफारिश एकै चोटी दिंदा वैकल्पिक सरकारको खोजी भएको थियो र कुनै दल सरकार बनाउन मञ्जुर नगरेपछि मात्र राष्ट्रपति भेंकटरमणले लोकसभा विघटन गरेको थिए।

R. Venkatarman, My Presidental Years, 1994, 481-488

सामान्यतय विघटन गर्ने सम्बन्धमा निम्नानुसारको परम्परा भएको पाइन्छ।
The Conventions governing the exercise of the prerogative power to dissolve parliament are in normal circumstances the following :

If the Sovereign can be satisfied that (1) an existing Parliament is still vital and capable of doing its job, (2) a general election would be detrimental to the national economy, more particularly if it followed closely on the last election. and (3) he could rely on finding another Prime Minister who was willing to carry on his Government for a reasonable period with a working majority the Sovereign could constitutionally refuse to grant a dissolution to the Prime Minister in Office.

- E.C. S. Wase & Goffery Phillip ,

constitutional Law, Edn. 8th, 1971, p. 84-85.

वैकल्पिक सरकार भएको बेला प्रतिनिधि सभा विघटन हुन नसक्नेबारे उक्तिकै जोडदार दृष्टिकोण S.De. Smith र R. Brazier को छ ।

"If a Prime Minister were improperly to request solution the Queen would at least be entitled, and might perhaps be obliged to reject it.

Perhaps the following proposition would command a wise measure of support: the Queen may properly refuse a Prime Minister's request for a dissolution if she has substantial grounds for believing (i) that an alternative Government, enjoying the confidence of a majority of the House of Commons can be formed without a General Election, and (ii) that a General Election held at that time would be clearly prejudical to the national interest.

-Stanley De Smith & Rodney Brazier, Constitutional & Administrative law, Edn . 7 , 1994, p. 128-129.

यो विचारलाई Geoffry Marahall ले पनि आफ्नो किताबमा समर्थन गरेका छन् : Constitutional conventions (Oxford : Claredon Press, 1984), pp 35-41.

साथै यस्तै विचार Rodney Brazier को पनि छ :

"If a Prime Minister of either a minority or a coalition government in a hung Parliament were to as for a general election, even for his first time, in order to forestall another majority and workable grouping supplanting his administration, then again ferusal would be defensible if that alternative grouping in fact existed .

- Rodney Brazier, Constitutional Practice, Edn. 2nd, 1994, p. 44.

यूरोपेली मुलुकमा अल्पमतको वा संयुक्त सरकारको प्रचुरताका कारणले वैकल्पिक सरकारको गठन धेरै हुने गर्दछ । तर संयुक्त अधिराज्यमा चाहिं दुईवटा दलहरूको मात्र बाहुल्यताको कारणले भएपनि संसद विघटनको सिफारिश रानीबाट प्राय अस्वीकार नहुनुको पछाडि अर्को कारण छ :

"As Anson said, the uniform practice for more than a century that the Sovereign should not refuse a dissolution when advised by her Minister to dissolve has been largely due to the observance of another convention, namely, that dissolutions should not be improperly advised.

४.३ धारा ५३(३) र धारा ५३(४) बिचको अग्राधिकारको प्रश्न

(क) प्रतिनिधिसिभाको गणपूरक संख्याका लागि धारा ५५ ले एक चौथाई संख्या तोकेको छ। सो बराबरको संसद सदस्यहरूले विशेष अवस्थामा प्रयोग हुने धारा ५३ (३) (Specific clause) को विशेषाधिकार प्रयोग गरी नियमित अधिवेशन अगावै मिति २०५२।०२।२५ को समायेदन अनुसार धारा ५९(२) प्रयोग गर्न अधिवेशन बोलाई सकेका थिए। मिति २०५२।२।२६ गते सामान्यतया प्रयोग हुने धारा ५४ (४) (general clause) अनुसार प्रतिनिधि सभाको विघटन गर्न दिइएको प्रधानमन्त्रीको सिफारिश प्रभाव शून्य हुन्छ। प्रधानमन्त्रीले (कार्यपालिकाले) नचाहेको बेला संसद सदस्यहरूले आफ्नो विशेषाधीकार प्रयोग गरी बोलाइने अधिवेशन शक्ति पृथकीकरणको अवधारण अनरूप पनि अग्राधिकार पाउँछ।

"The generalized assertion of privilege ust yield to the demonstrate specific need for evidence in a pending criminal trial".
United States v. Nikon, 418 US 683 (1974) Cited in Constitutional Law, by Jerome R. Corst and Matthew Ross Lippman (Prentice Hall, 1985), p. 64.

(ख) Doctrine of consquenttial Interpetation को मान्यता अनुसार पनि धारा ५३ (३) को प्रयोग समाप्त भैसकेपछि धरा ५३(४)क्रियाशील हुन सक्छ। एउटा प्रावधानले अर्को प्रावधानको प्रयोगमा अवरोध खडा गर्न सक्दैन।

- Maxwell's Interpretation of Statute, 1976, pp (105-116)

(ग) Doctrine of Harmonious Interpetation को सिद्धान्त अनुसार पनि एउटै धारा अन्तर्गतका विभिन्न उपधाराहरुबीच बाझिने गरी संविधानको व्याख्या गर्न नहुने प्रष्ट छ। एकले अर्कोलाई अवरोध नगरि सामञ्जय हुने किसिमबाट व्यवहारमा प्रयोग हुनुपर्दछ।

"Article 74 (1) which stats that there shall be a Council of Ministers with the Prime Minister at the head to aid and advise the Present in the legislative functions in mandatory. The contention in that case the on the President dissolving the House, there will be no Prime Minister was not accepted because it would change the entire the content of the executive Government. If there will be no Council of Ministers, the President will not have a Prime Minister and Ministers to aid and advise in the exercise of his functions. As there will be no council of

Ministers, nobody will be responsible to the House of the People. Article 5 states that the Prime Minister will be appointed by the President and the other ministers shall be appoint on the advice of the prime Minister. Article 75 (3) states that the Council of Minister is collectively responsible to the Government. This is the basis of responsible Government. Article 75 (3) by itself may not apply when the house of People is dissolved or prorogued. But the harmonious reading of the mandatory character of Article 75 (1) along with Articles 75 (2) and 75 (3) is that the President cannot exercise executive powers without the aid and advice of the council of Ministers with the Prime minister at the head. In that context. Articles 77 (3) and 78 have full operation for duties of the Prime Minister and allocation of business among Ministers.
- Shamsher Singh v. State of Punjav, AIR, 1974, SC 2192 at 2200

(घ) प्रधानमन्त्रीले आफ्नो गल्तीको फाइदा आफैं उठाउन पाउँदैन । Doctrine of Presimption against imparing obligations ले प्रधानमन्त्री अल्पमतका हुँदा हुँदै संसद विघटन गरी प्रधानमन्त्री कायम रही बहुमतलाई गरी संसदीय प्रणालीको विशेष व्यवस्थाबाट फाइदा उठाउन सक्दैन । धारा ५३ (३) को प्रयोग हुन नदिइ धारा ५३ (४) प्रयोग गर्ने संवैधानिक गल्तीको फाइदा स्वनिर्मित अदालतको आडमा लिन पाईदैन । संसदको विशेषाधिकार प्रयोग गर्ने बाटा अवरूद्ध गरी कार्यपालिका प्रमुख प्रधानमन्त्रीले आफू पदमा कायम रहन संविधान दुरूपयोग गर्न सक्दैन ।

"A man ma not take advantage of his own wrong. He may not plead in his own interest a self-created necessity."
- Kush v. Taylor [1911] cited in Maxwell's Interpretations, P. 212

५ अन्य केही महत्वपूर्ण विशेष बूँदाहरू

(१) रा.स.स बाट प्रकाशित संलग्न समाचार बुलेटिन समेतमा प्रधानमन्त्रीले मन्त्रिपरिषद्को बैठकको निर्णय सहित कार्तिक महिनामा नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन गर्न तियी तोकिवक्सन सिफारिश चढाउनु भएको कुरा उल्लेख छ । तर निर्वाचनको तियी भने मंसीर ७ गतेका लागि तोकिएको छ । यसबाट मन्त्रिपरिषद्को निर्णय वेगर मार्ग ७ गतेका लागि निर्वाचन मिति तोकेको देखिएको कारण प्रधानमन्त्रीको सिफारिश धारा ३५ (२) र५३ (४) विपरीत छ ।

(२) विपक्षी प्रधानमन्त्रीको लिखित जवाफको पृष्ठ १४ को उपप्रकरण (ग) मा सप्रसंग " म त्यस्तो ज्योतिष त होन जसबाट भविष्यमा घट्न जाने घटनाको निश्चित जानकारी राख्न सक्ने क्षमताको अपेक्षा गरिएको होस..." भन्ने कथन उल्लेख गरी धारा ४२ (१) अन्तर्गत सरकार वन्न सक्ने कुरालाई प्रधानमन्त्रीले स्वीकार गर्नु भएको । तर निज प्रधानमन्त्रीले श्री ५ मा चढाउनु भएको विघटन सम्वनधी सिफारिश २०५२।२।२६ को साँझ प्रधानमन्त्री

निवासमा आयोजित पत्रकार सम्मेलनमा वितरित सिफारिशको अन्तिम पृष्ठमा धारा ४२ को उपधारा (२) बमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएको भनी उल्लेख गर्नु भएको छ। यसबाट उहाँको सिफारिशमा उल्लेखित व्यहोरा र लिखित जवाफ एक आपसमा मिलेको भेटिएको पटक्कै पाइदैन।

(३) वैकल्पिक सरकार बन्न सक्ने नसक्ने विषयको खोजी गर्ने दायित्व प्रधानमन्त्रीको मात्र होइन सो को खोजी गर्ने प्रतिनिधि सभामा रहेका दल र सदस्यहरू समेतको हो। तसर्थ प्रतिनिधि सभामा बहुमतमारहेका प्रतिपक्षी दल र सदस्यहरूको वैकल्पिक सरकारको खोजी गर्ने संवैधानिक अधिकारलाई कुण्ठीत गर्ने बदनियतका साथ भएको सिफारिश धारा ४२(१) समेत विपरित छ।

(४) धारा ४२ (२) अन्तर्गत गठन भएको वा पछि हुन सक्ने सरकारले प्रतिनिधि सभामा बहुमत रहेको दल सदस्यहरूलाई वैकल्पिक सरकार गठन गर्ने अवसरबाटै वञ्चित गरिदिने हो भने संविधानको धारा ५९ (२) यस अवस्थामा सदा लागि निरर्थक र निष्कृय हुन जान्छ र ४२ (२) अन्तरगतको सरकार ३६(१) को सरकार भन्दा पनि सशक्त हुन सक्तछ। यस दृष्टिबाट हेर्दा समेत उल्लिखित सिफारिश प्रजातन्त्रमा बहुमतको शासनको सिद्धान्त तथा धारा ४२ (१) र ५९ (२) विपरित छ।

(५) धारा ५३ (३) बमोजिमको प्रतिनिधि सभाको अधिवेशन धारा ५३ (१) अनुसारका प्रतिनिधि सभाको अधिवेशन चलि सो को बैठक स्थगित भैरहेको अवस्थामा समेत पच्चीस प्रतिशत सदस्यहरूले श्री ५ मा समावेदन चढाई धारा ५३ (३) बमोजिम बैठक बोलाउन सकिने अवस्था रहेको संवैधानिक व्यवस्था भएपछि धारा ५३ (१) बमोजिम अधिवेशन बोलाई सकेको अवस्थामा धारा ५३ (३) बमोजिमको अधिवेशन बोलाउन मिल्दैन भन्ने विपक्षी प्रधानमन्त्रीको व्याख्यासँग सहमत हुन सक्ने ठाउँ देखिदैन। त्यसमाथि पनि २०५२।२।२५ का दिन समावेदन चढाई सकेपछि मात्र धारा ५३ (१) अनुसारको प्रतिनिधि सभाको अधिवेशन अह्वान भएको कुरा सार्वजनिक जानकारीमा आएको कुरा सर्वविदतै छ।

(६) मन्त्रिपरिषद्को लिखित जवाफको प्रकरण (२) समेत अत्यन्त आपत्तिजनक रूपमा लेखिएको छ, घोर असंवैधानिक छ। धारा ५३ (३) बमोजिम पाएको अधिकार प्रयोग गरी सार्वभौमसत्ता सम्पन्न जनताका प्रतिनिधिहरूले प्रधानमन्त्री विरूद्ध कारण समेत खुलाई अविश्वासको प्रस्ताव पेश गर्न र निज प्रधानमन्त्रीको नेतृत्वमा गठित मन्त्रिपरिषद्को सट्टा धारा ४२ (१) अनुसार वैकल्पिक सरकार दिनका लागि भनी चढाइएको समावेदनलाई "कलुषित विचारले अधिवेशन बोलाउन समावेदन दिएको" र "दुषित अभिप्रायबाट प्रेरित" भन्नु नै मन्त्रिपरिषद्को संविधान विपरित तर्क हो। संविधान बमोजिम गरिएका अभ्यासलाई तुहाउनको निमित्त गरिएको प्रधानमन्त्रीको सिफारिश र निजको मन्त्रिपरिषद्को कथित निर्णय समेत दोषपूर्ण छ, कपटपूर्ण छ ?

(७) मन्त्रिपरिषद्को लिखित जवाफको प्रकरण (३) मा ..."अर्को अधिवेशन बोलाउन समावेदन चढाउन पर्ने कुनै संकट वा आपतकालीन अवस्था राष्ट्रमा आइपरेको भन्ने कुरा समावेदनमा देखाउन सकेको छैन..." भन्ने लेखाई धारा ५३ (३) विपरित छ। धारा ५३ (३) मा सो धारा अन्तर्गत अधिवेशन बोलाउन विपक्षीले भने बमोजिमको अवस्था विद्यमान हुनुपर्छ भन्ने कुनै पनि किसिमको पूर्व शर्त तोकिएको छैन। विपक्षीले भने अनुसारको अवस्था त संविधानको भाग १८ अन्तर्गत पर्दछ भन्ने कुरा देशमा शासन सत्ता सञ्चालन गरिरहेको विपक्षीले राम्रो सँग बुझेको हुनपर्ने हो। यसबाट वैकल्पिक सरकारको गठनको लागि प्रधानमन्त्री विरूद्ध अविश्वासको प्रस्ताव पेश गरिएको समावेदनको औचित्य तथा आवश्यकताको महत्वहरू बढ्न गएको छ।

(८) सिफारिश गर्नलाई कुनै पूर्व शर्त तोकिएको छैन भन्ने विपक्षीको भनाई दोषपूर्ण छ। सार्वजनिक पदका रहेका सामान्य पदाधिकारी समेतले कुनै निर्णय गर्दा विवेकको प्रयोग गरी वस्तुनिष्ठ आधारका गर्नुपर्दछ भने सार्वजनिक पदको सर्वोच्च स्थानमा असिन विपक्षी प्रधानमन्त्रीलाई के यो सिद्धान्त लागू हुँदैन र ? के विपक्षी प्रधानमन्त्री र मन्त्रिपरिषद्का उक्त भनाई वायुराम पौडेल वि. श्री ५ को सरकार (ने.का.प २०४८, पुष्ठ ८१० , प्रकरण ३४, ४०, ४१) भएको मुद्दामा सम्मानित अदालतबाट प्रतिपादन भएको सिद्धान्त विपरीत भएन र ? विपक्षी मन्त्रिपरिषद्का प्रधानमन्त्रीले विघटनको लागि सिफारिश गर्नु पूर्व गैर संवैधानिक बाटो अपनाई मध्यावधिमा जाने निर्णय आफ्नैपार्टीको केन्द्रीय कमिटिबाट गराइएको (दृष्टि साप्ताहिक, २०५२ जेष्ठ ३१ गतेको प्रधानमन्त्रीको विशेष अन्तर्वार्ता) कारणबाट वहाँ स्वयंले सिफारिशका लागि निर्धारण गरेको पूर्व शर्तकोपालना गरेको देखिएको छैन र ? विपक्षी प्रधानमन्त्रीको निर्णय "सभापतिले प्रयोग गनुपर्ने अधिकार निजको अध्यक्ष्यतामा वसेको कार्य कारिणी समुचैले निर्णय गरी प्रयोग गरेमा - कानूनी नहुने" (ने.का.प.२०२७, अंक ४, पुष्ठ ५५, प्रकरण नं. ६) समेत विपरित भएन र ? आफ्नो अधिकारको प्रयोग गर्दा त्यसमाथि पनि सार्वभौम सत्ता सम्पन्न जनताद्वारा निर्वाचित जनताको प्रतिनिधि संस्थाको रूपमा रहेको प्रतिनिधि सभालाई विघटन गर्दा के हचुवाकै भर र मनोगत आधारमा गर्न मिल्छ र ? कुनै पनि प्रधानमन्त्रीको लहडाको भरमा यसर प्रतिनिधि सभाको विघटन गर्ने हो भने संवैधानिक विकासको क्रम अवरूद्ध हुन जाँदैन र ? यस तर्फ पनि अदालतको ध्यान जानु पर्ने देखिन्छ।

(९) प्रधानमन्त्रीले एकातिर संविधानले प्रदान गरेको आफ्नो अधिकार आफ्नै पार्टीको केन्द्रीय कमिटिलाई सुम्पिनु भएको छ भने अर्कोतर्फ धारा ३५ (२) र ५३ (४) बमोजिमको विघटनको मिति तोक्ने मन्त्रिपरिषद्को अधिकार श्री ५ मा चढाउनु भएको छ। यो यस्तो क्रिया delegatus non potest delegare को सिद्धान्तको प्रतिकूल भएको छ।

(१०) प्रधानमन्त्रीले श्री ५ समक्ष प्रतिनिधि सभा विघटनको लागि मिति २०५२।२।२६ गते सिफारिश गरी आफ्नो निवासस्थान बालुवाटारमा फर्केपछि साँझ ८ बजे

पत्रकार सम्मेलन बोलाई देश विदेशको पत्रकारहरू समक्ष वितरण गरेको विघटनका लागि श्री ५ समक्ष, चढाएको सिफारिशको विन्तिपत्र, सो विन्ति पत्रको सम्पूर्ण अंश प्रकाशन गरिएको मिति २६ जेष्ठ २०५२ (९ जून १९९५) को राष्ट्रिय समाचार समितिको समाचार बुलेटिन, उक्त पत्रकार सभेलनमा प्रधानमन्त्री समक्ष सञ्चारमन्त्री प्रदीप नेपालले विघटनको सिफारिश सम्बन्धी श्री ५ मा चढाएको विन्ति पत्र पाठ गरेको अंश सहित पत्रकार सम्मेलन सम्बन्धी टेप तथा प्रधानमन्त्रीको रेडियो तथा टेलिभिजनमा सिफारिश सम्बन्धी प्रसारित संवोधनका अंशहरू पेश गर्ने अनुमति चाहन्छौं र उक्त राष्ट्रिय समाचार समितिको बुलेटिन तथा पत्रकार सम्मेलनमा वितरित सिफारिश सम्बन्धी विन्तिपत्रको प्रतिलिपी यसैसाथ संलग्न गर्दछौं ।

प्रमाण बुझी लगाई पाउँ

६. अन्तमा निवेदकको माग बमोजिम प्रतिनिधि सभा पुनः स्थापनाको लगि आदेश जारी गरी पाउन माग गर्नु अघि चुनावी तयारी तथा राजनैतिक प्रश्नको आधारमा असंवैधानिक सिफारिशलाई मान्यता दिनु अनुपयुक्त हुन्छ भन्दै N.A. Palkhivala को कथनबाट वहस नोट टुंग्याउदछौं ।

"It has been wisely said that elections are the heartbeats of a democracy. If they happen too fast or too irregularly democracy collapses. To put an end to Parliament merely because two ministers could not face a non- confidence or confidence motion, is no more rational than to cut off he head to cure a cold. Further, a country of which half the population lives below the minimum subsistence line can hardly afford the fantastic unproductive expenditure of premature national elections.

बहसनोट प्रस्तोताहरू

अधिवक्ता सूर्य ढुंगेल
प्रमाण पत्र नं. २५८

अधिवक्ता श्रीहरि अर्याल
प्रमाणपत्र नं. २४१

इति सम्वत् २०५२ साल श्रावण १ गते रोज २ शुभम् .....।

श्री सर्वोच्च अदालतमा चढाएको
लिखित-वहस

मुद्दा, उत्प्रेषण मिश्रित परमादेश

०५२ सालको रिट.नं. ३११२

शेर वहादुर देउवा, विपक्षी दलका नेता
का.न.पा. वडा नं. ३ महाराजगंज, काठमाण्डौ ..... निवेदक /पक्ष

विरुद्ध

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी समेत
प्रधानमन्त्रीको कार्यालय, सिंहदरवार, काठमाडौं ... प्रत्यर्थी/विपक्षी

प्रस्तुत् मुद्दामा इजलाशको अनुमति लिई निवेदक शेर वहादुर देउवाको तर्फबाट हामी निम्न लिखित वहस पेश गर्दछौं । हाम्रो लिखित वहस नोट निम्न ६ वँ ुदामा केन्द्रित रहनेछ ।

१) सार्वभौमसत्ता जनतामा निहित रहेको सम्वन्धमा
२) राजनैतिक दलको हित एवं स्वार्थलाई मध्यनजर राखी विघटनको सिफारिश गर्न नहुने सम्वन्धमा
३) अदालतले गजेटमा प्रकाशित तथ्यलाई मात्र मूल्यांकन गर्नु पर्दछ वा प्रेसमा आएका तथ्यलाई प्रमाणको रूपमा लिन मिल्ने वा नमिल्ने सम्वन्धमा
४) विघटनको सिफारिश दूराशययुक्त तवरले गरिएको सम्वन्ध्मा
५) वैकल्पिक सरकारको संभावना रहेको अवस्थामा विघटनको सिफारिश गर्न नहुने सम्वन्धमा
६) स्वविवेकीय अधिकारको प्रयोग सम्वन्धमा

१. **सार्वभौमसत्ता जनतामा निहित रहेको सम्वन्धमा:**

नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा संसदीय शासन प्रणालीलाई अवलम्वन गरिएको छ र साथै नेपाल अधिराज्यको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहनेछ जसको प्रयोग यस संविधानमा व्यवस्था भए वमोजिम हुनेछ भन्ने उल्लेख धारा ३ मा गरिएको पाइन्छ ।

वास्तवमा भन्ने हो भने, जनता संप्रभू भन्दैमा प्रत्येक सानातिना विषयलाई पनि लिएर जनतामा गइराख भन्ने अर्थ गर्न मिल्दैन । संविधानको अधीनमा रहेर काम गर भनेर जनताले निर्वाचनमार्फत आफ्ना प्रतिनिधिहरू संसदमा पठाउँ छन् । कुनै विद्वान्ले भनेका

छन् । "Electorate is final sovereign in name only but actually, it is a Parliament which is sovereign" संसदीय सर्वोच्चता सम्बन्धमा अर्को एक उदाहरण पनि प्रासंगिक देखिन्छ । Eugene A Forsey ले आफ्नो किताब The Royal Power of Dissolution in British Common Wealth., 1943 pg. 25 मा लेख्नु भएकोछ :

The House of Commons is prima facie the exponnt of the national will, and if Ministry does not posses the confidence of the House of commons. It ought to resign. Far from having inherent personal right to disolve in Minister must always show why he does not resign and dissolves. He must show that there are special reasons why immediate recourse should be had to an extra ordinary and irregular manifestation of the nation." Either he must show that the national will has not been declared in the existing Parliament, because through the existing of parties, the shufflings and vacillations of members, or the varying views to which the House commits itself, there is no manifestation of the national will in the deliberatins and decisions of the House, or else he must state that, on some great question, the national will is not really expressed by the existing parliament and to the best of belif, a new parliement would take a very different view, and represent the nation far more adequately."

यसका अतिरिक्त संसदको विशिष्टताबारेमा Sir Ivor Jennings ले आफ्नो किताब "The Law and the Constitution," 8th Ed., Pg.170 मा उल्लेख गरेका छन् : "Parliament can do anythihg except make a man into a woman and to a woman into a man is often quoted. But like many of the remarks which de Loime made, it is wrong. For if Parliament enacted that all men should women, they would be women so far as the Law is consider. It is to say that the supremacy of Parliament is a legal fiction, and legal fiction can assume anything."

यस सन्दर्भमा संसदीय प्रणाली भएको देशको एउटा सानो उदाहरण दिन चाहन्छु। France मा Third Republic को अवस्थामा देशको प्रजातन्त्रलाई जोगाउन त्यहाँ का मन्त्रीहरूले राजीनामापछि Regrouping गर्ने गर्दथे । यसको मूल उद्देश्य नै प्रजातन्त्रलाई जोगाउनु थियो । C.F. Strong ले Modern Political Constitution, Eighth Edition, pg. 221 मा लेखेका छन् : "Under the Third Republic when a Ministry resigned was that a regrouping took place in order to obtain the support of a majority in the chamber, and a politician who held a portfolio in the cabinet just resigned would often take up another in the new one. If France had been involved in the turmoils of a general election every time a French cabinet feel to pieces owing to the alienation of one of the paraliamentary groups represented in it, democracy there could not posibly have survived."

यसरी बारम्बार चुनावमा जाने प्रक्रियालाई प्रश्रय गर्न जुनसुकै अवस्थामा पनि प्रधानमन्त्रीको ५३ (४) अनुसारको सिफारिश छ र त्यसमा श्री ५ बाट स्वीकार गरीबक्सेको छ भन्ने परिपाटी बसाउने हो भने र साथै उप प्रधानमन्त्री माधव कुमार नेपालले भने अनुसार "हाम्रो संविधानले प्रधानमन्त्रीलाई जंगबहादुर बनाएको छ" भन्ने उक्तिलाई नै सार्थकता दिने हो भने सर्वप्रथम: धारा ४२ (१), ५३(३) र ५९ (२) निर्विवादरूपमा निस्क्रिय हुन जानेछन् र यही कारणले देशको प्रजातन्त्र पनि स्वत: समाप्त हुन जानेछ ।

वास्तवमा नेपाली जनताले गत वर्षको चुनावमा मिलिजुली सरकार बनाउने जनादेश दिएका थिए भन्ने कुरा प्रतिनिधि सभाको गत निर्वाचन परिणामले प्रष्ट गर्दछ । जसअनुसार प्रतिनिधि सभाको २०५ सदस्य संख्या मध्ये ने.क.पा. एमाले ले ८८ स्थान, ने.का. ले ८३ स्थान, राप्रपाले २० स्थान, नेमकिपा ले ४ स्थान, नेसपा ले ३ स्थान तथा स्वतन्त्रले ७ स्थान विजय हासिल गरेका थिए ।

यसरी जनताबाट व्यक्त अभिमत पनि मिलीजुली सरकार गठन गर्ने भन्ने नै थियो । धारा ४२(१) अनुसार मिलिजुली सरकार बन्न सकेन त्यसपछि मात्र धारा ४२(२) अनुसारको मन्त्रिपरिषद् गठन भएको हो । तर उक्त मन्त्रिपरिषद् पनि धारा ३६ (४) अनुसार प्रतिनिधि सभाप्रति सामूहिक उत्तरदायी हुनु पर्ने वाध्यता छ । ३५(२) अनुसार गरिबक्सने सबै कार्यहरू मन्त्रीपरिषद्को सल्लाह र सम्मतिमा गरिबक्सन श्री ५ बाध्य होइबक्सन्छ र जनतासामु जाने हो भन्दैमा जहिले पनि विघटनको सिफारिश आफ्नो खल्तीमा राखेर सधैं प्रधानमन्त्रीले हिड्ने होइन । बेलायतको संसदीय अभ्यासलाई हेर्दा पनि विघटन केवल यदाकदा दिइने उपचारको रूपमा रहेको पाइन्छ । कुनै प्रधानमन्त्रीले पनि सर्वप्रथम यो कुराको पुष्टि गर्नु पर्दछ कि, उनले राजीनामा किन दिएन र संसद विघटन गर्ने सिफारिश किन गर्नु पऱ्यो । यसको अतिरिक्त विघटनको सिफारिश गर्दा यो पनि प्रमाणित गर्नु पर्दछ कि, असाधारण परिस्थितिको सिर्जना भएकोले तुरून्त चुनाव नगरे जनताले दिएको मतको कदर हुने अवस्था छैन ।

संविधानको धारा ३ अनुसार जनतामा संप्रभूता छ भन्दैमा देशको बिग्रदो आर्थिक अवस्था र धान्न नसकिने प्रकारको निर्वाचन पटक-पटक जनताको टाउकोमा पछार्ने काम उत्तरदायी सरकारको हुँ दै होइन । N.A. Palkhivala, We the People को पेज २२० मा बारम्बार चुनावमा जाने प्रक्रिया सम्बन्धमा भन्नुहुन्छ:

It has been wisely said that elections are the heartbeats of a democracy. If they happen too fast or too irregularly democracy collapses. To put an end to Parliament merely because two ministers could not face a no-confidence or confidence motion is no more rational than to cut off the head to cure a cold. Further, a conutry of which half the population lives below the minimum subsistence line can hardly afford the fantistic unproductive expenditure of premature national elections.

यसबाट के बुझिन्छ भने, प्रजातन्त्रको अभिन्न अंग चुनाव हो र जनतामा सार्वभौमसत्ता छ भनेर बारम्बार चुनाव जाने र अधिकांश जनता गरीब भएको देशले

अप्राकृतिक चुनावको सामना गरी रहन सक्तैन भन्ने यसको मूल निस्कर्ष हो। तसर्थ पनि संसदको आफ्नै सर्वोच्चता र विशिष्टता छ। प्रधानमन्त्री पनि संसदका नै उपज हुन् भने यस्तो संसदलाई सामना नगरी जनतामा जहिले पनि जाने अधिकार प्रधानमन्त्रीलाई छ भन्ने अर्थ गर्नु संविधानको मनसाय होइन। किनकि धारा ३ मा नै जसको प्रयोग "यस संविधानमा व्यवस्था भएबमोजिम हुनेछ" भन्ने समेत उल्लेख भएकोले संविधानका अन्य धारालाई यो धाराले स्वत: निस्क्रिय बनाउँ छ भन्ने अर्थ गर्न मिल्दैन। वर्तमान परिस्थिति त यस्तो भयो भने जिल्ला (संसद) अदालतमा मुद्दा चलिहेको बेलामा त्यसमा के कस्तो निर्णय आउँ छ सो नपर्खी आखिर पुनरावेदन (जनता) अदालतमा जाने नै हो भन्दै अपिल गर्न किन नपाउने भनेर लिँ डे ढिपी लिए जस्तो कुरा भयो। तसर्थ पनि Eugene A Fossey ले आफ्नो किताव "The Royal Power of Dissolution of Parliament in British Common Wealth, 1943 pg. 164-165 मा Canada का प्रधानमन्त्रीले आफूलाई Britain का प्रधानमन्त्री Mac Donald सँ ग तुलना गरी Mac Donald को सिफारिशलाई Crown ले स्वीकार गरेको र आफ्नो सिफारिश भने अस्वीकार गरिएको भन्ने सम्बन्धमाा यस्तै प्रकारको उदाहरण दिनुभएको पाइन्छ। संसद सामु अविश्वासको प्रस्तावको सामना नगरी जनता सामु चुनावमा जान किन नपाइने भन्ने कुरा असंसदीय भाषा हो।

तसर्थ पनि जबसम्म संसदवाट वैकल्पिक सरकार बन्न सक्ने अवस्था विद्यमान रहन्छ तबसम्म सरकार बनाउने प्रक्रियालाई अगाडि बढ्न दिनुपर्छ। यसरी संसदको Premature Dissolution लाई श्री ५ बाट अनुमोदन गर्ने पर्ने परम्पराको विकास गर्दै जाने हो भने भोलि ४२ (१) र ४२ (२) अनुसार बनेको प्रधानमन्त्रीले ४२ (३) अनुसार तीस दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु अगावै संसद भंगको सिफारिश गरेमा पनि श्री ५ ले स्वीकार गर्नु पर्ने बाध्यता बन्न जान्छ। त्यसो भए धारा ४२ (१) किन त ? यस्तो परिस्थितिको सिर्जना त हुनै सक्तैन भनेर भन्न सकिने स्थिति पनि त अब बाँ की रहेन। जस्तै अगष्ट १९७९ मा भारतका राष्ट्रपति संजीवा रेड्डीले संसद सामु एकदिन नउभिएको प्रधानमन्त्री चौधरी चरणसिंहको सिफारिशमा संसद विघटन गरिदिए। वास्तवमा यस्तो प्रकारको विघटन संवैधानिक हिसाबले हेरिंदा गलत थियो। यसरी संसद सामु एकदिन पनि नउभिएको व्यक्तिले संसदको मूल्य माग्न पाउने अधिकारलाई राष्ट्रपतिले स्वीकार गरे। यस सन्दर्भमा August 24, 1979 मा प्रकाशित Times of India मा लेखिएको छ :

"The familiar last line in T.S. Eliot's The hollow men suggests that the world will end not with a bang but with a whimper. While the audio quality of that far off event is somewhat speculative, there can be no doubt that the Parliament of India did end with a whimper this week. In 1977 it had earned the gratitude and respect of the entire nation. Since it gave them a new birth of freedom after the holocaust of human rights during the Emergency. But then it went the way of all flesh. A glorious beginning but an ignommnous end."

यसै सन्दर्भमा भारतका सुविख्यात वकिल N. A. Palkhivala ले आफ्नो किताव "We the People" 1984 pg. 218-219 मा लेख्नु भएको छ The case

Constitutional position is that upon the resignation of Mr. Charan Singh's Cabinet, the president had the followingg four points :

1. The president could have invited Mr. Jagjivan Ram to form a ministry in view of the fact that he was leader of the opposition and of the largest single group within the Lok sabha.
2. The President could have asked Mr. Jagjivan Ram to provide his majority on the floor of the House by getting himself elected as the Leader of the House and upon his being chosen as such Leader he could have been invited to form his ministry.
3. The President could have sent to the Lok Sabha a thoughtful message (we govern men by words said Disraeli) bringing home the critical nature of the situation and calling upon the House to elect its own leader. Any Leader so chosen could then have been invited to form a ministry.
4. The President could decide to dissolve the Lok sabha.

यसरी उनी भन्दछन् राष्ट्रपतिले largest single group को प्रतिपक्ष नेता भएकोले सरकार वनाउने अवसर दिनुपर्ने वा House मा जगजीवनरामलाई वहुमत प्रमाणित गर्ने अवसर दिनुपर्ने, वा House वाट नेता छान्ने अधिकार दिनुपर्ने र मात्र राष्ट्रपतिले विघटन गर्नु पर्ने हो भन्दै माथिका ३ वटा वैकल्पिक अवस्थामध्ये कुनैलाई स्वीकार गरेको भए संविधानत: गलत हुने थिएन भन्ने हो। अर्कोतर्फ राष्ट्रपतिले उक्त विघटन गरेको सम्वन्धमा मुख्यत: २ वटा तर्क अघि सारेको पाईन्छ।

१) जगजीवनरामले स्थायी सरकार दिन सक्ने थिएनन्।

२) जनता दल वाहेक अन्य सवै दल विघटनको पक्षमा थिए।

तर नेपालको वर्तमान सन्दर्भमा उक्त २ तर्क पनि आकर्षित हुने देखिँ दैनन प्रथमत: नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, सद्भावना र अधिकांश स्वतन्त्र सांसदहरूले वहुमतद्वारा स्थायी सरकार दिने दावा गरेका थिए, तर यस अवसरवाट तिनीहरूलाई वंचित गरियो र अर्को एमाले र मजदुर किसान पार्टी अर्थात संसदको full stregth को हिसाववाट अल्पमत पक्षधरहरू मात्र विघटनको पक्षमा रहेका थिए भने यस्तोमा पनि विघटन गरियो। अझ भन्ने हो भने जगजीवनराम त अल्पमतमाा थिए तर पनि उनीहरूलाई सरकार गठन गर्न नदिंदा राष्ट्रपतिले संविधान उल्लंघन गरेको लान्छना लाग्यो भने नेपालमा त वहुमतद्वारा नै सरकार वनाउने विधिवत् दावा गरिएको थियो। यसरी स्पष्ट रूपमा प्रधानमन्त्रीवाट गरिएको सिफारिशले धारा ५३(३), ५९(२) र ४२(१) को स्पष्ट उल्लंघन गर्‍यो।

प्रधानमन्त्रीले, वैकल्पिक सरकार वन्न सक्ने स्थितिमा सत्ता मोह (Power intoxication) को कारणले वहुमतलाई अपेक्षा गरेर राजीनामा दिनुपर्ने व्यक्तिले संसदलाई

नै मृत बनाइदिनुभयो। यस सन्दर्भमा हामी एउटा बेलायतको उदाहरण लिन चाहान्छ
बेलायतमा 21 June 1895 मा Army Estimates को विषय मा Libe
Government defeat हुँ दा त्यहाँ को Cabinet मा दुईमत भएको पाइन्छ। राजीना
गर्ने वा विघटन गर्ने भन्नेमा Lord Rosebery ले महारानीलाई राजीनामा गर्नु उपयु
हुने तर्क अघि सारे र अन्त्यमा राजीनामा नै स्वीकार गरियो र संसदवाट नै वैकल्पि
सरकार बन्न पुग्यो। The Theory and Practice of Dissolution of Parliame
A comparative Study with Special Reference to the U.K and Gre
Experience by B.S. Markesinis, 1972 pg. 101-102:

आजसम्म बेलायत लगायत संसारमा भएका विघटनहरूलाई सरसरती हेर्दा विघ
विशेष परिस्थितिमा मात्र हुन सक्ने देखिन्छ जस्तै: बेलायतमा संसद अन्तिम वर्षमा छ भ
विघटनलाई सहज रूपमा स्वीकार गरेको पाइन्छ। सामान्य अवस्थामा चुनाव हुने अवधि
कुनै विपक्षीले नै चुनावमा जानका लागि निम्ता गरेको वा त्यस्तै प्रकारको विश
परिस्थितिको सिर्जना हुन जाने, Public policy सम्बन्धी कुनै महत्वपूर्ण चुनावी मुद्दा
भने संसद्बाट सभामुखको चयन समेत गर्न नसक्ने भएमा, कुनै महत्वपूर्ण विधेयक पारि
हुन नसकेमा, वैकल्पिक सरकार गठन नै हुन नसक्ने भएमा व्याप्त वेरोजगारीको समस
आएमा संसद्ले देशको प्रतिनिधित्व गर्न नसकेमा तल्लो सदनबाट पठाएको विधेय
मायिल्लो सदनवाट पारित नहुने आदि परिस्थितिमा मात्र विघटन हुने गरेको पाइन्छ
वर्तमान सन्दर्भमा त यो कुनै पनि विषय सिफारिशका कारण बनेका छैनन्।

(Requested to see ibid, pg. 97 to 113

यसरी विघटन गरिदा पनि निर्वाचन हुने मिति जनताको सुविधा अनुसार व
सावधानीपूर्वक तोकिएको पाइन्छ। जस्तै, Christmas, Summer Vacations आ
अवस्थामा वेलायतमा चुनाव कहिल्यै पनि हुँ दैन (ibid)। यस दृष्टिकोणले हेर्दा हा
देशको ९० प्रतिशत जनता कृषिमा आधारित भएकोले मंसीर महिना र विशेष तिहार
लगत्तै पछि धान काट्ने वेला भएको र दशैं तिहार जस्तै चाड पनि आनन्दपूर्वक मनाउ
नपाई वाध्यतावश चाही, नचाही चुनावमा होम्मिनु पर्ने भएकोले पनि मंसीर ७ गतेला
तोकिएको निर्वाचन वेमौसमको रोग वाहेक अन्य केही नभएको र सायै संविधानको धा
१७, १८ र १९ को समेत विपरीत भएको छर्लङ्ग देखिन आउँ छ। यस परिप्रेक्ष्यमा हामी
के कस्तो परम्परा विकास गर्ने हो भन्ने प्रश्न एकातिर छ भने अर्को तर्फ धारा ३
जनतालाई संप्रभूता प्रदान गरेको छ। त्यस्ता जनतावाट प्रतिनिधि सभाका सदस्य निर्वाचि
हुन्छन्। त्यस्ता निर्वाचित सदस्यहरूको आयु छोट्याउने काम प्रधानमन्त्रीले गर्दछ
जनताको व्यक्त अभिमत अनुसार माथि जिकिर दिए अनुसारको वैकल्पिक सरकार गठ
गर्ने काममा कुनै पहल गर्दैन। उक्त सिफारिशले जनतालाई ठाडै असर गरेको छ त
त्यस्तो सिफारिश जनताले देख्न सुन्न पाउँ दैन भनेर ३५(६) को जिकिर लि
प्रधानमन्त्रीको जनताप्रतिको अनुत्तरदायित्व कार्य हो। संविधानको प्रयोग आफ्नो सुविधा
मात्र गर्नु भन्ने यसको मनसाय होइन। हाम्रो संविधानको धारा ३ मा "नेपालव
सार्वभौमसत्ता नेपाली जनतामा निहित रहनेछ। जसको प्रयोग यस सम्बन्धमा व्यवस्था भ
वमोजिम हुनेछ।" भन्ने संवैधानिक व्यवस्था गरिएको छ। सम्माननीय प्रधानमन्त्री पनि
जनताद्वारा नै निर्वाचित सांसदहरूमध्ये एक हुनुहुन्छ र वहाँ लाई पनि यही संविधा
अनुसार चल्नु पर्ने वाध्यता छ। यस स्थितिमा जनताको आर्थिक, राजनैतिक, सामाजिव

हकलाई असर पार्ने गरी वहाँ ले गर्नुभएको सिफारिश असंवैधानिक भएको कुरा माथि उल्लेखित विभिन्न देशका अधिकारीको निर्णय एवं विद्वानहरूको राय समेतबाट सिद्ध हुन आएको छ ।

२. **राजनैतिक दलको हित एवं स्वार्थको लागि मध्यनजर राखी विघटनको सिफारिश गर्न नहुने सम्बन्धमा :**

Party को Political gain को लागि चुनाव गरिने परम्परा संसदीय प्रणालीको वर्खिलाप छ । यस संवन्धमा Paul Handerson ले Parliament and Politics in Austrilia, Third Ed. pg. 88 मा उल्लेख गरेका छन् कि, राजनैतिक उद्देश्यको लागि यदि विघटनको माग गरिन्छ भने, यद्यपि गभर्नर जनरल प्रधानमन्त्रीको सिफारिशमा चल्ने भए तापनि त्यसमा स्वीकृति जनाउन बाध्य छैनन् भनिएको पाईन्छ । Sir John Keer संविधानमा संकट आउनुपूर्व Feb. 1975 मा यस सम्बन्धमा भन्नुभएको छ - "The Governer General had a responsibility to deny a Prime Minister as early election for the House of Representatives if that election was only motivated by party political gain."

उक्त किताबमा अझ भनिएको छ : "Sometimes a situation arises in which a Prime Minister may seek to have Parliament dissolved before its constitutional term has expired. It is of course, not sufficient for him to seek a dissolution of Parliament simply because he would like to have an election before it is due. The essential question is whether the Governer General can be satisfied that Parliament has in fact become unworkable.

माथिको वुँ दाबाट २ वटा कुरा बुझिन्छ, प्रथमत: राजनैतिक उद्देश्यद्वारा प्रेरित भएर यदि विघटनको सिफारिश गरिन्छ भने त्यो कुरा गभर्नर जनरलले मान्य बाध्य हुदैनन् र द्वितियत: संसद साँ च्चैकै काम गर्न सक्दैन भन्ने कुरा गर्भनर जनरललाई लाग्नु पर्दछ, तव मात्र विघटन संभव छ ।

यसवाट हाम्रो सन्दर्भमा हेरिंदा प्रधानमन्त्रीको सिफारिशमा अंकित वुंदाहरूलाई केलाउनु टड्कारो रुपमा देखिन्छ । यस सिफारिशमा मूलत: हामी ३ कुरा देख्दछौं ।

(क) म माथि अविश्वासको प्रस्ताव ल्याउनको लागि प्रमुख प्रतिपक्षी दलले संसद अधिवेशनको माग गरेवमोजिम ५३ (३) अनुसार अधिवेशन वोलाइएको,

ख) धारा ४२ को उपधारा २ वमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान वमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएको,

ग) वर्तमान सरकारलाई आफ्नो निति र कार्यक्रम लागू गर्नवाट वंचित गर्न खोजिएको।

यी तीनै वूँ दाहरू दलको राजनैतिक उद्देश्यवाट अभिप्रेरित छन् भन्ने कुरा निम्न तवरले प्रस्ट्याउन चाहान्छौं । धारा ५३ (३) ले संसद्हरूलाई संवैधानिक अधिकार प्रदान गरेको छ र सो अधिकारलाई प्रयोग गरी प्रधानमन्त्री उपर अविश्वासको प्रस्ताव राख्न र वैकल्पिक सरकार गठन गर्न प्रतिनिधि सभाको एक चौथाई सांसदहरूले श्री ५ मा

समावेदन गरेको र सोहीलाई संवैधानिक माग संभी वक्सी २०५२।३।२ का दिन श्री ५ बाट वैठक वोलाई वक्सेको कुरा सवैमा विदितै छ। के त्यस्तो संवैधानिक माग धारा ५३ (४) मा वमोजिमको प्रधानमन्त्रीको सिफारिशको कारण वन्न सक्छ र ? धारा ५३ (३) अनुसार गरिएको माग वमोजिमको अधिवेशनको सामना नै नगरी धारा ५३ (४) को साहारा लिन खोज्ने प्रधानमन्त्री अवश्य पनि आफ्नो दलीय राजनैतिक उद्देश्यबाट प्रेरित हुनुभएको हो भनी भन्न सकिन्छ। धारा ५३ (३) र धारा ५३(४) आफ्नो आफ्नो स्थानमा छन्। धारा ५३ (३) क्रियाशील भै सकेपछि त्यसको सामना प्रधानमन्त्रीबाट गर्नु नै पर्दछ, कारण धारा ५३(३) अनुसारको समावेदन र सो अनुसार अधिवेशन र वैठक वस्ने मिति र समय तोकि वक्सेपछि सो को सम्पूर्ण कार्यविधि जिम्मेवारी प्रतिनिधि सभाको हुन जान्छ, अर्थात उपरोक्त कार्य प्रतिनिधि सभाको क्षेत्राधिकारभित्र पर्ने भै विधायिकाको कार्यक्षेत्रलाई अतिक्रमण गर्न पाउने अधिकार प्रधानमन्त्रीले चाहे ३६ (१) अनुसार को हुनु ४१ (१) वा ४२ (२) अनुसार हुनलाई संविधानले प्रदान गरेको छैन। यस संवैधानिक व्यवस्था अनुसार धारा ५३ (४) को सिफारिशको कारक तत्व धारा ५३(३) हुन सक्दैन।

सायै विपक्षीले ५३ (४) को प्रयोग आफ्नो स्वविवेकबाट गरेको नभई आफ्नो पार्टीले खटाएवमोजिम गर्नुभएको हो। मिति २०५२।२।२६ मा दिनको ठीक १ वजे रेडियो नेपालबाट ५३ (३) वमोजिम २०५२।३।२ मा संसदको अधिवेशन (विशेष) वोलाउने घोषणा भएपछि एमाले पार्टी अफिसमा वैठक वस्छ र उक्त बैठकले विपक्षीलाई ५३ (४) प्रयोग गर्ने निर्देशन दिन्छ। सो अनुरूप फेरि मन्त्रिपरिषद्को बैठक वस्छ र यस बैठकले पार्टीको निर्णयलाई अनुमोदन गर्दछ र सोही अनुरूप विपक्षी राजदरवार जानुहुन्छ। सोही दिन ७ वजे रेडियो बाट ५३ (४) वमोजिम विपक्षीले मध्यावधिको सिफारिश गरेको समाचार आउँ छ र सो समाचारको दुई घण्टा भित्र विपक्षीले प्रेसमा आफूले सिफारिशमा उल्लेख गरेका मध्यावधिको कारणहरू वताउनुहुन्छ, प्रेसलाई प्रतिलिपीहरू बाँ डी सार्वजनिक गराउनुहुन्छ।

हाम्रो संविधानको भाग १७ मा राजनैतिक संगठनको वारेमा, उल्लेख गरिएको छ। जस अनुसार राजनैतिक संगठन वा दललाई प्रतिवन्ध लगाउन वन्देज, राजनैतिक संगठन वा दलको रूपमा निर्वाचनको लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने, महिला उम्मेदवार आदिको वारेमा उल्लेख गरेको पाइन्छ। कुनै पनि दलको तर्फबाट उम्मेदवार भई निर्वाचित भएको व्यक्ति यदि प्रधानमन्त्री वन्दछ भने, प्रधानमन्त्री भएको दिनदेखि ऊ आफू दलको प्रधानमन्त्री हुने नभई सम्पूर्ण देशकै उत्तरदायी प्रधानमन्त्री हुने हाम्रो संविधानको संरचना हो। सरकारमा पुगेपछि उसले दलको अरौट खरौट मान्नुपर्ने वाध्यता संविधानले गरेको पाइदैन। यस्ता प्रधानमन्त्रीले आफ्नो उत्तरदायी आफू निर्वाचित भएको दलप्रति नभएर संसद प्रति उत्तरदायी हुनुपर्ने वाध्यता हाम्रो संविधानको धारा ३६ (४) ले गरेको पाइन्छ। "Responsible Government सम्वन्धमा Australia का E.G Whitlam ले आफ्नो किताव, On Australia's Constitution (widescope, 1977), p. 246 मा भन्नु भएको छ : Responsible Government is not spell out specifically, explicitly in the constitution, but everybody acknowledges that in Australia responsible government is the Law of Land. The Government is responsible to the House of Representatives ...."(See The Australian Form of Government by Richard Lucy, 1985 p.40) यसरी

प्रधानमन्त्री र मन्त्रीहरू प्रतिनिधि सभाप्रति सामूहिक रूपमा उत्तरदायी हुनु पर्नेमा र संसदद्वारा देशको लागि स्थायी सरकार दिने दावा गरेकोमा सो अवसरवाट पार्टीको केन्द्रीय कमिटिको निर्देशन अनुसार (दृष्टि साप्ताहिक २०५२।२।३१, वर्ष १३, अंक ३१ पेज १) असंवैधानिक तवरले संसदलाई वंचित गराइनु सत्ता लोलुपतको मादकता वाहेक संसदीय अभ्यास भने अस्वश्य पनि होइन ।

यस सन्दर्भमा S. Encel ले Cabinet Government in Australia, Second Ed. pg. 35 मा भनेका छन् : "Once a ministry is formed the functions of the party become subordinate, and the government is expected to behave with the 'prudence' which Burke regarded as the mark of statesmanship."

यसरी अष्ट्रेलियाको संसदीय सरकार र पार्टीको सम्वन्धलाई हेर्दा मन्त्रीमण्डलको गठनपछि पार्टी एउटा सरकारलाई मद्दत गर्ने एउटा Subordinate निकायको रूपमा मात्र रहेको पाइन्छ । प्रजातान्त्रिक दलले कहिल्यै पनि सरकारको क्रियाकलापको हस्तक्षेप गर्दैन, यो कुरा Australia मा मात्र नभएर West Minister Model ले पनि स्वीकारेको तथ्य हो । तर दुर्भाग्यवश, नेपालमा कर्मचारीतन्त्रलाई आतंकित गर्न राज्य व्यवस्था विभाग खोलिएको छ, ५३ (४) को प्रयोग प्रधानमन्त्रीले आफ्नो स्वविवेकमा नभएर पार्टीको खटनमा गर्नुहुन्छ, मानौकि, संविधान मायि एमालेको पार्टीको हैकम मौजुद छ उसको निर्णय मान्न सम्पूर्ण नेपाली संविधानत: वाध्य छन् । सायै ५३ (३) लाई निस्प्रयोजन गर्न एमाले सरकार कटिवद्ध रूपमा लागेको छ । प्रधानमन्त्रीको सिफारिशको उल्लेखित बुँदा (क) मायिको छलफलवाट पूर्ण राजनैतिक स्वार्थवाट अभिप्रेसरत भएर गरिएकोले संविधानत: संसदीय प्रणालीको समेत वर्खिलाप भएको प्रष्ट देखिन्छ । Party लाई मजवुत वनाउने हिसावले यदि विघटनको सिफारिश गरिन्छ भने त्यो कदापि मान्य हुन सक्तैन । यस सम्वन्धमा Sir Robert Peel ले १८४६ मा भन्नुभएको थियो "I do not think a dissolution justifiable for the purpose merely of strengthering the Party". (The Theory and Practice of Dissolution of Parliament by B.S. Markesinis. 1972 pg. 35) यसरी आफ्नो दललाई सुदृढीकरण गर्नको निम्ति विघटनको सिफारिश गर्नु हुँ दोरहेनछ भन्ने बुझिन्छ । Gladstone ले पनि पार्टीको कारणवाट गरिने विघटनको सिफारिशलाई condem गर्नुभएको पाईन्छ । (Ibid) at 97). कुनै निश्चित पार्टीलाई सुदृढ वनाउने तवरवाट माग गरिएको विघटनको सिफारिशलाई अस्वीकार गरेको न्यायोचित हुन्छ । (The King and His Dominion Governers, b H.V. Evatt, 1967, pg/ 225)

(ख) धारा ४२ को उपधारा २ वमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान वमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएको भन्नेछ ।

देशका एउटा सर्वोच्च पदमा आसिन प्रधानमन्त्री जस्तो व्यक्तिले प्रजातन्त्र, संसदीय प्रणाली र संविधान जस्तो गहन विषयको साधारण ज्ञानसम्म नहुनु खेदको कुरा हो तसर्थ यस सन्दर्भमा सर्वप्रथम धारा ४२ को व्याख्या गर्न चाहन्छौं । श्री ५ वाट २०१७ सालमा जस्तो गरेर संसदीय प्रणालीको अन्त्य गर्न नपाउन भन्ने हेतुले संविधानको प्रस्तावनामा निम्न ४ कुरालाई संशोधन समेत गर्न नपाउने गरी राखियो जुन निम्न लिखित छन् :

(क) जनताको मौलिक अधिकार

(ख) संसदीय शासन प्रणाली

(ग) संवैधानिक राजतन्त्र

(घ) बहुदलीय प्रजातन्त्रलाई

यसमा हामी मूलत: संसदीय शासन प्रणालीको केही व्याख्या गर्न चाहन्छौं संसदबाट संभव भएसम्म वैकल्पिक सरकार बन्न सकोस्, वैकल्पिक सकार बन्न सके भने Single largest party को सरकार होस् यसरी बनेको सरकारले तीस दिनभि विश्वासको मत लिउन र यी सबै प्रक्रिया संभव नभएमा प्रतिनिधि सभा स्वत: भंग हुने भन्ने बुँ दा धारा ४२ मा परेको पाईन्छ। धारा ४२ को उपधारा १, २, ३, ४ sequenced provision नभएर अवस्था परिस्थिति हेरी लागू हुने हुन् यस तथ्यलाई विपक्षीले लिखित जवाफको प्रकरण ५ (२) मा स्वीकारको पाइन्छ। अदालतले संविधानमा स्पष्ट तथा अन्यथा व्यवस्था भएकोमा बाहेक संविधानका सबै प्रावधानहरू सक्रिय नै रहन्छन् भनिएकोले निवेदक र विपक्षी दुवैको मुख मिलेकोले प्रमाण ऐनको दफा ४ बमोजिम यस सम्बन्धमा अन्य व्याख्या गरिरहन परेन। तसर्थ पनि सर्वप्रथम प्रधानमन्त्रीको धारा ४२ को व्याख्या नै गलत छ भन्ने कुरा ओल्याउन चाहन्छौं। प्रधानमन्त्री जस्तो पदमा बसेको व्यक्तिले विभिन्न सार्वजनिक ठाउँ मा "धारा ४२ (२) लाई उहाँ को शब्द मा धारा ४२ (२) लाई उहाँ को शब्द भनेको वगेको खोला जस्तै हो, जुन एक पल्ट वगेपछि फर्कन सक्दैन"। कानूनको साधारण ज्ञान भएको व्यक्तिले पनि जान्ने कुरा हो संविधानको कुनै पनि धारा माथिदेखि तल, तलदेखि माथि वा एकै समय पनि co-exist भएर लागू भइ नै रहेका हुन्छन्। मिति ०५२।२।२७ मा गोरखापत्रको प्रथम पेजमा प्रधानमन्त्रीले जेठ २६ गते आफ्नो निवास वालुवाटारमा भन्नुभएको कुरा छापिएको छ। देशमा राजनैतिक, आर्थिक र सामाजिक अवस्थालाई विचार गरी राष्ट्र तथा जनताको हितमा राष्ट्रिय सहमत कायम गरी अगाडि बढ्नु पर्छ भन्ने हाम्रो नीति रहदै आएको हो। सोही अनुरूप हामीले अन्य राजनैतिक दल र व्यक्तित्वसंग निरन्तर सम्वाद र अन्तरक्रिया चलाउदै आएका छौं ..." आदि।

हामीलाई थाहा भएकै कुरा हो, ०५२।२।२५ अघि अन्तिम अवस्थासम्म पनि वैकल्पिक सरकार बन्ने सम्वन्धमा राजनैतिक दलहरूबीच विचार-विमर्श भएको र एमालेको मूखपत्र लगायत गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजनवाट पनि सो सम्वन्धमा जानकारी पाएका थियौं।

यस सन्दर्भमा एमालेले नेपाली कांग्रेस वा राष्ट्रिय प्रजातन्त्र पार्टी वा अन्य दल व्यक्ति वा समूहसँ ग समझदारी गरी सरकार गठन गरेको भए, त्यो सरकार धारा ४२ (२) अनुसारको सरकार नभएर धारा ४२ (१) अनुसारको सरकार बन्न पुग्दथ्यो। त्यस्तै ३ वटा सीटको उपनिर्वाचनमा यदि एमालेले विजयी भएको भए, प्रतिनिधि सभाका सांसदहरूमध्ये कोही धारा ४९ अनुसार स्थानको रिक्तता भई, धारा ४७ को अवस्था आदि जस्ता अवस्था उत्पन्न भई स्थान रिक्तता रहँ दा, त्यहाँ उपनिर्वाचन भई एमाले सरकारले १०३ को वहुमत पुऱ्याएको भए मन्त्रीपरिषदको गठन स्वत: ३६ (१) वमोजिमको हुने थियो। तसर्थ कानूनको साधारणा ज्ञान समेत नभएका प्रधानमन्त्रीको व्याख्या गलत हो

भन्ने कुरा स्वत: पुष्टि हुन्छ। यसरी संविधानको व्याख्या पूर्ण राजनैतिक रूपबाट अभिप्रेरित भएर गरिएको देखियो।

(ग) प्रधानमन्त्रीको सिफारिशको तेस्रो बुँदामा वर्तमान सरकारलाई आफ्नो नीति र कार्यक्रम लागू गर्नबाट बचित गर्न खोजिएको भन्ने उल्लेख गरिएको छ। यो बुँदा पनि पूर्णत: राजनैतिक पूर्वाग्रहबाट अभिप्रेरित हुनका साथै Parliamentary Norms को प्रारम्भिक समेत नभएको व्यक्तिले मात्र व्यक्त गर्ने कुरा हो।

वर्तमान संविधानको धारा ४५ (३) मा उल्लेख गरिएको छ "यस संविधान बमोजिम अगावै विघटन भएमा बाहेक प्रतिनिधिसभाको कार्यकाल पाँच वर्षको हुनेछ" भन्ने उल्लेख भएकोछ। यसका अतिरिक्त धारा ४२ (४) र ५३ (४) मा पनि क्रमश: संसद भंग हुने र विघटन हुने परिस्थितिको उल्लेख गरेको पाइन्छ। यसरी सामान्य अवस्थमा प्रतिनिधि सभाको कार्यकाल ५ वर्षको रहने भए तापनि संविधानत: यस कार्यकाल अगावै पनि विघटन हुन सक्छ। धारा ४२ (१) वा ४२ (२) बमोजिम गठित प्रधानमन्त्रीले धारा ४२ (३) बमोजिम तीस दिनभित्र विश्वासको मत लिन नसकेको अवस्थामा पनि उसले आफ्नो नीति र कार्यक्रम लागू गर्न पाउदैन। के यस्तो कारण पनि मध्यावधिको मुख्य कारक तत्व बन्न सक्छ र ? धारा ५९ (२) बमोजिम विधिवत् रूपमा आफूउपर आउने अविश्वासको प्रस्तावको सामना गर्न नसक्ने प्रधानमन्त्रीले के यस्तो दुराशयुक्त गरिएको सिफारिशमा यस्तो कुराको उल्लेख गर्दैमा संसद विघटन गरिएको के संविधान सम्मत छ र ? संसदीय प्रणालीमा विश्वास गरी निर्वाचनमा विजयी भई संसदीय दलको नेता भएको प्रधानमन्त्रीले संसदीय शासन प्रणालीमा निश्चित परिस्थितिमा मात्र संसद विघटन हुन सक्ने परिपाटीलाई कसरी भुल्नुभयो। बेलायतकै उदाहरण लिने हो भने पनि प्रतिनिधि सभा (House of commons) को ६ वर्षको कार्यकाल भए तापनि ६ वर्षको कार्यकाल भुक्तान गरेको विरलै घटना छन् भने संसारको सबभन्दा कम उमेरको सरकार ७ घण्टासम्मको रहेको पाईन्छ। (S. Encel Cabinet Government in Australia, Sec, Ed. p.g 36) भारत लगायतका अन्य West Minister Model अपनाएका र साथै संसदीय प्रणाली अपनाएका मुलुकमा पनि प्रतिनिधि सभाको अवधि तोकिएको भन्दा अघि नै केही निश्चित परिस्थितिमा संविधानसम्मत विघटन हुन्छ भने के त्यस्ता प्रधानमन्त्रीले पनि सरकारले आफ्नो नीति र कार्यक्रममा लागू गर्नबाट बंचित गर्न खोजिएको दावा गर्ने र त्यसैलाई मध्यावधिको मूल कारण बनाउने ? यस्तो कारण आजसम्म संसारको मध्यावधिको सिफारिशमा कतै पाइदैन।

विघटनको सिफारिश गर्न पाइदैन भन्ने हाम्रो तर्क होइन अवश्य पाइन्छ तर विघटन राजनैतिक कारणबाट सानातिना कुरालाई लिएर हुनु हुँदैन भन्ने हाम्रो जिकिर हो। विघटन त संकटको बेलामा अन्तिम हतियारको रूपमा मात्र प्रयोग हुने विधि हो। सरकारले आफ्नो मुख्य उपलब्धि संझेको "आफ्नो गाउँ आफै बनाऔं" कार्यक्रमलाई कुनै विपक्षीले पनि विरोध गरेका छैनन् भने हुँदै नभएको hypothetical issue मा मध्यावधिको सिफारिश गर्न मिल्दैन।

३. अदालतले बजेटमा प्रकाशित तथ्यलाई मात्र मूल्यांकन गर्नु पर्दछ वा प्रेसमा आएका तथ्यलाई प्रमाणको रूपमा लिन मिल्ने वा नमिल्ने सम्बन्धमा :

वास्तवमा भन्ने हो भने, कुनै पनि तथ्यको अधिकारिता गजेटमा प्रकाशित तथ्य वा विज्ञप्तिवाट मात्र हुन्छ भन्ने कुरा पुरानो मानसिकता (Traditional thought) हो।

आजको विश्वमा प्रेसलाई राज्यको चौथो अंगको रूपमा स्वीकारिएको छ। वर्तमान विश्वमा Communication ले गरेको वैज्ञानिक चमत्कारलाई मध्य नजर राखेर नै उक्त तथ्यलाई स्वीकारिएको हो। वास्तवमा आज विश्वमा राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरू लगायतका व्यक्तिहरूबीच विभिन्न क्षेत्रमा एक अर्का देशको भ्रमणको अवसरमा अन्त्यमा Joint communique निकाल्ने प्रचलन छ, जस्तो उदाहरणत: भूतपूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र भारतका प्रधानमन्त्री पी.भी. नरसिंह राव बीच December 1991 मा टनकपुर सम्बन्धमा Joint communique निस्किएको थियो। त्यो Joint communique लाई संधी नै हो भनी यस सम्मानित अदालतमा मुद्दा पर्दा यस अदालतले विभिन्न नामाकरण गरे तापनि र दुई राष्ट्रले समझदारी भनी दावा गरेकोलाई पनि सन्धिको परिभाषा भित्र पर्दछ भनी ठहर गरेको पाइन्छ। तसर्थ गजेटमा प्रकाशित भए मात्रै अदालतले Consider गर्ने भन्ने कुरा होइन। बेलायतमा B.B..C. लाई दिएको अन्तरवार्ता पत्रपत्रिका मार्फत सार्वजनिक भएको कैयौं कुराले पनि मान्यता पाएको देखिन्छ। भारतमा State of Rajasthan (AIR 1977 S.C. 136) मा public मा Disclosure गरिएको कुरालाई अदालतले मान्नुपर्ने कर्तव्य हो भनी सर्वोच्च अदालतले व्याख्या गरेको पाइन्छ। हाम्रो संविधानको धारा ३५(६) ले श्री ५ मा यस संविधान बमोजिम मन्त्रिपरिषद् वा अन्य कुनै निकाय वा पदाधिकारीले कुनै सल्लाह वा सिफारिश चढाएको छ वा छैन के कस्तो सल्लाह वा सिफारिश चढाएको छ भन्ने प्रश्न कुनै पनि अदालतमा उठाउँ न पाइने छैन भन्ने कुरा उल्लेख गरेको छ तर जब सिफारिश गर्ने अधिकारीले नै आफै उक्त सिफारिशलाई सार्वजनिक गराउदछ भने त्यसलाई Privileged communication को संज्ञा दिन मिल्दैन। यो त खुला बजारमा आफू नाङ्गै हिडेर, आफ्नो प्रेयसीलाई लेखेको पत्र, पत्र- पत्रिकामा आफै छपाएर धारा २२ अनुसार मेरो गोपनियताको हक अतिक्रम्य भयो भने जस्तो कुरा पो हुन जान्छ। प्रधानमन्त्री स्वयंले ०५२।२।२ मा गर्वसाथ टेलिभिजनमा ३५ (६) अनुसारको सुविधायुक्त दस्तावेजलाई सार्वजनिक गर्नुभयो भने अब वहाँ कुन मुखले लिखित जवाफमा ३५(६) अन्तर्गतको प्राधिकृत दस्तावेज हो भन्दै सिफारिशमा यस्तो यस्तो कुरा छन् भनी संचार माध्यमबाट जानकारी कसैलाई छैन भन्नुहुन्छ। यो कुरा सरासर अदालतलाई Undermine गर्नलाई अदालतको मानहानी हुने कार्य प्रधानमन्त्री स्वयंले Implant गर्नु भएको भन्ने तथ्य अब घाम जस्तै छर्लङ्ग भएको छ।

State of Rajastan को मुद्दामा भने अनुसार भारतको संविधानले पनि हाम्रो ३५ (६) अनुसारको व्यवस्था त्यहाको धारा ७४(२) ले गरेको पाइन्छ। जस अनुसार "The question whether any, and if so, advice was what tendered by the Ministers to the President shall not be inquired into by the Court भन्ने छ तर पनि भारतीय सर्वोच्च अदालतले उक्त मुद्दाको पेज १३९० प्यारा ८३ (AIR 1977) मा भनेको छ "Neverthless, if all the grounds of action taken under Article 356(1) of the Constitution are disclosed to the public by the Union Government and its own disclosure of grounds reveals that a constitutionality or Legally prohibited or extraneous or collateral purpose is sought to achieved by a proclamation under Article 356 of the Constitution, this court will not shirk its duty to act in the manner in which the law may then oblige to act. भन्ने सिद्धान्त प्रतिपादित भएको पाइन्छ।

America मा पनि १९७१ को पूर्वाद्धतिर तत्कालीन अमेरिकी राष्ट्रपति Richard Nixon ले आफ्नो निवास स्थान White House भित्र हुने वार्तालापलाई tape-record गर्ने गरेका थिए। जसको विस्तृत व्याख्या अमेरिकाका तत्कालीन परराष्ट्र मन्त्री (secretary of state) Henery Kissinger ले आफ्नो किताव Years of Upheaval, १९८२ पेज ११० मा उल्लेख गर्नु भएको पाइन्छ। यसै सन्दर्भमा सोही किताबको पृष्ठ ११९३ मा The End of the Road" नामक उपशीर्षकको प्रथम प्यारामा भनिएको छ "The climax finally announced itself. If was heralded by the United states Supreme court. On July 24, it ruled by a vote of 8 to o that executive privilege, though a valid doctrine grounded in our constitutional history, could not prevail over the impartial administration of justice. The president must turn over to judge John Sirica the sixty four tapes subpoenaed for the cover up trial of the six former white House aids. यही tape काण्ड पछि Watergate काण्डको रूपमा प्रख्यात भयो र पछि राष्ट्रपति माथि महाभियोगमा मुद्दा चलायो। यसरी अमेरिकाको सर्वोच्च अदालतले आफू माथि रहेको कार्यकारिणी अधिकारको दुरूपयोग गरेको हो वा होइन भन्ने मात्र नभएर tape माग्ने त्यसलाई हेर्ने र त्यस अनुरूप निर्णय समेत गर्ने अधिकार अदालतमा सुरक्षित राखेको पाइन्छ। यस्तोमा executive privilege को (जिकिर) काम लागेन। तसर्थ यस मुद्दाको सन्दर्भ लिखित जवाफको ५ (८) मा भनिए अनुसार ३५(६) अनुसारको (जिकिर) स्पष्टत: लिन नपाइने देखिन्छ।

अमेरिकामै १९९१ मा Rodney King भन्ने एउटा कालो व्यक्तिलाई California मा ४ जना White police ले निर्मम रूपमा कुटेको कुरा कुनै अज्ञात व्यक्तिले Vedio Camera बाट खिचेको कुरालाई अदालतले प्रमाण मानेर उनीलाई ८ मिलीयन भन्दा बढी क्षतिपूर्ति दिलाएको र ४ जना मध्ये २ जना पुलिसलाई कठोर कारावास सुनाएको कुरा पनि हामी सामु लुकेको छैन। तसर्थ पनि प्रधानमन्त्रीले टेलिभिजनद्वारा व्यक्त गरेको कुरा प्रेसद्वारा public लाई disclose गरेको तथ्य आदिलाई संसदीय प्रणाली भएको देशमा अदालतले चाहेमा उक्त टेप अदालतमा नै हेरी प्रमाण लिएर त्यसको कानूनी वैधतामा प्रवेश गर्न उक्त अदालत सक्षम भएको कुरा मायिका जिकिरहरूबाट प्रष्ट भएको ठान्दछौं।

४. विघटनको सिफारिश दुराशययुक्त तवरले गरिएको सम्बन्धमा

संविधानको धारा ५९ मा विश्वासको मतको व्यवस्था गरिएको छ भने सोही धाराको उपधारा (२) मा "प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले प्रधानमन्त्री उपर प्रतिनिधि सभाको विश्वास छैन भनी लिखित रूपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्ने छन्" भन्ने व्यवस्था गरिएको छ। यसरी धारा ५९ (२) अनुसारको अविश्वासको प्रस्ताव ल्याउनको लागि नियमित अधिवेशन नै कुर्नु पर्ने बाध्यता छैन। धारा ५३ (३) अनुसार श्री ५ बाट प्रतिनिधि सभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले समावेदन गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोकिवक्सनेछ र त्यसरी तोकिएको मिति र समयमा प्रतिनिधि सभाको अधिवेशन प्रारम्भ वा बैठक बस्ने छ भन्ने उल्लेख गरिएको छ।

संविधानले प्रतिनिधि सभाका सदस्यहरूलाई दिएको उक्त अधिकार अनुसार नै ५९(२) बमोजिम प्रधानमन्त्री उपर अविश्वासको प्रस्ताव पेश गर्न वाञ्छनीय भएको भन्दै हाम्रो पक्षले धारा ५३ (३) तथा प्रतिनिधि सभा नियमावली, २०४८ को नियम ३ र नियम १७१ अन्तर्गत प्रतिनिधि सभा नियमित अधिवेशन अगावै अधिवेशन बोलाई बक्सनका निमित्त सरकारका जुनाफमा ७० जना सदस्यहरूले मिति ०५२।२।२५ मा समावेदन चढाएकोमा सोही अनुरूप मिति ०५२।२।२६ मा श्री ५ बाट प्रतिनिधि सभाको अधिवेशन मिति ०५२।३।२ मा हुने गरी तोकिबक्सेको कुरा राजदरबारको विज्ञप्ति राजपत्र लगायत अन्य पत्र-पत्रिकाले पनि प्रकाशित गरेका कुरामा विवाद छैन ।

सर्वप्रथम प्रतिनिधि सभाको विघटन सम्बन्धमा गत वर्ष परेको रिट निवेद नं. २३०४ मा पनि यस सम्मानित विशेष इजलाशले Unanimously दिइएको Opinion मा निवेदकहरूको भनाइ अनुसार यदि विवादास्पद सिफारिश दुराशय युक्त भावनाले गरिएको प्रमाणित हुन्छ भने त्यो निसन्देह वर्जित र बदरभागी हुन्छ भन्ने नजीर कायम गरेको पाइन्छ । अब हामी उक्त सिफारिश दराशययुक्त थियो भन्ने कुरा निम्न तवरले प्रमाणित गर्दछौं :

माथि नै जिकिर लिए अनुसार, प्रधानमन्त्रीको प्रतिनिधि सभाको विघटन सिफारिशको मूल कारक तत्वमध्ये एक तत्व वहाकै भनाई अनुसार "म माथि अविश्वासको प्रस्ताव ल्याउनको लागि प्रमुख प्रतिपक्ष दलले संसद अधिवेशन माग गरे बमोजिम ५३(३) अनुसार अधिवेशन बोलाइएको"

यसरी प्रधानमन्त्रीले आफ्नो वक्तव्यमा नै विघटन गर्नका कारणमध्ये एक प्रमुख कारण आफूमाथि अविश्वासको प्रस्ताव पारित हुने भएकोले उक्त सिफारिश गरेको हो भन्ने कुरालाई स्वीकार गर्नु भएको छ । प्रमाण ऐन २०३१ को दफा ३४ अनुसार विधानको सिद्धान्त यसमा आकर्षित हुने हुनाले अब प्रधानमन्त्रीले अन्यथा भन्न वा गर्न मिल्दैन। प्रधानमन्त्री उपर अविश्वासको प्रस्ताव विधिवत दर्ता भई अधिवेशनको मिति समेत तोकेको अवस्थामा प्रतिनिधि सभामा आफू विरुद्धको प्रस्ताव पारित हुने कुरालाई मध्यनजर राखी श्री ५ मा विघटनको सिफारिश गर्ने प्रक्रिया नै दुराशययुक्त कार्य हो ।

आजसम्मको संसारको संसदीय इतिहासमा आफूउपरको अविश्वासको प्रस्तावको सामना नगरी संसद विघटन गरेको यो पहिलो उदाहर हो । हुनत 1877 मा New Zealand का तत्कालीन प्रधानमन्त्री Sir Geroge Grey ले पनि आफू विरुद्ध दोश्रो पटक अविश्वासको प्रस्तावमा छलफल भइरहेको अवस्थामा विघटनको माग गरेका थिए तर पाएनन् (The king and his dominion Governers, H.V. Evatt 1967 pg. 221) June 1926 मा Canada का प्रधानमन्त्री Mackenzie King ले पनि Stevens Amendment सम्बन्धमा आफू प्रतिनिधिसभामा अल्पमतमा परिन्छ भन्ने संभी संसद विघटनको सिफारिश गर्नु भएको थियो तर तत्कालीन Governer General Lord Byng ले उक्त सिफारिश स्वीकार गर्नु भएन जवकि Canada को संविधानमा हाम्रो धारा ३५ (२) अनुसार भए जस्तै त्यहाँ का Government General ले पनि "On the aid and advice of the Minister" अनुसार नै कार्य गर्दछन् । यस सम्बन्धमा Mr.King पछि आएको प्रधानमन्त्री Mr. Meighen ले भन्नु

भएको थियो : "Never in the hiostory of Parliamentary government as we have to day, has any Prime Minister ever demanded himself to ask for a dissolution while a vote of censuse was under debate. (See The Royal Power of Dissolution of Parliament in the British Common Wealth by Eugene A. Foresey, 1943 pg.162.

यस तथ्यलाई Keith, Dawson जस्ता विधि वेत्ताहरूले पनि स्वीकारेको पाइन्छ। यसबाट विश्वको संसदीय व्यवस्थामा सुनौलो परिपाटी एउटा के बस्यो भने, आफू विरुद्धको कुनै प्रस्तावको सामना नगरी संसद विघटनको सिफारिश गर्नुहुदोरहेनछ। सोही किताबमा लेखिए अनुसार माथिको कुरालाई अझ बढी प्रस्ट्याउन निम्न कुराहरू पनि उद्धृत गर्न चाहन्छौं। " Even a Government coming into office after a general election held under auspices of another... would not have a debate on a vote of censure. To demand such a right is not to plead for responsible government it is to plead for irrseponsible government; to demand such a right is not to uphold our parliamentary institutions it is really to stile those institutions to demand such a right is not to plead the cause of Parliament; it is in effect to choke and strangle and prevent parliament form expressing its will..." (libid pg. 163-163).

यसरी संसदको गरिमाको बारेमा उल्लेख गरिएको छ र उत्तरदायी वा अनुत्तरदायी सरकारको व्याख्या पनि उपरोक्त कथनमा गरिएको पाइन्छ। माथि जिकिर लिए अनुसार June 28, 1926 मा Mr. King को विघटनको सल्लाहलाई Governer General ले जब स्वीकार गरेनन् तब तत्काल Mr. King ले राजीनामा दिए र भने :

"For a hundred years in Great Britain there is not a single instance of a Prime Minister having asked for a dissolution and having been refused it. Since this Dominion where a Prime Minister has advised a dissolution and been refused it." (libit pg.143)

तर Marriott ले भन्दछन् उनको यो भनाई सत्य होइन किनकि November १९१० मा refuse पनि गरिएको थियो। यसको अतिरिक्त Canada का विभिन्न उदारहण छन् भनी उल्लेख गरेको पाइन्छ। (ibid) यस सम्बन्धमा प्रसिद्ध विधिवेत्ता Keith ले बेलायतमा २ वर्ष अगाडि मात्र Mac Donald बाट गरिएको विघटन र Mr.King को विघटनलाई तुलना गर्दै भन्नुभएको छ: "Why ? Mac Donald's request for dissolution was in perfect accord with seven British Precedents. Mr.King was contraty to all of them. Mac Donald did not ask for dissolution while a motion of censure was under debate, Mr. King did (ibid.pg. 160). यस भनाइलाई Peel, Russell And Glandstone जस्ता विधिवेत्ताहरूले पनि अलि भिन्न प्रकारले स्वीकार गरको पाइन्छ। उनीहरूको भनाई अनुसार "Cabinet defeated in the House is not entitled to dissolution unless there is some question of public policy at issue." (ibid)

माथि Keith ले भनेजस्तो Mr.King को उदाहरण लिउँ , यहाँ को शब्दमा "Mr King's Ministry may not have been techincally defeated' but it is overstating the case to say that it was no Longer sure of a majority." यसमा Marrott पप्नुहुन्छ Mr. King himself insists that it still enjoyed the confidence of the House of Commons, but Keith, as we have seen; in at least two palces, thinks otherwise. Mr. King also asserted that he would not have been defeated on the Stevens amendment had he awaited the vote. But this is certainly at last, as Dawson says, "a disputed question." To say that the Government was "sure" of a majority in any but a purely subjective sense is ridiculous. If it was sure in any other sense why did not wait for the vote ?

यसरी Mr. King ले साधारण Stevens amendment - गर्न खोज्दा त उनीले House face ले गर्न नसकी विघटन गर्न खोज्दा अस्वीकार गरियो भने हाम्रो सन्दर्भमा आफू उपरको अविश्वासको प्रस्तावनाको सामना गरी हारिन्छ भन्ने मानसिकताले गर्दा नै प्रतिनिधिसभा विघटन गर्ने सिफारिश गरियो । यदि अन्यथा हो भने प्रधानमन्त्रीले प्रतिनिधि सभाको कि त सामना गर्न सक्नुभएन त ? गत वर्ष भूतपूर्व प्रधानमन्त्री उपर आएको अविश्वासको प्रस्ताव वहाँ ले डटेर सामना गर्नुभयो, फलस्वरूप अविश्वासको प्रस्ताव तुहियो । यो सबै प्रक्रिया पुरा गरे पछि मात्र विघटनको सिफारिश गर्नु भएकोले त्यसलाई यस सम्मानित अदालतले संविधान सम्मत ठहर गरेको हो (रि.नं. २३०४) । यसरी जनताद्वारा व्यक्त गरिएको राष्ट्रिय इच्छाको रूपमा रहेको प्रतिनिधिसभाको अभिमत व्यक्त हुनु पूर्व नै त्यसलाई मृत्युशैय्यामा पुऱ्याइदिने प्रधानमन्त्रीको आशय पूर्णत: दुराशययुक्त रहेको प्रमाणित हुन्छ । यसका अतिरिक्त धारा ४३(३) अनुसार देशका सम- सामयिक परिस्थिति र शान्तिसुरक्षा राजनैतिक आर्थिक, सामजिक, प्रशासनिक र वैदेशिक सम्बन्धमा कुराहरू श्री ५ मा जाहेर गर्नु प्रधानमन्त्रीको कर्तव्य हो । अधिकार अधिकार भनी व्यक्त गर्ने प्रधानमन्त्रीले आजसम्म मैले धारा ४३ अनुसार आफ्नो कर्तव्य पनि पुरा गरेको छ भनेर कहिल्यै जिकिर लिनुभएको छैन । प्रथमत: वारम्वार प्रेस मार्फत वैकल्पिक सरकार खोजिएको जानकारी आइरहयो । त्यसपछि ०५२।२।२५ मा ५३(३) अनुसारको समावेदनमा पनि वैकल्पिक सरकार गठन गर्न सक्षम छौ. भनी ने.का.का सांसदहरूले दावा गरे, ०५२।२।२६ देखि ०५२।२।३० सम्मका मितिमा बहुमत सदस्यहरूले वैकल्पिक सरकारको गठन गर्ने हस्ताक्षर सहित दावा गरे । यी सबै घटनाक्रमलाई प्रधानमन्त्रीले धारा ४३ अनुसार श्री ५ मा जाहेर गर्नुपर्ने कर्तव्य थियो तर दुराशययुक्त तवरले यी कुनै घटना र परिस्थितिको बारेमा श्री ५ मा जाहेर गर्नु भएको रहेनछ, जुन कुरा वहाँ को लिखित जवाफको प्रकरण ५ (९) (ग) मा म कुनै त्यस्तो ज्योतिषी त होइन जसबाट भविष्यमा घट्न जाने घटनाको निश्चित जानकारी राख्न सक्ने क्षमताको अपेक्षा गरिएको होस् भनी प्रधानमन्त्रीले स्वयं ४३(३) अनुसारको कर्तव्य पालना नगरेको स्वीकार गर्नुभएको छ । अधिकार खोज्ने व्यक्तिमा कर्तव्यको बोध पनि हुनुहुन्छ । विपक्षीको उक्त क्रियाकलाप पनि दुराशययुक्त हो ।

५. वैकल्पिक सरकारको संभावना रहेको अवस्थामा विघटनको सिफारिश गर्न नहुने सम्बन्धमा

माथि उल्लेख गरे अनुसार प्रधानमन्त्रीले आफू विरुद्ध ल्याइएको अविश्वासको प्रस्ताव पारित हुने भएकोले नै आफूले संसद विघटन गरेको हो भन्ने कुराको पुष्टि गरियो। यस पुष्टिबाट के कुरा स्पष्ट भयो भने ०५२।२।२५ मा हाम्रो पक्ष समेतको तर्फबाट ७० जना सदस्यहरूले श्री ५ मा समावेदन गरेको भए तापनि पहिला प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव पारित गरी विभिन्न राजनैतिक दल र स्वतन्त्र सांसदहरू मिली वैकल्पिक सरकार गठन गर्न आफूलाई सवल तुल्याएका रहेछन् भन्ने कुरा प्रधानमन्त्रीले प्रतिनिधि सभा सामाना गर्न आट नगर्नु भएको कारणबाट स्पष्ट हुन्छ र साथै उक्त समावेदनको प्रकरण ४ मा प्रतिनिधिसभाका सांसदहरूको स्पष्ट बहुमतको समर्थनका आधारमा हामी संविधानको धारा ४२ (१) बमोजिम वैकल्पिक प्रधानमन्त्रीको नेतृत्वमा सुदृढ, सक्षम एवं स्थिर मन्त्रिपरिषद् गठन गर्न समर्थ एवं तत्पर रहेको व्यहोरा समेत यसै साथ जाहेर गर्दछौं भन्ने उल्लेख भएको र धारा ४२(१) अन्तर्गत स्थिर एवं सक्षम वैकल्पिक सरकार बनाउन सकिने निर्विवाद अवस्था र आधार विद्यमान रहेको कुरा विन्तिपत्र मार्फत हाम्रा पक्षले मिति ०५२।२।२८ मा पुनः जाहेर गरेको र लगत्तै भोलिपल्ट हाम्रा पक्षको नेतृत्वमा प्रधानमन्त्री नियुक्तिका लागि प्रतिनिधि सभाका १०३ जना सांसदहरूले हस्ताक्षर सहित विन्तिपत्र चढाएको उक्त कुरा राजदरवारको विज्ञप्तिमा समेत आएकोले पनि वैकल्पिक सरकार प्रतिनिधि सभाबाट संभव रहेछ भन्ने कुरामा दुई मत अब रहेन। अब हामी वैकल्पिक सरकारको संभावना रहुञ्जेल सम्म संसद विघटन हुन सक्तैन भन्ने पुष्टि निम्न तवरले गर्दछौं :

माथि नै छलफल गरिए अनुसार साथै गत वर्षको रि.नं २३०४ को नजीर र धारा ४२ (१) को व्यवस्था समेतले वैकल्पिक सरकारको गठन गर्नेतर्फ औल्याएको पाइन्छ। संसदीय प्रणाली अँ गालेको देशको संसदीय व्यवस्था हेर्दा वैकल्पिक सरकारको अवस्था विद्यमान रहँ दासम्म प्रतिनिधि सभा विघटन गरिनु हुदैन भन्ने परम्परा रहेको पाइन्छ। जस्तै The Royal Power of Dissolution of Parliament in The British Commenwelth by Eugene A. Foresy. को किताबको पेज २६५ मा १९२० मा South Africa को विघटन सम्बन्धी मुद्दाको बारेमा लेख्नुभएको छ। "The South African case of 1920 suggests that a Government which has had one dissolution and has survived the first session may secure a second even within the year if there has been a major change in the political situation, and if no alternative government is possible.

सोही पेजमा Australia को १९०९ को मुद्दाको बारेमा पनि भनिएको छ "A major change in the political situation and the existence of great issue of public policy are not in themselves enough, even when the previous dissolution has been granted to the Government's opponents and the Parliament is within a few mohths of expiry through efflux of time, provided an alternative Government is possible." यसरी South Africa मा राजनैतिक परिस्थितिमा ठूलो परिवर्तन आएको अवस्था र वैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा मात्र विघटन हुने रहेछ भने Australia मा Public policy को मुद्दा

मात्र विघटनको मुख्य कारक तत्व बन्न सक्दोरहेनछ । प्रतिनिधिसभाको कार्यकाल समाप्ति तिर पुग्न लागेको छ र त्यस्तो अवस्थामा वैकल्पिक सरकार बन्न सक्ने अवस्था छैन भने मात्र विघटन गर्ने परीपाटी विकसित भएको पाइन्छ ।

यसरी हेर्दा वर्तमान सन्दर्भमा संविधानत: वैकल्पिक सरकार गठन गर्न पाइने बहुमत सांसदहरूको अधिकारलाई प्रधानमन्त्रीले संसारमा प्रचलित संसदीय प्रणाली विपरित दुराशयपूर्ण तवरले हरण गर्नु भयो । प्रधानमन्त्रीको लिखित जवाफको प्रकरण ५ (ग) (९) मा आफू ज्योतिपी नभएकोले ०५२।२।२८ मा वैकल्पिक सरकार गठन गर्ने जाहेरीको बारेमा आफू अनभिज्ञ रहेको कुरा व्यक्त गर्नु भएको छ । जबकि माथि उल्लेख गरिए अनुसार ०५२।२।२५ को समावेदनमै वैकल्पिक सरकार दिने सक्ने जाहेरी दिइसकेको थियो । तर झुठो कुरा बोल्ने ज्योतिषी ज्ञान नभएका प्रधानमन्त्रीले आफू विरुद्ध अविश्वासको प्रस्ताव पारित हुँ दैछ र आफ्नो सरकार ढल्दैछ भन्ने कुराको जानकारी कतावाट थाहा पाउनु भयो । वास्तवमा विभिन्न माध्यमवाट गरिएका प्रचार प्रसारवाट पनि वैकल्पिक सरकार बन्ने तर्फ औल्याइएकोले पनि उक्त अधिकार आफू वाहेक अरू कोही पनि प्रधानमन्त्री हुन नसकोस् भनेर नै दुराशययुक्त तवरले विघटनको सिफारिश गरेको कुरा निर्विवाद रूपमा देखापर्दछ । हामी अर्को जिकिर के लिन चाहन्छौ भने, प्रधानमन्त्रीले आफ्नो लिखित जवाफको प्रकरण ५ (२) मा ३६(१) को प्रधानमन्त्री र ४२ (२) को प्रधानमन्त्री मा ४२(२) को प्रधानमन्त्रीलाई ४२ (३) को आवश्यकता पर्ने वाहेक अन्य कुनै भिन्नता देख्नु भएनछ । तर वहाँ को कार्यशैलीले ४२ (२) को प्रधानमन्त्री ३६ (१) भन्दा पनि powerful हुन्छ भन्ने कुरा स्वत: सिद्ध गर्नु भएको छ । किनकि आफू प्रतिपक्षमा रहँ दा ३६ (१) को प्रधानमन्त्री विरुद्ध ५३(३) को पनि प्रयोग हुन पाएन र ५९ (२) को पनि । तर आज वहाँ प्रधानमन्त्री हुँ दा ५३(३) को पनि प्रयोग गरियो र ५९ (२) को पनि । यसकारण पनि उक्त सिफारिश malafide हो भन्ने स्वत: सिद्ध हुन्छ

अर्कोतर्फ लिखित जवाफको प्रकरण ५ (१) मा वहाँ भन्नुहुन्छ वास्तवमा मलाई त के कुरामा विश्वास छ भने स्पष्ट तथा अन्यथा व्यवस्था भएकोमा वाहेक संविधानको सबै प्रावधानहरू सक्रिय नै रहन्छन्..... यस्तो लिखित जवाफ लेख्न प्रधानमन्त्रीले धारा ४२ (२) वमोजिम गठन भएको प्रधानमन्त्रीको कुनै विकल्प नभएको ठोकुवा पनि आफ्नो सिफारिशमा उल्लेख गर्नु भएको छ । जवकी ४२ (१) अनुसार कुनै पनि व्यवस्थामा प्रतिनिधि सभावाट बहुमतको वैकल्पिक सरकार गठन हुन सक्ने व्यवस्था छ ।

१९२८ मा Canada मा Mr.King को पनि करीव यस्तै अवस्था थियो । यस सम्वन्धमा Dawaon ले Observe गर्नुभएको छ : "It seems to the present writer that (Mr. King) advices was indeed a bad advice. For as the premier was at least in difficulties with parliament, the leader of the opposition had a right to see whether he could carry on an alternative government it was proper that he should have an opportunity to try, in order to save the need for another general election." (ibid pg. 201). यसवाट के वुझिन्छ भने प्रधानमन्त्रीको विघटनको सिफारिश ३५(२) अनुसार गलत सल्लाह, श्री ५ मा जाहेरी गरिएको रहेछ र प्रमुख प्रतिपक्षको नेतालाई वैकल्पिक सरकार गठन गर्न नदिएर देशलाई निर्वाचनको भारमा धकेल्ने धृष्टता पनि दुराशययुक्त तवरवाट भएको हो रहेछ ।

प्रधानमन्त्री जस्तो गरीमामय व्यक्तिले पनि प्रतिशोध र बदलाको भावनाबाट ओतप्रोत भई निर्णय गर्न सक्तछ भन्ने कुरा सोच्न पनि सकिन्न तर प्रधानमन्त्रीले गरेरै देखाइदिनु भयो। प्रमुख प्रतिपक्ष दलका नेताले. ४२(२) अनुसारको अल्पमतको सरकारलाई, राम्रोसँ ग कार्य नगरे आफैले ४२ (३) अनुसार दिएको विश्वासको मत फिर्ता लिने र यसरी उक्त सरकार फू गरेर ढल्छ भन्ने कुरालाई सार्वजनिक गराउनु भएको मात्र के थियो यो सरकार भित्र भित्रै निकै रिसाएको र तर्सिएको रहेछ। मलाई विश्वासको मत नदिने हो भने तँ लाई नै मारिदिन्छु भनेर बदला तथा प्रतिशोध पूर्ण तवरले प्रतिनिधिसभा विघटन गर्नु भएकोले पनि उक्त सिफारिश दुराशयपूर्ण भएको पुष्टि हुन्छ।

Keith को विचारमा पनि अर्को निर्वाचनमा जानुपूर्व अन्य सबै विकल्पहरू अपनाउनु पर्दछ र केही सीप नलागे मात्र निर्वाचनमा जानुपर्दछ भन्ने उल्लेख गर्नु भएको पाइन्छ। (ibid. pg. 154) यसरी वैकल्पिक सरकार बन्न सक्ने अवस्था हुँ दाहुदै पनि आफू बाहेक अन्य व्यक्ति प्रतिनिधिसभाबाट प्रधानमन्त्री बन्न नसकोस् भन्ने सिफारिश Malafide छ। तसर्थ पनि यो सिफारिश प्रारम्भ देखिनै बदर भागी भएको स्पष्ट देखिन्छ।

६. **स्वविवेकिय अधिकारको प्रयोग सम्बन्धमा :**

नेपालको वर्तमान संविधानले श्री ५ लाई संविधानको परिधिभित्र समेटेको छ भन्ने कुरा संविधानको प्रस्तावनामा संवैधानिक राजतन्त्र भन्ने व्यवस्थाले नै प्रष्ट पारेको छ। तर सो संविधानको भाग ५ मा श्री ५ सम्बन्धी विशेष व्यवस्था गरेको छ। सो भागमा पर्ने कुनै पनि कुरालाई धारा ३१ को प्रतिबन्धात्मक वाक्यांश बाहेक र धारा २९ को मर्मको अन्यथा हुने गरी कानून बनाए देखि बाहेक अन्य अवस्थामा यस भागमा पर्ने कुरालाई श्री ५ बाट गरिबक्सेको कुनै कामको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठ्न नसक्ने बाध्यात्मक व्यवस्था धारा ३१ ले गरेको छ। यसका अतिरिक्त धारा ३५ (२) मा श्री ५ बाट मात्र वा मौसूफको स्वविवेकमा वा अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिशमा गरिबक्सने भनी किटानी साथ व्यवस्था भएकोमा बाहेक यो संविधान बमोजिम श्री ५ बाट गरिबक्सने सबै कार्यहरू मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट गरिबक्सनेछ। यस्तो सल्लाह र सम्मति प्रधानमन्त्री मार्फत जाहेर हुनेछ भन्ने उल्लेख गरेको पाइन्छ। यसरी संविधानले नै प्रधानमन्त्रीको सल्लाह र सम्मतिमा मात्र श्री ५ ले आफ्नो कार्यकारिणी अधिकार प्रयोग गर्ने देखिन्छ। यसरी भाग ५ मा मायि भनिए बमोजिम व्यवस्था भएकोमा बाहेक अन्य अधिकारको प्रयोग गर्दा श्री ५ बाट अन्य निकायको मद्दतबाट मात्र चल्ने व्यवस्था भएको पाइन्छ। जस्तो कार्यकारिणीसँ ग ३५ (२) अनुसार व्यवस्थापिकासँ ग ५३(३) अनुसार र सर्वोच्चका प्रधानन्यायाधीश र न्यायाधीश नियुक्ति सम्बन्धमा धारा ८७ अनुसार कार्य गरिवक्सन्छ। यसरी श्री ५ बाट अन्य निकायको मद्दतमा मात्र कार्य गर्ने कार्यविधिलाई श्री ५ को विशेषाधिकार (Prerogative) भन्न सकिदैन। कानूनले दिएको अधिकार राजासँ ग स्वविवेकीय अधिकार हुँ दैन भन्ने कुराको समर्थन निम्न तवरबाट पनि भएको पाइन्छ। वेलायतमा १६११ मा राजाबाट कार्यकारिणी सरकारको हैसियतले घोषणा गर्दा Sir Edward Coke ले भनेका थिए- The king hath no prerogative, but that which the law of the land allows him" (Lord Denning "The Disciline of law" 1979 pg 103)

यसलाई Sir William Blackstone ले अफ राम्रोसँ ग प्रष्ट्याएका छन् "For the prerogative consisting (as Mr Locke has well defined it) in the discretinoary power of acting for the public good, where the positive laws are silent. If that discretionary power be abused to the public detriment such prerogative is exerted in an unconstitutional manner." (ibld) यसरी Blackstone ले जनताको प्रतिकूल हुने गरी स्वविवेकीय अधिकारको दुरूपयोग गरिने क्रियालाई असंवैधानिक भन्नु भएको पाइन्छ। श्री ५ लाई संविधानले दिएको विशेषाधिकार त भाग ५ को धारा २९ र धारा ३१ को प्रतिबन्धात्मके वाक्यांश बाहेकको अन्य अधिकारलाई मात्र जनाउँ छ। यसरी श्री ५ above the constitution नभएर within the constitution होइबक्सन्छ। तसर्थ पनि King can do no wrong भन्ने अवधारणा अब Traditional बन्न पुगको छ। कार्यकारिणीद्वारा गरिएको कैयौ activities लाई अदालतद्वारा challenge गरिएको पाइन्छ। जस्तै Laker Airways Ltd. Vs. Department या Trade (1977) Q B 643, 413 को मुद्दामा Lord Denning ले भन्नुभएको कुरालाई Sir Willian Wade, 1994 pg. 384 मा निम्न तवरले राख्नु भएको पाइन्छ- "Seeing that the prerogative is a discretionary power to be exercised for the public good, it follows that its exercise can be examined by the courts just as an other discretionary power which is vested in the Executive" भनिएको पाइन्छ।

पाकिस्तानमा पनि संसदीय शासन प्रणाली छ। प्रतिनिधिसभाको विघटन सम्बन्धी नवाज शरिफको मुद्दामा राष्ट्रपति संविधान भन्दा माथि होइन भन्ने स्वीकार गरेर नै त्यहाँ का सुविख्यात प्रधानन्यायाधीश लगायतका न्यायाधीशहरूले राष्ट्रपतिले विघटन गरेको प्रतिनिधिसभालाई पुनर्स्थापना गरिदिए। S.R. Bommai VS. Union of India, State of Rajasthan Vs. Union of India को मुद्दामा पनि त्यहाँ को सर्वोच्च अदालतले Judicial Review को क्षेत्र विकसित गरेको छ। जस्तै : S.R. Bommai VS. Union of India को मुद्दामा भनिएको कुरालाई भारतका सुविख्यात वकिल Soll J. Sorabjee ले आफ्नो Critique मा यस सम्बन्धमा लेख्नुहुन्छ: "But one thing is certain that if the satisfaction is malafied or is based on wholly extranous and irrelevant gorunds, the Court would have jurisdictin to examine it.(Decision of Supreme Court in S.R. Bommai VS. Union of India: A critique by Soli J. Sorabjee, 1994.

मन्त्रीहरूले आफूमा निहित स्वविवेकीय अधिकार गलत प्रयोग गरेका छन् भने वा गल्तीवस प्रयोग गरेका छन भने त्यसलाई अदालतले वदर गर्नुपर्दछ। यस सम्बन्धमा Lord Atkin ले Liversidge V. Anderson (1942) Ac 206, 244 को मुद्दामा अदालतको भूमिका सम्बन्धमा भनेका छन् :"alert to see that any coercive action is justified in law." यसलाई Lord Dening ले समर्थन दिदै निम्न कुरा समेत उल्लेख गर्नुभएका पाइन्छ "alert to see that a discretionary power is not exceeded or misued. In this case the judge has upheld this principle. He has declared that the minister did exceed his powers. I agree with. I would dismiss the appeal. (ibid Pg. 104-105) गत वर्षको रि नं २३०४ को प्रतिनिधिसभाको मुद्दामा

पनि माथि नै भनिए अनुसार यस्ता विषयलाई सर्वोच्चले Review गर्न सक्तछ भन्न नजिर स्थापित भइसकेकाले हामी त्यसतर्फ अदालतको बढी समय व्यतीत गर्न चाहदैनौं । यसमा केवल २ वटा जिकिर के उल्लेख गर्न चाहन्छौं भने Parliament को Act ले King लाई bind गर्न सक्तछ । जस्तै राजदरबार सम्बन्धी खर्च प्रत्येक वर्ष कसरी दिने भन्ने सम्बन्धमा भर्खरै मात्र एमाले सरकारले गरेको निर्णय आदि । King लाई Parliament को Act ले मात्र नभएर Common Law ले पनि Bind गर्ने सम्बन्धमा Sir Ivor Jennings को The law and the Constitution. Fifth Ed. को पेज १५८ र १५९ मा पनि व्याख्या गरिएको पाइन्छ । त्यसैले S.A. de Smith, Jucical Review of Administrative Action, Second Ed. को पेज २७३ मा पनि English Courts ले सबै राजीतिक विवादलाई हेर्दैन भन्ने कुरा होइन भनि उल्लेख गरिएको पाइन्छ ।

यसरी अदालतले discretion को कुरा विधिसम्मत भएको छ वा अवैधानिक रूपमा भएको छ भन्ने कुराको judicial review गर्ने हुनाले ५३(४) ले नेपालको प्रधानमन्त्रीलाई स्वविवेकीय अधिकार दिएको छ भन्दैमा दुराशययुक्त तवरबाट यदि संविधानको उल्लंघन गर्दछ भने त्यसमा अदालत प्रवेश गरि त्यस्तो निर्णयलाई उल्टाउन सक्तछ । अमेरिकामा पनि त्यहाका राष्ट्रपतिले आफ्नो कार्यकारिणी अधिकार प्रयोग गर्दा संविधानको आफ्नै तवरले व्याख्या गर्न सक्तछन् । तर अन्त्यमा त्यसको आधिकारिक व्याख्या अदालतले नै गर्दछ भन्ने सिद्धान्त कायम भएको पाइन्छ । American Government and politics, by Harold Zink, Howard R. Penniman and Guy B. Hathorn, 1976 Pg. 21 Columbia Unversity को Law School मा अमेरिकाका सुविख्यात भूतपूर्व प्रधानन्यायाधीश Hughes (तत्कालीन New York को गभर्नर) ले अदालत नै संविधानको आधिकारिक व्याख्या गर्ने निकाय हो भन्ने सन्दर्भमा अआफ्नो Lecture मा भन्नुभएको थियो- "We are under the Constitution, but the Constitution is what the judges say it is" हाम्रो धारा ८८(५) मा पनि यस सम्बन्धमा स्पष्ट व्यवस्था गरेकोले पनि कार्यकारिणीले स्वविवेक प्रयोग गर्दा कुन मापदण्डलाई ध्यानमा राखेर गर्नुपर्दथ्यो भन्ने व्याख्या गर्नु पर्दछ ।

यस सम्बन्धमा अब हामी Discretionary Power को प्रयोग गर्ने अधिकारीले कसरी गर्नुपर्दछ भन्ने सम्बन्धमा जिकिरहरू प्रस्तुत् गर्दछौं । स्वविवेकीय अधिकार प्रयोग गर्ने अधिकारीले कम्तीमा निम्न कुरालाई ध्यान दिनु पर्दछ भनेर D.J. Galligain ले Discretionary Powers A legal Study of Official Discretion, १९८६ पेज ६ मा उल्लेख गर्नु भएको छ । :

(a) That any exercise of powers be based on reasons and that the reasons be applied consistently, fairly, and impartially.

(b) That the reasons be intelligibly related to framework of equally intelligible purposes, policies principles, and rules (in general, standards) which can be seen fairly to fall within and be the basis of the delegated authority.

(c) That matters of procedure and substance there be compliance with general, critical considerations.

Galligan को उक्त विचारलाई हेर्दा के देखिन्छ भने, यस्तो अधिकार प्रयोग ग अधिकारी सामु विभिन्न विकल्प र त्यस्तो अधिकारको प्रयोग एउटा निश्चित मापद अनुसार नै प्रयोग अनुसार नै प्रयोग हुनुपर्दछ भन्ने कुरामा जोड दिएको पाइन्छ। विपक्षी ५३ (४) को प्रयोग गर्दा देशमा भर्खरै स्थापित संसदीय प्रणाली विकसित गर्ने हिसाब प्रयोग गर्नुपर्नेमा उक्त धाराको गलत व्याख्या गरी देशमा भर्खरै स्थापित संसद व्यवस्थाको नै खिल्ली उडाउने तवरले प्रतिशोधको भावना अनुरूप दूराशययुक्त तवरब गरियो। संविधान वा कुनै Statue ले दिएको अधिकारको प्रयोग गर्दा त्यसको मर्म अनुस व्याख्या गर्नु पर्दछ। (See Generally Cases in Constitutional Law by D. Keir, F.R. Lawson, Fifth Edition, 483-529 at 484. विश्वको संसद परम्पराको विपरीत करीब ६९ वर्ष अर्थात् Mr. King पछि प्रतिनिधिसभामा कुनै issu मा vote हुन लागेको बेलामा वहांले उक्त सभा नै विघटन गरिदिनु भयो जबकि मा उल्लेखित जिकिरहरूबाट वैकल्पिक सरकारको संभावनालाई यहाँ ले लत्याइदिनुभयो वहांले राजनैतिक कारण दर्शाई देशमा वर्तमान सिफारिशमा स्वीकार्नु भएको छ। उ स्वीकारोक्ति वहाँ ले वैकल्पिक सरकारको संभावनालाई लत्याएर आफू सत्तामा व विजयी उन्मुख बन्नेतर्फ लागेको छ। दललाई सुदृढीकरण गर्ने हिसाबमा विघटन सिफारिश गर्न मिल्दैन भन्ने जिकिर हामीले माथि लिइसक्यौं। यसका अतिरिक्त देशल वारम्वार मध्यावधि तिर धकेल्ने काम प्रधानमन्त्री जस्तो देशप्रति उत्तरदायी भएको व्यक्ति अन्य विकल्प रहेको अवस्थामा गर्न हँुदैनथ्यो। यस कारण पनि बेलायतमा १८६६ बेलायतका तत्कालीन प्रधानमन्त्री विघटनको सिफारिश गर्दा Crown ले मान्न बाध्य छै भन्ने कुरा वहाँ ले स्वीकार गर्नु पर्दथ्यो भनिएको छ। (The Royal Power Dissolution of Parliament in The British Commonwealth by Eugene A Foresy, 1943 pg. 264 मा उल्लेख गरिएको छ। यसै सन्दभएमा भनिएको छ "Th Crown would seem to have clear right to refuse to put the country to th tumult and turmoil of a fresh general election merely because the ne Government thinks the proceeding might prolong its own tenure of office यसमा र वर्तमान स्थितिमा फरक नै के छ र ? आफ्नो सरकारको अवधि के समय लम्बिने उद्देश्यले नै यो विघटनको मूल लक्ष्य हो तसर्थ पनि नकारात्मक तर्फब दूराशययुक्त प्रयोग गरिएको विवेक भएकोले स्वत: वदरभागी छ। किनकि जुनसु सरकारको पनि House मा पराजित हुने भन्ने कुरा भइ नै रहन्छ र अन्त्यमा भन्ने भने सरकारको नीति र कार्यक्रमहरू Houses वाट जहिल्यै पनि स्वीकार हुन्छ भन्ने के छैन। (J.A. Pettifer, Australia, House of Representatives Practice, 198 pg.34) भने त्यसलाई नै कारण वनाई House को विघटन गर्नु असंसदीय प्रयास म हो, जुन कार्य संविधानको वर्खिलाप छ।

अव अन्त्यमा हामी श्री ५ मा रहेको सुविधा र अधिकार वारेमा विवेचना ग चाहन्छौं। श्री ५ वाट प्रतिनिधि सभा विघटन गर्न हुने वा नहुने वारेमा यो भनियो कुनै पनि अधिकार प्राप्त अधिकारीले आफूमा कुनै अधिकार छ भन्दैमा त्यसको दुरूपयो हुने हिसावले प्रयोग गर्नु हुदैन र साथै यो जिकिर पनि गरियो कि भाग ५ का अपव वाहेक संविधानमा उल्लेखित अन्य कुरामा श्री ५ वाट अर्काको मद्दतवाट अधिकार प्रयो गरी वक्सने हुनाले ५३ (४) को व्यवस्थालाई हेर्दा श्री ५ ले ३५ (२) अनुसार म

कार्यकारिणी अधिकार प्रयोग गरिबक्सने होइन रहेछ। श्री ५ बाट विभिन्न राजनैतिक संगठन राजपरिषद् संविधानविद् आदि सँ ग पनि सरसल्लाह लिन सकिबक्सने रहेछ भन्ने कुरा राजपत्रमा उल्लेखित ०५२।२।२६ पछि प्रकाशित राजदरबारका विभिन्न विज्ञप्तिहरूबाट पुष्टि हुन्छ। यसरी हेर्दा श्री ५ ३५(२) अनुसार प्रधानमन्त्रीको सल्लाहमा मात्र कार्य गर्ने व्यक्ति होइबक्सदोरहेनछ। यस सम्बन्धमा The Privileges and Rights of the Crow by A. Berriedale Keith, 1936 pg. 63 मा Prof. Keith भन्नुहुन्छ "The action of the King cannot be automatic and it must constitutionally be based not on the advice of the Prime minister alone." यसबाट के देखिन्छ भने श्री ५ बाट ४२ (२) को प्रधानमन्त्रीले ५३(४) को प्रयोग गर्दा संविधानत: त्यस्तो सिफारिश प्रतिकूल त छैन भनेर विचार गरिबक्सनु पर्ने हो। यदि प्रतिकूल छ भने, विघटनको सिफारिशलाई अस्वीकार गर्न सकिबक्सन्यो।

नेपालमा वर्तमान सन्दर्भमा जब विघटनको सिफारिश संविधानको धारा ४२ (१), ५३(३) र ५९(२) लाई निस्क्रिय बनाउने तवरले प्रयोग गरिएको थियो र जब वैकल्पिक सरकारको प्रतिनिधिसभाबाट नै बन्न सक्ने थियो भने संसारका संसदीय प्रणालीलाई राम्ररी अध्ययन गरेर राष्ट्रको सामाजिक, आर्थिक, भौगोलिक र सामान्य जनजीवनमा पर्न सक्ने परिस्थितिलाई पनि विचार गरेर वैकल्पिक सरकार बनाउनेतर्फ पहल गर्नु पर्ने थियो। किनकि राजा भनेको संविधानको संरक्षक होइबक्सिन्छ। (See Generally ibid p. 68-72) उक्त कुरा हाम्रो संविधानको धारा २७(३) ले व्यवस्था गरेको पाइन्छ। वास्तवमा अल्पमतको सरकारले गरेको सिफारिश अनुसार काम गर्न श्री ५बाट बाध्य नहोइबक्सन पनि सक्छ भनेर नै ५३ (४) मा सकिबक्सनेछ भन्ने शब्द प्रयोग भएको हो। Keith, Jennings and Laski ले पनि यसै तर्कलाई स्वीकार गर्नु भएको छ। (See The Royal Power of Dissolution of Parliament by Sir John Marriot), 1949 pg.269. Ireland को संविधानमा बहुमत गुमाएको प्रधानमन्त्रीको सिफारिश राष्ट्रपतिले अस्वीकार गर्न सक्ने विशेष प्रावधान राखिएको छ :

"In fact all but one of his powers are exercised subjcet to advice from the cabinet. The exception is right of President at this absolute discription to refuse a dissolution to a prime minister who has lost a support of majority of Del (House of Representatives)" (World Encyclopedia Political System Vo. 1. Edited by George Delury Published by Longman 1983, see under Executive Section.

माथि लिएका जिकिर र उदाहरणबाट पनि श्री ५ ले ३५ (२) अनुसार ५३ (४) को Act प्रधानमन्त्रीको सल्लाह सुझावमा गरिबक्सेको हो, तर प्रधानमन्त्रीको सिफारिश नै गलत छ र सिफारिशमा नभएको कुरा जस्तै निर्वाचन मिति तोकिइन्छ भने त्यस्तो संविधानत: गलत कार्यलाई अदालतले बदर गर्नुपर्दछ। दुराशययुक्त सिफारिशको जिम्मेवारी प्रधानमन्त्रीले लिनुपर्दछ भन्ने नजीर गत वर्ष प्रतिनिधिसभा विघटन मुद्दामा यस अदालतले नजिर कायम गरिसकेको छ। प्रधानमन्त्रीले विघटनको सिफारिश गर्ने निर्णय, आफ्नो विवेक प्रयोग नगरी आवेश र हतासमा आएर गर्नुभएको तथ्य आफ्नो सिफारिशमा कुन मितिमा चुनाव गराउने हो भनी नतोक्नु भएकोले पनि प्रष्ट्याउँ छ। राजाद्वारा गरिएको कार्यको अदालतले विवेचना गर्ने वा नगर्ने भन्ने सम्बन्धमा Administrative Law by

H.W.R.WADE, Third Ed. Pg. 17 quote गर्न चाहन्छौं: "It may be said today that the crown and its ministers fit quite harmoniusly into the pattern of Legal duties nd Liablities of which administrative law consists. The old obstacle, based historically on the doctrine that the crown could not be subject to the jurisdiction of its own Courts, have now been overcome. Even before the Act of 1947 much had been done to mitigate them in practice, for otherwise of course the rule of Law would have failed just where the needs of the times were most insistent."

यसरी हेर्दा ५३(४) को अधिकार उपप्रधानमन्त्री माधव नेपालले भने अनुसार dictatorial right नभएर संविधान र कानून सम्मत प्रयोग गर्नुपर्ने अधिकार भएको पुष्टि हुन्छ। यस सम्बन्धमा Judicial Review of Administrative Action by S.A. de Smith, Second Edition Pg. 269 मा लेख्नु भएको छ : "A minister may be empowered confirm or refuse to confirm a compulsory purchase order. In making his decision he is entitled to exercise a very wide discretion, but he is under a Legal duty to determine the application for confirmation one way or the other. Again, to the extent that a discretionary power is not absolute the repository of a discretion is under a Legal duty to observe certain requirment that condition the manner in which its discretion may be exercised.

यसरी जो सुकैले पनि स्वविवेकीय अधिकारको प्रयोग गर्दा कानूनत: केही निश्चित मापदण्ड अनुसार मात्र प्रयोग गर्नुपर्दछ भन्ने कुरा उल्लेख गरेको पाइन्छ। यदि गरेन भने Court ले आफूमा अर्न्तनिहित धारा ८८(५) अनुसार Judicial Review को माध्यमबाट त्यसलाई बदर गर्न सक्छ।

अन्त्यमा श्रीमानहरू समक्ष हामी के निवेदन गर्न चाहान्छौं भने हाम्रो संविधानको व्याख्या गर्ने क्रममा जति authority cite गरियो, तिनीहरूलाई यस सम्मानित अदालतले प्रमाण ऐन २०३१ दफा ५ र १५ अनुसार न्यायिक जानकारी लिन वा प्रमाणको रूपमा स्वीकार्न सक्ने भएकोले यस सम्मानित अदालतलाई न्याय दिन सजिलो होस् भन्नाको खातिर बहस नोटमा विभिन्न authorities cite गरेको छौं।

बहस नोट प्रस्तुत कर्ता :

मधुप्रसाद शर्मा	प्रभाकर अधिकारी *
वरिष्ठ अधिवक्ता प्र.प.नं.१४	अधिवक्ता, प्र.प. नं. ८६१

मिति २०५२ साल श्रावण ५ गते

**(अधिवक्ता प्रभाकर अधिकारीले आमोद पोखेलको तर्फबाट बहस गर्नु भएको थियो)*

सर्वोच्च अदालतमा चढाएको
बहसनोट

पक्ष : श्री चिरञ्जीवी वाग्ले ... ... रिट निवेदक

विरुद्ध

विपक्ष : सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारी समेत विपक्षी

म अधो हस्ताक्षरी पक्षको प्रतिरक्षा हेतु निम्न लिखित बहसनोट प्रस्तुत गर्दछु :-

(१) प्रस्तुत मुद्दामा उत्पन्न भएका विभिन्न प्रश्नहरू मध्ये निम्नलिखित एउटा प्रश्नमा मात्र सीमित रही बहस जिकिरलाई निवेदन गर्न चाहन्छु :-

(क) प्रतिनिधिसभाको विघटनको निमित्त प्रधानमन्त्रीले गर्नुभएको सिफारिश दुराशयपूर्ण हो वा होइन ?

(२) उक्त प्रश्नको सन्दर्भमा मेरो बहस जिकिर यस प्रकार छ :-

(क) नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५९ (२) बमोजिम वर्तमान एमाले सरकारको विरूद्ध अविश्वासको प्रस्ताव पेश गर्नको लागि धारा ५३ (३) अनरूप प्रतिनिधि सधाको विशेष अधिवेशन बोलाउनको लागि नेपाली कांग्रेसका सांसदहरूको तर्फबाट मिति २०५२।२।२५ मा श्री ५ महाराजाधिराजका हजुरमा समावेदन प्रस्तुत भएको हो। नवौं नियमित अधिवेशन बोलाइएको कुरा याहा भई प्रतिपक्षका सांसदहरूबाट विशेष अधिवेशनको निमित्त समावेदन प्रस्तुत भएको होइन। कारण प्रतिपक्षका सांसदहरूले धारा ५३ (३) बमोजिम अधिवेशनको समावेदन गरेको कुरा र श्री ५ बाट नवौं अधिवेशन आव्हान गरिवक्सेको सूचना एकसाथ उक्त मिति २०५२।२।२५ को रेडियो र टेलिभिजनमा प्रसारित भएको हो। नवौं अधिवेशन बोलाइएको कुरा सार्वजनिक भइसकेपछि अन्यथा दृष्टिकोण राखी प्रतिपक्षबाट अधिवेशनको समावेदन गरिएको होइन।

प्रतिपक्षबाट विशेष अधिवेशनको समावेदन भए बमोजिम श्री ५ बाट २०५२।३।२ मा विशेष अधिवेशन बस्ने बारेको सूचना सम्बन्धी खबर मिति २०५२।२।२६ को रेडियो नेपालको १ बजेको प्रसारणमा प्रसारित भएपछि सोही मिति २०५२।२।२६ गते बेलुकी पक्ष प्रधानमन्त्रीबाट श्री ५ का हजुरमा प्रतिनिधि सभाको विघटन गरिवक्सनको लागि संविधानको धारा ५३ (४) बमोजिम सिफारिश चढाइएको देखिन्छ। धारा ५३ (३) बमोजिमको प्रकृया शुरू भई मिति २०५२।३।२ मा बोलाइएको विशेष अधिवेशन बस्न नपाउदै प्रतिनिधि सभाको विघटन गरिनु र अविश्वासको प्रस्तावको सामना गर्न

प्रधानमन्त्री तत्पर नहुनुबाट प्रधानमन्त्रीको सिफारिश यथार्थमा दुराशयपूर्ण हो कि होइन ? भन्ने सर्वाधिक मुख्य प्रश्न हो ।

(ख) यस अघिको प्रतिनिधि सभाको पुनर्स्थापना सम्बन्धी मुद्दामा सम्मानित अदालतबाट भएको निर्णय (स.अ.बुलेटिन पूर्णाङ्क ५२) पृष्ठ १ मा तत्कालीन प्रधानमन्त्रीको सिफारिशमा बदनियत छ छैन ? भनी समीक्षा गर्ने क्रममा एकातिर अभिव्यक्त विघटनको कारणहरूलाई मध्यनजर गरिएको देखिन्छ र सरकार गठन हुन नसक्ने कारण उल्लेख गरिएको देखिन्छ भने अर्कोतिर आफ्नो कुनै महत्त्वपूर्ण नीति योजना वा कार्यक्रम प्रतिनिधि सभाबाट अस्वीकृत भएमा त्यसलाई कार्यान्वित गर्न जनतासँग नयाँ कार्यादेश माग्नको लागि प्रतिनिधि सभाको विघटन गराउनु संसदीय परम्परा अनुरूपकै कुरा हो भन्ने कुरा पनि सर्वोच्च अदालतको निर्णयमा व्यक्त भएको पाइन्छ । प्रतिनिधि सभाको विघटन गर्ने प्रधानमन्त्रीको सिफाारिश बदनियतपूर्ण हो कि होइन भनेर कसौटीमा घोटेर हेर्ने क्रममा एमालेद्वारा सरकार बनाएदेखि नै धारा ४२ (२) बमोजिमको सरकार ढलेमा धारा ४२ (१) मा फर्किन नै सकिन्न भनेर बहुधा प्रचार गर्ने गरिएको मात्र होइन, अपितु नेकपा एमालेको केन्द्रीय कार्य समितिको बैठक मिति २०५२।२।१० देखि ऐ. १२ गतेसम्म बसेकोबाट स्पष्टरूपमा धारा ४२(१) मा नफर्किने कुरा र सरकार टिकेन भने मध्यावधिमा जाने बाहेक अन्य विकल्प रहने छैन भनी निष्कर्ष निकाली निर्णय गरिएको कुरा प्रचार गरिएको थियो । यो तथ्य मिति २०५२।२।१२ को गोरखापत्रमा प्रकाशित उक्त बैठक सम्बन्धी समाचार र मिति २०५२।२।१७ को गोरखापत्रका प्रकाशित एमालेका उपमहासचिव बामदेव गौतमले व्यक्त गरेको कथनहरूबाट मध्यावधिमा जाने र वैकल्पिक सरकारको कुनै पनि संभावनामा अवरोध उत्पन्न गर्ने एमालेका अध्यक्ष एवं प्रधानमन्त्रीको धारणा रहेको कुरा स्पष्टरूपमा स्थापित भइरहेको छ । जबकि ने.क.पा. एमालेको उक्त केन्द्रीय समितिको बैठक बस्दासम्म पनि प्रतिपक्षले सत्तापक्ष विरूद्ध अविश्वासको प्रस्ताव पेश गर्ने आफ्नो धारणा औपचारिक रूपमा जनसमक्ष वा श्री ५ को हजुरमा पनि अवगत गराएको छैन । त्यस उसले अविश्वासको प्रस्ताव पेश गर्ने कारण देखाई विशेष अधिवेशनधको समावेदन गरी मिति २०५२।३।२ मा विशेष अधिवेशन बस्ने कुराको सूचना मिति २०५२।२।२६ मा हुनासाथ ने.क.पा. एमालेको केन्द्रीय कार्य समितिको १९ औं बैठकको निर्णयबाट वशीभूत र निर्देशित भई अविश्वासको प्रस्तावबाट वैकल्पिक सरकारको गठन गर्ने संभावनालाई रोक्नको लागि प्रतिनिधि सभाको विघटनको निमित्त प्रधानमन्त्रीले चढाएको सिफारिश नि:सन्देहरूपमा कपटपूर्ण रहेको कुरा छर्लङ्ग हुन्छ ।

(ग) बहुमत प्राप्त प्रधानमन्त्रीको नीति र कार्यक्रम प्रतिनिधि सभाबाट अस्वीकृत भई असामान्य राजनीतिक परिस्थिति उत्पन्न भएको स्थितिमा सदनको नेता समेत भएको कारण प्रधानमन्त्रीले ताजा जनादेश माग्नको लागि जनता समक्ष जाने हेतु प्रतिनिधि सभाको विघटनको लागि सिफारिश गर्न सक्ने संसदीय परम्परा हो, तर प्रधानमन्त्री मनमोहन अधिकारीको कुनै नीति वा कार्यक्रम

संसदबाट अस्वीकृत भएको वा संसद चल्दाचल्दैको अवस्थामा कुनै असामान्य राजनीतिक परिस्थिति उत्पन्न भएको स्थिति छैन। जस्तो कि गत वर्षको स्थिति थियो। संसदीय परम्परा भनेर जुनसुकै बेलामा पनि सांसदको विशेषाधिकार र धारा ५३ (३) बमोजिमको प्रकृया नै शुरू भइसकेको परिस्थितिमा सोको एउटा निश्चित परिणाम नभएसम्म हठात् बीचमा प्रधानमन्त्रीले प्रतिनिधि सभाको अन्त्य गर्न सिफारिश गर्नु यस अर्थबाट दूराशयपूर्ण रहेको छ।

(घ) प्रधानमन्त्रीले आफ्नो लिखित जवाफमा "दुराशय होइन, सदाशय हो" भन्ने कुराको औचित्यपूर्ण विवेचना गर्नुभएको देखिन्न। लिखित जवाफको प्रकरण ९ (९) र सोको उपप्रकरण (क) मा दुराशयताको बारेमा खण्डन गर्नको लागि प्रधानमन्त्रीले भन्नु भएको छ "मैले नेतृत्व गरेको मन्त्री परिषद्लाई संविधानको धारा ४२ (३) अनुसार विश्वासको मत दिएको थोरै समयपछि मात्र प्रतिपक्षले कटु आलोचना गरेको, राष्ट्रहित विपरीत शासनमा अस्थिरता पैदा गर्न पाइला चाल्न थालेको महशुस गर्दै अनि प्रतिनिधि सभाको विघटन गर्ने सिफारिश गरें।" तर प्रधानमन्त्रीले अविश्वासको प्रस्तावको प्रयोजनार्थ, विशेष अधिवेशन नै बोलाई सकिएको स्थितिमा सो अधिवशेन नै नबस्दै प्रतिनिधि सभाको विघटनको सिफारिश गरिनु दुराशयपूर्ण हो भन्ने निवेदन जिकिरको हकमा प्रधानमन्त्रीले कुनै तर्कपूर्ण एवं सदाशययुक्त प्रतिवाद गर्नुभएको पनि देखिन्न। बदनियत प्रमाणित हुने कारण हुनुपर्दछ भन्ने सम्मानित अदालतको पहिलो निर्णयलाई प्रधानमन्त्रीले आफ्नो लिखित जवाफमा पनि सदाशयको निमित्त प्रतिरक्षाको मूलाधार बनाउनु भएको रहेछ। तर प्रधानमन्त्री मनमोहन अधिकारीले बदनियतपूर्ण सिफारिश गरेको भन्ने कुरा रिट निवेदन जिकिर र सो रिट निवेदन साथ संलग्न प्रमाण मात्र होइन। अपितु आफूले प्रस्तुत गरेको लिखित जवाफबाट झन बढी मात्रामा बदनियतलाई उदांगोपार्नु भएको छ।

(ङ) वास्तवमा भन्ने हो भने संसदीय व्यवस्था भएको मुलुकमा प्रधानमन्त्री वास्तविक शासक मात्र होइन, अपितु राष्ट्रको नेता हो। जनताको एकमात्र आधिकारिक नेताको रूपमा स्थापित प्रधानमन्त्रीले सर्वसाधारण जनताको पथप्रदर्शक र प्रेरणास्रोत पनि हुन्छ। त्यस उसले प्रधानमन्त्रीले आफ्ना जनता सामु असत्य कुरा बोल्दैनन् तर प्रस्तुत मुद्दामा सामान्य झगडियाको पंक्तिमा उभिएर प्रधानमन्त्रीले आफ्नो लिखित जवाफमा कतिपय गैरजिम्मेवार कुराहरू व्यक्त गरिरहनुभएको छ। किनकि मिति २०५२।२।२६ मा प्रधानमन्त्रीले राजाका हजूरमा सिफारिश जाहेर गरेपछि साँझ पत्रकार सम्मेलनमा प्रधानमन्त्रीले वक्तव्यको क्रममा सिफारिशमा अन्तर्निहित बूँदाहरूको वर्णन गर्नु भएको तथ्य सोही मिति २०५२।२।२६ को बेलुकीको रेडियो र टेलिभिजनको अतिरिक्त मिति २०५२।२।२७ को दैनिक गोरखापत्र जस्तो सरकारी संचार माध्यममा प्रकाशित भएको छ। प्रधानमन्त्रीले पत्रकार सम्मेलन नभएको भनी इन्कार गर्नुभएको छैन, यति मात्र होइन, गोरखापत्रको मिति २०५२।२।२७ को अंकमा प्रकाशित समाचारको विवरणलाई पनि लिखित

जवाफमा खण्डन गर्नु भएको छैन। तर मिति २०५२।२।२९ को प्रकाश साप्ताहिकमा प्रकाशित सिफारिश "विन्तिपत्रको पूर्ण पाठलाई प्रत्यक्षत: खण्डन गर्ने हिम्मत नगरी सिफारिशको व्यहोरा धारा ३५ (६) अन्तर्गत "प्राधिकृत दस्तावेज" अन्तर्गत पर्दछ भन्दै निवेदकहरूद्वारा प्रेषित पूर्वोक्ति सामग्रीहरू कति अविश्वसनीय रहेछन् भन्ने तथ्य छर्लङ्ग भै हाल्छ भनी प्रधानमन्त्रीले जिकिर गर्नुभएको छ। यसरी प्रधानमन्त्री जस्तो जिम्मेवार व्यक्तिले रिट निवेदनसाथ सिफारिशको प्रतिलिपि पेश नगरी पत्रकार सम्मेलनमा वितरित भइसकेको प्रकाश साप्ताहिकमा प्रकाशित सिफारिशलाई चाँहि अविश्वसनीय भन्ने संज्ञा दिई सिफारिशको व्यहोरासम्म बोध गर्नबाट जनतालाई वंचित गर्न र सुसूचित हुन पाउने अधिकारबाट बञ्चित गर्ने दुराशय प्रधानमन्त्रीले राख्नुभएको कुरा छ लिखित जवाफ नै ऐना जस्तो छर्लङ्ग भएको छ।वस्तुत: प्रकाश साप्ताहिकमा प्रकाशित सिफारिश अविश्वसनीय नरहेको भए यथार्थत: कुन सिफारिश चाहिं सही र विश्वसनीय हो भन्ने कुरा प्रधानमन्त्रीले भन्न र देखाउनु पर्दछ। वा प्रकाश साप्ताहिकमा प्रकाशित व्यहोरा पूर्णतया झुठा हो भन्ने अडान प्रधानमन्त्रीले लिन सक्नु पर्दछ। तसर्थ यस स्थितिमा रिट निवेदनसाथ संलग्न प्रकाश साप्ताहिक प्रकाशित सिफारिश नकरा भनी खण्डित नभएकाले प्रधानमन्त्रीको लिखित जवाफको कथनको परिप्रेक्ष्यमा सो सिफारिश उपर अदालतले दृष्टिगत गर्नु कुनै वाधा नदेखिने हुँदा प्रधानमन्त्रीको सिफारिश वदनियत छ वा छैन भनी निरूपण गर्न मिल्दछ। जहाँसम्म धारा ३५ (६) वमोजिम सिफारिश प्राधिकृत दस्तावेज हो भन्ने प्रधानमन्त्रीको कथन छ, सोको हकमा यथार्थमा प्रधानमन्त्री स्वयंले पत्रकार सम्मलेनमा वितरण गरिए अनुरूप सार्वजनिक भइसकेको परिप्रेक्ष्यमा अदालतले सो सिफारिश उपर दृष्टिगत गर्न सक्दैन भन्ने तर्क गर्नु युक्तिसंगत हुन सक्दैन। उसमा पनि, मिति २०५२।२।३० को राजपत्रमा प्रकाशित सूचनाबाट विवादित सिफारिशमा कुनै अमूक कारण उल्लेख भएको कुरा व्यक्त भइरहेको देखिदैन।

(च) वदनियतको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट कतिपय सिद्धान्त (नजीर) कायम भएको देखिन्छ। असाधारण अर्थात् रिट क्षेत्रमा सम्मानित अदालतबाट दुराशय वा वदनियतलाई सूक्ष्मत: मूल्यांकन र ठहर गर्ने गरिएको देखिन्छ। अर्धन्यायिक वा प्रशासकीय निकायहरूको विरूद्ध प्रस्तुत भएको रिट निवेदनहरूमा सदैव दुराशय तत्त्व उपर दृष्टिपात गरिएको छ। कर्मचारी अवकाशमा कर्मचारी सेवाशर्त नियमावलीको प्रयोग दुराशयपूर्ण भएको नदेखिएको भन्ने आधारमा रिट जारी गर्ने गरिएको पनि देखिन्छ। उदाहरणार्थ ने.का.प. २०४९ पृष्ठ ९५५ अंक, ११ ने.का.प. २०५० पृष्ठ २५७ छन्।

प्रधानमन्त्री निर्वाचनको माध्यमद्वारा नियुक्त हुने राष्ट्रको उच्च सार्वजनिक पदाधिकारी हुन्। किनकि सार्वजनिक कार्यालय (Public office) को विषयमा परिभाषा यस प्रकार भएको पनि देखिन्छ।

A public office is defined as a public station or employment by election or appointment and embraces the ideas of tenure,

duration, employment and duties and the true test of a public is whether it is a parcel of administration of the government, civil or military or is itself created directly by the lawmaking power."

- ***Words and Phrases -volume 35, Page 331.***

(ज) प्रधानमन्त्रीलाई धारा ५३(४) बमोजिम विशेषाधिकार प्राप्त छ भने पनि सो विशेषाधिकार भन्दा अघि नै धारा ५३(३) बमोजिम सांसदहरूले विशेष अधिवेशनको निमित्त समावेदन गरिसकेको परिप्रेक्ष्यमा प्रधानमन्त्रीले सिफारिश गर्नु अनुचित मात्र होइन । बदनियतको घोतक पनि हो । प्रधानमन्त्री जस्तो सार्वजनिक पदाधिकारीले गर्ने अधिकार र विवेक प्रयोग समग्र जनताको हितको पक्षमा हुन्छ । यस सन्दर्भमा निम्नलिखित उद्घृतांश प्रासंगिक छन् :-

"A public authority may do neither unless it acts reasonably and in good faith and upon lawful and relevant grounds of public interest. Unfettered discretion is wholly inappropriate to a public authority, which possesses powers, slaly inorder that it may use them for the public good."

- Admiistrative law- wade 5th edition page 356

त्यस्तै निम्नलिखित उद्धारण पनि सान्दर्भिक छ :-

The concept of bad faith eludes precise definition but in relation to the exercise of staturtory power it may be said to compromise dishonesty or fraud and malice. A power is exercised Fraudelently if its repository intends to achieve an object other that for which the believes the power to have been conferred. His intention may be to promote another public interest or private. A power is exercised maliciously if its repository is motivated by personal aninosity towards those who are directly affected by its exercise."

- ***Judicial Review of Administrative Action 2nd edition - S.A. Desmitt, Page 315.***

यसै क्रममा Wade ले आफ्नो पुस्तकमा व्यक्त गर्नुभएको कथन पनि उल्लेखनीय छ :-

It is extremely rare for public authorities to be found guilty of intentional dishonesty, normally, They are found to be erred, if at all by ignorance or misunderstanding. Yet the courts constantly accuse them of bad faith merely because they have acted unreasonably or on improper grounds. Again and again it is laid that powers must be exercised reasonably and in good faith. But in this context 'in good faith" means merely for legitimate reasons.

Wade- Administrative Law - 5th edition, Page 399.

दुराशयकै प्रसंगमा H.M. Seervai ले Constitutional law of India नामक पुस्तकको तेस्रो संस्करणको पृष्ठ २७२० मा यस प्रकार व्यक्त गर्नुभएको पाइन्छ :-

"Every power conferred by the constitution or any authority must be exercised in accordance with the constitution and with the valid laws enacted under it, or continued by it. Further, it is well settled that if a power is exercised malafied, The power is not validly exercised."

(ञ) प्रत्यर्थी प्रधानमन्त्रीले आफ्नो लिखित ज़वाफको प्रकरण ५ (ङ) मा सिफारिश गरेको तीन दिनपछि अर्थात् २९ गते १०३ जना सदस्यहरूले श्री शेरबहादुर देउवालाई प्रधानमन्त्री पदको लागि प्रस्तावित गर्लान् भन्ने मैले कसरी अनुमान गर्ने भन्ने कुरा व्यक्त गर्दै स्थिर सरकार बनाउने मौकाबाट वंचित गर्न सिफारिश गरेको होइन भनी जिकिर गर्नुभएको रहेछ। त्यस्तै, प्रधानमन्त्रीले आफूले २६ गते विघटनको निम्ति सिफारिश गरेको दुई दिनपछि मिति २०५२।२।२८ मा अविश्वासको प्रस्ताव पेश भएको भन्ने तर्क पनि गर्नुभएको छ। तर प्रधानमन्त्रीले यी तर्कहरू सम्मानित अदालत समक्ष पेश गर्दा संविधानको धारा ५३(३) बमोजिम सांसदहरूले अधिवेशनको निम्ति मूलत: अविश्वासको प्रस्ताव पेश गर्ने कारण देखाई समावेदन गरेको र तदनुरूप राजाबाट आषाढ २ गते अधिवेशनको सूचना समेत भइसकेको तथ्यलाई चाँहि लिखित जवाफमा खण्डन गर्न सक्नुभएको छैन। किनकि प्रतिनिधिसभाको विघटनको निमित्त प्रधानमन्त्रीको सिफारिश हुनुभन्दा पूर्व नै राजाबाट सांसदहरूको समावेदन अनुरूप आषाढ २ गते अधिवेशन सूचना भइसकेको हो। उक्त तथ्यबाट सम्मानित अदालत समक्ष म यो निवेदन गर्न चाहन्छु कि अविश्वासको प्रस्ताव प्रस्तुत हुने आषाढ २ गतेको अधिवेशनलाई छल्नको निमित्त प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटन गरी आफू सत्तामा कायम रहि रहने दुराशय राख्नुभएको छर्लङ्ग छ।

धारा ५३ (३) को प्रकृयाको निश्चित परिणाम नभएसम्म प्रत्यर्थी प्रधानमन्त्रीले धारा ५३(४) द्वारा विशेषाधिकारको प्रयोग गर्न मिल्दैन। धारा ५३(४) द्वारा प्रदत्त विशेषाधिकार अनियन्त्रित (unfettered) होइन। किनकि धारा ५३(३) बमोजिम सांसदहरूलाई प्राप्त समावेदन गर्ने अधिकार पनि विशेषाधिकार हो।

जुन विशेषाधिकार प्रयोग गरेर सांसदहरूले अविश्वासको प्रस्ताव पेश गर्ने कारण देखाई समावेदन गरेका छन् समावेदन बमोजिम तोकिएको समयमा विशेष अधिवेशन बस्न नपाउँदै प्रतिनिधि सभाको विघटन गर्न प्रधानमन्त्रीले गर्नुभएको सिफारिशबाट धारा ५३(३) र ५९(२) निर्जीव बन्न पुगेको छ। यदि अविश्वासको प्रस्ताव पेश गर्ने प्रकृया शुरू भइरहेको अवस्थामा प्रधानमन्त्रीको जस्तो वदनियतपूर्ण सिफारिश पनि मान्यतापूर्ण ठहरिएमा संविधानको धारा ५९(२) 'कदापि कृयाशील हुँदैन। कारण कुनै पनि समयमा अविश्वासको प्रस्ताव पेश गर्ने प्रकृया शुरू हुँदा प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटन

गरी अविश्वासको प्रस्तावबाट मुक्ति लिन सक्दछ । त्यस उसले अविश्वासको प्रस्तावबाट मुक्ति लिने उद्देश्यबाट प्रधानमन्त्रीले प्रतिनिधिसभाको विघटनको निमित्त पेश गरेको सिफारिश बदनियतपूर्ण भई बदरभागी छ ।

(३) अतएव उपर्युक्त अनुसार पक्षको रिट निवेदन जिकिर बमोजिम प्रत्यर्थी प्रधानमन्त्रीले पेश गरेको सिफारिश त्रुटिपूर्ण भएकोले बदर गरी सो सिफारिशको आधारमा भएका यावत काम कारवाहीको कानून मान्यता शून्य ठहर गरी पाउन सादर निवेदन गर्दछु ।

<u>बहसनोट प्रस्तुतकर्ता</u>

(हरिहर दाहाल)
अधिवक्ता

इति सम्बत् २०५२ साल श्रावण ... गते, रोज शुभम... ... ...

श्री सर्वोच्च अदालतमा
चढाएको
लिखित बहस

जि.डडेलधुरा श्री असीग्राम गा.वि.स. वडा नं. ५ रूवाखोला मटेला घर भई हाल का.न.पा. वडा नं ३ बस्ने विघटन भएको प्रतिनिधिसभा विपक्षी दलको नेता तथा नेपाली काग्रेस संसदीय दलको नेता वर्ष ४९ को शेरबहादुर देउवाको कानून व्यवसायी अविधवक्ता शेरबःहादुर के. सी.
.....

लिखित-वहस
प्रस्तुतकर्ता

विरूद्ध

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी, प्रधानमन्त्रीको कार्यालय सिंहदरवार, काठमाण्डौं समेत.....

विपक्षी

म कानून व्यवसायी पक्षको तर्फवाट लिखित वहसनोट प्रस्तुत गर्दछु ।

(१) ०५१ साल कार्तिकमा सम्पन्न मध्यावधी निर्वाचन पश्चात प्रतिनिधिसभामा विपक्षी दलको नेताको हैसियतले सेवारत छु । ०५१ साल मंसिर महीनामा प्रधानमन्त्री मनमोहन अधिकारीको नेतृत्वमा गठित मन्त्रिपरिषद्ले वितेका ६ महीनाभित्र पटक पटक संविधानको प्रस्तावना राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक एवं न्यायिक संरचना नै खल्वल्याउने प्रयत्न भएको यस वाहेक सनातनदेखि आएको राष्ट्रको साम्प्रदायिक सद्भाव विचलन ल्याउने प्रयास भएको,, राजनीतिलाई अपराधिकरण गर्न थालिएको कारणले प्रधानमन्त्री माथि प्रतिनिधिसभाको विश्वास छैन भनी नेपाल अधिराज्यको संविधाान २०४७ को धारा ५९ (२) वमोजिम प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव पेश गर्न धारा ५३ (३) तथा प्रतिनिधिसभा नियमावली ०४८ को नियम ३ र १७१ वमोजिम प्रतिनिधिसभाको नियमित अधिवेशन अगावै ने.का.मा समेतका ७० जना प्रतिनिधिसभा सदस्यले ०५२।२।२५ मा श्री ५ मा समावेदन चढायाँ । सो अनुरूप ०५२।२।२६ मा श्री ५ वाट प्रतिनिधिसभाको विशेष अधिवेशनको वैठक ०५२।३।२ को दिन १ वजे वोलाई वक्सेपछि विपक्षी प्रधानमन्त्री एवं निजको दल ने.क.पा. एमालेको वाध्यात्मक निर्देशन अनुसार प्रतिनिधिसभा विघटन गर्ने र नयाँ प्रतिनिधिसभाको निर्वाचन हुने महीना (कार्त्तिक) मन्त्रीपरिषद्वाट अनुमोदन गराई श्री ५ मा जाहेर गर्नु भएको कुरा राजदरवारवाट प्रकाशित सूचनावाट थाहा हुन गयो । विपक्षीको अनधिकृत एवं असंवैधानिक निर्णय र निर्देशन र सिफारिश वमोजिम प्रतिनिधिसभा विघटन हुन सक्दैन । यसैवीच मिति ०५२।२।२८ मां श्री ५ समक्ष ने.का., रा.प्र.पा र सद्भावना

पार्टीका संसदीय दलका नेताहरूका तर्फबाट संविधानको धारा ४२(१) अनुसार वैकल्पिक सरकार गठन गर्ने विन्तीपत्र मार्फत जाहेर र मिति ०५२।२।२९ गते प्रतिनिधिसभाका सदस्य शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्तिका लागि १०३ जना सदस्यहरूको समर्थनसहित विन्तीपत्र र ०५२।२।२८ मा धारा ५९(२) र प्रतिनिधिसभा नियमावली १७१ बमोजिम संसद सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता भै विचाराधीन रहेकोमा प्रधानमन्त्रीको असंवैधानिक सिफारिशको आधारमा श्री ५ बाट प्रतिनिधिसभा विघटन गरिबक्सी ०५२।८।७ मा निर्वाचन गराउने मिति तोकी बक्सेको कुरा ०५२।२।३१ को गो.प.वाट थाहा हुन आयो। प्रधानमन्त्रीले मिति ०५२।२।२६ मा ५३(४) अन्तर्गत चढाएको सिफारिशपत्र सोही दिन साँझ सर्वाजनिक रूपमा वितरण गर्नु भै ने.टी.भी. सरकारी सञ्चार माध्यम मार्फत प्रचारमा ल्याउनु भयो। विपक्षीको उक्त सिफारिश नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावना, धारा ३, ११, १२, १६, ३५, (२) र (३), ३६ धारा ४२ (१) धारा ५३ (१), (३) र (४) र धारा ५९ (२), धारा ६२ विपरीत भै २३/८८ (२) अनुसार प्रारम्भ त्रुटिपूर्ण सिफारिशका आधारमा भएको संसद विघटन र तत्सम्बन्धी सम्पूर्ण कारवाही बदर गरी श्री ५ बाट बोलाईवक्सेको प्रतिनिधिसभा अधिवेशन प्रारम्भ गर्न, विशेष अधिवेशन नवौं अधिवेशन चालू गराउन भनी विपक्षी प्रधानमन्त्री समेतका नाउँमा आदेश जारी गरी पाउँ भन्ने मुख्य निवेदन जिकीर।

(२) सिफारिश गर्दा मैले अर्को वैकल्पिक सरकार बन्न नसक्ने समेतका असंवैधानिक असंसदीय र असत्य आधारहरू उल्लेख गरेको छु वा तिनीहरूका आधार बनाएकोले प्रारम्भत: सो सिफारिश अमान्य, प्रभावशून्य र गैर संवैधानिक भन्ने निवेदकहरूको जिकीरको हकमा मलाई प्रारम्भमा के भन्नु छ भने सिफारिश गरिएको छ वा छैन वा के कस्तो सिफारिश गरिएको छ भन्ने प्रश्न अदालतमा उठ्न नसक्ने प्रावधान संविधानको धारा ३५(६) मा गरिएको छ। विघटनको सिफारिश गर्ने म पदाधिकारीले यस्तो सिफारिश गरेको छ भनी त्यस्तो जानकारी कसैलाई गराएको छैन। हालसम्म राजदरवारवाट सिफारिशमा यस्तो कुराहरू भनी जानकारी गराइएको पनि मलाई ज्ञात छैन। यस अवस्थामा सञ्चार माध्यमवाट प्रकाशित सामाग्रीको आधारमा अदालतले जानकारी लिने प्रश्न नै उठ्न सक्तैन। सिफारिशको व्यहोरा त धारा ३५ (६) अन्तरगत प्राधिकृत दस्तावेज (Previliged Comunication) अन्तर्गत पर्दछ। सिफारिश यस्तो छ भन्ने कुरा अदालतले प्रमाण बुझेर एकिन गर्ने कुरा नै होइन किनभने त्यस वारे अदालतमा प्रश्नै उठ्न सक्दैन। संसदीय प्रणालीमा प्रधानमन्त्रीले विघटनको सिफारिश गर्न पाउने प्रावधान किन राखिन्छ त्यसको पछाडिको मान्यता के हो सिफारिश गर्ने अधिकारको केही सीमा हुन्छ वा हुदैन। हुन्छ भने त्यस्को सीमा के हो भन्ने वारे केहि विवेचना गर्नु भएको छैन। संविधानको धारा ५३(४) त कुनै पूर्व शर्त राखिएको छ न कुनै सीमा निर्धारण गरिएको छ न त कुनै वस्तुनिष्ठ आधार दिईएको छ। त्यस हालतमा निवेदकले त्यस्तो कुनै पूर्व शर्त सीमा वा वस्तुनिष्ट आधार हुनुपर्दछ भन्ने सम्झन सकिने संसदीय मान्यता के छ भन्नेतर्फ खोजिनु पर्दथ्यो तर अफसोच उहाँले त विघटनको सिफारिशलाई व्यवस्थापिकाको मुर्धन्यतामा खलल पार्ने तोपगोलाको रूपमा व्यवस्था गर्ने प्रयास गर्नु भयो। तसर्थ निवेदकको लाञ्छना सिर्फ मनोगत

आधारमा गरिएको हो भन्ने मैले बुझेको छु। देश, जनता र संविधान प्रतिउत्तरदायि मेरो प्रधानमन्त्रीत्वमा गठित मन्त्रिपरिषदमाथि लगाइएका आरोपहरू असाय, आधारहीन मनोगत छन। यी कुरा न्यायिक निरोपणका विषय नभई सार्वभौमसत्तासम्पन्न नेपाली जनतावाट मूल्यांकन भै निरोपण हुने विषय हो भन्ने मिति ०५२।३।२३ मा प्रधानमन्त्रीको लिखित जवाफ रहेछ।

(३) नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५१ ले सभामुखको व्यवस्था गरेको छ संविधानवाट निसृत काम कर्तव्यको पालना गर्नु र प्रतिनिधिसभालाई प्रभावकारी वनाई जनप्रतिनिधिपूर्ण उत्तरदायि वनाउनु सभामुखको हैसियतले म कर्तव्य ठान्दछु। प्रतिनिधिसभा प्रधानमन्त्रीको निर्वाचक मण्डल नभै संविधानको धारा ३६(४) ले प्रधानमन्त्री र अन्य मन्त्री प्रतिनिधिसभाप्रति उत्तरदायी हुनु पर्ने व्यवस्था गरेको छ। तसर्थ प्रतिनिधिसभाका सदस्यहरूले संविधानको धारा ५३ को उपधारा ३ वमोजिम प्रतिनिधिसभाको अधिवेशन आव्हान गर्न समावेदन चढाई अधिवेशन आव्हान भै अविश्वासको प्रस्ताव दर्ता भै सकेको स्थितिमा प्रधानमन्त्रीले प्रतिनिधिसभाको विश्वास प्रष्ट गर्नुको साटो संविधानको धारा ५३(४) वमोजिम प्रतिनिधिसभा विघटनको लागि सिफारिश गर्नु संसदीय मान्यता परम्परा र संविधानको मूल भावना विपरित हुन गएको छ। हाम्रो संवैधानिक र संसदीय विकासका क्रममा हाम्रा सम्पूर्ण कारवाही प्रतिनिधिसभाद्वारा परीक्षण हुने पद्धतीमुखी हुनु पर्दछ र प्रतिनिधिसभाले परीक्षा गर्न नपाई गरिएको सिफारिश र विघटन वदरभागी हुने परम्परा वसालिनु पर्दछ भन्ने सभामुखको मिति ०५२।३।२२ को जवाफ।

(४) संविधानको धारा ४२(१) को विपरित भयो भन्ने जिकीरका सम्वन्धमा ०५१ सालको निर्वाचनपछि संवैधानिक व्यवस्था अनुरूप श्री ५ वाट ४२(१) वमोजिम सरकार गठन गर्न आव्हान गरी वक्सदा दुई वा दुईभन्दा वढी दल मिली सरकार गठन गर्न कसैले दावी गर्न नसकेको भई धारा ४२(२) वमोजिम प्रतिनिधिसभामा सवैभन्दा वढी सदस्य भएको दलका नेता श्री मनमोहन अधिकारीलाई प्रधानमन्त्री नियुक्त गरिवक्सेको हो यसरी संविधान वमोजिम नेकपा एमालेको संसदीय दलका नेता माननीय श्री मनमोहन अधिकारी प्रधानमन्त्री हुनु भएकोमा वहाँको नेतृत्वको सरकार कायम हुँदै अव ४२(१) वमोजिम पुनः सरकार गठन गर्ने दावी गर्नु संविधान प्रतिकूल छ भन्ने समेतको मिति ०५२।३।२३ मा मन्त्रिपरिषद् सचिवालयका सचिव ईश्वरप्रसाद उपाध्यायको लिखित जवाफ।

संविधान र प्रचलित कानून वमोजिम निर्वाचन आयोगले आफ्नो कर्तव्य पालना गर्दा निवेदकको कुनै हक हनन गरेको छैन भन्ने मिति २०५२।३।२२ को निर्वाचन आयोगको लिखित जवाफ।

(५) ०४६ सालको जनआन्दोलनवाट अभिव्यक्त नेपाली जनताको ईच्छा र आकांक्षालाई मूर्त रूप दिन सर्वोच्च अदालतका न्यायाधीश (वर्तमान सम्माननीय प्रधानन्यायाधीश) श्री विश्वनाथ उपाध्याय अध्यक्ष रहेको संविधान सुझाव आयोग श्री ५ वाट गठन गरिवक्सी उक्त आयोगद्वारा तयार गरिएको मस्यौदा प्रतिवेदन श्री ५ का हजूरमा पेश गरिदा अध्यक्ष, उपाध्ययद्वारा विन्ती गरिएको उद्गार अत्यन्त मार्मिक र समसामयिक हुँदा संसद विघटनको सन्दर्भमा निम्न सैद्वान्तिक बुँदा आत्मसात गरी निर्णयमा पुरन सहयोग हुने हुँदा सम्मानित अदालत समक्ष उल्लेख गरेको छु।

(क) राज्यको शासन व्यवस्थाको मुख्य आधार लोक सम्मतीलाई मानी शक्ति पृथकीकरणको सिद्धान्त अनुकूल विधायिका, कार्यपालिका र न्यायपालिकाको काम, कर्तव्य र अधिकारहरू किटान गरी नियन्त्रण र सन्तुलनको सिद्धान्तको समूचित संयोजन पनि मिलाउने प्रयास संविधानको प्रस्तुत मस्यौदामा गरिएको छ।

(ख) प्रस्तुत मस्यौदाले अवलम्वन गरेको अर्को महत्त्वपूर्ण सिद्धान्त हो कानूनको शासन देशमा संविधानको सर्वोपरिता रहनु पर्छ र सवैले यसको पालना गर्नु पर्दछ भन्ने भावनाको उद्‌वोध प्रस्तुत संविधानमा् भएको छ।

(ग) हाम्रो संविधानको निर्माण त्यसको स्वरूप र त्यसलाई लागू गर्ने प्रक्रिया हामी नेपालीकोमा मात्र होइन, विश्वव्यापी चासोको विषय भएको छ। आफ्नो विवेक र वुद्धिले देशमा एउटा दिगो .र सुव्यवस्थित शासन व्यवस्था कायम गर्न हामी सफल हुन्छौं वा हुदैनौ अथवा राजनैतिक र संवैधानिक व्यवस्थाको लागि सधै नियति र संयोगमा भर गर्नु पर्ने हुन्छ भने सारा विश्वले हामीलाई हेरका छन्। यस महत्त्पूर्ण क्षणमा हामी असफल भयौं भने यो क्षण हामी नेपालीको लागि एउटा दुर्भाग्यपूर्ण क्षण हुनेछ। त्यसैले प्रजातान्त्रिक प्रकृयालाई अगाडि वढाउने देशलाइ दिगो संविधान दिने कार्यमा असफल हुने दुर्भाग्यपूर्ण विकल्प हामी रोज्न सक्तैनौं। आयोगले सरकारको सदिच्छा र जनताको विश्वास अनुरूप देशको राष्ट्रिय वस्तुस्थिति र वास्तविकतालाई हृदयंगम गरेर प्रस्तुत संविधानको मस्यौदा तयार पारेको छ। यसवाट नेपाली राष्ट्रियता र प्रजातन्त्रको अनुभूति नेपाली मात्रले पाउने छन् भन्ने आयोगको विश्वास छ।

(साभार : श्री ५ महाराजाधिराज सरकारका हजूरमा चढाएको नेपाल अधिराज्यको संविधान, व्याख्यात्मक टिप्पणी प्रतिवेदन, संविधान सुझाव आयोग, ०४७)

६. नेपाल अधिराज्यको संविधान ०४७ को धारा ३६ अनुसार वहुमत प्राप्त सरकार (Majority Government) को गठन हुने र ४२ (१) अनुसार संयुक्त सरकार (Coliation Government) र ४२(२) अनुसार अल्पमत (Minority Government) को व्यवस्था गरी विश्वमा रहेका प्रजातान्त्रिक मान्यता र मूल्यलाई आत्मसात गरेको छ। उल्लिखित तिनै किसिमका सरकार गठन प्रक्रिया संविधानद्वारा निर्दिष्ट गरिएका छन्। ०५१ साल कार्तिकमा सम्पन्न मध्यावधि निर्वाचनको परिणाम अनुसार कुनै पार्टीले वहुमत प्राप्त नगरी धारा ४२ मा भएको मन्त्रिपरिषद्‌सम्वन्धी विशेष व्यवस्था अनुरूप सरकार गठनको प्रकृया अवलम्वन भई संयुक्त सरकार गठन हुन नसकेपछि ४२(२) अनुसार संसदमा सवभन्दा वढी सदस्य संख्या (८८) रहेको एमालेलाई सरकार गठन गर्न दिईएको हो। यस्तो सरकारलाई अल्पमतको सरकार (Minority Government) भनिन्छ। अल्पमतको सरकारले वहुमतको सरकार जस्तै विना व्यवधान काम गर्न सक्दैन अपितु अल्पमतको सरकार सदा समर्थन दिने पार्टी वा दल प्रति अनुग्रही भैरहनु पर्ने सिद्धान्त संसदीय शासन पद्धती भएका मुलुकमा रहेकोलाई नेपालमा प्रयोग हुन आवश्यक छ तर विपक्षी

प्रधानमन्त्रीले अल्पमतको सरकारले पालना गर्नु पर्ने नियम स्थालै नगरी संसद विघटन गर्नु भएको वदरभागी छ ।

(७) नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३६(१) अनुसार वहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्ति श्री ५ वाट गरीवक्सने प्रावधान रहेको छ। त्यस्तै धारा ४२ अन्तरगत उपधारा (१) र (२) को अवस्थामा पनि प्रधानमन्त्री श्री ५ वाट नियुक्ति गरिवक्सन्छ तर त्यस्तो प्रधानमन्त्रीले ४२(३) अनुसार ३० दिनकभित्र संसदको विश्वास प्राप्त अनिवार्य रूपमा गर्नु पर्दछ। विपक्षी ४२(२) को प्रधानमन्त्रीले विश्वासको मतसमेत प्राप्त गर्नु भएको थियो। यसरी नियुक्त प्रधानमन्त्री धारा ३६(५) अनुसार आफ्नो पदवाट मुक्त हुने प्रावधानसमेतको व्यवस्था गरिएको छ। उक्त धारा ३६(५) (ख) अनुसार "प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको वहुमतले धारा ५९ वमोजिम निजको विरूद्व पारित गरेको अविश्वासको प्रस्ताव अनुसार श्री ५ वाट निजलाई (प्रधानमन्त्री) पदमुक्त गरिवक्सेमा" भन्दै अविश्वासको प्रस्ताव पारित भएमा प्रधानमन्त्री पदवाट मुक्त हुन सक्ने प्रावधान नेपाल अधिराज्यको संविधानले आत्मसात गरेको छ। यो प्रावधान वेलायत र जापानको संविधानमा व्यवस्था गरिएकोभन्दा अलग्गै किसिमको छ। यसै प्रशंगमा विपक्षी प्रधानमन्त्रीका विरूद्व अविश्वासको प्रस्ताव पेश गर्ने उद्देश्यले श्री ५ महाजाराधिराजका हजूरमा मिति ०५२।२।२५ गते ने.का. प्रतिनिधिसभाका ७० जना सदस्यहरूले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(३) वमोजिम प्रतिनिधिसभाको विशेष अधिवेशन वोलाउन समावेदन चढाएकोवाट अल्पमतको विपक्षी प्रधानमन्त्री मनमोहनको सरकार पदमुक्त हुने निश्चितदेखि समावेदन चढाएको १ दिन पछाडि श्री ५ वाट उक्त समावेदन स्वीकृत वक्सेपछि पदमुक्त हुनवाट वचाव गर्न ०५२।२।२६ गते वेलुका प्रतिनिधिसभा विघटन गर्न सिफारिश गरेको कार्य वदनियत र दुराशययुक्त प्रतिशोधात्मक हुँदा उक्त सिफारिश वदरभागी छ ।

(८) प्रकरण ७ मा लेखिए अनुसार श्री ५ मा समावेदन चढाई सकेपछि मिति ०५२।२।२६ गते दिउँसो नै समावेदन अनुसार विशेष अधिवेशन वोलाई वक्सेपछि त्यसलाई संसद सचिवालयले कार्यान्वयन गर्दै मिति ०५२।२।२७ को संसद सचिवालयको सूचना अनुसार मौसूफवाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(३) वमोजिम संवत् ०५२ साल असार २ गते शुक्रवार दिनको १ वजे संसद भवन सिंहदरवार काठमाडौंमा प्रतिनिधिसभाको अधिवेशन आव्हान गरी वक्सेकोले उक्त मिति समय र स्थानमा प्रतिनिधिसभाका माननीय सदस्यहरूको उपस्थितिको लागि अनुरोध छ भनी जानकारी भै सकेपछि ने.का. द्वारा राखिएको अविश्वासको प्रस्ताव सामना नगर्ने हेतुले हतार हतारमा मिति २०५२।२।२६ गते वेलुका प्रतिनिधिसभामा विघटनको लागि विपक्षी प्रधानमत्रीले गर्नु भएको धारा ५३(४) अनुसारको सिफारिश वदरभागी छ ।

(९) नेपाल अधिराज्यको संविधानले कार्यपालिका, व्यवस्थापिका र न्यापालिकाको अलग अलग अस्तित्व स्वीकार गरेको छ। हाम्रो संविधानले शक्ति पृथकीकरणको सिद्वान्तलाई आत्मसात गरी शक्ति सन्तुलन गर्नेमा जोड दिएको छ। विपक्षी प्रधानमन्त्रीलाई संसदको विश्वास अनवरत रूपमा रहनु पर्ने संसदीय प्रणालीको

व्यवस्था गरेको छ भने संविधानको धारा ३६(१) र ४२(१) (२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले धारा ३६(४) अनुसार सामूहिक र व्यक्तिगत रूपमा प्रतिनिधिसभाप्रति उत्तरदायी हुने वाध्यात्म (Compulsion) व्यवस्था गरेको छ। यसरी संसदप्रति उत्तरदायी हुने प्रधानमन्त्रीलाई मात्र संविधानले मान्यता दिएको छ। यस्तै प्रधानमन्त्री निरंकश हुनवाट रोक्नको लागि धारा ५९(२) को व्यवस्था गरी अविश्वासको प्रस्तावद्वारा ३६(५) (ख) अनुसार पद मुक्त गर्न सक्ने प्रावधान भएवाट अविश्वासको लागि श्री ५ मा समावेदन चढाएको स्वीकृति भए पछाडि ०५२।३।२६ गते बेलुका विपक्षी प्रधानमन्त्री मनमोहन अधिकारीले गैर संवैधानिक प्रकृया अवलम्बन गरी धारा ५३(४) को दुरूपयोग गरेको कार्यले शासन संसदीय शासन पद्धतीमा नै आंच पुगेवाट प्रधानमन्त्रीको उक्त कार्य लगायतको सम्पूर्ण कार्य वदरभागी छ।

(१०) विपक्षी प्रधानमन्त्रीले सिफारिश गर्नु पूर्व ०५२।२।२५ मा विशेष अधिवेशनको माग भई श्री ५ वाट ०५२।२।२६ गते दिउँसो नै समावेदनमा संसद बोलाउन आवहान गरिवक्सी ०५२ आषाढ २ गते दिनको १ वजे प्रतिनिधिसभा बोलाई वक्सेकोमा त्यसैवीच ०५२।२।२६ मा वेलुका प्रधानमन्त्रीले संसद विघटन गर्ने सिफारिश गरेकोले ०५२।२।२७ गते श्री ५ महाराजाधिराज सरकारका हजूरमा वैकल्पिक सरकार गठन गर्ने सम्वन्धमा ३ वटा संसदीय दलको नेता (नेका, राप्रपा र सद्भावना) ले राजदरवारमा जाहेर गरेको सर्वविदितै छ। त्यस्तै मिति ०५२।२।२८ मा समावेदनलाई निरन्तरता दिदै अविश्वासको प्रस्ताव प्रतिनिधिसभाको संसद सचिवालयमा दर्ता गराईएको छ। यस्तै मिति ०५२।२।२९ गते श्री ५ का हजूरमा १०३ जना प्रतिनिधिसभाका सदस्यहरूले हस्ताक्षरसहित शेर वहादुरदेउवालाई प्रधानमन्त्री पदमा नियुक्ति गरिवक्सन जाहेर गरेको हुंदा हुदै सँसदीय प्रणालीको सिद्धान्त वहुमतको निर्णय विपरित विपक्षी प्रधानमन्त्रीले ०५२।२।२६ वेलुका प्रतिनिधिसभा विघटन गर्न गरेको सिफारिश कपटपूर्ण हुंदा वदरभागी छ।

(११) नेपाल अधिराज्यको संविधानले संवैधानिक सर्वोच्चतालाई मान्यता दिदै संसदीय शासन प्रणालीलाई स्वीकार गरेको छ। संसदीय शासन प्रणाली भएको मुलुकमा विकसित भएका सिद्धान्तको आधारमा वहुमत हुने पार्टीलाई शासन भार र अल्पमत हुने पार्टीलाई प्रतिपक्षको रूपमा स्वीकार गरेको छ। तर ०५१ सालको मध्यावधि निर्वाचनको परिणामले अल्पमत एमालेलाई शासन गर्न र वहुमतमा रहेका ने.का., रा.प्र.पा. र सद्भावना पार्टी र अन्य सदस्यहरूलाई प्रतिपक्षमा संविधानको धारा ४२ (२) अनुसारको गठन पश्चात स्वीकार गरियो। वहुमतका प्रतिपक्षद्वारा धारा ४२(२) को सरकारलाई शसर्त समर्थन (Conditional Support) ४२(३) अनुसार गरी आएको अवस्थामा विपक्षी प्रधानमन्त्रीले अंकुशरहित किसिमले शासन चलाउंदा कानूनी मान्यताको अवधारणा तहसनहस हुन थालेपछि संविधानको धारा ५९(२) अनुसार अविश्वासको प्रस्तावले प्रधानमन्त्रीलाई पदमुक्त गर्ने भनी ०५२।२।२५ मा विशेष अधिवेशनको माग गरी समावेदन चढाएकोलाई श्री ५ वाट मिति २०५२।२।२६ गते दिउंसो विशेष अधिवेशन आव्हान गरी वक्सेपछि सो सहन नसकी प्रधानमन्त्रीले श्री ५ समक्ष ०५२।२।२६ गते वेलुका प्रतिनिधिसभा विघटन गर्न सिफारिश गर्नु भएको कार्य गैर संवैधानिक हुंदा वरभागी छ।

(१२) वहुमतमा रहेका प्रतिपक्षले अविश्वासको प्रस्तावद्वारा प्रधानमन्त्री हटाई सरकार फेर्न पाउने प्रचलनलाई नेपालको संविधानले आत्मसात गरेको छ। प्रतिपक्षको दायित्व

निर्वाह गर्ने क्रममा सरकारको आलोचना गर्नु, जनताका समस्यालाई जनसमक्ष लैजानु वैकल्पिक सरकारको लागि तत्पपर रहनु प्रतिपक्षको दायित्व हुन्। ने.का. ले इमान्दार प्रतिपक्षको भूमिका निर्वाह गर्ने क्रममा विपक्षी प्रधानमन्त्री उपर अविश्वास व्यक्त गर्ने धारा ५३(३) को कार्यान्वयनको लागि श्री ५ मा समावेदन चढाएकोमा श्री ५ बाट विशेष अधिवेशन आव्हान भै सकेको कार्य संविधान प्रदत्त सांसदहरूको विशेषाधिकार भित्र पर्दछ त्यस्तो संसदको विशेषधिकारलाई विपक्षी प्रधानमन्त्रीले धारा ५३(४) को दुषित भावनाबाट ग्रस्त भै प्रयोग गरी संसद विघटन गरेको कार्य दुराशयुक्त हुंदा वदरभागी छ।

HALSBURY's Laws of England 4th Edition Vol 8 Butter Worths, Londodn 1974 को पृ. 697 The Opposition को बारेमा लेखिएको छ।

The Opposition: Her Majesty's oposition performs essential functions in both houses of parliament, criticising the work of the government in power and continuously offering an alternative government to the electorate. The opposition is organised on parallel lines to the government with a leader and a shadow cabinet, each member of which has the task of deserving and criticising the work of a member of the cabinet or his representative in the other house. The member of the shadow cabinet sit on the opposition front bench. Like the government, the oposition also has whip in both houses.

(१३) नेपालको संविधानले संवैधानिक सर्वोच्चतालाई मान्यता दिदै संसदात्मक प्रणालीलाई सर्वोच्च विधायिकाको रूपमा स्वीकार गरी कार्यपालिका संसदप्रति उत्तरदायी रहने प्रावधान संविधानको धारा ३६(४) ले व्यवस्था गरेको छ। संसदप्रति उत्तरदायी हुने अल्पमतको विपक्षी प्रधानमन्त्रीले वैकल्पिक सरकार वन्न सक्नेअवस्थामा विघटन गरको कार्य गैर संवैधानिक हुंदा वदरभागी छ वेलायतमा पनि संसदको सर्वोच्चतालाई मान्यता दिएको छ।

"the executive is responsible to British Parliament and removaleby it . It can even change the royal dynasty in Britain. The British Parliament called " The Rump" decided to abolish monarchy in Britain in 1651 and restored it eleven years later. In 1688, a new dynasty was changed through the act of settlement. The royal designation has been changed by the British Parliament from time to time. The high court in Britain aslo cannot go into the merits of parliamentary statutes and declare any one of them illegal. It has also no power of judicial review as the Supreme Courts have in U.S.A. and India.

(Comparative Study of Six Living Constitutions)

B.B. Gupta. New Delhi. 1979

(१४) विश्वका प्रजातान्त्रिक मुलुकमा अल्पमतको सरकार भए जस्तै हाम्रो संविधानको धारा ४२ (२) अनुसार पनि अल्पमतको सरकार वन्न सक्ने प्रावधान भएकोले ०५१ कार्तिकको मध्यावधि चुनावमा कुनै पार्टीको वहुमत प्रतिनिधिसभामा स्थापित हुन सकेन। अत: संविधानको धारा ४२ अनुसार मन्त्रिपरिषद्को विशेष व्यवस्था कार्यान्वयनको अवस्थामा धारा ४२(१) अनुसार तत्कालीन अवस्थामा संयुक्त सरकार वन्न नसकेको कारण प्रतिनिधिसभामा सवैभन्दा वढी सिट (८८) प्राप्त एमालेले सरकार गठन गर्ने अवसर प्राप्तगऱ्यो। सरकार गठन गरी धारा ४२(३) अनुसार संसदवाट समर्थन प्राप्त गरी शासन संचालन गर्न थाल्दा संविधानको प्रस्तावना लगायतका विभिन्न प्रावधान उल्लंघन गरकोले संवैधानिक प्रावधान अनुसार धारा ५९(२) अन्तर्गत विपक्षी प्रधानमन्त्रीलाई अविश्वासद्वारा पद मुक्त गरी वैकल्पिक सरकार गठन गर्न लाग्दा गलत परम्पराको थालनी गर्दै वैकल्पिक सरकार गठन हुन नसक्ने भनी प्रतिनिधिसभा विघटन गर्न धारा ५३(४) ले प्रधानमन्त्रीलाई अधिकार प्रदान गरेको छैन। अल्पमतको सरकारलाई सदासर्वदा समर्थन गर्ने पार्टीहरूको विश्वास रहनु पर्दछ। विपक्षी प्रधानमन्त्रीले अल्पमतको प्रधानमन्त्रीको हैसियत विर्सिएर काम गर्न थाल्दा संवैधानिक संकट उत्पन्न भएको छ। जसको समाधान सम्मानित सर्वोच्च अदालतवाट गरिनु जरूरी।

अल्पमतको सरकार सम्वन्धमा निम्नानुसार दृष्टिकोणहरू संसदीय प्रणालीमा रहेका देखिन्छन्।

1. This is necessity of sensitiveness is, of course greatly increased when the cabinet is in a minority in the house. The temptation, in any third party, is always to force it to concession in order to enhance that the cabinet lives of its grace. This is why minority government are always both weak and short lived.

(Parliamentary Governmet in England)

– A Commentary) P. 173. By Hareld J. Laski, New Delhi

2. In summing up the conclusion of his study of the dissolution power, Dr. Markesinis make no distinction saying "the crown may under certain circumstances refuse a dissolution to a minority government (Whether defeated or undefeated) provided and alternative government is possible and able to carry on with the existing house" (Constitutional Texts, Materials on Government and Constitutions Roadney Brazier 1990.108).

3. The queen may properly refuse a prime ministers request for dissoultion if she has substantial grounds for believing (i) that an alternative government, enjoying the confidence of majority of the house of commons. can be formed without a general election and

(ii) that a general election held at the time could be clearly prejudicial to the national interest.

Constitutional and Administration Law

–Stanley de Smith and Roodney Brazier

-Seventh Edition p.129

(१६) .अत: अल्पमतको विपक्षी प्रधानमन्त्रीले धारा ५३(३) अनुसारको प्रतिनिधिसभाको अधिवेशन, श्री ५ बाट बोलाई बक्सेपछि उक्त अधिवेशनबाट धारा ५९ (२) अनुसार प्रधानमन्त्री उपर अविश्वासको प्रस्ताव पारित भै धारा३६ (५) (ख) अनुसार श्री ५ बाट पदमुक्त हुने निश्चित ठानी उक्त अविश्वासको प्रस्तावको सामना गर्न नसकी प्रतिनिधिसभा विघटन गरेको कार्य लगायतका सम्पूर्ण कारवाहिलाई बदर गरी संसद पुनर्स्थापना गरी संविधान र कानून अनुसार कार्य गर्नु भनी विपक्षीका नाउँमा उपयुक्त आदेश जारी गरी पाउँ ।

यसमा लेखिएको व्यहोरा साँचो छ फरक ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

<u>बहस नोट प्रस्तुतकर्ता</u>

अधिवक्ता शेरबहादुर के.सी.

प्र. नं. १८८९

ईति सम्वत् ०५२ श्रावण गते रोज शुभम्.....

सर्वोच्च अदालतमा चढाएको
बहस नोट

विषय : उत्प्रेषण मिश्रित परमादेश लगायतको उपयुक्त आदेश जारी गरी पाऊँ ।

जिल्ला डडेल्धुरा श्री असीग्राम गा.वि.स. वडा नं. ५ रूवाखोला मटेला घर भै हाल का.न.पा. वडा नं. ३ महाराजगञ्ज बस्ने विघटन भएको भनिएको प्रतिनिधि सभाका विपक्षी दलका नेता तथा नेपाली कांग्रेस संसदीय दलको नेता वर्ष ४९ को शेरबहादुर देउवा ... . निवेदक

विरुद्ध

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी, राजदरवार सम्बन्धी, प्रधानमन्त्रीको कार्यालय, सिंहदरवार, काठमाडौं समेत... ... ... प्रत्यर्थी

निवेदकको कानून व्यवसायीको हैसियतले निजको रिट निवेदनमा उठाएका विषयवस्तु तथा आधारहरूका समर्थन तथा प्रत्यर्थीहरूको लिखित जवाफमा उठाइएका बुँदाहरूको खण्डन गर्न निम्न तर्कहरू, विश्लेषण तथा विवेचना समावेश रहेका वहश बुँदाहरू यहाँ प्रस्तुत गर्दछु ।

(१) २०१५ सालमा मुलुकमा स्थापित संसदीय प्रजातान्त्रिक व्यवस्थाको १८ महिनाको शासन अवधिलाई २०१७ सालको शाही घोषणाबाट प्रतिबन्धित गरिएको र त्यसको ३० वर्ष पछिको जनआन्दोलनको सफलता पश्चात् पुन: स्थापना भएको बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्थालाई सुव्यवस्थित ढंगबाट कानूनको शासन अन्तर्गत समावेश गरी संवैधानिक मान्यता अनुरूप क्रमबद्ध रूपबाट अगाडि बढाउन एउटा सशक्त संविधानको रूपमा नेपाल अधिराज्यको संविधान २०४७ को निर्माण भएको, जसको विशेषता तथा सर्वोच्चतालाई सबैले स्वीकार गरिसकेको छ । स्वच्छ तथा कानूनी शासन व्यवस्था संचालन गर्न सदा तत्पर रहेको वर्तमान संविधान अन्तर्गत रही मुलुकमा प्रजातन्त्रको पुन: स्थापना पश्चात् भएको दोस्रो आम निर्वाचनमा जनताले आफ्नो मताधिकार प्रयोग गरी विभिन्न राजनैतिक दलहरूलाई मत दिए, फलस्वरूप कुनै पनि दल बहुमत प्राप्त गर्न सफल नभएको स्थितिमा सरकार गठन गर्ने संवैधानिक व्यवस्था बमोजिम सबभन्दा बढी स्थान प्राप्त गर्ने राजनैतिक दल नेपाल कम्युनिष्ट पार्टी एमालेलाई शासन चलाउने अवसर प्राप्त भएको र दोस्रो स्थान प्राप्त गर्ने नेपाली कांग्रेस प्रमुख प्रतिपक्षमा र अन्य राजनैतिक दलहरू

प्रतिपक्षमा रही संसदीय शासन पद्धतिको सिद्धान्त तथा परम्परा अनुसार आ-आफ्ना कार्यक्रम संचालन गर्ने कोशिसमा लागिरहेको कुरा सर्वविदितै छ ।

(२) यसरी विगत सम्पन्न निर्वाचनमा कुनै पनि दलले बहुमत प्राप्त गर्न नसकी वर्तमान संविधानको धारा ३६ (१) अनुरूप सरकार गठन हुने सम्भावना नरहेको हुँदा वर्तमान संविधानमा व्यवस्थित सरकार गठन गर्ने अन्य प्रावधान धारा ४२ (१) बमोजिम सरकार गठन नभई धारा ४२ (२) अनुरूप नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले सत्ताको बागडोर आफ्नो हातमा लिइसकेपछि पटक-पटक संवैधानिक प्रस्तावना, संवैधानिक मूल्य र मान्यता विपरीत क्रियाकलाप, विपक्षी दलहरूको सहयोगबाट सत्तामा पुगेको यथार्थलाई भुलेर अन्य दलहरूको बेवास्ता र भावनाको कदर नगरी संसदीय मर्यादा र परम्पराको घोर उपेक्षा गर्दै, आफू अल्पमतको सरकार भएको कुरालाई चटक्कै बिर्सेर देशको राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक, प्रशासनिक एवं न्यायिक संरचनामा अस्थिरताको वातावरण सृजना गराई प्रजातन्त्रमाथि खतरा उत्पन्न हुन सक्ने संभावनालाई दृष्टिगत गरी प्रजातन्त्रले भोग्नुपर्ने गम्भीर क्षतिबाट देशलाई जोगाउन वर्तमान प्रधानमन्त्री विरूद्ध अविश्वासको प्रस्ताव पेश गर्न वाञ्छनीय सम्झी धारा ५३ (३) अनुसार र प्रतिनिधि सभा नियमावली ०४८ को नियम ३, १७१ को प्रकृया पूरा गर्न नेपाली कांग्रेस (प्रमुख प्रतिपक्षि) का ७० (सत्तरी) जना प्रतिनिधि सभाका सदस्यहरूले मिति ०५२।२।२५गतेका दिन श्री ५ महाराजाधिराजका हजूरमा लिखित समावेदन चढाउनुभएको हुँदा श्री ५ बाट २०५२ साल असार २ गते शुक्रवार दिनको १ बजे संसद् भवन, सिंहदरबार काठमाडौंमा प्रतिनिधि सभाको अधिवेशन आव्हान गरेको कुरा आधिकारिक रूपबाट २०५२ साल ज्येष्ठ २६ गतेको राजदरबारबाट प्रकाशित राजपत्रमा स्पष्टत: पाइन्छ ।

३) मुलुकको सशक्त प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले धारा ५३ (३) बमोजिम अधिवेशनको लागि समावेदन चढाएकै एक दिनपछि मिति ०५२।२।२६ गतेका दिन वर्तमान प्रधानमन्त्री श्री मनमोहन अधिकारीज्यूले मन्त्रिपरिषद्को निर्णय सहित वर्तमान संविधानको धारा ५३ (४) लाई प्रयोग गर्दै संसद् विघटन तथा प्रतिनिधि सभाको निर्वाचन मिति तोकिपाउन श्री ५ महाराजाधिराज समक्ष विन्तीपत्र चढाउनु भएको र उक्त विन्तीपत्रको आधारमा श्री ५ बाट प्रतिनिधिसभा विघटन तथा २०५२ साल मंसीर ७ गते नयाँ प्रतिनिधि सभाको लागि निर्वाचन गराउने मिति तोकी प्रतिनिधि सभा विघटन गरिवक्सेको सायै वर्तमान संविधानको धारा ३६ (७) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म कार्य सञ्चालन गरिरहन प्रधानमन्त्री श्री मनमोहन अधिकारीको अध्यक्षतामा रहेको मन्त्रिपरिषद्ले प्रतिनिधि सभाको लागि हुने निर्वाचन शान्तिपूर्ण, स्वच्छ तथा निष्पक्ष रूपमा सफलतापूर्वक सम्पन्न गराउने आशा गरिवक्सेको कुरा मिति ०५२।२।३० गते प्रकाशित राजपत्रमा उल्लेख गरिएको छ ।

(४) यसरी वर्तमान प्रधानमन्त्रीले आफू जिम्मेवार रहनुपर्ने संवैधानिक दायित्व पूरा नगरी आफूलाई प्रधानमन्त्री बनाउने विभिन्न दलको सहमति समेत नलिई वर्तमान संविधानको धारा ४५(३) बमोजिम ५ वर्षको जनादेश प्राप्त प्रतिनिधि सभा विघटन गर्न आधारहीन सिफारिश गर्नुभएको र सो बमोजिम श्री ५ बाट घोषणा समेत

भएपछि उक्त सिफारिशवाट संवैधानिक प्रावधान समेत कुण्ठित तथा अतिक्रमण गरिएको महसुस गरेर नै सम्मानित सर्वोच्च अदालत समक्ष निवेदकको रिट निवेदन परेको छ ।

(५) निवेदकका अनुसार २०५२।२।२६ गते प्रधानमन्त्री श्री मनमोहन अधिकारीज्यूले नेपाल अधिराज्यको संविधान ०४७ को धारा ५३ (४) अन्तर्गत चढाउनुभएको सिफारिश मिति २०५२।२।२५ गते धारा ५३ (३) अनुसार संसद् सदस्यमा रहेको विशेषाधिकार अन्तर्गत बोलाइवक्सेको अधिवेशनलाई निष्प्रभावित पार्न धारा ५३ (३), ५९ (२) को संवैधानिक प्रकृयालाई अवरोध तथा निष्क्रिय पार्ने उद्देश्य, धारा ३६ (४) वमोजिम संसद्प्रति रहेको उत्तरदायी, धारा ३ अन्तर्गत जनताको सार्वभौमिकतालाई सायै धारा ४२.(१) अनुसार गठन हुनसक्ने वैकल्पिक सरकारको प्रावधानलाई उपेक्षित गरी प्रजातान्त्रिक मूल्य र मान्यता, संवैधानिक आदर्श एवं उद्देश्यको विपरीत आफ्नो अनाधिकृत अधिकारको प्रयोजन तथा संविधान प्रतिकूल गरिएको सिफारिश त्रुटिपूर्ण छ भन्ने दावी जिकिर रहेको छ । यस्तो अनाधिकृत तथा गैरसंवैधानिक सिफारिश र यसबाट नि:सृत प्रक्रियाहरू तथा परिणामहरू संवैधानिक राजतन्त्र एवं संसदीय प्रणालीका परम्परा तथा मान्य सिद्धान्तहरू समेत प्रतिकूल भएवाट विघटित प्रतिनिधि सभा पुनर्गठन हुनुपर्दछ भन्ने माग दावी समेत निवेदकको रहेको छ ।

(६) उपरोक्त प्रकरण नं. ४ मा उल्लेखित आधारहरूका अधीनमा तथा विपक्षीवाट पेश भएका लिखित जवाफको आधारमा रही संवैधानिक राजतन्त्र तथा संसदीय प्रणालीको प्रतिकूल रहेको प्रतिनिधि सभा विघटन गर्ने गरी गरेको प्रधानमन्त्रीको सिफारिश र त्यस सिफारिशवाट नि:सृत सम्पूर्ण कार्य, परिणाम वदरभागी छन् भन्ने समर्थनमा आफ्ना तर्कहरू निम्न वुंदाहरूमा स्पष्ट गराउन चाहन्छु ।

(क) <u>विघटनको सिफारिशमा आधारको औचित्यता</u>

जवसम्म संविधान अनुरूप शासन व्यवस्था चलिरहन सक्छ, तवसम्म संसद्लाई उसको आयु अवधिभर जान दिनुपर्दछ । कुनै एक मन्त्रिपरिषद् माथिको विश्वास समाप्त हुनुलाई नै संसद् विघटन गर्नुपर्ने औचित्यताको रूपमा लिन सकिदैन । संसदीय शासन प्रणाली भएको मुलुकमा संसद्को विघटनको सिफारिश गर्ने अधिकार प्रधानमन्त्रीलाई रहन्छ, तर यो अधिकार स्वेच्छाचारी हुनुहुँदैन । नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ (४) ले पनि प्रतिनिधि सभा विघटन गर्ने अधिकार प्रधानमन्त्रीलाई प्रदान गरेको छ, तर कुनै पनि (Major Issue) मा संसद्मा मन्त्रिपरिषद् पराजित भएको स्थितिमा मात्र प्रधानमन्त्रीले विघटनको माग गर्न सक्दछ भन्ने संसदीय अभ्यास विश्वभरीका संसदीय प्रणाली भएका मुलुकले अपनाइआएका छन् । जस्तै –

<u>ENGLAND</u> - Where a Prime minister had been inoffice for a considerable periods since previous election, was then defeated on an issue of confidence in the House, he would then have a choice between resigning or, as Prime Minister Mack Donald did in 1924. Seeking a dissolution, (Wade and Bradley Constitutional And Administrative Law, edited by A.W. Bradley and Keith Eving, 11th edition, 1993. Page 256,)

CANADA- Sometimes a ministry is defeated in House of Commons thus showing a lack of confidence of the House in it. The ministry may resign or it may advise a general election, hoping to receive a favorable vote from electorate. (Dawson, Government of Canada, p. 162, Quoted in Basu's Commentary on the constitution of India, vole 1981, Page 277).

JAPAN - The House of Representatives controls the budget and approves treaties with Foreign powers. Executive power is vested in the cabinet, which is organised by the Prime Minister. If the House of Representative passes a resolution of non- confidence or refuse to pass a vote of confidence in the Government the cabinet must resign, unless the House of Representatives is dissolved within 10 days. (The New Encyclopedia Britanica, vol 22, p. 272) on these point, the constitution is silent and lays down no norms.

यसरी Westminister system तथा Parliamentary system मा संसद् विघटनको लागि कुनै महत्त्वपूर्ण र वास्तविक आधारको आवश्यकता पर्दछ, र ती आधार संसद्मा पराजित वा defeat हुनुपर्दछ, त्यस समय प्रधानमन्त्रीसँग दुइवटा मात्र अधिकार हुन्छ त्यो हो राजीनामा गर्ने वा विघटनको माग गर्ने। कुनै महत्त्वपूर्ण प्रश्न नभई केवल कुनै पार्टीले आफ्नो सरकारको निरन्तरताको लागि मात्र विघटनको प्रयोग गर्न मिल्दैन। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३ अनुसारको सार्वभौमसत्ता सम्पन्न जनताबाट चुनिएर आएका सांसदहरूको पदावधि धारा ४५ (३) वमोजिम स्पष्टत: ५ वर्ष रहेको छ। अत: सरकार चलाउने संविधानमा वाटो भएसम्म विघटनतर्फ जानु भनेको संसदीय अभ्यास र परम्पराको गलत थालनी हुनु हो, सायै वर्तमान संविधानको प्रस्तावना, धारा ३, धारा ४५ (३) को मर्मलाई उपेक्षा गर्नुभएको स्पष्टत: देखिन्छ संसदीय प्रणाली भएका मुलकमा संसद् विघटन गर्न नहुने केही अवस्थाहरू उल्लेख गरेको पाइन्छ। ती अवस्था हुन् :-

(Wade and Bradely, constitutional law, pp 85 वाट साभार)

There are, however, circumstances when a sovereign may be free to seek informal advise against that of the Prime-Minister, if the Sovereign can be satisfied that –

1. an existing parliament is still vital (in the words of president Venkataraman Vibrant') and capable of doing its job,
2. a general election would be detriminetal to national economy, more particularly if it followed closely on the last election, and
3. he could rely on finding another Prime-Minister who was willing to carry on his government for a reasonable period with a working majority, the sovereign could constitutionally refuse to grant a dissoultion to the Prime-Minister in office.

If a ministry enjoying majorty support in the House is defeated on any major issue of policy, it can either resign or seek an endorsement of its policies from the electorate by suggesting dissolution of the House and holding fresh election. (M. P. Jain- Indian Constitutional Law, Page. 32-33)

उपरोक्त आधारहरू हेर्दा संसदीय वहुदलीय प्रणाली अपनाएको देश नेपालमा भरखर प्रजातन्त्र आफ्नो शिशु अवस्थामा रहेको स्थितिमा प्रधानमन्त्री श्री मनमोहन अधिकारीज्यूले ठोस आधार बिना संवैधानिक मान मर्यादाको कदर नगर्नुका साथै गलत संसदीय अभ्यासको शुरूवात गरेको पाइन्छ ।

(ख) वैकल्पिक सरकारको औचित्यता

अष्ट्रेलिया तथा अन्य कमनवेल्थ राष्ट्रबाट प्राप्त श्रोत अनुसार पराजित प्रधानमन्त्रीले पनि राजीनामा दिई वैकल्पिक सरकारको माग गरेको पाइन्छ वा संसद् विघटनको लागि सिफारिश । वैकल्पिक सरकारको सम्भावना भएसम्म विघटन नगर्ने संस्कार प्राय: सम्पूर्ण संसदीय प्रणाली अपनाएका मुलुकहरूमा पाइन्छ । West ministers system मा समेत वैकल्पिक सरकारको सम्भावना रहेसम्म संसद् विघटन हुने प्रचलन नरहेको पाइन्छ । त्यसैमेकी मुलुक भारतमा सन १९९१ मा तत्कालीन प्रधानमन्त्री चन्द्रशेखरको विघटनको सिफारिश वैकल्पिक सरकार बन्न नसक्ने अवस्था विद्यमान रहेको हुँदा स्वीकार गरिएको थियो । संसदीय प्रणालीको जन्मदाता देश बेलायतमा प्रधानमन्त्रीले संसद् विघटन गर्न दिएको सिफारिश वैकल्पिक सरकारको सम्भावना भएको कारणले अस्वीकार गरिएको पाइन्छ । विद्वान् कियको बृटिश क्याविनेट सिस्टममा उल्लेख छ कि सिद्धान्तत: राजाले (Crown) अर्को दलको सरकार बनाउन सक्ने देखेमा संसद भंग गर्न अस्वीकारगर्न सक्दैनन् भन्ने अधिकारमा कुनै परिवर्तन भएको छैन । इङ्ग्ल्याण्डमा लामो इतिहासबाट विकसित परम्परा छ कि -

One of the most examples of the power of the Royal prerogative today is the choice of Prime Minister. In making the Choice the queen is bound by two well established convention. First that the person she choosen must be the leader of the majority party in the House of Commons and second, that if a government is defeated by an adverse votes in the House of Commons, leading to the Prime Minister's resignation, she must invite the leader of the major opposition party to form a government. (J.O. Murray, Government and People, Harran London, 1973, Page-50-51).

सन् १९२४ मा बेलायतमा वैकल्पिक सरकार बन्ने सम्भावना नरहेको अवस्थामा मात्र Labour Party का प्रधानमन्त्री Ramsay Mac Donald को विघटनको सिफारिस स्वीकार गरेको पाइन्छ ।

No Doubt the Sovereign is mare reluctant to grant a dissolution since another government might be possible, but the fact that a dissolution was granted to Mr. mac Donald in 1924 shows that he woild

refuse only in very exceptional circumstances (Sir Ivor Jennings, The Law and the Constitutions., 5th Edn, P. 186)

When the minority Labour government was defeated in the commons in 1924, George V did not want to grant a dissolution but did so after consulting, conservative and Liberal leaders, who were Unwilling to combine in existing House. (O. Hood. Phillips's Constitutional and Adminitrative Law, Page 154).

The first ten years of the Australian Commonwealth sow three refusals of dissolution by the Governor - General on the Grounds that alternative governments were available in the Federal Parliament.

(David Butter, Governing without a majority, and Edn, 1986 P. 127)

The Governor - General of canada in 1926 and the Governor-General of South-Africa in 1936 weilding the powers of the crown refused a dissolution to the Prime- Minister, in each case, therefore, he had no option but to resign. In each case an alternative government was availavble.

(Geoffrey Marshall and Graemac. Moodie, Some Problems of the Constitution, 5th Edn, 1971. PP. 40-41).

Although for over a hundred years the sovereign has never rejected, but has consistently acceded to the Prime-minister's request to dissolve the house, Nevertheless, there has been persistant tradition, and the view is still propounded that the crown may refuse if the circumstances demand. (M.P. Jain - Indian Constitutional Law, Page – 33)

यसरी उपरोक्त सशक्त संसदीय मूल्य र मान्यता वोकेका मुलुकहरूमा अनावश्यक किसिमवाट प्रधानमन्त्रीको विघटन नआओस् भन्ने उद्देश्यले वैकल्पिक सरकारको सम्भावना रहेसम्म संसद् विघटन नभएको र सरकारलाई निरन्तरता प्रदान गर्न संविधानभित्र खोजी हुँदै कार्यान्वयन समेत भएको पाइन्छ। नेपाल अधिराज्यको संविधान २०४७ ले समेत धारा ४२ (१) को व्यवस्था गरी वैकल्पिक सरकारको प्रष्ट व्यवस्था गरिदिंदा दिदै पनि प्रधानमन्त्री मनमोहन अधिकारीवाट धारा ५३ (४) लाई प्रयोग गरी धारा ४२ (१) को अनुसार वैकल्पिक सरकार वन्ने सम्भावनालाई उपेक्षा गरी संसदीय मान मर्यादाको उपेक्षा गर्नुभएको छ। वैकल्पिक सरकारको सम्भावना देखिएमा प्रधानमन्त्रीको विघटनको सिफारिस मान्न नपर्ने भनी सम्मानित सर्वोच्च अदालतले नेपालको विघठित भू.पू.प्र.म. श्री गिरिजाप्रसाद कोइरालाको मुद्दामा नजीर प्रतिपादित भइसकेको छ। २०५२।२।२६ गते प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटनको सिफारिस पश्चात् ०५२।२।२८ गते नेपाली कांग्रेस समेतका ७७ जना सांसदज्यूहरूले प्रधानमन्त्री विरूद्ध अविश्वासको प्रस्ताव दर्ता गराई मिति ०५२।२।२९ मा १०३ जना सांसद सदस्यहरूको वैकल्पिक सरकार

बनाउन विन्तीपत्र समेत जाहेर भएकोवाट वैकल्पिक सरकार वन्ने स्पष्ट सम्भावना हुँदाहुँदै प्रधानमन्त्रीवाट गलत परम्पराको थालनी हुनसक्ने हुँदा विघटन वदरभागी रहेको छ।

प्रतिनिधि सभा विघटन गर्ने प्रधानमन्त्रीको सिफारिस अवैधानिक हो र वैकल्पिक सरकार गठन गर्न पाउने संसद्को विशेषाधिकार हो। वर्तमान संविधानको धारा ४५(३) अनुसार ५ वर्षसम्म निरन्तर क्रियाशील रहन पाउनु संसद्को अधिकार हो भने कारणवश अगावै विघटन हुनु अपवाद मात्र हो। यदि कार्यकालभन्दा अघि कारणवश विघटन भयो भने पनि त्यस विघटनवाट संसदीय प्रतिनिधित्वको निर्माण गर्नु कार्यकारिणी अधिकार नभै संसदीय विशेषाधिकार नै हो। कार्यकारिणी निकाय त केवल प्रक्रिया शुरूवात गर्ने अंग मात्र हो। अतः प्रधानमन्त्रीले धारा ५३ (४) को अधिकारवाट प्रस्तावनामा उल्लेखित संसदीय शासन प्रणाली र वहुदलीय प्रजातन्त्रको सुदृढीकरण गर्ने उद्देश्य मौलिक संरचनाका रूपमा रहेको हुँदा संविधानमा दलहरूको सरकार वनाउन पाउने अधिकार, तुरुन्त यथार्थमा जनताको अधिकार हो, लाई कुण्ठित गरेर आफ्नो स्वार्थ पूरा गर्न सक्दैन। यसर्थ यदि वहुमत प्राप्त दलले कारणवश संसद्को विश्वास गुमाउँछ भने संसद्ले अर्को सरकार गठन गर्न सक्ने अवस्थामा छैन भने मात्र वहालवाला प्रधानमन्त्रीले धारा ५३ (४) को निर्विवाद रूपवाट प्रयोग गर्न पाउँछ। यहाँ वैकल्पिक सरकारको प्रवल सम्भावनाका साथै प्रस्तावना, धारा ३, ४५ (३) को प्रतिकूल प्रतिनिधि सभाको सर्वोच्चतालाई आघात पुग्ने किसिमको सिफारिस वदरभागी रहेको छ।

(ग) संसदप्रति मन्त्रिपरिषद्को दायित्वको औचित्यता

"अविश्वासको प्रस्ताव पारित भएको प्रधानमन्त्रीलाई अध्यक्ष पदमा रहने कुनै अधिकार हुँदैन। This is Universal Law and Every constitution follow this point.

अविश्वासको प्रस्ताव आउँछ भन्ने संभावनावाट सदैव कार्यपालिकाले स्वेच्छाचारी ढंगवाट काम गर्न सक्दैन। अविश्सावको प्रस्ताव मन्त्रिपरिषद्लाई नियन्त्रण गर्ने र निरंकुश हुनवाट वचाउने एक सशक्त हतियार हो। संविधानले संसद्प्रति जिम्मेवार सरकार वनाउने परिकल्पना गरेको हुँदा संविधानको केही धाराहरूको आपसी सम्वन्ध एवं समन्वय पनि हुन्छ। मन्त्रिपरिषद् हमेशा संसद्प्रति उत्तरदायी हुनुपर्दछ भन्ने वर्तमान संविधानको धारा ३६ (४) मा स्पष्ट व्यवस्था छ। प्रधानमन्त्रीले जनताको प्रतिनिधित्व भएको प्रतिनिधि सभाप्रति दायित्व निर्वाह गर्नुको सट्टा सरकार गठन गर्ने वैकल्पिक स्थिति नभएको भनी संसदको अपहेलना गरेको छ र शक्ति पृथकीकरणको सिद्धान्त एवं धारा ३६ (४) वमोजिम जिम्मेवार सरकारको संवैधानिक धारणा प्रतिकूल आफ्नो क्रियाकलाप गरेको छ। Cabinet Government भएको देशहरू जस्तै- ग्रेट ब्रिटेन, जापान, क्यानडा, अष्ट्रेलिया, भारतमा सरकार संसद्प्रति उत्तरदायी रहने परम्पराको विकास भई वढ्दैगएको छ। मन्त्रिपरिषद्ले गरेका कार्यहरूप्रति संसद प्रति जवाफदेही रहनु भनेको संवैधानिक दायित्वको परिपालना गर्नु हो। संसदलाई आफ्नो मौलिक काम गर्नवाट रोक्ने उद्देश्यले अर्थात् शक्ति पृथकीकरणको सिद्धान्त विपरीत गएर पनि अर्को अंगको क्षेत्रमा हस्तक्षेप गर्ने गरी विघटन गर्न मिल्दैन।

No dissolution against the scheme of constitutional structure and seperation of power.

Stuart Mill - The proper office of a Representative Assembly is to watch and control the government.

संसद सरकार प्रतिको कार्य-क्रियाकलापमा सजग भई नियन्त्रण नगरेमा कार्यपालिकामा दलीय निरंकुशताको शुभारम्भ भई अन्तमा प्रजातन्त्र कमजोर हुँदैजान्छ र शक्ति पृथकीकरणको सिद्धान्त कागजमा मात्र सीमित हुनजान्छ। यहाँ प्रधानमन्त्रीले सांसदहरूको सृजना भइसकेको धारा ५३ (३) अनुरूपको विशेष अधिकार अतिक्रमण गरी धारा ५३ (४) प्रयोग गरी आफ्नो कानूनी कर्तव्यबाट विचलित भएको पाइन्छ। त्यस्तै अविश्वासको प्रस्ताव दर्ता भइसकेको स्थितिमा त्यस प्रस्तावबाट उम्कन शक्ति सन्तुलन (Check and Balance) को प्रतिकूल काम कारवाही गरेको पाइन्छ।

(घ) <u>मन्त्रिपरिषद्को बदनियतता</u>

वर्तमान प्रधानमन्त्रीको राजनैतिक दलले विगत निर्वाचन सम्पन्न भए पश्चात् ३६ (१) अनुरूप सरकार गठन नहुने सम्भावना रहेकोमा धारा ४२ (१) अनुसार अन्य राजनैतिक दलसँग मिली सरकार गठन गर्नेतर्फ ठोस कदम नचाली ४२ (२) अनुरूप आफू सदस्य संख्या सबभन्दा बढी भएको हैसियतले सरकार गठन गर्नका लागि प्रयत्नशील भई आफ्नो दुराशययुक्त भावना त्यति समयमै जन्मीसकेको थियो। यद्यपि ०५२।२।२६ गते प्रधानमन्त्रीबाट धारा ५३ (४) उपभोग गरी <u>श्री ५ महाराजाधिराज</u>मा संसद विघटनको सिफारिस चढाई सोही दिन साँझको समयमा पत्रकार सम्मेलन गरी सांसदहरूले ५३ (३) धारा अनुसार अधिवेशन माग गरेको सरकार गठन हुने वैकल्पिक व्यवस्था नभएको र स्थायी सरकार दिन जनादेशको आवश्यकता परी विघटनको सिफारिस चढाएको भनि स्पष्टत: भनेको शब्दहरू नेपाल टेलिभिजन, समाचार पत्र, रेडियो नेपालबाट प्रसारण भइसकेको कुरालाई विपक्षीबाट आफ्नो लिखित जवाफमा उपरोक्त कुनै कुरा कतै नभएको भनी जानाजान बदनियतपूर्ण व्यवहार देखाएको र वर्तमान संविधानको धारा ३५ (६) लाई आड लिई आफ्नो दुराशययुक्त भावनालाई लुकाउन खोजेको स्पष्ट देखिन्छ। यो संविधान सम्मत मात्र नभई अन्य आशयबाट उत्प्रेरित, अनुचित, असम्बन्धित र बदनियतपूर्ण देखिन्छ।

(Reveals Ulterior Motive and Unreasonable, extraneous irrelevant and malefile grounds are visible)

यसरी यस अनाधिकृत निर्णय तथा ठोसरहित आधारमा संसद- अस्तित्व समेतमा आँच आउने किसिमको बदनियतपूर्ण सिफारिस गरेको पुष्टि हुन्छ। सिफारिसको आधार नै संविधानको आधार र भावना प्रतिकूल रहेकोले दुराशययुक्त सिफारिस भएको स्पष्ट छ। मिति २०५२।२।२६ गते अधिवेशनमा अविश्वासको प्रस्ताव ल्याउने र प्रस्ताव पारित समेत हुने प्रबल सम्भावना देखेको हुनाले धारा ५३(३) को सांसदहरूको अधिकार अतिक्रमण गरी प्रधानमन्त्रीले धारा ५३(४) अनुसार विघटनको लागि चढाएको सिफारिस तथा विपक्षीको लिखित जवाफको आधार एक अर्कासँग बाझिएको हुँदा विपक्षीको सिफारिस दुराशययुक्त

भएको प्रमाणित हुन्छ । यसरी बदनियतपूर्ण ढंगवाट गरेको सिफारिस बदरभागी हुन्छ भनी हरि नेपाल वि. गिरिजाप्रसाद कोइरालाको मुद्दामा समेत नजीर प्रतिपादित भइसकेको छ ।

(छ) प्रधानमन्त्रीको विघटनका सिफारिस बदरभागी हुने औचित्यता

संवैधानिक राजतन्त्र तथा संसदीय शासन प्रणाली अपनाएको नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावना प्रतिकूल रही प्रतिनिधि सभा विघटन गर्ने प्रधानमन्त्रीको सिफारिस र त्यसवाट निस्केको परिणाम निम्न आधारवाट बदरभागी छन् -

(१) वर्तमान संविधानको धारा ५३ (४) बमोजिम प्रतिनिधि सभाको विघटन गर्नुअघि अल्पमतमा परिसकेको सरकारले धारा ५९ बमोजिम विश्वासको मत प्राप्त गर्ने र धारा ४२ (१) बमोजिम गठन हुनसक्ने वैकल्पिक सरकारको उपेक्षा गरेको छ ।

(२) प्रधानमन्त्री असंवैधानिक सिफारिस गरी सदनमा पेश हुने धारा ५९ (२) बमोजिम अविश्वासको प्रस्तावलाई निष्प्रभावी बनाउने अन्य (Ulterior motive) बाट उत्प्रेरित रहेको छ । संविधानको अतिक्रमण गर्नका लागि नै संविधान प्रयोग गरिएको छ, जुन असंवैधानिक छ ।

(३) प्रतिनिधि सभामा सत्ताधारी दलको सदस्य संख्या मात्र ८८ रहेको र त्यहाँ प्रतिपक्षमा रहेका दलहरूले मिलेर नेपाली कांग्रेसका संसदीय दलको नेता निवेदकलाई नेता चुनी वैकल्पिक सरकारका लागि मिति ०५२।२।२९ गतेका दिन श्री ५ महाराजाधिराजमा विन्तीपत्र जाहेर गर्दागर्दै पनि विपक्षीको स्थिर सरकार गठन हुन नसक्ने दावी रहेको छ । अत: यस विवादको निरूपण गर्न सक्ने सशक्त संस्था प्रतिनिधि सभा नै भएकोमा प्रतिनिधि सभाको अधिकार क्षेत्रमाथि अतिक्रमण गरी विघटन गर्ने गरी गरिएको सिफारिस संविधान प्रतिकूल छ ।

(४) वर्तमान संविधानको धारा ३६ (४) ले कार्यपालिकालाई व्यवस्थापिकाप्रति उत्तरदायी वहन गर्नुपर्ने संवैधानिक व्यवस्था गरिदिएको छ तर यसको विपरीत विपक्षी प्रधानमन्त्रीले पूर्ववत् सांसदहरूले प्रयोग गरेको धारा ५३ (३) बमोजिमको विशेष अधिकारलाई अतिक्रमण गरी धारा ५३ (४) लाई प्रयोग गरी प्राकृतिक न्यायको सिद्धान्त विपरीत कार्य गरी आफ्नो कानूनी कर्तव्य निर्वाह गर्न सक्नुभएको छैन । सायै धारा ५३(३) लाई क्रियाशील हुन नदिई धारा ५९ (२), ४२(१) को उपेक्षा समेत गर्नुभएको छ ।

(५) उपरोक्त आधारहरू समेतवाट प्रधानमन्त्रीको त्रुटिपूर्ण सिफारिस संविधान तथा संसदीय शासन प्रणाली तथा सिद्धान्त विपरीत भई नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावना, धारा ३,११,१२,१६,३६,४२,५३,५९ समेत विपरीत भएको हुँदा बदरभागी छ ।

(च) यसरी सशक्त संसदीय परम्परा र सरकारको थालनी गर्न, संवैधानिक व्यवस्थाको निष्पक्ष ढंगवाट उपभोग गर्न आवश्यक छ । अत: संविधान तथा संसदीय वहुदलीय शासन प्रणालीको मर्म र मान्यता विपरीत प्रधानमन्त्रीवाट भएका गैर संवैधानिक विघटनको सिफारिस वदर हुन संविधान संगत हुनेछ भन्ने सम्मानित वेञ्च समक्ष निवेदन गर्दछ । सन् १९९३, मई २६ तारिखका दिन पाकिस्तानको सर्वोच्च

अदालतको संसद पुनर्जीवित गर्ने निर्णय Muhmmad Nawaz Sharif V. President of Pakistan (Petition No. 8, 1993) मा हामी पाउँदछौं, जसले असंवैधानिक एवं अप्रजातान्त्रिक कार्य भनी संसद पुनर्जीवित गराएको प्रष्ट छ। त्यस्तै निर्वाचन जस्तो खर्चिलो र राज्यको सबै प्रशासकीय श्रोत परिचालन अनावश्यक रूपमा हुने अवस्थामा संसद विघटन गरी निर्वाचनमा जान नहुने सर्वमान्य संवैधानिक परम्परा रहिआएको छ। (Wade and Bradley Constitutional Law, P. 84) अत: प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटन गर्ने सिफारिस असंवैधानिक रहेको हुँदा वदरभागी छ।

<u>बहसनोट प्रस्तुतकर्ता</u>

अधिवक्ता पुष्पा भुसाल (गौतम)
प्रमाणपत्र संख्या नं. ९८०

इति सम्वत् २०५२ साल आषाढ १ गते रोज २ शुभम् ... ...

श्री सर्वोच्च अदालतमा चढाएको
लिखित बहसनोट

विषय : यस अदालतमा विचाराधिन रिट नं. ३११४ को रिट निवेदनको अविभाज्य अंगको रूपमा निम्नलिखित बहस बुँदाहरूलाई समेत ग्रहण गरी पाऊँ भन्ने

जिल्ला बैतडी बासुरलिङ गा. वि. स. वडा नं. १ कुरूकुटीया बस्ने विघठित भनिएको प्रतिनिधिसभाको राष्ट्रिय प्रजातन्त्र पार्टीको संसदीय दलका नेता लोकेन्द्रबहादुर चन्दको कानून व्यवसायी अधिवक्ता सुशिलकुमार पन्त .....

लि. व. प्रस्तुतकर्ता

निवेदक

विरुद्ध

सम्माननिय प्रधानमन्त्री श्री मनमोहन अधिकारी, प्रधानमन्त्रीको कार्यालय, मुकाम सिंहदरवार, काठमाण्डौ समेत .....

विपक्षी

प्रत्यर्थी

मुद्दाः उत्प्रेषण परमादेश समेत ।

प्रस्तुत मुद्दाको रिट निवेदकको कानून व्यवसायीको हैसीयतले सम्मानित अदालत समक्ष विचाराधिन वर्तमान समयमा अत्यन्त संवेदनशिल संवैधानिक विवाद निरोपण गरीनु पर्ने निवेदनको समर्थनमा प्रस्तुत रिट निवेदन मिति २०५२।३।७ मा इजलास समक्ष पेश हुँदा भएको आदेशानुसार यो लिखित बहसनोट प्रस्तुत गर्दछु ।

१. ऐतीहासीक जनआन्दोलन पश्चात निर्मित नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम गठीत प्रतिनिधिसभा प्रत्यर्थी मनमोहन अधिकारी समेतले संवैधानिक सर्वोच्चता, संवैधानिक प्रावधान संविधान प्रदत्त संसद् र सांसद्को विशेषाधिकार, संवैधानिक र संसदीय मुल्य मान्यता र राष्ट्रिय हित विपरीत संविधानको गलत व्याख्या र प्रयोग गर्दै असंवैधानिक, असंसदीय र अराजक तरीकाबाट संविधानको केही धारालाई निर्जिव बनाउँदै सर्वसत्तावादी मानसिकताले ग्रसीत हुँदै दुरापय,

प्रतिशोध र वदनियत्पुर्ण मनोभावनाले वैकल्पिक सरकार गठन गर्न सक्षम, समर्थ एवं तत्पर जनताको संविधान प्रदत्त सार्वभौम अधिकारको प्रयोग गर्ने सार्वजनीक सरोकारको गरीमामय प्रतिनिधिसभा नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावना, संविधानको धारा १, ३, ११, १२, १६, ३६, ४२, ४५, ५३, ५९ र ६३ समेतको प्रतिकूलमा विघटन गर्ने सिफारिश लगायत सोको आधारमा भएको विघटन र सो सम्बन्धी सम्पूर्ण कार्य उत्प्रेषणको आदेशद्वारा वदर गरी प्रतिनिधिसभा पुर्नस्थापित गरी संविधान सम्मत तरीकाले आव्हान भएको विशेष एवं नियमित अधिवेशन समेत सञ्चालित गरी पाऊँ भन्ने नै मुख्य माँग रिट निवेदकको निवेदन छ ।

२. उपरोक्त व्यहोराको रिट निवेदन यस अदालतमा मिति २०५२ साल आषाढ ७ गते पेशी हुँदा सम्माननिय प्रधानन्यायाधिशज्युको इजलाशबाट निवेदकले प्रतिनिधिसभाको विघटनको वैधता सम्वन्धमा सार्वजनीक सरोकारका केही गम्भीर र जटील संवैधानिक प्रश्न उठाएकोले ती प्रश्नहरूको समाधानको लागि संविधानको धारा ४२, ५३(३) (४) धारा ५९(२) लगायत सम्वद्ध संवैधानिक व्यवस्थाको समूचित व्याख्या भइ यस सम्मानित अदालतवाट विवादको निरोपण हुनुपर्ने देखिएको र निवेदकको माँग अनुसार यस अदालतवाट आदेश जारी हुनु नपर्ने कुनै कारण भए २०५२।३।२२ गतेभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत् लिखित जवाफ पठाउँन प्रत्यर्थीहरूलाई लिखित सुचना दिनु भनी निवेदनमा उठाएका प्रश्नहरूको निरोपण यथा संभव चाँडो हुनु वान्छनिय भएको हुँदा अग्रधिकार दिई मिति २०५२।४।१ गते सुनुवाईको लागि इजलाश समक्ष पेश गर्नु भन्ने समेत आदेश भएको थियो ।

३. यस अदालतको आदेश अनुसार प्रत्यर्थीहरूको नाउँमा लिखित सूचनायुक्त म्याद समेत तामेल भएपछि प्रत्यर्थी ४ जनाको निम्न लिखित व्यहोराको छुट्टाछुट्टै लिखित जवाफ पेश भएको रहेछ ।

(क) प्रत्यर्थीमध्येको निर्वाचन आयोगले (यसपछि आयोग मात्र भनिएको छ) आयोग एउटा स्वतन्त्र र संवैधानिक अंग भइ संविधान र कानूनको अधिनमा रही संसद तथा गाउँ नगर र जिल्लाका स्थानीय निकायहरूको निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने कर्तव्य भएको हुँदा प्रधानमन्त्रीले श्री ५ मा चढाउँनु भएको सिफारिश वमोजिम श्री ५ महाराजधिराजवाट २०५२।८।७ गते विहिवारको दिन नयाँ प्रतिनिधिसभाको लागी निर्वाचन गराउने गरी प्रतिनिधिसभा विघटन गरिवक्सेको मिति २०५२।२।३० को विज्ञप्तीको प्रतिलिपी सहित श्री ५ महाराजधिराज सरकारको प्रमुख सचिवालय राजदरवारको मिति २०५२।३।१ च. नं. ५२।०५२ को पत्र आयोगलाई प्राप्त भए वमोजिम सो वमोजिम नयाँ प्रतिनिधिसभाको निर्वाचन संचालन गर्नु गराउनु आयोगको कर्तव्य हुन गएको हुँदा निवेदकले निवेदनमा उल्लेख

गरेबमोजिम निवेदकको कुनै हक हनन् नगरेको र कानून प्रतिकूल कुनै कार्य नगरेको हुँदा आयोगलाई विपक्षी बनाई गरीएको दाविबाट फुर्सद पाउँ।

(ख) प्रत्यर्थीमध्येको मन्त्रिपरिषद् सचिवालय (यसपछि सचिवालय भनिनेछ) को लिखित जवाफ निम्न २ बुँदामा केन्द्रीत रहेको छ।

(अ) मिति २०५१।७।२९ मा सम्पन्न निर्वाचनमा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४२ (१) बमोजिम सरकार गठन गर्न पटक पटक प्रकाशीत सूचना अनुसार कुनै पनि दलले सरकार गठन गर्ने दावि नगरेकोले ऐ. को धारा ४२ (२) बमोजिम ने. क. पा. (एमाले) को संसदीय दलका नेता श्री मनमोहन अधिकारीलाई प्रधानमन्त्रीमा नियुक्त गरी प्रतिनिधिसभाको विश्वासको मत प्राप्त गरी सरकार सञ्चालन हुँदै आएको ने.क.पा. (एमाले) को सरकारप्रति दुराशय राखि संसदको नवौ अधिवेशनमा सरकारले प्रस्तुत गर्ने नीति र कार्यक्रम जनप्रिय हुने कुराबाट हतास भई नियमित अधिवेशनमा विरोध गर्न सक्ने अवस्था हुँदाहुँदै सरकार हटाउने कलुषित भावनाले विशेष अधिवेशन समावेदन गरेकोले देशको राजनैतिक क्षेत्रको अन्यौलको अन्त गर्न प्रतिनिधिसभा विघटन गरी नयाँ प्रतिनिधिसभाको निर्वाचन गर्ने गरी तोकिबक्सेको संविधान सम्मत छ।

(आ) संविधानको धारा ४२ (१) बमोजिम सरकार गठन हुन नसकि धारा ४२ (२) बमोजिम गठीत सरकार कायम हुँदै पुन: ४२ (१) बमोजिम सरकार गठन गर्ने दावि र धारा ५३ (४) ले प्रतिनिधिसभा विघटन गर्न पूर्वशर्त नतोकिएको हुँदा निवेदन दावि संविधान विपरीत हुनुका साथै दुराशययुक्त भावनाको प्रमाण पेश गर्न नसकि रिट निवेदन औचित्यहिन भई युक्तिसंगत छैन।

(ग) प्रत्यर्थीमध्येको प्रतिनिधिसभाका सम्माननिय सभामुख रामचन्द्र पौडेलको लिखित जवाफ मुख्य रूपमा निम्न बुँदामा केन्द्रीत छ।

(अ) प्रतिनिधिसभाको ५ वर्ष कार्यकाल हुँदा सो अगावै संविधान र संसदिय भावना विपरीत विघटनलाई सिफारिश भएमा त्यस्तो गैर कानूनी सिफारिश एवं विघटनलाई यस अदालतले बदर गर्न सक्दछ।

(आ) वैकल्पिक सरकार बन्ने दाविका साथ विशेष अधिवेशन बोलाई अविश्वासको प्रस्ताव दर्ता भएपछि विश्वास प्राप्त गर्ने प्रयास गर्नुको बदला विघटन गर्ने सिफारिश संसदीय मान्यता, संविधानको भावना विपरीत त भएन भन्ने संवैधानिक प्रश्न उठेको।

(इ) संविधानको धारा ४२ (२) बमोजिम सरकार गठन भएपछि प्रतिनिधिसभाले वैकल्पिक सरकार दिनसक्ने नसक्ने प्रश्नको व्याख्या यस अदालतबाटै गरीने विश्वास।

(ई) विघटन र मध्यावधि निर्वाचन इतिहासमा अपवाद स्वरूप घटीत हुने घटना नियमित चल्नु गम्भीर चिन्ताको विषय भई शक्ति पृथकीकरणको बारेमा संविधानमा गरिएको व्यवस्था बारेमा अदालतबाटै व्याख्या हुनेमा विश्वास।

(घ) प्रत्यर्थीमध्येको सम्माननिय प्र. मं. मनमोहन अधिकारीको लिखित जवाफ निम्न बुँदामा केन्द्रीत एवं समाहित छन्।

(अ) रिट निवेदकको हकदैयालाई सार्वजनीक सरोकारको हुँदा चुनौती दिन नचाहेको तर रिट निवेदनबाट अदालत राजनैतिक आरोप प्रत्यारोप गरी एक अर्कप्रति हिलो छ्यापा छ्याप गर्ने थलो होइन, जुन न्यायीक निरोपणको विषय नहुँदा उल्लेख गरेको छैन।

(आ) संविधानको धारा ५३ (३) बमोजिम संसदको अधिवेशन बोलाएपछि धारा ५३ (४) निलम्बित हुने कुरा विवेक सम्मत नभई संविधानमा सबै प्रावधानहरू सक्रिय हुन्छन् जुन प्रावधान सक्रियताको परिणाम अगाडि निसृत हुन्छ सो परिणामले अन्य सक्रियताको परिणामलाई प्रभाव पार्न सक्दछ।

(इ) संविधानको धारा ३६ (१), ४२ (१), ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्री ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने व्यवस्था बाहेक सबै कुरामा समान हुन्छ। संविधानले कुनै विविक्तिकरण गरेको छैन।

(ई) प्रधानमन्त्रीले संसद विघटन गर्ने कार्य संसदीय मूल्य मान्यता भित्रै पर्दछ।

(उ) वैकल्पिक सरकार बन्ने सम्भावना धारा ३६ (७) को अवस्थापछि मात्र प्रारम्भ हुन्छ। वर्तमान विघटन ३६ (७) अनुसार भई धारा ५३ (४) अनुसार मैले धेरै विचार विमर्श गरी आफ्नै स्वच्छ स्वतन्त्र विवेकमा विघटनको सिफारिश गरेको हुँ।

(ऊ) मेरो सिफारिशमा उल्लेख भएका कुरा धारा ३५ (६) अनुसार अदालतमा प्रश्न उठ्न सक्दैन र विघटनको लागि गरेको सिफारिश बारेमा जानकारी नगराएको र राजदरबारबाट पनि सिफारिश बारेमा ज्ञात गराएको छैन। तसर्थ संचार माध्यमबाट प्रकाशीत सामग्री अदालतको लागि न्यायीक जानकारीको विषय हुन सक्दैन।

(ए) सत्तामै बसी चुनाव गराउन बहुमत ल्याउँने ग्यारेण्टी नहुने कुरा विगतको चुनावद्वारा प्रष्ट भई सत्तामा बसेकै बेला सत्ताकै वैधताको लागि सार्वभौम जनता समक्ष जानु बदनियत र सर्वसत्तावाद हुन सक्दैन।

(ऐ) संविधानले कार्यपालिका र व्यवस्थापिकाको बारेमा गरेको सम्बन्ध र सन्तुलन बमोजिम संविधानको प्रयोग र प्रतिपालना गरेको हुँदा विधायिकाको अधिकारमा बलात हस्तक्षेप भएको छैन।

(ओ) आफूले गरेको कामको जिम्मेवारी बहन गर्न विचलित नभएको हुँदा कसैलाई विवाद मुछ्ने कार्य गरेको छैन।

४. यसरी माथि उल्लेखित लिखित जिकिरका आधारहरूमा रिट निवेदन खारेज हुनु पर्ने भनि प्रत्यर्थीहरूले प्रस्तुत गर्नुभएको यावत दलिल जिकिर समेतको सन्दर्भमा प्रस्तुत मुद्दामा रिट निवेदकले उठाएको संवैधानिक प्रश्नहरू र सो बारेमा प्रत्यर्थीहरूले दिएको माथि उल्लेखित बुँदाहरूको लिखित जवाफ र सम्मानित यस अदालतले कारण देखाऊ आदेश जारी गर्दाका अवस्थामा उठेका प्रश्नहरू समेतलाई हेर्दा यस सम्मानित अदालतले देहायमा उल्लेखित संवैधानिक प्रश्नहरूको ठोस तथा यथार्थ निर्णय गर्नुपर्ने अवस्था विद्यमान भएको पाइन्छ।

(क) संविधानको धारा ४२ ले स्वीकार गरेको अवधारणा अनुरूप धारा ४२ (२) बमोजिम सरकार गठन भई ४२ (३) बमोजिम विश्वासको मत पाई सके पछि धारा ४२ (१) को प्रयोग हुन सक्छ सक्दैन।

(ख) संविधानको धारा ५३ (३) को प्रयोग भई कार्य प्रारम्भ भएपछि धारा ५३ (४) को प्रयोग हुन सक्छ कि सक्दैन।

(ग) धारा ५३ (४) मा उल्लेखित प्रधानमन्त्रीको अधिकार Absolute हो कि यस्का केही निश्चित अवधारणाको दायराभित्र Conditional छन्।

(घ) धारा ५९ (२) शसक्त धारा हो कि यस्को प्रयोगमा अन्य धाराले निस्कृय गराउँन सक्छ।

(ङ) कुनै पनि संसदको विघटनको पछाडि निश्चित अवधारणा छन कि छैनन।

(च) अदालतमा विचाराधिन मुद्दामा लिखित जवाफ दिने क्रममा कुनै पक्षबाट Apparent Mischiets गरी आउँछ भने त्यसलाई सफा हात मान्न सकिन्छ, सकिदैन।

(छ) अदालतको न्यायीक मूल्यांकन गर्ने हकाधिकारलाई कुण्ठीत पार्ने निहित उद्देश्यले तथ्य लुकाएर आएको परिप्रेक्ष्यमा अदालतले कस्तो अवधारणा अवलम्वन गर्नु पर्दछ।

५. उपरोक्त वर्णित बुँदाहरूको सायै सो सँग उठ्ने कुराहरूको निर्क्यौल निकाल्ने क्रममा आफ्नो बहसनोट पेश गरेको छु।

(क) कुनै पनि देशको संविधानको व्याख्याको प्रश्नमा आफ्नै परिवेशलाई बढी आधार लिई अघि बढ्नु पर्दछ र कुनै सैद्धान्तीक अवधारणा स्पष्ट पार्न अन्य

देशको परम्परा र विद्वान्को राय बुझ्ने बाहेक संविधानको व्याख्यामा आफ्नै सामाजिक तथा राजनैतीक परिवेशमा गर्नुपर्दछ ।

(ख) हाम्रो संविधान निर्माणको क्रममा प्रजातन्त्रको बेलायती परिपाटीलाई स्वीकार गरीएको देखिए तापनि धारा ४२ को संरचना जस्ता कुरा हेर्दा हाम्रो संविधानले राष्ट्रपतीय शासनका कुराहरू लगायत West Minister Model लाई समेत मनन गरी आफ्नो परिवेशमा आवश्यक कुराहरूलाई स्वीकार गरीएको पाइन्छ । हामीले नत संसदीय सर्वोच्चता स्वीकार गरेका छौ नत न्यायीक सर्वोच्चता राज्य संचालनको कुरामा शक्तिपृथकीकरणको सिद्धान्त अनुसरण गर्दै हामीले संवैधानिक सर्वोच्चतालाई स्वीकार गरेका छौ । तसर्थ लिखित संविधान नभएको प्रजातान्त्रीक मूल्य र मान्यता तथा अमेरीकी प्रजातान्त्रीक मूल्य र मान्यता हाम्रो अवधारणालाई बढी स्पष्ट बुझ्न मद्दत गरे पनि हाम्रो संविधानको व्याख्या गर्दा हाम्रै संविधानले गरेको व्यवस्थालाई प्राथमिकता दिनु पर्दछ भन्ने कुरामा दुई मत हुन सक्ने अवस्था देखिदैन ।

(ग) यस परिप्रेक्षमा संसदीय व्यवस्था र बहुदलिय शासन प्रणाली निश्चित अवधिको लागी चुनाव भई खडा हुने Political Sovereign जनताको Legal Representative (संसद्) ले आफ्नो तोकिएको समय अगावै आफ्नो अस्तित्व शून्य भएको अवस्था आइ पर्न सक्ने र पुन चुनावमा जान पर्ने अवस्था श्रृजना हुन सक्छ जस्को पछाडीको सैद्धान्तीक अवधारणा हेर्दा 'The reason why the house can in accordance with the Constitution be deprived of power and of existence is that an occasion has arisen or which their is fair reason to suppose that the opinion of the house is not opinion of the electors. A dissolution is in its essence an appeal from the legal to the political sovereign. A dissolution is allowable or necessary , whenever the wishes of the legislature are or may fairly be presumed to be , different from the wishes of the nation. ' Page 43 An Introduction to the study of the law of the constitution - A. V. Dicey 1994 edition ।

यसबाट हेर्दा कुनै पनि संसद् विघटनको पूर्व अवधारणा ताजा जनादेश लिन र वर्तमान संसदले वास्तविक जनइच्छा प्रतिविम्वित गर्दैन भन्ने अवधारणाबाट मात्रै सृजीत हुन्छ ।

(क) यस क्रममा हाम्रो संविधानले स्वीकार गरेको संवैधानिक सर्वोच्चतालाई हेर्दा धारा ४२ को बनोटबाट यो संविधानले संवैधानिक सर्वोच्चता स्वीकार गरेको छ र कुनै पनि संसदको निर्वाचन उप्रान्त कुनै पनि दलले वहुमत नल्याएको अवस्थामा धारा ४२ (२) वमोजिम सवैभन्दा ठूलो पार्टीले सरकार वनाउने

प्रावधानलाई हेर्दा यो धारा ४२ एक पटक चुनाव भएपछि एक पटक मात्रै प्रयोग हुने धारा नभई यो पटक पटक प्रयोग हुन सक्ने धारा हो भन्ने सम्बन्धमा मेरो बहस निवेदन यस प्रकार छ।

(अ) यदि धारा ४२ (२) को प्रयोग भएपछि धारा ४२ (१) को प्रयोग हुन नसक्ने भन्ने कुरा स्वीकार गर्ने हो भने एक पटक धारा ४२ (२) बमोजिम सरकार गठन भए पछि संसदको संरचनामा उप चुनाव आदीबाट हुन सक्ने परिवर्तनले असर पार्दछ कि पार्दैन भन्ने प्रश्न सारगर्भित हुन आउँछ। अर्थात् धारा ४२ (२) बमोजिम सरकार बनेपछि पछिसम्म सोही अवस्था रहने भन्ने तर्क गराइबाट उक्त बृहत दलले उप-चुनाव आदिबाट आफ्नो स्पष्ट बहुमत ल्याउँदा पनि रूप परिवर्तन गर्न नसक्ने अवस्था आउँछ। अर्थात् धारा ३६ (१) बमोजिमको रूप लिन सक्दैन।

(आ) त्यस्तै कुनै पनि सरकारलाई धारा ५९ (२) बमोजिम अविश्वासको मत पेश गरी हटाउन सकिने प्रावधान छ त्यस्तोमा एक पटक धारा ४२ (२) बमोजिम गठन भएको सरकारको विकल्प छैन भन्नु भनेको त्यस्तो सरकारलाई धारा ५९ (२) बमोजिम अविश्वासको मतबाट हटाउन सकिदैन भन्नु हो किनकि धारा ५९ (२) कार्यबाट सरकार परिवर्तन हुन्छ तर संसद् विघटन हुँदैन।

(इ) यसर्थ धारा ४२ (२) बमोजिम गठन भएको सरकारले धारा ४२ (३) बमोजिम विश्वासको मत प्राप्त नगरेको अवस्थामा संसद् स्वतह भंग हुने प्रावधानबाटै एक पटक विश्वासको मत लिइसकेपछि पुनः त्यस सरकारलाई हटाई अर्को सरकार बन्नसक्ने अवधारणा नै हाम्रो संविधानले स्वीकारेको संरचना हो।

(ई) धारा ४२ (२) बमोजिम गठन भएको सरकारले राजीनामा गरी सरकारबाट हट्न चाहन्छ भने के हाम्रो संविधान बमोजिम स्वतः संसद विघठन हुने कुरा स्वीकार गर्दछ। यदि गर्दैन भने धारा ४२ (२) बमोजिम एक पटक सरकार गठन भएपछि पुनः धारा ४२ (१) मा जान सक्दैन भन्नु सरासर गलत देखिन्छ।

(उ) बहुदलीय व्यवस्थामा कुनै पनि दलको बहुमत नआएमा, र हाम्रो जस्ता दल बदल सम्बन्धमा व्यवस्थित प्रकृया हेर्दा संसदमा रहे भएका दलले कुनै बेला कसैलाई कुनै वेला अर्कोलाई विश्वास दिन सक्दछन् र सोही बमोजिम सरकार परिवर्तन हुने प्रजातन्त्रको एक नियमित प्रकृया हो। तसर्थ प्रजातन्त्रमा सरकार परिवर्तन हुन सक्ने संभावनालाई नकार्ने गरी कुनै प्रावधानको व्याख्या गर्न मिल्दैन। तसर्थ धारा ४२ (२) बमोजिम सरकार गठन भए उप्रान्त भनी धारा ४२ (१) वा अन्य धारा ३६ (१)

जस्ता धारा अन्तर्गत सरकार गठन हुन सक्ने संभावनालाई हाम्रो संविधानले नकारेको छैन ।

(ख) अब संविधानको धारा ५३ (३) को प्रयोग उप्रान्त कार्य भए पछि ५३ (४) को प्रयोग हुन सक्छ वा सक्दैन भन्ने तर्फ प्रवेश गर्दा संविधानको सबै धारा समान हुन्छन् र संविधानमा स्पष्ट व्यवस्था भएको बाहेक संविधानमा सबै धारा सकृय हुन्छन् र विशिष्ट तवरबाट अवलोकन गर्ने हो भने संविधानको धारालाई पनि २ भागमा बाँड्न सकिन्छ ।

(क) सामान्य (ख) विशेष

नियमित प्रकृयाको रूपमा प्रयोग हुने धारालाई सामान्य धाराको रूपमा वर्गिकरण गर्न सकिन्छ भने विशेष परिस्थिती अवस्थामा मात्रै प्रयोग हुने धारालाई विशेष धारा भनेर भन्न सकिन्छ ।

(अ) यस अवस्थामा धारा ५३ (३) र ५३ (४) दुवैलाई विशेष धाराको रूपमा संबोधन गर्न सकिन्छ । यस्तोमा प्रत्यर्थी प्रधानमन्त्रीले आफ्नो लिखित जवाफको पृष्ठ ६ मा उल्लेख गरे बमोजिम जुन धाराको सकृयताको परिणाम अगाडि निसृत हुन्छ सो परिणामले अन्य प्रावधानको सकृयताको परिणामलाई प्रभाव पार्न सक्दछ भन्नु एक धाराले अर्को धारालाई निष्कृय पार्न सक्छ भन्नु हो ।

(आ) वास्तवमा मैले बुझेसम्म प्रत्यर्थी प्रधानमन्त्रीले जतिसुकै कुरा लेखे पनि धारा ५३ (३) बमोजिम सरकारलाई अविश्वासको प्रस्ताव पेश गर्न बैठक आव्हान गरी सोको प्रकृया आरम्भ भइ सकेपछि आफूलाई हटाउने कार्य शुरू संसदले गरिसकेपछि त्यो संसदलाई नै शून्यमा परिणत गर्ने कार्य गर्नु गलत तथा असंवैधानिक मात्र नभई निन्दनिय समेत देखिन आउँछ । यदि यस प्रकारले धारा ५३ (४) को प्रयोग गर्ने हो भने धारा ५९ (२) लाई संविधानमा मृत धाराको रूपमा राखे हुन्छ । प्रत्यर्थीले भनेको कुरा त एक प्रकृया सामान्य धाराबाट अघि बढेको छ र त्यतीकैमा विशेष धारा प्रयोग भई त्यसको परिणामले सृजना गरेको नतिजा तर्फमात्र प्रासंगिक हुन्छ ।

(इ) संसद विघटनको अवधारणा तर्फ हेर्दा पनि :

It must be emphasized, however that a govenment is not in any case entited to a dissolution as ' Undefeted an critical divisions,' merealy because an impending critical division has not taken place. If a motion of censure or want confidence is under debate but has not yet been voted on, and the cabinate tries to forestall a probable or even possible

defeact by asking for dissolution , then it is clearly the Crown's duty to refuse'. P. 263 The Royal Power Of dissolution of Parliament In The British Commenwealth By - E .A. Forsey. त्यस्तै सोही किताबको पृष्ठ २६९ मा उल्लेखित सातौं बुँदा '.. If a government asks for dissolution while a motion of cunsure is under debate, it is clearely the Crown's duty to refuse.' र पृष्ठ २१ मा उल्लेखित ' To grant the principal that a government had a right to dissolution on demand would deprive parliament of its independence. The cabinet would become . ' The master of parliament instead of the servant of Crown'.

उपरोक्त बुँदाहरूमा अन्तरनिहित सैद्धान्तीक अवधारणाबाट हेर्दा पनि धारा ५३ (३) को प्रयोग उप्रान्त धारा ५३ (४) को प्रयोग हुन नसक्ने स्पष्ट छ ।

(ग) धारा ५३ (४) मा उल्लेखित प्रधानमन्त्रीको अधिकार Absolute हो कि केही निश्चित अवधारणाको दायराभित्र Conditional छन् । उपरोक्त प्रश्नको सम्बन्धमा हेर्दा संसद्को विघटन के कुन अवस्थामा हुन्छ भन्ने सैद्धान्तीक कुरा सर्वप्रयम उल्लेखनिय हुन्छ । त्यसतर्फ अघि बढ्दा "An Appeal to the people is not necessarily democratic, it may be merely demagogic, pseudo - democratice, even anti - democratic " P. 8 Forsey .

(अ) वास्तवमा भन्ने हो भने धारा ५३ (४) को अधिकार निर्वाघ रूपले काम गर्न पाउँने प्रधानमन्त्रीमा मात्र अवस्थित अधिकार हो यदि प्रत्यर्थी प्रधानमन्त्रीको लिखित जवाफको पृष्ठ ६ को प्रकरण २ मा उल्लेख भए बमोजिम प्रधानमन्त्री भन्ने शब्दले एकै अर्थ लाग्दछ भने देहायको अवस्थाको प्रधानमन्त्रीले विघटनको सिफारिश गर्न पाउँने कि नपाउँने ।

(क) कुनै प्रधानमन्त्री संसदको सदस्य हुन धारा ४७ को योग्यता पुगेको छैन भनि विवाद उठी धारा ४८ बमोजिम निर्णय हुन बाँकी रहेको अवस्थाको प्रधानमन्त्री ।

(ख) धारा ३६ (७) बमोजिमको प्रधानमन्त्रीले चुनावमा आफ्नो बहुमत नआई पुन: विघटनको सिफारिश माग गर्ने प्रधानमन्त्री ।

(ग) धारा ५९ (२) बमोजिम अविश्वासको प्रस्ताव पारीत भई धारा ३६ (५) बमोजिम पदमुक्त प्रधानमन्त्री ।

(घ) धारा ४२ (१) बमोजिम गठीत प्रधानमन्त्रीले धारा ४२ (३) बमोजिम समर्थन प्राप्त नगरेको प्रधानमन्त्री ।

(ङ) राजीनामा दिई धारा ३६ (७) को अवस्थामा रहेको प्रधानमन्त्री।

(च) कुनै बहुमत प्राप्त पार्टीको संसदीय दलको नेता भई धारा ३६ (१) बमोजिम नियुक्त प्रधानमन्त्रीलाई सम्बन्धित पार्टीबाट निस्काशीत भएको प्रधानमन्त्री।

(छ) बहुमत प्राप्त दलको संसदीय दलको नेताबाट हटाइएको प्रधानमन्त्री।

(ज) धारा ४२ (१) बमोजिम २ वा २ भन्दा बढी पार्टीद्वारा मिलिजुली सरकार बनेको अवस्थामा अन्य पार्टीले आफ्नो समर्थन झिकी अर्को प्रतिपक्षलाई दिई मन्त्रीमण्डलबाट पनि निस्किएको अवस्थाको प्रधानमन्त्री।

(झ) अविश्वासको प्रस्ताव पर्ता भएको प्रधानमन्त्री।

उपरोक्त माथि लेखिएको विभिन्न अवस्थाका प्रधानमन्त्रीहरू पनि संविधान बमोजिम प्रधानमन्त्री हुन्छ र धारा ५३ (४) ले ती प्रधानमन्त्रीको हकमा छुट्टै व्यवस्था गरेको छैन। त्यसको मतलव ती प्रधानमन्त्रीले पनि धारा ५३ (४) को अधिकार प्रयोग गर्न पाउँछन् भनि हेर्दा निश्चय नै पाउँदैनन भन्ने बाहेक अन्य विकल्प छैन।

(आ) त्यस्तै धारा ५३ (४) को अधिकार प्रयोग गर्ने प्रधानमन्त्रीको अगाडि सैद्धान्तीक पुर्वाअवस्था के के हुन सक्छ भनि हेर्दा देहायका अवस्था उल्लेखनिय हुन आउँछ।

(क) वैकल्पक सरकार बन्न सक्ने संभावना नहुने।

(ख) राज्यले आर्थिक भार व्यहोर्न सक्ने अवस्था।

(ग) जनताको भावना वर्तमान संसद्बाट प्रतिविम्व हुन नसक्ने विश्वास।

(घ) संसदले आफ्नो नर्यां जीवन प्राप्त गरेको धेरै समय भई सकेको अर्थात संसदको संरचना जनताको Fresh Opinion होइन।

(क) David Butler's Governing without majority नामक पुस्तकको अध्ययन गर्ने हो भने उक्त पुस्तकको च्याप्टर ७ मा यस सम्बन्धमा उल्लेख गरीएको छ र भनिन्छ 'Sir Alen Lascelles, writing over the signature 'Serex' argued that it would be right to refuse a request for dissolution if it was apparent that an alternative government could command a majority in the commons.' Page 125.

'However Anson would have joined later writer such as professor de smith who in 1969 was arguing that the sovereign can refuse a request for dissolution if there are substantial grounds for believing that a stable government can be formed without an election.' Page 124.

'.. to put its subjects to the turmuit and turmoil aseries of general election so long as it can find other ministers who are prepared to give contrary advice' . Page 126

'The first ten years of the Australian Common Wealth saw three refusals of dissolutions by the governor General on the grounds that alternative governments were available in the federal parliament.' P. 127.

'General Hertzog when sought a dissolution The Governal General Sir Patrick Duncun refused, knowing that a majority of the house and of the cabinet were opposite.' P. 128.

'It would surely be wroung for a minority party in a new parliament to inflict another election on the people if the parliament did contain a viable majority.' P. 131.

उपरोक्त उल्लेखित बुँदाहरूको आधारहरूमा हेर्दा स्पष्ट रूपमा यो नतिजा निकाल्न सकिन्छ कि यदी विद्यमान संसदबाट वैकल्पिक सरकार बन्न सक्दछ भने त्यस्तो अवस्थामा संसद विघटनको सिफारिश कानून संगत मानिन्दैन ।

(ख) राज्यलाई पर्ने आर्थिक भार पनि विघटन पूर्व सोच्नु पर्ने कुरा हो । नेपाल जस्तो गरीब देशमा प्रजातन्त्रको पुनरस्थापना उप्रान्त भएको प्रतिनिधिसभा पटक पटक विघटन हुन र चुनाव भएको छ महिनामा नै विघटन हुनबाट एकातिर प्रजातन्त्र प्रति वितृष्णा उत्पन्न हुन जान्छ भने अर्को नेपाली जनता अती अल्प विकसीत देशहरूको फिहरीस्तमा भएको देशमा निर्वाचनको लागि प्रत्यक्ष र अप्रत्यक्ष गरी अर्थात् सरकारी क्षेत्रबाट र सम्बन्धित पार्टीहरूको स्तरबाट गरी अरबौं रूपैयाँ खर्च गर्दा देशको मुद्रा प्रदाय मुद्रास्फिती र विकासमा बाधा हुने हुँदा आफ्नो राष्ट्रले धान्न सक्नेसम्मको कार्य राष्ट्रबाट हुनु पर्दछ ।

(ग) यसरी मध्यावधि गर्दै जानु भनेको त घर बालेर खरानीको दु:ख छैन भने जस्तो हुन्छ । राष्ट्रको ढुकुटी रित्याई प्रजातन्त्रको जगेर्ना जनमतको कदर जनमतको आव्हान भन्नु राष्ट्र नै नरहने अवस्थासम्म राज्यलाई पुऱ्याएर ती खोक्रो नारा र राजनैतिक पर्चावाजिले राज्यलाई कता पुऱ्याउँछ यहाँ उल्लेख गरी रहनु पर्ला जस्तो लाग्दैन ।

(घ) जनताको भावना वर्तमान संसदबाट प्रतिविम्व हुन सक्दैन भन्ने विश्वास पनि मध्यावधिको लागि पुर्वाधार हो। जब हामी जनतालाई सार्वभौम मान्दछौ भने तिनले दिएको मूल्य र मान्यताभित्र बस्ने कि उक्त मूल्य र मान्यता आफ्नो अनुकुल भएन भने पुनः पुनः तिनकै लागि भन्ने खोक्रो नारामा मध्यावधिमा जाने।

१. वर्तमान संसद् केवल ६ महिना अघि मात्र भएको चुनावको उपज भएको र जनतालें आफ्नो भावना व्यक्त गरी कुनै पनि दललाई बहुमत दिन राष्ट्रको हितमा नहुने कुरा मनन गरी विगतको कांग्रेसी बहुमतको अवस्थालाई समेत विचार गरी राष्ट्रिय सहमती नै नेपालको एक मात्र वान्छनिय आवश्यक्ता मानि संसदको संरचना गरेकोमा संसदले पहिलो ६ महिना अर्थात् एक आर्थिक वर्ष समेत पनि व्यतीत नगर्दै मध्यावधिमा धकेलेबाट वर्तमान संसद्ले जनभावना प्रतिविम्व गर्न सक्दैन वा गर्दैन भन्ने तर्फ स्वीकार्न अफठ्यारो परिरहेको छ।

२. सामयीक चुनाव प्रजातन्त्रको अपरीहार्यता हो किनकि ताजा जनइच्छा प्रजातन्त्रको लागि आवश्यक छ। तर यस्को अर्थ यो होइन कि ताजा जन इच्छाको नाउँमा राष्ट्र तहस नहस गर्ने र ताजा जनइच्छा अभिव्यक्त गर्ने संसद्लाई नै आफ्नो अनुकूल नभएको कारणबाटै विघटन गर्ने।

(ङ) उपरोक्त भनाईहरूका आधारमा हेर्दा संविधानको धारा ५३ (४) को व्यवस्था वारे संविधान मै कुनै पूर्व अवस्था व्यक्त नभएता पनि यो संसारमा हाम्रो मात्र देशमा भएको नभई अन्त के कस्तो परिपाटी अपनाउँछन् भन्ने हेर्दा सिक्दा संसद् विघटन भनेको कुनै जादुगरले जादु देखाउने नभई एक राजनेताले आफ्नो देशको विभिन्न परिवेसलाई मनन गरेर गर्ने कुरा हो। उक्त कुराहरू राजनेताले विचार गर्दैन भने न्यायीक मुल्यांकन हुनु पर्दछ। न्यायीक मुल्यांकन गर्ने क्रममा राजनैतिक विषयको सन्नीकट पुगीन्छ भन्ने भरमा मात्रै न्यायलय जन चासोको विषयमा पर बस्न सक्दैन। यस सम्वन्धमा न्यायाधिश भगवतीको भनाई सान्दर्भिक हुन आउँछ।

"Merely because a question has a political complexion, that by itself is no ground why the court should shrink from performing its duty under the constitution if it raises an issue of constitutional determination. Merely because a question has a political colour the court can not folds it hands in despair and declare judicial hands off ". P. 4, Suprem Court Case 1994.,3

यस प्रकार हेर्दा धारा ५३ (४) कसैको निजि सम्पत्ती सरह प्रयोग गर्न पाउँने प्रावधान होइन यस्का आफ्नै सैद्धान्तीक पुर्वाधारहरू छन् ।

(घ) अब धारा ५९ (२) शसक्त धारा हो कि यस्को प्रयोगमा अन्य धाराले निष्कृय गराउँन पाउँछ भन्ने तर्फ लाग्दा प्रजातान्त्रीक मूल्य र मान्यतातर्फ हेर्दा संसदप्रति जिम्मेवार सरकार आवधिक चुनाव र सरकारलाई हटाउँन सक्ने शस्त्रको रूपमा रहेको धारा ५९ (२) प्रजातान्त्रीक व्यवस्थाको मूल धाराहरू हुन् । यस्तोमा त्यस प्रकारको धाराको प्रयोगमा कुनै पनि अवस्थामा अन्य धाराले वाधा हाल्न पाउँदैन ।

(अ) यदि प्रत्यर्थी प्र.मं. को लिखित जवाफलाई स्वीकार्ने हो र वर्तमान विघटनलाई कानूनी मान्यता दिने हो भने स्पष्ट रूपमा धारा ५९ (२) को मृत्यु हुन्छ । संविधान निर्माताले त्यस प्रकार संवैधानिक व्यवस्थालाई मृत्यु शैयामा पुऱ्याउने उद्देश्यले उक्त धाराको बनौट गरेको होइन ।

(आ) यस्तोमा मिति २०५२।२।२५ मा धारा ५३ (३) अनुसार सरकार उपर अविश्वासको प्रस्ताव पेश गर्न समावेदन पेश गरी संसदको आव्हान समेत भई सकेकोमा मैले मध्यावधिको सिफारिश गरी सकेपछि संसद्मा दर्ता भएको अविश्वासको प्रस्ताव भनी पानी माथि ओभानो हुने बालकिय तर्क पेश गर्दैमा धारा ५९ (२) को अधिकारबाट संसदलाई वन्चीत गराउँन पाइने देखिदैन ।

(इ) तसर्थ धारा ५९ (२) को अवधारणा सरकारलाई नियन्त्रित गर्ने संवैधानिक प्रावधानलाई शसक्त राख्ने हो भने धारा ५९ (२) को लागि कार्य प्रारम्भ भईसकेपछि धारा ५३ (४) को प्रयोग गैर संवैधानिक छ ।

६. अब प्रत्यर्थीहरूको लिखित जवाफ तर्फ हेर्दा प्रधानमन्त्रीले सर्व प्रथम त आफ्नो नैतिकतालाई धारासाहि गर्दै आफूले पत्रकार सम्मेलन गर्दै पेश गरेको र गो.प., ने.टी.भि. र रेडीयोवाट समेत सार्वजनीक गरी सकेको सिफारिशलाई लिखित जवाफको पृष्ठ १० मा होइन भनि आफ्नो अनैतिक व्यवहारको प्रदर्शन गर्नु भएको जस्लाई Fraud to the court and public भन्न सकिन्छ । यस प्रकार अदालतलाई गुमराहमा राख्ने कलुसीत भावनाले प्रधानमन्त्री आउँनुबाट नै बदनियत स्पष्ट हुन्छ । बदनियत भन्ने कुरा भौतीक कुरा नभई समयको अन्तरालमा गरीएका भनिएका कार्यबाट खुल्ने कुरा हो ।

७. जब प्रधानमन्त्रीले आफ्नो सिफारिश धारा ५९ (२) को प्रयोजनको लागी धारा ५३ (३) को कार्य शुरू भई सकेपछि गर्नु हुन्छ र सो सिफारिश गर्दा एक मात्र आधारको रूपमा धारा ५३ (३) लाई लिनु हुन्छ भने मैले रीट निवेदनमा उठाइएका आधारहरू आज पनि घाम जस्तै बदनियत पुष्टि गर्न छर्लङ्ग भई रहेको पाइन्छ ।

८. यसै परिप्रेक्षमा धारा ४२ (२) बमोजिमको सरकारको विकल्प नहुने, मलाई बर्ज पेश गर्न नदिने, मेरो सरकारले जनहितको काम गरेबाट विचलित भई भन्ने जस प्रधानमन्त्रीको सिफारिशमा भएको कुरा रीट निवेदन साथ पेश गरेकोमा प्र.मं. स्वीकार नगरे पनि अभिलेखको रूपमा रहेका ती कुरा प्रमाण ऐन २०३१ को दफ १३ बमोजिम प्रमाण योग्य रा.स.स.को बुलेटीन समाचारबाट प्रेसीत गो.प. व प्रतिलिपिहरू र मुख्य सचिवको लिखित जवाफबाट ती कुराहरूको पुष्ट्याई भ रहेको देखिन्छ।

९. त्यस्तै एकातिर म र श्री ५ बीचको पत्राचार उन्मुक्ति प्राप्त विषय हो भने राजनैतिक विषयमा अदालतले प्रवेश गर्न नहुने भन्ने प्रधानमन्त्रीले आफ्नो लिखित जवाफमा आफ्नो गाउँ आफै बनाऔ लगायत सम्पूर्ण राजनैतिक कुराहरू उल्लेख गरी दस्तावेज पेश गर्नुबाट प्र.मं. दुई नाउमा रहनु भएको देखिन्छ।

१०. यस्तै विषयसँग सम्बन्धित मुद्दामा स.अ. बृहत बेन्चले अपनाई आएको सिद्धान्त बदनियत देखिन आएमा अदालतले न्यायीक मुल्यांकन गर्न सक्ने सिद्धान्त र धारा ३१ को प्रतिबन्धात्मक बांक्यांशबाट संवैधानिक राजतन्त्र भएको मुलुकमा राजाबाट भएको कार्य जस्को सिफारिशबाट भएको हुन्छ उस्को नाउँमा आदेश जारी हुने गरी न्यायीक मुल्यांकन हुनसक्ने सिद्धान्त समेतलाई अनुशरण गर्दै प्रस्तुत विघटनको सिफारिश बदरभागी देखिन्छ।

११. प्रत्यर्थीले प्र.मं. को विशेषाधिकार भन्ने र बेलायती परम्परालाई उल्लेख गर्ने कार्य भए तापनि बेलायतमा सिफारिशविना विघटन नहुने र कुनै बेला राजाबाट विघटन गराउँन सकिने कुरा समेत विवेचना भएको परिप्रेक्षमा हामीकहाँ धारा ४२ (४) को व्यवस्था हेर्दा विना सिफारिश भंग समेत हुन सक्ने हाम्रो संवैधानिक प्रावधान हेर्दा एकातिर बेलायती परम्पराले हामीलाई विषयवस्तु बुझ्न मात्र मद्दत गर्दछ भने अर्कोतिर नैतिकता र राजनैतिक श्रेष्ठताको विशिष्ठ स्थानमा रहेको बेलायती परम्परा आफूले पत्रकार सम्मेलन गरी वितरीत सामग्री र रेडीयो टेलिभिजन लगायत सरकारी समाचारपत्र समेतबाट प्रचार-प्रसार भएको चिज समेत होइन भन्ने समेतका अनैतिक लिखित जवाफ हेर्दा यी दुई समूहका राजनेताको भनाई समेतलाई त्यसै परिप्रेक्षमा हेर्नुपर्ने हुन्छ।

१२. तसर्थ प्रस्तुत बहसनोटमा आफूले निवेदनमा विवेचना गरेको कुरालाई पुनरावृत्ती नगरी मूलभूत कुराहरू विवेचना गरेको छु र सोको बहसमा उठाएको बुँदाहरू समेतको आधारमा प्रत्यर्थी प्र. मं. बाट भएको गैरसंवैधानिक तथा बदनियतपूर्ण सिफारिशको आधारमा भएको विघटन बदरभागी हुँदा बदर योग्य छ।

१३. प्रस्तुत निवेदनमा निर्णय हुँदा संसदको सभामुखले पेश गर्नुभएको लिखित जवाफले पनि केही सत्य तथ्य उजागर गरेको कुरा यहाँ उल्लेख गर्न प्रासंगीक ठानेको छु।

१४. यसै सन्दर्भमा प्रस्तुत मुद्दामा निर्णय गर्नुपर्ने मुख्य बुँदाको रूपमा इजलाशबाट समेत देखाईएका निम्न बुँदाहरूको हकमा प्रवेश गर्दा:

(क) धारा ५३ (४) अन्तर्गतको श्री ५ को अधिकार स्वविवेकी अधिकार हो कि होइन।

(ख) धारा ४२ (२) अन्तर्गत गठीत मन्त्रीपरिषदले ४२ (३) अन्तर्गत विश्वासको मत प्राप्त गरिसकेपछि ४२ (१) अन्तर्गत पुनः मन्त्रिपरिषद् गठन हुन सक्छ सक्दैन।

(ग) धारा ५३ (३) बमोजिम अविश्वासको प्रस्ताव पेश गर्ने विशेष अधिवेशन बोलाई सकेपछि ५३ (४) बमोजिम विघटनको सिफारिश गर्न मिल्छ मिल्दैन।

(घ) बर्तमान प्रधानमन्त्रीको प्रतिनिधिसभा विघटन गर्ने सिफारिश बदनियतपुर्ण तथा दुराशययुक्त छ कि छैन।

क.१ धारा ५३ (४) मा ॥ श्री ५ बाट सकिवक्सनेछ ॥ भन्ने शब्दबाट स्वविवेकीय अधिकार हो कि होईन भन्ने तर्फ हेर्दा धारा ३५ (२) प्रासंगीक हुन्छ भने संविधानमा श्री ५ ले गर्ने कार्यका सम्बन्धमा प्रयोग भएका अन्य शब्दहरू पनि हेर्नु पर्छ जस्को तालिका यसै बहसनोट साथ पेश गरेको छु।

क.२ यस परिप्रक्षमा हेर्दा स्वविवेकीय अधिकार नहुने भए सकिवक्सनेछ भन्ने नभई गरिवक्सनेछ भन्ने नै प्रयोग हुन्यो तसर्थ श्री ५ को स्वविवेक स्पष्ट रूपमा छैन भन्न सकिदैन। संविधानमा प्रयोग भएको विभिन्न शब्दको एकै अर्थ लाग्ने संभावना हुदैन। जब यहि संविधानमा गरिवक्सने शब्दको प्रयोग गर्न सक्नेले सकिवक्सने भन्ने शब्द त्यसै प्रयोग गरेको होईन तर अब प्रश्न आउँछ यो सकिवक्सनेको दायरा कती त भन्दा धारा ३७ मा उल्लेखित अवधारणा र धारा ४३ मा उल्लेखित सिद्धान्तको दायराभित्र मात्रै Latitude दिएको मान्नु पर्छ। अर्थात संविधानले स्वीकार गरेको परिकल्पना भित्र रही स्वविवेक प्रयोग गर्नुपर्दछ त्यो स्वविवेकीय अधिकार असिमित चाहिं होइन।

क.३ तर प्रस्तुत मुद्दामा यो स्वविवेकीय अधिकारको रूप निर्णय गर्नु पर्ने विषयमा त्यति बढी आकर्षित देखिन्न किनकि यो मुद्दामा प्रधानमन्त्रीको सिफारिश गैर संवैधानिक र दुराशययुक्त भन्ने विषय भएकोले उक्त कार्य वदरभागी छ कि छैन भन्नेसम्म निर्णय गर्ने हो नकी राजाले स्वविवेक प्रयोग गरेको कारणबाट सिफारिशको अवैधानिक अस्तित्वले रूप परिवर्तन गर्न सक्दैन।

ख.१ धारा ४२ (२) अन्तर्गत सरकार बनेपछि धारा ४२ (१) बमोजिम सरकार बन्न सक्छ कि सक्दैन भन्ने तर्फ जाँदा माथि उठाइएको

बुँदाहरूको अतिरीक्त ४२ (१) मा जान सक्दछ भन्ने नै मेरो अवधारणा हो ।

ख.२ यस्को पुष्ट्याईं के त भन्दा धारा ४२ (१) बमोजिम सरकार बने पछि ४२ (३) बमोजिम विश्वासको मत प्राप्त भएन भने के हुन्छ भन्ने संविधानमा जवाफ छैन तर ४२ (२) को प्रयोग हुन सक्छ भन्ने अवधारणा हामी मान्दछौ । त्यस्तै ४२ (४) मा प्रयोग भएको ४२ (२) को अर्थले गर्दा ४२ (४) को प्रयोग ४२ (२) बमोजिम गठीत सरकारले ४२ (३) बमोजिम विश्वासको मत प्राप्त नगरेमा मात्र हुन्छ । एक पटक ४२ (३) को विश्वास प्राप्त भइसकेपछि ४२ (४) को कुनै प्रयोग देखिदैन ।

ख.३ एक पटक धारा ४२ (२) बमोजिमको सरकार बनिसकेपछि धारा ४२ (३) को विश्वास प्राप्त भइसकेपछि कुनै कारणवस त्यो सरकार हट्छ भने पुन: ४२ (१) को प्रयोग हुन्छ अर्थात धारा ४२ एक पटक चुनाव भएपछि मात्र प्रयोग हुने धारा होइन ।

ख.४. प्रधानमन्त्रीले हाल प्रयोग गरेको प्रक्रियाबाट धारा ५३ (४) प्रयोग गर्ने हो भने त अल्पमतको सरकारको विकल्प नहुने तर बहुमतको सरकारको विकल्प हुने कुरा आउँछ ।

ग.१. धारा ५३ (३) बमोजिम विशेष अधिवेसन बोलाई सकेपछि धारा ५३ (४) बमोजिम विघटन हुन सक्दछ वा सक्दैन भन्ने सम्बन्धमा माथि उल्लेख गरे बाहेक देहायका कुराहरू उल्लेख गर्न चाहन्छु ।

In addition to the reasons already given against allowing a Government against which a motion of censure is pending to cut off discussion br dissolving Parliament, there is another, far more fundamental. The value of having a House of Commons at all will be, to say the least, very seriously reduced, if its discussions of the conduct of government are liable to be cut short at any moment at the whim of a Cabinet which happens to find them inconvenient. If a cabinet really wants to meet and refute criticism, the House of Commons is the place to do it. ' For on the floor the House there can be real debate, real question and answer.... But in the hurly-burly of a modern election there is little or no possibility of any fair or clear presentation of evidence on either side. If we have not some preliminary procedure ensuring the orderly presantation

and sifting of evidence for the benefit of the public, a modern general election becomes a vulger perversion of the democratic process'. Parliamentary debate may not be the ideal method of arriving at abstract truth. But it is at least a better method than debate on the husting without previous parliamentary debate. And Parliamentary debate which may be abruptly cut short whenever it shows signs of causing the Government any embarrassment will not be worth much. p. 180, FORSY.

उपरोक्त भनाइबाट के स्पष्ट हुन्छ त भन्दा व्यवस्थापिकालाई आफ्नो कार्यमा अवरूद्ध हुने गरी आफ्नो उद्देश्य प्राप्तीको लागि प्रयोग गर्न नपाइएको कारण बाट भंग गर्न मिल्दैन ।

ग.२ धारा ५३ (३) को प्रयोग भई सकेपछि धारा ५३ (४) को प्रयोग भनेको त आफ्नो अस्तित्व खतरामा देखेपछि बाघ बनाउँने ऋषीलाई नै खाने बाघको दुर्दशा जस्तो मात्र हुन्छ । पुन: मुसीको भव: भन्ने भनाई याद आउँछ ।

ग.३ आफुलाई बनाउँन सक्नेले हटाउँन चाहन्छ भने उस्लाई हटाउँन सक्ने अधिकारको प्रयोगमा बाधा हाल्न खोज्नु नै पनि दुराशयको शुरूआत हो ।

घ.१ वर्तमान प्रधानमन्त्रीको दुराशय, बद्नियत छ कि छैन भन्ने तर्फ हेर्दा ५३ (घ) बमोजिम आफू उपर अविश्वासको प्रस्ताव पेश भएपछि सोही कारणबाट उत्प्रेरीत भई ४२ (२) को सरकारको विकल्प नभएको जस्ता गैर संवैधानिक कुरा उल्लेख गर्दै आफुले पत्रकार सम्मेलन गरेको तथा सरकारी संचार माध्यमबाट प्रचारप्रसार समेत भएको कुरालाई अदालतमा समेत झुठो बोली निर्णयार्थ प्रस्तुत हुन आएको मुद्दामा दुराशय बाहेक केहि पनि छैन भन्नमा दुईमत देखिन्दैन ।

घ.२ दुरासय र वदनियत भनेको भौतीक रूपमा देखिने कुरा होईन यो त विभिन्न तथ्यहरूको नियमितता र तथ्यहरूको क्रमको आधारमा निर्णय हुने कुरा हो ।

घ.३ वर्तमान सरकार आफू अल्पमतमा भएको जुन कुरालाई वर्तमान अर्थमन्त्रीले आफ्नो बजेट भाषणमा समेत स्वीकार गर्नु भएको छ भने यस परिप्रेक्षमा अल्पमतमा भएको सरकारले आफ्नो अल्पमतको अवस्थालाई हेर्दै -

.....all authorities agreed that frequent and sudden dissolutions were bad. It was necessary that there should be some great question of public policy at issue before dissolution could properely be asked for . It is not considered a legitimate exercise of the prerogative to dissolve simply for the purpose of strengthening a party which has lost its majority in the house.' P. 21 FORSEY.

मा व्यवस्थित सैद्धान्तीक अवधारणालाई समेत हेर्दा राष्ट्रको मागको विपरीत आफ्नो निजि स्वार्थको लागि भएको उक्त कार्य, वैकल्पिक सरकार दिन सक्ने प्रतिनिधिसभा हुँदाहुँदै सत्ता लिप्साबाट प्रेरीत भई भएको विघटन दुरासय बाहेक केही हुन सक्दैन ।

१५. प्रस्तुत बहसनोट लेख्दा निम्न सामाग्रीहरूलाई मुलाधार बनाएको कुरा समेत सादर जानकारी गराउँदछु ।

1 O Hood Philips, Constitutional and administrative law , 1978.

2 The King and his dominion Governors - Herbert Vere Evatt 1967.

3 The Privileges and rights of the Crown - A. Berriedale Keith, 1936.

4. The theory and practice of dissolutions of parliament - B. S. Markesinis , 1972.

5. Governing without majority - David Butler - 1992.

6 Royal power of dissolutions of parliament in the British Common wealth - Forsey E. A., 1943.

7. An introduction to the study of the law of the constitution - A. V. Dicey - 1994.

8. A I R , S C C . and various Journals and articles.

लिखित वहसनोट

प्रस्तुतकर्ता

अधिवक्ता सुशिलकुमार पन्त

प्र.प.नं.६०२

इति सम्वत् २०५२ साल श्रावण १ गते रोज २ शुभम् .....

सर्वोच्च अदालतमा चढाएको लिखित बहसनोट

बैतडी जिल्ला घर भै रा.प्र.पा. का विघटित प्रतिनिधिसभाका संसदीय दलका नेता श्री लोकेन्द्रबहादुर चन्दका तर्फबाट मुकरर कानून व्यवसायी अधिवक्ता निरन्जनकुमार थापा लाईसेन्स नं. ७२१ .....

विपक्षी

सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारीसमेत .....प्रत्यर्थी

म लिखित वहसनोट प्रस्तुतकर्ता सर्वोच्च अदालत नियमावली वमोजिम निम्नलिखित कुरामा निम्न लिखित वहसनोट पेश गर्दछु ।.....सम्मानित सर्वोच्च अदातल समक्ष परेको प्रस्तुत रिट निवेदन र लिखित जवाफहरूवाट सम्माननीय प्रधानमन्त्रीद्वारा प्रतिनिधिसभा विघटनको लागि चढाइएको सिफारिश र निजको सिफारिशमा श्री ५ वाट मिति २०५२।२।३० मा प्रतिनिधिसभा विघटन गरिएको कार्य संविधान सम्मत छ छैन ? भन्ने मूलभूत प्रश्न रहेको मैले ठानेको छु। तसर्थ मेरो सम्पूर्ण वहस नोट यस प्रश्नमा नै सीमित राखेको छु ।

१.१ नेपाल अधिराज्यको संविधान २०४७ को संवैधानिक सर्वोच्चताको सिद्धान्तलाई आत्मसात गर्दै वालीग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढ गर्ने कटिवद्धता व्यक्त गरेको छ । यस संविधानले संवैधानिक राजतन्त्रको उद्‌गम स्रोतको रूपमा रहेको वेलायती शासन प्रणालीका आधारभूत मान्यतलाई लिखित रूपमा स्वीकार गरेको वाट नै संवैधानिक सर्वोच्चताको दावी यहाँनेर गरिएको हो । निर्वाचित राट्रपति तथा कन्भेन्सका आधारहरूमा संचालित संवैधानिक राजतन्त्रभन्दा भिन्न संविधानको अक्षरहरूले डोऱ्याएको संवैधानिक राजालाई राष्ट्रप्रमुखको रूपमा स्थापित गरेको यो संविधानले कतिपय अवस्थामा आफ्नो छुट्टै स्वतन्त्र तथा मौलिक स्थान ग्रहण गरेको छ भन्ने कुरा सर्वप्रथम सम्मानित ईजलाशलाई अनुरोध गर्न चाहान्छु ।

१.२ नेपाल अधिराज्यको संविधानको धारा ८८(२) ले सार्वजनिक सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्न निरोपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्न सक्ने गरी सम्मानित सर्वोच्च अदालतलाई व्यापक रूपमा पुनरावलोकन गर्ने आधकारिकता प्रदान गरेको छ । तसर्थ सम्मानित सर्वोच्च अदालतले संविधानको अन्तरनिहित मर्मको रक्षा गरी अभिभावकीय दायित्व निर्वाह गर्नु पर्ने अपरिहार्यता देखापरेको सन्दर्भतर्फ सम्मानित ईजलासको ध्यान आकर्षण गराउन चाहान्छु ।

१.३. संविधान अन्तरनिहित मर्मको रक्षा गरी अभिभावकीय दायित्व निर्वाह गर्ने प्रयोजनका लागि सम्मानित अदालतले संविधानमा प्रयुक्त शव्दको सामान्य अर्थमा मात्र सीमित नरही संविधान निर्माणको पृष्ठभूमि, संविधान आयोगभित्रको छलफल र मुलुकले आत्मसात गरेको राजनैतिक पद्धतिको भविष्य समेतलाई संविधानको सम्वन्धित धाराको व्याख्याको आधार वनाइनु पर्दछ भनी सादर अनुरोध गर्दछु ।

उपर्युक्त संविधानको आधारभूत मान्यताहरूको परिप्रेक्ष्यमा प्रस्तुत विवादको सन्दर्भमा निम्न आधार र कारणहरूबाट सम्माननिय प्रधानमन्त्री मनमोहन अधिकारीले मिति २०५२/२/२६ मा प्रतिनिधिसभा विघटन गरी पाउन संविधानको धारा ५३ (४) अन्तर्गत श्री ५ महाराजाधिराजसमक्ष गर्नुभएको सिफरीश असंवैधानिक भएको दावी गर्दछु ।

२.१ नेपाल अधिराज्यको संविधानको धारा ५३(४) अन्तर्गत प्रतिनिधिसभाको विघटनका लागि श्री ५ समक्ष सिफारिश गर्ने प्रधानमन्त्रीको विशेषाधिकार भएको भन्ने कुरा रिट निवेदक हरिप्रसाद नेपाल विरूद्ध सम्माननीय प्रधानममन्त्री गिरिजाप्रसाद कोईरालासमेत भएको २०५१ सालको रिट निवेदन २३०४ को मुद्दामा अभिव्यक्त भइसकेकोले यस सम्बन्धमा अब कुनै अन्यौल रहेको छैन । तर प्रधानमन्त्रीको सिफारिश गर्ने अधिकार के अनियन्त्रित अधिकार हो ? के प्रधानमन्त्रीले हरेक अवस्थामा प्रतिनिधिसभा विघटन गर्ने सिफारिश गर्न पाउने गरी संविधानले उन्मुक्त दिएको छ ? प्रतिनिधिसभाको विघटनको सिफारिश गर्ने अधिकारले संविधानको आधारभूत संरचनालाई समाप्त गर्न सक्छ ? यी प्रश्नहरू न्यायिक निरोपणको मूल विषय वस्तु भएका छन् ।

२.२. "श्री ५ बाट प्रधानमन्त्रीको सिरफारिशमा प्रतिनिधि सभाको विघटन गर्न सकिबक्सने छ ....." भनी संविधानको धारा ५३ मा प्रयुक्त भएको प्रावधान भित्र संविधानको मर्म, प्रजातान्त्रिक पद्धति एवं राष्ट्रको अवस्थालाई मध्य नजर राखी वैकल्पीक सरकार बन्न सक्ने अवस्थासम्म प्रधानमन्त्रीको सिफारिशलाई इन्कार गर्न सक्ने गरी श्री ५ लाई संविधानले अधिकारिकता दिइएको परिपक्षमा संविधानको उद्देश्य परिपूर्ति गर्न न्यायपालिकाले अग्रसरता देखाउन वान्छनिय हुन्छ हुँदैन ? कन्मेन्सनद्वारा निदेएशित शासन प्रणाली दृष्टान्त लिखित प्रावधानद्वारा सरकारको कार्य प्रणाली निर्धारण गरिएको शासन पद्धतिमा सबै अवस्थामा अनुकरणिय मान्नु उपयुक्त हुन्छ हुँदैन ? आदि प्रश्नहरू पनि यहाँनिर विचारणिय हुन पुगेको छ ।

२.३. संविधानको धारा ५३ (४) ले परिकल्पना गरेको विघटनको सिफारिश र विवादित सिफारिशबीच ठूलो भिन्नता देखापरेको छ । प्रतिनिधिसभाको बैठकमा कुनै विषयका प्रतिनिधिसभाले समर्थन नगरेको परिस्थितिलाई लिएर नयां जनादेश प्राप्त गर्ने प्रयोजनका लागि प्रतिनिधिसभा विघटन गर्ने सिफारिश गर्ने धारा ५३(४) को परिधिभित्रको अवस्था हो । तर आफूले बोलाउन लगाएको प्रतिनिधिसभाको बैठकलाई बस्नै नदिई विघटनमा लैजानु, आफू विरूद्ध दर्ता भएको अविश्वासको सामना नै नगरी प्रतिनिधिसभा नै विघटनमा लैजानु धारा ५३(४) को शुद्ध प्रयोग भन्न मिल्दैन । संविधान धारा ५३(४) ले प्रधानमन्त्रीलाई दिएको अधिकारको प्रयोग राजनैतिक मूल्यांकन न्यायिक अधिकारीकताभन्दा बाहिर भए पनि कानून एवं संविधान कसौटिमा परख गर्ने अधिकार न्यायपापलकासंग रहन्छनै । नेपाल अधिराज्यको संविधानको धारा ८८ ले सर्वोच्च अदालतलाई संविधानसंग गाँसिएर आउने हरेक प्रश्न निरूपण गर्न व्यापक अधिकार दिएको छ । यसभित्र अप्रत्यक्ष रूपमा कहिलेकाहिं राजनैतिक मूल्यांकन गर्नु पर्ने अभिभारा पनि आउन सक्छ । त्यसबेला शक्ति पृथकीकरणको सिद्धान्तको परम्परागत धारणा हुबहु रूपमा मुखरित नहुन पनि सक्छ । तर यसो हुनुमा न्यायिक महत्वाकांछाले होइन अपितु संवैधानिक दायित्व निर्वाहको भूमिकाको जिवन्त कारक तत्व हुन्छ । त्यसकारण नेपालको वर्तमान संविधानको धारा ८८ को व्यापकतालाई "राजनैतिक प्रश्नको छेकबार लगाई संकुचित पार्नु हुँदैन ।" यसो गर्दा सर्वोच्च अदालतले अभिभावकीय दायित्व निर्वाहमा इमान्दारिता देखाएको ठहरिदैन ।

२.४ विघटन पश्चातको निर्वाचनमा वहुमत प्राप्त गर्न नसकेमा गरिएको पुन: विघटनको सिफारिश भईरहेको संसद सक्षम हुंदा हुदै गरिएको विघटनको सिफारिश भरखरै भएको निर्वाचनको परिणामले आधारित राष्ट्रको आर्थिक स्थितिलाई नजरअन्दाज गरिएको सिफारिश तथा अर्को प्रधानमन्त्रीले गरेको केही मुनासिव समयसम्म सरकार चलाउन सक्ने परिस्थिति विद्यमान हुंदाहुदै गरिएको सिफारिश राष्ट्र प्रमुखले इन्कार गर्न सक्ने भनी विघटनको सिफारिशको नियन्त्रण गन आधारहरू संसदीय परम्परामा विकिसत हुँदै आएको छ। तसर्थ ५३ (४) को प्रयोग देखा परेको वदनियतपूर्ण व्यवहारलाई वेलैमा नियन्त्रण गरी संविधानसम्वत प्रक्रियाको विकास गर्न धारा ५३(४) को प्रयोगमा देखा पर्न आएका कामहरूलाई न्यायिक व्याख्यावाट पूर्ति गर्नु अति आवश्यक देखिएको छ।

३.१ रिट निवेदक हरिप्रसाद नेपालल विरूद्व गिरिजाप्रसाद कोइरालासमेत भएको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतले सिफारिशको वैधताको जांच गर्न सकिने भनी अभिव्यक्त गरेवाट संविधानको व्याख्या गर्ने समय सापेक्ष दृष्टिकोण स्वीकारेको पाईन्छ। तसर्थ प्रस्तुत विवादमा प्रधानमन्त्रीको सिफारिशको आधार राजनैतिका हो वा अन्य सो हेर्नुभन्दा सिफारिशको औचित्य र सिफारिशको अवस्थालाई मध्यनजर राखिनु पर्दछ। प्रधानमन्त्रीलाई कार्यसम्पादनमा असहयोग गऱ्यो वा सरकारलाई आफ्नो स्वतन्त्र नीति र कार्यक्रम ल्याउन दिइएन भन्ने जस्ता आधारहरू संविधानको धारा ५३(४) प्रयोगको मनासिव आधार मान्न मिल्दैन।

३.२. संविधान निर्माणको अवस्थामा प्रतिनिधिसभा भंग गर्नु प्रधानमन्त्रीलाई आधिकारिकता दिने भन्ने कुराको साथै प्रधानमन्त्रीको निरंकुशतावाट प्रतिनिधिमूलक शासन व्यवस्थालाई जोगाउनु पर्ने अपरिहार्यता पनि व्यक्त गरिएको देखिन्छ। तसर्थ धारा ५३(४) को व्याख्या गरिंदा संविधान निर्माणकर्ताको भावनालाई पनि विचार गर्नुपर्दछ। प्रधानमन्त्रीलाई धारा ५३(४) प्रधानमन्त्रीलाई धारा ५३(४) अन्तर्गत प्रदान गरिएको अधिकारलाई प्रधानमन्त्रीले जहिलेसुकै परिस्थितिमा पनि प्रयोग गर्न दिनु हुदैन भन्ने दृष्टिकोणलाई सम्मानित सर्वोच्च अदालतले पहिलेको निर्णयमा स्वीकार गरेको छ।

३.३. वर्तमान विवादित सिफारिश वदनियतपूर्ण छ भन्नको लागि अन्य प्रमाण खोजिरहनु पर्ने आवश्यकता देखिदैन। प्रधानमन्त्रीकै कार्यक्रम अनुसार वोलाइएको संसदले कुनै कार्यनै गर्न नपाई विघटन गरिएको छ। धारा ५३(३) अन्तर्गत संसद्को विशेषधिकार अन्तर्गत वोलाईएको विशेष अधिवेशन धारा ५३(४) को अधीन भनी प्रतिनिधिसभा विघटन गरिएको छ। यी दुई तथ्यहरू स्वयंममा प्रमाणित तथ्यहरू हुन्। यिनलाई अन्य प्रमाणको आवश्यकता पर्दैन। तसर्थ प्रधानमन्त्रीको धारा ५३ (४) अन्तर्गतको विशेषाधिकार सर्वभौम संसदको विशेष अधिवेशनको औचित्य नै समाप्त गर्ने गरी प्रयोग गर्नु असंवैधानिक सर्वोच्चताको सिद्धान्तले एक अर्काको विरोधी कार्य हुन पुग्छ। जव संविधानको भावना विपरित कुनै निकाय वा अधिकारीवाट कुनै कार्य हुन्छ भने त्यसवेला सम्मानित अदालत नै एकमात्र सक्षम निकाय रहन्छ जसले संवैधानिक शासन प्रणालीको रक्षाको लागि जुनसुकै आदेशजारी गर्न सक्ने आफ्नो अभिभावकीय दायित्व निर्वाह गर्दछ। यही नै लिखित संविधानको मौलिक विशेषता हो।

वहसनोट प्रस्तुतकर्ता
अधिवक्ता : निरंजनकुमार थापा

श्री सर्वोच्च अदालतमा चढाएको

बहस नोट

प्रस्तुतकर्ता :... ... ... अधिवक्ता पूर्णमान शाक्य

निवेदक :.... .... आमोद पोखरेलका तर्फबाट

(क) धारा ५३ (४) अन्तगर्तको अधिकार श्री ५ को स्वविवेकीय अधिकार हो कि होइन ?

धारा ५३ (४) अन्तर्गतको अधिकार श्री ५ को स्वविवेकीय हो। तर यो स्वविवेकीय अधिकार प्रयोग गर्दा संसदीय व्यवस्थाको मूल र मान्यतालाई ध्यानमा राख्नु पर्ने बाध्यता हुन्छ। स्वविवेकीय भए पनि परिस्थितिले स्पष्ट निर्देशन दिएको हुन्छ। श्री ५ ले स्वविवेकीय अधिकार प्रयोग गर्नु अघि धारा २७ को उपधारा (३) अन्तगर्त संविधान संरक्षकको हैसियतले आफ्नो कर्तव्य ठानी विघटनको सिफारिश वास्तवमा कुनै अन्नधिकृत निकायको निर्देशनमा वा करकापमा प्रयोग भएको हो कि होइन ? सिफारिश दूराशययुक्त छ कि छैन र यो सिफारिश गर्न संविधानको अन्य प्रावधानले छेकवार गरी राखेको छ कि छैन हेर्नु पर्ने हुन आउँछ। सिफारिश रितपूर्वक भएमा श्री ५ ले त्यसमा विवेक प्रयोग गरी निर्णय गर्नु पर्छ।

श्री ५ ले प्रयोग गर्ने विवेकलाई संविधान तथा संसदीय परम्पराले स्पष्ट निर्देशन दिन्छ र सो निर्देशनको जानकारी हुनु आवश्यक हुन्छ। श्री ५ को स्वविवेकलाई राजनीतिक र संवैधानिक परिस्थितिले विकल्प रहित वाटो देखाएको अवस्थामा सोही बमोजिम गर्नु नै संवैधानिक राजाको कर्तव्य हुन्छ र सोही कर्तव्यको पालना गरेर मात्र संविधानको संरक्षण गर्ने दायित्व पूरा गर्न सकिन्छ। श्री ५ ले स्वविवेकीय अधिकार प्रयोग गरेर सिफारिश बमोजिम विघटन गरे पनि नगरे पनि श्री ५ सो निर्णय प्रति जिम्मेवार हुनु नपर्ने अवस्था हुनुपर्छ। सिफारिश बमोजिम विघटन नगर्ने हो भने त्यसको जिम्मेवारी लिन तयार रहेको वैकल्पिक सरकार गठन हुने राजनैतिक अवस्था र संवैधानिक वाटो खुला हुनु पर्छ। श्री ५ ले स्वविवेक प्रयोग गर्दा सो को जिम्मेवारी लिने वैकल्पिक सरकार गठन हुन नसक्ने वा नमिल्ने भएमा श्री ५ लाई विवादमा उत्रनु पर्ने हुन्छ। श्री ५ ले धारा ५३ (४) अनुसार आफ्नो स्वविवेकीय अधिकार प्रयोग गर्दा विधिवत सिफारिश हुनु अनिवार्य छ। त्यस्तो सिफारिश कस्तो हुन्छ ?

१. सिफारिश प्रधानमन्त्रीबाट आएको हुनुपर्छ र अनाधिकृत निकायको दवावमा दिएको वा अभिप्रेरित हुनुहुँदैन।
२. सिफारिश दूरासय युक्त हुनुहुँदैन।
३. सिफारिश गर्दा धारा ५३ (३) र धारा ५९ प्रयोगमा आई त्यसको अन्तिम टुंगो लागि नसकेको हुनु हुँदैन।

४. सिफारिशमा आधारहरू स्पष्ट खोलेको हुनुपर्छ । सो आधारहरूको विघटनसंग मनासिव सम्बन्ध (Rational Nexus) हुनु पर्छ ।

उपरोक्त बूँदा वमोजिमको विधिवत सिफारिश उपर श्री ५ ले आफ्नो विवेक प्रयोग गर्न मिल्छ । श्री ५ लाई यदि सो सिफारिशको संवैधानिकतामा शंका गर्ने अवस्था रहेमा सो सिफारिशको वैद्यतामा सर्वोच्च अदालतबाट राय माग्न सकिवक्सने छ । विधिवत सिफारिश भए पनि श्री ५ ले सो वमोजिम गर्न पनि सक्छ नगर्न पनि सक्छ । तर एउटा कुरा के स्पष्ट छ भने धारा ३५ को (क) वमोजिम राजीनामा गरिसकेको प्रधानमन्त्री र धारा ३५ को (ख) वमोजिम अविश्वासको प्रस्तावबाट पराजित भएको प्रधानमन्त्रीको सिफारिश श्री ५ ले मान्नै पर्ने वाध्यता चाहिं छैन । किन भने राजीनामा दिएको प्रधानमन्त्री र संसदमा अविश्वासको प्रस्तावबाट पराजित प्रधानमन्त्रीले वैकल्पिक सरकार संभव भएमा सो को लागि बाटो छेक्दैन । अविश्वासको प्रस्तावबाट पराजित भएपछि सो प्रधानमन्त्रीले राजीनामा वा विघटन मध्ये एउटा विकल्प रोज्नु पर्छ । राजीनामा पनि नगर्ने र विघटनको सिफारिश पनि नगर्ने त्यस्तो प्रधानमन्त्रीलाई श्री ५ ले ३६ (५) (ख) अन्तर्गत पदमुक्त गर्न सक्छ । नेपालमा Doctrine of Pleasure को व्यवस्था नभएको हुनाले श्री ५ ले कुनै पनि प्रधानमन्त्रीलाई अविश्वासको प्रस्ताव पास नभई (Dessimiss) हटाउन सक्ने स्थिति छैन । तसर्थ अविश्वासको प्रस्तावबाट पराजित प्रधानमन्त्रीले विघटनको सिफारिश गरेको अवस्थामा वैकल्पिक सरकार वन्न सक्छ भने सो सिफारिश गर्ने प्रधानमन्त्रीलाई पदमुक्त गरी वैकल्पिक सरकार गठन गर्न सक्छ ।

राजीनामा पनि नगर्ने र अश्विासको प्रस्तावबाट पराजित पनि नभएको प्रधानमन्त्रीले विधिवत सिफारिश गरेमा श्री ५ ले सामान्यतया सोही वमोजिम विघटन गर्ने वाहेक अन्य विकल्प रहँदैन किनभने त्यस्तो प्रधानमन्त्रीको सिफारिश नयाँ जनादेशको निमित्त हुने र निज अल्पमतमा परेको सरकारै भए तापनि विधिवत अविश्वासको प्रस्ताव पारित गरी संसदमा नहराएसम्म श्री ५ ले सो प्रधानमन्त्रीलाई पदमुक्त गर्ने संवैधानिक प्रावधान छैन । निज प्रधानमन्त्री आफ्नो पदमा कायम रही विघटनको सिफारिश उपर अडान लिएर वसेमा सो सिफारिशलाई थाती राखी राख्न औचित्यपूर्ण हुँदैन । विघटनको विषयमा श्री ५ ले प्रधानमन्त्री सिफारिश नमान्ने मनसाय जाहेर गरेमा सो कुरासंग सहमत नभए निजले राजीनामा दिई वैकल्पिक सरकारको वाटो खुला गर्न सक्छ । त्यस्तो अवस्थामा वैकल्पिक सरकारले .त्यसको जिम्मेवारी लिएमा राजा विवादमुक्त हुन्छ र यदि त्यस्तो वैकल्पिक सरकार वन्न नसकेमा राजा राजनैतिक विवादमा पर्ने अवस्थामा हुन्छ । तसर्थ राजीनामा नगरी विघटनको सिफारिश गर्ने वहालवाला प्रधानमन्त्रिको सिफारिशलाई इन्कार गर्न तवसम्म सक्दैन जवसम्म श्री ५ ले प्रतिनिधिसभाबाट स्थिर एवं सक्षम वैकल्पिक सरकार दिन तत्पर दलहरूले धारा ५३ (३) अनुसार वा नियमित प्रक्रियावाट अविश्वासको प्रस्ताव पासगरी पदमुक्त गर्न श्री ५ लाई वाटो खोल्न तयार हुँदैन । यो कुराको जाँच गर्ने काम श्री ५ को हो र यो राजनैतिक प्रश्न हो ।

राजीनामा नगरी विघटनको विधिवत सिफारिश गर्ने प्रधानमन्त्री संसदको वहुमत प्राप्त दलको नेता रहेको अवस्थामा श्री ५ ले आफ्नो विवेक प्रयोग गरेर इन्कार गर्ने स्थिति हुन सक्दैन ।

संसद विघटन दुई वटा उद्देश्यको निमित्त हुन सक्छ ।

१. नयाँ जनादेश लिन परेमा

२. प्रतिनिधिसभाबाट सरकार गठन गर्न नसक्ने भएमा ।

सरकारले प्रतिनिधिसभामा कुनै कार्यक्रमको निमित्त समर्थन लिन नसकेमा सो को निमित्त प्रतिनिधिसभा विघटन गरी जनादेश लिन चाहन सक्छ । सो मौजूदा सरकार साधारणतया अल्पमतमा परिसकेको हुन्छ । यस अवस्थामा श्री ५ ले विकल्प खोज्न सक्ने अवस्था हुन पनि सक्छ नहुन पनि सक्छ । अर्को अवस्था कस्तो हुन्छ भने बहुमत प्राप्त दलले आफ्नो स्थिति बलियो भएको बेला वा लोकप्रिय भएको बेला नयाँ जनादेश लिन विघटन गर्न चाहन सक्छ । यस अवस्थामा श्री ५ मा विकल्प रहँदैन ।

अर्को अवस्था पनि छ मौजूदा सरकारले प्रतिनिधिसभाको समर्थन पनि प्राप्त गर्न सक्दैन । साथै संसदले कुनैपनि विकल्प दिन चाहँदैन । त्यस्तो अवस्थामा पनि बाध्यतावश श्री ५ ले विघटन गर्नै पर्ने अवस्था हुन्छ । बहुमत समर्थित प्रधानमन्त्रीले नया जनादेश लिन विघटनको सिफारिश गरेमा र प्रतिनिधिसभाले वैकल्पिक सरकार नदिएको कारण बाध्य भई सिफारिश गरेमा श्री ५ को विकल्प नहुन सक्छ ।

(ख) धारा (४२) (२) अन्तर्गत मन्त्री परिषद् गठन भई सकेपछि पुनः धारा ४२(१) अन्तर्गत मन्त्री परिषद् गठन गर्न सकिन्छ कि सकिदैन ?

धारा ४२ (२) अन्तर्गत मन्त्रीपरिषद् गठन भई सकेपछि ३० दिनभित्र विश्वासको मत प्राप्त गर्न नसकेमा धारा ४२ (४) अन्तर्गत प्रतिनिधिसभा भंग हुन्छ । तर एकपटक विश्वासको मत प्राप्त गरिसकेपछि धारा ४२ (४) निष्क्रिय हुन्छ । त्यस पछि ४२ (२) को सरकारले प्रतिनिधिसभाको समर्थन प्राप्त गर्न नसकेमा यात राजीनामा दिनु पर्छ । यात धारा ५३ (४) अन्तर्गत विघटनको सिफारिश गर्नु पर्छ । तर त्यस अवस्थामा कुनै कारणवश वा परिवर्तित परिस्थितिले उप चुनावको परिणाम वा दल विभाजनको कारणबाट धारा ३६ (१) अन्तर्गत वा धारा ४२ (१) अन्तर्गत वैकल्पिक सरकार गठन गर्न सक्छ भने त्यस अवस्थामा श्री ५ ले विघटनको सिफारिश इन्कार गरी वैकल्पिक सरकार गठन गर्ने प्रक्रिया शुरू गर्न सक्छ । तर यदि धारा ४२ (२) को सरकारले ३० दिनभित्र विश्वासको मत प्राप्त गरिसकेपछि प्रतिनिधिसभाबाट समर्थन प्राप्त गर्न नसकेको अवस्थामा राजीनामा नगरी विघटनको सिफारिश गरेमा त्यस सिफारिशलाई इन्कार गरी वैकल्पिक सरकार गठन गर्न चाहेमा र अवस्था रहेमा सो अल्पमतको सरकारलाई अविश्वासको प्रस्ताव पारित गरी श्री ५ बाट पदमुक्त नगरेसम्म वैकल्पिक सरकारको बाटो खुल्दैन । एउटा कुरा के स्पष्ट छ भने धारा ४२ अन्तर्गत गठित मन्त्रिपरिषदले ३० दिनभित्र विश्वासको मत लिन नसकेमा फेरी अर्को मिलिजुली सरकार ४२ (१) अन्तर्गत गठन हुन सक्छ । तर ४२ (२) को सरकारले ३० दिन भित्र विश्वासको मत लिन नसके प्रतिनिधिसभा भंग हुन्छ । धारा ४२ (१) को सबै विकल्प समाप्त भएपछि अथवा धारा ४२(१) अन्तर्गत गठित कुनै पनि मन्त्री परिषदले ३० दिन भित्र विश्वासको मत लिन नसकेमा वा कुनै पनि मन्त्री परिषद गठन हुने नसक्ने भएमा मात्र धारा ४२ (२) अन्तर्गत मन्त्री परिषद गठन हुन्छ ।

अर्को कुरा के छ भने यदि धारा ४२ (१) अन्तर्गतको सरकारले ३० दिनभित्र विश्वासको मत प्राप्त गरी सकेपछि यदि प्रतिसनिधि सभाको समर्थन प्राप्त नभएमा उसले राजीनामा पनि दिन सक्छ । अथवा विघटनको सिफारिश पनि गर्न सक्छ । श्री ५ ले

तत्पश्चात आफ्नो विवेक प्रयोग गरी बक्सन्छ। धारा ४२ (१) को सरकारले एक पटक विश्वासको मत प्राप्त गरी सकेपछि धारा ५३ (४) अन्तर्गत सिफारिश गर्छ भने श्री ५ लाई धारा ४२ (२) अन्तर्गत मन्त्री परिषद गर्नु वाध्यता रहँदैन। तर त्यस्तो सरकारले राजीनामा गर्छ। तर विघटनको सिफारिश गर्दैन। सायै वैकल्पिक सरकार पनि सम्भव छैन भने धारा ४२ (२) को सरकार गठन गर्न मौका दिन सक्छ।

प्रधानमन्त्रीको नियुक्तीको लागि संविधानले व्यवस्था गरेका विकल्पहरू र व्यवस्था नगरेका विकल्पहरू निम्न बमोजिम छन्।

प्रधानमन्त्री नियुक्तिको निमित्त संविधानमा व्यवस्था भएका विकल्पहरू	*प्रधानमन्त्री नियुक्तिको निमित्त संविधानमा व्यवस्था नभएका विकल्पहरू*
१. बहुमत प्राप्त संसदीय दलको नेता	१. स्वतन्त्र सदस्यहरूको समर्थनमा बहुमत क़ायम गरी छानिएको कुनै दलको नेता
२. दुई वा दुई भन्दा बढी दलहरूको समर्थनबाट प्रतिनिधिसभाका सदस्यहरूको बहुमतको विश्वास प्राप्त गर्न सक्ने सदस्य	२. कुनै एक दलको समर्थन प्राप्त गरी बहुमतको नेता बनेको स्वतन्त्र सांसद
- Coaliton - Minority party supported by another party from outside	३. कुनै एउटा सानो दलको नेता जसलाई प्रतिनिधिसभाको विश्वास प्राप्त गरिरहेको छ।
३. सबै भन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेता ।	४. स्वतन्त्र सांसद जसले प्रतिनिधिसभाको विश्वास प्राप्त गरिराखेको छ।

ग) **धारा ५३ (३) अन्तर्गत समावेदन गरी सकेपछि धारा ५३ (४) अन्तर्गत प्रतिनिधिसभा विघटन हुन सक्छ कि सक्दैन ?**

धारा ५३ (३) अन्तर्गत समावेदन गरी सकेपछि धारा ५३ (४) मा ग्रहण लाग्छ। (Edipse) र निस्क्रिय रहन्छ। धारा ५३ (३) को कारवाही टुंगो लागेपछि धारा ५३ (४) मा लागेको ग्रहण हट्न जान्छ। धारा ५३ (४) विशेष परिस्थितिमा आपतकालीन स्थितिलाई सामना गर्न संसद अधिवेशनमा नरहेको बेला संसदका सदस्यहरू आफैंले संसद बोलाउन लगाई कार्यकारिणीको गतिविधि प्रति नियन्त्रण गर्ने अपवादात्मक व्यवस्था हो। यो विशेष अधिवेशनले कार्यकारिणीलाई कुनैपनि बेला कार्यकारणीलाई संसद प्रति उत्तरदायी बनाउन सक्ने व्यवस्था गरेको छ। यसलाई निस्क्रिय गर्न सक्ने गरी ५३ (४) लाई व्याख्या गर्ने हो भने हाम्रो संसदीय व्यवस्था र प्रजातन्त्र प्रधानमन्त्री स्वेच्छाचारी शासनको मारमा पर्न जान्छ र यसमा रहेका हरेक नियन्त्रण र सन्तुलनको यन्त्रहरू विफल हुन जान्छ। निम्न कारण तथा आधारले यस कथनलाई पुष्टि गर्छ।

(क) संसदको दुईवटा अधिवेशन बीच ६ महिनासम्म अन्तर राख्न सकिन्छ। कार्यकारिणीले ६ महिनासम्म संसदलाई केही वास्ता नगरी बेहिसाबले शासन गर्ने राष्ट्रिय ढुकुटीलाई नास पार्ने तथा अन्य जघन्य काम गर्न सक्छ। त्यस्तो स्थितिलाई तुरून्त रोक्न विशेष अधिवेशन समावेदन गरी सरकारलाई

चेतावनी दिन र आवश्यक परे अविश्वासको प्रस्ताव पास गरी श्री ५ बाट पदमुक्त गरी देशलाई बचाउन सक्छ। तर यदि विशेष अधिवेशन बोलाई सकेपछि पनि प्रधानमन्त्री सिफारिशबाट संसद विघटन गर्न पाउने हो भने त्यस किसिमको सरकारलाई यप ६ महिनाको अवधि प्राप्त हुनेछ। र सरकारमाथि जनप्रतिनिधिले कुनै नियन्त्रण गर्न सक्ने छैन। श्री ५ ले मन्त्रिपरिषदलाई अविश्वासको प्रस्ताव बमोजिम बाहेक अन्य कुनै पनि अवस्थामा पदमुक्त गर्न नसक्ने अवस्था भएकोले धारा ५३ (३) लाई चाहेको बेला प्रयोग गर्न पाउने र प्रधानमन्त्रीले विघटनको अधिकार प्रयोग गरेर निस्क्रिय पार्न नसक्ने गरी धारा ५३ (३) लाई धारा ५३ (४) ले तुहाउन नसक्ने गरी व्याख्या गरिनु पर्दछ।

(ख) कुनै कारणवश अल्पमतमा पर्न गएको सरकारलाई श्री ५ ले स्वयं हटाउन सक्ने प्रावधान छैन। हाम्रो संविधानले (Doctrine of Pleasure) लाई मान्यता दिएको छैन। तसर्थ त्यस्तो संसदको विश्वास गुमाएको सरकारलाई विश्वासको मत लिन बाध्य गराउने वा अविश्वासको प्रस्ताव बाट हटाउने यही एउटा विकल्प हो।

ग) यदि सरकारले संकटकालीन स्थिति घोषणा गर्छ र सोको दुरूपयोग रोक्न तुरून्त केही गर्नु परेमा धारा ५३ (३) अन्तर्गत विशेष अधिवेशन बोलाउन सकिन्छ। तत्र तीन महिनासम्म संकटकालीन स्थितिको घोषणा गरी आतंक मच्चाएमा श्री ५ र संसद् मूक दर्शक भएर हेरिरहनु पर्ने छ।

घ) धारा ५३ (३) अन्तर्गत विशेष अधिवेशन बोलाई संविधान अन्तर्गतको कुनैपनि अधिकार संसदले प्रयोग गर्न सक्छ। यस्तो महत्त्वपूर्ण धारालाई प्रधानमन्त्रीले चाहेको बखत निस्क्रिय पार्न सक्ने हो भने प्रजातन्त्रको सुरक्षा गर्न सकिदैन। नेपाल जस्तो मुलुक जहाँ राजनीतिमा नैतिकताको विधान हुन बाँकी छ त्यहाँ संवैधानिक सुरक्षा एउटा बाध्यता हो।

ङ) सत्तामा गएपछि सत्तारूढ दलले संविधान, राष्ट्र र राष्ट्रिय ढुकुटीलाई ध्वस्त हुनेगरी विशुद्ध दलगत र व्यक्तिगत स्वार्थ पूरा गर्न कदम चाल्छ भने त्यस्तो अपवादात्मक अवस्थामा त्यस्तो दललाई संवैधानिक प्रकृयाबाट चाँडो भन्दा चाँडो हटाउन धारा ५३(३) बाहेक अरू धारा हुन सक्दैन।

घ) प्रधानमन्त्री सिफारिश दूरासय युक्त छ कि छैन ?

विघटनको सिफारिश दूरासय छ छैन भनि जाँच्न दुईवटा मापदण्ड छ। प्रथम: सिफारिश निजी, व्यक्तिगत र अनधिकृत स्वार्थको निमित्त हो कि होइन ? दोस्रो : सिफारिशको उद्देश्य र आधार विघटन संग सम्बन्धित छ कि छैन ? निम्न प्रकारका सिफारिशहरू दूरासय युक्त हुन्छ।

क) अविश्वासको प्रस्तावलाई निस्क्रिय पार्न गरेको सिफारिश वा त्यसबाट बच्न गरेको रिफारिस।

ख) बजेट तथा अन्य कुनै महत्त्वपूर्ण विधेयक अध्यादेशबाट ल्याई प्रतिनिधिसभालाई छल्ने उद्देश्यले गरेको सिफारिश।

ग) संसदको अवहेलनामा कारवाही चलिसकेपछि त्यसबाट बच्न गरेको सिफारिश ।

घ) प्रधानमन्त्री प्रतिनिधिसभाको सदस्य हुन योग्य छैन भन्ने सवालमा धारा ४८ अन्तर्गतको कारवाही निस्प्रयोजन पनि विघटनको सिफारिश गरेमा ।

ङ) प्रधानमन्त्रीलाई संसदीय दलको नेताबाट हटाए वापत विघटनको सिफारिश गरेमा ।

च) जुन प्रधानमन्त्रीको सिफारिश संसद विघटन गरी मध्यावधि गरेको हो सोही प्रधानमन्त्री आफ्नो दल बहुमतमा नआएको कारण फेरि विघटनको सिफारिश गरेमा ।

छ) कुनै आधारै नदिई विघटनको सिफारिश गरेमा

ज) यस्तै अन्य कुनै अनुचित आधारमा वा उद्देश्यको निमित्त विघटनको सिफारिश गरेमा

प्रधानमन्त्री श्री मनमोहन अधिकारीको सिफारिशमा मूलत: दुईवटा आधार दिएको प्रष्ट छ ।

१. धारा ५३ (३) अन्तर्गत विशेष अधिवेशन समावेदन गरी अविश्वासको प्रस्ताव ल्याई नेकपा एमाले सरकारलाई नीति तथा कार्यक्रम एवं बजेट प्रस्तुत गर्ने समेत मौकाबाट वञ्चित गर्ने वातावरणको सृजना गराइएको छ ।

२. धारा ४२ (२) अन्तर्गत सरकार गठन भएपछि वैकल्पिक सरकार गठन गर्ने संवैधानिक व्यवस्था नभएको ।

उपरोक्त आधारहरू निम्न कारणबाट दूराशय युक्त छ । प्रथमत यो कुरा स्पष्ट छ कि धारा ५३ (३) अन्तर्गत विशेष अधिवेशन समावेदन गरेपछि विघटनको सिफारिश गरेको हुनाले यो प्रारम्भत: शून्य छ ।

क) अविश्वासको प्रस्ताव ल्याउन विशेष अधिवेशन समावेदन गरेको कारण देखाई विघटनको सिफारिश गरेकोले यो दुरासय युक्त छ । अविश्वासको प्रस्तावमा विफल भएपछि नयाँ जनादेश लिन धारा ५३ (४) अन्तर्गत विघटनको सिफारिश गर्नु पर्दथ्यो । अविश्वासको प्रस्ताव पारीत भएपछि विघटनको सिफारिश श्री ५ मा वाध्यातमक नहुने र वैकल्पिक सरकार गठन हुनसक्ने भएमा प्रधानमन्त्रीलाई पदमुक्त गर्न सक्ने कुरा बुझेर नै यो कदम चालेको हुनाले दुरासय युक्त हुन जान्छ ।

(ख) संसदवाट पारीत हुने अविश्वासको सामना नगरी संसदलाई छलेर संसदवाट पारीत गरी ल्याउनु पर्ने वजेटलाई अध्यादेशवाट ल्याउने उद्देश्य भएको र सो कुरा सिफारिश पत्रमा उल्लेख भए बमोजिम अध्यादेशवाटै आफ्नै मनचाहा वजेट ल्याएको वाट यो सिफारिश दुरासय युक्त प्रमाणित भएको छ ।

(ग) धारा ४२(२) वाट ४२(१) मा फर्किन नसक्ने आधार असम्वैधानिक तथा अमान्य छ । तसर्थ यसको विघटन संग कुनै तात्वीक सम्वन्ध छैन ।

(घ) प्रधानमन्त्रीले आफ्नो सिफारिशको व्यहोरा आफैले पत्रकार सम्मेलन, दुरदर्शन तथा रेडीयोवाट सार्वजनिक जानकारीमा ल्याई सकेपछि सो कुरा गरेको छैन भनि सर्वोच्च अदालतलाई ढाँटेर गुमराह गर्ने प्रयास गरेको छ ।

प्रधानमन्त्री सिफरिश न्यायिक जानकारीमा लिन मिल्छ कि मिल्दैन ?

धारा ३५ (६) ले प्राधिकृत गररेको कुरा मूतल :दुइवटा मात्र हो ।

१) श्री ५ मा प्रधानमन्त्रीले कुनै सिफारिश चढाएको छ कि छैन ?

२) सिफारिश चढाएको छ भने के कस्तो सिफारिश चढाएको छ ?

मिति २०५२।२।३० गते राजदरवारवाट प्रकाशित विज्ञप्तिमा मन्त्रिपरिषद निर्ण सहीत प्रधानमन्त्रीले चढाउनु भएको सिफारिश वमोजिम विघटन गरिएको स्पष्ट उल्ले छ । धारा ३५ (६) ले प्राधिकृत गरेको सूचना प्रकाशित भई सकेको छ किन भने श्री मा प्रधान मन्त्रीले सिफारिश चढाएको र त्यो सिफारिश विघटनको माग गरेको सिफारि हो भन्ने कुरामा विवाद रहेन । जहाँसम्म सिफारिशको आधारहरू छन् ती कुराह विज्ञप्तिमा उल्लेख नभए पनि प्रधानमन्त्री सार्वजनिक वक्तव्यवाट जानकारी आइसकेकोमा कुनै विवाद नरहेको र सो को प्रमाण पनि निर्विवाद भएके सन्दर्भमा सर्वोच्च अदालतको न्यायीक पुनारावलोकन पुर्णरूपमा हुन सक्छ । प्रधानमन्त्रीले स्वयं सिफारिशव व्यहोरावारे राष्ट्रलाई सार्वजनिक जानकारी दिएपछि मैले दरवारमा दिएको सिफारिश स वमोजिमको छैन भन्न विवन्धीत भई सेकेको छ । सिफाशिको सम्पूर्ण नैतिक, संवैधानि तथा राजनैतिक जिम्मेवारी प्रधानमन्त्री स्वयमले लिने हुनाले नीजले व्यक्त गरेको कुरा कसैले शंका उठाउने ठाउँ छैन । प्रधानमन्त्री सिफारिशको व्यहोरा तथा आधारहर वास्तवमा सो वमोजिम नभै अन्यथा भएको भनि राजदरवारवाट नै सर्वोच्च अदालतला स्वयम जानकारी नदीएसम्म सो सिफारिश श्री ५ लाई चढाएको सिफारिश होइन भन सक्ने अवस्था छैन ।

ङ) विघटनको सिफारिश प्रधानमन्त्री को हो की अन्य निकायको हो ?

धारा ५३(४) अन्तर्गत प्रधानमन्त्रीको सिफारिश वास्तवमा मन्त्रिपरिषद भएको सिफारिश गर्ने मन्त्रिपरिपदको निर्णय वास्तवा प्रधानमन्त्रीले जाहेर सम्म गरेको हो संविधानको पालना सही अर्थमा गर्नु गराउनु सवैको कर्तव्य हो । संविधानका Forma Compliance ले मात्र कुने वैधानिकता प्रदान गर्दैन । विघटनको सिफारिश गर्ने अधिका प्रधानमन्त्रीले मात्र हो र सो अधिकारको प्रयोग गर्दा प्रधानमन्त्रीले कसैको करकापमा व अनधिकृत वाध्यात्मक आदेशमा वा हस्तक्षेपमा गरेको छ भने त्यो कार्य धारा ५३ (४) व वर्खिलाप हुन्छ र वदरभागी हुन्छ । प्रधानमन्त्रीले आफ्नो अधिकार प्रयोग गर्दा मन्त्री परिप र पार्टीसंग परामर्श लिन सक्छ तर विकल्प रहीत तौरले वाध्य हुनेगरी मन्त्रिपरिषद निर्ण वा पार्टीको आदेशवाट अभिप्रेरित हुन सक्दैन । मिति २०५२।२।३० गतेको राजदरवारम मन्त्रिपरिपदको निर्णय सहीत भन्ने स्पष्ट उल्लेख भएको मिति २०५२।२।२६ को सिफारि पत्रमा मन्त्रिपरिपदको सहमति लिएर भन्ने स्पष्ट उल्लेख छ । कुनै अधिकारीले आफू रहेको स्वविवेकीय अधिकार प्रयोग गर्दा अनधिकृत निकायको स्वीकृति दिएर गरेमा आफ्न अधिकार परित्याग गरेको ठहर्ने र त्यस्तै आफूले प्रयोग गर्ने स्वविवेकीय अधिकार अन्य कसैको निर्णयवाट वाधिन्छ भने त्यो पनि अधिकारको परित्याग ठहर्छ भन्ने प्रशस्त नजी छ । प्रधानमन्त्रीलाई संविधानले दिएको अधिकार आफैले प्रयोग गर्नुपर्छ । अन्य निकायला परित्याग गर्नु हुँदैन ।

<u>प्रस्तुतकर्ता</u>

अधिवक्ता पूर्णमान शाक्य,

सर्वोच्च अदालतमा चढाएको

बहस-नोट

बहस-नोट प्रस्तुतकर्ता

गणेशराज शर्मा

वरिष्ठ अधिवक्ता प्र. नं. २८

सम्वत् २०५२ सालको रिट नं. ३११२ र त्यसै लगाउका अन्य ६ ओटा निवेदनहरूमा सर्वोच्च अदालतको विशेष इजलासका समक्ष प्रत्यर्थी सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारीको तर्फबाट नियुक्त कानून व्यवसायीको हैसियतमा मैले गरेको बहसमा आधारित यो लिखित बहस-नोट पेश गरेका छु। यसमा मेरा जिकिरहरू यस प्रकार छन्:-

१. निवेदक चिरंजिवि वाग्ले समेतका सात ओटा एकै लगाउका तर पृथक् -पृथक् रिट निवेदनहरू र प्रत्यर्थीहरूबाट पेश भएका लिखित जवाफहरूको अध्ययन र विवेचना गर्दा यस सम्मानित इजलासका समक्ष मुख्यत: देहायका प्रश्नहरू निरूपण र निर्णयका लागि प्रस्तुत गरिएका छन :-

(१) संविधानको धारा ५३(४) बमोजिमको विघटनको कार्यमा न्यायिक पुनरावलोकनको सीमा र परिधि कति फराकिलो छ ?

(२) धारा ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले धारा ५३(४) बमोजिमको सिफारिस गर्न पाउने हो कि होइन ?

(३) प्रतिनिधि सभा बस्ने मिति तोकिसकिएपछि त्यसको विघटन हुन सक्छ कि सक्तैन ?

(४) वदनियत राजनीतिक तथ्यहरूको न्यायिका निरूपणका आधार र अवस्थाहरू कुन हुन् ?

(२) यस सम्मानित इजलासका समक्ष प्रस्तुत पहिलो निरूपणको लागि निवेदकहरूले उल्लख गरेका संवैधानिक प्रावधानहरू नै अवलोकन गर्नु पर्ने हुन्छ। सबै निवेदनहरूमा अवलम्वन गरिएको मुख्य संवैधानिक आधार संविधानको धारा ८८ को उपधारा (२) र त्यस अन्तर्गतको सार्वजनिक हक र सरोकारकै मांग दावी छ। निवेदकहरू सबैले अडान लिएको अर्को प्रावधान संविधानको धारा ३ पनि हो जस अन्तर्गत नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहने छ भनी घोषित गरिएको छ। अन्य कानूनी प्रावधान र हकदैयाको कुरामा निवेदकहरूको दावीमा एकरूपता छैन र एउटै पार्टीको केन्द्रीय समितिका तीन जना व्यक्तिहरूले निवेदन र लिखित जवाफमा अवलम्वन गरेका कानूनी आधारहरू पनि एकै नाशका छैनन् भन्ने कुरा निवेदनहरूको तुलनात्मक अध्ययनबाट स्पष्ट हुन्छ। निवेदक शेरबहादुर देउवाले

संविधानको धारा ११, धारा १६ समेतको अवलम्बन गरी निवेदक प्रतिनिधि सभाको ५ वर्षसम्म प्रतिनिधित्व गर्न पाउने प्रतिनिधि सभाका बहुमत सदस्यहरूको समर्थनबाट वैकल्पिक सरकार गठन गरी संसद्लाई पूर्वावस्थामा कायम राख्ने संवैधानिक हकबाट वंचित भएको र यस विषयमा अन्य उपचारको व्यवस्था नभएको भन्ने समेतको जिकिर लिनुभएको छ भने उहाँकै पार्टीका केन्द्रीय समितिका सदस्य र विघटित प्रतिनिधि सभामा त्यस पार्टीको संसदीय दलका मुख्य सचेतक चिरञ्जीवी वाग्लेका दावीहरु त्यस अनुरुप छैनन् । प्रतिनिधि सभामा ५ वर्षसम्म प्रतिनिधित्व गर्न पाउने संवैधानिक हकको दावी सबैको छैन। शेरबहादुर देउवा, चिरंजिवी वाग्ले, लोकेन्द्रबहादुर चन्द समेतका प्राय: सबै निवेदकहरूले मध्यावधि निर्वाचनद्वारा मुलुकलाई पर्ने आर्थिक क्षतिको उल्लेख गर्नुका साथै अविश्वासको प्रस्तावमा छलफल हुन प्रतिनिधिसभाको अधिवेशनको मिति तोकी सकिए पछि प्रतिनिधि सभाको विघटनको लागि सिफारिस गर्नु दुराशययुक्त भन्ने जिकिर पनि लिइएको छ। मुद्दामा उपस्थित ती सबै दावी जिकिरहरूलाई समेट्दै निरूपण गर्ने उपर्युक्त चार ओटा प्रश्नहरूमा केन्द्रीय रही आफ्ना जिकिरहरू प्रस्तुत गरेको छु।

३. प्रस्तुत मुद्दाको विषय प्रवेश नै राजदरबारको नेपाल राजपत्र खण्ड ४५ अतिरिक्तांक ६ (क) मिति २०५२।२।३ को विज्ञप्तिबाट हुनुपर्ने अवस्था छ। त्यस विज्ञप्ति अनुसार "श्री ५ महाराजधिराजका हजुरमा प्रधानमन्त्री मनमोहन अधिकारीले विभिन्न कारण देखाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम वर्तमान प्रतिनिधिसभा विघटन गरी बक्सन र प्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति २०५२ साल मंसिर ७ गते बृहस्पतिवारका दिन तोकी बक्सन मन्त्रिपरिषद्को निर्णय सहित २०५२ साल जेष्ठ २६ गते चढाउनुभएको सिफारिस बमोजिम मौसूफबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ उपधारा (४) बमोजिम २०५२ साल मंसिर ७ गते बृहस्पतिवारका दिन नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन गराउने गरी प्रतिनिधि सभा विघटन गरी बक्सेको छ" भन्ने कुरा श्री ५ को संवैधानिक अधिकारको प्रयोग सार्वजनिक जानकारीमा आई लागू भयो। यस सम्मानित अदालतका समक्ष परेका सबै निवेदनहरूमा असंवैधानिक र अवैध घोषित गराउन माग गरिएको उक्त राजपत्रको विज्ञप्तिका कुराहरूमा न्यायिक पुनरावलोकन हुन सक्ने सीमा र परिधिहरूको विषयमा हरिप्रसाद नेपाल निवेदक भएको मुद्दामा अल्पमत र बहुमतको सरलीकृत गरिए पनि न्यूनतम सहमतिका कुराहरू पनि स्थापित भई सकेका छन्। संविधानको स्पष्ट र प्रकट प्रावधानहरूमा सहमति राख्दै व्याख्याका कुराहरूमा असहमतिहरू व्यक्त भएको त्यस मुद्दामा प्रतिपादित सिद्धान्तहरू यस मुद्दाका प्रसंगमा पनि उल्लेखनीय छन्। हरिप्रसाद नेपालको मुद्दामा बहुमत प्रतिविम्बित हुने सम्मानीय प्रधान न्यायाधीश श्री विश्वनाथ उपाध्यायले व्यक्त गर्नुभएको देहाय बमोजिमको राय प्रस्तुत मुद्दाको लागि पनि प्रांसगिक छ :

"श्री ५ बाट गरी बक्सेका कार्यहरूको सम्बन्धमा संविधानको धारा ३१ अन्तर्गत प्रदान गरिएको वैयक्तिक उन्मुक्ति मौसूफको नाममा भएका सबै कार्यहरूका सम्बन्धमा लागू हुन्छ भन्न मिल्दैन। संविधानले अंगीकार गरेको संवैधानिक राजतन्त्रात्मक व्यवस्था र संसदीय प्रणाली अनुरूप श्री ५ बाट मन्त्रिपरिषद वा अन्य कुनै पदाधिकारी वा निकायको सल्लाह वा सिफारिसमा गरी बक्सने कार्यको

उत्तरदायित्व सो सुझाव दिने वा सिफारिस गर्ने पदाधिकारी वा निकायले नै बेहोर्नु पर्ने हुनाले श्री ५ बाट गरी बक्सेको त्यस्तो कार्यहरूका सम्बन्धमा उक्त धारा ३१ को प्रतिबन्धात्मक वाक्यांश अनुसार त्यस्तो पदाधिकारी वा निकायका विरूद्ध कानूनी कारवाई चल्न सक्तछ। संविधानको धारा ५३ को उपधारा (४) अन्तर्गत सम्माननीय प्रधानमन्त्रीले गर्नुभएको र सो सिफारिसको आधारमा श्री ५ बाट गरी बक्सेको प्रतिनिधि सभाको विघटनको उत्तरदायित्व सम्माननीय प्रधानमन्त्री उपर नै रहने हुनाले त्यो सिफारिस र त्यसको आधारमा भएका कार्यहरूको संवैधानिकताको प्रश्नमा यस अदालतले विचार गर्न नमिल्ने देखिदैन। संविधानको धारा ३५ को उपधारा (६) अनुसार श्री ५ समक्ष मन्त्रिपरिषद् वा अन्य कुनै निकाय वा पदाधिकारीले कुनै सल्लाह वा सिफारिस चढायो वा चढाएन, अथवा के कस्तो सिफारिस चढाएको छ भन्ने कुराको जानकारी माग्न वा त्यसको लागि कुनैलाई वाध्य गर्नसम्म निषेध गरिएको हो। त्यस्तो सल्लाह वा सिफारिसका सम्बन्धमा राजदरबार वा मन्त्रिपरिषद् वा अन्य संम्बन्धित निकाय वा पदाधिकारीबाटै कुनै जानकारी दिएकोमा त्यसलाई जनाकारीमा लिन र त्यसको आधारमा तत्सम्बन्धि कार्यको संवैधानिकतामा विचार गर्न मिल्ने नै देखिन्छ। "संविधानको धारा ३१ र धारा ३५ को उपधारा (६) बमोजिम श्री ५ लाई प्राप्त उन्मुक्तिको प्रावधानहरूलाई समेत ध्यानमा।राख्दै त्यसै मुद्दामा सम्माननीय प्रधान न्यायाधीशले देहाय बमोजिमको कानूनी ठहर गर्नु भएको छ:" उक्त (राजपत्रको) सूचनामा उल्लेख भए अनुसार प्रारम्भ गरी बक्सेको प्रतिनिधि सभाको विघटन सम्बन्धी विचार विमर्शको प्रक्रियामा मन्त्रिपरिषद गठनको संभावनाकोकुरा पनि विचार हुनु स्वाभाविक नै हुन्छ। तर त्यस सिलसिलामा श्री ५ बाट को कोसंग परामर्श गरी बक्स्यो, मौसूफ समक्ष कसले के कस्तो परामर्श चढाए र कुन आधारमा मौसूफबाट अर्को मन्त्रिपरिषद गठन हुन नसक्ने निष्कर्षमा पुगी सम्माननीय प्रधानमन्त्रीको सिफारिस अनुसार नै प्रतिनिधि सभा विघटन गर्नु पर्ने आवश्यकता महशुस गरी बक्सेको इत्यादि श्री ५ को विवेकमा मूल्यांकन र निर्णय हुनु पार्ने कुराहरू यस अदालतको छानबीन र निर्णयको विषय हुन नसक्ने भएकोले यस सम्बन्धमा अरू केही विचार गरिरहनु परेन।"

४. राजनीतिक विवादहरूको समाधानको संवैधानिक प्रक्रियामा राज्यका कार्यकारिणी र व्यवस्थापिकाको क्षेत्राधिकार अन्तर्गत न्यायिक पुनरावलोकनको अधिकार प्रयोग गर्ने सीमाप्रतिको सतर्कता सम्माननीय प्रधान न्यायाधीशको त्यस रायमा जुन प्रकारले अभिव्यक्त भएको छ, त्यसै अनुरूपको संयम माननीय न्यायधीशहरू श्री सुरेन्दप्रसाद सिंह, हरगोविन्द सिंह प्रधान र रूद्रबहादुर सिंहको संयुक्त रायमा पनि यस प्रकार व्यक्त भएको छ : "प्रधानमन्त्रीले राजनैतिक कारण देखाई प्रतिनिधिसभा विघटनको सिफारिस गर्नुभएको देखिन आएकोले सो राजनैतिक कारणको औचित्य वा पर्याप्तताको क्षेत्रभित्र प्रवेश गरी शक्तिपृथकीकरणको सिद्धान्त बमोजिम मूल्यांकन गर्न मिल्ने देखिन्न।" राजनैतिक प्रश्नहरूलाई न्यायिक निरूपणको विषय बनाउन नहुने संयमको सिद्धान्त नै त्यस मुद्दामा माननीय न्यायधीशहरू श्री मोहनप्रसाद शर्मा, कृष्णजंग रायमाझी र गोविन्दबहादुर श्रेष्ठले यस प्रकार व्यक्त गर्नुभएको छ :" आफ्नो सरकारको नीति वा कुन कार्यक्रमप्रति जनमत प्राप्त गर्ने उद्देश्यबाट मात्र प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटनको सिफारिस गर्दछ भनी सरासरी मान्न भने

(2)

मिल्दैन। तर देशको राजनैतिक अवस्थाको विश्लेषणबाट प्रतिनिधि सभा विघटन आवश्यक ठान्न सक्तछ र सिफारिस गर्दछ। नयाँ सरकारको गठनको लागि पनि जनादेश प्राप्त गर्ने उद्देश्य हुन सक्तछ। जस्तो प्रस्तुत मुद्दामा विज्ञप्तिमा उल्लेख छ। यस्ता कुरा राजनीतिक प्रश्नहरू हुन्। अदालतको निरोपणको विषय हुदैन।" माननीय न्यायाधीश श्री केदारनाथ उपाध्यायले प्रतिनिधिसभा विघटन अमान्य र कानूनी मान्यता शून्य भनी ठहर गरे पनि न्यायिक निर्णय हुन सक्ने इत्यादि प्रारम्भिक प्रश्नहरूमा सम्माननीय प्रधान न्यायाधीशको निर्णयमा अभिव्यक्त निष्कर्षसंग सहमति पनि व्यक्त गर्नुभएकाले सम्माननीय प्रधान न्यायधीशले व्यक्त गर्नुभएको "श्री ५ को विवेकमा मूल्यांकन र निर्णय हुनु पर्ने कुराहरू यस अदालत छानवीन र निर्णयको विषय हुन नसक्ने" निष्कर्षमा उहाँको स्वत: सहमति देखिन्छ। त्यस विशेष इजलासका अधिकांश माननिय न्यायाधीशहरूको राय र निष्कर्ष अमेरिकी सर्वोच्च अदालतले अनुसरण गरी आएकै राजनीतिक प्रश्नको सिद्धान्त अनुरूप नै यस्ता राजनीतिक प्रश्नहरू अदालतको निरोपणको विषय हुन सक्तैन।

५. संविधानले निर्धारित गरेकै प्रक्रिया अन्तर्गत कतिपय राजनीतिक विवादका प्रश्नहरूको समाधान हुन्छन् तर संविधानको अन्तिम र सर्वोपरि व्याख्याताको भूमिका अन्तर्गत पर्ने ती राजनीतिक विवादहरू न्यायिक पुनरावलोकनको विषय नबनाई निर्धारित प्रक्रिया अन्तर्गत नै समाधान खोज्नु पर्ने दृष्टिकोण सर्वोच्च अदालतको विशेष इजलासका सम्माननीय प्रधान न्यायाधीश श्री विश्वनाथ उपाध्यायबाट राधेश्याम अधिकारी निवेदक भएको मुद्दामा (ने.का.प. २०४८ अंक १२, पृष्ठ ८१०) यस प्रकार प्रतिपादित भएको छ :

"मन्त्रिपरिषदले श्री ५ मा चढाएको सल्लाह, सिफारिस वा परामर्श सार्वजनिक रूपमा प्रकाशित गर्न श्री ५ को सरकारलाई कर लाग्दैन। यथार्थमा यो संवैधानिको व्यवस्थाको खास प्रयोजन छ। श्री ५ र संविधान बमोजिम मौसूफमा सल्लाह वा सिफारिस चढाउने सन्दर्भमा स्थापित हुने अन्तरसम्बन्धको प्रकृतिबाटै त्यो गोप्य रहनु पर्ने हुन्छ। संविधान बमोजिम श्री ५ का हजुरमा कसले के सल्लाह वा सिफारिस चढायो, सल्लाह वा सिफारिस चढाउनुभन्दा पहिले त्यस सम्बन्धमा कुनै विचार विमर्श भयो वा भएन अथवा त्यस सम्बन्धमा अन्तिम निर्णय हुंदासम्मको अवधिमा श्री ५ र त्यस्तो निकाय वा पदाधिकारीको बीचमा के कस्ता कुराहरू छलफल भए, विचार विमर्शको प्रक्रिया कसले के राय व्यक्तगर्‍यो वा कसले कुन कुराको समर्थन वा विरोध गर्‍यो इत्यादि कुराहरू सार्वजनिकरूपमा प्रकाशमा ल्याउने वा छलफल गराउने विषय होइनन्। व्यावहारिक दृष्टिकोणबाट पनि त्यसो गर्नु उपयुक्त र वाञ्छनीय हुदैन। त्यस्ता कुराहरू सार्वजनिक रूपमा ल्याइने गरियो भने कतिपय अवस्थामा स्वतंत्र र निर्विघ्न रूपमा छलफल र विचार विमर्श गर्ने प्रक्रियामै अवरोध वा कठिनाई उत्पन्न हुन सक्दछ। ती कुराहरू सार्वाजनिक रूपमा प्रकाशित हुँदा अनावश्यक टीका टिप्पणी, विरोध, मनोमालिन्य इत्यादि हुने संभावना हुने भएकोले त्यसबाट जोगिनको लागि सल्लाह र सिफारिस गर्ने व्यक्तिमा आत्मनिष्ठ दृष्टिकोण नराख्ने वा आफ्नो उत्तरदायित्वलाई पन्छाउने प्रवृत्ति विकसित हुन सक्तछ। यस्तो स्थितिमा देशको शासन व्यवस्थाको संचालन सुचारू रूपमा हुन सक्तैन। त्यसैले संविधान बमोजिम श्री ५ का हजुरमा सल्लाह र सिफारिस चढाउने निकाय वा पदाधिकारीले कुनै

अप्ठयारो वा असजिलो परिस्थिति व्यहोर्न नपरी स्वतन्त्रतापूर्वक आफ्नो संवैधानिक कर्तव्यको निर्वाह गर्न सकुन् भन्ने उद्देश्यले संविधानको त्यस्तो सल्लाह र सिफारिस तथा तत्सम्बन्धी प्रक्रियालाई न्यायिक जाँच बुझको क्षेत्रबाट अलग राखेको हो। कुन निकाय वा पदाधिकारीले श्री ५ मा के कस्तो सुझाव वा सिफारिस चढायो वा चढाएन, श्री ५ बाट त्यो सुझाव वा सिफारिस स्वीकार गरी बक्स्यो वा गरिबक्सेन भन्ने कुरा न्यायिक जाँचबुझको विषयवस्तु हुन सक्तैन। सल्लाह र सुझाव चढाउने सन्दर्भमा जे जस्तो राय व्यक्त गरिएको भए पनि अन्तिम निर्णय हुँदाको अवस्थासम्ममा श्री ५ र मन्त्रिपरिषद्को बीचमा कुनै मत भिन्नता नरहेको नै अनुमान गर्नु पर्ने हुन्छ। अन्तिम निर्णय हुनुभन्दा पहिले कुनै मत भिन्नता रहेको भए पनि कहिले श्री ५ बाट बक्सेका परामर्श मन्त्रिपरिषदले स्वीकर गरी र कहिले मन्त्रिपरिषद्कै दृष्टिकोणलाई श्री ५ बाट स्वीकार गरीबक्सी अन्तिम निर्णय हुँदासम्म त्यो मतभिन्नता समाप्त भई सकेको हुन्छ। यदि त्यो मतभिन्नता समाप्त नभई कायमै रह्यो भने पनि त्यसको समाधान न्यायिक निर्णयबाट हुन सक्तैन।

श्री ५ र मन्त्रिपरिषद्को बीचको सम्बन्धलई संविधानले वस्तुत: राजनैतिक सम्बन्धको रूपमा हेरेको छ। र, त्यो अन्तर सम्बन्धबाट हुने सबै कार्य र उपस्थित हुने सबै प्रश्नलाई राजनैतिक कार्य वा प्रश्नको रूपमा राखेको छ। त्यस्तो प्रश्नको समाधान समयको प्रवाहसंगै विकसित हुँदै जाने संवैधानिक परम्परा र व्यावहारिक राजनीतिबाटै हुन्छ । संवैधानिक राजतंत्र र संसदीय शासन पद्धतिको मान्यता र कार्य प्रणाली यही नै हो। निवेदकले सार्वजनिक सरोकारको विवादको रूपमा प्रस्तुत गर्न खोजेको विवादको यो विषय सही अर्थमा संविधान अन्तर्गत यस अदालतबाट निरुपण हुन सक्ने विषय नै देखिन्न । त्यस सम्बन्धमा यस अदालतले कुनै जाचँबुझ गर्न संविधानको धारा ३५को उपधारा (६) ले निषेध गरेकोले राजदूतको नियुक्तिको सन्दर्भमा अपनाइएको संवैधानिक प्रकृयाको यर्थायता यकिन गर्ने र कुनै निश्चित निष्कर्षमा पुग्न सकिने स्थिति छैन। सम्माननीय प्रधान न्यायधीशको उक्त रायमा राजनीतिक प्रश्नको सिद्धान्तको रूपमा प्रचलित सिद्धान्तलाई नै अनुसरण गरिएको स्पष्ट छ। पूर्णत: राजनीतिक क्रियाद्वारा समाधान गरिने राजनीतिक विवाद प्रश्नहरूमा संलग्न नहुने न्यायिक संयमकै सर्वमान्य दृष्टिकोण नेपालमा पनि सर्वोच्च अदालतले अनुसरण गरी आएको छ।

६. सार्वजनिक हक र सरोकारका कतिपय प्रश्नहरू राजनीतिक प्रकृतिका भए पनि कुनै संवैधानिक प्रावधानको व्याख्या र प्रचलनको तात्त्विक र गम्भीर प्रश्न उपस्थित हुँदा त्यस्ता विषयहरूमा सर्वोच्च अदालतले निर्णय गर्ने न्यायिक सक्रियता कायमै राखेका अनेकौं नजिरहरू मध्ये बालकृष्ण नेउपाने निवेदक भएको टनकपुर ब्यारेज सम्बन्धी सम्वत् २०४८ सालको रिट नम्बर १८५१ को मुद्दा पनि हो। बहुमतद्वारा समर्थित सम्माननीय प्रधान न्यायाधीश श्री विश्वनाथ उपाध्यायले व्यावहारिक औचित्यको सिद्धान्त प्रतिपादन गर्दै हरेक विवादको टुंगो लगाउने उपयुक्त निकाय अदालत नै हुन नसक्ने निष्कर्ष यसरी व्यक्त गर्नुभएको छ : "संविधानको धारा १२६ को उपधारा (२) मा उल्लेख भएका विषयहरू सम्बन्धी सन्धि वा सम्झौताहरूबाट राष्ट्रलाई के कस्तो असर पर्छ भन्ने कुराको निर्णय कसले र कहिले गर्ने भन्ने कुरा वस्तुत: आफैंमा एउटा जटिल प्रश्न छ। सन्धि वा सम्झौतावाट राष्ट्रलाई कस्तो असर पर्छ भन्ने कुरा निर्णय

गर्नको लागि त्यस्तो कानूनी र संवैधानिक पक्षका अतिरिक्त आर्थिक, प्राविधिक तथा अन्य विभिन्न पक्षहरूमा पनि विचार गर्नु पर्ने हुन्छ। सन्धि वा सम्झौताको असरको मूल्यांकन गर्दा राजनैतिक वा कुटनैतिक दृष्टिकोणबाट राष्ट्रलाई पर्न सक्ने असरलाई पनि हेर्नु पर्ने अवस्था हुन सक्तछ। सन्धि वा सम्झौताको असर के कति व्यापक गम्भीर वा दीर्घकालीन हुन सक्दछ भन्ने कुरा कोरा तर्कको आधारमा वा सम्झौताका लिखतहरूमा व्यक्त भएका कुराहरूबाट मात्र यकिन हुन सक्तैन। "गंभीर," "व्यापक" र "दीर्घकालीन" भन्ने सापेक्षिक कुरा हुन जसको निरूपण सबै सम्बद्ध कुराहरूको समष्टिगत अध्ययन र विश्लेषणबाट मात्र हुन सक्तछ। यस स्थितिमा प्रश्न उठ्दछ: के यस्ता कुराहरू हेर्न र निर्णय गर्नको लागि अदालत उपयुक्त निकाय हो त ? होइन भने त्यो हेर्ने र निर्णय गर्ने कसले ? यथार्थमा माथि उल्लेख भए अनुसार विभिन्न आधारहरूमा निर्णय हुनु पर्ने यस्ता प्रश्नहरूको समाधान श्री ५ को सरकार र संसद्मा रहेका जनप्रतिनिधिहरूबाटै हुनु उपयुक्त देखिन्छ। अदालती निर्णयबाट सो कुराको निर्णय भएपछि मात्र श्री ५ को सरकारले सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको लागि कारवाही चलाउने कुरा सबै अवस्थामा न त यो व्यावहारिक हुन्छ न वाञ्छनीय। त्यस सम्बन्धमा श्री ५ को सरकारबाट प्रस्ताव पेश नहुँदै संसद् वा प्रतिनिधि सभाले सन्धि वा सम्झौतावाट पर्न सक्ने असरको मूल्यांकन गरेर कहाँ प्रस्ताव पेश गर्ने भनी श्री ५ को सरकारलाई निर्देशन दिने प्रश्न पनि उठ्दैन। आफुले गरेको सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गराउन प्रतिवद्ध श्री ५ को सरकारको मूल्यांकन सजिलो विकल्प रोज्ने दिशामा पनि प्रवृत्त हुन सक्तछ। तर सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन सम्बन्धी संवैधानिक एवं कानूनी प्रक्रिया प्रारम्भ गर्नका लागि पनि श्री ५ को सरकारले आफ्नो मूल्यांकनको आधारमा प्रस्ताव पेश गर्नु वाहेक अर्को विकल्प पनि छैन। संसद्को दुवै सदनको संयुक्त वैठक वा प्रतिनिधिसभाले आफू समक्ष पेश भएको प्रस्ताव उपर विचार र छलफल गरी सन्धि वा सम्झौतावाट राष्ट्रलाई पर्ने असरको मूल्यांकन गर्ने प्रक्रिया स्वयं निर्धारित गरी त्यो प्रस्तावलाई स्वीकार वा अस्वीकार गर्न सक्तछ।सो अनुसार सन्धि वा सम्झौताको अनुमोदन,समिमलन, स्वीकृति वा समर्थन हुनुभन्दा पहिले नै अदालतले त्यसको असरको सम्बन्धमा कुनै निर्णय गर्नु वा श्री ५ को सरकारलाई निर्देशन दिनु तर्क संगत हुँदैन। त्यस्तो प्रस्ताव पेश गर्ने अधिकार र कर्तव्य भएको श्री ५को सरकारले त्यसको मूल्यांकन गरी प्रस्ताव पेश गर्न नपाउँदै र त्यस्तो प्रस्तावलाई स्वीकृत वा अस्वीकृत गर्न संविधान वमोजिम अधिकार पाएको संसद्को दुवै सदनको संयुक्त वैठक वा प्रतिनिधि सभाले सो प्रस्ताव उपर विचार र छलफल गरी स्वीकृत वा अस्वीकृत गर्न निर्णय गर्न नपाउँदै अदालतले हस्तक्षेप गर्दा संसदीय प्रक्रियामा समेत हस्तक्षेप गरे जस्तो हुन्छ।"

विशेष इजलासका सम्माननीय प्रधान न्यायाधीशको त्यस रायमा राज्यका व्यवस्थापिका र कार्यपालिकाका अधिकार क्षेत्र अन्तर्गतका कुराहरूमा अहस्तक्षेपको न्यायिक संयमको सिद्धान्त स्थापित हुन गएको छ, जो प्रस्तुत मुद्दाको लागि पनि प्रेरक सिद्धान्त भएको छ। न्यायिक व्याख्याको अन्तिम र सर्वोपरि अधिकार सर्वोच्च अदालतले कायम राख्दै संवैधानिक सर्वोपरिता र शक्ति पृथकीकरणको सिद्धान्तलाई पनि सर्वोच्च अदालतले अक्षुण राख्ने सतर्कता आफ्ना फैसलाहरूद्वारा देखाएको छ।

सर्वोच्च अदालतको वृहद् विशेष इजलासहरूबाट प्रतिपादित न्यायिक संयमको सिद्धान्तका सायै व्यावहारिक औचित्यको सिद्धान्त र राज्यका अन्य अंगहरूद्वारा सम्पन्न गरिने आफ्नो भूमिकाहरूको सम्बन्धमा अहस्तक्षेपको न्यायिक सिद्धान्त पनि स्पष्टता र दृढताका साथ कायम राखिएको छ।नेपालमा पनि सर्वोच्च अदालतले कतिपय प्रसंगहरूमा राजनीतिक प्रश्नहरूको सिद्धान्त अन्तर्गत राजनीतिक विवादहरूको निरूपण र निर्णय गर्न तत्पर नरहेका नजिरहरू स्थापित गरेको छ।

७. नेपालको पाँचौं लिखित संविधान अर्थात् नेपाल अधिराज्यको संविाधान २०४७ को धारा ८८ को उपधारा (१) र (२) अन्तर्गतका सार्वजनिक हक र सरोकारका विषयहरूमा सर्वोच्चबाट अपेक्षित न्यायिक सक्रियताको भूमिकाको गतिशील विकास गर्दै सर्वोच्च अदालतले आफ्ना अघिदेखि प्रतिपादित न्यायिक संयमको सिद्धान्तलाई पनि निरन्तरता दिई कायम राखेका माथि उल्लेखित मुद्दाहरूका अतिरिक्त अन्य अनेकौं नजिरहरूको उल्लेख गर्न सकिन्छ, जो अनावश्यक छ। न्यायका सर्वमान्य सिद्धान्तहरू बमोजिम नेपालमा अनुसरण गरिएका न्यायिक संयमको सिद्धान्तको समर्थनमा केही विदेशी न्यायिक सामग्रीहरूको यस प्रसंगमा उल्लेख गर्दा सर्वप्रथम अत्यन्त पुरानो र प्रजातान्त्रिक ढाँचाको लिखित संविधान भएको संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतमा प्रधान न्यायाधीश जोन मार्सलले मार्बरी विरूद्ध मेडिसनको मुद्दामा सन् १८०३ मा गर्नुभएको निर्णयमा व्यक्त यी भनाइहरू त्यहाँ अद्यापि न्यायिक निरूपणमा उल्लेख गरिएको पाइन्छ :

"The Province of the court, is, solely to decide on the rights of individuals, not to inquire how the executive, or executive officers, perform duties in which they have a discretion. Questions in their nature political, or which are, by the constitution and laws, submitted to the executive, can never be made in this court."

राजनीतिक प्रक्रिया अन्तर्गत समाधान हुन सक्ने राजनीतिक प्रश्नहरूको निरूपण नगर्ने न्यायिक संयमकै सिद्धान्तको अनुसरण गर्दै अमेरिकी सर्वोच्च अदालतका जस्टिस फ्रैन्कफर्टर Colegrove vs. Green (328U.S549;66s.ct 1198. 90LD 1946) मा बहुमतको तर्फबाट यस प्रकारको सिद्धान्त स्थापित गर्नुभएको थियो :

"It is hostile to democratic system to involve judiciary in the politics of the people . And it is no less pernicious if such judicial intervention in an essentially political contest be dressed up in the abstract phrases of law... To sustain this action would cut very deep into the very being of congress. Courts ought not to enter this political thicket.... The constitution has many commands that are not enforceable by courts because they clearly fall outside the conditions and purposes that circumscribe judicial action .....Violation of a the great guaranty of republic form of government in states connot be challenged in the courts. The constitution has left the performance of

many duties in our governmental schemes to depend on the fidelity of the executive and legislative action, and ultimately, on the vigilance of the people in exercising their political rights."

सन् १८४६ मा प्रतिपादित यस न्यायिक सिद्धान्तलाई Baker vs. carr. (369 U.S.186) मा सन् १९६२ मा अमेरिकी सर्वोच्च अदालतले केही कुरामा ओभर-रूल गरे पनि राजनीतिक प्रश्नहरूमा प्रवेश गर्ने सीमांकन कायमै छ। बहुमतको तर्फबाट JusticeWilliam Brennan ले भन्नुभएको छ :"

...It is the relationship between judiciary and coordinate branches of the federal government and not the federal judiciary's relationship to the states, which give rise to the political questions".....The nonjusticiability of a political question is primarily a function of the separation of powers."

८. राजनीतिक प्रश्नहरूमा संलग्न नहुने न्यायिक संयमको सिद्धान्तको नयाँ सीमांकन गर्दा कुन विवादको निरूपण गर्ने र कस्तो विवादको निरूपण नगर्ने कुरा मात्र Baker vs. Carr मा अमेरिकी सर्वोच्च अदालतले केही नयाँ कुरा भने पनि शक्ति पृथकीकरणमा आधारित त्यस देशको प्रजातान्त्रिक प्रणालीमा न्यायपालिकाले कार्यकारिणी र व्यवस्थापिकाको अधिकारको परिधिलाई समाप्त पारेको छैन। व्याख्याको सर्वोपरि अधिकार ग्रहण गरे पनि संवैधानिक सर्वोच्चताको उल्लघन सर्वोच्च अदालतले हालसम्म गर्न चाहेको छैन। राजनीतिक प्रश्नहरूका साथ व्यावहारिक राजनीतिको कुरामा अमेरिकामा कानूनको न्यायिक टिप्पणीहरू प्रशस्त पाइन्छन् A Reference Guide to the United States supreme Court (General Editor :Stephen P.Elliot 1987) का केही उद्धरणहरू यहाँ उल्लेख गर्नु प्रासंगिक देखिन्छ :

"The political question doctrine. The political question doctrine is another restraint on the court's judicial powers. This concept holds that certain matters are non justifiable due to their political nature and are best resolved by the body politic . If the court finds that this doctrine is applicable to an issue, it will withhlold judical review. However, unlike the other restriction on judicial review, such as standing ripeness, and mootness, the political question doctrine can never be "cured" by a change in the factual circumstances. A Holding of nonjusticiability due to a question's political ramifications is absolute in its foreclosure of judicial examination .

some Constitutional law scholars have held that the political question doctrine is actually misnomer. Although may issues that are nonjusticiable under this concept are political in nature, the court has heard and decided other cases despite their political origins. For example, the court rendered an opinion in the steel seizure case and

did not withhold judicial scrutiny due to the political issues involved. The Youngstown sheet and Tube co. Case held that president Truman's seizure of steel mills during the Korean war unconstitutional. As justice Jackson has noted however, political consequences are found in all constitutional interpretations. Perhaps a more accurate definition of the political question doctrine, is the nonjusticiabiliy of any maters that are simply inappropriate for judicial consideration.

Standard for political questions issues are included in this broad category at the courts discretion, although such determination is not without some standards. However, the components of the political question doctrine have beneath subject of considerable litigation. At least three strands to the concept have emerged and are followed by the court. The first which is perhaps the most legitimate is the "Constitutional Committment" rationale. This strand holds that if the constitution has explicitly delegated the authority to resolve a matter to another branch of government then case is appropriate for judicial review and the political question doctrine of justifiability precludes judicial consideration. This rationale rests on the separation of power principle and reflects the courts concern to avoid interference with another government agency's prescribed authority.

A second element of the political question concept emphasizes the lack of judicial competence. The court may rely on this doctrine if the case cannot be resolved by " judicially manageable standards" unlike the legislative branch, for example, the judiciary possesses no fact finding mechanisms of its own. If the court cannot resolve the case on the basis of data available to it, the matter is considered nonjusticiable as political question.

An even more ambiguous part of the doctrine is the problem of judicial discretion. The court must consider whether it will decide an issue whose resolution will result either in a policy inappropriate for judicial determination, or in embarrassment to another governmental agency due to inconsistent decisions form different departments."

९. नेपालमा सर्वोच्च अदालतले अनुसरण गरी आएको न्यायिक संयमको सिद्धान्तसंग संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले लामो समयदेखि मान्यता दिइरहेको न्यायिक संयमको सिद्धान्त तुलना गर्न Elder Will द्वारा सम्पादित Guide to the U.S supreme Court (page 255-256) को यस भनाइलाई उद्धृत गर्न सकिन्छ : "Overall, the supreme court has carefully circumscribed its power, its

jurisdiction, and those of the lower federal courts .Felix frankfurter, writing in 1920's, described this self- limitation as possibly "the most significant aspect of judicial action in the American constitutional scheme". Such self-denial, he wrote, was "the expression of an energizing philosophy of the distribution of governmental powers. for a court to hold that decision does not belong to it, is merely to recognize that a problem calls for the exercise of initiative and experimentation possessed only by political processes....."

The overriding factor in this self-restraint has been the court's clearly demonstrated awareness of the prerogatives of the other elements of the federal system-its coordinate branches, congress and the Executive-and the states.

Justice Lewis F. Powell Jr.expressed this realization in 1974 :

Repeated and essentially head-on confrontations between the life tenured branch and the representative branches of the government will not, in the long run, be beneficial to either. The public confidence essential to the form and the vitality critical to the latter may well erode if we do not exercise self-restraint in the utilization to our power to negative the actions of the other branches."

१०. राजनीतिक विवादको कुरामा अमेरिकी सर्वोच्च अदालतले अनुसरण गरी आएको न्यायिक संयमकै सम्बन्धमा Charles Alan Wright को Law of Federal Courts (4th Edition, Page 74-81) मा व्यक्त टिप्पणीले त्यस अदालतको हालसम्मको न्यायिक अवधारणाको स्पष्ट जानकारी दिन्छ। त्यस निर्णयका केही अंशहरू यस प्रकार छन् : " The political question doctrine goes back to the great case of Marbury v. Madison. Chief justice Marshall there expressed the view that the courts will not entertain political questions even though such questions involve actual controversies. The non - justifiability of a political question is founded primarily on the doctrine of separation of powers and the policy of judicial restraint. The relationship between the judiciary and the other branches of the federal government gives rise to the political question, and whether a matter has been committed by the constitution to another branch of government is decided by the court.

Modern political question analysis derives from the classic legislative apportionment decision in 1962 in Baker v. Carr. justice Brennan there repeatedly emphasized that the concern underlying the doctrine is that of separating the proper sphere of federal judicial

power from the appropriate spheres of federal executive and legislative power. After examining several categories of matters that had been regarded as political question, he summarized the relevant considerations: "prominent on the surface of any case held to involve a political question is found a textually demonstrable constitutional commitment of the issue to a coordinate political department; or a lack of judicially discoverable and manageable standards for resolving it; or the impossibility of deciding without an initial policy determination of a kind clearly for nonjudicial discretion; or an unusual need for unquestioning adherence to a political decision already made; or the impossibility of a court undertaking independent resolution without expressing lack of the respect due coordinate branches of government; or the potentiality of embarrassment from multifarious pronouncements by various departments on one question."

As has been pointed out by several commentators, the doctrine, as summarized by justice Brennan, contains at least three theoretical strands. The Baker formulation lists six factors, at least one of which must be unmistakably present in a case before it is dismissed as a political question. The first factor-a textually demonstrable commitment to another branch is the classic view that the courts must decide all cases and issues before it unless, as a matter of constitutional interpretation, the constitution itself has committed the determination of the issue to another branch of government of the second and third factors- lack of judicially discoverable standards and involvement of the judiciary in nonjudicial policy determinations-suggest a functional approach. The final third factors-lack respect for other branches, need for adherence to a political decision already made, and possibility of embarrassment-all seem to be prudential considerations. These six factors, and these three possible approaches, have been mingled in various proportions in the use that have been made the political question doctrine over the years.

X X X

In Baker v. Carr the court said" it is error to suppose that every case or controversy which touches foreign relations lies beyond judicial cognizance." At the same time it recognized that many such cases are political questions because they" turn on standards that

defy judicial application, or involve the exercise of a desecration demonstrably committed to the executive of legislature "or" uniquely demand single-voices statement of the government's views".

X X X

More than 70 lawsuits were brought challenging American military involvement in Viet Nam and Southeast Asia. Reasoning by the courts varied widely, but the striking fact is that in no case was the involvement held unconstitutional and that most courts refused to reach the merits of the constitutional issues by finding that the suits raised a political question or were otherwise nonjusticiable.

X X X

Clearly the political question doctrine has shrunken in scope since Baker v. Carr and Powell v. Mac Cormack. It is not yet dead. In one case a lower court referred to "the diminished vitality of the political question doctrine" and entertained a suit requiring judicial survillance over the training and weaponry of the National Guard. The Supreme Court lastly responded that "because this doctrine has been held inapplicable to certain carefully delineated situation, it is no reason for federal courts to assume its demise. "It found in the constitutional language that states to train the militia" according to the discipline prescribed by congress" a textual commitment of the question to coordinate branch of the federal government ."

११. राजनीतिक प्रश्नहरूमा न्यायिक पुनरावलोकनको अधिकार सीमित रही आएको ऐतिहासिक विवेचना सहितका विस्तृत टिप्पणी Congressional Research Society ले १९७२ सम्मका मुद्दाहरूको आधारमा तयार पारेको Constitution of the United states of America को पृष्ठ ५५९ देखि ६६९ सम्ममा पाइन्छ। त्यसमा अमेरिकी सर्वोच्च अदालतले Decatur v. Paulding को मुद्दामा सन् १८४० मा व्यक्त गरेको यो राय उद्धृत गरिएको छ :

" The interference of the courts with the performance of the ordinary duties of the executive departments of the government, would be productive of nothing but mischief and we are quite satisfied, that such a power was never intended to be given to them." It therefore follows that mandamus will be against an executive official only to compel the performance of a ministerial duty which admits of no discretion and may not he invoked to control executive of political duties which admit of discretion."

सर्वोच्च अदालतका विभिन्न मुद्दाहरूको क्रममा विकसिति भएको न्यायिका अवधारणाको निष्कर्षमा त्यस किताबमा यस प्रकारको टिप्पणी गरिएको छ:

"From this limited review of the principal areas in which the political question doctrine seemed most established it is possible to extract some factors which seemingly convinced the courts that the issues presented went beyond the judicial responsibility, These factors, necessarily stated badly in so summary a fashion, would appear to be the lack of requisite information and the difficulty of obtaining it, the necessity for uniformity of decision and to defer to the wider responsibilities of the political departments and the lack of adequate standards to resolve a dispute. But present in all political cases is the most important factor, a "prudential" attitude about the exercise of judicial review which emphasizes that courts should be wary of deciding on the merits any issue in which claims of principle as to the issue and of expediency as to the power and prestige of courts are in sharp conflict. The political question doctrine is thus away of avoiding a principled decision damaging to the court or and expedient decision damaging to the principle. "

त्यसै किताबमा Chicago & s.Airlines v. Waterman steamship corp। मा अमेरिकी सर्वोच्च अदालतले राजनीतिक, सामाजिक र आर्थिक स्थितिहरूको मूल्यांकनद्वारा गरिने विवादग्रस्त विषय मा पुनरावलोकनका अधिकार प्रयोग नगर्ने सिद्धान्त प्रतिपादन गरेकोलाई यस प्रकारले उद्धृत गरेको छ :

"The President both as Commander - in chief and as the Nation's organ for foreign affairs, has available intelligence services whose reports are not and ought not to be published to the world. It would be intolerable that courts, without the relevant information should review and perhaps willify actions of the Executive taken on information properly held secret. Nor can court sit in camera in order to be taken into executive confidences." And in holding that it was for congress to determine what length of times a constitutional amendment may penned before becoming nb longer viable, Chief justice Hughes emphasized: "The question of a reasonable time in many cases would involve, as in this case it does involve, an appraisal of a great variety of relevant conditions, political, social and economic, which can hardly he said to be within the appropriate range of evidence receivable in a court of justice and as to which it would be an extravagant extension of judicial authority to assert judicial notice as the basis of deciding a controversy with respect to the validity of and amendment actually ratified".

१२. अमेरिकी सर्वोच्च अदालतको राजनीतिक प्रश्नहरूको निरूपण गर्ने अनिच्छाको विषयमा Chester j.Antieau को Modern Constitutional Law Volume ii page 669-674) मा विभिन्न मुद्दाहरूमा प्रतिपादित सिद्धान्तहरूको परिप्रेक्ष्यमा विस्तृत विवेचना गरिएको छ जसका केही अंशहरू यसप्रकार छन् :

"Unwillingness to adjudicate" political questions." The United States supreme court has on a number of occasions refused to review constitutional issues where it concluded that the controversies were "political question."

Most questions arising under the guaranteeing of a republican form of government clause have been deemed" political questions. "Lutherv. Borden in 1819 held that the guaranteeing clause is not a repository of judicially manageable standards which a court could utilize independently in order to identify a states lawful government, since the, the courts has rejected as nonjusticiable claims under this clause (1) that a state resolution of a contested govemetorial election deprived voters of a republican government, (2) that the initiative and referendum negated a republican form of government,(3) that a municipal charter amendment for municipal initiative and referendum negated republican government, (4) that a states constitutional amendment procedure negated republican government, (5) that delegation to a court of power drainage districts negated republican government (6) that invalidation of state reapportionment statute for referendum negated republican government,(7) that workmen's compensation violates republican government,(8) that a rule requiring invalidation of a statute by all by but one justice of a state court negated republican government and (9) that delegation to and agency of power to control milk prices violated republican government. One should not assume that all claims made under the guaranteeing of a republican form of government will be " political question"- the Supreme court recently remarked: "- some question raised under the guaranteeing clause are nonjusticiable where "political" in nature and where there is a clear absence of judicially manageable standards."

X X X

In 1939 the Supreme Court indicated that in determining if a question is a "political question" the appropriateness under one system of government of attributing finality to the action of the political department and also the lack of satisfactory criteria for

judicial determination are dominant considerations. Elsewhere, too, the court has indicated that there will be a " political question" where " the need for finality in the political determinations" is dominant," and this can well be illustrated by a determination of the President the it is necessary because of an emergency to call up militia.

In 1962 the Supreme Court explained :"Prominent on the surface of any case held to involve a political question is found a textually demonstrable commitment of the issue to a coordinate political department : or a lack of judicially discoverable and manageable standards for resolving it: or the impossibility of a court's undertaking independent resolution without expressing lack of the respect due coordinate branches of government; or an unusual need for unquestioning adherence to a political decision already made; or the potentiality of embarrassment from multifarious pronouncements by various departments on one question ."

१३. के सर्वोच्च अदालतले अन्तिम व्याख्याताको रूपमा आफ्नो अधिकार क्षेत्र अन्तर्गतका मुद्दाहरूका सबै संवैधानिक प्रश्नहरूको निरूपण र निर्णय गर्छ ? अथवा के केही संवैधानिक प्रश्नलाई न्यायिक निरूपणको लागि अनुपयुक्त पनि देख्दछ ? यस विषयमा अमेरिकी सर्वोच्च अदालतको दृष्टिकोण के रहेको छ भन्ने विषयमा विस्तृत विवेचना Ronald D. Rotunda को Modern Constitutional Law, cases and notes (third Edition) मा पनि पाइन्छ । अमेरिकी सर्वोच्च अदालतले राजनीतिक प्रश्नहरूको सिद्धान्त अन्तर्गत राज्यका अन्य अंगहरूद्वारा राजनीतिक तवरले हुने निर्णयहरूमा न्यायिक पुनरावलोकनको अधिकार सीमित र संयमित प्रकारले प्रयोग हुने सिद्धान्तहरूको विस्तृत विवेचना छ । Pacific States Tel & T.Co.v. Oregon मा white C.J.को यो भनाइ उद्धृत छ :

Do the provisions of 4, Art, IV, Bring about these strange, far reaching and injurious results ? That is to say, do the provisions of the Article obliterate the division between judicial authority and legislative power upon which the constitution rests ? In other words, do they authorize the judiciary to substitute its judgment as to a matter purely political for the judgment of Congress on a subject committed to it and thus overthrow the constitution upon the ground that there by guarantee to the states of a government republican in form may be secured, a conception which after all rests upon the assumption that the states are to be guaranteed a government republican in form by destroying the very existence of a government republican in form in the nation ?..... Under this articles of the constitution it rests with the Congress to decide what government is

the established one in a state. For, as the United States guarantee to each state a republic government Congress must necessarily decide what government is established in the state before it can determine whathever it is republican or not, And when the Senators and Representatives of a state are admitted into the councils of the union, the authority of the government under which they are appointed, as well as its republican character, is recognized by the proper constitutional authority. And its decision is binding on every other department of the government and could not be questioned in a judicial tribunal. It is true that the contest in this case did not last long enough to bring the matter to this issue; and as no senators or representatives were elected under the authority of the government of which Mr. Dorr was the head, Congress was not called upon to decide the controversy. Yet right to decide is placed there and not in the courts.

X X X

As the issues presented in their very essence, are, and have long since by this court been, definitely determined to be political and governmental, and embraced within the scope of the powers conferred upon Congress, and therefore within the reach of judicial power, it follows that the case presented is one within our jurisdiction, and the writ of error must therefore be and it is, dismissed for want of jurisdiction"

१४. राजनीतिक प्रश्नहरूको सिद्धान्तकै सम्बन्धमा Willam B. Lockhart समेत ४ जना प्राध्यापकहरूको Constitutional Law, Cases- comments-question (Seventh edition) पनि उल्लेखनीय छ। अमेरिकी सर्वोच्च अदालतले Baker v. Carr मा १९६२ मा प्रतिपादन गरेको राजनीतिक प्रश्नहरूमा पुनरावलोकनको सिद्धान्त र त्यस पछि हालसम्म (१९९१) का न्यायिक अवधारणाहरूको विस्तृत विवेचनाद्वारा माथि उल्लेखित रानीतिक प्रश्नहरूको सीमित र संयमित अधिकार प्रयोग गर्ने सिद्धान्तहरूको विवेचना यसमा गरिएको छ। राजनीतिक प्रश्नहरू समावेश हुँदैमा सर्वोच्च अदालतले स्वत: आफ्नो अधिकार क्षेत्र नै प्रयोग नगर्ने कुरा सर्वोच्च अदालतले मान्दैन। Baker v. Carr (1962) को निर्णयले मुद्दामा निहित विवादको प्रकृतिलाई हेरेर अदालतले कुनै राजनीतिक प्रश्न न्यायिक निरूपणको विषय हो कि होइन भन्नु पर्दछ भन्ने दृष्टिकोण लिएको छ। त्यस मुद्दामा राज्यको शक्ति पृथकीकरणको स्थितिलाई ध्यानमा राखेर कुनै राजनीतिक प्रश्न अदालतले न्यायिक निरूपण नगर्ने सिद्धान्त अनुसरण गरिएको हो भन्ने स्वीकार गरेकोले राज्यको एउटा अंगद्वारा आफ्नो विवेकीय अधिकार प्रयोग गर्ने कुरामा राज्यको अर्को अंग अर्थात् अदालतले आफ्नो विवेक प्रतिष्ठापित गर्न नमिल्ने सिद्धान्तलाई त्यसले उल्टाएको छैन। अन्त्यत : हाल

(१९८६) को Davis v. Bandemer को मुद्दामा ५ र ४ को विभाजित मतहरू मध्ये ४ जनाको मत J. O'Commer को यो राय त्यस किताबमा उद्धृत गरिएकोबाट त्यहाँको हालसम्मको न्यायिक अवधारणा बुझ्न मद्दत पाइन्छ :

"Today the court holds that claims of political gerrymandering lodged by member of one of the political parties that make up our two party system are justiciable under the Equal Protection clause of the Fourteenth Amendment. Nothing in our precedents compels us to take this step, and there is every reason not to do so. I would hold that partisan gerrymandering claims of major political parties raise a nonjusticiable political question that the judiciary should leave to the legislative branch as the framers of the constitution unquestionably intended.

The step taken today is a momentous one, which if followed in the future can only lead to political instability and judicial malaise. If members of the major political Parties are protected by the Equal Protection clause from dilution of their voting strength than member of every identifiable group that possesses distinctive interests and tends to vote on the basis of those interests should be able to bring similar claims. Federal courts will have no alternative but to attempts to recreate the complex process of legislative apportionment in the context of adversary litigation in order to reconcile the competing claims of political, religious, ethnic, racial, occupational, and socioeconomic groups. Even if there were some way of limiting such claims to organize political parties the fact remains that the losing party or the losing group of legislators in every reapportionmnet will now be invited to fight the battle anew in federal court.... The right asserted in Baker v. Carr was an individúal right to vote whose weight was not arbitrarily subject to 'debasement'.

The rights asserted in this case are group right to an equal share of political power and representation, and the arbitrary and capricious standard discussed in Baker v. Carr cannot serve as the basis for recognizing such rights ..... Furthermore, the courts fails to explain why a bipartisan gerrymander which the courts makes vulnerable to constitutional challenge today".

१५. नेपालमा सर्वोच्च अदालतले राधेश्याम अधिकारी, बालकृष्ण नेउपाने र हरिप्रसाद नेपाल समेतको मुद्दामा प्रतिपादन गरेको राजनीतिक प्रश्नहरूको सम्बन्धमा न्यायिक संयमको सिद्धान्तलाई माथि उल्लेखित अमेरिकी सर्वोच्च अदालतका विभिन्न उल्लेखनीय निर्णयहरू र सम्वैधानिक कानूनका मान्यता प्राप्त ग्रन्थहरूको आधारमा

संविधानको धारा ५३ (४) अन्तर्गत गरिएको विघटनको कारवाईका प्रति न्यायिक दृष्टिकोण स्थापित गर्न केही मद्दत अवश्य नै मिल्नेछ। अमेरिकाको शासन पद्धतिको भिन्नताले गर्दा यस्तै उपयुक्त अवस्थाको नजिर त्यस देशको सम्वैधानिक कानूनमा पाइन सम्भव छैन। तर त्यस देशको सर्वोच्च अदालतले राजनीतिक प्रश्नहरूको सिद्धान्त अन्तर्गत यस प्रकारको राजनीतिक विवादको मुद्दा पर्न आएको भए कुन न्यायिक अवधारणा अनुसरण गर्ने थियो भन्ने अनुमानको लागि माथि उल्लेखित अमेरिकी सर्वोच्च अदालतका न्यायिक सिद्धान्तहरू र टिप्पणीकारहरूको मान्य कानूनी धारणाले स्पष्ट दिशा निर्देश गर्दछन्।

१६. नेपाल अधिराज्यको संविधान, २०४७ अन्तर्गतको शासन प्रणाली संवैधानिक राजतन्त्र र संसदीय प्रजातन्त्रमा आधारित भएकोले संवैधानिक प्रश्नहरुमा व्याख्या र स्पष्टताको लागि वृटिश संवैधानिक राजतन्त्र र संसदीय प्रजातन्त्रका अभ्यास, परम्परा र अनुभवहरूलाई तुलनात्मक अध्ययनको लागि बढी ध्यान दिइने गर्दछ। प्रतिनिधि सभा विघटन सम्वन्धी सैकडौं वर्ष पुराना परम्परा र अनुभवहरू भएको वृटिश संसदीय प्रजातन्त्रमा कुनै पनि बखत अदालती निर्णयद्वारा प्रतिनिधि सभा पुनर्स्थापित गर्ने मुद्दा परेको जानकारी त्यस देशका कुनै पनि उल्लेखनीय सम्वैधानिक कानून सम्वन्धी कुनै ग्रन्थमा पाइन्न। सबै कुरा त्यहाँ परम्परा र प्रचलनमा मात्र आधारित छैनन्। त्यहाँ पार्लियामेन्ट एक्ट अन्तर्गत पनि संसदीय प्रजातन्त्रको राजनीतिक प्रक्रिया अन्तर्गत समाधान हुने राजनीतिक विवादका कुराहरू अदालतवाट नीर्णित भएका कुनै दृष्टान्त यस सम्मानित अदालतमा दिन सम्भव छैन। प्रजातान्त्रिक प्रक्रिया अन्तर्गत हुने प्रतिनिधि सभा विघटनको औचित्य वा अनौचित्य, सदाशय वा दुराशय, आर्थिक लाभ वा हानीका राजनीतिक, आर्थिक र अन्यान्य आरोप र प्रत्यारोपहरू अदालतको इजलासभित्र होइन, चुनावी मञ्चहरू र संसद्का कक्षहरूमा गर्न सवै वाध्य छन्। जनताको प्रजातान्त्रिक संवेदनशीलता र राजनीतिक सतर्कताको कारणले औचित्यविहीन प्रतिनिधि सभा विघटन गराउने नेतालाई पराजित गरी जनताले दण्डित गर्ने सार्वभौमसत्ता प्रयोग गर्दछन् भन्ने र विरोधी पक्षले संसद्मा मात्र होइन जुनसुकै बखत हुने चुनावमा प्रजातान्त्रिक प्रतिस्पर्धा र मुकाविला गर्छन् भन्ने विश्वासमा सैकडौं वर्षदेखि कहिल्यै कुनै आघात परेको दृष्टान्त पाइदैन। सरकारले र खास गरेर प्रधानमन्त्रीले आफूलाई अनुकूल पर्ने मौका छोपेर नयाँ चुनावको लागि प्रतिनिधि सभा विघटन गर्ने सिफारिस अधिकारकै रूपमा प्रयोग गरी आएको छ भने त्यस अधिकारको प्रयोग गर्ने पालो आएपछि अर्को दललाई वा त्यसको प्रधानमन्त्रीलाई त्यस प्रकारको मौकावाट वंचित गरिदैन भन्ने सुनिश्चित प्रत्याभूतिद्वारा प्रतिनिधि सभाको विघटन र मध्यावधि निर्वाचनको घोषणालाई त्यस मुलुकको अदालतले कहिले पनि संसदीय मूल्य र मान्यताको घोर उल्लंघन वा संवैधानिक संरचना ध्वस्त गरेका आरोपहरूको न्यायिक निरूपण गर्नु परेको देखिदैन। तसर्थ, प्रस्तुत मुद्दामा, वेलायतको शासन पद्धतिको ढांचासँग हाम्रो सामिप्य घनिष्ट हुन पुगे पनि त्यस देशको करिब साढेसात सय भन्दा बढी वर्षहरूको संसदीय अभ्यासमा नजिरको लागि कुनै न्यायिक निर्णय पाईदैन। वेलायतको संसद्ले बनाएका कानून अन्तर्गत सीमित स्वायत्तता पाएका क्यानाडा, अस्ट्रेलिया र दक्षिण अफ्रिका जस्ता उपनिवेशका केही संवैधानिक घटनाहरू कदाचित कतै चर्चा गरिए पनि ती देशहरूमा पनि विघटनको राजनीतिक

प्रश्न न्यायिक निरूपणको लागि अदालतमा पुगेको दृष्टान्त छैन। विघटनको लागि प्रधानमन्त्रीको सिफरिस गर्भनर- जनरलको लागि मान्न वाध्य हुने होइन भन्नेसम्मका दृष्टान्त त्यहाँ छन्। तर गभर्नर-जनरलले विघटन गरेको निर्णयका विरूद्ध कुनै अदालत कारवाइ चलेको देखिन्न। तर अब त स्वयं ती देशरूको लागि पनि ती औपनिवेशिक अवस्थाको शासन पद्धतिका अनुभवहरू काम लाग्ने स्थितिमा छैनन्। वेलायतको संसदीय प्रजातन्त्रको लामो अभ्यासमा किन यस प्रकारका राजनीतिक विवादका विषयहरूमा न्यायिक निरूपणका नजिर पाईदैनन् भन्ने जिज्ञासाको समाधानको लागि यहाँ S. A. de Smith को प्रसिद्ध ग्रन्थ Constitutional and Administrative Law (Third Edition, Page 51-52) का यी उद्धरणहरू उपयोगी देखिन्छन् :

"There is no consensus of opinion on the conventional power of the queen to remove a Prime Minister, to require a dissolution of Parliament or to refuse a request for dissolution. Clarification may be brought about by the march of events in a time of political turbulence; but the queen may then be criticized for having acted "unconstitutionally" or for having failed to discharge her constitutional duty to act; she will be to answer back, and those who will speak for her may have to reply on dubious precedents, debatable opinions of writers, and principles deduced from a concept of the constitutional system with which some are bound to disagree. An authoritative statement, prepared by an expert body, of the conventions regulating the constitution functions of the monarch might therefore be useful, difficult though it would be to formulate. But if such conventions were to he codified, they ought not to be made directly justiciable, even if they were written into an Act of Parliament of a new British constitution. Experience in new commonwealth countries have shown that whilst the embodiment of such rules in the texts of constitutions makes for greater certainty, so that people have a clearer idea of what may, must or cannot be done, the burden thrust upon the courts when they are called upon to determine whether prescribed rules have been complied with in a politically sensitive situation is liable to be excessive. Whatever the outcome, the prestige of the judiciary will probably suffer. If the rules of the game are to set down, they don't require the courts to decide whether, for example, a Prime Minister has been validly dismissed. This is preeminently a question about the reigns of power, If the constitutionality of such an act is disputed, the controversy is unlikely to be resolved by the pronouncement of a court. However,

Clarification of the rules by codification may reduce the area of potential conflict."

वृटिश संसदीय प्रजातन्त्रमा कानूनी व्यवस्थाहरूलाई मान्यता प्राप्त परम्पराहरूको आधारमा अघि वढाउने दृष्टिकोण राजनीतिक शक्तिहरूमा विद्यमान रहेकोले राजनीतिक प्रक्रिया अन्तर्गत समाधान हुने राजनीतिक विवादका कुराहरू न्यायिक निरूपणको लागि प्रस्तुत भएको पाइन्न। कानून र परम्पराको अन्तरनिर्भरताको सम्वन्धमा त्यस किताबमा लेखकको मन्तव्य यस प्रकार छ :

"Again as we have seen, the line between strict law and convention is sometimes uncertain. Legal duties are not always justiciable, and conventions may be justiciable in so far as the cour use them as aids to construction."

१७.लिखित संविधानको पद्धतिमा संसदीय प्रजातन्त्रका अभ्यासहरू कानूनमा आधारित,कानून सम्मत र कानून संगत हुने निर्विवाद छ। र ,संविधान वा कानूनको कुनै प्रावधानमा विवाद उत्पन्न हुँदा त्यसको अन्तिम र सर्वमान्य निर्णय देशमा सर्वोच्च अदालतवाटै हुने कुरा पनि निर्विवाद छ र संविधान एक प्रकार मुकुकको मूल राजनीतिक आचार संहिता पनि हो, जसका प्रावधानहरूको कुनै पर्याप्त र प्रभावकारी उपचार छैन भने राजनीतिक प्रश्न भनेर कुनै विवादलाई पन्छाउन पनि मिल्दैन। तर संविधानमा शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित राज्यका कार्यकारिणी, व्यवस्थापिका र न्यायपालिकाका वेग्ला-वेग्लै विशिष्ट भूमिमा निर्धारित गरिएका कुराहरूलाई न्यायिक व्याख्या वा निरूपणद्वारा निष्कृय वा निरर्थक पारिदैन भन्ने सतर्कता हमेशा सर्वोच्च अदालतले लिनुपर्ने र लिएकोपनि देखिन्छ। प्रतिनिधिसभा संविधान अन्तर्गत कार्यरत एउटा महत्वपूर्ण राजनीतिक संस्था हो, जो जनताद्वारा निर्वाचित र जनताको धारणा र मनस्थितिलाई प्रतिविम्वित गर्ने भएकोले राज्यका व्यवस्थापकीय शक्ति परिचालन गर्नुको सायै कार्यकारिणीको शक्तिको श्रोत पनि हुन्छ।

प्रतिनिधिसभाले प्रधानमन्त्री पदको लागि नेता छान्दछ र प्रधानमन्त्रीलाई निरन्तरको विश्वासमा निर्भर पनि राख्द। यसकाप्रति प्रधानमन्त्रीहरू वयक्तिगत र सामूहिक रूपमा उत्तरदायी हुन्छन् तर यसले मन्त्रीहरू रोज्दैन र तिनलाई विश्वास वा अविश्वासको जाँचमा उभ्याउदैन। यसले प्रधानमन्त्री रोज्दछ र प्रधानमन्त्रीले नै आफ्नो मन्त्रिपरिषद्मा कसलाई राख्ने र नराख्ने निर्णय गर्दछ। त्यसै गरी, मन्त्रिपरिषद्को सल्लाह र सम्मति यो हो भनी श्री ५ मा संविधानको धारा ३५को उपधारा (२) वमोजिम जाहेर गर्ने पदाधिकारी पनि प्रधानमन्त्री नै हुन्छ र त्यसरी श्री ५ लाई के व्यहोरा जाहेर गऱ्यो वा गरेन भन्ने कुराको कुनै अदालतमा प्रश्न उठाउन नसकिने उन्मुक्ति धारा ३५ को उपधारा ६ले प्रधानमन्त्रीलाई पनि दिइएको छ। संसदीय प्रक्रियाको मुख्य कर्ताको रूपमा प्रधानमन्त्रीले संसद्को नेतृत्व मात्र गर्दैन, उसले उपयुक्त सम्झेको कुनै पनि अवस्थामा प्रतिनिधि सभा विघटन गर्ने सिफारिश श्री ५ लाई चढाएर अर्को प्रतिनिधि सभाको गठनको लागि आम निर्वाचन गराउन सक्दछ। धारा ५३ को उपधारा (४) अन्तर्गत प्रतिनिधि सघा विघटन हुँदा प्रतिनिधि

सभाका सबै सदस्यहरू पद र अधिकारविहीन हुन पुग्दछन्। तर प्रधानमन्त्री भने आफ्ना मन्त्रिपरिषद्का सदस्यहरूका साथ निर्वाचन पछि अर्को मन्त्रिपरिषद् गठन नभएसम्म आफ्नो पद र अधिकारका साथ कार्यरत रहि रहन्छ। संविधानले प्रतिनिधि सभामा बहुमत प्राप्त दल वा बहुमतद्वारा समर्थन प्राप्त नेताको हैसियतमा प्रधानमन्त्री कायम रहने, उसको सिफारिशमा मन्त्रिपरिषद् गठन हुने र उसले उपयुक्त ठहराएको बखतमा प्रतिनिधि सभा विघटजन गर्ने गम्भीर र महत्वपूर्ण अधिकारकहरूले गर्दा यस प्रकारको संसदीय प्रजातन्त्रलाई प्रधानमन्त्रीय व्यवास्था पनि भनिन्छ। बृटिश संवैधानिक कानूनमा प्रधनमान्त्रीय व्यवस्था भन्ने सुपरिचित शब्द हो।

१८. प्रधानमन्त्रीको पद संविधानले निर्धारित गरेको छ र उसका यावत अधिकार र कर्तव्यहरू संविधानका प्रावधानहरूद्वारा निर्दिष्ट छ। संविधानका यी प्रावधानहरू राजनीतिक हुन् र प्रधानमन्त्रीको पद पूर्णरूपेण राजनीतिक पद नै हो। उसले संविधानद्वारा निर्धारित प्रक्रिया अन्तर्गत काम गर्नु पर्दछ तर उसले गर्नु पर्ने सबै काम कर्तव्यहरूको विस्तृत संहिता संविधान होइन। संविधानले निर्धारित गरेका सीमा र प्रक्रिया अन्तर्गत प्रधानमन्त्रीको भूमिका मूलत: राजनीतिक हुन्छन् र मुलुकका हरेक महत्वपूर्ण राजनीतिक समस्या र प्रश्नमा प्रधानमन्त्रीको राजनीतिक भूमिकाले गर्दा सम्बन्ध र सरोकार हुन्छन् र उसका निर्णय प्रक्रियाहरू राजनैतिक हुन्छन् र मुलुकको राजनैतिक सम्वेदन शीलताको अहर्निस र निरन्तर आहटाली रहने र प्रतिक्रिया दिई रहने उ संवैधानिक पदाधिकारी हो। उसका कुन भुमिका कानूनी कसीमा र कुन भूमिका राजनीतिक कसीमा राखेर हेर्ने कुरामा राज्यका न्यायपालिका लगायत सबै अंगहरू सचेष्ट रहने अपेक्षा संविधानले गरेको छ।

संविधानले निर्धारित गरेको राजीतिक प्रक्रियामा कतिपय राजनीतिक प्रश्नहरूको निर्णयकर्ता प्रधानमन्त्री हो र त्यस्तै एउटा राजनीतिक प्रश्न संविधानको धारा ५३ (४) अन्तर्गत प्रतिनिधि सभा विघटन गराउन सक्ने अधिकार पनि हो। धारा ५३ (४) अन्तर्गत प्रतिनिधि सभा विघटन गर्ने कुरा प्रधानमन्त्रीको निरंकुश र नि:शर्त अधिकार होइन। तर त्यस प्रावधानभन्दा बढी कुनै कानूनी अकुंश र शर्त पनि प्रधानमन्त्रीका लागि बाध्यात्मक हुदैन। प्रतिनिधि सभा विघटनको सम्पूर्ण राजनीतिक जवाफदेही प्रधानमन्त्रीले नै लिनु पर्छ र धारा ५३ (४) को शर्तहरु पूरा गरी विघटन गरिएको छ भने त्यस जवाफदेहीबाट प्रधानमन्त्री कुनै हालतमा पन्छिन सक्तैन। धारा ५३ (४) मा दुई ओटा मात्र पूर्वावस्था छन् जसको अभावमा प्रतिनिधि सभा विघटन भएको संविधानले मान्यता दिदैन। धारा ५३ (४) को एउटा शर्त छ, प्रधानमन्त्रीले विघटनको लागि सिफारिश गरेकै हुनुपर्छ र दोश्रो शर्त छ, प्रतिनिधि सभा विघटनको सायै अर्को निर्वाचनको लागि मिति तोकिनै पर्छ।

यी दुवै शर्तहरू देखादेखी रूपमा प्रकट र विद्यमान छन् भने विघटनको सम्बन्धमा अन्य यावत विवादहरू राजनीतिक विवाद मान्नु पर्छ र ती विवादहरूको टुंगो लगाउने थलो अदालतको इजलाश होइन, सार्वभौम सम्पन्न जनताले मतपत्रद्वारा निर्णय गर्ने निर्वाचन नै हुन्छ। संविधानमा अन्तर्निहित यस राजनीतिक प्रक्रियालाई अदालतको माध्यमद्वारा छल्न खोज्नु भनेको राजीतिक विवादमा अदालतलाई मुछ्नु हो जसमा नमुठ्ठिने न्यायिक सतर्कताका आफ्नै अदालत र विदेशी अदालतका दृष्टान्तहरू माथिका प्रकरणहरूमा वर्णित भएकै छन्।

१९. संसदीय प्रजातन्त्रको स्वस्थ र सुव्यवस्थित विकासको लागि संविधानका लिखित प्रावधान मात्र पर्याप्त हुँदैन अदालतका संरक्षकत्व र अभिभावकत्व पनि हमेशा वांछनीय हुँदैन भन्ने कुरा लामो अभ्यास भएका प्रजातन्त्रहरूबाट देखिन्छ। स्वस्थ र सुव्यवस्थित परम्पराहरूको विकासतर्फ ध्यान नदिई, हरेक राजीतिक विवादमा अदालतलाई तान्ने प्रवृत्तिले संसदीय राजनीतिलाई जनताको भावना, मनस्थिति र सम्वेदनशीलताको पोषणबाट वंचित गर्न सक्तछ। अदालतबाटै राजनीतिक प्रक्रिया संचालित गर्ने प्रवृत्तिको विकास हुँदा जनता, जनमत र जनभावनाको निर्णायक भूमिका घट्दै, सार्वभौम सत्ताको निर्णायक जनता पक्ष उदासीन र निष्कृय हुन सक्तछ। तसर्थ, यस्ता राजनीतिक विवादका विषयहरूमा स्वस्थ र सुव्यवस्थित परम्पराहरूको प्रादुर्भाव र विकासतर्फ नै राजनीतिक प्रक्रियालाई प्रोत्साहित गर्ने किसिमको भूमिका अदालतको लागि वांछनीय हुन्छ। संसदीय प्रजातन्त्रको अभ्यास गर्ने वेलायतको कुरा गर्दा त्यहाका राजनीतिक शक्तिहरूले लिखित कानूनभन्दा पनि निष्ठाका साथ पालन गर्ने लामो समयदेखि चलिआएका परम्पराहरू नै हुन् जसलाई संवैधानिक ढांचाको अभिन्न अंग मानिन्छ। त्यस्तै किसिमको राजनीतिक अभ्यास र परम्पराहरूलाई नेपालमा विकसित गर्न यस प्रकारका राजीतिक विवादहरूको न्यायिक निरूपण गराउन खोज्ने प्रवृत्ति निरूत्साहित नै हुन् पर्दछ। संसदीय प्रजातन्त्रलाई जीवान्तता दिने वेलायतका संवैधानिक र परम्पराहरूको सम्वन्धमा Jennings को The law and the Constitution (Fifth Edition, Page 80-82) मा यस प्रकार भनिएको छ :

"The short explanation of the constitutional conventions is that they provide the flesh which clothes the dry bones of the law; they make the legal constitution work; they keep it in touch with the growth of ideas. Constitution does not work itself, it has to be worked by men. It is an instrument of national cooperation, and the spirit of co-operation is an necessary as the instrument. The constitutional conventions are the rules elaborated for effecting that co-operation. Also the effects of a constitution must change with the changing circumstances of national life. New needs demand a new emphasis and a orientation even when the law in order to satisfy the new needs. Constitutional conventions are the rules which they elaborate."

२०. संविधानको धारा ५३ (४) ले राजा र प्रधानमन्त्रीका बीचमा एउटा सम्वन्ध स्थापित गर्दछ- प्रधानमन्त्रीको सिफारिशको आधारमा मात्र प्रतिनिधि सभा विघटन गर्ने अधिकार राजालाई हुन्छ। कस्तो अवस्था परेमा प्रधानमन्त्रीले विघटनको लागि सिफारिश गर्ने र कस्तो अवस्थामा प्रधानमन्त्रीको सिफारिशलाई स्वीकार अथवा अस्वीकार गर्ने राजाको स्वविवेकका आधारहरू राजनीतिक प्रक्रिया अन्तर्गतको अन्तर सम्वन्ध, समन्वय वा सहमतिको परम्परा निर्मित हुन दिने अथवा सर्वोच्च अदालतद्वारा कानून सरह लागू हुने वाध्यात्मक प्रभावका सिद्धान्तहरूद्वारा निश्चित हुने भन्ने वैकल्पिक राजनीतिक उपायहरू अदालत समक्ष छन्। अदालतले राजनीतिक प्रक्रिया अन्तर्गत नै निर्वाचनको माध्यमबाट सम्पूर्ण जनताको निर्णयद्वारा प्रजातान्त्रिक

प्रक्रियालाई खारिन दिने हो भने न्यायिक संयमकै सिद्धान्त अनुसरण गर्नु श्रेयस्कर हुन्छ। अन्यथा संविधानमा कुनै निश्चित उपाय वा प्रक्रियाको अभाव छ भन्ने धारणा बनाई त्यस अभावलाई न्यायिक सिद्धान्तद्वारा पूर्ति गर्ने पवृत्तिबाट प्रेरित भई संविधानलाई मूल स्वरूपबाट बदल्ने प्रयास गर्नु पर्ने हुन्छ, जो प्रत्युत्पादक र अव्यावहारिक सिद्ध हुन सक्तछ र संविधान र संवैधानिक परम्पराहरूको विषयमा Jennings को त्यै The law and the Constution (Page 93-94) मा व्यक्त भएका विचारहरू यस प्रसंगमा उल्लेखनीय छन् :

"In the United Kingdom parliament is elected for a maximum term but may be dissolved by the Queen. This is law; but in practice no Parliament continues for its maximum term, and every Parliament since 1832, to go back no further, has been dissolved under the royal prerogative. In France the law similarly prescribed a maximum term but conferred a power of dissolution upon the President of the Republic with the consent of the Senate. Yet this power was not exercised after 1877, and in practice the chamber of deputies continued for its full term. Such conventions are apt to grow within a very short time... Indeed, judges who are familiar with both find some difficulty in distinguishing between them. In practice the two are inextricably mixed, and many conventions are as important as any rules of law." आफ्नो त्यस भनाइलाई अझ स्पष्ट गर्न जेनिग्सले फूटनोटमा यो पनि थप्नुभएको छ : "Politically, the difference in these conventions is of fundamental importance. The royal prerogative being exercised by the Prime Minister, the power of dissolution is a means for controlling the House of Commons. The means did not exist in France, and this is one of the reasons for the weakness of most French Governments as compared with most British Governments."

२१. संसदीय प्रजातन्त्रका मूल्य र मान्यताहरूका कुरा प्राय: सबै निवेदकहरूले बडो जोडका साथ उठाएका छन्। संसदीय प्रजातन्त्रका मूल्य र मान्यताहरूको कुरा गर्दा संविधान र कानूनमा लेखिएका कुराहरू मात्र होइनन् भन्ने बुझ्नु पर्छ। संविधानले स्पष्ट तवरमा व्यक्त नगरेका तर संविधानको सफल कार्यान्वयनका लागि आवश्यक पर्ने अभ्यास र परम्पराहरूबाट नै संसदीय प्रजातन्त्रको मूल्य र मान्यताहरू स्पष्ट र सबल हुन सक्तछ। जुन प्रतिनिधिसभाले प्रधानमन्त्री छान्दछ त्यै प्रतिनिधिसभालाई निर्धारित अवधिभन्दा अगावै आफूलाई राजनीतिक रूपमा अनुकूल पर्ने समयमा विघटन गराउन सक्ने प्रधानमन्त्रीको अधिकारका पछाडि पनि अवश्य नै कुनै मूल्य र मान्यता निहित छ। फ्रान्सको अनुभवसंग तुलना गर्दै जेनिङ्सले माथि उल्लेख गरेको प्रतिनिधिसभा विघटनको सम्बन्धमा परम्परा नै बसी सकेको छ। कानूनले एउटा अवधि बेलायतमा निर्धारित छ। तर परम्परा के छ भने प्रधानमन्त्रीलाई अनुकूल परेको अवस्थामा प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याले विरोध गरी रहे पनि त्यहाँ महारानीले प्रधानमन्त्रीकै कुरा मानी विघटन गर्ने परम्परा बसी सकेको छ। कानूनले

महारानीलाई प्रधानमन्त्रीको सिफारिस मान्न कुनै कर छैन। तर कुनै पनि राजनीतिक निर्णयको लागि प्रधानमन्त्रीको सल्लाहमा निर्भर रहने परम्पराले गर्दा प्रधानमन्त्रीको त्यस कुरामा भएको सिफारिस अस्वीकार गर्ने कुनै कार्य सय वर्षभन्दा बढी समयदेखि भएको छैन र कानूनले निर्धारित गरेको अवधिभन्दा अघि नै प्रतिनिधि सभा विघटन भएको बदर गरी पाउँ भनी रिट अधिकार क्षेत्र जननी बेलायतको कुनै अदालतमा कुनै मुद्दा परेको पाइन्न। नेपालमा एउटा परम्पराको थालनी भएको छ। प्रतिनिधि सभा विघटन हुना साथ निर्वाचनको चुनौतीलाई स्वीकार गर्दै निर्वाचन आयोगमा पार्टी दर्ता गर्न सबभन्दा अघि जाने प्रतिस्पर्धाका सायै सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गतको दावी लिई त्यो चुनाव रोकी सदन यथावत कायम राखी पाउँ भन्ने निवेदन पनि दिने। एक वर्ष अघि प्रतिनिधि सभा विघटन भएको विरूद्धमा चार विभिन्न राजनीतिक विचारका व्यक्तिहरूको एउटै निवेदन ११ जनाको विशेष इजलासले सबै मुद्दाभन्दा प्रायमिकता दिई विवादको कुरा निर्वाचनको उपचारतर्फ सारेको थियो भने यस पालिको विघटनको विरूद्ध प्रमुख विरोध दलकै दुई अलग निवेदन र लिखित जवाफलाई जोड्दा तीन प्रकारका दावी जिकिरहरूका साथ सात थान रिट निवेदनको टुंगो लगाउनु परेको छ। नेपालमा स्थापित हुन लागेको यस परम्पराले चुनावी अभियानको सुगम थलो अदालती कारवाई पनि हुने संभावनाको अजमाइसमा प्रत्येक राजनीतिक दल सक्रिय देखिन्छ। राजनीतिक विवादको यस्तै अवस्थालाई ध्यानमा राखेर अमेरिकी सर्वोच्च अदालतले अहिलेसम्म राजनतिक विवादको भूँमरीमा नपर्ने न्यायिक संयमको सिद्धान्त कायम राखि आएको हो।

२२. संविधानको धारा ५३ (४) अन्तर्गत प्रतिनिधि सभा विघटन गरिएको विरूद्धमा न्यायिक पुनरावलोकनको उपचारको कुरा गर्दा त्यस प्रावधानको उद्देश्य, अधिकारको प्रकृति र उपचारको प्रभावकारिता समेतका कुराहरूमा अदालतले ध्यान दिनु पर्ने हुन्छ। धारा ५३(४) को उद्देश्य नै स्पष्ट नभई त्यस सम्बन्धमा उपचारको कुनै विकल्प निर्धारित गर्न सकिदैन। उक्त धारा ५३(४) अन्तर्गतको अधिकार प्रतिनिधि सभाको विरुद्धमा प्रधानमन्त्रीले आफूलाई उपयुक्त भएको बखतमा प्रयोग गर्ने अधिकार हो, यद्यपि प्रधानमन्त्री स्वयं प्रतिनिधि सभाको उपज हो। कानून बनाउनेदेखि लिएर सरकारलाई आर्थिक निकासा दिने समेतका सबै कामकारवाहीहरू संसद्को बहुमतले भए मात्र वैध हुने भएपनि प्रतिनिधिसभा विघटनको लागि भने संसद्को कुनै सदनको पनि बहुमत वा समर्थन आवश्यक नपर्ने कुरा उक्त धारा ५३(४) ले स्पष्ट गर्दछ। त्यस अधिकारको प्रयोगको कुरामा प्रधानमन्त्रीलाई मन्त्रिपरिषदको समर्थन पनि आवश्यक पर्दैन। प्रतिनिधि सभा विघटन गर्ने सिफारिस गरी सकेपछि विघटनको पूर्व निर्वाचनको मिति तोक्नको लागि मात्र धारा ३५(२) बमोजिम मन्त्रिपरिषद्को निर्णय चाहिन्छ, जो संविधानको धारा ३५(५) अन्तर्गतको नियमले गर्दा धारा ३५ (२) बमोजिम प्रधानमन्त्रीले जाहेर गरेकै कुरा सामान्यत: मन्त्रिपरिषदको सल्लाह र सम्मति मान्नु पर्ने हुन्छ। सार्वभौमसत्ता सम्पन्न वयस्क जनताको मतदानद्वारा गठित प्रतिनिधि सभालाई एकजना प्रधानमन्त्रीको विवेक अनुसार विघटन गर्ने कुरा प्रजातान्त्रिक हुन्छ कि हुँदैन भन्ने दुविधाको कुनै स्थिति रहन सक्तैन, किनभने प्रतिनिधि सभाको विघटन भनेकै पुन: सम्पूर्ण जनताले मतदानद्वारा आफ्नो नयाँ सम्मति र मनस्थिति ज्ञापन गर्ने अधिकार प्रयोगको मौक हो। संविधानले प्रधानमन्त्रीको सिफारिश बेगर प्रतिनिधिसभा

विघटन गर्ने कुनै अधिकार कुनै पदाधिकारीलाई दिएको छैन। संविधानमा राष्ट्रका सर्वोच्च पदाधिकारी श्री ५ लाई राखिएको छ। तर मौसूफबाट प्रधानमन्त्रीको सिफारिस वेगर अथवा अन्य कसैको सिफारिसमा प्रतिनिधिसभा विघटन गर्ने अधिकार दिएको छैन। वेलायतमा अघि प्रतिनिधि सभा विघटन गर्ने विशेषाधिकार राजाको मानिन्थ्यो। राजाले प्रधानमन्त्रीको सल्लाह र सहायतावाट काम गर्ने परम्परा विकसित हुँदै जाँदा प्रतिनिधि सभाको विघटनको लागि पनि प्रधानमन्त्रीको सल्लाह लिने परम्परा वस्न गयो। वेलायतको मन्त्रिपरिषदीय शासन शैलीमा प्रधानमन्त्रीको सिफारिसमा मन्त्रीहरू नियुक्त हुने, हटाइने र मन्त्रिपरिषदका सल्लाहहरू प्रधानमन्त्री मार्फत राजामा जाहेर हुने परम्परा अघि वढ्दै जाँदा प्रतिनिधि सभा विघटनको लागि राजालाई सल्लाह दिने एक मात्र पदाधिकारी निर्विवादीय रूपमा प्रधानमन्त्री हुन गएको छ। यी कुराहरू कानूनले अझै स्थापित गरेका छैनन्, तर अनुलंघनीय परम्पराहरूले गर्दा अव प्रतिनिधि सभा विघटनको लागि राजनीतिक निर्णय प्रधानमन्त्रीले नै गर्दछ, जसलाई राजाद्वारा वैधानिकता मात्र प्रदान गरिन्छ। वेलायतमा जुन कुरा अनुलंघनीय परम्पराको रूपमा पालन गरिन्छ, नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ (४) ले त्यसलाई वाध्यात्मक रूप दिएको छ। २०५१ सालको संविधान अन्तर्गत प्रतिनिधि सभा विघटनको कुरामा जुन पूर्वावस्था थियो, त्यसलाई यस संविधानले ग्रहण नगरेको स्पष्ट छँदाछँदै व्याख्याद्वारा ती पूर्वावस्थाहरू स्थापित गर्न वाञ्छनीय र न्यायिक हुन सक्तैन। २०१५ सालको नेपाल अधिराज्यको संविधानको धारा २६ को उपधारा (२) यस प्रकार थियो : "तोकिएको दिन पछि श्री ५ वाट संसद आव्हान तथा विघटन गर्न सकिवक्सने छ।

तर-

(क) श्री ५ वाट मन्त्रिमण्डलले प्रतिनिधि सभालाई विघटन गर्न चढाएको सिफारिस मौसुफको विचारमा विघटन गर्न पाउने अधिकारकको दुरुपयोग गरेको लगेमा मौसूफको स्वविवेकमा त्यस्तो सिफारिस अस्वीकार गर्न सकिवक्सने छ।"

त्यस प्रकारको प्रावधान वर्तमान संविधानले नराख्ने कारण पनि स्पष्ट छ। वर्तमान संविधानले श्री ५ लाई सक्रिय राजनीतिको विवादमा पर्ने कुनै भूमिका निर्धारित गर्न नचाहेकोले मन्त्रिपरिषद वा प्रधानमन्त्रीको सिफारिसको औचित्यको विवादमा प्रवेश गर्ने प्रकारको कुनै कुरा धारा ५३ (४) मा राखिएको छैन। राजा र प्रधानमन्त्रीका वीचको संविधानले निर्धारित गरेको राजीतिक सम्वन्धमा धारा ५३(३) समेतको आधारमा प्रधानमन्त्रीलाई पुनर्विचार गर्न प्रेरित गर्ने कार्य पनि राजनीतिक नै हो। संविधानले राजनीतिक प्रकारका निर्णयहरूको अन्तिम टुंगो लगाउने अधिकार जसलाई दिएको छ, त्यसले नै टुंगो लगाई सकेको कुराको औचित्य र पर्याप्तता अदालतले जाँच्न उचित र व्यावहारिक देखिन्न। धारा ५३(४) अन्तर्गत विघटनको सम्वन्धमा प्रधानमन्त्रीको सिफारिसको अन्तिम टुंगो लगाउने अधिकार जसलाई दिएको छ, त्यसले नै टुंगो लगाई सकेको कुराको औचित्य र पर्याप्तता अदालतले जाँच्न उचित र व्यावहारिक देखिन्न। धारा ५३(४) अन्तर्गत विघटनको सम्वन्धमा प्रधानमन्त्रीको सिफारिसको अन्तिम टुंगो (Finality of the ploitical decision) श्री ५ वाट हुने विषयमा न्यायिक पुनरावलोकनको सीमा अत्यन्त न्यून छ भन्ने कुरा

हरिप्रसाद नेपाल निवेदक भएको मुद्दामा बहुमतद्वारा स्थापित नै छ। त्यस स्थापित सिद्धान्तलाई उल्टी अथवा परिवर्तित गर्ने कुनै नयाँ आधार र औचित्य यस बीचमा सृजना भएको पनि छैन। संविधानको धारा ५३(४) अन्तर्गतको प्रावधानको प्राज्ञिक विवेचना सम्माननीय प्रधानन्यायाधीश श्री विश्वनाथ उपाध्यायले दी माइलस्टोन पत्रिकाको अंक २ मा दिनुभएको अन्तर्वातामा गर्नुभएकोलाई पनि व्याख्याको प्रयोजनले यस सम्मानित इजलासले हेर्न सक्तछ। अघिल्लो विघटन सम्बन्धी मुद्दाको किनारा भइ सकेपछि र निर्वाचनद्वारा नयाँ प्रतिनिनिधिसभाको स्वरूप स्पष्ट हुनुभन्दा अघि उहाँले दिनुभएको अन्तर्वार्ताका केही अंशहरुले नेपलको वर्तमान संविधान मसौदाको प्रमुख भूमिका सम्पन्न गर्नु हुने न्यायविद्को स्वतन्त्र विचार इजलासको लागि उपयोगी हुन सक्तछ। एउटा प्रश्नको उत्तरमा विघटन सम्बन्धी प्रधानमन्त्रीमा निहित अधिकारको सम्बन्धमा उहाँको भनाइ यो छ :

Firstly, you have tried to say that the power of prime minister to recommend dissolution of the parliament(house of Representatives) is irrational and that such a provision in the constitution is defective, which I think is not correct. This is a part of democratic prozess, through which the prime Minister seeks Fresh mandate on a major issue and he feels that the parliament has ceased to represent the will of the Nation. Its main objective is to ascertain that the will of the parliament coincides with the will of the nation. Such a constitutional practice is prevalent in almost all countries having parliamentary system... power of dissolution is, in fact, a right to appeal to the people. Parliament can oust the government by withdrawing its support. Likewise the Executive (The prime minister) can also exercise its power to dissolve the parliament and compel its members to face the people together and settle their differences. As such, the power of dissolution is considered to be the ultimate means of settling differences between the Executive and Legislative organ of the government, and thus avoiding constitution deadlock which is essential for the smooth functioning of a democratic system.

X X X

I have already answered part of this question that there is nothing fault in our constitution in this regard. It is a part of a democratic exercise. If the executive feels that the legislature (house of Representatives) has outlived its utility and no more represents the will of the people than the Executive can exercise the power to dissolve the parliament and appeal to the people. If the parliament refuses to cooperate on major issues, or tries to topple the

government, which the government thinks as unreasonable or unprincipled then it can ask the member of the parliament to go to the people together to submit a proper account of their respective behavior in the parliament.

This power is vested in the executive to counter balance the authority of the hands of the prime minister to maintain discipline among his party members in the parliament and to compel the opposition to form a cooperative attitude. Normally the government does not go for people's mandate without thorough calculations as there is a risk of losing power and image of the party.

X X X

No prime minister will recommend causeless dissolution for fear of losing office as a result. He is not expected to use this power arbitrary tool by the prime minister. Since the misuse of this power may result in loosing the confidence of the people, it always checks him.

सम्माननीय प्रधानन्यायाधीश श्री विश्वनाय उपाध्यायका यी प्राज्ञिक विचारहरू संसदीय प्रजातन्त्र भएका अन्य देशहरू र खास गरेर बेलायतको संसदीय प्रजातन्त्रमा प्रधानमन्त्री र प्रतिनिधिसभाका बीचको सम्बन्धलाई अत्यन्त गहिरिएर बुझेको देखिन्छ । बेलायतको संसदीय प्रजातन्त्रको मुख्य कर्ताको रूपमा प्रधानमन्त्रीको जति पनि कार्यकारिणी अधिकार छ त्यस मध्ये संसदका आफ्नो दलका प्रतिनिधिहरू र विरोधी दलका सदस्यहरूलाई समेत अनुशासित राख्न प्रयोग हुने विघटनको यस अधिकारले नै त्यस देशको शासन प्रणालीलाई प्रधानमन्त्रीय शासन प्रणाली भन्ने गरिन्छ । सायै, युरोपका फ्रान्स लगायतका अन्य मुलुकहरू भन्दा पृथकको निर्वाचन प्रणाली र प्रतिनिधिसभा विघटन सम्बन्धी अधिकारले गर्दा बेलायतमा युरोपका अन्य देशहरू भन्दा बलियो र स्थिर सरकार र प्रभावशाली र सशक्त विरोधी दल भएको दुई दलीय प्रजातान्त्रिक प्रणाली क्रियाशील छ ।

२३. प्रतिनिधिसभा विघटन सम्बन्धी प्रधानमन्त्रीमा भएको अधिकारको कारणले प्रतिनिधिसभामा सरकार बनाउने र बिगार्ने राजनीतिक खेलका विकृतिहरूले बढी मौका पाउँदैनन् र प्रतिनिधि सभा विघटन नहोस् भन्ने अधिकांश सदस्यहरूको निहित स्वार्थको कारणले पनि अल्पमतको सरकारले लामो अवधिसम्म काम गर्न पाएको उदाहरणहरू १९७० को दशकमा लेवर पार्टीका प्रधानमन्त्रीहरू विलसन र कलघन नै छन् । सन् १८६७ मा पहिलो संस्करण प्रकाशित भएको Walter Bagehopt को The English Constitution को दोस्रो संस्करण लेख्दा विद्वान् लेखकले बेलायतको जुनसुकै बेला विघटन हुन सक्ने प्रतिनिधिसभाले स्थिर सरकार र फ्रान्समा अगावै विघटन हुन नसक्ने प्रतिनिधिसभाको कारणले महिनै पिच्छे आउने अस्थिर सरकारको विवेचना गर्दै अगावै विघटनको औचित्यलाई यसरी स्थापित गर्नुभएको छ :

"The present polity of France is not a copy of the whole effective part of the British constitution, but only a part of it. By our constitution nominally the queen, but really the prime minister, has the power, and therefore, under ordinary Circumstances, I believe the policy would soon become unmanageable. The result would be as I have tried to explain, that the Assembly would be always changing its ministry, that having no reason to fear the penalty which that change so often brings in England, they would be ready to make it once a month. Caprice is the characteristic vice of miscellaneous assemblies, and without some check their selection would be unceasingly mutable". त्यस भनाइलाई अझ स्पष्ट गर्न त्यसभन्दा अघि उहाँले लेख्नुभएको छ : "A Nation which does not expect good from a parliament, cannot check or punish a parliament". (Page 198) बेगहटको समयमा बृटिश संसदीय प्रजातन्त्रका कतिपय परम्पराहरू स्पष्ट भइसकेको थिएन। प्रतिनिधि सभा विघटन गर्ने अधिकारकै सम्बन्धमा पनि त्यो राजाको विवेकीय विशेषाधिकार हो कि प्रधानमन्त्रीको अधिकार हो भन्ने कुरा त्यति स्पष्ट भइसकेको थिएन। तर बेगहटले बृटिश संसदीय प्रजातन्त्रको सम्बन्धमा लेखेको त्यस किताबलाई अहिलेसम्म आधारभूत सिद्धान्तहरू संहिता नै मानिन्छ। त्यस बखतसम्म प्रतिनिधि सभा विघटनको लागि मन्त्रिपरिषद्को सिफारिस आवश्यक मानिने हुनाले विघटनमा निहित राजनीतिक सिद्धान्तको विवेचना बेगहटले यसरी गर्नुभएको छ :

But a Cabinet, though is a Committee of the legislative assembly, is a committee with a power which no assembly would unless for historical accidents, and after happy experience-have been persuaded to entrust to any committee. It is a committee which dissolve the assembly which appointed it is a committee with a suspensive veto-a committee with a power of appeal. Though appointed by one parliament, it can appeal if it chooses to the next Theoretically, indeed, the power to dissolve parliament is entrusted to the sovereign only, and there are vestiges of doubt whether to all cases a sovereign is bound to dissolve parliament when the cabinet asks him to do so. But neglecting such small and dubious exceptions, the cabinet which was chosen by one House of commons has an appeal to the next House of Commons. The chief committee of the legislature has the power of dissolving the predominant part of that legislature that which at a crisis is the supreme legislature.

The English system, Therefore, is not an absorption of the executive power by the legislative power, it is a creature, but it has the power of destroying its creators. it is an executive which can annihilate the legislature, as well as an executive which is the

nominee of the legislature, it was made, but it can unmake, it was derivative in its origin, but it is destructive in its action"

२४.संसदीय प्रजातन्त्रको सफल कार्यान्वयनको लागि प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गराउन सक्ने अधिकारको लागि एउटै कुनै लब्ध प्रतिष्ठित संविधान विशेषज्ञको रायलाई उल्लेख गर्नु पऱ्यो भने सन् १८८५ मा प्रकाशित A.B. Dicey को An Introduction to the study of the constitution (Fifth Edition, Page, 432-438) लाई मात्र उल्लेख गरे पुग्छ । विघटनको सैद्धान्तिक आधारलाई स्पष्ट गर्न अहिले पनि यो किताब अद्वितीय छ । Rules as to dissolution of parliament शीर्षक अन्तर्गत लेखक भन्दछन् :

"By far the most striking example of the real sense attaching to a whole mass of constitutional conventions is found in a particular instance, which appears at first sight to present a marked exception to the general principles of constitutional morality. A ministry placed in a minority by a vote of the commons have, in accordance with received doctrines, a right to demand a dissolution of parliament. On the other hand, there are certainly combinations of circumstances under which the crown has a right to dismiss a ministry who command a parliamentary majority, and to dissolve the parliament by which the ministry are supported. The prerogative, in short, of dissolution may constitutionally be some employed as to override the will of the representative body, or, as it is popularly called, "The people's house of parliament". This looks at first sight like saying that in certain cases the prerogative can be so used as to set at naught the will of the nation. But in reality if is far otherwise. The discretionary power of the crown occasionally may be. And according to Constitutional precedents sometimes ought to be used to strip an existing House of Commons of its authority. But the reason why the house can in accordance with the constitution be deprived of power and of existence is that an occasion has arisen on which there is fair reason to suppose that the opinion of the house is not the opinions the electors. A dissolution is in its essence an appeal from the legal to the political sovereign. A Dissolution is allowable, or necessary, whenever the wishes of the legislature are, on may fairly be presumed to be, different from the wishes of the nation.

प्रतिनिधि सभा विघटनको सम्बन्धमा बेलायतमा अघि राजाले यो अधिकार प्रयोग गरी रहेको सन्दर्भमा पनि कानूनी राज्यको सिद्धान्तका प्रवर्तक ए.भी. डाइसीका ती विचारहरू राजा अथवा प्रधानमन्त्रीको स्वेच्छाचारको समर्थनमा नभई राष्ट्रको इच्छा र आकांक्षाहरू प्रतिनिधि सभाबाट प्रतिविम्बित र प्रतिनिधित्व भई रहेको छ कि

छैन भन्ने बुझ्नको लागि यो सम्पूर्ण जनताको निर्णयको लागि प्रस्तुत गरिएको अवसर हो भन्ने कुरा स्पष्ट गर्दै डाइसीले त्यसपछि भनेका छन् : "No modern constitutionalist will dispute that the authority of the House of Commons is derived from its representing the will of the nation, and that the chief object of a dissolution is to ascertain that the will of parliament coincides with the will of the nation."

२५.ए.भी.डाइसीले राष्ट्रको इच्छा नै संसदले प्रतिविम्बित र प्रतिनिधित्व गर्न सक्नु पर्छ र कुन अवस्थामा संसदको प्रतिनिधि सभाले त्यसलाई प्रतिविम्बित र प्रतिनिधित्व गर्न सकी रहेको छैन राजनीतिक ठहर गर्ने अधिकार अधिकार राजालाई थियो भने पछि प्रधानमन्त्रीमा सर्दै आएको ऐतिहासिक प्रसंगहरूको विवेचना गर्दै उनले on the will of the nation depended the authority of parliament भनेका छन् ।

"The dissolution of 1834 was, from a constitutional point of view, a mistake, it was justified (if at all) by the king's belief that the House of Commons did not represent the will of the nation. The belief turned out erroneous, but the large minority obtained by peel, and the rapid decline in the influence of the Whigs, proved that, though the king had formed a wrong estimate of public sentiment he was not without reasonable ground for believing that parliament has ceased to represent the opinion of the nation. Now if it be constitutionally right for the crown to appeal from parliament to the electors when the house of commons has in reality cased to represent its constituents, there is great difficulty in maintaining that a dissolution is unconstitutional simply because the electors do, when appealed to, support the opinions of their representatives. Admit that electors are the political sovereign of the state, and the result appears naturally to follow, that an appeal to the by nears of a dissolution is constitutional when ever there is valid and reasonable ground for supposing that their parliamentary representatives have ceased to represent their wishes.

२६. ए.भी. डाइसीले प्रतिनिधिसभाको विघटनसंग जनताको सार्वभौमसत्तात्मक अधिकारको सम्बन्ध स्थापित गरी जनताको निर्णय नै सर्वोपरी राख्ने कुरामा विघटनको महत्व देखाएका छन् । सार्वभौमसत्तालाई राजनीतिक र कानूनी आधारमा विभेद गरी जनतालाई राजनैतिक रूपमा संसदलाई कानूनी रूपमा सार्वभौम सिद्ध गरेका छन् । लोकप्रिय सार्वभौम सत्ताको सिद्धान्त अनुरूप जनता नै सबभन्दा ठूलो सर्वशक्ति भएकोले विघटनको यस लोकप्रिय सार्वभौमिक शक्तिको समक्ष कानूनी सत्ताका सबै दावेदारलाई उभ्याउँदछ भन्ने उनको भनाइ यस प्रकार व्यक्त भएको छ :

"Whatever may be the answer given by historians to this inquiry, the precedents of 1784 and 1834 are decisive; they

determine the principle on which the prerogative of dissolution ought to be exercised, and show that in modern times the rules as to the dissolution of parliament are, lied other conventions of the constitution, intended to secure the ultimate supremacy of the electorate as the true political sovereign of the state; that, in short, the validity of constitutional maximums is subordinate and subservient to the fundamental principle of popular sovereignty".

The necessity for dissolution stands in close connection with the existence of Parliamentary sovereignty. Where, as in the United States, no legislative assembly is a sovereign power, the right of dissolution may be dispensed with; the constitution provides security that no change of vital importance can be effected without an appeal to the people; and the change in the character of a legislative can be effected without an appeal to the people; and the change in the character of a legislative body by the re-elected of the whole or of part there of a stated period makes it certain that in the long run the sentiment of the legislature will harmonies with supreme, some further security for such harmony is necessary and this security is given by the right of dissolution, which enables the crown or the ministry to appeal from the legislature to the nation".

ए. भी. डाइसीले आफ्नो विवेचनामा बारम्बार जोड दिएको कुरा विघटन भनेको जनतामा अपिल हो, जो जनता राजनीतिक प्रक्रियाको सर्वोच्च निर्णायक शक्ति हो। जनताद्वारा निर्वाचनको माध्यमबाट गरिने निर्णयले सबै प्रकारका संसदीय कारवाहीहरूलाई उछिन्दछ भन्ने कुरा गर्दै उनले यस प्रसंगको अन्त्यमा लेखेका छन् :

"The right of dissolution is the right of appeal to the people, and that underlies all those constitutional conventions which, in one way or another, are intended to produce harmony between the legal and political sovereign power."

२७. कुनै कुराको असजिलो नपरी वा असजिलो पर्ने सम्भावना नभई कुनै प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्ने निर्णय गर्दैन। प्रधानमन्त्रीको लागि प्रतिनिधिसभा विघटनको निर्णय बेलायतमा suicide option (आत्महत्याको विकल्प) पनि भनिन्छ। प्रतिनिधिसभामा असजिलो पर्न थाले पछि प्रधानमन्त्रीले राजनीतिक आत्महत्याको रूपमा विघटनको धम्की दिन्छ। विघटनद्वारा प्रतिनिधि सभामा म आफ्नो सदस्यता मात्र समाप्त गर्दिन सदनका सबैको सदस्यता समाप्त पार्न सक्तछु भने राजनीतिक धम्कीकै आधारमा कन्टिनेन्टल युरोपका प्रजातान्त्रिक सरकारहरू भन्दा बेलायतको सरकार स्थिर र काम गर्न सक्षम रहेको भनिन्छ। प्रतिनिधिसभा विघटनको अधिकार प्रतिनिधि सभाको अल्पमत वा बहुमतको निर्णयबाट नहुने हुनाले कुनै प्रधानमन्त्रीले विघटनको सिफारिस गर्न सदनमा बहुमत छ भन्ने दावी गर्न र सिद्ध गर्नु

पर्ने व्याख्याको कुनै गुंजाइस धारा ५३(४) ले दिएको छैन । यस प्रावधानको व्याख्या गर्दा पुनः बृटिस परम्परालाई नै ध्यानमा लिन सकिन्छ । आइवर जेनिग्सले आफ्नो The Law and the Constitution (Third Edition Page 184-187) मा भनेका केही उद्धरणहरू यस प्रकार छन् : "The Importance of the Prerogative of Dissolution. The government can be defeated only by the defection of a sufficient number of its own party. But nearly every question is now treated as one off confidence. The result of a defeat will then be one of two alternatives. Either the government will resign and the opposition come into power-a result which the dominate party ex hypothesis does not want : or government will advise queen to dissolve Parliament. Whatever the Constitutional powers of the queen may be, it is quite certain that in normal times she could not refuse to dissolve parliament when a government lost its majority. The result is that every member has to seek re-election".

२८.कुनै पनि पार्टीको स्पष्ट बहुमत तीन ओटा प्रमुख पार्टीहरू प्रतिनिधिसभामा भएको अवस्थामा, जो विघटन पूर्व नेपालको प्रतिनिधिसभामा थियो, त्यस सम्बन्धमा जेनिग्सले भनेका यी कुराहरू नेपालको परिप्रेक्ष्यमा पनि प्रासंगिक छ : "Control Under the Three-Party System. It might be thought that, with three or more parties, none of which has a majority, conditions would be very different. If a coalition is formed, the system works as before, except that a coalition is more likely to split than a homogeneous party. But even without a coalition the government is in a very position. It usually does not regard every vote as a matter of confidence, as Mr. Mac Donald announced in 1924. But it can still carry its major proposals, for it has the prerogative of dissolution at its command. No doubt the Sovereign is more reluctant to grant a dissolution since another government might be possible. But the fact that a dissolution was granted to Mr. Mac Donald in 1924 shows that the he would refuse only in every exceptional circumstances.

Moreover, a dissolution is an even more effective remedy with a minority government. The position of a third party, which first support a government they vote for it; if they do not, they support the opposition. The third party therefore stands to lose by a dissolution much of the support which it had before, as the Liberal party lost support in 1924".

आइवर जेनिग्सले संसदीय सर्वोपरितालेनिर्णय गर्ने क्षमता भएको बताएको कार्यकारिणी दिन्छ जसले संसदलाई नियन्त्रणमा राख्दछ भन्ने बृटिश संसदीय पद्धतिको यस प्रकार विवेचना गरेका छन् :

"The result is that, though the composition of the House of Commons determines the nature of the government, the government controls the House of commons and, therefore, the action of the parliament. The supremacy of Parliament means a strong executive, capable of taking decisions and, - within the limits of political expediency, forcing them upon the country".

बृटिश संसदीय प्रजातन्त्रमा संसदको सर्वोच्चताको सिद्धान्तलाई यथावत राख्दै जुन संसदले सरकार सृजना गर्दछ, त्यस सरकारले संसदलाई नियन्त्रणमा राख्ने एउटै प्रमुख प्रभावकारी उपाय प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गराउन सक्ने अधिकार हो। जनतावाट चुनिएका भए पनि प्रतिनिधिसभाका सदस्यहरू आफ्नो अवधि पूरा नगर्दै मध्यावधि वा छिटो अर्को चुनावमा जान नचाहने प्रवृत्तिले गर्दा संसदले सहयोग गरेन भने छिटै जनताको नयाँ निर्णयको लागि चुनावमा लैजानेछु भन्ने प्रधानमन्त्रीले धम्की दिन सक्ने अधिकारमा नै संसद र कार्यकारिणीका बीच बेलायतमा स्वत: विकसित हुँदै गएको नियन्त्रण र सन्तुलनको प्रक्रियाले संसदीय प्रजातन्त्रलाई गतिशील र टिकाउ राखेको छ । नेपालमा पनि संविधानले राजनीतिका सहज स्वाभाविक नियमहरूको क्रियाशीलतावाट संसदीय राजनतिका स्वस्थ्य परम्पराहरूको प्रादुर्भाव र विकास हुँदै जाने कुरामा संसदीय राजनीतिक विवादको अन्तिम टुंगो वयस्क मताधिकारमा आधारित आमनिर्वाचन नै देखाएको छ। राजनीतिक विवादहरूको अन्तको यलो अदालत होइन, आम निर्वाचन नै हुने प्रक्रिया धारा ५३ (४) को विघटन सम्बन्धी प्रावधानले निर्धारित गरेको छ।

२९.संविधानको ५३(४) अन्तर्गतको अधिकार प्रयोग गरिएकोमा न्यायिक पुनरावलोकनको सीमा कै कुरा गर्दा प्रधानमन्त्री, राजा र प्रतिनिधि सभाको बीचको अन्तरसम्बन्धलाई सम्पूर्ण संविधानले कसरी निर्धारित गरेको छ भनी बुझ्नको लागि पनि यस पद्धतिको लामो अभ्यास भइसकेको बृटिश संसदीय अभ्यासलाई ध्यानमा लिनु उपयोग हुने हुनाले त्यस सम्बन्धमा उल्लेख गरिने आधिकारिक विद्वान्हरू मध्ये आइवर जेनिङ्सका कुराहरू प्रासंगिक देखिन्छन्। उनको Cabinet Governmdnt (Third Edition) मा सरकार र संसदका बीचको सम्बन्धको निचोड वाक्य यसप्रकार छ : So long as the party holds, it is the government that controls the house, and not the house that controls the government. (Page 480) राजा र सरकारका बीचको अन्तरसम्बन्धको बारेमा त्यस्तै निचोड वाक्य उनको यस प्रकार छ :

"The Monarch, on his side, is entitled to put his own views before the government and to ask the government to weigh them thoroughly. Gut if the ministers insist, he must give way. He is not entitled to identify himself with a particular set of measures or a particular set of politicians for if he does, he himself becomes a politician entitled to be criticized and attached like other politicians."

सैद्धान्तिक रूपमा प्रतिनिधिसभा विघटन गर्ने विशेषाधिकार राजाकै मानिए पनि व्यवहारिक राजनीतिले स्थापित गरेको परम्परा अनुसार अब त्यो अधिकार

प्रधानमन्त्रीमा निहित हुन गएको छ, जसले संसद वा मन्त्रिपरिषद् कसैको स्वीकृति र समर्थन बेगर निर्वाचित जनप्रतिनिधिहरूको सदन विघटन गरी जनतालाई अर्को सदन चुन्ने मौका दिन्छ। विघटनको प्रक्रियामा जेनिङ्सकै शब्दमा : "The political wisdom of a dissolution was not the kings concern, since he was the umpire and not the captain." शासनको प्रधान्मन्त्रीय पद्धतिलाई स्पष्ट पार्नको लागि त जेनिङ्सले आफ्नो Parliament (Second Edition Page 26) मा भनेका छन् : "A general election is in fact an election of a prime minister."

३०. मायिका सम्पूर्ण विवेचनाहरूबाट संविधानको धारा ५३ को उपधारा (४) को प्रयोग प्रधानमन्त्रीको सिफारिसमा राजाबाट ५ दिनसम्म कसबाट के राय सल्लाह लिइ बक्स्यो, प्रधानमनत्रीसंग कुन प्रकारका कुराहरू कति पटक भए, परिस्थितिको मूल्यांकन प्रधानमन्त्रीले गरेकोमा मौसूफबाट आफ्नो स्वतन्त्र मूल्यांकन र विवेकको कति र कुन प्रकारले गरी निष्कर्षमा पुगि बक्स्यो भन्ने कुराको जाँच र तहकिकात गर्न संविधानको धारा ३१, धारा ३५ को उपधारा (६) समेतले दिएको उन्मुक्ति र स्थापित गरेका बन्धनहरूलाई फुकाएर निवेदकहरूले उठाएका सम्पूर्ण विवादका कुराहरू न्यायिक निरूपण गरी ठहर गर्न मिल्ने देखिदैन । त्यसका अतिरिक्त संविधानद्वारा प्राप्त आफ्नो असाधरण अधिकार क्षेत्रको प्रयोग गर्दा स्वनिर्मित संयमका सिद्धान्तहरुले पनि सर्वोच्च अदालतलाई विवादास्पद राजनीतिक प्रश्नहरुको निरुपण गरी निर्णय गर्न नमिल्ने आफ्नै नजिरहरू र न्यायका व्यापक मान्यता प्राप्त सिद्धान्तहरू पनि छन्। खास गरेर, राजनीतिक विवादको प्रश्न सन्निहित यस मुद्दाका तथ्यहरूमा राजनीतिक विवादको अन्तिम टुंगो लगाउने उपचारको प्रक्रिया आम निर्वाचनका कार्यक्रमहरुमा निवेदकका राजनीतिक दलहरू संलग्न भई पार्टी दर्ता गराई सहभागि भई पनि सकेका छन्। राजनीतिक विवादको टुंगो (Finality of the political controversies) को उपयुक्त फोरम अदालत नभई मतदान केन्द्रहरू नै छन् र यस सम्मानित अदालतले हक प्रचालनका प्रभावकारी र पर्याप्त उपचार भएका विवादका विषयहरुमा रिट जारी नगर्ने न्यायीक सिद्धान्त वृहत् इजलासबाट हालै पनि स्थापित गरेकै छ। यस्तै प्रकारको विवाद हरिप्रसाद नेपालको मुद्दामा यस सम्मानित अदालतबाट हेरी किनारा लगाएको नजिर यस सम्मानित अदालतले उल्टाउन इजलासको वर्तमान संख्या पनि पर्याप्त देखिदैन। राजनीतिक विवादका यस्ता प्रश्नहरूको अन्त्यको लागि संविधानको धारा ३ बमोजिमको सर्वाभौमसत्ता जनताकै समक्ष निर्वाचनको मिति समेत घोषित भई विवादको विषय प्रस्तुत भई सकेपछि सम्पूर्ण वयस्क जनतालाई प्राप्त भई सकेको प्रतिनिधि रोज्ने हकलाई बदर र निस्क्रिय गरी निवेदकको माग बमोजिम आदेश जारी गर्नु संविधान संगत र न्यायिक पनि हुन सक्तैन।

३१. प्रजातान्त्रिक अधिकारको प्रयोगमा सम्पूर्ण जनता र सम्पूर्ण राष्ट्र सरकारको पक्ष हुन्छ र मतदानको मिति घोषित गरी निर्वाचनको प्रक्रिया प्रारम्भ भइसकेको अवस्थामा निवेदक केहीलाई मात्र सार्वजनिक हक र सरोकारको वास्तविक दावेदार ठहराई सम्पूर्ण वयस्क मतदाताहरूले आगामी मंसिर ७ गतेका दिन मतदान पत्रको माध्यमबाट गर्न पाउने राजनीतिक निर्णयलाई अदालतले कुनै पनि प्रकारले रोक्न र बदर गर्न संविधान सम्मत हुन सक्तैन।

३२. मुलुकको राजनीतिक वातावरणमा कुनै विवाद र समस्यामा संसद र राष्ट्रका जनताको मानसिकता र धारणामा फरक महसुस गर्ने प्रधानमन्त्रीले संसद, र मन्त्रिपरिषद कसैको बहुमत वा समर्थन बेगर पनि नयाँ जनादेश र कार्यदिशाको लागि प्रतिनिधि सभा विघटन गराउने कुरा संसदीय मूल्य र मान्यताले स्थापित गरिसकेको कुरा हो वस्तुस्थितिको विश्लेषण र मूल्यांकनलाई अन्तिम तहमा स्वीकार वा अस्वीकार गर्ने सर्वोच्च संवैधानिक पदाधिकारी श्री ५ बाट आफ्नो विवेक प्रयोग गरी स्वीकार वा अस्वीकार गरेको कुरा संविधान र स्थापित नजीरहरूको परिप्रेक्ष्यमा न्यायिक निरूपण र पुनरावलोकनको विषय बन्न संभव देखिन्न।

३३. यस मुद्दाको दोस्रो निर्णयवस्तुको सम्बन्धमा विचार गर्दा मायिका सम्पूर्ण प्रसंगहरूलाई ध्यानमा राख्दै संविधानको धारा ४२(२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीको अधिकार र हैसियतमा विचार गरी निर्णयमा पुग्नु पर्ने हुन्छ। सम्मानित इजलासले सुनवाईको प्रारम्भमा निर्धारित गरेको चार प्रमुख निर्णय वस्तुहरू मध्ये दोस्रो प्रश्न धारा ४२(२) अन्तर्गतको मन्त्रिपरिषद बनेपछि धारा ४२ (२) अन्तर्गतको बन्न सक्छ कि सक्तैन भन्ने कुरा यस मुद्दाको वास्तविक विवाद नभई संभावित हो भन्ने लागेकोले यस बहस नोटमा धारा ४२(२) अन्तर्गत नियुक्त भएको प्रधानमन्त्रीले धारा ५३(४) अन्तर्गत अधिकार प्रयोग गर्न पाउने हो कि होइन भनी यस बहस नोटमा दोस्रो विषयवस्तु निर्धारित गरिएको छ। वर्तमान प्रसंगमा धारा ४२(४) बमोजिम प्रतिनिधि सभा विघटन भएको भन्ने स्थिति छैन र विवाद पनि छैन। धारा ४२(४) अन्तर्गत प्रतिनिधि सभा विघटित भएको भए धारा ४२ को उपधारा (१) बमोजिमको संभावित स्थितिमा विचार गर्नु पर्ने थियो। तर त्यो स्थिति अहिले यहाँ छैन। पहिला धारा ४२(२) अन्तर्गतको प्रधानमन्त्रीले धारा ५३(४) अन्तर्गतको विघटन गर्न पाउने हो कि होइन भन्ने प्रश्नकै निरूपण हुनु जरूरी छ र प्रायः सबै निवेदकहरूले त्यस संवैधानिक प्रश्नहरूलाई नै बढी जोड दिएको देखिन्छ।

३४. नेपाल अधिराज्यको संविधान २०४७ मा प्रधानमन्त्री नियुक्त, हुने जम्मा तीनओटा उपायहरू छन् - धारा ३६(१) बमोजिम प्रतिनिधि सभा बहुमत प्राप्त दलको नेताको हैसियतमा धारा ४२(१) बमोजिम दुई वा दुई भन्दा बढी दलहरूको समर्थनबाट बहुमतको समर्थनबाट प्रतिनिधि सभाका सदस्यहरूको बहुमत प्राप्त गर्न सक्ने अवस्थाको सदस्य र उपधारा (२) बमोजिम बहुमत नभए पनि प्रतिनिधि सभाको सबै भन्दा बढी सदस्यहरु भएको संसदीय दलको नेताको हैसियतमा २०५१ सालमा भएको प्रतिनिधि सभाको निर्वाचन पछि त्यस सदनमा कुनै दलको बहुमत नभएकोले धारा ३६ (१) बमोजिमको प्रधानमन्त्री बन्न सक्ने स्थिति नै थिएन। प्रतिनिधि सभाका तीन प्रमुख दलहरूका मध्ये एक दलले अर्को दलसंग मिलेर वा दिएर सरकार बनाउन अघि नसरेपछि धारा ४२ को उपधारा (२) बमोजिम सबैभन्दा बढी सदस्य भएको दलको नेता मनमोहन अधिकारीलाई श्री ५ बाट प्रधानमन्त्री नियुक्त गरिबक्स्यो। धारा ४२(२) बमोजिम नियुक्त प्रधानमन्त्री कायम रहन धारा ४२ को उपधारा (३) बमोजिम विश्वासको मत उहाँलाई सदनका सबै दलहरूका साथ स्वतन्त्र व्यक्तिहरूले पनि दिई सकेपछि उहाँलाई त्यसैको उपधारा (४) ले स्थायित्व पनि दिएको छ। संविधानको कुनै पनि अन्य धाराले बहुमत वा अल्पमतको प्रधानमन्त्री भनी प्रधानमन्त्रीको अधिकार प्रयोगमा रोक वा अंकुश लगाएको छैन। प्रतिनिधिसभामा बहुमत भएको

प्रधानमन्त्रीले मात्र धारा ५३ (४) को अधिकार प्रयोग गर्न सक्तछ भन्ने गलत धारणा बनाई निवेदकहरूले उपचारको माग गरेको देखिन्छ। त्यस्तो अर्थ गर्ने हो भने कुनै दलको स्पष्ट बहुमत छ भने मात्र त्यस दलको नेताले प्रधानमन्त्रीको हैसियतमा प्रतिनिधिसभा विघटन गराउन सक्छ, अन्यथा धारा ४२ को उपधारा (१) वा (२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीका समक्ष प्रतिनिधि सभा विघटन गर्न सकिने जतिसुकै उचित र आवश्यक परिस्थितिमा पनि प्रतिनिधि सभा विघटन गराउन सक्तैन। सदनमा बहुमत भएको तर सदन सुव्यवस्थित र सुचारू रूपले चल्न नसक्ने राजनीतिक तथ्यको ठहर अघिल्लो पटकको विघटनमा तात्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गर्नुभएको कुरा सम्वैधानिक ठहरियो। तर त्यस्तै परिस्थितिको ठहर त्यसपछिको कुनै प्रधानमन्त्रीले गर्दछ भने पनि सदनमा उसको बहुमत नभएको वा बहुमतको समर्थनबाट प्रधानमन्त्री नियुक्त नभएकोले त्यसले गर्न नपाउने हो भने त्यस्तो अवस्थामा जतिसुकै अवस्था देखिए पनि सदन चलाउनै पर्ने अनिवार्यता संविधानले राखेको भन्न सकिने न त संविधानमा व्यक्त छ, न संसदीय अभ्यासका अन्यत्रका परम्पराहरूबाट देखिन्छ। अघिल्लो विघटनको विषयमा पनि तत्कालीन प्रधानमन्त्रीको विघटनको निर्णयमा उहाँकै संसदीय दलमा पनि जम्मा ७४ सदस्यको समर्थन देखिएको थियो, उहाँको दलका ३६ जनाका साथ विरोधी दलहरूको जम्मा सदस्य संख्या त्यसभन्दा बढी रहेको देखिए पनि अदालतले दलको एउटै नेता रहेको तथ्यलाई ध्यानमा राखी सदनमा विघटनको समर्थन र विरोधमा अल्पमत छ कि बहुमत छ भन्ने नहेरी संविधानले प्रधानमन्त्रीलाई दिएको अधिकार उहाँले प्रयोग गर्न पाउने नै भन्ने निष्कर्षमा त्यस विघटनलाई संविधान प्रतिकूल नभएको निर्णय बहुमतले दिएको थियो।

३५. आफ्नो लिखित संविधानले भने जतिका कुराहरूमा संविधानकै कुरा लागू हुन्छ। व्याख्याको लागि दुविधा उत्पन्न भएको अवस्थामा समान पद्धति भएको अन्यत्रको परम्परा र मान्य संवैधानिक अवधारणाहरूलाई हेर्नु मुनासिब हुन्छ। नेपालका लागि धेरै नजिक र धेरै हालका घटनाहरू भारतका छन्, जहाँ प्रतिनिधिसभामा बहुमत नभएको दलका नेता चरण सिंहलाई भारतको राष्ट्रपतिबाट सन् १९७९ मा प्रधानमन्त्री नियुक्त गरेकोमा अल्पमतका त्यस प्रधानमन्त्रीले ३० दिनभित्र सदनमा विश्वासको मत लिनु पर्ने नियुक्तिका शर्त उल्लघंन गर्दै र सदनको सामनमा नै नगरी सदना विघटन गर्न राष्ट्रपतिलाई सिफारिस गर्दा राष्ट्रिपतिले उनको सिफारिस स्वीकार गरी सदन विघटन गरी अर्को निर्वाचनका मिति तोकेका थिए। विघटनको त्यस कारवाहीका विरूद्ध भारतका कलकत्ता उच्च न्यायालय र दिल्ली उच्च न्यायालयमा बेग्लाबेग्लै रिट निवेदनहरू परेका थिए। तर ती निवेदनहरू बमोजिम अदालतले कुनै रिट जारी गरेन। कलकत्ता उच्च अदालतको निर्णय A.I.R. 1980 Cal 95 मा प्रकाशित छ, जसमा सव्यसाचि मुकर्जिले बृटिश संसदीय परम्परा र संवैधानिक कानूनको विस्तृत विवेचना गर्दै अल्पमतका प्रधानमन्त्रीले पनि सदन विघटन गराउन सक्ने अधिकार स्वीकार गरियो। त्यस्तै अर्को समस्या करिब दश वर्षपछि भारतमा चन्दशेखर प्रधानमन्त्री भएपछि उत्पन्न भयो। सदनमा अत्यन्त न्यून सदस्य संख्या भएका चन्द्रशेखरले कांग्रेस दलको समर्थनमा सरकार बनाएका थिए। त्यस दलले समर्थन फिर्ता लिएको घोषणा गरेपछि अल्पमतमा परेका चन्द्रशेखरले सदन विघटन गराउन

सिफारिस बमोजिम सदन विघटन पनि गरिएको थियो। अघिल्लो विघटन हुनुपूर्व जगजीवनरामको जनता दलले सरकार बनाउने बहुमत आफूसंग छ भन्दाभन्दै पनि सरकार बनाउने बहुमत प्रमाणित गर्न वा सरकार बनाउन उनलाई नदिएकोबाट एउटा राजनीतिक परम्परा बस्न गएको छ। भारतको यस संवैधानिक अभ्यासको सम्बन्धमा उल्लेख्य सामग्रीहरू यी छन् :

1. Constitutional law of India, By H.M Seervai, Fourth Edition, Page 2043 2072.
2. Indian Constitutional Law, By M.P. Jain, (Fourth Edition, Page 31-35)
3. Indian Government and politics by D.C. Gupta, (1991 Edition Page 117118).
4. Madan Murari V. Choudhary Charan Singh, AIR, 1980 Cal., Page 95-106.
5. Dinesh Chandra. v. Choudhary Charan Singh AIR 1980 Delhi page 114-121

३६. भारतको संसदको प्रतिनिधिसभा विघटन सम्बन्धी राष्ट्रपति र प्रधानमन्त्रीका अधिकारहरूको व्याख्या पूर्णत: बृटिश संसदीय प्रजातन्त्रमा महारानी र प्रधानमन्त्रीका अधिकारहरूको परिप्रेक्ष्यमा गरिएको छ र माथि उल्लेखित भारतीय सामग्री श्रोतहरूको अध्ययनबाट बृटिश सम्वैधानिक परम्परा र कानूनको त्यस सम्बन्धमा पर्याप्त जानकारी पाइन्छ। तर हामीलाई बृटिश संसदीय परम्परा र संवैधानिक कानूनको प्रत्यक्ष स्रोत नै पर्याप्त उपलब्ध हुन सक्ने हुनाले मूल स्रोतकै आधिकारिक व्यवहार र धारणाहरूलाई ध्यानमा लिनु उपयुक्त छ। त्यस प्रसंगमा बेलायतको परम्परा र सम्वैधानिक कानूनले सदनमा बहुमत वा अल्पमत भएको आधारमा प्रधानमन्त्रीको कुनै पनि पदीय अधिकारमा कतै कुनै अन्तर देखिदैन। प्रतिनिधिसभा विघटनको कार्य अधिकांश अवस्थामा प्रधानमन्त्री अल्पमतमा परेको वा पर्ने संभावना मात्र होइन, अविश्वासको प्रस्ताव पारित भइसकेको प्रधानमन्त्रीको सल्लाहबाट प्रतिनिधिसभा विघटन भएका अनेकौं दृष्टान्तहरू छन्। प्रतिनिधिसभामा पराजित भई अल्पमतमा परेको दलका प्रधानमन्त्रीले पदबाट राजीनामा गरेर वा नगरेर पनि विघटनको माग गर्दछ भन्ने प्रसंगमा Jennings को Cabinet Government मा यसरी लेखेको पाइन्छ :

....."The strength of the Government rests on the electorate that it can, if defeated in the House of Commons, appeal to the people by advising a dissolution of parliament. It is a question of tactics whether it will resign or dissolve. Its resignation in variably involves a dissolution."

सदनमा अल्पमतमा परिसकेको प्रधानमन्त्रीले राजीनामा मात्रै गऱ्यो भने स्वत: सदन विघटन हुने होइन। कुनै दलको स्पष्ट बहुमत नभएको सदनमा एउटा सरकारको

विरूद्धमा सबै दलहरू एक भए जस्तो अर्को दलको सरकारको विरूद्धमा पनि एक हुन सक्ने संभावना छ भने विकल्पको सरकार बने पनि त्यो स्थिर र टिकाउ हुन सक्तैन। त्यसो हुनाले अल्पमतमा परिसकेकै प्रधानमन्त्रीले पनि आफ्नो विवेक प्रयोग गर्दा स्थिर सरकार बन्ने संभावना छैन भने विघटनको लागि सिफारिस गर्न सक्तछ। विकल्पको सरकार बन्ने संभावना रहेसम्म प्रतिनिधिसभा विघटन हुन नसक्ने भए संविधानको धारा ५३(४) मा त्यसै प्रकारका शब्दहरू थपिने थिए। उदाहरणको लागि धारा ८८ को उपधारा (२) मा "अर्को उपचार", "उपचार अपर्याप्त र प्रभावहीन" भएमा भन्ने शब्दहरू राखेर सर्वोच्च अदालतलाई विकल्पहरू हेर्नु पर्ने परेको छ। धारा ५३(४) मा विकल्प हेर्नु पर्ने आवश्यक देखिएको भए मसौदाकारले त्यसै प्रकारकार शब्दहरु राखेर आफ्नो मनसाय स्पष्ट गर्ने थियो। तर त्यस प्रकारको कुनै पनि शर्त राखेको भए सदन विघटनको अधिकार निस्क्रिय र प्रभावहीन हुने थियो। अघि फ्रेंच संविधानमा राष्ट्रपतिले सिनेटको स्वीकृति लिएर त्यहाँको प्रतिनिधिसभा विघटन गर्ने अधिकार थियो। तर जेनिङ्सले The law and the constitution मा भने जस्तै सन् १८७७ देखि एकपटक पनि त्यहाँ सदन विघटन भएन र स्थिर सदनले गर्दा त्यहाँ हमेशा अस्थिर सरकार बन्दै गए। बेलायतमा प्रधानमन्त्रीको निजी विवेकमा सदनको स्थिरता रहेकोले सरकार पनि स्थिर र सदन पनि सामान्यत: स्थिर नै रहीआएको छ।

हालै १९७० को दशकमा लेवर पार्टीका नेता James Callaghan ले चार वर्षसम्म अल्पमतको सरकार चलाउने सफल रहेको रहस्य पनि प्रधानमन्त्रीले काम गर्न पाएन भने अल्पमतमा परेपनि प्रतिनिधि सभा विघटन गर्न सक्तछ भन्ने प्रत्येक सदस्यले बुझेका थिए। एक पटक सरकारको प्रस्ताव पराजित हुँदा श्रीमती थ्याचरले विश्वासको मत लिन प्रधानमन्त्रीलाई चुनौती दिंदा उनले मलाई फुर्सत छैन भन्ने जवाफ दिएपछि Conservative दलले अविश्वासको प्रस्ताव ल्याउँदा लेवर पार्टीका सदस्यहरू बाहेकका सदस्यहरू समेत सरकारलाई विश्वासको मत दिएर टिकाएको कुरा O. Hood Phillips को Constitutional and Administrative Law (Seventh Edition Page 149-155) मा रोचक तवरले वर्णित छ। बेलायतको परम्पराको बारेमा उनी लेख्दछन् :

"Although in Law the Queen may dissolve parliament when she likes, her conduct would be unconstitutional (i.e., contrary to convention) if she did so without or against the advice of her ministers. In what circumstances it is constitutionally, proper for the prime minister (or the cabinet) to refuse to advise a dissolution and whether the queen is necessarily bound by convention to dissolve when advised to do so, are questions discussed in the following paragraphs.

The conventions governing the exercise of the prerogative power to dissolve parliament are normal circumstances the following :

(a) The Sovereign should dissolve parliament when requested by the prime minister to do so.

(b) The sovereign should not dissolve parliament unless requested by the Prime Minister to do so.

(c) The prime minister has the power to choose the time of dissolution, within five years period prescribed by the parliament Act. 1911. (The power of timing is a weapon of great political importance in the hands of the government, and especially of the Prime Minister.)

(d) If the government party is defeated at a general election, the Prime Minister should tender the resignation of government at once, at cease where another party has an overall majority, and the position will take over.

(e) If the government is defeated in the House of Commons on a motion of confidence or a motion of no confidence, the Prime Minister must either ask for dissolution or tender resignation of himself and his ministerial collages. Where there is a dissolution, which is the usual course, Ministers retain office during the ensuing general election."

३७. प्रतिनिधिसभाको विघटनको अधिकार प्रधानमन्त्रीसंग रहनुको सार्थकता बृटिश संविधानविद्हरूको विचारमा सरकारलाई स्थिरता दिई काम गर्न सक्षम पार्नु हो। यस अधिकारद्वारा नै बहुमत प्राप्त दलको बहुमत कायम रहन्छ। अन्यथा दलबदलको राजनीतिद्वारा दलीय व्यवस्था ध्वस्त हुन सक्छ। अल्पमतकै सरकार पनि विघटनको यै हतियारको कारणले स्थिर र टिकाउ हुन्छ भन्ने बृटिश अनुभव छ। जेनिग्सले यसलाई प्रधानमन्त्रीको हातको "लामो लट्ठी"भनेका छन्, चाहे त्यो प्रधानमन्त्री सदनमा बहुमतमा रहोस् या अल्पमतमा, Cabinet government (Page 474) मा उनी भन्दछन् :

"A Government which has a majority thus has the means for maintaining its majority. The energy of whips organization is primarily directed to that end. The government has, above all the effective weapon of dissolution. It can hold the threat above member's head like a big stick."

बृटिश संसदीय प्रजातन्त्रलाई नै नमूना बनाएर संविधानका अतिरिक्त परम्पराहरू निर्मित गर्दै गइरहेको भारतीयका अनुभवहरूको निष्कर्षमा M.P. Jain को Indian Constitutional Law (Fourth Edition) मा उनले लेखेका छन् : "Dissolution has been characterized as a "big stick" which the government wields to keep its majority in the house intact. The power can also be used to discipline the opposition. In a multiparty system when parliamentary government is unstable, successive

dissolution of Lok Sabha may help in consolidation of parties and ultimate evolution of power parties by eliminating the lesser ones. Thus, when elections were held to lok Sabha in 1980 a stable government emerged at the center."

३८. यस सम्मानित इजलासका समक्ष प्रस्तुत भएका मुद्दाहरूले प्रतिनिधि सभा विघटनको सैद्धान्तिक औचित्यलाई पनि प्रश्न चिन्हमा उभ्याइदिएकोले त्यसको सैद्धान्तिक आधारतर्फ पनि ध्यान आकर्षित गर्नु परेको हो। वारम्वारको विघटनको परिणामहरू तर्फ पनि अदालतको ध्यान जानु स्वाभाविकै भएकोले त्यसतर्फ विचार गर्न मद्दत पुग्ने सामग्री प्रस्तुत गर्न खोजिएको हो। नेपालले वहुदलीय व्यवस्था अनुसरण गरे पनि निर्वाचन पद्धतिको स्वाभाविक परिणाम दुई प्रमुख राजनीतिक दलहरूमा केन्द्रीय दुई दलीय प्रक्रिया नै सरकार र संसदमा निर्णायक रहन्छ। दुई दलीय प्रतिस्पर्धात्मक संसदीय प्रजातन्त्र निर्वाचन प्रक्रियाको नै उपज हो भन्ने कुरा Gilbert Abcerian र George S. Masaunat द्वारा लिखित Contemporary Political Systems (1970 page 146) मा यसरी स्पष्ट पारिएको छ :

"Most English speaking countries possessa biparty system, as in Great Britain and Canada. The Multiparty system has been strongly represented in European democracies such as France, Italy, Germany, and the Scandinavian Countries. The system of single member districts for the election of representatives (Victory goes to the party most successful in fashioning majority support buttress the two party system. The multiparty system on the other hand, is encouraged in those nations that have proportional representation where, in contrast with the single-member district system, the number of seats a party captures in the representatives body depends upon and more or less accurately reflects its actual popular support within elected districts. Students of party system have noted that the system of proportional representation found in multiparty nations sometimes reflects a lack of consensus on constitutional issues that leads to intense ideological conflict, whole bipartisan nations exhibit a greater degree of popular solidarity over such issues. Among the newly emergent nations one finds considerable vacillation over the most appropriate party system as they search for unity and progress in the face of very serious problems.

३९. छिटोछिटो आम निर्वाचन वा मध्यावधि निर्वाचनद्वारा एक प्रकारको राजनीतिक अस्थिरता देखिए पनि यसद्वारा जनताको चेतना, सक्रियता र निर्णायकत्वको आत्मविश्वासको पक्षलाई हेर्दा मुलुकको कुनै पनि गम्भीर समस्यामा वा सरकार चल्न नसक्नाको अप्ठ्यारो स्थितिमा सम्पूर्ण जनताको मतदानद्वारा नयाँ सम्मति प्राप्त गर्ने राजनीतिले दलवदल, अवसरवादी र सिद्धान्तहीन गठबन्धन र भ्रष्ट राजनीतिक क्रियाकलापलाई निरुत्साहित पार्न सकिन्छ भन्ने एउटा सम्भावनालाई ध्यानमा राख्नु

पर्छ । बेलाबेलामा सम्पूर्ण जनताको राय लिने स्वीट्जरलैण्डको राजनीतिक प्रक्रियालाई उल्लेख गर्दै हालैको (June 17, 1995) Economist को अग्रलेखले भन्दछ : "It is true that the rich propagandist, even though they cannot bribe the mass of voters, can gull them into taking foolish decisions. But the nervous can take heart from the record of Switzerland, which has long put most of its big decisions to the vote of the whole people. The Swiss have developed and admirable ability to resist the blandishments of both Big Money and cheap emotion. In particular, the fear that special interests will use direct democracy to get themselves budget busting goodies should be eased by the fact that Switzerland has not only a tolerable budget deficit but also on of the rich world's smaller public debt. Unless you believe that god designed the Swiss differently from everybody else, it is hard to argue that only they can do these things. The Swiss have just had more practice." त्यस लेखकले महत्त्व दिएको कुरा हो . "Decision by vote of the whole people." त्यस विचारको विवेचनाको अन्त्यमा भनिएको छ : "Done with care direct democracy works. The more political responsibility ordinary people are given, the more responsibly most of them will vote. This helps to produce something closer to true government by the people. And that, after all, is the way the logic of the 20th century points. If democrats have spent much of the century telling fascists and communists they ought to trust the people can, democrats now tell the people themselves that this trust operate only once every few years." के जनताले तोकिएको केही वर्षहरूमा एक पटक मतदान गर्दैमा जनताको सार्वभौमसत्ता सम्मानित हुन्छ त ? के जनताले निश्चित अवधिका लागि आफ्नो शासक रोज्न पाउने बाहेक बीचको कुनै पनि अवस्थामा त्यसलाई निर्णय गर्न दिनु वा निर्णय गर्ने ढोका खोलिदिनु संसदीय प्रजातन्त्र वा संसदीय "सर्वोच्चता"को उल्लंघन हुन्छ ? यस मुद्दामा सहज तवरले उब्जिने यस्ता प्रश्नहरूमा पनि कानूनी स्पष्टता आवश्यक छ ।

४०धारा ४२(२) अन्तर्गत नियुक्त प्रधानमन्त्री स्पष्टत: प्रतिनिधिसभामा बहुमत नभएको दलको नेता हो । धारा ४२(३) बमोजिमको विश्वासको मत सरकार चलाउनको लागि हो, दलको बहुमत त्यसले यप्दैन । त्यसै गरी, धारा ४२(४) को प्रावधान सरकार टिकाउनको लागि हो, त्यसले पनि जुन दलको जति सदस्य संख्या छ, त्यसलाई परिवर्तित गर्दैन । प्रतिनिधिसभामा सरकार बनाउन र टिकाउनको लागि आवश्यक पर्ने धारा ४२ को उपधारा (२) र (३) लेखाइको दृष्टिले नेपालमा मात्रै देखिए पनि परम्परा पालनको दृष्टिले त्यस्तो सरकार बेलायतमा र भारतमा पनि बेलाबेलामा कार्यरत देखिएको छ । त्यस्तो सरकारको प्रधानमन्त्रीको बखतमा सरकारले युद्ध र संकटकालीन स्थितिका अधिकारसम्म प्रयोग गर्न सक्छ भने सम्पूर्ण जनताको मतदानको निर्णयको लागि (Decision by vote of the whole people) धारा ५३ (४) बमोजिम

सिफारिस प्रधानमन्त्रीले गर्न सक्तैन भन्न मिल्ने कुरा होइन। त्यस्तो विघटन भनेकै सार्वभौमसत्ता सम्पन्न जनता कहाँ पुनरावेदन गर्नु (Appeal to the Peopleo मानिन्छ भने प्रधानमन्त्रीको सिफारिसबाट सदन विघटन गरी निर्वाचनको मिति तोकिंदा साथ उक्त कुरा प्रधानमन्त्रीको अधिकारको प्रश्न नभइ सम्पूर्ण वयस्क मतदाता जनताको हकको प्रश्न बन्न जान्छ। विघटनको प्रक्रियाले प्रतिनिधिसभा र प्रधानमन्त्रीभन्दा शक्ति सम्पन्न जनताको अधिकार क्रियाशील हुन्छ। त्यस्तो प्रक्रिया प्रारम्भ गर्न धारा ३६(१) बमोजिम बहुमत प्राप्त दलको नेताको हैसियतमा नियुक्त प्रधानमन्त्रीले मात्र सक्तछ, धारा ४२(३) बमोजिम विश्वासको मत पाई नियुक्त भएको र धारा ४२(४) द्वारा टिकाइएको प्रधानमन्त्रीले सक्तैन भन्नु संविधान संगत तर्क हुन सक्तैन।

४१.नेपालमा धारा ४२ को उपधारा (१) वा (२) बमोजिम बहुमत नभएको दलको नेता प्रधानमन्त्री भएपछि त्यस दलको हैसियत बहुमत विहीन नै रहन्छ। यस्तो अल्पमत भएको दलको सरकारका प्रधानमन्त्रीहरूले पनि बेलाबेलामा सदन विघटन गराएको प्रसंगको चर्चा गर्दै Jennings ले The Law and that Constitution (Page 186–187) मा अल्पमतको सरकार गिराउन भूमिका लेल्ने तेस्रो दलको भविष्यको सम्बन्धमा लेखेको कुरा हाल विघटित प्रतिनिधिसभामा तीन प्रमुख दलहरूको भूमिकालाई हेर्दा प्रासंगिक छ। अर्को सरकार बन्न सक्ने संभावना छ भने पनि अल्पमतको प्रधानमन्त्रीले विघटन गराउन सक्छ भन्दै उनले भन्छन् :

No doubt the sovereign is more reluctant to grant a dissolution since another government might be possible. But the fact that a dissolution was granted to Mr. Mac Donald in 1924 shows that he would refuse only in exceptional circumstances.

Moreover, a dissolution is an even more effective remedy with a minority government. The position of a third party, which supports a government and then turns it out, is very weak. The electors prefer to say yea or nay, not yea and nay. If they support the government they vote for it; If they do not, they support the opposition. The third party therefore stands to lose a dissolution much of the support which it has before, as the Liberal party lost support in 1924".

नेपालमा पनि विघटनपछि शुरु भएको निर्वाचन प्रक्रियामा सरकारलाई समर्थन दिने वा विरोधी दललाई दिने बहसमा जनता संलग्न हुँदा अमुक र अमुक दललाई समर्थ गर्ने बहस जोनिइसले भने जस्तै असंगत हुने हुँदा सरकार वा विरोधी दल भन्ने दुइटै रोजाइको संभावना भएकोले यस मध्यावधि निर्वाचनले बहुमत प्राप्त एउटा दलको स्थिर सरकार र विकल्पको रूपमा छायाँ सरकार चलाउन सक्ने बलियो र प्रभावकारी विरोधी दल समेत दुई दलीय प्राधान्यता भएको प्रतिनिधिसभा आउने संभावना सहजै अनुमान गर्न सकिन्छ। प्रधानमन्त्रीले आफ्नो पार्टी वा निजी स्वार्थलाई प्रमुखता दिई विघटनको सिफारिस गरे पनि श्री ५ को विवेकयुक्त मूल्यांकनमा कुनै दलको बहुमत नभएको प्रतिनिधिसभाबाटै अस्थिर सरकारको विकल्प रोज्ने कि नयाँ

निर्वाचनबाट आउन सम्भव बहुमतको स्थिर सरकारको विकल्प रोज्ने कुरालाई समेत ध्यानमा राखी प्रधानमन्त्रीको सिफारिसलाई स्वीकार गरिएको पनि हुन सक्तछ। जुन कारण र आधारहरू देखाएर जुन Reasoning / Logic अघि सारेर प्रधानमन्त्रीले विघटनको लागि सिफारिस गर्नुभएको थियो, त्यसैमा यान्त्रिक तवरले सीमित रही रबर-स्टाम्पको रूपमा मात्र राजाबाट निर्णय हुन सक्तछ भन्ने कुरा न त यस अघिको विघटन सम्बन्धी हरिप्रसाद नेपाल निवेदक भएको मुद्दामा कुनै न्याय कर्ताबाट त्यस्तो राय व्यक्त भएको छ, न यस मुद्दाका संलग्न कुनै मुद्दाका निवेदकहरूको आग्रह र जिकिर छ। यस इजलासका समक्ष पक्ष र विपक्षका बीच मात्राको भिन्नता भए पनि धारा ५३(४) अन्तर्गत श्री ५ बाट निजी विवेक प्रयोग हुन सक्ने अधिकारमा मतैक्यता जस्तै देखिएको हुनाले समेत संविधानको धारा ४२(२) बमोजिमको प्रधानमन्त्रीले सम्पूर्ण जनताको मतदानद्वारा हुने निर्णयको प्रक्रिया धारा ५३(४) अन्तर्गत शुरू गर्न सक्तैन भन्ने जिकिर संविधान र प्रजातन्त्रका मूल्य, मान्यता र स्थापित परम्परा अनुकूल हुन सक्तैन।

४२. प्रतिनिधिसभा विघटन सम्बन्धी नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(४) अन्तर्गत प्रधानमन्त्री र राजाको अधिकारको सम्बन्धमा निवेदकहरूले बनाएको सम्वैधानिक धारणा र अनुसरण गरेका व्याख्याका सिद्धान्तहरूलाई संविधानको स्पष्ट प्रावधानले कुनै बाटो दिदैन र संसदीय मूल्य, मान्यता र परम्पराका बाहिरी दृष्टान्तहरूमा बेलायत र भारतको कुनै पनि दृष्टान्तले सहायता दिदैन भन्ने कुरा स्पष्ट भए पनि निवेदकहरू तर्फबाट क्यानाडा, अस्ट्रेलिया र दक्षिण अफ्रिकाका केही सन्दर्भ बुझ्न गाह्रो पर्ने दृष्टान्तहरू उल्लेख गरिएका छन्। ती प्रत्येकको संवैधानिक प्रावधान र सम्वैधानिक परम्पराको सम्बन्धमा बेलायत र भारतको बारेमा जतिकै गहिरिएर अध्ययन गर्ने सुविधा नेपालमा प्राप्त नभए पनि उपलब्ध सामग्रीहरूको सीमाभित्र हेर्दा पनि ती कुनै पनि दृष्टान्तमा न्यायिक निरूपण भई निर्णय भएका होइनन् भन्ने स्पष्ट हुन्छ। क्यानाडाकै कुरा गर्दा, त्यहाँको गभर्नर-जनरलले प्रधानमन्त्रीद्वारा सदन विघटन गर्न सिफारिस गर्दा मुछिनु परेको राजनीतिक विवादको दृष्टान्त दी त्यस्तो विवादमा महारानी मुछिनु हुँदैन भन्ने कानूनी टिप्पणी पाइन्छ। संक्षेपमा, तथ्य यसप्रकार छ : १९२५ मा क्यानाडामा भएको निर्वाचनमा कन्जरभेटिभ पार्टीले झिनो बहुमत पाएर सरकार बनायो। नौ महिनापछि लिबरल पार्टीले अन्य दलहरूसँग मिलेर अविश्वासको प्रस्ताव ल्याउने सम्भावना देखेर प्रधानमन्त्रीले विघटन गरी अर्को निर्वाचनको लागि गभर्नर-जनरललाई सिफारिस गरे। तर गभर्नर-जनरलले त्यस सिफारिसलाई स्वीकार गरेनन्। प्रधानमन्त्रीले त्यसपछि राजिनामा दिए। कन्जरभेटिभ दलले सरकार बनायो। तर त्यस सरकारलाई एक हप्ताभित्रै विश्वासको मतमा पराजित गरियो। र, त्यसको प्रधानमन्त्रीले सदनको विघटनको लागि सिफारिस गर्दा गभर्नर-जनरलले विघटन गरिदिए। निर्वाचनमा त्यो दल पराजित भई लिबरल पार्टी विजयी भयो। त्यस कार्यलाई लिएर गर्भनर-जनरलको तीव्र आलोचना भयो। यस प्रकारको आलोचना गभर्नर-जनरल जो बेलायतका महारानीको प्रतिनिधिको रूपमा नियुक्त थिए सेवा निवृत्त भएर पन्छिए। तर वंशानुगत गद्दीमा विराजमान राजमुकुटले यस्तो राजनीतिक विवादको जोखिम उठाउन सक्तैन भन्ने कुरा बेलायतमा महारानीलाई सबै क्षेत्रबाट प्राप्त छ। बेलायतको कुनै पनि संवैधानिक कानूनका विद्वान् र मर्मज्ञ त्यहाँकी

महारानीलाई राजनीतिक विवादमा प्रत्यक्ष मुछिनु र प्रतिस्पर्धाका दलहरूको बीचमा "राजनीतिक भकुण्डो" नबन्ने चेतावनी दी रहन्छन्। त्यस्तै सतर्कताको राय नेपालमा पनि हरिप्रसाद नेपालको मुद्दामा सर्वोच्च अदालतको विशेष इजलासले दिएको छ।

४३. प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नभएको अवस्थामा एउटा तेस्रो दलले एक पटक एउटा दललाई र अर्को पटक अर्को दललाई उचाल्ने र पछार्ने राजनीतिलाई बृटिश संसदीय परम्पराले प्रश्रय नदिने कुरा खास गरेर १९२४ को घटना पछि निश्चित भइसकेको छ। १९२३ को निर्वाचनमा बेलायतको प्रतिनिधिसभामा कुनै पनि दललाई स्पष्ट बहुमत प्राप्त नभए पछि सबभन्दा ठूलो दलको हैसियतमा राजाले लेबर पार्टीलाई सरकार बनाउने मौका दिए। त्यस सरकारलाई लिबरल पार्टीले समर्थन दिएको थियो। नौ महिना नबित्दै लिबरल पार्टी र कन्जरभेटिभ पार्टीको बीचमा सहमति भई लिबरल पार्टीका नेताले आफूसँग बहुमतको समर्थन भएको आधारमा सरकार बनाउन पाउने दावा गरे। त्यस परिवर्तित परिस्थितिमा आफ्नो सरकार नटिक्ने संभावना देखेर लेबर पार्टीका प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनको लागि सिफारिस चढाए। राजाको व्यक्तिगत इच्छा विघटनको पक्षमा छैन भन्ने कुरा बाहिर चर्चा चल्यो। तर त्यै पनि, सबै पक्षहरूमा ध्यान दिंदा राजाले अल्पमतमा परिसकेकै प्रधानमन्त्रीको सिफारिस स्वीकार गरी सदन विघटन गरे। त्यसपछि लेबर पार्टीले बहुमत प्राप्त गरी सरकार बनायो तर प्रधानमन्त्रीको दावा गर्न पुगेको तेस्रो पार्टी लिबरल पार्टीको संख्या न्यूनतम हुन पुग्यो। जनताले सरकार वा प्रतिपक्ष भन्ने रोजाइ गरे। एक पटक एउटालाई, अर्को पटक अर्कोलाई समर्थन गर्ने लिबरल पार्टीले त्यस पछि कहिल्यै पनि बेलायतमा सरकार बनाउने कुरा गर्न सकेको छैन। Harold J. Laski ले आफ्नो Parliamentary government in England (Page 409-410) मा विघटनको औचित्यको अन्तिम जिम्मेवारी प्रधानमन्त्रीको सिफारिसमा राजाले जनतालाई निर्वाचनको माध्यमबाट सुम्पिने कुरामा प्रधानमन्त्री अल्पमतमा छ कि वैकल्पिक सरकार पनि गठन हुन सक्छ कि भन्ने कुरा गौण हुन्छ भन्दै त्यहाँको दृष्टान्त दिदै यसरी भनेका छन् : "The problem of the prerogative of dissolution is more complicated. It is agreed that the Monarch should not dissolve, or refuse to dissolve, save on the advice of ministers; the problem is, however, whether the king may refuse a dissolution that is asked for, or insist upon one that his ministers do not desire. Though the books are emphatic that the decision must rest with the Crown, that this prerogative is, therefore, a living thing, it is difficult to share this view. For, in first place, it is well over a hundred years since a dissolution was refused; the revival of so rusty a precedent be very delicate operation. And, secondly, if the government which asked for a dissolution and was refused was a majority government, it would obviously resign because its advice was disregarded. Its successor, being in a minority, would sooner, rather later, be forced to ask for a dissolution; and the King would then be in the delicate position of refusing to one Prime Minister what he agreed to grant to

his successor. The precedents, indeed, make it clear that no government which wishes to consult the electorate will be prevented from doing so if, at the time of its request it has a majority in the House of Commons were it otherwise the Crow would inevitably subject itself to the accusation of discrimination between parties.

It the situation different where the government is in a minority in the House of Commons ? Mr. Asquith, in 1923, took the view that it was. The Labour government of 1924 was in a large majority in the House of Commons it held only 191 out of 615 seats and, were it to be defeated, Mr. Asquith, as Liberal Leader, was prepared to take office in his turn. When, However the Labour government was defeated and the Prime Minister, Mr. Ramsay Mac Donald, asked for a dissolution, the King agreed to his request. And it is difficult to see how it could well be otherwise. For had the king refused and invited Mr. Asquith to form a government, the latter, being of a party even smaller than that or Mr. Mac Donald, would have been bound, in course of time, to be defeated also, and to have requested a dissolution. To have granted it would have evoked, once more, the accusation that the king was discriminating between parties. To grant a dissolution automatically is to place the responsibility for the government squarely upon the shoulders of the electorate, where in the circumstances, it ought to lie. The emphasis upon the automates of this prerogative is the surest way to the preservation of royal neutrality". सिफारिसमा स्वत: विघटन हुने सिद्धान्तका विरोधी विचारहरूको विवेचना गर्दै लास्कीले संसदको वहुमतद्वारा समर्थन लिनु पर्ने हो कि भन्ने कुरालाई पनि खण्डन गर्दै, अनुत्तरदायी विघटनको दण्ड जनताले नै प्रधानमन्त्रीलाई दिने अनुभवद्वारा खारिएको परम्पराको समर्थन गरेका छन् । उनी भन्छन् : "In any case it is obvious that the safeguard against an unwise dissolution is the probability, which is great, that the government which seeks it will be forced to pay the penalty by the country for so doing. That was the case with Mr. Baldwin in 1913 and with Mr. Mac Donald in 1924. In each case, from a political angle, the decision to seek a dissolution was precipitate; and in each case the government paid the penalty of defeat".

४४. एउटा राजनीतिकशास्त्री र संविधानविद्को हैसियतमा लास्कीको मान्यतालाई ध्यानमा राख्दा प्रतिनिधिसभाको विघटन सम्बन्धी व्यवस्थाको कट्टर हिमायतीका रूपमा उनका यी विचारहरू प्रस्तुत मुद्दामा संविधानको धारा ५३(४) र वैकल्पिक सरकारको संभावना छँदाछँदै विघटन हुन सक्ने संवैधानिक अवधारणा बुझ्न A Grammer of Politics (Fifth Edition Page 347-348) मा व्यक्त उनका यी अवधाराणाहरू

यस प्रकार छन् : A government which cannot command the confidence of a legislature may feel entitleed to consider that a ganeral election will give a new base of power.....A lagislature that is forced to live out its period of office will always be distinguished by two undesirable features. It will so assert its superiority over the executive as to make the latter its tool; and it will pay the less regard to public opinion from the knowledge that its own attitude has a formidable constitutional protection".

"The right of dissolution is an invaluable mechanism for the prevention of those evils. But it is, of course, an exceedingly delicate instrument, about the use of which there are grave differences of opinion. I believe myself that it is imperative to entrust the exercise of the right to the executive of the day. The safeguards against its abuse are obvious and powerful. No executive will have a causeless of dissolution for fear of losing office as a result. It will fear the offensive it may cause among its supporters. It will know that every electorate resents the dislocation of private business caused by a general election, It will realize that it is useless to trust the hazards of the unknown unless it has some solid achievement behind it likely to attract widespread popular approval. Mr. Gladstone risked a causelss dissolution in 1874; the result was one of the largest conservative majorities in recent times. Mr. Baldwin acted similarly in 1923; and the result was the advent of the Labour Party in office. The Right to dissolution cannot be left to the legislature, not only because few legislatures can be trusted to vote for their own extinction, but also because, if the proposal of dissolve were defeated in the assembly, it would, obviously, be equivalent to a demand for a new executive. Nor is there any outside agency which can be trusted for to make it the master both of the policy and fate of the executive a position only the electrorate can occupy. The absense of a power to dissolue is subversive of executive morale. It leads it to turn its sails to every legislature wind. It throws it into the kind of helpless position occupied by President Wilson on his return to America, after the signature of the Treaty of Versailles. The power of dissolution is the recognition that, ultimately, the electorate is the paramount authority of the state. And no executive ought to occupy the seat of power unless its place is sanctioned by the authority. A coherent representative system would be impossible unless the right to dissolve was always the prerogative of the government of the day".

४५. प्रतिनिधिसभाको विघटनको औचित्यलाई पराकाष्ठासम्म पुऱ्याएर समर्थन गर्ने लास्की र उनका पूर्ववर्ती संविधानविद्हरू र बेगहट र डाइसीकै अनुरूप ती विचारहरूको श्रृंखला जेनिग्स, ओ. हुड. फिलिप्स, ग्रिफित इत्यादि आधुनिकतम विद्वान्हरूको विवेचना र सम्मतिद्वारा नेपाल अधिराज्यको संविधानको धारा ५३ (४) स्पष्ट हुन्छ र समर्थित पनि। संसदीय प्रजातन्त्रको त्यति मूलभूत र महत्वपूर्ण अधिकार धारा ३६(१) अन्तर्गत नियुक्त प्रधानमन्त्रीलाई मात्र हुन्छ, धारा ४२(१) वा त्यसको उपधारा (२) अन्तर्गत नियुक्त सदनमा बहुमत नभएको दलका प्रधानमन्त्रीलाई हुँदैन भन्ने खण्डित र वर्गीकृत विश्लेषण र निष्कर्षको लागि संविधानले कुनै छिद्र दिएको छैन। वरू, विघटनको यस अधिकारबाट प्रधानमन्त्रीलाई वंचित गर्ने कुनै प्रकारको व्याख्या भएमा त्यसले संसदीय प्रजातन्त्रको जरोमा नै कुठाराघात गर्ने स्वत: सिद्ध छ।

४६. अब यस मुद्दाको तेस्रो प्रश्न- प्रतिनिधिसभा बस्ने मिति तोकी सकिएपछि त्यसको विघटन हुनसक्छ कि सक्तैन भन्ने प्रश्नका साथ संलग्न छ। त्यस अधिवेशनमा अविश्वासको प्रस्ताव आउने संभावनालाई रोक्न प्रधानमन्त्रीले विघटनको लागि सिफारिस गर्नुभएको संविधान सम्मत छ कि छैन यस प्रश्नको उत्तर त संविधानको लिखित प्रावधानभित्रै खोज्नुपर्छ। धारा ५३ को व्याख्या गर्दा प्रथम त्यसको शीर्षक वाक्यांसले भन्न खोजेको कुरा ध्यानमा लिनुपर्छ। धारा ५३ को (१) देखि (४) सम्मका उपधारा प्रारम्भ गर्नुभन्दा अघि "अधिवेशनको आह्वान र अन्त राखिएको छ भने "तथा" ले प्रतिनिधि सभाको विघटनलाई छुट्याउँछ। अधिवेशनको आह्वान र अन्त तथा प्रतिनिधिसभाको विघटन" भनिएकोले त्यस धाराको पहिलो भागमा अधिवेशनको आह्वानदेखि अन्तसम्मको कुरा धारा ५३ को उपधारा (१) देखि (३) सम्म छ भने उपधारा (४) ले त्यस अघिका सबै उपधाराहरूलाई एकमुष्ट र समष्टि रूपमा विघटनको विषय बनाएको छ। अर्थात्, उपधारा (१) अन्तर्गत प्रधानमन्त्रीको सल्लाहमा अधिवेशन बोलाइएको होस् अथवा प्रतिनिधिसभाका कम्तीमा २५ प्रतिशत सदस्यहरूको समावेदनबाट बोलाइएको होस्, धारा ५३(४) ले त्यसमा भेद गर्दैन। धारा ५३(३) को व्यवस्था प्रतिनिधिसभाको अधिवेशन त्यसका सदस्यहरूले चाहेको अवस्थामा हुनुपर्छ भन्ने सिद्धान्तमा आधारित छ। भारतले बेलायतको पुरानै परम्परालाई अनुसरण गर्दै संसदका दुई अधिवेशनहरूको व्यवस्था राखेकै छ भने बेलायतमा हाल दुई अधिवेशनामा नछुट्याई अक्टोबरबाट शुरू भएको अधिवेशन अक्टोबरसम्म चल्ने निरन्तरतालाई अँगालेको छ। तर त्यहाँ एउटै अधिवेशन लगातार वर्ष भरी चल्ने भए पनि प्रतिनिधिसभा बस्ने मिति र समयहरू सदनको नियम बमोजिम निर्धारित हुने प्रक्रियाद्वारा सधैं वा जुनसुकै समयमा बस्नु पर्दैन। तर संसदका सदस्यहरूले निरन्तर नै आफ्नो संसदीय दायित्व पूरा गर्न पाउनुपर्छ भन्ने बेलायतको हालको परम्परासँग नेपालमा तोकिएका दुई अधिवेशनका अतिरिक्त आवश्यक परेमा अरू पनि अधिवेशन हुन सक्ने व्यवस्थाको सामीप्य देखिन्छ। धारा ५३(१) अन्तर्गतके अधिवेशन मन्त्रिपरिषदको सल्लाह र सम्मतिबाट श्री ५ बाट बोलाइबक्सन्छ भने, धारा ५३(३) को अधिवेशन जोसुकै एक चौथाई सदस्यहरुको समवेदनमा बोलाईबक्सने प्रावधान अन्तर्गत सरकारी या विरोधी दल भन्ने भेद गरिएको छैन। सरकारी पक्षका सदस्यहरूले पनि त्यस प्रकारको समावेदन गर्न पाउने फराकिलो बनौटले गर्दा पनि यस प्रकारको अधिवेशन सरकार विरुद्धकै कारवाईको लागि मात्र बोलाइन्छ भन्ने

धारणा बनाउन सकिदैन। यस धारा ५३(३) को अधिवेशन बोलाउन वांछनीय छ भन्ने कुरा समावेदनमा देखिन्छ भने बीचको कुनै पनि समयमा यस्तो अधिवेशन हुन सक्छ। तर धारा ५३(४) को प्रयोगको लागि धारा ५३(१) अन्तर्गतको अधिवेशन निर्वल र धारा ५३(३) अन्तर्गतको अधिवेशन बढी सबल भन्ने अर्थ गर्ने ठाउँ छैन। धारा ५३ को उपधारा (१) देखि लिएर उपधारा (३) सम्मका प्रावधानहरूले अधिवेशनको प्रारम्भदेखि अन्तसम्मको व्यवस्था गर्दछन् भने त्यसमध्ये एउटा अधिवेशन चल्दाचल्दै पनि २०५१ सालमा विघटन गरिए जस्तै प्रधानमन्त्रीले विघटन गर्ने र सदनको अल्पमतले बोलाएको अधिवेशनलाई भने धारा ५३(४) अन्तर्गत विघटन गर्न नपाउने भएपछि त्यसले संसदीय प्रक्रियामा नै गम्भीर व्यवधान र संकट ल्याउन सक्छ।

४७. सदनका एक चौथाइ सदस्यहरूले कति पटक अधिवेशन बोलाउन सक्छन् भन्ने सीमा राखिएको छैन। त्यस प्रकारको अधिवेशनको लागि गरिएको समावेदनमा श्री ५ बाट स्वविवेक प्रयोग गर्न सकिने प्रावधान छैन। सदनका पच्चीस प्रतिशत सदस्यले सरकारलाई हमेशा असजिलो पार्न व्यवधान तेर्साउने (Obstructionist) उद्देश्यले पटक पटक अनावश्यक पनि अधिवेशन बोलाई असजिलो पार्न लागेको अवस्थामा आफूलाई वर्तमान प्रतिनिधिसभाबाट असहयोग भयो, अप्ठ्यारो भयो भनी जनतामा धारा ५३(४) अन्तर्गत गुहार माग्न प्रधानमन्त्रीले जान नपाउने उद्देश्य त्यस धारा ५३(३) का कुराहरूबाट देखिन्न। प्रधानमन्त्रीले त्यै संकट देखाई वा त्यस्तै संकटको संभावना देखाई त्यस प्रकारको व्यवधानका विरूद्ध प्रतिनिधिसभा विघटन गर्ने आवश्यकता देखेर विघटनको लागि सिफारिस गर्न नसक्ने देखिन्न। प्रधानमन्त्रीले राजालाई आफ्ना ती संकट र संकटका संभावनाहरू कसरी व्यक्त गर्‍यो भन्ने कुरा धारा ३५(६) को कारणले न्यायिक अन्वेषण र निरूपणका विषय बन्न सक्तैन। प्रतिनिधि सभा विघटन गर्ने विषयमा पनि राजालाई प्रधानमन्त्रीले गरेको सिफारिश न्यायिक निरुपणको विषय हुन सक्तैन भने धारा ५३(४) अन्तर्गतको सिफारिशक आधारहरु र तिनको पर्याप्ता र औचित्य पनि न्यायिक निरुपणको विषय हुनसक्तैन। धारा ५३(४) का केवल दुई शर्त छन्-प्रधानमन्त्रीको सिफारिस र निर्वाचन हुने मितिको निर्धारण धारा ५३(४) अन्तर्गत श्री ५ बाट प्रतिनिधिसभा विघटन हुँदा यस बाहेकका अन्य शर्तहरू न्यायिक व्याख्याद्वारा थप्न सकिदैन। अदालतले व्याख्या गर्छ, संविधानका स्पष्ट प्रावधानमा थप-घट गर्दैन, अदालतले त्यस्ता व्याख्याको प्रसंगमा संविधानभित्रै कुनै अन्य प्रावधानको मद्दत लिन सक्छ तर कुनै प्रावधानमा नभएको पूर्वशर्त थप्ने काम गर्दैन।

४८. के अविश्वासको प्रस्ताव कहिल्यै आउन सक्तैन त भन्ने सहज जिज्ञासाको हकमा धारा ५३(३) अन्तर्गत केवल अविश्वासको प्रस्ताव आउने होइन। अविश्वासको प्रस्तावको लागि छुट्टै धारा ५९ को उपधारा (२) र (३) छन् र त्यस्तो प्रस्ताव धारा ५३(१) बमोजिमको अधिवेशनमा पनि आउन सक्छ र धारा ५३ को उपधारा (३) अन्तर्गत पनि आउन सक्छ। अविश्वासको प्रस्ताव भनेको सरकार हटाउने प्रयास हो। आफ्ना विरोधीहरूले आफूलाई सत्ताबाट हटाउन गर्ने प्रयासलाई प्रधानमन्त्रीले संविधान अन्तर्गतका हरेक अधिकार वैधानिक ढंगबाट प्रयोग गर्न सक्छ र त्यसको त्यस प्रयासमा सहायक धारा ५३(४) पनि हो। हरिप्रसाद नेपालको मुद्दा नै पनि बहुसंख्यक

न्यायाधीशहरूको सम्माननीय प्रधान न्यायाधीशसँग सहमति भएको कुरा प्रधानमन्त्रीको त्यो अधिकार पनि हो। सम्माननीय प्रधान न्यायाधीशले भन्नुभएको छ: "प्रधानमन्त्रीले विघटनको सिफारिस सधैं नयाँ कायदिशाकैलागि गर्छ भन्ने कुनै निश्चित नियम नभएको र कतिपय अवस्थामा अल्पमतको सरकारको प्रधानमन्त्रीलाई जनताबाट नयाँ कायदिश प्राप्त हुने कुनै संभावना नहुँदा नहुँदै पनि बाध्यताबस उसले विघटन गर्नु पर्ने अवस्थाको श्रृजना हुने हुनाले "विघटनको सिफारिसमा सधैं नयाँ कायदिश प्राप्त गर्ने प्रयोजन निहित हुन्छ भन्ने धारणा बनाउन मिल्ने देखिदैन। सम्माननीय प्रधान न्यायाधीशको उक्त राय संसदीय प्रणालीमा सर्वमान्य रहेको परम्परामा आधारित छ र त्यस रायमा इजलासका अन्य कुनै न्यायाधीशले असहमति प्रकट गर्नुभएको देखिन्न।

४९.संविधानको धारा ५३ को उपधारा (३) को व्यवस्था अविश्वासको प्रस्ताव जस्ता नकारात्मक र व्यवधानात्मक उद्देश्यको लागि नै राखिएको होइन। यस प्रावधानको प्रयोग सत्ता वा विरोधी पक्ष सबैको लागि उपलब्ध छ। एउटा अधिवेशन प्रारम्भ हुने मिति तोकिसकेपछि पनि सदनको विघटन गर्न सकिन्छ भन्ने कुरा बेलायतकै संसदीय परम्परालाई अनुसरण गर्ने भारतमा अत्यन्त हालैको दृष्टान्त छ। दिनेश विरूद्ध चौधरी चरण सिंह (A. I. R. 1980 Se Delhi 114) मा वर्णित तथ्य अनुसार २० अगस्त १९७९ मा लोकसभा बस्ने मिति निर्धारित गरी सो सदनमा प्रधानमन्त्रीले विश्वासको मत लिनु पर्ने भनी राष्ट्रपतिले नियुक्त गरेकोमा चरण सिंहले त्यस मिति भन्दा अगावै र लोकसभाको सामना नै नगरी त्यसलाई विघटनको लागि सिफारिस गर्दा सबै राजनीतिक पक्षहरूसँगको वार्तापछि राष्ट्रपतिले कुनै कारण र आधार उल्लेख नगरी र प्रधानमन्त्रीको सिफारिस पनि उल्लेख नगरी केवल एक वाक्यको विज्ञप्ति जारी गरिएको आदेश कार्यान्वित पनि गरियो। त्यस दृष्टान्तलाई नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४२ को उपधारा (३) बमोजिम ३० दिनभित्र विश्वासको मत लिनु पर्ने प्रधानमन्त्रीले त्यसरी विश्वासको मत नलिएर सदन बस्ने तोकिएको मितिभन्दा अगावै सदन विघटनको लागि माग गर्न र विघटन हुन नसक्ने देखिन्न। तर प्रस्तुत मुद्दामा प्रधानमन्त्रीले ३० दिनभित्र लिनु पर्ने विश्वासको मत लिइ सकेको तर, त्यहाँभन्दा भिन्नको स्थिति के पनि छ भने यहाँ धारा ४२ को उपधारा (१) अन्तर्गतको कुनै प्रधानमन्त्री नियुक्त हुन नसकेपछि प्रतिनिधि सभामा सबभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेताको हैसियतमा निजले हकै स्थापित गरी नियुक्ति पाएको भन्नुपर्छ। धारा ४२ को उपधारा (१) मा "समर्थन" र "बहुमतको विश्वास प्राप्त गर्न सक्ने" दुई ओटा शर्तहरू पूरा गर्नुपर्छ भने धारा ४२(२) बमोजिम एउटै मात्र शर्त छ : सबभन्दा ठूलो दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नै पर्छ। भारतमा राष्ट्रपतिको इच्छाधीन नियुक्तिको व्यवस्था बेलायतको परम्परालाई नै विकसित गर्ने सुविधाका साथ संवैधानिक प्रावधान छ भने नेपालमा प्रधानमन्त्री नियुक्त हुने तीन प्रमुख उपायहरूको संविधानमा व्यवस्था भएकोले इच्छाधीन नियुक्तिको प्रसंग आउँदैन। धारा ४२(१) को सम्म व्याख्याद्वारा विवेकीय निर्णयको लागि ठाउँ छ। तर धारा ४२(२) अन्तर्गतको प्रधानमन्त्री हकैको रूपमा नियुक्त हुन्छ।

४९.त्यसरी धारा ४२(२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले संविधानको धारा ५३(४) प्रयोग गर्न पाउने र सक्ने कुरा माथिका प्रकरणहरूमा उल्लेख भइसकेकोले अब संविधानको धारा ५३ (३) अन्तर्गत सदन बोलाई सकेपछि धारा ५३(४) बमोजिम विघटन गर्न

पाइन्छ कि पाइँदैन भन्ने कुराको हकमा हरिप्रसाद नेपालको मुद्दामा अधिल्लो विशेष इजलासले भनेको कुरा त्यसभन्दा वृहत् इजलासले उल्टी नगरेसम्म त्यही नै यस इजलासको लागि वाध्यात्मक नजिर छ। त्यस मुद्दाले प्रत्यक्ष वा अप्रत्यक्ष भाषामा विघटन गर्न सकिने सिद्धान्त कायम गरेको छ। सम्माननीय प्रधान न्यायाधीशले त्यसको परिणाम स्पष्ट गर्दै भन्नुभएको छ : "जहाँसम्म शाही नेपाल वायुसेवा निगम र टनकपुर बाँध परियोजना सम्बन्धी सन्धिको अनुमोदनसँग सम्बन्धित आरोपहरूको कुरा छ, ती कुराहरू अद्यापि प्रतिनिधिसभा विघटित हुँदैमा वस्तुस्थितिमा कुनै तात्त्विक असर नपर्ने हुनाले त्यसको आधारमा पनि विवादास्पद सिफारिसलाई दुराशययुक्त वा अन्य उद्देश्यवाट प्रेरित भन्न मिल्ने देखिँदैन।" यस कानूनी अवधारणाको आधारमा हेर्दा प्रतिनिधिसभाका समक्ष जस्तोसुकै गम्भीर विषय विचाराधीन रहे पनि विघटनको अधिकार निलम्बित रहँदैन। श्री ५ बाट समावेदनको आधारमा आषाढ २ गतेका दिन प्रतिनिधिसभाको अधिवेशनको आह्वान मिति २०५२।२।२६ मा गर्नुभन्दा अगावै २०५२।२।२४ का दिन नै त्यसको नवौं अधिवेशन मिति २०५२।३।११ का दिन १ बजेको लागि आह्वान गरिवक्सेको छ। त्यस अधिवेशनमा संसदको संयुक्त बैठकमा धारा ७७ बमोजिम राजस्व र व्ययको अनुमानको बजेट पेश हुने कुरा स्पष्ट नै भए पनि त्यस कुराले प्रतिनिधिसभाको विघटन पोहर साल पनि रोकिएन र त्यस कुराम यस पटक कुनै गम्भीर कानूनी विवाद पनि उठेन। पोहोर साल पनि सरकारले अध्यादेशद्वारा बजेट प्रस्तुत गऱ्यो र यस पटक पनि त्यस्तै गऱ्यो। संसद्को बजेट अधिवेशन भनी बुझिने अधिवेशन संविधानको धारा ५३(१) बमोजिम बोलाइएकोले सदन विघटन हुन सक्ने तर पच्चीस प्रतिशत सदस्यले महत्त्वहीन कुराको लागि पनि धारा ५३(३) अन्तर्गतको अधिवेशनको लागि समावेदन गरेको अधिवेशनलाई धारा ५३(४) बमोजिम विघटन गर्न नपाउने व्याख्या व्यावहारिक औचित्यको आधारमा पनि मुनासिब भन्न सकिँदैन। धारा ५३(३) अन्तर्गत अविश्वासको प्रस्तावको लागि समावेदन गरिएको अधिवेशन रहेछ भने विघटन गर्न नसकिने र अन्य कुनै पनि आर्थिक वा राजनीतिक समस्यामा सरकारको ध्यान आकृष्ट गर्न वा जानकारी लिन अधिवेशन समावेदन गरिएको रहेछ भने विघटन हुने मनोगत व्याख्या गर्ने सुविधा धारा ५३(३) ले दिँदैन। धारा ५३(३) अन्तर्गतको अधिवेशन अविश्वासको प्रस्ताव बाहेकका जनुसुकै कुराको लागि पनि समावेदन गर्न वा जानकारी लिन अधिवेशन समावेदन गरिएको रहेछ भने विघटन हुने मनोगत व्याख्या गर्ने सुविधा धारा ५३(३) ले दिँदैन। धारा ५३(३) अन्तर्गतको अधिवेशन अविश्वासको प्रस्ताव बाहेकको जनुसुकै कुराको लागि पनि समावेदन गर्न सकिने संविधानको प्रावधान स्पष्ट छ। यसलाई सामान्य अधिवेशनभन्दा बढी गम्भीर र महत्त्वपूर्ण विषयमा विचार गर्न बसेको वा बस्ने भएको अधिवेशन भनी विघटनको कारवाईबाट मुक्त राख्नु पर्ने प्रकारको कुनै कुरा संविधानमा देखिन्न र व्याख्याद्वारा यस्ने अवस्था पनि छैन। तसर्थ, धारा ५३(१) अन्तर्गत बोलाइएको अधिवेशन होस् वा उपधारा (३) अन्तर्गतको अधिवेशन होस्, दुवै अवस्थालाई एउटै शीर्षक "अधिवेशनको आह्वान र अन्त तथा प्रतिनिधिसभाको विघटन" शिर्षक अन्तर्गत राखिएको छ। कुनै कानूनको व्याख्या गर्दा मद्दत हुने अभिप्रायले पनि शिर्षक राखिन्छ र प्रयोग गरिएको शिर्षक समेतलाई ध्यानमा राखी व्याख्या गरिन्छ। धारा ५३(३) को अधिवेशनलाई सामान्यभन्दा बढी शक्तिशाली र विघटन हुन नसक्ने उद्देश्यले राखिएको भए एउटा शीर्षकद्वारा दुवै प्रकारको

अधिवेशनको प्रारम्भ र अन्त तथा विघटनको कुरा राखिने थिएन। धारा ५३(३) को उद्देश्य प्रतिनिधि सभा विघटन नभए सम्म त्यसको अधिवेशनको निरन्तरतामा सरकारलाई उत्तरदायी बनाउनु हो। तर संसदीय प्रणालीको मर्म अनुसार प्रतिनिधिसभाले सृजना गर्ने प्रधानमन्त्रीले त्यसलाई कुनै पनि अवस्थामा विघटन गराउन सक्तछ। अहिले मुद्दामा प्रधानमन्त्री अल्पमतको भन्ने धारणाबाट त्यसलाई विघटन गर्ने अधिकार बहुमत प्राप्त प्रधानमन्त्रीभन्दा कम हुन्छ भन्न सकिने कुनै कुरा संविधानमा छैन। प्रधानमन्त्रीको प्रतिनिधिसभा विघटन गर्ने अधिकार धारा ५३ को उपधारा (३) अन्तर्गतको अधिवेशन बोलाउनासाथ निलम्बित हुन्छ भन्ने व्याख्या गर्ने हो भने संसदीय प्रणालीमा प्रधानमन्त्रीको सर्वमान्य राजनीतिक भूमिका समाप्त मात्र नहुने, विघटनको चेतावनी दिएर प्रधानमन्त्रीले आफ्नो दलमा अनुशासन कायम राख्ने र विरोधी पक्षलाई जिम्मेवार भूमिकामा राख्न सक्ने अधिकार समाप्त भएपछि राजनीतिक दलहरूको विघटन र दलबदलको विकृतिद्वारा बहुदलीय व्यवस्थाको संरचना नै ध्वस्त हुन सक्तछ। सत्ताको संघर्षबाट संसदको सुव्यवस्था र अनुशासनलाई कायम राख्न प्रधानमन्त्रीको हातमा रहेको विघटनको लामो छडी व्याख्याद्वारा अदालतले यस अघिको हरिप्रसाद नेपालको मुद्दामा पनि खोस्न उचित देखेन भने इजलासको प्राय: त्यै बनौटले अहिले यस मुद्दाको प्रसंगमा पनि खोस्ने कुनै अवस्था छैन।

५०. संविधानको धारा ५३ को उपधारा (१) वा उपधारा (२) अन्तर्गतको अधिवेशन कुनैमा पनि अविश्वासको प्रस्ताव आउन सक्तछ। सरकारलाई असजिलोमा वा संकटमा पारी विरोधी दलले वा पोहर साल जस्तै आफ्नै दलका व्यक्तिहरूले सरकारलाई काम गर्न नदिने, अस्थिर बनाएर अवसरवादी गठबन्धन गरी वा त्यसलाई पतन गरी प्रतिनिधिसभा भित्रैको क्रियाकलापबाट सत्ता परिवर्तन गर्ने कुनै पनि स्थिति र संभावनालाई रोक्न धारा ५३(४) को अस्त्र प्रधानमन्त्रीले प्रयोग गर्न नपाउने हो भने, उपधाराको उपयोगिता नै बाँकी रहदैन। यस विषयमा अनेकौं आधिकारिक संवैधानिक राय, टिप्पणी र नजिरहरू माथिका प्रकरणहरूमा उल्लेख भइसकेकै छ। विघटनको कारवाईपछि प्रधानमन्त्री स्वयंको, र उहाँको सदस्यहरूको सदस्यता समेत समाप्त भई संविधानको धारा ३६(७) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म मात्र कायम रहने प्रधानमन्त्रीको विरूद्ध अविश्वासको प्रस्तावको पनि कुनै अर्थ रहँदैन। अविश्वास प्रस्तावद्वारा पदमुक्त गरिएको प्रधानमन्त्रीले पनि धारा ३६(७) बमोजिम अर्को मनत्रिपरिषद् गठन नभएसम्म काम गर्न पाउने नै देखिन्छ। अन्तर के मात्र पर्छ भने सदन भित्रैबाट अर्को प्रधानमन्त्री प्रतिनिधिसभाका सदस्यहरूले रोज्ने कि आम निर्वाचनको माध्यमबाट जनताले रोज्ने। जेनिग्स जस्ता विद्वान्हरूले त बेलायतको परिप्रेक्षमा आमनिर्वाचन भनेको प्रधानमन्त्रीकै निर्वाचन हो भनेका छन्। अर्थात् प्रतिनिधिसभा विघटन गर्न अधिकार पाएको प्रधानमन्त्रीले आफू पुन: सत्तामा आउन सक्ने उपयुक्त अवसर देखेर विघटन गराई निर्वाचनमा आफ्नो कार्यक्रममा समर्थन लिने प्रयासको कारणले वस्तुत: आम निर्वाचन प्रधानमन्त्री छान्ने वा हटाउने विषयमा केन्द्रित गर्न सक्ने भएकोले संसदीय प्रणाली मात्र प्रधानमन्त्रीय प्रणाली भनिदैन, आम निर्वाचनलाई पनि प्रधानमन्त्री रोज्ने निर्वाचन भन्ने गरेको उद्धरण माथिका प्रकरणहरूमा उल्लेख भइसकेका छन्।

५१. प्रतिनिधिसभामा आएको वा आउने भनिएका अविश्वासको प्रस्ताव वा अन्य जुनसुकै प्रस्तावहरू के हुन्छन् भन्ने कुरामा संविधान वा संविधानको धारा ६३(३) बमोजिम श्री ५ बाट बनाई बक्सेको प्रतिनिधिसभा नियमावलीले गरेका व्यवस्था बाहेक न्यायिक व्याख्याद्वारा विशेष व्यवस्था गर्न हुँदैन र सकिँदैन पनि। त्यसै गरी धारा ५३(१) वा उपधारा (३) बमोजिमको अधिवेशन संचालन र अन्त्य हुने कुरामा उक्त नियमावलीमा गरिएभन्दा विशेष व्यवस्था व्याख्याद्वारा यप्न संभव र उचित पनि हुँदैन। प्रतिनिधिसभा नियमावलीको नियम ३ र ४ द्वारा संविधानको धारा ५३ को उपधारा (१) र उपधारा (३) का विषयमा पृथक प्रक्रिया राखेको छैन। दुवै प्रकारका अधिवेशन त्यस अन्तर्गत स्वत: पर्दछन्। अनि नियम ३ को उपनियम (१) मा "श्री ५ बाट संविधानको धारा ५३ बमोजिम अधिवेशन आह्वान गरी बक्सेको वा बैठक बोलाई बक्सेको" भन्ने र नियम ४ को उपनियम (१) मा "श्री ५ बाट संविधानको धारा ५३ को उपधारा (२) बमोजिम सभाको अधिवेशन अन्त गरिबक्सेमा" भन्ने कुराहरूबाट संविधानको धारा ५३ को उपधारा (१) वा (३) बमोजिमको अधिवेशनहरूको सम्बन्धमा एउटै प्रक्रिया अनुसरण गरेको स्पष्ट छ। र, ती दुवै प्रकारका अधिवेशनहरूलाई संविधानको एउटै प्रावधान अर्थात् धारा ५३ को उपधारा (२) बमोजिम अन्त गर्ने कुरा अनुरूप नै नियम ४ को व्यवस्था भएकोले पनि एउटा अधिवेशन चल्दाचल्दै पनि प्रधानमन्त्रीले विघटन गरेको हरिप्रसाद नेपालको मुद्दामा वैध ठहरिने र अर्को अधिवेशन वस्तुभन्दा अगावै विघटन गर्न नसकिने व्याख्या यस मुद्दामा गर्न मिल्ने देखिँदैन। सत्तामा जुनसुकै विचारधाराको दल आए पनि न्यायिक व्याख्याको सिद्धान्तमा अदालतले कुनै भेदभाव गर्दैन भन्ने निस्संक व्यवस्थाको प्रत्याभूति संविधानले दिएकै छ।

५२. प्रतिनिधिसभा नियमावलीको कुनै पनि प्रावधानले प्रतिनिधिसभा विघटन भइसकेपछि अघिका प्रस्तावहरूलाई यथावत अर्को प्रतिनिधिसभामा छलफल गरिने प्रावधान देखिँदैन। अविश्वासको प्रस्ताव पनि विघटन पूर्वको प्रतिनिधिसभामा पेश भएकोलाई विघटन पछि छलफल हुन सक्ने व्यवस्था देखिन्न। त्यस्तो प्रस्ताव पुन: नयाँ सदनमा नियमावली अन्तर्गत प्रस्तावको रूपमा आएपछि मात्र सदनको कार्यक्रममा समावेश भई छलफल र निर्णय गर्न मिल्छ। सदन विघटन भई निर्वाचनद्वारा नयाँ सरकार बन्ने अनिवार्य संवैधानिक स्थिति सृजना भइसकेपछि पुरानो अविश्वासको प्रस्तावको राजनीतिक महत्त्व र उपादेयता पनि नरहने भएपछि त्यस्तो प्रस्ताव अर्को सदनले पनि यथावत विचार गर्ने अवस्था रहँदैन। त्यसो हुनाले, प्रतिनिधिसभा विघटनका साथै त्यसमा पेश हुने भनिएका प्रस्तावहरू पनि स्वत: निरर्थक भइसकेका छन्। कुनै खास अधिवेशनमा कुनै खास प्रकारको प्रस्ताव पेश हुने रहेछ भने त्यसको टुंगो नलाई सदन विघटन हुन सक्तैन भन्नु उपयुक्त हुन सक्तैन। प्रतिनिधिसभाको कार्यकाल संविधानको धारा ४५(३) बमोजिम उपल्लो पाँच वर्षको अवधि व्यतीत हुन लागेको अवस्थामा धारा ५३(३) अन्तर्गतको बैठक बसेर सम्बिन सक्ने स्थिति छ भने पनि प्रतिनिधिसभा विघटन हुनबाट रोकिन सक्तैन भने संविधानका अन्य प्रावधानकै अधीनमा धारा ५३(३) को व्याख्या गर्नुपर्छ।

५३. धारा ५३(३) लाई बुझ्न संविधानकै धारा ५३(२) को सहायता लिन सकिन्छ धारा ५३(३) अन्तर्गतको अधिवेशन चल्दाचल्दै त्यसले लिएका काम कारवाईहरू सम्पन्न नहुँदै पनि धारा ५३(२) अन्तर्गतको अधिकार प्रयोग गरेर श्री ५ बाट त्यसको अन्त

गर्न सकिबक्सिने देखिन्छ । त्यस अधिवेशनको अन्तको लागि मन्त्रिपरिषद्को सल्लाह र सम्मति धारा ३५(२) बमोजिम श्री ५ मा प्रधानमन्त्रीले जाहेर गर्न सक्तछ । धारा ५३(२) कै अधिकार प्रयोग गरी श्री ५ बाट धारा ५३ को उपधारा (१) र (३) बमोजिमका अधिवेशनहरू अन्त गर्न सकिने हुनाले एउटामा मन्त्रिपरिषद्को सल्लाह आवश्यक पर्ने र अर्कोमा आवश्यक नपर्ने अर्थ कदापि गर्न सकिन्न । प्रतिनिधिसभाका पच्चीस प्रतिशत सदस्यहरूले अधिवेशनको लागि समावेदन गर्न सक्तछन् तर प्रतिनिधिसभा विघटन नगरेरै पनि मन्त्रिपरिषद्ले समावेदनद्वारा शुरू भएको अधिवेशनलाई कुनै कामै गर्न नदिई अन्त गराउन सक्ने अधिकार धारा ५३(२) ले सुरक्षित राखेकै छ । प्रतिनिधिसभाको अधिवेशन दुई बेग्लै प्रकारले आह्वान गर्ने व्यवस्था गरे पनि त्यसलाई कुन बेलामा अन्त गर्ने निर्णय संविधानको धारा ३५(२) र ५३(२) को समन्वयात्मकताबाट मन्त्रिपरिषद्मा नै वास्तविक रूपमा निहित राखेको स्पष्ट छ । यस्तो अवस्थामा, निवेदकहरूले जिकिर लिए बमोजिम प्रतिनिधि सभा बस्ने मिति तोकिसकिएपछि त्यसको विघटन हुन सक्तैन भन्ने कुरा धारा ३५(२) र धारा ५३ को उपधारा (२) र (३) का साथै प्रतिनिधिसभा नियमावलीको नियम ३ र ४ को समन्वयात्मक व्याख्याद्वारा पनि मिल्दैन ।

१४. प्रतिनिधि सभाका समक्ष कुनै प्रस्ताव विचाराधीन छ वा हुने संभावना छ भन्ने आधारमा धारा ५३(४) निलम्बित रहन सक्तैन । सदनका समक्ष विचाराधीन विषयले गर्दा सदनको विघटन रोक्नै पर्ने कुनै बाध्यात्मक परम्परा बेलायतमा पनि छैन । यहाँ जस्तै, सदन विघटन भएपछि त्यसका समक्ष विचाराधीन प्रस्तावहरू स्वत: समाप्त भएको मानिने कुरा Erskine May को Treatise on the Law, Priviledges, Proceedings, and Usage of Parliament, (17th Edition, Page 277-279) यस प्रकार व्यक्त भएको पाइन्छ : "The effect of a prorogation is at once to suspend all business until Parliament shall be summoned again. Not only are the sittings of Parliament at an end, but all proceedings pending at the time are quashed, except impeachment by the commons and appeals before the House of Lords. Every bill must therefore be renewed after a propagation, as if it were introduce for the first time.

An adjournment has no such effect on parliamentary proceedings. Upon reassembling, each House proceeds to transact the business previously appointed, and all proceedings are resumed at the stage at which they were left before adjournment." यसभन्दा अघि संसदीय अधिवेशनका अवधिहरूको विषयमा उनको यो राय व्यक्त छ : "A parliament in the sense of a parliamentary period, is a period not exceeding five years which may be regarded as a cycle beginning and ending with a proclamation. Such a proclamation (which is made by the Queen on the advice of her Privy Council) on the one hand, dissolves an existing Parliament, and on the other, orders the issue of writs for the election of a new Parliament and appoints the day and place for its

meeting. This period, of course, contains an enteregnum between the dissolution of a Parliament and the meeting of the successor during which there is no Parliament in existence; but the principle of unbroken continuity of Parliament is for all practical purposes secured by the fact that the same proclamation which dissolves a parliament provides for the election and meeting of a new Parliament.

A session is the period of time between the meeting of a parliament whether after a prorogation by a commission under the great seal which appoints the day and place of its meeting in the new session. The date so appointed may be differed by a subsequent proclamation. During the course of each session either House may adjourn itself of its own motion to such a date as it pleases. The period between the prorogation of Parliament and its reassembly in a new session it termed a "recess"; while the period between the adjournment of either House and the resumption of its sitting is generally called an "adjournment."

A Prorogation terminates a session; an adjournment is an interruption in the course of one and the same session."

५५. संसदीय अधिवेशनको प्रारम्भ, अन्त र त्यसका परिणामहरूको विषयमा अत्यन्त हालसम्म पनि वेलायतमा अनुसरण गरिने प्रक्रियाको विवेचना गर्दै J.A.G. Griffith and Michael Ryle को Parliament (1990 Reprint) मा यस प्रकार लेखिएको छ : "A session is opened by the Queen (or a commission) as described; it is closed by the Queen on the advice for her Ministers, normally by the process of prorogation (followed, at the end of Parliament, by dissolution) or by immediate dissolution. The House is normally prorogued, while sitting, by a commission in the House of Lords when the Royal Assent is signified to any outstanding Acts and a Speech from the Throne is read summarizing the work of Parliament during the session. If either house is adjourned, however, Parliament may be prorogued by proclamation. The instrument of prorogation will also specify the day when the Parliament is to meet again. Even when parliament is prorogued prior to general election, a nominal day is named for its resumption. In recent years, however, the practice has been to dissolve parliament by proclamation while the House are adjourned, without, it first being prorogued; this was done for the second election in 1974, and in 1979, 1983, and 1987.

The prorogation of Parliament is a prerogative act of the Crown and relates to both Houses. Its effect is to suspend nearly all proceedings of both Houses until Parliament is summoned again, nor may committees sit while parliament is prorogued. It is therefore not desirable for Parliament to be prorogued for an extended period (although by proclamation, parliament while prorogued could be summoned for an earlier day than originally provided for, pursuant to Meeting of Parliament Acts 1797 and 1870 and section 34 of the Parliament Election and Meetings Act 1943), and in practice Parliament is usually only prorogued for a few days- typically from a Thursday till the opening of Parliament on the following Tuesday or Wednesday.

Another effect of prorogation is to bring to an end all business of a session. Thus all public bills which have not been passed by the end of a session fall, and if it is desired to proceed with them again in the next session, they must start again from the beginning. Similarly, adjournment debates and all notices of questions and motion for future days lapse. However, standing orders may he made in one session regulating business for the remainder of a Parliament and in this way, for example, select committees can continue their work from session to session within a parliament, almost without interruption."

५६. प्रतिनिधि सभा बस्ने मिति तोकिसकिएपछि वा सभाको अधिवेशन चल्दाचल्दै पनि त्यसको विघटन हुन सक्तछ र त्यससभाको विघटनपछि त्यसका समक्ष विचाराधीन विषयहरू स्वत: खारेज हुन्छन् तर त्यस्तो कुनै कुरा विचाराधीन देखिएकोले विघटन नै बदर गर्न हाम्रो संविधान, प्रतिनिधिसभा नियमावली २०४८ र यस्तै प्रश्नमा हरिप्रसाद नेपालको मुद्दामा विशेष इजलासद्वारा स्थापित न्यायिक सिद्धान्तहरू समेतले दिदैनन्। साथै, संसदीय मूल्य र मान्यताको जिकिर निवेदकहरूले बारम्बार उठाइरहेकोले त्यसको लामो अभ्यास र परम्परा भएको बेलायतको कुनै पनि घटना र आधिकारिक रायहरूबाट समेत सदन विघटनको त्यो अधिका र सबैभन्दा शक्तिशाली र सबै प्रक्रियालाई उछिन्ने प्रकारको हो भन्ने डाइसी, जेनिग्स र लास्कीका उद्धरणहरु मायिका प्रकरणहरुमा उल्लेख भएकै छन्। यी सम्पूर्ण कानून र परम्पराहरुको आधरम निवेदकहरुको विघटनका विरुद्धको जिकिर स्थापित र समर्थित हुन सक्तैन र अदालतले न्यायिक हस्तक्षेप गर्न पनि मिल्दैन।

५७. मुद्दाको चौथो प्रश्न प्रधानमन्त्रीको बदनियतको आरोप सम्बन्धमा छ, जसको सम्बन्धमा हरिप्रसाद नेपालकै मुद्दामा सर्वोच्च अदालतले स्थापित गरिसकेको सिद्धान्त बमोजिम पनि निवेदकहरूले उपस्थित गरेको त्यस प्रश्नमा न्यायिक निरूपण गर्न संभव छैन। निवेदकहरूले अदालतद्वारा न्यायिक प्रक्रिया अन्तर्गत बुझ्न र ठहराउन नसक्ने प्रकृतिका अस्पष्ट राजनीति, आधारहरूमा र संविधानका केही प्रावधानहरूको

सम्बन्धमा व्यक्त गरेका धारणाहरूलाई उल्लेख गर्दै वदनियतको आरोप लगाएक छन्। अघिल्लो मुद्दामा स्थापित नजिर अनुसार संविधानको धारा ५३(४) को अधिका क्षेत्रको प्रयोग वदनियत तरिकाले गरियो भन्ने पनि एक जना निवेदकको जिकिर छ कुनै खांस तथ्य र प्रमाणको आधारमा वदनियतको आरोप कुनै पनि निवेदनमा छैन प्रधानमन्त्रीले विघटनको लागि गर्नुभएको सिफारिस अनौपचारिक तवरले संचा माध्यममा प्रकाशित भएका कुराहरू मध्ये उहाँको राजनीतिक परिस्थितिहरूको ठहर अन्यान्य संवैधानिक व्यवस्थाहरूको सम्वन्धमा व्यक्त भएका धारणाहरू प्रतिस्पर्धात्मव वहुदलीय संसदीय प्रजातन्त्रमा प्रधानमन्त्रीलाई आफ्नो विचार व्यक्त गर्ने र विरोधी दल र जनतालाई त्यसको समर्थन वा विरोध गर्ने छुट भएको अवस्थामा प्रधानमन्त्रीवे रायसंग निवेदकहरूले असहमति व्यक्त गर्नु स्वाभाविक हो र त्यस असहमतिलाइ अतिशयोक्तिपूर्ण भाषामा व्यक्त गर्ने छुट पनि अदालतले दिन्छ। तर कुन करा न्यायिव निरूपणको विषय वनाउने र कुन कुरालाइअतिशयोक्तिपूर्ण आलोचनात्मक जिकिर हो भनी पन्छाउने विवेकयुक्त कार्य अदालतले गर्दछ। प्रस्तुत मुद्दामा न्यायिक ठहरके विषय हुन सक्ने प्रकारको कुनै तथ्य प्रमाण निवेदकहरूवाट पेश भएको छैन।

५८.हरिप्रसाद नेपालको मुद्दामा पनि अतिशयोक्तिका साथ निवेदकहरूले वदनियतके आरोप लगाई तात्कालीन प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनको लागि माग गरेक थिए। त्यस मुद्दामा प्रधानमन्त्रीको संलग्नता शाही नेपाल वायुसेवा निगमको युरोपके लागि सेल्स एजेन्ट नियुक्त गर्ने विषय प्रतिनिधिसभामा छलफलको लागि आउन लागेको देखेपछि त्यसलाई रोक्न व्यक्तिगत वदनियतद्वारा प्रतिनिधिसभा विघटनके लागि सिफारिस गरेकोले सो दूषित सिफारिसको आधारमा भएको विघटन वदर घोषित हुनुपर्छ भनी दावी लिएकोमा सम्माननीय प्रधानन्यायाधीशको ठहर यस प्रकार भएके थियो: निवेदकहरूको भनाइ अनुसार यदि विवादास्पद सिफारिस दुराशययुक्त भावनाले गरिएको छ भने त्यो निस्सन्देह दूषित र वदरभागी हुन्छ। तर दुराशय भन्ने कुरा अनुमान गर्ने कुरा होइन प्रमाणहरूवाट शंकारहित रूपमा प्रमाणित भएको हुनुपर्छ।" सम्माननीय प्रधानन्यायाधीशवाट यति मात्र बोलिएको छैन। त्यस सिद्धान्तलाई मुद्दाके वस्तुस्थितिमा मिलाएर हेर्दा विवादास्पद सिफारिसलाई दुराशययुक्त वा अन्य उद्देश्यवाट प्रेरित भन्न मिल्दैन। वदनियत अनुमानवाट ठहराउने होइन, शंकाविहीन रूपमा प्रमाणित हुनुपर्छ भन्ने त्यै रायमा श्री ५ र प्रधानमन्त्रीका बीचको राजनीतिव सम्बन्धलाई संविधानको धारा ३५ को उपधारा (६)ले दिइरहेको उन्मुक्ति तर्फ पनि सम्माननीय प्रधानन्यायाधीशको ध्यान गएको देखिन्छ। उहाँको भनाइ छ : "श्री ५ वाट कोसंग परामर्श गरिवक्सो, मौसूफ समक्ष कसले के कस्तो परामर्श चढाए र कुन आधारमा मौसूफवाट अर्को मन्त्रिपरिषद् गठन हुन नसक्ने निष्कर्षमा पुगी सम्माननीय प्रधानमन्त्रीको सिफारिस अनुसार नै प्रतिनिधिसभा विघटन गर्नु पर्ने आवश्यकता महशूस गरीवक्यो। इत्यादि श्री ५ को विवेकमा मूल्यांकन र निर्णय हुन पर्ने कुराहरू यस अदालतको क्षेत्राधिन र निर्णयको विषय हुनसक्ने भएकोले यस सम्बन्धम अरु केही विचार गरिरहनु पर्देन।" दुराशययुक्त कार्यलाई अदालतले दूषित र वदर मागी भन्न सकछ भन्ने सामान्य सिद्धान्तलाई यस मुद्दाको विशेष वस्तुस्थितिमा प्रयोग गर्न संभव नहुने कुरा त्यसै निर्णयले व्यक्त गर्दछ। श्री ५ लाई प्रधानमन्त्रीले कुन व्यहोराको सिफारिस चढाएको छ भन्ने आधिकारिक, औपचारिक खुलस्त

जानकारी अदालतले लिन संविधानको धारा ३१र ३५(६) ले मिल्दैन। सबै कुराको यथार्थ जाकारी लिन संविधान र त्यसको न्यायिक व्याख्याले पनि नमिल्ने स्थितिमा प्रधानमन्त्रीले पदाधिकारीको हैसियतमा गरेका कामहरू दुराशययुक्त छन् भनी अदालतमा शंकाविहीन तवरले प्रमाणित गर्न संभव कुरा नै देखिन्न।

५९. माननीय न्यायाधीशहरू श्री मोहनप्रसाद शर्मा, श्री कृष्णजंग रायमाझी र गोविन्द बहादुर श्रेष्ठ समेतको संयुक्त रायमा "प्रत्यर्थिको कार्य दुराशययुक्त तथा अन्य आशयबाट गरिएको भन्ने कुरा प्रमाणित हुन नआएको बुँदाहरूमा सम्माननीय प्रधानमन्त्रीज्यूको रायमा हाम्रो सहमति छ" भनिएको छ। माननीय न्यायाधीश श्री केदारनाथ उपाध्यायले पनि दुराशय सम्बन्धमा सम्माननीय प्रधान न्यायधीशको निर्णयमा नै सहमति अभिव्यक्त गर्नुभएको छ। माननीय न्यायाधीशहरू श्री सुरेन्द्रप्रसाद सिंह, श्री हरगोविन्द सिंह प्रधान र श्री रूद्र बहादुर सिंहको संयुक्त रायमा पनि भनिएको छः "प्रतिनिधि सभा विघटनको सिफारिस बदनियतपूर्ण भएको भनी निवदेकहरूको जिकिर भएकोलाई बदनियतको आरोप लगाउनु मात्र पर्याप्त हुँदैन, त्यसको आधार र प्रमाण पनि हुनुपर्छ। निवेदकहरुले बदनियतको कुनै तथ्ययुक्त कारण र प्रमाण पेश दाखिल गर्न नसकेको अवस्थामा त्यसलाई निस्सार नै मान्नु पर्ने हुन्छ" इजलासका ११ जनामध्ये ८ जनाले बदनियत ठहराउन शंका विहीन प्रमाण आवश्यक पर्ने भनी ठहर भएको मात्र छैन। राजनीतिक प्रश्नमा न्यायिक निरूपण नगर्ने न्यायिक संयमको सिद्धान्तलाई पनि बहुमतले अनुसरण गरी विवादको सबै विषयमा अदालतले निर्णय दिन आवश्यक देखेन। त्यस इजलासका समक्ष श्री ५ मा प्रधानमन्त्रीले चढाउनुभएको सिफारिसको पूर्ण र यथार्य विवरणको अभावका अतिरिक्त श्री ५ बाट को को संग परामर्श गरी बक्स्यो, कस्ले के कस्तो परामर्श चढायो इत्यादि तथ्यहरू सबै बुझ्न र निर्णय गर्न संविधानकै प्रावधानले जसरी बाधा दिएको थियो, त्यै बाधा यस मुद्दामा पनि छँदै छ। श्री ५ समक्ष प्रधानमन्त्रीले चढाउनुभएको सिफारिस नै पूर्ण र औपचारिक रूपमा न्यायिक जानकारी लिन सकिने गरी प्रकट भएको छैन। अनौपचारिक रूपमा संचार माध्यमबाट प्रकाशित सिफारिसमात्रै बाट श्री ५ बाट प्रतिनिधिसभा विघटन गर्ने विवेक निर्धारित गरी बक्सेको थियो भनी शंका विहीन तवरले ठहराउन उक्त अनौपचारिक कुरा र राजपत्रको व्यहोराका बीच रहेको फरकले नै पनि मिल्दैन। अनौपचारिक जानकारीमा आएको कुरा अनुसार कार्तिकमा निर्वाचनको मिति तोक्नु पर्ने भएकोमा राजपत्रको सूचना अनुसार मिति २०५२ साल मंसिर ७ गते बृहस्पतिवारका दिन तोकिबक्सन मन्त्रिपरिषदको निर्णय उल्लेख भएको छ। शुरूमा चढाइएको सिफारिस पछि श्री ५ र प्रधानमन्त्रीका बीच कुन प्रकारको कुरा भएर मिति निर्धारित भयो भन्ने कुरा प्रधामन्त्रीसंग पनि सोधपुछ गर्न संविधानको धारा ३५ को उपधारा (६)ले निषेध गरेको छ। दुराशय सम्बन्धि सामान्य मुद्दामा लगाइएका आरोपहरूको सम्बन्धमा त शंका विहिन प्रमाणको आवश्यकता पर्दछ भने श्री ५ र मन्त्रिपरिषद् वा प्रधानमन्त्रीका बीचका सललाह, सम्मति र परामर्शको विषयलाई न्यायिक निरूपणको विषय बनाउन सकिँदैन भने दुराशय ठहर गर्न पनि सकिँदैन। केवल संविधानको कुनै प्रावधानको व्याख्यमा प्रधानमन्त्रीको सिफारिस निर्भर छैन। श्री ५का समक्ष प्रधानमन्त्रीले वर्तमान राजनीतिक परिस्थितिहरूको विवेचना गर्दै यस्तो अवस्थामा प्रतिनिधिसभा विघटन गरी नयाँ निर्वाचन हुनु वांछनिय छ भन्ने कुरा

अनौपचारिक रूपमा प्रकट भए पनि ती सबै कुराहरू न्यायिक जानकारीमा लिई अदालतले निर्णय गर्न नसक्ने हुनाले प्रधानमन्त्रीका विरूद्ध दुराशयको कुनै आरोप पनि शंका विहीन तवरले स्थापित भएको ठहराउन सम्मानित इजलासलाई संभव छैन। संविधानको धारा ३५ को उपधारा (६) ले भन्दछ: "श्री ५मा यस संविधान बमोजिम मन्त्रिपरिषद वा अन्य कुनै निकाय वा पदाधिकारीले कुनै सल्लाह वा सिफारिस चढाएको छ वा छैन वा के कस्तो सल्लाह वा सिफारिस चढाएको छ भन्ने प्रश्न कुनै पनि अदालतमा उठाउन पाइने छैन।" संविधानमा प्रत्यक्ष तवरले निषेध गरिएको काम अप्रत्यक्ष तवरले गर्न मिल्दैन भन्ने कुरा अदालतलाई पनि लागू हुन्छ। यस्तै संरक्षित र गोपनीय सल्लाह र परामर्शको प्रकृतिको कारणले नै पनि राजा र प्रधानमन्त्रीका बीचको सहमतिद्वारा हुने विघटनको विषयलाई अदालतले न्यायिक निरूपण र पुनरावलोकनको परिधिभित्र राख्न सक्तैन। यस्ता प्रश्नहरू संविधान र राजनीतिका मिश्रित जटिलताका कुराहरू भएकाले अदालतले न्यायिक संयमकै सिद्धान्त अन्तर्गत कुनै अवस्थामा व्यावहारिकताको आधारमा, कुनै अवस्थामा राजनीतिक प्रश्नहरूको सिद्धान्तको आधारमा र कुनै अवस्थामा विशेषाधिकारमा हस्तक्षेप नगर्ने सिद्धान्तको आधारमा यस्ता विषयहरूको औचित्यमा प्रवेश गरी निर्णय गर्न नमिल्ने न्यायिक सिद्धान्तहरू निर्मित गरेको पाइन्छ। न्यायिक निर्णयबाट भइसकेका काम कारवाहीहरुलाई बदर गर्दा दुष्परिणामहरुको संभावना देखिएमा भविष्यको लागि मार्ग दर्शन हुने गरी संविधानको व्याख्या गर्ने सिद्धान्तलाई संविधानको धारा ८८ को उपधारा (१) मा अँगालिएको छ। त्यसै अनुरूपको अधिकार रिट क्षेत्रबाट पनि भविष्य प्रभावि (Prospective ruling) निर्ण गर्ने नजिर भारतमा गोलक नायको मुद्दा (AIR 1967 sc 1643) देखि शुरू भएको छ। धारा ५३(४) को प्रयोगको सम्बन्धमा भविष्य प्रभावी सिद्धान्तहरु प्रतिपादित हुनसक्ने कुरा संविधानको धारा ९६ ले पनि सार्वोच्च अदालतलाई अधिकार सम्पन्न बनाएकै छ। माथिका उल्लेखित नजिर र मन्तव्यहरूका साथै प्रतिनिधि सभा विघटन भएको विषयमा बेलायतमा पनि अदालतले न्यायिक हस्तक्षेप नगर्ने सिद्धान्तलाई अनुसरण गरेको कुरा देहायका किताबहरूमा उल्लेख भएको पाइन्छ : (1) Constitutional and Administrative Law, by E.C.S. Wade and A.W. Bradley, (Tenth Edition. 1987 reprint, page 253-255). (2)constitutional and Administrative Law, by Brian Thompson (1995 reprint, page 93-94).

६०. संसदीय प्रणालीमा कार्यकारिणी प्रमुखको हैसियतमा प्रतिनिधिसभा विघटन गर्न पाउने प्रधानमन्त्रीको अधिकार प्रभावकारी राख्न त्यसलाई न्यायिक पुनरावलोकन हुने किसिमको कुनै पूर्वाधार नराख्ने संसदीय परिपाटीलाई नेपालले पनि संविधानमा अंगिकार गरेको छ। धारा ५३(४) अन्तर्गतका तीन प्रमुख तत्वहरूको अन्योन्याश्रित सम्बन्धको समन्वयात्मक व्याख्या गर्दा यसलाई प्रधानमन्त्रीले स्वेच्छाचारी तवरले प्रयोग गर्न मिल्ने स्थिति नै छैन। पहिला त, प्रधानमन्त्रीले आफ्नो मन्त्रिपरिषद र आफ्नो राजनीतिक दलको विश्वासमा काम गर्नु पर्ने हुन्छ, जसलाई अदालतले होइन, राजनीतिक प्रक्रियाले नै क्रमिक रूपमा विकसित र व्यवस्थित गर्दै जान्छ, अदालती हस्तक्षेपबाट राजनीतिक सम्बन्धहरूको स्वभाविक प्रक्रियाले नै क्रमिक रूपमा विकसित र व्यवस्थित गर्दै जान्छ, अदालती हस्तक्षेपबाट राजनीतिक सम्बन्धहरूको

स्वभाविक प्रक्रियाले नै क्रमिक रूपमा विकसित र व्यवस्थित गर्दै जान्छ, अदालती हस्तक्षेपबाट राजनीतिक सम्बन्धहरूको स्वाभाविक प्रक्रिया निधारित गर्नु न संभव छ, न व्यावहारिक नै। धारा ५३ (४) को दोश्रो प्रमुख तत्त्व श्री ५ को विवेकीय निर्णय हो। श्री ५ बाट प्रधानमन्त्रीको सिफारिसको औचित्य जाँच हुन सक्ने अधिकार धारा ५३(४) मा निहित राखिएको छ। श्री ५ बाट प्रधानमन्त्रीको सिफारिसलाई स्वीकार गर्ने अधिकारका साथै अस्वीकार गर्ने अधिकार पनि अन्तर्निहित छ। श्री ५ बाट प्रधानमन्त्रीसंग टकराव लिई राजनीतिक विवादमा फँस्न हुँदैन भन्ने राजनीतिक व्यवहारिकता बाहेक, प्रधानमन्त्रीको सिफारिस अस्वीकार गर्न संविधानले कुनै बाधा दिँदैन। त्यसै गरी, प्रधानमन्त्रीका सिफारिसका कारण र आधारहरूबाट श्री ५ सन्तुष्ट भई बक्सेको अवस्थामा सिफारिसलाई स्वीकार गर्न पनि धारा ५३(४) का पूर्वशर्तहरू बाहेक अरू कुनै कुराले बाधा दिँदैन। यस मुद्दामा धारा ५३(४)को जुन प्रकारले निवेदकहरूले व्याख्या गरी रहनु भएको छ त्यस अन्तर्गत पनि प्रधानमन्त्रीको सिफारिस राजाले अस्वीकृत गर्नु पर्ध्यो भनी संविधानको कुनै बध्यतात्मक प्रावधानको उल्लेख गर्न सक्नु भएको छैन। राजनीतिक वा आर्थिक दृष्टिबाट के गर्नुपर्ध्यो भन्ने कुरा अदालतमा जिकिर लिने कुरा होइन किनभने ती कुराहरूमा न्यायिक निर्णय हुन सक्तैन। अदालतका समक्ष प्रधानमन्त्रीले संविधानको कुनै बाध्यात्मक प्रावधानको उल्लंघन कुरा स्थापित हुन सकेको छैन। यसैगरी श्री ५ बाट संविधानको कुनै बाध्यतात्मक प्रावधानको उल्लंघनको कुरा स्थापित हुन सकेको छैन। राजाले आफ्नो स्वतन्त्र विवेक प्रयोग गर्दा प्रधानमन्त्रीको सिफारिसलाई स्वीकार गरी विघटन गरिबक्सेको अवस्थामा धारा ५३(४) को उद्देश्य अनुरूप कार्यकारिणी प्रमुख र राज्य प्रमुखको सहमति स्थापित भई जसलाई Meeting of minds पनि भन्न सकिन्छ प्रतिनिधिसभा विघटन भएको कुरामा बदनियत आरोपित हुने हो भने त्यो केवल प्रधानमन्त्रीको बदनियत सिद्ध गर्न न्यायिक तवरले अदालतलाई संभव छैन। एकपछि अर्को तह गरी दुई पृथक निकाय वा पदाधिकारीले कुनै वस्तुस्थितिमा आ-आफ्नो अधिकार प्रयोग गरेको अवस्थामा अन्तिम निर्णयकर्ता पनि बदनियतमा संलग्न छैन भने शुरू सिफारिस गर्नेको मात्र बदनियत सिद्ध गरेर त्यो कार्य बदर गर्न सकिँदैन। प्रधानमन्त्रीले एक प्रकारको कार्य, त्यसको औचित्यमा विचार गर्ने अर्को कार्य श्री ५ बाट भएको र दुवैको सहमति (Meeting of Minds) बाट सम्पन्न भएको विघटनको कामलाई बदनियतपूर्ण भनी ठहर गर्दा जुन कार्य संविधानले प्रत्यक्षत: गर्न दिँदैन, त्यो कार्य अदालतले अप्रत्यक्ष तवरले गर्न सक्ने हुन्छ, जो मान्य न्यायिक सिद्धान्तहरूको पनि प्रतिकूल हुन्छ।

६१. तसर्थ, यस बहस नोटको प्रारम्भमानै यो मुद्दासहित प्रतिनिधि सभाको विघटन सम्बन्धी सातै वटा रिट निवेदनहरु खारेज हुनुपर्ने अवस्था छ र न्यायिक संयमको सिद्धान्तका साथै राजनीतिक प्रश्नहरूको सिद्धान्तको अवलम्बन गरी यो मुद्दाहरूमा श्री ५ बाट प्रतिनिधिसभा विघटन गर्न धारा ५३(४) बमोजिमको अधिकारको प्रयोगमा अदालतले हस्तक्षेप गर्न सक्ने प्रकृतिको कुनै संवैधानिक, कानूनी वा न्यायिक सिद्धान्तहरूको त्रुटि भएको छैन।

यस बहस नोटमा उल्लेख गरिएका सामग्रीहरू यस प्रकार छन्:-

१. राधेश्याम अधिकारी विरूद्ध मन्त्रिपरिषद् : ने.का.प. २०४८ पृष्ठ ८१० प्रकरणहरू १७,१८ ।

२. वालकृष्ण नेउपाने विरूद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, सर्वोच्च अदालत बुलेटिन नं ११ पृष्ठ १, ।

३. हरिप्रसाद नेपाल विरूद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सर्वोच्च अदालत बुलेटिन नं. ५२ ।

4. Dinesh Chandra Chaudhary Charan Singh, A.I.R. 1980 Delhi 114.

5. Madan Murari v. Chaudhary Charan Singh, A.I.R. 1980 Cal. 95

6. The English Constitution, by Bagehot (Page 69,189)

7. An Introduction to the Study of the Law of the Constitution, by A.V Dicey (Tenth Edition. 1971 reprint Page 432-438)

8. A Grammar of Politics, by Harold J.Laski, (1973 Impression. Page 342-343)

9. Parliamentary Government, in England, By Harold J. Laski, (1979 reprint page 409-410)

10. The Law and the Constitution, By Sir Ivor Jennnings, (Fifth Edition, Page 91-94, 194, 194-197)

11. Cabinet Government, By Sir Ivor Jennings, (Third Edition, page 173-174, 426-427, 492-496, 544)

12. Parliament, Sir Ivor Jennings, (Second Edition Page 414)

13. Constitutional and Administrative Law, by S. Hood Phillips. (Seventh Edition Page 149-155)

14. Constitutional and Administrative Law By E.C.S. wade and A.W. Bradley (Tenth Edition 171–172, 239-243, 253-255)

15. The Law, Priviledges, Proceedings and Usage of Parliament, by Erskine May (Seventeenth Edition, Chapter 14, page 277-279)

16. Parliament, by J.A.G. Griffith and Michael Ryle (1990 Reprint, Page 193–194)

17. Constitutional and Administrative Law, by Brian Thompson (1995 Reprint, page 72-73, 93, 94)

18. Constitutional and Administrative Law, by S.A. de Smith (Third Edition 1977, page 51-52, 233)

19. Constitution of the United States of America, Prepared by Congressional Research Society, Library of Congress (1972), Page 659–669.

20. Law of Federal Courts, by Charles Alan Wright (4th Edition 1983 Page74-81)

21. Congressional Quarterly's Guide to the U.S. Supreme Court, Editor, Elder will (1979) Page255-296.

22. A Reference Guide to the United States Supreme Court, General Editor: Stephen P.Elliot (1986 Edition) page 68-69.

23. Modern Constitutional Law Volume II, By Chester J. Antieau, Page 669-674)

24. Constitutional Law, By William B. Laokhart and other. Page 41-57.

25. Modern constitutional law, By Ronald Rotunda Page 26-50

26. Milestone, (December 1994, Page 24-26).

27. Contemporary Political System, By Gilbert Abcarian and George s. Masaunat. Page 146

28. Indian Government and Politics, by D.C. Gupta page 118.

29. Indian Constitutional Law, By M.P. Jain, (Reprint 193 page 31-35)

30. Constitutional Law of India, Vol. 2. By H.M. Seervai, page 2043-2077.

31. Economist, (June 17-23, 1995)

बहस नोट प्रस्तुतकर्ता

गणेशराज शर्मा

वरिष्ठ अधिवक्ता प्र. नं. २८

सम्वत् २०५२ साल श्रावण १५ गते रोज २।

श्री सर्वोच्च अदालत (विशेष इजलाश) समक्ष
चढाएको वहसनोट

विषयः सम्वत् २०५२ सालको रिट नं. ३१०५, ३१०८, ३११२, ३११३, ३११४, ३११८ तथा ३१२०

कृष्णप्रसाद पन्त, वरिष्ठ अधिवक्ता, प्रमाणपत्र संख्या २४ .. वहसनोट प्रस्तुतकर्ता

प्रधानमन्त्री मनमोहन अधिकारी ... ... पक्ष प्रत्यर्थी

विरुद्ध

श्री शेरबहादुर देउवा लगायत सातजना ... ... विपक्षी रिट निवेदक

१. वहसनोटमा अनावश्यक आवृत्ति पन्छाउन नेपाल अधिराज्यको संविधान २०४७ लाई जनाउन 'संविधान' भन्ने र प्रधानमन्त्री मनमोहन अधिकारीले प्रेषित गर्नु भएको लिखित जवाफहरूलाई 'लिखित जवाफ' भन्ने संकेत शब्दहरू प्रयोग गरेको छु ।

२. रिट निवेदनपत्रहरू र लिखित जवाफका अध्ययनबाट अदालतको निरूपरणार्य विवाद विन्दु बन्न पुगेका (मेरो विचारमा) कुराहरूलाई निम्न प्रकरणहरूमा क्रमशः उल्लेख गर्दै ती चार आफ्ना धारणाहरू व्यक्त गर्दैछु ।

३. संविधानको धारा ५३(३) बमोजिम प्रतिनिधिसभाको अधिवेशन आव्हान भै सकेपछि सोको अन्त नहुन्जेलसम्म प्रधानमन्त्रीले धारा ५३(४) अन्तर्गत विघटनको सिफारिश गर्न मिल्छ वा मिल्दैन ?

यस विवाद बुँदाको निरूपण गर्नको लागि धारा ५३ का संपूर्ण उपधाराहरूको वनोटतर्फ विशेष रूपले ध्यान दिनुपर्ने हुन्छ र यस सन्दर्भमा सो धाराका शीर्षकको अवलोकन पनि सहायक सिद्ध हुन सक्दछ । धारा ५३ मा जम्मा चारवटा उपधाराहरू छन्, उप-धारा (१), (२) र (३) प्रतिनिधिसभाको अधिवेशनको आव्हान र अन्तसम्ममा सम्वन्धित छन् भने उपधारा (४) चाहीं प्रतिनिधिसभाकै विघटनसँ ग सम्वन्धित छ । प्रतिनिधिसभा विघटन भएपछि सो सभाको अधिवेशन आव्हान हुने, प्रारम्भ वा अन्त हुने कुराहरूको प्रसंग नै रहँ दैन । धारा ५३ को शीर्षक हेर्दा "अधिवेशनको आव्हान र अन्त तथा प्रतिनिधिसभाको विघटन" भन्ने उल्लेख भएको पाइन्छ । यस वाक्यांशमा प्रयोग भएको 'आव्हान' एवं 'अन्त' भन्ने शब्दहरूको बीचमा अर्धविरामको प्रयोग नभई 'र' भन्ने शब्दको प्रयोग र 'अन्त' भन्ने शब्दपछि 'तथा' भन्ने समुच्चयबोधक शब्द (Conjuction)

को प्रयोगबाट समेत के देखिन्छ भने एउटै धाराका विभिन्न उप-धाराहरूको रूपमा प्रतिनिधिसभाको आव्हान, अन्त र विघटनसम्वन्धी कुराहरू राखिएको भए पनि विघटनसम्वन्धी उप-धारा (४) चाहीं अधिवेशनको आव्हान र अन्तसम्म सम्वन्धित नभै ती दुवैलाई अप्रासंगिक बनाउन सक्ने स्थिति सृजना गर्न सक्ने रूपमा रहेको रहेछ भन्ने सजिलैसँग बुझ्न सकिन्छ ।

धारा ५३ को उपधारा (४) मा व्यक्त वाक्यले त्यस अधिका तीन उपधाराहरूसँग कुनै संयोजन राखेको पाइँदैन। अतः सिद्धान्त र वाक्य बनौट दुवै दृष्टिबाट हेर्दा उप-धारा (४) लाई उपधारा (३) ले नियन्त्रण गर्न सक्ने देखिदैन। यस सन्दर्भमा रिट निवेदनहरूमा उल्लेखित संविधानको व्याख्या गर्दा सवै धारा सक्रिय रहने र एकले अर्कोलाई अवरूद्ध नगर्ने गरी सुसंगत तरिका (Harmonous) वाट गर्नुपर्छ भन्ने जिकिरको सन्दर्भमा विचार गर्दा के देखिन्छ भने सर्वप्रथम व्याख्याको सुनौलो सिद्धान्त (Golden Rule of Interpretation) अनुसार शब्दहरू स्पष्ट अर्थबोधक छन् भने त्यही अर्थ बुझ्नुपर्छ। शाब्दिक अर्थ गर्दा अयुक्तिको स्थिति (absordity) मा पुऱ्याएमा मात्र अरू मान्य सिद्धान्तहरूतर्फ ध्यान दिने कुरा आउन सक्तछ। संविधानको एउटा प्रावधानको प्रयोगले केही कालको लागि अरू प्रावधानलाई अप्रासंगिक तुल्याउँ छ भन्ने आशयमा मात्र शाब्दिक अर्थलाई उपेक्षा गरेर व्याख्या गर्नेतर्फ प्रवृत्त हुन मिल्दैन। अब यसै विषयलाई अर्को दृष्टिबाट विश्लेषण गरौं ।

धारा ५३ को उप-धारा (३) ले उपधारा (४) लाई संकेत गर्दैन र त्यस्तै उपधारा (४) ले उपधारा (३) लाई संकेत गर्दैन। यस अवस्थामा ती दुवै उपधाराहरूको प्रयोगले एक अर्कोको क्रियाशीलतालाई प्रभाव पार्छ भने सो प्रभावको आधारबाट कुन उप-धाराले अर्कोलाई अंकुश लगाएको संझन मिल्छ त भनेर हेर्ने नै हो भने पनि, उप-धारा (३) ले उप-धारा (४) लाई नियन्त्रित गरेको संझन मिल्ने त स्थिति नै छैन। एक त उप-धारा (३) पछि उपधारा (४) निर्मित भएको हुनाले विधिकर्ताले उप-धारा (४) लाई त्यही रूपवाट निर्माण गरेको हुनु पर्थ्यो। अर्थात् उप-धारा (३) अनुसार अधिवेशन बोलाइएको अवस्थामा सो अधिवेशनको अन्त नभएसम्म उप-धारा (४) अन्तर्गत सिफारिश विघटन हुन नसक्ने शर्तको व्यवस्था गरिएको हुनुपर्थ्यो। यही कुरालाई फर्काएर अब अर्कोतर्फबाट विचार गरौं। के यो तर्क उठ्न सक्छ कि, धारा ५३ (३) अर्न्तगत अधिवेशन बोलाइएपछि सो अधिवेशनको अन्त नभएसम्म ५३(४) को प्रयोग हुन सक्दैन यदि प्रयोग हुन सक्ने भए किन त धारा ५३ (४) मा माथि उपधारा (३) मा जेसुकै लेखिएको भए तापनि भन्ने जस्तो वाक्यांशको प्रयोग भएको छैन त ? यसरी प्रस्तुत् गरिने प्रश्नको निराकरण गर्नको लागि हामीले फेरि उप-धारा (३) र (४) को तुलनात्मक चरित्र र प्रकृतितर्फ दृष्टिपात गर्नुपर्ने हुन्छ। धारा ५३ को उप-धारा (४) को प्रयोग भएपछि यसले धारा ३६ (४) को अलावा संविधानको भाग ८ मा गरिएको व्यवस्थापिकासम्बन्धी धेरै प्रावधानहरूलाई प्रभाव पार्छ। उदाहरणको लागि धारा ५१, ५३(१), (२), (३), ५४, ५९, ६० तथा ६४ आदि। त्यस्तै ५३ (४) को प्रयोगले भाग ९ मा व्यवस्थित व्यवस्थापन कार्यविधिसम्बन्धी कतिपय प्रावधानलाई पनि प्रभाव पार्छ। यो स्वाभाविक पनि हो। प्रतिनिधिसभा नै विघटित भएको स्थितिमा उनको परिणामस्वरूप अर्को प्रतिनिधिसभा गठन नभएसम्म प्रतिनिधिसभासम्बन्धी प्रावधानहरू केही कालको लागि निलम्बित वा सुस्त अवस्थामा रहने स्थितिमा पुग्छन् भन्ने कुरा बुझ्न धेरै दिमाग खियाउनु नपर्ला भन्ने

ठान्दछु । तसर्थ धारा ५३ को उपधारा (४) को व्याख्या गर्ने हो भने त्यसको प्रयोगले प्रभाव पार्न सक्ने अनेकौं अन्य धारा र उप-धाराहरूको उल्लेख गरी तिनमा जेसुकै लेखिएको भए तापनि भन्ने जस्तो वाक्यांश विधिकर्ताले किन राखेन भनेर अचम्मित हुनु होइन कि स्वभावत: सो उप-धारा (४) को व्यापकताले गर्दा त्यसको प्रयोगले अन्य सबै सम्बन्धित धारा तथा उपधाराहरूलाई केही कालको लागि लिम्वस (Limbs) स्थितिमा राख्दो रहेछ भन्ने बुझ्नु पर्ने हुन आउँ छ । प्रतिनिधिसभा नै विघटन भएपछि त्यसको आव्हान तथा अधिवेशन प्रारम्भ हुने वा वैठक वस्ने मिति, त्यसको कार्यसूची (agenda) आदि इत्यादि सबै गौण भई लुप्तावस्थामा पुगिहाल्छन् ।

रिट निवेदकहरूले धारा ५३ (३) वमोजिम बोलाइएको अधिवेशन प्रारम्भ हुन नपाउँ दै उप-धारा (४) अन्तर्गत प्रधानमन्त्रीले विघटनको सिफारिश गरी त्यस आधारमा भएको विघटनले एउटा एक्लो प्रधानमन्त्रीले अधिवेशनको लागि समावेदन गर्ने ७० जनाको अधिकारमाथि अतिक्रमण गरेको छ, संसदनभन्दा प्रधानमन्त्री ठूलो हुन सक्दैन, हाम्रो संविधानले प्रधानमन्त्रीय व्यवस्थालाई अङ्गीकार गरेको छैन, संसदीय प्रणालीलाई मान्यता दिएको छ भन्ने जिकिरहरू पनि लिनु भएको छ, संविधानको अर्थ बुझ्न त्यसमा उल्लिखित शब्दहरूकै सहारा लिनु पर्छ । एकभन्दा दुई ठूलो दुईभन्दा चार ठूलो भने जस्ता गणितीय आधारमा गरिने तर्कले संविधानको शब्द वा मर्म बुझ्न कति पनि मद्दत गर्दैन । संविधानले कुन कुरालाई कसलाई के गर्न कति अधिकार दिएको छ भन्ने कुरावाट मात्र अधिकारको परास निर्धारण हुन सक्दछ । संविधानमा यो भन्दा यो ठूलो भन्ने वर्गीकरण गरिएको छैन । अत: कुन कुराको लागि कसलाई के अधिकार दिएको छ भन्ने हेरी सम्झी बुझी कुन कुन विषयमा कस्को के अधिकार भन्ने निर्क्यौल गर्नुपर्ने हुन्छ । प्रधानमन्त्री र अन्य मन्त्रीहरू प्रतिनिधिसभाप्रति उत्तरदायी हुनेछन् भन्ने धारा ३६ (४) को व्यवस्थालाई मात्र हेर्ने हो भने कसैलाई अन्य कसैप्रति उत्तरदायी बनाइन्छ भने उत्तरदायी हुनेभन्दा जसप्रति उत्तरदायी बनाइएको छ, ऊ चाहिं ठूलो भनेर सामान्य अर्थमा मानिदिन केही अप्ठेरो पर्दैन । तर (यो तर धेरै महत्वपूर्ण छ (It is a big if) कार्यगत अधिकारको पृष्ठभूमिमा हेर्दा भने कानूनत: त्यस्तो मान्यताले व्यापकता प्राप्त गर्न नसक्ने देखिन्छ । उदाहरणको लागि प्रतिनिधिसभा विघटन वा सो गर्न सिफारिश गर्ने कुरालाई लिउँ । प्रतिनिधिसभाका संपूर्ण सदस्यहरूले प्रतिनिधिसभा विघटन होस् भन्ने सर्वसम्मत प्रस्ताव पास गरे पनि त्यस आधारमा श्री ५ बाट सो सभा विघटन गर्न संविधानत: मिल्दैन । तर प्रधानमन्त्री एक्लोले विघटनको सिफारिश गर्छ भने त्यस आधारमा विघटन हुन सक्दछ । अब यसरी हेर्दा, विघटनको सन्दर्भमा कसलाई ठूलो भन्ने ? प्रतिनिधिसभाले सृष्टि गरेको प्रधानमन्त्री (अथवा भनौं, मन्त्रीपरिषद वा कार्यकारिणी) ठूलो कि उसलाई सृष्टि गर्ने प्रतिनिधिसभा ठूलो ? यी सबै कुराले के देखाउँ छ भने संविधानका अर्थ गर्दा गणितीय सूत्र (mathematical formula) को आधारमा तर्क गर्ने होइन कि संविधानमा प्रयुक्त शब्दहरूको आधारमा गरिनुपर्छ । वर्तमान विवादको सन्दर्भमा एउटा परिकल्पित उदाहरण (hypothetical illustration) दिएर विश्लेषण गरौं । सत्तरी जना सदस्यले संविधानको धारा ५३ (३) अनुसार प्रतिनिधिसभाको अधिवेशनको लागि श्री ५ मा समावेदन गर्नु भएको अवस्थामा, मानिलिउँ , वाँकी १३५ जना सदस्यले त्यस्तो समावेदन गरिएको अधिवेशन नबोलाइयोस् भनेर श्री ५ समक्ष विन्तिपत्र चढाउनु भयो भने श्री ५ बाट ७० जनाको समावेदनअनुसार अधिवेशन बोलाउने कि १३५ जनाको विन्तिपत्र अनुसार नबोलाउने

निष्कर्षमा पुग्ने ? यस्तो प्रश्नको उत्तर खोज्न हामीले एक मिनेट पनि परिश्रम गर्न पर्दैन। हामी कति पनि नहिच्किचाएर सजिलैसँ ग भन्न सक्दछौं कि, संविधानमा सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले समावेदन गरेमा श्री ५ बाट अधिवेशन बोलाई बक्सने प्रावधान धारा ५३ (३) मा भएकोले ७० जनाको संख्याले संपूर्ण सदस्य संख्या (२०५) को एक चौथाइको आवश्यकतालाई पूर्ति गर्ने (अझ बढी पनि हुने) भएकोले र १३५ जना सदस्यलाई बहुमत नै भए पनि एक चौथाई सदस्यहरूको समावेदनलाई निस्फल पार्न सक्ने अधिकार संविधानले प्रदान नगरेको हुँ दा श्री ५ बाट अधिवेशनको आव्हान हुनु नै पर्दछ। ७० जनाको संख्याभन्दा १३५ को संख्या ठूलो मात्र होइन कि, बहुमत द्योतक संख्या पनि हो। त्यसकारण अधिवेशनको आव्हान हुन सक्दैन "भन्ने तर्क कसैले प्रस्तुत गर्न सक्ला" अथवा बुझ पचाएर कसैले त्यस्तो विकृत तर्क गरिहालेछ भने पनि त्यस्तो तर्क संवैधानिक वैधतासम्मत हुन सक्ला ? भन्न खोजिएको कुरा के हो भने संविधानमा अधिकारको स्पष्ट व्यवस्था गरिएको छ भने अन्यत्र चियाउन वा यो अधिकारको प्रयोगले यी यी अरू प्रावधानहरूमा यस्ता यस्ता प्रभाव पार्छन् तसर्थ शब्द समूहले जे बोले पनि तिनको शब्दार्थतर्फ नलागी तिनमा निहितार्थ आशय (Meaning by implication) खोजी शब्दार्थ बाहेक आशयलाई उपेक्षा गरेर आत्मनिष्ठ अभिप्रायको आधारमा व्याख्या गरियोस् भन्ने आकांक्षा राख्नु वा सो आकांक्षामा केही सारतत्व खोज्ने प्रयासले संविधानले परिलक्ष्य गरेको संतुलनमा केही कालको लागि केही विचलन ल्याउन त सक्ला तर त्यस्तो चेष्टाले अन्ततोगत्वा संविधानलाई क्षणिक कालको लागि भए पनि कुरूपता र विसामान्यताको दाग लगाउन सक्दछ भन्ने संभावनाबारे अत्यन्त जागरूक र सचेत हुनैपर्छ।

यसै प्रसँ गमा रिट निवेदकहरूले उठाउनु भएको केही सैद्धान्तिक जिकीरहरूतर्फ विचार गर्नु पनि प्रासंगिक नै होला भन्ने ठान्दछु। जब कुनै संवैधानिक प्रावधानको शाब्दिक अर्थले आफ्नो कुरा खम्भीर नहुने कसैले देख्छ भने अनि उसले सिद्धान्त, मूल्य, परम्परा तथा मान्यताको दुहाई दिएर त्यसमा आफ्नो आसरा खोज्न थाल्छ। यो मानवजन्य कमजोरीको स्वभावजन्य प्रवृत्ति हो। तर यस्तो प्रवृत्ति उद्वेगको हुरीमा आकाशिएर एकछिनलाई बतासिएको माथि उड्ने चङ्गालाई विवेकले संयत गर्न थालेपछि (धरतीको सतहमा अवतरित भएपछि स्वयं लत्रिन्छ र लाचार बन्न पुग्छ) संविधानको धारा ५३ को उप-धारा (४) को अवलोकन गर्दा त्यसमा प्रधानमन्त्रीको विघटनको लागि सिफारिश गर्ने प्रावधान कुनै शर्त, बन्देज वा पूर्वावस्था केही नराखिएको र सो आधारमा श्री ५ बाट विघटन गर्न सकिबक्सने कुरामा पनि कुनै मार्गदर्शन प्रावधान (guideline) नराखिएको त स्पष्ट नै छ। अब यस्तो स्पष्ट अर्थबोधक शब्दहरुलाई संसदीय प्रणालीको मूल्य, मान्यता, परम्परा संवैधानिक मर्म आदि इत्यादि को कुराले कति बाक्लो जलप वा मुलम्मा लगाए त्यस शब्दार्थलाई कति धमिलो वा निस्प्रभ वा अपारदर्शी बनाउन सकिंदो रहेछ त्यसतर्फ विचार गरौं।

उपरोक्त विचार यात्रा शुरू गर्नुभन्दा अगाडि मैले देखेका केही प्रत्ययात्मक स्पष्टता (conceptual clarity) सँ ग सम्बन्धित कुराहरूको चर्चा गर्न चाहन्छु। रिट निवेदकहरूले संवैधानिक सर्वोच्चता (constitutional supremacy) संसदीय सर्वोच्चता (Parliamentary supremacy), प्रधानमन्त्री प्रणाली (Prime Ministrial system), संसदीय प्रणाली (Parlimentary system), इत्यादिको कुराहरूको पनि चर्चा गर्नु भएको छ। यस सम्बन्धमा मेरो के निवेदन गराई छ भने राजनीति शास्त्रहरूले प्रयोग गर्न यस्ता

अभिव्यंजनाहरू (expressions) ले हामीलाई हाम्रो संविधानको सूक्ष्म विश्लेषणको लागि प्रगुण औजार (efficient tool) को काम दिदैंनन्। यस्ता अभिव्यन्जनाहरूको सृजना खास गरेर विश्वको पहिला लिखित संविधान (अमेरिकी संविधान) का सृष्टिपछि उत्पत्ति हुन थालेका हुन्। परिपाटी (convention) मा आधारित अलिखित बेलायती संविधान विद्यमानताको पृष्ठभूमिमा जब अमेरिकामा स्वतन्त्रता संग्राम पश्चात एउटा लिखित संविधानको प्रार्दुभाव भयो र Chief Justice Marshall ले न्यायिक पुनरावलोकन (Judicial Review) को प्रावधानलाई जन्म दिए अनि त्यसबेलाका राजनीति शास्त्रका विद्वान्हरूले बेलायतको अलिखित संविधान र मौलिक कानूनको दर्जा दिइएको अमेरिकाको लिखित संविधानद्वारा निर्देशित शासन संचालन प्रक्रियाहरूमा रहेको भिन्नताहरू औल्याउन यस्ता धेरै शब्दहरूको प्रयोग गर्न थालेको ज्ञात हुन्छ। Presidential & Parliamentary system of Government, Cabinet system of Government, Prime Ministerial Government, Judicial supremacy parliamentary supremacy, flexible constitution, Rigiid constitution, separation of power आदि शब्दहरूको प्रार्दुभाव हुँ दै गए। समयको गतिका साथै जब अन्य मुलुकहरूले आफ्नो संविधान निर्माण गर्दा आफ्नो सामाजिक र राजनीतिक धरातल सुहाउने गरी British Constitution, American Constitution र तिनबाट प्रभावित अन्य संविधानहरू प्रावधानहरुलाई आ-आफ्नो संविधानमा आवश्यक mutus matandis अंगीकार गर्न थाले अनि माथि उल्लेखित शब्दहरूको शासन प्रणालीको भिन्नताबोध गराउने तीक्ष्ण धार (pointed & sharpness) मा ह्रास आउन थाल्यो र ती भूत्ते हँ दै गए। अब त यस्ता शब्द समूहको प्रयोगद्वारा वर्गीकरण गरेर संविधानको खास खास प्रावधानहरूको सूक्ष्म विश्लेषण गर्छु भन्नु र अरू तिनकै आधारमा यो प्रावधानका यो अर्थ हुन्छ र यसको यति सीमा छ, यसको परास यति फराकिलो छ भनेर दावा गर्नु स्लेज घन (Sledge hammer) ले सानो सुपारीलाई टुक्र्याउनु जस्तोमात्र हुन जान्छ। हाम्रै संविधानको कुरा गरौं जसको वर्णन निम्न बमोजिम जसरी गरे पनि यो कुरा त हुँ दै होइन भनी कसैले नकार्न सक्दैन, आफ्नो जिकीरलाई पुष्ट्याई गर्न कुनै एउटालाई बढी महत्त्व दिनु चाहिं अर्कै कुरा भयो।

१. हाम्रा संविधानले संवैधानिक सर्वोच्चतालाई अंगीकार गरेको छ, ठीक हो किनभने यो मौलिक कानून हो, र यसद्वारा नै शासन संचालनका मौलिक प्रक्रियाहरू निर्धारित छन् र यसँ ग बाझिने अन्य सबै कानून अमान्य हुन्छन्।

२. हाम्रो संविधानले संसदीय वरियतालाई मान्यता दिएको छ, ठीक हो किनभने यसैले कार्यकारिणीको सृष्टि गर्दछ। संविधानसँ ग नबाझिने गरी राज्य संचालनको लागि हरेक किसिमको कानून बनाउन सक्दछ र मन्त्रिपरिषद संसदप्रति जिम्मेवार बनाइएको छ।

३. हाम्रो संविधानले न्यायिक सर्वोच्चताको सिद्धान्त अंगीकार गरेको छ, ठीक हो किनभने व्याख्याको गुंजाइस् रहेको ठाउँ मा भए जो संविधानले यस विषयमा यस्तो व्यवस्था गरेको छ भनी आधिकारिक व्याख्या गर्छ। संसदले बनाएको कानूनको यो प्रावधान संविधानसँ ग बाझिएको अमान्य छ भन्ने पनि घोषणा गर्न सक्दछ।

४. हाम्रो संविधानले मन्त्रीमण्डलीय व्यवस्था (Cabinet system) लाई अन्तर्निहित गरेको छ। ठीक हो किनभने मन्त्रिपरिषद् सामूहिक रूपमा पनि प्रतिनिधिसभाप्रति जिम्मेवार छ, प्रधानमन्त्री पदमुक्त भएमा निजको अध्यक्षतामा गठित मन्त्रिपरिषद् अस्तित्वविहीन हुन पुग्छ।

५. हाम्रो संविधानले प्रधानमन्त्रीय व्यवस्थालाई पनि मान्यता दिएको छ। ठीक हो किनभने, प्रधानमन्त्री मन्त्रिपरिषदको अध्यक्ष हुने प्रावधान छ, प्रधानमन्त्रीकै तजवीजबाट अन्य मन्त्रीहरू पदासीन हुने वा पदबाट हट्ने प्रावधान छ। तथा प्रधानमन्त्रीको सिफारिशको आधारमा प्रतिनिधिसभा विघटन हुने व्यवस्था छ।

मैले उपयुक्त प्रकरणहरूमा उल्लेख गरेका कुराहरूबाट के दर्शाउन खोजेको छु भने राजनीति-शास्त्रका सिद्दान्तहरू संवैधानिक भाव बुझ्न सहायक हुन सक्दछन् तर कुनै खास प्रावधानबारे यसको यो अर्थ हो भन्ने कुरामा तीव्र विवाद उत्पन्न हुन्छ भने हामीले सिद्दान्तहरू तर्फ उन्मुख हुने होइन कि सर्वप्रथम सो प्रावधानमा प्रयोग भएका शब्दहरूलाई नै हेर्नुपर्छ। शब्दार्थ स्पष्ट भएन भने मात्र त्यो प्रावधानको अन्य प्रावधानहरूसँग गाको अन्तरसम्बन्धतर्फ ध्यान दिनुपर्ने अवस्था सृजना हुन्छ र त्यसरी ध्यान दिंदा पनि जुन प्रावधानको अर्थ शब्दबाट बुझ्न नसकिएको कुरा बुझ्न खोज्ने सीमाभित्र सीमित रहनु पर्दछ। अन्तर सम्बन्धको विर्विधताले प्रयुक्त शब्दलाई फिक्का (dilute) पार्न मिल्दैन र अंशत: नेपाली भाषाको स्वाभाविक सरलता, नजाकत, शब्द गरिमा, सहजभाव तथा शैली सुगमता र अंशत: तर्जुमाकारहरूको अनुभव सिद्धहस्तता तथा तीखो विचारशक्तिले गर्दा धारा ५३ को उप-धारा (४) मा प्रयोग भएका शब्दहरू स्फाटकीय स्पष्टता (crystal clarity) को रूपमा अर्थबोध छन्। उक्त उप-धारा (४) क्रियाशील हुन सीर्फ तीन कुराको आवश्यकता पर्छ।

पहिलो कुरा, प्रधानमन्त्रीको सिफारिश हुनुपर्छ, दोस्रो श्री ५ बाट विघटन गर्ने निर्णय हुनु पर्‍यो र तेस्रो कुरा, विघटनको निर्णयको सायसायै ६ महिनाभित्र निर्वाचन हुने मिति तोकिनु पर्‍यो। विघटन प्रक्रियामा यी तीन कुराको विद्यमानता देखिन्छ भने विघटनको वैधतामा शंका गर्ने ठाउँ रहदैन। हामीले यो कदापि विर्सनु हुँ दैन कि धारा ५३ (४) मा कुनै शर्त वा पूर्वावस्था द्योतक यदि वा तर (if and but) भन्ने शब्द वा वाक्यहरू प्रयोग भएका छैनन्। शंका र जटिलता तव मात्र सृजित हुन्छ जव विघटन प्रक्रियामा अन्य विजातीय तत्त्व मिश्रित हुन आइपुग्छन्। जस्तो, गत सालको विघटनको सिफारिससँग गै राजीनामाको तत्त्व मिश्रित हुन पुग्यो। यस पटकको विघटनमा त त्यस्तो कुनै वाह्य तत्व मिसिन आइपुगेको छैन। भन्नेहरूले त शुद्ध स्वच्छ, गंगोतरी जललाई पनि धमिलो मलमूत्र मिश्रित अपवित्र पानी भन्न कहाँ बाँकी राख्छन र।

४. धारा ४२ (२) अन्तर्गत नियुक्त प्रधामन्त्रीले धारा ५३ (४) अनुसार विघटनको सिफारिश गर्न मिल्छ वा मिल्दैन ?

यस विवाद युं दाको बारे चर्चा गर्दा पनि सर्वप्रथम ध्यान त फेरि उही धारा ५३ को उपधारा ४ मा "प्रधानमन्त्री" शब्दको अगाडि कुनै पनि विशेषण (अर्थात् धारा ३६ (१) अन्तर्गत नियुक्त प्रधानमन्त्री भन्ने जस्ता शब्दहरू) प्रयोग भएको छैन। संविधानको धारा १३२ मा पनि प्रधानमन्त्रीको परिभाषा दिइएको छैन। न त कानून व्याख्या सम्बन्धी ऐन, २०१० मा नै पनि त्यस्तो कुनै परिभाषा भेटिन्छ। तसर्थ श्री मनमोहन अधिकारी

प्रधानमन्त्री हो भने, उहाँ ले सिफारिश गर्न पाउनु हुन्छ नत्र पाउनु हुन्न। श्री मनमोहन अधिकारी प्रधानमन्त्री होइन भन्ने त निवेदकहरूको जिकीर छैन पनि। यस अवस्थामा धारा ४२ (२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले विघटनको सिफारिश गर्न सक्दैन भनी प्रश्नसम्म उठाउनलाई पनि कुनै ठाउँ देखिदैन। यस प्रसँ गमा पनि फेरि अघिल्लो प्रकरणमा उल्लेखित कुरा आइ हाल्छ, जब शब्दका अर्थले आफ्नो जिकीर खम्बीर हुन सक्दैन तब मूल्य, मान्यता र परम्परा आदिको दुहाई दिएर मनोकल्पित विशेषणहरू थप्ने प्रवृत्ति जागृत हुन्छ। हाम्रो संविधानले प्रधानमन्त्री नियुक्त हुने तीनवटा प्रावधानको संरचना गरेको छ। ती प्रावधानहरू हुन् : धारा ३६ को उप-धारा (१) तथा धारा ४२ को उप-धारा (१) र (२) ती तीन प्रावधानहरूमध्ये प्रस्तावयुक्त दुई प्रावधानअन्तर्गत नियुक्त भएका प्रधानमन्त्रीले धार ४२ (३) अनुसार ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्छ र सो विश्वासको मत प्राप्त गरेपछि उ प्रतिनिधिसभाको समर्थन प्राप्त पूर्ण विकसित (full- fledged) प्रधानमन्त्री बन्छ। त्यस्तो प्रधानमन्त्री र धारा ३६ (१) अन्तर्गत नियुक्त प्रधानमन्त्रीको बीच संविधाननले अधिकार, दायित्व र कर्तव्य आदि कुनै कुराको सम्बन्धमा पनि कुनै प्रकारको भेदभाव गरेको छैन।

धारा ३६ (१) अन्तर्गत नियुक्त प्रधानमन्त्रीको आफ्नै दलको सदस्यहरूका प्रतिनिधिसभामा बहुमत हुन्छ र धारा ४२ (१), (२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीहरूले ४२ (३) को प्रक्रियाद्वारा प्रतिनिधिसभाबाट बहुमतको विश्वास प्राप्त गर्दछन् प्रधानमन्त्री श्री मनमोहन अधिकारीले २०५१।९।८ मा १९८ जना प्रतिनिधिसभाका सदस्यहरूबाट विश्वासको मत प्राप्त गर्नु भएको हो र संवैधानिक प्रक्रियाअनुसार बहुमतको विश्वास नरहेको सिद्ध नभएसम्म वहाँ लाई अल्पमतको मात्र विश्वास प्राप्त प्रधानमन्त्री वा बहुमतको विश्वास गुमाएको प्रधानमन्त्री भन्ने संज्ञा दिन मिल्दैन। संविधानले बहुमतको सरकार यस्तो हुन्छ अल्पमतको सरकार यस्तो हुन्छ भनी परिभाषित गरेको छैन। सिर्फ प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेता छ भने धारा ३६ (१) अन्तर्गत प्रधानमन्त्री पदमा नियुक्त हुने र प्रतिनिधिसभामा कुनै दलको स्पष्ट बहुमत नभएमा धारा ४२ को उप-धारा (१) वा (२) अन्तर्गत प्रधानमन्त्री नियुक्त हुने व्यवस्था गरेको छ। प्रधानमन्त्री जुनुकै धारा अन्तर्गत नियुक्त भएको भए पनि उसले नेतृत्व गरेको मन्त्रिपरिषद् (Cabinet) र प्रतिनिधिसभा बीचको पारस्परिक सम्बन्ध (अर्थात पारस्परिक अधिकार र दायित्व) मा संविधानले कुनै भेदभाव गर्दैन। अत: यस दृष्टिबाट पनि धारा ४२ (२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले धारा ५३ (४) अन्तर्गत विघटनको सिफारिश गर्न पाउँ दैन भन्ने कथनमा कुनै संवैधानिक आधार देखिदैन।

यही कुरालाई फेरि कोण (angle) बाट हेरौं, मन्त्रिपरिषद् प्रतिनिधिसभाप्रति उत्तरदायी हुने व्यवस्था धारा ३६ (४) ले गरेको छ। दलीय स्थितिले गर्दा धारा ३६ (१) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले प्रतिनिधिसभाको विश्वास प्राप्त गरेका अनुमान गरिएको हुन्छ भने धारा ४२ को उप-धारा (१) वा (२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीको सम्बन्धमा सो अनुमान गर्न नसकिने भएकोले त्यस्तो प्रधानमन्त्रीले ३० दिनभित्र प्रतिनिधी सभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ। यसरी विश्वासको मत प्राप्त गर्नुपर्ने खुड्किलो पार गरेपछि त्यस्तो प्रधानमन्त्री धारा ३६ (१) अन्तर्गत नियुक्त प्रधानमन्त्री जस्तिकै सबल मानिन्छ। संविधानत : यही वास्तविक स्थिति हो। राजनीतिक क्रियाकलापले चाहि संविधानत: गरिने अनुमानलाई पनि कहिले काहीं भ्रम हो कि, भनी संभन सकिने स्थितिमा

पुऱ्याइदिन्छ । यसको सानो उदाहरण त हामीले गत सालमै देख्न पाएका थियौं । एकसय चौध जना सदस्य भएको नेपाली कांग्रेसका संसदीय दलका नेता श्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधिसभामा आफ्नो नीति तथा कार्यक्रमका लागि प्रतिनिधिसभाबाट बहुमतको समर्थन प्राप्त गर्न सक्नु भएन र राजीनामाको साथै विघटनको सिफारिश गर्नु भयो । सो सिफारिशका आधारमा भएको विघटनलाई रिट निवेदनद्वारा चुनौति पनि दिइएको थियो । तर अदालतको बहुमतद्वारा सो सिफारिश र विघटन संविधान विपरीत नभएको निर्णय गरियो । उक्त निर्णयबाट पनि धारा ५३ (४) को परास वा व्यापकता बारेमा निकै महत्त्वपूर्ण कुराहरू बुझ्न हामीलाई मद्दत मिल्छ ।

५. २०५२।२।२६ मा गरिएको विघटनको सिफारिश त्यस आधारमा २०५२।२।३० मा भएको विघटनको निर्णय संसदीय मूल्य, मान्यता र परम्परा विरुद्ध छ वा छैन ?

मैले यो कुरा माथि यस अघिका प्रकरणहरूमा उल्लेख गरिसकेको छु कि, शब्दार्थ स्पष्ट नभएमा मात्र व्याख्या गर्दा अन्य कुराको अलावा मूल्य, मान्यता र परम्पराको सहारा लिन मिल्ने हुन्छ । तैपनि रिट निवेदकहरूले प्रश्न खडा गर्नु भएकोले त्यस सम्बन्धमा पनि दृष्टिपात गर्नु फलदायी बौद्धिक कसरत नै हुने देख्छु । प्रतिनिधिसभाको कार्यकाल पाँच वर्षको हुने व्यवस्था धारा ४५ को उप-धारा (३) ले गरेको छ । साथै सो उप-धाराले धारा ५३ (४) र धारा ४२ (४) को व्यवस्थासँग मिलान गर्नको लागि "यस संविधान बमोजिम अगावै विघटन भएमा बाहेक" भन्ने वाक्यांशलाई प्रारम्भमा नै प्रयोग गरेर प्रतिनिधि सभा विघटन हुन सक्ने परिस्थितिलाई मान्यता दिएको छ । धारा ४२ (४) को प्रस्तुत विवाद विषयसँग मिल हाल सम्बन्ध नरहेकोले धारा ५३ (४) मा नै ध्यान केन्द्रित गरौं । धारा ५३ (४) को व्यवस्थालाई संसद ठूलो कि प्रधानमन्त्री ठूलो भन्ने प्रश्न बनाई विश्लेषण गर्न मिल्दैन भन्ने कुरा त मैले माथि प्रकरण ३ मा नै स्पष्ट पारिसकेको छु र यस सम्बन्धमा Walter Baghot को (Pontana Press, 1993) को पृष्ठ ७१ उल्लेखित निम्न प्रकरण उद्धृत गर्दछु -

But Cabinet, though it is a committee of the legislative assembly, is a committee with a power which no assembly would unless for historical accidents, and after happy experience Have been persuaded to entrust to any committee. It is a committee which can dissolve the assembly which appointed it, it is a committee with a suspensive veto - a committee with a power of appeal. Though appointed by one parliament, it can appeal if it chooses to the next. Theoritically, indeed, the power to dissolve parliament is entrusted to the sovereign only, and there are vestiges of doubt whether in all cases a sovereign is bound to dissolve Parliament when the Cabnet asks him to do so. But neglecting such small and dubious exceptions, the Cabinet which was chosen by one House of Commons has an appeal to the next house of commons. The chief committee of the Ligislaure has the power of dissolving the predominant part of the legislature-that which at a crisis is the supreme legislaure. The English system, therefore, is not an absorption of the executive power by the legislative power, it is a fusion of the two. Either the

cabinet legislates and acts or else it can dissolve. It is a creature, but it has the power of destroying its creators. It is a excutive which can anmhilate the legislatuse, as well as a exccutive which is the nominee of the legislature. It was made, but is can unmake, it was derivative in the origin, but it is destructive in its action.

अब संसदीय व्यवस्थाले प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभा विघटन हुन सक्ने प्रावधानलाई स्वीकार गरे त्यस पछाडि के मूल्य र मान्यता छ भन्ने कुरा तर्फ दृष्टिपात गरौं। प्रधानमन्त्रीले मन्त्रिपरिषदको नेतृत्व गर्ने मात्र होइन कि उसको इच्छाअनुसार नै मन्त्रिपरिषदको संरचना पनि हुन्छ। यस कुरालाई हाम्रो संविधानले पूर्ण रूपमा स्वीकारेका तथ्य धारा ३६ को उपधारा (३) तथा उप-धारा (६) तथा धारा ३७ ले स्पष्ट पारेका छन्। मन्त्रिपरिषद् (Cabinet) को धरोहर भनेको प्रधानमन्त्री हो। संसदीय व्यवस्थाले अर्को मौलिक मान्यता के राखेको हुन्छ भने, आफू व्यवस्थापिकाको उपज नै भए पनि कार्यकारिणीको प्रभाव व्यवस्थापिकामा रहन्छ। जुन कुरा माथि उद्धृत Bagehot को कथनमा प्रतिविम्बित भएकै छ। संसदीय व्यवस्थामा दलीय तत्त्व मिश्रित हुन पुगेपछि परिणामस्वरूप प्रतिनिधिसभाका लागि हुने निर्वाचनमा दलीय घोषणापत्रको आधारमा दलीय पहिचान राखेर निर्वाचनमा भाग लिने प्रचलन विकसित हुन थालेपछि प्रतिनिधिसभामा दलीय स्थितिका महत्त्व बढ्दै गयो। यसबाट टिकाउ कार्यकारीणी गठन गर्न राष्ट्राध्यक्षलाई एउटा सुगम मार्ग प्राप्त हुन थाल्यो भने अर्को तर्फ व्यवस्थापिकाको विश्वास प्राप्त गरिरहनु पर्ने कार्यकारीणीको बनौटमा प्रतिनिधिसभामा रहेको दलीय स्थितिले निर्णायक भुमिका खेल्न थाल्यो। प्रतिनिधि सभामा जुन दलको बाहुल्य छ सोही दलको कार्यकारिणी निर्माणमा बढी पकड हुन थाल्यो। प्रतिनिधिसभामा आफ्नै दलका सदस्यहरूको बाहुल्य भएकोले सचेतक (Whip) जस्तो संयन्त्रगको विकास भएर कार्यकारिणीले त्यस व्यवस्थापिकामायिको प्रभावमा अभिवृद्धि हुन थाल्यो। व्यवस्थापिका र कार्यपालिकाको बीचमा शक्ति - पृथकीकरणका मान्यता गौण हुन थाल्यो। अन्ततः व्यवस्थापिकाले ऐन बनाउने हो कि ? व्यवस्थापिकाको सहयोग (दलीयवृत्तद्वारा सञ्चालित) मा ऐन बनाउने हो ? भन्ने जस्ता प्रश्न पनि उठ्न थाले।

Cabinet ले Legislature लाई Dominate गर्दछ कि, Legislature ले Cabinet लाई Dominate गर्छ भन्ने सैद्धान्तिक प्रश्नमा राजनीति शास्त्रका विद्वान्हरू चर्चा र वहस गर्न थाले। एकातिर संसदीय प्रणालीमा राजनीतिक दलहरूको बढ्दो भूमिकाले कार्यकारिणी र (व्यवस्थापिकाको सम्बन्धमा क्रमशः गुणात्मक परिवर्तन गर्दै लग्यो भने अर्को तर्फ व्यवस्थापिकामायि कार्यकारिणीको प्रभावमा पनि अभिवृद्धि हुँदै गयो। आफ्नो कुरा नमान्ने सांसदलाई राजा (राष्ट्राध्यक्ष) ले भंग गर्ने अधिकार जनप्रतिनिधिहरूको समर्थन प्राप्त कार्यकारिणीमा र सोबाट पनि कार्यकारिणीको नेता प्रधानमन्त्रीको सिफारिसमा आधारित हुनु पर्ने व्यवस्था विकसित हुन थाल्यो। प्रतिनिधिसभाको मध्यावधि विघटनको अधिकारको सम्बन्धमा कसरी Check and balance मिलाउने भन्ने कुरामा धेरै मुलुकमा धेरै प्रकारका प्रयोगहरू भएका छन्। यस सम्बन्धमा "B.S. Markesinis" द्वारा लिखित "The theory and practice of Dossolution of Parliament" भन्ने पुस्तकमा राम्रोसँग विवेचना गरिएको छ। वर्तमान अवस्थामा पनि हामी संसदीय प्रणाली अपनाएको विभिन्न मुलुकमा विघटन

सम्बन्धी विभिन्न प्रकारका प्रावधानहरू राखिएको पाउँ छौं। मौखिक वहसको दौरानमा यस सम्बन्धमा बढी प्रकास पार्ने नै छु। हाललाई यति मात्र निवेदन गर्न चाहन्छु कि, केही संविधानहरूमा विघटनसम्बन्धी प्रावधानमा पूर्वावस्था वा शर्तहरू उल्लेख भएको पाइन्छन् भने केहीमा (हाम्रो संविधानमा जस्तो) कुनै शर्त वा बन्देज वा पूर्वावस्थाहरूको व्यवस्था गरेको पाईदैन। त्यस्तै राष्ट्राध्यक्षले विघटन गर्ने निर्णय गर्नु अगाडि कस्को सिफारिशलाई मान्ने वा अरूको को को सँ ग सल्लाह गर्ने भन्ने बारेमा पनि पृथक पृथक व्यवस्था भएको पाइन्छ। हाम्रो संविधानले चाहिं विघटनको सम्बन्धमा British model को अनुसरण गरेको पाउँ छौं। बिना शर्त, बिना पूर्वावस्था प्रधानमन्त्रीको सिफारिशमा श्री ५ बाट प्रतिनिधिसभाको विघटन गर्न सकिवक्सने व्यवस्था गरेको छ। अब बेलायतको परिपाटीको पृष्ठभूमिमा धारा ५३ (४) मा निहित सिद्धान्तको चर्चा गरौं। सर्वप्रथम विघटनको सिफारिशमा गर्ने अधिकार प्रधानमन्त्रीलाई प्रदान गर्नुको पछाडि मूल सिद्धान्त के हो भने, जब प्रधानमन्त्रीले सार्वभौम सम्पन्न जनतासमक्ष कुनै कुरा लैजानु उपयुक्त देखिन्छ उसले विघटनको सिफारिश गर्न सक्दछ। त्यस्तो उपयुक्तताको कुनै वस्तुनिष्ठ वा किटिएका आधारहरू निर्धारित छैनन्। केही विद्वान्हरूले विघटनका घटनाहरूको विश्लेषण गरेर यस्तो यस्तो अवस्थामा विघटनको सिफारिश गरिएको पाइन्छ भन्ने आधारमा सैद्धान्तिकरण (Theorise) गर्ने प्रयास गरेको पाईन्छ। तर कसैले पनि विघटनको सिफारिश यस यस आधारमा मात्र गर्न सकिन्छ भनी किटेर वर्णन गर्न सकेको पाइदैन। यो स्वाभाविक पनि हो किनभने विघटनको सिफारिश गर्ने निर्णय शुद्ध राजनीतिक निर्णय भएको हुँ दा र सबै सम्भावित राजनीतिक स्थितिको परिकल्पना कसैले गर्न सक्दैन। जब प्रधानमन्त्रीको सृजना नै संसद (प्रतिनिधिसभा) बाट हुन्छ र ऊ प्रतिनिधिसभाप्रति उत्तरदायी हुन्छ भने प्रतिनिधिसभालाई उछिनेर प्रधानमन्त्रीले प्रतिनिधिसभाकै विघटनको लागि सिफारिश गर्न सक्ने अधिकार किन प्रदान गरियो होला भन्ने प्रश्नमा पनि धेरै अलमलिनु पर्दैन, यदि हामीले विघटनको स्वरूप र यसबाट प्रधानमन्त्री स्वयंलाई पर्न सक्ने प्रभाव तथा प्रधानमन्त्री सदनको नेता मानिने र ऊ पनि जनभावनको निगरानी राख्ने पदाधिकारी हो भन्ने कुरा बुझ्यौ भने। यस सम्बन्धमा प्रारम्भमा नै स्पष्ट हुनुपर्ने कुरा के छ भने प्रतिनिधिसभाका सदस्यहरू (स्वयं प्रधानमन्त्री पनि) सार्वभौम सत्ता सम्पन्न जनताको प्रतिनिधि हुन् तर जनता स्वयं चाहि होइनन्। जनप्रतिनिधिको हैसियतले संविधानद्वारा प्रदत्त अधिकार प्रयोग गर्नेले आफूलाई सर्वोच्च जनताको समकक्षका हौं भनी ठान्न मिल्ने ठाउँ पनि छैन। विघटनको सिफारिश गर्दा प्रधानमन्त्री आफू स्वयं पनि विघटनको परिणामस्वरूप पदमुक्त हुन्छ भन्ने कुरा त स्पष्ट छँ दैछ। यसैले गर्दा विघटनको सिफारिशलाई आत्मघाती पाइला (Scisidal step) हो भन्ने पनि राजनीति शास्त्रका विद्वान्हरूले भनेको पाइन्छ। प्रधानमन्त्रीले जुनसुकै कारणबाट विघटनको सिफारिश गर्दा पनि विघटन गर्न परेको कारणलाई प्रभुसत्ता सम्पन्न जनताले नै अनुमोदन गरी आफू वा आफ्नो दलप्रति विश्वास प्रदर्शन गर्नेछन् भन्ने भरोसा लिएको हुन्छ। नचाहिने वा अवान्छनीय कारणबाट विघटनको सिफारिश गरेको जनताले महसुस गरे भने ती मतदाताहरूले त्यस्तो सिफारिश गर्ने प्रधानमन्त्रीको दललाई पराजित गरेर देखाई दिन्छन्। धेरै पटक त्यस्तो भएका उदाहरणहरू पनि छन्। विघटनको सिफारिश गर्ने प्रधानमन्त्रीको दलले मध्यावधि निर्वाचन विजय प्राप्त गरेको वा पराजय भोग्नु परेको परिणाम मात्र विघटनको सिफारिशको राजनीतिक औचित्य रहेछ वा रहेनछ भनी जाँ च्ने एक मात्र कसौटी हो। प्रधानमन्त्रीले विघटनको सिफारिश त गऱ्यो तर

विघटनकै निर्णय गर्न राष्ट्राध्यक्षले चाहिं सो सिफारिस मानेन भने चाहिं विघटन हुदैन। अत: विघटनको सिफारिशको राजनीतिक पहेलुहरूमा विचार गर्ने कार्य राष्ट्राध्यक्षबाट सम्पादित हुन्छ। विघटनको सिफारिश विघटनकर्तावाट स्वीकृत भएपछि राजनीतिक तौरले त्यसको मूल्यांकन गर्ने अभिभारा जनताको हुन्छ। जन-निर्णय नै सर्वोपरी हुन्छ। यदि संविधानको धारा ५३ (४) मा नयाँ प्रतिनिधिसभाको लागि अनिवार्यरूपमा मितिसमेत तोकिनुपर्ने व्यवस्था नभएको भए प्रधानमन्त्रीको विघटनको सिफारिशलाई अप्रजातान्त्रिक वा सर्वसत्तावादी वन्ने प्रयास हो भनेर नानायरीको लान्छना लगाउन मिल्ने ठाउँ रहन्थ्यो। तर जो जनताको माझमा अरू सांसदहरूको साथमा आफू पनि होमिन तत्पर हुन्छ उसलाई सर्वसत्तावादी भनी दोष लगाउने कुरा पनि विडम्वनापूर्ण नै छ। रिट निवेदकहरूले संवैधानिक सर्वोच्चताको वारेमा निकै जोड दिनु भएको छ। यो कुरा ठीक पनि हो, तर जति जति संविधानको सर्वोच्चताको वारे बोध वृद्धि हुन्छ उति उति संविधानकै एक प्रावधानको रूपमा रहेको धारा ५३ (४) को उच्चता पनि बढ्दै गएको महसूस हुनु पर्दछ। संविधान सर्वोच्च पदमा रहने एउटा प्रावधान चाहिं निकृष्ट श्रेणीमा रहने भन्ने कुरा कदापि युक्तिसंगत ठहरिन सक्दैन।

६. वैकल्पिक सरकार गठन हुनसक्ने सम्भावना रहेसम्म ५३ (४) कार्यान्वयन हुन सक्छ वा सक्दैन ?

गत सालको विघटनसम्बन्धी मुद्दामा श्री सर्वोच्च अदालतवाट भएको आदेशमा व्यक्त बहुमतको रायवाट के निष्कर्ष निकाल्न सकिन्छ भने, प्रधानमन्त्री धारा ३६ (७) अन्तर्गत काम चलाउ स्थितिमा पुगेपछि अर्को वैकल्पिक सरकार गठन गर्नेतर्फ प्रयास भई सो गठन हुन नसकेकोमा सिफारिशअनुसार विघटन हुन सक्दछ। वर्तमान केसमा सो स्थिति छैन। प्रधानमन्त्री धारा ३६ (७) अन्तर्गतको स्थितिमा पुगेपछि विघटन भएको होइन कि, विघटनको परिणामस्वरूप ३६ (७) को स्थितिमा पुग्नु भएको हो।

वैकल्पिक सरकार वन्नसक्ने वा नसक्ने भन्ने कुरा विघटनको निर्णय हुनुभन्दा अगाडि विचार गरिने कुरा हो। रिट निवेदकहरूले २०५२।२।२६ गते सिफारिश भएको मितिपश्चात् राजदरवारमा बहुमतको वैकल्पिक सरकार वन्न सक्ने मात्र होइन कि भावी प्रस्तावित प्रधानमन्त्रीको नाम समेत उल्लेख गरी जाहेरी तथा विन्तिपत्रहरू २०५२।२।२८ र २०५२।२।२९ मा चढाउनु भएको कुरा उल्लेख गर्नु भएको छ। श्री शेरवहादुर देउवालाई भावी प्रधानमन्त्री स्वरूप प्रस्तावित गरेको भनिएको २०५२।२।२९ गतेको विन्तिपत्र त मैले हेर्न पाएको छैन। तर वैकल्पिक सरकार गठन गर्न सहमति भएको भनी लेखिएको २०५२।२।२८ को जाहेरीको प्रतिलिपि भने रिट निवेदनसाथ दाखिल भएको पाइन्छ। यसरी दिइएको जाहेरी तथा विन्तिपत्रहरूको ग्राह्यता कति हुन्छ वैधता कति हुन्छ भन्ने कुरा त आफ्नो ठाउँ मा छदैछ। तर विश्वासपूर्ण अनुमान गर्न सकिने कुरा चाहिं के रहन्छ भने विघटनको निर्णय गर्नुभन्दा पूर्व श्री ५ बाट ती विन्तिपत्र र जाहेरीमा उल्लेखित कुराहरूमा पनि विचार गरिएकै होला। त्यस्तै अर्को वैकल्पिक सरकार वन्न सक्ने वा नसक्ने भन्ने कुराको निष्कर्षमा पुग्ने कार्य पनि श्री ५ बाट नै सम्पादित हुने हो। वस्तुनिष्ठ गणितीय संरचनाको आधारमा सरकार वन्न सक्ने कुरा अर्थात् संविधानको धारा ३६ (१) तथा धारा ४२ (२) अन्तर्गत सरकार वन्दाको प्रधानमन्त्री हुन सक्दछ भन्ने कुरा अदालत स्वयंले पनि देख्न अदालत स्वयंले पनि देख्न सक्ला तर धारा ४२ (१) अन्तर्गतको प्रधानमन्त्री नियुक्ति हुन सक्ने स्थिति छ वा छैन भनी मूल्यांकन गर्ने अभिभारा त श्री ५ मा नै निहित रहने

कुराको त संविधानले नै व्यवस्था गरेको छ। यहाँ निर संक्षेपमा यति कुरा पनि भनिहालौं कि, धारा ५३ (४) मा प्रयोग भएको विघटन गर्न सकिवक्सनेछ, भन्ने वाक्यांशले श्री ५ मा विघटनको सिफारिश स्वीकारै गर्नुपर्ने वाध्यता (mandatory) छैन। अपितु धारा २७ (३) को व्यवस्थासँ ग अनुमिलन हुने गरी तजविजी (स्वीकार नगर्ने पनि) अधिकार छ भन्ने अर्थ बोध गराउँ दा विघटनको निर्णय सिर्फ सिफारिशमा मात्र आधारित छ र अरू कुनै कुराको विचार भएको छैन भनी अनुमान गर्न मिल्दैन। संविधानको धारा ३१ को व्यवस्थाले गर्दा यकीन्तः कसैले पनि ठोकुवा गरेर भन्न सक्ने कुरै भएन।

७. प्रधानमन्त्रीको सिफारिश दुराशययुक्त वा इतर कारणवाट अभिप्रेरित देखिन्छ वा देखिदैन ?

यस विवादतर्फ विचार गर्दा सर्वप्रथम मेरो मनमा राजनीतिक निर्णय वैधता (Legitimacy) सम्म मात्र जाँ च्ने अदालतको अधिकारको गहिराई कति हुन्छ भन्ने बारेमा नै स्पष्ट धारणा निर्माण हुनुपर्छ भन्ने लाग्छ। विघटनको सिफारिश गर्ने र विघटन हुने वा नहुने दुवै निर्णय विशुद्ध राजनीतिक निर्णय हुन्। संविधानको धारा ५३ (४) मा प्रधानमन्त्रीको सिफारिश गर्ने अधिकारमा कुनै शर्त वा पूर्वावस्थाको व्यवस्था गरिएको देखिदैन। विघटनको निर्णयकर्ताले निर्णय गर्दा भने प्रधानमन्त्रीको सिफारिशको विद्यमानतालाई पूर्वशर्तको रूपमा प्रतिस्थापित गरेको पाइन्छ। धारा ५३ (४) को अर्को महत्त्वपूर्ण व्यवस्था के छ भने, विघटनको निर्णय सायसायै नयाँ प्रतिनिधिसभाको निर्वाचन मिति (६ महिनभित्रै हुने गरी) तोकिएको हुनुपर्छ। यस अवस्थामा विघटन प्रधानमन्त्रीको सिफारिशको आधारमा भएको छ छैन वा विघटन हुने निर्णयका सायसायै आगामी निर्वाचन मिति तोकिएको छ वा छैन सो तोकिएको मिति ६ महिनाभित्र परेको छ वा छैन भनी अदालतले हेर्न पाउने र तीमध्ये कुनै एक, दुई वा तीनै कुरा भएको देखिदैन भने विघटनको निर्णय अदालतद्वारा वदर हुन सक्ने कुरामा त दुई मत हुनसक्ने स्थिति म देख्दिन। किनभने ती तीन मध्ये कुनै एक कुराको अभावमा भएको विघटन विस्तिर्णता (patemly) अधिकारातीत (ultra-vires) भैहाल्छ।

अब विघटनको सिफारिशको वैधताको न्यायिक पुनरावलोकनको परासबारे विचार गरौं। संविधानको धारा ५३ (४) मा प्रधानमन्त्रीको विघटनको लागि सिफारिश गर्ने कुरामा कुनै पूर्व शर्त वा वन्देज राखिएको छैन। र यिनको अभावमां कुन कारणको विद्यमानतालाई औल्याई इतर कारण भयो भनी संभने। प्रधानमन्त्रीको विघटनको लागि सिफारिश गर्ने अधिकारको सिद्दान्तवारे माथि प्रकरण ५ मा विवेचना गरिसकेको छु। सिफारिशको एक मात्र उद्देश्य जनमतमा जानु हो। जनमतमा जानु नपर्ने गरी विघटनको सिफारिश गर्न मिल्ने स्थिति हो त नियत, आशय र हेतुका धेरै कुराहरू प्रासंगिक अनु आउँ ये होलान्। दुराशय (malafide) को धारणा (concept) सम्बन्धी सिद्दान्त (theory) तथा तत्सम्बन्धी विभिन्न मुलुकहरूका अदालती फैसलाहरू हेर्दा दुराशय तत्व प्रशासकीय काम कारवाही र निर्णयहरूको सन्दर्भमा यथेष्ट सामग्रीहरू भेटिन्छन् तर राजनीतिक निर्णयको विषयमा कुनै ठोस सिद्दान्त वा नजिरहरू भेटाउन साह्रै मुश्किल पर्नेरहन्छ। एक त संसद विघटनवारे अदालतमा चुनौती गरिएको उदाहरण नै ज्यादै थोरै मात्र पाइन्छन्। उसमा पनि विघटनका पूर्वावस्था राखिएकोमा (e.g. - Pskistan को नवाज शरिफको केस वा भारतको संविधानको धारा ३५६ अन्तर्गत राज्यसभा भंग गरिएको Bomai को जस्तै case हरू) वाहेक प्रधानमन्त्रीको सिफारिशमा भएको विघटन

अदालतले वदर गरेको नजीर भेट्टाउन मेरो लागि प्राय: असम्भव भएको छ। भारतमा Charan Singh को सिफारिशमा भएको सिफारिशलाई लिएर Calcutta high Court and Delhi High Court मा मुद्दा परेका थिए। तर ती दुवै खारेज भएका छन्। कुनै पनि कानूनी वा संवैधानिक पदाधिकारीले गरेको कार्य दुराशययुक्त प्रमाणित हुन्छ भने वदरभागी हुन्छ भन्ने उल्लेख गरिएका नजीरहरू त प्रशस्त पाईन्छन् तर विघटनको सिफारिश जस्तो पूर्वशर्त नराखिएको र उद्देश्य नकिटिएको राजीतिक निर्णयको सम्बन्धमा दुराशययुक्त हो होइन भनी जाँ च्ने कसी (Touch stone) के हुन सक्दछ भन्ने स्पष्ट मार्गदर्शन चाहिं मैले भेट्टाउन सकेको छैन।

यसै सन्दर्भमा म एउटा कुरा के भन्न चाहन्छु भने, माथि मैले प्रकरण ६ को अन्तमा उल्लेख गरेजस्तै धारा ५३ (४) मा प्रयोग भएको गर्न सकिवक्सने छ भन्ने शब्दको सिफारिश बाध्यात्मक हुँ दैन, श्री ५ बाट स्वविवेक प्रयोग गरी सिफारिश स्वीकार वा इन्कार दुई मध्ये एक कुरा गर्न स्वतन्त्र होइवक्सन्छ भन्ने अर्थ हो भने, सिफारिशमा दुराशयको दाग भए नभएको विचार गर्ने कुरा पनि श्री ५ को तजविजी अधिकारको दायराभित्र जान्छ। सिफारिश बाध्यात्मक हो भने मात्र त्यसमा टासिएको सबै दागहरू विघटनको निर्णयले पनि बोकेको संझन मिल्ने ठाउँ रहन्छ। यस कुरामा अदालतबाट गहिरो विचार हुनु वान्छनीय देखेको छु।

राजनीतिक दुराशयको चरित्र र आयाम जस्तोसुकै हुन सक्ने भए पनि प्रस्तुत केसमा प्रधानमन्त्रीको सिफारिश दुराशयप्रेरित छ भन्ने दोष लगाउन सक्ने ठाउँ मैले भेट्टाउन सकिने, प्रमाणित हुने कुरा त परै जाओस्। रिट क्षेत्रबाट प्रमाण बुझेर निष्कर्षमा पुग्ने कुराको गुन्जाइस कति हुन्छ, त्यसबाट त मैले विस्तृत निवेदन गर्नुपर्ने आवश्यकता देखिदैन । अन्तमा, म के निवेदन गर्न चाहन्छु भने, राजनीतिक विषयसँ ग गांसिएको संवैधानिक वा कानूनी प्रश्नको निरूपण गर्ने दौरानमा अदालतले बडो गम्भीर सतर्कता अपनाउनु पर्ने हुन्छ। कहिले काहीं कुनै प्रश्नको राजनीतिकस्वरूप कहाँ सम्म गएको छ र कानूनी प्रश्न कुन कुरासँ ग जोडिएको छ भनी छुट्याउन धेरै वौद्धिक व्यायाम गर्नुपर्ने हुन्छ। सो व्यायाममा सम्बन्धित कानून व्यावसायीहरूले पूर्ण सहयोग गर्नु उनीहरूको कर्तव्य नै हो।

राष्ट्रपतीय शासन भएको संयुक्त राज्य अमेरिकाको संविधान हाम्रोभन्दा बेग्लै प्रकारको भए पनि राजनीतिक प्रश्नमा अदालत अलमलिनु हुँ दैन भन्ने कुरामा त्यहाँ का सर्वोच्च अदालतले पनि धेरै घत लाग्दा कुराहरू बोलेको मैले पाएको छु, त्यस्तै भारतको अदालतले पनि। मौखिक वहसको क्रममा मैले अध्ययन गरेको सामग्रीहरूको Reference दिने नै छु।

मैले यति निवेदन गर्नुपरेको तात्पर्य के हो भने, कुनै पनि देशको संविधानको स्वरूपमा निर्माण हुँ दाको अवस्थामा विद्यमान Political equation को ठूलो छाप परेको हुन्छ र संविधान केही मौलिक Political faith मा आधारित हुन्छ जस्तो संकेत हाम्रो संविधानको प्रस्तावनाले पनि दिएको पाइन्छ । तर अफसोच के कुरामा लाग्छ भने व्यवहारगत राजनीतिमा अन्तरक्रिया गर्दा Politician हरुले त्यस्तो परिकल्पित राजनीतिक विश्वास (Political faith) लाई उपेक्षा गरेको पनि पाइन्छ। फलत: धेरै राजनीतिक समस्याहरूको सृष्टि हुन थाल्दछ। त्यस्ता समस्या सृष्टिहरूमा आपना गलत भूमिका कुन

हदसम्म जिम्मेवार छ भन्नेतर्फ विचार गरी त्यसमा सुधार गर्ने प्रयासतर्फ नलागी राजनीतिक प्रतिद्वन्द्वीमाथि सारा दोष थुपार्ने अथवा अदालतको निरूपण सीमाको वेवास्ता गरी सो निकायले नै सबै समस्या समाधान गरिदियोस् भन्ने आकांक्षा राख्ने अथवा अदालतबाट सो आंकाक्षा पूरा भएन भने संविधानमै दोष रहेछ भनी propoganda गर्ने इत्यादि प्रवृत्तिहरू विकसित हुन थाल्दा रहेछन्। अदालत लगायत संवैधानिक निकायहरूले यस्ता अवान्छित प्रवृत्तिहरूको चाप र दवावको प्रतिरोध गर्नुपर्ने बोझ गरूझो हुदै जाने भए पनि कमसेकम अदालतले त आफ्नो संयम र निस्पक्षता गुमाउँ दैन भन्ने कुरामा नै अदालतप्रतिका जनविश्वास टिकेका हुन्छम्। राजनीतिक व्यक्तिहरू त आउँ छन् जान्छन् तर तीद्वारा सृजित राजनीतिक विवादका निपटारा गर्ने जमर्को गरेर अदालत कहिल्यै पनि अल्पकालिक दृष्टि बनाएर देशहितको दीर्घकालीन सपना प्रतिविम्वित गर्ने संविधानलाई तार्दार्यक (ad hoc basis) मा लगत व्याख्या गरेर कुरूपता प्रदान गर्दैन भन्ने अटल विश्वमा नै संविधान निर्माताले न्यायपालिकालाई अति ठूलो महत्त्वपूर्ण स्थानमा राखेको हुन्छ।

<u>बहसनोट प्रस्तुतकर्ता</u>

(कृष्णप्रसाद पन्त)
वरिष्ठ अधिवक्ता
प्रमाणपत्र संख्या –२४

श्री सर्वोच्च अदालत
विशेष इजलाश समक्ष चढाएको
वहस नोट

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी,
प्रधानमन्त्रीको कार्यालय, सिंहदरवार, काठमाडौं .... प्रत्यर्थी पक्ष

विरूद्ध

१. श्री शेरवहादुर देउवा,
२. श्री लोकेन्द्र वहादुर चन्द,
३. श्री चिरञ्जीवी वाग्ले,
४. श्री गजेन्द्रनारायण सिंह,
५. श्री रविराज भण्डारी,
६. श्री प्रकाश घिमिरे,
७. श्री आमोद पोखेल समेत .....

निवेदकहरू
विपक्षीहरू

प्रत्यर्थी सम्मानीय प्रधानमन्त्रीज्यूको कानून व्यवसायीहरू मध्ये म पनि एक कानूनव्यवसायी भएकोले प्रस्तुत वहसनोट पेश गरेको छु। महान्यायाधिवक्ता श्री सर्वज्ञरत्न तुलाधरज्यू र वरिष्ट अधिवक्ता श्री कृष्णप्रसाद पन्तज्यूले विस्तृतरूपमा पक्षको तर्फबाट वहसनोट प्रस्तुत गर्नु भइसकेकोले सम्मानित विशेष इजलास समक्ष पक्षको आफूले वहस गर्न सोचेको केही विवादको विन्दूहरूमा (Points at issue) मात्र संक्षेपीकृत वहसनोट पेश गरेको छु। विस्तृत व्याख्या र वहस पुष्टिका प्रमाणहरू वहस गर्दाका समयमा पेश गर्ने नै हुंदा यसमा संलग्न गरिएको छैन। विपक्षीहरूले आफ्नो निवेदन जिकीरहरूमा मुख्यतया राजनितिक सवालहरू उठाएकोले उक्त राजनीतिक सवालहरू सम्मानित अदालतमा न्यायिक विवेचनाको विषय हुन नसक्ने हुंदा ती सवालहरूको जवाफ प्रस्तुत वहसनोटमा दिइएको छैन्। सारभूतरूपमा सम्मानित अदालतबाट निम्न बमोजिम संवैधानिक प्रश्नहरूको सम्वन्धमा निर्णय प्रतिपादित गर्नुपर्ने अवस्था रहेको देखिन्छ।

१. संविधानको धारा ५३(३) तथा ५३(४) परस्पर परनिस्कासित (Mutually exclusive) प्रावधान हुन वा होइन ?
२. धारा ५३(४) अन्तर्गत प्रधानमन्त्रीलाई प्राप्त संसद विघटनको विशेषाधिकार (Privilege) शर्तवन्धित रहेको छ वा छैन ?
३. धारा ५३(४) को प्रधानमन्त्रीको विशेषाधिकार वैकल्पिक सरकार वन्न सक्ने परिस्थितिको अधिनस्थ संवैधानिक व्यवस्था हो वा स्वाधिन व्यवस्था हो।

४. कुनै अधिकार वा सुविधा एकपटक परित्याग गरीसकेपछि पुनः अनुकूल परिस्थिति सृजना भएमा त्यस्तो अधिकारमाथि दावि गर्न सकिन्छ वा सकिन्न ? यस परिप्रेक्ष्यमा ४२(१) को सरकार बनाउन नसक्ने गरी ४२ (२) को सरकार बनाउन बाटो खुल्ला गर्ने प्रतिनिधि सभाको कुनै सदस्यले पुनः वैकल्पिक सरकार बनाउने माग राख्नु संविधान अनुकूल हुन्छ वा हुदैन ?

५. ४२(२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीका अधिकार, उन्मूक्ति, विशेषधिकार तथा शक्तिहरूको भिन्नै व्यवस्था संविधानले गरेको छ वा छैन ?

६. ५३(३) अन्तर्गत संसदको समावेदन भइसकेको अवस्थामा ५३(४) को प्रयोग गर्दा वदनियत वा प्रतिशोधात्मककार्य हुन्छ वा हुदैन ?

कार्यपालिकाको शक्तिको आधार राजनीतिमा रहेको हुन्छ। राजनैतिक प्रक्रिया बमोजिम मात्र कार्यपालिकाको निर्माण हुन्छ र ५३(४) के संसदको विघटनको प्रक्रिया भनेको राजनैतिक क्रिया नै हो जसबाट सरकारले मतदातालाई अधिकारको प्रयोग गर्न क्रियाशील गर्दछ र यसबाट राजनैतिक दलहरूले सरकार बनाउने वा विपक्षमा रहने जनादेश प्राप्त गर्दछन्। यसरी निर्वाचन जनाधिकार प्रयोगको राजनैतिक प्रश्न भएका कारणले नै संविधानले यस्ता प्रश्नहरूको निर्णय कार्यपालिकालाई नै छोडेको हुन्छ र न्यायपालिकाले यस्ता प्रश्नको निरोपणबाट आफूलाई अलग राख्दछ, जुन कानून शास्त्रमा (Judicial self-restraint) को सिद्धान्तको नामबाट सुपरिचित रहेको छ।

५३(४) बमोजिम संसदको विघटन गर्ने सिफारिश राजनैतिक निर्णय हो भन्ने कुरामा विवाद छैन। विवाद कै मा पनि छैन भने राजनैतिक प्रश्नहरूको निरोपण न्यायलयबाट हुदैन। यस सम्बन्धमा प्रष्ट सिद्धान्तहरू प्रतिपादित भईसकेका छन्। उक्त सिद्धान्तहरूको बारेमा केही छलफल गर्नु सान्दर्भिक नै हुनेछ।

संविधानको धारा ५३(४) बमोजिम प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभाको विघटन गर्ने कार्य प्रधानमन्त्रीले प्रयोग गर्ने कार्यकारिणी अधिकार (Executive power) हो जुन राजनीतिक उद्देश्यको आधारमा प्रयोग गरिएको हुन्छ। शक्ति पृथकीकरणको सिद्धान्त अपनाइएको नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम यस्तो कार्यकारिणी कार्यमा अदालतले प्रवेश गर्न मिल्दैन। प्रतिनिधि सभाको विघटन राजनीतिक कारणले गरिन्छ। राजनीतिक कारणहरूमा न्यायिक छानवीन गर्नसकिने कुनै मापदण्ड हुदैनन्। संविधानको धारा ५३(४) मा उल्लेखित प्रधानमन्त्रीको सिफरिशलाई न्यायिक जाचबुझ वा पुनरावलोकन गर्न सकिने कुनै वस्तुनिष्ट आधार हुदैन प्रधानमन्त्रीको सिफारिस र सोको आधारमा श्री ५ बाट गरिएको विघटनको निर्णय न्यायिक पुनरावलोकनको विषयवस्तु हुन सक्दैन। संविधानको धारा ३१ को आधारमा पनि प्रस्तुत विषयमा अदालती छानवीन एवं निर्णय हुन सक्दैन।

सर्वमान्य प्रजातान्त्रिक प्रणाली अनुरूप हाम्रो संविधानले पनि राज्यप्रमुख श्री ५ लाई कानूनी उन्मुक्तिको व्यवस्था धारा ३१ ले गरेको छ। श्री ५ ले प्राप्त गरी बक्सेको कानूनी उन्मुक्तिकै आधारमा विपक्षी निवेदकहरूले श्री ५ लाई विपक्षी बनाउन पाएनन्। सम्माननीय प्रधानमन्त्रीज्यूले श्री ५ समक्ष चढाएको सिफारिश राज्यको हितको कारणबाट गोप्य रहनुपर्ने हुन्छ। संविधानको धारा ३५ (६) मा श्री ५ मा यस संविधानबमोजिम मन्त्रिपरिषद वा अन्य कुनै सल्लाह या सिफारिश चढाएको छ वा छैन वा के कस्तो

सल्लाह वा सिफारिश चढाएको छ भन्ने प्रश्न कुनैपनि अदालतमा उठाउन पाईने छैन भन्ने प्रावधान छ। सम्माननीय प्रधानमन्त्रीले चढाउनु भएको सिफारिश र सिफारिशको व्यहोरा धारा ३५(६) अन्तरगत प्राधिकृत दस्तावेज (Privilleged communication) अन्तर्गत पर्ने भएकोले न्यायिक पुनरावलोकनको विषय वन्न सक्दैन। राधेश्याम अधिकारी विरूद्ध श्री ५ को सरकारको मुद्दामा सम्माननीय सर्वोच्च अदालतले सिद्धान्त प्रतिपादन गरीसकेको छ।

न्यायिक निकायले कार्यकारिणी तथा विधायिका निकायहरूलाई गरिएको शक्तिको वाँडफाँडलाई प्रभावित गर्नेगरी कुनै प्रश्नहरूको निर्णय गर्नु हुँदैन।

संविधानको धारा ५३(४) सरकार प्रमुखको हैसियतले प्रधानमन्त्रीलाई प्रदान गरिएको विशेषशक्ति (Privilege) हो भन्ने कुरामा विवाद छैन। यस्तो शक्तिको प्रयोग गर्ने पूर्णत: अख्तियार प्रधानमन्त्रीलाई प्राप्त हुन्छ। यो शक्तिको प्रयोग गर्नु उचित छ वा छैन भनि निर्णय लिने अन्तिम अख्तियार प्रधानमन्त्रीलाई प्राप्त छ। यसर्थ यस्तो राजनैतिक विवेकद्वारा निर्देशित भई गरिने निर्णयको "Reasonability" को परिक्षण गर्ने अधिकारक्षेत्र अदालतले ग्रहण गर्दछ भने त्यसबाट राज्यका कार्यकारिणी तथा विधायिकी अंङ्गहरूका विचमा भएको शक्तिको वाँडफाडमा प्रतिकूल अवस्था सृजना हुन जान्छ। यस सम्वन्धमा Gold water V. Carter को मुद्दामा अमेरिकी सर्वोच्च अदालतको निर्णयको केही अंशहरू उल्लेख गर्नु उचित हुने छ।

"Judical Branch should not decide issue affecting the allocation of power between the president and congress until the political branches reach a constitutional branches" otherwise, we would encourage small groups or even individual members of congress to seek judicial resolution of issue before the normal political process has the opportunity to resolve the conflict " (Justice power -Normal Reddish. Constitutional Law II ed. case and material series P. 54)

अव प्रश्न उठ्छ के प्रधानमन्त्रीज्यूको धारा ५३(४) को प्रयोगवाट मन्त्रिपरिषद तथा प्रतिनिधि सभाको वीचमा संवैधानिक संकटको स्थापना भएको छ त ? स्पष्ट रूपमा कुनै किसिमको संवैधानिक संकटको स्थिति सृजना भएको छैन। स्वयं निवेदकहरूले यी दुई निकायको वीचमा भएको शक्तिको वाँडफाँडमा संवैधानिक संकट सृजना भएको छ भनि भन्न पनि सक्नु भएको छैन। निवेदकहरूको जोड त प्रधानमन्त्रीको सिफारिशवाट "वैकल्पिक सरकार वन्न सक्ने अवस्था कुण्ठित भयो" भन्ने रहेको छ। मिति २०५२।२।२६ गते प्रधानमन्त्रीले श्री ५ समक्ष संसद विघटनको सिफारिश चढाउनु भएको छ भने, मिति २०५२।२।३० गते श्री ५ वाट सिफारिशलाई स्वीकृती वक्स हुँदै संसदको विघटन भएको घोषणा गरी वक्सेको छ। श्री ५ वाट यो सिफारिशलाई स्विकारगरी संसद विघटन किन र कसरी गरीवक्सेको हो भन्ने प्रश्न उठ्न सक्ने अवस्था संविधानको धारा ३५(६) वमोजिम रहेको छैन। स्वाभाविक रूपमा प्रधानमन्त्रीज्यूले राजनैतिक निर्णयको रूपमा सिफारिश चढाउनु भएको छ र कार्यकारी निकायको प्रमुखको हैसियतले श्री ५ वाट सिफरिश स्वीकार गरी संसदको विघटन गरिवक्सेको छ। यसर्थ कुनै किसिमको संवैधानिक संकट (Constitutional impase) सृजना भएको छैन।

श्री ५ बाट संसदको विघटन भएपछि निवेदकहरूमध्ये शेरवहादुर देउवा, चिरञ्जीवी बाग्ले, लोकेन्द्र वहादुर चन्द तथा गजेन्द्रनारायण सिंह रहेका राजनैतिक दलहरूले निर्वाचन आयोग समक्ष आ-आफ्ना दलहरू दर्तागरी निर्वाचनको प्रक्रियामा आफूलाई सरिक गराईसक्नु भएको छ। निवेदकहरूको यस क्रियालाई सम्मानित अदालतले "न्यायिक जानकारी" म लिन सक्ने अवस्था छ। यसरी जुन उद्देश्यबाट संसदको विघटन भएको छ त्यही उद्देश्यभित्र उपरोक्त निवेदकहरू आधिकारीक हैसियतबाट समाहित भइसकेको अवस्थामा प्रधानमन्त्रीज्यूको ५३(४) को विशेषशक्तिको प्रयोगबाट कुनै किसिमको "संवैधानिक संकटको" सृजना नभएको वस्तुनिष्ट आधार विद्यमान भएको हुंदा संसदको विघटनको सामान्य राजनैतिक प्रक्रियालाई अदालतले संवैधानिक वा असंवैधानिक भनि निरोपण गर्नुपर्ने अवस्था नै नरहेबाट "Non-justifiability" को आधारमा नै रिट निवेदन खारेजभागी रहेका छन् भन्ने निस्कर्षमा सहजै पुग्न सकिन्छ। Gold Water V. Carter को मुद्दामा अमेरिकी राष्ट्रपति कार्टरले ताईवानसंगको सन्धी खारेज गरेको कुराले राज्यको सर्वोच्च कानून परिवर्तनमा "कंग्रेस" ले खेल्ने भूमिकाको अपहरण गरिएको दावी लिदै "कंग्रेस" का केही सदस्यहरूले सर्वोच्च अदालतमा निवेदन दायर गरेका थिए।

Justice powell तथा Justice marshall को रायसंग केही असहमती व्यक्त गर्दै Justice Rehnquist ले अमेरिकी सर्वोच्च अदालतले Baker V.Carr मुद्दामा प्रतिपादित तीनवटा आधारहरूको समिक्षा गरेपछि मात्र कुनै प्रश्न राजनैतिक प्रश्न हो वा होइन भन्ने निस्कर्षमा पुग्नुपर्ने मत राख्नु भएको छ। Justice Rehnquits के मतमा Political-Question-Doctrine मा तिनवटा प्रश्नहरू समाहित रहेका हुन्छन्।

(क) Deos the issue involve resolution of questions committed by the Text of the constitution to a coordinate branch of government ?

(ख) Would resolution of the question demand that a court move beyond areas of judicial expertise ?

(ग) Do prudential considerations counsel against judicial intervention (ऐ.ऐ. पेज ५५)।

यी तीनवटा प्रश्नहरूको आधारबाट मूल्यांकन गर्ने हो भने पनि निवेदन न्यायिक निरोपणको विषय होइन भन्ने प्रष्ट छ। संविधानले नै कुनै प्रश्नको निरोपणको विषय होइन भन्ने प्रष्ट छ। संविधानले नै कुनै प्रश्नको निरोपण अदालतले गर्ने भनि तोकिएको छ भने त्यस्तो अवस्थामा राज्यका निकायहरू बीचका शक्तिहरूको मूल्यांकन न्यायलगले गर्न सक्छ भनी मान्ने हो भने पनि संविधानको धारा ८८(१) (२) लाई हेर्नपर्ने हुन्छ। धारा ८८ (१) ले कुनै कानून संविधानसंग वाझिएको छ भने, त्यसको खारेजीको लागि सम्मानित सर्वोच्च अदालतमा न्यायिक पुनरावलोकनको उपचारको प्रवेश गर्न सकिन्छ। अर्थात् सर्वोच्च संविधानको भाग ३ अन्तर्गत मौलिकहकको प्रचलन तथा अन्य उपचार तथा प्रयाप्त उपचार नभएका विषयमा सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गर्न सकिन्छ। धारा ८८(१) (२) का व्यवस्था बाहेक राज्य २ निकायहरू बीचका प्रश्नहरूको न्यायिक पुनरावलोकन गर्ने "ग्रन्थीय प्रतिवद्धता" (Textual commitment) संविधानमा रहेको छैन। यसरी Texutual commitment को अभावमा राजनैतिक प्रश्नको न्यायिक पुनरावलोकन गर्ने कार्य न्यायपालिकाले गदैन। यसका अतिरिक्त विवादित प्रश्नले यसको समाधानको लागि "न्यायिक विज्ञता" (Judicial Expertise)

भन्दा बाहिर जानुपर्ने स्पष्ट देखिन्छ जुन अवस्थामा न्यायलयले आफूलाई न्यायिक पुनरावलोकनको कार्यवाट वाहिर राख्नु पर्दछ। धारा ५३(४) को प्रयोग गर्ने निर्णयगर्दा प्रधानमन्त्रीले के कारणवाट प्रभावित भए, कसको सल्लाहवाट यस्तो निस्कर्षमा पुगे र श्री ५ लाई सिफारिश स्विकार गरीवक्सनका लागि कस्ता आधारहरू प्रस्तुत गरे भन्ने कुराहरू "न्यायिक विज्ञता"का कुराहरू होइनन् नितान्त राजनैतिक कुराहरू हुन। अदालतले यस्ता प्रश्नहरूको औचित्यताको न्यायिक पुनरावलोकन गर्दैन। जहाँसम्म विवेकयुक्त सोचाईवाट न्यायिक हस्तक्षेप गर्नु उचित छैन भन्ने अठोट अदालतले गर्दछ भने त्यस्तो अवस्थामा पनि राजनैतिक प्रश्नको न्यायिक पुनरावलोकन गर्ने कार्य अदालतले गर्दैन। "विवेकयुक्त सोचाई" भन्नाले वस्तुनिष्ठ कारणहरूवाट निकालीएको निस्कर्ष हो भन्ने कुरामा विवाद छैन। यस अर्थमा धारा ५३(४) को प्रधानमन्त्रीको विशेषाक्तिलाई नियन्त्रण गर्नाले संविधानले ग्रहण गरेको संरक्षण तथा सन्तुलनको आधार नै आघातित हुने खतरा भएवाट प्रस्तुत विवादमा न्यायिक निरोपणको आवश्यकता नपरेको स्पस्ट छ। यसरी Beker V. Carr को मुद्दामा प्रतिपादित राजनैतिक प्रश्नको न्यायिक पुनरावलोकन सम्बन्धी तीनवटा आधारहरूका परिप्रेक्ष्यमा समेत प्रस्तुत विवाद न्यायीक पुनरावलोकन हुन राजनैतिक प्रश्न भएका कारणले Non-justifiability को आधारमा खारेज मागीरहेको छ।

माथि उल्लेखित Gold Water V.Carter को मुद्दामा Justice Rehnquist ले विवेदीत राजनैतिक प्रश्नलाई उपरोक्त तीनवटा आधारमा मूल्यांकन गर्दै "राष्ट्रपतिले सन्धी गर्ने तथा खारेज गर्ने प्रश्न राजनैतिक प्रश्न" भएको निस्कर्ष निकाल्नु भयो। उहाँको विचारमा त्यस विवादमा संविधानको प्रावधानहरूले नै न्यायीक पुनरावलोकनका लागि अधिकार तोकेको छैन र यसका अतिरिक्त यो राजनैतिक प्रश्न न्यायीक मान्यता र मापदण्डभित्र रहेरमात्र निरोपण हुन सक्दैन। "I am of view that the basic question presented by the petitioners in this case is "Political" and therefore non justifiable because it involves the authority of the President in the conduct of our country's foreign relations and the extent to which the senate or the congress is authorized to negate the action of the President" गर्ने अख्तियार "Senate" लाई छ भन्ने स्विकार गर्दै, त्यो कार्य "Senate" ले गर्ने हो अदालतले होइन भन्ने सिद्धान्त प्रतिपादित गरेको छ। यो निर्णयगर्दा यस किसिमका राजनैतिक प्रश्नको न्यायिक पुनरावलोकन अदालतले गर्दैन। यस सिद्धान्तलाई आधारमानी हेर्ने हो भने पनि कार्यकारिणी निकाय तथा विधायिकी निकाय विचको शक्तिको विधाजनको सम्बन्धमा संविधानले अदालतबाट न्यायिक पुनरावलोकन हुनेभनि "ग्रन्थिय वचनवद्धता" (Textual Commitment) भएकोमा वाहेक अदालतबाट न्यायिक पुनरावलोकन नहुने स्पष्ट छ। अब ५३ (४) को विशेषक्ति प्रयोग गरी संसदको विघटन गर्ने सिफारिश गर्दा त्यसको औचित्यता, आधार वा शर्तहरूको सम्बन्धमा न्यायिक पुनरावलोकन गर्ने अख्तियार सर्वोच्च अदालतलाई छ भनि संविधानमा नै कुनै व्याख्या नभएको स्पष्ट छ। यस्तो अवस्थामा निवेदकहरूले उठाएका प्रश्नहरू "Non-Justiciable" भएको कारणले क्रियाशिल नहुने स्पष्ट छ।

न्यायिक पुनरावलोकनका आधारहरू सीमांकित छन् –

आधुनिक समाजमा राज्यको न्यायिक व्यवस्थापनका लागि न्यायपालिकाको अतिनै महत्वपूर्ण भूमिका रहेको हुन्छ। यसकुरालाई कसैलेपनि इन्कार गर्न सक्दैन। तरपनि

राज्यका राजनैतिक क्रियाकलापहरू नीतिगत विषयहरूमा अदालतले आफूलाई टाढा राखेको हुन्छ। यद्यपी न्यायिक पुनरावलोकनको सन्दर्भमा न्यायपालिकाले वारम्वार यस्ता परिस्थितिको सामना गर्नु पर्ने हुन्छ। यस सन्दर्भमा अमेरिकी न्यायमूर्ति Gibson ले Eakin V. Raub को मुद्दामा गरेको रायको एकअंश यहाँ उल्लेख गर्नु वान्छनिय देखिन्छ "But the Judges are sworn to support the constitution and are not they bound by it as the law of the land ? In some respects they are. In the very few cases in which the Judiciary, and not the legislative is the immediate organ to execute its provisions, they are bound by it in preference to any act of assembly to the contrary in such a cases the constitution is a rule to the Courts. But what I have in view of this inquiry, is, the supposed right of the judiciary, to interfere in cases where the constitution is to be carried into effect through the instrumentality of legislature, and where that organ must necessarily first decided on the constitutionality of its own act" - (Edward L. Barractt: constitutional Law & 8th . cases and materials -P. 36) न्यायमूर्ति Gibson को उपरोक्त भनाई वमोजिम न्यायमूर्तिहरू संविधानप्रति सपथ लिएका हुन्छन्। त्यसैले कुनै कार्यको न्यायीक पुनरावलोकन गर्दा सर्वप्रथम उनीहरू आफ्नै कार्यको वैधानिकताप्रति विश्वस्त रहन्छन् अर्थात सचेत रहन्छन्। यसैकारण न्यायिक पुनरावलोकनको पहिला सिमाको रूपमा संविधानको पालना रहेको हुन्छ। यसर्थ संविधानको संरक्षण गर्नु नै न्यायलयको कर्तव्य हुन्छ भन्ने कुरामा विवाद छैन। संविधानको संरक्षण गर्ने क्रममा अदालतबाट भएको व्याख्याले सरकार वा अन्य कुनै व्यक्ति वा निकायको निर्णयगत स्वार्थमा कुनै प्रतिकूल अवस्था सृजना हुन्छ भनेपनि, त्यसप्रति न्यायपालिकाले बेवास्तामा गर्नै पर्दछ। यस परिप्रेक्ष्यमा ५३(४) को प्रयोगले कुनै अमूक व्यक्तिलाई सरकार गठन गर्ने औसरवाट वंचित गर्दछ भनेपनि ५३(४) को प्रावधानलाई धुमिल (dilute) नगर्नु नै संविधानको संरक्षणको कार्य हुनजान्छ। यसर्थ संविधानको प्रावधानलाई क्रियासिल हुनदिने कार्यलाई नै न्याय पालिकाले वल दिनु पर्दछ र यसलाई न्यायिक पुनरावलोकनको परिसिमाको रूपमा नै ग्रहण गरिनु पर्दछ।

जनादेश लिने कार्य सरकारको प्रायमिक दायित्व भित्रको कार्य हो। संविधानले सार्वभौम मानेका जनतावाट नै राज्यका सवै अधिकारहरू निसृत हुने गर्दछन्। यसर्थ जनादेश लिनु सरकारको लागि आवश्यक मात्र होईन वाध्यात्मक पनि हुन्छ। यसर्थ सरकारका जनादेश लिने क्रियाहरूलाई अदालतले वन्धनभित्र राख्न चाहदैन।

धारा ५३(४) को प्रयोग धारा ३ वमोजिम सार्वभौम रहेका जनतालाई उनीहरूको सार्वभौमिक अधिकार प्रयोग गर्न ससक्त (empower) गर्ने कार्य हो भन्ने कुरामा विवाद छैन। धारा ५३(४) को प्रयोगले बहालवाला सरकारको आयुलाई निरन्तरता प्रदान गर्ने होइन, यसले जनतालाई अर्को सरकार निर्वाचन गर्ने अवसर प्रदान गर्दछ। यसर्थ सार्वभौम जनताले अधिकार प्रयोग गर्ने उद्देश्यले प्रयोग गरिने धारा ५३(४) लाई नियन्त्रित गर्ने, कुण्ठित गर्ने र शासर्तमूलक बनाउने कार्यले जनतालाई उनिहरूको अधिकार न्यायपालिकामा धरोहर राख्न वाध्य गर्दछ। यसकारण अदालतको न्यायिक पुनरावलोकनको दायरा संविधानको धारा ३ वमोजिम पनि परिसीमित रहेको छ। यी

विचारहरूबाट अदालतले यस किसिमको प्रश्नहरूको सम्बन्धमा न्यायिक निर्णय निरोपण गर्ने कार्यहरूबाट आफूलाई अलग राख्नु पर्दछ।

संविधानले नेपाल अधिराज्यको शासन व्यवस्थालाई संसदीय व्यवस्थाको रूपमा परिभाषित गरेको छ। संविधानले संसदीय व्यवस्थालाई अपरिवर्तनिय मौलिक संरचनाको रूपमा प्रस्तुत गरेको छ। यसर्थ संसदिय व्यवस्थाको आधारकै रूपमा रहेको धारा ५३(४) को प्रयोगलाई अन्यथा भन्न मिल्दैन। संसदीय व्यवस्थाकै संरचनाको प्रश्न सम्बन्धित भएबाट यसमा राजनैतिक प्रश्नपनि अभिन्न भएर रहेको हुन्छ। यस सम्बन्धमा Luther V. Borlen को मुद्दामा अमेरिकी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको उल्लेख यहाँ सान्दर्भिक रहन्छ। "Clearly, several factors were thought by the Court in Luther to make the question there "political" the commitment to the other barnacles of the decision as to which is the lawful government, the unambiguous action by the President, in recognising the charter government as the lawful authority, the need for finality in the executive's decision; and the luck of criteria by which a Court could determine which form of government was republican" (ऐ.ऐ.पेज १४७) प्रस्तुत मुद्दामा Rhode Island मा २ वटा सरकारहरू बनेका थिए। विवाद कुन चाहिं सरकार "Republican Government" हो भन्ने रहेको थियो। अदालतले यसलाई "राजनैतिक" प्रश्न मान्दै यो अधीकार राष्ट्रपतिको हो भन्ने ठहर गऱ्यो। प्रस्तुत निवेदनमा पनि कुन सरकारले ५३(४) प्रयोग गर्न पाउने भन्ने निवेदकहरूबाट प्रश्न उठेको छ। ५३ (४) को प्रयोगमा कुनै किसिमका शर्तहरू नराखीएको अवस्थामा अदालतले ३६(१) तथा ४२(१) र ४२(२) का सरकारहरूको हैसियत निर्धारण गर्नु पर्ने अवस्था छैन। यदी अदालतले यस प्रश्नको न्यायिकताको जांच गर्ने प्रयत्न गर्दछ भने, राजनैतिक प्रश्न उपर पुनरावलोकन हुन जान्छ। अत: राजनैतिक प्रश्नबाट पनि अदालतको न्यायिक पुनरावलोकनको कार्य परिसिमित रहेको छ।

संविधानको धारा ५३(३) ले धारा ५३(४) लाई पारस्परिक परनिश्कासन (Mutual Exclusion) गरेको छैन।

- कानून व्याख्याको सामान्य नियम अनुसार "संविधानका वाक्य तथा शब्दहरू नै" व्याख्याका मूल आधार हुन। अत: जबसम्म संविधान आफैमा प्रस्ट छ त्यसलाई व्याख्याद्वारा निस्कर्ष निकाली कार्यको वैधानिकता परिक्षण गर्ने प्रश्न उठ्दैन र यस परिप्रेक्षमा धारा ५३(३) को व्याख्या नै श्री ५ बाट नियुक्त प्रधानमन्त्रीको हो भन्ने कुरामा कुनै भूलरहेको छैन। यी दुवै अधिकारको प्रयोगमा एक अर्कोले बन्देज गर्दैनन्। तर ५३(३) को अधिकार संसद सदस्यहरूले प्रयोग गरेपछि धारा ५३(४) अधिकार प्रयोग गर्न पाउने प्रधानमन्त्रीको विशेषाधिकार निस्कासीत (Exclude) हुदैन। प्रधानमन्त्रीले यो विशेषाधिकार स्वतन्त्र रूपमा गर्न सक्छ र यसरी त्यो विशेषाधिकार प्रयोग गर्दा अरूको विशेषाधिकारमा आघात पर्ला की भनि विचार गर्नु संवैधानिक दायित्व प्रधानमन्त्री माथि तोकिएको छैन।

- दुवै किसिमका विशेषाधिकार प्रयोगबाट केही निश्चित परिणामहरू सृजना हुन्छन्। धारा ५३(३) के विशेषाधिकारबाट अधिवेशन चालू नरहेको वा बैठक स्थगित

भएको अवस्थामा संसदको अधिवेशन चालु नरहेको वा वैठक स्थगित भएको अवस्थामा संसदको अधिवेशन वस्दछ भने ५३(४) को प्रयोगले संसद विघटन हुनजान्छ। दुवै धाराहरूमा कुनै किसिमको शाब्दिक वा भाषिक व्दिवीधा भ्रम तथा अस्पस्टता रहेको छैन। धारा ५३(३) त्यसवखत क्रियाशिल रहने धारा हो। जतिवेला संसदको अस्तित्व रहेको हुन्छ। धारा ५३(३) संसदको अस्तित्व नरहेपछि स्वाभाविक रूपमा निस्क्रिए रहन जान्छ। तर धारा ५३(४) वेग्लै निकायको विशेषाधिकार भएको हुँदा, त्यसको प्रयोगवाट ५३(३) निस्क्रिय हुनजान्छ। यसर्थ धारा ५३(३) तथा ५३(४) एक अर्कासँग अन्तर सम्वन्धित (Mutually inclusive) पनि छैनन्। यस अर्थमा निवेदकहरूको धारा ५३(३) शुरू भई अन्त नभएसम्म धारा ५३(४) प्रयोग हुन सक्दैन भन्ने दावी व्याख्याको यस सामान्य नियमवाट नै पराजित रहेको छ। व्याख्याको सिद्धान्तले के भन्दछ भने "When the meaning of words is plain,it is not the duties of the Court to busy themselves with 'supposed intentions' If the text is explocit, it is conclusice alike in what it directs and what it forbids."

यदि धाराका शब्दका अर्थहरू स्पष्ट छन् भने त्यसलाई शब्दहरूले जे अर्थ दिन्छ त्यसैअनुरूप सरलतरिकाले व्याख्या गरिनु पर्दछ। संविधानको धारा ५३ को उपधारा ४ मा कुनै शर्त वा पूर्वावस्थाको व्यवस्था गरेको छैन। स्पष्टत:अन्य व्यवस्था भएकोमा वाहेक संविधानका सवै प्रावधानहरू सक्रिय रहन्छन्। वृटिस Privy Council ले Western Nigeria को मुद्दामा निम्न व्याख्याको सिद्धान्त प्रतिपादन गरेको छ। "That instrument now stand in its own right, and while it may be useful on occasions ot draw on British practice or doctrine in interpreting a doubtful phrase whose origin can be traced.. it is in the end the wording of the constitution itself that is to be interpreted and applied and this wording can never be overridden by the extraneous principle of other institutions which are not explicitly in corporate in the formula that has been chosen as the frame of this constitution" (Basu's commentary.on the Consitution of India- Volume E-page 289)

उपरोक्त व्याख्याको सिद्धान्तको कसौटीमा धारा ५३(४) लाई व्याख्या गर्दा धारा ५३(३) संग अन्योन्याश्रीत (dcpcndable) छैन। दुवै उप-धाराहरू अलग, अलग अर्थ जनाउने अलग अस्तित्वका छन्। धारा ५३(३) को प्रयोगको कारणहरू धारा ५३(४) निलम्वन भएको सम्झनु पर्ने भन्ने निवेदकहरूको जिकीरहरू गैहसंवैधानिक छन्।

नियम लागू भैरहेको अवस्थामा अपवाद लागू हुने प्रश्न नै उठ्दैन।

संविधानका प्रावधानहरूले सामान्य रूपमा लागुहूने नियम (Rule) तथा विशिष्ट नियम लागु रहन्छन वा लागु हुने अवस्था रहन्छ, अपवाद निस्क्रिय रहन्छ। अधिवेशन आव्हानको सम्बन्धमा लागु रहने नियम संविधानको धारा ५३(१) हो जस अनुसार श्री ५ वाट प्रतिनिधि सभाको निर्वाचन भएको एक महिनाभित्र त्यसपछि ६ महिनाको अवधीभन्दा वढी अवधीको फरक नपारी समय समयमा प्रतिनिधि सभाको आव्हान गरी वक्सन्छ। धारा ५३(३) नियमीत अधिवेशन नवसेको अवस्थामा प्रतिनिधि सभाका २५ प्रतिशत सदस्यहरूको समावेदनवाट श्री ५ वाट वोलाइवक्सीन्छ। संविधानको धारा ५३(१)

वमोजिमको अधिवेशन मिति २०५२।२।२५ गते नै आव्हान गरीवक्सेको छ र संविधानको धारा ५४(२) तथा ६२(६) वमोजिम सदन वोलाइएको सूचना जारी भएपछि अधिवेशन प्रारम्भ भएको मानिने स्पष्ट व्यवस्था रहेको छ। यसर्थ "नियम" (Rule) को रूपमा शुरू भईसकेको अधिवेशन कै अवधीभित्र ५३(३) अन्तर्गत चालु रहेको सदन समाप्त (Prorogue) नभएका अवस्थामा पनि क्रियाशिल हुनसक्ने धारा ५४(४) को प्रधानमन्त्रीको विशेषाधिकार धारा ५३(३) को प्रयोग गर्ने समावेदन भएकै कारणले असंवैधानिक हुने कुनै आधार छैन्।

(क) राजनैतिक प्रश्न अदालतको न्यायीक निरोपणको विषय होइन।

लिखित संविधानको सवैभन्दा महत्वपूर्ण विशेषताहरू मध्ये राज्यका तीन प्रमुख अंङ्गहरूको अधिकारको विभाजनलाई लिइन्छ। यसैकारण लिखित संविधान भएका देशहरूमा संवैधानिक सर्वोच्चताको सिद्धान्त क्रियाशिल रहेको हुन्छ भन्ने गरीन्छ। वेलायत जस्तो लिखित संविधान भएको देशमा विधायीकाले अन्य निकायहरूले त्यतिमात्र अधिकार प्राप्त गर्दछन् जुन महत्वका कानूनहरूको निर्माण, संशोधन तथा खारेजी गर्ने गर्दछ। ऐन मार्फत विधायीकाले प्रदान गर्दछ। यसै कारण त्यहाँ विधायीकी सर्वोच्चताको सिद्धान्त क्रियाशिल रहन्छ। तर नेपाल जस्तो लिखित संविधान भएको देशमा विधायीकाले पनि त्यत्तिमात्रै अधिकार प्राप्त गरेको हुन्छ जति संविधानमा उल्लेखित छ। यसर्थ विधायिकाले अन्य निकायका निर्दिष्ट अधिकारहरूमा कुनै किसीमको असर पार्न सक्दैन। यस मान्यता अनुरूप हेर्नुपर्ने संवैधानिक कानूनको सिद्धान्त वमोजिम संविधानको धारा ५३(४) को प्रधानमन्त्रीले संसद विघटनको सिफारिश गर्न सक्ने व्यवस्था कार्यपालिकी शक्ति (Executive Power) हो भन्ने कुरामा विवाद छैन। यस कुरालाई निवेदकहरूले इन्कार गर्नु भएको छैन। संवैधानिक व्यवस्याभित्र रहेको कार्यपालिकी शक्तिको प्रयोगको संवन्धमा अन्य निकायले प्रश्न गर्न नपाउने सर्वमान्य सिद्धान्तको आधारमा नै ५३(४) को शक्ति विशेषाक्ति (Privilege) प्रयोगको सम्वन्धमा सम्मानित अदालतले कुनै न्यायीक निरोपण गर्नुपर्ने अवस्था रहेको छ।

संविधानको धारा ५३(४) वमोजिम प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटन गर्न पाउने अधिकार प्रजातान्त्रिक प्रक्रियाको एक अभिन्नअंङ्ग हो। संसदीय व्यवस्था भएका मुलुकमा प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्न पाउने अधिकार दिएको हुन्छ। विघटन गर्ने अधिकार भनेको संविधानको धारा ३ वमोजिमको सार्वभौम सम्पन्न जनतामा पुनरावेदन गर्नु हो। विघटनको अधिकारले कार्यकारिणी र विधायीकाको विचको संवैधानिक अवरोध (Constitutional deadlock) लाई हटाएर प्रजातन्त्रलाई निर्वाचनको माध्यमवाट अगाडि वढाउन मद्दत गर्दछ। संसदीय प्रजातन्त्रमा मध्यावधि गर्न पाउने प्रधानमन्त्रीको विशेषाधिकार हो। संसद विघटनको विशेष अधिकारवाट नै प्रधानमन्त्रीले आफ्ना दलका सांसदहरूलाई अनुशासनमा राख्दछ र विपक्षीहरूलाई सहयोगको भावना राख्न दवाव दिन्छ। प्रधानमन्त्री आफूले पनि ठूलो जोखिम उठाएको हुन्छ। प्रधानमन्त्रीले चुनाव हारेर गुमाएको उदाहरणहरू धेरै छन्।

सम्वत् २०५१ सालको रिट नं. २३०४ को हरिप्रसाद नेपाल समेत विरूद्ध प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोईराला भएको आदेशमा "दुराशय भन्ने कुरा अनुमान गर्ने

कुरा होईन प्रमाणहरूबाट शंकारहित रूपमा प्रमाणित भएको हुनुपर्दछ" भन्ने सिद्धान्त प्रतिपादन भएको छ। संविधानको धारा ५३(४) बमोजिम प्रधानमन्त्रीमा निहित कार्यकारिणी अधिकार संविधानबमोजिम प्रयोग गर्दा दुराशय (Malafide) सक्दैन। Malafide O. Hood Phillips ले The Constitutional Law of Great Britain and the Commonwealth को पेज नं: ३२५ मा Malafide को बारेमा उल्लेख गर्नु भएको छ। "if a power granted for one purpose is exercised for a different purpose, that, power has not seen validly exercised." तर प्रस्तुत विवादमा धारा ५३(४) को सम्माननीय प्रधानमन्त्रीको प्रयोगलाई उपरोक्त दृष्टिकोणले हेर्न मिल्दैन र त्यस्तो अवस्था पनि छैन।

संविधानको धारा ५३(४) बमोजिम सम्माननीय प्रधानमन्त्रीमा निहित कार्यकारिणी अधिकार प्रयोग गरी प्रतिनिधि सभा विघटनको लागि गरेको मिति २०५२।२।२६ को सिफारिशलाई श्री ५ बाट मिति ०५२।२।३० मा गरी बक्सेको प्रतिनिधि सभाको विघटनमा श्री ५ र प्रधानमन्त्रीमा निहित सर्वोच्च अधिकार प्रयोग भैसकेको छ भने यस स्थितिमा सम्मानीय सर्वोच्च अदालतबाट न्यायिक जाँचहुन शक्तिपृथकीकरणको सिद्धान्तको आधारमा संवैधानिक हुदैन संयुक्तराज्य अमेरिकामा न्यायपालीकाको सर्वोच्चता छ भने बेलायतमा संसदको सर्वोच्चता छ। नेपालमा संवैधानिक सर्वोच्चता छ भन्ने कुरामा निर्विवाद छ। संविधानको धारा २७ को उप-धारा २ र ३ र धारा ३१ लाई हेर्नु पर्दछ। जुनधारालाई श्री ५ लाई संवैधानिक अधिकारको प्रयोगमा हिस्सेदार मात्र होईन पालक र संरक्षकको रूपमा राखेको छ। मन्त्रिपरिषद भनेको विधायीकाको एक अंश हो र जसले वास्तवमा विधायीकाको अधिकार अप्रत्यक्ष रूपमा प्रयोग गरेको हुन्छ। प्रधानमन्त्री कार्यकारीणी प्रमुख भए पनि अप्रत्यक्ष रूपमा विधायीकाको अधिकार पनि प्रयोग गरीरहेका हुन्छ। यसरी विधायिका र कार्यकारिणी प्रमुख तथा श्री ५ बाट समेत देश, काल, परिस्थिती हेरी विचारी, विभिन्न व्यक्ति समुदाय, निकाय आदीसंग परामर्शगरी देश र जनताको उन्नतीमा भलो हुने देखेर प्रजातन्त्रको सुदृढिकरणको लागि प्रयोग भैसकेको धारा ५३(४) को अधिकारलाई सम्मानीय अदालतबाट विवेचना भै न्यायिक निरोपण गर्दा अप्रत्यक्ष रूपमा राजनीतिक अधिकारभित्र प्रवेश गरेको भन्ने दोष सृजना हुन सक्दछ। राजनीतिक विषयमा संवैधानिकताको प्रश्न मिसिएको छ भने त्यस्तो संवैधानिकताको प्रश्नसम्ममा मात्र अदालतले प्रवेश गर्ने गर्दछ भने केही भनाई छन् तर संविधानको धारा ५३(४) मा उल्लेखित प्रधानमन्त्रीको सिफारिशलाई न्यायिक जाँचबुझ वा पुनरावलोकन गर्न सकिने कुनै वस्तुनिष्ठ आधार नभएकोले उक्त रिफारिश र सोको आधारमा श्री ५ बाट विघटनको निर्णय भैसकेकोमा न्यायिक पुनरावलोकनको विषय वस्तु हुन सक्ने अवस्था छैन।

संविधानको प्रस्तावनामा राज्यशक्तिको स्रोत जनतानै हो र लोकसम्मति अनुकूल शासन व्यवस्था सन्चालन गर्न र नेपाली जनताको इच्छाअनुसार सरकार बनाउने भन्ने उल्लेख छ। संविधानको धारा ३ मा नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहने छ भन्ने प्रावधान छ। सम्माननीय प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटनको सिफारिश र श्री ५ बाट प्रतिनिधि सभा विघटन गरी २०५२ साल मंसीर ७ गतेको मध्यावधि निर्वाचनको मिति तोकि बक्सेबाट सार्वभौम जनतामा स्थाई दिगो सरकारको लागि जनादेश लिनजानु पूर्ण प्राजातान्त्रिक प्रक्रिया हो र यसले प्रजातन्त्रलाई सम्बर्द्धन र सुदृढ गर्दछ। विपक्षी निवेदकहरूले प्रतिनिधि सभाको विघटनबाट प्रजातान्त्रिक मूल्य र मान्यतामा

विकासको मार्ग अवरोध गरेको छ भन्ने अनर्गल प्रचार र गैह्र प्रजातान्त्रीक संस्कारको उपज मात्र हो । प्रजातन्त्र प्राप्तीको लागि अनगिन्ति व्यक्तिहरूले आफ्नो जीवनलाई उत्सर्ग गरेको विश्व ईतिहास साक्षी छ । प्रजातन्त्रलाई सुदृढीकरण र सम्वर्धन गर्ने क्रममा र दिगो स्थाई र भरपर्दो सरकारको लागि जनादेश माग्नु प्रजातन्त्रकोलागि एक सकारात्मक पाईला सम्झनु पर्दछ ।

एउटै दलको नेताहरूले त एउटा रिट निवेदन दायर गर्न नसक्ने निवेदकहरूबाट स्थायी सरकारको कल्पना गर्नु मृगमरिचिका मात्र हुनेछ । मध्यावधिको घोषणाले राजनीतिक अन्यौलता र देशको दिशाविहिन स्थितिको निश्चयनै अन्त्य हुनेछ । रिट जारी हुनुपर्ने कारणका रूपमा निवेदकहरूले उठाउनु भएका आधारमा कुनै पनि यूक्तियूक्त सारतत्व (Reasonableness) विद्यमान रहेको छैन । रिट जारी हुनुपर्ने कुनै पनि कारणहरू नभएको हुंदा रिटनिवेदनहरू खारेज गरी पाउं ।

<u>वहसनोट प्रस्तुतकर्ता</u>

विश्वकान्त मैनाली
अधिवक्ता
प्रमाणपत्र नं. २७०

श्री सर्वोच्च अदालतमा चढाएको
लिखित बहसनोट

वहसनोट प्रस्तुतकर्ता

वरिष्ठ स.अ. वलराम के.सी.

निवेदक शेरबहादुर देउवा विपक्षी श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेत भएको प्रतिनिधिसभा विघटन वदर गरी पुनर्स्थापना गरीपाउँ भन्ने सातै थान निवेदनहरूमा विपक्षी बनाइएको मन्त्रिपरिषद् सचिवालयको तर्फबाट देहाय बमोजिम संक्षिप्त बहस बुँदाहरू (Brief) प्रस्तुत् गरिएको छ। सम्मानित इजलाश समक्ष यिनै बुँदाहरूलाई मध्यनजरमा राखेर विस्तृत बहस गर्नेछु।

बहस बुँदाहरू :-

(क) संविधानको धारा ५३ (४) श्री ५ महाराजाधिराजको स्वविवेकीय अधिकार हो होइन ?

(ख) धारा ५३ (३) वमोजिम प्रतिनिधिसभाको वैठक आव्हान गरे पछि ५३(४) अनुसार प्रतिनिधिसभा विघटन हुन सक्छ कि सक्दैन ?

(ग) प्रधानमन्त्रीको सिफारिश दुराशययुक्त छ कि छैन ?

(घ) धारा ४२ (२) वमोजिम सरकार वनेपछि पुन: ४२ (१) वमोजिम सरकार वन्न सक्ने नसक्ने ?

उपरोक्त बुँदाहरूमा यो संक्षिप्त वहसनोट केन्द्रित भएको छ।

१. धारा ५३ (४) श्री ५ को स्वविवेकीय अधिकार हो होइन ? भन्ने सम्वन्धमा उक्त धाराको श्री ५ को अधिकार स्वविवेकीय अधिकार हो। कारण किनभने धारा ५३ (४) मा "विघटन गर्न सकिवक्सने छ।" भन्ने शब्द प्रयोग भएको छ। राज्य संचालनको सिलसिलामा विभिन्न पदाधिकारीहरूलाई विभिन्न प्रकारको अधिकारहरू प्रदान गर्नुपर्ने हुन्छ, अवस्था अनुसार त्यस्ता अधिकारहरू कुनै स्वविवेक प्रयोग गरी गर्नु पर्ने कुनै वाध्यात्मक रूपले प्रयोग गर्न दिनु पर्ने हुन्छ। त्यसै अनुरूप स्वविवेकीय अधिकार प्रदान गर्दा "सकिने छ " भन्ने शब्द र वाध्यात्मक रूपको अधिकार प्रयोग गराउनु पर्दा "गर्नु पर्नेछ" भन्ने शब्दावली प्रयोग भएको हुन्छ। त्यसै अनुरूप संविधानको विभिन्न धाराहरूमा श्री ५ ले प्रयोग गरिवक्सने भन्ने शब्दावली प्रयोग भएको ठाउँको श्री ५ को अधिकार "स्वविवेकीय" र "गरिवक्सने छ" भन्ने ठाउँको अधिकार "वाध्यात्मक" अधिकार भन्ने बुझ्नु पर्ने हुन्छ।त्यसै

अनुरूप धारा ५३ (४) को अधिकार "स्वविवेकीय" अधिकार हो र त्यस्तो अधिकारको प्रयोग सम्वैधानिक राजतन्त्रको Norms मा रहेर प्रयोग हुने कुरा हो। यस विषयमा कानून व्याख्याको सिद्धान्त तथा अंग्रेजी भाषाको shall and May को फरक तथा विदेशी सर्वोच्च अदालतको नजिर समेत पेश गर्ने छु।

२. (क) संविधानको धारा ५३ (३) अनुसार प्रतिनिधि सभाको बैठक आव्हान गरेपछि ५३ (४) को विघटनको सिफारिश असम्वैधानिक हुने भन्ने निवेदकहरूको जिकिर सम्वन्धमा संविधानमा हेर्दा निवेदन जिकिर निरर्थक देखिन्छ किनभने संविधानमा धारा ५३ (४) को प्रयोगमा कुनै पूर्वावस्था तोकिएको छैन। यदि कुनै खास अवस्थामा धारा ५३ (४) प्रयोग हुन नसक्ने वा कुनै खास अवस्थामा मात्र प्रयोग हुन सक्ने भए सोही अनुसार पूर्व अवस्थाहरू संविधान निर्माताहरूवाट संविधानमा व्यवस्था गरिएको हुन्थ्यो अथवा धारा ५३ (४) मा प्रतिवन्धात्मक वाक्यांश प्रयोग गरी वर्तमान अवस्थाको जस्तो व्यापक राखिने थिएन। यस सम्वन्धमा मौखिक वहसमा स्पष्ट गर्ने छु।

(ख) धारा ५३ (४) अनुसार विघटनको लागि शिफारिस गर्ने प्रधानमन्त्री धारा ४२ (२) को हुन नहुने भन्ने पनि निवेदकहरूको कथनका सम्वन्धमा संविधानले प्रधानमन्त्रीको वर्गीकरण गरेको पाइदैन। धारा ३६ (१) को प्रधानमन्त्री सरहको सवै अधिकारहरू धारा ४२ (२) को प्रधानमन्त्रीले प्रयोग गर्न सक्ने देखिन्छ। साथै धारा ५३ (३) को लगत्तै पछि धारा ५३ (४) रहनुवाट पनि निवेदकहरूको कथन गलत देखिन्छ। यस सन्दर्भमा मौखिक वहसमा आवश्यक सामग्री सहित विस्तृत विवेचना गर्ने छु।

३. संसद विघटन गर्ने सिफारिशमा वदनियत थियो भन्नु मिल्दैन। वदनियतको कुरा गर्दा जसले वदनियतको अभियोग लगाउँछ, उसैले प्रमाणित गर्नु पर्ने हुन्छ। निवेदकहरूले कुनै आधार प्रमाण देखाउन सकेको पाइदैन। निवेदकहरूको एउटै भनाई धारा ५३ (३) अनुसारको बैठक आव्हान गरिसकेपछि विघटनको शिफारिश गरेकोले प्रधानमन्त्री धारा ५९ (२) को प्रस्तावबाट वञ्चन विघटन गराएको भन्ने भनाई छ, उक्त भनाई कानून सम्मत छैन किनकि विघटन गर्न अधिकार प्राप्त पदाधिकारीवाट भएको विघटनको सिफारिशलाई अन्यथा अर्थ गर्न सकिदैन। संसदीय शासन प्रणालीमा संसदको विघटनहरू भै नै रहन्छन्। बेलायत, भारत, जहा संसदीय प्रणाली छ, उक्त देशहरूमा प्रधानमन्त्रीवाट संसदको विघटनको सिफारिश भएका र राष्ट्राध्यक्षवाट विघटनको सिफारिश इन्कार नगरिएको धेरै उदाहरणहरू पाइन्छन्।

वदनियतको कुरा गर्दा त्यस्तो कार्यवाट आफूलाई फाइदा अरूलाई वेफाइदा भएको हुन्छ भन्ने विघटनको उद्देश्य जनता समक्ष गएर आफ्नो नीति तथा कार्यक्रममा जनताको सहमति छ छैन ? जाँच्नु हो। विघटनवाट विघटन गर्ने प्रधानमन्त्री आफू समेत विघटनमा पर्ने हुँदा वदनियत राखेर विघटन गराएको भनेर भन्न मिल्दैन। यस सम्वन्धमा विभिन्न सामग्री सहित मौखिक वहस गर्ने छु।

४. धारा ४२ (२) वाट धारा ४२ (१) को सरकार वन्न सक्ने भन्ने सम्वन्धमा हाम्रो संविधानको वनौट अनुसार धारा ३६ (१) को सरकार वन्न नसक्ने अवस्थामा मात्र

४२ आकर्षण हुने हो । धारा ४२ ले पहिला मिलिजुली सरकारको परिकल्पना गरेको छ । धारा ४२ (१) को सरकार बन्न नसकेमा मात्र धारा ४२ (२) मा जानु पर्ने हुन्छ । दोस्रो आम निर्वाचन पछि धारा ४२ (१) को सरकार गठन नभएपछि नै धारा ४२ (२) को वर्तमान सरकार गठन भएको हुँदा धारा ४२ (१) को पुनः प्रयोगको माग संविधानको अनुकुल देखिदैन । गठन भएको अल्पमतको सरकारले प्रतिनिधिसभा विघटन गरी आम निर्वाचनको माग गर्दा विपक्षीलाई सरकार बनाउन पाउने हक नेपाल कानूनले प्रदान गर्दैन । राष्ट्राध्यक्षबाट त्यस्तो अवस्थामा विपक्षी दलहरूसँग सरसल्लाह सम्वाद गरिने (विदेशी) Convertion परम्परासम्म मात्र हो, र सरसल्लाह सम्वादबाट सरकार गठन हुन सक्ने भन्ने नदेखिएमा विपक्षी दलले सरकार बनाउन सक्तैन र प्रतिनिधिसभा राष्ट्राध्यक्षबाट विघटन गरिन्छ । त्यसैले यस्ता कुरालाई Judicially manage हुन नसक्ने Political Question भनिन्छ । यस सम्बन्धमा विभिन्न सामग्रीहरू सहित मौखिक बहस गर्ने छु ।

५. प्रतिनिधि सभा विघटनको प्रश्नमा संविधानको धारा ५३ (४) प्रत्यक्ष सम्बन्धित धारा हो । प्रतिनिधिसभा विघटन गर्न देहायको चार अवस्था पूरा भएमा त्रुटिपूर्ण हुँदैन ।

(क) विघटनको सिफारिश प्रधानमन्त्रीबाट हुनु पर्ने ।

(ख) विघटनको सिफारिश श्री ५ समक्ष गरिनु पर्ने ।

(ग) विघटनको गर्ने कार्य श्री ५ बाट हुनु पर्ने ।

(घ) विघटनको साथ साथमा संविधानमा तोकिएको अवधि भित्र आम निर्वाचनको मिति समेत तोकिएको हुनु पर्ने ।

६. उपरोक्तानुसार भएमा विघटन रीतपूर्वक हुन्छ । धारा ८८ (२) को असाधारण अधिकार क्षेत्र अन्तर्गत सुनवाई गर्दा तथ्यमा प्रवेश गरिदैन कानून उल्लंघन छ छैन सम्म मात्र हेरिन्छ । अतः विघटनमा कुनै त्रुटि नभएको कारण रिट खारेज भागी छ । यस सम्बन्धमा मौखिक वहससमा सविस्तार उल्लेख गर्ने छु ।

७. धारा ८८ (२) सार्वजनिक सरोकार वा विवादको विषयमा समावेश भएको सम्वैधानिक वा कानूनी प्रश्न निरोपण गरिने व्यवस्था हो प्रतिनिधि सभाको विघटन सार्वजनिक सरोकारको विषय वा सार्वजनिक विवादको विषय हुन सक्ला तर त्यसमा कानूनी वा संवैधानिक प्रश्न समावेश छैन भने अदालतले आदेश जारी गर्न सक्तैन ।

८. अत उपरोक्त कारणले गर्दा सम्पूर्ण निवेदनहरू खारेज गरी पाउँ । यसको अलावा बहसको सिलसिलामा निवेदकहरूबाट उठाइएका अन्य जिकिर एवं निवेदनमा उठाइएका कुराहरूलाई समेत ध्यानमा राखेर सविस्तार मौखिक बहस गर्ने छु ।

फैसला विभिन्न किताबहरू एवं कागजातको फोटोकपी संलग्न गरेको छु । मैले उल्लेख गरेको देहायको कागजातहरू

(क) A.I.R. 1987 D.C. Wadhwa Vs state of Bihar judgement.

(ख) A.I.R. 1984 Election Commission of India Vs state of Hariyana.

(ग) A.I.R. 1974 Samshar Singh Vs state of Panjab.

(घ) A.I.R. 1970 Champalal Vs L.T. Commer.

(ङ) A.I.R. 1985 T. Uenkata Raddy Vs state of A.P.

(च) A.I.R. 1989 Dinash Chandra Vs state of Gugarat.

(छ) A.I.R. 1969 state of Panjab Vs Satyapal.

(ज) Commentery on the Constitution of India Vol.E.

(झ) Art 32-75 Sixth Edition page 275, 277, 278, 280, 281, 291, 292, 294, 295, 300, 301, 302, 306, 307, 308, 381, 352, 353, 354, 355.

(ञ) Rodney Brazier page 104-118.

(ट) Harold laskey page, 342-343.

(ठ) I.Zenneing page 184-185.

(ड) G.and Ryle page 181- 183.

(ढ) Halsbury law of England Vol. 8, page 602.

(ण) Practice and Procedure of parliament Kaul and Shakh Dhor page 171, 172, 617, 618.

(त) Law of Writs Thakkor page 180, 186 e.t.c.

वलराम के.सी.(ब.स.अ.)

नोट : श्री के.सी. ले लिखित वहसनोटमन्दा मौखिक वहसलाई विशेष जोड दिने व्यहोरा उल्लेख गर्दै आफ्नो वहसको क्रममा बताउनु भई विघठित प्रतिनिधिसभा पुन:स्थापना हुन नसक्ने सन्दर्भमा विभिन्न कानूनी तर्कहरुको साथै विभिन्न देशमा भएका नजीर सिद्धान्त प्रस्तुत गरी उजागर पार्नु भएको थियो ।

सर्वोच्च अदालत

विशेष इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री विश्वनाथ उपाध्याय
माननीय न्यायाधीश श्री सुरेन्दप्रसाद सिंह
माननीय न्यायाधीश श्री त्रिलोकप्रताप राणा
माननीय न्यायाधीश श्री रूद्रबहांदुर सिंह
माननीय न्यायाधीश ओमभक्त श्रेष्ठ
माननीय न्यायाधीश श्री मोहनप्रसाद शर्मा
माननीय न्यायाधीश श्री केशवप्रसाद उपाध्याय
माननीय न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्याल
माननीय न्यायाधीश श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश श्री कृष्णजंग रायमाझी
माननीय न्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठ

बाट भएको आदेश

विषय : उत्प्रेषणयुक्त परमादेशको आदेश वा अन्य उपयुक्त आदेश वा पूर्जि जारी गरी पाउँ ।

रिट निवेदक

२०५२ सालको रि.नं.३१०५ निवेदक कास्की जिल्ला कालिका गा.वि.स.वडा नं. ३ घर भई हाल का.जि.का.न.पा.वडा नं.११ माइतिघर बस्ने अधिवक्ता रविराज भण्डारी... ... ... १

२०५२ सालको रि.नं.३१०८ निवेदक मोरङ जिल्ला विराटनगर न.पा.वडा नं. १ बस्ने प्रकाश घिमिरे समेत १

२०५२ सालको रि.नं.३११२ निवेदक गोरखा जिल्ला बुकोट गा.वि.स.वडा नं.६ बस्ने चिरन्जीवी वाग्ले १

२०५२ सालको रि.नं.३११३ निवेदक डडेलधुरा जिल्ला असीग्राम गा.वि.स.वडा नं.५ घर भै हाल का.न.पा.वडा नं.३ बस्ने विघटित प्रतिनिधिसभाका विपक्षी दलका नेता शेर बहादुर देउवा... ... ... १

२०५२ सालको रि.नं ३११४ निवेदक बैतडी जिल्ला वासुरलिङ गा.वि.स.वडा नं.१ बस्ने विघटित प्रतिनिधि सभाका राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता लोकेन्द्रबहादुर चन्द :... ... ...१

२०५२ सालको रि.नं. ३११८ निवेदक सप्तरी जिल्ला कोइलाढी गा.वि.स.वडा नं.३ बस्ने विघटित प्रतिनिधि सभाको सदस्य, नेपाल सद्भावना पार्टीका अध्यक्ष गजेन्द्र नारायण सिंह १

२०५२ सालको रि.नं.३१२० निवेदक काठमाडौं जिल्ला का.न.पा.वडा नं.९ बस्ने आमोद पोखरेल १

विरुद्ध

विपक्षी

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी राजदरवार सम्बन्धी, प्रधानमन्त्रीको कार्यालय सिंहदरवार,काठमाडौ... ... ... १

सम्माननीय सभामुख श्री रामचन्द्र पौडेल संसद सचिवालय सिंहदरवार काठमाडौं १

श्री ५ को सरकार मन्त्रिपरिषद, मन्त्रिपरिषद सचिवालय सिंहदरवार काठमाडौं १

निर्वाचन आयोग काठमाडौं... ... ... १

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीले प्रतिनिधि सभा विघटनको लागि संविधानको धारा ५३ को उपधारा (४) अनुसार चढाउनु भएको सिफारिस संविधान संसदीय मर्यादा र मान्यता तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त विपरीत दुराशययुक्त एवं बदनियतपूर्ण समेत भएकोले प्रतिनिधि सभा विघटन गर्ने सिफारिस लगायतका सो सम्बन्धी सम्पूर्ण कार्यहरू बदर गरी प्रतिनिधि सभा पुनर्स्थापना गर्न परमादेश लगायतका जो चाहिने आज्ञा, आदेश वा पूर्जि जारी गरी पाउन भनि नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८ (२) अन्तर्गत रिट निवेदकहरूले बेग्ला बेग्लै रूपमा दिएको निवेदन जिकिर संक्षेपमा यस प्रकार छ :

प्रतिनिधि सभाको विशेष अधिवेशन २०५२।३।२ मा र नवौं अधिवेशन ०५२।३।११ मा बस्ने गरी आव्हान भइसके पछि उक्त अधिवेशनहरू शुरू नै हुन नदिने दुराशय लिई विपक्ष प्रधानमन्त्रीले सिफारिस गर्नु भएको छ। प्रधानमन्त्रीको उक्त सिफारिस सरकार संसदप्रति

जवाफदेही हुने सिद्धान्त विरूद्ध र संसदीय मूल्य, मान्यता र परम्पराको प्रतिकूल छ । विशेष अधिवेशनको आधार कारण, औचित्य र वाञ्छनीयतालाई विचार नगरी तत्सम्बन्धी संवैधानिक प्रावधानले पूर्णता प्राप्त नगर्दै उपधारा (४) मा प्रवेश गर्न धारा ५३ को समष्टिगत व्यवस्थाले अनुमति दिदैन । प्रधानमन्त्रीको सिफारिस धारा ५३ को प्रतिकूल रहे भएको प्रष्ट छ । धारा ५३ (४) बमोजिम सिफारिस गर्ने अख्तियारी केवल धारा ३६ (१) र धारा ४२ (१) बमोजिम नियुक्त प्रधानमन्त्रीलाई मात्र प्राप्त हुन्छ । संविधानको धारा ५९ (२) बमोजिम प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भनी आधार, कारण र औचित्य समेत उल्लेख गरी निजको विरुद्धमा अविश्वासको प्रस्ताव पेश गर्ने प्रयोजनको लागि विशेष अधिवेशनको समावेदन र आव्हान समेत भइसकी प्रतिनिधि सभा समक्ष अविश्वासको प्रस्ताव दर्ता भइसकेको अवस्थामा विश्वासको मत लिनु पर्ने संवैधानिक एवं संसदीय दायित्ववाट फुर्सद लिने बदनियत लिई धारा ५९(२) लाई निस्कृय गर्न गराउन प्रधानमन्त्रीले उक्त सिफारिश गर्नु भएको छ । धारा ५९(२) बमोजिमको संवैधानिक उत्तरदायित्व सृजना भैसकेपछि सो निर्वाह नगरी प्रतिनिधिसभामा आफूमायिको विश्वासको मत नरहेको प्रधानमन्त्रीलाई धारा ५३ (४) बमोजिमको सिफारिस गर्ने अधिकार नहुने स्वत: स्पष्ट छ । नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टी र स्वतन्त्र सांसद समेतले प्रधानमन्त्री श्री मनमोहन अधिकारी मायिको विश्वास फिर्ता लिई मुलुकमा विद्यमान संकट तथा अन्यौल र अनिश्चितताको अन्त्य गरी स्थिर सरकार गठन गर्न प्रतिनिधिसभामा आफ्नो बहुमत समेत उल्लेख गरी संविधानले निर्दिष्ट गरेको धारा ४२ (१) बमोजिमको स्थिर सरकार गठन हुने संवैधानिक प्रकृयाले गतिशिलता लिइरहेको स्थिति, अवस्था र परिस्थितिमा उल्लेखित संवैधानिक प्रावधान र तथ्यहरूलाई लुकाई छिपाई सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएको भनी प्रधानमन्त्रीले गर्नु भएको सिफारिस दुराशययुक्त एवं अन्य उद्देश्यबाट प्रेरित भएको भन्ने कुरा समर्थित र प्रमाणित हुन आउँदछ ।

प्रधानमन्त्रीको सिफारिशमा उल्लेखित अन्य कारणहरूको सम्बन्धमा हेर्दा सरकारको कुन नीति र कार्यक्रम असफल भएको हो ? वा कुन नीति र कार्यक्रम लागू गर्नको लागि ताजा जनादेश लिनु परेको हो ? सो कुरा कहीं कतै पनि खुल्न सकेको छैन । सरकारले प्रतिनिधिसभा समक्ष पेश नगरेको नीति तथा कार्यक्रम र बजेटको सम्बन्धमा प्रधानमन्त्रीका उक्त अभिकथनहरू पूर्णत : असंवैधानिक र असंसदीय छन् । भविष्यमा पर्न सक्ने जस्ता अनिश्चित, अनुमानित र काल्पनिक कुराहरूलाई आधार बनाई गरिएको सिफारिश कुनै पनि दृष्टिकोणले संविधान सम्मत हुन सक्दैन । स्वविवेकीय अधिकारको प्रयोग हुनलाई निश्चित वस्तुनिष्ठ आधारहरूको आवश्यकता पर्छ भने अधिकारै नभएका प्रधानमन्त्रीको सिफारिशमा वस्तुनिष्ठ आधारहरू समेत नभएबाट प्रधानमन्त्रीको दुराशय (Malafide) भन्ने छर्लङ्ग हुन आएको छ भन्ने समेत व्यहोराको अधिवक्ता श्री रविराज भण्डारीको रिट निवेदन ।

श्री ५ बाट यही असार २ गते अधिवेशनको लागि तिथि समेत तोकिबक्सेको अवस्थामा अल्पमतको सरकारले अविश्वासको सामना गर्नबाट पन्छिने मनसायले वैकल्पिक सरकारको गठन हुने अवस्था हुँदाहुँदै बदनियतपूर्वक संसद् विघटनको लागि श्री ५ मा विपक्षी प्रधानमन्त्रीले

संविधानको धारा ५३ (४) बमोजिम सिफारिस चढाउनु भएको तथा बारंम्बार नेपाली जनतालाई बलपूर्वक चुनावको सामना गर्न लगाएर नेपाली जनताको भाग्य र भविष्य माथि खेलवाड एवं कुठाराघात गरिएको छ । यदि विवादास्पद सिफारिस दुराशययुक्त भावनाले गरिएको प्रमाणित हुन्छ भने त्यो निसन्देह दूषित र बदरभागी हुन्छ भनी यस पूर्व प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको समयमा संसद् पुनर्स्थापना सम्बन्धी मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलामा उल्लेखित अंशलाई विश्लेषण गर्दा प्रधानमन्त्री अधिकारीले अविश्वासको प्रस्तावको सामना गर्नु पर्ला र अविश्वासको प्रस्ताव पास भएमा पदमुक्त भइएला भन्ने पद लिप्साको दुराशय राखी संसद् विघटन गर्ने सिफारिस गरेको स्पष्ट छ । अर्को स्थिर सरकारको संभावना रहँदा रहँदै प्रतिनिधि सभाको नै विघटन गर्नु औचित्यपूर्ण हुँदैन भनी उक्त पूर्व फैसलामा उल्लेखित कुराको मनन गर्दा हालको स्थितिमा ने.क.पा.(एमाले) सरकारदेखि बाहेक पनि सद्भावना, रा.प्र.पा., ने.का. र स्वतन्त्र सहितले वैकल्पिक सरकार गठन गर्न सक्षम रहेको व्यहोरा श्री ५ समक्ष जाहेर गरिएको अवस्था हुँदा हुँदै देशलाई मध्यावधितिर धकेल्नु उचित नहुने कुरा निर्विवाद सत्य एवं संवैधानिक धारणाकै विपरित छ ।

मुलुकको वस्तुस्थितिलाई नबुझी ने.क.पा.(एमाले) को सरकारले यो देशको विकास र निर्माणलाई प्रत्यावर्तनतर्फ धकेल्ने काम गरेको छ । देशको आर्थिक र प्रशासनिक संरचनालाई मनपरी तवरले तोडमरोड गरी राष्ट्राध्यक्ष तथा अन्य प्रतिपक्षी दलहरूका विरूद्ध धम्कीपूर्ण भाषाको प्रयोग गरी जुन दवावको स्थिति सृजना गरियो त्यही अनुरूप सम्मानित अदालतप्रति पनि यो स्थिति आउन सक्ने डर, त्रास नेपाली जनतामा भइ रहेको अवस्थामा यस्तो मनोमानी प्रक्रियाको अन्त नभएसम्म अर्थात् स्पष्ट पद्धति (SYSTEM) को विकास नभएसम्म नेपाली जनताले कति मध्यावधिको सामना गर्नु पर्ने हो भन्ने कुरा जटील समस्याको रूपमा रहेको छ । यस्तो अवस्थामा सम्मानित अदालतबाट सरकार प्रमुख र श्री ५ को सरकारको अधिकारको व्याख्या हुनु अति आवश्यक छ । सत्तासीन ने.क.पा. (एमाले) बाहेक अन्य प्रतिपक्षी दलहरू तथा सर्वसाधारण नेपाली जनता मध्याविध निर्वाचन नहोस् भन्ने ईच्छा राखेको अवस्थामा बलपूर्वक मुलुकलाई चुनावतिर धकेलेबाट ९० प्रतिशत जनता दयनीय आर्थिक स्थितिको सामना गरिरहेको अवस्थामा मुलुकको स्थिति कस्तो होला स्पष्ट नै छ भन्ने समेत व्यहोराको निवेदक प्रकाश घिमिरे समेत जना - ४ को संयुक्त रिट निवेदन ।

नेपाल अधिराज्यको संविधान २०४७ ले संवैधानिक सर्वोच्चतालाई प्रष्ट रूपमा स्वीकार गरेको छ । संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्र र जनतामा निहित सार्वभौमसत्ता यसै संविधानद्वारा संचालित छन् । संसदको बहुमतबाट संसदीय प्रणाली सञ्चालित हुने हो, र संसदको बहुमतबाटै प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषदको गठन हुन्छ । प्रधानमन्त्री प्रतिनिधि सभाको बहुमतको उपज हो । बहुमतले चाहेमा प्रधानमन्त्रीलाई जुनसुकै बेला हटाउन सक्दछ । हामी समेतले विश्वास दिएर मात्र प्रधानमन्त्रीको पदमा रहन पाउनु भएका विपक्ष उपर हाम्रो विश्वास छैन भन्नासाथ स्वत: अधिकारहीन तथा काम चलाउ मात्र हुन पुग्नु भएको छ । यस्तो अवस्थामा प्रधानमन्त्रीले धारा ५३(४) बमोजिम प्रतिनिधि सभा विघटन गराउन गरिएको सिफारिश असंवैधानिक देखिएको छ । म निवेदक समेतलाई

धारा ५३ (३) र ५९(२) ले विशेषाधिकार प्रदान गरेको छ । हाम्रो अधिकार उपयोग गराउने संवैधानिक कार्य प्रणाली शुरू भइसके पछि अल्पमतमा रहनु भएका प्रधानमन्त्रीले बहुमतमा रहेको संसद्लाई विघटन गराउन मिल्दैन । बहुमत प्राप्त प्रधानमन्त्रीलाई मात्र प्रतिनिधि सभा विघटनका लागि सिफारिस गर्न पाउने व्यवस्था संविधानले दिएको छ । सायै प्रतिनिधि सभाको विघटन गर्ने विषय पनि पार्टीको केन्द्रीय समितिको बैठकको निर्णयलाई कार्यान्वयन गराउन सिफारिश गरिएको यथार्थलाई स्वयं प्रधानमन्त्रीले दृष्टि साप्ताहिकमा दिनु भएको विशेष अन्तवार्ताबाट प्रष्ट प्रमाणित भएको हुनाले आफ्नो पार्टीको निहित राजनैतिक स्वार्थपूर्ति गर्ने उद्देश्यले प्रेरित भई आफ्नो विवेक प्रयोग नगरी गैरसंवैधानिक श्रोतबाट अभिप्रेरित भएर गरिएको हुँदा यस्तो सिफारिशलाई संविधान सम्मत भन्न मिल्दैन ।

प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेताले संविधानको धारा ५३ को उपधारा (४) बमोजिम विघटन गराउने सिफारिश गर्दा अर्को स्थिर सरकार बन्न नसक्ने र संसद् सुचारू रूपले चल्न नसक्ने यथार्थ अवस्था दर्शाएको हुनु पर्दछ । संविधानको धारा ४२ को उपधारा (२) बमोजिम गठन भएको मन्त्रिपरिषद्का प्रधानमन्त्रीलाई उपधारा (२) को मन्त्रिपरिषद्को विकल्पमा अर्को मन्त्रिपरिषद् गठन हुन संवैधानिक व्यवस्थाले रोक लगाएको छ भन्ने संविधानको शब्द र भावनाको मर्म विपरितको स्वार्थ प्रेरित सत्तामुखी व्याख्या गर्ने अधिकार छैन । संविधानका धारा सधैं क्रियाशील भइ रहने हुन्छन् । कुनै एउटा प्रावधान एक पटक प्रयोग भइसकेपछि फेरि अर्को पटक प्रयोग हुन सक्दैन भन्न मिल्दैन । विपक्षीको यस प्रकारको व्याख्याले संविधानको धारा ५९ (२) र (३) पूर्णत : निरर्थक हुन जान्छ ।

निवेदक हरिप्रसाद नेपाल विरूद्ध तत्कालीन प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइराला समेत भएको उत्प्रेषणयुक्त परमादेश जारी गरी पाऊँ भन्ने मुद्दामा वैकल्पिक सरकारको खोजी हुनु पर्ने प्रतिनिधिसभा विघटनका सिफारिश स्वेच्छाले गर्न नपाउने, त्यसको आधार र औचित्य हुनुपर्ने, इतर कारणबाट अभिप्रेरित भएर हुन नहुने जस्ता सिद्धान्तहरू प्रतिपादन भएका छन् । म निवेदक समेत समावेश भै १०२ प्रतिनिधि सभाका सदस्यहरूले संविधानको धारा ४२ को उपधारा (१) बमोजिम प्रतिनिधि सभाका सदस्य शेर बहादुर देउवालाई बहुमतको विश्वासको मत जाहेर गरेको निवेदन श्री ५ समक्ष प्रस्तुत भैसकेको अवस्थामा विघटन गराउने गरी चढाइएको सिफारिशबाट विघटन भएको कार्य अदालतको विशेष इजलासको निर्णय र सर्वमान्य संसदीय मर्यादाको विपरीत हुन गएको छ भन्ने समेत व्यहोराको निवेदक चिरन्जीवी वाग्लेको रिट निवेदन ।

सम्माननीय प्रधानमन्त्रीले मिति २०५२।२।२६ मा संविधानको धारा ५३ (४) अन्तर्गत चढाउनु भएको सिफारिश सोही दिन सार्वजनिक भइ सकेको छ । त्यसको व्यहोरा हेर्दा संविधानको धारा ३५ (२) (३), ४२ (१), ५३ (१), (३), (४), ५९ (२) समेतको विपरित भई बदरभागी छ । संविधानको धारा ५३ (३) अनुसार संसद् सदस्यमा रहेको विशेषाधिकार अन्तरगत बोलाईएबमोजिमको अधिवेशनलाई निस्प्रभावी पार्न धारा ५३ (४) अनुसार सिफारिश गर्ने अधिकार प्रत्यर्थी प्रधानमन्त्रीलाई नहुनुका सायै धारा ५३ (४) ले प्रतिनिधिसभा भंग गर्न प्रधानमन्त्रीको सिफारिशलाई बाध्यात्मक रूपमा पालन गर्न पर्ने व्यवस्था नरहेको कुरा

हरिप्रसाद नेपाल समेत विरुद्ध प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला समेतको मुद्दामा सर्वोच्च अदालतले निर्णय गरेकोबाट पनि प्रष्ट हुन्छ। यसर्थ उक्त सिफारिश संविधानको धारा ५३ (३) प्रतिकूल हुनाको साथै विघटनको सिफारिश धारा ५३ (३) र ५९ (२) द्वारा निर्धारित संवैधानिक प्रक्रियालाई अवरोध गर्ने एवं निष्क्रिय पार्ने उद्देश्यबाट अभिप्रेरित छ। विशेष अधिवेशनको सामना गर्न नसकी आफ्नो अस्तित्व समाप्त हुने देखेपछि प्रतिनिधि सभाको कार्य क्षेत्रमा अनधिकृत ढंगबाट हस्तक्षेप गरी बिना आधार असंवैधानिक तवरबाटै अस्तित्व नै समाप्त गर्ने कार्य संविधानको धारा ३६ (४) तथा संविधानले अवलम्बन गरेको शक्ति पृथकीकरणको अवधारणा तथा संसदीय प्रणालीको मान्यता एवं प्राकृतिक न्याय सिद्धान्त समेतको विपरीत छ। म समेतले वैकल्पिक सरकार बनाउन सक्षम रहेको कुरा श्री ५ मा जाहेर गरेको अवस्थामा सो हुन नदिने बहुमत सदस्यलाई सरकार बनाउन, चलाउनबाट अल्पमत सदस्यका पार्टीले अवरुद्ध गर्न पाउने संवैधानिक व्यवस्था छैन। विपक्षीले विघटनको सिफारिशको कारणमा सरकारको नीति तथा कार्यक्रम, विधेयक वा बजेट पारित हुन नसकेको दावीको पुष्टि गर्न सकेको छैन। जनादेश लिने कारण संविधान सम्मत छैन। त्यस्तो वाध्यता पनि छैन। अल्पमतको सरकारले बहुमतको सरकार बन्ने संभावनालाई रोक्न संविधानको प्रावधानसँग खेलवाड गर्न सक्तैन। प्रत्यर्थी प्रधानमन्त्रीको सिफारिशबाट प्रत्येक ६ महिनाभित्र प्रतिनिधिसभाको अधिवेशन हुनै पर्ने संवैधानिक प्रावधानको पनि उल्लंघन हुन गएको छ।

सम्माननीय प्रधानमन्त्रीले अन्य प्रतिपक्षबाट सरकारलाई काम गर्न नदिई प्रतिकूल परिस्थिति सृजना गरेको भनी लगाउनु भएको आरोप असत्य हो। निवेदक समेतको प्रतिपक्षी दलबाट त्यस्तो आरोप बमोजिम कुनै काम कारवाही भए गरेको छैन। मन्त्रिपरिषद् गठन पश्चात् पनि ने.कं.प.(एमाले) को कथित राज्य व्यवस्था विभाग जस्ता गैरसंवैधानिक तथा अनुत्तरदायी निकाय र केन्द्रको नियन्त्रण र निर्देशनमा विपक्षीले कार्य संचालन गरी आउनु भएको समेतका कुरामा हामी प्रजातन्त्रवादीबाट प्राप्त समर्थन जारी रहने प्रश्नै छैन। संविधानको धारा ५३ (३) अन्तरगत विशेष अधिवेशन बोलाइ बक्सन पहिलो पटक समावेदन गरी त्यही अधिकारको प्रयोग गर्ने विपक्षीहरुले प्रतिपक्षका रूपमा अहिले प्रतिनिधि सभाको विघटनको सिफारिश गर्नु राजनैतिक दृष्टिले अनैतिक हो। कुनै पनि सरकार माथि अविश्वासको प्रस्तावको माध्यमद्वारा लगाम वा अंकुश लगाउनु बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापित, प्रचलन र परम्परा भित्र पर्ने कुरा हो।

विपक्षीको सरकार गठन गर्ने क्रममा निवेदकको दलका सदस्यहरुले सतर्क समर्थन सम्म दिएकोले कुनै पनि बेला त्यस्तो समर्थन फिर्ता लिनु संवैधानिक व्यवहार आचरण र मान्यता भित्रकै कुरा हो। यसर्थ प्रतिनिधि सभाको विघटनका निमित्त प्रस्तुत सिफारिशमा उल्लेखित कारण असंसदीय तथा असंवैधानिक छ। विपक्षी प्रधानमन्त्रीको दलमा प्रजातान्त्रिक आचरणको विकास होला कि भन्ने आशाका साथ विश्वासको मत दिएकोमा सोको विपरित हरेक कृयाकलाप राजनैतिक तथा वैयक्तिक प्रतिशोध लिएर संचालन हुन थालेपछि आफूले सदन मार्फत दिएको विश्वासको मत सदन मार्फत नै फिर्ता लिनु पर्ने भई सो क्रममा प्रस्ताव पेश गर्नु असंवैधानिक कार्य हुन सक्तैन। त्यति कुरालै मात्र विपक्षीलाई प्रतिनिधिसभाको

विघटन गर्ने अधिकार प्रदान गर्दैन । अविश्वासको प्रस्ताव पेश भएको र सोको निमित्त विशेष अधिवेशन समेत आव्हान भै सकेको परिप्रेक्षमा विपक्षीको सिफारिशबाट संविधानको धारा ५९(२) निर्जीव बन्न पुगेको छ ।

संविधानको धारा ५३ (१) बमोजिम संसद्को नवौं अधिवेशन आव्हान गराउने र सो मार्फत वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने दृढता राख्ने विपक्षीले आफू अल्पमतमा रहे भएको कुरालाई बिर्सेर सरकार संचालनको विषयमा अन्य प्रतिपक्षी दलहरूमा समझदारी बढाउनु त कता हो कता स्वयं प्रतिनिधि सभाको विघटन गर्ने जस्तो अत्यन्त संवेदनशील विषयमा कुनै संवाद गर्ने वा सम्पर्क राख्ने शिष्टाचार समेत दर्शाउनु भएन । आफ्नो दलीय स्वार्थ अनुरूप एकदलीय सत्ता संचालन गर्ने बदनियतसाथ गरिएको उक्त काम कारवाहीबाट विशेष अधिवेशनमा अविश्वास प्रस्ताव पेश गरी विपक्षीलाई पदमुक्त गर्नबाट निवेदक समेतलाई वंचित गरिएको छ । संविधानको धारा ४२ (२) बमोजिम गठन भएको सरकारलाई दिइएको समर्थन सदाको निमित्त दिएको भन्न मिल्दैन । सो फिर्ता लिने अधिकार त्यो प्राप्त गर्नेको इच्छामा नभई प्रदान गर्नेको तजवीजमा आधारित रहने कुरा हो । आफूले पाएको समर्थन गुम्ने भएपछि बहुमतमा रहेको विपक्षीलाई सरकार गठन गर्न दिनु पर्ने नैतिक जिम्मेवारी विपक्षी माथि रहेकोमा आफ्नो सरकार नटिक्ने भएपछि प्रतिनिधि सभा पनि टिक्न नदिने प्रतिशोधात्मक कृयाकलापबाट अभिप्रेरित भई गरिएको सिफारिश दुराशयपूर्ण एवं कपटपूर्ण रहेकोले छ ।

विपक्षीको सरकारको गठन संविधानको धारा ४२ (२) बमोजिम भएकोले संविधान बमोजिम वैकल्पिक सरकार गठन हुन सक्ने अवस्था छैन भनी विघटनको सिफारिशमा लिइएको दावी तथा विपक्षी र निजको मन्त्रीमण्डलका सदस्यहरूद्वारा पटक पटक व्यक्त विचारहरूबाट सर्वसाधारणमा भ्रम सृजना गरी विघटनका लागि पृष्ठभूमि तयार गरी वैकल्पिक सरकार बन्न संभव हुँदाहुँदै पनि संवैधानिक व्यवधान र अडचन देखाई गलत एवं भ्रमपूर्ण व्यहोरा विघटनको सिफारिश मार्फत जाहेर गर्नु भएकोले त्यस्तो सिफारिश स्वत: अवैध तथा असंवैधानिक हुँदा त्यसका आधारमा भए गरेको मिति २०५२।२।२९ को विघटन समेत कानूनी तथा संवैधानिक प्रभावशून्य छ । संविधानको धारा ४२ (१) अन्तरगत वैकल्पिक सरकार गठन गर्न विघटित प्रतिनिधि सभाको बहुमत सदस्यहरूको मलाई समर्थन प्राप्त रहेकोमा विपक्षीले जाहेर गरेको असंवैधानिक सिफारिशबाट मलाई संविधानको धारा ४२ (१) बमोजिम वैकल्पिक सरकार गठन गर्न पाउने संवैधानिक हकबाट वंचित गरिएको छ ।

विपक्षीहरूबाट आमसभा, पत्रपत्रिका तथा नेपाल टेलिभिजन मार्फत धम्किपूर्ण भाषाको प्रयोग गरी दवावको स्थिति सृजना गरेबाट पनि प्रस्तुत विघटन दूषित भई असंवैधानिक छ । विपक्षी प्रधानमन्त्रीले दिनु भएको कारण र आधार अनुसार प्रतिनिधि सभाको विघटन हुने असंवैधानिक एवं असंसदीय परम्पराले वैधता पाउने हो भने वास्तवमा वर्तमान संविधानको धारा ५९ (२) निष्कृय हुन जाने हुन्छ । अल्पमतको तानाशाही निर्णयको शिकार बहुमतपक्षले व्यहोर्नु पर्ने असंसदीय प्रणालीको प्रादुर्भाव हुन जान्छ । तसर्थ विपक्षी प्रधानमन्त्रीले श्री ५ महाराजाधिराज समक्ष २०५२।२।२६ मा गर्नु भएको अनधिकृत, बदनियतपूर्ण, प्राकृतिक न्याय

सिद्धान्त विपरितको असंवैधानिक सिफारिश संविधानको धारा ३, ११, १२, १६, ३३, ४२, ५३, ५९, ६३ समेतको विपरित भएको छ भन्ने समेत व्यहोराको निवेदक शेरबहादुर देउवाको रिट निवेदन ।

नेपाल अधिराज्यको संविधान २०४७ ले संवैधानिक सर्वोच्चतालाई स्वीकार गरेको छ । सो अनुसार सबै अंगहरूले निर्वाह गर्नुपर्ने दायित्व संविधानले नै स्पष्ट गरेको छ । नेपाली कांग्रेसले संविधानको धारा ५३ (३) बमोजिम विशेष अधिवेशन बोलाउन समावेदन गरेबाट आफ्नो कार्यक्रम नीति लागू गर्न नपाएको, बजेट पेश गर्न नपाएको आदि जतिसुकै गन्यन लेखे तापनि विपक्षी प्रधानमन्त्रीले मूलभूत रूपमा विशेष अधिवेशनमा अविश्वासको प्रस्ताव पेश हुने कारणबाट प्रतिनिधिसभाको विघटनको लागि माग गरेकोले सो माग असंवैधानिक, असंसदीय छ । संविधानको धारा ५३ (३) बमोजिम बोलाइएको विशेष अधिवेशनको तिथि मिति तोकिइसकेपछि सो प्रकृयालाई सम्पन्न हुन नदिई निस्कृय गर्न मिल्दैन । प्रधानमन्त्रीज्यूबाट प्रतिनिधिसभा विघटनको लागि भएको सिफारिशबाट व्यावहारिक रूपमा संविधानको धारा ५९(२) लाई निर्जीव बनाइएको छ । नेपाल अधिराज्यको संविधान ०४७ को धारा ४२ (२) अन्तर्गत सरकार गठन भएपछि धारा ४२(१) मा जाँदैन भन्नु आफैमा सर्वसत्तावादी व्याख्या हो । जुन संविधानको मर्म र भावनाको प्रतिकूलमा हुन्छ ।

धारा ४२ अन्तर्गत गठित सरकार कामयाव भएन भने वा कुनै संवैधानिक प्रावधान अनुसार हटाइयो भने प्रतिनिधिसभा वहाली हुने हुँदा धारा ४२ (१) पुन: प्रयोग हुन सक्छ । धारा ४२ प्रतिनिधि सभाको चुनाव भएपछि शुरूमा एकपटक मात्र प्रयोग हुने धारा होइन । त्यस्तै प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधिसभामा पेश नभएको कार्यक्रम बजेट सरकारी नीति लागू गर्न नसकिने वातावरण सृजना भएको भनी भविष्य प्रति लक्षित काल्पनिक, अनुमानित आधारमा गरिएको सिफारिस सम्विधान सम्मत हुन सक्तैन । जुन संसदको विश्वासले सरकार बनाइयो त्यसै संसदमा अविश्वासको प्रस्ताव पेश भएपछि त्यो संसदलाई नै भंग गर्ने सिफारिश गर्नु कपटपूर्ण, बदनियतपूर्ण तथा दुराशय पूर्ण छ । सायै संसदमा रहेका अन्य प्रतिपक्ष र स्वतन्त्र सांसद समेतले वैकल्पिक सरकार गठन गर्ने उद्देश्य राखी श्री ५ मा आवेदन दिई सकेको अवस्थामा वर्तमान संसदबाटै धारा ४२ (१) बमोजिम वैकल्पिक सरकार गठन हुन सक्ने देखी सत्ता लिप्सा तथा आफू सत्तामा बसी चुनाव गराउने भावनाबाट अभिप्रेरित भई संसद भंग गर्ने सिफारिश गरेको दुराशययुक्त छ ।

कुनै पनि दलले अर्को दललाई विश्वास दिएपछि सधैंभरी विश्वास दिइरहनु पर्ने र फिर्ता लिन नपाइने धारणा संसदीय व्यवस्थामा स्वीकार्य हुँदैन । त्यसमा पनि नेपाली कांग्रेसले अविश्वासको प्रस्ताव पेश गरेपछि र निवेदकको पार्टीले वैकल्पिक सरकार गठन गर्ने उद्देश्यसाथ विन्तीपत्र पेश गरेपछि स्पष्ट रूपमा अल्पमतमा परेको सरकारले धारा ५३ (४) बमोजिमको अधिकार प्रयोग गर्नु सरासर गलत तथा संसदीय मूल्य र मान्यताको प्रतिकूल छ । प्रजातान्त्रिक सरकार र व्यवस्थामा प्रजातन्त्रका केही शाश्वत मूल्य र मान्यताहरू हुन्छन्, जसलाई हाम्रो संविधानको प्रस्तावनाले स्वीकारेको छ । प्रतिनिधिसभाप्रति जिम्मेवार सरकार र प्रतिनिधि सभाको संवैधानिक दायरा भित्रको सर्वोच्चता र कानूनी शासन जस्ता अपरिवर्तनीय संवैधानिक

व्यवस्थालाई प्रधानमन्त्रीबाट उपहास गरिएकोले सो बदर भागी भन्ने निवेदक लोकेन्द्रबहादुर चन्दको रिट निवेदन ।

विघटनको सिफारिश प्रधानमन्त्रीको निवास बालुवाटारमा २०५२।२।२६ गते साँझ पत्रकार सम्मेलन गरी स्वयं प्रधानमन्त्रीले सार्वजनिक रूपमा वितरण गराउनु भएको छ । सर्वसाधारण जनतालाई सुसूचित गराउन सरकारी संचार माध्यम समेतबाट प्रकाशित भइसकेका सिफारिशको आधार र कारणहरूको सम्मानित अदालतबाट न्यायिक विवेचना हुन पर्ने स्वत: सिद्ध छ । धारा ४२(१) बमोजिम सरकार गठन गर्न सहमत र समर्थन रहेको व्यहोरा जाहेर गरी २०५२।२।२८ मा श्री ५ समक्ष म समेत भै निवेदन चढाएका छौं । जनतामा निहित व्यवस्थापकीय सार्वभौमसत्ताको प्रयोग प्रतिनिधि सभामा बहुमतको निर्णय अनुसार क्रियाशील हुन्छ । वैकल्पिक सरकार गठन गर्न पाउने हाम्रो संवैधानिक हकबाट वञ्चित गराउने दुराशयले प्रधानमन्त्रीले गरेको असंवैधानिक सिफारिसको आधारमा २०५२।२।३० गते प्रतिनिधिसभा विघटन गरिएको छ । बहुमतलाई अल्पमतले परास्त पार्ने दुस्साहसपूर्ण कार्यबाट संविधानको धारा ३, ११, १२, १६, ३६ (१), ४२(१), ४२(२), ४५(५), ५८, ५९(२), ६३, ६९, र ११६ ले प्रदान गरेको हक हनन् भएको छ ।

विघटनको सिफारिस राष्ट्रको हित विरूद्ध छ । पुन: मध्यावधिमा जानु पर्दा देशको आर्थिक स्थितिमा प्रतिकूल असर परेको छ । करोडौं रूपैयाँको आर्थिक भार सहन नसकी मुलुकको आर्थिक संरचना ध्वस्त हुन जाने भएको छ । प्रधानमन्त्री र अन्य मन्त्रीहरू प्रतिनिधिसभा प्रति उत्तरदायी हुनु पर्नेमा संविधानको धारा ३६ को उपधारा (४) को विपरित हुने गरी आफ्नो पार्टीप्रति मात्र जिम्मेवार बन्ने कम्यूनिष्ट शासनशैली अपनाइएको छ । संविधानको धारा सधैभरी क्रियाशील रहिरहने हुनाले एक पटक प्रयोग भएन भने दोस्रो पटक प्रयोग हुन सक्दैन भन्न सर्वथा मिल्दैन । संसदीय प्रजातन्त्र भनेको बहुमतको शासन हो । धारा ४२ (२) बमोजिम विशेष व्यवस्था अपनाई नियुक्त भएको प्रधानमन्त्रीलाई धारा ५३(४) बमोजिम सिफारिश गर्ने अधिकार छैन । धारा ४२ (२) बाट ४२ (१) मा जान सक्दैन भन्ने प्रत्यर्थी प्रधानमन्त्रीको अडान संविधान सम्मत छैन । प्रस्तुत सिफारिश अनुसार विघटनले संवैधानिक मान्यता पाउने हो भने अविश्वासको प्रस्ताव ल्याई प्रधानमन्त्रीलाई पदमुक्त गराउन पाउने धारा ५९ को उपधारा (२) र (३), धारा ३६ (५) (ख) एवं ४२ (१) सदासर्वदाको लागि निस्कृय र विफल हुन जाने हुन्छ भन्ने समेत व्यहोराको निवेदक गजेन्द्र नारायण सिंहको रिट निवेदन ।

धारा ५३ को उपधारा (४) ले दिएको अधिकार प्रयोग गर्दा धारा ५३ को उपधारा (३) को बाध्यात्मक व्यवस्थालाई निस्प्रयोजन र निस्कृय पार्ने किसिमले प्रयोग गर्न मिल्दैन । धारा ५३ को उपधारा ३ तथा धारा ५९ (२) बमोजिम संसदीय प्रणालीको सर्वमान्य सिद्धान्त बमोजिम कार्यकारिणीलाई व्यवस्थापिका प्रति उत्तरदायी बनाउन चलाइने प्रकृयालाई छल्ने बदनियतले प्रतिनिधिसभाको विघटन गर्न सिफारिश गर्न र सोको आधारमा प्रतिनिधि सभा विघटन हुनु संविधानको विरूद्ध हो । संविधानको व्याख्या गर्दा कुनै पनि प्रावधानलाई निष्प्रयोजन हुन जाने किसिमले व्याख्या गर्न मिल्दैन । एउटा संविधानको धारालाई क्रियाशील

हुनबाट रोक्न तथा अन्य संसद् सदस्यहरूको विधायिकी अधिकारलाई प्रयोग गर्नमा बाधा खडा गर्ने कार्य असंवैधानिक हुन्छ । तसर्थ धारा ५३ (४) को प्रयोग बदनियतका साथ (MALAFIDE) ढंगबाट प्रयोग भएको छ ।

संसदीय प्रणालीमा प्रतिपक्षी दलबाट वैकल्पिक सरकार गठन गर्ने, श्री ५को सरकारको नीति तथा कार्यक्रम प्रति सहमति वा असहमति जनाउने बजेट स्वीकृत वा अस्वीकृत गर्ने सर्वमान्य आधारभूत सिद्धान्तका कुराहरूलाई हाम्रो संविधानले अंगीकार गरेको छ । विपक्ष प्रधानमन्त्रीले गरेको सिफारिश अनुसार संविधानको आधारभूत संरचना र यसका मान्यताहरूको उल्लंघन हुने गरी प्रतिनिधि सभाको विघटन भएको हुनाले बदरभागी छ । संसदीय व्यवस्थामा धारा ३६ (४) र धारा ५९ बमोजिम प्रतिनिधिसभाप्रति जिम्मेवारी वहन गर्नुपर्ने कार्यकारिणीले व्यवस्थापिकाको समर्थन निरन्तर रूपमा प्राप्त गरी रहनु पर्दछ । कुनै पनि धारा अन्तर्गत गठन भएको कुनै पनि दलको सरकारलाई संसदलाई नाघेर काम गर्ने अधिकार छैन । श्री ५ को सरकारको नीति तथा कार्यक्रम र बजेट संसदबाट पास गर्न नसक्ने मनोगत आशंकाबाट अभिप्रेरित भई संसदलाई विघटन गरी संवैधानिक प्रक्रियालाई विफल पार्ने र आफ्नो दलगत स्वार्थ पूरा गर्न आफूले चाहेको नीति तथा कार्यक्रममा आधारित बजेट अध्यादेशबाट ल्याई मध्यावधि निर्वाचनमा जित्ने दुराशय रहेको हुनाले प्रत्यर्थी प्रधानमन्त्रीबाट संवैधानिक अधिकारको प्रयोग जालसाजीपूर्ण ढंगबाट भएको छ । सो गर्न हाम्रो संविधानले छुट दिदैन । सर्वोच्च अदालतबाट गतवर्ष संसद विघटन सम्बन्धी मुद्दामा भएको निर्णय पनि निवेदकको बुँदालाई पुष्टि गर्दछ ।

प्रधानमन्त्रीको रितपूर्वक सिफारिश नभई श्री ५ को विवेक प्रयोग हुन सक्तैन । प्रधानमन्त्रीले ५३ (४) अन्तर्गत सही अर्थमा संविधान सम्मत ढंगबाट सिफारिश गरेको नभएमा प्रतिनिधिसभा विघटन हुन सक्दैन । मौजुदा विवादमा प्रतिनिधिसभा विघटन गर्न सिफारिश गर्ने निर्णय मन्त्रीपरिषद् र ने.क.पा.(एमाले) केन्द्रीय समितिबाट भएको र सोही निर्णयलाई प्रधानमन्त्रीबाट श्री ५ समक्ष जाहेरसम्म यात्रै गर्ने काम भएको हुनाले त्यस्तो असंवैधानिक सिफारिश भनिएको जाहेरीको आधारमा प्रतिनिधिसभाको विघटन हुन सक्तैन ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४२ को उपधारा (२) अन्तर्गत गठन गरी ३० दिन भित्र विश्वासको मत प्राप्त गरिसकेपछि पुनः संविधानले निर्दिष्ट गरेको संसदीय परम्परा अनुसार धारा ४२ को उपधारा (१) अनुसारको सरकार गठन गर्न सकिदैन भन्ने व्याख्या आफैमा बाझिएको र गलत छ । संविधानको धारालाई व्याख्या गर्दा दुई वा दुई भन्दा बढी विकल्प रहेकोमा संविधानको प्रस्तावनामा उल्लेखित भावना अनुकूलको विकल्प रोज्नुपर्ने हुन्छ । धारा ३६ (१) र ४२ (१) (२) को विकल्प सधैं खुल्ला रहने हाम्रो संविधानको व्यवस्था हो ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (४) को स्तर

संविधानको अन्य धारा भन्दा माथि छैन । धारा ५३ को उपधारा (४) को व्याख्या संविधानको संरचना र परिप्रेक्षमा गरिनु पर्दछ । यदि यसो नगर्ने हो भने संविधानको आधारशिलाको रुपमा रहेको संसदीय प्रणाली र बहुदलीय व्यवस्थाको मूल्य र मान्यता धरासायी हुन जान्छ । धारा ५३ को उपधारा (४) को सकृयतालाई धारा ५३ को उपधारा (३) र धारा ३६ को उपधारा (५) को सकृयताले सीमित गरेको छ । धारा ५३ को उपधारा (३) बमोजिम विशेष अधिवेशनको लागि समावेदन गरिसकेपछि सोको दुंगो नलागी धारा ५३ को उपधारा (४) सक्रिय हुन सक्दैन । त्यस्तै धारा ३६ को उपधारा (५) को (क) र (ख) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएपछि वैकल्पिक सरकारको गठन हुने संभावना रहेसम्म धारा ५३ (४) बमोजिम विघटनको सिफारिस गर्ने हकदैया काम चलाउ सरकारमा हुन सक्दैन भन्ने निवेदक आमोद पोखरेलको निवेदन जिकीर ।

प्रस्तुत निवेदनहरू मिति २०५२।३।७ को एक न्यायाधीशको इजलाशमा पेश हुँदा निम्नलिखित आदेश भएको रहेछ: :-

प्रस्तुत रिट निवेदनपत्रद्वारा निवेदकले प्रतिनिधिसभाको विघटनको वैधताको सम्बन्धमा सार्वजनिक सरोकारका केही गंभीर र जटिल संवैधानिक प्रश्नहरू उठाएकोले ती प्रश्नहरूको समाधानको लागि संविधानको धारा ४२, धारा ५३ को उपधारा (३) र (४), धारा ५९ को उपधारा (२) लगायत अन्य सम्बद्ध संवैधानिक व्यवस्थाहरूको समुचित व्याख्या भई विवादको निरूपण हुनुपर्ने देखिन्छ । अत: यस सम्बन्धमा :-

निवेदकको माग अनुसारको आदेश किन जारी हुन नपर्ने हो ? कुनै कारण भए सो कारण सहित २०५२।३।२२ गतेभित्र लिखित जवाफ पठाउनु भनी प्रत्यर्थीहरूलाई लिखित सूचना दिनु । यस विषयमा स्वतन्त्र राय पनि सहयोग हुन सक्ने हुँदा निवेदन पेश हुँदा आफ्नो राय प्रस्तुत गर्न चाहने बढीमा ५ जना सम्म विद्वान वरिष्ठ अधिवक्ता वा अधिवक्ताहरूलाई उपस्थित गराइदिन सर्वोच्च अदालत बार एसोसियशनलाई लेखी पठाउन प्रस्तुत रिट निवेदन पत्रलाई अग्राधिकार दिई २०५२।४।१ गते सुनुवाइको लागि इजलास समक्ष पेश गर्नु लिखित बहस पेश गर्न चाहने कानून व्यावसायीहरूलाई त्यस्तो बहस यो निवेदन सुनुवाई हुनु भन्दा अगावै पेश गरिसक्नुपर्ने सम्बन्धमा कानून व्यवसायीहरूलाई जानकारीको लागि सर्वोच्च अदालत बार एसोशियसनलाई सूचित गर्नु । निर्वाचनको लागि धेरै समय बाँकी रहेको र निवेदनपत्र नै २०५२।४।१ मा पेश हुने भएकोले अन्तरिम आदेश जारी गर्नु परेन ।

उक्त आदेशानुसार प्रत्यर्थीहरूबाट प्राप्त लिखित जवाफहरू संक्षेपमा यस प्रकार छ :-

प्रस्तुत रिट निवेदन तथा अन्य ६ वटा रिट निवेदनपत्रहरूमा भाषा लेखन शैलीहरू फरक भए पनि सबै निवेदनपत्रहरूमा मैले २०५२।२।२६ मा प्रतिनिधिसभा विघटनको लागि श्री ५ महाराजाधिराजका जुनाफमा चढाएको सिफारिश र त्यस आधारमा श्री ५ बाट

२०५२।२।३० मा गरिबक्सिएको प्रतिनिधिसभा विघटन संविधान प्रतिकूल र दुराशय भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरी प्रतिनिधिसभा पुनर्जागरण गरी पाऊँ भन्ने माग गरिएको छ। प्रस्तुत विषय सार्वजनिक सरोकारको विषय हुँदा निवेदकहरूको निवेदन दिने हकदैया भए तापनि सार्वजनिक सरोकारको सबै विवादहरू वा कुनै विवादको सबै पक्षहरू अदालतबाट समाधान हुने होइनन्। अदालतबाट त त्यस्तो विवादमा समावेश भएको संवैधानिक वा कानूनी प्रश्नको मात्र निरूपण हुन सक्दछ। प्रतिनिधिसभा विघटन गर्न सिफारिस गर्ने तथा त्यस आधारमा विघटन गर्ने दुवै शुद्ध राजनैतिक निर्णय (Political Decision) का कुरा हुन् र अदालतबाट त्यस्तो संवैधानिक वा कानूनी वैधता (Constitutional or legal validity)को प्रश्नमा मात्र सांघुरिएर विचार हुन्छ। सिफारिश गर्ने र अन्तिम निर्णय गर्ने प्रभुत्व निहित अधिकारी बेग्लै हुने, अलग अलग भूमिका हुने हुँदा एउटै कार्यमा आबद्ध गरेर हेर्न मिल्दैन।

संविधानदाताले धारा ५३ को उपधारा (४) मा कुनै सर्त वा पूर्वावस्थाको व्यवस्था गरेको छैन। संसदीय प्रणालीमा त्यसको विशिष्टताको बोध भएर नै त्यसमा सर्त बन्देज नराखिएको हो भन्ने सजिलैसँग बुझ्न सकिन्छ। स्पष्ट तथा अन्यथा व्यवस्था भएमा बाहेक संविधानका सबै प्रावधानहरू सक्रिय नै रहन्छ र जुन प्रावधानको सक्रियताको परिणाम अगाडि नि:सृत हुन्छ सो परिणामले अन्य प्रावधानको सक्रियताको परिणामलाई प्रभाव पार्न सक्दछ। संविधानको धारा ३६(१), ४२ (१) र ४२(२) बमोजिम नियुक्त हुने प्रधानमन्त्रीमा एउटै भिन्नता छ त्यो के भने धारा ४२ (१), ४२ (२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले ३० दिन भित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्छ जुन धारा ३६ (१) अन्तर्गत नियुक्त प्रधानमन्त्रीलाई लागू हुँदैन धारा ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्रीलाई धारा ५३ (४) अन्तरगत सिफारिश गर्ने अधिकार छैन भन्ने जिकिरमा कुनै शक्ति वा बल रहेको म पाउन सक्दिन। एक पटक धारा ४२ (३) को चरण पार गरिसकेपछि सो पास गर्ने प्रधानमन्त्री र धारा ३६ (१) अन्तर्गत नियुक्त हुने प्रधानमन्त्रीमा संविधानले कुनै विभेदीकरण (Discrimination) गरेको छैन। धारा ३६ (१) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले विघटनको सिफारिश गर्दा संविधानको मौलिक संरचना, नखल्बलिने तर धारा ४२ (२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले सिफारिश गर्दा चाही मौलिक संरचना, प्रतिकूल हुन्छ भन्ने कथनको युक्तियुक्त आधार म देख्न सक्दिन। राजनैतिक स्थितिको विश्लेषणबाट देशको हितको दृष्टिले संसदको विघटन हुनु उपयुक्त देखेको प्रधानमन्त्रीले सो हुनको लागि सिफारिश गरेको कुरा संसदीय मूल्य, मान्यता, मर्यादा र परम्परा विरूद्ध भयो भन्ने चुनौतिको आधारमा कुनै सारभूत तत्व छैन। प्रधानमन्त्रीले राजिनामा गरेकोमा वैकल्पिक सरकारको संभावनाको कुरा हुन्छ। तर विघटन पछि त्यस्तो संभावना रहने हुँदैन। महत्वपूर्ण राजनैतिक निष्कर्षमा पुग्दा उपलब्ध सबै भावना र धारणाहरूमा ध्यानदिनु प्रजातान्त्रिक संस्कार र संस्कृतिको स्वभाविक लक्षण पनि हो। विघटनको सिफारिश गर्ने निष्कर्षमा पुग्नुभन्दा अगाडि मैले धेरैसँग विचार विमर्श गरेको थिएँ तर सिफारिश गर्ने निष्कर्ष चाहि

आफ्नै इच्छा र स्वतन्त्र विवेकको प्रयोगको परिणति हो । विघटन गर्नु भन्दा पहिले प्रतिनिधि सभालाई जानकारी दिनुपर्ने भन्ने संवैधानिक तथा कानूनी बाध्यता छैन भनी २०५१ सालको रिट नं.२३०४ निवेदक हरिप्रसाद नेपाल समेत भएको मुद्दामा टुंगो लागि सकेको छ । विघटनको सिफारिश गर्ने म पदाधिकारीले यस्तो सिफारिश गरेको छु भनी त्यसको जानकारी कसैलाई गराएको छैन । हालसम्म रादरबारबाट सिफारिशमा यस्तो यस्तो कुरा छन् भनी जानकारी गराएको पनि मलाई थाहा छैन । यस अवस्थामा संचार माध्यमहरूबाट प्रसारित सामाग्रीहरूको आधारमा अदालतले जानकारी लिने भन्ने प्रश्न नै उठ्न सक्दैन । सिफारिशको ब्यहोरा त धारा ३५ (६) अन्तर्गत प्राधिकृत दस्तावेज (Privileged Communication) अन्तर्गत पर्दछ ।

विघटनको लागि मैले सिफारिश गरे उप्रान्त निवेदकहरूले राजदरबारमा चढाएको बिन्तिपत्रहरू र संसद सचिवालयमा दर्ता गरिएको अविश्वासको प्रस्ताव आदि मेरो सिफारिशलाई दुर्बल वा असंवैधानिक वा बदनियतपूर्ण हो वा होइन भन्ने प्रश्नको निरूपणका आधार बन्न सक्दैन । मेरो सिफारिश पश्चात् निवेदकहरूले राजदरबामा चढाएका बिन्तिपत्रहरूमा उल्लेखित तथा अन्य सबै सान्दर्भिक कुराहरू सबै माथि विचार भएर नै सिफारिश चढाएको चार दिन पछि श्री ५ बाट सिफारिश स्वीकार गर्ने निष्कर्षमा पुगी बक्सिएको सिद्ध छ । यस अघिको फैसला (२०५१ सालको रिट नं.२३०४) मा प्रतिपादित सिद्धान्तको पृष्ठभूमिमा निवेदकहरूले लगाएको दुराशयको आरोपलाई नै कसौटीमा घोटेर प्रमाणित हुन्छ वा हुँदैन भन्ने कुराको निरोपण हुनु पर्दछ भन्ने सादर निवेदन छ ।

नेपाली कांग्रेस तथा अन्यले राजनीतिक अस्थिरता तथा अन्यौलतर्फ डोऱ्याउने तथा राष्ट्रिय हित विपरित शासनमा अस्थिरता पैदा गर्न थालेको महसुस गरी यस्तो अस्थिरता र अन्यौलको स्थिति मेटाउन सार्वभौमसत्ता सम्पन्न जनतामा जानुपर्ने राजनीतिक आवश्यकता रहेको बोध गरी सिफारिश गरेको हुँ व्यक्तिगत वा दलीय स्वार्थलाई हेरेर होइन । धारा ४२ (३) अन्तर्गत बहुमत समर्थित सरकार तबमात्र बहमुत प्राप्त गर्न नसकेको स्थितिमा पुग्छ जब धारा ५९ को प्रक्रियाद्वारा सो कुरा सिद्ध हुन्छ । मैले विघटनको सिफारिश गरेको २ दिनपछि अविश्वासको प्रस्ताव र ३ दिनपछि १०३ जना सदस्यले शेरबहादुर देउवालाई प्रधानमन्त्री पदको लागि प्रस्तावित गर्लान् भनेर मैले कसरी अनुमान गर्नु । आउँदो २०५२।८।७ मा हुने निर्वाचनको लागि सबै जसो पार्टिले निर्वाचन आयोगमा नाम दर्ता गराइ सकेका र नेपाली कांग्रेसका सांसद (राष्ट्रिय सभा सदस्य) महेश आचार्यले राख्नु भएको निष्पक्ष निर्वाचन सम्बन्धी श्री ५ समक्ष पेश गर्न संबोधन प्रस्ताव राष्ट्रिय सभाबाट पारित भई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन गराउन जुटिसकेको स्थिति वर्तमान यथार्थता हो । धारा ५३ (४) अन्तर्गत विघटन गर्ने काम राजालाई विवादमा मुछ्ने परिणाम स्वत: सृजित हुने भए संविधानमा त्यस्तो प्रावधान नै किन राखिन्थ्यो र ? बरू केही निवेदकहरूले नै विभिन्न प्रकारको जाहेरी तथा बिन्तिपत्रहरू दिँदै त्यसबारे संचार माध्यमहरूद्वारा प्रचार प्रसार गराएर श्री ५ लाई विवाद केन्द्रमा पार्ने प्रयास भएको पाइन्छ । संविधानले व्यवस्थापिका र कार्यपालिका बीच जुन सम्बन्ध र सन्तुलन कायम गरेको छ त्यसको प्रतिकूल म गएको छैन । संविधानमा भएको

प्रावधानको प्रयोग वा प्रतिपालनलाई कुनै हालतमा पनि बलात अतिक्रमणको संज्ञा दिन मिल्दैन । अधिवेशन चालु रहेको अवस्थामा बाहेक ५३ (४) बमोजिम सिफारिश गर्न मिल्दैन भन्ने निष्कर्षमा पुग्नु संसदीय मान्यताको बर्खिलाप हुन जान्छ । प्रतिनिधि सभामा सशर्त विश्वासको मत दिने व्यवस्था छैन ।

निवेदनपत्रहरूमा उठाइएका जिकीरहरू तथा मैले यस लिखित जवाफमा व्यक्त गरेका प्रतिकथनहरूमाथि समुचित विचार गरी रिट निवेदनपत्रहरू खारेज गरी पाउँ मेरो तर्फबाट बहस प्रस्तुत गर्ने कानून व्यवसायीको बहस जिकीरलाई यस लिखित जवाफको अभिन्न अंग मानी पाउँ भन्ने समेत व्यहोराको सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीको लिखित जवाफ ।

निवेदकले सभामुखलाई प्रत्यर्थी बनाउनु पर्नाको आधार कारण केही उल्लेख गर्नु भएको छैन र वस्तुत: विघटनबाट प्रभावित सभामुखलाई विपक्षी बनाइनुको औचित्य पनि देखिदैन । लिखित जवाफ मैले पदीय जिम्मेवारी र संस्थागत दायित्वलाई समेत ख्याल राख्नुपर्ने ठानेको छु । साथै प्रत्युत्तर गर्दा मैले आफ्ना मान्यता र सार्वकालिक सिद्धान्तलाई आधार बनाएको छु । कुनै पक्ष वा विपक्षलाई दृष्टिगत गरेको छैन ।

प्रतिनिधि सभा प्रधानमन्त्रीको निर्वाचक मण्डल (Electoral college) नभै संविधानको धारा ३६ को उपधारा (४) ले प्रधानमन्त्री र अन्य मन्त्रीहरू प्रतिनिधि सभाप्रति उत्तरदायी हुनपर्ने व्यवस्था गरेको छ । तसर्थ प्रतिनिधि सभाका सदस्यहरूले संविधानको धारा ५३ (३) बमोजिम प्रतिनिधिसभाको अधिवेशन आह्वान गर्न समावेदन चढाई अधिवेशन आह्वान भै अविश्वासको प्रस्ताव समेत दर्ता भै सकेको स्थितिमा प्रधानमन्त्रीले प्रतिनिधि सभाको विश्वास प्राप्त गर्नुको साटो संविधानको धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटनको लागि सिफारिश गर्नु संसदीय मान्यता, परंपरा तथा संविधानको मूलभूत भावना (Sprit) विपरित हुन त गएन भन्ने एक संवैधानिक प्रश्न उठेको मैले ठानेको छु । संविधानको धारा ४२ (१) अनुसारको सरकार बन्न नसकी ४२ (२) बमोजिमको सरकार बन्यो भने त्यसपछि प्रतिनिधिसभाले अर्को वैकल्पिक सरकार दिन पाउने अवसर प्राप्त गर्दैन ? हामीले कस्तो परम्परा कायम गर्ने हो ? संविधानका धारा ४२ का सन्दर्भमा सम्मानित अदालतबाट व्याख्या गरिने मैले विश्वास लिएको छु । त्यस्तै सांसदहरूको विशेषाधिकारले वा प्रधानमन्त्रीको विशेषाधिकारले प्राथमिकता पाउने हो भन्ने समेत प्रश्न उठेकोले व्याख्या हुनपर्ने देखेको छु । विघटन र मध्यावधि निर्वाचन जस्तो इतिहासमा अपवाद स्वरूप घटित हुने घटना एउटा नियमित प्रक्रिया हुन थाल्नु गंभीर चिन्ताको विषय हो ।

वैकल्पिक सरकार बन्न सक्छ वा सक्दैन भनेर निर्णय गर्ने निकाय कार्यपालिका वा यसको प्रमुख नभई प्रतिनिधि सभा हो, तर प्रतिनिधि सभाको विघटनले गर्दा प्रतिनिधि सभा वैकल्पिक सरकार दिने अधिकारबाट वंचित गरिनुको साथै प्रतिनिधिसभाका सभामुख एवं संरक्षकको हैसियतले प्रतिनिधिसभाको सदस्यहरूको हक र हित संरक्षित गर्न नसकेकोमा म ज्यादै चिन्तित छु । वैकल्पिक सरकार बन्न सके नसकने कुराको परीक्षण गर्ने अवसर

सदनलाई दिनु पर्दछ भन्ने मेरो मान्यता छ । वैकल्पिक सरकार दिन प्रतिनिधि सभा सक्षम छ, कि छैन भन्ने अवसर नदिनु प्राकृतिक न्यायबाट समेत वञ्चित गरिनु हो साथै यस्तो परम्परा प्रजातन्त्र अनुकूल पनि हुन सक्दैन ।

अत: नेपाली जनताको सर्वोत्तम हित, संसदीय प्रणालीको स्थायित्व र बहुदलीय प्रजातन्त्रप्रति जनआस्था अभिवृद्धि हुने गरी सम्मानित अदालतबाट यस विषयमा संविधानको सकारात्मक व्याख्या हुन म यस लिखित जवाफबाट आग्रह गर्दछु भन्ने समेत व्यहोराको प्रतिनिधिसभाका सभामुख रामचन्द्र पौडेलको लिखित जवाफ ।

श्री ५ बाट प्रतिनिधिसभाको नवौं अधिवेशन २०५२।३।११ को लागि बोलाई बक्सिएपछि प्रतिपक्षी दल नेपाली कांग्रेसका ७० जना सांसदहरूले धारा ५३ (३) बमोजिम अधिवेशन बोलाइबक्सन समावेदन चढाएको । उक्त समावेदनमा अधिवेशन बोलाउनु पर्ने कुनै खास आधार देखाउन नसकी सरकारको नीति तथा कार्यक्रम नै प्रस्तुत गर्न निदने दूषित अभिप्रायबाट प्रेरित भई अधिवशेन बोलाउन समावोदन प्रस्तुत गरिएको स्पष्ट हुन्छ । श्री ५ बाट धारा ४२ (१) बमोजिम सरकार गठन गर्न आव्हान गरिबक्सदा कसैले दावी गर्न नसकेको भई धारा ४२ (२) बमोजिम श्री मनमोहन अधिकारी प्रधानमन्त्री नियुक्त हुनु भएकोमा उहाँको नेतृत्वको सरकार कायम छँदै अब धारा ४२ (१) बमोजिम पुन: सरकार गठन गर्न दावी गर्नु संविधान प्रतिकूल छ ।

विपक्षी समेतको विश्वास छैन भन्नासाथ प्रधानमन्त्री अधिकार विहिन तथा काम चलाउ भएको भन्ने जिकिर संविधान प्रतिकूल छ । धारा ४२ (१) र ३६ (१) बमोजिमको प्रधानमन्त्रीलाई मात्र प्रतिनिधिसभा विघटन गर्न पाउने व्यवस्था छ भन्नु संविधान सम्मत छैन । संविधानको धारा ५३ (४) मा त्यस्तो कुनै शर्त तोकिएको छैन । सम्माननीय प्रधानमन्त्रीले आफूलाई भएको अधिकार प्रयोग गरी प्रतिनिधिसभा भंग गर्नु भएबाट अविश्वासको प्रस्ताव पेश गर्न नसक्ने अवस्थासम्म पर्न गएको हो । प्रधानमन्त्रीले कार्तिक महिनामा निर्वाचन गराउन मिति तोकिबक्सन सिफारिस गर्नु भएको कुरा सत्य होइन । प्रधानमन्त्रीले आफ्नो अधिकार प्रयोग गरी श्री ५ मा सिफारिस चढाउनु भएको हो । अत: विपक्षीको निवेदन जिकिर आधारहीन एवं संविधान प्रतिकूल हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको श्री ५ को सरकार मन्त्री परिषद सचिवालयको लिखित जवाफ ।

प्रधानमन्त्रीले चढाउनु भएको सिफारिश अनुसार श्री ५ बाट २०५२ साल मंसीर ७ गते बृहस्पतिवारको दिन नयाँ प्रतिनिधिसभाको लागि निर्वाचन गराउने गरी संविधानको धारा ५३ (४) बमोजिम प्रतिनिधिसभा विघटन गरिबक्सिएको मिति २०५२।२।३० को राजदरबारको विज्ञप्तिको प्रतिलिपि सहित श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको मिति २०५२।३।१ को पत्र यस आयोगमा प्राप्त भएको हो । सो बमोजिम नयाँ प्रतिनिधिसभाको लागि निर्वाचन संचालन गर्नु निर्वाचन आयोगको कर्तव्य हुन गएको छ । संविधान र प्रचलित कानून

बमोजिम निर्वाचन आयोगले आफ्नो कर्तव्य पालना गर्दा रिट निवेदकहरूले आफ्नो निवेदनमा उल्लेख गरे बमोजिम निजहरूको कुनै हक हनन् नगरेको र कानून प्रतिकूल हुने काम नगरेको हुँदा दावीबाट फुर्सद दिलाई पाउँ भन्ने समेत व्यहोराको निर्वाचन आयोगको लिखित जवाफ।

निवेदक अधिवक्ता रविराज भण्डारी तर्फबाट उपस्थित विद्वान् अधिवक्ता द्वय श्री विष्णु प्रसाद भट्टराई तथा श्री बाबुराम गिरीले निवेदन जिकिरको औचित्य तर्फ प्रकाश पार्दै राज्य संचालनको सम्पूर्ण कार्यहरू श्री ५ को नामबाट हुने भए पनि यथार्थमा सबै काम जनताबाट निर्वाचित प्रतिनिधिहरू प्रति उत्तरदायी मन्त्रिपरिषदले गर्दछ। धारा ५३ (४) श्री ५ को स्वविवेकमा प्रयोग हुने नभई संवैधानिक कर्तव्य निर्वाह गर्नको निमित्त हो। संविधानको धारा ४२ (१) र धारा ४२ (२) एक आपसमा (Interchangable र Interdependent) छन्। त्यसैले धारा ४२ को उपधारा (१) र (२) अन्तर्गतका सरकारहरू अवस्था र परिस्थिति अनुरूप विघटन र गठन हुन सक्दछन्। एक पटक धारा ४२ (१) अन्तर्गत सरकार बनेन भन्दैमा अर्को पटक बन्न नसक्ने होइन संविधानको एउटा धाराले अर्को धारालाई निस्क्रिय तुल्याउँदैन। धारा ५३ (३) बमोजिम अविश्वासको प्रस्ताव पेश गर्ने उद्देश्यले प्रतिनिधिसभाको विशेष अधिवेशन आह्वान गरिसकेपछि धारा ५३ (४) अन्तर्गत प्रतिनिधिसभा विघटन हुन सक्दैन। धारा ५३ (३) अनुसारको अधिवेशन बस्नको लागि केही समय लाग्ने हुँदैमा धारा ५३ (४) ले त्यसलाई निरस्त गर्न मिल्दैन। धारा ५३ (४) को सिफारिश बन्देज रहित मान्ने हो भने कानूनी राज्यको अवधारणा नै विफल हुन्छ। प्रधानमन्त्रीले चढाएको सिफारिश सम्बन्धी कुरा रेडियो, टेलिभिजन लगायतका संचार माध्यमहरूले समेत प्रसारित गरिसकेको कुरालाई ढाकेर सिफारिश सार्वजनिक नगराएको भन्ने प्रधानमन्त्रीको जिकिर छ। सिफारिशको व्यहोरा सार्वजनिक नगराएको भए त्यसलाई कसरी राजनैतिक कारण मान्ने ? विघटनको अन्तिम कार्य श्री ५ बाट भए पनि त्यसको जिम्मेवारी सिफारिशकर्ता प्रधानमन्त्री उपर नै हुन्छ। विघटनको सिफारिश संविधानको अवधारणाको विपरित, दलीय स्वार्थले प्रेरित बदनियतपूर्ण हुँदा प्रतिनिधिसभा पुनर्वहाली हुनु पर्दछ भनि बहस प्रस्तुत गर्नु भयो। निवेदकको तर्फबाट विद्वान् अधिवक्ता श्री वीरबहादुर कार्कीले लिखित बहस पेश गर्नु भयो।

निवेदक मध्येका प्रकाश घिमिरेले आफै छलफलमा सहभागी भै निवेदनका सम्बन्धमा प्रकाश पार्दै पत्र पत्रिकामा प्रकाशित कुरालाई प्रमाणमा लिन भिन्छ। प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्न चढाउनु भएको सिफारिशको सम्बन्धमा कसैलाई जानकारी गराएको छैन भन्ने कुरा झुठ्ठा हो २६ गते सिफारिश चढाइएको कुरा मन्त्रिपरिषदको लिखित जवाफबाट देखिन आउँछ। धारा ४२(२) अन्तर्गतको प्रधानमन्त्रीले विघटनको सिफारिश गर्न पाउँदैन। धारा ४२(२) बमोजिमको प्रधानमन्त्रीले समर्थन प्राप्त गर्न सकेन भने धारा ४२ (४) बमोजिम श्री ५ बाट स्वत : भंग गरिएकसने हो। दुरासय राखेर विघटनको सिफारिश गर्नु भएको छ भनी उल्लेख गर्नु भयो।

निवेदक चिरन्जिवी वाग्ले तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री मुकुन्द रेग्मी तथा विद्वान् अधिवक्ता श्री सूर्य ढुंगेलले निवेदन जिकिर सम्बन्धमा प्रकाश पार्दै संविधानको व्याख्या गर्दा शाब्दिक, यान्त्रिक वा वैयाकरणीय व्याख्या मात्र गर्न हुँदैन त्यसको भावना र

मर्मलाई विचार गरेर गर्नु पर्दछ । संविधानको व्याख्या गर्दा प्रस्तावनामा उल्लेखित भावना र उद्देश्यलाई हेर्नु आवश्यक छ भनी सर्वोच्च अदालत बुलेटिन, वर्ष २ अंक ६ मा उल्लेख छ । त्यसै गरी संविधानको व्याख्या गर्दा देशको राजनैतिक, आर्थिक, सामाजिक अवस्था जनताको चाहना समेतलाई विचार गर्नु पर्ने भनी केशवानन्द भारती विरूद्ध केरला राज्य भएको मुद्दामा भनिएको पाइन्छ । तसर्थ हाम्रो संविधानको धारा ५३ (४) मा प्रधानमन्त्री भन्ने शब्द उल्लेख हुँदैमा सबै प्रकारका प्रधानमन्त्रीलाई त्यस्तो विघटनको सिफारिश गर्ने अधिकार छ भनी व्याख्या गर्न मिल्दैन । धारा ५३ (४) ले श्री ५ लाई सीमित स्वविवेकाधिकार (Marginal Discretion) दिएको छ । यो अधिकार आफूलाई मन लागे अनुसार प्रयोग गर्न दिइएको होइन सिफारिश संविधान सम्मत छ, छैन, छैन भने सिफारिश अस्वीकार गर्न सक्ने अर्थमा यो स्वविवेकीय अधिकार हो । त्यस्तो प्रधानमन्त्रीको सिफारिश मात्र अस्वीकृत हुन सक्दैन जसलाई बहुमतको समर्थन प्राप्त छ । संविधानको धारा ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्रीको सिफारिशले संवैधानिक वैधताको शक्ति सर्वथा प्राप्त गर्न सक्दैन । यसलाई धारा ५३ (४) बमोजिम सिफारिश गर्ने अधिकार नदिएको कारणबाट नै धारा ४२ (४) अनुसार भंग हुने व्यवस्था राखिएको हो ।

प्रधानमन्त्री कसलाई बनाउने भनेर विचार गर्ने अधिकार श्री ५ मा निहित छैन । त्यो कुरा प्रतिनिधि सभाको विद्यमान स्थितिले निर्णय गर्दछ । संविधानको धारा ४२ (२) बाट धारा ४२ (१) मा फर्कन सक्छ भन्ने निवेदकको भनाइ भएको, प्रधानमन्त्रीको लिखित जवाफमा सो सम्बन्धमा कतै उल्लेख नभएको तर मन्त्री परिषदको लिखित जवाफमा भने धारा ४२ (१) मा फर्कन नसक्ने उल्लेख छ । धारा ५३ (३) को प्रावधान Mandatory हो त्यो प्रकृया सुरू भैसकेपछि धारा ५३ (४) प्रयोग गरी त्यसलाई अवरोध पुऱ्याउन मिल्दैन । प्रधानमन्त्री विरूद्ध अविश्वासको प्रस्ताव पेश गर्ने उद्देश्यले प्रतिनिधिसभाका ७० जना सांसदहरूले श्री ५ समक्ष संविधानको धारा ५३ (४) बमोजिम समावेदन गरी प्रतिनिधि सभाको बैठक आह्वान भै सकेपछि त्यो प्रकृयालाई अवरूद्ध गर्ने दुरासय राखी धारा ५३ (३) अनुसार विघटनको सिफारिश गरिएको हो । प्रधानमन्त्रीले विघटनको सिफारिश सार्वजनिक जानकारीमा ल्याएको छैन भन्नु भएको छ, तर सरकारको नियन्त्रणमा रहेको रेडियो र टेलिभिजनले प्रसारित गरेको Audio and Video Cassette बाट नै प्रधानमन्त्री स्वयंले सार्वजनिक गराएको प्रमाणित हुन्छ । २०५२।२।२५ र २०५२।२।२६ गते को बीचमा कुन यस्तो परिस्थिति उत्पन्न भयो जसबाट विघटनको सिफारिश गर्नु पर्ने अवस्था आयो सो उल्लेख छैन । सिफारिशलाई Privileged Communication को Status दिएको भए पनि Grounds of Dissolution अदालतले जान्न सक्दछ । प्रत्यर्थी प्रधानमन्त्रीको सिफारिश संविधान विपरित दुराशयपूर्ण हुँदा निवेदकको माग बमोजिमको आदेश जारी होस् भन्ने समेत वहस प्रस्तुत गर्नु भयो । त्यसै गरि निवेदकको तर्फबाट विद्वान अधिवक्ता द्वय श्री हरिहर दाहाल र श्री श्रीहरि अर्यालले लिखित वहस पेश गर्नु भयो ।

निवेदक शेर बहादुर देउवाको तर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ता कुसुम श्रेष्ठ तथा अधिवक्ता श्री बद्रिबहादुर कार्कीले नेपाल अधिराज्यको संविधान २०४७ को धारा

५३ (४) मा प्रधानमन्त्रीको सिफारिशमा श्री ५ बाट प्रतिनिधिसभा भंग गर्न सकिबक्सने प्रावधान रहेको छ। तर श्री ५ बाट प्रधानमन्त्रीको सिफारिश बाध्यात्मक रूपमा मान्न जरूरी छैन। प्रधानमन्त्रीले देशको हरेक परिस्थितिलाई विचार गरी त्यस्तो सिफारिश गर्नुपर्नेमा दलीय स्वार्थपूर्तिका लागि काम गर्ने हो भने त्यहाँ राजाले आफ्नो स्वविवेकीय अधिकार प्रयोग गर्नु पर्छ। नेपाल अधिराज्यको संविधानले कसैलाई पनि विशेषाधिकार प्रदान गरेको छैन तर प्रधानमन्त्रीले विशेष अधिकारको संज्ञा दिएकोमा संविधानको रक्षा र पालना गर्ने दायित्व श्री ५ मा रहेकाले यस्तो गैर संवैधानिक सिफारिश मान्न मौसूफ बाध्य होइबक्सन्न। श्री ५ बाट गरिबक्सने कार्य मन्त्रिपरिषद, सम्बन्धित निकाय वा पदाधिकारीको सिफारिश वा निर्णयको आधारबाट गरिबक्सने भएकाले उक्त कार्यको उत्तरदायित्व सम्बन्धित निकाय वा पदाधिकारीमा रहेको हुन्छ। तसर्थ सिफारिश गर्ने प्र.मं. विघटन गर्ने श्री ५ भनी विभक्तिकरण हुन सक्दैन। जुन गर्ने असम्भव प्रयास मन्त्रिपरिषद र सम्माननीय प्रधानमन्त्रीको लिखित जवाफमा अभिव्यक्त भएको छ। आफ्नो कार्यबाट भएको विघटनको उत्तरदायित्वबाट विपक्ष पन्छन पाउनु हुन्न। विघटन प्रधानमन्त्रीको सिफारिशबाट भएकाले त्यसको उत्तरदायित्व प्रधानमन्त्री माथि नै हुने कुरा विवादित हुन सक्दैन।

हाम्रो संविधानको धारा ३६ (१) मा प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेताको अध्यक्षतामा मन्त्रिपरिषदको गठन गर्ने प्रावधान रहेको छ भने धारा ४२ (१) मा संयुक्त सरकार र ४२ (२) ले अल्पमतको सरकारको गठनको व्यवस्था गरेको छ। कुनै पनि प्रकारको सरकारलाई प्रतिनिधिसभाले ३६ (५) (ख) तथा ५९(२) अनुसार अविश्वास प्रस्ताव पारित भै स्वीकृत भएमा सत्ताबाट च्युत हुन्छ, र नयाँ सरकार बन्नु पर्ने संविधानको धारा ३६ (७) ले स्पष्ट गर्दछ। सरकारको कार्यकाल स्थिर र निश्चित न भै प्रतिनिधिसभाको विश्वास र निगाहामा आश्रित हुन्छ। प्रतिनिधिसभाको विश्वास गुमाएको वा अविश्वासबाट कलंकित सरकारलाई सत्तामा रही रहन र वैकल्पिक सरकारको निर्माण गर्न गराउन गतिरोध पैदा गर्न सक्दैन संसदको वर्तमान संरचनाले वैकल्पिक सरकारको संभावनालाई स्वीकार गरेकाले संविधानको धारा ४२ (२) अन्तर्गत स्थापित सरकारलाई धारा ५९ (२) बमोजिम अपदस्थ गरी वैकल्पिक सरकार गठन गर्न पाउनु पर्छ।

अविश्वासको प्रस्ताव भएको वा विचाराधीन रहेको अवस्थामा प्रधानमन्त्रीको धारा ५३ (४) अन्तर्गतको अधिकार निलम्बित भएको मानिनु पर्छ। अविश्वासको प्रस्ताव आउनासाथ प्रधानमन्त्रीले धारा ५३ (४) को अधिकार प्रयोग गर्ने हो भने धारा ५९ (२) र धारा ३५ (५) (ख) निरर्थक हुन जान्छ। अल्पमतको सरकारले अविश्वासको प्रस्तावको सामना नगरी धारा ५३ (४) अन्तर्गत विघटनको सिफारिश गर्न पाउने हो भने धारा ५९ (२) र ३५ (५) (ख) कहिल्यै पनि प्रयोगमा नआउन सक्छ। धारा ५३ (३) को Provision बाध्यात्मक प्रावधान हो सो अनुसार समावेदन भएमा अधिवेशन बोलाउनै पर्छ र बैठक बस्नै पर्छ। विरोधी दल विरोध गर्ने दलमात्र हैन सरकार बनाउन पर्खेर बसेको दल पनि हो त्यसले सरकार गिराउन खोज्यो, आफूले सरकार बनाउन खोज्यो भने त्यसलाई असंसदीय भन्न मिल्दैन। प्रधानमन्त्री उपरको विश्वासमा प्रश्न चिन्ह लागिसकेपछि विघटनको अधिकार प्रयोग हुन सक्दैन।

संविधानको व्याख्या गर्दा Theory of harmonios Construction को अनुसरण गर्नु पर्छ।

संविधानको धारा ५३ (३) बमोजिम नेपाली कांग्रेसका ७० जना सांसदहरूले अविश्वासको प्रस्ताव पेश गर्न श्री ५ मा समावेदन जाहेर गरी अधिवेशनको मिति समेत तोकी बक्सेको अवस्थामा धारा ५३ (४) क्रियाशील हुन सक्दैन। अविश्वासको प्रस्तावलाई सामना नगरी त्यसलाई समाप्त गर्ने उद्देश्यले प्रतिनिधिसभा विघटनको धारा ५३ (४) बमोजिम प्रधानमन्त्रीले बढाउनु भएको सिफारिश दुराशययुक्त छ। साथै पार्टीको केन्द्रीय समितिको निर्णयबाट निर्देशानुसार गरेका सिफारिश अनधिकृत एवं बदनियतपूर्ण छ, आफ्नो कलुषित उद्देश्य पूर्ति गर्न आफूले सार्वजनिक गराएको विघटनको सिफारिशलाई कहीं प्रकट गरेको छैन भनी अदालत समक्ष झुठो बयान दिएबाट पनि बदनियत सिद्ध हुन्छ। दुराशययुक्त एवं बदनियतपूर्ण सिफारिशको आधारमा प्रतिनिधी सभा विघटन गरेको असंवैधानिक एवं बदनियतपूर्ण भएकोले बदर गरी प्रतिनिधिसभा पुन: स्थापित हुनुपर्छ भन्ने समेत वहस प्रस्तुत गर्नु भयो। निवेदककै तर्फबाट लिखित वहस प्रस्तुत गर्नु हुने अन्य कानून व्यवसायीहरूमा विद्वान अधिवक्ताहरू श्री सुधिर श्रेष्ठ, श्री पुष्पा भुसाल, श्री शेरबहादुर के.सी. र श्री गुणनिधि न्यौपाने हुनुहुन्छ।

निवेदक लोकेन्द्र बहादुर चन्दका तर्फबाट रहनु भएका विद्वान अधिवक्ता द्वय श्री सुशील पन्त तथा वेद प्रसाद सिवाकोटीले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ (४) को अधिकार सीमित दायराभित्र स्वविवेकमा प्रयोग गर्न सकिने अधिकार हो। निर्वाचन उप्रान्त कुनै पनि दलले बहुमत नल्याएको अवस्थामा धारा ४२ (२) बमोजिम सबै भन्दा ठूलो पार्टीले सरकार बनाउने प्रावधानलाई हेर्दा धारा ४२ एक पटक प्रयोग भएपछि वैकल्पिक सरकार गठन नै गर्न सकिदैन वा धारा ४२ (१) वा ३६ (१) मा पुन: जान मिल्दैन भन्न मिल्दैन। धारा ४२ (२) को प्रयोग भएपछि धारा ४२ (१) को प्रयोग हुन नसक्ने भन्ने कुरा स्वीकार गर्ने हो भने संसदको संरचनामा उपचुनाव आदिबाट पनि असर पार्दछ। उपचुनावबाट आफ्नो दलले बहुमत ल्याउँदा पनि धारा ३६ (१) बमोजिम सरकार बनाउन पाइदैन। त्यस्तै ४२ (२) बमोजिम गठन भएको सरकारका विकल्प छैन भने धारा ५९ (२) बमोजिम अविश्वासको मतबाट हटाउन सकिदैन भन्ने हो किनकि धारा ५९ (२) बाट सरकार परिवर्तन हुन्छ तर संसद विघटन हुँदैन। बहुदलीय व्यवस्थामा कुनै पनि दलको बहुमत नआएमा र हाम्रो जस्तो दल बदल सम्बन्धमा अवस्थित प्रक्रिया हेर्दा संसदमा रहे भएका दलले कुनै बेला कसैलाई कुनै बेला अर्कोलाई विश्वास दिन सक्दछन्। सोही बमोजिम सरकार परिवर्तन हुने प्रजातन्त्रको एक नियमित प्रक्रया हो। तसर्थ प्रजातन्त्रमा सरकार परिवर्तन हुने संभावनालाई नकार्ने गरी कुनै प्रावधानको व्याख्या गर्न मिल्दैन। तसर्थ धारा ४२ (२) बमोजिम सरकार गठन भएपछि धारा ४२ (१) वा ३६ (१) जस्ता धारा अन्तर्गत सरकार गठन हुन सक्ने सम्भावनालाई हाम्रो संविधानले नकारेको छैन।

संविधानका सबै धारा समान हुन्छन् र संविधानमा स्पष्ट व्यवस्था भएमा बाहेक संविधानका सबै धाराहरू सकृय हुन्छन् र संविधानको धारा ३ र ५३ (४) लाई विशेष धाराको रूपमा लिन सकिन्छ। प्रधानमन्त्रीले आफ्नो लिखित जवाफमा जुन धाराको सकृयताको

परिणाम अगाडि नि:सृत हुन्छ सो परिणामले अन्य प्रावधानको सकृयताको परिणामलाई प्रभाव पार्न सक्दछ भन्नु एक धाराले अर्को धारालाई निस्कृय पार्न सक्छ भन्नु हो । धारा ५३ (३) बमोजिम सरकारलाई अविश्वासको प्रस्ताव पेश गर्न बैठक आव्हान गरी सो को प्रकृया प्रारम्भ भइसकेपछि आफूलाई हटाउने कार्य संसदले शुरू गरिसकेपछि त्यो संसदलाई नै शून्यमा परिणत गर्ने कार्य गर्नु गलत तथा असंवैधानिक मात्र नभई निन्दनीय समेत हुन्छ । यस प्रकारले धारा ५३ (४) को प्रयोग गर्ने हो भने धारा ५९(२) न्यून धारा बन्न पुग्दछ । एक धारा बमोजिम कार्य शुरू भइसकेपछि त्यसको अन्त्य नहुँदै त्यसलाई निरर्थक पार्ने उद्देश्यले अर्को धारा प्रयोग गर्न हुँदैन । सो गर्न खोजेको लिखित जवाफबाटै देखिन्छ । तसर्थ धारा ५३ (४) को प्रयोग असंवैधानिक छ । धारा ५३ (४) को अधिकार प्रयोग गर्न पाउने प्रधानमन्त्री बहुमतको समर्थन भइरहेको प्रधानमन्त्री हुनु पर्दछ । अविश्वासको प्रस्ताव ल्याउन खोजिएको प्रधानमन्त्रीलाई धारा ५३ (४) को अधिकार प्रयोग गर्न पाउने अधिकार हुँदैन । धारा ५९(२) को अवधारणालाई सरकारलाई नियन्त्रित गर्ने संवैधानिक प्रावधानलाई सशक्त राख्ने धारा ५९ (२) को लागि कार्य प्रारम्भ भई सकेपछि धारा ५३ (४) को प्रयोग गैर संवैधानिक छ ।

संविधानको धारा ५३ बमोजिम ७० जना सांसदहरूले अविश्वासको प्रस्तावको लागि समावेदन गरी अधिवेशनको मिति तोकिसकेको अवस्थामा आफू उपर अविश्वासको प्रस्ताव पेश भएपछि सोही कारणबाट उत्प्रेरित भई धारा ४२ (२) को सरकारको विकल्प नभएको जस्ता गैर संवैधानिक कुरा उल्लेख गर्दै आफुले पत्रकार सम्मेलन गरेको तथा सरकारी संचार माध्यमबाट प्रचार प्रसार समेत भएको कुरालाई अदालतमा समेत झुट्टो बोली निर्णयार्थ प्रस्तुत हुन आएको मुद्दामा दुराशय एवं बदनियत भएको हुँदा गैर संवैधानिक आधारमा प्रधानमन्त्रीले गरेको सिफारिशको आधारमा प्रतिनिधिसभा विघटन भएको कार्य बदर गरी प्रतिनिधिसभा पुन: स्थापित गरी पाउं भनी वहस प्रस्तुत गर्नु भयो । विद्वान् अधिवक्ता श्री निरञ्जन कुमार थापाले निवेदकको तर्फबाट लिखित वहस प्रस्तुत गर्नुभयो ।

निवेदक गजेन्द्र नारायण सिंहका तर्फबाट रहनु भएका विद्वान् अधिवक्ता द्वय महादेव प्रसाद यादव तथा रमा प्रसाद सिंहले श्री ५ ले स्वइच्छाले कुनै कार्य गर्न सकियक्सन्न । प्रतिनिधि सभाको विघटन गर्ने कार्य जुन श्री ५ बाट भएको छ त्यो प्रधानमन्त्रीले चढाएको सिफारिशको आधारमा भएको छ । प्रधानमन्त्रीलाई धारा ५३ (४) ले प्रतिनिधि सभा विघटन गराउन सिफारिश गर्ने अधिकार भएपनि त्यो अधिकार असीमित र अनियन्त्रित छैन । अधिकारको प्रयोग गर्दा कारण खोलिनु पर्छ । प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनको लागि सिफारिश गर्दा धारा ४२ (२) बमोजिम सरकार गठन भई सकेपछि धारा ४२ (१) मा फर्कन सकिदैन भनिएको छ, जुन प्रधानमन्त्रीले आफुखुसी व्याख्या गर्नु भएको छ उपचुनाव वा अरू कारणले दलहरूको संख्यात्मक स्थितिमा परिवर्तन भएपछि अवस्थानुसार सरकारको स्वरूपमा परिवर्तन आउन सक्छ स्वरूपमा परिवर्तन आउनासाथ अल्पमतमा रहेको सरकार पनि बहुमतमा जान सक्दछ । त्यसैले धारा ४२ (२) बमोजिम सरकार बनेपछि धारा ४२(१) मा जान सक्दैन भन्न मिल्दैन । संविधानको गलत व्याख्या गरेर भएको सिफारिश असंवैधानिक छ । साथै धारा ४२ आफैमा स्वतन्त्र छैन, धारा ४२ धारा ३६ को पूरक प्रावधान

(complementary provision) हो । सत्तरी जना सांसदहरूले सरकार माथि अविश्वासको प्रस्ताव पेश गरी संविधानको धारा ५३ (३) बमोजिम समावेदन गरी अधिवेशनको मिति समेत तोकिसकेको अवस्थामा त्यो प्रकृया रोक्न र धारा ५९(२) बमोजिमको अविश्वासको प्रस्ताव नै समाप्त पार्नको लागि प्रधानमन्त्रीले धारा ५३ (४) को आधारमा प्रतिनिधि सभा विघटनका लागि गर्नु भएको सिफारिश दुरासययुक्त छ । प्रधानमन्त्री संसद प्रति उत्तरदायी हुनुपर्छ । संसदले नै प्रधानमन्त्रीलाई जन्माएको हुन्छ ।

संविधानको धारा ५३ ले प्रतिनिधि सभा विघटन गर्न सिफारिश गर्न पाउने अधिकारको प्रयोग प्रधानमन्त्रीले गर्दा आवेश, उत्तेजना वा दुरासयबाट गर्न हुँदैन र यदि गरिन्छ भने त्यो गैर संवैधानिक हुने हुँदा दुरासयबाट प्रेरित भएर प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनको लागि गर्नु भएको सिफारिश बदर गरी प्रतिनिधिसभा पुनः स्थापना गरी पाउँ भन्ने वहस प्रस्तुत गर्नु भयो ।

निवेदक आमोद पोखेलका तर्फबाट रहनु भएका विद्वान् अधिवक्ताद्वय पूर्ण मान शाक्य र प्रभाकर अधिकारीले नेपाल अधिराज्यको संविधान २०४७ अन्तर्गतको अधिकार श्री ५ को स्वविवेकीय अधिकार हो र यो स्वविवेकीय अधिकार प्रयोग गर्दा संसदीय व्यवस्थाको मूल्य र मान्यतालाई ध्यानमा राख्नु पर्ने बाध्यता हुन्छ । श्री ५ ले स्वविवेकीय अधिकार प्रयोग गर्नु अघि धारा २७ को उपधारा (३) अन्तर्गत संविधान संरक्षकको हैसियतले आफ्नो कर्तव्य ठानी विघटनको सिफारिश संवैधानिक छ कि छैन भन्ने कुरा विचार गर्नु पर्ने हुन्छ । स्वविवेक प्रयोग गर्नु अघि प्रधानमन्त्रीको सिफारिश वास्तवमा कुनै अनधिकृत निकायको निर्देशनमा वा करकापमा प्रयोग भएको हो कि होइन ? सिफारिश दुरासययुक्त छ कि छैन हेर्नु पर्छ । विधिवत सिफारिश उपर श्री ५ ले आफ्नो विवेक प्रयोग गर्न मिल्छ । आफ्नो दलीय स्वार्थको अभिप्रायले गरिएको विघटनको सिफारिश उचित हुँदैन । दलीय स्वार्थको लागि प्रतिनिधिसभा विघटनको लागि गरिएको सिफारिशलाई श्री ५ बाट इन्कार गर्नुपर्छ ।

नेपाल अधिराज्यको संविधानको २०४७ को धारा ४२ (२) अन्तर्गत मन्त्रिपरिषद् गठन भई सकेपछि ३० दिन भित्र विश्वासको मत प्राप्त गर्न नसकेमा धारा ४२ (४) अन्तर्गत प्रतिनिधिसभा भंग हुन्छ । तर एकपटक विश्वासको मत प्राप्त गरिसकेपछि धारा ४२ (४) निष्क्रिय हुन्छ । त्यसपछि ४२ (२) को सरकारले प्रतिनिधिसभाको समर्थन प्राप्त गर्न नसकेमा या त राजिनामा दिनुपर्छ या त धारा ५३ (४) अन्तर्गत विघटनको सिफारिश गर्नु पर्छ तर त्यस अवस्थामा कुनै कारणवश वा परिवर्तित परिस्थितिले (उपचुनाव परिणाम वा दल विभाजनको कारणबाट) धारा ३६ (१) अन्तर्गत वा धारा ४२ (१) अन्तर्गत वैकल्पिक सरकार गठन गर्न सक्छ । त्यस अवस्थामा श्री ५ ले विघटनको सिफारिश इन्कार गरी वैकल्पिक सरकार गठन गर्ने कार्य शुरू गर्न सकिबक्सन्छ । तर पछि धारा ४२ (२) को सरकारले ३० दिनभित्र विश्वासको मत प्राप्त गरी सकेपछि प्रतिनिधिसभाबाट समर्थन प्राप्त गर्न नसकेको

अवस्थामा राजिनामा नगरी विघटनको सिफारिश गरेमा त्यस सिफारिशलाई इन्कार गरी वैकल्पिक सरकार गठन गर्न चाहेमा र अवस्था रहेमा सो अल्पमतको सरकारलाई अविश्वासको प्रस्ताव पारीत गरी श्री ५ बाट पदमुक्त गर्न जरूरी हुन्छ । Doctrine of pleasure नभएको कारणले श्री ५ ले अविश्वासको प्रस्ताव बमोजिम पदमुक्त नगरेमा वैकल्पिक सरकारको बाटो खुल्दैन ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ (३) अन्तर्गत समावेदन गरिसकेपछि धारा ५३ (४) मा ग्रहण लाग्दछ । उक्त धारा ५३ (४) निष्क्रिय हुन्छ र धारा ५३ (३) को कारवाहीको टुंगो लागेपछि धारा ५३ (४) मा लागेको ग्रहण हट्न जान्छ । धारा ५३(४) ले ५३ (३) लाई निष्क्रिय गर्न सक्ने गरी व्याख्या गर्ने हो भने हाम्रो संसदीय व्यवस्था र प्रजातन्त्र प्रधानमन्त्रीको स्वेच्छाचारी शासनको मारमा पर्न जान्छ र यसमा रहेका हरेक नियन्त्रण र सन्तुलनको प्रश्नहरू विफल हुन जान्छ । धारा ५३ (३) अनुसार गरिएको माग बमोजिमको अधिवेशनको सामना नै नगरी धारा ५३ (४) को सहारा लिन खोज्ने प्रधानमन्त्री अवश्य पनि आफ्नो दलीय राजनैतिक उद्देश्यबाट प्रेरित हुन गएको भन्न सकिन्छ । धारा ५३ (३) क्रियाशील भैसकेपछि त्यसको सामना प्रधानमन्त्रीबाट गरिनु नै पर्दछ । धारा ५३ (४) को सिफारिशको कारक तत्त्व धारा ५३ (३) हुन सक्दैन ।

संविधानको धारा ५३ (४) को आधारमा प्रतिनिधिसभाको विघटनको लागि श्री ५ मा सिफारिश गर्दा प्रधानमन्त्रीले धारा ५३ (३) अन्तर्गत विशेष अधिवेशनको लागि समावेदन गरी अविश्वासको प्रस्ताव ल्याई ने.क.पा. (एमाले)को सरकारलाई नीति तथा कार्यक्रम एवं बजेट प्रस्तुत गर्ने समेत मौकाबाट वञ्चित गर्ने वातावरणको सृजना गराएको र ४२ (२) अन्तर्गत गठन भएपछि वैकल्पिक सरकार गठन गर्ने संवैधानिक व्यवस्था नभएको भन्ने उल्लेख गरेको पाइन्छ । अविश्वासको प्रस्ताव छल्नलाई विशेष अधिवेशनको समावेदन गरेको कारण देखाई विघटनको सिफारिश गरेको दुरासययुक्त छ । साथै संसदबाट पारित हुने अविश्वासको प्रस्तावको सामना नगरी संसदलाई छलेर संसदबाट पारित गरी ल्याउन पर्ने बजेटलाई अध्यादेशबाट ल्याउने उद्देश्य भएको र सो कुरा सिफारिश पत्रमा उल्लेख भए बमोजिम अध्यादेशबाट आफ्नो मनचाह बजेट ल्याएबाट समेत यो सिफारिश दुरासययुक्त प्रमाणित हुन्छ । धारा ४२(२) बाट धारा ४२ (१) मा फर्कन नसक्ने आधार असंवैधानिक तथा अमान्य छ । दुरासयबाट प्रेरित भएर प्रतिनिधिसभा विघटनको लागि गरिएको सिफारिश संवैधानिक हुन सक्दैन । साथै विघटनको सिफारिश गर्ने अधिकार प्रधानमन्त्रीको मात्र हो र सो अधिकारको प्रयोग गर्दा प्रधानमन्त्रीले कसैको करकापमा वा अनधिकृत बाध्यात्मक आदेश वा हस्तक्षेपमा गरेको छ भने त्यो कार्य धारा ५३ (४) को बर्खिलाप हुन्छ र बदरभागी हुन्छ । प्रधानमन्त्रीबाट प्रतिनिधिसभा विघटनको लागि गरिने सिफारिश मन्त्रिपरिषदको निर्णय वा पार्टीका आदेशबाट अभिप्रेरित हुन हुदैन । तसर्थ दुरासयबाट प्रेरित भई प्रतिनिधिसभा विघटनको लागि गरिएको सिफारिश असंवैधानिक हुँदा प्रतिनिधि सभा विघटन गरिएको कार्य बदर गरी प्रतिनिधिसभा पुनः स्थापना गरी पाऊँ भन्ने बहस प्रस्तुत गर्नु भयो ।

प्रत्यर्थी श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेतको तर्फबाट उपस्थित विद्वान

महान्यायाधिवक्ता श्री सर्वज्ञरत्न तुलाधर तथा वरिष्ठ सरकारी अधिवक्ता श्री बलराम के.सी. ले संविधानको धारा ५३ (४) मा विघटन गर्न सकिबक्सने छ भनी उल्लेख भएबाट धारा ५३ (४) को अधिकार श्री ५ को स्वविवेकीय अधिकार हो। स्वविवेकीय अधिकार प्रदान गर्दा "सकिने छ" भन्ने शब्द र बाध्यात्मक रूपले अधिकार प्रयोग गर्नुपर्दा "गर्नु पर्ने छ" भन्ने शब्दावली प्रयोग भएको हुन्छ। संविधानको विभिन्न धाराहरुमा श्री ५ बाट प्रयोग गरिबक्सने अधिकारहरूमा कतै "सकिबक्सने" र कतै "गरि बक्सने" भनि प्रयोग भएकोले पनि धारा ५३ (४) श्री ५ को स्वविवेकीय अधिकार हो भन्ने देखिन आउंछ। :गतिष एबचतय कथकतभ्क र एबचष्किभलतबचय क्यकतभ्क को ल्यक्क भिन्न रहेर प्रयोग गरिने स्वविवेकाधिकार हो।

प्रधानमन्त्रीले राजिनामा दिनु भएका स्थिति नहुँदा वैकल्पिक सरकारको दावी गर्ने र सो अनुसार सरकार गठन हुने संवैधानिक व्यवस्था छैन। प्रधानमन्त्रीको पद रिक्त भएमा मात्र श्री ५ बाट धारा ४२ (१) अन्तर्गत अर्को सरकार गठन हुन सक्छ वा सक्दैन भनी हेर्ने र गठन हुन सक्ने भए गठन गर्न सकिबक्सन्छ। संविधानले प्रधानमन्त्रीको वर्गीकरण गरेको छैन। तसर्थ धारा ४२ (२) अन्तर्गतको प्रधानमन्त्रीले विघटनको सिफारिश गर्न नपाउने भन्न मिल्दैन। धारा ५३ (३) को पछि विघटनको सिफारिश गर्न पाउने धारा ५३ (४) रहेकोबाट पनि सो कुरालाई पुष्टि गर्दछ। धारा ५३ (४) को प्रयोगमा कुने पूर्वावस्था नतोकिएको हुँदा धारा ५३ (३) बमोजिमको अधिवशेनको आह्वान हुँदैमा ५३(४) को अधिकार प्रयोग गर्न नपाउने हुँदैन। धारा ५३ (३) को व्यवस्था विशेष व्यवस्था पनि होइन। संविधानमा वा अधिवेशन आह्वान भएको मिति २०५२।२।२६ गतेको राजदरबारको विज्ञप्तिमा पनि सो अधिवेशनलाई विशेष अधिवेशन भनिएको छैन।

५४.प्रतिनिधिसभा विघटनको सिफारिश गर्दैमा त्यो बदनियत हुने होइन। बदनियत छ भनी जसले अभियोग लगाउँछ सो कुरा उसैले प्रमाणित गर्नु पर्छ। धारा ५३ (४) मा कुनै पूर्वशर्त नतोकिएको हुदा ५३ (३) बमोजिम अधिवेशन आह्वान हुँदैमा ५३ (४) बमोजिम विघटनको सिफारिश गरेको कार्य बदनियत हुने होइन। प्रधानमन्त्रीले आफुलाई प्राप्त धारा ५३ (४) को अधिकार प्रयोग गर्दा धारा ५३ (३) बमोजिमको अधिवेशन बस्न नसक्ने अवस्था सम्म पुग्न गएको हो। संसदीय शासन प्रणालीमा संसदहरूको विघटन भई नै रहन्छ। आफुलाई फाइदा अरूलाई प्रतिकूल असर पर्ने भए मात्र :बषिष्भभ को अवस्था आउंछ। विघटनबाट प्रधानमन्त्री स्वयम्लाई कुनै फाइदा पुगेको छैन। धारा ३ बमोजिम सार्वभौमसत्ता सम्पन्न जनतामा अपिल गर्न जानु पनि :बबिाष्भभ हुन्छ र ? बरू नियमित अधिवेशनको आह्वान भैसकेपछि धारा ५३ (३) अनुसार अधिवेशनको लागि समावेदन गर्नु आफैमा Missuse of Power हो।

निवेदकहरू मध्ये चिरन्जीवी वाग्ले, शेर बहादुर देउवा, लोकेन्द्र बहादुर चन्द, गजेन्द्र नारायण सिंह समेतका दलहरू स्वयं निर्वाचनको प्रकृयामा सामेल हुन निर्वाचन आयोगमा नाम दर्ता गराउन गएबाट Priniciple of Acquiescence समेत लागु हुने स्थिति छ। कुन अवस्थामा विघटन गर्ने भन्ने कुरा Political कुरा हो त्यस्तोमा अदालतले प्रवेश गर्न मिल्दैन। विघटनको सिफारिश संविधान सम्मत छ, छैन भन्ने कुरा हेर्नलाई धारा ५३ (४) मा

उल्लेख गरिएको प्रकृया पूरा भएको छ, छैन भन्ने सम्म हेर्ने हो । प्रस्तुत विवादमा धारा ५३ (४) मा उल्लेखित प्रकृयाहरू पूरा भएकोले प्रस्तुत रिट निवेदन खारेज भागी छ भन्ने समेत वहस प्रस्तुत गर्नु भयो ।

प्रत्यर्थी सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीको तर्फबाट रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री कृष्ण प्रसाद पन्त र श्री गणेशराज शर्मा तथा विद्वान् अधिवक्ताद्वय श्री विश्वकान्त मैनाली र श्री हरिकृष्ण कार्कीले धारा ५३ (४) को अधिकार श्री ५ को स्वविवेकीय अधिकार हो । स्वविवेकीय अधिकार हो भन्नेमा निवेदक तर्फबाट उपस्थित हुनु भएका विद्वान कानून व्यवसायीहरू समेत सहमत हुनुहुन्छ । शक्ति पृथकीकरणको सिद्धान्त अनुसार धारा ५३ (४) को अधिकार कार्यकारिणी प्रमुखले प्रयोग गर्ने अधिकार हो । धारा ५३ (४) को व्यवस्था हेर्दा त्यसमा मुख्य रूपमा तीनवटा कुरा हुनु पर्दछ । पहिलो प्रधानमन्त्रीको प्रतिनिधिसभा विघटनको लागि सिफारिश, दोस्रो श्री ५ बाट विघटन र तेस्रो निर्वाचनको मिति तोकिनु पर्ने । प्रस्तुत मुद्दामा तीनै कुराको विद्यमानता देखिन्छ । प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिनिधिसभाको विघटनको लागि सिफारिश गर्नु भएको छ । त्यसको आधारमा श्री ५ बाट स्वविवेक प्रयोग गरी विघटन गरी प्रतिनिधिसभाको निर्वाचनको मिति समेत तोकिवक्सेको छ । उपरोक्त कुराहरू नभएको खण्डमा मात्र संवैधानिकताको आधारमा अदालतले विचार गर्न सक्दछ ।

प्रधानमन्त्री पद पूर्ण रूपले राजनैतिक पद हो । उसले संविधानद्वारा निर्धारित प्रकृया अन्तरगत काम गर्नु पर्दछ । तर उसले गर्नु पर्ने सबै काम कर्तव्यहरूको विस्तृत व्यवस्था संविधानमा हुँदैन । संविधानले निर्धारित गरेको सीमा र प्रकृया अन्तर्गत प्रधानमन्त्रीको भूमिका मूलत: राजनैतिक हुन्छन् र मुलुकका हरेक राजनैतिक समस्या र प्रश्नमा प्रधानमन्त्रीको राजनैतिक भूमिकाले गर्दा सम्बन्ध र सरोकार हुन्छन् । उसका निर्णय प्रकृयाहरू राजनैतिक हुन्छन् । संविधानले निर्धारित गरेको राजनैतिक प्रकृयामा कतिपय राजनैतिक प्रश्नहरूको निर्णयकर्ता प्रधानमन्त्री हो र त्यस्तै एउटा राजनैतिक प्रश्न संविधानको धारा ५३ (४) अन्तर्गत प्रतिनिधि सभा विघटन गर्न सक्ने अधिकार पनि हो । धारा ५३ (४) मा उल्लेखित शर्तहरू विद्यमान छन् भने विघटनका सम्बन्धमा अन्य यावत विवादहरू राजनैतिक विवाद मान्नु पर्छ र ती विवादको टुंगो लगाउने थलो अदालत नभएर सार्वभौम जनताले मतपत्रद्वारा निर्णय गर्ने निर्वाचन नै हुन्छ । संविधानको धारा ५३ (४) को प्रयोग गर्ने प्रधानमन्त्री स्वतन्त्र हुनुहुन्छ । यो प्रधानमन्त्रीको राजनैतिक अधिकार हो । प्रधानमन्त्रीको राजनैतिक र आर्थिक बुद्धिमत्ता कार्यको जांच गर्ने थलो अदालत हुन सक्दैन । संविधानले राजनैतिक प्रकारका निर्णयहरूको अन्तिम टुङ्गो लगाउने अधिकार जनतालाई दिएको छ । त्यसैले जनताले टुङ्गो लगाउने कुराको औचित्य र पर्याप्तता अदालतले जाँच्न उचित र व्यवहारिक देखिन्न । धारा ५३ (४) अन्तर्गत विघटनको सम्बन्धमा प्रधानमन्त्रीको सिफारिशको अन्तिम टुङ्गो श्री ५ बाट हुने विषयमा न्यायिक पुनरावलोकनको सीमा अत्यन्त न्यून छ भन्ने कुरा निवेदक हरि प्रसाद नेपाल भएको मुद्दामा बहुमतद्वारा स्थापित भई सकेको सिद्धान्त हो । त्यस संस्थापित सिद्धान्तलाई उल्टो अर्थमा परिवर्तन गर्ने कुनै नयाँ आधार र औचित्य सिर्जना भएको पनि छैन । साथै संविधानको

धारा ३५, धारा ३५ को उपधारा (६) समेतले दिइएको उन्मुक्ति र स्थापित गरेको बन्धनहरूलाई फुकाएर निवेदकहरूले उठाएका सम्पूर्ण विवादका कुराहरू न्यायिक निरोपण गरी अदालतबाट ठहर गर्न मिल्ने देखिदैन ।

धारा ५३ (३) र ५३(४) का व्यवस्थाहरू पृथक पृथक व्यवस्था हुन् धारा ५३ (३) र धारा ५३ (४) मा कुनै सम्बन्ध छैन । यी दुवै प्रावधानहरू Mutually Exclusive पनि होइनन् र Inclusive पनि होइन । अधिवेशनको आव्हान देखि अन्तसम्मको कुरा धारा ५३ को उपधारा १ देखि ३ सम्म छ भने उपधारा ४ ले त्यस अघिका सबै उपधाराहरूलाई एकमुष्ट र समष्टिगत रूपमा विघटनको विषय बनाएको छ । उपधारा १ अन्तर्गत प्रधानमन्त्रीको सल्लाहमा अधिवेशन बोलाइएको होस् वा धारा ५३ (३) बमोजिम अधिवेशन बोलाइएको होस् धारा ५३ (४) ले भेद गर्दैन । धारा ५३ को व्यवस्था प्रतिनिधिसभाको अधिवेशन त्यसका सदस्यहरूले चाहेका अवस्थामा हुनुपर्छ भन्ने सिद्धान्तमा आधारीत छ । धारा ५३ (४) को प्रयोगको लागि धारा ५३ (१) अन्तर्गतको अधिवेशन न्यून धारा ५३ (३) को अधिवेशन बढी सबल भन्ने अर्थ गर्न सकिदैन । आफूलाई वर्तमान प्रतिनिधिसभाबाट असहयोग भयो अप्ठ्यारो पऱ्यो भनी जनतामा धारा ५३ (४) अन्तर्गत गुहार माग्न प्रधानमन्त्री जान नपाउने उद्देश्य धारा ५३ (३) का कुराहरूबाट देखिन्न । धारा ५३ (४) कार्यकारिणी प्रमुखको अधिकार हो । जसरी धारा ५३ (३) बमोजिम प्रतिनिधिसभाका सदस्यहरूले श्री ५ मा समावेदन चढाई विशेष अधिवेशन डाक्न पाउँछन । त्यसै गरी धारा ५३ (४) बमोजिम प्रतिनिधिसभा विघटनको लागि सिफारिश गर्ने प्रधानमन्त्रीको अधिकार हो । धारा ५३ (४) मा पूर्वशर्तहरू राखिएको नहुँदा प्रधानमन्त्रीले चाहेको बेला यो अधिकार प्रयोग गर्न पाउँछन । यो संसदीय परिपाटीको मान्यता नै हो । धारा ५३ (४) बमोजिम प्रतिनिधिसभा विघटन भएकोमा धारा ५३ (३) को प्रावधान बमोजिम प्रकृया शुरू भएन भनेर असंवैधानिक भन्न मिल्दैन । प्रधानमन्त्रीलाई संविधानको धारा ५३ (४) ले प्रतिनिधिसभा विघटनको लागि सिफारिश गर्न सक्ने अधिकार दिएको छ । संविधानले दिएको अधिकार अन्तर्गत प्रतिनिधिसभा विघटनको लागि प्रधानमन्त्रीले गर्नु भएको सिफारिश दुरासययुक्त हुन सक्दैन । विघटनबाट प्रधानमन्त्री स्वयम्को पनि प्रतिनिधिसभाको सदस्यता जाने र यहाँले प्रतिनिधिसभाको सदस्य हुन चाहेमा पुन: निर्वाचनमा भाग लिनु पर्ने हुँदा त्यसमा प्रधानमन्त्रीको बदनियत वा दुरासय थियो भन्न मिल्दैन भन्ने बहस प्रस्तुत गर्नु भयो ।

संविधानको धारा ४२ (२) बमोजिम बनेको सरकारको विकल्पमा धारा ४२ (१) बमोजिम सरकार बन्न सक्छ वा सक्दैन भन्ने सन्दर्भमा सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीको तर्फबाट उपस्थित हुनु भएका कानून व्यवसायीहरूले छुट्टा छुट्टै राय प्रस्तुत गर्नु भएको पाइयो । विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद पन्तले धारा ४२ (२) को सरकारको विकल्प हुन त्यही दलको नेता परिवर्तन भएमा मात्र अर्को मन्त्रिपरिषद गठन हुनसक्छ । तर धारा ४२ (१) बमोजिम सरकार पुन: गठन गर्न भने सकिदैन भन्ने, विद्वान वरिष्ठ श्री गणेशराज शर्माले धारा ४२ (२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले राजिनामा दिए उनको ठाउँमा सोही पार्टीको अर्को व्यक्तिको नेतृत्वमा मात्र सरकार बन्न सक्ने भन्ने विद्वान अधिवक्ता श्री

विश्वकान्त मैनालीले ४२ (२) को सरकारलाई अविश्वासको प्रस्तावद्वारा हटाएमा धारा ४२ (१) बमोजिम अर्को सरकार बन्न सक्ने र राजीनामा गरेमा पनि ४२ (१) मा जानसक्छ तर नेतृत्व परिवर्तनको लागि मात्र राजिनामा गरेको भए त्यो कुरा लागु हुदैन भन्ने र अधिवक्ता हरिकृष्ण कार्कीले धारा ४२ (२) बमोजिम गठन भएको सरकारको विकल्पमा धारा ४२ (१) बमोजिम सरकार बन्न सक्दैन भन्ने व्यहोराको वहस प्रस्तुत गर्नु भयो ।

प्रत्यर्थी सभामुख श्री रामचन्द्र पौडेलको तर्फबाट रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री रतनलाल कनौडिया र विद्वान् अधिवक्ता श्री अनुपराज शर्माले हाम्रो पक्ष सभामुख राम चन्द्र पौडेलले कुनै दल विशेषको दृष्टिकोण प्रस्तुत गर्न खोजेको नभई विघटित प्रतिनिधिसभाको सभामुखको हैसियतले आफ्नो दायित्वको निर्वाह गर्दै सत्य साँचो कुरा उल्लेख गर्नुभएको छ । हाम्रो संविधानको व्याख्या गर्दा हाम्रो संविधानको प्रावधानमै सीमित रहेर व्याख्या गर्नुपर्छ । धारा ५३(४) को अधिकार स्वविवेकीय अधिकार हो होइन भन्ने कुरा पनि संविधान भित्रकै प्रावधानको आधारमा हेरिनु पर्दछ । धारा ५३ (४) को अधिकार श्री ५ को स्वविवेकीय अधिकार कण्डीसन मात्र हो । संविधानको धारा २७(३) ले संविधानको पालन र संरक्षण गर्ने अभिभारा श्री ५ लाई दिएको हुंदा धारा ५३ (४) को आधारमा प्रतिनिधि सभा विघटनको लागि प्रधानमन्त्रीले चढाउनु भएको सिफारिशमा श्री ५ ले विवेक प्रयोग गरी अस्वीकृत पनि गर्न सकिबक्सन्छ । विघटन गर्ने पनि बाध्यता ५३ (४) ले गरेको छैन । श्री ५ बाट विवेक प्रयोग गरी विघटन भएको भएपनि संवैधानिकताको प्रश्नमा अदालतले प्रवेश गर्न सक्दछ । राजनैतिक प्रश्नको सिद्धान्त (DOCTRINE OF POLITICAL QUESTION) लागू हुन सक्दैन ।

धारा ५३(३) र ५३(४) को बीच अन्योन्याश्रित सम्बन्ध हुंदा धारा ५३ (३) र ५३ (४) लाई पृथक रूपमा लिन मिल्दैन । धारा ५३ (३) बमोजिम अधिवेशन बोलाउने अधिकार सांसदहरूको हो र प्रतिनिधि सभाका एक चौथाई सदस्यहरूले समावेदन गरेमा श्री ५ बाट अधिवेशन बोलाउनु पर्ने बाध्यात्मक व्यवस्था छ । ५३ (३) बमोजिम सांसदहरूले पाएको अधिकार माथि कार्यकारिणीले ५३ (४) बमोजिम हस्तक्षेप गर्न मिल्दैन । ५३ (३) बमोजिम प्रक्रिया शुरू भइसकेपछि त्यसलाई निस्तेज पार्ने गरी ५३ (४) को प्रयोग हुन सक्दैन । विशेष अधिवेशनलाई निस्तेज पार्न ५३ (४) को प्रयोग भएकोले अदालतले हार्मोनियस इन्टरप्रीटेसन गर्नुपर्छ ।

धारा ४२ (२) बमोजिम बनेको सरकारको विरूद्धमा धारा ५९ (२) बमोजिम अविश्वासको प्रस्ताव पारीत भएमा त्यसको परिणाम धारा ३६(५) (ख) ले व्यवस्था गरे बमोजिम हुन्छ । सो बमोजिम प्रधानमन्त्री पदमुक्त भएमा वा निजले राजीनामा गरेमा दुवै स्थितिमा धारा ३६ (७) आकर्षित भै अर्को मन्त्रिमण्डल गठन हुनु पर्ने अवस्था आउँछ । धारा ४२ (२) अन्तर्गत बनेको सरकारको विकल्पमा धारा ४२(१) बमोजिम सरकार बन्न सक्छ । धारा ४२ (२) बमोजिमको सरकारको विरूद्ध अविश्वासको प्रस्ताव पारीत भएमा धारा ४२ (१) बमोजिम अर्को सरकार बन्नुपर्दछ ।

धारा ५३ (३) बमोजिम सांसदहरूले वर्तमान सरकारको विरूद्ध अविश्वास प्रस्ताव पास गर्न समावेदन गरी अधिवेशनको मिति समेत तोकिसकेको अवस्थामा अविश्वासको प्रस्तावलाई

समाप्त गर्ने गरी प्रतिनिधि सभाको विघटन गरेको कार्य दुराशययुक्त छ । अविश्वासको प्रस्ताव पेश गर्न ५३ (३) बमोजिम अधिवेशन बोलाउनु प्रतिनिधि सभा विघटनको कारण हुन सक्दैन । प्रतिनिधि सभा पुन: स्थापना हुनुपर्छ भन्ने वहस प्रस्तुत गर्नु भयो ।

अदालतको सहयोगार्थ सर्वोच्च अदालत बार एशोसिएशनका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री मोतीकाजी स्थापित, श्री सिन्धुनाथ प्याकुरेल, श्री दमननाथ ढुङ्गा तथा विद्वान् अधिवक्ताद्वय श्री चूडामणी राज सिं मल्ल र श्री शम्भू थापाले आ- आफ्नो राय प्रस्तुत गर्नु भयो । विद्वान अधिवक्ताहरू श्री भरत राज उप्रेती र श्री ईश्वरी चन्द्र शर्माले लिखित वहस पेश गरी सहयोग गर्नु भयो । विद्वान कानून व्यवसायीहरूले प्रस्तुत गर्नु भएको राय (वहस) संक्षेपमा यस प्रकार छ ।

विद्वान् वरिष्ठ अधिवक्ता श्री मोतीकाजी स्थापित : नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ (४) को अधिकार श्री ५ को स्वविवेकीय अधिकार हो । प्रधानमन्त्रीको सिफारिशमा धारा ५३ (४) बमोजिम श्री ५ बाट प्रतिनिधिसभा विघटन गरिने कार्य राजनैतिक प्रश्न हो तर उक्त विघटन सम्बन्धी कार्य संविधान अनुकूल भएको छैन भन्ने प्रश्न उठेमा त्यसमा अदालत प्रवेश गर्न सक्दछ, असंवैधानिक कार्यलाई अदालतले बदर गर्न सक्दछ । जुन हरि प्रसाद नेपाल विरूद्ध प्रधानमन्त्री गिरीजा प्रसाद कोइरालाको मुद्दामा निरोपित भई सकेको छ ।

धारा ४२ (२) बमोजिम सरकार गठन भई ३० दिन भित्र धारा ४२ (३) बमोजिम विश्वासको मत लिएपछि त्यस सरकारले धारा ३६ (१) बमोजिम गठन भएको सरकार सरहको हैसियत राख्दछ । धारा ४२ (२) बमोजिम सरकार गठन भई ३० दिन भित्र विश्वासको मत लिई सकेको सरकारको विकल्पमा वैकल्पिक सरकार बन्न सक्दैन भन्न मिल्दैन । त्यस्तै लिखित संविधान भएको मुलुकमा संविधानको कुनै पनि धाराको प्रयोग गर्दा अरू धारालाई असर पार्ने गरी वा अरू धारालाई निस्तेज पार्ने गरी गरिनु हुँदैन । हाम्रो संविधानको धारा ७२ ले श्री ५ लाई अध्यादेश जारी गर्ने अधिकार छ त्यसमा कुनै पूर्वशर्त छैन तर अन्य धाराहरूसँग बाझिने गरी अध्यादेश जारी गरेको खण्डमा असंवैधानिक हुन्छ । त्यस्तै ५३ (४) को प्रयोग धारा ५३ (३) निस्प्रभावी पार्ने किसिमले गर्न हुँदैन । लिखित संविधान भएका देशहरूमा प्रधानमन्त्रीको विरूद्धमा अविश्वासको प्रस्ताव आउँछन् । तर अविश्वासको प्रस्ताव सामना नगरी प्रतिनिधि सभा नै विघटन गरी निर्वाचनमा जाने निर्णय असंवैधानिक हुन्छ ।

वरिष्ठ अधिवक्ता सिन्धुनाथ प्याकुरेल : नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ (४) को अधिकार श्री ५ को स्वविवेकीय अधिकार होइन । संविधान सम्मत प्रधानमन्त्रीले संविधान सम्मत तरीकाबाट भै आएको सिफारिशलाई श्री ५ बाट स्वीकार्नु पर्दछ । सिफारिशमा प्राविधिक गल्तीसम्म भए सच्याएर पठाउन श्री ५ बाट फिर्ता गर्न सकिबक्सन्छ तर श्री ५ बाट प्रधानमन्त्रीको सिफारिशलाई अन्यथा गर्न मिल्दैन ।

धारा ५३(३) र धारा ५३ (४) लाई विचार गर्दा ३५ (२) लाई पनि सँगसँगै हेरिनु पर्दछ । कार्यकारिणी प्रमुखलाई विशेष रूपमा प्रदान गरिएको धारा ५३ (४) ले नै अग्राधिकार

पाउँछ । धारा ५३ (३) र धारा ५३ (४) सँगसँगै प्रयोग भइरहेको बेला श्री ५ ले प्रधानमन्त्रीको सिफारिशलाई तुरून्त निकास दिनुपर्दछ । संविधानका हरेक धारा समय र स्थान सापेक्ष क्रियाशील भइरहेको हुन्छ । दुईवटा धारा एकैसाथ क्रियाशील भए सकभर दुवैको प्रयोजनलाई सार्थक बन्न दिनुपर्दछ । यदि त्यस्तो संभव नभए अघिल्लो प्रावधानलाई पछिल्लोले उछिन्न सक्दछ । त्यसैले धारा ५३ (३) भन्दा ५३(४) पछाडी भएकोले ५३ (४) ले उछिन्न सक्छ । साथै धारा ४२ (२) अन्तर्गत गठन भएको सरकारलाई निर्बाध शासन संचालन गर्न ४२ (४) को सुरक्षा कवच उपलब्ध गराइएको हो । धारा ४५ (४) को प्रयोजन ४२ (१) मा फर्कन राखिएको होइन । धारा ४२ (१) को एकपटक प्रयोग भई सकेपछि त्यो धारा मृत भई सकेकाले पुन: व्यूझेर सक्रिय हुन सक्दैन ।

वरिष्ठ अधिवक्ता दमननाथ ढुङ्गाना: सरकारका तीन अंगहरूमध्ये अदालतलाई अन्य अङ्ग वा निकायहरूको विवाद हेर्ने अधिकार प्राप्त छ । कार्यकारिणी वा विधायिकाले संविधानद्वारा निर्धारित बाटो बिराएमा त्यसलाई सही बाटोमा ल्याउन धारा ८४ र धारा ८८ ले सर्वोच्च अदालतलाई अधिकार दिएको छ । धारा ५३ (३) अन्तर्गतको विधायिकाको अधिकार र धारा ५३ (४) अन्तर्गतको प्रधानमन्त्रीको अधिकार बीच उत्पन्न भएको हक वा विवादको निरूपण गर्ने अधिकार सर्वोच्च अदालतलाई मात्र छ ।

विधायिकाको अधिकार अपहरण गरेर त्यसको औचित्य सोध्न जनतामा जान मिल्ने होइन । धारा ५३ (४) अन्तर्गतको अधिकार प्रयोग गरेर धारा ५३ (३) अन्तर्गतको विधायकको हक अपहरण गर्न सक्छ वा सक्तैन भन्ने प्रश्नको निर्णय निर्वाचनले दिन सक्दैन । त्यो शुद्ध संवैधानिक प्रश्न हो । निर्वाचनले त्यो प्रश्नको समाधान गर्दैन ।

धारा ५३ (४) आफैमा पूर्ण छैन । त्यसमा अप्रत्यक्ष बन्देजहरू छन् । संविधानको संरचना नै त्यसको लागि एउटा बन्देज हो । धारा ५९(२), ३६ (५) (ख) र धारा ३६ (१) वा धारा ४२ (१) पनि त्यसको बन्देजहरू हुन् । धारा ४२ नै वैकल्पिक सरकार खोज्ने धारा हो । धारा ४५ (३) मा संविधान बमोजिम विघटन भएमा बाहेक प्रतिनिधिसभाको कार्यकाल सामान्यत : ५ वर्षको हुने व्यवस्था भएकोले नै धारा ५३ (४) मा प्रतिबन्धात्मक वाक्यांश नराखिएको हो । धारा ४५ (३) को व्यवस्थाले धारा ५३(४) को अधिकारलाई नियन्त्रित गर्दछ । संविधान बमोजिम भन्नाले संविधानका किटानी प्रावधान मात्र होइनन् संविधानको भावना पनि संविधान नै हो । प्रतिनिधि सभाले मन्त्रिपरिषदलाई बाधा नगरेसम्म हाम्रो संवैधानिक संरचना अन्तर्गत धारा ५३ (४) को प्रयोग हुन सक्दैन । संसदले जनताको इच्छालाई आत्मसात गर्न नसक्दा मात्र विघटनको सिफारिश गर्न सकिन्छ : संसदबाट गतिरोध नआइकन विघटन गर्न मिल्दैन तर हामीकहाँ संसद बस्न पनि पाएको छैन भने संसदले प्रधानमन्त्रीलाई अप्ठेरो पार्ने प्रश्न नै उठ्दैन ।

संसद सचिवालयले धारा ५३ (३) बमोजिम विशेष अधिवेशन असार २ गते बस्ने सूचना जारी गरी सकेपछि बैठक बसेको मान्नु पर्दछ । संसदको कारवाही शुरू भइसकेपछि प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनको सिफारिश गर्नु असंवैधानिक छ । साथै प्रधानमन्त्रीले आफैले

बोलाउनु भएकै नियमित अधिवेशनलाई पनि बेवास्ता गर्नु भएकै छ । ५३ (४) को दुरूपयोगलाई रोक्ने किसिमले अदालतबाट यसको व्याख्या हुनुपर्छ । ५३ (४) को दुरूपयोग हुन दिने हो भने कालान्तरमा संसदीय व्यवस्थाको मृत्युको कारण पनि ५३ (४) नै हुन सक्दछ ।

प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिनिधिसभा विघटनको लागि गर्नु भएको सिफारिशबाट संविधानको धारा ५१ (१) को पूर्णरूपमा उल्लंघन भएको छ । धारा ५१ (१) मा दुईवटा अधिवेशन बिचको अन्तर छ महिना भन्दा बढी हुन नहुने प्रावधान छ । प्रतिनिधि सभा विघटन भएबाट दुई अधिवेशनको अन्तर ११ महिना हुन पुगेको छ । संविधानको प्रावधान उल्लंघन हुने गरी प्रतिनिधि सभा विघटन गरेको कार्य बदर योग्य छ । यो गम्भीर संवैधानिक त्रुटिलाई सच्याउने र निर्देशन दिन अदालत मात्र सक्षम छ ।

संविधानको धारा ५३ (३) को प्रावधान अन्य संविधानमा भएको पाईदैन । राजा प्रधानमन्त्री वा सभामुखबाट अधिवेशन नबोलाई दिएमा सांसदहरू स्वयंमले अधिवेशन बोलाउन माग गर्न पाउने यो मौलिक प्रावधान हो । अधिवेशनको वान्छनियता अधिवेशन बोलाउने सांसदहरूबाट निर्धारित हुने कुरा हो । त्यस्तो अधिवेशन वान्छनीय छैन भन्ने अधिकार अरू कसैलाई छैन । अधिवेशन आव्हान भैसकेपछि त्यसलाई Revoke गर्न सकिन्न । यो बन्धनकारी छ र यसले अग्राधिकार पाउनुपर्छ ।

आफू र आफ्नो सरकारको विरूद्ध आउन लागेको अविश्वासको प्रस्तावलाई छल्नु प्रतिनिधिसभा विघटन गर्ने मनस्थितिमा पुगेर नै प्रतिनिधिसभा विघटनको लागि सिफारिश गरिएको हुँदा प्रधानमन्त्रीको सिफारिश दुराशययुक्त छ ।

विद्वान् वक्तिवक्ता चूडामणि राज सिं मल्ल: धारा ५३ (४) को अधिकार पूर्ण स्वविवेकीय अधिकार हो । धारा ५३ (४) बमोजिम प्रधानमन्त्रीले विघटनको सिफारिश सम्म गर्न पाउंछन् तर त्यसलाई पूर्णता दिन श्री ५ को निर्णय नै चाहिन्छ । प्रतिनिधि सभा विघटनको लागि गरेको सिफारिशको "ग्राउण्ड र रीजन" को औचित्यताको परीक्षण गर्न श्री ५ सक्षम होइबक्सन्छ । प्रतिनिधि सभा विघटनको लागि सिफारिश गर्दा Ground rflx Reasonable हुनुपर्छ । संविधानको भावनालाई मौन गरी प्रतिनिधिसभा विघटनको सिफारिश गर्न हुँदैन । धारा ५३(४) ले केही नभने पनि अदालतले त्यसको Reason खोज्न सक्दछ ।

संविधानको धारा ४२(२) बमोजिम गठित सरकारले ४२ (३) बमोजिम विश्वासको मत लिन सकेन भन्ने ४२ (४) लागू हुन्छ । धारा ४२ (२) बमोजिम सरकार गठन भएपछि ४२ (३) बमोजिम विश्वासको मत समेत प्राप्त गरी सकेको सरकारको विकल्पमा अरू धारा प्रयोग हुन सक्दैन, निर्वाचनमा जानुपर्छ भनी व्याख्या गरिनु हुँदैन । धारा ४२(२) बाट धारा ४३ (१) मा जान नसक्ने कुनै संवैधानिक अडचन छैन ।

धारा ५३ (३) र धारा ५३ (४) को पछाडि कुनै प्रतिबन्धात्मक वाक्यांश छैन । यी दुवै उपधारा बिच अन्तर सम्बन्ध पनि छैन । यी दुवैको व्याख्या गर्दा मूल आशयलाई नखलबल्याई दुवैको आफ्नो उपयोगितासाथ हुने गरी व्याख्या हुनुपर्छ । वैकल्पिक सरकारको संभावना छ, सिफारिश अन्य आशयबाट प्रेरित छ, सिफारिशको आधार गैर कानूनी छ भने त्यस्तो

सिफारिश दुराशययुक्त हुन्छ ।

विद्वान् अधिवक्ता शम्भु थापा: हाम्रो संविधानले अधिकार बाँडफाँडको सिद्धान्त अंगीकार गरेको छ । अधिकार बांडफांड सिद्धान्त अनुसार धारा ५३ (४) मा प्रधानमन्त्री र श्री ५ मा अधिकार बाँडेको छ । संविधानको धारा ५३ (४) शक्ति सन्तुलनको लागि राखिएको धारा हो । उक्त धारामा श्री ५ र प्रधानमन्त्रीमा अधिकार बाँडिएको आफैमा सीमा हो । धारा ५३ (४) प्रधानमन्त्रीको राजनैतिक हतियार हो । अधिकारको दुरूपयोग भएको खण्डमा Judicial Review हुन सक्दछ ।

धारा ४२ (२) बमोजिम सरकार गठन भइसकेपछि पुन: ४२ (१) मा फर्किएर मिलीजुली सरकार गठन हुन सक्दैन । धारा ४२(२) बमोजिम गठन नभएको सरकार विद्यमान प्रतिनिधि सभाको लागि अन्तिम सरकार हो ।

संविधानका हरेक धारा बाध्यात्मक हुन्छन् जसरी सदन चलिरहेको अवस्थामा धारा ७७ आकर्षित हुन्छ त्यसरी नै ५३ (३) पनि हुन्छ । संविधानको धारा ५३ (१) (२) र (३) बराबर बलिया धारा हुन्, धारा ५३ (१) क्रियाशील भइरहेको बेला ५३ (४) मा जान सकिन्छ भने ५३ (३) क्रियाशील भएको बेलामा पनि ५३ (४) मा जान सकिन्छ यसमा ग्रहणको सिद्धान्त लागू हुँदैन । प्रतिनिधि सभा विघटनको कार्यलाई संविधानको आधारभूत संरचना (Basic Structure) विरूद्ध भएको मान्न मिल्दैन । प्रतिनिधि सभा अघि नै विघटन पनि हुन सक्छ । यस्तो आभांस धारा ४५ (३) ले नै दिएको छ । विघटनको व्यवस्था संविधानको मौलिक व्यवस्था हो । धारा ५३ (४) को अवस्था संसदीय व्यवस्थाको विरूद्धमा हो भन्न मिल्दैन । जुन उद्देश्यको लागि अधिकार दिएको हुन्छ त्यसको विपरीत गएर अधिकारको प्रयोग गरिन्छ भने त्यो बदनियत हुन्छ । सबै कुरा प्रष्ट देखाएर प्रतिनिधि सभाको विघटनको सिफारिश प्रधानमन्त्रीले गर्नु भएको हुँदा प्रधानमन्त्री मनमोहन अधिकारीले सदाशयले नै प्रतिनिधि सभा विघटनको सिफारिश गर्नु भएको देखिन्छ । विघटनको कार्य संवैधानिक भएकोले रीट खारेज हुनुपर्छ भन्ने राय प्रस्तुत गर्नुभयो ।

यस ईजलासको विचाराधीन रहेको प्रस्तुत मुद्दामा निवेदन जिकिर र लिखित जवाफका साथै आ-आफ्ना पक्षका तर्फबाट बहस गर्न हुने एवं अदालतको सहयोगार्थ उपस्थित हुनु भएका विद्वान् कानून व्यवसायीहरूबाट उठाइएका प्रश्नहरू समेतलाई दृष्टिगत गर्दा मुख्यत: निम्न लिखित प्रश्नमा निर्णय दिनु पर्ने देखिन आएको छ :-

(१) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) को प्रयोग गरी सम्माननीय प्रधानमन्त्रीले गर्नु भएको सिफारिशको आधारमा भएको प्रतिनिधि सभाको विघटनको विषयलाई राजनीतिक विषयवस्तु समावेश भएको कारणले न्याय योग्य (Justiciable) मान्न मिल्छ,मिल्दैन ?

(२) धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधिसभाको अधिवेशन आह्वान भै सकेपछि सोही धाराको उपधारा (४) प्रयोग गरी प्रतिनिधिसभाको विघटन गर्नु

संविधान सम्मत हुन्छ वा हुँदैन ?

(३) धारा ४२ को उपधारा (२) अन्तर्गतको सरकारको विकल्पमा सोही धाराको उपधारा (१) बमोजिमको सरकार बन्न सक्छ सक्दैन ?

(४) सम्माननीय प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटनको सिफारिश दुराशययुक्त छ छैन ? र (५) रिट निवेदकहरूको माग अनुसारको आदेश जारी हुनु पर्ने वा नपर्ने के हो ?

सम्माननीय प्रधानमन्त्रीले आफ्नो लिखित जवाफको प्रकरण ३ मा प्रतिनिधि सभा विघटन गर्न सिफारिश गर्ने र त्यस आधारमा विघटन गर्ने दुवै शुद्ध राजनैतिक निर्णय (Political Decision) का कुरा हुन्, र अदालतबाट त्यसको संवैधानिक वा कानूनी वैधता (Constitutional or legal Validity) को प्रश्नमा मात्र सांघुरिएर विचार हुन्छ भन्ने उल्लेख गर्नु भएको र सम्माननीय प्रधानमन्त्री तर्फका विद्वान् वरिष्ठ अधिवक्ता एवं अधिवक्ताहरूले पनि प्रतिनिधि सभाको विघटन सम्बन्धी अधिकार कुनै शर्त वा बन्देज विनाको कार्यकारिणी अधिकार भएकोले यस सम्बन्धी विवादमा उपस्थित हुने सबै प्रश्नहरू राजनीतिक प्रश्नहरु नै हुन्छन । यस्तो अधिकारको प्रयोग र तत्सम्बन्धी कारणहरू न्यायिक पुनरावलोकनको विषय बन्न सक्तैन भन्ने वहस प्रस्तुत गर्नु भएकोले प्रस्तुत विवादमा उपस्थित प्रश्नहरू राजनैतिक प्रश्न हुन् वा होइनन् र ती प्रश्नहरू न्यायिक पुनरावलोकनको विषय बन्न सक्तछन् वा सक्तैनन् भन्ने प्रश्न प्रारम्भिक प्रश्नको रूपमा विचारणीय हुन आएका छन् ।

यस सम्बन्धमा मिसिलको अध्ययन गर्दा निवेदकहरूले प्रतिनिधि सभाको विघटनको सम्बन्धमा दुई प्रकारका प्रश्नहरू उठाएका देखिन आउँछ । राजनैतिक र आर्थिक आधारमा प्रतिनिधि सभाको विघटनको औचित्य र वान्छनियताको प्रश्नको सायै निवेदकहरूले सम्माननीय प्रधानमन्त्रीको विवादास्पद सिफारिश र सो आधारमा भएको प्रतिनिधि सभाको विघटनको संवैधानिक वैधताका प्रश्नहरू पनि उठाएका छन् । जहाँसम्म देशको समसामयिक राजनैतिक परिस्थितिको सन्दर्भमा प्रतिनिधि सभाको विघटन वान्छनिय थियो वा थिएन अथवा देशको आर्थिक अवस्थाले प्रतिनिधि सभाको चाँडो-चाँडो विघटन र निर्वाचनको भार थाम्न सक्तछ वा सक्तैन अथवा त्यस्तै अन्य कुनै कारणबाट प्रतिनिधि सभाको विघटन हुनु उपयुक्त थियो वा थिएन इत्यादि प्रश्नहरू राजनैतिक प्रकृतिका प्रश्नहरू भएका र तिनको निरूपण विशुद्ध राजनैतिक आधारमा प्रधानमन्त्री र श्री ५ बाट हुने भएकोले यस्ता प्रश्नहरू निसन्देह न्याय योग्य प्रश्न हुँदैनन् । त्यस्ता प्रश्नहरूमा प्रवेश गर्दा अदालत स्वयं राजनैतिक जंजालमा फस्ने मात्र होइन, साधारणत: ती प्रश्नहरूको निरूपण निश्चित न्यायिक मापदण्ड र न्यायिक प्रक्रिया अनुसार गर्न पनि संभव हुँदैन । त्यस्ता राजनैतिक वा आर्थिक कुराहरूको विचार गरेर प्रतिनिधि सभाको विघटनको वान्छनियता वा औचित्यको अन्तिम निर्णय गर्ने अधिकार संविधानको धारा ५३ को उपधारा (४) ले कार्यपालिकालाई नै प्रदान गरेको छ । त्यसैले यस्तो विषयमा न्यायपालिकाले हस्तक्षेप गरी कार्यपालिकाको विवेक र निर्णयको सट्टा आफ्नो विवेक र निर्णयलाई प्रतिस्थापित गर्न खोज्नु संविधान सम्मत हुँदैन । राजनैतिक आधारमा गरिने

त्यस्ता निर्णयहरूबाट उठेका विवादहरूमा समावेश भएका औचित्य र वान्छनियताका प्रश्नहरू राजनैतिक प्रश्न नै हुने हुनाले त्यस्तो कुरामा अदालतले अन्य संवैधानिक अंगलाई प्रदान गरेको अधिकारको सम्मान गर्ने र न्यायिक आत्म संयमको सिद्धान्तको अनुशरण गरी त्यस्ता विवादहरूबाट आफूलाई अलग राख्ने प्रयास गर्नु पर्छ। यस सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीका तर्फबाट प्रस्तुत गरिएका जिकिरहरूसँग असहमत हुनु पर्ने कुनै कारण छैन।

तर प्रतिनिधि सभाको विघटन सम्बन्धी सबै प्रश्नहरू राजनैतिक प्रश्नहरू नै हुन्छन् भनेर अदालत तत्सम्बन्धी कुनै पनि विवादलाई अदालतमा प्रवेश गर्न नदिने वा तत्सम्बन्धी अन्य प्रश्नहरू जे जस्ता प्रकृतिको भएपनि त्यसमा कुनै विचारै नगर्ने भन्ने दृष्टिकोण अपनाउन मिल्दैन। संविधान एउटा राजनैतिक लिखतको साथै कानूनी लिखत पनि भएकोले संविधान अन्तर्गतका विवादहरूमा राजनैतिक प्रश्नहरू साथै संवैधानिक वा कानूनी वैधताका प्रश्नहरू पनि समावेश हुन सक्तछन्।

कुनै विवादका विषय कार्यपालिका वा व्यवस्थापिकाको संविधान प्रदत्त अधिकारसँग सम्बन्धित भएको कारणले मात्र तत्सम्बन्धी सबै प्रश्नहरू राजनैतिक प्रश्न हुँदैनन्। विवादमा उपस्थित संवैधानिक वा कानूनी प्रश्नसँग राजनैतिक प्रश्न पनि गाँसिएको अथवा संवैधानिक विवादलाई राजनैतिक रंगमा रंगाइएको कारणले पनि संवैधानिक वा कानूनी वैधताको प्रश्न राजनैतिक प्रश्नमा रूपान्तरित हुने पनि होइन। त्यसैले कुनै पनि संवैधानिक विवादमा राजनैतिक प्रश्नहरूका अतिरिक्त संवैधानिक वा कानूनी प्रश्नहरु पनि गुथिएका छन् र विवादको निरुपणको लागि ती संवैधानिक वा कानूनी प्रश्नहरूको निरुपण हुनु आवश्यक देखिन्छ भने राजनैतिक प्रश्न सम्बन्धी अवधारणालाई अघि सारेर यस अदालतले संवैधानिक र कानूनी प्रश्नको निर्णय गर्ने आफ्नो संवैधानिक अभिभारालाई पन्छाउन पनि मिल्दैन। त्यस अवस्थामा यस अदालतले राजनैतिक प्रश्नहरूलाई अलग पन्छाएर संवैधानिक र कानूनी प्रश्नहरूको निर्णय गर्नु नै संविधानको व्यवस्था र भावना अनुरूप हुन्छ। त्यस्तो स्थितिमा संविधान वा कानूनको व्याख्या गर्ने अन्तिम अधिकारीको रूपमा संविधानले यस अदालतलाई सुम्पेको अधिकार र अधिकार क्षेत्रलाई सीमित वा कुण्ठित गर्ने अवधारणाको रूपमा राजनैतिक प्रश्न सम्बन्धी अवधारणको उपयोग गर्नु कदापि संविधान सम्मत हुँदैन। राजनैतिक प्रश्नको अवधारणा वस्तुतः अदालतको अधिकारलाई सीमित वा कुण्ठित गर्नको लागि संविधान वा कानूनले नै परिभाषित गरेको कुनै अवधारणा नभएर न्यायपालिकाले स्वयं प्रतिपादित गरेको एउटा सैद्धान्तिक अवधारणा हो। यसको एउटै प्रयोजन संवैधानिक अंगहरूका बीच अनावश्यक द्वन्द्व र टकरावको स्थितिको सृजना हुन नदिई ती सबै अङ्गहरूले आ-आफ्नो कार्य क्षेत्र र अधिकारको सीमा भित्र रहेर आ-आफ्नो अधिकारको प्रयोग स्वतन्त्रता पूर्वक गर्न सकुन् भन्ने हो। त्यसको अर्थ अदालत समक्ष विचाराधीन विवादहरू कार्यपालिका वा व्यवस्थापिकाले गरेको निर्णयसँग सम्बन्धित छन् भन्दैमा अदालतले त्यसबाट पन्छने दृष्टिकोण लिनु पर्छ भन्ने होइन।

यो अदालत संविधान र प्रचलित नेपाल कानूनको अन्तिम व्याख्याता हो। कुनै पनि विवादमा उठेका कानूनी वा संवैधानिक प्रश्नहरूको निर्णय गर्ने सन्दर्भमा सम्बद्ध कानूनी वा

संवैधानिक प्रावधानहरूमा के व्यवस्था भएको छ र ती कानूनी वा संवैधानिक प्रावधानहरूको अर्थ के हो भन्ने कुराको अन्तिम रूपमा निर्णय गर्ने अधिकार संविधानले यो अदालतलाई प्रदान गरेको छ। वस्तुतः विभिन्न संवैधानिक अङ्ग, निकाय वा पदाधिकारीलाई संविधानले के कस्ता अधिकारहरू प्रदान गरेको छ, र त्यस्तो कुनै अङ्ग,निकाय वा पदाधिकारीले गरेको कुनै कार्य संवैधानिक वा कानूनी व्यवस्थाको प्रतिकूल छ वा छैन भन्ने कुराको जांचबुझ गर्ने तथा कसैलाई संविधान र कानूनले तोकेको कार्यक्षेत्र र अधिकारको सीमालाई अतिक्रमण गर्न नदिई संविधानको संरक्षण गर्नु यस अदालतको कर्तव्य नै हो। त्यसैले संविधान अन्तर्गत अधिकारको प्रयोग गरेर गरिएका जुनसुकै कार्यको संवैधानिक वैधताको जांचबुझ गर्न धारा ८८ को उपधारा (१) र (२) ले यस अदालतलाई असाधारण अधिकारहरू प्रदान गरेको पनि छ।

प्रस्तुत विवादमा संविधानको धारा ५९ को उपधारा (२) अन्तर्गत प्रधानमन्त्रीका विरूद्ध अविश्वासको प्रस्ताव पेश गर्न धारा ५३ को उपधारा (३) अन्तर्गत प्रतिनिधि सभाका सदस्यहरूको समावेदन अनुसार विशेष अधिवेशनको आव्हान भै सकेपछि सो अधिवेशनको कार्य सम्पन्न नहुँदै उपधारा (४) अन्तर्गत प्रतिनिधि सभाको विघटन हुनु संविधान सम्मत हुन्छ वा हुँदैन ? धारा ४२ को उपधारा (२) अन्तर्गत मन्त्रिपरिषद गठन भै प्रधानमन्त्रीले उपधारा (३) अन्तर्गत विश्वासको मत प्राप्त गरिसकेपछि धारा ५९ को उपधारा २ अन्तर्गत सो मन्त्रिपरिषदका विरूद्ध अविश्वासको प्रस्ताव प्रस्तुत हुन र त्यस्तो प्रस्ताव पारित भएमा धारा ३६ को उपधारा (५) को खण्ड (ख) अनुसार प्रधानमन्त्री पदमुक्त भै उपधारा (७) अनुसार अर्को मन्त्रिपरिषद गठन गर्न पर्ने अवस्थाको सृजना हुन्छ हुँदैन ? अथवा त्यस्तो अवस्थामा धारा ४२ को उपधारा (४) अन्तर्गत प्रतिनिधि सभा भंग हुने अवस्था हुन्छ कि ? इत्यादि केही जटिल संवैधानिक प्रश्नहरू उपस्थित भएका छन्। ती प्रश्नहरूको निर्णय हुनु संवैधानिक व्यवस्थाको सही कार्यान्वयन र विकासको दृष्टिकोणबाट वान्छनिय मात्र होइन, विवादको निर्णयको लागि आवश्यक पनि छ। त्यस्ता प्रश्नहरूको निर्णय यस अदालत बाहेक अन्य कुनै संवैधानिक अङ्ग वा पदाधिकारीबाट हुन सक्तैन। निर्वाचनले पनि ती प्रश्नहरूको आधिकारिक समाधान दिन सक्तैन। ती प्रश्नहरू विशुद्ध संवैधानिक प्रश्नहरू भएकाले तिनको निर्णय गरेर संवैधानिक व्यवस्थालाई सही रूपमा कार्यान्वित गर्न मार्गदर्शन गराउनु यस अदालतको संवैधानिक कर्तव्य हो। तसर्थ प्रस्तुत विवाद सम्बन्धी प्रश्नहरू राजनैतिक प्रश्नहरू हुन् भन्ने आधारमा प्रस्तुत विवादलाई यस अदालतको न्यायिक पुनरावलोकनको क्षेत्र भन्दा बाहिर राख्न सम्माननीय प्रधानमन्त्रीका तर्फबाट प्रस्तुत गरिएका जिकिरहरू स्वीकार्य देखिएन।

धारा ५३ को उपधारा (४) अन्तर्गत प्रतिनिधि सभाको विघटन गर्ने अन्तिम कार्य प्रधानमन्त्रीबाट हुने नभै श्री ५ बाट मौसूफको स्वविवेकमा गरिबक्सने र श्री ५ बाट हुने कुनै कार्यको सम्बन्धमा संविधानको धारा ३१ अन्तर्गत कुनै अदालतमा प्रश्न उठाउन नसकिने हुनाले यो विवादमा अदालतले हस्तक्षेप गरेर कुनै निर्णय गर्न मिल्दैन भन्ने पनि सम्माननीय प्रधानमन्त्रीका तर्फबाट जिकिर लिइएको छ। फट्ट हेर्दा धारा ३१ को संवैधानिक व्यवस्था अनुसार श्री ५ बाट गरिबक्सेको कुनै पनि कार्य न्यायिक पुनरावलोकनको क्षेत्र भित्र पर्दैन कि जस्तो भान पनि पर्दछ। तर त्यस्तो संकीर्ण व्याख्याले संविधानको मनसायलाई सही रूपमा

प्रतिबिम्बित गर्दैन । हाम्रो संविधान एउटा लिखित संविधान हो । संविधानले संवैधानिक राजतंत्र, संसदीय प्रणाली र उत्तरदायि शासन व्यवस्थालाई अंगीकार गरेको छ । श्री ५ बाट मौसुफको स्वविवेकमा गरिबक्सने कार्यहरू बाहेक अन्य कार्यहरू मंत्रिपरिषद वा अन्य कुनै संवैधानिक निकाय वा पदाधिकारीको सिफारिशमा गरिबक्सन्छ । सो अनुसार श्री ५ बाट मंत्रिपरिषद वा अन्य कुनै संवैधानिक निकाय वा पदाधिकारीको सिफारिसमा गरिबक्सने कार्यहरूको सम्बन्धमा श्री ५ बाट स्वयं कुनै उत्तरदायित्व वहन गरिबक्सनु पर्ने अवस्था नै रहदैन । प्रधानमन्त्री वा मंत्रिपरिषद्को सिफारिशमा श्री ५ बाट गरिबक्सेको त्यस्ता सबै कार्यहरूको लागि प्रधानमन्त्री र मन्त्रिपरिषदले प्रतिनिधि सभा प्रति उत्तरदायी हुनुपर्छ । त्यस्तै श्री ५ बाट अन्य कुनै निकाय वा पदाधिकारीको सल्लाह र सिफारिशमा गरिबक्सेको कार्यको लागि त्यो निकाय वा पदाधिकारी नै उत्तरदायी हुन्छ । त्यसैले त्यस्ता कार्यहरूको सम्बन्धमा मौसुफलाई अदालतले कुनै सवाल गर्न र मौसुफबाट अदालतलाई कुनै जवाफ दिइरहनु पनि पर्दैन । संवैधानिक राजतंत्रात्मक व्यवस्थाको मर्म र आदर्श अनुरूप श्री ५ बाट मौसुफको स्वविवेकमा गरिबक्सने कार्यहरूको प्रकृति र विस्तारलाई संविधानले नै सीमांकन गरेको र त्यस्ता कार्यहरू साधारणत: राजनैतिक प्रकृतिकै हुने भएकोले संविधान बमोजिम श्री ५ बाट मौसुफको स्वविवेकमा गरिबक्सने कार्यहरूको सम्बन्धमा धारा ३१ को व्यवस्था निसन्देह विचारणीय हुन्छ । तर मौसूफबाट संविधान बमोजिम अन्य संवैधानिक अङ्ग निकाय वा पदाधिकारीको सल्लाह वा सिफारिशमा गरिबक्सने वा गरिबक्सेको कार्यहरू पनि धारा ३१ को आधारमा न्यायिक पुनरावलोकनको क्षेत्रबाट अलग राख्नु पर्छ भन्ने हो भने लिखित संविधान, सीमित सरकार, उत्तरदायी शासन व्यवस्था र कानूनको राज्य जस्ता संविधानद्वारा अंगीकृत अवधारणाहरूको कुनै अर्थ नै हुँदैन ।

संविधान अनुसार सल्लाह दिने वा सिफारिश गर्ने पाउने संवैधानिक अंग,निकाय वा पदाधिकारीले गैर संवैधानिक कार्यहरूको सिफारिश गरी श्री ५ बाट स्वीकृत गराएकोले खण्डमा त्यो असंवैधानिकता यथावत कायम रहने अथवा भएको भयै हुने हो भने लिखित संविधान लागु गर्ने, शक्ति पृथकीकरणको सिद्धान्त अंगालेर विभिन्न संवैधानिक अंगहरूको कार्यक्षेत्र र सीमा निर्धारित गर्ने र ती संवैधानिक व्यवस्थाहरूको पालन भए वा नभएको जांचबुझ गरेर आवश्यकतानुसार पालन गराउन न्यायपालिकालाई अधिकार सम्पन्न गराउने संवैधानिक व्यवस्थाहरूको औचित्य नै के रहन्छ र ? यथार्थमा संवैधानिक राजतंत्रात्मक व्यवस्थाको मर्म र मान्यता अनुरूप राजसंस्थालाई न्यायिक जांचबुझको जंजालबाट अलग राख्ने सम्म उक्त संवैधानिक व्यवस्थाको उद्देश्य हो । त्यसको अर्थ संविधानले श्री ५ लाई प्रदान गरेको वैयक्तिक उन्मुक्तिको आडमा प्रधानमन्त्री, मन्त्रिपरिषद वा अन्य कुनै संवैधानिक पदाधिकारीले पनि श्री ५ मा चढाएको गलत सल्लाह वा सिफारिश सम्बन्धमा आफ्नो उत्तरदायित्वबाट उन्मुक्ति पाउनु होइन । धारा ३१ को प्रतिबन्धात्मक वाक्यांशलाई हेरेको खण्डमा पनि त्यो कुरा प्रष्ट हुन्छ । श्री ५ बाट अरूको सिफारिशमा गरिबक्सेको कार्यको सम्बन्धमा त्यस्तो सिफारिश गर्ने पदाधिकारी वा निकाय उपर अदालतमा उजुर लाग्न सक्ने कुरा उक्त प्रतिबन्धात्मक वाक्यांश नै स्पष्ट गरेको छ । यस सम्बन्धमा यस अदालतले अपनाइ आएको दृष्टिकोण र

अवलम्बन गर्दै आएको परिपाटीलाई हेर्ने हो भने पनि त्यो कुराको पुष्टि हुन्छ । नयाँ संविधान आउनु भन्दा पहिले श्री ५ बाट जारी भएका ऐनहरू र नयाँ संविधान लागू भएपछि मौसुफबाट भएका नियुक्तिहरूको संवैधानिकताको प्रश्नमा यस अदालतले अधिकार क्षेत्र ग्रहण गरी न्यायिक पुनरावलोकन गर्दै आएको छ । ती कार्यहरू अन्तिम रूपमा श्री ५ बाट सम्पन्न भएका हुन् भन्ने आधारमा यस अदालतले अधिकार क्षेत्र ग्रहण गर्न अस्वीकार गरेको देखिन्न । यस स्थितिमा धारा ३१ को अर्थलाई बंग्याएर श्री ५ को नाममा प्रधानमन्त्री वा मन्त्रिपरिषदबाट भए गरेका सबै काम कुराहरूलाई न्यायिक पुनरावलोकनको क्षेत्र भन्दा बाहिर पर्छ भन्ने तर्क स्वीकार्य हुन सक्तैन । यो कुरा हरिप्रसाद नेपालको मुद्दामा यस अदालतबाट पहिले पनि निर्णय भै सकेकोले यस सम्बन्धमा अरू विस्तारमा चर्चा गरिरहन आवश्यक पनि देखिन्न ।

अब बाउँदछ दोस्रो प्रश्न :-

संविधानको धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधि सभाको अधिवेशन आव्हान भएपछि सो अधिवेशन प्रारम्भ भएर अन्त्य नभएसम्म उपधारा (४) अन्तर्गत प्रतिनिधि सभाको विघटन गर्न मिल्दैन, त्यो असंवैधानिक हुन्छ भन्ने निवेदकहरूको जिकिर छ । त्यसको प्रत्युत्तरमा सम्माननीय प्रधानमन्त्रीले प्रधानमन्त्रीको सिफारिश " र " छ महिना भित्र निर्वाचन गर्न मिति तोक्ने शर्त बाहेक उपधारा (४) ले अरू कुनै बन्देज वा पूर्वावस्थाको व्यवस्था नगरेकोले उपधारा (३) अन्तर्गत प्रतिनिधि सभाको अधिवेशन आव्हान भएको कारणले मात्र उपधारा (४) अन्तर्गतको अधिकार निलम्बित वा निष्क्रिय हुँदैन, बन्देज रहित उपधारा (४) अन्तर्गतको अधिकारको प्रयोगमा अदालतले स्वयं कुनै शर्त वा बन्देज लगाउनु विवेक सम्मत हुँदैन भन्ने जिकीर लिनु भएको छ । यस सन्दर्भमा २०५२।३।२ गते अधिवेशन बस्ने गरी श्री ५ बाट उपधारा (३) अन्तर्गत अधिवेशन आव्हान गरिबक्सेको सूचना २०५२।२।२६ को नेपाल राजपत्रमा प्रकाशित भै सके पछि २०५२।२।३० गते प्रतिनिधि सभाको विघटन हुनु संविधान सम्मत हुन्छ वा हुँदैन भन्ने प्रश्न उपस्थित हुन आएको छ ।

यस सम्बन्धमा ती संवैधानिक व्यवस्थालाई हेर्दा धारा ५३ को उपधारा (३) मा "श्री ५ बाट प्रतिनिधि सभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित रहेको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वान्छनिय छ भन्ने प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले समावेदन गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोकिबक्सने छ र त्यसरी तोकिएको मिति र समयमा प्रतिनिधि सभाको अधिवेशन प्रारम्भ हुने र बैठक बस्ने छ " भन्ने र उपधारा (४) मा "श्री ५ बाट प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभाको विघटन गर्न सकिबक्सनेछ । त्यसरी प्रतिनिधि सभाको विघटन गरिबक्सेदा छ महिना भित्र नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति समेत तोकि बक्सनेछ" भन्ने व्यवस्था भएको पाइन्छ । उपर्युक्त दुई संवैधानिक प्रावधानहरूको अध्ययनबाट ती प्रावधानहरू बीच स्वयंमा कुनै असंगति वा विरोध देखिन्न । तिनको उद्देश्य र प्रयोजन भिन्न भिन्न भएकोले त्यस्तो असंगति वा विरोध हुनु पर्ने कारण पनि केही छैन । तथापि उपधारा (३) अन्तर्गत प्रारम्भ भै सकेको संवैधानिक प्रक्रियालाई अवरूद्ध गर्ने गरी उपधारा (४) को प्रयोग भएबाट तिनको व्यावहारिक कार्यान्वयनमा असंगति उत्पन्न भै यो विवादको सृजना भएको देखिन्छ । उपधारा

(३) अनुसार प्रतिनिधि सभाका एक चौथाई सदस्यहरूले समावेदन गरे पछि श्री ५ बाट अधिवेशन वा बैठक आह्वान गरिवक्सन र त्यसको मिति र समय तोकिवक्सन अनिवार्य हुन्छ। साथै त्यसरी तोकिएको मिति र समयमा त्यसतो अधिवेशन वा बैठक बस्नै पर्ने बाध्यात्मक प्रावधान पनि उक्त उपधारा (३) मा रहेको देखिन्छ। यस परिप्रेक्ष्यमा उपधारा (३) ले गरेको व्यवस्थालाई व्यर्थ तुल्याउने गरी उपधारा (४) अन्तर्गत प्रतिनिधि सभा विघटन गर्ने अधिकारको प्रयोग हुनु संविधान सम्मत हो वा होइन भन्ने प्रश्न उठ्नु स्वाभाविक नै हो। यो प्रश्नको निरूपणको लागि उपधारा (३) अन्तर्गत समावेदन जाहेर भए पछि सो अनुसार अधिवेशन वा बैठक बोलाउनै पर्ने र बस्नै पर्ने कुरामा जोड दिएर बाध्यात्मक प्रावधान गर्नु पर्ने प्रयोजन र माथि उल्लिखित प्रश्नसँग त्यसको प्रासंगिकता (Relevancy) बुझ्नु आवश्यक हुन्छ। त्यसको लागि प्रतिनिधि सभाको अधिवेशन आह्वान र अन्त्य गर्ने धारा ५३ को उपधारा (१) र (२) का व्यवस्थाहरू र उपधारा (३) को उपर्युक्त व्यवस्थाहरूका बीचको तात्त्विक अन्तरलाई केलाउनु पर्ने हुन्छ।

धारा ५३ को उपधारा (१) बमोजिम श्री ५ बाट आह्वान हुने अधिवेशन मन्त्रिपरिषदको सिफारिशमा मुख्यत: सरकारी नीति, कार्यक्रम, खर्च तथा विधेयकहरूमा संसदको स्विकृती वा अनुमोदन प्राप्त गर्ने प्रयोजनको लागि नै आह्वान गरिन्छ र त्यसको अन्त्य पनि श्री ५ बाट मंत्रिपरिषदकै सिफारिशमा गरिवक्सन्छ। त्यस्तो अधिवेशनको आह्वान वा अन्त्य गर्ने कुरामा प्रतिनिधि सभाका सदस्यहरूको कुनै भूमिका वा संलग्नता हुँदैन। त्यसको ठीक विपरीत उपधारा (३) अन्तर्गतको अधिवेशन वा बैठक आह्वान वा अन्त्य गर्ने कुरामा मन्त्रिपरिषद वा प्रधानमन्त्रीको इच्छा वा दृष्टिकोणको कुनै महत्त्व रहदैन। मन्त्रिपरिषदले चाहे वा नचाहे पनि प्रतिनिधि सभाका एक चौथाई सदस्यहरूले समावेदन गरेमा श्री ५ बाट त्यस्तो अधिवेशन वा बैठक आह्वान गरिवक्सन र मौसमुफबाट तोकिवक्सेको मिति र समयमा त्यस्तो अधिवेशन वा बैठक बस्न अनिवार्य हुन्छ।

उपधारा (१) अन्तर्गतको अधिवेशन आह्वान भएपछि उपधारा (२) अन्तर्गत मंत्रिपरिषदको सिफारिशमा श्री ५ बाट जुनसुकै बखत पनि त्यसको अन्त्य गर्न सकिवक्सन्छ। तर उपधारा (३) को बाध्यात्मक प्रावधानले गर्दा सो उपधारा अन्तर्गत आह्वान भएको अधिवेशन बस्न अनिवार्य भएकोले त्यसको अन्त्य मंत्रिपरिषदको इच्छामा निर्भर हुने देखिन्न। उपधारा (३) अन्तर्गत तोकिएको मिति र समयमा अधिवेशन बसे पछि त्यसको प्रयोजन अर्थात कार्यसूची बमोजिमको काम सम्पन्न नहुँदै मंत्रिपरिषदको सिफारिशको आधारमा उपधारा (२) अन्तर्गत त्यसको अन्त्य हुनु तर्कसंगत देखिन्न। वस्तुत: कार्यसूची बमोजिमको काम सकिए पछि त्यो अधिवेशन बसि रहनु पर्ने कुनै प्रयोजन नहुने हुनाले स्वाभाविक रूपमा स्वत: त्यसको अन्त्य हुन्छ।

माथि उल्लेख भए अनुसार प्रतिनिधि सभाका एक चौथाई सदस्यहरूले चाहेमा जुनसुकै बखत पनि अधिकार स्वरूप बोलाउन सकने प्रतिनिधि सभाको अधिवेशन नियमित वा साधारण अधिवेशनहरू भन्दा बेग्लै प्रकृतिको हुने हुनाले त्यसलाई असाधारण वा विशेष अधिवेशन भन्नु अनुपयुक्त हुँदैन। व्यवहारमा त्यस्तो अधिवेशनलाई विशेष अधिवेशन भन्ने गरेको पनि

देखिन्छ। संसदीय प्रणालीमा मंत्रिपरिषद संसद (निर्वाचित सदन) प्रति उत्तरदायी हुने हुनाले सरकारी नीति र कार्यक्रमहरू माथि निगरानी राखी त्यस सम्बन्धमा संसदमा प्रश्न उठाउने, स्पष्टीकरण माग्ने, छलफल गराउने, आलोचना गर्ने र आवश्यक भए विरोध पनि गर्ने सांसदहरूको अधिकार र कर्तव्य पनि हुन्छ। त्यसबाट मन्त्रिपरिषदको काम कारवाई र मन्त्रीहरूको आचरण र व्यवहार माथि नियंत्रण राख्न प्रतिनिधि सभा समर्थ हुन्छ। तर संसदको अधिवेशन वा बैठक नबसेसम्म सांसदहरूले यो अधिकारको प्रयोग गर्न संभव हुँदैन। उपधारा (१) अन्तर्गतको अधिवेशन मंत्रिपरिषदले सिफारिश नगरेसम्म आव्हान हुन नसक्ने र आव्हान भए पनि मंत्रिपरिषदले चाहेको बखत अन्त्य हुने हुनाले प्रतिनिधि सभाको अधिवेशन नबसेको समयमा तत्कालै कुनै सरकारी नीति वा कार्यक्रम वा मन्त्रिपरिषदको कार्यशैली वा मन्त्रीहरूको आचरणलाई संसदीय बहस, छलफल र छानबीनमा ल्याउन सांसदहरूले आवश्य सम्झेमा उपधारा (१) ले निजहरूलाई कुनै मद्दत गर्दैन। यसै कुरालाई दृष्टिगत गरेर हाम्रो संविधानले सांसदहरूले आफ्नै सकृयतामा ९क्लप्तप्बतष्खभ० प्रतिनिधि सभाको अधिवेशन वा बैठक बोलाउन सक्ने र त्यसको कार्यसूची पनि आफै निर्धारित गर्ने व्यवस्था गरेको देखिन्छ। यो हाम्रो संविधानको एउटा विशेष व्यवस्था हो, जो संसदीय प्रणाली भएका अन्य देशहरूको संविधानमा प्राय: देखिन्न। प्रतिनिधि सभालाई सरकारी काम कारवाई उपर निगरानी र नियंत्रण गर्न बढी समर्थ र प्रभावकारी बनाउनु नै यसको एक मात्र उद्देश्य हो। संसदीय प्रणालीलाई सुदृढ गर्न टेवा पु-याउने यो संवैधानिक व्यवस्थालाई छल्ने, व्यर्थ तुल्याउने वा निष्क्रिय बनाउने अभिप्रायले उपधारा (४) अन्तर्गत प्रतिनिधि सभालाई विघटन गर्ने अधिकारको प्रयोग हुनु हुँदैन। त्यस माथि पनि यो विवादमा त्यस्तो अधिवेशनको आव्हान मंत्रिपरिषदका विरुद्ध अविश्वासको प्रस्ताव प्रस्तुत गर्ने प्रयोजनको लागि भएको देखिनाले सम्माननीय प्रधानमन्त्रीको विवादास्पद सिफारिसको संवैधानिकता प्रस्तुत विवादको सन्दर्भमा अझै विचारणीय हुन आएको छ।

सम्माननीय प्रधानमन्त्रीले आफ्नो सिफारिश र लिखित जवाफमा प्रतिनिधि सभाका ७० बना सदस्यहरूले धारा ५३ को उपधारा (३) अन्तर्गत समावेदन गरे अनुसार मंत्रि परिषदका विरुद्ध अविश्वासको प्रस्ताव पेश गर्न विशेष अधिवेशन बोलाइएको र त्यसबाट आफ्नो कार्यक्रम र बजेट प्रस्तुत गर्ने अवसरबाट बंचित हुने स्थितिको सृजना भएकोले नयाँ जनादेश प्राप्त गर्नको लागि उपधारा (४) अन्तर्गत प्रतिनिधि सभालाई विघटन गर्न सिफारिश गर्नु परेको कुरा उल्लेख गर्नु भएको छ। प्रधानमन्त्रीले नयाँ जनादेश प्राप्त गर्न आवश्यकतानुसार उपधारा (४) अन्तर्गत विघटनको सिफारिश गर्न सक्तछ। तर त्यो अधिकार अनियन्त्रित अधिकार होइन। सिफारिश श्री ५ बाट स्वीकृत नहोउन्जेल प्रभावकारी नहुने कुराको अतिरिक्त उक्त अधिकारको प्रयोगका केही निहित शर्तहरू (Implied Conditions) पनि छन्। सिफारिश संविधान सम्मत हुनु पर्छ भन्ने कुरा संविधानले किटानी साथ भनि रहनु नै पर्दैन। कुनै पनि संवैधानिक अधिकारको प्रयोगका लागि त्यो शर्त अभिन्न रूपमा गाँसिएको हुन्छ। धारा ४५ को उपधारा (३) ले संविधान बमोजिम बाहेक प्रतिनिधि सभालाई त्यसको पंचवर्षीय कार्यकाल भन्दा अगावै विघटन गर्ने अनुमति दिदैन। संविधान भन्नाले संविधानको धारा,

उपधारा, खण्ड, उपखण्ड इत्यादि सबैलाई जनाउँछ। प्रस्तावना पनि संविधानको एउटा महत्वपूर्ण अंश हो। प्रस्तावनामा व्यक्त भएको संविधानको भावना र उद्देश्य पनि संविधान हो। संविधानको धारा ११६ को उपधारा (१) ले प्रस्तावनामा वर्णित संविधानको आधारभूत संरचनाहरूलाई अपरिवर्तनीय घोषित गरेर प्रस्तावनालाई संविधानका अन्य प्रावधानहरूलाई भन्दा विशेष स्थानमा राखेको छ। त्यसैले धारा ५३ को उपधारा (४) अन्तर्गत प्रतिनिधि सभालाई विघटन गर्नलाई सो उपधारालाई मात्र हेर्नु पर्याप्त हुँदैन। संविधानका अन्य धाराहरूमा गरिएका व्यवस्थाहरूका अतिरिक्त संविधानको भावना (Spirit) र उद्देश्यलाई पनि दृष्टिगत गर्नु पर्ने हुन्छ। यस सम्बन्धमा खास गरी संसदीय प्रणाली र बहुदलीय प्रजातंत्रका आधारभूत मूल्य र मान्यताहरूको सम्बर्द्धन गर्न संविधानमा समाहित गरिएका प्रावधानहरू माथि विचार गर्नु आवश्यक हुन्छ।

संविधानको धारा ११६ को उपधारा (१) ले संविधानका मुख्य मुख्य विशेषताहरूलाई संविधानको आधारभूत संरचना (Basic Structure) को रूपमा स्थापित गरेको छ। सो उपधारा अनुसार प्रस्तावनाको भावनाको प्रतिकूल संविधानमा कुनै संशोधन हुन सक्तैन। संविधानको प्रस्तावनामा अन्य कुराहरूका अतिरिक्त संसदीय प्रणाली, संवैधानिक राजतंत्र तथा बहुदलीय प्रजातंत्रलाई सुदृढीकरण गर्ने संविधानको उद्देश्य स्पष्ट रूपमा व्यक्त भएको छ। संसदको दुवै सदनका सम्पूर्ण सदस्यहरू मिलेर पनि त्यसमा प्रतिकूल असर पर्ने गरी संविधानको संशोधन गर्न नपाउने बन्देज संविधानले लगाएको छ। विधायिकी अधिकार माथि उक्त उपधारा (१) द्वारा लगाइएको यस्तो निरपेक्ष बन्देजको सन्दर्भमा प्रधानमन्त्रीले पनि संविधानका ती भावना र उद्देश्यहरूको प्रतिकूल धारा ५३ को उपधारा (४) अन्तर्गतको अधिकारको प्रयोग गर्न नपाउने कुरा स्वत: सिद्ध छ।

हाम्रो संविधानले प्रतिनिधात्मक (Representative) संसदीय प्रणालीलाई वरण गरेको छ। सार्वभौम जनता नै राज्यशक्तिको एक मात्र स्रोत भएकोले देशको शासन व्यवस्थाको संचालन जनताको इच्छानुसार नै हुनु पर्ने कुरालाई संविधानले पूर्णत: आत्मसात गरेको छ। तर प्रत्यक्ष रूपमा जनताले स्वयं शासन व्यवस्था संचालन गर्न संभव नहुने हुनाले त्यसको लागि बालिग मताधिकारको आधारमा हुने आवधिक निर्वाचनद्वारा आफ्ना प्रतिनिधिहरू रोज्ने, त्यस्ता जनप्रतिनिधिहरूको बहुमतको विश्वास र समर्थन प्राप्त गर्ने व्यक्ति प्रधानमन्त्री नियुक्त भएर मन्त्रिपरिषद गठन गर्ने मंत्रिपरिषद त्यस्ता प्रतिनिधिहरूको सभा (प्रतिनिधि सभा) प्रति उत्तरदायी हुने र प्रतिनिधि सभामा बहुमतले व्यक्त गरेको विश्वास वा अविश्वासको आधारमा सत्तामा रहने वा सत्ताबाट बाहिर जाने संसदीय प्रणालीका आधारभूत विशेषताहरूलाई संविधानले समाविष्ट गरेको छ। प्रतिनिधि सभामा जनताका प्रतिनिधिहरूले मंत्रिपरिषदलाई दिएको विश्वास वा मन्त्रिपरिषद्का विरुद्ध प्रकट गरेको अविश्वास जनताको विश्वास वा अविश्वास मानिन्छ। त्यसैले हाम्रो संविधानले अन्य अधिकांश संसदीय संविधानहरू भन्दा केही भिन्न व्यवस्था गरेर प्रतिनिधि सभाका बहुसंख्यक सदस्यहरूले प्रस्ताव पारित गरी अविश्वास व्यक्त गरेको प्रधानमन्त्रीलाई आफू सत्तामा बसेर प्रतिनिधि सभालाई विघटन गराउने अधिकार दिएको छैन। त्यस्तो अवस्थामा प्रधानमन्त्रीले अगावै राजिनामा गरेकोमा

बाहेक निजलाई श्री ५ बाट पद मुक्त गरिबक्सनु पर्ने व्यवस्था किटानी साथ संविधानले गरेको छ। यसरी प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भए पछि रिक्त स्थानको पूर्तिको लागि संविधान बमोजिम अर्को प्रधानमन्त्रीको नियुक्तिको लागि बाटो खुल्दछ र त्यस अवस्थामा विकल्पको खोजी गर्न संविधानत: अनिवार्य हुन्छ। हाम्रो संविधानले अंगीकार गरेको संसदीय प्रणालीका यी आधारभूत मान्यताहरू संविधानका विभिन्न प्रावधानहरूमा समाहित भएका छन्। ती प्रावधानहरूमध्ये मंत्रिपरिषद प्रतिनिधि सभा प्रति उत्तरदायी हुने र प्रतिनिधि सभाको बहुमतको विश्वास प्राप्त भए सम्म सत्तामा रहने र बहुमतले अविश्वास व्यक्त गरेमा सत्ताबाट हट्ने तथा वैकल्पिक सरकारको खोजी गर्ने प्रावधानहरू संविधानको धारा ३६ को उपधारा (४) (५) (ख) र (७) तथा धारा ५९ मा व्यवस्थित भएका छन्। ती प्रावधानहरूलाई संविधानबाट झिकी दिने हो भने हाम्रो संसदीय प्रणाली वास्तविक संसदीय प्रणाली नै रहदैन। त्यस अवस्थामा त्यो अनुत्तरदायी निरंकुश शासन प्रणालीको रूपमा परिवर्तित हुन्छ र संविधानको आधारभूत संरचना नै विकृत हुन्छ।

माथि उल्लिखित कुराहरूलाई स्पष्ट गर्न उपर्युक्त संवैधानिक व्यवस्थाहरूलाई उद्धृत गर्नु आवश्यक ठान्दछु।

धारा ३६ को उपधारा (४)

(४) प्रधानमन्त्री र अन्य मन्त्रीहरू प्रतिनिधि सभाप्रति सामुहिक रूपमा उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्ना मन्त्रालयको कामको लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र प्रतिनिधि सभा प्रति उत्तरदायी हुनेछन्।

धारा ५९ को उपधारा (२)

(२) प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले प्रधानमन्त्री उपर प्रतिनिधि सभाको विश्वास छैन भनी लिखित रूपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन्।

तर एक अधिवेशनमा एक पटक भन्दा बढी अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन।

धारा ३६ को उपधारा (५) (ख) र उपधारा (७)

(५) देहायका अवस्थामा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ।

(क) .....

(ख) प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको बहुमतले धारा ५९ बमोजिम निजको विरूद्ध पारित गरेको अविश्वासको प्रस्ताव अनुसार श्री ५ बाट निजलाई पदमुक्त गरि बक्सेमा।

(७) उपधारा (५) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भए पनि अर्को मन्त्रिपरिषद्

गठन नभएसम्म मन्त्रिपरिषदले कार्य संचालन गरिरहनेछ ।

माथि उद्धृत गरिएका संवैधानिक प्रावधानहरूबाट प्रधानमन्त्री र अन्य मन्त्रीहरू सामूहिक र व्यक्तिगत रूपमा प्रतिनिधि सभा प्रति उत्तरदायी हुने, प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको बहुमतले प्रधानमन्त्रीको विरुद्ध अविश्वासको प्रस्ताव पारित गर्न सक्ने, त्यस्तो प्रस्ताव पारित भएपछि प्रधानमन्त्री पदमुक्त हुने र निवर्तमान (Outgoing) मंत्रिपरिषदको ठाउँमा अर्को मन्त्रिपरिषदको गठन हुने कुराहरू प्रष्ट देखिन्छ ।

यस सन्दर्भमा धारा ५९ को उपधारा (२) अन्तर्गतको प्रस्ताव केवल नियमित अधिवेशनमा मात्र पेश गर्न पाइने जिकिर पनि इजलास समक्ष प्रस्तुत भएको छ । तर संविधानले त्यस्तो कुनै बन्देज लगाएको देखिन्न । प्रतिनिधि सभाको सदस्यहरूले उपधारा (३) अन्तर्गतको आफ्नो संवैधानिक अधिकारको प्रयोग गरेर बोलाउने अधिवेशनको विषय वा कार्यसूची पनि ती सदस्यहरूले नै निर्धारित गर्ने हुनाले कुन विषयमा छलफल गर्न तत्काल आवश्यक छ वा छैन भन्ने कुरा पनि सदस्यहरूकै विवेकको कुरा हो । त्यसको आवश्यकता वा वान्छनियता बारे यस अदालतले वा अन्य कुनै संवैधानिक अंग, निकाय वा पदाधिकारीले अन्यथा निर्णय गर्नु संविधान सम्मत हुँदैन । प्रतिनिधि सभाका सदस्यहरूले आफ्नो सकृयता (Initiative) मा बोलाइएको अधिवेशनमा त्यस्तो प्रस्ताव पेश गर्न नपाउने, त्यसको लागि धारा ५१ को उपधारा (१) अन्तर्गत मन्त्रिपरिषदको सिफारिशमा आह्वान हुने अधिवेशनको लागि कुर्नु पर्ने कुरा युक्ति संगत देखिन्न । सो अनुसार समावेदनको प्रकृयाबाटै बोलाइएको विशेष अधिवेशनमा अविश्वासको प्रस्ताव उपर प्रतिनिधि सभामा छलफल र निर्णय भएको उदाहरण पनि हाम्रो सामु छ ।

सम्माननीय प्रधानमन्त्रीले आफ्नो लिखित जवाफमा संविधानको धारा ५३ को उपधारा (४) अन्तर्गत प्रधानमन्त्रीलाई प्राप्त विघटनको सिफारिश गर्ने अधिकार र संसदीय प्रणालीमा त्यसको विशिष्टताको उल्लेख गर्दै त्यसै विशिष्टताको कारणले त्यसमा कुनै शर्त बन्देज नरहेको भन्ने उल्लेख गर्नु भएको छ । संसदीय प्रणालीमा सरकारलाई स्थिरता प्रदान गरेर प्रभावकारी बनाउन उपधारा (४) को जस्तो व्यवस्था निश्चय नै महत्त्वपूर्ण हुन्छ । वस्तुत: राजनैतिक विवादको निरूपणका लागि अन्तिम न्यायकर्ता सार्वभौम जनता समक्ष जाने आग्रह स्वयंमा आपत्तिजनक हुँदैन । अनिवार्य भएमा जनता समक्ष पुनरावेदन गरेर राजनैतिक अन्यौल र विवादको समाधान अवश्य खोज्नु पर्छ । त्यसबाट देशको राजनीतिलाई नियंत्रित गरेर सही दिशा प्रदान गर्ने सार्वभौम जनतालाई अवसर प्राप्त हुने हुनाले कतिपय अवस्थामा प्रतिनिधि सभाको विघटन नै देशको राजनैतिक संकट र संवैधानिक गतिरोध समाधान गर्ने एकमात्र प्रभावकारी उपायको रूपमा प्रयोग गर्न आवश्यक पनि हुन्छ । तर त्यो अधिकारको प्रयोग उत्तरदायित्वपूर्ण र संविधान सम्मत ढंगबाट नभएमा त्यसले संसदीय प्रणाली माथि नै आघात पुऱ्याउने संभावना पनि हुन्छ । दोस्रो विश्वयुद्ध भन्दा अघिको जर्मनीको प्रजातान्त्रिक वाइमर संविधान संसद विघटनको अधिकारको दुरूपयोगबाटै विकृत भै नाजीवादको अभ्युदय भएको ज्वलंत उदाहरण हाम्रो अगाडि नै छ । संसदलाई अनावश्यक वा अनुचित रूपमा

विघटन गर्ने वा एक पछि अर्को गरी लगातार विघटन गर्दै जाने सिलसिला जारि रहेमा त्यसबाट राजनैतिक संकट समाधान हुनुको सट्टा झन विकट बन्दै जाने र देशको राजनीति माथि जनताको नियंत्रण हुनुका सट्टा दूषित राजनीतिले जनतालाई नियंत्रित र आक्रान्त गर्ने बढी संभावना हुन्छ भन्ने संविधान विद्हरूको भनाइ पनि छ। न्याय मूर्ति एभाट (Evat) का अनुसार एक पछि अर्को विघटनको खुराकबाट संसदीय प्रणालीलाई नै अपचको रोग लाग्न सक्तछ। राजनैतिक दलहरूबीचको राजनैतिक विवादको समाधानको लागि अन्तिम न्यायकर्ता जनता समक्ष पुनरावेदन गरेर नयाँ कायदिशाको माग गर्न तह तहैबाट जानु पर्छ, तल्लो न्यायकर्ता (संसद) लाई विवादको निरूपण गर्ने मौकै नदिई एक्कासी अन्तिम न्यायकर्ता समक्ष पुनरावेदन गर्न जानु उचित हुँदैन भन्ने पनि संविधानविद्हरूको भनाइ छ। जनताले प्रतिनिधिसभाको सदस्यको रुपमा आफ्ना प्रतिनिधिहरु छानेर प्रतिनिधिसभालाई पहिलो न्यायकर्ताको रूपमा स्थापित गरेकोले मन्त्रिपरिषदले आफु उपरको आरोपको प्रतिवाद पहिले त्यहीं गर्नु पर्छ। प्रतिनिधि सभाको निर्णयमा चित्त बुझेन भने मात्र सो निर्णय उपर पुनरावेदन लिएर जनता समक्ष जाने कुरा आउँछ। अविश्वासको प्रस्ताव पारित भएकोमा त हाम्रो संविधानको धारा ३६ (५) (ख) बमोजिम पदमुक्त हुने अवस्थामा पुगेको प्रधानमन्त्रीलाई त्यो अधिकार पनि दिदैन।

संसदीय प्रणालीको सर्वाधिक महत्त्वपूर्ण विशेषता उत्तरदायी शासन व्यवस्था हो। प्रधानमन्त्री र अन्य मन्त्रीहरू आफुले गरेको कामको लागि जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरू रहेको संसद प्रति सामुहिक र व्यक्तिगत रूपमा उत्तरदायी हुने हुनाले निजहरूले आफ्नो विरूद्ध संसदमा भएका आलोचना र लगाइएका आरोपहरूका सम्बन्धमा संसदमा उपस्थित भएर स्पष्टीकरण दिनु पर्छ र बहुमतको समर्थन र विश्वास प्राप्त गर्न सक्नु पर्छ, अन्यथा निजहरूलाई सत्तामा बस्ने अधिकार हुँदैन। मन्त्रिपरिषद संसद प्रति उत्तरदायी हुनु पर्ने व्यवस्था वस्तुत: संसदीय व्यवस्थाको आधारशिला हो, आत्मा हो। तसर्थ प्रतिनिधि सभालाई विघटन गर्न सिफारिश गर्ने प्रधानमन्त्रीको अधिकार जतिसुकै महत्त्वपूर्ण वा विशिष्ट भए पनि प्रतिनिधि सभा प्रतिको उत्तरदायित्वलाई छल्ने र तत्सम्बन्धी धारा ३६ को उपधारा (४) र धारा ५९ को उपधारा (२) को संवैधानिक प्रावधानलाई व्यर्थ तुल्याउने गरी प्रयोग गर्नु संविधानको मर्म र भावना अनुकूल हुँदैन। आफ्ना विरूद्ध धारा ५९ को उपधारा (२) अन्तर्गत अविश्वासको प्रस्ताव पेश भएको वा पेश गर्न धारा ५३ को उपधारा (३) अन्तर्गत अधिवेशन बोलाइएको कारणले प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्न सिफारिश गर्नु उत्तरदायी शासन व्यवस्थाको द्योतक होइन। यस्तो कार्यले संसदीय प्रणालीको संस्थागत विकासमा योगदान गर्नुको सट्टा अनुत्तरदायी शासन व्यवस्थालाई निम्त्याउंछ। त्यसबाट जनताको प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा जनइच्छा व्यक्त गर्ने अधिकारबाट वंचित हुने मात्र होइन, विगत निर्वाचनद्वारा जनताले दिएको जनादेशको पनि अनादर हुन्छ र विरोधी दललाई सत्ता संचालन गर्न मौका दिने वा नदिने कुरा पनि तत्काल पदासीन प्रधानमन्त्रीकै स्वेच्छामा निर्भर हुन जान्छ। हाम्रो संवैधानिक व्यवस्थाको सन्दर्भमा प्रधानमन्त्रीले आफ्नो विरूद्ध आएको अविश्वासको प्रस्तावलाई व्यर्थ तुल्याउन प्रतिनिधि सभाको विघटनको सिफारिश गर्न पाउनु

भनेको प्रतिनिधि सभाले अविश्वास व्यक्त गरे पछि सत्ताबाट बाहिरिनु पर्ने संवैधानिक प्रावधानबाट उन्मुक्ति पाउनु हो। संविधानको धारा ३६ को उपधारा (५) को खण्ड (ख) ले धारा ५९ को उपधारा (२) अन्तर्गत अविश्वासको प्रस्ताव पारित भएको प्रधानमन्त्री पदमुक्त हुने व्यवस्था गरेको छ। त्यसरी रिक्त हुन आएको प्रधानमन्त्रीको पदमा संविधान बमोजिम बहुमतको विश्वास र समर्थन प्राप्त गर्न सक्ने अर्को व्यक्तिलाई प्रधानमन्त्री नियुक्त गर्नु पर्ने हुन्छ। त्यस अवस्थामा कुन व्यक्ति प्रधानमन्त्री हुने भन्ने कुरा प्रतिनिधि सभामा विभिन्न दलहरूको संख्यात्मक स्थिति र ती दलहरूका नेताको दृष्टिकोणमा निर्भर गर्दछ। यी संवैधानिक व्यवस्थाहरूको सन्दर्भमा पदासीन प्रधानमन्त्रीले सत्ताबाट आफ्नो बहिर्गमन र अर्को मंत्रिपरिषदको आगमनको संवैधानिक प्रक्रियालाई अवरूद्ध गर्ने गरी उपधारा (४) को प्रयोग गर्नु संविधान सम्मत हुँदैन। यस्तो स्थितिमा विद्यमान प्रतिनिधि सभाबाट संविधान बमोजिम अर्को मन्त्रिपरिषदको गठन हुने संभव भएन भने मात्र त्यो प्रतिनिधि सभालाई विघटन गरी जनता समक्ष जाने कुरा संविधान सम्मत हुन्छ।

प्रतिनिधि सभालाई विघटन गर्न सिफारिश गर्ने अधिकार प्रधानमन्त्रीलाई दिनुको प्रयोजन प्रतिनिधि सभाको अधिकारलाई प्रभावहीन बनाउन वा उत्तरदायी शासन व्यवस्थाको मर्मलाई निरादर गर्न होइन। प्रत्येक आर्थिक वर्षको अनुमानित राजस्व तथा संविधान र विनियोजन ऐनद्वारा विनियोजित हुने रकमहरू खुलाएर राजस्व र व्ययको वार्षिक अनुमान संसदको दुवै सदनहरूको संयुक्त अधिवेशनमा पेश हुनु पर्ने किटानी संवैधानिक व्यवस्था हुँदा हुँदै अर्थमन्त्रीबाट बेग्लै किसिमको समारोहको आयोजना गरी संसद बाहेक अन्यत्र त्यस्तो अनुमान अर्थात वार्षिक बजेट पेश गर्ने, संविधानको धारा ३६ को उपधारा (७) अन्तर्गतको काम चलाउ मंत्रिपरिषदले निर्वाचनको अवधिसम्मलाई अनिवार्य सरकारी खर्चको लागि मात्र संचित कोषबाट उधारो वा पेश्कीको रूपमा रकम खर्च गर्न आवश्यक अध्यादेश ल्याउनुको सट्टा आफ्नो नीति र वार्षिक कार्यक्रमहरू उद्घोषित गरेर ती सबै कार्यक्रमहरूका लागि संसदीय अनुमोदन विना अध्यादेश जारी गरेर संचित कोषबाट रकम विनियोजित गर्ने र करको दरमा परिवर्तन गर्ने, र संचित कोषमाथि व्ययभार हुने गरी ऋण लिने अवान्छनिय र असंसदीय परम्परा विकसित गर्दै गएको हाम्रो देशमा मंत्रिपरिषदले आफ्नो विरूद्धको अविश्वासको प्रस्तावको सामना नगरे पनि सत्तामा बसी रहन पाउने हो भने विघटनको अधिकार झन्दा अधिवेशन आह्वान गर्ने र अन्त्य गर्ने अधिकार झझ बढी खतरनाक हुन सक्छ। त्यस अवस्थामा प्रतिनिधि सभाको अधिवेशन आह्वान र अन्त्य गर्ने अधिकारको प्रयोग गरेरै पनि प्रधानमन्त्रीले पाँचवर्षसम्म निरंकुश रूपमा शासन संचालन गर्न सक्ने हुन्छ। संवैधानिक औपचारिकताको निर्वाह गर्नसम्मको लागि धारा ५३ को उपधारा (१) अन्तर्गत अधिवेशन आह्वान गर्ने, आफ्नो प्रतिकूल कुनै प्रस्ताव आएमा अधिवेशनलाई अन्त्य गर्ने र शासन व्यवस्थाको संचालन गर्न आवश्यक पर्ने आर्थिक स्रोत अध्यादेशबाट जुटाउने गरी कुनै पनि मंत्रिपरिषदले ५ वर्षसम्म अटूट रूपमा शासन चलाउन सक्ने हुन्छ। प्रजातांत्रिक संस्कारको ज्यादै अभाव रहेको हाम्रो देशको यिनै वास्तविकताहरूलाई दृष्टिगत गरेर हाम्रो संविधानले मंत्रिपरिषद माथि जनप्रतिनिधिहरूको नियंत्रण प्रभावकारी हुन सकोस् भन्ने उद्देश्यले धारा ५३

को उपधारा (३) को व्यवस्था गरेको हो । यस स्थितिमा त्यो संवैधानिक प्रावधानको उपयोग गरेर प्रतिनिधि सभाका सदस्यहरूले मंत्रिपरिषदका विरूद्ध धारा ५९ को उपधारा (२) अन्तर्गत अविश्वासको प्रस्ताव पेश गर्नको लागि अधिवेशन आव्हान गरिबक्सन श्री ५ समक्ष समावेदन गरे अनुसार अधिवेशनको आव्हान भै मिति समेत तोकि सकेपछि त्यसैलाई कारण बनाएर सम्माननीय प्रधानमन्त्रीले धारा ५३ (४) अन्तर्गत श्री ५ समक्ष जाहेर गर्नु भएको सिफारिश प्रस्तावनाद्वारा उद्घोषित संविधानको उद्देश्य र आधारभूत संरचनाको प्रतिकूल देखिन आउँछ ।

अब आउंदछ वैकल्पिक सरकारको प्रश्न ।

सम्माननीय प्रधानमन्त्रीले धारा ४२ को उपधारा (२) बमोजिम गठन भएको मंत्रिपरिषदको विकल्पमा संविधान बमोजिम अर्को मंत्रिपरिषदको गठन हुन नसक्ने भनी संविधानको गलत व्याख्या गरी धारा ५३ को उपधारा (४) बमोजिम प्रतिनिधि सभाको विघटनको सिफारिश गर्नु भएको र सोही आधारमा श्री ५ बाट प्रतिनिधि सभाको विघटन गरि बक्सेकोले विवादास्पद विघटनको सिफारिश र त्यसको आधारमा गरिएको प्रतिनिधि सभाको विघटन बदरभागी छ भन्ने निवेदकको निवेदन जिकिर छ । निवेदकबाट आफ्नो जिकिरको पुष्टिको लागि सम्माननीय प्रधानमन्त्रीले २०५२।२।२६ का दिन विघटनको सिफारिश गरे पछि आफ्नो सरकारी निवासस्थानमा बोलाउनु भएको पत्रकार सम्मेलनमा उक्त सिफारिशको व्यहोरा स्पष्ट पार्दै सिफारिशको फोटो प्रतिलिपि वितरण गर्नु भएको भनी सिफारिशको फोटो प्रतिलिपि र तत्सम्बन्धी श्रव्य र दृश्य टेपहरू पेश गरिएको छ । यस सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीले आफुले श्री ५ समक्ष जाहेर गरेको सिफारिश सार्वजनिक जानकारीमा नल्याएको र संविधानको धारा ३५ को उपधारा (६) अनुसार अदालतले पनि त्यस सम्बन्धमा कुनै सोधपुछ गर्न नसक्ने कुरा आफ्नो लिखित जवाफमा उल्लेख गर्दै सो सिफारिशलाई संरक्षित संवाद (Priviledged Communication) को रूपमा उक्त उपधारा (६) को संवैधानिक उन्मुक्ति (Constitutional Immunity) को दावी गर्नु भएको छ । यस सन्दर्भमा निवेदकको उपर्युक्त जिकिरमा विचार गर्नु भन्दा पहिले सम्माननीय प्रधानमन्त्रीबाट उठाइएको संवैधानिक उन्मुक्तिको प्रश्नको निरूपण गर्नु पर्ने हुन आएको छ ।

संविधानको धारा ३५ को उपधारा (६) मा संविधान बमोजिम मंत्रिपरिषद वा अन्य कुनै निकाय वा पदाधिकारीले श्री ५ मा कुनै सल्लाह वा सिफारिश चढाएको छ वा छैन वा के कस्तो सल्लाह वा सिफारिश चढाएको छ भन्ने प्रश्न कुनै पनि अदालतमा उठाउन नपाइने व्यवस्था भएको पाइन्छ । सो अनुसार प्रधानमन्त्रीले श्री ५ मा जाहेर गरेको सल्लाह र सिफारिशको सम्बन्धमा अदालतले श्री ५ वा प्रधानमन्त्रीसँग कुनै सोधपुछ गर्न मिल्दैन । सो कुरा निवेदक राधेश्याम अधिकारी विरूद्ध श्री ५ को सरकार, मंत्रिपरिषद समेतको मुद्दामा र निवेदक हरिप्रसाद नेपाल समेत विरूद्ध सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला समेतको मुद्दामा यस अदालतबाट निरूपित भै सकेको पनि देखिन्छ । तर निवेदक राधेश्याम अधिकारीको मुद्दामा विवादास्पद राजदूतको नियुक्तिको सम्बन्धमा मंत्रिपरिषदले श्री ५ मा कुनै सल्लाह वा सिफारिश जाहेर गरे वा नगरेको कुरा सार्वजनिक जानकारीमा नल्याइएको र तत्सम्बन्धी सल्लाह वा सिफारिश चढाउन अधिकार प्राप्त मंत्रिपरिषदले नै उक्त धारा ३५ को

उपधारा (६) को संवैधानिक उन्मुक्तिको माग गरी लिखित जवाफ प्रस्तुत गरेकोले यस अदालतबाट त्यस विषयमा कुनै सोधपुछ गर्न नमिल्ने निर्णय भएको र यो विवादमा सम्माननीय प्रधानमन्त्रीले स्वयं आफ्नो सिफारिशको व्यहोरा सार्वजनिक रूपमा प्रकाशित गर्नु भएको भनी निवेदकका तर्फबाट उक्त सिफारिशको फोटो प्रतिलिपि तथा श्रव्य र दृश्य टेपहरू समेत प्रस्तुत गरिएकोले यो मुद्दाको वस्तुस्थिति उक्त मुद्दा भन्दा भिन्दै रहेको देखिन्छ ।

वस्तुत: मंत्रिपरिषद वा प्रधानमन्त्रीले श्री ५ मा चढाएको सल्लाह वा सिफारिश राजदरबारबाट वा सिफारिश कर्ता मंत्रिपरिषद वा प्रधानमन्त्री स्वयंले सार्वजनिक जानकारीमा ल्याएकोमा अदालतले पनि सो कुराको जानकारी लिन र त्यस आधारमा सल्लाह र सिफारिशको वैधतामा निर्णय गर्न उक्त धारा ३५ को उपधारा (६) ले बाधा पुऱ्याएको संभन मिल्दैन । त्यस्तो सल्लाह वा सिफारिशको गोप्यता (Confidentiality) कायम राख्नु पर्ने प्रयोजन त्यसको प्रकाशनबाट श्री ५ र सिफारिश गर्ने मंत्रिपरिषद वा प्रधानमन्त्रीलाई संभावित असुविधा र विवादहरूबाट संरक्षण प्रदान गर्नु पनि हो । यदि राजदरबार वा सिफारिशकर्ता मंत्रिपरिषद वा प्रधानमन्त्रीबाटै त्यो संवैधानिक संरक्षणको त्याग गरेर (Waive) सल्लाह र सिफारिशको व्यहोरालाई सार्वजनिक जानकारीमा ल्याइन्छ भने अदालतले पनि त्यसलाई आफ्नो जानकारीमा लिन सक्छ । त्यस अवस्थामा धारा ३५ को उपधारा (६) ले त्यो सल्लाह वा सिफारिशलाई संरक्षण वा उन्मुक्ति प्रदान गर्ने कुनै अर्थ वा प्रयोजन नै रहन्न । यो कुरा निवेदक हरिप्रसाद नेपाल समेतको उपर्युक्त मुद्दामा यस अदालतबाट निर्णय भै सकेको पनि छ । तसर्थ यस सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीले आफ्नो लिखित जवाफमा लिनु भएको जिकिर स्वीकार्य देखिदैन ।

सम्माननीय प्रधानमन्त्रीले विभिन्न कारण देखाई प्रतिनिधि सभाको विघटनको लागि संविधानको धारा ४४ को उपधारा (४) बमोजिम श्री ५ मा सिफारिश जाहेर गर्नु भएको र सो अनुसार श्री ५ बाट प्रतिनिधि सभा विघटन गरि बक्सेको कुरा राजदरबारबाट २०५२।२।३० को नेपाल राजपत्रमा प्रकाशित सूचनामै उल्लेख भएकोले प्रधानमन्त्रीले तत्सम्बन्धमा श्री ५ मा सल्लाह वा सिफारिश चढाउनु भएको छ वा छैन वा के कस्तो सल्लाह वा सिफारिश चढाउनु भएको छ भन्ने कुरा त्यसैबाट पनि सार्वजनिक जानकारीमा आइ सकेको देखिन्छ । प्रतिनिधि सभाको विघटनको कारण वा आधार बारे राजदरबारको सूचनामा किटानीसाथ कुनै कुरा उल्लेख नभै गोलबोलीमा विभिन्न कारण देखाई भन्ने सम्म उल्लेख भएको देखिन्छ । तापनि प्रधानमन्त्रीको सिफारिश सार्वजनिक जानकारीमा आइ सकेपछि अदालतले त्यसको कारण र आधार अदालत समक्ष प्रस्तुत सामग्रीहरूबाट आफै पनि यकिन गर्न सक्छ । उपधारा (६) ले प्रदान गरेको संरक्षण सल्लाह र सिफारिशलाई हो, त्यसको कारण वा आधारलाई होइन ।

निवेदकहरूले सम्माननीय प्रधानमन्त्रीको सिफारिशको फोटो प्रतिलिपि भनी प्रमाणको रूपमा पेश गर्नु भएको लिखतको व्यहोराको यथार्थता बारे सम्माननीय प्रधानमन्त्रीले सही वा गलत केही टिप्पणी नगरी उक्त प्रतिलिपिमा उल्लिखित कारणहरूमध्ये केही कारणहरूलाई विघटनको कारणको रूपमा उल्लेख गर्दै लिखित जवाफ प्रस्तुत गर्नु भएको पनि छ । प्रत्यर्थी

मन्त्रिपरिषदबाट प्रस्तुत भएको लिखित जवाफमा पनि सो फोटो प्रतिलिपिमा उल्लिखित व्यहोरासँग मिल्दोजुल्दो जिकिर लिएको तथा सरकारी र गैर सरकारी संचार माध्यमहरूमा त्यस बखत प्रकाशित समाचारहरूबाट पनि सम्माननीय प्रधानमन्त्रीले पत्रकार सम्मेलन गरी सिफारिशको व्यहोरा सार्वजनिक जानकारीमा ल्याउनु भएको देखिनाले सम्माननीय प्रधानमन्त्रीको सिफारिश सार्वजनिक भै सकेको छ भनी निवेदकले भनेको कुरा साँचो देखिन आउँदछ । निवेदकले प्रमाण स्वरूप पेश गरेको श्रव्य र दृश्य टेपहरूको प्रमाणिकताको सम्बन्धमा सम्माननीय प्रधानमन्त्री तर्फबाट उपस्थित हुनु भएका विद्वान् कानून व्यवसायीहरूबाट कुनै खण्डन प्रस्तुत नभएकोबाट पनि सो कुरा समर्थित हुन आएकोले त्यस सम्बन्धमा शंका गर्ने कुनै कारण देखिन्न । यथार्थमा प्रतिनिधि सभा जस्तो गरिमामय संस्थाको असामयिक विघटनको विषय र त्यसको कारण एउटा राष्ट्रिय सरोकार र चासोको विषय हुन्छ । कानूनी वा प्राविधिक कारणहरूलाई देखाएर यस्तो विघटनको कारण बारे सर्वसाधारण जनतालाई जानकारी नदिनु प्रजातांत्रिक शासन प्रणाली र उत्तरदायी शासन व्यवस्थाको मर्म र अवधारणा तथा धारा १६ को भावना अनुरूप पनि हुँदैन ।

अब आउँदछ धारा ४२ को उपधारा (२) अर्न्तगतको मंत्रि परिषदको विकल्पमा संविधान अनुसार अर्को मंत्रि परिषद गठन हुन सक्छ वा सक्दैन भन्ने प्रश्न । यस सन्दर्भमा उक्त धारा ४२ को अध्ययन गर्दा प्रतिनिधि सभामा कुनै दलले स्पष्ट बहुमत प्राप्त गर्न नसकेको अवस्थामा प्रधानमन्त्रीको नियुक्तिको सम्बन्धमा विशेष प्रावधानहरू गरिएको पाइन्छ । सो अनुसार प्रतिनिधि सभामा कुनै दलको बहुमत नरहेको अवस्थामा श्री ५ बाट दुई वा दुई भन्दा बढी दलहरूको समर्थनबाट प्रतिनिधि सभाका सदस्यहरूको बहुमतको विश्वास प्राप्त गर्न सक्ने सदस्यलाई प्रधानमन्त्रीको पदमा नियुक्त गरिबक्सनु पर्ने व्यवस्था उपधारा (१) मा र सो उपधारा बमोजिम कुनै सदस्यले प्रतिनिधि सभाको सदस्यको बहुमत प्राप्त गर्न नसक्ने अवस्था भएमा श्री ५ बाट प्रतिनिधि सभामा सबै भन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई प्रधानमन्त्रीको पदमा नियुक्त गरिबक्सनु पर्ने व्यवस्था उपधारा (२) मा भएको देखिन्छ ।

उपधारा (१) वा (२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले तीस दिन भित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्ने र उपधारा (२) बमोजिम गठन भएको मंत्रिपरिषदले सो अनुसार प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसकेमा श्री ५ बाट प्रतिनिधि सभालाई भंग गरी ६ महिनाभित्र अर्को निर्वाचन गराउन आदेश जारि गरिबक्सनु पर्ने व्यवस्था उपधारा (३) र (४) मा भएको पाइन्छ । यस प्रकार धारा ४२ को समष्टिगत अध्ययनबाट संविधानले मंत्रिपरिषदको गठनको सम्बन्धमा एक पछि अर्को विकल्पको खोजी गर्नु पर्ने र प्रतिनिधि सभाको बहुमतको समर्थन प्राप्त गर्न सक्ने मंत्रिपरिषदको गठन हुन नसक्ने अवस्थामा अनिवार्य रूपमा प्रतिनिधि सभालाई विघटन गरी निर्वाचन गराउने व्यवस्था गरेको देखिन आउँदछ । तर उपधारा (२) अन्तर्गत एक पटक मन्त्रिपरिषदको गठन भै उपधारा (३) अन्तर्गत सो मंत्रिपरिषदले विश्वासको मत प्राप्त गरिसकेपछि कुनै कारणवश प्रधानमन्त्री आफनो पदबाट मुक्त भएमा वा दुई वा दुई भन्दा बढी दलहरूको समर्थनबाट प्रतिनिधि सभाका सदस्यहरूको बहुमतको विश्वास प्राप्त

गर्न सक्ने आधारमा कुनै सदस्यले उपधारा (१) अन्तर्गत प्रधानमन्त्री पदमा नियुक्तिको लागि दावी प्रस्तुत गरेमा सो उपधारा अन्तर्गत अर्को मंत्रिपरिषद गठन हुन सक्ने वा नसक्ने विषयमा उक्त धारा ४२ मा किटानीसाथ कुनै उल्लेख भएको पाइँदैन। यस सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीले श्री ५ मा जाहेर गर्नु भएको विवादग्रस्त सिफारिशलाई हेर्दा उपधारा (२) अन्तर्गत एक पटक मंत्रिपरिषदको गठन भै सकेपछि उपधारा (१) वा अन्य कुनै प्रावधान अन्तर्गत अर्को मंत्रिपरिषदको गठन हुन नसक्ने आशय व्यक्त भएको पाइन्छ। तर आफ्नो लिखित जवाफमा सम्माननीय प्रधानमन्त्रीले निवेदकद्वारा तत्सम्बन्धमा वैकल्पिक मंत्रिपरिषद बारे लिएको जिकिरको कुनै खण्डन गर्नु भएको पाइँदैन।

प्रत्यर्थी मंत्रिपरिषदबाट प्रस्तुत भएको लिखित जवाफमा एउटा प्रधानमन्त्री बहाल छदै अर्को प्रधानमन्त्रीको नियुक्ति हुन नसक्ने कुरासम्म उल्लेख भएको देखिन्छ। त्यसबाट तत्काल बहाल रहेका प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएमा अर्को मंत्रिपरिषद गठन हुन सक्ने कुरा मंत्रिपरिषदको लिखित जवाफबाट अप्रत्यक्ष रूपमा स्वीकार गर्न खोजे जस्तो देखिन्छ। यस सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीका तर्फबाट उपस्थित हुनु भएका विद्वान् महान्यायाधिवक्ता, विद्वान् वरिष्ठ सरकारी अधिवक्ता, विद्वान् वरिष्ठ अधिवक्ता र विद्वान् अधिवक्ताहरूको भनाइमा एकरूपता नभै इजलासबाट पटक पटक सचेत गराउँदा गराउँदै पनि एक अर्कोसँग असंगत बहसहरू प्रस्तुत गरिएको छ। विद्वान् महान्यायाधिवक्ताको भनाइ मंत्रिपरिषदको लिखित जवाफ अनुरूप नै छ। तर विद्वान् वरिष्ठ सरकारी अधिवक्ता बलराम के.सी. ले भने प्रधानमन्त्रीले आफ्नो स्वेच्छाले राजिनामा गर्नु भएको अवस्थामा मात्र उपधारा (१) अन्तर्गत अर्को मंत्रिपरिषदको गठन हुन सक्ने अन्यथा नहुने जिकिर प्रस्तुत गर्नु भएको छ।

सम्माननीय प्रधानमन्त्रीको तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता गणेशराज शर्मा र वरिष्ठ अधिवक्ता कृष्ण प्रसाद पन्त तथा विद्वान् अधिवक्ता हरिकृष्ण कार्कीले प्रधानमन्त्रीले आफ्नै दल भित्रका कुनै सदस्यलाई नेतृत्व हस्तान्तरण गर्न राजिनामा गर्नु भएकोमा बाहेक अन्य अवस्थामा प्रधानमन्त्रीको राजीनामा पश्चात् उपधारा (१) अन्तर्गत अर्को मंत्रिपरिषद गठन हुन सक्तछ, धारा ५९ अन्तर्गतको विश्वास वा अविश्वासको प्रस्तावमा मंत्रिपरिषदले प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसकेमा धारा ४२ को उपधारा (४) आकर्षित हुने र त्यस अवस्थामा अनिवार्य रूपमा प्रतिनिधि सभा भंग हुनु पर्ने हुनाले अर्को मंत्रिपरिषद गठन गर्ने प्रश्न नै नउठ्ने तर्क प्रस्तुत गर्नु भएको छ।

यस सम्बन्धमा अर्का विद्वान् अधिवक्ता विश्वकान्त मैनालीले आफ्नो दृष्टिकोण प्रस्तुत गर्दै प्रधानमन्त्रीले आफ्नै दल भित्रका अन्य सदस्यलाई मंत्रिपरिषदको नेतृत्व हस्तान्तरण गर्न राजिनामा गरेकोमा बाहेक अन्य अवस्थामा प्रधानमन्त्रीले राजिनामा गरी वा अरू कुनै किसिमबाट पद मुक्त भै प्रधानमन्त्रीको पद रिक्त हुन आएमा उपधारा (१) आकर्षित हुन सक्तछ भन्ने जिकिर प्रस्तुत गर्नु भएको छ। यस प्रकार सम्माननीय प्रधानमन्त्रीका तर्फबाट विद्वान् कानून व्यवसायीहरूले गर्नु भएको बहसमा एकरूपता नभै आधिकारिक बहस कुन हो भन्ने सम्बन्धमा अन्यौलको सृष्टि हुन गएको छ। यस सम्बन्धमा निवेदक तर्फका विद्वान् वरिष्ठ

गर्न सक्ने आधारमा कुनै सदस्यले उपधारा (१) अन्तर्गत प्रधानमन्त्री पदमा नियुक्तिको लागि दावी प्रस्तुत गरेमा सो उपधारा अन्तर्गत अर्को मंत्रिपरिषद गठन हुन सक्ने वा नसक्ने विषयमा उक्त धारा ४२ मा किटानीसाथ कुनै उल्लेख भएको पाईदैन। यस सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीले श्री ५ मा जाहेर गर्नु भएको विवादग्रस्त सिफारिशलाई हेर्दा उपधारा (२) अन्तर्गत एक पटक मंत्रिपरिषदको गठन भै सकेपछि उपधारा (१) वा अन्य कुनै प्रावधान अन्तर्गत अर्को मंत्रिपरिषदको गठन हुन नसक्ने आशय व्यक्त भएको पाइन्छ। तर आफ्नो लिखित जवाफमा सम्माननीय प्रधानमन्त्रीले निवेदकद्वारा तत्सम्बन्धमा वैकल्पिक मंत्रिपरिषद बारे लिएको जिकिरको कुनै खण्डन गर्नु भएको पाईदैन।

प्रत्यर्थी मंत्रिपरिषदबाट प्रस्तुत भएको लिखित जवाफमा एउटा प्रधानमन्त्री बहाल छदै अर्को प्रधानमन्त्रीको नियुक्ति हुन नसक्ने कुरासम्म उल्लेख भएको देखिन्छ। त्यसबाट तत्काल बहाल रहेका प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएमा अर्को मंत्रिपरिषद गठन हुन सक्ने कुरा मंत्रिपरिषदको लिखित जवाफबाट अप्रत्यक्ष रूपमा स्वीकार गर्न खोजे जस्तो देखिन्छ। यस सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीका तर्फबाट उपस्थित हुनु भएका विद्वान् महान्यायाधिवक्ता, विद्वान् वरिष्ठ सरकारी अधिवक्ता, विद्वान् वरिष्ठ अधिवक्ता र विद्वान् अधिवक्ताहरूको भनाइमा एकरूपता नभै इजलासबाट पटक पटक सचेत गराउँदा गराउँदै पनि एक अर्कोसँग असंगत बहसहरू प्रस्तुत गरिएको छ। विद्वान् महान्यायाधिवक्ताको भनाइ मंत्रिपरिषदको लिखित जवाफ अनुरूप नै छ। तर विद्वान् वरिष्ठ सरकारी अधिवक्ता बलराम के.सी. ले भने प्रधानमन्त्रीले आफ्नो स्वेच्छाले राजिनामा गर्नु भएको अवस्थामा मात्र उपधारा (१) अन्तर्गत अर्को मंत्रिपरिषदको गठन हुन सक्ने अन्यथा नहुने जिकिर प्रस्तुत गर्नु भएको छ।

सम्माननीय प्रधानमन्त्रीको तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता गणेशराज शर्मा र वरिष्ठ अधिवक्ता कृष्ण प्रसाद पन्त तथा विद्वान् अधिवक्ता हरिकृष्ण कार्कीले प्रधानमन्त्रीले आफ्नै दल भित्रका कुनै सदस्यलाई नेतृत्व हस्तान्तरण गर्न राजिनामा गर्नु भएकोमा बाहेक अन्य अवस्थामा प्रधानमन्त्रीको राजीनामा पश्चात् उपधारा (१) अन्तर्गत अर्को मंत्रिपरिषद गठन हुन सक्तछ, धारा ५९ अन्तर्गतको विश्वास वा अविश्वासको प्रस्तावमा मंत्रिपरिषदले प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसकेमा धारा ४२ को उपधारा (४) आकर्षित हुने र त्यस अवस्थामा अनिवार्य रूपमा प्रतिनिधि सभा भंग हुनु पर्ने हुनाले अर्को मंत्रिपरिषद गठन गर्ने प्रश्न नै नउठ्ने तर्क प्रस्तुत गर्नु भएको छ।

यस सम्बन्धमा अर्का विद्वान् अधिवक्ता विश्वकान्त मैनालीले आफ्नो दृष्टिकोण प्रस्तुत गर्दै प्रधानमन्त्रीले आफ्नै दल भित्रका अन्य सदस्यलाई मंत्रिपरिषदको नेतृत्व हस्तान्तरण गर्न राजिनामा गरेकोमा बाहेक अन्य अवस्थामा प्रधानमन्त्रीले राजिनामा गरी वा अरू कुनै किसिमबाट पद मुक्त भै प्रधानमन्त्रीको पद रिक्त हुन आएमा उपधारा (१) आकर्षित हुन सक्तछ भन्ने जिकिर प्रस्तुत गर्नु भएको छ। यस प्रकार सम्माननीय प्रधानमन्त्रीका तर्फबाट विद्वान कानून व्यवसायीहरूले गर्नु भएको बहसमा एकरूपता नभै आधिकारिक बहस कुन हो भन्ने सम्बन्धमा अन्यौलको सृष्टि हुन गएको छ। यस सम्बन्धमा निवेदक तर्फका विद्वान वरिष्ठ

अधिवक्ता र विद्वान् अधिवक्ताहरूले धारा ४२ को व्यवस्था विकल्पमुखी व्यवस्था भएकोले प्रधानमन्त्रीको नियुक्तिमा एक पछि अर्को विकल्प खोज्नु पर्ने र कुनै विकल्प नभएमा मात्र प्रतिनिधिसभालाई विघटन गर्न सकिने तर्क प्रस्तुत गर्नु भएको छ।

यस सन्दर्भमा सम्बद्ध संवैधानिक प्रावधानहरूमा विचार गर्दा धारा ३६ को उपधारा (५) को खण्ड (क) (ख) (ग) वा (घ) मा उल्लिखित कुनै पनि कारणबाट प्रधानमन्त्री पदमुक्त भएमा त्यो रिक्त पदको पूर्ति गरी अर्को मन्त्रिपरिषदको गठन गर्न धारा ३६ को उपधारा (७) अनुसार आवश्यक हुने हुनाले त्यस अवस्थामा संविधान बमोजिम अर्को मंत्रिपरिषदको गठन हुन सक्ने स्थिति भएसम्म सो अनुसार नै हुनु पर्ने देखिन्छ। यस सम्बन्धमा निवेदक हरि प्रसाद नेपाल समेतको मुद्दामा मैले आफ्नो राय व्यक्त गरिसकेको र त्यसमा परिवर्तन गर्नु पर्ने कुनै उचित कारण नभएकोले मेरो राय यथावत नै छ। राजिनामाबाट प्रधानमन्त्रीको पद रिक्त हुन गएको खण्डमा उपधारा (१) अन्तर्गत अर्को मंत्रि परिषदको गठन हुन सक्ने कुरामा अधिकांश विद्वान् कानून व्यवसायीहरू पनि सहमत नै रहनु भएकोले यस सम्बन्धमा अरू विस्तृत चर्चा गर्न म आवश्यक संझन्न। प्रतिनिधि सभाले आफ्नो विश्वास मन्त्रिपरिषदलाई दिने नभै प्रधानमन्त्रीलाई दिने र प्रधानमन्त्रीको राजिनामाबाट पूरै मंत्रिपरिषदको विघटन हुने हुनाले प्रधानमन्त्रीले जुनसुकै कारणबाट राजिनामा गरे पनि कानूनी स्थितिमा कुनै अन्तर पर्दैन। तसर्थ, नेतृत्व हस्तान्तर गर्नको लागि प्रधानमन्त्रीले राजिनामा गरेको अवस्थामा अन्य दलहरूले वैकल्पिक सरकार गठनको दावी नगर्ने संवैधानिक परम्परा विकसित गर्नसकेमा बाहेक विद्वान् वरिष्ठ अधिवक्ता र अधिवक्ताले त्यस सम्बन्धमा प्रस्तुत गर्नु भएको जिकिरले हामीलाई कुनै मद्दत गर्दैन।

प्रस्तुत विवादमा सम्माननीय प्रधानमन्त्रीले राजिनामा नगर्नु भएको र धारा ५९ को उपधारा (२) अन्तर्गत अविश्वासको प्रस्ताव प्रस्तुत गर्न धारा ५३ को उपधारा (३) अन्तर्गत प्रतिनिधि सभाको असाधारण अधिवेशन आव्हान भएको सन्दर्भमा धारा ४२ (१) अन्तर्गत वैकल्पिक मंत्रिपरिषदको गठनको प्रश्न उपस्थित भएकोले प्रधानमन्त्रीको विरूद्ध अविश्वासको प्रस्ताव पारित भएमा सो अनुसार अर्को मंत्रिपरिषदको गठन हुन सक्छ वा सक्तैन भन्ने कुरा विचारणीय हुन आएको छ। यस सम्बन्धमा मुख्यत: धारा ४२ को उपधारा (४) र धारा ३६ को उपधारा (५) को खण्ड (ख) मा गरिएका व्यवस्थाहरूलाई नै हेर्नु पर्ने हुन्छ। धारा ४२ को उपधारा (२) अन्तर्गतको मन्त्रिपरिषदले प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसकेमा अनिवार्य रूपमा प्रतिनिधि सभालाई भंग गर्नु पर्ने व्यवस्था उपधारा (४) मा भएकोले उपधारा (३) अन्तर्गत विश्वासको मत प्राप्त गर्ने सन्दर्भमा होस् अथवा धारा ५९ अन्तर्गतको विश्वास वा अविश्वासको प्रस्तावको सन्दर्भमा होस्, मंत्रिपरिषदले प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसकेमा अनिवार्य रूपमा प्रतिनिधि सभाको विघटन हुनु पर्छ, त्यस्तो अवस्थामा उपधारा (१) अन्तर्गत अर्को मंत्रिपरिषद गठन गर्न मिल्दैन भन्ने विद्वान् वरिष्ठ अधिवक्ता गणेशराज शर्मा र विद्वान् वरिष्ठ अधिवक्ता कृष्ण प्रसाद पन्तको जिकिर छ। तर धारा ३६ को उपधारा (५) को खण्ड (ख) अनुसार धारा ५९ बमोजिम प्रधानमन्त्रीको विरूद्ध प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको बहुमतले अविश्वासको प्रस्ताव पारित गरेमा श्री ५ बाट प्रधानमन्त्रीलाई

पदमुक्त गरिबक्सनु पर्ने किटानी व्यवस्था भएकोले धारा ३६ को उपधारा (५) को खण्ड (ख) धारा ४२ को उपधारा (२) अन्तर्गतको प्रधानमन्त्रीका सम्बन्धमा आकर्षित हुँदैन भन्नलाई कुनै तर्कसंगत कारण देखिन्न। यस सम्बन्धमा धारा ४२ को उपधारा (४) मा रहेको समर्थन प्राप्त गर्न नसकेमा भन्ने शब्दहरूबाट पनि सो कुराको पुष्टि हुन्छ। धारा ४२ को उपधारा (३) मा विश्वासको मतको उल्लेख भएको र धारा ४२ को उपधारा (४) मा विश्वासको मतसँग प्रासंगिक हुने समर्थन प्राप्त गर्न नसकेमा भन्ने शब्दावलीको प्रयोग भएकोले उक्त उपधारा (४) उपधारा (३) सँग मात्र सम्बन्धित देखिन आउँदछ। मंत्रिपरिषदले समर्थन प्राप्त गर्ने वा नगर्ने कुरा विश्वासको मत सम्बन्धी प्रस्तावसँग सम्बन्धित हुन्छ। अविश्वासको प्रस्तावमा मन्त्रिपरिषदले समर्थन पाउने वा नपाउने प्रश्न आउँदैन। त्यस स्थितिमा प्रतिनिधि सभामा प्रस्तुत अविश्वासको प्रस्तावले समर्थन पाउने वा नपाउने कुरा मात्र सरोकारको हुन्छ।

धारा ५९ को उपधारा (२) अन्तर्गतको अविश्वासको प्रस्ताव पारित भए पछि प्रधानमन्त्रीले आफै राजीनामा गरेकोमा बाहेक धारा ३६ को उपधारा (५) को खण्ड (ख) अन्तर्गत श्री ५ बाट प्रधानमन्त्रीलाई पदमुक्त गरिबक्सनु पर्ने हुन्छ र सो अनुसार प्रधानमन्त्री पदमुक्त भई धारा ३६ को उपधारा (७) अन्तर्गत कार्य सञ्चालन गर्ने प्रधानमन्त्रीको रूपमा परिणत भएपछि प्रधानमन्त्रीको रिक्त पदमा संविधान बमोजिम अर्को प्रधानमन्त्री नियुक्त हुन सक्ने स्थिति रहेछ भने श्री ५ बाट सो अनुसार प्रधानमन्त्री नियुक्त गरिबक्सनु पर्ने हुनाले प्रधानमन्त्रीले राजिनामा गरेकोमा बाहेक अन्य अवस्थामा धारा ४२ को उपधारा (१) आकर्षित हुँदैन भन्ने विद्वान् वरिष्ठ अधिवक्ताहरूको भनाइ तर्कसंगत देखिन आएन। धारा ३६ को उपधारा (५) को खण्ड (ख) अल्पमतको प्रधानमन्त्रीको सम्बन्धमा आकर्षित हुँदैन।

अल्पमतको मन्त्रिपरिषदको विरुद्ध प्रतिनिधिसभाको बहुमतले विश्वासको प्रस्ताव पारित गर्ने कुरा तर्क संगत नै नदेखिने हुनाले उक्त खण्ड (ख) बहुमतको प्रधानमन्त्रीको हकमा मात्र लागू हुन्छ भन्ने पनि सम्माननीय प्रधानमन्त्रीका तर्फबाट भिकिर लिइएको छ। तर त्यस सम्बन्धमा कुनै तर्क संगत कारण प्रस्तुत हुन सकेको छैन। त्यो भनाइलाई यदि स्वीकार गर्ने हो भने बहुमतको प्रधानमन्त्रीको विरुद्ध पेश भएको अविश्वासको प्रस्तावलाई उसले आफ्नो बहुमतकै बलले असफल बनाउन सक्ने र अल्पमतको प्रधानमन्त्रीको विरुद्ध अविश्वासको प्रस्ताव पेश हुनै नसक्ने अर्थ गरिएको स्थितिमा धारा ५९ को उपधारा (२) निरर्थक हुन जान्छ। अविश्वासको प्रस्ताव पारित भए पनि धारा ३६ को उपधारा (५) (ख) आकर्षित नभै धारा ४२ को (४) लागु हुन्छ भन्ने हो भने बहुमतको सरकार विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा धारा ३६ (५) (ख) बमोजिम मंत्रिपरिषद नै विघटित हुने, तर अल्पमतको प्रधानमन्त्रीको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा मंत्रिपरिषद यथावत रही अविश्वासको प्रस्ताव पारित गर्ने प्रतिनिधि सभाकै विघटन हुने एउटा किल्वदुन हास्यास्पद निष्कर्षमा पुगिने हुन्छ।

यथार्थमा यस्तो अवस्थामा धारा ४२ को उपधारा (४) अन्तर्गत प्रतिनिधि सभाको

अनिवार्य वा बाध्यात्मक विघटन (Mandatory Dissolution) लाई धारा ३६ को उपधारा (५) को खण्ड (ख) ले स्वीकार नगरी त्यसको सट्टा मंत्रिपरिषद बहुमत वा अल्पमत जस्तोसुकै अवस्थाको भएपनि अविश्वासको प्रस्ताव पारित भएपछि श्री ५ बाट प्रधानमन्त्रीलाई पदमुक्त गरिबक्सी मन्त्रीपरिषदकै विघटन गरिबक्सनु पर्ने व्यवस्था संविधानले गरेको भन्नु नै तर्कसंगत हुन्छ।

धारा ५९ अन्तर्गत प्रधानमन्त्रीका विरूद्ध अविश्वासको प्रस्ताव पारित भएपछि प्रतिनिधि सभाको विश्वास प्राप्त गर्न सक्ने अर्को वैकल्पिक सरकारको गठनको संभावनामा कुनै विचारै नगरी प्रतिनिधि सभाकै विघटन गर्ने कुरा संसदीय प्रणालीको स्थापित परम्परा र व्यवहार अनुकूल पनि हुँदैन। विद्यमान प्रतिनिधि सभाले अर्को वैकल्पिक सरकार दिन सक्ने अवस्था हुँदा हुँदै अर्थात् प्रतिनिधि सभा कृयाशील (Active) र प्रभावकारी (Effective) हुँदा हुँदै अर्को विकल्प दिनै नसकेको अवस्थामा अनिवार्य रूपमा लागू हुने धारा ४२ को उपधारा (४) को व्यवस्था लागू हुन्छ भनी बलपूर्वक व्याख्या गरी प्रतिनिधि सभालाई विघटन गर्नु विवेकपूर्ण र तर्कपूर्ण हुँदैन। संसदीय प्रणालीको स्थापित परम्परा अनुसार सरकारको गठनको सम्बन्धमा एक पछि अर्को विकल्पको खोजी हुनु पर्ने हुनाले त्यस्तो विकल्प प्राप्त हुँदा हुँदै अनावश्यक रूपमा प्रतिनिधि सभालाई विघटन गरेर देशलाई नयाँ निर्वाचनको अनावश्यक आर्थिक बोझ पार्ने र जनताले अनावश्यक रूपमा निर्वाचन कालीन तनाव र अन्यौल बेहोर्नु पर्ने अवस्थाको सृजना गर्ने कुरा संविधानको भावना अनुकुल हुँदैन। संसदको विश्वास प्राप्त सरकारद्वारा देशको शासन व्यवस्थाको संचालन हुनु नै संसदीय प्रणालीको विशेषता हो। एउटा सरकारले संसदको विश्वास गुमाएपछि संसदको विश्वास प्राप्त गर्नसक्ने अर्को सरकारको गठन हुनु सर्वथा संविधान सम्मत र संसदीय प्रणालीको स्थापित परम्परा र मान्यता अनुरूप हुन्छ। हाम्रो संविधानले पनि संसदीय प्रणालीको त्यो परम्परा र मान्यतालाई अंगीकार गरेको छ। यस स्थितिमा अविश्वासको प्रस्ताव पारित भएपनि संविधान बमोजिम अर्को मन्त्रिपरिषदको गठन हुन नसक्ने धारणा बनाई संविधानको गलत व्याख्या गरी सम्माननीय प्रधानमन्त्रीले श्री ५ समक्ष सिफारिश जाहेर गर्नु भएको र सो व्यहोरा विघटनको एउटा प्रमुख कारण र आधारको रूपमा उल्लेख गरिएको देखिनाले सिफारिश त्रुटीपूर्ण र उपर्युक्त संवैधानिक प्रावधानको प्रतिकूल देखिन्छ।

माथि उल्लेख भए अनुसार सम्माननीय प्रधानमन्त्रीले श्री ५ समक्ष धारा ५३ को उपधारा (४) अन्तर्गत जाहेर गर्नु भएको प्रतिनिधि सभाको विघटन सम्बन्धी सिफारिस संविधानको भावना र व्यवस्थाको प्रतिकूल देखिएको र यो मुद्दाको निर्णयमा पुग्नको लागि सो कुरा नै पर्याप्त भएकोले यसमा उपस्थित दुराशय, इत्यादिका प्रश्नहरूमा प्रवेश गरेर विवेचना गरिरहनु आवश्यक देखिन आएन। सम्माननीय प्रधानमन्त्रीको सिफारिस माथि उल्लिखित विभिन्न कारण र आधारहरूबाट असंवैधानिक देखिन आएकोले सो सिफारिशको आधारमा २०५२।२।३० मा भएको प्रतिनिधि सभाको विघटन पनि असंवैधानिक र प्रारम्भ देखि नै कानूनी प्रभाव शून्य (Void) भएको हुँदा प्रतिनिधि सभा उक्त असंवैधानिक विघटन भन्दा पहिलो स्थितिमा पुनर्जीवीत भै संविधान अनुसार आफ्नो कार्य गर्न समर्थ र सक्षम रहेको कुरा यसै

अनिवार्य वा बाध्यात्मक विघटन (Mandatory Dissolution) लाई धारा ३६ को उपधारा (५) को खण्ड (ख) ले स्वीकार नगरी त्यसको सट्टा मंत्रिपरिषद बहुमत वा अल्पमत जस्तोसुकै अवस्थाको भएपनि अविश्वासको प्रस्ताव पारित भएपछि श्री ५ बाट प्रधानमन्त्रीलाई पदमुक्त गरिबक्सी मन्त्रीपरिषदकै विघटन गरिबक्सनु पर्ने व्यवस्था संविधानले गरेको भन्नु नै तर्कसंगत हुन्छ।

धारा ५९ अन्तर्गत प्रधानमन्त्रीका विरूद्ध अविश्वासको प्रस्ताव पारित भएपछि प्रतिनिधि सभाको विश्वास प्राप्त गर्न सक्ने अर्को वैकल्पिक सरकारको गठनको संभावनामा कुनै विचारै नगरी प्रतिनिधि सभाकै विघटन गर्ने कुरा संसदीय प्रणालीको स्थापित परम्परा र व्यवहार अनुकूल पनि हुँदैन। विद्यमान प्रतिनिधि सभाले अर्को वैकल्पिक सरकार दिन सक्ने अवस्था हुँदा हुँदै अर्थात् प्रतिनिधि सभा कृयाशील (Active) र प्रभावकारी (Effective) हुँदा हुँदै अर्को विकल्प दिनै नसकेको अवस्थामा अनिवार्य रूपमा लागू हुने धारा ४२ को उपधारा (४) को व्यवस्था लागू हुन्छ भनी बलपूर्वक व्याख्या गरी प्रतिनिधि सभालाई विघटन गर्नु विवेकपूर्ण र तर्कपूर्ण हुँदैन। संसदीय प्रणालीको स्थापित परम्परा अनुसार सरकारको गठनको सम्बन्धमा एक पछि अर्को विकल्पको खोजी हुनु पर्ने हुनाले त्यस्तो विकल्प प्राप्त हुँदा हुँदै अनावश्यक रूपमा प्रतिनिधि सभालाई विघटन गरेर देशलाई नयाँ निर्वाचनको अनावश्यक आर्थिक बोझ पार्ने र जनताले अनावश्यक रूपमा निर्वाचन कालीन तनाव र अन्यौल बेहोर्नु पर्ने अवस्थाको सृजना गर्ने कुरा संविधानको भावना अनुकुल हुँदैन। संसदको विश्वास प्राप्त सरकारद्वारा देशको शासन व्यवस्थाको संचालन हुनु नै संसदीय प्रणालीको विशेषता हो। एउटा सरकारले संसदको विश्वास गुमाएपछि संसदको विश्वास प्राप्त गर्नसक्ने अर्को सरकारको गठन हुनु सर्वथा संविधान सम्मत र संसदीय प्रणालीको स्थापित परम्परा र मान्यता अनुरूप हुन्छ। हाम्रो संविधानले पनि संसदीय प्रणालीको त्यो परम्परा र मान्यतालाई अंगीकार गरेको छ। यस स्थितिमा अविश्वासको प्रस्ताव पारित भएपनि संविधान बमोजिम अर्को मन्त्रिपरिषदको गठन हुन नसक्ने धारणा बनाई संविधानको गलत व्याख्या गरी सम्माननीय प्रधानमन्त्रीले श्री ५ समक्ष सिफारिश जाहेर गर्नु भएको र सो व्यहोरा विघटनको एउटा प्रमुख कारण र आधारको रूपमा उल्लेख गरिएको देखिनाले सिफारिश त्रुटीपूर्ण र उपर्युक्त संवैधानिक प्रावधानको प्रतिकूल देखिन्छ।

माथि उल्लेख भए अनुसार सम्माननीय प्रधानमन्त्रीले श्री ५ समक्ष धारा ५३ को उपधारा (४) अन्तर्गत जाहेर गर्नू भएको प्रतिनिधि सभाको विघटन सम्बन्धी सिफारिस संविधानको भावना र व्यवस्थाको प्रतिकूल देखिएको र यो मुद्दाको निर्णयमा पुग्नको लागि सो कुरा नै पर्याप्त भएकोले यसमा उपस्थित दुराशय, इत्यादिका प्रश्नहरूमा प्रवेश गरेर विवेचना गरिरहनु आवश्यक देखिन आएन। सम्माननीय प्रधानमन्त्रीको सिफारिस माथि उल्लिखित विभिन्न कारण र आधारहरूबाट असंवैधानिक देखिन आएकोले सो सिफारिशको आधारमा २०५२।२।३० मा भएको प्रतिनिधि सभाको विघटन पनि असंवैधानिक र प्रारम्भ देखि नै कानूनी प्रभाव शून्य (Void) भएको हुँदा प्रतिनिधि सभा उक्त असंवैधानिक विघटन भन्दा पहिलो स्थितिमा पुनर्जीवीत भै संविधान अनुसार आफ्नो कार्य गर्न समर्थ र सक्षम रहेको कुरा यसै

निर्णयद्वारा घोषित गरिएको छ। श्री ५ बाट संविधानको धारा ५३ (३) बमोजिम आव्हान गरिवक्सी २०५२।३।२ का दिन बस्ने व्यवस्था भएको प्रतिनिधि सभाको विशेष अधिवेशन र श्री ५ बाट धारा ५३ को उपधारा (१) बमोजिम आव्हान गरिवक्सी २०५२।३।११ का दिन बस्ने व्यवस्था भएको प्रतिनिधि सभाको नवौं अधिवेशन माथि उल्लेख भए बमोजिम प्रतिनिधि सभाको असंवैधानिक विघटनको कारणले सो मितिहरूमा बस्न नसकेको हुँदा आनुषांगिक वा पारिणामिक (Consequential) रूपमा सो मितिहरू पनि स्वत: परिवर्तित भएको मानी उक्त अधिवेशनहरू गराउन आवश्यक व्यवस्थाहरू गर्नु भनी प्रत्यर्थी प्रतिनिधि सभाका सम्माननीय सभामुख र मन्त्रिपरिषद सचिवालयका नाममा परमादेश जारी गरिएको छ। साथै उक्त असंवैधानिक विघटनको कारणबाट धारा ४२ को उपधारा (२) अन्तर्गतको मन्त्रिपरिषद स्वत: धारा ३६ को उपधारा (७) अन्तर्गतको मन्त्रिपरिषदको रूपमा परिवर्तित भए सरह गरिएको कार्य पनि अमान्य र शून्य भएकोले मन्त्रिपरिषद उक्त विघटन भन्दा पहिलेकै स्थितिमा रहेको कुरा पनि यसै निर्णयबाट घोषित गरिएको छ। तर धारा ३६ को उपधारा (७) अन्तर्गतको मन्त्रिपरिषद्को रूपमा मन्त्रिपरिषदले गरेको कार्यहरू र असंवैधानिक विघटन पछिको अवधि भित्र भए गरेको अन्य सबै काम कुराहरू प्रचलित नेपाल कानून र संविधानसँग स्पष्ट रूपमा असंगत नभएको हदसम्म रितपूर्वक र वैधरूपमा भएको गरेको मानिनेछन्। यो फैसलाको प्रतिलिपि बोधार्थ र कार्यार्थ महान्यायाधिवक्ताको कार्यालय मार्फत प्रतिपक्षीहरूलाई पठाई दिनु। मिसिल नियमानुसार गरी बुझाई दिनु।

विश्वनाथ उपाध्याय

प्रधान न्यायाधीश

उक्त रायमा हामीहरू सहमत छौं।

सुरेन्द्रप्रसाद सिंह न्यायाधीश	रुद्रबहादुर सिंह न्यायाधीश	मोहनप्रसाद शर्मा न्यायाधीश
केशवप्रसाद उपाध्याय न्यायाधीश	लक्ष्मणप्रसाद अर्याल न्यायाधीश	केदारनाथ उपाध्याय न्यायाधीश

गोविन्दबहादुर श्रेष्ठ

न्यायाधीश

मा. न्या. श्री त्रिलोक प्रताप राणाको राय

रिट निवेदकले मूल रूपमा निम्नलिखित प्रश्नहरू यस रिट निवेदनमा उठाइएको पाइन्छ ।

(१) संविधानको धारा ५३(३) बमोजिम समावेदन गरि सकेकोमा धारा ५३ (४) बमोजिम प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्ने सिफारिश गर्दा धारा ५३ (३) र धारा ५९ (२) निरर्थक हुनजान्छ, त्यस्तो सिफारिश गर्न मिल्दैन ।

(२) अल्पमतमा रहनु भएका मन्त्रिपरिषदको नेतृत्व गर्ने प्रधानमन्त्रीले धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटन गराउने सिफारिश गर्न सक्दैन ।

(३) धारा ४२ (१) बमोजिम वैकल्पिक मन्त्री परिषद गठन हुन सक्ने स्थिति छँदा छँदै वैकल्पिक सरकार गठन गर्ने मौका नदिई धारा ४२ (२) बाट धारा ४२ (१) मा फर्कन नमिल्ने असंवैधानिक कुरा दर्शाई धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटन गर्ने सिफारिश गर्न मिल्दैन ।

(४) धारा ५३ (३) बमोजिम अविश्वासको कुरा उल्लेख गरी समावेदन गरिएकोमा त्यसैलाई कारण देखाई प्रधानमन्त्रीले धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटन गर्ने गरेको सिफारिश दुराशययुक्त छ ।

निवेदक एवं निवेदक तर्फबाट रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले उठाउनु भएका प्रश्नहरू यस अदालतबाट फ्रेम भएका निम्न लिखित प्रश्नहरू भित्र समाविष्ट हुन जान्छ ।

(क) संविधानको धारा ५३ (४) ले राजालाई प्रदत्त अधिकार मौसूफको स्वविवेकीय हो वा होइन ?

(ख) धारा ५३ (३) अन्तर्गत विशेष अधिवेशन बोलाउने प्रक्रिया पूरा भइ सकेपछि धारा ५३ (४) को प्रयोग गरी प्रतिनिधि सभा विघटन हुन सक्छ कि सक्दैन ?

(ग) धारा ४२(२) को विकल्प स्वरूप धारा ४२ (१) मा फर्केर मन्त्री परिषद गठन गर्न सकिन्छ, सकिदैन ?

(घ) प्रतिनिधि सभाको विघटनको सिफारिश दुराशययुक्त छ, छैन ?

संविधानको धारा ५३ (३) बमोजिम अविश्वासको कुरा दर्शाइ समावेदन भई अधिवेशन बोलाउने तिथि मिति समेत तोकी सकेको स्थितिमा धारा ५३ (४) बमोजिम प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्ने सिफारिश गर्न हुँदैन । प्रधानमन्त्रीको यस्तो क्रियाबाट धारा ५३ (३) बमोजिम चालु भएको क्रिया र धारा ५९(२) बमोजिमको हकको अन्त हुन्छ । संविधानको

धारा ५३ (३) बमोजिम समावेदन गरिएपछि धारा ५३ (३) को क्रियालाई अन्त गर्न प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटनको सिफारिश गरेकोले यो बदनियतपूर्ण छ । धारा ३६ (१) बमोजिम नियुक्त प्रधानमन्त्रीले मात्र धारा ५३ (४) को अधिकार प्रयोग गर्न सक्दछ । धारा ४२ (१) बमोजिम वैकल्पिक सरकार बनाउने स्थिति हुँदाहुँदै प्रतिनिधि सभा विघटन गर्न असंवैधानिक छ । सायै धारा ५३ (३) को प्रयोग भएपछि धारा ५३ (४) निरस्त हुन्छ र धारा ५३ (४) मा ग्रहण (Eclipse) लाग्दछ भन्ने समेत वहस भएको पाइन्छ । यसको अतिरिक्त धारा ५३ (४) श्री ५ को स्वविवेकीय अधिकार भएकोले माथि उल्लेख गरिएको कारणहरूबाट श्री ५ ले प्रधानमन्त्रीको सिफारिशलाई अमान्य गर्नु पर्नेमा प्रधानमन्त्रीको सिफारिश अनुसार प्रतिनिधि सभा विघटन गरिएकोले उक्त क्रिया बदरयोग्य छ भनेको पाइन्छ । यस्तै समान प्रश्नहरू रि.नं. ३१०५, ३१०८, ३११२, ३११४, ३११८ र ३१२० मा उठेको देखिन्छ । आफ्नो वहस र वहसनोटमा समेत विद्वान् कानून व्यवसायीहरूले पाकिस्तानको नवाज शरीफको केश र भारतको बोमाईको केशको नजीर उद्धृत गर्दै प्रतिनिधि सभालाई पुनर्जीवित गरियोस् भनेको पाइन्छ ।

संविधानको धारा ४२ (२) बाट धारा ४२ (१) मा फर्कनेतर्फ र धारा ४२ (२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले धारा ५३ (४) को प्रयोग गर्न मिल्ने नमिल्नेतर्फ र वद्नियततर्फ समेत यस निर्णयको पछिल्लो प्रकरणहरूमा विवेचना गरिएकोले यस प्रकरणमा सो बाहेक माथि उल्लेख भएका प्रश्नहरूको निराकरण गर्न प्रथमत: नेपाल अधिराज्यको संविधान (यसपछि संविधान भनिएको) लाई हेर्नु पर्छ । संविधानको धारा ५३ (३) बमोजिम अविश्वासको प्रस्ताव ल्याउने कुरा दर्शाइ समावेदन भई अधिवेशन बस्ने मिति र समय समेत तोकिसकेपछि धारा ५३ (४) को अधिकार प्रयोग गरी प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभाको विघटन हुन सक्दैन भन्ने जिकीरतर्फ हेर्दा धारा ५३ मा चारवटा उपधाराहरू छन् । उपधारा (१) मा अधिवेशन आव्हान गरिबक्सने व्यवस्था उपधारा (२) मा अधिवेशन अन्त गरिबक्सने व्यवस्था उपधारा (३) मा प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले समावेदन गरेमा अधिवेशन वा बैठक बोलाउने व्यवस्था र उपधारा (४) मा श्री ५ बाट प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभाको विघटन गर्न सकिबक्सने व्यवस्था रहेको पाइन्छ ।

धारा ५३ (१) र (२) प्रतिनिधि सभाको अधिवेशन आव्हान गर्ने र अन्त गर्ने व्यवस्थासँग सम्बन्धित छ भने धारा ५३ (३) समावेदन गरी अधिवेशन वा बैठक बोलाउनेसँग सम्बन्धित छ । तर धारा ५३ (४) प्रतिनिधि सभा विघटन गर्नेसँग सम्बन्धित देखिन्छ । उपरोक्त विभिन्न उपधाराहरूमा उल्लेखित विषयबाट नै धारा ५३ को उपधारा (१) (२) र (३) को व्यवस्थाहरू अधिवेशन बोलाउने, प्रारम्भ गर्ने र अन्त्य गर्नेसँग सम्बन्धित छन् भने धारा ५३ (४) प्रतितिधि सभा विघटन गर्नेसँग सम्बन्धित देखिन्छ । धारा ५३(४) को व्यवस्था अलग्गै विषयको देखिन्छ । उक्त कुरा धारा ५३ मा रहेको मार्जीनल नोटबाट पनि प्रष्ट हुन्छ । मार्जिनल नोटमा अधिवेशनको आव्हान पछि र शब्द राखी अन्त लाई जोडिएको

छ। र "तथा" शब्द राखी प्रतिनिधि सभाको विघटनै भन्ने शब्दहरू राखिएको छ।

यसबाट पनि प्रतिनिधि सभाको विघटनको सिफारिशलाई स्वतन्त्र रूप दिइएको पाइन्छ। प्रतिनिधि सभा नै विघटन भएपछि प्रतिनिधि सभाको आव्हान,प्रारम्भ र अन्तको कुनै प्रयोजन रहदैन र प्रतिनिधि सभाको विघटनबाट अधिवेशन वा बैठक बस्ने कुरा असान्दर्भिक हुन जान्छ।

वस्तुत: मूल नै नाश भएपछि अरूतर्फ विचार हुने स्थिति रहदैन। संविधानको धारा ५३(३) बमोजिम समावेदन भई अधिवेशन बोलाएपछि धारा ५३ (४) निरस्त हुन्छ। यस्तो अवस्थामा धारा ५३ (४) को प्रयोग गरी प्रतिनिधि सभा विघटन गर्न सिफारिश गर्न मिल्दैन भन्ने भनाइ भएकोले धारा ५३ को बनावटतर्फ हेर्दा धारा ५३ को उपधारा (१) मा श्री ५ बाट प्रतिनिधि सभाको लागि निर्वाचन भएको एक महीनाभित्र संसदको आव्हान गरिवक्सनेछ। त्यसपछि यस संविधान बमोजिम श्री ५ बाट समय समयमा अन्य अधिवेशनको प्रारम्भका बिचको अवधि ६ महिना भन्दा बढी हुने छैन भन्ने लेखिएको पाइन्छ।

धारा ५३ को उपधारा (१) मा नै "तर" शब्द राखी प्रतिबन्धात्मक वाक्यांश रहेको पाइन्छ। तर सोही धारा ५३ को उपधारा (४) मा "तर" जस्तो कुनै प्रतिबन्धात्मक वाक्यांश राखिएको छैन। धारा ५३ (३) क्रियाशील भएपछि धारा ५३ (४) प्रभावहीन हुन्छ भन्ने निवेदकको भनाइलाई मान्ने हो भने धारा ५३ (१) अन्तर्गत नियमित अधिवेशन आव्हान पश्चात् धारा ५३ (३) अन्तर्गत समावेदन गरी अधिवेशन आव्हान गर्न पाउने अधिकार पनि स्वत: निलम्बित भएको मान्नु पर्छ। संविधानको अन्य धाराहरूको रचना हेर्दा संविधानको धारा ९ (६), मा धारा २०(१) मा, धारा ३४ (६) मा, धारा ३८ मा, धारा ४५ (२) र (३) मा, धारा ४६ (१) को देहाय (ग) मा, धारा ५६ (१) मा, धारा ५६ (३) मा, धारा ५९ (२) मा धारा ६२ (८) मा, धारा ६८ (१) मा, धारा ७१ (१) मा धारा ७५ को देहाय (घ) मा, धारा ८५ (२) मा, धारा ८६ (१२) मा , धारा ८६ (१३) मा, धारा ८८ (२) मा, धारा ९० (२) मा, धारा ९१ (१), धारा ९१ (३) मा, धारा ९२ मा, धारा ९४ (१) मा, धारा ९७ (३) मा, धारा ९७ (७) मा, धारा ९८ (१) मा, धारा ९९ (२) मा, धारा ९९ (६) मा, धारा १०४(४) मा, धारा १०१(८) मा, धारा १०३ (३) मा, धारा ११३ (२) को देहाय (घ) मा, धारा ११५ (८) मा, धारा १२६(२) को देहाय (घ) मा, धारा १३० (१) मा, धारा १३१ मा "तर" भन्ने शब्द राखी प्रतिबन्धात्मक वाक्यांशको प्रयोग भएको र धारा १४ (५) मा धारा ४७ (१) को देहाय (घ) मा, धारा ७२(२) मा धारा ११३ (२) को देहाय (घ) को प्रतिबन्धात्मक वाक्यांशमा स्पष्टीकरण राखिएको पाइन्छ। यसबाट जुन धारालाई नियन्त्रित गर्न खोजिएको छ त्यहीं तर भन्ने प्रतिबन्धात्मक वाक्यांश राखी नियन्त्रित गरिएको छ र जुनधारा वा धाराको देहाय वा खण्डमा कुनै तात्पर्य एवं प्रयोजन प्रष्टाउन खोजिएको छ भने तहाँ स्पष्टीकरण शब्द राखी तात्पर्य एवं प्रयोजन प्रष्ट्याइएको छ। यो सन्दर्भमा हेर्दा धारा ५३ (३) प्रयोग गरिएको अवस्थामा धारा ५३ (४) प्रयोग गर्न नमिल्ने भनी न त त्यस्तो कुनै "तर" भन्ने प्रतिबन्धात्मक वाक्यांश राखी धारा ५३ (४) लाई नियन्त्रित गरिएको छ न त "स्पष्टीकरण" शब्द राखी धारा

५३ (३) प्रयोग भएपछि धारा ५३ (४) प्रयोग नहुने भनी तात्पर्य एवं प्रयोजन प्रष्ट्याइएको छ। संविधानको धारा ५३ (३) बमोजिम समावेदन गरेपछि धारा ५३ (४) बमोजिम प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटनको सिफारिश गर्न नसक्ने भए संविधानको उपरोक्त धाराहरूमा संविधानको अरू धारामा प्रयोग भए जेसरी "तर" भन्ने प्रतिबन्धात्मक वाक्यांश राखी धारा ५३ (४) लाई नियंत्रित गरिने थियो वा स्पष्टीकरण राखी त्यसको तात्पर्य एवं प्रयोजनलाई प्रष्ट्याइने थियो। तर सो बमोजिम धारा ५३ (४) मा त्यस्तो व्यवस्था रहेको पाइन्न। उपरोक्त तर वा स्पष्टीकरण भन्ने वाक्यांश संविधानको धारा ५३ (४) मा संविधान कर्ताबाट नराखिएकोबाट धारा ५३ (३) बमोजिम समावेदन भएपछि धारा ५३ (४) प्रयोग गर्न नमिल्ने गरी नियंत्रित गर्ने संविधान कर्ताको मनसाय रहेनछ भनी निष्कर्ष निकाल्न सकिन्छ।

संविधानको धारा ५३ (३) मा "अधिवेशन प्रारम्भ हुनेछ" भन्ने वाक्यांश रहेकोले धारा ५३ (३) बमोजिम समावेदन भएपछि अधिवेशन बस्ने क्रिया हुनै पर्छ। यो अनिवार्य तत्त्व बाध्यात्मक (Mandatory) हो कि भन्नालाई धारा ५३ (३) बमोजिम समावेदन हुनु भन्दा अगावै धारा ५३ (१) बमोजिम नियमित अधिवेशन आव्हान भई अधिवेशन बस्ने मिति समेत तोकिएको पाइन्छ। सो क्रियाको अन्त नभएसम्म अधिवेशन बस्नै नपर्ने हो भन्ने तर्कलाई मान्ने हो भने प्रतिनिधि सभाको नियमित अधिवेशन बसेपछि त्यस्तो अधिवेशन अन्त नभएसम्म प्रतिनिधि सभा विघटन गर्न नमिल्ने हुनजान्छ। धारा ५३ (३) लाई पनि यसै अनुरूप हेर्नु पर्छ। शब्दहरू स्पष्ट छ भने अरू अर्थ लगाउन हुँदैन। यस सन्दर्भमा धारा ५३ (३) का प्रयोगले धारा ५३ (४) को प्रयोगमा बन्देज लगाएको देखिन्न। धारा ५३ (३) पछि धारा ५३ (४) को निर्माण भएकाले व्याख्याको दृष्टिबाट समेत उपधारा (३) माथि उपधारा (४) प्रभावशाली हुन्छ। संविधानको धारा ४२ (२) बाट धारा ४२ (१) को सरकार गठन हुन सक्ने कुराको आधारमा धारा ५३ (३) क्रियाशील भई सकेको अवस्थामा धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटनको सिफारिश असंवैधानिक हुन्छ भन्ने निवेदकको कथनको हकमा विचार गर्दा प्रतिनिधि सभाको विघटनको सिफारिश अविश्वासको प्रस्ताव दर्ता भई सकेपछि गरेको होइन। धारा ५३ (१) को प्रयोग पछि धारा ५३ (३) को प्रयोग भएको पाइन्छ।

धाराका शब्दहरू स्पष्ट छन् र बन्देज रहित छन् भने यसो हुनु ठीक र मुनासिव हुन्छ भनी त्यस्तो धारामा प्रयोग भएका शब्द र भाषालाई रूप-भेद् तथा रूपान्तर गर्ने गरी आफ्नो विचार थोपर्न मिल्दैन विधीकर्ता (संविधानकर्ता) को मनसाय संविधानको धारामा प्रयोग भएका शब्दहरूबाट जे जस्तो अर्थ निस्किन्छ सोही अनुसार व्याख्या गर्नु पर्छ। व्याख्या गर्ने गहनतम भूमिका निर्वाह गर्ने क्रममा अदालतले संविधानको निर्माण गर्ने होइन। संविधानमा स्पष्ट रूपमा विद्यमान प्रावधानहरू निष्क्रिय पार्ने र रूपान्तर गर्ने कार्यबाट पनि अदालत अलग्ग रहन्छ। संविधानको धारा ५३ (३) को व्यवस्था र धारा ५३ (४) को व्यवस्था अलग अलग छ र विषयवस्तु पनि अलग अलग देखिन्छ।

धारा ५३ (३) ले प्रतिनिधि सभाका सदस्यहरूले समावेदन गरी प्रतिनिधि सभाको अधिवेशन बोलाउने अधिकार हो। तर धारा ५३ (४) प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटन

गर्ने सिफारिश गर्ने अधिकार हो । प्रतिनिधि सभाको अधिवेशन बोलाउन पाउने अधिकार पाएका प्रतिनिधि सभाका सदस्यहरूले प्रतिनिधि सभाको विघटनको सिफारिशलाई कसरी रोक्न सक्दछ ? निवेदक तर्फका विद्वान् वरिष्ठ अधिवक्ताहरूले धारा ५३ (३) को क्रियालाई धारा ५९ (२) सँग जोडेको पाईन्छ । अर्थात् धारा ५३ (३) को प्रयोग भएपछि धारा ५९ (२) को क्रियामा जानै पर्छ भन्ने भनाइ रहेको पाइन्छ । तर संविधानको धारा ५३ (३) बमोजिम कुनै पनि विषयलाई लिएर प्रतिनिधि सभाका सदस्यहरूले समावेदन गर्न सक्दछन् । धारा ५३ (३) अविश्वासको कुरा दशाई सो कामको लागि मात्र समावेदन गरिने धारा होइन ।

हाल प्रस्तुत मुद्दामा अविश्वासको कुरा दर्शाई धारा ५३ (३) बमोजिम समावेदन गरिएकोले धारा ५९ (२) सँग सरोकार राख्दछ भन्ने तर्क उठेपनि धारा ५३ (३) बमोजिम अरू विषयलाई लिएर समावेदन गरेमा त्यस्तोले धारा ५९ (२) सँग सरोकार राख्दैन । अविश्वासको कुरा दर्शाई धारा ५३ (३) बमोजिम समावेदन गरिएमा धारा ५९ (२) सँग सरोकार राख्ने र धारा ५३ (३) बमोजिम अविश्वासको कुरा नदर्शाइ अन्य विषयमा समावेदन गरिएमा धारा ५९ (२) सँग सरोकार राख्दैन भने धारा ५३ (३) लाई दुइ फ्याक लगाई छुट्याउन (severe) मिल्दैन । वास्तवमा धारा ५९ स्वतन्त्र देखिन्छ । संविधानको धारा ५९ (२) बमोजिम प्रतिनिधि सभामा अविश्वासको प्रस्ताव पेश गर्न सकिन्छ । तर धारा ५३ (३) को समावेदन आफू स्वयंमा अविश्वासको प्रस्ताव होइन । समावेदन संविधानको धारा १३२ को उपधारा (१) को देहाय (ङ) बमोजिम निवेदन सम्म देखिन्छ । यसलाई अविश्वासको प्रस्ताव भन्न मिल्ने देखिन्न । धारा ५३ (३) मा अविश्वासको कुरा दर्शाइ समावेदन गरेपनि धारा ५९ (२) बमोजिम विधिपूर्वक अविश्वासको प्रस्ताव आउनै पर्छ । विधि पूर्वकको अविश्वास प्रस्ताव दर्ता नभए धारा ५३ (३) बमोजिम समावेदन गरेकै कारणबाट सो सार्थक हुँदैन ।

संविधानको धारा ५३ को उपधारा (१) बमोजिम संवत् २०५२ साल आषाढ ११ गते संसदको नवौं अधिवेशन आव्हान गरी बक्सेको मिति २०५२।२।२४ को खण्ड ४५ अतिरिक्तांक ४ घ ।१) को नेपाल राजपत्रबाट देखिन्छ । प्रतिनिधि सभाको अधिवेशन चालु नरहेको अवस्थामा धारा ५३ (३) बमोजिम अधिवेसन बस्ने मिति र समय तोकी बक्सनकोलागि समावेदन गरिने संवैधानिक व्यवस्था हो । तर धारा ५३ (१) बमोजिम प्रतिनिधि सभाको अधिवेशन बस्ने मिति र समय तोकी सकेपछि धारा ५३ (३) बमोजिम प्रतिनिधि सभाको अधिवेशन तोकी बक्सन समावेदन गर्नुमा औचित्य देखिन आएको छैन ।

संसद बस्ने आव्हान भई मिति र समय तोकी सकेपछि त्यस्तोमा प्रतिनिधि सभा बस्ने मिति र समय तोकी बक्सन समावेदन गर्नु कुनै प्रयोजन देखिन्न । वास्तवमा संसदको अधिवेशन आव्हान भई सकेकोले धारा ५९(२) बमोजिम अविश्वासको प्रस्ताव सोही बखत ल्याउन सकिने स्थिति छ । अविश्वासको प्रस्ताव धारा ५९(२) बमोजिम अधिवेशनमा क्रियाशील हुन्छ । अधिवेशन बाहिर होइन । यसबाट पनि धारा ५३ (३) को व्यवस्थालाई धारा ५९ (२) को रूप दिन सकिन्न । धारा ५३ (३) को कुरा समावेदन हो । यसलाई धारा ५९ (२) बमोजिमको अविश्वासको प्रस्ताव भन्न मिल्दैन ।

संविधानको धारा ५३ (३) को प्रयोग भएपछि धारा ५३ (४) को प्रयोग गर्न मिल्दैन। धारा ५३ (४) को व्यवस्था निलम्बित हुन्छ। त्यस्मा ग्रहण (Eclipse) लाग्दछ र प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्न पठाएको सिफारिश असंवैधानिक हुन्छ र असंवैधानिक प्रश्नमा अदालत प्रवेश गर्न सक्दछ र सम्माननीय प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटन गर्ने सिफारिश उपरोक्त कारणबाट असंवैधानिक देखिएबाट श्री ५ बाट स्वविवेकीय तजविजी अधिकार प्रयोग गरी त्यस्तो सिफारिशलाई अमान्य गर्नपर्छ भन्ने भनाई बहस भएकोले सो तर्फ हेर्दा संविधानको प्रतिकूल प्रतिनिधि सभा विघटन गरिएमा उक्त कुरा असंवैधानिक हुने हो।

संविधानको धारा ५३ (४) मा "श्री ५ बाट प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभाको विघटन गर्न सकीबक्सनेछ। त्यसरी प्रतिनिधि सभा विघटन गरी बक्सदा ६ महिना भित्र नयाँ प्रतिनिधि सभाकालागि निर्वाचन हुने मिति समेत तोकी बक्सनेछ "भनी लेखिएको पाइन्छ।

धारा ५३ (४) को संवैधानिक व्यवस्था तर्फ हेर्दा धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटनको लागि निम्न तीन अनिवार्य तत्त्वहरूको आवश्यक देखिन्छ। प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटनको सिफारिश, श्री ५ बाट प्रतिनिधि सभाको विघटन र ६ महिना भित्र नयाँ प्रतिनिधि सभाको लागि निर्वाचन हुने मिति तोक्नुपर्ने कुराहरू हुन्।

यी तीनै शर्तहरू प्रस्तुत प्रतिनिधि सभाको विघटनमा पूरा भएको पाइन्छ। ती शर्तहरू पूरा भएको छैन भन्ने निवेदकहरूको भनाइ पनि छैन। संविधानको धारा ५३ (४) ले प्रतिनिधि सभाको विघटनको लागि तोकेको शर्तहरू पूरा भएकोले सो तर्फ धारा ५३ (४) को प्रयोग संविधानको प्रतिकूल भयो भन्ने स्थिति भएन। संविधानको धारा ५३ (४) मा प्रतिनिधि सभाको विघटन गर्ने अवस्था र आधार तोकेको पाइन्न। प्रतिनिधि सभाको विघटनको सिफारिश यो यस्तो अवस्था र आधारमा हुन सक्दछ भनी संविधानमा तोकिएको भए त्यस्तो अवस्था र आधारको विपरीत प्रतिनिधि सभाको विघटनको सिफारिस गरिएको भए संविधानको विपरित भयो भन्ने स्थिति हुने थियो। तर धारा ५३ (४) मा कुनै आधार र अवस्था तोकिएको पाइन्न। धारा ५३ (४) मा आधार र अवस्था नतोकेको अवस्थामा यस्तो आधारमा प्रतिनिधि सभाको विघटनको सिफारिश गर्न पर्नेमा सो नभएको भनी दोष लगाई संविधानको प्रतिकूल हो भन्न मिल्दैन। संविधानको धारा ५३ (३) प्रयोग भएको अवस्थामा धारा ५३ (४) बमोजिम प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटनको सिफारिश गर्न सक्दैन र विघटनको सिफारिशमा आधार हुनु पर्छ भन्ने तर्कको हकमा संविधानको धारा ५३ (३) प्रयोग भएपछि धारा ५३ (४) प्रयोग गर्न मिल्दैन भनि सांविधानको कुनै धारामा लेखिएको पाइन्न। संविधानको धारा ५३ (४) प्रयोग हुन नसक्ने कुनै बंदेजित शर्तहरू रहेको धारा ५३ (४) मा देखिन्न। वास्तवमा धारा ५३ (४) मा कुनै पूर्व शर्त छैन। प्रतिनिधि सभा विघटन भएको अवस्थामा पनि धारा ५१ (४) को खण्ड (क) बमोजिम प्रतिनिधि सभाका सभामुख र उपसभामुख आफ्नो पदमा बहाली रहि रहने संवैधानिक व्यवस्था रहेको पाइन्छ। तर धारा ५३ (३) को अधिकार प्रयोग भई क्रियाशील रहेको अवस्थामा धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटन गर्न नपाउने

गरी धारा ५३ (३) लाई जीवित राख्ने जस्तो कुनै संवैधानिक व्यवस्था रहेको पाइन्न । मिति २०५२।२।३० खण्ड ४५ अतिरिक्तांक ६ (क) मा प्रकाशित नेपाल राजपत्रमा राजदरबारको विज्ञप्तीबाट सम्माननीय प्रधानमन्त्रीले विभिन्न कारणहरू देखाई प्रतिनिधि सभा विघटन गरी बक्सिन श्री ५ महाराजाधिराजका हजुरमा सिफारिश चढाउनु भएको देखिंदा प्रतिनिधि सभा विघटन गर्ने सिफारिशमा आधार र कारणहरू रहेकै पाइन्छ ।

संविधानको धारा ५३ (४) मा रहेको शर्तको उल्लघन भयो भन्ने निवेदकको भनाइ भई धारा ५३ (३) बमोजिम अविश्वासको कुरा दर्शाई समावेदन गरिएको अवस्थामा धारा ५३ (४) बमोजिम प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्ने सिफारिश सम्बन्धी अधिकार निलम्बित हुन्छ एवं ग्रहण (eclipse) लाग्दछ, सो को सुर ताल मिल्ने सुसंगत (harmonious) व्याख्या हुनुपर्छ भन्ने निवेदक तर्फका विद्वान् वरिष्ठ अधिवक्ताको वहस भएकोले निवेदक व्याख्याको लागि आएको पाइन्छ । जहां सम्म सुर ताल मिल्ने सुसंगत व्याख्या (harmonious interpretation) को प्रश्न छ सो तर्फ हेर्दा संवैधानिक कानूनको असली मनसाय त्यसमा प्रयुक्त शब्दावलीद्वारा व्यक्त भएको हुन्छ । संवैधानिक कानूनमा प्रयुक्त भाषाबाट अर्थ स्पष्ट छ र त्यस्मा कुनै अस्पष्टता (ambiguity) छैन भने ती शब्दहरूबाट जे जस्तो अर्थ निस्किन्छ सोही अर्थ गर्नु पर्छ । स्पष्ट र एकार्थक कानूनलाई व्याख्या गरी विस्तार गरिदैन । प्रयुक्त शब्दबाटै स्पष्ट अर्थबोध हुन्छ भने त्यसको विपरीत व्याख्या हुँदैन । तर जहां प्रयुक्त शब्दबाट सहज र स्वाभाविक अर्थ न निस्की असंगत अर्थ निस्किन्छ भने तेही अर्थ गरी विषयसँग सम्बद्ध र मिल्दो बनाउन आवश्यक हुन्छ ।

संविधानको धारा ५३ (३) को प्रयोग भई क्रियाशील रहेको अवस्थामा धारा ५३ (४) प्रयोग गर्न नमिल्ने भए सोही किसिमको शब्दहरू धारा ५३ (४) मा राखिने थियो तर धारा ५३ (४) स्वतन्त्र देखिन्छ । कुनै शर्त वा बन्देज रहेको पाइन्न । संविधान कर्ताले नै धारा ५३ (४) लाई स्वतन्त्र राखी त्यस्मा कुनै शर्त वा प्रतिबन्धात्मक वाक्यांश राखेको छैन भने सुरताल मिल्ने सुसंगत व्याख्या (harmonious interpretation) को नाउंमा धारा ५३ (४) लाई सशर्त गराउन मिल्दैन । संवैधानिक कानूनको अर्थ खोज्ने हो, निर्माण गर्ने होइन ।

निवेदकको भनाइ बमोजिम धारा ५३ (३) प्रयोग भएको अवस्थामा धारा ५३ (४) प्रयोग गर्न मिल्दैन भन्ने व्याख्या गर्ने हो भने धारा ५३ (४) मा संविधान कर्ताले थप नगरेका शर्त थपिन जाने हुन्छ र स्वतन्त्र धाराको सट्टा बन्देजयुक्त धाराको निर्माण हुन जान्छ, जुन कानून व्याख्याको सिद्धान्तबाट मिल्दैन ।

संविधानको धारा ५३ (३) प्रयोग भएको अवस्थामा धारा ५३ (४) मा ग्रहण (eclipse) लाग्दछ भन्नलाई धारा ५३ (३) र धारा ५३ (४) मा रहेको शाब्दिक अर्थले नै मिल्दैन । कुनै धाराको प्रयोगले कुनै धारामा (eclipse) ग्रहण लाग्दछ भने सोको प्रष्ट व्यवस्था सम्बन्धित धारामा रहेको हुन्छ । तर त्यस्तो प्रावधान धारा ५३ (४) मा रहेको पाइदैन । यस सन्दर्भमा धारा ५३ (४) मा रहेको प्रतिनिधि सभाको विघटनको हकमा (dissolution) विघटनको

सिद्धान्तको विवेचना गर्न सान्दर्भिक हुन्छ ।

शक्ति पृथकीकरणको सिद्धान्त अनुसार राज्यका विधायिकी, कार्यकारिणी र न्यायिक शक्तिहरू सरकारका व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका मार्फत प्रयोग गरी देशको शासन व्यवस्था संचालन गरिएको हुन्छ । संविधानको धारा ३५ (३) बमोजिम नेपाल अधिराज्यको शासन व्यवस्थाको सामान्य निर्देशन, नियंत्रण र संचालन गर्ने अधिकार मन्त्री परिषदको छ । प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रीपरीषद्को गठन हुन्छ । राज्यको इच्छा लागू गर्ने सरकारको अंग कार्यपालिका हो । प्रतिनिधि सभा विघटनको सिफारिश गर्ने अधिकार प्रधानमन्त्रीलाई भएकोले यो कार्यकारिणी अधिकार हो ।

प्रतिनिधि सभा विघटन गर्ने कार्यकारिणी को हो । जसको क्रियाले व्यवस्थापिका (Legislative body) लाई खारेज गर्दछ र विवादको छिनोफानो गर्न मतदाता (electorate) वर्ग छेउ पठाइन्छ । सार्वभौमसत्ता जनतामा रहेकोले जनताले आफ्नो मतको प्रयोगद्वारा पक्ष विपक्षलाई हारजीत गरी विवादको निराकरण गरेको हुन्छ । विघटन (dissolution) को अधिकारबाट प्रधानमन्त्रीले प्रतिनिधि सभाका सदस्यहरू र मन्त्री परिषदमा रहेको आफ्नो मन्त्रीहरूलाई (collegues) अनुशासन र नियन्त्रणको घेरामा राखेको हुन्छ । विघटन (dissolution) बाट नयाँ हुने प्रतिनिधि सभाको निर्वाचनमा साविकका प्रतिनिधि सभाका सदस्यको हारजीत दुवै हुन सक्ने भई परिणामको निश्चितता नहुँदा साविक प्रतिनिधि सभाका सदस्यहरूले पनि विघटन (dissolution) को प्रतिक्रियालाई सामान्यतया राम्रो मान्ने अवस्था हुँदैमा निर्वाचन प्रत्येक प्रतिनिधि सभाका सदस्यका लागि खर्चिलो हुन्छ । मानसिक यातना लगायत शारीरिक कष्ट पनि हुन्छ । समष्टिगत रुपबाट विघटन (Dissolution) को डरबाट प्रतिनिधि सभाका सबै सदस्यहरू अनुशासित र संयमित रहेका हुन्छन् ।

२०४६ सालमा प्रजातन्त्रको पुनर्वहाली पश्चात् निर्माण भएको संविधानले संवैधानिक राजतन्त्र तथा संसदीय शासन प्रणालीलाई अंगीकार गरेको र यस्तो संसदीय व्यवस्था भएको राष्ट्रहरू बेलायत, अष्ट्रेलिया र क्यानडा जस्ता मुलुकहरूले प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्न पाउने अधिकार प्रदान गरेको पाइन्छ । बेलायतमा संसद विघटन गर्न पाउने प्रधानमन्त्रीको स्वविवेकीय अधिकार भई हाउस अफ कमन्सलाई नियन्त्रणमा राख्ने एउटा माध्यम हो । संविधानको मौलिक संरचनामा संसदीय व्यवस्थालाई अंगिकार गरेपछि प्रधानमन्त्री पद नै विशिष्ट रूपले शक्तिशाली गराइएको हुन्छ । प्रधानमन्त्रीद्वारा प्रतिनिधि सभाको विघटनको सिफारिशको अधिकार प्रयोग हुनु संसदमा शक्ति सम्पन्न प्रधानमन्त्रीको विशेषाधिकार हो । निवेदक हरीप्रसाद नेपाल विरूद्ध सम्माननीय प्रधानमन्त्री श्री गिरीजा प्रसाद कोइराला भएको रीट निवेदनमा प्रधानमन्त्रीलाई आफ्ना नीति तथा कार्यक्रमको पक्षधर भई जनादेश प्राप्त गर्न निर्वाचनमा जानु संवैधानिक अधिकार हो भन्ने सिद्धान्त प्रतिपादित भएको छ । संविधानको धारा ३ मा नेपालको सार्वभौम सत्ता नेपाली जनतामा निहीत रहने भन्ने उल्लेख

भएकोले सार्वभौमसत्ता जनतामा अपील गर्न जानु नै प्रतिनिधि सभाको विघटन गर्न पाउने कार्यकारिणी अधिकारबाट नै प्रधानमन्त्रीले आफ्नो दलको सांसदहरू अनुशासनमा राखी विपक्षी दलहरूलाई सहयोगको भावना प्रस्फुटन गर्न प्रभाव पार्दछ । उदाहरण स्वरूप बेलायतका वर्तमान प्रधानमन्त्री जोन मेजरले संसदबाट म्याष्ट्रिच सन्धि पारीत नहुने अवस्था देखेपछि संसद विघटन गरी जनादेश लिने इच्छा व्यक्त गरेपछि उक्त सन्धि पारीत भई संसद विघटन गर्न पर्ने अवस्था नपरेको घटना जिउँदै छ । अत: प्रतिनिधि सभा विघटनको सिफारिश गर्ने अधिकार राजनैतिक अस्त्र हो भन्ने मुख्य आधार नै यही हो । विघटन (dissolution) को सिद्धान्त खास गरेर लोकप्रिय सार्वभौमसत्ता (popular soverginity) मा अडेको छ ।

प्रतिनिधि सभाको विघटनसँग जनताको सार्वभौम सत्तात्मक अधिकारको सम्बन्ध स्थापित गरी जनताको निर्णय सर्वोपरी राख्ने कुरामा विघटनको महत्त्व प्रदर्शित भएको छ । विघटन संसदीय प्रजातान्त्रिक प्रणालीको विशिष्टता (Feature) हो र प्राय: सबै संसदीय प्रजातान्त्रिक मुलुकमा यसको प्रयोग प्रधानमन्त्रीद्वारा हुन्छ ।

कुन समयमा र कस्तो अवस्था एवं परिवेशमा प्रतिनिधि सभा विघटन गर्ने हो सो प्रधानमन्त्रीको अधिकार एवं विचाराधीनको कुरा हो । यसको आधार विस्तृत हुन्छ । यस अधिकारलाई संकुचित गर्दा यदाकदा आवश्यक परेको समय र अवस्थामा प्रयोग हुन नसक्ने भएबाट देश राजनैतिक दुघर्टनाको शिकार हुन सक्दछ ।

यसै कारणबाट अधिकांश संसदीय प्रजातान्त्रिक मुलुकमा विघटनको सीमा रेखा कोरिएको छैन । तर पनि प्रधानमन्त्रीले यसको प्रयोग विवेकपूर्ण एवं संविधान सम्मत तरीकाले गरेको हुन्छ र गर्नु पर्छ । संसदीय प्रजातान्त्रिक मुलुकमा यदाकदा प्रधानमन्त्रीको विघटनको सिफारिश अमान्य भएको इतिहास छ । सन् १९३९ मा (South Africa) को (Governer General) ले प्रधानमन्त्री (Hertozog) को र (Canada) मा पनि (Governer General) ले (Mackenzie King) को विघटनको सिफारिशलाई अमान्य गरेको पाइन्छ । यस निर्णयको आलोचना नभएको होइन । संसदीय प्रजातन्त्रकै इतिहासमा यस्ता घटनाहरू विरलै छन् ।

As a rule प्रधानमन्त्रीको सिफारिश बमोजिम संसद विघटन भएको हुन्छ । साधारणत: (Normally) प्रधानमन्त्रीको विघटनको सिफारिशलाई राष्ट्राध्यक्षले मानेको हुन्छ ।

संविधानको धारा ४५ (३) मा प्रतिनिधि सभा अगावै विघटन भएमा बाहेक यसको कार्यकाल पांच वर्षको तोकेको छ । प्रधानमन्त्रीले उक्त कार्यकाल भन्दा अगावै प्रतिनिधि सभा विघटन गर्ने सिफारिश गर्न सक्दछ । यसैले प्रतिनिधि सभा विघटन गर्ने प्रधानमन्त्रीको अधिकारलाई विशेषाधिकार (prerogative right) पनि भन्ने गरिएको छ । प्रतिनिधि सभाको कार्यकाल भन्दा अगावै प्रतिनिधि सभा विघटनको सिफारिश गर्ने अधिकार प्रधानमन्त्रीलाई संविधानले प्रदान गरेको अवस्थामा स्पष्ट संवैधानिक प्रावधान विना प्रतिनिधि सभाका सदस्यहरूले प्रधानमन्त्रीको त्यस्तो अधिकारलाई निरस्त एवं कुण्ठित तुल्याउन सक्दैन । संसदीय व्यवस्था

भएको देशको परिपाटी, मान्यता र परम्परालाई हेर्दा पनि प्रधानमन्त्रीको नेतृत्वमा रहेको सरकार चाहे बहुमतको होस् वा अल्पमतको होस्, संसदको बैठक बसेको अवस्थामा होस् वा नबसेको अवस्थामा होस्, अविश्वासको प्रस्ताव पेश भएको वा नभएको जुनसुकै अवस्थामा प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनको सिफारिश गरेको र त्यस्तो सिफारिशलाई राष्ट्राध्यक्षले यानी आएको विगत सय दुईसय वर्षको संसदीय पद्धतिहरूबाट देखिन्छ । भारतमा सन् १९७९ मा अल्पमतको सरकारका प्रधानमन्त्री चौधरी चरणसिंहले विश्वासको मत लिनु पर्ने शर्त उल्लंघन गरी सदनको सामना नगरी लोकसभा विघटनको सिफारिश गरेको र राष्ट्राध्यक्षले मानेको पाइन्छ । यसै गरी कांग्रेसको समर्थनमा अडेको अल्पमतको सरकारका नियुक्त प्रधानमन्त्री चन्द्र शेखरले कांग्रेस दलले समर्थन फिर्ता लिने घोषणा गरेपछि लोक सभा विघटनको सिफारिश गरेको र राष्ट्राध्यक्षले मान्यता दिएको पाइन्छ । निवेदक हरिप्रसाद नेपाल समेत विपक्षी सम्माननीय प्रधानमन्त्री श्री गिरीजा प्रसाद समेत भएको रीट निवेदनमा प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटनको सिफारिश सधैं नयाँ कार्यदिशाकै लागि गर्छ भन्ने कुनै निश्चित नियम नभएको र कतिपय अवस्थामा अल्पमतको सरकारको प्रधानमन्त्रीलाई जनताबाट नयाँ कार्यदिश प्राप्त हुने सम्भावना नहुँदा नहुँदै पनि बाध्यतावश उसले विघटन गर्नु पर्ने अवस्था सृजना हुन जान्छ भन्दै आफ्नो निर्णयमा बोली संसदीय प्रणालीको मान्य परम्परालाई आधार बनाएको छ । बेलायतमा सय वर्ष यता प्रधानमन्त्रीको सिफारिशलाई अन्यथा गरिएको छैन । अधिकांश संसदीय प्रजातान्त्रिक मुलुकले यसै परिपाटीलाई अवलम्बन गरेको छ ।

स्पष्ट तथा अन्यथा व्यवस्था भएकोमा बाहेक संविधानको धारा ५३ (४) सक्रिय र क्रियाशील हुन्छ । प्रधानमन्त्रीले देशको राजनैतिक, आर्थिक समेत सम्पूर्ण परिस्थिति हेरेर विवेकपूर्ण तरीकाले गरेको प्रतिनिधि सभाको विघटन सार रूपमा राजनैतिक प्रश्नमा अडेको हुन्छ । बहुदलीय संसदीय प्रजातान्त्रिक प्रणालीमा राजनैतिक दल सक्रिय भएका हुन्छन् । मतदाताहरूले प्रयोग गरेको मतबाट कुनै खास राजनैतिक दलको सरकार बन्ने र कुनै राजनैतिक दल विपक्षमा रहने जनादेश प्राप्त गरेको हुन्छ । यिनै सन्दर्भमा कार्यपालिकाको शक्तिको आधार राजनैतिक रहेको हुन्छ ।

यिनै कारणले विघटन (Dissolution) लाई राजनैतिक हतियार (Political Weapon) भनिन्छ । यो विघटनको अधिकारको प्रयोग सदैव व्यवस्थापिका (Legislative body) मा गरिएको हुन्छ । संविधानले पनि यही अधिकार धारा ५३ (४) बमोजिम प्रधानमन्त्रीलाई दिएको छ । धारा ५३ (४) को प्रयोगले धारा ५३ (३) को प्रयोगलाई निष्क्रिय तुल्याई सो गर्न मिल्दैन भन्ने हकमा धारा ५३ (४) को प्रयोगले धारा ५३ (३) लाई मात्र होइन धारा ५१ (१),(२), धारा ५९, धारा ६०, धारा ६४, धारा ६८, धारा ६९, धारा ७० आदिलाई प्रभाव पारेको हुन्छ । यी सबै धाराहरू निष्क्रिय हुन्छन् भने धारा ५३ (३) निष्क्रिय हुँदैन भन्नलाई संविधानको स्पष्ट

व्यवस्थाले मात्र सो गर्न सक्दछ । तर त्यस्ता स्पष्ट व्यवस्था संविधानको कुनै धारामा छैन ।

संविधानको धारा ५३(४) मा "सकिबक्सनेछ " भन्ने वाक्यांश रहेकोले प्रधान मन्त्रीको प्रतिनिधि सभा विघटन गर्ने सिफारिश मान्ने नमान्ने श्री ५ को विवेकीय अधिकार रहेकोमा विवाद देखिन्न । संविधानको प्रस्तावनामा संवैधानिक राजतन्त्र भन्ने उल्लेख भएको पाइन्छ । यसै परिवेश भित्र संविधानले श्री ५ लाई (Symbol of the impartial dignity) को रूपमा राखेको छ । यस्तो परिप्रेक्ष्यमा श्री ५ बाट उक्त विवेकीय अधिकार कुन हदसम्म कसरी प्रयोग गरिबक्सीने भन्ने कुरा संविधानकै व्यवस्थाको परिप्रेक्ष्यमा हेर्नु पर्ने हुन्छ ।

संविधानको धारा ३५ (२) मा " श्री ५ बाट मात्र वा मौसूफको स्वविवेकमा वा अन्य कुनै निकाय वा पदाधिकारीका सिफारिशमा गरी बक्सने भनी किटानीसाथ व्यवस्था भएकोमा बाहेक यो संविधान बमोजिम श्री ५ बाट गरी बक्सने भनी किटानीसाथ व्यवस्था भएकोमा बाहेक यो संविधान बमोजिम श्री ५ बाट गरी बक्सने सबै कार्यहरू मन्त्री परिषदको सल्लाह र सम्मतीबाट गरी बक्सनेछ " भन्ने लेखिएको बाट जसको सिफारिशमा श्री ५ बाट काम गरी बक्सेको छ, त्यसको जवाफदेही सोही पदाधिकारी, निकाय र मन्त्री परिषदमा हुन्छ ।

धारा ३५ (२) बमोजिम धारा ५३ (४) श्री ५ को स्वविवेकीय अधिकार भन्न मिल्ने देखिदैन । तर धारा २७ (३) को परिप्रेक्ष्यमा हेर्दा धारा ५३ (४) मा रहेको " सकि बक्सनेछ " भन्ने वाक्यांश समेतको आधारमा श्री ५ बाट धारा ५३ (४) बमोजिम निर्णय गरी बक्सिंदा श्री ५ को विवेकको प्रयोगको अपेक्षा राखेको प्रष्ट गर्दछ । संविधान सम्मत नहुने सिफारिश पनि मान्न श्री ५ बाध्य होइबक्सिन्छ भन्न मिल्दैन । संविधानको व्यवस्था मूल्य र मान्यताको परिधिभित्र रहेर श्री ५ बाट विवेक प्रयोग गर्नु पर्ने हुन्छ । वास्तवमा राजा राजनैतिक विवादमा पर्नु हुदैन । संविधान एउटा राजनैतिक दस्तावेज (Political document) हो ।

संविधान अन्तर्गत कार्यकारिणीले गरेको निर्णयहरूमा राजनैतिक प्रश्नको निराकरण अदालतबाट हुदैन । तर संवैधानिक प्रश्नको निरोपण गर्न सक्ने अधिकार यस अदालतलाई रहेको निवेदक हरिप्रसाद नेपाल विरूद्ध सम्माननीय प्रधान मन्त्री श्री गिरीजा प्रसाद कोइराला भएको मुद्दामा स्वीकार गरी सकिएको छ । प्रधानमन्त्रीले संविधानको धारा ५३ (४) बमोजिम आफुले पाएको अधिकार संविधान सम्मत तरीकाबाट प्रयोग गरेपनि त्यस्तो अधिकारको प्रयोग उचित प्रयोजनको लागि भएको छैन भन्ने जनतालाई लागेमा जनताले त्यस्तो प्रधानमन्त्री वा निजद्वारा संचालित राजनैतिक दललाई शासकबाट अलग्याएर फ्याँकी दिन सक्ने कुरा हो ।

निवेदक तर्फका विद्वान् वरिष्ठ अधिवक्ताबाट संसदको पुनर्स्थापनाका सिलसिलामा पाकिस्तानको नवाज शरीफको मुद्दामा प्रतिपादित भएको नजीर र भारतमा (S.R. Bommai Vs. union of India) को मुद्दामा प्रतिपादित भएको नजीर उल्लेख गर्नु भएको पाइन्छ । पाकिस्तानमा संसद विघटन गर्ने सम्बन्धमा संविधानमा नै आधार र अवस्थाहरू उल्लेख भएको पाइन्छ । संविधानमा तोकिएको आधार र अवस्था विपरीत संसद विघटन भएमा सो संविधानको प्रतिकूल हुन्छ । यसमा विवाद गर्ने ठाउँ छैन । भारतको वोमाईको मुद्दामा अरू

कुराको ठहर भएको छ । तर हाम्रो संविधानमा धारा ५३ (४) मा प्रतिनिधि सभा विघटन गर्ने सम्बन्धमा कुनै शर्त छैन । आधार र अवस्था उल्लेख भएको पाइन्न । (E.A.Forsay) ले (Cencure motion) अविश्वासको प्रस्ताव छलफल (Debate) मा रहेको पाइन्न ।

विद्वान् वरिष्ठ अधिवक्ताले आफ्नो बहसमा उल्लेख गरेको उक्त (Forsay) को कुरा बेलायतको सम्बन्धमा छ । बेलायतमा लिखित संविधान छैन । त्यहाँ परिपाटी र परम्परालाई मान्यता दिइएको हुनुपर्छ । हाम्रो संविधान लिखित छ । लिखित संविधानमा लिखित प्रावधानहरूलाई हेर्नुपर्छ । हाम्रो संविधानले (E. A. Forsay) ले भने जस्तो कुनै संवैधानिक प्रावधान नराखी धारा ५३ (४) लाई निशर्त राखेको छ । संविधानमा लेखिएको प्रावधान पर्याप्त हुने हुँदा संविधानको धाराको विपरीत हुनेगरी अरु मुलुकले अपनाएको परिपाटी ग्राह्य हुन सक्दैन । प्रस्तुत मुद्दामा अविश्वासको प्रस्ताव २०५२।२।२८ मा दर्ता भएकोले (Forsay) ले भने बमोजिम अविश्वासको प्रस्ताव Censure motion छलफल (debate) मा रहेको पाइन्न ।

धारा ५३ (३) विशेष व्यवस्था (Specific clause) हो । सो धाराको विशेषाधिकार प्रयोग गरी नियमित अधिवेशन अगावै मिति २०५२।२।२५ को समावेदन अनुसार धारा ५९(२) प्रयोग गर्ने गरी अधिवेशन बोलाई सकेकोले मिति २०५२।२।२६ मा धारा ५३ (४) साधारण व्यवस्था (generel clause) अनुसार प्रतिनिधि सभाको विघटन गर्न दिइएको प्रधान मन्त्रीको सिफारिश प्रभावशून्य हुन्छ भन्ने भनाइ भएकोमा श्री ५ महाराजाधिराजबाट संविधानको धारा ५३ (१) बमोजिम संवत् २०५२ साल आषाढ ११ गते संसदको नवौं अधिवेशन आव्हान गरिबक्सेको कुरा मिति २०५२।२।२४ खण्ड ४५ (अतिरिक्तांक ४।घ-१) को नेपाल राजपत्रमा प्रकाशित छ र धारा ५३ (३) बमोजिम चढाइएको समावेदनको आधारमा २०५२।३।२ मा प्रतिनिधि सभाको अधिवेशन आव्हान गरी बक्सेको कुरा मिति २०५२।२।२६ खण्ड ४५ (अतिरिक्तांक ४ (च)) को नेपाल राजपत्रमा प्रकाशित भएको पाइन्छ । नियमित अधिवेशन बोलाई सकेपछि धारा ५३ (३) बमोजिम प्रतिनिधि सभाको अधिवेशन बोलाइएको पाइन्छ । श्री ५ बाट प्रतिनिधि सभाको अधिवेशन चालु नरहेको अवस्थामा प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले समावेदन गरेमा प्रतिनिधि सभाको अधिवेशन बोलाउने सम्म अधिकार धारा ५३ (३) ले प्रदान गरेको छ । सो देखि बाहेक अन्य कुरा सो धाराले भनेको पाइन्न । धारा ५९(२) प्रतिनिधि सभामा अविश्वासको प्रस्ताव पेश गर्ने धारा हो । धारा ५३ (३) को व्यवस्था आफु स्वयंमा अविश्वासको प्रस्ताव होइन । यस विषयमा माथि नै विवेचना गरिएकोले पुन: यस प्रकरणमा विवेचना गर्न आवश्यक देख्दिन । धारा ५३ (३) को प्रयोग भएको अवस्थामा धारा ५३ (४) प्रयोग गर्न नमिल्ने गरी सम्बन्धित धारामा कुनै व्यवस्था भएको पाइन्न । त्यस्तो शर्त व्याख्याद्वारा थप्न मिल्दैन । (cause omissus ought not to be created by interpretation and no canon of construction permits the court to supply a laeuna in a statute) भन्ने कानून व्याख्याको सिद्धान्तबाट पनि निवेदकको भनाइ बहसलाई बल पु-याउदैन । धारा ५३ (३) विशेष व्यवस्था (Specific provision) हो र धारा ५३ (४) साधारण व्यवस्था (general provesion) हो भन्ने आधार पनि छैन ।यसको विपरीत मायी विवेचना गरे अनुसार धारा ५३ (४) प्रतिनिधि सभा

विघटनको सिफारिश गर्ने अधिकार प्रधान मन्त्रीको विशेषाधिकार (Prerogative right) हो भन्ने कुरा बहुदलीय संसदीय प्रजातन्त्र परिपाटी भएको मुलुकले मानी आएको कुरा हो। धारा ५३ (३) ले प्रतिनिधि सभा अधिवेशन बोलाउने व्यवस्था हो। तर धारा ५३ (४) ले जीवित प्रतिनिधि सभाको नै विघटन गरी अन्त्य गरी दिन्छ। संविधानको धारा ११६ ले प्रस्तावनाको भावनालाई अंगिकार गरेको छ। संविधानका भावना र मर्मलाई बुझेर धारा ५३ (३) र धारा ५३ (४) को व्याख्या हुनुपर्छ भन्ने भनाइ पनि उठेको पाइन्छ। संविधानका धाराहरूमा लेखबद्ध भएका शब्दहरू नै संविधानका परिचायक हुन्। संविधानको धारामा लेखिएको शब्दले नै संविधानलाई बोध गराएको हुन्छ। संविधानको धारा ५३ (४) को व्यवस्था संविधानको भावना र मर्मको विपरीत भए सो धारा संविधानमा रहने थिएन। संविधानमा रहेका स्पष्ट अभिव्यक्ति सहितको धाराले नै संविधानको मर्मको र तात्पर्यलाई बोध गरेको हुन्छ। संविधानको प्रस्तावनाले संविधानको भावनालाई व्यक्त गरेको छ। सो भावनालाई धारा ५३ (३) प्रयोग भएपछि धारा ५३ (४) प्रयोग गर्नु संविधानको भावनाको प्रतिकूल भयो भन्ने बहसको हकमा संविधानको प्रस्तावनामा रहेको वाक्यांशबाट संविधानको मकसद थाहा पाइन्छ। तर प्रस्तावनाले संविधानको धारा वा उपधाराहरूलाई नियन्त्रण गर्दैन। व्याख्याको क्रममा संविधानको संरचनामा प्रभाव पर्नेगरी संशोधनको रूप दिन मिल्दैन। संविधानको शब्दहरूले स्वीकार्न नसक्ने भावनाको खोजी गर्न वान्छनीय हुदैन।

उपरोक्त कारणहरूबाट निवेदकले उपरोक्त प्रस्तुत प्रश्नमा उठाएको जिकिर मुनासिव देखिएन।

संविधानको धारा ४२ (२) अन्तर्गतको प्रधान मन्त्रीले धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटनको सिफारिश गर्न मिल्दैन भन्ने सन्दर्भमा विचार गर्दा संविधानमा प्रधानमन्त्रीको नियुक्ति सम्बन्धमा तीन विभिन्न धाराहरूमा नियुक्तिको व्यवस्था गरेको छ। धारा ३६ (१) मा "श्री ५ बाट प्रतिनिधि सभाका बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गरी बक्सने" भन्ने धारा ४२ (१) मा प्रतिनिधि सभामा कुनै दलले स्पष्ट बहुमत प्राप्त गर्न नसकेको अवस्थामा श्री ५ बाट दुई वा दुई भन्दा बढी दलहरूको समर्थनबाट प्रतिनिधि सभाका सदस्यहरूको बहुमतको विश्वास प्राप्त गर्न सक्ने सदस्यलाई प्रधानमन्त्रीको पदमा नियुक्त गरी बक्सनेछ" भन्ने र, धारा ४२ (२) मा "उपधारा (१) बमोजिम कुनै सदस्यले प्रतिनिधि सभाका सदस्यहरूले बहुमत प्राप्त गर्न नसकेको अवस्था भएमा श्री ५ बाट प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई प्रधान मन्त्रीको पदमा नियुक्त गरी बक्सनेछ" भन्ने लेखिएको पाइन्छ।

धारा ३६ (१) बमोजिम प्रधानमन्त्री, प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेता हुन्छ। धारा ४२ (२) को प्रधान मन्त्री, धारा ४२ (१) बमोजिम कुनै सदस्यले प्रतिनिधि सभामा

सदस्यहरूको बहुमत प्राप्त गर्न नसक्ने अवस्था भएमा प्रतिनिधि सभामा सबै भन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेता हुन्छ, जसले धारा ४२ (३) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गरेको हुन्छ । दुवै प्रधान मन्त्री हुन् । दुवै संसदीय दलका नेता हुन् । धारा ३६ (१) बमोजिम नियुक्त प्रधान मन्त्री र धारा ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्रीको अधिकारमा संविधानले कुनै विभेद गरेको छैन । संविधानले धारा ३६ (१) बमोजिमको नियुक्त प्रधानमन्त्री मात्र यस संविधानको प्रयोजनका लागि प्रधानमन्त्री हो भनी कतै व्यवस्था गरेको छैन । धारा ५३ (४) मा "श्री ५ बाट प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभाको विघटन गर्न सकी बक्सनेछ" भन्ने लेखिएको पाइन्छ । उक्त धारामा कुनै विशेषण राखिएको छैन । अर्थात् उक्त धारामा धारा ३६ (१) बमोजिमको प्रधानमन्त्रीले मात्र धारा ५३ (४) को प्रयोग गर्न सक्ने र संविधानको अन्य धारा अन्तर्गत नियुक्त प्रधानमन्त्रीले धारा ५३ (४) को अधिकार प्रयोग गर्न नपाउने गरी संवैधानिक व्यवस्था गरेको छैन ।

संविधानको धारा ३६ (१) बमोजिम नियुक्त प्रधान मन्त्री र धारा ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्री, दुवैलाई संविधानले समानस्तरमा राखेको छ । अधिकार, कर्तव्य र दायित्व समेत समान तरिकाले सुम्पेको छ । शब्द नै विधायिकाको मनसायको संकेत सूची हो । धारा ५३ (४) मा प्रयुक्त भएका शब्दबाट प्रधानमन्त्री भन्नाले धारा ३६ (१) बमोजिम नियुक्त प्रधानमन्त्री मात्र भन्ने अर्थाउन मिल्दैन । भाषा स्पष्ट छ भने त्यसको व्याख्याको आवश्यकता पर्दैन । साधारण शब्दको अर्थ लगाउँदा सामान्य रूपले लगाउनु पर्छ । प्रस्तुत मुद्दाका सम्माननीय प्रधानमन्त्री धारा ४२ (२) अन्तर्गत नियुक्त प्रधान मन्त्री हो, जसले धारा ४२ (३) अन्तर्गत प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गरेको छ ।

मिति २०५२।२।२५ मा ७० जना नेपाली कांग्रेसका सांसदले अविश्वासको कुरा दर्शाई समावेदन गरेपनि प्रस्तुत मन्त्रिपरिषद नेपाली कांग्रेसका प्रतिनिधि सभाका सदस्यहरूबाट विश्वासको मतमा अडेको नभई अन्य राजनैतिक दल राष्ट्रिय प्रजातन्त्र पार्टी समेतको विश्वासको मतमा अडेको हो । विश्वासको मत संविधानले निर्देशित गरे बमोजिम विधि पूर्वक झिकेको नहुंदा मिति २०५२।२।२६ मा प्रतिनिधि सभा विघटनको सिफारिश हुंदाको अवस्थामा यो सरकार प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त सरकार थियो । धारा ४२ (२) अन्तर्गत नियुक्त प्रधानमन्त्रीले धारा ५३ (४) को प्रयोग गर्न नसक्ने कुनै संवैधानिक व्यवस्था देखिन्न । अतएव प्रस्तुत प्रश्नमा निवेदकको भनाइ मुनासिव देखिएन ।

संविधानको धारा ४२ (१) अन्तर्गत वैकल्पिक मन्त्री परिषद गठन हुन सक्ने संभावना छँदाछँदै पनि प्रतिनिधि सभा विघटन गर्ने सिफारिश गर्न मिल्दैन र धारा ४२ (२) बाट धारा ४२ (१) मा जान सकिन्छ भन्ने प्रश्न पनि प्रस्तुत मुद्दामा उठाइएको पाइन्छ । गत साल भएको मध्यावधि निर्वाचनमा प्रतिनिधि सभामा कुनै दलको स्पष्ट बहुमत आउन सकेन । कुनै दलको स्पष्ट बहुमत प्रतिनिधि सभामा नआएको अवस्थामा संविधानको धारा ४२ आकर्षित हुन्छ । संविधानको धारा ४२ (१) बमोजिम दुई वा दुईभन्दा बढी दलहरूको समर्थनबाट प्रतिनिधि सभाका सदस्यहरूको बहुमतको विश्वास प्राप्त गर्न सक्ने सदस्यलाई प्रधान मन्त्रीको

पदमा नियुक्ति हुने प्रावधान अनुरूप मन्त्री परिषद गठन गर्नको लागि मिति २०५१।८।९ को सूचना अनुसार कसैले पनि दावी जाहेर नगरेकोले सो को चयन हुन नसकेको कारणबाट धारा ४२ (२) अन्तर्गत श्री ५ बाट प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेता श्री मनमोहन अधिकारीलाई प्रधान मन्त्रीको पदमा मिति २०५१।८।१८ मा नियुक्त गरी बक्सी त्यस्तो नियुक्त प्रधानमन्त्रीले धारा ४२ (३) बमोजिम विश्वासको मत प्राप्त गरी गठन भएको प्रस्तुत मन्त्रिपरिषद भएकोमा विवाद छैन।

वर्तमान मन्त्रिपरिषद र सो मन्त्रिपरिषदका सम्माननीय प्रधानमन्त्री संविधानको धारा ४२ (२) अन्तर्गत नियुक्त एवं गठित भएको र त्यस्तो प्रधानमन्त्रीले धारा ४२ (३) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गरेको छ।

प्रतिनिधि सभाको विश्वासको मत किनभनिसाथ त्यो सरकार उठिन सक्दैन, गिर्दछ। संविधानको धारा ४२ मन्त्री परिषद सम्बन्धी विशेष व्यवस्था हो। विशेष व्यवस्था अन्तर्गत पर्ने कुरामा विशेष व्यवस्था अनुसार नै हुन्छ। धारा ४२ (१) बमोजिम नियुक्त प्रधान मन्त्रीले धारा ४२ (३) बमोजिम तीस दिन भित्र विश्वासको मत प्राप्त गर्नु पर्दछ। संविधानको धारा ४२ (१) बमोजिम कुनै सदस्यले प्रतिनिधि सभाका सदस्यहरूको बहुमतको विश्वास प्राप्त गर्न नसक्ने अवस्था भएमा धारा ४२ (२) को प्रधान मन्त्री नियुक्त गर्ने अवस्था हुन्छ।

धारा ४२ (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले पनि धारा ४२ (३) बमोजिम तीस दिनभित्र विश्वासको मत प्राप्त गर्न पर्ने बाध्यात्मक व्यवस्था छ। प्रतिनिधि सभाबाट विश्वासको मत लिनु पर्ने संवैधानिक व्यवस्था अन्तर्गत विश्वासको मत प्राप्त गरेपछि सरकार प्रति विश्वास तथा समर्थन छैन भन्ने कुरा पनि प्रतिनिधि सभाबाट हुनु पर्ने आवश्यक छ। त्यस्तो विश्वासको मत जाहेर गर्ने व्यवस्था संविधानको धारा ५९ बाहेक अन्यत्र रहेको पाइँदैन। धारा ४२ (४) मा धारा ४२ (३) अन्तर्गत तीसदिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न नसक्नेको हकमा मात्र उक्त धारा ४२ (४) को व्यवस्था भएको पाइन्छ।

धारा ४२ (४) लाई हेर्दा सो उपधारामा " श्री ५ बाट उपधारा (२) बमोजिम गठन गरी बक्सको मन्त्रिपरिषदले प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसकेमा श्री ५ बाट प्रतिनिधि सभालाई भंग गरी ६ महिना भित्र अर्को निर्वाचन गराउन आदेश जारी गरी बक्सनेछ" भन्ने लेखिएको पाइन्छ। उक्त धारा ४२ (४) मा दुई तत्त्व (Ingredients) छन्। पहिलो तत्त्व मन्त्री परिषदले प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसकेको हुनु प-यो र त्यस्तो समर्थनको सम्बन्धमा धारा ४२ (४) मा अवधि नकिटीएकोले चाहे प्रतिनिधि सभाको त्यस्तो समर्थन धारा ४२ (३) बमोजिम तीस दिन भित्रको होस् वा तीस दिन पछिको जुनसुकै अवधिमा होस्। दोश्रो तत्त्व ६ महिना भित्र अर्को निर्वाचन गराउनु पर्ने शर्त हो।

संविधानको धारा ४२ (४) मा प्रयोग भएको "प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसकेमा" भन्ने वाक्यांश व्यापक रूपमा प्रयोग भएकोले फराकिलो व्यवस्था हो र धारा ४२

(४) मा धारा ४२ (३) बमोजिम प्रतिनिधि सभाको विश्वासको मत प्राप्त गर्न नसकेमा प्रतिनिधि सभा भंग हुने भन्ने बोली नपरेकोले धारा ४२ (४) को व्यवस्थालाई धारा ४२ (३) सँग मात्र सरोकार राख्दछ भनी सीमित गर्न मिल्दैन। वास्तवमा धारा ४२ (२) अन्तर्गतको मन्त्रिपरिषद प्रतिनिधि सभाको विश्वासको मतमा अडेकोले विश्वासको मत झिक्नासाथ प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसकेको हुनजान्छ।

विश्वासको मतको व्यवस्था धारा ५९ मा रहेको छ। प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गरिएकोमा त्यस्तो विश्वासको मत नरहेको दर्शाउने फोरम पनि प्रतिनिधि सभा हो। धारा ४२ (२) अन्तर्गतको मन्त्रिपरिषदले संविधानद्वारा निर्धारित जुन प्रक्रियाबाट प्रतिनिधि सभाको विश्वासको मत प्राप्त गरेको छ सोही प्रकृयाबाट प्रतिनिधि सभाको समर्थन फिर्ता लिनु पर्ने संवैधानिक व्यवस्था हो। धारा ४२ (२) बमोजिम गठित मन्त्री परिषदले धारा ४२ (३) बमोजिम प्रतिनिधि सभाको विश्वासको मत प्राप्त गरेमा धारा ३६ (४) अन्तर्गत सो मन्त्रिपरिषद प्रतिनिधि सभा प्रति उत्तरदायी हुन्छ। यस्तो मन्त्री परिषदले धारा ४२ (४) बमोजिम प्रतिनिधि सभाको समर्थन प्राप्त नगरेमा सो मन्त्री परिषद् धारा ३६ (४) बमोजिम प्रतिनिधि सभा प्रति उत्तरदायी नभई स्वत: धारा ४२ (४) अन्तर्गत निर्देशित व्यवस्थातिर आकर्षित हुन्छ। धारा ४२ (२) अन्तर्गतको मन्त्री परिषदलाई सदैव अन्य राजनैतिक दलहरूको समर्थन चाहिने अवस्था रही रहन्छ।

धारा ५९ (१) बमोजिम प्रधानमन्त्रीले आफ्नो कार्यकाल भित्र कुनै बखत आफु माथि प्रतिनिधि सभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न विश्वासको मतको लागि प्रतिनिधि सभामा प्रस्ताव राख्ने व्यवस्था हो र धारा ५९(२) प्रतिनिधि सभाका सदस्यहरूले प्रधानमन्त्री उपर अविश्वासको प्रस्ताव पेश गर्ने व्यवस्था हो। धारा ५९ (१) बमोजिम क्रिया प्रधानमन्त्रीको (Initiative) अग्रसरतामा हुन्छ भने धारा ५९(२) बमोजिमको क्रिया प्रतिनिधि सभाका सदस्यहरूको अग्रसरताबाट हुन्छ। यी दुवै क्रिया विश्वासको मतको घेरा भित्र रहेको कुरा धारा ५९ को मार्जीनल नोटमा रहेको विश्वासको मत भन्ने वाक्यांशले नै बोध गराएको पाइन्छ।

प्रतिनिधि सभामा विश्वासको मत नपाउनुको अर्थ प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसक्नु हो। यी सबै व्यवस्थालाई समेट्ने गरी धारा ४२ (४) मा "प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसकेमा " भन्ने वाक्यांश रहेको हो। धारा ५९ (१) र (२) को व्यवस्था एक सिक्काको दुई पाटा हो। विश्वासको मत प्राप्त नहुनु अविश्वासको प्रस्ताव पारित हुनु दुवै वाक्यांशले प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसकेकोलाई अर्थ्याउंछ। संविधानको धारा ५९ (१) बमोजिमको विश्वासको मतको प्रस्ताव प्रतिनिधि सभाबाट पारित भएमा वा उपधारा (२) बमोजिमको अविश्वासको प्रस्ताव प्रतिनिधि सभाबाट पारित हुन नसकेमा प्रधानमन्त्री

माथि प्रतिनिधि सभामा बहुमतको विश्वासको मत तथा समर्थन रहेको भन्ने प्रमाणित गर्दछ भने सोही यस्तै प्रकृयाबाट प्रधानमन्त्री माथि विश्वास तथा समर्थन नरहेको प्रतिनिधि सभाले मत जाहेर गर्ने अवस्था हुन्छ । प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव प्रतिनिधि सभाबाट पारित भएमा प्रधानमन्त्रीले प्रतिनिधि सभाबाट विश्वासको मत तथा समर्थन प्राप्त गर्न नसकेको नै हुन्छ ।

अत: धारा ४२ (२) अन्तर्गतको गठित मन्त्री परिषदले प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसकेमा धारा ४२ (४) बमोजिम प्रतिनिधि सभा भंग हुनेहुँदा धारा ४२ (१) अन्तर्गत वैकल्पिक सरकार मन्त्री परिषद बन्न सक्ने स्थिति र अवस्था आउँदैन । धारा ४२ (२) को मन्त्री परिषदको लागि धारा ४२(४) को व्यवस्था एउटा विशेष व्यवस्था भएको कुरा धारा ४२ को (Marginal note) मा " मन्त्री परिषद सम्बन्धी विशेष व्यवस्था " भन्ने वाक्यांश रहेबाट पनि यो धाराको प्रयोजनलाई दर्शाएको छ । धारा ४२ (४) ले धारा ४२ (३) लाई अंगालेर सीमित गरेको नभई धारा ४२ (२) बमोजिम गठित मन्त्री परिषदले प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसकेमा भन्ने कुरा उल्लेख भएकोले धारा ४२ (३) बमोजिम विश्वासको मत प्राप्त गरेको अवस्थामा पनि धारा ४२ (२) बमोजिम गठित मन्त्री परिषद नै भएकाले यसले समर्थन प्राप्त गर्न नसकेको अवस्थामा जहिलेसुकै पनि धारा ४२ (४) बमोजिम प्रतिनिधि सभा भंग हुने देखिन्छ । यो विशेष व्यवस्थालाई छाडी संविधानको धारा ३६ (५) को खण्ड (ख) प्रयोग हुने तथा धारा ४२ (१) बमोजिम विद्यमान प्रतिनिधि सभाबाटै वैकल्पिक सरकार गठन हुन सक्दछ भन्न मिल्दैन । संविधानको धारा ४२ को मन्त्री परिषद सम्बन्धी विशेष व्यवस्थाको बनौटबाट पनि त्यस्तो अर्थ गर्न मिल्दैन । धारा ४२ (१) को विकल्प धारा ४२ (२) हो भने प्रतिनिधि सभाको समर्थन प्राप्त नगरेको अवस्थामा धारा ४२ (२) को विकल्प धारा ४२ (४) हो ।

धारा ४२ (१) को सरकार बन्न नसकेमा प्रतिनिधि सभा भंग हुदैन । तर धारा ४२ (२) बमोजिमको प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न मन्त्रिपरिषदले नसकेमा प्रतिनिधि सभा भंग हुन्छ । संविधानको धारा ३६ (५) मा प्रधानमन्त्री पदबाट मुक्त हुने विभिन्न अवस्थाहरू वर्णित छन् । उक्त अवस्थाहरू मध्ये धारा ३६ (५) को देहाय (ख) बमोजिमको अवस्था धारा ४२ (२) अन्तर्गत नियुक्त प्रधान मन्त्रीको हकमा आकर्षित नभई धारा ४२ (४) को विशेष व्यवस्था आकर्षित हुन्छ । तर अन्य अवस्थाहरूमा मन्त्री परिषद नै भंग हुने अवस्था हुन्छ । धारा ४२ (४) बमोजिम प्रतिनिधि सभा भंग हुने अवस्था हुदैन । त्यस्तोमा मन्त्रिपरिषद धारा ३६ (७) को अवस्थामा परिणत भई प्रतिनिधि सभाबाट नयाँ मन्त्री परिषदको गठनतर्फ कदम चाल्नु पर्ने स्थिति आउँछ । त्यस किसिमको प्रश्न प्रस्तुत मुद्दामा छैन र धारा ४२ (१) आकर्षित हुने देखिन्न । प्रस्तुत प्रश्नमा उठाइएको जिकिर सारयुक्त देखिएन ।

संविधानको धारा ५३ (३) बमोजिम समावेदनबाट आव्हान भएको प्रतिनिधि सभाबाट प्रधानमन्त्री उपर धारा ५९ (२) बमोजिम अविश्वासको प्रस्ताव पारित गरी धारा ३६ (५) (ख) बमोजिम प्रधानमन्त्री पदबाट मुक्त गरिएपछि धारा ४२ (१) बमोजिम वैकल्पिक सरकार बन्न सक्ने संवैधानिक प्रकृयालाई निष्कृय प्रभावहीन तुल्याउन धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटनको सिफारिश गरी विघटन भएको कार्य असंवैधानिक छ भन्ने

निवेदकहरूबाट उठाइएको प्रश्नको सम्बन्धमा धारा ४२ (२) सरकारको विकल्पमा प्रस्तुत मुद्दामा निवेदकहरुको लेखाइ अनुसार धारा ४२ (१) को सरकार बन्न सक्ने अवस्था नभएको कुरा माथि विवेचना भई सकेको छ । उक्त कारणबाट सम्माननीय प्रधानमन्त्रीले धारा ४२ (२) बाट धारा ४२ (१) मा जान नसक्ने भनी जुन प्रतिनिधि सभाको विघटनको सिफारिशको आधार बनाउनु भएको छ सो असंवैधानिक देखिन आएन ।सिफारिशका अन्य कारण र आधारहरू राजनैतिक प्रकृतिको भएको र श्री ५ र प्रधान मन्त्री बीचको विश्लेषण र संतुष्टिका कुराहरू हुन्, जसमा अदालतले मूल्यांकन गर्न मिल्दैन ।

संविधानको धारा ५३ (३) बमोजिम अविश्वासको कुरा दर्शाइ समावेदन गरेपछि धारा ५३ (४) बमोजिम प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटनको सिफारिश गरेको र आफ्नो सिफारिशमा धारा ५३ (३) को कुरा उल्लेख गर्नुको साथै धारा ४२ (२) बमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएको कुरा उल्लेख भएबाट प्रधानमन्त्रीको कार्य दुराशययुक्त छ भन्ने भनाइ तर्फ हेर्दा मिति २०५२।२।३० को खण्ड ४५, अतिरिक्तांक ६ (क) को नेपाल राजपत्रमा प्रतिनिधि सभा विघटनको विज्ञप्ती प्रकाशित भएको पाइन्छ । उक्त विज्ञप्तीमा निवेदकले हाल विवाद उठाए बमोजिमको कुरा उल्लेख भएको पाइन्न । यस्तो अवस्थामा संविधानको धारा ३५ (६) मा " श्री ५ मा यस संविधान बमोजिम मन्त्री परिषद वा अन्य कुनै निकाय वा पदाधिकारीले कुनै सल्लाह वा सिफारिश चढाएको छ वा छैन वा के कस्तो सल्लाह वा सिफारिश चढाएको छ भन्ने प्रश्न कुनै पनि अदालतमा उठाउन पाउने छैन " भन्ने लेखिएकोले सम्माननीय प्रधानमन्त्रीले चढाउनु भएको सिफारिश र सिफारिशको व्यहोरा (Previliged condition) भित्र पर्ने देखिंदा उक्त कुरा न्यायिक पुनरावलोकन क्षेत्रभित्र पर्दैन ।

निवेदकद्वारा प्रेषित वितरण भएको सिफारिशको प्रतिलिपिमा संविधानको धारा ४२ (२) बमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएको भन्ने कुरा र धारा ५३ (३) बमोजिम समावेदन गरेको कुरा उल्लेख हुनुको साथै सो सिफारिशको प्रतिलिपिमा सरकार चलाउन नदिई मुलुकमा अस्थिरता कायम गर्ने अन्यौल सिर्जना गर्ने कार्य भएको छ । सरकारलाई आफ्नो नीति र कार्यक्रम समेत प्रस्तुत गर्न तथा लागु गर्नबाट वंचित गर्न खोजिएको छ भन्दै मुलुकलाई स्पष्ट दिशा दिन वर्तमान अन्यौल समाप्त गरी निश्चित र स्थायी सरकार गठन गर्न जनादेश प्राप्तिको लागि जानु वांछनीय भएको भन्ने कुराहरू समेत दर्शाइएको पाइन्छ । धारा ४२ (२) र धारा ५३ (३) का कुरा बाहेक अन्य विभिन्न कारणहरू दर्शाई राजनैतिक कारणको आधारमा प्रतिनिधि सभा विघटनको सिफारिश भएको भनाइ रहेको पाइन्छ । धारा ५३ (३) र धारा ४२ (२) तर्फ असंवैधानिक नभएको कुरा माथि नै विवेचना गरिएको र धारा ५३ (३) धारा ४२ (२) को उल्लेखन गर्न दुराशय भन्न मिल्दैन । नियत र कार्य दुवैको संलग्नताबाट अपराधको निर्णय हुन्छ । अपराधिक मनले अनुसरित नभएको काम आफैमा अपराध हुँदैन । कुनै तथ्यहरूलाई नलुकाई सबै तथ्यहरूलाई स्पष्ट रूपमा उल्लेख गर्नु पारदर्शीता हो । छल

वा कपट गर्नेले तथ्यलाई लुकाउँछ, तथ्यलाई देखाउँदैन । सम्माननीय प्रधानमन्त्रीबाट प्रतिनिधि सभाको विघटनको सन्दर्भमा जाहेर गर्नु भएका सबै तथ्यहरू उक्त सिफारिश उपर निर्णय लिई बक्सीन श्री ५ मा जाहेर भएको र श्री ५ बाट ती सबै प्रश्नहरू उपर छलफल, विचार विमर्श गरी बक्सी उक्त सिफारिश बमोजिम गर्ने निर्णय लिई बक्सेको छ । प्रस्तुत मुद्दाको परिप्रेक्ष्यमा धारा ४२ (२) बाट धारा ४२ (१) अन्तर्गत वैकल्पिक सरकार बन्न नसक्ने प्रश्न तर्फ माथिका प्रकरणहरूमा विवेचना गरिएकोले प्रतिनिधि सभा विघटनको सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा न त (malice in law) कानूनको दुराशय छ न तथ्य (malice in fact) को दुराशय छ । वास्तवमा विवादग्रस्त सिफारिश दुराशयको भावनाले गरिएको प्रमाणित हुनुपर्छ । अनुमानको आधारमा दुराशयको निर्क्यौल गर्न मिल्दैन । शंकारहित प्रमाणबाट दुराशय प्रमाणित नभएसम्म दुराशय भन्न मिल्दैन । सम्माननीय प्रधानमन्त्रीले प्रतिनिधि सभाको विघटनको सिफारिश मिति २०५२।२।२६ मा श्री ५ महाराजाधिराजका हजूरमा चढाउनु भएको पाइन्छ ।

उक्त सिफारिश संविधान सम्मत छैन भनी वा दुराशयपूर्ण छ भनी निवेदक मौकामा नआई वैकल्पिक सरकार बनाउने तर्फ निवेदक समेतको दल लागेको राजदरबारमा दर्ता भएको मिति २०५२।२।२८ र मिति २०५२।२।२९ को निवेदनबाट देखिन्छ । मिति २०५२।२।३० मा श्री ५ महाराजाधिराजबाट प्रतिनिधि सभा विघटन गरी बक्सेपछि निवेदक समेतको राजनैतिक दल आफ्नो उद्देश्य बमोजिम वैकल्पिक सरकार बनाउन असफल भएको परिणामस्वरूप उक्त सिफारिशको वैधता र औचित्यलाई लिएर यस अदालतमा रिट क्षेत्रबाट प्रवेश गरेको स्थितिको यो मुद्दा हुँदा निवेदक मौकाको खोजीमा रहेको पाइन्छ । यी सबै सन्दर्भलाई हेर्दा दुराशय भनेर मात्र पुग्दैन । दुराशय प्रमाणित हुनुपर्छ । प्रमाणको अभावमा दुराशय भन्न मिल्दैन । अतएव प्रतिनिधि सभा विघटनको सिफारिश दुराशययुक्त छ भन्ने निवेदकको प्रश्न एवं आपत्ति मुनासिव देखिन्न ।

संविधानका धारा ५३ (१) मा एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारंभका बीचको अवधि ६ महिना भन्दा बढी हुनेछैन भन्ने संवैधानिक व्यवस्था भएको र आठौं अधिवेशन २०५१ साल माघ १८ गते समाप्त भएकोले अब निर्वाचन पछि अधिवेशन बस्दा ६ महिना भन्दा बढी हुनेहुंदा प्रतिनिधि सभा विघटन गरेको मिलेको छैन भन्ने कुनै निवेदनको लेखाइ र एमिकस क्यूरीको रूपमा रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री दमनाथ ढुंगानाले उठाउनु भएको प्रश्न तर्फ हेर्दा संविधानको धारा ५३ (१) मा " श्री ५ बाट प्रतिनिधि सभाको लागि निर्वाचन भएको एक महिना भित्र संसदको अधिवेशन आव्हान गरिवक्सनेछ । त्यसपछि यस संविधान बमोजिम श्री ५ बाट समय समयमा अन्य अधिवेशन आव्हान गरि वक्सनेछ । तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचका अवधि ६ महिना भन्दा बढी हुने छैन " भन्ने लेखिएको पाइन्छ ।

यस सन्दर्भमा उपरोक्त धाराको साथसाथै अरू धाराहरूलाई पनि हेर्न आवश्यक छ ।

धारा ४२ (४) मा " श्री ५ बाट प्रतिनिधि सभा भंग गरी ६ महिना भित्र अर्को निर्वाचन गराउने आदेश जारी गरी वक्सनेछ " भन्ने र धारा ५३ (४) मा " प्रतिनिधि सभा विघटन गरी

वक्सदा ६ महिना भित्र नयाँ प्रतिनिधि सभाको लागि निर्वाचन हुने मिति समेत तोकी वक्सनेछ" भन्ने लेखिएको पाइन्छ। समुच्चा संवैधानिक व्यवस्थालाई विचार नगरी कुनै धाराको प्रकरण वा खण्डको मात्र अर्थ गर्दा व्याख्यामा त्रुटि हुने सम्भावना हुन्छ। संविधानको धारा ५३ (१) को व्याख्या गर्दा तत् सम्बन्धमा व्यवस्था भएको संविधानको अन्य धाराहरू हेर्न आवश्यक हुन्छ।

प्रतिनिधि सभाको लागि निर्वाचन भएकोमा निर्वाचन भएको एक महिना भित्र संसदको अधिवेशन बोलाउनु पर्ने अनिवार्य तत्त्व हो। त्यसपछि श्री ५ बाट समय समयमा अन्य अधिवेशन आव्हान गरि वक्सनेछ " भन्ने लेखिएबाट त्यसमा समयको पावन्दी रहन नभएको कारणबाट श्री ५ बाट अधिवेशन आव्हान गरिवक्सने समय निर्धारण गर्न आवश्यक भई प्रतिबन्धात्मक वाक्यांश राखी एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि ६ महिनाभन्दा बढी हुने छैन " भन्ने व्यवस्था गरिएको हो। धारा ४५ (३) मा " यस संविधान बमोजिम अगावै विघटन भएमा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुनेछ " भन्ने भएकोले प्रतिनिधि सभा अगावै विघटन भएकोमा बाहेक एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि ६ महिनाभन्दा बढी नहुने व्यवस्था एउटा नियमित व्यवस्था हो। उक्त ६ महिनाको व्यवस्था आफ्नो कार्यकाल समाप्त नभएको जीवित रहेको संसदको लागी हो र कार्यकाल भन्दा अगावै प्रतिनिधि सभा विघटन भई निर्वाचन भएमा निर्वाचन भएको एक महिना भित्र संसदको अधिवेशन आव्हान हुने हो। अर्थात् प्रतिनिधि सभाको निर्वाचन भएपछि संसद कहिले बस्ने र त्यसपछि प्रतिनिधि सभाको कार्यकाल सम्म अधिवेशन कहिले बस्ने हो सो को समेत निर्धारण व्यवस्था धारा ५३ (१) र त्यसको प्रतिबन्धात्मक वाक्यांशले गरेको हो। प्रतिनिधि सभा जीवित रहेको अवस्थामा धारा ५३ (१) को प्रतिवन्धात्मक वाक्यांश आकर्षित हुने कुरा धारा ४२ (४) र धारा ५३ (४) को व्यवस्थाले समेत प्रष्ट पार्दछ।

धारा ४२ (४) र धारा ५३ (४) मा ६ महिना भित्र प्रतिनिधि सभाको निर्वाचन गर्ने संवैधानिक व्यवस्था भएबाट प्रतिनिधि सभा विघटन भएको ६ महिना भित्रको आखिरी दिन प्रतिनिधि सभाको निर्वाचन मिति तोकिएमा निर्वाचन पछि बस्ने प्रतिनिधि सभाको अधिवेशन स्वत: ६ महिना नाघी ६ महिना भन्दा बढी हुनजान्छ। संवैधानिक व्यवस्थालाई नै खलल पुग्ने गरी व्याख्या गर्न मिल्दैन। असुविस्ता एवं बाधा हटाउने व्याख्याको सिद्धान्त अपनाउनु पर्छ र व्याख्या सार्थक हुनु पर्छ। प्रतिनिधि सभा विघटन भएको ६ महिना भित्र निर्वाचन भई सो समयभित्र अधिवेशन बस्ने परिपाटी मेजव्दारा लिखित (Parliamentary practice) मा लेखिएको कुरा उधृत भएकोमा बेलायतमा लिखित संविधान छैन। परम्परा एवं परिपाटीबाट त्यहां संवैधानिक कानूनको विकास भएको पाइन्छ। व्यवहारमा केही विदाको दिनहरूमा बाहेक त्यहाँ संसद वर्ष भरी जस्तै बसेको हुन्छ। यहाँ यस्तो छैन। हाम्रो लिखित संविधान छ। लिखित संविधानमा संवैधानिक प्रावधान अनुसार हुन्छ। संविधानको धारामा स्पष्ट व्यवस्था छ भने सो धाराको प्रतिकूल हुने गरी अन्य देशको परिपाटी स्वीकार्य योग्य हुँदैन। अत: हाम्रो लिखित संविधानको परिप्रेक्ष्यमा उपरोक्त परिपाटी एवं परम्परा सान्दर्भिक हुँदैन।

अत: उक्त आपत्ति मुनासिब देखिन्न । संविधानको धारा ५३ (४) बमोजिम सम्माननीय प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्ने गरेको सिफारिश उचित नदेखिए पनि उक्त सिफारिश बमोजिम श्री ५ बाट प्रतिनिधि सभा विघटन गरी बक्सी निर्वाचनको मिति समेत तोकी सकिएको छ । राजनैतिक दलहरू प्रतिनिधि सभाको निर्वाचनको लागि आ-आफ्नो दलहरूको नाम निर्वाचन आयोगमा दर्ता गरि सकेका छन् । सर्वसाधारण जनमानसमा निर्वाचनको माहौल आइ सकेको छ । निर्वाचन आयोगबाट समेत निर्वाचन सम्बन्धी काम तदारूकता साथ भई रहेकोछ । सिफारिश कारगत एवं कार्यान्वित भइ सकेको छ । यी सबैको परिप्रेक्ष्यमा आइन्दा हुनु पर्ने र गर्नुपर्ने मार्गदर्शन गर्दै प्रतिनिधि सभा विघटनको सम्बन्धमा भविष्य प्रभावी (prospetive) निर्णय हुन उचित हुने भन्ने विपक्षी सम्माननीय प्रधानमन्त्रीको तर्फबाट रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ताको वहस भएकोमा मौजूदा स्थिति र अवस्थामा माथि विभिन्न प्रकरणहरूमा निवेदकबाट उठाइएको विभिन्न प्रश्न एवं आपत्तिहरू माथिको प्रकरणमा लेखिए बमोजिम मनासिब नदेखिएकोले सो तर्फ विचार गर्न पर्ने अवस्था देखिएन । विभिन्न प्रकरणहरूमा उल्लेख भए बमोजिम प्रतिनिधि सभा विघटनको सिफारिशमा कुनै संवैधानिक त्रुटी देखिएन । संविधानको त्रुटी नदेखिएकोले संविधानको प्रतिकूल भन्न मिलेन । संविधानको धारा ४२ (१) बमोजिम दुई वा दुई भन्दा बढी दलहरूको समर्थनबाट प्रधानमन्त्रीको चयन भई मन्त्री परिषद गठन हुन नसकेको कारणबाट धारा ४२ (१) ले प्रदान गरेको हक सुविधा (exhault) भएपछि धारा ४२ (२) अन्तर्गत प्रधान मन्त्री नियुक्त भई गठन भएको प्रस्तुत यो सरकार हो । सम्माननीय प्रधानमन्त्रीले राजीनामा दिनु भएको छैन । मन्त्री परिषद कायम छ । विश्वासको मत संवैधानिक प्रकृया बमोजिम समाप्त नभएकोले कायमै थियो । प्रधानमन्त्री र मन्त्रिपरिषद कायमै भएको अवस्थामा वैकल्पिक सरकार रोज्ने कसरी ?

निवेदक हरिप्रसाद नेपाल समेत विरूद्ध सम्माननीय प्रधानमन्त्री श्री गिरीजा प्रसाद भएको रिट मुद्दामा सं.प्रधानमन्त्रीले राजिनामा गर्नु भएको थियो, सो अवस्थामा वैकल्पिक सरकारको दावी सान्दर्भिक थियो, तर प्रस्तुत रीटमा यो राजिनामा छैन । सार्वभौमसत्ता सम्पन्न जनताका अभिमतको लागि निर्वाचनको माध्यमबाट जनतामा जान प्रतिनिधि सभाको विघटन संवैधानिक मान्यता र संसदीय प्रजातन्त्रको मान्यता र परम्परामा आधारित छ । प्रजातन्त्रलाई सुदृढीकरण र सम्वर्द्धन गर्ने र दिगो एवं स्थायी सरकारको लागि जनादेशमा जानु संसदीय प्रजातन्त्रको लागि सकारात्मक पक्ष हो । यसबाट अन्यौलको स्थिति समाप्त हुन्छ र मुलुकलाई एउटा स्पष्ट दिशाबोध हुन्छ ।

माथि लेखिए बमोजिम प्रतिनिधि सभाको विघटनको सम्बन्धमा विचार विमर्श हुँदा श्री ५ बाट सबै प्रश्नहरूमा सल्लाह परामर्श भएकै हुन्छ । प्रतिनिधि सभा विघटनको सिफारिश मिति २०५२।२।२६ मा चढाएपछि चार दिन सम्म यस्तो विचार विमर्श एवं सल्लाह परामर्शको क्रिया चालु रही मिति २०५२।२।३० मा सिफारिश बमोजिम प्रतिनिधि सभा विघटन भएको छ । वैकल्पिक सरकार गठन हुन सक्ने नसक्ने र त्यस्तो वैकल्पिक सरकार गठन हुन सक्ने भए कतिको स्थायी र टिकाउन (Stable and Durable) हुने यी सबै प्रश्नहरूमा श्री ५ बाट यथोचित विचार गरी बक्सेको हुन्छ । यस सिलसिलामा श्री ५ बाट को कस सँग परामर्श लिइ बक्स्यो र को कसले के कस्तो सल्लाह टक्र्याए र कुन आधारमा मौसूफ सरकार सम्माननीय

प्रधानमन्त्रीको सिफारिश अनुसार प्रतिनिधि सभा विघटन गर्ने निर्णयमा पुगी बक्स्यो । यी सबै श्री ५ को विवेकबाट भएको र यस्तो कुरा अदालतको छानबीन र निर्णयको विषय हुन सक्दैन । निर्वाचनको भार खप्न नसक्ने अवस्थामा प्रतिनिधि सभाको निर्वाचन गर्नको लागि मध्यावधिमा जान नमिल्ने संवैधानिक व्यवस्था छैन । मध्यावधि निर्वाचनको भार बोझिलो हुने नहुने प्रतिनिधि सभा विघटनको सिफारिश गर्ने प्रधानमन्त्री र सो सिफारिश बमोजिम गरी बक्सने श्री ५ को विचाराधीनको विषयवस्तु हो ।

देशको समसामयिक परिस्थिती राजनैतिक, आर्थिक सम्बन्धी कुराहरूको विषयमा श्री ५ मा जाहेर गर्नु प्रधानमन्त्रीको कर्तव्य हुन्छ । प्रतिनिधि सभाको विघटन गरी जन समक्ष जान वांछनीय भएको भनी विकल्प रोज्ने निष्कर्षमा पुग्ने प्रधानमन्त्रीले देशको राजनैतिक अवस्थाको विश्लेषणबाट आवश्यक ठान्ने कुरा भएको र त्यस्तो निष्कर्षमा पुग्न परेका कारणहरू आधारहरू श्री ५ लाई जानकारी होस् भन्ने अभिप्रायबाट कारणहरू उल्लेख हुन्छन् । कारणहरू रहे भएको मिति २०५२।२।३० को विज्ञप्तीले पनि देखाएको छ । प्रतिनिधि सभा विघटन गर्न पर्ने वान्छनीय देखिएको कुराहरूमा सन्तुष्टि लिने र दिने कुरा श्री ५ र प्रधान मन्त्रीको बीचको कुरा हुन्छ । संविधान सम्मत सिफारिश छ भने श्री ५ बाट सिफारिश बमोजिम गरि बक्सने अवस्था हुन्छ । माथि उल्लेख भए बमोजिम सम्माननीय प्रधानमन्त्रीबाट प्रतिनिधि सभा विघटनको सिफारिश संविधानको प्रतिकूल देखिन्न । निवेदकले प्रेषित गर्नु भएको प्रतिनिधि सभाको विघटनको सिफारिशमा धारा ४२ (२) बमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएको र धारा ५३ (३) बमोजिम समावेदन गरेको भन्ने कुराहरू देखिएको उल्लेखित सो संवैधानिक कुराहरूका सम्बन्धमा माथि नै विवेचना भै सकेको र सिफारिशका अन्य कुराहरू सम्माननीय प्रधानमन्त्रीले राजनैतिक आधारको रूपमा चढाउनु भएको पाइन्छ । प्रतिनिधि सभाको विघटनको सिफारिशको राजनैतिक प्रश्नमा अदालत प्रवेश गर्न मिल्दैन । निवेदकले उठाउनु भएका प्रश्न एवं आपत्तिहरूमा कुनै युक्तियुक्त सारतत्त्व विद्यमान रहेको देखिन्न ।

अतएव संविधान प्रदत्त अधिकारयुक्त सम्माननीय प्रधानमन्त्रीबाट संविधान सम्मत तरीकाबाट प्रतिनिधि सभा विघटन गर्ने सिफारिश भएको र विवेक प्रयोग गरिबक्सी त्यस्तो सिफारिश बमोजिम श्री ५ बाट प्रतिनिधि सभा विघटन गरिबक्सेको र निर्वाचनको मिति तोकिबक्सेको घोषणामा समेत कुनै संवैधानिक त्रुटी नदेखिई संविधानको मूल्य र मान्यताको विपरीत नहुँदा प्रस्तुत रीट निवेदन जारी हुने अवस्थाको देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । रीट जारी गर्ने गरेको बहुमतको रायसँग सहमत नहुँदा बेग्लै राय अभिव्यक्त गरेको छु ।

सही त्रिलोक प्रताप राणा
न्यायाधीश

हामीहरूको सहमति छ ।
सही ओमभक्त श्रेष्ठ
न्यायाधीश

सही कृष्णजंग रायमाझी
न्यायाधीश

इति सम्वत् २०५२ साल भाद्र १२ गते रोज २ शुभम् .....

प्रधानमन्त्रीले श्री ५ लाई तेर्स्याएर दूनो सोह्र्याउन पाउँदैन

- प्र.न्या. विश्वनाथप्रसाद उपाध्याय

विश्वनाथलाई फाँसी दे। फाँसी दे॥ फाँसी दे॥॥;

विश्वनाथ बद्दु हो। सिआईएको कद्दु हो॥

भाद्र १२ गते अपरान्हदेखि नै राजधानीका सडकहरूमा यस्ता नाराहरू चर्कि नै रह्यो। राजधानीका नागरिकहरू अचम्मित थिए, भयभित थिए र आक्रान्त पनि। यी सबै हल्लाहरूबीच संसदको पुनर्स्थापनाको ऐतिहासिक फैसला दिने साहसी सम्माननीय प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय के गरिरहनु भएको छ म र साथी शरद गएको शनिवार उहाँकहाँ पुग्यौं। प्रधानन्याधीश विश्वनाथ उपाध्यायलाई जस्तो कि धेरै पटक भेटेका थियौं। जहिले पनि तनावरहित, सहज र उही न्यानोपनामा उस्तै हुनुहुन्थ्यो।

बालुवाटारको बैठकमा हामीबीच धेरै थुप्रै अनौपचारिक कुराहरू भए। प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायको यो व्यक्तित्व कसरी तयार भयो हामी छलफलकै क्रममा निकै उत्सुक थियौं। उहाँ भन्दै हुनुहुन्थ्यो- 'यो मेरो पिता-पुर्खाले अर्जेको गुण हो र त्यसपछि वी.एच.यु. को शैक्षिक आदर्श पनि पसे मेरो रगतमा। म त्यसै गरी बन्दै गएँ। त्यसपछि मैले अनुमति मागें। टेप खोलु भनेर। वहाँ सहज हुनुभयो, तनावरहित र मेरो वार्ता शुरू भयो। यो करीव ४० मिनेट लामो टेप वार्ताको केही अंश हो।

निरोध पाण्डे : कहिल्यै दुःखित हुनु भएको छ ? अर्थात् दुःख लाग्छ ?

प्र.न्यायाधीश : दुःख लाग्ने भन्ने कुरा मान्छेको Sentiments त हुन्छ। त्यस्तै मन घोच्ने कुरा भयो भने त दुःख लाग्छ।

पाण्डे : जस्तो कि अहिलेको बाहिरको वातावरणले गर्दा तपाईको मन घोचेको छ ? तपाईको विरूद्धको यो माहौल ?

प्र.न्या. हैन, हैन। मैले आफूले श्रम गरेको ठीक छ भन्ने विश्वास छ भने मेरो जति विरोध भयो म त्यति नै बलियो हुन्छु। मेरो Temperament नै त्यस्तो छ।

पाण्डेः कतै त्यस्तो रोग त होइन, जति विरोध भयो त्यति हाँसिने ?

प्र.न्या : होइन, होइन मैले गल्ती गरें भने त म बोल्न पनि सक्तिन।

पाण्डे : कसरी थाहा पाउनु हुन्छ गल्ती भयो कि भएन भनेर ?

प्र.न्याः म analyse गर्छु। म आफै analyse गर्छु, मैले के विराएँ, मैले के गल्ती गरें भनेर।

पाण्डे: जस्तो कि अहिले Verdict मा मनको कुनै कुना कन्दरामा गल्ती भयो भन्ने लाग्या छ ?

प्र.न्या. मैले गल्ती नै गरेको छैन। मेरो firm conviction हो त्यो। मैले गल्ती गरेको थिएँ होला, गल्ती गरें भने अरू सात सात जनाले के गर्नु भएको थियो त ? अर्को कुरा, म illogical कुरा त लेख्न नै सक्तिन। फैसलामा Consistency भएन भने म फैसला गर्न सक्तिन। म दुई लाईन लेख्न सक्तिन। मैले logically justify गर्न सकिन भने म कुनै कुरा लेख्न सक्तिन।

पाण्डे : कहिलकाहिं त्यस्तो पनि हुनसक्छ प्रधानन्यायाधीशले लेखेको फैसला अन्य सात जना न्यायाधीशज्यूहरूले भइगयो प्रधानन्यायाधीशले लेखेकै version मा सहमति जनाइदिउँ भन्ने। व्यक्तिगत कमजोरीहरूले गर्दा ?

प्र.न्या : सातजनै न्यायाधीशज्यूहरूलाई कमजोर कसरी भन्ने ? फेरी मैले logically justify नगरेको कुरा त तपाईको दिमागमा पनि लाग्छ। मेरो दिमागमा पनि लाग्छ

पाण्डे : तर अहिले एमालेका सारा कार्यकर्ताहरूलाई यो logically लागेको छैन, त्यसलाई चाहिं के भन्नु हुन्छ ?

प्र. न्या. : हेर्नुस्, पूर्वाग्रह राखेर हेर्ने हो भने त्यसो हुनसक्छ। मैले अघि भनेनी- विश्वनायलाई फाँसी दे भन्ने अहिलेका प्रदर्शनकारीहरू मध्ये दुईजनालाई हाम्रा एक जना न्यायसेवाका सदस्यले सोधेछन् - यो विश्वनाय भनेको को हो भन्दा प्रदर्शनकारीहरूले जवाफ दिएछन्- खोइ हामीलाई पनि थाहा छैन। त्यस्ता एमालेका कार्यकर्तालाई लागेको छ भन्दैमा Illogical हुदैन।

पाण्डे : तपाईहरूको फैसला निवेदकको मागदावी अनुसार नभएर प्रतिवादीको प्रत्युत्तरको आधारमा आएको छ भनी आलोचना भइरहेको छ, के भन्नुहुन्छ ?

प्र.न्या.: हैन। हाम्रो फैसला सबै Issue based मात्रै हो।। Petitioner ले के प्रश्न उठायो, त्यसको कुरा ठीक छ कि छैन। dafendant प्रधानमन्त्रीले के भन्नु भयो भने, यो मेरो विशिष्ट अधिकार हो। हामीले भन्यौं हो, यो विशिष्ट अधिकार हो। यसले सरकारलाई स्थायित्व पनि दिन्छ। यो Political Problem resolve गर्न कहिलेकाहीं आवश्यक हुन्छ। तर यसको दुरूपयोग चाहिं हुनुहुन्न।

पाण्डे : यो वाइमरलाई अझै जर्मनीलाई नै तोक्नु भयो, जहाँबाट हिटलर जन्मिएका थिए किन ?

प्र.न्या. : त्यस्तै एउटा Constitution छ जो पटक पटकको dissolution ले गर्दा खतम भयो।

पाण्डे : किन एमालेलाई वाइमरको उल्लेखले मात्रै घोचेको होला। तपाईंलाई के लाग्छ ?

प्र.न्या. : मलाई थाहा छैन। त्यो मलाई थाहा छैन। उहाँहरूले आफैंले थाहा पाउनु पर्ने कुरा हो। मैले कसैलाई लेखेको होइन। त्यही पनि उहाँहरू आफूलाई नै इंगित गरेर त्यो कुरा भन्छन भने मलाई थाहा छैन। किन त्यस्तो अनभव गरे। त्यो त उनीहरूले बुझ्ने कुरा हो। म कसरी भन्न सक्छु ?

पाण्डे : रिट निवेदकले माग दावी नगरेका विषयमा तपाईहरूले verdict दिनु भएको भनिन्छ नि ?

प्र.न्या.: कुन चाहिं ? कुन चाहिं एउटा भन्नुस ?

पाण्डे : जस्तो कि बजेट ।

प्र.न्या.: बजेटको कुरा । बजेटको कुरा वकिलले उठाएका थिए । त्यो पनि मैले एमाले सरकारको सम्बन्धमा भनेको होइन । एउटा यस्तो Unhelathy परम्परा भइसकेको छ भनेर उल्लेख गरें ।

पाण्डे : त्यै Unhelathy भनेर किट्नु ...।

प्र.न्या.: पल्नुस् । त्यो कुरा हिजोको सरकारको सम्बन्धमा पनि छ मेरो भनाई । परम्परा भनेको त अहिलेकोलाई मात्रै भनिदैन नि ?

पाण्डे : न्यायाधीशहरूको verdict double standard भएको कुरा उठेको छ ?

प्र.न्या.: कुन चाहिं double standard ?

पाण्डे : केही न्यायाधीशहरू पहिलेको नजिरभन्दा बेग्ले भएर उभिएका छन भन्ने...।

प्र.न्या.: त्यो त layman ले भन्ने कुरा हो ।

पाण्डे :Double standard कसरी होइन भन्नु भएको त्यो चाहिं स्पष्ट गरौं न ?

प्र.न्या.: कुन चाहिं double standard, कसरी double standard भन्नु भयो ?

पाण्डे : जस्तो कि प्रधानमन्त्रीको विशेषाधिकार बारे । श्री ५ को स्वविवेकीय अधिकार बारे ।

प्र.न्या.:अहिले हामीले के भनेका छौं र ? श्री ५ ले विघटन गर्न पाइवक्सिन्न भनेका छौं र हामीले ? प्रधानमन्त्रीको विशेषाधिकार छैन भनेका छौं र ?

पाण्डे : तर पहिले र अहिलेको राय फरक छ नि ?

प्र.न्या.: हामीले के भनेका छौं भने It should be consistant with the constituent त्यति मात्रै हो, हाम्रो भनाई । विशेषाधिकार पनि छ । कसले भन्छ ? ५३ (४) ले टड्कारो रूपले छ भनेको विशेषाधिकार कसले छैन भन्न सक्छ ?

पाण्डे : तर तपाईहरूले ५३ (३) र ५३(४) को बारे तपाईहरूको व्याख्याले संविधानलाई संशोधन नै गरे जस्तो भएन ?

प्र.न्या. हेर्नुस् । हाम्रो संविधान वमोजिम Parliamentary system हाम्रो Basic Structure हो । Artical ११६ ले के भन्छ भने त्यो Basic Structure जुन संविधानको Preamble मा भनिएको छ That is unamendable । त्यसलाई amen गर्न सकिन्न । Constitutional power use गरेर पनि त्यो amend हुन सक्दैन । Parliamentary system - one of them हो । भोलि constitutional monarchy लाई खतम पार्छु भनेर संशोधन गर्न पाइदैन । त्यसैगरी बहुदलीय पद्धति छ, स्वतन्त्र न्यायपालिका छ त्यो

कसैले खतम पार्न सक्तैन । त्यो वेला न्यायालयले नै भन्छ । come on यो चाहिं भएन । या चाहिं गैरसंवैधानिक भयो, तिम्रो amendment We don't accept it. Constituent power लाई पनि त्यो restriction लगाएको छ र restriction लाई नाघेको छ कि छैन भनेर भोली चाहिं न्यायालयले भन्छ ।

पाण्डे: संविधानमा प्रधानमन्त्रीको विशेषाधिकारको प्रावधान अप्ठेरोमा परेको भन्छन् नि ?

प्र.न्या. : प्रधानमन्त्रीको यो विशेषाधिकारप्रति हामीलाई कुनै अप्ठेरो छैन । तर ५३(३) को प्रकृया सकिएपछि गर्नुस् हामीले अरू के भनेका छौं ।

पाण्डे : अहिलको यो फैसला आइसकेपछि पनि अब प्रधानमन्त्रीको विशेषाधिकारको कुनै कुरा रहन्छ र ?

प्र.न्या.: छ, छ । तर के भने ५३(३) बमोजिम विशेष अधिवेशन डाकियो, ५९(२) बमोजिम अविश्वासको प्रस्ताव पेश गर्न । त्यो प्रकृया पूरा हुन दिनुस् अनि गर्नुस् तपाइले । हामीले गर्न पाउनु हुन्न त भनेका छैनौं कहिले पनि ।

पाण्डे : सर्वोच्चको फैसलाप्रति प्रधानमन्त्रीले दिनु भएको वक्तव्यतिर ध्यान तान्छु तपाइको । के भन्नु हुन्छ ?

प्र.न्या.: कस्तो छ भने वहाँको विरूद्ध मुद्दा परेको छ । And we have to decide that case । त्यसैले म त्यसमा टिप्पणी गर्दिन ।

पाण्डे :मुद्दा पनि परिसके छ ?

प्र.न्या.: मुद्दा परिसकेको छ । and we have to see that question. हामीले त्यो मुद्दा हेर्नु पर्दछ । प्रधानमन्त्री वा कसैले अवहेलना गऱ्यो भन्दैमा हामीले नहेर्ने होइन । Court has to decide it.चाहे त्यो मैले गरूँ वा नगरूँ । तर court has to decide it.

पाण्डे : संविधानको अपव्याख्या भएको कुरा आयो नि ?

प्र.न्या.: अपव्याख्याको contest किन भन्नु भयो अहिले यसवारेमा म कसरी भनुँ ?

पाण्डे : धेरैजसो मानिसहरू कस्तो सोचाई राख्दछन् भने राणा गयो कार्यपालिकाको स्वेच्छाचारिताले, पंचायत गयो- विधायिकाको निरंकुशताले, अब बहुदल जानेभयो -न्यायपालिकाको स्वेच्छाचारिताले । विगत ५।६ वर्षमा न्यायपालिकाले आफ्नो सर्वोच्चता वा कठोरता कायम गर्ने नाउँमा जस्तो जस्तो निर्णय गरेको छ - against government त्यो हेर्दा...

प्र.न्या.: Against government होइन । हामीले टनकपुरको निर्णय गऱ्यौं for national interest. We have decided legal position के छ भनेर । दुनियाँले मानेको टनकपुर सन्धि थियो । World conventions हरूले -हाम्रो कानूनले, त्यसलाई सन्धिनै परिभाषित गर्दछ । हामीले के त सरकारले यस्तो गऱ्यो भन्दा, हामीले सन्धि होइन भनिदिनु । will that be correct ? अनि पोहोर सालको विघटनको कुरा आयो । पोहोर सालको विघटनमा एउटा बहुमतको सरकार थियो । बहुमतको सरकारको प्रधानमन्त्रीको कार्यक्रम फेल गऱ्यो । त्यसै गएको थिएन । गिरिजाप्रसाद कोइराला । उहाँले पेश गरेको

कार्यक्रम फेल भयो। संसदले फेल गऱ्यो। फेलभएपछि उहाँले राजीनामा गर्नु भयो। कमसेकम राजीनामा त भयो।

पाण्डे : तपाई कानून व्यवसायीहरूसित किन रिसाउनु भएको भन्नुस् त, प्रधानन्यायाधीशज्यू ?

प्र.न्या. : म किन रिसाउने ?

पाण्डे : तपाइहरूले कानुन व्यवसायीहरूलाई यस्तो छुच्चो गाली गर्नु भएको छ आफ्नै फैसलामा -

प्र.न्या. : मैले गाली गरेको छैन। मैले त उहाँहरूले जे गर्नु भयो त्यही कुरा भनिरहेको छु। मैले त सबैको अगाडि प्रश्न गरेको हुँ।

पाण्डे : सायद त्यसैले होला तपाईले प्रधानमन्त्रीको जवाफलाई मात्रै आधार बनाएर फैसला तयार गर्नु भयो ?

प्र.न्या.: मैले petitioner को माग र जवाफलाई पनि आधार बनाएको छु। त्यसैमा deal गरेको छु। मैले निवेदकको कुरा फैसलामा किन लेख्नु परेन भने मेरो दृष्टिकोणले उहाँहरूको जुन कुरा थियो त्यो ठीक थियो। त्यसैले प्रधानमन्त्रीको कुराको जवाफ दिए पुग्यो।

पाण्डे : फैसला लेख्दा तपाई आक्रामक हुनु भएको छ ?

प्र.न्या.: म आक्रामक भएको छैन। मेरो शैली हेर्नुस् मेरो भाषा हेर्नुस् आक्रामक छैन। टनकपुरको मुद्दामा हेर्नुस् मैले सरकारलाई कति कुरा भनेको छु।

पाण्डे : अहिले तपाईलाई के लाग्छ ? अहिले एमालेहरू किन खुशी छैनन् त ?

प्र.न्या. :मलाई थाहा छैन। उहाँहरूलाई नै सोध्नु पर्दछ। यो आ-आफ्नो tolerance को कुरा हो। संसदीय प्रणाली भनेको नै tolerance र patience को समझदारीको सरकार हो। अब जसले tolerance नै गर्न सक्तैन आफ्नो विरोधका कुराहरू, त्यसको सम्बन्धमा म केही पनि भन्न चाहन्न।

पाण्डे : संवैधानिक राजालाई पनि फैसलाबाट खुम्च्याई दिनु भयो भनेर भन्छन नि ?

प्र. न्या.: मैले कँहि पनि खुम्च्याएको छैन। श्री ५ आफ्नो discretion मा गरिवक्सेको काममा हामीले बोल्न सक्तैनौं, भनेका छौं। हामीले बोल्न मिल्दैन भनेका छौं। मेरो विचार क्लियर छ। तर अर्काको सल्लाह अनुसार गरिवक्सेको कुरालाई हामी भन्न सक्छौं। प्रधानमन्त्री वा मन्त्रिपरिषदले श्री ५ लाई अगाडि तेर्स्याएर आफ्नो दुनो सोझ्याउन पाउँदैन। हामीले भनेको नै त्यही हो।

पाण्डे : तर हाम्रो समाजमा श्री ५ को अधिकार बारे ठूलो छ ....

प्र.न्या. : हेर्नुस् पहिले श्री ५ वाट ऐन वन्दथ्यो। मुलुकी ऐन श्री ५ वाट वक्सेको हो। श्री ५ वाट जारी हुन्थे ऐन। मुलकी ऐनका कतिपय प्रावधानहरूलाई हामीले असंवैधानिक घोषणा गऱ्यौं। किन गऱ्यौं ? त्यसैले श्री ५ को नाउँमा भएका गलत कामले संरक्षण प्राप्त गर्न नसकोस्। तर श्री ५ ले आफ्नो discretion मा गरिवक्सेको काममा हामी interfare गर्दैनौं। हामी पनि सम्मान गर्दछौं।

पाण्डे : श्री ५ का बारे यी अनावश्यक कुरा बोलि बोलि राजालाई Provoke किन गर्न खोज्नु भएको तपाईंले ?

प्र.न्या. : हैन, हैन त्यस्तो केही भनेको नै छैन। यो त आफ्नो अर्थ गराइको कुरा हो। हामी त राजनीतिमा प्रवेश पनि गर्दैनौं र कसैलाई drag पनि गर्दैनौं। फन् श्री ५ महाराजाधिराज सरकारलाई drag गर्ने त कुरै आउदैन। हामीले त constitutional position clear गर्यौं। जुन अरू मुलुकमा पनि छ। head of the state ले discretion ले गरेको काममा interfare गर्दैन। हामीले त श्री ५ ले स्वविवेकमा गरिवक्सेको काममा हेर्दैनौं भन्यौं। राजसंस्थालाई विवादमा ल्याउँदैनौं भन्यौं।

पाण्डे : जसरी यी कुराहरू बोल्न आवश्यक थिएन तपाइहरू बोल्नु भो भन्छन् ?

प्र.न्या. : होइन, होइन Question raise भएको थियो।

भोलि भनौंन constitutional appointment भयो विदेशीलाई constitutional council को सिफारिशमा धोखाले श्री ५ बाट नियुक्त हुन गयो भने। त्यस्तो अवस्थामा के गर्ने, कसले गर्ने ? श्री ५ बाट गर्न नमिल्ने। अदालतले गर्न नसक्ने। त कस्ले गर्ने ? ल भन्नुस् त ? श्री ५ को नाउँबाट अर्काको अर्कोले सिफारिश गरेर राजाको नाउँबाट गरिएको काम कुराहरू अदालतले नबोले कसले बोल्ने ? राजाले आफै बदर गर्न सकिवक्सन्न। सरकारले बदर गर्न सक्तैन। आफैं अदालतले पनि बदर गर्न सकेन भने देखि त विदेशीले पनि जागीर खाए नै भयो। के गर्नु हुन्छ त ?

त्यसैले एउटा सिद्धान्त के छ भने महाराजाधिराज सरकारले आफ्नो discretion मा गरिवक्सेको काममा हामी interfare गर्दैनौं। त्यो line draw गरेका छौं। तर recodmend गरेर सरकारबाट गराइएको छ भने त्यो हेर्छौं। त्यसको नियत हेर्छौं। सवयोक हेर्छौं। र त्यसलाई सदर बदर गर्छौं।

पाण्डे : बाहिर हल्ला छ, विश्वनाथलाई फाँसी दे। विश्वनाथ छट्टु हो, सि.आइ.ए.को कट्टु हो भन्नेसम्मको नारा लागेको छ। कस्तो लाग्छ यस्तो कुरा सुन्दा तपाईं चुप लागेर बस्नु हुन्छ ?

प्र.न्या.: हामी के गर्न सक्छौं। हामीले त बुद्धिले काम गर्ने हो। हामीसित तरवार छैन। घन पनि छैन।

पाण्डे : सजाय गर्ने ठाउँ होला नि त ...।

प्र.न्या.: सरकारले नै टेर्दैन जसले कार्यान्वयन गर्ने उसले नै टेर्दैन हामीले के गर्ने ?

पाण्डे : जिन्दगीमा यतिविघ्न फैसला गर्नु भयो जानेर वा नजानेर कहिल्यै कुनै मुद्दामा गल्ती गरेको जस्तो लागेको छ ?

प्र.न्या. : छैन, छैन। मैले भने नी पंचायतको समयमा वम काण्डको मुद्दामा मलाई धेरैले भने आफ्नै साथी न्यायाधीशहरूले पनि विचार गर्नुस् भन्ये। मैले भनें न्यायाधीशको कुर्सीमा वसेपछि मेरो conscience मा लागिसकेपछि म जागीर छोड्नु पर्छ भने पनि म अन्यथा गर्न सक्तिन। र गरिन पनि। मैले Bow down गरेको छैन, कुनै पनि मुद्दामा।

पाण्डे : हैन सपनामा कहिल्यै यो विवादको कुराले पोल्छ कि भनेको ? फैसला भएका, हुन बाँकी वा वादी प्रतिवादी ...

प्र.न्या.: अहँ त्यस्तो देख्दिन। फैसला नगरूञ्जेल मेरो दिमाग अल्झिएको हुन्छ। खादाँखेरी, बस्दा खेरी, हिड्दा खेरी पनि समस्याहरू दिमागमा घुमिरहेका हुन्छन्। तर समाधान गरिसकेपछि छ्याङ्ग भइहाल्छ। जबसम्म मेरो दिमागले issue हरू resolve गर्दैन। तबसम्म मेरो दिमाग धेरै भौतारिरहन्छ। resolve गरिसकेपछि ...।

पाण्डे : Resolve गर्दा के कुराले मद्दत पुऱ्याउँछ ?

प्र.न्या.: मलाई खुशी लाग्छ। कुनै निष्कर्षमा पुगें भने कुनै resolve गरे भने म साहै खुशी हुन्छु। अनि विलकूल टेनसन कम हुन्छ।

पाण्डे : यो फैसला गर्दा पनि tension थियो ?

प्र.न्या.: थियो, निश्चित थियो। म रातभरी सुतेको थिइन। resolve नहुञ्जेल म रातरात भरी लेखेर बस्दथें।

पाण्डे : Resolve गर्दा कुनै कुराले प्रभाव पार्छ ? जस्तो कि गीत, संगीत ?

प्र.न्या. : होइन, त्यस्तो होइन। logic ले प्रभाव पार्दो हो। त्यसैले म logic हरू खेलाइरहन्छु। विवेचना गरिरहन्छु र logic को flow पनि हेर्छु।

पाण्डे : तपाईलाई सबभन्दा बढी मनपर्ने एउटा मात्र कुरा भन्नु पऱ्यो भने भन्नुस् न के हुन सक्छ ?

प्र.न्या. :हेर्नुस् मेरो आशक्ति केही कुरामा पनि छैन।

पाण्डे : राम्रो फूल पनि मन पर्दैन तपाईलाई ?

प्र.न्या. : हेरूँला । तर मैले नै लिनुपर्दछ, मैले नै राख्नु पर्दछ भन्नेखालको होइन। आहा भन्दछु। तर टिपेर राख्नु पर्दछ भन्ने चाहिं होइन। त्यस्तो कहिले पनि आएन। मलाई पैसाको पनि धोको रहेन।

पाण्डे : Retirement पछि के गर्नु हुन्छ ?

प्र.न्या. : अब हेर्नुस् retirement पछि अहिले नै भागेर जान्छ भनेर हल्ला गरिरहेका छन् तर म यहीं छु।

पाण्डे : नेपालमै ?

प्र.न्या. : नेपालमै।

पाण्डे : अमेरिका जाने मिथ्या हो।

प्र.न्या. : मिथ्या हो। तर कहिल्यै जान्न कसरी भन्ने। मेरा तीन छोरा छन्। तिनीहरू सपरिवारै त्यहाँ छन्। चारवटा नाति नातिना छन्। त्यो म कहिल्यै पनि जान्न त कसरी भनुँ।

पाण्डे : प्रधानन्यायाधीशहरू अवकाशको प्राय : एक महिना अघिदेखि नै अवकाश हुन्छन् भन्छन नि ?

प्र.न्या. : मलाई अमेरिका भाग्न खोजे भने। मलाई तर्साउन खोजे। मलाई डराउन खोजे। मैले पनि विदा लिने विचार गरेको थिएँ। बीस गतेदेखि। मैले मेरो सहयोगी न्यायाधीशलाई म विदा लिन्छु, तपाई बस्नुस् भन्ने पनि भनिसकेको थिएँ। म २०।२१ गतेदेखि विदा लिन्छु भनेर। तर अब म आफ्नो अवकाशको अन्तिम दिनसम्म बस्छु। किनकि मेरो विरूद्ध अनेक किसिमको हल्ला फैलाइयो, भाग्यो, रोक्, भन्ने पनि गरियो, म त यहीं बस्छु। तर ख्याल गर्नुस् म गएको दिन कसैले रोक्न पनि सक्तैन।

पाण्डे : तपाईं retaliate गरिरहनु भएको छ ?

प्र.न्या. : मैले त्यो काम गरिरहेको छु, जुन गर्नु पर्दछ with conviction retaliate कसरी गर्न सक्छु। त्यो पार्टी विरूद्ध म एक्लैले कसरी retaliate गर्न सक्छु। मेरो घरमा आगो लगाउन सक्छन्। cann't help it. State ले protection दियो भने दियो दिएन भने के गर्न सक्छु। तर भोलि मार्छन् भनेर कुनै काम पनि नगर्ने। त्यस्तै हो भने डर कै मानसिकताले धेरै कुरा विग्रन्छ। त्यो त म तयार छैन। मृत्युदेखि डर लाग्छ मान्छेलाई तर मलाई threat गरेर demoralized गराएर मलाई नचाहिने काम गराउने कसैको ताकत छैन। भगवानले पनि गराउन सक्तैन। मेरो जिन्दगीमा धेरै किसिमका दवाव आए। पंचायतमा अनेक प्रलोभन आए त सकेनन्।

पाण्डे : अहिले पनि धेरै लोभ आए होलान् ...?

प्र.न्या. : मलाई जिन्दगीमा धेरै लोभका कुरा आए। तर मैले आफ्नो कमाइले न्यायाधीशको कमाइले पनि होइन, गोल्छा उल्सको लिक्विडेट भएर घर किन्या हो, ज्ञानेश्वरको। अरू मेरो केही कमाइ छैन। आफ्नो बाबुको सम्पत्तिले झापामा २० विघा खेत थियो, त्यो अहिले बेच्दै छु। नौ दश लाखमा।

पाण्डे : के गर्नुहुन्छ, त्यो पैसाले ?

प्र.न्या. : त्यो पैसाले विराटनगरमा बाबुकै अंशले पाएको जग्गामा घर बनाउने विचार गरिरहेको छु।

पाण्डे : अवकाशपछि कहाँ बस्नु हुन्छ ?

प्र.न्या. काठमाडौं मै। काठमाडौंमै बस्छु। मलाई बाहिर जान गाह्रो छ। मेरो अलिकति हर्टको समस्या छ। १५ वर्ष भयो By pass गरेको। त्यही पनि बाँचेको छु।

पाण्डे : मृत्युसित डर लाग्छ ?

प्र.न्या. : त्यसैले त बाँचेको छु।

पाण्डे : पुनर्जन्ममा विश्वास गर्नु हुन्छ ?

प्र.न्या.: म अविश्वास पनि गर्दिन। विश्वास पनि गर्दिन। हामी अहिले विगत पनि छोड्न सक्तैनौं। नयाँलाई पनि अपनाउन सक्तैनौं। त्यस्तो युगमा हुर्किएका छौं। चाहे त्यो ईश्वर वा धर्मको कुरा होस्। दोधारोपन छ।

पाण्डे : यस्तो दोधारेपन न्यायमा पनि छ ?

प्र.न्या. : त्यो छैन। धर्मको भन्ने कुरा आस्थाको कुरा हो, त्यसमा logic छैन। logically decision proof गर्न सक्नु हुन्छ।

पाण्डे : तपाईंको निर्णयले नेपालको राजनीतिलाई सकारात्मक दिशातिर लगेको छ कि छैन ?

प्र.न्या. : त्यो हाम्रो सम्बन्धको कुरा होइन। हामीले संविधान What it is व्याख्या गर्छौं। what ought to be त्यसको आधारमा राजनीति के छ त्यो हाम्रो सम्बन्ध होइन। हामीले संविधान जे जस्तो छ त्यो व्याख्या गर्छौं।

पाण्डे : खुशी हुनुहुन्न ?

प्र.न्या. : मेरो problem resolve भयो भने म जहिले पनि खुशी हुन्छु। I'm not an unhappy man.

पाण्डे : फाँसी दे भन्दा नि ?

प्र.न्या. मलाई लागेको छैन। म त्यस्तो मनस्थिति लिएर बसेको छैन। मेरो एउटै convinction छ यो देशको Chief Justice लाई एउटा फैसला गर्दा खेरी राजनीतिक पार्टीका क्रियाकलापहरूले मार्न सक्छन् भने ठीक छ, देशले बुझ्नु पऱ्यो। ठीक छ मार। मेरो घरमा आगो लगाइ दिन्छु भन्छन्, ठीक छ।

पाण्डे : त्यस्तो threat पनि आयो र ?

प्र.न्या. : ज्ञानेश्वर घरमा आगो लगाउने भन्ने धम्की आयो।

पाण्डे : फेरि राजनीतिक हुनुभयो ?

प्र.न्या. : कसरी राजनीतिक भयो भन्नु हुन्छ। मलाई मार्छु भन्छन्, राजनीति भयो ? सरकारले उचालेको मान्छेले फाँसी दे भन्छन्, मार्छु भन्छन्। मेरो घरमा जहिले पनि धम्की आउँछ। जहिले पनि फोनमा धम्की आउँछ मैले के भन्ने ?

मलाई मात्र होइन। मेरा सबै सात जना न्यायाधीशहरू सबै असुरक्षित महसूस गरिरहेका छन्। यदि हामीलाई राज्यले tolerate गर्न सक्तैन भने let us die। कोही पनि डराएका छैनन्। हुन त प्रहरीले अहिले हामीलाई धेरै सुरक्षा गर्ने कोशिस गरेको छ। यताउति हुन दिएको छैन। तर भोलि राज्यले सुरक्षा दिएन भने के गर्न सक्छौं ?

पाण्डे : तपाईंलाई कसैले मार्न सक्छ जस्तो लागेको छ ?

प्र.न्या. मान्छेको मृत्यु आफ्नो हातमा छैन। एउटा कुरा स्पष्ट गरी दिउँ I don't want to die. कोही पनि मर्न चाहदैन। त्यो instinct म सित पनि छ।

पाण्डे : यो मुद्दामा कसैले मार्छ जस्तो लागेको छ ?

प्र.न्या. : I don't believe that तर मारिहाल्यो भने What can I do.

साभार :जनभावना साप्ताहिक २०५२।५।१९ सोमवार

म अहिले केही भन्न चाहन्न

– सम्माननीय प्रधान न्यायाधीश विश्वनाथ उपाध्याय

विश्वनाथ यतिबेला प्रजातन्त्रनाथका रुपमा चर्चित हुनुहुन्छ । नेपालको प्रजातान्त्रिक संविधानको सृष्टिकर्ता सम्माननीय प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायले प्रतिनिधि सभाको पुनर्स्थापना गरेर संविधानका अस्पष्ट पक्षहरुलाई खुलस्त पार्नु मात्र भएन, प्रजातन्त्रलाई पुनर्जीवन दिनुभयो । मुस्किलले प्राप्त प्रजातन्त्रलाई जगैदेखि भत्काउने कार्यको जुन सिलसिला शुरु भएको थियो उपाध्यायले त्यसमा पूर्ण बन्देज लगाउनु भयो, कमसेकम यो चरणको खतरा टाल्नु भयो । त्यसैले आज उहाँ प्रजातन्त्रका पक्षधरहरुको भगवान बन्नुभएको छ भलै उहाँको ऐतिहासिक निर्णयले सबैलाई खुसी पार्न अवश्य सकेन् र निर्णयलाई जवर्जस्ति विवादास्पद बनाउने चेष्टा पनि भयो । तर उपाध्याय इतिहासमा कुनै समय फैसलाको उचित मूल्यांकन अवश्य हुनेछ भन्ने कुरामा विश्वस्त हुनुहुन्छ । आज भन्दा ६५ वर्ष अघि सर्लाही जिल्लाको मलंगवारमा जन्मनुभएका विश्वनाथ उपाध्यायको जन्म कुण्डलीको नाम पनि विश्वनाथ नै हो । उहाँले श्री ३ जुद्ध हाइस्कूल विराटनगर र आर.यच.ई. स्कूल सुरसन्द (भारत) बाट माध्यमिक शिक्षा पूरा गर्नु भएपछि ऐंग्लो बङ्गाली कलेज बराणसी, र बनारस हिन्दू विश्व विद्यालयबाट एम.ए. तथा एल.एल.बी. गर्नु भएको छ । वि.सं. २०१२ सालदेखि न्यायिक सेवामा प्रविष्ट हुनुभएका उपाध्यायले यस बीचमा भारत, चीन, बेलायत, जर्मनी, फ्रान्स, इटली, डेनमार्क, स्वीडेन, नाइजेरिया, अमेरिका आदि देशको भ्रमण गरिसक्नु भएको छ । उहाँले न्याय तथा कानूनसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय सम्मेलन र गोष्ठीहरुमा नेपालको तर्फबाट अनेकौं पटक प्रतिनिधित्व गर्नुभएको थियो । अब उहाँ निकट भविष्यमै अवकास प्राप्त गर्दै हुनुहुन्छ । आफ्नो सेवाको अन्तिम कालमा उहाँको सामुन्ने जस्तो किसिमको मुद्दा आइपऱ्यो र त्यसको किनारा उहाँले जसरी लगाउनु भयो यसैबाट उहाँ इतिहासमा अमर रहनु हुने कुरामा विश्वास गर्न सकिन्छ । सेवा निवृत्त हुनु अघि देवप्रकाश त्रिपाठीसँग श्री उपाध्यायले गर्नुभएको संक्षिप्त कुराकानी यहाँ प्रस्तुत गरिएको छ ।

सम्माननीय प्रधान न्यायधीशज्यू, तपाईंले यस किसिमको ऐतिहासिक र साहसिक निर्णय लिने प्रेरणा कसरी प्राप्त गर्नुभयो ?

संविधानको भावना र व्यवस्था अनुसार निष्पक्ष र स्वतन्त्र रुपमा मुद्दाको निर्णय गर्नको लागि न्यायाधीशलाई कसैको प्रेरणाको आवश्यकता पर्छ जस्तो मलाई लाग्दैन । यसमा साहसको पनि कुनै कुरा म देख्दिन ।

प्रतिनिधि सभा पुनर्स्थापित गर्ने निर्णय लिने क्रममा तपाईंले के कस्ता कठिनाइहरुको सामना गर्नुपऱ्यो ?

मुद्दा फैसला भएपछिका घटनाहरुको कारण र प्रयोजनलाई राम्ररी विश्लेषण गर्नु भयो भने मुद्दा फैसला हुनुभन्दा अघि र पछिका हाम्रा कठिनाइ तपाईं सहजै अनुमान गर्न सक्नुहुन्छ । यस सम्बन्धमा अहिले म केही भन्न चाहन्न ।

यस्तै विषयमा अघिल्लो साल परेको मुद्दामा एक किसिमको फैसला दिइयो र अहिले त्यस्तै मुद्दामा अर्कै किसिमको फैसला सुनाइयो भनिन्छ, वास्तवमा एकै किसिमको मुद्दाको फैसला भिन्न किसिमबाट किन भयो ? के तपाईले पक्षपात गर्नु भएको हो ?

अघिल्लो सालको मुद्दा र यसपटकको मुद्दामा कानूनी दृष्टिबाट धेरै अन्तर छ । अविश्वासको प्रस्ताव पेश गर्न भनी प्रतिनिधि सभाको विशेष अधिवेशनको आव्हान भैसकेपछि त्यसको प्रक्रिया पूरा नभै प्रतिनिधि सभाको विघटन गराउनु संविधान सम्मत हुँदैन भन्ने यसपालिको फैसलाको मूख्य निष्कर्ष हो । यो अवस्था अघिल्लो मुद्दामा थिएन । यथार्थमा प्रधानमन्त्रीले आफू बिरुद्धको अविश्वास प्रस्तावलाई छल्न संसद्लाई नै विघटन गराएको संसारमा अरु कुनै उदाहरण छैन ।

फैसलामा "नाजी" शब्द र बजेटको सन्दर्भ उल्लेख गर्नुपर्ने के कारण आइपरेको थियो ?

फैसलामा कतिपय कुराहरु प्रसङ्गवस पनि उल्लेख हुन्छन् । यस्तो चलन अन्त अझ बढी छ । कसैप्रति लक्षित नगरेर गलत प्रवृत्ति वा परम्पराबारे बोलिएको कुराहरुबाट कोही उत्तेजित भएर जथाभावी गर्छ भने त्यसको कारण मैले भनिरहुन पर्दैन ।

ने.क.पा. एमालेले न्यायालयको निर्णय बिरुद्ध चलाएको कार्यवाहीमा बारेमा तपाई के भन्नुहुन्छ ?

यसबारे म केही भन्न चाहन्न । तपाई स्वयं अनुमान गर्न सक्नुहुन्छ ।

तपाईलाई हालसम्म आफूबाट भएका फैसलाहरुमध्ये कुनचाहिँबाट बढ्ता आत्मसन्तुष्टि मिलेको छ ?

विवेक र कानूनका आधारमा गरिएका सबै निर्णयहरुबाट उस्तै आत्मसन्तुष्टि हुन्छ ।

तपाई न्याय दिंदा के कस्तो कुराहरुलाई मापदण्ड बनाउने गर्नुहुन्छ ?

कानून र विवेकलाई ।

तपाईले दिनु भएको फैसलाबाट एमाले यतिविध्न रिसाउनुको कारण के हुन सक्छ ? केही अनुमान गर्नु भएको छ ?

उनीहरुसँगै सोध्नुहोस् । स्वयं पनि विश्लेषण गर्नुहोस् ।

नेपालको प्रजातन्त्रलाई यदि खतरा छ भने कतापट्टीबाट छ ? तपाईले हाम्रो प्रजातन्त्रको भविष्य कस्तो देख्नु भएको छ ?

यस सम्बन्धमा अहिले म केही भन्न चाहन्न ।

नेपालको न्याय प्रणालीमा सुधारका निम्ति के कस्ता प्रक्रियाहरु अपनाउन आवश्यक देख्नुहुन्छ ?

युप्रै छन् । त न्यायपालिकाका लागि नियोजित हुने बजेट रकमको प्रतिशत प्रत्येक वर्ष घट्दै गएको यो वर्ष सबैभन्दा कम अर्थात राष्ट्रिय बजेटको कूल ०.३६ प्रतिशतमा झरेकोले न्यायपालिकाप्रति सरकारी दृष्टिकोण यस्तै रहेसम्म सुधारको कुनै आशा गर्न पनि गाह्रो छ ।

नेपालको पत्रकारिता क्षेत्रबारे तपाईको कस्तो धारणा छ ?

तपाई स्वयं पत्रकार हुनुहुन्छ । तपाई स्वयंको धारणा सकारात्मक छ ?

साभार : जनभावना साप्ताहिक २०५२।५।२८ गते बुधबार

श्री सर्वोच्च अदालतमा चढाएको
निवेदन-पत्र

विषयः- उत्प्रेषण वा अन्य उपयुक्त रिट आज्ञा आदेश वा पूर्जी जारी गरी पाउँ।

प्रतिनिधि सभा सदस्य तथा ने.क.पा. एमाले संसदीय दलको मुख्य सचेतक देवी प्रसाद ओझा... ... ... १

प्रतिनिधि सभा सदस्य तथा ने.क.पा. एमाले का संसदीय दलको सचेतक राजेन्द्र प्रसाद पाण्डे... ... ... १ निवेदक

समेत जना २ को तर्फबाट वा.का.जि.का.न.पा. वडा नं. ३१ वस्ने वर्ष २४ को टिकाराज खरेल... ... ... १

विरुद्ध

सम्माननीय सभामुख श्री रामचन्द्र पौडेल, प्रतिनिधि सभा संसद सचिवालय सिंहदरवार..... १) विपक्षी

संसद सचिवालय सिंहदरबार.....१)

हामी निवेदक सर्वोच्च अदालत नियमावली २०४९ अन्तर्गत दस्तुर रु. ५००।- यसैसाथ राखी बुझाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३, ८८(२) अन्तर्गत रिट निवेदन दिन आएका छौं।

(१) विभिन्न राजनैतिक परिस्थिति र अवस्था देखाई सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी ज्यूले प्रतिनिधि सभा भंग गरी वक्सन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३(४) अनुसार श्री ५ मा यही २०५२।२।२६ गते सिफारिस चढाउनु भएकोमा श्री ५ बाट पनि ४ दिनसम्म विचार गरीवक्सी प्रधानमन्त्रीको उक्त सिफारिस संविधान सम्मत देखिएपछि र स्थिर वैकल्पिक सरकार विद्यमान सदनबाट बन्न सक्ने अवस्था नदेखिएपछि आफ्नो विवेक प्रयोग गरी वक्सी श्री ५ बाट प्रतिनिधि सभा भंग गरी २०५२।८।७ गते नयाँ प्रतिनिधि सभाको निर्वाचन हुने मिति तोकि बक्सियो।

(२) यसैबीच सम्माननिय प्रधानमन्त्री ज्यू को सिफारिसमा भएको उक्त विघटन संविधान सम्मत नभएको हुँदा सो विघटनको निर्णय बदर गरी पाऊँ भनी प्रतिनिधि सभाको

नेपाली कांग्रेसको संसदीय दलका नेता श्री शेरबहादुर देउवा समेतको विभिन्न व्यक्तिहरुबाट ७ वटा रिट निवेदन सर्वोच्च अदालतमा दायर भए गरिएको थियो ।

(३) यसरी रिट दायर भै धेरै दिनसम्मको छलफल पछि यही २०५२ ।५ ।१२ गते निर्णय हुँदा ८ जना न्यायाधिश ज्यूहरुको बहुमतबाट प्रतिनिधि सभाको विघटन असंवैधानिक र प्रारम्भदेखि नै कानूनी प्रभाव शुन्य हुन्छ । यसर्थ २०५२ ।३ ।२ गते बस्ने भनिएको विशेष अधिवेशन र २०५२ ।३ ।११ मा बस्ने भनिएको नयाँ असंवैधानिक विघटनको कारण सो मितिमा बस्न नसकेको हुँदा अनुपांगिक वा परिणामिक (consequntial) रुपमा सो मितिहरु पनि स्वत: परिवर्तित भएको मानी उक्त अधिवेशनहरु गराउन आवश्यक व्यवस्थाहरु गर्नु भनी प्रत्यर्थी प्रतिनिधि सभाको सभामुख र मन्त्रि परिषद् सचिवालयका नाउँमा परमादेश जारी गर्ने गरी २०५२ ।५।१२ गते निर्णय गरिएको थियो भने ३ जना न्यायाधिश ज्यूहरुले रिट निवेदन खारेज गर्ने गरी निर्णय गर्नु भएको थियो ।

(४) त्यसपछि प्रतिनिधि सभाको सभामुखले चढाई पठाउनु भएको जाहेरी पत्र जाहेर हुँदा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(३) बमोजिम प्रतिनिधि सभाको विशेष अधिवेशन यही भदौ २० गते मंगलवारको दिन साँझ ५ बजे संसद भवनमा बस्ने गरी तोकी बक्सेको कुरा संसद सचिवालयको हवाला दिई भाद्र १४ गते रेडियो नेपाल, टेलिभिजनबाट र भदौ १५ गते को गोरखापत्र समाचार प्रचार प्रसार गरिएको बाट थाहा हुन आयो ।

(५) तर त्यसरी प्रतिनिधि सभाको सभामुखको जाहेरी पत्रानुसार प्रतिनिधि सभाको विशेष अधिवेशन यही भाद्र २० गते बस्ने गरी तोकिदिनु संविधान सम्मत नभै त्यसको विलकुल विपरीत छ ।

(६) सर्वप्रथमत: सर्वोच्च अदालतको २०५२ ।५ ।१२ को निर्णयमा यो मितिमा प्रतिनिधि सभा बोलाउनु वा बस्नु भनी दिन तोकि कुनै परमादेश भएको छैन । यसरी मिति नतोक्नुको कारण व्यवहारिकता तथा मिति तोक्ने बारे संविधानमा छुट्टै व्यवस्था भएकोले नै मिति नतोकिदिएको हो । सायै आनुसाँगीक वाा परिणामिकरुपमा मितिहरु पनि परिवर्तित भएको मानी उक्त अधिवेशनहरु गराउनु भन्ने आदेशको विपरित मिति तोकी गरेको जाहेरीको आधारमा बोलाइएको अधिवेशन फैसला प्रतिकुल छ ।

(७) यसरी प्रतिनिधि सभा कुन मिति समयमा बस्ने बसाउने भन्ने बारे के व्यवस्था छ भनी हेर्दा सर्वप्रथमत: नेपाल अधिराज्यको संविधानको धारा ५३(३) अगाडि आउँछ । उक्त धारा संसद सचिवालयको सूचना अनुसार भनी गो.प.मा प्रकाशित समाचारमा पनि उल्लेखित छ । अब उक्त धारा ५३(३) मा के छ भनी हेर्दा उक्त धारा यस प्रकार छ श्री ५ बाट प्रतिनिधि सभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको व्यवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरुले समावेदन गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोकि बक्सने छ र त्यसरी तोकिएको मिति र समयमा प्रतिनिधि सभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ ।

(८) संविधानको धारा ५३(३) को व्यवस्थाबाट प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरुले प्रतिनिधि सभाको बैठक बोलाउन वाञ्छनीय छ भनी श्री ५

मा जाहेर गरेमा श्री ५ बाट त्यस्तो अधिवेशन बस्ने मिति र समय तोकि बक्सने छ र त्यसरी तोकिएको समयमा अधिवेशन बस्ने छ भन्ने कुराबाट बैठक बोलाइयो भनी इच्छा जाहेर गर्ने काम सदस्यहरुको र कुन दिन त्यस्तो बैठक वा अधिवेशन बस्ने भनी तोक्ने अधिकार अभिभारा श्री ५ को हो भन्ने कुरा प्रष्ट छ ।

(९) यसरी श्री ५ बाट तोकी बक्सने भन्नुको मतलब संविधानको धारा ३५(२) अनुसार मन्त्रिपरिषद्को सल्लाह र सम्मतीबाट तोकिबक्सने कुरा हो । संवैधानिक परम्परा पनि यही हो । तर संसद सचिवालयबाट प्रकाशित भदौ २० गते प्रतिनिधि सभाको बैठक बस्ने भनी श्री ५ बाट तोकिबक्सेको भन्ने कुरा माथि लेखिए बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट नभै, प्रतिनिधि सभाको सभामुखको जाहेरबाट सो मिति तोकिएको भन्ने कुरा उक्त सूचनाबाट प्रष्ट छ । त्यसैगरी सम्माननिय प्रधानमन्त्री ज्यू बाट हुन लागेको अधिवेशन सामना गर्ने बचनवद्धता व्यक्त गरी अस्वस्थताको कारणले अहिले आव्हान भएको अधिवेशनमा मन्त्रिपरिषद्को निर्णयअनुसार सम्माननिय प्रधानमन्त्रि ज्यूबाट परामर्श नभएको कुरा पनि सो बमोजिम सार्वजनिक जानकारीमा आई सकेको छ ।

१० यसरी प्रतिनिधि सभा जस्तो सर्वोच्च निकायको सभामुखको जिम्मेवारी बोकेको व्यक्तिले गलत र संविधान विपरीत श्री ५ मा अनधिकृत जाहेरी पत्र चढाई पेश गरी भाद्र २० गते प्रतिनिधि सभाको बैठक बोलाउन लगाउनु माथि लेखिए बमोजिम संविधानको धारा ५३(३) ३५(२) समेतका संवैधानिक व्यवस्था, परिपाटी र प्रस्तावनाको ठाडै प्रतिकूल हो ।

११. यसरी गहन जिम्मेवारी बोकेको सभामुखले नै संविधानको उलंघन गरेमा वा उहाँबाटै यसरी उल्लंघन हुन लागेमा अरु साधारण नागरिकबाट मात्र संविधानको पालना होला भनी कसरी भन्ने ? त्यस्तै संविधान विपरीत बोलाइएका साधारण सभाको बैठक बस्ने भएमा वा बसेर कुनै निर्णय गरेमा त्यसको कानूनी मान्यता हुने कुरा पनि आउँदैन । यसरी संविधान विपरीत काम हुँदै गएमा त्यो पनि माथि लेखिए बमोजिम उच्च पदस्थ व्यक्ति वा निकायबाट संविधानको कुनै मर्यादा र मान्यता रहँदैन ।

यसरी उच्च पदस्थ व्यक्ति र निकायबाट असंवैधानिक काम हुन खोज्ने कार्यलाई रोक्न खोज्नु संसद सदस्यको हैसियतले आफ्नो कर्तव्य अधिकार र चासोको विषय भएको हुनाले नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३,८८(२) अन्तर्गत निवेदन गर्न आएका छौं ।

उपरोक्त असंवैधानिक कार्य बदर गर्न रोक्न अन्य प्रभावकारी कुनै उपाय नभएको हुनाले प्रतिशोध मिश्रित उत्प्रेषणको आदेश वा उपयुक्त आज्ञा आदेशको पूर्जी जारी गरी विपक्षी सभामुखको देखादेखि संविधान विपरीतको गलत जाहेरीको आधारमा अधिवेशन बोलाइने गरिएको निर्णय तथा सूचनाहरु बदर गरी प्रतिनिधि सभाको उक्त २०५२।५।२० गते गर्ने भनिएको असंवैधानिक बैठक नगर्नु नगराउने भन्ने विपक्षीहरुको नाउँमा प्रतिषेधको आदेश लगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी पाउँ ।

साथै यो निवेदनको टुंगो नलागेसम्म उक्त २०५२।५।२० गते बोलाइएको प्रतिनि सभाको बैठक नगर्नु भन्ने विपक्षीहरुको नाउँमा अन्तरिम आदेश पनि जारी गरी पाउँ ।

संलग्न कागजात

अरु प्रमाणका कागजातहरु नपाएको हुनाले २०५२।५।१५ मा गोरखापत्रमा प्रकाशित समाचार फोटो कपि यसै साथ संलग्न गरेका छौं ।

यसमा लेखिएको व्यहोरा ठीक छ झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

वा.टिकाराज खरेल

इति सम्वत् २०५२ साल भाद्र महिना १६ गते रोज ६ शुभम् ....

सर्वोच्च अदालतबाट

रिट शाखा के यसमा सर्वोच्च अदालत विशेष इजलाशको मिति २०५२।५।१२।२ मा भएको बहुमतको परमादेशले पुनर्जीवित प्रतिनिधि सभाको अधिवेशनहरु गराउन आवश्यक व्यवस्था गर्न सक्ने अख्तियारी सभामुखलाई प्रदान गरेकै देखिदा यो रिट निवेदन दर्ता गर्न मिलेन मुलुकी ऐन अ.व.को २७ नं. तथा स.अ. नियमावली २०४९ को नियम २७ बमोजिम दरपिठ गरी दिएको छ। कानून बमोजिम गर्नु।

.....

रजिस्टार

इति सम्वत् २०५२ साल भाद्र १६ गते रोज ६ शुभम् ... ...

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन-पत्र

विषय : गैर कानूनी एवं वेरितको दरपीठ आदेश बदर गरि रिट निवेदन दर्ता गर्न् भनी रिट शाखाको नाउँमा आदेश गरी पाउँ ।

प्रतिनिधि सभा सदस्य तथा ने.क.पा. एमाले संसदीय दलको मुख्य सचेतक वर्ष ४२ को देवी प्रसाद ओझा १

प्रतिनिधि सभा सदस्य तथा ने.क.पा. एमाले संसदीय दलको सचेतक वर्ष ३८ को राजेन्द्र प्रसाद पाडे ... ... निवेदक

रिट निवेदक

विरुद्ध

सम्माननीय सभामुख रामचन्द्र पौडेल प्रतिनिधि सभा, संसद सचिवालय सिंहदरवार ... ...

संसद सचिवालय सिंहदरवार ... ... १ विपक्षी

प्रत्यर्थी

मुद्दा:- उत्प्रेषण वा अन्य उपयुक्त रिट आज्ञा आदेश वा पूर्जी जारी गरी पाउँ ।

हामी निवेदक निवेदन दस्तुर रु. ५।-(पाँच) साथै राखी सर्वोच्च अदालत नियमावली २०४९ को नियम १५(३) अन्तर्गत निम्न लिखित व्यहोराको उजुरी गर्दछौं ।

विभिन्न राजनैतिक परिस्थिति र अवस्था देखाई सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी ज्यूले प्रतिनिधि सभा विघटन गरी बक्सन नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(४) अनुसार श्री ५ मा मिति २०५२।२।२६ गते सिफारिस चढाउनु भएकोमा श्री ५ बाट सो सिफारिस बमोजिम प्रतिनिधि सभा विघटन गरिबक्सी मिति २०५२।८।७ गते नयाँ प्रतिनिधि सभाको निर्वाचन हुने मिति तोकि बक्सेकोमा सो सिफारिस तथा विघटनको निर्णय बदर गरि पाउँ भनी प्रतिनिधि सभामा नेपाली कांग्रेस संसदीय दलका नेता शेर बहादुर देउवा समेतका विभिन्न व्यक्तिहरुबाट छुट्टाछुट्टै रिट निवेदन यसअदालतमा दायर भै यस अदालतका ८ जना न्यायाधिशज्यूहरुको बहुमतबाट प्रतिनिधि सभाको विघटन असम्बैधानिक र प्रभाव शुन्य हुन्छ र मिति २०५२।३।२ मा बस्ने भनिएको विशेष

अधिवेशन र मिति २०५२।३।११ मा बस्ने भनिएको नवौं अधिवेशन असंवैधानिक विघटनको कारण सो मितिमा बस्न नसकेको हुँदा अनुपांगिक वा परिणामिक (consequential) रुपमा सो मितिहरु पनि स्वत: परिवर्त्तन भएको मानी उक्त अधिवेशनहरु गराउन आवश्यक व्यवस्थाहरु गर्नु भनी मन्त्री परिषद् सचिवालय र विपक्षी प्रतिनिधि सभाको सभामुखको नाउँमा परमादेश जारी गर्ने गरी मिति २०५२।५।१२ मा निर्णय गरिएको थियो भने ३ जना न्यायाधिशज्यूहरुबाट रिट निवेदन खारेज गर्ने निर्णय गर्नु भएको थियो ।

२) त्यस पछि विपक्षी प्रतिनिधि सभाको सभामुखले श्री ५ महाराजाधिराजका हजुरमा चढाई पठाउनु भएको जाहेरी पत्र मौसुफका हजूरमा जाहेर हुंदा मौसूफबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(३) बमोजिम प्रतिनिधि सभाको विषेश अधिवेशन यही भाद्र २० गते मंगलवारको दिन साँझ ५ बजे संसद भवनमा बस्ने गरी तोकी बक्सेको कुरा विपक्षी संसद सचिवालयको हवाला दिई मिति २०५२।५।१४ मा रेडियो नेपाल, नेपाल टेलिभिजनबाट र मिति २०५२।५।१५ मा गोरखापत्रबाट समाचार प्रचार प्रसार गरिएकोले त्यसबाट सर्वोच्च अदालतको मिति २०५२।५।१२ को उल्लेखित बहुमतको निर्णयमा यो मितिमा प्रतिनिधि सभा बोलाउनु वा बस्नु भनी दिन तोकि परमादेशजारी भएको नभै मिति तोक्ने बारे नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(३) मा छुट्टै व्यवस्था भएकोले मिति नतोकिएकोमा विपक्षी सभामुखलाई प्रतिनिधि सभाको विषेश अधिवेशनको लागि त्यसरी मिति तोकि बक्सन श्री ५ महाराजाधिराजको हजुरमा जाहेर गर्ने अधिकार नभएकोमा यस सम्बन्धमा विपक्षी सभामुखले गरेको जाहेरी तथा सोही जाहेरी बमोजिम मौसूफबाट विपक्षी संसद सचिवालयले मिति २०५२।५।२० का दिन साँझ ५ बजे संसद् भवनमा बस्ने गरि तोकिबक्सेको भनिएको प्रतिनिधि सभाको विषेश अधिवेशन यस अदालतबाट उल्लेखित मितिमा भएको बहुमतको निर्णय तथा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(३) र ३५(२) को सायै संवैधानिक व्यवस्था परिपाटी र प्रस्तावनाको विपरीत भएकोले उपरोक्त असंवैधानिक कार्य बदर गर्न रोक्न अन्य प्रभावकारी कुनै उपाय नभएको हुनाले नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ र ८८(२) अन्तर्गत प्रतिषेध मिश्रित उत्प्रेषणको आदेश वा उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरी सभामुखको संविधान विपरितको गलत जाहेरीको आधारमा अधिवेशन बोलाउने गरिएको निर्णय तथा सूचनाहरु बदर गरि प्रतिनिधि सभाको मिति २०५२।५।२० मा गर्ने भनिएको असंवैधानिक अधिवेशन नगर्नु नगराउनु भन्ने विपक्षीहरुको नाउंमा प्रतिषेधको आदेश लगायत जो चाहिने आदेश वा पूर्जी जारी गरी पाउँ भनी मिति २०५२।५।१६ मा हामी निवेदकले रिट निवेदन दस्तुर रु. ५००।- बुझाएको नगदी रसिद सायै राखी यस अदालतमा रिट निवेदन गर्न आएकोमा यस अदालतका रजिष्ट्रार ज्यू तथा सह-रजिष्ट्रारज्यूबाट सोही मितिमा यसमा निम्न आधारहरु लिई हाम्रो उल्लेखित व्यहोराको रिट निवेदन दर्त्ता नगरी दरपीठ आदेश गरियो ।

क) सर्वोच्च अदालत विशेष इजलासको मिति २०५२।५।१२।२ मा भएको बहुमतको परमादेशले प्रतिनिधि सभाको अधिवेशनहरु गराउन आवश्यक व्यवस्था गर्न सक्ने अख्तियारी सभामुखलाई प्रदान गरेकै देखिंदा यो रिट निवेदन दर्त्ता गर्न मिलेन ।

ख) मुलुकी ऐन अ.व. २७ नं. तथा स.अ. नियमावली २०४९ को नियम २७ बमोजिम दरपीठ गरी दिएकोछ, कानून बमोजिम गर्नु ।

३) यस अदालतका रजिष्ट्रारज्यू तथा सह-रजिष्ट्रारज्यूले उपरोक्त आधारहरु लिई गर्नु भएको दरपीठ आदेश निम्न आधारहरुमा एकदमै गैर कानूनी एवं बेरीतको भै बदर भागी छ ।

(क) सर्वप्रथम हाम्रो उल्लेखित व्यहोराको रिट निवेदन दरपीठ गर्ने आदेश गर्दा सर्वोच्च अदालत विशेष इजलासको मिति २०५२।५।१२।२ मा भएको बहुमतको परमादेशले प्रतिनिधि सभाको अधिवेशनहरु गराउन आवश्यक व्यवस्था गर्न सक्ने अख्तियारी सभामुखलाई प्रदान गरेकै देखिंदा रिट निवेदन दर्त्ता गर्न मिलेन भन्ने बुंदा यस अदालतको विशेष इजलासले मिति २०५२।५।१२।२ मा गरेको बहुमतको निर्णयको सायै नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(३) र ३५(२) को विपरित भै गैर कानूनी छ । किनभने यस अदालतको विशेष इजलासको परमादेश जारी गर्ने गरेको बहुमतको निर्णयमा विपक्षी सभामुखलाई प्रतिनिधि सभाको विशेष अधिवेशनको लागि मिति तोकि बक्सन श्री ५ महाराजाधिराजका हजुरमा जाहेर गर्ने गरि परमादेश जारी भएको छैन । विपक्षी सभामुखको नाउँमा त प्रतिनिधि सभाको विशेष अधिवेशन गराउन आवश्यक व्यवस्थाहरु गर्नु भनी व्यवस्थापन (Management) को विषयमा परमादेश जारी भएको हो । यस्तोमा प्रतिनिधि सभाको विशेष अधिवेशनको लागि मिति तोकि श्री ५ महाराजाधिराजका हजुरमा जाहेर गर्ने गरी विपक्षी सभामुखको नाउँमा परमादेश जारी भएको छैन । त्यसमा पनि नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(३) ले प्रतिनिधि सभाका एक चौथाई सदस्यहरुले समावेदन गरेको अवस्थामा मात्र श्री ५ बाट त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र सभा तोकि बक्सने व्यवस्था गरेको छ । यस्तै नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३५(२) ले श्री ५ बाट मात्र वा मौसूफको स्वविवेकमा अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरि बक्सने भनी किटानी साथ व्यवस्था भएकोमा बाहेक यो संविधान बमोजिम श्री ५ बाट गरिबक्सने सबै कार्यहरु मन्त्री परिषद्को सल्लाह र सम्मतिबाट गरिबक्सने छ, यस्तो सल्लाह र सम्मति प्रधानमन्त्री मार्फत जाहेर हुनेछ भन्ने स्पष्ट र किटानी संवैधानिक व्यवस्थामा हुंदा हुंदै त्यस तर्फ मन्त्री परिषद्बाट त्यस्तो मिति तोक्ने बारेमा सल्लाह र सम्मती भै नसकेको अवस्थामा यस अदालत विशेष इजलासको मिति २०५२।५।१२।२ को परमादेश जारी गर्ने गरेको बहुमतको निर्णयमा विपक्षी सभामुखलाई त्यस्तो मिति तोक्ने कुनै अख्तियारी नदिइएकोमा दिइएको भनी गरिएको दरपीठ आदेश यसै अदालतको विशेष इजलासको बहुमलते परमादेश जारी गर्ने गरेको मिति.२०५२।५।१२।२ को निर्णय तथा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(३) र ३५(२) को विपरित भै गैर कानूनी छ ।

ख) जहाँ सम्म हाम्रो उल्लेखित रिट निवेदन दरपीठ गर्दा मुलुकी ऐनको २७ नं. तथा स.अ. नियमावली २०४९ को नियम २७ लाई आधार लिइएको छ त्यस सम्बन्धमा उल्लेखित कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन अ.व. २७ नं. ले

अड्डामा दर्ता गर्न ल्याएको कागज पत्रका अक्षर बुझिने गरी थपी केरी दर्ता गर्न ल्याएमा सहीछाप गराई यो अक्षर थपे केरेको छ भनी सो कागजको किनारामा अंकबाट लेखि दर्ता गराउन ल्याउनेको सहीछाप गराई अड्डाको हाकिमले दस्तखत गरी दर्ता गर्नु पर्छ । दर्ता गर्ननहुने भए जुन कारणले दर्ता गर्ननहुने हो सो कारण स्पष्ट खुलाई सो कागजको पीठमा लेखि मिति समेत हाली अड्डाको हाकिमले दस्तखत गरि दर्ता गर्न ल्याउनेको भरपाई गराई कागज फिर्ता दिनु पर्छ भन्ने व्यवस्था उल्लेख भएको र स. अ. नियमावली २०४९ को नियम २७ को उपनियम (१) मा अदालतमा दर्ता गराउन ल्याएको लिखित रजिष्ट्रार वा निजले अधिकार दिएको अदालतको अन्य अधिकृत समक्ष प्रस्तुत गर्नु पर्छ । भन्ने र ऐ उपनियम (२) मा लिखित रीत नपुगेको वा कानून विपरित देखिएमा सो कुरा स्पष्ट रुपमा उल्लेख गरि लिखितको पहिलो पृष्ठको पछाडी पट्टीको शीरमा लेखि रजिष्ट्रार वा निजले अधिकार सुम्पेको अधिकृतको दस्तखत र अदालतको छाप लगाई दरपीठ गरि फिर्ता दिनु पर्छ.....। भन्ने व्यवस्था उल्लेख भएको पाइन्छ । यस प्रकार रजिष्ट्रार तथा निजले अधिकार सुम्पेको अधिकृतले रीत नपुगेको वा कानून विपरित देखिएके अवस्थामामात्र दरपीठ गर्ने कानूनी व्यवस्था भएको पाइन्छ । सर्वोच्च अदालत नियमावली २०४९ के परिच्छेद ५ नियम २५ को उपनियम (१) ले सोही नियमको उपनियम (२) देखि (११) सम्मको रित नपुगेको लिखित सर्वोच्च अदालतमा दर्ता नगरिने व्यवस्था गरेको र सोही नियमावलीको परिच्छेद ६ ले संविधानको धारा ८८ को उपधारा (२) अन्तर्गत दिइने निवेदन पत्रहरु सम्बन्धी व्यवस्था गर्नुको सायै सोही नियमावलीको नियम ३१ ले वन्दी प्रत्यक्षी करणको निवेदनपत्र सम्बन्धी व्यवस्था गरेको र सोही नियमावलीके नियम ४० ले अन्य प्रकारका निवेदनपत्र सम्बन्धी व्यवस्था गरि ऐ. नियम ४०(३) ले खण्ड (क) देखि (ख) सम्म त्यस्ता निवेदनपत्रहरुमा खुलाउनु पर्ने कुराहरु उल्लेख गरेको पाइन्छ । तर हाम्रो उल्लेखित व्यहोराको रिट निवेदनमा रजिष्ट्रारज्यू तथा सह-रजिष्ट्रारज्यूले त्यस मध्ये कुनचाहीं कुराको रित नपुगेको हो ? सो कुरा दरपीठ आदेशमा खुलाउनु भएको छैन । सायै हाम्रो उल्लेखित रिट निवेदन अमुक कानूनको विपरीत भएको भनी भन्न सक्नु भएको पनि छैन यस्तो परिस्थितिमा मुलुकी ऐन अ.व. २७ नं. तथा स.अ. नियमावली २०४९ को नियम २७ मात्र उल्लेख गरि दरपीठ गरिएको आदेश मुलुकी ऐन अ.व. को २७ नं.,८७ नं. स.अ. नियमावली २०४९ को नियम २७,२५,४० को पिपरीत भै गैर कानूनी छ ।

ग) यस्तै रजिष्ट्रार ज्यू तथा सह-रजिष्ट्रार ज्यूलाई कुनै रिट निवेदन दर्ता हुने हो वा होइन भनी इन्साफको रोहबाट विचार गरी दरपीठ गर्ने अधिकार छैन । प्रस्तुत दरपीठ आदेशमा विपक्षी सभामुखलाई माथि खण्ड (क) मा उल्लेख गरेबमोजिम नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(३) बमोजिमको प्रतिनिधि सभाको अधिवेशनको लागि मिति तोकि वक्सन श्री ५ मा जाहेर गर्ने अधिकार नै नभएको भन्ने हाम्रो रिट निवेदनमा मुख्य निवेदन जिकिर भएको अवस्थामा विपक्षी सभामुखलाई सो अधिकार यस अदालत

विशेष इजलाशको परमादेश जारी गर्ने बहुमतको मिति २०५२।५।१२ को निर्णयवाट अख्तियारी दिइएको भन्ने व्यहोराको दरपीठ आदेशवाट यस अदालतको इजलासको अधिकार क्षेत्रको अतिक्रमण हुन गएको छ । यस्तो दरपीठ आदेश मुलुकी ऐन अ.व. ३५ नं. को विपरीत भै बदर भागी हुनको साथै सर्वोच्च अदालत ऐन २०४८ को दफा ४ सर्वोच्च अदालत नियमावली ०४९ को परिच्छेद ३ सोही नियमावलीको परिच्छेद ४ नियम १५ को पनि विपरीत भै गैर कानूनी छ ।

अत: रजिष्ट्रार ज्यू तथा सह-रजिष्ट्रार ज्यूले गर्नु भएको आदेश माथि उल्लेखित गरे बमोजिम एकदमै गैर कानूनी एवं वेरीतको भै बदर भागी भएकोले बदर गरी हामी निवेदकहरुको रिट निवेदन दर्ता गर्नु भनी शाखाको नाउँमा आदेश गरी पाऊँ ।

५) यो निवेदन-पत्र इजलास समक्ष पेश हुँदा हाम्रो कानून व्यवसायीले गर्नु हुने वहस जिकिर पनि यसै निवेदन पत्रको अभिन्न अंग मानी पाऊँ ।

६) रजिष्ट्रारज्यू तथा सह-रजिष्ट्रारज्यूले मिति २०५२।५।१६ मा दरपीठ गर्नु भएको दरपीठ आदेश सहितको हाम्रो निवेदन-पत्र यसै साथ प्रस्तुत गरेका छौं ।

७) यसमा लेखिएको ठीक साँचो छ, झुठो ठहरे कानून बमोजिम सहुँला बुझाउँला

निवेदक,

.....

देवी प्रसाद ओझा.....१

.....

राजेन्द्र प्रसाद पाण्डे १

ईति सम्वत् २०५२ साल भाद्र १९ गते रोज २ शुभम् ... ...

सर्वोच्च अदालत एक न्यायाधीशको इजलाश

माननीय न्यायाधीश श्री नरेन्द्रबहादुर न्यौपाने

आदेश

सम्वत् २०५२ सालको निवेदन नम्बर..... ६८७

सर्वोच्च अदालत रिट निवेदन शाखाके निवेदन र दरपिठ व्यहोरा समेत अध्ययन गरियो यसमा कानून बमोजिम गर्नु ।

.....

नरेन्द्रबहादुर न्यौपाने

न्यायाधीश

इति सम्वत् २०५२ साल भाद्र ३० गते रोज ६ शुभम् .....

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीबाट, प्रतिपक्षद्धारा अविश्वासको प्रस्तावका सन्दर्भमा प्रतिनिधि सभामा लगाइएका आरोपहरूको जवाफ

माननीय सभामुख महोदय,

१. म सर्वप्रथम, हजारौं फिटको उचाईबाट हेलिकप्टर खसेर दुर्घटनामा पर्दा मेरो जीवनको लागि..अन्तरहृदयबाट शुभेच्छा प्रकट गर्नुहुने सम्पुर्ण दिदी-बहिनी र दाजु-भाइहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै अभिवादन गर्न चाहन्छु। मेरो शीघ्र स्वास्थलाभको कामना गर्ने सम्पूर्ण माननीय सदस्यहरू तथा स्वदेश र विदेशका सबै मित्रहरूमा हार्दिक आभार प्रकट गर्दछु। यस 'घडीमा म राष्ट्रियता, प्रजातन्त्र र सामाजिक न्यायको लागि जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्नु एवम् जेलनेल र अन्य कठोर यन्त्रणा झेल्ने समस्त योद्धाहरूको सम्मान गर्दै अभिवादन गर्नु आफ्नो परम कर्तव्य ठान्दछु।

सभामुख महोदय,

२. राष्ट्र र जनताको नितान्त नौलो राजनीतिक परिस्थितिको सामना गरिरहेको यस क्षणमा अस्पतालको उपचार शैय्यामा रहन वाध्य भइ आफ्ना अभिव्यक्तिहरू माननीय मित्रहरूका माझ प्रत्यक्ष रूपमा राख्न नपाउँदा मलाई दु:ख लागेको छ। मैले मेरो जीवनमा भोगेका स्थितिहरूमा सर्वथा नयाँ वर्तमान परिस्थितिमा स्वयं प्रतिनिधिसभामा उपस्थित भई आफ्ना भनाईहरू राख्ने उत्कट अभिलाषा थियो। मैले सभामुख महोदयसंग आफै स्वयं संसदमा उपस्थित भएर अविश्वासको सामना गर्नेछु भनेर पटक-पटक अनुरोध पठाएको थिएँ। प्रधानमन्त्री माथि प्रतिनिधि सभाको विश्वास छैन भन्ने आरोप लगाइएको अवस्थामा स्वयं संसदमा उपस्थित भएर मैले प्रत्युत्तर दिनु संसदीय मूल्य र मान्यताको साथै संविधान र प्रतिनिधि सभा नियमावली अनुरूप समेत हुन्थ्यो। तर त्यो सम्भव हुनसकेन। मेरो विरूद्ध ल्याइएको अविश्वासको प्रस्तावमा लगाइएका आरोपहरूको यस त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालको शैय्यावाट नै जवाफ दिदैछु। मेरा कुराहरू राख्नु अघि सभामुख महोदय मार्फत माननीय सदस्यहरूलाई न्यानो अभिवादन गर्न चाहन्छु।

सभामुख महोदय,

३. मैले बितेका ६ दशकहरूमा हाम्रो देश र यहाँका जनताले भोगेका अनेकन् आरोह-अवरोहहरूको स्वयं अनुभव गरेको छु। मैले प्रजातान्त्रिक आन्दोलनको सिलसिलामा आफ्नै निकटका कैयौं व्यक्तिहरूले जीवनकोआहुति दिएका र कठोर यन्त्रणाको सामना गरेका घटनाहरू देखेको छु। हाम्रो देशको राजनीतिक प्रगति तथा भविष्य निर्माणको सन्दर्भमा राष्ट्रियता, प्रजातन्त्र तथा सामाजिक न्यायका लागि संघर्ष र वलिदान गर्ने योद्धाहरूको स्मरण गर्दै सम्मान गर्नु हाम्रो कर्तव्य हो। यसबाट वर्तमानको यथोचित मूल्यांकन गरी भविष्यको स्पष्ट दिशाबोध गर्न सहयोग पुग्छ। विगतमा राष्ट्र र जनताले भोग्नु परेको यथार्थलाई भुलेर न त वर्तमानमा जनभावना अनुकूल पाइला चाल्न सकिन्छ न त भविष्यलाई सुनिश्चित मार्गमा नै डोऱ्याउन सकिन्छ।

सभामुख महोदय,

४. हाम्रो देशको राजनीतिक रङ्गमञ्चमा विभिन्न राजनीतिक दल वा व्यक्तिहरूले नेपाल र नेपालीहरूको प्रगति एवं स्वाभिमानका निम्ति, राष्ट्रियता, प्रजातन्त्र र सामाजिक न्यायका निम्ति विगतमा के-कस्तो भूमिका निर्वाह गरेका थिए तथा आज कस्तो भूमिका खेलिरहेका छन् भन्ने तथ्य सबैका सामू स्पष्ट छ। सामन्ती शोषण र उत्पीडन तथा निरंकुश शासन व्यवस्थाको दमनका विरूद्ध नेपाली जनताले थालनी गरेको संघर्षका प्रारम्भिक दिनहरूदेखि नै हामि निरन्तर रूपमा राष्ट्र र जनताको पक्षमा क्रियाशील हुँदैआएका छौं। यस सन्दर्भमा २००६ सालदेखि आजसम्म हाम्रो पार्टीले खेलेको महत्वपूर्ण भूमिका इतिहासका पानाहरूमा अंकित भइसकेको छ। वर्तमान अवस्थामा लाखौं नेपाली जनता नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को झण्डामुनि एकजुट भएकाछन्। हाम्रो राष्ट्रियता, प्रजातन्त्र र जनहितप्रतिको प्रतिवद्धताप्रति राष्ट्रिय र सामाजिक जीवनका हर क्षेत्रबाट सहयोग र समर्थन प्राप्त भइरहेको छ। गत आमनिर्वाचनमा हाम्रो पार्टी सबभन्दा ठूलो राजनीतिक दलका रूपमा प्रतिनिधिसभामा स्थापित हुनु उक्त तथ्य कै परिणाम हो। बहुदलीय शासन व्यवस्थाको स्थापना पश्चात् पनि तत्कालीन सत्तासीन दल नेपाली कांग्रेसबाट सामान्य दैनिक शासन-प्रशासन संचालनमा मात्र होइन निर्वाचनमा समेत गरिएको स्वेच्छाचारी कार्य तथा राज्ययन्त्रको दुरूपयोगका बावजूद व्यापक जनसमर्थनको फलस्वरूप हामी विजयी भएका थियौं।

सभामुख महोदय,

५. निर्वाचनमा सबैभन्दा बढी स्थान हासिल गरेर पनि हामी सत्ताका निम्ति आतुर भएनौं। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२(१) लाई कार्यान्वित हुन दिन धैर्य गरेर पर्खेका थियौं। निर्वाचनमा नेपाली कांग्रेसको आफ्नो दुई तिहाई मतको दम्भ चक्नाचुर भइसकेको थियो र उसले सत्ताबाट बाहिर बस्ने जनादेश पाइसकेको थियो। तरपनि नेपाली कांग्रेस केही राजनीतिक दललाई साथमा लिएर सत्तामा जान आतुर रहेको थियो। तर उक्त प्रयास विफल भयो। त्यसपछि मात्र संविधानको धारा ४२(२) अनुरूप सरकार गठन गर्ने अभिभारा हाम्रो काँधमा आएको थियो, जसलाई हामीले संविधानत: स्वाभाविक रूपमा स्वीकार गर्यौं। यसरी नेपाली कांग्रेस सरकार बनाउनै नसक्ने स्थिति भएपछि बाध्य भएर मात्र हटेको तथ्य इतिहासका पानामा सुरक्षित छ।

हाम्रो सरकार गठन भएपश्चात् मैले देशवासीका नाममा एक सन्देश जारी गरेको थिएँ। सो सन्देशमा हाम्रा प्रतिवद्धता र ध्येयहरू स्पष्ट गरिएका थिए। ती प्रतिवद्धता र ध्येयबाट हामी कत्ति पनि विचलीत भएका छैनौं। हामीले संसदमा विश्वासको मत प्राप्त गरेपछि नेपालको प्रंजातान्त्रिक आन्दोनमा विशिष्ट स्थान राख्ने २०४६ सालको जनआन्दोलनमा अभिव्यक्त जनमतलाई कार्यरूप दिने अधिकतम् प्रयास गर्यौं। तर विश्वासको मत नेपाली कांग्रेस लगायतका पार्टीहरूद्वारा "द्विविधा, संकोच र उत्तेजनारहित" किसिमले हामीलाई प्रदान गरिएको रहेनछ भन्ने कुरा छोटै समयमा प्रमुख प्रतिपक्षबाट हाम्रो विरूद्ध गरिएको असंसदीय र शत्रुतापूर्ण प्रहारबाट स्पष्ट हुन्छ।

सभामुख महोदय,

६. नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) आफ्ना नीति, कार्यक्रमहरू र प्रतिवद्धता जनसमक्ष राखी जनसमर्थनको आधारमा सरकारमा पुगेको हो। हामीले आफ्ना मान्यता, नीति र आदर्शबाट पछि हटी कहिल्यै पनि कसैका शर्तहरूका सामू शिर निहुराएका छैनौं र प्रतिनिधिसभामा समेत कसैबाट सशर्त विश्वासको मत मागेका थिएनौं। नेपाल अधिराज्यको संविधान, २०४७ को निर्माणमा मात्र होइन, यो

संविधान निर्माण गर्ने आधारभूमिको सिर्जना गर्ने संघर्षमा समेत हाम्रो पार्टीको निर्णायक भूमिका रहेकोले संविधानको मर्म, भावना र व्यवस्थालाई हामीले राम्ररी बुझेका छौं। संविधानको प्रस्तावनामा उल्लेखित वालिग मताधिकार, संसदीय शासनप्रणाली, संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र र स्वतन्त्र एवं स्वच्छ न्याय प्रणालीमा हाम्रो अटल आस्था छ। जनता नै राज्यशक्तिका स्रोत भएकाले उनीहरूमा सार्वभौमसत्ता निहित छ भन्ने तथ्यको मर्मलाई हामीले राम्ररी बुझेंका छौं।

सभामुख महोदय,

७. श्री ५ वाट संसदको नियमित नवौं अधिवेशनको तिथि गत आषाढ ११ गतेका लागि तोकिवक्से पश्चात् नेपाली कांग्रेसको तर्फवाट हठात् विशेष अधिवेशनको माग भयो। जेष्ठ २८ गते उक्त विशेष अधिवेशनको माग भई सो अधिवेशनका निम्ति तोकिएको तिथि आषाढ २ गते र नियमित अधिवेशनका बीचको अवधिको फरक केवल ९ दिन मात्र थियो। प्रतिनिधि सभाको अधिवेशन दुई हप्ता पछि मात्र वस्दा देश र जनताको कुनैपनि तहमा संकट उत्पन्न हुने कुनै सम्भावना थिएन। राजनीतिक, सामाजिक, आर्थिक, प्रशासनिक आदि सवै दृष्टिवाट देशमा सुस्थीरता र स्वाभाविकता थियो। सवै मित्र राष्ट्रहरूसँगको मैत्री सम्वन्ध सुमधुर किसिमले विकसित भइरहेको थियो। सरकारका विरूद्ध प्रतिपक्षहरूद्धारा देशव्यापी रूपमा चलाइएको विरोधका कारण उत्पन्न हुनसक्ने सम्भावित अस्थीरताको निराकरण संसद भित्रैवाट कसरी गर्ने भन्नेतर्फ प्रयासहअरू भइरहेका थिए। प्रतिपक्षी दलहरूसँग हामीले सम्वाद र अन्तरक्रिया वढाइरहेका थियौं। तर हाम्रो यस्तो सदाशयतापूर्ण प्रयासलाई अस्वीकार गरी नेपाली कांग्रेसले मिति तय भइसकेको अधिवेशनको प्रतीक्षासम्म गर्नसकेन। सत्ता र निहित स्वार्थको पृष्ठपोषणको मनोदशावाट ग्रसित भई विशेष अधिवेशनको माग गर्दै सरकारका विरूद्ध अविश्वासको प्रस्ताव ल्याइने घोषणा भयो। संसदमा विश्वासको मत दिइसकेपछि सामान्य संसदीय परिपाटी अनूरूप कमसेकम एकपटक सरकारका नीति र कार्यक्रमहरूमा आधारित वजेट संसदमा प्रस्तुत गर्ने मौका दिनुपर्ने मान्यताको उल्लंघन गरियो। गतवर्ष सम्पन्न निर्वाचनद्धारा अभिव्यक्त जनादेश र जनभावनाको उपहास गर्दै सरकारलाई अगाडि वढ्न नदिने, अस्थीरता निम्त्याउने तथा अपवित्र समीकरणका चालहरूवाट शासन हातमा लिन नेपाली कांग्रेस उद्दत देखियो। अत: संविधानको धारा ४२ को उपधारा २ वमोजिम गठन भई सरकार कार्यरत रहेको अवस्थामा आफ्नो नीति र कार्यक्रम लागु गर्न, स्थायी सरकार दिन, राजनीतिक अन्यौल समाप्त गर्न जनताको ताजा जनादेश प्राप्त गर्ने उद्देश्यवाट मैले मध्यावधि निर्वाचनको सिफारिश गर्नुपरेको थियो। वास्तवमा नेपाली कांग्रेसद्धारा माग गरिएको आषाढ २ गतेको विशेष अधिवेशन औचित्यहीन, दाउपेचद्धारा निर्देशित र देशको राजनीतिक वातावरण खल्वल्याउने खालको थियो। त्यसले देशलाई निरन्तर राजनीतिक अनिश्चयतर्फ धकेलेर, विभिन्न राजनीतिक खेल खेल्ने मार्ग प्रशस्त पार्न खोजेको थियो। नेपाली कांग्रेस र त्यसका सहयोगीहरूको उत्तेजना र हतासामा आवरण लगाउने अभ्यास गरिएको थियो।

अर्कोतर्फ हामीले सरकारवाट हट्ने अवस्थामा पनि प्रतिनिधिसभामा कुनै अन्य राजनीतिक दलको युक्तिसंगत स्थीर सरकार वन्नसक्ने सम्भावना थिएन। यस्तो स्थितिमा देशलाई निरन्तर राजनीतिक अन्यौलमा राखिरहनु भन्दा सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको निर्णयद्धारा हामीले सुनिश्चित राजनीतिक भविष्यको सिर्जना गर्न चाह्यौं। यस्तो सुस्पष्ट प्रजातान्त्रिक कदमलाई अप्रजातान्त्रिक वा संविधानको मर्म विपरीत भन्नु जनताको सार्वभौमिकतालाई नकार्ने र जनमतदेखि त्रसित हुने मानसिकताकै उपज मात्र ठहर्छ। अत:

संविधानको मर्मलाई मनन गरेरै हामीले देशमा उत्पन्न राजनीतिक समस्याको समाधान जनमतद्धारा होस् भन्ने चाह्यौं। आगामी मंसिर ७ गते मध्यावधि निर्वाचनको मिति तोकिवक्सन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा ४ वमोजिम मैले श्री ५ समक्ष सिफारिश गरें। श्री ५ वाट सोही अनुरूप प्रतिनिधिसभाको विघटन गरिवक्सी निर्वाचनको मिति तोकिवक्सियो।

सभामुख महोदय,

८. यस सदनमा मेरो विरूद्धमा अविश्वासको प्रस्ताव ल्याउने प्रमुख प्रतिपक्षी दलले ने.क.पा. (एमाले) को सरकार "आफ्नै कारणले अस्थीर र असक्षम" भएको आरोप लगाएको छ। यस आरोपका हरफहरूमा सम्वन्धित दलका अनुहारहरू हेर्दा मलाई २०१५ सालको दुई तिहाई वहुमत, २०१७ सालदेखि २०४६ सालसम्मको निर्दलीय पंचायती व्यवस्थामा कुर्सी स्वार्थका लागि भएका लुछाचुँडीको र २०४८ सालमा सम्पन्न आमनिर्वाचन पश्चात् गठित प्रतिनिधिसभाको २०५१ साल आषाढ महिनामा भएको विघटनको सम्झना हुन्छ। अझ दुई तिहाई वहुमत माग गरेकोमा निर्वाचनमा पराजित भएर पनि पुन: तुरून्तै सत्ताका लागि आतुर भएर हरसम्भव चालवाजी गर्ने राजनीतिक प्रवृत्तिवारे सवै तथ्य जनसमक्ष राख्नुपर्ने वाध्याता महसूस हुन्छ। वास्तवमा अहिले देशलाई फेरी अस्थीरतातर्फ धकेल्न खोज्ने को हुन् भन्ने यथार्थ जनसमक्ष प्रष्ट भइसकेको छ र वाँकी कुराहरू पनि समयले प्रष्ट पार्दै लानेछ।

सभामुख महोदय,

९. राजनीतिक सहिष्णुता र फरक विचारहरूको कदर गर्नुपर्ने कुरालाई हामी सधैं आत्मसात् गर्दछौं। प्रतिपक्षी दलहरूको समर्थन र विश्वासलाई पनि त्यसैगरी हामीले देश र जनताको अधिकतम हितमा उपयोग गरेर सम्मान गर्‍यौं। तर सहिष्णुता र सम्मान भन्ने कुरा पारस्परिक हुन्छ भन्ने कुरा नवुझ्ने शायद कुनैपनि राजनीतिक दल हुनसक्दैन होला। आफूलाई मात्र शासक वन्न योग्य सम्झने सर्वसत्तावादी सामन्ती चिन्तनलाई कैयौं पटक व्यवहारमा देखाइसकेकाहरूले अरूको अनुहार पनि त्यस्तै देख्ने सम्भावना हुनसक्दैन भनेर भन्न सकिन्न। हामीले त सर्वसत्तावादको विरूद्ध जनतालाई अधिकार सम्पन्न पार्न, मानव अधिकार सुनिश्चित तुल्याउन मानव अधिकार आयोगको गठन गर्न, शक्तिशाली भनिनेहरूवाट सोझो र निमुखा जनताको सुरक्षा गर्न चाह्यौ र त्यस दिशामा कार्यारम्भ गर्‍यौं। यातना पीडितहरूका लागि क्षतिपूर्ति सम्वन्धी विधेयक ल्यायौं। झूठा आरोप लगाएर दमन गरिएका राजनीतिक कार्यकर्ताहरूलाई न्याय दिन कैयौं झुठा मुद्दा खारेज गर्‍यौं। नेपाली कांग्रेसको सरकारको राजनीतिक कोपभाजनका शिकार वनेका कैयौं कर्मचारीहरू विरूद्ध भएका सजाय खारेज गर्‍यौं। यसरी कानूनी राज्यका विरूद्ध विगतको सरकारवाट भएका कार्यवाहीहरूलाई हामीले सच्यायौं। हामीले विगतका सरकाहरूले झैं पत्रकारहरूलाई समेत थुन्ने र राजकाज अपराध सम्वन्धी मुद्दा चलाउने कार्य गरेनौं। अनि हामीले कसरी कानूनी राज्यको मान्यतालाई उल्लघंन गर्‍यौं ?

सभामुख महोदय,

१०. कमैया प्रथा उन्मूलन कार्यक्रम, लक्षित समुह उत्थान कार्यक्रम, उत्पीडित जाति उत्थान कार्यक्रम, जनजातिका छोराछोरीहरूका लागि छात्रवृत्ति कार्यक्रम, शहीदका सन्ततीहरूका लागि उच्च शिक्षासम्म नि:शुल्क शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने निर्णय हाम्रो सामाजिक न्यायको स्थापना गर्ने उद्देश्यका ज्वलन्त उदाहरण हुन्। त्यसै गरी छोटो समयमा ५८ हजार ३ सय ३ सुकुम्वासीहरूलाई धनीपूर्जा वितरण गरी वसोवासको

व्यवस्था गर्‍यौं । हाम्रो सामाजिक र सांस्कृतिक अस्मिताको अक्षुण्णताका प्रतीक समाजका ७५ वर्ष पुगेका जेष्ठ नागरिकहरूलाई हामीले सम्मान गर्ने परम्परा वसाल्यौं । महिला र बाल बालिकाहरूको हितका निम्ति विशेष कार्यक्रमको थालनी गर्‍यौं । शिक्षामा कक्षा दशसम्म नि:शुल्क शिक्षाको व्यवस्था गर्‍यौं । प्राथमिक शिक्षालाई प्रभावकारी तुल्याउन देशव्यापी रूपमा प्राथमिक विद्यालयहरूका लागि विशेष सहायता कार्यक्रम प्रारम्भ गर्‍यौं । साक्षरता अभियानका विशेष कार्यक्रम ल्यायौं र शिक्षक समुदायको माग अनुरूप शिक्षा नियमावलीमा संशोधन तथा परिमार्जन गर्‍यौं । उच्च शिक्षामा उत्पन्न दिशाहीनता र विश्रृंखलतालाई हटाउने दिशामा महत्वपूर्ण पाइला चाल्यौं । मदन-आश्रित, देवकोटा, पुष्पलाल, टंकप्रसाद, वी.पी. कोइराला, पासाङ्ग ल्हामु र शहीद गंगालालका नाममा स्थापित प्रतिष्ठानहरूलाई सहयोग पुऱ्यायौं । सरकारी भोजमा मदिरापान निषेध गर्‍यौं । नेपाल अधिराज्यको संविधान, २०४७ को कल्याणकारी राज्यको परिकल्पना अनुरूप हामीले उक्त कार्यक्रमहरू लागु गरेका हौं । के हाम्रा यस्ता कार्यक्रमहरूवाट सामाजिक र सांस्कृतिक संरचनामा कुनै खलल पुगेको छ ?

सभामुख महोदय,

११. राष्ट्रिय संस्कृतिको विकास र आफ्नो संस्कृतिप्रति जनचेतना अभिवृद्धिमा योगदान पुऱ्याउने हाम्रो प्रयास रह्यो । सबै धर्म, जात, जाति, भाषा-भाषी र समुदायले संविधान प्रदत्त नागरिक अधिकार समान रूपमा उपभोग गर्नपाउने सुनिश्चित स्थिति हुनुपर्छ भन्ने कुरामा हाम्रो अटल विश्वास छ । यही विश्वास अनुरूप हामीले आफ्ना कामहरू अगाडि वढायौं । तदनुरूप नै नागरिकता समस्या समाधान गर्नेतर्फ महत्वपूर्ण पाइला चालेका छौं । हाम्रो पार्टीको सरकार वनेपछि कहीं पनि सरकारको निर्देशनमा वा प्रहरीद्वारा कुनै राजनीतिक व्यक्तिको हत्या भएको छैन । राजनीतिक कार्यकर्ताहरूलाई प्रतिशोधपूर्ण किसिमले सार्वजनिक अपराध सम्वन्धी मुद्दा लगाउने प्रचलनलाई पूर्ण रूपमा निरूत्साहित तुल्याइएको छ । निरंकुश पंचायत व्यवस्थामा कति व्यक्तिको राजनीतिक हत्या भयो, त्यसको त कुरै छोडौं, नेपाली कांग्रेसको सरकारको पहिलो ९ महिनामा भएका राज्यनिर्देशित हत्या र सार्वजनिक अपराध सम्वन्धी मुद्दाको सूची हेर्ने हो भने नेपाल अधिराज्यको संविधान, २०४७ को अनुशरण गर्ने जो कोहीले पनि लाजले शिर निहुराउनु पर्ने हुन्छ । नेपाली कांग्रेसले सत्ता सम्हालेको ६ महिना भित्र राजनीतिक कारणवाट ३६४३ व्यक्तिलाई गिरफ्तार गरिएको थियो । जसमध्ये ३६०० व्यक्तिलाई सार्वजनिक अपराध-सम्वन्धी मुद्दा लगाइएको थियो । सरकारी निर्देशनमा प्रहरीको गोलीवाट दुई जनाको मृत्यु भएको थियो, ९३ जना गम्भीर रूपमा घाइते भएका थिए १२६ जना प्रहरीको लठ्ठी प्रहारवाट गम्भीर घाइते भएका थिए, ५५ जनालाई हिरासतमा गम्भीर यातना दिइएको थियो र ९३ वलात्कारका घटना सार्वजनिक रूपमा वाहिर आएका थिए । नेपाली कांग्रेसको कार्यकाल भरी प्रहरीको गोलीवाट ७० जना मारिएको र ४८ जना गम्भीर रूपमा घाइते भएको तथ्य पहिले नै सार्वजनिक भइसकेको छ ।

सभामुख महोदय,

१२. हाम्रो नौ महिनाको कार्यकालमा देशको शान्ति र अमनचयनमा व्यापक सुधार भएको जीवित तथ्य सबैका सामू प्रष्ट हुँदाहुँदै पनि हाम्रो पार्टीका कार्यकर्ता र प्रहरीको कुनै संलग्नता नै नभएका मृत्युका घटना समेत् प्रमुख प्रतिपक्ष दलका नेताले सरकारी संरक्षणमा भएका हत्या भनी उल्लेख गर्नुभएकोले त्यसवारे तथ्य विवरण यहाँ उल्लेख गर्न

वाध्य भएको छु। उहाँले नाम उल्लेख गर्नुभएका दोलखाका काला उप्रेतीको २०४८ असार ३ गते आपसी कुटपिटमा मृत्यु भएको थियो। रूपन्देहीका सुब्बा यादव, चन्द्रवहादुर सिंह र भरत प्रसाद चौधरी हाम्रो पार्टीको सरकार बन्नु अघि नै २०५१।८।८ गते मरेका थिए। उनीहरू कसैले रक्सी पिएको कारणले मरेको र कसैले जाहेरी दरखास्त नदिएको प्रहरी अनुसन्धान प्रतिवेदन छ। रोल्पाका सुके बुढा कुटपिटवाट नेपाली कांग्रेसकै पालामा गत मंसिर ३ गते मारिएका थिए। रोल्पाकै नयन सिंह खत्रीको २०५१।८।२१ मा केही व्यक्तिको कुटपिटवाट घाइते भई उपचार गर्न लैजाँदा वाटोमा मृत्यु भएको थियो। सिराहाका जमुनी साह गत मंसिर १४ गते भारतीय डाँकावाट मारिएका थिए र ती डाँकाहरू मध्ये एकजना पक्राउ परिसकेको छ। कास्कीका प्रजापति तिमिल्सिना कांग्रेस सरकारमा रहेको वखत २०५१।८।१० गते सायीहरूसँग पिकनिक जाँदा निजकै सायीहरूले मारेको प्रमाणित भई अभियुक्तहरू माथि अदालतमा मुद्दा चलिरहेको छ। २०५१।८।२४ मा मृत अवस्थामा फेला परेका, कास्कीका सूर्यवहादुर भुजेल मदिरा सेवनवाट, रूपन्देहीका भरत प्रसाद चौधरी २०५१।९।२ मा पोखरीमा डुवेर मरेको, चन्द्रवहादुर सिंह २०५१।१२।१४ मा हिरासतमा विरामी परि उपचार गर्न अस्पताल लैजादा मरेको प्रमाण तथ्य छ। दोलखाका टलकवहादुर तामाङ (वोम्जन) २०५१।११।२३ मा निजले सार्वजनिक जग्गा व्यक्तिगत वनाउन खोज्दा विवाद भई कुटपिटमा मारिएको र मार्नेहरू हिरासतमा रही मुद्दा अदालतमा पेश भइसकेको छ। धनुषाका भरत यादवले २०५१।९।२४ गते राती पानी परिरहेको वखत काठ चोरी ल्याउँदा चिप्लेर काठको चोट लागि मरेको कुरा प्रहरी अनुसन्धानवाट प्रमाणित भइसकेको छ। सिराहाका पुलकित यादव एउटा पोखरीको डिलको वार सम्वन्धी विवादमा भएको कुटपिटवाट घाइते भई उपचारका लागि काठमाडौं ल्याउँदा-ल्याउँदै २०५१।८।२० मा कटारीचोकमा मरेका थिए। सिन्धुपाल्चोकका हर्कलाल तामाङ, २०५२।१।२३ गतेको आपसी झगडामा चोटपटकवाट २०५२।१।२५ गते मरेका लामा दोर्जे तामाङका नातोदारहरूको कुटपिटवाट २०५२।२।२७ गते मरेका थिए। ती अभियुक्तहरू हाल थुनामा रहेका छन्। धनुषाका राम एकवाल महतो (महया) २०५२।३।२३ गते राती झुण्डी मरेको भनी निजका दाजुले जोहरी गरेको तर पछि तीन जनाले मारेको भन्ने प्रमाणीत भई अभियुक्तहरू फरार रहेका छन्। तनहुँकी चिनीमाया भुसाललाई २०५२।४।३१ गते राती अज्ञात व्यक्तिले खुकुरी प्रहार गरी उपचारार्थ लैजादा मृत्यु भएको थियो। सो घटनामा दुई जनालाई पक्राउ गरी अनुसन्धान भइसकेको छ। धादिङका तप वहादुर पाठक २०५२।५।७ गते जिल्ला वन कार्यालयको गस्ती टोली र ढुंगा लोड् गर्नेहरूका वीच कुटपिट हुँदा वन कार्यालयका सुरक्षाकर्मीको गोलीवाट मारिएका थिए यस प्रकार विभिन्न अवस्थामा मरेका वा मारिएका व्यक्तिहरू, अझ हाम्रो सरकार वन्नु अघि मरे वा मारिएका व्यक्तिहरू "एमाले सरकारको संरक्षणमा" "शिकार वनाइयो" भन्नु झूट, निर्ल्लजता तथा भ्रम फैलाउने दुराशयको पराकाष्टा हो। हाम्रो पार्टीको सरकार अन्तर्गत मानवाधिकारको हनन् भयो, राजनीतक हत्याका घटनाहरू वढे भनी आरोप लगाउनु केवल पूर्वाग्रही मानसिकताको द्योतक मात्र रहेछ भन्ने कुरा उक्त तथ्यले प्रमाणित गर्दछन्।

सभामुख महोदय,

१३. प्रशासनयन्त्रको स्वच्छता र निष्पक्षताको कुरा गर्दा विगतका सरकारमा भएका ज्यादतीहरूको सर्वसाधारण जनतालाई पनि जानकारी रहेकोले सो को विवरण यहाँ प्रस्तुत गरिरहनु आवश्यक छैन। हामीले प्रशासनको निष्पक्षता र मनोवल उच्च राख्न हर-प्रयास गर्‍यौं। नेपाली कांग्रेसद्वारा कार्यकर्ताहरू भर्ती गरिएका नितान्त केही राजनीतिक नियुक्ति तथा भ्रष्टाचार वा अख्तियार दुरूपयोगको अभियोग लागेका व्यक्तिहरूलाई विधिसम्मत अवकाश दिने वा स्थानान्तरण गर्ने वाहेक हामीले अन्यथा गरेनौं। प्रशासनभित्र हुने

स्वाभाविक फेरवदल वाहेक प्रशासनिक सीमा र मान्यता मिच्ने कुनै पनि काम हामीवाट भएन। नेपाली कांग्रेसको सरकारलें विगतमा आफूसँग असहमत कर्मचारीहरूलाई नाङ्गो रूपमा दमन गर्ने र समर्थकहरूलाई झण्डा बोकाउने जस्तो कार्य हामीवाट नहुँदा-नहुँदै पनि कर्मचारीहरूलाई ने.क.पा. (एमाले) का "नोकर" तुल्याइयो भन्ने जस्ता समस्त कर्मचारी प्रशासनकै मर्यादामा आँच पुऱ्याउने आरोप लगाइनु खेदजनक छ।

कर्मचारीहरूको मनोवल नगिराइ विगत सरकारद्धारा अन्यायपूर्ण रूपमा निष्काशित भई हाल पुनर्वहाली भएका कर्मचारीहरूलाई हामीले स-सम्मान उचित स्थान दियौं र कसैलाई पनि राजनीतिक कोपभाजनमा पर्नदिएनौं। वरू सत्ताच्यूत भएर विपक्षमा रहँदा पनि प्रतिपक्षका व्यक्तिहरूवाट विभिन्न कार्यालयका कर्मचारीहरूलाई धम्क्याउने, आफ्नो राजनीतिक अभिष्ट पूरा गर्ने अभिप्रायवाट कर्मचारीहरूलाई परिचालन गर्न प्रयत्न गर्ने, विकास तथा निर्माणका कार्य गर्नसमेत वाधा-व्यवधान खडा गर्ने जस्ता कामहरू भएको कुरा यहाँ भन्नुपर्दा मलाई दुःख लागेकोछ।

सभामुख महोदय,

१४. अनियमितता र भ्रष्टाचारका विरूद्ध हामी दृढतापूर्वक कार्यरत रहयौं। राष्ट्रिय वाणिज्य बैंकमा भएको प्रतितपत्र घोटाला पनि पुरानै विकृति तथा त्यस बैंकमा लामो समयदेखि सक्रिय गिरोहकै कार्यको परिणाम हो। वित्तीय संस्थाहरूमा विगतमा पनि यस्ता विकृतिहरू देखापरेका थिए। नेपाली कांग्रेसको कार्यकालमा यस्तो विकृति प्रष्ट देखिएको भए तापनि यस्तो विकृति हटाउने कुनै कार्य भएन। हामीले यस्तो विकृतिको पुनरावृत्ति हुन नदिन राष्ट्र बैंक मार्फत दह्रो कदम चालेका छौं। नेपाली कांग्रेसको सरकारका पालामा संसदको सार्वजनिक लेखा समितिमा शाही नेपाल वायु सेवा निगमभित्र भएको अनियमितता बारे छानविन भएको थियो। यस गरिमामय संसद र जनस्तरमा पनि शा.ने.वा.नि. द्धारा यूरोपमा धमिजालाई जनरल सेल्स एजेन्ट दिइएको विषय लगायतका अनियमितता बारे गत वर्ष प्रतिनिधि सभामा छलफल हुँदाहुँदै प्रतिनिधि सभाको विघटन भएको घटना स्मरण गराउन चाहन्छु। जनताको भावना र सदनका अभिव्यक्तिको सम्मान गर्दै उक्त कारोवार लगायतको छानविनका लागि हामीले पुनरावेदन अदालतका न्यायाधीशको अध्यक्षतामा आयोग गठन गरेका थियौं। आयोगले आफ्नो प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गरेको र सरकारले आयोगको निष्कर्ष सार्वजनिक गरिसकेको छ। त्यसलाई संसदको नियमित अधिवेशनमा विधिवत पेश गरिनेछ। भ्रष्टाचार र अनियमिततामा संलग्न व्यक्तिहरूलाई हामीले तत्परताकासाथ कार्यवाही गरेका छौं। विगत सरकारका पालामा संस्थागत भएको भ्रष्टाचारलाई नियन्त्रण गर्ने र उन्मूलन गर्ने सम्वन्धमा छोटै अवधिमा पनि केही नीतिगत पूर्वाधारहरू तयार गर्ने खास सवालमा प्राथमिकता दिएर कदम चाल्ने काम गरेका छौं। भ्रष्टाचार नियन्त्रणका उपाय बारे अध्ययन भई प्रतिवेदन तयार गर्ने काम भइरहेको छ। वाह्य सहयोग-अनुदानवाट संचालित आयोजनामा स्थानीय एजेण्ट खोल्नुपर्ने र उनीहरूले आयकर तिर्नुपर्ने यस सदनको सर्वसम्मत रूपमा पारित संकल्प प्रस्तावलाई हामीले कार्यान्वयनका लागि अघि वढाएका छौं। यस्तो छर्लङ्ग यथार्थ हुँदाहुँदै हामीले भ्रष्टाचारलाई संस्थागत गऱ्यौं भन्ने आरोप गलत र दुराशयपूर्ण छ भनेर वुझ्न कसैलाई कठिन छ जस्तो मलाई लाग्दैन।

सभामुख महोदय,

१५. कर्मचारी भर्ना र सरकारी संचार माध्यमको संचालनलाई विधि र नियमको परिधिभित्र पद्धतीसम्मत रूपमा अगाडि वढाइनु पर्छ भन्ने हाम्रो मान्यता छ। यही मान्यता अनुरूप कार्य गर्दा कहीं कतै पनि सरकारी कोपको दुरूपयोग भएको छैन, वरू विगतमा

प्रारम्भ भएको त्यस्तो दुरूपयोगमाथि रोक लगाइएको छ । कुनैपनि संस्थान र कार्यालयमा विगतका सरकारहरूमा झैं नियमको परिधि नाघेर वा कर्मचारी भर्नाका स्थापित सीमा वाहिर गएर कसैको नियुक्ति पनि गरिएको छैन तथा प्रतिपक्षवाट आरोप लगाइए झैं व्यापक रूपमा नयाँ कर्मचारीहरूको भर्ती पनि गरिएको छैन । नियमित प्रक्रियामा विधिसम्मत हुने कर्मचारी भर्नालाई हौवाको रूपमा प्रचार गर्ने प्रतिपक्ष कतै आफ्नै विगतका मनोविज्ञानवाट ग्रसित त छैन भन्ने प्रश्न उठाउनु पर्ने हुन्छ ।

सभामुख महोदय,

१६. हामी हाम्रा राष्ट्रिय साधन र स्रोतको अधिकतम् परिचालन तथा उपयोग गरी देशलाई समृद्ध तुल्याउन चाहन्छौं । तर यसो गर्दा निश्चय पनि राष्ट्रिय स्वतन्त्रता र स्वाभिमानप्रति आँखा चिम्लनु पर्छ भन्ने चिन्तनप्रति हामी सहमत छैनौं । यही नीति अनुरूप हामीले अरूण लगायतका जलस्रोतको उपयोगमा ध्यान दियौं । साढे ६ वर्ष पंचायतकाल र साढे तीन वर्ष कांग्रेसकाल खाइसकेको अरूण तेस्रो जलविद्युत् आयोजनालाई हामीले सरकारमा आएको तीन महिना भित्रै अध्ययन गर्यौं । हाम्रो मौलिक वजेट व्यवस्था, कर्मचारी व्यवस्थापन, विद्युत महशूलको निर्धारण, १० मेगावाट भन्दा वढीका जलविद्युत् आयोजनाको निर्माण र अरूण तेस्रो आयोजनास्थलसम्मको सडकको लागतका सम्वन्धमा राष्ट्रिय हितमा आँच पुऱ्याउने कुरा हामीले फेर्न चाह्यौं । यसवारे विश्व वैंकसँग वार्ता चलायौं । आफ्ना धारणा स्पष्ट रूपमा राख्यौं । त्यसपछि भएका सुधार र परिमार्जनकासाथ हामीले अरूण तेस्रो आयोजना शुरू गर्न, हामी सरकारमा गएको ५ महिना भित्रै स्वीकृति दियौं । तर विश्व वैंकले योजनाका केही जोखिमपूर्ण पक्ष देखाई पछि हटेको छ । यसवाट विगतका सरकारका कमजोरीहरू नै देखिएका छन् । विगतका सरकार, विशेषत: नेपाली कांग्रेसको सरकारको कारण र त्यसवखतको कमिशनखोरी प्रवृत्तिले नै अरूण तेस्रो आयोजनालाई विवादास्पद तुल्याई त्यसको कार्यान्वयनमा विलम्व हुनगयो । आज अरूणवाट विश्व वैंकले हात झिकेकोमा हामीमाथि दोष थोपर्न खोज्नु पानी माथिको ओभानो हुने चेष्टा गर्नु मात्र हो । विश्व वैंकले आफ्नै कारणवाट अरूण तेस्रोवाट हात झिके पनि सोका लागि छुट्याएको रकम अन्य जलविद्युत् आयोजना र अरूण उपत्यकाको एकिकृत विकासका लागि उपलव्ध गराउने कुरामा सहमति प्रकट गरिसकेको छ । त्यस्तै अन्य कतिपय दाता राष्ट्रहरूले पनि अरूण तेस्रो आयोजनाका लागि छुट्याएको रकम नेपालका अन्य जलविद्युत् आयोजनालाई उपलव्ध गराउने प्रतिवद्धता देखाएका छन् । जलविद्युत् विकासका क्षेत्रमा विगतका सरकारका पालामा नेपाललाई विकल्परहित पासोमा फँसाइएको थियो । देशलाई त्यस्तो स्थितिमा नराखी अरूण तेस्रोका साथसाथै अन्य जलविद्युत् आयोजनालाई पनि संग-सगै अघि वढाउनु पर्ने हाम्रो धारणा रह्यो । सोही अनुरूप अरूण वाहेक अन्य आयोजनावाट देशलाई आवश्यक पर्ने विद्युत् ३ वर्ष भित्रमा उत्पादन गर्न हामीले कार्यक्रम राखेका छौं ।

सभामुख महोदय,

१७. सरकारले अवलम्वन गरेका आर्थिक नीतिप्रति प्रतिपक्षद्धारा विभिन्न लाञ्छनाहरू लगाइएका छन् । तथ्य भने अर्कै छ । नेकपा (एमाले) सरकारको गत आर्थिक वर्ष २०५१।५२ को पछिल्लो ७ महिना (२०५१ पौष-२०५२ असार) को कार्यकालमा देशको अर्थतन्त्रका अधिकांश पक्षहरूमा उल्लेखनीय सुधार र प्रगति भएको कुरा सो वर्षान्तपछि उपलव्ध आर्थिक परिसूचकहरूले प्रष्ट पारेका छन् । त्यसैले वर्तमान सरकारले

देशको अर्थतन्त्र यस अवधिमा ध्वस्त पाऱ्यो, आर्थिक संरचना भत्कायो भनी प्रतिपक्षवाट लगाइएको आरोपमा कुनै सत्यता छैन। अर्थतन्त्रलाई राष्ट्र र जनताको पक्षमा वर्तमान सरकारले रूपान्तरण गर्न थालेपछि सीमित स्वदेशी र विदेशी व्यक्ति तथा समूहको हितमा आर्थिक संरचना निर्माण गर्न लागेकाहरूवाट यस्तो लाञ्छना लगाइनु स्वाभाविक छ। नेकपा (एमाले) को सरकार सत्तामा आउँदाको देशको आर्थिक स्थिति, सत्तामा आएपछि अवलम्वन गरेको आर्थिक नीति एवं कार्यक्रमहरू र छोटो अवधिमा जनता तथा राष्ट्रको हितमा हासिल भएका उपलब्धिहरू वारे सत्य-तथ्यमा आधारित रहेर विश्लेषण गरेमा अविश्वासको प्रस्तावमा लगाइएका लाञ्छनाहरूमा कुनै सत्यता छैन भन्ने कुरा स्वत: पुष्टि हुनेछ।

सभामुख महोदय,

१८. म वर्तमान सरकारको विगतको छोटो अवाधिमा हासिल भएका उपलब्धिवारे उल्लेख गर्नुभन्दा पहिले नेपाली कांग्रेसको सरकारको कार्यकालमा अवलम्वन गरिएका आर्थिक नीति र त्यसले अर्थतन्त्रमा पारेका प्रभाववारे संक्षेपमा विवेचना गर्नु सान्दर्भिक ठान्दछु। वास्तवमा नेपाली कांग्रेसले सरकार वनाएपछि आफैले जनताको वीचमा गरेको प्रतिवद्धता तथा जनआन्दोलनका वेला नेपाली जनताले अभिव्यक्त गरेका चाहना अनूरूप जनताको जीवनयापन तथा आर्थिक-सामाजिक समृद्धिको पक्षमा आर्थिक नीति र कार्यक्रमहरू अघि वढाउनुको सट्टा पुरानै पंचायती नीति र कार्यक्रमहरूलाई निरन्तरता दियो। आर्थिक उदारीकरण र निजीकरणको नाउँमा सीमित स्वदेशी र विदेशी पूँजीपतिहरूको पक्षमा आफ्ना नीतिहरू केन्द्रित गऱ्यो। यसलेगर्दा कांग्रेस सरकारको कार्यकालमा समाजमा आय असमानता वढ्यो। वेरोजगारी र गरीवी झन वढ्दै गयो। मूल्य वृद्धिले आकाश छोयो र श्रमजीवी जनता हातमुख जोड्न नसक्ने अवस्थामा पुगे। स्वदेशी उद्योग व्यवसाय तहसनहस हुँदै गई अर्थतन्त्रमा वाह्य निर्भरता वढ्दै गयो र अर्थतन्त्रको सीमित राष्ट्रिय चरित्र पनि समाप्त हुदै जाने खतरा उत्पन्न भयो। व्यापार तथा चालू खाता घाटा वढ्ने तथा आर्थिक गतिविधिमै शिथिलता आई अर्थतन्त्र मन्दीको अवस्थातर्फ धकेलिदै गयो। यस्तो संकटपूर्ण अवस्थावाट अर्थतन्त्र गुज्रिदै गएको स्थितिमा पनि नेपाली कांग्रेसको सरकारले तथ्यांकलाई समेत फेरवदल गरी सिङ्गो राष्ट्र र जनतालाई ढाँटी गलतलाई सत्य र खरावलाई असल भन्ने गैर प्रजातान्त्रिक संस्कारको थालनी गऱ्यो।

सभामुख महोदय,

१९. नेपाली कांग्रेसको सरकारले त्यसवेला गर्ने गरेको दावीलाई वास्तविक तथ्यांकसंग तुलना गरेमापनि यसवारे अझ प्रष्ट हुनेछ। नेपाली कांग्रेसको सरकारले आफैले पहिले गरेको दुई वर्षे शासनकालको गार्हस्थ्य उत्पादनको अनुमान तथा गलत विधिमा आधारित तथ्यांकमा गरिएको फेरवदलमा सच्याउँदा के प्रष्ट हुन्छ भने कांग्रेस सरकारको कार्यकालको पहिलो दुई वर्ष अर्थात २०४८।४९ र २०४९।५० मा गार्हस्थ्य उत्पादनको वृद्धिदर ज्यादै न्यून अर्थात क्रमश: ३.३ र २.३ प्रतिशत रह्यो। वृद्धिदर ऐतिहासिक रहेको भन्ने नेपाली कांग्रेसको सरकारले दावी गरेको आर्थिक वर्ष २०५०।५१ मा राम्रो मौसमको कारण कृषि क्षेत्रको उत्पादनलाई छोडेर गैर कृषि क्षेत्रका विविध उपक्षेत्रहरूको उत्पादन वृद्धिदर मात्र ४.६ प्रतिशत रहेको थियो। २०४९ पौषको तुलनामा २०५० पौष मसान्तमा पर्यटक संख्यामा १२.२ प्रतिशतले ह्रास आएको थियो। त्यही वर्ष सरकारी लगानीमा ज्यादै शिथिलता आएको थियो। विकास खर्चको आकार अघिल्लो

वर्षको तुलनामा २०५०।५१ मा करीब २.५ प्रतिशत घटेकोले पनि त्यसको थप पुष्टि हुन्छ। कुल निर्यात २०५०।५१ मा मात्र १२.५ प्रतिशतले बढ्न सकेकोले स्थिर मूल्यमा केवल सीमान्त दरमा वृद्धि भएको थियो। यसरी विभिन्न क्षेत्रमा भएका न्यून वृद्धिदरलाई तोडमोड गरी आ.व. २०५१।५२ मा ७.८ प्रतिशतको उच्च वृद्धिदर हासिल भएको भनी जनतालाई ठाडै ढाँट्ने हदसम्मको कार्य नेपाली कांग्रेसको सरकारबाट भएको थियो। आज आएर नेपाली कांग्रेसको सरकारले थालनी गरेको यस्तो गलत प्रकृयालाई वर्तमान सरकारले सच्याउँदा उल्टै हामीलाई दोष दिन खोज्नु आफ्नो गल्तीलाई ढाकछोप गर्ने चालबाजी मात्र हो भनेर किन नभन्ने ?

सभामुख महोदय,

२०. नेपालकों इतिहासमा नै नेपाली कांग्रेसको शासनकालको पहिलो वर्ष अर्थात २०४८।४९ मा २१ प्रतिशतको सबभन्दा उच्च मूल्यवृद्धिदर रह्यो। छाडावादी अर्थतन्त्र अपनाउने र सबै प्रकारका वस्तु सेवाको मूल्य निर्धारण गर्ने कार्य बजारलाई नै छोड्ने वा बजारमा रहेका विसंगति हटाउने नाउँमा दैनिक आवश्यकताका वस्तुदेखि सार्वजनिक सेवाका वस्तुहरूको पटक-पटक भाउ बढाउने कार्य नेपाली कांग्रेसको सरकारबाट भयो। किसानले उपयोग गर्ने मलदेखि लिएर मट्टितेल तथा मालपोतको दरमा पनि तीव्र रूपमा वृद्धि गरिएको थियो। फलत: कांग्रेसको कार्यकालको तीन वर्षको अवधिमा मूल्यवृद्धिमा करीब ३९ प्रतिशत वृद्धि भएको थियो। यसरी भाउ बढ्दा एकातर्फ न्यून आय भएका श्रमजीवी जनता आक्रान्त भएका थिए र जीवनयापनको समस्याले पीडाबोध गर्दै थिए भने अर्कोतर्फ स्रोत र साधन सम्पन्न सीमित व्यक्ति रातारात मालामाल हुने स्थितिको सिर्जना भएको थियो। वर्तमान सरकारले मूल्यदरमा गरेको नियन्त्रण र जनतालाई दिएको राहतबाट तर्सिइ आफ्नो मुल्यवृद्धिमुखी नीतिबाट आक्रोशित जनताको ध्यान हटाउन सकिन्छ कि भनेर मात्र हामीमाथि लाञ्छना लगाइएको छ जसमा कुनै सत्यता छैन।

नेपाली कांग्रेसको सरकारको पालामा विदेशी सहयोगमा स्थापित संस्थानहरूलाई यथेष्ट मापदण्ड र प्रक्रिया बिना निजी क्षेत्रमा पठाइने हल्ला चलाएर निजीकरण नभएका एवं नाफामा संचालित संस्थानको आर्थिक अनुशासन र व्यवस्थापन समेत तथालिङ्ग तुल्याइयो। यसरी संस्थानहरूलाई सुनियोजित तरिकाले आर्थिक संकटमा पार्ने र निजी क्षेत्रमा पठाउनेतर्फ सरकारको नीति उन्मुख थियो। कतिपय नाफा वा पारविन्दुमा चलेका संस्थानहरू पनि आफ्नो स्थिर पूँजी र जग्गा जमीन समेत घितो राखी दैनिक खर्च संचालन गरी निजीकरणको दिन गन्दै बस्ने अवस्थामा पुगे। नेपाली कांग्रेसको गलत र राष्ट्रिय हित विपरीतको आर्थिक नीतिले गर्दा तमाम स्वदेशी उद्योग व्यवसाय तहसनहसको स्थितिमा पुगे। तीन वर्षको अवधिमा सयौं उद्योगहरू प्रतिस्पर्धामा टिक्न नसकी रूग्ण अवस्थामा पुगे। उदार कर भन्सार नीति अँगाल्ने नाउँमा पूँजीगत, कच्चा पदार्थ तथा उपभोग्य वस्तुमा समानदरमा भन्सार लगाउने नीतिले गर्दा स्वदेशी व्यवसायीले उद्योग नै खोल्न नसक्ने स्थितिको सिर्जना भयो। रोजगारीका क्षेत्रमा समेत नेपालीभन्दा विदेशी श्रमिकले प्रोत्साहन पाउने नीति अँगालिएबाट नेपालको उत्पादक श्रमशक्ति बीच बेरोजगारी बढ्दै जाने अवस्थाको सिर्जना नेपाली कांग्रेसको सरकारले गऱ्यो।

सभामुख महोदय,

२१. नेपाली कांग्रेसको सरकारले एकातर्फ आर्थिक नीति राष्ट्रिय अर्थतन्त्रलाई कमजोर पार्ने, नेपाली जनतालाई रोजगारी र आय आर्जनका अवसरबाट वञ्चित

गराउनेतर्फ उन्मुख गऱ्यो भने अर्कोतर्फ सामान्तवादी तथा दासयुगीन संस्कार र प्रवृत्तिवाट अभिप्रेरित विकासको पुरानो पद्धतीलाई निरन्तरता दियो । केन्द्रिकृत योजना प्रणाली अँगाल्दै कमिशन र भ्रष्टाचारतन्त्रलाई नाङ्गो ढङ्गले संस्थागत गर्दै लगिएको कुरा कुनै नेपाली जनताको आखाँवाट छिपेको छैन । नेपाली कांग्रेसको शासनकालमा सत्ताधारी दलकै सांसदहरूवाट सरकारका भ्रष्टाचारपूर्ण क्रियाकलाप माथि बारम्बार औंला ठड्याएको कुरा जनताको मानसपटलमा ताजै छ । यसले गर्दा पनि पंचायति शासनकालमा जस्तै थुप्रै विकृति र विसंगतिहरू सिर्जना हुनुका सायै नेपाली जनता विकास कार्यमा समाहित हुन र प्रतिफल पाउनवाट वञ्चित रहे । आम निर्वाचनमा सामन्तवादी आर्थिक संरचनालाई अन्त गर्ने वचनवद्धता प्रकट गरेको नेपाली कांग्रेस सत्तासीन भएपछि त्यसको औचित्य नभएको पुष्टि गर्नेतर्फ लागि पऱ्यो । गरीवीको रेखामुनीका जनताको संख्या नेपाली कांग्रेसको कार्यकालमा थप ५ प्रतिशतले वढ्न गयो । यी सवै तथ्यवाट नेपाली कांग्रेसको सरकारले कस्तो आर्थिक संरचनाको निर्माण गर्न खोजेको थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

नेकपा (एमाले) ले सरकार स्थापना गर्ने वेला अर्थतन्त्र चरम दुरावस्थावाट गुज्रिएको यथार्थ स्थिति हुँदाहुँदै पनि नेपाली कांग्रेसले आफ्नो पार्टी सरकारवाट हट्दा एक सवल अर्थतन्त्र एमालेको सरकारलाई छोडेर गएको भनी दावी गर्नेगरेको छ । यथार्थमा नेपाली कांग्रेसको सरकार शासनसत्तावाट हट्नु अघि नेपालको अर्थतन्त्र झन ठूलो आर्थिक संकटमा परिसकेको थियो । आ.व. २०५१।५२ को प्रथम चार महिनामा साधारण खर्च ६३.७ प्रतिशतले बढेको थियो भने विकास खर्चको आकारमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३६.७ प्रतिशतले ह्रास आएको थियो । कूल निर्यात १७.७ प्रतिशतले घटेको थियो । आयात भने २८.३ प्रतिशतले बढेको थियो । मूख्य निर्यातक वस्तु ऊनी गलैचाको निर्यातमा ३६.२ प्रतिशतले ह्रास आएको थियो । दाल र भुसेतीलको निर्यातमा समेत तीव्र ह्रास आएको थियो । यसरी निर्यात घट्ने तथा आयात बढ्दै जाने स्थितिले गर्दा व्यापार घाटामा ७२ प्रतिशतले वृद्धि भई वाह्य व्यापार भयावह स्थितिमा पुगेको थियो । फलत: २०५१ आषाढमा रहेको रू. ४० अरव ५८ करोड ६२ लाख वरावरको कुल विनिमय संचितिमा २०५१।५२ को प्रथम चार महिनाको अन्त्यसम्ममा रू. १ अरव ९० करोडले ह्रास आई रू. ३८ अरव ६८ करोड ५७ लाखमा झरेको थियो । २०५०।५१ को पहिलो चार महिनामा मुद्राप्रदाय ३.८ प्रतिशतले बढेकोमा २०५१।५२ को सोही अवधिमा ५.१ प्रतिशतले वढेको थियो । त्यस्तै मूल्य स्फितीको दर गत वर्षको सोही अवधिको ८.४ प्रतिशतको तुलनामा उच्च अर्थात ८.९ प्रतिशत रहेको थियो ।

यसरी समष्टिगत परिसूचक तथा विकास खर्चको ह्रासोन्मुख प्रवृत्तिले के स्पष्ट गर्छन भने अर्थतन्त्र मन्दी र मुल्य स्फितिको चरम संकटवाट गुज्रिरहेको थियो । २०५१।५२ को प्रथम चार महिनामा कुनैपनि वैदेशिक संयुक्त लगानीका उद्योग, व्यवसाय दर्ता समेत हुनसकेका थिएनन् । गैर कृषि क्षेत्रमा देखापरेको मन्दीले गर्दा गार्हस्थ्य उत्पादनको वद्धिदर २.८ प्रतिशतभन्दा माथि जान नसक्ने स्थिति देखापरेको थियो ।

सभामुख महोदय,

२२. त्यस्तो लथालिङ्ग स्थिति हाम्रो सरकारको हातमा परेपछि कांग्रेस सरकारको गलत आर्थिक नीति र कार्यक्रमलाई सुधार र परिवर्तन गरी राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण र जनहितकारी कार्यमा वजेट र आर्थिक नीति केन्द्रित गरियो । फलत: आ.व. २०५१।५२ को पहिलो चार महिनाको संकटपूर्ण आर्थिक अवस्थाका कारण गार्हस्थ्य उत्पादन २.८

प्रतिशतभन्दा माथि नजाने पूर्व अनुमान गरिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा अर्थतन्त्रमा गरिएका थुप्रै सुधारहरूले गर्दा उक्त वृद्धिदर ४.१ प्रतिशत पुग्न सक्यो। गैर कृषि क्षेत्रको उत्पादनमा ७.५ प्रतिशतले वृद्धि भयो। २०५०।५१ को ४.६ प्रतिशतको तुलनामा २०५१।५२ मा औद्योगिक उत्पादनको वृद्धिदर १४.७ प्रतिशत हुनु, २०५२ को माघदेखि श्रावण सम्ममा पर्यटकको आगमनमा १० प्रतिशतले वृद्धि हुनु, सरकारी क्षेत्रको विकास खर्च १६.८ प्रतिशतले वढ्नु वित्त क्षेत्र र निर्माणका कार्यहरू तीव्रगतिमा अगाडी वढ्नु, बैंकिङ्ग क्षेत्रबाट निजी क्षेत्रमा जाने कर्जामा २०५०।०५१ को ३५.१ प्रतिशतको तुलनामा ३९ प्रतिशतले वढ्नु तथा विदेशी लगानी २०५१।५२ को प्रथम चार महिनामा शून्य रहेकोमा वाँकी अवधिमा संयुक्त लगानीमा १७ उद्योग दर्ता भई संयुक्त लगानीका कतिपय उद्योग संचालन हुनु वा कतिपयको निर्माणकार्यको थालनी हुनुवाट नेपाली कांग्रेसद्वारा अविश्वासको प्रस्तावमा उठाइएका कुराहरू मनगढन्त भएको सिद्ध हुन्छ। गत आर्थिक वर्षको पछिल्ला ७ महिनामा १०० वटा मझौला उद्योगहरू दर्ता गरिएका छन्, र २२ वटा उद्योग स्थापनार्थ इजाजत प्रदान गरिएको छ। घरेलु तथा साना उद्योगतर्फ ४११५ उद्योग दर्ता भएका छन्। औद्योगिक नीति, २०४९ र औद्योगिक व्यवसाय ऐन, २०४९ मा सामयिक पुनरावलोकन गरी औद्योगिकरणलाई तीव्र पार्ने लक्ष्य राखिएको छ। औद्योगिक क्षेत्रको लागि वातावरणप्रभाव मूल्यांकन निर्देशिका लागु गरिएको छ। औद्योगिक प्रतिष्ठानमा कुशल व्यवसायी प्रवन्धकको व्यवस्था गर्दै स्वायत्तता प्रदान गर्न महत्वपूर्ण निर्णय गरिएको छ। यस निर्णय पश्चात् उत्पादन तथा उत्पादकत्वमा सकारात्मक प्रभाव परेको छ। यसका अतिरिक्त प्रत्यक्ष जनसहभागितामा आधारित "आफ्नो गाउँ आफै वनाऔं" लगायतका विकास अभियान कार्य तीव्र रूपमा अघि वढ्नुले गैर कृषि क्षेत्रको उत्पादन वृद्धिदर उच्चरहन सकेकोछ। नयाँ पर्यटन नीतिको कार्यान्वयनवाट पर्यटन उद्योगको विकासमा सहयोग पुग्न गएको छ। विभिन्न आयोजना र परियोजनामा विनिगोजन गरिएको रकम खर्च नहुने स्थितिमा अन्य पूर्वाधार र उत्पादनशील परियोजनामा रकमान्तर गरी विकास कार्य अगाडि वढाइएकोले पनि यसवाट अर्थतन्त्रमा नेपाली कांग्रेसको कार्यकालमा आएको मन्दी स्थिति समाप्त गर्न र आर्थिक गतिविधि वढाउन मद्दत पुग्यो। अर्कोतर्फ उद्योगमा रहेको शान्तिको वातावरण, आपूर्ति व्यवस्थामा भएको नियमितता तथा लोडसेडिङ्ग समाप्त गरी विद्युत् आपूर्ति सुदृढ गरिएवाट पनि यसको सकारात्मक असर अर्थतन्त्रमा परेकोछ। यसवाट जनताको आय आर्जन र रोजगारीका अवसरमा तीव्र विस्तार हुने आधारहरू तयार भएका छन्। यी कुराहरूलाई खल्वलिन नदिई अघि वढेमा राष्ट्रिय अर्थतन्त्रले नयाँ दिशा र गति प्राप्त गर्ने कुरा निश्चित छ।

सभामुख महोदय,

२३. हामीले आर्थिक वर्ष २०५१।५२ को लागि पौष ११ गते संसद समक्ष पेश गरेको वजेटमा राजस्वतर्फ नेपाली कांग्रेसको सरकारले अध्यादेश मार्फत पेश गरेको वजेटमा अनुमान गरिए भन्दा रू. २ अरव ६० करोड ६० लाख अर्थात ११.६ प्रतिशतले वढी राजस्व अनुमान गरेका थियौं। यो थप राजस्व ६ महिना १९ दिनको अवधिमा उठाउनु पर्ने चुनौति थियो। उक्त आर्थिक वर्ष समाप्त हुँदा यथार्थमा कूल रू. २४ अरव ५८ करोड १५ लाख अर्थात लक्ष्यको ९८.४ प्रतिशत र ७ महिनाको अवधिमा कूल रू. १६ अरव ७१ करोड ९६ लाख वरावरको राजस्व परिचालन भयो। यो रकम अघिल्लो वर्ष २०५०।५१ को यसै अवधिको तुलनामा रू. ३ अरव १४ करोड २३ लाख वढी छ। यसरी

हामीले आफ्नो प्रतिवद्धता अनुरूप राजस्व परिचालन गरी विकास निर्माणको अभियान अघि बढायौं । तर प्रमुख प्रतिपक्षी पार्टी आफ्नो कार्यकालको असक्षमताको ढाकछोप गर्न राष्ट्रिय ढुकुटी दलगत स्वार्थ पूर्तिमा प्रयोग गरिएको भन्ने हदसम्मको लाञ्छना लगाउन पुगेको छ । गत आर्थिक वर्षको ७ महिनाको अवधिमा हामीले व्यापक राजस्व परिचालन र तदनुरूप विकास अभियान अगाडि बढाएको कुराको मूल्यांकन जनतावाट हुने नै छ । कर फर्स्यौट र कर प्रणालीको सुधारवाटै राजस्व संकलन व्यापक गर्दै लग्न सकिएको हो । यसरी राजस्व बृद्धि हुँदा गैरकर राजस्व पेश्की लिएर राजस्व परिचालन बढेको देखाएको भन्ने खालका मनगढन्ते प्रतिक्रियाहरू पनि प्रतिपक्षवाट व्यक्त गरिएका छन् । तर यथार्थमा आर्थिक वर्ष २०५०।५१ मा गैरकर राजस्व २०,८ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०५१।५२ मा १८.४ प्रतिशतले मात्र बढेको छ । विदेशी नगद अनुदान अघिल्लो वर्षका यी ७ महिनामा जम्मा रू. ३६ करोड ६३ लाख मात्र प्राप्त भएकोमा आर्थिक वर्ष २०५१।५२ को त्यसै अवधिमा रू. ७३ करोड १८ लाख अर्थात अघिल्लो वर्षको भन्दा ९९.८ प्रतिशतले वढी प्राप्त भयो । विदेशी नगद ऋण अघिल्लो वर्षको प्रथम ७ महिनाको रू. ३ अरव ८ करोड ३५ लाखको तुलनामा रू. ३ अरव १२ करोड ४७ लाख प्राप्त भयो । यस्तो यथार्थ स्थिति जान्दा-जान्दै पनि विदेशी सहायता घट्यो भनी सफेद झूट वोल्ने कार्य प्रतिपक्षी राजनैतिक पार्टीहरूवाट हुनुलाई जनतालाई भ्रमित पार्ने दुस्प्रयास वाहेक अरू के भन्न सकिन्छ र ? यसैगरी अघिल्लो वर्ष सरकारले रू. ६८ करोड ४७ लाख वरावरको ओभर ड्राफ्ट नेपाल राष्ट्र वैंकवाट लिएको आर्थिक वर्ष २०५१।५२ मा रू. ६४ करोड ४८ लाख वरावर ओभर ड्राफ्ट लियो । यो ओभर ड्राफ्ट पनि विगतमा श्री ५ को सरकार जमानी वसी नेपाल वैंक लिमिटेड, राष्ट्रिय वाणिज्य वैंक र हिमालयन वैंकले गोरखकाली रवर उद्योगलाई दिएको ऋणको साँवा व्याजमध्ये रू. ५२ करोड ती वैंकहरूवाट तिरीदिएकोले लिनुपरेको हो । अन्यथा आर्थिक वर्ष २०५१।०५२ मा श्री ५ को सरकारले नेपाल राष्ट्र वैंकवाट ओभर ड्राफ्ट लिनु नपर्ने स्थिति रहेको थियो । यस पृष्ठभूमिमा सरकारद्धारा चालु आर्थिक वर्षको वजेट तर्जुमा गरी रू. ५२ अरव ८९ करोडको खर्च रू. ३१ अरव ७८ करोड वरावरको राजस्वको अनुमान गरिएको हो । हाल प्राप्त पहिलो महिनाको आँकडा अनुसार सरकारको वजेट कारोवारमा रू. ३५ करोड ५ लाख वरावरको वचत रहेको छ । यसवाट चालू आर्थिक वर्षमा सरकारको वित्तीय स्थिति सन्तुलित रहने कुराको पूर्वानुमान गर्नसकिन्छ ।

सभामुख महोदय,

२४. ने.क.पा. (एमाले) सरकारको कार्यकालको छोटो अवधिमा महङ्गीको मारले जनता पिल्सिएका छन् भन्ने आरोपलाई तथ्य तथा तथ्यांकले पूर्णत: कपोलकल्पित तथा झूठ सावित गर्दछन् । नेपाली कांग्रेस सरकारको कार्यकालको प्रथम वर्षमा इतिहासमा नै सर्वाधिक २१ प्रतिशतले मूल्य वृद्धि भएको थियो भने कार्यकालको सवभन्दा पछिल्लो वर्ष अर्थात् आर्थिक वर्ष २०५०।५१ मा ९.१० प्रतिशत रहेको र कार्यकालको ३ वर्षमा औसत रूपमा १३ प्रतिशतले मूल्य वृद्धि भएको थियो । गत वर्ष मुख्य वाली अर्थात् धान उत्पादनको समयमा खाद्यान्न उत्पादनमा ह्रास आएको र छिमेकी मुलुकमा पनि सो वर्ष मूल्यमा तीव्र वृद्धि हुँदाहुँदै पनि हाम्रा विविध प्रयासका कारण आर्थिक वर्ष २०५१।०५२ मा ७.६ प्रतिशतले मात्र मूल्य वृद्धि भएकोछ । अन्तर्राष्ट्रिय वजारमा रासायनिक मलको मूल्यमा तीव्र वृद्धि भएतापनि कृषकहरू तथा समग्रमा सम्पूर्ण जनतालाई महङ्गीको मारवाट

त्राण दिलाउन सरकारले मलको मूल्यमा वृद्धि हुनदिएन र सुपथ मूल्यमै मलको आपूर्ति गरिएकोले यसबाट २०५२।५३ को खाद्यान्न उत्पादनमा सकारात्मक योगदान पुग्ने अनुमान छ। त्यस्तै सरकारी स्वामित्वका संस्थानहरूबाट वितरित उपभोग्य वस्तुहरूका मूल्यलाई स्थीर तथा केहीलाई न्यून राख्न हाम्रो सरकार सफल भएको छ। अत्यावश्यक वस्तुको आपूर्तिलाई सुदृढ गरिएको छ र दीर्घकालीन रूपमा अझै आपूर्ति व्यवस्थालाई सुव्यवस्थित तुल्याउन आपूर्ति सुदृढीकरण आयोग गठन गरिएको थियो जसले आफ्नो प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गरिसकेको छ। मूल्य वृद्धिको दरलाई नियन्त्रणमा राख्न अधिराज्यभर सुपथ मूल्यका पसलहरू खोल्ने प्रतिवद्धता वमोजिम प्रथम चरणमा काठमाडौं उपत्यकामा हालसम्ममा ९० वटालाई अनुमतीपत्र प्रदान गरी ६० वटा सुपथ मूल्यका पसलहरू खोलिसकिएका छन्। यसरी छोटै समयमा पनि वर्तमान सरकारद्धारा मूल्य वृद्धि नियन्त्रणतर्फ थालनी गरिएका कदमहरू जनताले सही दिशातर्फ उन्मुख सकारात्मक कदमको रूपमा लिएका छन्। यस वाहेक चालू आर्थिक वर्षमा मुल्य वृद्धिलाई ७ प्रतिशतको हाराहारीमा राख्नेतर्फ वर्तमान सरकारको लक्ष्य रहेको र सो लक्ष्य प्राप्तितर्फ सरकारका आर्थिक नीति तथा कार्यक्रमहरू उन्मुख छन्।

सभामुख महोदय,

२५. वाह्य व्यापारका केही महत्वपूर्ण पक्षहरूमा पनि यी ७ महिनाको अवधिमा सुधार भएको छ। नेपालको कुल निर्यात आर्थिक वर्ष २०५१।५२ को पहिलो महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ४१.९ प्रतिशतले, तेस्रो महिनामा १६.२ प्रतिशतले र पाँचौ महिनासम्ममा (२०५१ मंसिरसम्ममा) १६.९ प्रतिशतले घटेकोमा छैटौं महिनासम्ममा १४.३ प्रतिशतले, सातौं महिनासम्म १०.१ प्रतिशतले, आठौं महिनासम्ममा ७.५ प्रतिशतले, नवौं महिनासम्ममा ७.४ प्रतिशतले, दशौं महिनासम्ममा ६.० प्रतिशतले, एघारौं महिनासम्ममा ७.९ प्रतिशतले र वर्षभरिमा अघिल्लो वर्षको तुलनामा ७.८ प्रतिशतले मात्र देशको निर्यात कम भएको देखिन्छ। अर्थात अघिल्लो आर्थिक वर्षको पछिल्लो ७ महिनाको तुलनामा गत आर्थिक वर्षको सोही अवधिमा देशको कुल निर्यात जम्मा ०.८ प्रतिशतले मात्र कम छ। यसरी वर्तमान सरकारको आर्थिक वर्ष २०५१।५२ को पछिल्लो ७ महिनाको अवधिमा देशको निर्यात क्षेत्रमा सुधार आएको प्रष्ट देखिन्छ।

यसैगरी देशको कुल आयात त्यस वर्षको पहिलो पाँच महिनाको अवधिमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३२.९ प्रतिशतले वढेकोमा पछिल्लो सात महिनामा २१.८ प्रतिशतले मात्र वढ्न गएकोले कूल व्यापार घाटा पहिलो पाँच महिनाको अवधिमा ८१.१ प्रतिशतले वढ्न गएकोमा पछिल्लो सात महिनामा ३१.० प्रतिशतले मात्र वढ्न गएको छ। फलस्वरूप कुल वार्षिक व्यापार घाटा आर्थिक वर्ष २०५०।५१ मा ५०.५ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०५१।५२ मा ४४.३ प्रतिशतले मात्र वढ्न गएको छ। यसरी सरकारको गत आर्थिक वर्षको सात महिनाको अवधिमा निर्यातमा सुधार र आयातमा कमी आएकोले व्यापार घाटामा समेत सुधार आएको छ।

नेपालको तेस्रो मुलुकतर्फको प्रमुख निर्यात वस्तु ऊनी गलैंचा आर्थिक वर्ष २०५०।५१ को पहिलो पाँच महिनाको तुलनामा आर्थिक वर्ष २०५१।५२ को सोही अवधिमा रू. १ अरव ६७ करोड ३८ लाख अर्थात ३४.७ प्रतिशतले घटेकोमा पछिल्लो ७ महिनामा घट्ने क्रम उल्लेखनीय मात्रामा रोकिन गई अघिल्लो वर्षको सोही अवधिको तुलनामा जम्मा ३.१ प्रतिशतले मात्र कम रहेको देखिन्छ। अर्थात पहिलो पाँच महिनामा गलैंचा

निर्यात रू.१ अरब ६७ करोड ३८ लाखले घटेकोमा पछिल्लो ७ महिनामा रू. १४ करोड ४२ लाखले मात्र कम भएको छ। फलस्वरूप आर्थिक वर्षको पहिलो पाँच महिनामा गलैंचा निर्यात ३४.७ प्रतिशतले घटेकोमा वार्षिक निर्यात १९.१ प्रतिशतले मात्र कम हुनगएकोछ। गलैंचाको निर्यातलाई देशगत विविधिकरण समेततर्फ पाइला चालिएका छन्।

सभामुख महोदय,

२६. देशको निकासी व्यापारलाई गतिशील तुल्याउन वाणिज्य नीति, २०४९ को पुनरावलोकन गरी सामयिक सुधार गर्न कदम चालिका छन्। तद्नुरूप निर्यात प्रवर्द्धन कोषको स्थापना गरिएको छ। नेपालबाट निर्यात हुने वस्तुको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गर्न पहिलेको सरकारले लगाएको २.० प्रतिशतको निकासी सेवा शुल्कलाई घटाएर ०.५ प्रतिशत र तयारी पोशाकमा लागिआएको भिसा शुल्क ०.५ प्रतिशतबाट ०.२ प्रतिशत कायम गरिएको छ। यस बाहेक कच्चा ऊन पैठारीमा गलैंचा तथा ऊन विकास समितिले लिदै आएको प्रति के.जी. ०.२५ पैसा शुल्क हटाइएको छ। निकासीमूलक उद्योगलाई कच्चा पदार्थ र मेशिनरी आयात गर्न ५० लाखसम्मको ऋणमा प्राथमिकता प्राप्त क्षेत्र कर्जा सरहको सुविधा उपलब्ध गराइएको छ। त्यस्तै नेपाल राष्ट्र बैंक मार्फत भारतबाट आयात गरिएका कच्चा पदार्थबाट बन्ने वस्तु पुनः भारततर्फ निर्यातका लागि प्रोत्साहन गर्न र तेस्रो मुलुकमा समेत निर्यात बढाउन उद्योगी तथा निर्यातकर्ताहरूलाई थप सुविधाहरू दिइएको छ। यसले गर्दा एकातर्फ भारतमा हुने निर्यातमा वृद्धि हुन सक्यो भने अर्कोतर्फ नेपाली कांग्रेसले सत्ता छोड्दा निर्यात व्यापारको जुन ह्रासोन्मुख डरलाग्दो परिस्थिति थियो त्यसमा सुधार गर्ने सकियो। अविश्वासको प्रस्तावमा कांग्रेस कार्यकालमा औसत ५० प्रतिशतले प्रतिवर्ष निर्यात बढेको भन्ने दावी गरेर यथार्थ स्थितिलाई तोडमोड गरी वर्तमान सरकारलाई दोष थोपर्ने प्रयास गरिएको छ। गलैचा, तयारी पोशाकको निर्यातमा गत केही वर्षदेखि लगातार वृद्धि भएको थियो र नेपाली मुद्राको अवमूल्यन पछि त्यसको वृद्धिदर चालु मूल्यमा केही बढ्न गएको देखिएको थियो। तर नेपाली कांग्रेस शासनबाट हट्दा निर्यातमा कसरी कमी आएको थियो भन्ने कुरा माथि चर्चा भइसकेकोले निजी क्षेत्रको पहलकदमीमा भएको वृद्धिलाई तीन वर्षमा भागवण्डा गरी दावा गर्नु त्यो भन्दा हास्यस्पद विषय अरू के हुनसक्छ ? हामीले नेपालको जलमार्गद्वारा तेस्रो मुलुकसँग हुने आयात-निर्यातलाई प्रभावकारी रूपमा संचालन गर्न भारतका बम्बै र काण्डला बन्दरगाहमा अतिरिक्त सुविधाको सहमति भारतबाट प्राप्त गर्यौं। विश्व व्यापार संगठनको सदस्यताबाट नेपाललाई हुने लाभ-हानीको विश्लेषणको कार्य भइरहेको छ। यो कार्य सम्पन्न भएपछि आवश्यक निर्णय गर्न हामी तत्पर छौं। वास्तवमा हाम्रो देशको निकासी व्यापारलाई दिगो बनाउने दिशामा लामो समयदेखि गम्भीर चुनौतीहरू रहेका छन् र यसको निराकरणको लागि सिङ्गै राष्ट्रले एकजुट भएर अग्रसर हुनुपर्ने आवश्यकता छ।

सभामुख महोदय,

२७. गत आर्थिक वर्षको पहिलो पाँच महिनाको तुलनामा पछिल्लो ७ महिनामा लगैंचाको घट्दो निर्यातमा सुधार, आयात वृद्धिमा केही कमी, पर्यटक आगमनमा वृद्धि, विदेशी सहायताको उपयोग क्षमतामा विस्तार जस्ता कुराले शोधनान्तर स्थिति तथा विदेशी मुद्राको संचितिमा समेत सकारात्मक असर पर्न गएको छ। शोधनान्तर स्थितितर्फ आर्थिक वर्ष २०५०।५१ मा कूल रू. ७ अरब १० करोड शोधनान्तर बचत भएकोमा आर्थिक वर्ष २०५१।५२ को पहिलो महिनामा रू. ३९ करोड ३२ लाखले, तेस्रो महिनासम्ममा रू. १

अरब २९ करोड ३५ लाखले र पाँच महिनासम्ममा रू. ४३ करोड १५ लाखले शोधनान्तर घाटा भएको थियो। वर्तमान सरकारको स्थापना पछि मात्र शोधनान्तर स्थितिमा सकारात्मक पक्ष देखापर्न थाल्यो। अविश्वासको प्रस्तावमा यो यथार्थलाई पूरै उपेक्षा गरी उल्टो ने.क.पा. (एमाले) को सरकारले विदेशी मुद्रा संचिती रित्यायो भनी लाञ्छना लगाइएको छ। २०५१।५२ को आठ महिनासम्ममा रू. ८२ करोड ८० लाख, नौ महिनामा रू.१ अरब र दश महिनासम्ममा रू. २ अरब ८४ करोड ८९ लाख बराबरको शोधनान्तर बचत भएको कुरा उपलब्ध तथ्यांकबाट प्रमाणित हुन्छ। यसले गर्दा विदेशी मुद्राको संचिति स्थितिमा पनि सोही अनुरूप उल्लेखनीय सुधार भएको छ। यर्थायमा विदेशी मुद्राको संचिति आर्थिक वर्ष २०५१।५२ को शुरू महिना (२०५१ श्रावण) देखि घट्न थालेको थियो। २०५१ आषाढको तुलनामा २०५१ आश्विनमा रू. २ अरब ५० करोड ३८ लाख संचिति घट्न गई रू. ४० अरब ५८ करोड ६२ लाखबाट रू. ३८ अरब ८ करोड २४ लाखमा झरेको थियो। तर २०५१ कार्तिकको तुलनामा २०५१ मंसिरमा रू. ४ करोड ९३ लाखले घटेको संचिति २०५१ मंसिरको तुलनामा पौषमा रू. ८५ करोड ३५ लाखले बढ्न गई रू. ३९ अरब ४८ करोड ९९ लाख पुग्न गयो र २०५२ साल भाद्र ९ गतेसम्म आइपुग्दा यस्तो संचिति २०५१ मंसिरको तुलनामा रू. २ अरब ३६ करोड ६५ लाखले बढ्न गई रू. ४१ अरब २९ लाख पुग्न गएको छ। यसमध्ये परिवर्त्य विदेशी मुद्राको अनुपात ८०.२ प्रतिशत छ। अर्थात नेपाली कांग्रेसको सरकारले आर्थिक वर्ष २०५१।५२ को पहिलो तीन महिनामा गरेको विदेशी मुद्राको क्षयलाई ने.क.पा. (एमाले) को सरकारले आठ महिना नौ दिन लगाएर करिब पूर्ति गरेको छ। यस्तो यथार्यप्रति आँखा चिम्लेर ने.क.पा. (एमाले) को सरकारको आर्थिक उपलब्धि देख्नै नसक्नु र उल्टै विदेशी मुद्राको संचिति घट्यो, आर्थिक संरचना खल्बलियो र लगानी घट्न थाल्यो भनी प्रतिपक्षबाट आरोप लगाइनु विडम्बना भएको छ।

सभामुख महोदय,

२८. देशको मौद्रिक क्षेत्रमा भएको सुधार पनि उल्लेखनीय र सकारात्मक छ। आर्थिक वर्ष २०५०।५१ को पहिलो ७ महिनामा वाणिज्य बैंकहरूबाट निजी क्षेत्रलाई जम्मा रू. ६ अरब ७१ करोड ४८ लाख बराबरको कर्जा प्रवाह भएको थियो भने आर्थिक वर्ष २०५१।५२ को सोही अवधिमा उक्त स्रोतबाट निजी क्षेत्रलाई गएको कर्जा १५.९ प्रतिशतले वृद्धि भई रू. ७ अरब ७८ करोड ६ लाख पुगेको छ। यसैगरी आवधिक निक्षेप अघिल्लो आर्थिक वर्षको यिनै ७ महिनाको अवधिमा जम्मा रू. ३ अरब ८८ करोड परिचालन भएकोमा आर्थिक वर्ष २०५१।५२ को सोही अवधिमा सो निक्षेप २४.८ प्रतिशतले वृद्धि भई ४ अरब ८४ करोड ३० लाख पुगेको छ। आर्थिक वर्ष २०५०।५१ को पहिलो ७ महिनाको अवधिमा रू.३ अरब १८ करोड ३५ लाख बराबरको मुद्रा विस्तार भएकोमा आर्थिक वर्ष २०५१।५२ को सोही अवधिमा सो मुद्रा २०.४ प्रतिशतले घट्न गई रू. २ अरब ५३ करोड ४९ लाख मात्र विस्तार भएको छ।

यसरी माथि गरिएको विवेचनाबाट ने.क.पा. (एमाले) को सरकार रहेको यस अवधिमा देशको अर्थतन्त्रका सबैजसो महत्वपूर्ण परिसूचकहरूमा सुधार भई समग्र आर्थिक स्थिति सन्तुलित रूपमा सुदृढ हुँदै गएको प्रष्ट हुँदाहुँदै हाम्रो सरकारले देशको अर्थतन्त्र र आर्थिक संरचना ध्वस्त पार्‍यो भनिन्छ भने यसलाई दूराशयपूर्ण लाञ्छना सिवाय अरू केही भन्न सकिदैन। यसरी आरोप लगाउने मित्रहरूले दूराशयपूर्ण हचुवा आरोप लगाउनु

सिवाय हाम्रो सरकारले नेपाली अर्थतन्त्रको कुन कुन संरचना ध्वस्त पारेको हो भनेर कहिल्यै किटान गर्ने कष्ट गर्नुभएन। तर प्रतिपक्षका मित्रहरूले यसरी प्रष्ट रूपमा भन्ने आँट नगरे तापनि हामीले उहाँहरूको आशय बुझ्ने चेष्टा गरेका छौं। यस्तो चेष्टा गर्दा हामीले के पायौं भने जर्जर र कष्टकर हुँदै गएको नेपालको समग्र ग्रामीण क्षेत्रको उत्थान गर्न रकम विनियोजन गरेको, समाजका जेष्ठ नागरिकहरूलाई सम्मान गर्न उनीहरूलाई मानिक रू. १०० भत्ता दिइएको, देशको अन्धा, अपाङ्ग र असहायहरूलाई सहायता गर्न खोजेको, आधुनिक समाजको कलंकको रूपमा रहेको कमैया प्रथालाई उन्मूलन गर्ने, बेरोजगारीको समस्या समाधान गर्नेतर्फ पाइलाहरू चालेकोलाई नै अर्थतन्त्र ध्वस्त गर्न खोजेको भनी प्रतिपक्षद्वारा आरोप लगाइएको रहेछ। हामीले अवलम्वन गरेका आर्थिक नीति र कार्यक्रमहरू तथा सकारात्मक उपलब्धिलाई नेपाली कांग्रेसले निहित स्वार्थले गर्दा देख्नसकेन।

सभामुख महोदय,

२९. यी सबै उपलब्धिहरू सरकारको जनमुखी र विकासमुखी बजेट, आर्थिक नीति तथा कार्यक्रमकै परिणाम हुन्। अनेकौं व्यवधान र सीमितता तथा प्रतिपक्षी राजनीतिक पार्टीहरूसँग समेत सहमति कायम गरी अगाडी बढ्नु पर्ने वाध्यात्मक स्थितिका बीच पनि विकेन्द्रित योजना र जनमुखी विकास प्राणालीको शुरूवात गर्ने कार्य बजेट मार्फत गरियो। त्यसको लगत्तै श्री ५ को सरकारले नयाँ आर्थिक नीति जनसमक्ष ल्यायो। बजेट र आर्थिक नीतीहरू गाउँलाई विकासको केन्द्रविन्दु बनाउने, विकास निर्माणमा जनतालाई प्रत्यक्ष सहभागी बनाउने, राष्ट्रिय उद्योग व्यवसायलाई प्रोत्साहन गर्ने, विपन्न र साधनविहीन जनताबीच आय र रोजगारीको अवसर बढाउने, जनतालाई राहत दिने र मूल्य नियन्त्रण गर्नेतर्फ केन्द्रीत गरिए। सुकुम्वसी समस्या समाधान गर्ने, बधुवा मजदुरलाई मुक्ति दिलाउदै उनीहरूकानिम्ति आय र रोजगारीका अवसर सुनिश्चित गर्ने, रोजगारीको अवसरहरू व्यापक गर्दै लग्ने, देशमा रहेको सामन्तवादी भूमि व्यवस्था समाप्त गरी सिङ्गो कृषि अर्थतन्त्रलाई माथि उठाई भूमिहीन, सीमान्त र साना किसानको आर्थिक अवस्था सुदृढ गर्दै उद्योग र सेवा क्षेत्रलाई पनि एकै साथ माथि उठाउँदै सवल र आत्मनिर्भरतातर्फ उन्मूख अर्थतन्त्रको निर्माणका कार्यहरू तीव्रगतिका साथ अगाडि बढाइए। यस उद्देश्यको परिपूर्तिका निम्ति उच्चस्तरीय भूमिसुधार आयोग गठन गरियो। विस्तृत अध्ययन पश्चात् आयोगले आफ्नो प्रतिवेदन श्री ५ को सरकारलाई पेश गरिसकेको छ। विकास खर्चको ह्रासोन्मुख प्रवृत्तिमा सुधार गरी विकास निर्माण कार्य तीव्रगतिले विस्तार गर्दै लगिए। विदेशी लगानी, निजीकरण, उद्योग, वाणिज्यका क्षेत्रमा राष्ट्रिय हित अनुरूप सन्तुलित ढङ्गको नीति अंगिकार गरियो। खासगरी संगठित क्षेत्रमा आर्थिक सुधारका कार्यक्रम अगाडि बढाई बचत र पूँजी निर्माण कार्यलाई गति दिने तथा असंगठित ग्रामीण एवं पिछडिएका क्षेत्र र वर्गको उत्थानमा सरकारले अहं भूमिका निर्वाह गर्ने नीति अवलम्वन गरियो। बजेट घाटा वाञ्छित सीमाभित्र राख्दै आर्थिक स्थायित्व सुदृढ गर्ने र दीर्घकालीन दिगो विकासमा सुनिश्चितता प्रदान गर्नेतर्फ सम्पूर्ण नीति र कार्यक्रमहरू केन्द्रित गरिए। आर्थिक उदारीकरणको नाममा शहर तथा गाउँका बीचमा असमानता बढाउने, पिछडिएका क्षेत्र एवं वर्गलाई उपेक्षा गर्दै जाने एवं शहरी र संगठित क्षेत्रभित्र पनि श्रमजीवी जनतालाई गरीवीको जालभित्र पार्दै केही मुठ्ठीभर स्वदेशी र विदेशी व्यक्ति तथा समुहको स्वार्थरक्षामा केन्द्रित गरिएका नीतिहरूको प्रतिकूल प्रभावलाई हटाउदै लगियो। नयाँ आर्थिक नीति

मार्फत सुधार गरियो। संगठित क्षेत्रमा सन्तुलित ढङ्गले आर्थिक सुधारका कार्य अगाडि बढाउने र साधनको बढी परिचालन मार्फत उपेक्षित क्षेत्र र वर्ग बीच साधन तथा अवसर बढाई गाउँ शहरको एकसाथ विकास गर्दै दिगो विकासको दीर्घकालीन दृष्टिकोण सहित सरकारले विभिन्न कदमहरू चाल्यो। मैले अगाडि नै उल्लेख गरेका "आफ्नो गाउँ आफै बनाऔं", लक्षित समूह उत्थान कार्यक्रम, प्रजा तथा जनजाती विकास कार्यक्रम, नमूना गाउँ, साना शहरको विकासबाट गाउँको विकास, विकास निर्माणमा जनताको प्रत्यक्ष सहभागिताको संस्थागत विकास, सुपथ मूल्यका पसल मार्फत जनताका दैनिक आवश्यकीय वस्तुको सुलभ आपूर्ति जस्ता आर्थिक-सामाजिक उत्थान र राहतका कार्यक्रमहरू अभियानको रूपमा संचालन गरियो भने अन्य कतिपय नयाँ कार्यक्रमहरूको तर्जुमा भइरहेको छ।

सभामुख महोदय,

३०. जनलेखा प्रणाली, आयोजना छनौट र कायान्वयनको उपयुक्त मापदण्ड तथा प्रभावकारी अनुगमन र मूल्यांकन प्रणालीको कार्यान्वयनमा सरकारले हरसम्भव प्रयास गऱ्यो। आयोजनाको प्राथमिकीकरण र त्रि-वर्षीय चक्र खर्च योजना तर्जुमा कार्यमा सरकार लाग्यो। यी विविध जनमुखी र राष्ट्रिय हितसंग सम्बन्धित कार्यले गर्दा नेपालको इतिहासमा पहिलोपटक जनताले वास्तविक अर्थमा जनपक्षीय सरकारको स्थापना भएको अनुभूति गर्नलागेका थिए। सरकार संचालनको ७ महिनाको अनुभव तथा २०५१ पौषमा अवलम्बन गरिएका नीति तथा कार्यक्रमहरूको प्रभावकारीताको आधारमा राष्ट्रिय अर्थतन्त्रमा दुरगामी परिवर्तन ल्याई जनताको जीवनस्तर तीव्रगतिमा माथि उठाउने लक्ष्य साथ २०५२।५३ को अध्यादेश बजेट कार्यान्वयनमा ल्याइयो। सात वर्षमा सम्पूर्ण जनतालाई खानेपानी तथा सम्पूर्ण खेतीयोग्य जमीनमा सिंचाइ सुविधा उपलब्ध गराउने तथा पाँच वर्षमा देशबाट निरक्षरता उन्मूलन गर्ने लक्ष्य राखी कार्यक्रम तर्जुमा गरियो। "९ 'स' को अभियान, सन्तुलित विकासमा नयाँ आयाम" भन्ने एकीकृत र सघन प्रकृतिको समतामूलक तथा क्षेत्रीय सन्तुलनमुखी विकासको अभियान गीव्रगतिसँग अघि बढाउने कार्यक्रम कार्यान्वयनमा ल्याइयो। सरकारको विकासप्रतिको प्रतिवद्धता र जनमुखी सोच अनुरूप कर सम्बन्धी कार्यदलबाट प्राप्त सुझावका आधारमा कर संरचनामा परिवर्तन गर्ने, करको आधार फराकिलो पार्ने र कर प्रशासन सुदृढ गर्ने नीति अवलम्बन गरी व्यापक मात्रामा राजस्व परिचालन गर्न सकिने स्थितिको सिर्जना गरियो। यसबाट विकास आयोजनालाई चालू वर्षदेखि व्यापक गर्न सम्भव भयो। नेपालको इतिहासमा नै पहिलोपल्ट देशव्यापी रूपमा विकास अभियान प्रारम्भ भई त्यसमा व्यापक जनसहभागिता शुरू भयो। शायद यसैलाई प्रतिपक्षद्वारा "विकासको राजनीतिकरण" ठानिएको हो कि ? त्यस्तै सरकारले अगाडि सारेको विकासको नयाँ सोच अनुरूप आयोजना र परियोजना छनौट तथा वार्षिक कार्यक्रमको तर्जुमामा योजना आयोगले पुऱ्याएको योगदानलाई योजना आयोग "चुनावी रणनीतिको संयन्त्रको रूपमा उपयोग गरिएको" भन्नु चिन्तनको दरिद्रता बाहेक अरू के हुन सक्छ ?

बहुसंख्यक नेपाली जनताको प्रगति र सामाजिक न्यायको स्थापनातर्फ उन्मुख आर्थिक परिपाटी र संरचनाको स्थापना गर्दै जानु संविधानसम्मत आवश्यकता हो। नेपाल राष्ट्र बैंक जस्ता स्वतन्त्र र जिम्मेवारपूर्ण निकाय मार्फत आफू सत्तामा छदा दिइने तथ्यांक खोटरहित सम्झने तर आफ्नो धारणा अनुकूल नहुने वित्तिकै सारा तथ्यांक "मनगढन्ते र

नगत" देख्ने प्रतिपक्षको रूग्ण मानसिकताको खण्डन स्वयं सत्य र तथ्यले नै गरिरहेका न्।

सभामुख महोदय,

३१. हाम्रो पार्टीले प्रतिपक्षमा रहँदा नेपालको परराष्ट्र सम्वन्धका वारेमा व्यक्त का धारणाहरू र लिएका अडानहरू सरकारमा पुगेपछि पनि वदलेका छैनौं। सवै मित्र राष्ट्रहरू, विशेष गरी छिमेकी मित्रराष्ट्रहरूसँग पारस्परिक सम्मान र हितको आधारमा मैत्रीपूर्ण सम्वन्ध सुदृढ तुल्याउन हामी अग्रसर रह्यौं। सवै मित्रराष्ट्रहरूसंग हाम्रो सुमधुर रह्यो। मैले स्वयं मित्रराष्ट्र भारत र चीनको भ्रमण गरें। उप-प्रधानमन्त्री तथा परराष्ट्र मन्त्री लगायत मन्त्रिपरिषदका अन्य सदस्यहरूवाट विभिन्न मित्रराष्ट्रहरूसंगको सम्वन्धलाई सुदृढ वनाउने प्रयत्न गरियो। वैदेशिक सहयोग अनुदान र ऋणको यथोचित परिचालन गरियो। नेपाल-भारत सम्वन्धमा इतिहासमा हामीले पहिलो चोटी सन् १९५० को मैत्री सन्धिको पुनरावलोकनको प्रस्ताव भारतीय प्रधानमन्त्री समक्ष राख्यौं। यसमा वार्ता जारी राख्ने सहमति पनि भयो। हामीले टनकपुर वाँध परियोजनाका सम्वन्धमा आफ्ना धारणा र अडानमा कुनै परिवर्तन गरेका छैनौं। महाकाली नदीवाट पानी र विजुली अधिकतम रूपमा राष्ट्रिय हितमा उपयोग गर्ने वारे हामी सधैं चिन्तनशील रहेका छौं। यस सम्वन्धमा हामीले सरकारमा आएपछि टनकपुर वाँध परियोजना सम्वन्धी समस्या समाधान गर्न नेपाली कांग्रेस लगायतका प्रतिपक्षी दलका नेताहरूलाई राष्ट्रिय सहमतिका लागि छलफलमा वोलाउँदा उहाँहरू वैठकमा उपस्थितसम्म हुनुनभएको कुरा यहाँ भन्नु पर्दा मलाई दु:ख लागेको छ। टनकपुर वाँध परियोजनामा नेपालको हितको सुरक्षा हुनुपर्छ भन्दै हामीले भारतीय प्रधानमन्त्री समक्ष ठोस प्रस्ताव राख्यौं। स्थितिको पून: मूल्यांकन गरी वार्ताद्धारा समस्याको निक्यौंल गर्ने र यसो गर्दा नेपालको हित वारे ध्यान दिइने सहमति भएको थियो। यसमा हामी कार्य गर्दै थियौं। हाम्रो यस्तो प्रयासलाई प्रतिपक्षले "राष्ट्रिय स्वाभिमानलाई आघात" पारेको भन्नु दुराग्रहपूर्ण चिन्तनको पराकाष्टा नभनेर के भन्ने ?

सभामुख महोदय,

३२. हामीवाट संसदको गरिमा घटाउने र कमजोर तुल्याउने काम कहीं-कतै भएको न। देशमा आसन्न राजनीतिक अस्थिरताको खतरा र अन्यौललाई नेपाल अधिराज्यको विधान, २०४७ को भावना र मर्म अनुरूप निर्वाचनको माध्यम र जननिर्णयद्धारा समाप्त र्ने प्रयत्न गर्नुलाई नै कसैले संसदलाई "कमजोर" तुल्याउन खोजेको वा "अविवेकी" ठान्छ ने त्यसमा आश्चर्य प्रकट गर्नु वाहेक के नै गर्न सकिन्छ र ?

जहाँसम्म सर्वोच्च अदालतको प्रतिनिधिसभाको पुनर्स्थापना गर्ने फैसला पछि देशमा उत्पन्न राजनीतिक परिस्थितिको कुरा छ, त्यसका विविध पक्षहरू विचारणीय छन्। हाम्रो देशको संविधानले शक्ति पृथकीकरणको सिद्धान्त अवलम्वन गर्नुका साथै हरके संवैधानिक निकायको भूमिका एवं क्षेत्र निर्धारण गरिदिएको छ। यी संवैधानिक सीमा र क्षेत्रको पुन: संरचना गर्ने अन्तिम अधिकार केवल जनतामा मात्र निहित छ। कुनैपनि निकायका निर्णय वा काम-कार्वाईहरूमा गुण-दोषको आधारमा जनताले आफ्नो मत व्यक्त गर्नु कुनै अनौठो रा होइन। कहिलेकाहीं कुनै निकायवाट हुने राजनीतिक टिप्पणी वा अभिव्यक्तिले नताको भावना र मतलाई चर्को रूपमा सार्वजनिक गराउन सक्छ यस्ता घटना हाम्रो ामा मात्र होइन अन्यत्र पनि देखिएका छन्। सर्वोच्च अदालतको फैसला अघि नै

सडकमा तोडफोडमा उत्रनेदेखि उक्त फैसलाको परिणामको पूर्वाभास भए भैं गरी वक्तव्य बोकेर हस्ताक्षर गराउनसम्म हिड्ने पार्टीका नेता र अनुयायीहरू रहेको स्थितिमा मैले धेरै भनिरहनु नपर्ला। आफ्ना निहित स्वार्थहरू पूरा नहुने सम्भावना उत्पन्न हुँदा सार्वजनिक सभामा मेशिनगन चलाउन र राजतन्त्र मास्नेसम्मका धम्कीका भाषण गर्ने नेताहरू रहेका प्रतिपक्षले हामीप्रति संविधान, संसदीय प्रणाली र स्वस्थ राजनीतिक प्रतिस्पर्धाको "बाटो बिराउन" थालेको आरोप लगाउनु स्वयंमा निरर्थक छ। वास्तवमा बोली र व्यवहारमा कुनै सामञ्जस्य नराखी सत्ताको निम्ति जस्तोसुकै अपवित्र गठबन्धन गर्नपनि पछि नपर्ने प्रतिपक्षी खेमामा देखिएको चरित्र देशमा स्वच्छ राजनीतिक विकासको मार्गमा तगारो बन्ने पो हो कि भन्ने आशंका सर्वत्र छाएको छ।

सभामुख महोदय,

३३. प्रजातन्त्रको नाममा सर्वसत्तावाद लाद्न खोज्नेहरू तथा निरंकुश व्यवस्था संचालनमा बानी परेकाहरूले कसरी प्रजातान्त्रिक आचरणको अनुशरण गनुपर्छ र जनताको हितमा कसरी कार्य गर्नुपर्छ भनेर हामीलाई अर्ति-उपदेश दिन, स्वयंमा हास्यास्पद छ। म के मात्र भन्न चाहन्छु भने हामी माथि लगाइएका सम्पूर्ण आरोपहरू निराधार, लाञ्छनापूर्ण र पूर्वाग्रही छन्। हामीले सरकारमा आएपछि जे-जति गर्‍यौं देश र जनताको हितमा इमान्दारीपूर्ण रूपमा गर्‍यौं। देश र जनताको हितलाइ सर्वोच्च स्थानमा राखेर गर्‍यौं। एउटा सामान्य घर निर्माण गर्न र बालक जन्मन त नौ महिनाभन्दा बढी समय लाग्छ भने जनताका अपेक्षाहरू पूरा गर्न तथा प्रजातन्त्रको सुदृढीकरण र राष्ट्र निर्माणका लागि नौ महिनाको अवधि निश्चय पनि प्रर्याप्त होइन। तर पनि नेपाली कांग्रेसद्वारा अध्यादेश मार्फत ल्याइएको बजेटका सीमा, आर्थिक वर्षको आधा अवधिपछि मात्र सरकारमा आएको र नौ महिनाको छोटो कार्यकाल हुँदाहुँदै पनि हामीले जे-जति गर्‍यौं त्यसप्रति गर्व गर्ने प्रसस्त ठाउँछ।

सभामुख महोदय,

३४. हाम्रो देश र जनताले मूलभूत रूपमा आर्थिक उन्नति खोजिरहेका छन्। नेपाली जनता गरीवी, अभाव, अशिक्षा र रोगवाट मुक्ति चाहन्छन्। यसका लागि हामी सवैले आफ्ना प्रयासहरू सुझवुझका साथ केन्द्रित गर्नुपर्छ भन्नेमा कसैले दुइमत हुनसक्दैन। हाम्रो सरकारले जुन आदर्श र कार्यक्रमको अनुशरण गरेको छ, त्यसको लक्ष्य उक्त उद्देशय कै परिपूर्ति गर्नु हो। हामी शान्ति र स्थीरतालाई पनि सोही लक्ष्य कै लागि कायम गर्न चाहन्छौं। यसलाई सवैले मनन् गर्दै सोही अनुरूप आचरण र व्यवहार गरेमा निश्चय पनि हाम्रो देशका दुरावस्थालाई फेर्न धेरै समय लाग्ने छैन। देश र जनताको हित नै सर्वोपरी हो। त्यसको परिपूर्तिको निम्ति राष्ट्रिय सहमति, समझदारी र एकतालाई कायम राखी अगाडि बढ्न हामी सधैं तत्पर थियौं, छौं र रहनेछौं।

विक्रम सम्वत् २००६ सालमा नेपालमा कम्युनिष्ट पार्टीको स्थापना भएदेखि आजसम्म निरन्तर रूपमा हामी प्रजातन्त्रको स्थापनाको सायै देशका कमजोर उत्पीडित जनताको मुक्ति र उत्थान गर्ने मोर्चामा अडिग र अविचलित भई डटिरहेको यथार्थ कुरा गरिमामय संसदमा राख्न चाहन्छु। हाम्रो यो प्रतिवद्धता भविष्यमा पनि कहिल्यै कमजोर र फितलो हुनेछैन भन्ने कुरामा सवैलाई विश्वास दिलाउन चाहन्छु। मानव मुक्तिको यो मार्गमा डटिरहदा जनताको शक्ति नै अपराजेय हुन्छ भन्ने शास्वत सत्यले जहिले पनि

हामीलाई मार्ग निर्देशन गरिरहेको छ। त्यसैले नै हामीलाई जनताको निमित्त काम गर्ने अवसर प्राप्त हुँदा हामी त्यसको निमित्त अग्रसर भएका हौं। हामी जे भन्दछौं, त्यो गर्दछौं। तर देशका कमजोर र उत्पीडित जनताको निमित्त केही काम हुन लाग्दा यहाँका प्रतिपक्षी मित्रहरूलाई त्यो कुरा सह्य र पाच्य हुनसकेन। हाम्रा जनपक्षीय कामहरूले प्रतिपक्षलाई आतंकित तुल्याएछ भन्ने कुरा घटनाक्रमले देखाएका छन्।

प्रतिपक्षको यस किसिमको प्रतिक्रियावाट हामी देशको विकास र स्थिरताप्रति चिंतित भएका छौं। हामी जाल, झेल र षडयन्त्रमा होइन प्रजातान्त्रिक मूल्य, मान्यता र जाको शक्तिमा विश्वास गर्छौं। हामीले नौं महिनाको छोटो अवधिमा जे जति गर्न सकेनौं त्यो देश र जनताकै निमित्त गर्यौं र त्यही अनुरूप हामीले जनताको स्नेह र विश्वास पनि पाएका छौं। यस अवधिमा हामीले लगनशीलतापूर्वक गरेका कामहरू र त्यसवाट हामीलाई जनताको स्नेह र विश्वास पनि पाएका छौं। यस अवधिमा हामीले लगनशीलतापूर्वक गरेका कामहरू र त्यसवाट हामीलाई प्राप्त जनताको स्नेह र विश्वास नै प्रतिपक्षको हतासाको कारण बन्न पुग्यो।

सभामुख महोदय,

३५. हामीले देश र जनताको उन्नति, राष्ट्रिय स्वाभिमान र सामाजिक न्यायको लागि आरम्भ गरेका कुराहरू राजनीतिक स्थितिमा परिवर्तन एवं अस्थीरता उत्पन्न भएमा अवरूद्ध हुनसक्छन्। राष्ट्रिय जीवनमा अन्यौल सिर्जना हुनसक्छ। यसतर्फ हामी सवैले गम्भीरतापूर्वक सोच्नै पर्दछ। जननिर्वाचित माननीय सांसदहरूको विवेक र क्षमतामा मलाई पूर्णविश्वास छ। माननीय सांसद मित्रहरूको समर्थन र सदाशयताकै कारण हामीले नौ महिना सरकार चलाउने अवसर पाएका हौं। मैले यस गरिमामय संसद र सांसद [illegible]हरू समक्ष आफूमाथि लगाइएका मिथ्या आरोप बारे विवरण राखेको छु, सरकारमा [illegible]भए गरेका केही प्रमुख कार्यहरू उल्लेख गरेको छु। सभामुख महोदय मार्फत मैले प्रस्तुत गरेको यथार्थ उपर पनुः गम्भीर रूपमा सोचनीय गरी आफूले बनाएको पूर्व मान्यता बारे पुनर्विचार गर्न प्रतिपक्षका माननीय सांसद मित्रहरूलाई हार्दिक आग्रह गर्दछु।

धन्यवाद।

भाद्र २५,२०५१

(सेप्टेम्बर १०, १९९५)

संसद सचिवालय पुस्तकालय

Due Date Slip

फिर्ता गर्ने मिति	फिर्ता गर्ने मिति

Federal Parliament Secretariat

12557

Author : .....
Title : .....
Acc. No. : ..... Price:.....
Class No. : .....Book No. :.....
Year of Publication : .....Pages:.....

Date of Issue	Borrower's Name & Signature	Date of Return & Librarian's Signature

Accession No. :.....
Call No. :.....
Book No. :.....
Year :.....
Author :.....
Title :.....

Parliament Library
Singha Durbar Kathmandu, Nepal

सम्पादकहरू



विनोद कुमार बस्नेत
पेशा : कानून व्यवसायी



शरद प्रसाद कोइराला
पेशा : कानून व्यवसायी



घनश्याम सुवेदी
पेशा : कानून व्यवसायी